सुन्दरानन्दजी

रामायण

३५५५

जगदम्बाप्रकाशन

जगदम्बा प्रकाशनमालाको छत्तीसौं ग्रन्थ (३६)

३५५५



सुन्दरानन्दको

रामायण

संपादन र भूमिका
कमल दीक्षित

जगदम्बा प्रकाशन

२०२१

प्रकाशक
जगदम्बा प्रकाशन
श्री दरबारटोल,
ललितपुर ।

सर्वे अधिकार प्रकाशकको अधीन

मोल रु० १८।-

मुद्रक
महादेव प्रसाद
दीपक प्रेस
१७।२७२ नदेसर, वाराणसी ।

पहिलो संस्करण

रणबहादुर शाहको समयमा नेपालीले एकासि आफ्नो विराट स्वरूप देखायो। नेपाली भाषामा ठेलीका ठेली किताब लेखिए—अनुवाद भए। शक्तिवल्लभले हास्यकदम्बक लेखे, सुन्दरानन्दले त्रिरत्न सौन्दर्य गाथा। महारानी ललितत्रिपुरसुन्दरीको राजधर्मको अनुवाद पनि त्यही ताका वा त्यसपछि लगत्तै भयो। यदुनाथले स्तुति काव्यहरू लेखे, दैवज्ञकेशरी अर्ज्यालले गोरक्ष योग बनाए। अरू स्फुट पद्य र सानातिना लेख त लेखिए नै।

त्यसै बेलाको एउटा बृहत् कृति यो रामायण भर्खरै पाइएको छ। "अध्यात्म रामायण" भनी लेखिए तापनि अध्यात्मभन्दा यदुता अंश वाल्मीकीय रामायणको भावानुवाद जस्तो भएको यो 'रामायण'का रचयिता या अनुवादक को हुन् भन्ने झट्ट पत्ता लाग्न सकेको थिएन। किताबको शुरूमा या अन्त्यमा केही नाम थिएन। तर ग्रन्थारम्भमा दिइएको श्लोकको चौथो पाउमा 'जैन सुन्दरेण' भन्ने लेखिएको फेला पऱ्यो। त्यही नै यो लेख्नेको नाम होला भन्ने अनुमान गरियो। नेपालमा जैन धर्मावलम्बी कोही छैनन्। त्यसकारण यो 'सुन्दर' भन्ने व्यक्ति जैन धर्मावलम्बी हुन् भन्ने त शंका गर्ने परेन। उता 'अमरकोश'कारले सम्म पनि बुद्ध र जिनलाई एकै मानेको प्रमाण पाइएको (सर्वज्ञ सुगतो बुद्धो धर्मराजस्तथागतः। समन्तभद्रो भगवान् मारजिल्लोकजिज्जिनः॥ अमरकोश स्वर्गादि वर्ग श्लोक १३) र सुन्दरानन्दले आफूलाई अर्को एक ठाउँमा पनि (अर्थात् त्रिरत्न सौन्दर्य गाथाको श्लोक २७६ मा पनि आफूलाई संस्कृतमा 'जिनज' अर्थात् जैन र त्यसको अर्थमा आफूलाई 'बाँडा' भनेका छन्। यस्तो हुनाले यी 'जैन सुन्दर' हाम्रा सुपरिचित सुन्दरानन्द बाँडा नै हुन् भन्नमा दुविधा रहँदैन। नाम या उपनामको सादृश्यबाहेकै यो रामायणमा परेका वाक्य, वाक्यांश या शब्दहरू त्रिरत्न सौन्दर्य गाथामाका वाक्य शब्दहरूसँग मेल खाएको देख्दा पनि यो उनैको हो भन्नेमा शंका रहन्न। सुन्दरानन्द साहै ठूला विद्वान थिएनन्। (हेर्नुः त्रिरत्न सौन्दर्य गाथा उपोद्घात पृष्ठ ६२) उनको संस्कृत जस्तै नेपाली भाषामा पनि भूल फेला पर्छन्। नेपालीमा खास गरेर उ बेला त्यस कुरालाई विशेष महत्त्व नदिइने भएर हो कि (!) सुन्दरानन्दले लेख्दा कर्ता र क्रियापदको अन्वय धेरैजसो विर्सिदिएका छन्। त्रिरत्न सौन्दर्य गाथामा त्यस्ता अशुद्धि थोरै छन्—तर छन् अवश्यै। जस्तो :—

".....रणबहादुर स्वामि जो छन्.....बैकुण्ठ विषे विराजमान हुनुभया" (पृ० १६२)।

रामायणमा भने पनै पिच्छे भने जस्तो त्यस्ताका उदाहरण पाइन्छन्। रावणलाई मारीच भन्छ..... "रामका स्त्री तिमीले हरण गरि ल्याउनाको इच्छा गर्नुभयो....." (पृ० ८५) सीताजी "राक्षसिनीहरूले मलाई दुःख दियो" भन्दै सरमालाई "तिमिले सबै वृत्तान्त मलाई सुनाउनुहोला" भन्छिन् (पृ० २०१)। कतै रावण-छोरालाई "तपाईं" भन्छ त कतै रामचन्द्रलाई हनुमान् सुग्रोवहरू 'तिमी' पनि भन्छन्। लेखकले चाहिं 'रामचन्द्र गयो' (पृ० ५७७) सम्म पनि लेखेका छन्। सानो किताब भएर त्यसलाई धेरै पटक शुद्ध पार्न सकिने भएकोले होला त्रि. सौ. गाथामा त्यस्ता भूल थोरै छन् र यो रामायण सारै बृहत् भएकोले त्यसो गर्न नभ्याएर हो अथवा

उनको पहिलो प्रयास भएर हो यसमा त्यस्ता अशुद्ध ठाउँहरू ज्यादै धेरै छन्। 'मैले मार्दैन' (पृ० १८२) भन्ने विभीषण र 'म मृत्यु भयाँ' (पृ० ८६) भन्ने कबन्धमा कल्ले बढ्ता अशुद्ध बोल्यो छुट्ट्याउन नसकिएला तर यी दुवै भन्दा शुद्ध त सरमानी (?) राक्षसिनीले बोले जस्तो लाग्छ। उ के भन्छे—"हे सीतादेवी, तपाईंका दुःख देखेर म बाँच्नु पनि भयेन, म मन्या पनि निको भनी चित यौं" (पृ० १६६)।

सुन्दरानन्दका शब्दहरू पनि त्यस्तै उदेक उदेकका छन् नामहरू पनि। कति ठाउँमा 'सुनेर' 'देखेर' भनी लेख्न जान्ने मानिसले ठाउँ ठाउँमा 'सुनिर' 'देखिर' (पृ. २०५) लेखेको देख्दा के भन्ने ? देख्नु र हेर्नुको नेपाली अर्थमा फरक सुन्दरानन्दलाई थाहा होवैन ? तर उनले कतै 'देखिकन' भन्नेमा 'हेरिकन'को पनि प्रयोग गरेका छन्, त्यस्तै हेर्नुको सट्टामा देख्नु पनि। पुरानो नेपालीमा 'दियौं' लाई 'दिन्यूं' भनेको त देखिएको थियो तर 'दिन्यें' लाई पनि 'दिन्यू' (पृ. ४२१) पारेको देख्दा यो कस्तो भूल हो जस्तो लाग्छ। 'गर्दैन' लाई 'गरैन' 'मार्दा हुन्' लाई 'मार्नान्' र त्यस्तै 'गर्नान्' 'हुनान्' को प्रयोग बुझन सके पनि 'सक्नु हुन्छ' को सट्टा 'सक्या छ' (पृ. १७८) को प्रयोग बुझन सकिंदैन। त्यस्तै, 'हुन सक्ने थिएन' लाई 'हुन्या छैन' (पृ. २२८) कसरी पारियो होला जस्तो लाग्छ।

नेवारीपन परेका क्रियापदहरू यस कितापमा ठाउँ ठाउँमा पाइन्छन्। 'लगारिल्यायाको' 'गरिपठायो' 'वर्लिवस्यो' 'भनिराख्यो' 'मारिल्यायाको' जस्ता संयुक्त क्रियापदबाहेकै 'मुतिकन दियो' (पृ. ३६४) जस्तो अप्ठ्यारो प्रयोग पनि गरिएको देखिन्छ।

त्रि. सी. गाथा स्तुतिकाव्य मात्र भएकोले त्यसमा विध्यर्थक क्रिया धेरै छैनन् र भएकै ठाउँमा पनि 'भैजावस्' (पृ. २३७) जस्तो प्रयोग छ। यता यस पुस्तकमा भने जताजतै 'भया जावस्' को नै प्रयोग देखिन्छ। त्यसो त 'दिनुहवस्' 'गर्नुहवस्' भन्ने विध्यर्थक रूप पनि फाटफुट देखिन्छन् तापनि धेरैजसो त्यस्तो ठाउँमा 'दिनुभया जावस्' नै गरिएको पाइन्छ। यो पनि भाषाशास्त्रको लागि महत्वको कुरो हो।

सुन्दरानन्द काठमाडौं खाल्डोका निवासी थिए। अतएव उनले पहाडतिरका शब्दको व्यवहार गरेकोमा पनि भाषाशास्त्रको हिसाबले ध्यान दिनु आवश्यक छ।

'तँ' लाई उनले ठाउँ ठाउँमा 'तों' भनेका छन्। 'अघि बाटै' जताजतै 'अघ्यारै' भएको छ, भने 'हुला' 'हाला' 'हुँउला' भएको छ। निषेध विध्यर्थक मा 'न' को प्रयोग साधारणतः गरे पनि पुरानो चलन बिर्सन नसकेका सुन्दरानन्दले कतै 'नबस' भन्नलाई 'जनिवस' (पृ. १२६) र 'नरोऊ' भन्नलाई 'जनिरोउ' पनि भनेको फेला पर्छ। 'हेर्दाहुंदी' जस्ता पश्चिमा प्रयोगको साथै 'दिन्यून' जस्ता पूर्वीय प्रयोग पनि यसमा पाइन्छन्। यति मात्र पनि होइन वाक्य-विन्यासमा पहाडिया बोलीचालीको ढप ठाउँ-ठाउँमा आएको छ। 'है' भन्ने शैलीको निकै ठाउँमा प्रयुक्त छ। 'त' को पनि निकै सुहाउँदो प्रयोग भएको भेटिन्छ। जस्तो रामचन्द्रको बाणको बयान गर्दै मारीच भन्छ। ".....कस्तो भनी भनौला त....हः" (पृ. ८४)

त्यसबाहेक काठमाडौं उपत्यकामा उस्तो व्यवहार नहुने जस्ता शब्द पनि यस कितापमा परेका देखिन्छन्। विभीषण सुग्रीवलाई सेना 'पांजी राख्ने' (पृ. २२४) आदेश दिन्छन्। त्रिजटा सीताजीलाई मैले

'लवारी' कुरा पनि गरेको छैन भन्छे (पृ. २२८) गरुडका पखेंटाका हावाले पहाडे 'गतराई' जान्छ । यी यस्ता शब्दको अर्थ अन्दाजले मात्र आफूले लगाउनुपर्छ । यीभन्दा पनि नबुझिने शब्द यस्ता सम्म छन् 'चौदिशाकिउ' (पृ. ४७७), अमरज्याद (४८६ पृ.), अजोशंभव (पृ. ४९२) जजात (पृ. ५७५) इत्यादि ।

सुन्दरानन्दका शब्दहरूको अर्को चाखलाग्दो कुरा के भने 'बटुल्नु' जस्ता शब्द यहाँ 'बटुल्याउनु' भएका छन् । 'छुटाउनु' 'छोड्याउनु' भएका छन् । 'भजनलाई' 'भजना', बोधलाई 'बोधना', चिन्तनलाई 'चिन्तना', आलिंगनलाई 'आलिङ्गना' इत्यादि गर्ने उनको पन देखिन्छ । त्यस्तै 'मान' जोड्ने पनि उनको बानी नै जस्तो लाग्छ । त्रासमान, हर्षमान, कम्पमान, शोभायमान, व्यासमान आदि गरी लाग्ने नलाग्ने सबै ठाउँमा उनले 'मान' लगाइदिएका छन् । यसरी शब्द सिर्जना गर्ने सुन्दरानन्दले कहीं कहीं त नेपालीको वाक्यांश, वाक्यपद्धतिको सारै राम्रो प्रयोग गरेका छन् । अंगदले (पृ. ४०५) उन्मनाको 'हातमाको पर्शु त्याप्प समातिदिएको' सुन्दा कसलाई खुशी नलाग्ला ? त्यस्तै 'रात बिहायापछि' नगर भित्र पस्ने लक्ष्मण, लक्ष्मणमाथि 'रिस झार्ने' रावण, समुद्र तर्नलाई 'साहुति' गर्ने वानरहरूको शरेमा सुन्दा नेपालीको झरों प्रेमी को खुशी नहोला ? नेपाली भाषाको शब्द प्रयोग गर्नेमा हामीले सुन्दरानन्दलाई तारीफ गर्नै पर्छ । तर धेरै शब्द नेपाली पारे पनि कतै कतै त बनाउन सक्ने शब्दलाई पनि उनले संस्कृत नै रहन दिएका छन् । जस्तो लडाईंका कुरामा—यपुं भन्न सक्ने तथा तोप बन्दूक देखिसकेका उनले 'शतघ्नी'लाई तोप नभन्नु ठीक लाग्दैन । नत बंचरोलाई 'पर्शु' भन्नु नै ठीक लाग्छ । सुन्दरानन्द 'छेपारो' भन्न जानदैनन् 'कृकलास' (सर्ग ४१) नै भन्छन् । त्यहीं फेरि खाल्डो नभनेर श्वभ्र भन्छन् । ठेट नेपालीमा 'अलिबार बस, थकाई मार' (पृ. ४१६) भन्न सक्ने कालनेमीले 'पोखरी' र 'भोक' भन्न नजानी 'पुष्करिणी' र 'क्षुधा' भन्नुपर्नेचाहिं किन हो बुझिदैन ।

खुट्टामा लगाउने वस्तुलाई 'जुत्ता' र 'खटपाउ' भनेर पनि सुन्दरानन्दले 'खराउ' किन भनेनन् त्यसको पनि विचार भाषाशास्त्रीहरूले गर्नुपर्ने छ ।

सुन्दरानन्दले संस्कृतका ठूला ठूला शब्दहरू व्यवहार गरेका छन् । तर त्यति भएर पनि सारै साधारण साधारण संस्कृतका लवजहरू यस रामायणको पुस्तकमा अशुद्ध भेटिन्छन् । त्यसको पनि विचार गर्नुपर्छ । त्रि. सौ. गाथामा भैं 'र' र 'ल' को भेदको बेवास्ता तवर्ग र टवर्गको मिश्रण त प्रशस्त छदै छ । त्यसबाहेक शब्दहरू अरू धेरै किसिमले विकृत पारिएका छन् । केही मात्र उदाहरणले त्यो छर्लङ्ग होला । स्त्री 'अस्त्री' भएको छ, मर्त्यलोक 'मध्य लोक' मर्यादा 'मर्यात' । साम्राज्य 'समराज्य' र स्मरण-समरण भएको छ ।

समरण जस्ता शब्दमा ब्रज भाषाको प्रभाव परेको देखिन्छ । त्यस्तै प्रभाव मेरी विन्ति (पृ. ५४६) मा पनि देखिन्छ । 'गर्नु चाहिन्छ' 'गर्नु चाहिदैन' जस्ता क्रियापदले खडीबोलीको प्रभाव परेको देखिन्छभने 'आछि' 'जग्गह' जस्ता शब्दले र 'वानरलोक', राक्षसलोक' जस्ता बहुवचनको प्रयोगले उर्दू भाषाको छाया परेको स्पष्ट देखिन्छ । यता बहुवचनमा उर्दूको छाया छभने फेरि अर्कोतिर त्यस्तै बहुवचनमा संस्कृतको टक परेको पाइन्छ । जस्तो ठाउँ-ठाउँमा 'हे राक्षसा' 'हे वानरा' पनि भनिएको छ । भाषा र शैलीको यस्तो खिचडीले पनि यो रामायणको अध्ययन महत्वपूर्ण भएको छ ।

शब्द जति खिचडी भएको छ नामहरू लेख्दा त्योभन्दा पनि घेरै तलमाथि परेको देखिन्छ । बाल-काण्डदेखि उत्तरकाण्डसम्म नै ऋषिहरूका नाम दिंदा अध्यात्म र वाल्मीकीय रामायणसंग मेल नखाने नामहरू सुन्दरानन्दले घेरै दिएका छन् । ती नाम उनले कहाँबाट जम्मा गरे हामी भन्न सक्तैनौं, तर लेखाइको अशुद्धिले बिग्रेका नामचाहिं हामी पत्ता लगाउन सक्छौं । पुरू राजा 'पुरुष' भएका छन्भने शबरी-सरबरी । मन्दोदरी मनोधरी भएकी छन् । 'इला' लाई 'इन्दु', इडा', र 'इड' तीन थरी नाम लेखिएको छ । कुशचाहिं कुशील हुन्छन् । विभीषणकी स्वास्नी सरमालाई 'सर्मा' मात्र होइन मन्दोदरीको नामसंग मिलाउन होला कतै त्रिमन्दरी पनि भनिएको छ । फेरि अशोकवाटिकामा सीतालाई आश्वासन दिने पनि उनै छन् । तर त्यहाँ सरमा–'सरमानी राक्षसिनी' भएको छ । सुन्दरानन्द कतै 'द्रुमकुल्य' लाई हेमकुल्य भन्छन् कतै ऋष्यमूकलाई 'ऋषिमुख' । उनकोमा महोदर राक्षस 'मत्त राक्षस' हुन्छ अनि महापार्श्वचाहिं 'उन्मना राक्षस' ।

यो सब हुनाको कारण के देखिन्छभने जानेर होस् वा नजानेर होस् उनले रामायणको छायानुवाद गरेनन् । दुई तीनओटा रामायणका ठाउं ठाउंका सर्गहरू लिंदै भावानुवाद गरे जस्तो गरी आफ्नै साँचोमा ढाल्दै उनले यो रामायण उभ्याएका हुन् । त्यसो गर्दा पहिला पांच काण्ड अध्यात्मलाई पच्छ्याएर अनि पछिल्ला दुई काण्ड अर्थात् लंकाकाण्ड र उत्तरकाण्ड वाल्मीकीय रामायणलाई पच्छ्याई गरिएको देखिन्छ । अध्यात्म रामायणबमोजिम गरेकोमा पनि सर्गसंख्या मात्र मिलेको छ । त्यसभित्र कथाहरू, व्याख्याहरूमा सुन्दरानन्दले आफू खुशी यपयाप गरेका छन् ।

सुन्दरकाण्डकै कुरा लिउँ—हनुमानको पुच्छरमा आगो लगाउने कुरामा जुन हाँसोउठ्दो प्रसंग जोडिएको छ त्यो न अध्यात्ममा छ न वाल्मीकीयमा, न त तुलसीकृत रामचरितमानसमा नै छ (यो कथा उनले आनन्द रामा-यणबाट लिएको हुनुपर्छ) । यहां रामचरित मानसको उल्लेख गर्नुपर्ने कारण केभने लंकाकाण्डका एक दुई ठाउंमा सुन्दरानन्दले अध्यात्म र वाल्मीकीयमा नभएका कथा तुलसीकृतबाट पनि हालेका छन् । जस्तो, एउटा प्रसंग छ गन्धमादन पर्वत चोकेर लंका फर्केर आउन लागेका हनुमान नन्दीग्राममाथिबाट उडेको देखी भरतले राक्षस हो भन्ने ठानी बाण हानी खसालेको र पछि रामका सेवक भन्ने बुझेपछि माफी मागी भरतले आफ्नो बाणको टुप्पामा राखी बाण हानी हनुमानलाई लंका पुऱ्याइदिएको कथा युद्धकाण्ड सर्ग ७३ मा सुन्दरानन्दले हालेका छन् । (त्यसमा पनि तुलसीकृतभन्दा यप सुन्दरानन्दले के गरेका छन्भने भरतले अयोध्याको हालखबर सबै लेखी हनुमान को हात रामचन्द्रलाई चिठी पठाएका छन् !) यसपछि सुन्दरानन्दले जुन कथा (सर्ग ७४) दिएका छन्-हनुमानले पहाड बोकी फिर्ता लगेको, त्यो कथा अध्यात्म, वाल्मीकीय र तुलसीकृत कुनैमा पनि छैन । यस्तै गरी नयाँ नयाँ कथाहरू सुन्दरानन्दले उत्तरकाण्डमा पनि घेरै दिएका छन् । जस्तो, रावणको मान्धातासंग भएको युद्धको वर्णन (सर्ग २३), बलिसंग रावणको वार्तालाप (सर्ग २२) या ब्रह्माले रावणलाई दिएको रुद्र अष्टोत्तर शत नाम मन्त्रको कथा (सर्ग २४) यी तीनै थरी रामायणमा छैनन् , अनि त्यस्तै फेरि सर्ग ४५ मा परेको कुकुरको कथा, सर्ग ६१ को रुद्र उलूकको कथा वाल्मीकीय रामायण उत्तरकाण्डको प्रक्षिप्तांशबाट लिएका छन् ।

यसै गरी वाल्मीकीयको अनुवादमा ठाउं ठाउंमा थपिएका जस्तै त्यहाँ भएका केही कथाहरू घटाइएको पनि छन । उदाहरणार्थ मित्रावरुणको कथा (सर्ग ४२, उत्तरकाण्ड) आधैमा छाडिए जस्तो छ ।

फेरि वाल्मीकीयको अनुवाद गर्दै लैजाँदा युद्धकाण्ड (सर्ग ६४) मा रावणको यज्ञ ध्वंस गरेको जुन वर्णन छ त्यो वाल्मीकीयमा नभएको—अध्यात्मपट्टिबाट थपिएको छ। कतै फेरि वाल्मीकीयको अनुवाद गर्दा सर्ग तल माथि पारिएको पनि छ, जस्तो—सहस्रार्जुन र रावणको युद्ध। वाल्मीकीयबमोजिम गरेको भए त्यो कथा लंका काण्डमा 'अहल्या श्राप' नामक २६ सौं सर्गपछि पर्नुपर्थ्यो तर यहाँ भने अठारौं सर्गमा नै आएको छ।

यसरी सुन्दरानन्दले रामायणको अनुवादलाई आफूखुशी गरी मौलिक पारेका छन्। यति सब गरेर पनि उनलाई अध्यात्मको मोहले छाडेको छैन—उनले अन्त्यसम्म पनि 'इति श्री अध्यात्म रामायणे....इत्यादि' भन्न छाडेका छैनन्। यो अलि बुझ्न नसकिने कुरा भएको छ। अध्यात्म रामायणको नामको महत्व उनलाई कति घेरै लागेको रहेछभने आफ्नो युद्धकाण्ड (जसलाई उनले लंकाकाण्ड भनेकाछन्) मा सबै गरी जम्मा ८७ सर्ग पारे तापनि उनले आफ्नो लेखोटमा अध्यात्मकै झैं 'इति श्री अध्यात्म रामायणे षोडशोध्याय" नै भनी लेखेका छन् (यो छापा गर्दाभने सबै सर्गको नंबर दिंदै आएर सप्ताशीतितमोध्याय ८७ भनिएको छ)। त्यस्तै गरी उत्तर-काण्डमा पनि सुन्दरानन्दले जम्मा ६२ सर्ग पुऱ्याएका छन्। (अध्यात्ममा जम्मा ६ सर्ग छन्) तर उत्तरकाण्डको अन्त्यमा चाहिं (लेखोटमा) उनले 'एकतीसौं अध्याय' लेखेका छन्। यी सबै देख्दा सुन्दरानन्दले कुनै एक सिद्धान्त पच्छ्याएर चले जस्तो लाग्दैन।

त्यही नै सुन्दरानन्दको अनुवादको विशेषता हो। उनले एउटा स्वतन्त्र कथा या उपन्यास जस्तो पारी रामायण हाभीलाई दिए। र यति सीमित परिधिमा बसेर पनि उनले यसमा नेपाली वातावरण भिज्याउने कोशिश गरेको देखिन्छ। एक दुईओटा उदाहरण दिंदा कुरा प्रष्ट होला। किष्किन्धाकाण्डमा सुग्रीवले चर बुझ्न पठाएका हनुमान रामचन्द्रलाई नेपालीहरूले सोधे जस्तै सोध्छन् 'तपाईं कस्मा हुनुहुन्छ ?' (पृष्ठ १०४)। सुषेण भन्ने एक जना वानरहरूका वैद्य छन्। ती हाम्रा नेपाली वैद्यहरूले भने जस्तै के भन्छन्भने 'विषत्तिमा धैर्य गर्नुभया जाबस्, मैले पनि औषधि गरि हेर्दौंला' (पृ० ४१४)। अध्यात्ममा त सुषेण वैद्य नै छैनन्, वाल्मीकीय र तुलसीकृतमा छन्। तर त्यहाँ पनि उनी यति बेलिविस्तारसंग औषधिको कुरा गर्दैनन्। सुन्दरानन्दका सुषेण नेपाली छन् भन्नु अत्युक्ति होइन।

उत्तरकाण्डको थालनीमै अर्को एउटा प्रसंग छ। सुन्दरानन्द नेपाली दरबारका रकमी थिए भन्ने त्यसबाट थाहा हुन्छ। रामचन्द्र दरबारमा बसिरहेका बेला ऋषिहरू चारै दिशाबाट रामचन्द्रको दर्शन गर्न आउँछन्। अध्यात्ममा या वाल्मीकीयमा उनीहरू आफू आएको खबर रामकहाँ लगिदेऊ भन्ने मात्र द्वारपाललाई भन्छन्। तर सुन्दरानन्द नेपाली दरबारको काइदा जान्दथे। त्यसैले उनका ऋषिहरू द्वोकेसंग पहिले यस्तो सोध्छन् 'हे द्वारपा श्री रामका क्या समय छ ?' अनि भन्छन् 'हामीहरू आर्या भनि हाम्रा भाका श्री रामलेउँ पुऱ्याइदिनुपर्छ'। तर सुन्दरानन्दका राम पनि कम छैनन्। अध्यात्मको 'प्रवेशय यथासुखम्' (सुविस्तासाथ भित्र ल्याऊ) भन्ने राम यहाँ के भन्छन्—'भल्लेउँ ब्राह्मणको बाधा कैलै छ कि—चाँडै बोलाइ ल्याऊ अर्थात् ब्राह्मणहरूलाई रोक्ने त उनको उदौं नै थिएन किन रोक्यौ भन्ने रामका कुरा। यस्ता पाल्सी कुरा सुन्दरानन्दले दरबारमा बराबर सुनेको हुनुपर्छ। त्यही यहाँ पनि थाहै नपाई लेखिए जस्तो छ।

यसरी नेपाली वातावरण सिर्जना गर्न सुन्दरानन्द वाक्य नै खर्च नगरी एक दोटा शब्द मात्रैबाट पनि सफल भएका छन्। केही उदाहरण हेरौं। इड राजा आफ्ना एक जना छोरा शशबिन्दुलाई (नेपाली बिर्तावाल-हरूले गरेझैं) 'मधेसमा' राजा तुल्याई राख्छन् (पृ० ५६४)। उता सुग्रीवचाहिं आफू बसेको पहाड तल 'व्यासी' मा आएका दुइ जना महापुरुष को हुन् भन्ने जान्न खोज्छन् (पृ० १०४)।

यस्तो स्वतन्त्र अनुवादले यो रामायणलाई कतै कतै माथि उठाएको छभने कतै कतै तल पनि खसालेको छ। कुरा के भने सुन्दरानन्दले स्वतन्त्र अनुवाद गर्दा गर्दै कहीं कहीं त मनपरी अनुवाद पनि गरिदिएका छन्। एउटा उदाहरण सुन्दरकाण्डको हेरौं। अध्यात्ममा आखिरी श्लोक यस्तो छ।

यत्पादपद्मयुगलं तुलसीदलाद्यै। सम्पूज्य विष्णुपदवीमतुलां प्रयान्ति॥
ते नैव किं पुनरसौ परिरब्ध मूर्ती। रामेण वायुतनयः कृत पुण्यपुंज॥

[अर्थात् जसका दुई पादपद्म तुलसीपत्रहरूले पूजा गरेर भक्त जन अतुलनीय विष्णु पद पाउँछन्भने उनै रामचन्द्रले आलिंगन गरिएका पुण्य कर्म गर्ने हनुमानको के कुरा गर्नु।] त्यसलाई सुन्दरानन्दले अनुवाद गर्दा यस्तो विरूप पारेका छन्, 'हे पार्वती जुन मनुष्यले श्री रामचन्द्रका चरणमा तुलसीपत्र आदि नाना तरहका पुष्प चढाई अनेक फल मूल नैवेद्य आदिले पूजा गरून् उस् मनुष्यहरूकन श्री विष्णुले अमूल्य पद दिनन्। एस्ता श्री रामचन्द्रले अनेक आलिंगन गर्नुभयाको शरीर अनेक आप गर्नुभयाको त्यो, वायुपुत्र हनुमानको हो भनि....इ० (पृ० १७०) त्यस्त उत्तरकाण्डको ४२ सौं सर्गमा निमि राजाको कथा वाल्मीकीयबाट अनुवाद भएको छ। त्यसमा एक ठाउँमा वाल्मीकीयबमोजिम यस्तो हुनुपर्दथ्योः 'इक्ष्वाकुका १२ औं छोरा भएर निमी जन्मे'। त्यसलाई यसमा यस्तो भनिएको छ। इक्षाकु वंशमा प्रख्यात निमी राजा, तन्का पुत्र बाह्र जना थिया'।

यस्तै अर्थको अनर्थ भएको अरू पनि उदाहरण दिन सकिन्छ। उत्तर काण्डको ४३ सौं सर्गमा ययातिको कुरा छ। त्यसमा रामले भन्नुपर्दथ्यो 'ययातिले कसरी क्रोध रोक्न सके सुन', त्यसको सट्टा सुन्दरानन्द रामलाई के भनाउँछन्भने—'ययाति राजाले पनि क्रोध सहन नसकी.....आप दिएको.....सुन'! कहाँ रिस रोक्ने कुरा थियो, कहाँ यो रिसाएर आप दिने कुरा आयो! उत्तरकाण्डकै अर्को एउटा आप दिएका प्रसंग (सर्ग २७) मा पनि सुन्दरानन्द झुक्किएका छन्। रावणले रम्भालाई बलात्कार गरेको सुनेपछि रिसाएका नलकूबरले रावणलाई आप दिँदै रम्भालाई भनेका थिए। 'हे रम्भा, तिम्रा इच्छाविरुद्ध उसले बलात्कार गरेकोले अब उप्रान्त उसले कुनै स्त्री-संग पनि उसको इच्छाविना भोग गर्न सक्नेछैन.....स्त्रीको इच्छाविरुद्ध बलजफ्तीसंग उसंग भोग गऱ्योभने यसको टाउको सात टुका भएर फुट्नेछ' (नेपाली वाल्मीकीय रामायण पृ० ११८६)। यस्तो सरापलाई सुन्दरानन्दले यस्तो बेढंगे पारिदिएका छन् 'हे रम्भा, तेरो वान्छा नभैकन पनि तेरा शरीरमा बलात्कार गरी चलाउन्या तेस पापात्मा रावणको मस्तक सस खण्ड हवस्!'

यस्ता अनर्थ भएका बाहेक अर्थ स्पष्ट मात्र नभएका पनि धेरै ठाउँछन्। जस्तो किष्किन्धाकाण्डमा रामचन्द्रले तारालाई दिएको ज्ञान (सर्ग ३) लक्ष्मणलाई बताएको पूजाविधि (सर्ग ४) यी दुवै प्रसंग अध्यात्म रामायणका अनुवाद हुन्। तर दुवैमा अर्थ स्पष्ट छैन। अरण्यकाण्डमा शूर्पणखा रावणलाई उक्साउँदै एक ठाउँमा भन्छे।

साक्षाद्रामस्य पुरतः स्थातुं त्वं न क्षमः प्रभो।
मायया मोहयित्वातु प्राप्स्यसे तां रघूत्तमम्॥

[अर्थात् हे प्रभो रावण, साक्षात् रामचन्द्रको सामुन्ने टिक्न तपाईं सक्नुहुनेछैन, त्यसकारण ती रघुश्रेष्ठलाई कुनै जालले छोपेर मात्र तपाईं उनी (सीता) लाई पाउन सक्नुहोला।] सुन्दरानन्दले अनुवाद गर्दा त्यसलाई यस्तो पारेका छन्—'हे महाराज रावण, त्यो सीता युद्ध गरी ल्याउँला भन्या भरोसा नराषनुहोला क्यान भनौला नाना नाना मूर्ति लीकन मात्र सक्न्याछौ। त्यसकारण केही मूर्ति गरिकन पनि मायाले छल गरिकन पनि ल्याउनुहोला' (पृष्ठ ८३)।

त्यस्तै अर्थ स्पष्ट नभएकोमा अर्को उदाहरण हेरौं। सीतालाई वाल्मीकि भन्छन्, "हे पतिव्रते, तिमि कुशल छन् कि दशरथको स्नुषा रामचन्द्रको भार्या जनकको पुत्री तिमि आउनुभयाको मैले जान्यौ न, मेरा समाधि चितले तिमी यहाँ आयाको मैले थाहा पाऊँ। हे सीता देवी, तिमीलाई कलंष दीकन पठायो तिमि निष्कलंषी शुद्ध छौ, तिमिले केही चिन्ता नगर यहाँ राज गर्नुहवस्.....", (पृ० ५४६)। नेपाली वाल्मीकीय रामायणको पृष्ठ १२३० हेर्दा यसमा भएको विकृति पत्ता लाग्छ। लेखाइमा भाषाको कमजोरीको दोषले या संस्कृतको ज्ञानको कमीले भएका यस्ता अस्पष्ट अनुवाद यस पुस्तकमा धेरै नै पाइन्छन्।

त, यी दोष, गुण जे छन् सबै यस पुस्तकमा छन्। करीब डेढ सय वर्षपहिलेको यो ठेली पुस्तकको महत्व नै तो सबै दोष र गुणमा रहेको छ। त्यो अशुद्धि किन रह्यो, त्यो खिचडी भाषा के भएर बन्यो, यसमा नेपाली दरबारियापन कतावाट आयो, झरों शब्दको प्रयोग कसरी हुन सक्यो, अर्थको अनर्थ किन भयो—यी सबै प्रश्नको उत्तर विद्वानहरूले खोज्नुपर्ने छ। यी उत्तरहरूमा नेपाली भाषाको विकासको एउटा महत्वपूर्ण गोरेटो फेला पर्नेछ भन्ने विश्वास गर्नु महत्वाकांक्षा होइन—वास्तविकता हो।

यति भनिसकेपछि अब यो मूल लेखोटको पोस्तकको पनि परिचय दिनु उचित होला। यो रामायणको लेखोट हरिताल लगाएको नेपाली कागजमा एकनासका ७½ इञ्ची×१६ इञ्ची साइजका जम्मा ४४८ पत्रामा छ। तर पत्राहरूमा नंबर हाल्दा लगातार नगरेर काण्ड काण्डका छुट्टै नंबर हालिएका छन्। पत्राको पहिलो-पट्टि दाहिने तलतिर 'गुरु' लेखी नंबर छ, बायाँमा माथितिर अध्यात्मरामायणको 'अ. रा.' लेखी पछिवाट काण्ड काण्डको वा. अयो. आर. कि. सुं. लं. या उ. भन्ने लेखिएको छ र त्यसमुन्तिर फेरि तलकै झैं नंबर लेखिएको छ।

सर्ग सकिएको धेरै ठाउँमा 'इति अध्यात्म रामायणे.....' लेखिएको छ तापनि कतै चाहिं 'इति .....नामा सर्ग' मात्र पनि लेखी छाडिएको छ। सर्गको संख्या प्रायः दिइएको छैन (यहाँ-छापा गर्दाभने एकरूपता ल्याउनलाई सबै ठाउँमा 'अध्यात्म रामायणे.....' भन्ने लेखी सिलसिला मिलेको सर्ग संख्या दिइएको छ)।

पुस्तकमा, लेखोटमा एकै शब्दलाई दुई किसिमको हिज्जे लेखिएकोमा ज्यादाजसो जुन हिज्जेको प्रयोग भएको देखिन्छ सोहीवमोजिम गरिएको छ। त्यो र छापा गर्दा पुस्तकमा भूलले पहिलो दुई फर्मासम्म वको स्ट्रा तलथोप्ली व को प्रयोग धेरै भएको छ। त्यसपछि चाहिं लेखोटमा भएका ठाउँमा मात्र थोप्ली व हालिएको छ। त्यसबाहेक अरू सबै शब्द र वाक्यहरू लेखोटवमोजिम हूबहू उतारिएको छ।

यो रामायणको लेखोटको पोस्तक सारै राम्रो सग्लो अवस्थामा फेला परेको छ। त्यसको कारण के

हो जस्तो लाग्छ्यभने यस पोस्तकले झण्डै सय वर्ष जति त पूजाकोठामा सुरक्षित अवस्थामा पूजा खाएर मात्रै बस्न पायो। वर्षै वर्षै बासा फेरिनेबाहेक त्यसबीच कसैले यसलाई खोलेर हेरेको बुझिन्न। पछि संवत् २०१५ सालमा यो पोस्तक मदन पुरस्कार पुस्तकालयमा आइपुग्यो। पुस्तक पुस्तकालयमा समर्पण गर्नुभयो श्री गुरु मदनमोहन परिडतज्यूले, श्री नवराज शर्मा (हाल सदस्य राष्ट्रिय पंचायत) मार्फत। यो उहांको पैत्रिक सम्पत्ति थियो। उहांहरू गुरु रंगनाथ पौड्यालका वंशज हुनुहुन्छ—रंगनाथका भाइका सन्तान। जनरल भीमसेन थापाको आफ्नै पनि पतनपछि गुरु रंगनाथ भारततिर लागे। साथमा उनका भाइहरू पनि भारत पसे। पछि दरबार खुशी भएकाले उनीहरूले नेपाल सम्हदमा आउन पाए। अनि रौतहट जिल्लाको शिशौट गाउँमा आई उनीहरू जमे। त्यहींबाट यो पोस्तक अहिले आएको हो। श्री नवराज शर्माको भनाइअनुसार यो पोस्तक उसै बेला रंगनाथका साथ काठमाडौंबाट गएको हो। यस्तै पुस्तकहरू अलिकति र पूजा गर्ने मूर्ति शालिग्रामहरूबाहेक त्यो बेला उनका साथमा कुनै संपत्ति गएको थिएन भन्ने उहांको भनाइ छ। त्यस पलायनपछि यो पोस्तकको संग्रह भएको होओइन किनभने यस्ता वस्तुमा चाख लिने त्यसपछि शिशौटमा कोही भएनन् रे। यसरी भीमसेन थापा-कालीन नेपालीको एउटा ठेली ग्रन्थ रौतहट जिल्लामा घेरै वर्ष लुकेर बस्यो।

यहाँ निर अर्को एउटा चाखलाग्दो कुरा आउँछ। त्यो के भने यसै रामायणको लंकाकाण्डको केही भाग लेखिएको कांचो कागजको एउटा अर्को लेखोट पनि मदन पुरस्कार पुस्तकालयमा आइपुगेको छ। त्यो लेखोटको कापी श्री अनंगनाथ पौड्यालबाट पुस्तकालयलाई प्राप्त भएको हो। उहाँले पनि त्यो कापी पाटनमा एक जना बाँडाको घरमा पाएको हुँ भन्नुहुन्थ्यो। त्यसो भए सुन्दरानन्दको यो रामायण अरू अरूले पनि सारिराख्ने गर्दा रहेछन् भन्ने देखिन्छ। पाटन र शिशौट जस्ता फरक ठाउँमा एउटै किताबको प्रति पाउनुलाई साधारण कुरा मान्न सकिदैन। यो पाटनमा पाइएको प्रति उजस्तो सफासंग लेखेको छैन, कागज पनि राम्रो छैन र हेर्दा खेल्ला सारेजस्तो मात्र छ। त्यसैले यो शिशौटको प्रतिचाहि सुन्दरानन्दले आफैंले राम्ररी तयार पारी रंगनाथलाई उनी प्रधानमन्त्री भएको बेलामा चढाएका हुन् कि भन्ने लाग्छ। सुन्दरानन्द पैसा कमाउनका लागि पुस्तक लेख्थे भनी वि० सौ० गाथाको उपोद्घातमा श्री नयराज पन्तले लेख्नुभएको छ। त्यसको एउटा सानो प्रमाण यस पुस्तकमा पनि हामी भेट्टाउछौं। सुन्दरानन्दले यो पुस्तक रंगनाथलाई चढाई केही पैसा पाउने आशा गरेका त होलान् नै, त्यसबाहेक पनि उनले यो पुस्तक अनुवाद गर्नाको मतलब देशका धनी मानीहरूले यसको प्रतिलिपि सार्दै दान गर्दै गरून् भन्ने पनि देखिन्छ। सुन्दरानन्दले पुस्तकको अन्त्यमा यस्तो लेखेका छन्—'यो रामायणको कथाको पुस्तक विधान जस्तै उत्तम ब्राह्मणलाई जसले दान दिनान् तनलाई अनेक यशादि शत धेनु दान दिवाको फल प्राप्ती होला।' यस्तो लेखेको किताब दान गर्ने कुरा न अध्यात्म रामायणमा छ न त वाल्मीकीयमा नै छ। यो सुन्दरानन्दकै फूलजडी देखिन्छ। धनीहरूलाई किताप दान गरे पुण्य हुन्छ भनिदिएपछि उनीहरूले प्रतिलिपि सराउँदै दान गर्दै गरोनन्! यो सुन्दरानन्दको व्यवहार-चातुर्य हो भन्ने लाग्छ। हुन पनि सुन्दरानन्दलाई त उनले लेखेकोले फल पनि प्राप्त भए जस्तो छ।

यो पाटनमा पाइएको प्रति त्यसैको प्रमाण होइन त?

कमल दीक्षित



श्री अध्यात्म रामायण

बालकांड

१

श्री गणेशायनमः ॥ श्री रामचन्द्रायनमः ॥

अगजानन पद्मार्कं गजाननमहर्निशम् । अनेक दन्तं भक्तानामेकदन्तमुपास्महे ॥ १ ॥
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् । देवीं सरस्वतीं चैव ततो जयमुदीरयेत् ॥ २ ॥
नत्वा गुरुं गणपतिं वाग्देवीं च रमापतिं । प्राकृत भाषया जैन सुन्दरेण क्रितन्यते ॥ ३ ॥

सत्यलोकमाहाँ ब्रह्माले वडो साभा बनाई सृष्टि गर्नानिमित्त परंब्रह्म रामचन्द्रको ध्यान गरि बस्याका बेलामा तस् साभामा नारद मुनीश्वर पुगि ब्रह्माका चरणमाहाँ दंडवत् गरेर अनेक परमतत्व नाना कथाहा नाना ज्ञान ब्रह्माले नारदकन आज्ञा गरि सुनाया र फेरि नारद ब्रह्माछेउँ क्रिन्ति गर्दा भया ।

नारद उवाच—भो बाबा ब्रह्मन् , तपाचिका कृपाले मैले अनेक ज्ञान कथाहा सुनिसक्याँ र पनि मेरो मन तृप्ति भयेन । परमेश्वर रामचन्द्रका कुरा सुन्नकन वडो इच्छा भैरहछ, तसर्थ भो बाबा ब्रह्मन् , अध्यात्म रामायणका कुरा क्रिस्तार आज्ञा गर्नुहवस् भनिकन एस् प्रकार नारदले ब्रह्माछेउँ प्रश्न गऱ्या र ब्रह्माले नारदमुनिका वचन सुनि अध्यात्म रामायणका कुरा क्रिस्तार आज्ञा गर्न लाग्या ।

ब्रह्मोवाच—हे नारद, धन्य धन्य तिमिले वडो कुरो प्रश्न गऱ्यौ । यो अध्यात्म रामायण कस्तो हो भन्या संसारको हितार्थ हुन्या कुरो हो । निराकार निर्विकार ब्रह्माका कुरा जस्का प्रसादले सृष्टिकर्त्ता ब्रह्मा कहलायाका छन् एस्ता परमेश्वर श्री रामचन्द्रको कथाहा तिमिले सुन्न इच्छा गऱ्यौ, तसर्थ धन्य धन्य भन्ना तिमि हौ । हे नारद, तिमि कस्ता भन्या रामज्यूका वडो भक्ति

भयाका महाज्ञानी तसर्थ ई कुरा तिमिलाइ कहनु योग्य हो । जस्लाई ज्ञान छैन, रामज्यूको भक्ति छैन, उस्लाई ई कुरा कहना योग्य छैन । हे नारद, ई कुरा कस्ता भन्या भवभय हरण गर्न्या, दुःखसागरमाहाँ वस्तु नपर्न्या महापवित्र कुरा जस्तै जाह्नवी गंगा तस्तै ई अध्यात्म रामायणका कुरा, जस्तै गंगामा स्नान गरि पाप हरण हुन्छ उस्तै कुरा जस्ले महापवित्र भई रामज्यूका चरणमहाँ भक्तिभाव लाईकन ई कुरा सुनोस्त उस्का सबै पापदेषि मुक्त भै रामका भक्तमा लीन होला । फेरि जस्ले धन वाञ्छा गर्‍या तस्लाई लक्ष्मी पूर्ण हुनिन् । पुत्र वाञ्छा गर्न्यालाई पुत्र हुनान्, मोक्ष वाञ्छा गर्न्यालाई मोक्ष होला । फेरि गोहत्या, बालहत्या, ब्रह्महत्या, कांचनहरण, वस्त्रहरण, भ्रूणहत्या एस्ता आदि नाना पातक गर्‍याका पनि मुक्त होला । फेरि नाना भय, पृथ्वीका भय, रोगका भय, दैवका भय, जलमृत्युका भय एस्ता एस्ता भय नाश हुन्छन् । एस्ता अध्यात्म रामायणका कुरा म कैलाश पर्वत गया र जगदीश्वर महादेवका मुखकमलदेषि मैले सुन्याको कहन्छु, तिमि एकाग्र चित्त गरि सुन भनि ब्रह्माले नारदछेउँ भन्या । कैलास पर्वतमहाँ जगदीश्वर श्री महादेवले रामचन्द्रको ध्यान गरि बस्याका वेलामा पार्वतीले महाभक्त भै श्री महादेवछेउ विंति गरिन् ।

पार्वत्युवाच--हे परमेश्वर महादेव, हे प्रभो, तपाविका चरणमाहाँ कोटि कोटि नमस्कार छ । तपाबि कस्ता भन्या जगत् संसारका गुरु भै रह्याका तेस्ता तपाविकी म पियारी जति भया तपाविछेउँ केहि कथाहा विंति गर्छु, हे स्वामि, नभन्नु कुरा भया पनि मलाइ कहनुहवस् । हे स्वामि, जस्तै महायोगीन्द्रहरू नकहनु कुरो पनि आफ्ना आफ्ना भक्तजनकन अज्ञानी भया पनि कहन्या नकहन्या कुरो सबै कहन्छन्, तस्तै म स्त्रीजाति छ तपनि तपाविका भक्त छु, तसर्थ मैले विन्ति गर्ना कुरा तपाविले आज्ञा गर्नुहवस् । हे स्वामि, तपाविले रातदिनै ध्यान गर्‍याका निर्विकार ब्रह्मस्वरूप रामचन्द्रका कुरा आज्ञा गर्नुहवस् । जस्का कृपाले तपाविको जरा मृत्यु जिति मृत्युञ्जय नाम कहलाईरहनुभयाको छ तस्तै मैले परब्रह्म रामचन्द्रका महिमाका कुरा सुनि आफ्नु आत्मालाइ हितार्थ हुन्या साधिकन मृत्युकन जितुँला भनि हे स्वामि, कसै लोकले रामचन्द्र निराकार ब्रह्म भनि मायामा लिप्त भयाका छन् भनि भन्छन् । फेरि कोहि लोकले रामचन्द्र निराकार ब्रह्म होइनन् भनि भन्छन्, क्याहो भन्या ब्रह्म भयादेषि कसो गरि मायाका वश्य पर्‍याथ्या, मायाका वश पर्‍यानथ्या भन्या क्यान सीताका निमित्त शोक गर्‍याथ्या । म ईश्वर हुं भनि कसो गरि जानेनथ्या । अर्काले नबुझाई रामचन्द्र केहि पनि जान्दैनथ्या, तस्कारण श्री रामचन्द्रज्यू मायाका वश्य छन् भनि भन्छन् । हे स्वामि, तसनिमित्त मेरो

चित्तमा बडो सन्देह भै रहेछ, यो संदेह तपाञ्चिले मेटिदिनुहुवस् भनि एस् प्रकारले पार्वतीका वचन सुनि जगदीश्वर श्री महादेव आज्ञा गर्दा भया ।

श्रीमहादेव उवाच--हे पार्वति, धन्य २ भन्नी तिमि हौ । रामज्यू कस्ता हुन् भन्या दृष्टिका पनि अगोचर भयाको ज्ञानले मात्र गम्य भयाका एस्ता परमात्मास्वरूप रामज्यूका चरणमा कोटि २ नमस्कार मेरो छ । हे पार्वति, तिमि पनि नमस्कार गर । रामचन्द्र कस्ता भन्या दुष्ट संहार गर्न्या, साधुको रक्षा गर्न्या, युग २ महाँ अवतार लिन्या, सबै प्राणीका आत्मा भै पाप पुण्यका साक्षी भै रह्याका एस्ता राम आफ्नै शरीरमा छन् भनि प्राणीहरू जान्दैनन् , जो महाज्ञानी हुन्छ उहि मात्रै जान्दछ । हे पार्वति, एस्ता रामज्यूको महिमा म कहन्छु सुन । हे पार्वति, ई परमेश्वर रामचन्द्र लंका जाई रावणादि समस्त राक्षस मारि अयोध्या फिरि जाई अयोध्यामा राज्याभिषेक लिई सीतासहित सुवर्णका सिंहासनमा आनन्दमय भै रहँदाका वेलामा हनूमान राम सीताका अघिबाट वसेर हात जोरि जप गरि वस्याथ्या । कस्ता हनूमान भन्या महाज्ञानी, रामज्यूका र सीताका बडा भक्त, जो रामले आज्ञा भयाको तयार भैरहन्या, राम सीताको मात्रै ध्यान गरिरहन्या एस्ता हनूमान रामका हजूरमा वसिकन हात जोरि राम सीताका मुखकमल हेरेर वस्या । हे पार्वति, यो हनूमान क्या निमित्त एसो गरि वस्याथ्या भन्या राज्य मागुँला भनि पनि होईन धन मागुँला भनि पनि होईन, क्याहो भन्या दुलो ज्ञान प्राप्ति भै मोक्ष होला भनि वस्याथ्या । हे पार्वति, एस्तो गरि वस्याका हनुमानलाई देख्या र रघुनाथले पनि सीताछेउँ आज्ञा गर्न्या ।

श्री रामचन्द्र उवाच--हे सीते, ई हनूमान तम्रो पनि मेरा पनि बडो सेवक भक्त जनछन्, तम्रो पनि मेरो पनि चित्त जान्नानिमित्त, इछा गरि वसिरह्याछन्, तसर्थ तम्रो मेरो चरित्र तिमि कहिदेउ भनि एस् प्रकारले रामचन्द्रले आज्ञा भयाको सुनि सीता हनूमानछेउँ आज्ञा गर्दा भइन् ।

सीतोवाच--हे हनूमान, तिमीले वाञ्छा गर्न्याको कुरो कहन्छु, क्याहो भन्या परमेश्वर भक्तका वश हुनाले तसर्थ म कहन्छु सुन । हे हनूमान्, रामज्यू कस्ता हुन् भन्या जगत्संसारका गुरु जगद्व्यापी, म कस्ती हुँ भन्या मूल प्रकृति ब्रह्मजे मलाई छोइ मैले समस्त सृष्टि गर्छु । रजोगुण, तमोगुण, सत्वगुण ई तीन गुण मेरा शरीरदेखि वाहिर निस्क्या र रजोगुण ब्रह्मा भै सृष्टि गर्छन् , सत्वगुण विष्णु भै पालना गर्छन् , तमोगुण महादेव भै संहार

गर्छन् । अयोध्या नगरीमा दशरथ राजाका घरमा अवतार भया, तस् वेलामा विश्वामित्र ऋषिले रामचन्द्रलाई डाकि लैजाइ विश्वामित्रको यज्ञ विघ्न गर्न्या राक्षसकन मारि यज्ञ सिद्ध गराया । फेरि गौतमका आश्रममहाँ आपले अहल्या शिला भै रह्याकी तन्कन आप मुक्ति गराई जनक राजाका घर पुगि धनुर्भंग गरि मलाइ विवाह गरि परशुरामको अहंकार खसाइ अयोध्या नगर आई मसहित बाह्र वर्ष वसि दण्डकारण्य गमन गरि विराध राक्षसलाई मारि रावणका आज्ञाले मारीच दैत्य सुनको मृग भै आयाको तस्कन मारि फेरि मैले आफ्ना मायाको सीता बनाई म अग्निमहाँ पसि मायाकी सीता रावणले चोरि लैजाँदा तस्कारणले जटायु गृध्रराजले युद्ध गरि मर्न लाग्दा तस् जटायुको मुक्त गरि ताहाँपछि कबंध राक्षसको आप मुक्त गरि सबरिमा ज्ञानीलाई दर्शन दिई सुग्रीवसँग मित्यारी लाई किष्किन्धा नगरी जाई वालिलाई मारि किष्किन्धामा सुग्रीवलाई राज्याभिषेक दिई ताहाँ अनेक वानर सहाय गरि सीता योजन पठाई समुद्रपार मायाकी सीता वस्याकी जानि जानि समुद्रमाहाँ सायर बाँधि समुद्र-पार भै राम लक्ष्मण वानरसहित पुष्पक विमानमा चढि अयोध्या आई राज्याभिषेक लिया, इत्यादि कर्म मैले गराया का हुन् । एस्ता रामज्यू परब्रह्म हुन् भनि तिमि जान, ईन्को ध्यान-वाहिक अर्काको ध्यान नगर भनि आज्ञा गरिन् । हे हनूमान, रामनाम कस्तो भन्या संसारको भय नाश गर्नानिमित्तका खड्ग हुन्, तसर्थ रामनामको खड्ग तिमि कैह्ले नछोड । संकष्ट-भय, जोनिभय, तिमिकन कैह्ले हर्वैन, मायाले पनि तिमिकन छुन शकैन भनि हनूमानछेउँ सीताले आज्ञा गर्न्याका कुरा महादेव पार्वतीछेउ भन्छन् ।

श्री महादेव उवाच—हे पार्वति, एत्ति भयापछि लक्ष्मीस्वरूप सीताले हनूमानकन उपदेश दी हनूमान अत्यन्त हर्षमान भै राम सीताका चरणमा दंडवत् गरि सीताको आज्ञा मानि रामनाम आफ्ना हृदयमा राखि आनन्द भैरह्या । हे पार्वति, एस्ता रामचन्द्र मायाले छुन शक्तैनन् । जो प्राणीहरू मायाका वश रह्याका ज्ञान नभयाका तिन्हरू मात्रै रामज्यू वनवास गया, सीतानिमित्त शोक गर्न्या भन्छन्, यो सबै माया मात्र हो । जो ज्ञानीजन छन् उन्हरू मात्रै राम निराकार निरंजन भनि जान्दछन् । हे पार्वति, रामचन्द्रका चरित्र कसैले पनि जान्न सक्तैनन्, अपार महिमा छ, मैले पनि रामचन्द्रको महिमा जान्न सक्याको छैन, संक्षेप मात्र मैले तिमिलाइ कह्याँ । रामचन्द्र मायाका शरीर भनि तिमिले सन्देह राख्नुपर्दैन, साक्षात् परब्रह्म हुन् । हे पार्वति, जस्ले यो अध्यात्म रामायणको कथाहा सुन्ला, जस्ले राम सीताका चरणमाहाँ भक्ति लाई पवित्र भै सुन्ला, त्यो इहलोकमा पनि परलोकमा पनि महाभाग्यमानी

मै कीर्त्ति मै अर्को जन्ममा बडा ब्राह्मणका कुलमा जन्म मै वैराग्य धारणा गरि मोक्ष पावला भनि एस् प्रकारले कैलास पर्वतमा श्रीमहादेवले पार्वतीलाइ कह्याको ब्रह्मलोकमा ब्रह्माले नारद मुनिलाई कह्याका ई कुरा नैमिषारण्यमा सूतले शौनकादिकन कह्या ।

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे बालकांडे प्रथमः सर्गः ॥ १ ॥

१

पार्वत्युवाच—हे परमेश्वर श्री महादेव, मकन ठुलो सन्देह तपाञ्चिले छुटाईदिनुभयो, अब मछेउँ सन्देह केहि छैन । हे स्वामि, रामबाहिक ठुलो वस्तु केहि छैन भनि मैले जान्याँ । एस्ता रामचन्द्रको कथा विस्तारले आज्ञा गर्नुहवस्, म सुन्छु । तपाञ्चिको वाणी जो छ अमृत, त्यो वाणी मैले बारंबार पिईकन म तृप्ति हुँदिन । तसर्थ तपाञ्चिका चरणमा बारंबार नमस्कार गर्छु, ई कुरा बढिया गरिकन आज्ञा गर्नुहवस् भनिकन एस् प्रकारले पार्वतीले विंति गर्‍याको सुनि श्री महादेव आज्ञा गर्दा भया, हे पार्वति, तम्रा मनमा सुन्नाको इच्छा भयो त म कहन्छु सुन । ब्रह्माका छोरा पुलस्त्य मुनि तन्का छोरा विस्तरश्रवा मुनि तन्का छोरा रावण । हे पार्वति, त्यो रावण अघि विष्णुको द्वारपाल भई रह्याको थियो, ब्राह्मणको श्राप लागि विस्तर-श्रवा मुनिका बीजले जन्मि राक्षस् भई पृथ्वीमंडलमा समुद्रपार ब्रह्माका आज्ञाले विश्वकर्माले लंका राज्य तुल्याईदिया र तस् लंका राज्यमा राजा भैकन बस्याको थियो । त्यो रावणले पृथिवीमाहाँ ठुलो दुःख दियो, स्वर्गमा पनि दुःख दियो, दश दिक्पालको अधिकार पनि ली अमरावति जिति नवग्रहादि बंधिखाना हालि अनेक ब्राह्मणहरूकन दुःख दिंदो भयो । तस् वेलामा पृथ्वीले भारा बोक्न नसकि गाइको रूप धारि ब्रह्मलोक गई ब्रह्माछेउँ आफ्नु दुःख वृत्तान्त सबै रोइकन विंति गर्‍याको सुनि ब्रह्माले मनमा चिन्तना गरि एस् पापिष्ट रावणलाई मैले ठुलो वर दीराख्याछु, तसर्थ एस् रावणलाई विष्णुबाहिक अरूले मार्न सक्न्याछैनन् भनि चित्तमा ठहर्‍याई देवलोक सबैलाई डाकि पृथ्वीसहित गरि ब्रह्मा क्षीरसमुद्र जाँदा भया । आदि नारायण पुरुषोत्तम विष्णुकन नाना प्रकारका स्तुति गरि अनेक वेद घोष आदि गरि ब्रह्माले ध्यान गरि बस्यामा क्षीरसमुद्रका पूर्वपट्टिबाट ठुलो ज्योति एक माथि आई जस्का माझमा

परमेश्वरको मूर्ति ब्रह्माले देख्या । कस्ता परमेश्वरलाई देख्या भन्या गरुडमा चढ्याका, वामांग लक्ष्मीसहित भयाका, चतुर्बाहु भयाका, शंख चक्र गदा पद्म धारणा गर्न्याका, अत्यन्त सुन्दर मूर्त्ति, कमलपत्र जस्ता आँखा भयाका, नीलमणिको वर्ण भयाका, पहेंला पातको धोति भयाका, सर्वांगमाहाँ सुवर्णका गहना लाईरह्याका, आनन्दस्वरूप भै रह्याका एस्ता परमेश्वर आदि-पुरुष नारायणकन देखि ब्रह्मा भावले रोमाञ्च भै गद्गद वाणीले स्तुति गर्दा भया ।

ब्रह्मोवाच—हे परमेश्वर नारायण, तपाञ्चिका चरणस्वरूप कमलमाहाँ कोटि २ नमस्कार । तपाञ्चि कस्ता भन्या जगत्संसारका आत्मा पुरुष, जगदाधार पनि तपाञ्चि, दुःख-सागरदेखि पार गर्न्या पनि तपाञ्चि, हे परमेश्वर, मेरो गति पनि तपाञ्चि, मकन ठुलो भय आईलाग्यो । एस्तो ठुलो भय नाश गर्न्या अर्को छैन, तपाञ्चिबाहिक मेरो आधार पनि अर्को छैन, तसर्थ तपाञ्चिले यो भय नाश गराइदियाजावस् भनि एस् प्रकारले ब्रह्माको वचन सुनि परमेश्वर नारायण आज्ञा गर्दा भया ।

श्री भगवानुवाच –हे ब्रह्मा, काहाँबाट तपाञ्चिलाई भय आयो, मैले क्या गर्नुपर्न्यो आज्ञा गर भनि एस् प्रकारले भक्तवत्सल नारायणको आज्ञा सुनि ब्रह्माले फेरि विंति गर्दा भया ।

ब्रह्मोवाच—हे परमेश्वर, मकन आयाको भय पापिष्ठ रावणदेखि हो । अनेक ऋषिलोक ब्राह्मणलोक मुनिलोकहरूले यज्ञ जप तप ध्यान गर्दा तस् पापिष्ठ रावणले दुःख दिई धेरै विघ्न गरि यज्ञादि कर्म पनि केहि रहेनन्, देवलोक सबै भोका रह्या, देवताहरूको सबै अधिकार तस्ले हरण गरि पापमय पृथ्वी भई भाराले सहन नसकि रोई मछेउँ आइन् । इन् पृथ्वीलाई हेर्नुहवस् भनि हे परमेश्वर, म मूर्ख भै मैले तस् पापिष्ठ रावणलाई ठुलो वर प्रसाद दीराख्याको छ । क्या वर प्रसाद भन्या मनुष्यबाहिक अरू कसैदेपि पनि मृत्यु हवैन भनि मैले वर प्रसाद दियाको छ, तसर्थ हे परमेश्वर, तपाञ्चिले पृथ्वीमंडलमा अवतार ली तस् पापिष्ठ रावण त्रिभुवनको कण्टक तस् कण्टककन छुटाई त्यो पापिष्ठकन मारि निष्कंटक गरिवक्सनुहवस् भनि एस् प्रकारले ब्रह्माले विंति गर्न्याको सुनि परमेश्वर नारायण आज्ञा गर्दा भया ।

श्री नारायण उवाच—हे ब्रह्मा, अवश्य तम्रा आज्ञाले मनुष्यावतार भई रावणादि जति दुष्ट छन् उतिकन संहार गरूँला भनि हे ब्रह्मा, दोस्रो प्रकारले पनि मैले मनुष्य अवतार हुनुपर्न्याछ । कस्तो भन्या अघिका कालमा कश्यप र अदिति दुवैले मेरो बडो तपस्या गर्न्याको छ । क्या निमित्तले भन्या तपाञ्चि मेरा छोरा हुनुहवस् भनि मछेउँ माग्या र मैले तथास्तु भनि

वर प्रसाद दियाको छ । ति कश्यप अयोध्या नगरका सूर्यवंशीका कुलमाहाँ दशरथ राजा भै जन्म ली वसिरह्याछन् , उ अदिति दशरथकी स्त्री कौशल्या भई जन्म लीराखीछन् । हे ब्रह्मा, एस् निमित्त इन्देखि मैले जन्म लिनु छ । एक आत्माको चार भई राम लक्ष्मण भरत शत्रुघ्न कहलाई म जन्म लिउँला, फेरि मेरी जोगमाया जनक राजाछेउँ सीता कहलाई अवतार लिन पठाउँला । तन् सीतादेखि कारण तुल्याइ रावण आदि पृथ्वीमा जति पापिष्ट छन् उति संहार गरिदिउँला निश्चय भयो भनि तपाञ्जिहरूले पनि वानररूप अवतार ली मलाई वर दिनु चाहिन्छन्, आयाका ठाउँमाहाँ निश्चिन्त गरि फिर्नुहवस् भनि एस् प्रकारले ब्रह्माकन आज्ञा गरि परमेश्वर अन्तर्द्धान हुँदा भया ।

श्री महादेव उवाच – हे पार्वती, परमेश्वरको र ब्रह्माको संवाद भयाका वेलामा देवता-हरूले कसैले पनि देपेनन् , नारायणको दर्शन् कसैले पनि पायेनन् । ब्रह्माले मात्रै दर्शन् पाई ठोरै भूमि फिरि आई ब्रह्माले विष्णुले आज्ञा गऱ्याका कुरा वृत्तान्त सबै देवताहरूका मुख्याजि आज्ञा गर्दा भया ।

ब्रह्मोवाच—हे देवलोक, परमेश्वर नारायण पृथ्वीमाहाँ मनुष्य अवतार हुन्याछन् । अब तिमि हामि सबैले पृथ्वीमा अवतार भै रामको सहाय गरि वर दिनुपऱ्यो, तसर्थ वानर भई अवतार हुनुपऱ्यो भनि पृथ्वीमाहाँ अवतार भया । तेत्तीस कोटि ३३,००,००,००० देवताहरू बाँदर भई ठाउँ ठाउँमा वास गरि महा २ वलवंत भइरह्या । तस् वेलामा रामचन्द्रसँग भेट होला भनि आशा गरिरह्या । हे पार्वति, परमेश्वर रघुनाथको महिमा एस्तो हो भनि कैलाश पर्वतमा महादेवले पार्वतीकन कह्याका कुरा ब्रह्मलोकमा ब्रह्माले नारदछेउँ कह्याका नैमिषारण्यमा सूतले शौनकादिकन कह्या ।

इति श्रीमदध्यात्म रामायणे उमामहेश्वर संवादे बालकांडे द्वितीयः सर्गः ॥ २ ॥

३

श्री महादेव उवाच – हे पार्वति, अयोध्याका राजा दशरथका स्त्री कौशल्या कैकेयी सुमित्रा ई तीनगोटी महापतिव्रता स्वामिभक्त थिया । दशरथ राजा कस्ता थिया भन्या

महाप्रतापी, चतुर्दश विद्या संपूर्ण भयाका, सत्यवादी, असत्य कैह्ले नभयाका, देव ब्राह्मणभक्त, दयाशील, न्याय-नीतिले प्रजालोक पालना गर्दा एस्ता दशरथका सन्तान भयेन र वडा दुःखले आपना पुरोहित वशिष्ठछेउँ जाई वशिष्ठका चरणमा परि रोई विन्ति गर्दा भया।

दशरथ उवाच—हे गुरो वशिष्ठ, एस् राज्यमहाँ म राजा भईकन क्या प्रयोजन, क्या सुख भनि धिक्कार जन्म, मेरो पुत्र भयेनन् भनि हे गुरो, पुत्रको मुख हेरि वस्न पाया पो सुख भन्नु. तसर्थ पुत्रविना यो राज्यभोगले सुख छैन। एस् प्रकारले सन्ताननिमित्त दशरथ राजाले महाशोचना गऱ्याको देखि भूत भविष्य जानिरह्याका वशिष्ठ ऋषि आज्ञा गर्दा भया।

वशिष्ठ उवाच—हे महाराज, तपाविले शोक गर्नुपर्दैन, तपाविलाई पुत्र अवश्य हुन्याछन्। कस्ता पुत्र भन्या महावल महातेज श्री पुरुषोत्तम नारायणतुल्य एस्ता छोरा ४ चार तपाविलाई हुन्याछन्। हे महाराज, तसर्थ यत्न गर्नु चाहिन्छ, विनायत्नले सुख पाइँदैन। हे महाराज, ऋष्यशृंग र शांता ई दुवैकन बोलाई छोरा हुन्या यत्न गराई र तव पुत्र हुनान् भनि एस् प्रकारले वशिष्ठको आज्ञा सुनि दशरथ राजा महाखुसि भई तसै वेलामा सुमन्त मन्त्रीकन डाकन पठाई सुमन्त मंत्रीले पनि राजा दशरथका आज्ञाले ऋष्यशृंग र शांताकन बोलाई ल्याई सवै चाहिन्या सराजाम तयार गरि वशिष्ठ आदि अनेक ब्राह्मण बोलाई ठुलो यज्ञ गर्दा भया। तनहरूले विधिपूर्वक यज्ञ गरि यज्ञ संपूर्ण हुँदा ताहाँ अग्नि संतोष भई सुवर्णका थलियामा क्षीर हालि जाज्वल्यमान भई अग्निकुण्डबाट माथि आई आज्ञा गर्दा भया।

अग्निरुवाच—हे महाराज दशरथ, तपाविले गराया का यज्ञले म सन्तोष भवाँ, अव तपाविको मनोरथ पूर्ण गर्नाकन देवलोकले वनाइराख्याको क्षीर मैले लीआवाँ, यो वस्तु लिनुहवस् भनि दशरथकन सुम्पि फेर आज्ञा गर्दा भया, हे दशरथ, त्यो क्षीर तपाविका स्त्रीहरूकन पुराउनुहवस् र तपाविको कामना फल मिलला भनि एस्तो आज्ञा गरि अग्नि अन्तर्धान भैगया। ताहाँ राजा दशरथले पनि अग्निले दियाको सुवर्णका थलियामा राख्याको क्षीर समाति अत्यन्त हर्षमान भई अन्तःपुर जाई त्यो क्षीर दुइ भाग गरि अर्द्ध भाग कौशल्यालाई दिया, अर्द्ध भाग कैकेयीलाई दिया, त्यो क्षीर खाउँ भन्या वेलामा सुमित्रा आयिपुगिन् र भन्दी भईन्, हे दिदीहरू, मलाई पनि सन्तान तुल्याउँछु, त्यो वस्तु अलिकति मलाई पनि देउ भनिन् र कौशल्याले आफ्ना भाग आधा गरि सुमित्रालाई दिइन्। त्यो हेरि कैकेयीले पनि आफ्ना भागमा आधा सुमित्रालाई दिईन् र ई तीनवटीले क्षीर ज्यौनार गऱ्या। ताहाँ राजा

दशरथले पनि यज्ञ संपूर्ण गरि सबै ब्राह्मणहरूकन पूजा गरि अनेकै सुवर्ण वस्त्र धेनु घर खेत घोडा हाति दान दिया, इच्छा भोजन गराया र ताहाँ ब्राह्मणहरू पनि सन्तोष भई राजा दशरथकन आशीर्वाद दिई आफना २ घर जाँदा भयाथ्या ।

श्री महादेव उवाच—हे पार्वति, दशरथका स्त्री तिनैवटीका गर्भाश्रय भई तिनैवटीकन ठुलो तेज वृद्धि भयो । कस्तो भन्या दितिले वायु देवता गर्भ रहँदाका वेलामा जस्तो तेज दितिको थियो तस्तै तेज कौशल्या कैकेयी सुमित्राकन भयापछि ताहाँ राजा दशरथले चार ४ महीना, छ ६ महीना, आठ ८ महीनाको गर्भ्या कर्म गराया । दश मास पूर्ण भई कौशल्याकन पुत्र जन्म भया, चैत्र मासको शुक्लपक्ष नवमी तिथि भला वेलामा जन्म भयो । हे पार्वति, ति परमेश्वर कसो गरि जन्म भया भन्या चतुर्भुज भई, शंख चक्र गदा पद्म धारणा गरि, नील वर्ण कमलपत्र जस्ता आँखा, हृदयमा श्रीवत्स चिह्न, पीताम्बर धोति भयाका, सुवर्णका चूडा लायाका, कानमा रत्नकुंडल, शिरमा हीराको मुकुट, कामदेव जस्ता महासुन्दर, दश-हजार सूर्यको तेज भयाका, एस्तो तेज भईकन पनि शीतल तेज भयाका, हँस्याइँदो मुख भयाका, अनेक गहना, वनमाला लायाका, कत्ति हेर्दा पनि हेर्न नअघाइन्या, अति सुन्दर, जस्तो वैकुण्ठवासि उस्तै इनको मूर्ति भै कौशल्यादेषि जन्म भया । तस् वेलामा पृथिवीमाहाँ परमेश्वर अवतार भया पनि जानि देवलोकहरूले स्वर्गमाहाँ दुन्दुभि वाद्य वजाया, फेरि अनेक पुष्पवृष्टि गर्‍या । फेरि रावणका भयले देवताकन मनुष्यकन त्राहि त्राहि भैरह्याका तन्हरू सवैकन आनन्द भयो । ब्राह्मण ऋषिलोक मुनिलोक जप तप ध्यान गर्न नपाईरह्याका इन्हरू पनि यज्ञ जप तप ध्यान गर्दा भया । नक्षत्र तारा ग्रहगतिको पनि तेज प्रकाशमान भयो, फेरि समुद्र आदि अनेक नद नदीको जल पनि निर्मल भयो । यस् प्रकारले तिनै भुवनकन महाआनंद भई आयो भनि हे पार्वति, कौशल्या पनि एस्ता परमेश्वर आफुदेषि जन्म भयाको देख्ता हर्षाश्रुपात गरि गद्गद वाणीले स्तुति गर्दी भइन् ।

कौशल्योवाच—हे परमेश्वर विश्वंभर, तपाषिका चरणकमलमा कोटि २ नमस्कार । कस्ता तपाषि भन्या विश्वात्मा संसारका आत्मा, पुरुष, परब्रह्मका मूर्ति, आत्मस्वरूप, ज्ञानस्वरूप, यज्ञस्वरूप, फेरि धाता, विधाता, व्यक्त, अव्यक्त, ज्ञान, विज्ञान आदि तपाषि हौं । व्योमकेश विराट मूर्ति पनि तपाषि हौ, मायास्वरूप सत्वगुण, रजोगुण, तमोगुण पनि तपाषिदेखि उत्पत्ति भै सत्वगुण आदि तीन गुणले मायाले तपाषिलाई छुँदैन । फेरि समस्त प्राणीकन

चैतन्य तुल्याई प्राणीका हृदय-कमलमाहाँ विराजमान भई पाप पुण्यका साक्षी भैरह्याका पनि तिमि हौ । फेरि तपाञ्चिको मनपर्‍याको र मन नपर्‍याको कोहि छैन । सबै प्राणीकन एकैनास देखी सबैका प्राण-पुरुष भैरह्याका एस्ता तपाञ्चि मछेउ छन् भनि कोहि जान्दैनन् । जो महाज्ञानी भक्तजन छन्, उनहरू मात्रै आफुछेउँ छन् भनि जान्दछन् । एस्ता करुणानिधान कृपासागर तपाञ्चि, फेरि कस्ता तपाञ्चि भन्या यो ब्रह्माण्ड सृष्टि धारण गरिरह्याका एस्ता तपाञ्चि मछेउँ जन्म लिनुभयो । हे परमेश्वर, म कस्ती भन्या निर्गति मानुष जाति, एस्तीकन तपाञ्चिले दर्शन् वक्सनुभयो । फेरि कौशल्यानन्दनो राम कहलाई जन्मनुभयो, तसर्थ धन्य २ मेरो भाग्य । मेरो जन्म कृतार्थ भयो, फेरि मेरा मातृकुल पितृकुल पनि धन्य धन्य । हे परमेश्वर, म स्त्रीजाति ज्ञानहीन भयाकी तपाञ्चिको स्तुति क्या गरूँ, तपाञ्चिका चरणकमलमा कोटि २ नमस्कार । हे कृपासागर, तपाञ्चिको त्यो रूप मेरा हृदयकमलमा कैह्ले नहराउस्, फेरि तपाञ्चिको ध्यान मेरा हृदय-कमलमा सदा राख्न सकुँ । हे परमेश्वर, अब तपाञ्चिले त्यो रूप नराख्नुहुउस्, जस्तै लौकिक मनुष्यको माया शरीर हुन्छ तस्तै अज्ञान बालकरूप भै रहनुहुउस् भनि एस् प्रकारले कौशल्याका वचन सुनि परमेश्वर श्रीनारायण आज्ञा गर्दा भया ।

श्री भगवानुवाच—हे मातः कौशल्या, अघि तपाञ्चिले मेरो ठुलो तपस्या गर्‍याथ्यौ, क्याहाँ भन्या मेरा गर्भमा वास गरि मदेपि जन्मनु चाहिन्छ भनि वर माग्याथ्यौ र मैले तथास्तु भनिकन तपाञ्चिलाई वर प्रसाद दियाको थियो, तसर्थ तपाञ्चिछेउँ जन्म लिन आज्ञा । हे महतारी कौशल्या,पृथ्वीको भारा काट्नानिमित्त म अवतार भ्या,तसर्थ तपाञ्चिले ई कुरा अर्काकन आज्ञा गर्नु चाहिंदैन । फेरि मेरा निमित्त शोक गर्नु पनि चाहिंदैन, शोक गर्‍या पनि परिपञ्चले पर्‍यार हुन्या अर्थ मात्रै गर्नुहुउस् । हे महतारि, तपाञ्चिले मछेउँ जति माग्नुभयोथ्यो उत्ति मैले दिइसक्यौं । तपाञ्चिका हृदयमा यो मेरो मूर्ति कैह्ले पनि हराउँन, फेरि तपाञ्चिका शरीरमा पापले छोउँन, अन्तकालमा परमपद गति म दिउँला भनि एति आज्ञा गरि परमेश्वर श्री नारायण भएपर जन्म्याका बालक झैं भई रोयिरह्या भनि श्री महादेवले आज्ञा गर्‍या । हे पार्वति, एति भयापछि कैकेयीदेखि पनि एक पुत्र जन्म भया, सुमित्रादेखि पनि दुइ पुत्र जन्म भया । तस् वेलामा राजा दशरथले खवर सुनि महाहर्षमान भई अनेक दान पुण्य गर्‍या, अनेक मङ्गल गराया, चार पुत्रको मुख हेरिरह्या । कस्ता ई पुत्रहरू भन्या साक्षात् नारायणका तेजदेखि उत्पन्न भयाका एस्ता छोराहरूको मुख देखि, दशरथ महाआनन्द भई वशिष्ठ मुनिकन बोलाउनु पठाई नामकरण गराया ।

वशिष्ठ उवाच—हे महाराज दशरथ, तपाविका जेठा छोरा महाराजाधिराज राजराजेश्वर हुन्याछन्, यो संसारका सबै प्राणिकन रक्षा गर्न्याछन्, तसर्थ इन्को नाम रामचन्द्र भन्या। फेरि एकाको नाम भरत, तन्ले सबै भारा बोक्लान्, तसर्थ तन्को नाम भरत। फेरि एकाको नाम लक्ष्मण भन्या, सबै लक्षणले संयुक्त भयाका। फेरि समस्त शत्रुको नाश गन सक्नान्, तसर्थ एकाको नाम शत्रुघ्न भन्या। हे महाराज दशरथ, ई चार छोराले पृथिवीको रक्षा गर्न सक्नान् भनि एस् प्रकारले नामकरण गराई, शास्त्रोक्त जातकर्म आदि गराई राजा दशरथ अत्यंत खुसि भै कोटि कोटि गाई कोटि कोटि सुवर्ण, कोटि कोटि घोड़ा, कपरा, घर, पेत आदि ब्राह्मणकन दान दी इछा भोजन गराई आनन्दसंग राष्या, आफु पनि आनन्दमय भै वस्या भनि श्री महादेवले आज्ञा गऱ्या, हे पार्वति, एति भयापछि राम लक्ष्मण भरत शत्रुघ्न इनहरू चार जना यथाक्रमले ठुला भै खेल्न जान्या भया। रामचन्द्र र लक्ष्मणको अत्यन्त प्रीति भयो, भरत शत्रुघ्नको अत्यन्त प्रीति भयो। रामको सेवा जति गर्नु लक्ष्मण गर्दा भया, भरतको सेवा जति गर्नु शत्रुघ्न गर्दा भया। क्यान एस्तो भयो भन्या कौशल्याले आफ्ना भागमा आधी क्षीर सुमित्रालाई दियाको भागले लक्ष्मण भया, कैकेयीले आफ्ना भागको आधा क्षीर दियाको भागले शत्रुघ्न भया, तस्कारण राम र लक्ष्मण, भरत र शत्रुघ्न अत्यन्त मिल्याका थिया भनि हे पार्वति, ई चारै बालप नाना प्रकारले खेल्दा भया, फेरि नाना विद्या नाना शास्त्र सबै जान्या भया। इनहरूको स्वरूप गुण देखि राजा दशरथको मनमा परम आनन्द भयो भनि श्रीमहादेवले आज्ञा गऱ्या, हे पार्वति, परमेश्वर जन्म भयाका वेलामा कौशल्यासंग संवाद भयाका कुरा कथाहा जस्ले हृदयमा श्रद्धा राखि सुनोस्त कहोस्त पहोस्त लेखि घरमा राखोस्त सबै पापदेखि मुक्त भै मनुष्य अन्त कालमा परमगति पावला भनि एस् प्रकारले कैलाश पर्वतमा श्रीमहादेवले पार्वतीकन आज्ञा गऱ्या।

इति श्री अध्यात्म रामायणे बालकांडे उमामहेश्वर संवादे तृतीयः सर्गः ॥ ३ ॥

४

ब्रह्मोवाच—हे नारद, अयोध्यामा राजा दशरथले पुत्र राम लक्ष्मण भरत शत्रुघ्न इनहरूको मुख हेरि रानी कौशल्या आदिले आनन्दसँग रहँदा तस् वेला विश्वामित्र ऋषिले

तपोवनमाहाँ यज्ञ गरिरह्याका ठाउँमाहाँ अनेकै ब्राह्मणहरूले पनि अनेक जप तप गरि बस्यामा ताहाँ रावणका आज्ञाले ताडका भन्नी राक्षसीले ति ब्राह्मणहरूको यज्ञमाहाँ अनेक उत्पात गरि दुःख दिंदी भये र तब विश्वामित्र ऋषि अयोध्यामाहाँ जाइ राजा दशरथछेउँ पुगि आज्ञा गर्दा भया । ।

विश्वामित्र उवाच—हे महाराज दशरथ, तपाछिछेउँ एक वस्तु माग्न भनि म आवा, ति राम लक्ष्मण दुइ कुमार मलाई सोप्नुहवस् भनि आज्ञा गऱ्या र ताहाँ राजा दशरथले चित्त आकुल गरि अहो ३ ब्राह्मणले कस्ता कुरा गऱ्या, एस्ता बालपहरू म कसो गरि दिउँ, नदिया इ श्राप दिनान्, अब कसो गर्न्या हो भनि राजा दशरथले ठुलो शंका गरि बस्याका वेलामा वशिष्ठ ऋषीश्वर आयाका देखि राजा दशरथले पादार्घ गरि आसन दी राज गराया । तब्ले राजा दशरथको चित्त आकुल भयाको देखि वशिष्ठले आज्ञा गर्दा भया, हे महाराज, तस्तो आकुल चित्त गरि कयान रहनुभयो, क्या भयो र भनि भन्या र दशरथ आज्ञा गर्दा भया । हे वशिष्ठ ऋषीश्वर, इ विश्वामित्र ऋषीश्वरले राम लक्ष्मण दुवैकन मलाई सोप्नुहवस् भनि भन्या र मेरा मनमा यस्ता बालकहरू कसो गरि सोपुँ भनि सन्देह भै रहेछ । एस्ता कुरा सुनि वशिष्ठ आज्ञा गर्दा भया ।

वशिष्ठ उवाच—हे महाराज दशरथ, एत्ति निमित्तमाहाँ सन्देह गर्नु चाहिंदैन । तपाछिको अघिल्ला जन्मको कुरा कहन म आवा, सुन्नुहवस् । अनेकै दैत्यहरूले राक्षसहरूले जन्म लिया र पृथिवीले भारा बोकन नसकि पृथिवी ब्रह्माका साभामा गयी अनेकै बहुधा विनतिले आपनु दुःखको वृत्तांत कहि रोई बस्याकी देखि ब्रह्मा आदि तेतीस कोटि देवताहरूले सल्लाहा गरि ब्रह्माले आज्ञा गर्दा भया । हे देवलोक, पृथिवीलाई संग लिई क्षीरसमुद्र जाई विष्णुछेउँ षोडशोपचार पूजा स्तुति गरि ताहाँ परमेश्वर विष्णुले देवलोकलाई बुझाई पठाया । तनै परमेश्वर तपाछिका पुत्र राम नाम भई कौशल्यानन्दन कहलाई जन्म लिया । परमेश्वरको शय्या अनन्त मूर्तिले लक्ष्मण भै जन्म लिया । परमेश्वरका हातमा रह्याको शंखले भरत भै जन्म लिया, चक्रले शत्रुघ्न भै जन्म लिया । हे महाराज दशरथ, तपाछिले ई चार मेरा छोरा हुन् भनि नचितार । महाविष्णु दुष्ट रावण मार्ना अर्थकन जन्म लियाका छन् । हे दशरथ, फेरि पूर्वजन्ममाहाँ कश्यप ऋषि र अदिति ई दुवैले विष्णुको तपस्या गऱ्या र तनका तपस्याले परमेश्वर सन्तुष्ट भै महाविष्णुले आज्ञा गऱ्या, हे कश्यप

ऋषीश्वर, तम्रा तपस्याले म अति सन्तुष्ट भया, अब मछेउँ वर माग भनि आज्ञा गऱ्या र कश्यप र अदिति दुवै स्त्री पुरुषले भन्या, हे परमेश्वर, महाविष्णो, तपाबिले वर प्रसाद दिनुहुन्छ त तपाबि जस्तो कला-विद्याले संयुक्त भयाको पुत्र वक्सनुहवस् भनि भन्या र ताहाँ परमेश्वर श्री नारायणले तथास्तु भनि आज्ञा गऱ्या। ताहाँ कश्यप ऋषिले षोढशोपचार गरि पूजा गरि त्यो पूजा ली संसारका गुरु नारायण क्षीरसमुद्रमै जानुभयो। हे महाराज दशरथ, ति कश्यप तपाबि हौ, दशरथ कहलाई जन्म भै रह्याछौं। उ अदिति तपाबिकी रानी कौशल्या कहलाई जन्म भै रहिछन् भनि पूर्वजन्मको वृत्तान्त कुरा वशिष्ठ ऋषिले आज्ञा गऱ्या र दशरथ राजाले आफनु पूर्वजन्मको कुरा सुनि पुसि भै वशिष्ठलाइ अनेक पूजा मान्य गऱ्या। पुनर्वार वशिष्ठ आज्ञा गर्दा भया, हे महाराज दशरथ, फेरि तपाबिका वंशको भविष्य वार्ता कहन्छु सुन्नुहवस् भन्या। श्री परमेश्वर महाविष्णुको जगत्संसार मोह गरिराख्न्या ति महामाया भन्नी ति जनक राजाकी पुत्री सीता नाम भै मिथिला नगरमाहाँ जन्म लिन्याछन्। ति कन्या तपाबिका पुत्र रामले विवाहा गर्न्याछन्। ति सीता रावणले हरण गर्न्याछ। तेहि कारण तुल्याई रामले कोटि २ राक्षससहित रावण मार्न्याछन् भन्या हे महाराज दशरथ, तसर्थ विश्वामित्रले क्या आज्ञा गऱ्या क्या माग्या त्यो वस्तु दिनुहवस्। तपाबिका मनमा सन्देह गर्नु चाहिंदैन। तपाबिका पुत्रले संसारको हित गर्न्याछन्, संसार प्रतिपालना गर्नानिमित्त संसारमा अवतीर्ण भयाका छन् भनि एस्ता कुरा वशिष्ठले आज्ञा गरि वशिष्ठ आफना आश्रममाहाँ फिर्दा भया। ताहाँ दशरथ राजाले विश्वामित्र ऋषिकन अनेक मान्य गरि राम लक्ष्मण दुवैकन बोलाइ भन्दा भया, हे विश्वामित्र, ई बालप दुवैकन तपाबिले जसो गराउन्या हो तसो आफनै बालख जानि गराउनुहोला भनि राम लक्ष्मणको हात समाई विश्वामित्रका हात सोंपदा भया। ताहाँ विश्वामित्र अत्यन्त खुसि भै राजालाई आशीर्वाद दिया। हे महाराज दशरथ, तपाबिको जय हवस् भनि म तपस्वी ब्राह्मणको वचनले कल्याण हवस् भन्यापछि ति विश्वामित्रले राम लक्ष्मण दुवै अघिलाई आफु पछि लागी विश्वामित्र जाँदा भया। साक्षात् श्री नारायणको अवतार समझि हर्षमान चित्त गराई, गंगाका तीर पुगि ताहाँ विश्वामित्र ऋषिले राम लक्ष्मण दुइकन दुइ विद्या सिकाई गंगा पार गराई ताहाँ ति गंगाका पार तारक भन्नु वनमाहाँ विश्वामित्रले ति राम लक्ष्मणछेउँ आज्ञा गर्दा भया। हे राम, हे लक्ष्मण, एस् वनमाहाँ ताडका भन्नी राक्षसी वस्याकी छ। त्यो राक्षसी कामरूपी रावणका आज्ञाले अनेकै ब्राह्मणको यज्ञमाहाँ दुःख दी वस्याकी छ। तस्ले विघ्न गरि कसैले

पनि यज्ञ सिद्ध गर्न सक्तैन्। ब्राह्मणहरूको कण्टक भैरह्याकी त्यो राक्षसी तपाञ्जिले मार्नु-पर्छ, स्त्रीजाति कसो गरि मारूँ भनि सन्देह गर्नु चाहिंदैन, पापात्माकन मान्यालै पाप छैन। उमान्त ब्राह्मणका उपकार गर्नी ठाउँ भनि भन्या र रामचन्द्र भन्छन्, हे वाज्याज्यू, हे ऋषीश्वर, तपाञ्जिको जो आज्ञा हुन्छ सो गरूँला भनि भन्या र विश्वामित्रले राम लक्ष्मणको मुखस्वरूप कमल बारंबार हेरि अति आनन्द भै यज्ञ आरम्भ गर्दा भया। रामले धनुर्बाण समायि ताँदोको टांकार शब्द गरि बस्या। ताहाँ त्यो ताडका यज्ञ गर्न्याको सुनि धनुषको टांकार शब्द सुनि खुसी भै त्यो ताडका राक्षसी महाभीषण मूर्ति भै दाह्रा निकासि भयानक रूप भै आकाश पनि निल्ली भन्या जस्ती धायी आउँदी भै यज्ञ विघ्न गर्नकन आउँदा बेलामा रामकन देखि र अतिक्रुद्ध भै ति बालख दुवै खाँ भनि मनले ठानि, रामचन्द्रका सन्मुख जाँदा बेलामा रामज्यूले तिखो बाण एउटा ली धनुषमा चढाई बाण झिकि तस् ताडका राक्षसीका छातिमा त्यो बाणले प्रहार गर्न्या। ताहाँ तस् बाणको तेज सहन नसकि ताडका राक्षसी ताल वृक्ष ढल्या जैं पृथ्वीमाहाँ ढलि पतन भै ठुलो शब्द गरि कराय्रि प्राण छोडि। तस् बेलामाहाँ एका दिव्य स्त्री दिव्य तेजले संयुक्त भयाकी रामचन्द्रका अघिबाट हात जोरि बसी। त्यो राक्षसी पूर्वजन्ममाहाँ यक्षकी स्त्री देवताका श्रापले पापिनी भैरह्याकी तस् बेलामहाँ रामज्यूका प्रसादले पापदेह छोडि दिव्य देह धारणा गरि त्यो स्त्री केहि भन्दी भैन्। हे परमेश्वर रामचन्द्र, एस्तो पापिष्ट जोनिमाहाँ जन्म भै अनेक पाप गरि अनेक ब्राह्मणको द्रोह गरि एस् वनमाहाँ धेरै काल भयो म बस्याको, अब तपाञ्जिका प्रसादले यो पापदेह मुक्त भयो भनि रामको स्तुति गरि तीनफेरा प्रदक्षिणा गरि स्वर्ग जाँदी भैन्। ताहाँ त्यो ताडका राक्षसी मन्त्रापछि सबै तपस्वी ऋषिहरूकन महा-आनन्द भयो, सबैको यज्ञ सिद्ध सिद्ध हुँदो भयो। तस् बेलामा विश्वामित्र ऋषीश्वर खुसी भै राम लक्ष्मण बोलाई आपना काँधमा ली हर्षले चुंबनादि आलिंगन गर्न्या, धन्य २ राम भनि भन्या। ताहाँ विश्वामित्र ऋषीश्वरले अनेकै शास्त्र शिखाई शस्त्र विद्या सिखाया, नाना प्रकारको शस्त्रविद्या शिखाया। कौन् २ भन्या ब्रह्मास्त्र इन्द्रास्त्र वायव्यास्त्र पाशुपतास्त्र एस्ता २ दुर्लभ विद्या राम लक्ष्मणलाई दिया। कस्तो विद्या भन्या द्वादश वर्ष १२ चतुर्दश १४ वर्ष निराहार रह्या पनि बलहीन नहुन्या एस्तो शस्त्र विद्या विश्वामित्र ऋषीश्वरका कृपाले राम लक्ष्मणले पाया भनि ब्रह्माले नारदछेउँ कह्याको सुतले शौनकादि ऋषिकन कह्या।

इति श्रीमदध्यात्म रामायणे बालकांडे उमामहेश्वर संवादे चतुर्थः सर्गः ॥ ४ ॥

५

श्री महादेव उवाच—हे पार्वति, विश्वामित्रका आश्रममाहाँ मारीच भन्नु राक्षस एक माल्य भन्नु राक्षस एक ई दुइले सधैं ब्राह्मणहरूकन दुःख दिन्थ्यो, देवलोकलाई पनि अनेक दुःख दिन्थ्यो। एस्ता पापात्मा दुइ राक्षसले तस् आश्रममाहाँ दुःख दीराख्याको देखि राम आज्ञा गर्छन्, हे विश्वामित्र, ई राक्षस दुइ तपाखिका आश्रममाहाँ बडा कण्टक भैरह्याका छन्। तपाखिको आज्ञा भया इनहरूलाई पनि मार्दा हुँ, आज्ञा मात्रै गर्नुहवस् भनि भन्या र विश्वामित्र भन्छन्, हे राजकुमार, हुन्छ लौ भनि आज्ञा गरि यज्ञशाला बनाउन लाग्या। ताहाँ यज्ञ सामग्री तयार गरि यज्ञ गर्न लाग्या र ताहाँ यज्ञ गर्याको धुवाँ आकाशमाहाँ गयाको र अनेकै घिउ व्रीहि आहुति दियाको सुगंध पाई ति राक्षस दुइले देखि यज्ञमाहाँ विघ्न गर्नकन धायी आया। विश्वामित्र सिद्ध ऋषि हुनाले उनका नजीक जान सकेनन्, आकाशमा बसि रक्तवृष्टि गराया, हाडवृष्टि गराया। ति राक्षस दुइ कामरूपी अनेक माया जान्या तन्ले विश्वामित्रका यज्ञमाहाँ एस्तो उत्पात गर्याको त्यो हेरि रामचन्द्रले विश्वामित्रछेउँ आज्ञा गर्दा भया, हे ऋषीश्वर, तपाखिका आश्रमका कण्टक पापात्मा म मारुँ है भनि आज्ञा ली धनुष समायि दाहिनु हातले तीर दुइ ली धनुषमा चढाई त्यो तीर कस्तो भन्या कालसर्प जस्तो कालान्तक यम जस्तो एस्ता दुइ तीरले मारीच राक्षसलाई प्रहार गरि तस् बाणका प्रहारले त्यो मारीच राक्षस एक लाख योजन टाढा पुगि लंकादेशको खाडामा परि मूर्छा भयो। फेरि एक तीरले माल्य राक्षसलाई हानि तस् प्रहारले माल्य राक्षस भस्म हुँदो भयो। त्यो देखि देवलोककन आनन्दमय भै अनेक सुगन्ध पारिजातादि फूल वर्साउँदा भया। राम लक्ष्मणका शिरमाहाँ एस्तो पुष्पवृष्टि गरि अनेक देव-दुंदुभि वाद्य गर्‍या, अनेक गन्धर्व अप्सरा पनि नृत्य गर्दा भया। सिद्ध चारणगणले पनि राम लक्ष्मणको अनेकै स्तुति पाठ गर्‍या, अनेक ऋषिले पनि रामको जय हवस् भनि आशीर्वाद गर्‍या। एस्तै प्रकारले सबैले श्रीरामचन्द्रको पूजा गरि तीन ३ दिन जस्तै माहाँउत्साहा गरि ताहाँ विश्वामित्रको यज्ञ संपूर्ण भै विश्वामित्रले राम लक्ष्मणको पराक्रम देखि ति कुमार दुइ काँखमा राखि आलिंगन चुंबनादि गरि अनेक पाक्याका फल-मूल खाई राम लक्ष्मणकन खिलाउँदा भया, आफुले पनि खाई आनन्द गरि बस्ता भया। ताहाँ-पछि विश्वामित्रले आज्ञा गर्‍या, हे राम, अब चाहाँ नबसौं, मिथिला नगर जाउँ भनि मिथिला नगरका राजा जनक तन्ले ठुलो यज्ञ आरंभ गर्‍या। श्री महादेवको धनुर्याग पूजा जस्ले यो

धनु भाँच्न सक्यो तस्लाई उनकी छोरी सीतादेवी विवाह गरिदिउँला भनि राख्याछन्, तपाक्षि-कन देखाउँला। तिमि ठुला पराक्रमी रह्याछौ भन्या म तिमिलाई सँग लैजान्छु आउ भनि राम लक्ष्मणलाई विश्वामित्रले ति सीता रामचन्द्रलाई विवाह गर्न मनमा चिताई गंगाको तीरै तीर आई गौतम ऋषिका आश्रम पुगि तस् आश्रममाहाँ अनेक पुष्प फल मूल भै रह्याको अति मनोहर स्थान त्यो हेरि रामचन्द्रले आज्ञा गर्न्या। जगद्व्यापि रामचन्द्रले आफुले जानि २ आफ्नो मायाले बालप अवस्था ली केहि जान्न्या रहेनछन् भनि भन्या जस्तो पारि सोधनि गर्दा भया, हे विश्वा-मित्र, यो आश्रम अति रम्य मनोहर भैरह्याको वन भैकन पनि जीवाजन्तुको भय चाहाँ रहेनछ। फेरि चाहिं बसिरहुँ भन्या जस्तो यो कस् ऋषिको आश्रम हो भनि सोधनि गर्न्या र विश्वामित्र ऋषीश्वर पुसी भै आज्ञा गर्दा भया, हे राम, यो परम उत्तम स्थान गौतम ऋषिको आश्रम हो। एस् आश्रमको वृत्तान्त पूर्वकथाहा म कहन्छु, सुन्नुहोस् भन्या। एस् आश्रममाहाँ अघि गौतम ऋषि बस्याका थिया। ति गौतम महातेजस्वी थिया। तन्लाइ ब्रह्माकी छोरी अह-ल्या दिइयाकी थिईन्। ति अहल्या परम सुन्दरी तन्ले गौतमको सेवा गरि एस् आश्रममा बस्याकी थिईन्। तस् वेलामा देवराज इन्द्र आई ति गौतमछेउँ शास्त्र पढ्न आउँथ्या। कोहि दिनमा शास्त्र पहिरह्याका वेलामा ति परम सुन्दरी अहल्यालाई देखि कामवाणले पीडा गरि पापचित्त भै इन्द्रको चित्त ति अहल्याछेउँ जाँदो भयो। कस् वेलामा ति अहल्यासँग प्रसंग गर्न पाइयला भनि चिन्ता गर्दा भयो। कोहि दिनमाहाँ गौतम ऋषि विहानै प्रातः स्नान गर्न भनि गंगाका तीर गया। तस् वेलामा त्यो कामांध इन्द्र ऋषि नभयाको वेलामा आई गौतमको रूप गरि अहल्याका आश्रम कोठामा गै ति अहल्याको पतिव्रताधर्म चुकाई आफुले क्रीडा गरि-शक्यापछि कोठाबाट निस्कन्या वेलामा आफु जस्तो रूप भै आयाको गौतमले देखि आश्चर्य मानि भन्दा भया। यो कस्तो कौतुक भन्दा भया। एस् ठाउँमाहाँ गौतम दुइ रह्याछन्, चितौ भनि विस्मय भै फेरि क्रोधले भन्दा भया, हे पापिष्ठ दुराचार, तैंले मेरो द्रोह गरिस् तँ को होस् कहन्या भया साँचो कह, नकह्या मेरा शापाग्निले तोंलाई नाश गरुँला भनि भन्या र इन्द्रले भस्म हुँला भन्नाका डरले थरथर काँपि गद्गद वाणी गरि डराई भन्दा भया। हे गौतम, तपाक्षिका अपराधी म इन्द्र हुँ। मैले गुरुको अपराध गर्न्याँ, अब तपाक्षिको इछा जो छ गर्नुहोस् भन्या र तस् वेलामा गौतम ऋषि अत्यन्त क्रोध भै भन्दा भया। हे पापाचारी, तैंले जस्तो कर्म गरिस् तस्लै शास्ती तोंलाई गर्छु भनि कुश-तिल लिई भन्दा भया, हे इन्द्र, देवलोकमाहाँ तँ जस्ता अधम कोहि रहेनछन्। अब म ब्रह्मश्राप दिन्छु थाप् भन्या। तेरा शरीरमाहाँ हजार

भगको चिन्ह हुवस् भनि श्राप दी तस् श्रापका तेजले तसै ठाउँमा इन्द्र लोटिकन क्षणै मात्रपछि उठिकन जाँदा भया। ताहाँपछि गौतम ऋषि अहल्याका ठाउँ भित्र पनि त्रासमान भै रह्याकी अहल्या देखी भन्दा भया, हे पापिनि, तैंले मछेउँ एस्तो कर्म गरिस्। एस्तो अकर्म गर्न्याको श्राप दिन लाग्याँ थाप् भनि क्रोध गरि भन्दा भया, हे दुष्टे, ई गंगाका तीरमाहाँ तँ शिला भै रात दिनै निराहारी भै रामनाम मात्रै जप गरि स्थावर भै रह। जस् समयमाहाँ अयोध्यामा राम अवतार भै एस् आश्रममाहाँ आवनान् तस् वेलामाहाँ तन्का चरणले तेरा आँगमाहाँ छुनान, तस् दिन तेरो श्राप मुक्ति होला भनि, तस् वेलामाहाँ रामचन्द्रका चरणारविन्दका प्रसादले तेरो शरीर पवित्र हुन्याछ। तेस् वेलामा ति रामको पूजा गरि तँ मेरा ठाउँमा आयास् भनि एति आज्ञा गरि ति गौतम हिमालयमा तपस्या गर्न भनि जाँदा भया। हे राम, ति अहल्या शिला भैरह्याकी हेर्नुहवस्। हे राघव, इनको मुक्त गर्नालाई तपास्विका चरणले ई शिला छोइदिनुहवस् भनि विश्वामित्रले तस् ठाउँमाहाँ राम लक्ष्मण लैजाई ताहाँ रामले आपना चरणले छोई भन्दा भया, हे अहल्या, क्यान शिला भैरह्याछौ भनि आज्ञा गरि तस् वेलामा गौतमका श्रापदेखि मुक्त भै अघिका भन्दा सुन्दरी भै पवित्र भै अहल्याले गौतमको आज्ञा संजी रामको मुख हेरि चित्त आनन्द भै नारायणको अवतार संजी आँखाबाट हर्षको आँसु खसालि हात जोरि रामको स्तुति गर्दी भइन्। हे परमेश्वर परब्रह्म, तपास्विका चरण-कमलमा कोटि २ नमस्कार छ। तपास्वि कस्ता भन्या अनेकै देवताहरुले पूजा गरिराख्याका तपास्विका चरणका प्रभावले एस्ती पापिनी म उद्धार गरिवक्सनुभयो। मेरा इष्टदेवता नारायण उहि तपास्वि फेरि तपास्विका चरणारविंद महादेवले जटामा राखिछोड्याछन्। तपास्विका चरणारविंदको रेणु पाउँन्या कोटि महापातकदेखि छुट्छ। हे परमेश्वर राघव, जगन्माता सरस्वतीले बाउँ हातले वीणा समाई तपास्विको गुणानुवाद गीत गराई तन्का आनन्दले सुखका आँसु खसाई तन् आँसुले आपना स्तनमण्डल स्नान गराईरहिन्। तपास्वि जस्ताका चरणमाहाँ कोटि २ नमस्कार। हे परमेश्वर रघुनाथ, सृष्टि स्थिति संहारकर्त्ता ति पनि तिमि हौ, फेरि तपास्वि कस्ता भन्या योगीश्वरले हृदयमाहाँ ध्यान गरिराख्याका दुष्ट संहार गर्नाकन साधुको रक्षा गर्नाकन माया शरीर धारणा गरिरह्याका एस्ता तपास्विकन बारंबार नमस्कार। तपास्विको वर्णाउना म क्या गरूँ। पंचवक्त्र महादेवले पनि कहिनशक्याका महिमा भनि ताहाँ अहल्याले रामको पूजा गरि अनेक पूजा गरि प्रार्थना गरि भन्दि भईन्, हे परमेश्वर श्री रामचन्द्र, तपास्विको नाम तपास्विको ध्यान सर्वे मेरा हृदयमा राख्न शक्या हुँ भनि एस्तो वर

प्रसाद मकन वक्स्याजावस् भनि तीन् फेरा प्रदक्षिणा गरि रामका चरणमाहाँ परि रामछेउँ आज्ञा मागि ति अहल्या गौतम ऋषिले तपस्या गरि वस्याका ठाउँ हिमालय गईन् । जस्ले ति अहल्याले गर्‍याको रामको स्तुति पवित्र देह भै पाठ गरोस्त तस्को ब्रह्महत्यादि अनेक पातक मुक्त हुनान् । रामको भक्तजन भै अहल्या श्रापमुक्त भयाका कुरा एकाग्र चित्तलाई सुनोस्त तस्का कोटि २ पाप भया पनि मुक्त होला भनि कैलास पर्वतमहाँ श्री महादेवले पार्वती-छेउँ आज्ञा गर्‍या । ति कुरा सत्यलोकमाहाँ ब्रह्माले नारदछेउँ आज्ञा गर्‍या भनि नैमिषारण्य वनमाहाँ सूतले सौनकादि ऋषिहरूकन कह्या ।

इति श्री अध्यात्म रामायणे बालकांडे उमामहेश्वर संवादे पंचमः सर्गः ॥ ५ ॥

६

श्री महादेव उवाच—हे पार्वति, रामका चरणले छुनिमात्रै अहल्या श्रापमुक्त भईन । एस्ता राम लक्ष्मणलाई देपि विश्वामित्र आज्ञा गर्दा भया, हे राघव, लाहाँका कार्य जति गर्न्या हुन् तत्ति तपाईले सबै गर्नुभयो । अब मिथिला देशमाहाँ जनक राजाको यज्ञ हेर्न जाउँ भनि राम लक्ष्मण अघिलाई गंगा पार गरौं भनि नावमा चढि राम लक्ष्मणसहित विश्वामित्र ऋषीश्वर गंगापार भै आउनुभयो भन्न्या समाचार सुनि राजा जनक हर्षमान भै सबै मंत्रीहरू पुरोहित शतानन्द आदि आई बाटामहाँ लिन आई तहाँबाट मिथिला नगरमाहाँ प्रवेश गराई ताहाँपछि राजा जनकले विश्वामित्रलाई अनेक मान्य पूजा गरि नमस्कारादि गरि ति राम लक्ष्मण दुईको मुख हेरि आज्ञा गर्दा भया । हे विश्वामित्र, ई अति सुन्दर कुमार दुई कस्का बालक हुन् । एस्ता सुन्दर मनुष्यलोकमाहाँ ता अति दुर्लभ ई दुई बालकका तेजले यज्ञमंडप सुद्धा उज्ज्वल भयो । कमलपत्र जस्ता आँखाले अत्यन्त शोभायमान मुख भयाका ई पुरुषरत्न दुई कस्का छोरा हुन्, एस्ता छोरा पाउन्या धन्य २ हुन् । हे विश्वामित्र, मेरा मनमाहाँ ता इनहरू

अहल्योवाच ॥ यत्पादपंकजरजश्रुतिभिर्विमृग्यं यन्नाभिपंकज भवः कमलासनश्च ॥
यन्नामसाररसिको भगवान्मुरारिस्तं रामचन्द्रमनिशं हृदि भावयामि ॥ इति स्तुति ॥

नरनारायणका मूर्ति हुन् चितौ भनि ठान्छु। ई कस्का छोरा हुन्, एस्ता पुत्र गर्भ धारणा गर्न्या-को पनि धन्य भाग्य। इनहरू को हुन् निश्चयले मकन कहुँ भनि जनक राजाले विश्वामित्रछेउँ सोध्या र ताहाँ विश्वामित्रले आज्ञा गर्दा भया। हे महाराज जनक, इनहरू अयोध्याका राजा दशरथका पुत्र, ई कुमार दुईका नाम एकाको रामचन्द्र एकाको लक्ष्मण। हे महाराज, मेरा आश्रममाहाँ राक्षसले दुःख दिई यज्ञमाहाँ विघ्न गरि यज्ञ सिद्ध गर्न सकियेन र तस् निमित्त मैले दशरथ राजाछेउँ मागिल्याआँ। इन गंगापारमहाँ ताडकवनमहाँ ताडका भन्नी राक्षसी एक थिईन्। महाभयानक ब्राह्मणहरूलाई सधैं पीडा दी बस्याकी एस्ती राक्षसी ई बालघ रामले एकै बाणले मार्न्या। फेरि मैले यज्ञ गरिबस्याका बेलामा मारीच भन्नु एक माल्य भन्नु एक ति दुई राक्षसले यज्ञ विघ्न गर्न आया र तनलाई देखि रामले दुई बाण ली प्रहार गरि मारीच भन्ना राक्षसका छातिमा लागि लंकादेशका खाडामा परि मूर्छा गराया, एक राक्षस उसै ठाउँ भस्म गराया। एस्ता प्रभाव ई रामको छ। हे महाराज, फेरि गंगाका तीरमाहाँ गौतमका आश्रममाहाँ सत्ययुगदेखि शिला भैरह्याकी अहल्या गौतमका श्रापले, स्थावर भैरह्याकी तनकन रामका चरणले छुनिमात्रै श्रापमोचन भै उद्धार भयो भनि एस् प्रकार विश्वामित्रले जनक राजाकन आज्ञा गरि भन्दा भया। हे जनक, तपाईको धनुर्याग हेर्नु भनि ई कुमार दुई आइरह्याछन् अब विलंब नगरि देखाउनुहवस् भनि आज्ञा गर्‍या र ताहाँ जनकले आफ्ना मंत्रीहरू बोलाई भन्दा भया, हे मंत्री, तिमीहरूले मेरो धनुष अनेक राजाको मान मर्दन गरिरह्याको, स्वर्ग मर्त्य पाताल रजाजि गरिरहन्या दशग्रीव रावण तस्को सुद्धा गुमान ऊर्न्या, एस्तो महाधनुष श्री महादेवले त्रिपुरासुर मारिकन मेरा बाबाका हात सौंपिराख्याको एस्तो माहेश्वर धनुष हजार पानसय आग्निले ल्याई नशक्नु तसर्थ अनेकै सिपाहि जम्मा गरि ल्याउ भनि राजा जनकले आज्ञा गर्‍या र ति मंत्रीले पाँच हजार मानिस्लाई बोकाई रामचन्द्रका अगाडि पुर्‍याउँदा भया र ताहाँ रामले धनुषको ताँदो चढाउँ-छन् भनि अनेक राज्यका मानिस् तस् ठाउँमाहाँ आया देवलोकहरू पनि आकाशमाहाँ बसि हेर्दा भया। फेरि अनेक अंतः पुरका स्त्रीजनहरूले हेर्दा भया। ताहाँ रामले विश्वामित्रछेउँ आज्ञा गर्‍या, हे विश्वामित्र, यो महाधनुषको ताँदो म चढाउँछु आज्ञा गर्नुहवस् भनि आज्ञा ली चाँडै उठि पीतांवर धोतिले कंवरमा बाँधि ल्यालैले त्यो महाधनुष वाम हातले ली हेर्दा भया। कस्तो धनुष भन्या अति सुन्दर, अति ठुलो, अनेक मणि माणिक्य जडिराख्याको, अनेक मोतिका झुंदा लायाको, अनेक रत्नले किंकिणी जाल तुल्याई लायाको, अनेक घंटा चाँप

झुण्डायाको, अनेक जरी जडाउको वासाले वेह्रयाको, अनेक प्रकारले नित्य २ पूजा गरिराख्याको एस्तो माहेश्वर धनुष रुयालैले हेला गरि ति रामचन्द्रले ताँदो चढाया। ताहाँपछि ताँदामा समाई खैंचदा त्यो माहेश्वर धनुष भाँचियो। त्यो भाँचियाका शब्दले तिनै लोक कंपायमान हुँदो भयो। त्यो देखि सबैहरूले विस्मय आश्चर्य मानिरह्या। एस्तो अद्भुत कर्म रामले गऱ्याको देखि सबै आश्चर्य मानिरह्याका वेलामा सीताले अनेकै गहनालाई दिव्य वस्त्र पहिरि सुवर्णको पुष्प माला हातमा ली अंतः पुरवाट तल आई कस्ती सीता भन्या तप्त काञ्चनका जस्तो वर्ण भयाकी, अत्यन्त सुन्दर शरीर भयाकी, नवयौवनी तन्का स्तनमंडल वस्त्रदेखि उच भै चिन्ह भयाकी, साक्षात् लक्ष्मीतुल्य एस्ती परम सुन्दरी सीताले सुवर्णको पुष्पमालाले रामचन्द्रका गलामा लाइदी तीन फेरा प्रदक्षिणा गरि स्वयंवर गरि अव मेरो मनोरथ पूर्ण भयो भनि चिताई हर्षमान गरि शरत्कालका चन्द्रमा प्रसन्न भै रहिन्। जै त्यो देखि जनक राजा पनि हर्षमान भया, अनेक अंतः पुरका राणीहरू पनि आनन्द भै अनेक वाद्य गीत नृत्यादि अनेक मंगल उत्साह गऱ्या। स्वर्गमा रह्याका देवलोकहरूले पनि पुष्प वृष्टि गरि देव दुंदुभि वाद्य गर्दा भया। अनेक गंधर्वहरूले पनि गीत गाई अप्सराहरूले नृत्य गरि ति सीतारामले विवाह गर्नान् भनि देवलोकहरू पनि आनन्द भयो। ति जनकले विश्वामित्रछेउँ आज्ञा गर्दा भया, हे विश्वामित्र, मैले यज्ञकुंड खनाउनाकन जोताउँदा ति सीतादेवी हलामा अट्की पृथिवी-देपि माथि आईन्। तस् वेलामा मैले लीकन मेरी राणीछेउँ सौंपिराख्याथ्याँ। ति सीता मेरी धर्मपुत्री हुन्। ताहाँपछि नारद ऋषीश्वर त्याहाँ आई मछेउँ आज्ञा गरि गयाको थियो, परमेश्वर महाविष्णु त्रिभुवन रजाजि गरिरहन्या रावण मार्नकन त्यो रावण कस्तो भन्या देवकण्टक अनेक ब्राह्मणहरूलाई दुःख दिन्या एस्तो पापात्मा रावण मार्नकन राम भै अवतार लिन्याछन्। तन विष्णुकी योगमाया सीता भै तपाचिछेउँ आउन्याछन्। ति सीता कौनै प्रकारले रामचन्द्र-लाई दिनुहोला भनि नारद मुनिले आज्ञा गरि गऱ्याथ्या। तस् निमित्त मैले एस् माहेश्वर धनुयाग वनायाको हो। तस्कारणले जसले यो धनुपको ताँदो चढाउन सक्यो उसैलाई सीतादेवी दिउँला भनि प्रतिज्ञा गऱ्याथ्याँ। अव मेरो मनोरथ पूर्ण भयो भनि एस् प्रकार राजा जनकले विश्वामित्रछेउँ आज्ञा गरि रामचन्द्रकन सीता कन्यादान दिनानिमित्त अयोध्या-माहाँ राजा दशरथकन वोलाउन पठाया। तस् मिथिला नगरमाहाँ भयाका वृत्तान्त कुरा पत्रमाहाँ लेखि यो पत्र हेर्नीमात्रै पाउलाग्नुपर्छ भनि वायुवेगी घोडा दी वोलाउन पठाया। ताहाँ ति दूत अयोध्या पुगि राजा दशरथकन नमस्कार गरि त्यो जनकले दी पठायाको पत्र

सौंपि त्यो पत्र हेरि राजा दशरथ अति हर्ष भै आफ्ना पुरोहित वशिष्ठ बोलाउन पठाई ति दुरा वृत्तांत कहि अनेकै आफ्ना राज्यका लस्कर बटोल्दा भया। हाति रथि प्यादा चतुरंग बल नाना आभरणलाई फेरि विवाहको सराजाम चाहिन्या तयार गराय मिथिला नगर जानाकन सक्यामाफिकको गहना कपरा लगाई सबै आउनुपर्छ भनि झारा लगाई सबै जम्मा भै आया। तस् बेलामा कौशल्या आदि रानीहरू बढिया २ रत्नका पाल्कीमा चढाइ अघि पठाया। दशरथ राजा सारथिले रथ ल्याई तस दिव्य रथमाहाँ दशरथ वशिष्ठ एकारथमा चढि जनकको राज्य मिथिला जाउँ भनि सबै प्रस्थान गराई अयोध्यादेपि बहिराउँदा भया। ताहां समस्त सेनाले अनेक वाद्य नृत्य गरि नाना प्रकारका ध्वजा चलाई सबै लस्कर चल्यो। ताहाँ दशरथ राजा पाउलाग्नुभयो भनि जनक राजाछेउँ खबर गयो र जनकले सबै हाति घोडा रथ प्यादा-सहितले टाढावाट संम लिन आई अनेक यात्रा गरि आफ्ना राज्यभित्र लैजाँदा भया। ताहाँ राजा दशरथकन डेरा दियाका घरमा जो वस्तु चाहियो सो वस्तु संपूर्ण गरि पठाईदिया। ताहाँ राम लक्ष्मण दशरथ राजासंग भेट गराई दुवैले दशरथ राजाका चरणमा परि माता कौशल्या आदिका चरणमाहाँ परि कुशल वार्त्ता गरि ताहाँ दशरथ राजाले प्रसन्न गरि राम लक्ष्मणको मुख हेरि पुत्रस्नेहले आनन्द भै आलिंगन गरि काँखमा राखि कपालमा सुँघि चुंबन गरि एस् प्रकारले वस्या। ताहाँ राजा जनकले आफ्ना पुरोहित शतानन्द ऋषि बोलाई कन्यादान दिनाकन अनेक साभा लुल्याई बढिया दिनमाहाँ तिथि नक्षत्र वार हेरि दिन ठहऱ्याई कन्यादान दिनाकन तयार भै वस्या। दाहिनातिर दशरथ, बाउँतिर वशिष्ठ ऋषि, माऊमा श्रीराम बसाई ताहाँ सीता अनेकै गहना लगाई राजा जनकले रानीले कुश तिल ली सीताको हात समाई श्रीरामचन्द्रलाई कन्यादान दिया। ताहाँपछि लक्ष्मणकन आफ्नी छोरी कन्यादान दिया। फेरि जनकका भाइकी छोरी दुई थिया। ति दुवै भरत शत्रुघ्न दुवैकन कन्यादान दिया। ताहाँ ठुलो यज्ञ गरि तस् यज्ञशालामा सुवर्ण सिंहासनमाहाँ श्रीराम र सीता दुवैलाई बसाया। ताहाँपछि अत्यन्त शोभायमानले वस्याका राम सीताको मुख हेरि जनक आदि सबैहरूकन आनन्द भयो। जस्तै वैकुठमाहाँ नारायण लक्ष्मी वस्याका देखि वैष्णव बलोकको आनंद भया जैं राजा जनक आनन्द भया। हे विश्वामित्र, क्षीर समुद्रले आफ्नी छोरी लक्ष्मी विष्णुलाई दिंदा हर्षमान भया जैं म हर्षमान भयाँ भन्या। तस् बेलामा जनकले रामका सीताका पाद प्रक्षालन गरि त्यो चरणोदक आफ्ना आँपामा राखि शिरमाहाँ राख्ता भया। त्यो चरणोदक कस्तो भन्या श्री महादेवले आफ्ना जटामा राख्याको फेरि ब्रह्माले कमण्डलु

माहाँ राख्याको एस्तो चरणोदक बिन्दु भनि आनन्दमय भै राम लक्ष्मण भरत शत्रुघ्न दशरथ राजा विश्वामित्र आदि षोडशोपचारले पूजा गरि जनकले रामको स्तुति गऱ्या । हे परमेश्वर, तिमि कस्ता धन्या संसारका स्वामी, हर्त्ता कर्त्ता तिमि, सृष्टि गर्न्या पनि तिमि, दुष्ट संहार साधुरक्षा पृथिवी रक्षा गर्नाकन, पृथ्वीको भारा हलौं गराउनाकन अनेकै अवतार लिन्या एस्ता तपाखिकन नमस्कार । हे परमेश्वर, तपाखिको महिमा कहन मेरो समर्थ छैन, चतुर्मुख ब्रह्मा पनि तपाखिको महिमाका पार जान सक्तैनन्, म ता क्या वर्नाउना गर्नु सक्कुला । हे रघुनाथ, मदेखि सन्तुष्ट हुनुहाला, तपाखिका पादपद्ममाहाँ कोटि २ नमस्कार छ । स्तुति गरि सीतालाई दश हज्जार रथ, दश हज्जार हाति, बीस हज्जार घोडा, तीस हज्जार प्यादा, एक लाष दासी-दास आभरणले संयुक्त गराई सीतालाई दी फेरि अनेक द्रव्य रत्न सुवर्ण दी दाइजो दी ताहाँ जनककी रानीहरूले सीतालाई अंकमाली गरि रुँदि सीता देषि आफु पनि रोई छोड्न नशकी-रह्याका वेलामा दशरथ राजा भन्दा भया, हे जनक, अब हामीहरू विदा माग्छौं, विदा वक्सनु-हवस् । हामिहरू आफना राज्य जान्छौं भनि भन्या र जनकले हवस् भनि भन्नुभयो र तस् वेलामा सीता रोयि वस्याकी देषि भन्दा भया । हे पुत्री सीता, तँ क्यान रुन्छेस्, जस्ती तँ छस् तस्तै तेरा पुरुष छन्, धन्य २ तेरो भाग्य भनि बुझाई विदा गऱ्या । ताहाँ राजा दशरथ राम लक्ष्मणसहितले आफना राज्य जाँदा भया भनि श्री महादेवले पार्वतीकन कह्या ।

इति श्रीमदध्यात्म रामायणे उमामहेश्वर संवादे बालकाण्डे षष्ठोध्यायः ॥ ६ ॥

७

श्री महादेव उवाच—हे पार्वति, राजा दशरथले राम लक्ष्मण भरत शत्रुघ्न सीता आदि चारैवटि बुहारी राणीले सहित गरि अनेक यात्रा गराई नाना वाद्य बजाई नाना मंगल गराई महाउत्साह हुँदा त्यो शब्द सुनि तिनै भुवनकन विस्मय भै मिथिला देशदेखि अयोध्या जान तं न् योजन पुगी एस् प्रकारले यात्रा गरि महाआनन्दले बस्याका वेलामाहाँ अनेक उत्पात भया, भयंकर २ मूर्ति देखिया, नाना तरहको उत्पात अमंगल भयो, अनेकै जंवूले शब्द गरि आया, अनेकै मृगले दक्षिणावर्त गरि घुमिगया । त्यो उत्पात देषि राजा दशरथका मनमाहाँ

अति सन्देह भै मनमाहाँ त्रास भै दशरथ वशिष्ठछेउँ विंति गर्दा भया, हे गुरो वसिष्ठ, अनेक अमंगल सूचना देखियो, मकन शंका भयो। नाना मंगल यात्रा गरि आयाका ठाउँमाहाँ महा-उत्पात भयो। कसो हुन्छ को जानि क्या हेतुले एस्तो उत्पात भयो भनि मेरो चित्तमाहाँ ठुलो शंका भयो। अब कसो होला आज्ञा गर्नुहवस् भनि तपाञि सर्वज्ञ हुनुहुन्छ भनि सोध्या र वशिष्ठ आज्ञा गर्दा भया, हे महाराज दशरथ, ई उत्पातले अघि तपाञिका छोराको भय उत्पन्न होला, पछि शुभ हुन्याछ। ई मृगका वथानले दाहिनावर्त्त गरि गयाको ठुलो मंगल हुन्या हो। हे महाराज, शंका गर्नु चाहिंदैन भनि वशिष्ठले एस्तो आज्ञा गरि वस्याका वेलामाहाँ ठुलो वायु भयंकर भै आयो। तस् वायुले धूलो उडाई अन्धकार भै सबै लोकहरूका आँपामा गै परस्पर आपस्त पनि चिह्न नसकि महान्यथा भयाका वेलामाहाँ कालाग्निसमान तेज भयाका परशुराम पुग्दा भया। ति परशुराम कस्ता भन्या सर्वाङ्ग विभूति लायाका, जटाको जुरो ठुलो भयाका, कृष्णाजिन लायाका, एक हातमाहाँ परशु लियाका, साक्षात् यमराज जस्ता जाज्वल्य-मान तेज, यमदग्निका पुत्र साक्षात् कालाग्निस्वरूप, सहस्रार्जुन मारि एकाईस २१ वेर पृथिवी-माहाँ निःक्षत्रिय गरि वस्याका एस्ता परशुरामले एका हातले धनुष समायि एका हातले परशु काँधमाहाँ राषि सूर्य आया जैं दशरथका मुख्यांजि आई वस्या। ति परशुरामको मुख देखि दशरथकन महाभय उत्पन्त भयो। अब ई मेरा चारै छोरा इन्का हात पर्‍या, उब्रेनन् भनि चिताई डराई गद्‌गद वाणी गरि परशुरामछेउँ विन्ति गर्दा भया। हे परशुराम, ई मेरा पुत्र चारको जीवदान तपाञिछेउँ माग्छु, छोडिदिनुहवस् भनि एस् प्रकारले दशरथले विन्ति गर्‍या र ताहाँ परशुरामले ठुला आँषा गराई राता २ आँषा गरि हेरि तन्का पाइलाले पृथ्वी पनि दोलायमान गरि अत्यन्त क्रोध गरि राम लक्ष्मणलाई खानान् भन्या जस्तो अहंकार गरि दशरथका कुरा नसुनि परशुरामले आज्ञा गर्दा भया। हे राजा दशरथ, म तपाञिसँग युद्ध गर्न आयाको हुँइन, तपाञिका पुत्र रामसँग युद्ध गर्छु। एस् पृथ्वीमाहाँ तपाञिका पुत्र राम भनि नाउँ कहलाई रह्या। राम भन्याका एक धिया यमदग्निका पुत्र सहस्रार्जुन आदि क्षत्रिय एकाईस २१ वेर नाश गर्न्या म पो हुँ राम, यो काहाँको राम हो भनि हे दशरथ, कि राम नाम छोड कि तस् रामसँग युद्ध गर्छु भनि, हे रामचन्द्र, तपाञिले महादेवले त्रिपुरासुरलाई मारि राषिछोड्याको माहेश्वर धनुष भाँच्याँ भनि अहंकार भयो। त्यो धनुष राख्याको पुरानु भयो, किराले खाई धुल्याहा लाग्याको तेस्तो धनुष भाँच्याँ भनि त्यो क्या पराक्रम! तपाञिको पराक्रम म हेर्छु, मेरा हातको धनुष ली ताँदो चढाउन शक्या तपाञि समर्थका रह्याछौ भनि

एस् प्रकार परशुरामले रामचन्द्रलाई निठुर वचन बोल्या र ताहाँ ति शान्तमूर्ति रामले मुखले केही नभनि परशुरामछेउँको धनुष बलैले ली हेलैले त्यो धनुषको ताँदो चढाया। जस्तै बालपको धनुषको ताँदो चढाउँदा ऊँ ताँदो चढाई ताहाँ तर्कशमाहाँको तीर एक ली त्यो धनुष हेरि श्रीरामचन्द्रले आज्ञा गर्दा भया, हे परशुराम, अब एस् तपाखिका धनुषमाहाँ तीर चढाखा, यो शर काहाँ प्रहार गर्नुपर्‍यो। तपाखिका दुबै गोडा दुबै टुक्रा गराउन पर्‍यो कि तपाखिको शिर काट्नुपर्‍यो कि! ई रामका बाण निःप्रयोजन हुनु छैन, अब कसो गर्नुपर्‍यो भनि एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गर्‍या र ताहाँ परशुरामको स्वर्ग जान्या बाटो रामचन्द्रले बाण प्रहार गरि बाटो कुट्का पार्‍या। एस्तो गर्‍याको देखि ताहाँ परशुरामले चित्त अन्दोल गरि शराप दिया। हे राम, तिमि यो आत्मा विष्णुको हो भनि नजान्या भया, आफनु पराक्रम नजान्या भया भनि सराप दी ध्यान दृष्टि गरि हेर्दा परापूर्वका कुरा समझि विष्णुको अवतार जानि ताहाँ परशुरामको तेजहीन भै मेरो तेज इनछेउँ गयो भनि चिताई अब मेरो समय गयो, अब दशरथ राजाका छोराको चलति भयो भनि विष्णुको तेज संयुक्त भयाको जानि परशुरामले हात जोरि आज्ञा गर्दा भया। हे परमेश्वर रघुनाथ, तपाखिकन मैले जान्याँ, तपाखि मनुष्य हौंन, साक्षात् परब्रह्म। मेरो तेज तपाखिले झिकिलिनुभयो भनि अघि म बालप छँदा प्रभास तीर्थमाहाँ मैले तपस्या गरि बस्यामाहाँ तस् बेलामा परमेश्वर श्री महाविष्णु आई मेरो मुख्यांजि आज्ञा गरि जानुभयोथ्यो। हे ब्राह्मण, तम्रा तपस्याले म सन्तोष भया, मछेउँ वर माग भनि आज्ञा प्रसन्न भै ताहाँ मैले भन्याँ, हे परमेश्वर श्री नारायण, मकन वर वक्सनुहुन्छ त मेरो शत्रुको कुल सुद्धा नाम नरहन्या गरि म संहार गरूँला, त्यो वर वक्सनु हुस् भनि मैले भन्या र ताहाँ परमेश्वरले आज्ञा गर्‍या, हे परशुराम, तिमिले सहस्रार्जुन आदि क्षत्रियहरूकन संहार गर, एकाईस २१ बेर जत्ति क्षत्रिय छन् तत्ति मारि चक्रवर्त्ति हौला। एकाईस फेरा पर्यन्त पृथिवीमाहाँ निःक्षत्रिय गराउँला। मेरो तेज तपाखिभित्र हालि एस्तो गराउँला। ताहाँपछि अयोध्यामाहाँ दशरथ राजाछेउँ मेरा तेजले राम भै अवतार हुँला। रावणादि अनेक दुष्ट संहार गर्नकन, तस् बेलामाहाँ तिमिले मेरो दर्शन गरि तपाखिछेउँको तेज म झिकिलिउँला तिमि ब्राह्मणका ब्राह्मणै भै एकहत्तारि ७१ युगसंम महिन्द्र पर्वतमाहाँ तपस्या गरि मछेउँ लीन हौला, एस् प्रकार मछेउँ आज्ञा गरि गयाको थियो। हे परमेश्वर श्रीरामचन्द्र, अब मैले सहस्रार्जुन आदि अनेक राजा पनि मारि शक्याँ, एकाईस बेर निःक्षत्रिय गरि ई पृथिवी दत्तात्रेयलाई दान पनि दिया। अनेक राजाहरूलाई मार्‍याको समस्त पाप आज

तपाञ्चिको दर्शन गरि मोचन भयो भनि परशुरामले श्रीरामको स्तुति गरि फेरि स्तुति गऱ्या हे परमेश्वर, तपाञ्चिको शरीर छैन, ज्योतिस्वरूप एस्ता राघव भै दशरथका छोरा भै अवतार भयो। अविनाशी अव्यक्त एस्ता तपाञ्चिकन नमस्कार। हे परमेश्वर, फेरि तपाञ्चि कस्ता भन्या संसारको दु ख नाश गर्नाकन मनुष्य भै पृथ्वीमाहाँ अवतार लिन्या, भक्तका दास, दुष्टको नाश गर्न्या एस्ता तपाञ्चि, फेरि तपाञ्चिका मायाले संसारमाहाँ ब्रह्मा रुद्र प्रभृति ममत्व भै रह्याका छन्। एस्ता मायाले तपाञ्चिलाई छुँदैन, एस्ता तपाञ्चिकन नमस्कार। हे रघुनाथ, तपाञ्चिकी महामायाले सृष्टि वस्य गरि राखिछन्। सृष्टिस्थिति संहारका कारण तपाञ्चि हौ। एक तेजका तीन मूर्ति ब्रह्मा विष्णु रुद्र कहलाई तीनै मूर्तिले सृष्टि स्थिति संहार गराई रहन्या आफैले बनाई आफैले पालना गरि आफैं छेउँ जिकिलिन्या एस्तो तपाञ्चिको गुण म काहांतक् कहन शकुंला भन्या हे परमेश्वर, रामको अवतार ली रह्याका तपाञ्चिकन नमस्कार छ। ब्रह्मा विष्णु शिव रूप पनि तपाञ्चि, विश्वरूप नारायण भन्ना वामन अवतार भयाका वासुदेव भन्याका ई पनि तपाञ्चि हौ। फेरि पुरुष प्रकृति भन्ना तपाञ्चिकन नमस्कार भनि एस् प्रकारले रामचन्द्रलाई परशुरामले स्तुति गरि श्री रामचन्द्र परमात्मास्वरूप खुसी भै रामचन्द्रले आज्ञा गर्दा भया। हे परशुराम, तिमिले स्तुति गर्दा म सन्तुष्ट भयां, वर माग भनि आज्ञा गऱ्या र ताहाँ परशुराम विंति गर्दा भया। हे परमेश्वर राम, तपाञ्चिको राम नाम हृदयमा राखि म तपस्या गर्न जान्छु। फेरि मैले गऱ्याको स्तुति जसले पाठ गर्ला उ जो छ अनेकै अपराधी भया पनि तस्का अन्तःकालमाहाँ राम नाम संझोस् भनि एस् तरहले प्रसन्न भै चलाई गर्नुहवस् भनिकन ताहाँ परमेश्वर रामले तथास्तु छ भनि आज्ञा गऱ्या। ताहाँ परशुरामले रामका चरणमहाँ परि अनेक क्षत्रिय मार्याको पाप मोचनाका अर्थ माहेन्द्र पर्वत जाई एकहत्तर ७१ युगसम्म तपस्या गर्न जान्छु भनि विदा मागि जाँदा भया। ताहाँ दशरथ राजाले परमेश्वरका मायाले केहि सम्झन नसकि ई परशुराम गैकन मेरा छोराको पुनर्जन्म भयो भनि चिताई रामचन्द्रलाई अंकमाली गरि हर्षका आँशुले शिरमाहाँ चुहाई चुंबनादि गरि आनन्दले अनेक वाद्य बजाउन लगाई अयोध्या पुगि ताहाँ राम, लक्ष्मण, भरत, शत्रुघ्न ई चारैकन दिव्यकन दी आफ्ना २ रानीसँग ली कोठाभित्र सुख भोग्य गरी बस्ता भया। एस्ता बेलामाहाँ केकय देशका राजा युधाजित् नाम भयाका भरत शत्रुघ्नका मामा अयोध्या आई कुशल क्षेम वार्ता गरी दशरथछेउँ विन्ति गर्दा भया, हे महाराज दशरथ, भरत शत्रुघ्न लैजाई हाम्रा देशमा अलीक् दिन राख्ता हुँ भन्या र रानीसहित डाकि लैगया। ताहाँ दशरथ राजाले राम

सीताको मुख हेरि आनन्दसँग बस्या । कस्तो गरि बस्या भन्या इन्द्र र शचीदेवीका विलास हेरि कश्यप आनन्द भया जैं दशरथ कौशल्याकन आनन्दमय भयो । ति राम सीता अनेक क्रीडा भोग गरी महाआनन्द गरिरह्या । कस्तो भन्या वैकुण्ठमाहाँ श्री नारायण र लक्ष्मी क्रीडा गरि बस्या जैं नरमूर्तिले श्री रामचन्द्र एस् प्रकारले विराजमान गर्नुभयो भनि श्री महादेवले पार्वतीलेइँ कह्या । ई कुरा ब्रह्मलोकमाहाँ ब्रह्माले नारदलेइँ कह्या । सूतले नैमिषारण्य वनमाहाँ सौनकादि ऋषिकन कह्या ।

इति श्रीमदध्यात्मरामायणे बालकाण्डे उमामहेश्वर संवादे सप्तमोऽध्यायः ॥ ७ ॥

अध्यात्म बालकाण्डे सर्गाः सप्त वशंमुनोदिष्टा ।
षट्चोत्तरं च त्रिशतं श्लोकाः मोक्षप्रदा नृणाम् ॥
बालकांडं समाप्तं ॥ शुभम् ॥

अ ★

यो

ध्या

का

★ एड

अयोध्याकाण्ड

१

हे पार्वती, अयोध्यामाहाँ श्रीराम सीता दुवै सिंहासनमा विराजमान गरि परस्पर मुख हेरि हास विनोद गरि परम आनन्दसंग विराजमान भया वेलामा ब्रह्माका आज्ञाले श्रीनारद ऋषीश्वर र रामको दर्शन गर्न भनि विमानमा वसि वीणा समाई रामका नामको गीद गाई राम राधे रामको कीर्त्तना गरि ब्रह्मलोकदेखि अयोध्यामा आयाका तन्लाई देखि श्रीराम सीता चाँडै उठि सिंहासनदेखि तल आई नारदका चरणमा पनि अनेक मान्य गरि पादार्घ गरि आसनमाहाँ विराजमान गराया र नारद आज्ञा गर्दछन् ।

नारदउवाच—हे परमेश्वर श्रीरामचन्द्र, तपाञ्चिले मेरो एस्तो मान्य गर्नु अयोग्य हो । तपाञ्चि कस्ता हौं भन्या जगत् संसारका स्वामी एस्ता तपाञ्चिले मकन ज्ञान वक्सनु चाहिन्छ भनि नारदले श्रीरामचन्द्रको स्तुति गरया । हे परमेश्वर, योगेश्वरहरूले पनि ध्यानले पनि पोज्या नपाउनु एस्ता तपाञ्चिकन कोटि २ नमस्कार । महादेव पनि तपाञ्चि हौं, महात्मा पार्वतीका अंश-ले सीता भई सीता भनि कहलाइरह्याकी गृहिणी पनि तपाञ्चि, फेरि संसारको प्रकाश गरिरहन्या आदित्य पनि तपाञ्चि हौं । आदित्यका किरणरूपी पनि सीता एस्ता तपाञ्चिकन नमस्कार । हे रामचन्द्र, तपाञ्चि कस्ता भन्या सृष्टि स्थिति संहार गरिरहन्या, सप्त पाताल सप्त स्वर्ग पृथिवी जलामय गरि अत्यन्त सम्म बनाई रहन्या, फेरि नाभिदेखि कमल उत्पत्ति गराई कमलदेखि ब्रह्मा उत्पत्ति गराई सृष्टिको भारा जस् ब्रह्मालाई गरिराख्याछौ उनै ब्रह्माको छोरो म । मेरा वाञ्छा हुनुहुन्छ; एस्ता तपाञ्चिले मेरो अज्ञान छपाई ज्ञान दिन चाहिन्छ । हे परमेश्वर, तपाञ्चि चैतन्य मूर्ति भै संसारमा साक्षी भै रहन्या फेरि अनेक प्राणीहरूका चैतन्यमा कतिकन ज्ञान दिन्या कतिकन अज्ञान गराउन्या एस्ता तपाञ्चिका मायाले संसार बन्धन गराई मोहको भावना हालि कसैले पनि तपाञ्चिलाई चिंतना गर्न सक्न्याछैनन् । एस्ता तपाञ्चिलाई नमस्कार भनि एस्ता प्रकारले भन्दा भया, स्तुति गरि भन्दा भया, हे परमेश्वर रामचन्द्र, म आफ्ना पुत्रले चाहाँ,

आयाको होइन ब्रह्माले काजमा पठाया र आयाँ। दशरथ राजाले तपाञ्जिलाई राज्याभिषेक दिउँला भनि तयार गरेथा, त्यो राज्याभिषेक तपाञ्जिले नलियाजावस्। चाँडै दंडकारण्य वनमा जाई देवकण्टक रावणकन कसैले नमार्न शक्याको छ। स्वर्ग मर्त्य पाताल तिनै लोकमा मिचिराख्या देवऋषि तपस्वीहरू अनेक २ को दुःख दिन्या एस्तो रावणकन चाँडै मार्नुहवस्। तपाञ्जि कस्ता भन्या सत्यवादी असत्य नभयाका एस् प्रकारले ब्रह्मादि देवलोकले विति गरि पठायाको रामचन्द्रछेउँ नारदले विन्ति गरि भन्दा श्रीरामचन्द्र आज्ञा गर्दा भया, हेर नारद, ति कुरा मैले सम्झयाका छन्। म राज्याभिषेक लिन्याछैन, राज्याभिषेक लिया पनि विघ्न हुन्याछ। तेस् बखतमा मैले चतुर्दश वर्षसम्म वनवास गरि ब्रह्मचारीको भेष गरि रूखका बोक्रा पैहिजटा धारणा गरि दंडकारण्य वनमाहाँ बसि त्यो कार्य म गरौंला। हे नारद, सीताका कारण तुल्याई रावणका कोटानकोटि परिवारले अनेक राक्षसहरू मैले बाणले पोलि सबै मारौंला भनि अंगीकार गर्याको कार्य सिद्ध हवैन भनि अउताउनुपर्दैन। हे नारद, त्यो कार्य निश्चय २ गरौंला गरिन भनि सन्देह गर्नु चाँहिदैन भनि एस्ता प्रकारले श्रीरामको आज्ञा भयो र नारद (का) वचन सुनिकन पुर्सि भै भन्दा भया, हे राम, म ब्रह्मालोकमा जान्छु, तपाञ्जिको जय हवस् भनि तीनफेरा प्रदक्षिणा गरि दण्डवत् गरि रामको मुख स्मरण गरि रामका गुणको कीर्तन गरि नित्य गरि रामको आज्ञा ली नारद सत्यलोकमा ब्रह्माका ठाउँमा गया भनि श्री महादेवले पार्वतीकन आज्ञा गर्‍या।

सप्राप्नोत्यपर सुदुर्लभं विमोक्ष कैवल्यं विरपुरसरक्रमेण

हे पार्वति, नारद श्रीरामको संवाद भयाको जस्ले सुबुद्धि चित्त गरि, एक चित्तले सुनोस्त जो कहोस्त उस्कन अघिउनै वैराग्या होवै, ताहाँपछि वैकुण्ठवास होला। पुनर्वार यो संसार पापरूपी समुद्रमा डुबिरहनुपर्दैन, महतारिको दुद पिउनुपर्दैन, परमपद पाउला भनि एस्ता प्रकारले महादेवले पार्वतीछेउँ आज्ञा गर्‍या भनि ब्रह्मलोकमाहाँ ब्रह्माले नारदलाई कह्या भनि ई कुरा नैमिषारण्यमाहाँ सूतले सौनकादि ऋषिकन कहँदा भया॥

इतिश्री अध्यात्मरामायणे उमामहेश्वरसंवादे अयोध्याकांडे प्रथमः सर्गः॥ १॥

२

शिव उवाच—हे पार्वति, अयुध्यामहाँ प्रतापी भै वस्याका दशरथ राजाले आपना पुरोहित वशिष्ठकन बोलाउन पठाया र भन्दा भया, हे वशिष्ठ, मेरा पुत्र रामचन्द्र महाज्ञानी राजनीतिमा निपुण भयाका प्रजालोकसंग मिल्याका ज्येष्ठ पुत्र रामचन्द्रलाई भोलि राज्यभिषेक दिन्छु तसर्थ चाहिन्या सराजाम सबै मेरा मंत्री सुमंत्रछेउँ आज्ञा गर्नुहवस् भनि एस्ता प्रकारले दशरथ राजाले वशिष्ठका मुख्याजि आज्ञा मन्या र सुमंत्र मंत्रीकन बोलाउन पठाई आज्ञा गर्दा भया, हे सुमंत्रीहो, भोलि रामचन्द्रलाई राज्याभिषेक दिन्छन्, चाहिन्या सराजाम तयार गर भनि एस्तो आज्ञा सुनि सुमत्रले वशिष्ठछेउँ सोध्या र हे गुरु वशिष्ठ, ऋषीश्वर, भोलिलाई सामग्री कस्तो २ क्या क्या चाहिन्छ, तयार गर्नुपर्छ आज्ञा गर्नुहवस भनि सुमंत्र मंत्रीले भन्या र फेरि वशिष्ठले आज्ञा गर्दा भया, हे मन्त्रीहो, सुन, राज्याभिषेक दिन्या ठाउँमा १।२ वटि कुमारि मणिमाणिकका गहना लाई ठाउँ ठाउँमा राषनुपर्छ। फेरि सोहवटि हाती गहना लाई नाना तरहले सिंगारीकन ताहाँ राषनुपर्छ। फेरि गंगा आदि अनेक तीर्थको जल सुवर्णका कुंभमा राषि हजारौं २ राषनुपर्छ। वाघका छाला तीनवटा ल्याउनुपर्छ, मणि माणिकले षचित गर्याको तोरण ठाउँ २ मा राषनुपर्छ। कंचनको सेत्र बनाउनुपर्छ, सेतो वर्णको छत्र बनाउनुपर्छ। अनेक ध्वजा पताका राषनुपर्छ, ठाउँ ठाउँमाहाँ बढिया २ चँदुवा पुष्पमाला परस्पर गुरुलाई राषन पर्दछ। मान्य भयाका बडा २ मुनिजनहरूले हातमाहाँ कुश लिनुपर्दछ। नाना मंगल वस्तु बनाउनुपर्छ। फेरि इन्द्रको ऐरावतका वर्षमा जन्म्याको चतुर्दश हाती सेतो वर्ण भयाको तेस् हातीकन आभरण लगाई अमरा कसिराषनुपर्दछ। फेरि रथिमा घोड़ा प्यादा अनेक सैन्य सिपाहिवार वहिर चौकि राषनुपर्दछ। फेरि पृथिवीमाहाँका सबै राजाहरूले अनेक शस्त्र अस्त्र लिआउनुपर्दछ भनि डाकिपठाउनु। पृथिवीका राजाहरू सबै बटुल्नुपर्छ। प्रजाहरू सबै बटुल्नुपर्छ भनि एस्ता प्रकारले वशिष्ठले मंत्रीछेउँ आज्ञा गर्दा भया र सुमंत्रले सबै चाहिन्या २ सबै तयार गर्न्या, ठाउँ ठाउँमा पत्र लेषिपठाया, दिशा २मा राजाहरूकन समचार पठाया। ताहाँउप्रान्त वशिष्ठले रथमा चढि श्रीरामछेउँ जाँदा भया, तीन चोकभित्र राम वस्याका ठाउँमा तीनै चोकसम्म रथैमा गया। ताहाँपछि रथवाट वढ्हि हिँडि गया। ताहाँ रामले वशिष्ठ ऋषि आयाको देषि श्रीराम रत्नसिंहासन देषि वढ्हि वशिष्ठका चरणमा परि सुवर्णका पिहामाहाँ आसनादि विराजमान गराई जानकिले सुवर्णका कलशले वशिष्ठका पाउ धोई श्रीरा-

मले पनि सीताले पनि चरणोदक आँखामाहाँ लाई अनेक आनन्द गरि राख्ता भया। एस्तो रामको भक्ति देखि वशिष्ठ आज्ञा गर्दा भया, हे परमेश्वर श्रीराम, तपाञ्चि कस्ता भन्या जगत्संसारका स्वामी, देवता, गुरुका पनि गुरु, सब आत्मा पुरुष तपाञ्चिको चरणोदक विन्दु श्रीमहादेवले आपना जटामाहाँ धारणा गरिराख्याछन्। त्यो चरणोदकका प्रभावले जगत्संसारका स्वामि कहलाई गुरु कहलाईरह्याका छन्। फेरि ब्रह्माले तपाञ्चिको चरणोदक कमण्डलुमा राखि त्यो कमण्डलु धारणा गरि पितामह कहलाया। तसैका प्रभावले सृष्टिकर्त्ता भया, अनेक प्रकारले चतुर्विध सृष्टि गर्न्या सामर्थ्य भयाको एस्ता तपाञ्चिले मेरो चरणोदक आपना शरीरमा राखनुभयो। यो ता हवैन, क्या हो भन्या लोकहरूलाई सिकाउनानिमित्तले एस्तो गर्नुभयो। हे भक्तवत्सल, तिमि को हौ भन्या महाविष्णु हौं भनि म जान्दछु, कयान भन्या रावण आदि दुष्ट मार्नाकन श्रीराम कहलाइ अवतार लिनुभयाको यो प्रकाश गर्नु वेला भयाको छैन। रावणलाई मार्न्यापछि ई कुरा प्रकाश गरौंला भन्या र हे रघुनाथ, राजाको पुरोहित भै रहनु पनि महापाप छ। अब एस् राज्यमाहाँ म पुरोहित भै रह्याछु। क्यां निमित्तले भन्या सूर्य्य-वंशीमाहाँ श्रीविष्णु अवतार हुन्याछ भनि म भक्ति पाउँला भनि एस् आशाले म पुरोहित भै रह्याछु। हे परमेश्वर, अब तपाञ्चिले मेरो उद्धार गर्नु चाहिन्छ भनि एस्ता प्रकारले वशिष्ठ ऋषिले आज्ञा गर्नाकन लाग्या। हे श्रीरामचन्द्र, तपाञ्चिका बाबा दशरथ राजाले मलाई पठाया र म याहाँ आया। भोलि तपाञ्चिलाई राज्याभिषेक दिन्छु लिनुहवस् भनि आज्ञा गरि पठायाको छ। हेरामचन्द्र, तपाञ्चि पनि सीता पनि शुचि पवित्र भै रहनुहोला, निराहार गर्नुपर्छ, पवित्र विछ्याउनामा सुकला गर्नुपर्छ, स्त्री सीता भोग नगर्नु। एस्ता प्रकारको नियम गर्नुपर्न्या सबै आज्ञा गरि श्रीरामछेउँ विदा भै वशिष्ठ ऋषि ताहाँदेखि फेरि दशरथ राजाछेउँ उत्तरा कहि वशिष्ठ आपना आश्रममाहाँ जाँदा भया। ताहाँउप्रांत श्रीरामले वशिष्ठको आज्ञा सुनि लक्ष्मणलाई बोलाउन पठाया र आज्ञा गर्दा भया, हे भ्राता लक्ष्मण, मलाई भोलि यो राज्याभिषेक दिनुहुन्छ भनि बाबाज्यूले वशिष्ठ ऋषिलाई पठायाछन्। अब अभिषेक लिनिमात्रै राजा म होला यो राज्यको अधिकार तिमिले गर्नुपर्दछ भन्या र तिमी कस्ता भन्या मेरा प्राणचाहिं पनि गरिष्ठ तम्रो र मेरो एकै शरीर छ। म राजा भया पनि तिमि राजाहरू ता तिमि छौ भनि एस्ता प्रकारले रामचन्द्रले लक्ष्मणकन आज्ञा गरि लक्ष्मण पुसि भै विंति गर्नाकन लाग्या, हे भ्राता रामचन्द्र, तपाञ्चिको सेवक म हौं, जस्तो तपाञ्चिको आज्ञा हुन्छ तस्तै म गरौंला भनि हर्षमान गरिरह्या। ताहाँ ति कुरा कौशल्याछेउँ कहन गया। रामचन्द्रलाई राज्या-

भिषेक दिन्छन् भनि ई कुरा सुनि हर्षमान गरिरह्या, ताहाँ ति कुरा कौशल्याकन कहन गया। रामलाई राज्याभिषेक दिन्छन् भनि ई कुरा सुनि हर्षमान गरि ई कुरा कहन जान्याकन अनेक प्रसाद दिई्न्। ताहाँ चाहिन्या कुरा तयार गरिन्। कौशल्याले मनमाहाँ चिताई दशरथ राजाका वचन अमिथ्या हुँदैन, अवश्य एस् राज्यको राजा मेरो छोरो होला भनि आनन्द गरि बस्ति भई्न्। ताहाँउमान्त पछिबाट चिताउन लागिन्, एक थोक माथै सन्देह छ, कैकेयीका वश्यका राजा तन्ले कसो गर्छिन् भनि शंका गरि कौशल्याले रामचन्द्रलाई विघ्न नहवस् भनि दुर्गा-देवीको पूजा गर्दी भई्न्। एस्तो वृत्तांत रामलाई अभिषेक दिनु निश्चय भई तेतीस कोटि देवलोक बाटुला भई संमत गर्दा भया, श्रीरामचन्द्रलाई अभिषेक दिन्या बेला भयाको छैन, राज्य भोगमा पस्यापछि तिमि हामिको शत्रु रावणलाई मार्नाकन पठाउँला भनि संमत गरि महामाया दुर्गाको आराधना गरि कैकेयीको हृदयमाहाँ पसि यो कार्य्य विघ्न गर्न पर्छ भनि दुर्गालाई पठाइदिया र ताहाँ दुर्गाले आफ्ना मायाले गरि मन्थरा भन्याकी सखिका हृदयमा पसि र ताहाँ तस् मन्थराको हृदय चंचल भई दर्वारमाथि जाई हेर्दि भई। अनेक ध्वजा पताका-ले शोभायमान भयाको नाना वाद्य मंगल वस्तुले नित्यले अनेक राजाहरू अनेक यात्राले महा-कल्लोल वाद्यको शब्द त्यो हेरि दर्वारदेखि तल बहि आफ्नी आमाछेउँ सोधि र हे महतारि, दर्वारमाहाँ अनेक यात्रा महाकल्लोल शब्द क्या निमित्त हो भनि सोधि र तस् मन्थराकी आमाले कहँदी भई्न्, हे मन्थरा, भोलि रामचन्द्रलाई राज्याभिषेक दिन्छन् भनि यो यात्रा गर्न्याको हो भनि कहि ताहाँ त्यो कुब्जा ति अग्रष्टा भयाकी महाकुरूपी भयाकी त्यो मन्थरा हतपताईकन कैकेयी रानिछेउँ कहन गई। ताहाँ त्यो मन्थरा कैकेयी रानिका कोठा भित्र पसि र भंदी भइन्, हे महारानि, आजसंम तिमि क्यान चुप लागि बसिरहन्छौ, धिक्कार धिक्कार तम्रा राजाकी पियारी भैरह्याकी, आफुदेखि माथि कोहि छैनन् भनिरह्याकी! राजा चतुर भै वचन मात्र तिमिलाई कार्य्य ता अर्कालाई हुन लाग्यो! भोलि रामलाई राज्याभिषेक हुन्छ, तम्रा दुई छोरा उन्का कमारा हुन लाग्या भनि तेस् मन्थराले एस्ता वचनले भन्याका सुनि कैकेयी भन्दी भई्न्, हे मन्थरा, राम राम! राम राजा भया मेरो ठुलो भाग्य छ भनि मेरा गर्भदेखि भयाका भरत शत्रुघ्न हून्, तैपनि रामचन्द्रले गर्न्या जस्तो भक्ति उन्ले गर्दैनन्। फेरि रामले आफ्नी महतारिलाई जत्तिको देख्तछन् तत्तिकै मकन देख्तछन्। मेरा छोराभन्दा पनि पियारा छन्। विशेषले मछेउँ उन्को ठुलो भक्ति छ। एस्ता राम राजा भयापछि जस्तै सबै लोकको आनन्द भयो उस्तै मकन पनि आनन्द छ भनि भन्दी भई्न्। हे पापिनी स्वास्नि, तँछेउँ रामले

क्या अपराध गऱ्याथ्या, तैंले क्या कुरो गर्न ओइस् भन् भनि एस्ता प्रकारले कैकेयी राणिले आज्ञा गरिन्। ताहाँ त्यो मन्थरा रामचन्द्रको निष्कारणमा बैरि भई तस् मन्थराले वशिष्ठकन अनेकै प्रकारले कुरा गरि कैकेयीका हृदयमाहाँ पूर्ण हुञ्ज्याल् पूर्ण गरि कुरा गर्दि भईन्। हे महाराणि कैकेयि, मेरा कुरा सुन्नुहोला, तपाञ्जिले केहि जान्नुहुँदैन। रामचन्द्रकन राजा गराउनानिमित्तले तम्रा दुवै छोराकन, बाहिर निकालिराथ्याछन्। फेरि राम राजा भया पनि उनकी महतारि कौशल्या इनै क्यानि हुनिन्, तिमि चाकर्नी होलि। तस् वेलामाहाँ तम्रा छोराहरूलाई पनि राज्यमा झिकैनन्, मान्दा पनि मानेनन् छेकि रापनान्। अब तस्को उपाय चाँडै तिमिले गर्नुहुन्छ। हे महाराणि, तपाञ्जिका अधिका कुरा म कहन्छु सुन्नुहुन्छ्। स्वर्गमा देवासुरसँग संग्राम भयो र देवलोकहरूले दैत्यकन जित्न सकेनन्। दशरथ राजा महारथि पृथ्वीपति भैरह्याका ति राजाकन गुहार मागि स्वर्ग जाई तस् वेलामाहाँ तपाञ्जि सँगै जानुभयो र अनेक अनेक दैत्यसँग युद्ध गरि राजा दशरथका बुढि अंगुठ्ठामा घाउ लाग्यो र तस् घाउमा किरा पऱ्यो र तस् घाउले महा पीडा भयो र रात्रिमाहाँ तपाञ्जिले राजाको उपकार गऱ्यो र घाउ निको भै दैत्य सबैकन जिति इन्द्रको उपकार गरि ताहाँ दशरथ राजाले तपाञ्जिछेउँ आज्ञा गर्दा भया, हे राणि, तिमिले पनि उपकार नगऱ्याको भया मलाई रक्षा नपर्न्या थियो। तम्रा प्रसादले मैले जस पाया, अब तिमिलाई दुवै वर दिन्छु माग भनि आज्ञा गर्नुभयोथ्यो। ताहाँ तिमिले भन्नुभयो, हे महाराजा, ति वर ऐह्ले म लिन्न, तपाञ्जिछेउँ नासो राख्छु; मलाई चाहिन्या वेलामा मागुँला भनि भन्यौं र ई कुरा तपाञ्जिले मछेउँ कहनुभयोथ्यो, सम्झनुहुन्छ्। हे महाराणि, अब तपाञ्जिका छोरालाई राज्याभिषेक दिन्या उपाय म कहन्छु, सुन्नुहुन्छ् भनि हे महाराणि, तपाञ्जिको अँध्यारो कोठा छँदैछ। तस् अँध्यारा कोठामा वसि सबै गहना छोडाई बिछ्याउँना नबिछाई भनि सम्झ्या गरि आफ्नु कार्य सिद्ध नहुञ्ज्याल नबोलिरहनुहोला। तस् वेलामा राजा तपाञ्जिका कोठामा आउनुहोला, तस् वेलामा दुवै वर माग्नुहोला। क्या क्या भन्या तपाञ्जिका छोरालाई राज्याभिषेक दिनु एक वर, दोस्रो रामलाई चतुर्दश वर्षसम्म वनवास पठाउनु भनि ई दुई वर माग्नुहोला। चौध वर्षपछि सबै काजीहरू आफना हात भयापछि रामचन्द्र आया पनि क्या गर्न्याछन् भनि तस् मन्थराले एस्ता प्रकारले कैकेयीका हृदयमा पूर्ण गरि ताहाँ ति कैकेयीले यो कुरो हो भनि चित्तले देखि र दुर्बुद्धि भई भन्दी भईन्, हे मन्थरा, ई कुरा मैले बिर्स्याका थियाँ, अब तैंले सम्झाइदिईस् धन्य २ तँ भन्दी

भईन् । हे मन्थरा, तँ मेरि हित तँ रहिछस् भनि हे मन्थरा, मेरो छोरो राजा भयापछि एक शय गाउँ तँलाइ दिउँला भनि ताहाँ ति राणिले कुब्जा मंथराले भन्या जँ अँध्यारा कोठामा गहना छोडाई भैमा लोटि म मर्छु भनि वसिन् भनि श्रीमहादेवले, आज्ञा गर्दा भया, हे पार्वति, जुन राणिका मनमाहाँ नभयाको पनि दुर्बुद्धि स्वास्नीको वचन सुनि एस्तो भयो तस् अर्थ कुसंगको संग नगर्नु भनि श्रीमहादेवले पार्वतीकन आज्ञा गर्दा भया ॥

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकांडे द्वितीयः सर्गः ॥ २ ॥

३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँउभान्त राजा दशरथले रामकन राज्याभिषेक दिनाकन मंत्रि सुमंत्र आदि वसिष्ठादि ऋषिहरूसँग सल्लाह गर्नु जति थियो सो गरिसक्यापछि दशरथ राजाले व्यालुकाको ज्यूनार गरिसक्यापछि सुकला गर्नाकन कैकेयीका कोठामा राणि नदेख्ता काहाँ गई भनि सखीहरूलेउँ सोध्या । हे सखि, राणि कता गईन् भन्या र सखीहरू भन्दछन्, हे महाराज, आज राणिका मनमाहाँ दुःखले रहनुभयाको छ । हे महाराज, तेसै अँध्यारा कोठामा रहनुभयाको छ भनि भन्या र तस् कोठामाहाँ राजा जाई हेर्दा भया र गहना कपरा सबै छोडाई मैलो वस्त्र लगाई केश फिंजारी भैमा लोटिरह्याकी देख्या र दशरथ राजाले आज्ञा गर्दा भया, तिमिलाई क्या दुःख भयो, क्यान एस्तो दुःख गरिरह्यौ । एस्ता मणि माणिकको कोठा छोडि अनेक देवान् जडि जडावत् पाट पट्टांवर, एस्ता २ वस्तुले चित्र विचित्र भयाको कोठा छोडि एस्ता अंधकार कोठामाहाँ भूमि शय्या गरि क्यान वस्यौ । फेरि अनेक आभूषण छोडाइ क्यान एस्तो गरि वस्यौ भनि एस्ता कारणले राजा दशरथले पनि सोध्या र केही नभनि मृतक् रह्या जँ रहिन्, मूर्छा पऱ्या जँ भईन् । ताहाँ राजाले राणिका अंगमा.....गरि आज्ञा गर्दा भया, हे कांते, हे प्रिये, क्यान तिमिले एस्तो दुःख गऱ्यौ मैले तम्रो क्या अपराध गऱ्याँ, मेरा राणिहरूमाहाँ तिमिलाई नाइक्यानि गरिराख्याको तिमीले क्या भन्यौ र त्यो मैले काम क्या गरिनँ ! हे राणि, फेरि तिमिलाई कसैले अपमान्य गऱ्या कि ? सौताहरूले अत्यन्त अपमान्य गऱ्या कि ! फेरि मंत्रीहरूले अत्यन्त अपमान्य गऱ्या

कि ! जस्ले तिमीलाई दुःख दियो उस्लाई सर्वस्व म लिउँला, फेरि, फेरि मैले क्या गर्नुपन्यो सो म गरूँला, त्यो भयेन भन्या पृथिवीमाहाँ दुर्लभ भयाको वस्तु चाहिया पनि ताहाँ म जाईकन ल्याउँला । हे महाराणि, तिमि ज्या भनौलि सो म गरूँला, मेरो जिबि चाहिया पनि तिमि अधिक् छौ भनि एस्ता प्रकारले दशरथ राजाले आज्ञा गऱ्या र ताहाँ ति कैकेयीले भन्दी भईन्, हे महाराज, तपाञ्चिले सत्य नगरेंज्याल् म प्रतीत हुन्याछैन भनिन् । एस्तो भन्दा राजा आज्ञा गर्दा भया, हे राणि, जुन कुरा तिमि भनौछि म त्यो वस्तु अवश्य लिउँला, रामलाई केहि केहि गर्न पर्न्या भया पनि म गरौंला । एस्ता प्रकारले कैकेयीका वश्यमा परि दशरथ राजाले आज्ञा गऱ्याको सत्य वचन सुनि कैकेयी चाँडै उठीकन मन चंचल गराई भन्दी भईन्, हे महाराज, तपाञ्चि सत्यवादि छौ । म तपाञ्चिका चरणमा केहि विति गर्छु, सुन्नुहवस् । सत्यवादी नभयाको नर्भनु भनि भन्या र राजा भन्दा भया, हे प्रिये, महाराणि, मेरा कुलमाहाँ असत्य बोल्न्या कोहि छैनन्, सत्य छ, भनि भन्या र ताहाँ कैकेयी राणी भन्दी भइन्, हे महाराज, अघि देवासुरका संग्राममाहाँ तपाञ्चि इन्द्रका गुहारमा गै अनेक दैत्यसंग युद्ध गर्दामा तपाञ्चिका बुद्धि अंगुठामा घाउ भयो र तस् घाउमाहाँ किरा पऱ्या र महाव्यथा भयो । तस्ता वेलामा ति किरा मैले झिकि उपकार गऱ्याँ र तब आनन्द भै तपाञ्चि मदेपि पुसी भै दुवै वर मलाई वक्सनुभयाको थियो. ति दुवै वर जैह्ले मलाई चाहियेला, उसै वेलामा म मागुँला भनि तपाञ्चिछेउँ नासो राख्याको थियो । हे महाराज, तपाञ्चिको सत्य भया दुई वर मलाइ वक्सनुहवस् भनि कैकेयीले भन्दी भईन् । राजा आज्ञा गर्दा भया, वढिया लौ माग भनि भन्या र राणि भन्दी भइन् । हे महाराज, तपाञ्चिले रामचंद्रकन अभिषेक दिन्या सामग्रीले मेरा छोरा भरतकन राज्याभिषेक दिनुपर्छ एक वर यो, फेरि विहान हुनिमात्र रामका कपरा छोड़ाई रूखका बोक्राको वस्त्र पैहि जटा धारणा गरि दण्डकारण्य वनमाहां चौध वर्षसम्म वनवास गर्नुपर्छ, ई दुई वर तपाञ्चिछेउँ म माग्छु भनि हे महाराज, विलंब गर्नु छैन भनि एस्ता प्रकारले विहान मातैकालमाहाँ एति कार्य गर्नुहवस्, एस्तो नगऱ्या मेरो प्राण रहैन भनि एस्ता प्रकारले भनिन् र दशरथ राजाका हृदयमाहाँ, वज्र पऱ्या जस्तो भैगयो, ई वचन सुनि भैमा लोट्ता भया । कसो गरि भनौला त वज्र परीकन वृक्ष ढल्दा जै भया । कैकेयीका वचन लागि दशरथ राजा मूर्छा हुँदा भया । ताहाँ एक क्षणपछि, ताहाँ आफ्नै चित्तले विचार गरि धीर्ज गरि भन्दा भया, मैले क्या स्वप्ना देख्या क्या भयो भनि राणिको मुख हेरि भन्नाकन लाग्या । ताहाँ राणि दम्वरूसितकी

वाघिनी वस्या जस्तो गरि राता २ आँषा गरि हेर्दा देख्या र दशरथ राजाले आज्ञा गर्नाकन लाग्या, हेमहाराणि, तिमिले क्या कुरा गर्नाकन लाग्यौ, क्या सम्झ्यौ ! रामले तिम्रो क्या अपराध गऱ्या, तिम्रो क्या आज्ञा मानेनन् । फेरि तिमिले रामलाई अनेक गुण बनाउना गरिरहनुहुन्थ्यो, फेरि भरत शत्रुघ्नलाहिं पनि रामचन्द्रले मेरो सेवा गर्छन्, भनि सधैं रामलाई प्रशंसा गरिरहन्थ्यौ, तम्रा छोराहिं पनि रामछेउँ अति स्नेह थियो । अब यस्तो निष्ठुर कसो गरि भयौ भनि दशरथ राजाले आज्ञा गर्दा भया । हे राणि, अब कसो गरौं, तिमिले भन्या जस्तो रामलाई दिन तयार गरिराख्याको सामग्रीले तम्रा छोरा भरतलाई राज्याभिषेक दिन्छु एक मात्रै नभन्या, रामचन्द्रकन बनवास मात्र नगराउ । आफू बस्याका कोठामा बसिरहुन्, रामदेखि तम्रा छोरालाई भय आउन्याछैन । रामचन्द्र कस्ता छन् भन्या, अत्यन्त साधु सत्यवादी असत्य नभयाका सबैका पियारा एस्ता रामलाई बनवास गराया, लोकपंचहरूले क्या भन्नान्, फेरि रामविना मेरो पनि प्राण राख्नु सक्न्याछैनन् । ई रामचन्द्रलाई राज्यदेखि बाहिर मात्र नपठाउनुहोला भनि एस्ता प्रकारले अनेक विन्ति गरि दशरथ राजाले राणिका दुवै पाउमा समाई पर्दा भया र ति कैकेयी राणिले क्रोधले गरि भन्दी भईन्, हे महाराज, तपाञ्चिको सत्य छैन भन्या म क्या गरौंला, म चरणमा चाहिन्न । हे महाराज, हिजै मैले ता तपाञ्चिकन सत्यवान् थ्या अब तपाञ्चि नरकी होला । हे महाराज, अब मैले यो प्राण पनि राख्न सक्न्याछैनन्, विष पाई पो मछु कि पासो लाई मछु भनि भनिन् र ति राजा बारंबार मूर्छा हुँदै भैंमा लोट्दै पूर्व दिशामहाँ सूर्यको तेज रातो भै देखियो । ताहाँ राज्यका लोकहरू सबैले रामचन्द्रले राज्याभिषेक लिंदा हेर्न जाउँला भनि रह्याका चार महर रात्रि बिताउन चार युग बित्या जस्तो भैगयो भनि रह्याका, कस् बेलामा बिहान होला, कस् बेलामा हेर्न पाउँला भनि रह्याका ताहाँ बिहान भयो र अनेक बुढा बुढी बाला लन्ध्यारि बढिया २ बडा २ मुनिजन बढिया २ वस्त्र पैहि रत्न भूषण गहना लगाई दर्बारमाहाँ रामलाई राज्याभिषेक दिंदा हेरौंला भनि सबै जारा भै आया । फेरि अनेक वाद्य अनेक नृत्य, आया, अनेक ब्रह्मा गुरु गुणिक, अनेक देश २ का राजाहरू, अनेक घोडा हाती सिंगारि ल्याया, अनेक ध्वजा छत्र चामर, नाना मंगल वस्तु कुमारी कन्या सिंगारीकन ल्याया र एस्ता प्रकारले दर्बारमाहाँ घुईंचो हुनाकन लाग्यो । कति गीत गाई बस्याका, कति बाजा बजाई बस्या, ठाउँ ठाउँमाहाँ ब्राह्मणहरूले वेद घोकि बस्या । एस्तो देखि ति लोकहरूका मनमाहाँ आनन्द भयो । एस्ता महाउत्साह शब्द सुनि कैकेयी राणिले भयालमा बसि हेर्दी भईन् । त्यो

देखि भन्नाकन लागिन्, हे लोकहो, क्यान तिमीहरू बौलायौ कि बाजा बजाउनु हुँदैन भनि छेकिन् र सबै बाजा बज्याउन्याहरू हरि २ भनि थामिया । ताहाँ ति राजाका मंत्री काजीले सुमंत्र मंत्री सबैले अऊसम्म राजालाई विहान भयाको छैन भनि ठान्नुभयो कि ! राज्याभिषेकको वेला भन्या हुन लाग्यो क्यान भनि हतपताईकन राजा दशरथका कोठामा गया । ताहाँ राजा अत्यन्त दुख्ला भयाका, भूमिमा लोटिरह्याका सुमंत्र मंत्रीले देख्या र भन्दा भया, हे महाराणि, आज महाराजलाई क्या भयो, क्या कारणले दुःख भयो, क्यान एस्तो गरिरहनुभयो भनि स्वध्या र कैकेयी राणिले भन्दी भईन्, हे मंत्रीहो, म जान्दिन, आज रात्रीमहाँ राजाकन निद्रा पनि भयेन, राम राम भनिकन मात्रै रहनुभयो । रात विहायो भनि हे मंत्रीहो, अब तिमीहरूले ऐल्हे जाई रामचन्द्रकन डाकिल्याउनुपर्छ । ई राजाका दुःखको कारण रामचन्द्रछेउँ छ भनि राणिले एस्तो आज्ञा गरिन् र ताहाँ मंत्रीले आश्चर्य मानि भन्दा भया, हे महाराणि, महाराजको आज्ञा नपाई म कसो गरि जाउँ भनि भन्या र तस्ता वेलामा राजाकन चेष्टा भयो र करुणा भयो र आज्ञा गर्दा भया, हे मंत्री सुमंत्रहो, जाउ २, रामलाई डाकिल्याउ, मेरा आँखाले हेर्नाको वडो प्यास भयो, रामचन्द्रको मुख कमल हेर्न अति इच्छा भयो भनि तिमि जाई डाकिल्याउ भन्या र ताहाँ सुमंत्र चाँडै जाई रामका कोठामा पसि विंति गर्नाकन लाग्या, हे राम, तपाविका वावाज्यूले चाँडै आउन पर्छ भनि डाकन मलाई पठाया. ऐल्हे पाउ लाग्नु-हुन्छ भनि वृत्तांत कुरा समस्तै कह्या र ताहां रामचन्द्रले लक्ष्मणलाई डाकि राजा दशरथका कोठामा जाई ताहाँ कोठाभित्र जाई पसि दशरथ राजाको मुख हेरि भन्नाकन लाग्या, हे वावाज्यू, तपाविलाई क्या अवस्था भयो, क्यान एस्तो गरि राज गर्नुभयो भनि रामले विंति गर्दा भया । हे वावाज्यू, एस्तो शोक गरिरहनुभयो, हामीहरू ४ छोरा छँदै क्यान शोक गर्नुहुन्छ, शोक छोड्नुहुन्छ । तपाविका निमित्तमा मैले क्या गर्नुपर्दछ सो म गरूँला । महादेवको धनुष भंग गरि ल्याया की सीता तनलाई छोड्नुपऱ्या पनि छोडौंला, वावाका कारणमाहाँ यो प्राण त्याग गर्नुपऱ्या पनि त्याग गर्नामा सामर्थ छ भनि रामले भन्या र ताहाँ कैकेयी भन्दछिन्, हे पुत्र रामचन्द्र, क्यान भन्यादेखि पिताको सत्य रक्षा गर्न्या पुत्र भन्नु । हे राम, अनेक सामग्री तयार गऱ्याको तिमिकन अभिषेक दिन राख्याको सामग्रीले भरतलाई अभिषेक दिनुपर्दछ, फेरि तिमिले एस् राज्यमा वस्नु छैन, रूखका बोक्राको वस्त्र पैहि जटा धारण गरि चौध वर्षपर्यन्त, तस् दंडकारण्य वनमाहाँ वनवास गर्नुपर्छ भनि एस्ता वचन सानिमाले गऱ्याको सुनि श्रीरामचन्द्रले भन्नाकन लाग्या, हे सानिमा,

तपाञ्जिले आज्ञा गऱ्याको सबै भरतलाई राज्याभिषेक वक्सनुहुन्छ, म वनवास जान्छु भनि आज्ञा गर्दा भया। हे राघव, बडो पापिष्ठ स्त्रीका वसमा रह्याको एस्तो चंडाल म तिमीले मकन समाई वलले तिमी राजा हुनुपर्छ, यो पाप तिमीलाई लागैन, तिमी राजा हुनुपर्छ भनि हा राम २ भन्दै कुरा गर्न नसकि रामको मुख मात्र हेर्दै रुँदाभया। एस्तो देखि राम विन्ति गर्दा भया, हे पिता, शोक भन्याको ता अज्ञानिको पो हो, तपाञ्जि ता महाज्ञानी हुनुहुन्छ, शोक छोड्नुहुन्छ। थोरै बेर पो हो, चौध वर्ष भन्याको ता चौधै दिन जस्तो हो। ताहाँपछि म फेरि आउँला, तपाञ्जिको दर्शन गर्न आउँला,। हे पिता मेरि महतारि कौसल्याछेउँ मेरी सीता स्वंपि जान्छु, तपाञ्जिको सत्य प्रतिपालना गर्न वनवास गर्न जान्छु। मेरो भाग्य हो, काहां भनौला त बाबुको कार्य गर्नाकन छोरा चाहिन्छन्, तसर्थ म गरि आउँला निश्चय २ भनि एस्ता प्रकारले श्रीरामचन्द्रले पिता दशरथकन बुझाई ति रामचन्द्र आफनी महतारि कौशल्याका कोठामा विदा माग्न भनि गया र ताहां कौशल्याले रामलाई राज्याभिषेक आज दिन्छन् भनि हर्षमान गरि अनेकै ब्राह्मणहरूकन भोजन षिलाउँथिन्, अनेक शिवपूजा गर्थिन्, गोग्रास आदि अनेक दिन्थिन्। रामका मंगल अर्थकन एस्ता प्रकारले कौशल्याकन मनमहां आनन्द भैरह्याका वेलामा राम भित्र पस्ता भया भनि श्रीमहादेवले पार्वतीकन आज्ञा गर्दा भया॥

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकांडे तृतीय सर्गः॥ ३॥

४

श्री महादेव उवाच—हे पार्वति, श्रीरामले विदा माग्न भनि महतारिछेउँ गयाका वेलामाहां सुमित्राले देखि कौशल्याछेउँ भन्दी भईन्, तपाञ्जिका छोरा श्रीरामचन्द्र ताहां आउनुभयो भनि कहिन्। कौशल्याले आनन्दसित पुत्र भावनाले आलिंगना गरि आफना कांधमा राखिकन कपाल सुंघ्याई चुम्बनादि गरिन्। कस्ता श्रीराम भन्या नीलकमल जस्ता देह भयाका, हँस्याइँदो मुखभयाका, अत्यन्त आत्मा पुरुष, साक्षात् संसारका नारायणका

कलाले पूर्ण भयाका एस्ता रामकन हेरि कौशल्याका मनमाहां आनन्द भै अति अनेक भोजनादि प्रार्थना गरि भन्दी भईन्, हे पुत्र राम, भोजन गर्नुहवस् भनि कौशल्याले एस्ता आज्ञा गरिन् र ताहां रामचन्द्रले विंति गर्नाकन लाग्या। हे महतारिज्यू, तपाञ्चिले दि मैले चाईशक्यौं, बाबाका सत्य प्रतिपालनानिमित्त चौध वर्षसम्म वनवास मैले गर्नुपऱ्यो, एस् राज्यका राजा भरत भया। अब तपाञ्चिको दर्शन गरि विदा मागि म जाउँ भनि म आइरह्याछु। मलाई ता वेला भयो, हे महतारिज्यू, भनि एस्ता प्रकारको रामचन्द्रको बोलि सुनि कौशल्याले केहि भन्न नसकि मूर्छित भई पृथ्वीमा लोटति भईन्। ठुला वतासले केराको थाम ढल्या जैं गरि रामको एस्तो वचन सुनि कौशल्या पृथिवीमा लोट्ती भईन। मुहूर्त मात्रपछि चैतन्य भैकन दुःखका समुद्रमा परि आंखावाट आँसु चुहाई कौशल्याले आज्ञा गर्नाकन लागिन्, हे हरि हरि एस्तो अवस्था रामकन भै आयो, राज्याभिषेक दिउँला भन्याको ता वनवास पो दिया, यो अयोग्य हो। ई रामले राजा दशरथको क्या गुणगार गऱ्या, क्या अपराध गऱ्याथ्या, मेरो छाति फारि पठाउन लाग्या। मैले क्या ननिको गऱ्याथ्यौं र मेरा छोरालाई आहांसम्मको अवस्था दिया, अयोग्य हो। फेरि तनलाइ यो राज्य दिया त पनि दिउन्, रामलाई वनवास क्यान दिया, नाना प्रकारले रोई रोईकन रामका मुख्याङ्ग भन्दी भईन, हे पुत्र, दशरथको आज्ञा शिर चढाई तिमिले वनवास जानाकन लागेउ,बाबुको आज्ञा मान्यौ, तस्तै गरि महतारिको वचन मान्नुपर्दछ, तिमिले वनवास गर्नु हुँदैन। मलाई आफ्ना लिनु जाउ भनि, हे पुत्र, तिमि न भै यो प्राण राप्न सक्नुछैन। हे पुत्र, मेरा एस्ता वृद्धकालमाहां कसो गरि आफालि जान्छौ भनि एस्ता प्रकारले कौशल्याले रोई रोई भन्दी भईन्। ताहां ति रामचन्द्रले बुझाउँदा भया, हे महतारिज्यू, तपाञ्चिले शोक गर्नु नहवस्, मलाई अमंगल होला। मलाई आशीर्वाद दिई, मंगल गरि पठाउ। टाढाको कुरो छैन, चौध वर्ष भन्याको चौध दिन जस्तो हो। मलाई वनवास गर्न महासुख छन। एस् दंडकारण्य वनमाहां वसि अनेक दुष्ट, राक्षस, रावणादि मारि सवै लोकको उद्धार गरि ताहांउप्रांत तपाञ्चिका चरणारविन्दको दर्शन गर्न म आउँला भनि एस्ता प्रकारले बुझाया र तहां कौशल्याले गद्गद वाणि गरि आज्ञा गर्दी भईन, हे पुत्र रामचन्द्र, तिमिले पृथ्वीको कार्य्य गर्ना अथकन औतार लिनुभयाको छ। त्यो कार्य निर्विघ्नले सिद्ध हवस्, तेतीस कोटि देवताहरूले तम्रो कार्यमा रक्षा गरून् भनि एस्ता प्रकारले आशीर्वाद दिंदी भईन्, रामका शिरमाहाँ आँसु चुहाई आफ्ना पछेउराले आफ्ना आँसु पुछिर विदा दिनु भईन्। एस्तो देखिकन लक्ष्मणले भन्दा भया, हे श्रीराम, भरत शत्रुघ्न सवैलाई मारि

तपास्विलाई राजा गरौंला भनि सबै तयार गरिराख्याका सामग्रीले राज्याभिषेक लिनुहवस् भनि एस्ता प्रकारले लक्ष्मणले भन्याको वचन सुनि ताहाँ ति रामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, एस्ता समयमा ई कुरा गर्न्या छैनन। अघि देवासुरका संग्राममाहाँ दशरथ राजाले कैकेयीलाई वर दियाको थियो। सत्य मिथ्या गर्नु छैन, दशरथ राजाले पुत्र पनि भन्याछैनन्, आफ्नु जिउ पनि भन्याछैनन्, आफ्नु सत्य रक्षा गर्न्याछन्। हे लक्ष्मण, भनौला त यो संसारमा अस्थिर छ, कसो गरि भनौला ता कमलका पातमाहाँ रह्याका पानी जस्तो यो जीव छ। एस्ता संसारमहाँ क्रोध गर्नु छैन, अहंकारि हुनु छैन भनि भन्या र तम्रा पराक्रमले जित्न पनि सकन्याछौ, अनन्त मूर्ति तिमि छौ भन्या र यो राज्यको माया मलाई चाहिंदैन। यो अनित्य संसारमाहाँ राजा कहलाई अनेक भोग अनेक कला अनेक मान्य लि बस्छन्, अन्तकाल हुन्या वेलामाहाँ यो शरीर माटाको माटै हुन्याछ। एस्तो शरीर स्थिर त हुन्याछैन, कालको वश छ, दाहिना पाउ मृत्युले कुल्चिरहेछ, एस्तो शरीरमाहाँ तृष्नाले बाढला भनि संपत्तिको यत्न गर्दछन्, मेरो राज्य मेरो वस्तु भनि चित्तमाहां मान्दछन्, कालले नाश गर्ला भनि चित्तले देषतैनन्। कस्तो भनि भनौला त सर्पले भ्यागुताकन निन्दामा भ्यागुताले जींगा समाई पाया जैं एस्तो आत्मा भनि एस्ता प्रकारले लक्ष्मणको क्रोध शान्त गर्नाकन रामले आज्ञा गर्दा भया र ई कुरा सुनि लक्ष्मणले आफ्नु क्रोध शान्त गरि भन्दा भया, हे भ्राता श्रीराम, मैंले अज्ञानले क्रोध गर्‍याँ, मेरा आफना भाविका दोषले हो, अर्काको क्या दोष। आफना कर्ममा ज्या लेख्याको छ सो हुन्छ, भावि सत्य हो। हे भ्राता राम, तपास्विले मेरा अज्ञान छुटाई ज्ञान बक्सनुहवस्। अब तपास्विका संगमा म आउँछु, तपास्विका चरणको सेवा गर्न पाउनु मेरो भाग्य हो भनि भन्या र ताहां श्रीरामले आज्ञा गर्दा भया। हे लक्ष्मण, वाला मेरा तिमि काहिं गया पनि छुट्टिदैन थिय्युँ एकै जिउ भै रह्याका थिय्युँ। हे लक्ष्मण, मसंग जान्छु भन्या आउनुहवस्। हे लक्ष्मण, अब विलंब गर्नुछैन, ऐल्हे तयार हुनुहवस् भनि भन्नुभयो र श्रीरामचन्द्र सीताका ठाउँमा गया र ताहां सीताले राम पाउलोम्नु-भयाको देषि सुवर्णका कलशले रामका पादुका प्रक्षालन गरि रत्नमणिका पटियामा विराजमान गराई सीताले भन्दी भइन्, हे प्रभो रामचन्द्र, आज क्या भयो! तपास्विका संगीहरू पनि छैनन्, एक्लै आउनुभयो, ति संगीहरू कता गया। फेरि, तपास्विका छत्र चमर पनि छैनन् इत्यादिले डोलाई अनेक फौजले गरि पछि २ लाई बिजुलीका तेज जैं प्रकाश गरि आउनुहुन्थ्यो, एस्ता तपास्विले आज कयान मलिन हुनु-

भयो भनि एस्ता प्रकारले सीताले भन्दी भईन्। ताहां श्रीरामले आज्ञा गर्नाकन लाग्या। हे प्रिये सीता, मेरा बाबा दशरथले, दंडकारण्य वनको रजाज मलाई वक्सनुभयो, यो राज्य भरतलाई वक्सनुभयो, अब म वनवास जान्छु। भो सीता, मेरी महतारि कौशल्याको सेवा गरि आफ्नु पतिव्रता धर्म प्रतिपालना गरि रह्या, चौध वर्षसम्म म वनवास गरौंला, ताहांपछि तम्रो मुख दर्शन गर्न आउँला। बाबाको सत्य प्रतिपालना गर्नाकन म जान लाग्यां भनि एस्तो रामको आज्ञा सुनि सीताले विन्ति गर्दी भईन्, हे प्रभो, तेस्तो तपाञ्जिको आज्ञा भयो भन्या म तपाञ्जिका अघि २ म जान्छु, मेरापछिपछि तपाञ्जि आउनुहोला। तपाञ्जिको ज्या अवस्था भयो सो मेरो पनि होला भनि भन्दी भईन् र श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे सीता, वनवास गर्नु महादुःख महाकष्ट पाइन्छ, अनेक राक्षसको भय हुन्छ, सिंह व्याघ्र हस्ति नाना जंतुको भय हुन्छ। डुंगामा भैमा ज्या गर्नुपर्न्या खानु वस्तुको पनि याहा पनि हुँदैन, पानु भन्या फल मूल तरु कंदमूल पानुपर्छ, मिठो नमिठो भन्नु हुँदैन। फेरि, बाटामा अनेक काँढा छन्, विषम भयाको बाटो छ। एस्ता दुःखमा तिमि कसो गरि बसौंलि। तिमि कस्ती भन्या अत्यन्त कोमल शरीर भयाकी, फेरि गर्मि जाडो पनि बतास् अनेक सहनुपर्न्या फेरि त्यो वनमा उजार भयाको दुर्गम छ, बाटो पनि देखिदैन। हे प्रिये सीता, एस्तो कष्ट पाइन्छ, एस्ता कष्टमा तिमिले सहन सकौन। तिमि सुकुमार भयाकी, फेरि तिमि भाग्यमानी भैरह्याकी, तम्रा बाबा जनकका घरमा पनि महाभाग्यमानी भै महासुखसित वस्याकी, अनेक पाट वस्त्र पैह्याकी, बहिया २ अमृत भोजन गरि वस्याकी, अनेक २ मान्य आदर गरिरह्याकी एस्ता कोमल शरीर तम्रा कसो गरि आउँछ भनि एस्ता प्रकारले श्रीरामले सीताकन आज्ञा गर्न्या र सीता विन्ति गर्दी भईन्, हे प्रभो राघव, तपाञ्जिविना एक क्षण पनि यो प्राण राख्न्याछैन। तपाञ्जिको मुख हेरि वस्न पाया पनि वनवास भया पनि स्वर्गतुल्य छ। तपाञ्जिका चरणारविंद कस्तो भन्या श्री महादेवले पनि शिरमा धारणा गरिराख्नुहुन्छ। एस्ता तपाञ्जिका चरणमा सेवा गर्नाका अर्थकन पृथिवीमा जन्म लिन आया, एस्ता तपाञ्जिका चरण छोडि म कसो गरि छोडौंला। हे स्वामि रामचन्द्र, म नभैकन तपाञ्जिको कार्यसिद्ध हुन्या छैन। तपाञ्जिका कार्यको कारण ता म पो हौं, तपाञ्जिले मलाई छोडि जान कसो गरि होला! हे प्रभो, तपाञ्जि कस्तो भन्या दुःख सुखले नछोयाका तपाञ्जिका सुख सधैं छन्, तसर्थ तपाञ्जिका सुख भया मेरो पनि सुखै छन्, तपाञ्जिका दुःख भया मेरा पनि दुःखै छन्। तसर्थ तपाञ्जिका ज्या गति सोहि गति मेरा होला। हे प्रभु राम, वनमा भय छ भनि आज्ञा गर्नुभयो, तपाञ्जि

जत्ति हुनुहुन्छ त मलाई क्या भय होला, फेरि तपास्विका साथमा वस्न पायादेपि दुःखको स्यज्या भया पनि पाट पट्टाम्बर जतिको छ, फल मूल भया पनि अमृततुल्य छ भनि एस्ता प्रकारको सीताको वचन सुनि रामले आज्ञा गर्दा भया, हे सीता, तिमि कस्ता भन्या पाल्कि सुख पालमा चढिरहन्या, अऊसम्म आपना गोडाले पृथिवीमाहाँ नहिंड्याकी एस्ता तिमि हिंड्दामा मरौंलि कि म पो मर्छु कि! तस् वेलामाहाँ तिमिकन अनर्थ होला भनि श्रीरामचन्द्रले एस्तो आज्ञा गऱ्या र ताहां सीताले भन्दी भईन्, हे प्रभो, म जनक ऋषिका घरमा वस्तामा ब्राह्मणहरूका मुखबाट अनेक रंमायन मैले सुन्याको छ, काहिँ पनि रामले सीतालाई छोडि राम वनवास गया भनि मैले सुन्याको छैन। हे प्रभु, तपास्विले आफ्नालि गया पनि म तत्कालैमा यो प्राण छोडौंला भनि एस्ता प्रकारले गरि सीताले हत्या गर्दि भईन् र ताहाँ रामले आज्ञा गर्दा भया, हे सीता, तिमिले चाहाँसंमको हटक् गरेउत म क्या गरौं, संगै लैजान्छु, संग जत्ति जान्छेउ त ति तम्रा गहना गुरुकी स्त्री अरुन्धती-कन देउ भन्या र महामण्डारको सबै द्रव्य ब्राह्मणहरूकन देउ भनि एस्तो आज्ञा गऱ्याको सुनि सीताले रामको आज्ञामाफिक आपना गहना छोडाई अरुन्धतीकन दिईन्। फेरि, ऋषिहरू, दुःखी दरिद्री सिपाही सबै लोकहरूकन सबै द्रव्य दिईन्। ताहां रामले अनेक लोक पंच मंत्रीहरूकन कौशल्याको सहार विचार गर्नुहोला भनि बडा आदरले लोक पंचछेउँ भन्या। ताहाँ लक्ष्मणले पनि, आपनी महतारि सुमित्राकन कौशल्याका हातमा सौंपि तीनै जनाले कौशल्या सुमित्रा दुवैकन तीनफेरा प्रदक्षिणा गरि चरणमा परि दशरथछेउँ विदा माग्न भनि जाँदा भया। ताहाँ रामकन अभिषेक दिंदा हेरौंला भनि वस्याका अनेक लोकहरूले राम लक्ष्मण सीता दशरथछेउँ जाँदा हेरिरह्या भनि श्रीमहादेवले पार्वतीकन आज्ञा गर्दा भया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकांडे चतुर्थोऽध्यायः ॥ ४ ॥

५

शिवोवाच—हे पार्वति, राम लक्ष्मण सीतासहित भै दशरथ राजाछेउँ विदा माग्न भनि जाँदाका वेलामा अयोध्याका लोक प्रजाहरू सबैले भन्न लाग्या, हे श्रीरामचन्द्र, सीता लक्ष्मणसहित

गरि आश्चर्य गरि पाउलाग्नुभयो, काहाँ जानुहुन्छ भनि भन्या । ताहाँ रामचंद्रले आज्ञा गर्नाकन लाग्या, हे प्रजालोकहो, मेरा बाबा दशरथका आज्ञाले हामिहरू दण्डकारण्य वनमाहाँ जान लागिउँ । यो राज्यका राजा भरथ भया, तन्‌को सेवा तपाञ्जिहरूले गर्नु चाहिन्छ । फेरि मेरा महतारि कौशल्याको विचार गर्नुहोला भनि एस्ता प्रकारले आज्ञा गर्नुभयो । ताहाँ उपान्त प्रजालोकहरूले भन्दा भया, हरि २ कस्ति चंडालिन कैकेयीले एस्ता रामलाई वनवास पठाउन लागिन् । फेरि दशरथ राजा महाधर्मात्मा भनि ठान्दथ्युँ भनि भनौला त, अनेक गुण ज्ञान भै रह्याका धिक्कार २ हो भनि स्त्रीका वशमा रह्याका एस्तो कुकर्म गर्न्या होइन भनि एस्ता प्रकारले दशरथ कैकेयीकन निन्दा गरि भन्दा भया, हे रामचन्द्र, तपाञ्जिले जानु हुँदैन । फेरि, सीता कस्ती भन्या महाकोमल् अनेक आदरले राज गर्नुभयाकी कोमल शैय्यामाहाँ सुकला गरिरह्याकी एस्ती सीताकन वनवास कसो गरि लैजानुहुन्छ ! हे रामचन्द्र, तपाञ्जिविना हामिहरू पनि एस् राज्यमाहाँ कसो गरि बसौंला ! तपाञ्जि जाहाँ जानुहुन्छ ताहिं हामिहरू पनि जान्छौं भनि एस्ता प्रकारले भन्या र सबै लोकले ठुलो शोक गर्नाकन लाग्या । एस्ता तरहले शोक गर्न्याको देखि वामदेव ऋषिले आज्ञा गर्दा भया, हे प्रजालोकहो, रामका निमित्तले शोक गर्नुपर्दैन । रामचन्द्र कस्ता भन्या जगत् संसारका स्वामी एस्ता रामकन क्या दुःख हुनान् । फेरि ई राम कस्ता भन्या संसारको दुःख नाश गरिरहन्या इनकन दुःख छैनन् । प्रजालोकहो, ई राम मनुष्य होइनन्, श्रीनारायण रामको अवतार हो, दुःख कष्ट संहार साधुको रक्षा गर्नाकन तसर्थ संसारमाहाँ जन्म लिनुभयो । हे लोकहो, शंखासुरले ब्राह्मणको वेद चोरि लैगयो र मत्स्य अवतार भै शंखासुर मारि वेदको उद्धार गर्नुभयो । एस्ता परमेश्वर ई हुन् भन्या र फेरि कूर्मको औतार भै पृथ्वी बोकिराख्नुभयाको छ, एस्ता रामकन क्या दुःख छन् भनि हे प्रजालोकहो, ई पृथिवी पत्ताल भासिइन् र तस् वेलामाहाँ वाराह औतार भै वाराहले पृथिवी उठाउनुभयो । ई नारायण युग २ महाँ सृष्टिको रक्षा गर्नानिमित्त आफ्नी मायाले गरि औतार हुँदै २ रहन्छन् । फेरि, हिरण्यकशिपु भन्याका दैत्य आदि सबै दैत्यको वराज्यु सत्ययुगमाहाँ तस् दैत्यले स्वर्ग मर्त्य पातालमा मिचि अनेक देवलोकनकन दुःख दि विष्णुभक्त प्रह्लादकन अनेक [सासना] गर्न्यो र यो मेरो भक्तको रक्षा गर्न्या हो भनि शिर सिंहको गरि शरीर मनुष्य भै एस्ता प्रकारले नरसिंह औतार भै हिरण्यकशिपुको पेट फारि प्रह्लादको रक्षा गरि उद्धार गर्न्या, देवलोकको प्रतिपाल उद्धार पनि गर्न्या । एस्ता ईश्वर तनैका औतार ई राम हुन् । हे प्रजालोकहो, फेरि बलि राजाले स्वर्गराज्य जितिलिया र देवतालाई वस्न्या ठाउँ पनि नरापि

समस्त रजाञि गरि अनेक २ दान गरिरह्याका वलिराजा तस् वेलामा अदितिका गर्भमा कश्यपका वाचावाट वामन औतार लिई तनैले वलिराजाकन पत्तालवास गराया । अव आजकाल रावणले ब्राह्मणहरूकन दुःख दिई देवकंटक भैरह्याको रावण तस्को नाश गर्नाकन राम कहलाई अयुध्यामा दशरथका वाटाले औतार भया । एस्ता रामकन सुख दुःख केहि नभयाका तन्का निमित्तमा शोक क्यान गर्छौं । हे प्रजालोकहो, भनौला त सीता कस्तो हुन् भन्या जगत्माहाँ परमेश्वरले यो संसार मोह गर्नाकन आफ्नी महामायाले गरि यो संसारले जान्नु नसक्नु गरिराख्याकी ई सीता हुन् भनि भनौला त एस्कारणले तिमिहरूले दुःख मान्नुपर्दैन । दशरथकै के पनि दोष दिनुपर्दैन । स्वर्गवाट नारद ऋषि पाउलाग्याका वेलामाहाँ रामले आज्ञा गर्नुभयोध्यो, हेनारद, मैले यो राज्याभिषेक लिन्याछैन भनि एस्ता प्रकारले आज्ञा गरि पठाउनुभयोध्यो । तसर्थ आपनै पूर्वले वनवास गर्नुपयो, कयान भन्या रावणादि राक्षसहरूकन संहार गर्नानिमित्त आफना इच्छाले गरि वनवास जानाकन लाग्या । हे प्रजालोकहो, तिमिहरूले अज्ञानले शोक गर्छौं, अनेक मैले कह्याको ज्ञान धारणा गरि शोक छोड, रामको नाम मात्रै जप गरि वस । तन्का नाम मात्रैले प्रयाग वाराणसी आदि नाना तीर्थमाहाँ स्नान गर्न्याको पुण्य ई रामको नाम मात्रैले पाइन्छ । तन्को ध्यान गर्न्याले दुर्लभ मुक्ति पाइन्छ, अन्तः कालमा रामनाम मात्रैले पंच महापातक भया पनि परमपद पाइन्छ । एस्कारणले तिमिहरू आनन्दसँग वस भनि एस्ता प्रकारले वामदेव ऋषिले सवै प्रजालोककन बुझाई भन्दा भया । हे प्रजालोकहो, ई गुह्यका कुरा रावणलाई नमार्रज्यानसंम प्रकाश गर्नु छैन । ई कुरा गुप्तै गरिराख्नुपर्दछ भनि वामदेव ऋषिले भन्नुभयो र सवै प्रजालोकहरूले सत्य हो भनि मनमाहाँ शोक छोड्दा भया । ताहाँ राम लक्ष्मण सीता दशरथका कोठामा जाई भन्दा भया, हे पिता दशरथ, हामिहरूको जान्या वेला भयो । तपाञिको सत्य प्रतिपालना गर्नानिमित्त हाम्रा वनवास जान्या वेला भयो भनि आज्ञा वक्सनुहवस् भन्नुभयो र ति कैकेयी चाँडै उठि भन्दी भईन् , हे राम, एति वेलासम्म क्या गरिरह्याका थियेउ । ई कष्टका कपरा पैहि जानुहवस् भनि भन्दी भईन् । ताहाँउभान्त भनौला त ताहाँ ति तीनै जनाकन ठुला स्वरले गरि रुन्याको शब्द सुनि दशरथ राजाले राम लक्ष्मण सीता तीनै जनाको मुख हेरि दुःख सहन नसकि दशरथ अत्यन्त मूर्छा भै पृथिवीमा लोट्या । ताहाँपछि रामले आफुले पैहर्याका वस्त्र छोड्याई वल्कलका वस्त्र पैहँदा भया । एस्ता तरहले तीनै जनाले वल्कल वस्त्र पैहर्या । ताहाँ सीताले मात्रै आँखामा आँसु पूर्ण गराई वल्कलका वस्त्र कसो गरि पैहनु भनि रामका मुख मात्रै हेरिरहिन् । एस्तो गरि सीताले हेर्न्याको

देखि श्रीरामले स्त्रीको हरण देखि कस्तो अवस्था भयो भनि भनौला त चित्तमा तानि गद्गद वाणी गरि आज्ञा गर्नाकन लाग्या, हे सीता मैले ता अघिदेखि भन्याथ्यौं एस्ता दुःख छन् भनि, अब म क्या गरौं, धैर्य गर भनि कर्मका वसले संसारमाहाँ कस्लाई यो दुःख हुँदैनन् भनि सीता बुझाई एस्ता प्रकारले वस्याका वेलामाहाँ अनेकै लोकहरूले देखि राम सीता लक्ष्मणको अवस्था देखि हेरि एक एकले पनि धीर्य हुन सकेनन् । तस्ता बीचमाहाँ वसिष्ठ ऋषि आज्ञा गर्दा भया, हे पापिनि कैकेयि, राम इनकन ता तम्रो वचन हो, सीताकन पनि वनवास क्यान गराएउ ? यो कर्म अयोग्य हो भनि वशिष्ठले आज्ञा गरि वस्याको वेलामाहाँ दशरथका चेष्टा भयो र भन्दा भया, हे सुमंत्र, मेरो रथ ल्याउ, सीताका वस्त्र पनि ल्याउ भनि आज्ञा भयो र सुमंत्रिले तत्कालमाहाँ त्यो रथ ल्याइदिया र दशरथले आज्ञा गर्दा भया, हे सुमंत्र, तस् रथमहाँ राम लक्ष्मण सीता चढाई लैजाउ भनि भन्या र राम लक्ष्मण सीता तीनै जनाले दशरथकन तीन फेरा प्रदक्षिणा गरि चरणमा परि तीनै जना रथमा वसि रामले भन्दा भया, हे सुमंत्र, चाँडो यो रथ चलाउ भन्या र यो वचन सुनि दशरथले भन्दा भया, हे सुमंत्र, पर्याउ पर्याउ परि एक रामको मुख हेर्नु इच्छा भयो । आजदेखि सकियो, रामविना मेरो प्राण धारणा गरिन सकिन्या छैन भनि दशरथ राजाले शोक गर्नाकन लाग्या र राम आज्ञा गर्दा भया, हे सुमंत्र, क्यान विलंब गर्छौं चाँडो रथ चलाऊ भन्नुभयो र सुमंत्रले रथ चलाया । ताहाँउभान्त राजा दशरथले राम वनवास गयाको देखि हृदयमा वज्र पऱ्या जस्तो गरि मूर्छा भैरह्या, क्षणमात्रपछि चेष्टा भई ति नवरानिका मुख्यांजि आज्ञा गर्दा भया, हे महारानिहो, रामविना म मुहूर्त मात्र पनि मेरो प्राण रहेन भनि भन्या र हा राम २ भनि कराई वारंवार लुटपुटि गर्दा भया । ताहाँपछि अयोध्या देशका लोकहरू सबैले राम गयाको देखि स्नेह छोड्न नसकि रामको ज्या गति होला सो हाम्रो पनि तेहि गति भनि पछिपछि लागि जाँदा भया । ताहाँ सुमंत्रले रथ चलाई लैगया । ठुला नदीका तीरसम्म लैगि तस् दिनमा जाई रामचन्द्र रथबाट ओर्हि त्यो नदीमा तीनै जनाले स्नान गरि तस् दिनदेखि उपवास गर्दा भया । तसै नदीका तीरमाहाँ राज गर्नुभयो पानी मात्र पाई, तस् नदीका तीरमाहां ठुलो वृक्ष एक थियो, तसै वृक्षका छायामनि तसै स्थानमाहां वस्ता भया । ताहां रात्रि भयापछि लक्ष्मणले खड्ग लिई जागर्त्त गरिरह्या । एस्तो भयाका वेलामाहां सबै प्रजालोकहरू तस् स्थानमाहां पुगि रामका चरणमा परि भन्दा भया, हे रघुनाथ, हामिहरूकन अनाथ गरि छोडि नजानस्, कि हामिहरू पनि तपाईका संगमा जान्छौं, कि तपाईले फिर्नुहुनस् भनि एस्तो प्रजाहरू सबैले शोक

गऱ्याको देखि श्रीरामले मनमाहाँ चिंतना गर्नाकन लाग्या । अब कसो गर्न्या हो भनि चिताइ भन्दा भया, हे प्रजाहो, म फेरि आउन्याछु, तिमिहरूले डराउनुपर्दैन । राज्यको रक्षा गरि बाबाज्यूको चित्त बोध गरिरहु भनि आज्ञा दिया र तस् ठाउँमाहाँका रात्रिमा प्रजाहरू-सहित रामचन्द्रले तसै ठाउँमाहाँ बास गऱ्या । ताहाँ ति रामले आफना मायाले गरि विमाया-ले छोप्या र समस्त लोककन निद्रा भयो र तस् वेलामाहाँ सुमंत्रकन बोलाई आज्ञा गर्नाकन लाग्या, हे सुमंत्रिहो, हामिहरूले आहा वस्न्या वेला छैन भनि रथ चलाउ भनि भन्नुभयो र ति सुमंत्रिले रामका आज्ञाले अघि आयाको बाटो थोरै भूमि फर्कि रथ फिराई प्रजाहरूकन छाडि अर्को बाटो जानुभयो । ताहाँ प्रजाहरू निद्रादेखि उठि रामचन्द्रकन देखेनन्, काहाँ जानुभयो हेर हेर भनि भन्या र तेस् वेलामा पांग्रा घसियाको चिह्न हेरि जाँदा २ अयोध्यामाहाँ पुग्दा भया । तस् वेलामाहाँ हाहाकार गरि कराई हेऱ्या र शोक गर्नाकन लाग्या । ताहाँ राम लक्ष्मण सीता सुमंत्रि देशमा जाँदा भया । लोकहरूले रामजिउको कुरा गरि उनैको गुण वर्णना गरि स्त्री पुरुषले हाई २ राम भन्दै कराई रह्या । ताहाँ राम लक्ष्मण सीता सुमंत्रिसहित एका देशमा पुग्या । तस् देशका बाहिर पुग्या र तस् देशका लोकहरूले राम पाउलाग्नुभया भनि ताहाँका राजाछेउँ पत्र पुऱ्याया र ताहाँ ति राजा दशरथका मित्र अत्यन्त पुसि भै अनेक फलमूल लिई राम बस्याका ठाउँमाहा आई रामको दर्शन गरि अंकमाल गरि क्षेम कुशल वार्ता गरि ताहाँपछि ति राजाले आज्ञा गर्दा भया, हे राम, यो राज्य मेरो छैन, मेरो हो त पनि तपाक्कि छ, अदिनैमा छ । यो राज्याभिषेक तपाक्कि लेइ चाहिन्छ । हे राघव, मैले वनमाहाँ सिकार गरि अनेक जीवाजन्तु समाति अनेक पाप संचय गरिरह्याको छु । आज तपाक्किका चरणारविंदको दर्शन पाऱ्याँ, मेरो पाप मुक्त भयो भनि अब मेरो जन्म साफल्य भयो । हे रघुनाथ, ई फलफूल अंगीकार चाहिन्छ । मेरो राज्य पनि पवित्र भयो, मेरा दर्बारमा चलाई गर्नुहवस् भनि ति गुह भनि राजाले भन्याको वचन सुनि श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे मित्रपिता, चौध वर्षसम्म वनवास गरौंला भनि अंगी-कार गरिआत्ता, बाबाज्यूको सत्य प्रतिपालना गर्नाअर्थकन हामि आवूँ भनि कुरा गरि रात्रि-माहाँ जागर्त गरि रह्या भनि एस्ता प्रकारले वनवास जानुभयो भनि श्रीमहादेवले पार्वतीकन कहँदा भया ॥

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकांडे पंचम सर्गः ॥ ५ ॥

९

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम लक्ष्मण सीता गंगाका तीरमा वास गरि बस्या र ताहाँ प्रातः काल भयो र गंगामहाँ स्नान गरि नित्य कर्म गरि सबै बस्याका वेलामाहां दशरथ राजाका मित्र गुहराजा तस् ठाउँमाहाँ आई रामचन्द्रको स्तुति गरि भन्दा भया, हे श्रीरामचन्द्र, जस्तो गरि लक्ष्मण पाउलाग्नुभयो उस्तै गरि मलाइ पनि लैजानुहुवस्। तपाचिको सेवा गरि म आउँछु भनि भन्या र रामले आज्ञा गर्दा भया, हे मित्रपिता, तपाचि कस्ता भन्या राजा भै रह्याका तपाचि कसो गरि मसित पाउलाग्नुहुन्छ, राज्यको प्रतिपालना पनि को गर्ला भनि रामले आज्ञा गर्दा भया र हे परमेश्वर, यो राज्य पनि मलाई चाहिंदैन तपाचिले मलाई लैजानुभया यो राज्य त्याग गरौंला निश्चय भयो, मलाई संग लैजानुहुवस् भनि एस्ता प्रकारले गुहराजाले हटक गऱ्या र ताहाँ रामले बुझाउँदा भया। हे गुहराजा, चौध वर्ष पुग्यापछि तस् वेलामा म आँहि बाटो आउँला। तसै वेलामाहाँ मसंग अवश्य भेट होला, ऐले फिरिजाउ भनि एस्ता प्रकारले रामले गुहराजालाई बुझाई सुमंत्र मंत्रीकन पनि फिराई पठाया। ताहाँ राम लक्ष्मण सीता ति तीनै जना गंगाका पार हुन्या वेलामा गंगाका माझमा पुग्यापछि सीताले गंगाछेउँ वर माग्दी भईन्, हे परमेश्वर गंगा, तपाचिका पानीको थोपा मात्रैले पनि संसारमाहां पातकी भयाका पनि पातक मुक्त हुन्छ तस्अर्थ तपाचिले संसारमाहां पवित्र गरिराख्नुभयाको छ। एस्तो तपाचिले हामिहरू तीन् जनाकन निर्विघ्न गरिबक्सनुहुवस् भनि हामिदेपि दया प्रसन्न होला भनि सीताले गंगाको स्तुति गरिन्। श्रीराम हांस्या भया, कस्ता आश्चर्य भयो भनि आफु गंगा छँदैछन् तै गंगाछेउँ वर मागिन् भनि भन्या र श्रीराम हांस्या भया भनि चिताइन् र चुप लागि बस्ति भईन्। ताहां गंगाका पार पुगिकन लक्ष्मणले भन्दा भया, हे भ्राता, तिमि हामिहरूले दुई दिन भयो अन्न नपायाको पनि पानी मात्र पायाको छ। अब भागीरथीका तीरमाहां अनेक फल मूल पाकिरह्याका म टिपिल्याउँछु, तपाचिले पनि ज्यूनार गर्नुहोला भनि एस्तो कुरा लक्ष्मणका सुनि श्रीरामचन्द्रले आज्ञा गर्दा भया, हे लक्ष्मण, म तृप्त छु, क्षुधा छैन भनि भन्नुभयो र ताहां लक्ष्मणले भद्राकन लाग्या। हे रामचन्द्र, तेसो भनि म बुझ्न्या छैन भनि भन्दा भया र अनेक फलमूल श्रीरामका हजूरमा राखिदिया र ताहां रामले स्नान नित्यकर्म गरि ति पाक्याका

फल मूल लक्ष्मणलाई दिया र लक्ष्मणले सीताकन दिया। सीताले रामकन दिईन्। परस्पर आदर गरि रामले ज्यूनार गर्नुभयो। लक्ष्मणले पनि ज्यूनार गर्नुभयो। एति भयाउप्रान्त राम सिकार खेल्न जानुभयो। तोहां मृग एक मारि सीताका हातमा सौंपि सीताले पनि वेस गरि पाक गरिन्। राम लक्ष्मण दुवैकन ज्यूनार गराइन्, आफुले पनि पछि पाईन्। एक क्षण तसै ठाउँमा विश्राम गरि त्यो ठाउँ छोडि हिंड्दा भया। तस् वेलामाहां भारद्वाज ऋषिका आश्रममा पुग्या र तस् ठाउँमाहाँ भारद्वाज ऋषिका शिष्यहरूले ति राम देखिकन नमस्कार गरि वडा आदरले कुशका विछ्याउनामाहां वसाया र ताहाँ रामकन स्तुति गर्नाकन लाग्या। ताहाँ रामले आज्ञा गर्नाकन लाग्या। हे ब्राह्मण, ई भारद्वाज ऋषिका आश्रममाहाँ हामिहरू तीन जनाकन वास मिल्का कि भन्नुभयो र तस् ब्राह्मणले भारद्वाजका नजीकमा जाई सोध्दा भया। भारद्वाज भन्या जप गरि ईश्वरछेउँ मनलाई वस्याका ठाउँमाहाँ जाई भन्दा भया, हे गुरु, तपास्विका आश्रममा रघुनाथ पाउलाग्नु-भयो भनि भन्या र भारद्वाज तत्कालै तपस्या छोडि जप छोडि चाँडै उठि धन्य भनि मेरो भाग्य, मेरा आश्रममाहाँ राम पाउलाग्नुभयो भनि खुसि भै राम भयाका ठाउँमा आई ऋषिले भन्दा भया, अहो धन्य भाग्य! मैले तपस्या गन्याको साफल्य भयो भनि भन्या। हे राघव, चलाई गर्नुहुन्छस् भनि अनेक प्रकारले गरि राम सीता लक्ष्मण तीनै जनाकन आदर गरि ल्याई वसाया। रामको मुख हेरि स्तोत्र गर्दा भया। हे परमेश्वर, तपास्विकन ध्यानले पोज्दा पनि नपाई नसक्नु ब्रह्मा भनि कहलाईरह्याका एस्ता तपास्विले मनुष्य शरीर भै दर्शन दक्सनुभयो। मैले अनेक २ तपस्या गरियाको फल आज पाप्या भनि खुसी भै राम लक्ष्मण सीता ति तीनै जनाकन आफ्ना आश्रममा भित्र लैगि वसाया र अनेक फल मूल कटहर आँप आदि फल कन्द मूल ल्याई रामका हजूरमा राखिदिया र भारद्वाज ऋषिले भन्दा भया, हे परमेश्वर, तपास्विका प्रसादले मैले भूत भविष्य वर्तमान सबै जान्याँ। तपास्वि पाक्र-लाग्नुभयाको कारण पनि मैले जान्याँ, दुष्ट नाश गरि साधुको रक्षा गर्नाकन भक्त-कन दर्शन दिनाकन युग २ माहाँ तपास्विले औतार हुनुभयाको छ। अब तपास्विले क्या क्या कर्म गर्नुहुन्याछ सो मैले जान्याको छ भनि भन्या र हे राम, मपर दया परम स्नेह हुनुहोला भनि नाना प्रकारले भक्त भावना गरि भारद्वाजकन महाआनन्द भयो। जस्तो गरि योगेश्वरहरूकन नारायणको दर्शन भए चित्तामाहाँ आनन्द हुन्छ तस्तै भारद्वाज ऋषि-कन परम आनन्द भयो। ताहां रामले फल मूल ज्यूनार गर्नुभयो। ज्यूनार गरिसक्यापछि

राम आज्ञा गर्दा भया, हे भारद्वाज ऋषि, हामिहरूकन यमुना पार गराईदिनुहवस् भनि विदा माग्या र भारद्वाजले आफ्ना शिष्यहरूकन आफुसमेत राम लक्ष्मण सीता तीनै जनाकन यमुनापार गराउँदा भया। ताहां यमुनापार पुगि तस् ठाउँमाहां चित्रकूट पर्वतमाहां वाल्मीकि ऋषिको आश्रम देख्या र तस् आश्रममाहां अनेक फलमूल पाकि परिरह्याका अनेक २ सुगंधि फुलिरह्याको, फेरि तस् आश्रममा अनेक जीवाजन्तुले व्याप्त भयाको, सिंह व्याघ्र मृग भालु इनहरू सबैले हितमित्र जस्ता भै इनहरू सबसंगै बसिरह्याका, कोहि पनि वैरिभाव नभयाका मित्र भाव भै बस्याका, फेरि अनेक पंछीले बोलिरह्याका तस् ठाउँमा ठुलो एक पोखरि थियो। निर्मल जलले पूर्ण भयाको अनेक कमल फुलिरह्याको फेरि नीलकमल, रक्त कमल, प्रकाश भैरह्याको तसै फूलमाहां अनेक अनेक भमराले पनि परस्पर पुष्परस पिईरह्याका फेरि पानीमा हंस चपेरा बकुल्ला आदिले मित्र भावनाले प्रीति गरि तस् पानीमा पेलिरह्याका, समस्त आदि जलजन्तु सबैले जलमित्र पेलिरह्याका एस्तो राम्रो ठाउँ वैरिभाव कसैको नभयाको सबै मित्र भाव भै बस्याका, तस् वनको नाम दंडकारण्य हो। एस्तो सुन्दर ठाउँ हेरि रामकन अति आनन्द भयो। ताहां ति तीनै जना वाल्मिकि ऋषिका आश्रममाहां गई ताहां वाल्मीकि ऋषिले देख्या र तपस्या गरिरह्याका तपस्या छोडि चाँडै उठि आया र राम लक्ष्मण सीता तीनै जनाले ति ऋषेश्वरकन दंडवत् गर्‍या। ताहां वाल्मीकि ऋषेश्वरले आफ्ना आश्रममाहां डाकि लैजाई कुशासनमाहां राज गराई वाल्मीकि ऋषि भन्दा भया, धन्य २ मकन चाहांहेपिको भाग्य क्या छ भनि भन्या र साक्षात् नारायण लक्ष्मण अनन्तसहित मेरा आश्रममाहां पाउलाग्नुभयो भनि चिताई हर्ष भावनाले रोमांच गरि राम लक्ष्मण तीनै जनाकन भाव भक्तिले पूजा गर्नाकन लाग्या, अनेकै फलमूल खोजिकन राखि स्तुति गर्दा भया। हे रामचन्द्र, आज मेरो भाग्य भयो, तपाभिका दर्शनले मेरो आश्रम शुद्ध पवित्र भयो भनि भन्या र तसर्थ मेरो ठुलो भाग्य रहेछ भनि स्तुति गर्दा भया र ताहां श्रीरामले आज्ञा गर्दा भया, हे वाल्मीकि ऋषेश्वर, हामिहरू आहां आयाको कारण तपाभिले नजान्याको छैन सबै जान्नु भयाको छ, तैपनि परिपंचले कहुँला। मेरी सानिमाका कारणले बाबाको सत्य प्रतिपालना गर्नाकन दंडकारण्य वनमाहां चौध वर्ष वनवास गरौंला भनि हामिहरू आयुँ। अब हामि काहां बसौं कौना ठाउँमा बसौं। तपाभिको जाहां आज्ञा हुन्छ ताहिं हामिहरू बसौंला। तपाभिले एस् वनान्तरको अन्त सबै जान्नुभयाको छ भनि एस्तो रामको वचन सुनि वाल्मीकिले आज्ञा गर्दा भया, हे राघव, सबै संसारको वास गर्‍या ठाउँ तपाभिका पेटमाहां

जगत् संसार प्रलय कालमाहां तपाखिछेउँ लिनुहुन्छ। फेरि, समस्त प्राणिछेउँ तपाखिको वास छ। एस्ता तपाखिले काहां वास गरौं भनि आज्ञा गर्नुभयो, कस्तो आश्चर्य! हे परमेश्वर, तपाखि सबै प्राणिछेउँ रह्याका प्राणिमाहां पृथ्वी अप् तेज वायु आकाश पंच महाभूतले सृष्टि गरिराख्याको ब्रह्मांड सबै तपाखि हौ। तपाखि कस्ता भन्या जगत्व्यापि जगत्कर्त्ता समस्त बालप एस्ता आदि पुरुष तपाखिले मकन माया देषाई आज्ञा गर्नुभयो। हे राघव, तपाखि सीताले सहित वस्न्या ठाउँ म कहन्छु, सुन्नुहुवस्। श्रीराम, तपाखि वस्न्या ठाउँ कोहां भन्या सज्जनका हृदयकमलमाहां भनि भन्या र जस् प्राणिले सुख दुःख बरोबर मान्दछ समभाव भ वस्याको छ, अर्काको मन्दो देष्तैन, काम क्रोध लोभ धन मोह छैन तस्का हृदयकमलमहां तपाखिको वास। हे रामचन्द्र, जस् प्राणिले अनेक प्रकारले व्रत यज्ञ दान तीर्थ यात्रादि गरि स्यो फलमूल तपाखिपति अर्पण गर्छन् उन्का हृदयकमलमाहां सीतासहित मै तपाखिको वास। हे श्रीराम, तपाखिका नाम मात्रै वाल्मीकि ऋषि म कहलाई रह्याछु। तपाखिका प्रसादले भूत भविष्य वर्तमान म जान्छु। हे रामचन्द्र, मेरा पूर्व कालका कुकर्म कहन्छु सुन्नुहुवस्। अघि म ब्राह्मण मै किरातिकी छोरी स्त्री तुल्याई राष्याथ्यां, आफु पनि किरातिको कीर्ति गरिरह्याथ्यां। ताहां तस् स्त्रीका वाट अनेक २ छोराछोरी भया र तन्हरूकन प्रतिपालना गर्नानिमित्तमा चोर भई धनुर्वाण ली अनेक २ वेपारिहरूको जिउ मारि वनमाहाँ धनुष समाति रात्रिमाहां वनिवा-हरूकन डांका मारि स्यो वस्तु ल्याई छोराछोरीको प्रतिपालना गरिरह्याको थियाँ, वनिवा मार्दिनथ्याँ। अनेकै ब्राह्मणहरूको प्राण नलिई एस्तो म ब्राह्मण पातकी भई अघोर २ पाप गरि आफ्नु कर्म कीर्ति सबै छोडि किराति मै रह्याथ्याँ। हे राघव, सधैं यो कर्म गरिरह्याका वेलामाहाँ एक दिनमा आकासवाट सप्त ऋषेश्वरहरू आया, टाढावाट देष्या र इन्को तेज कस्तो भन्या सूर्य प्रकाश भया जैं जाज्वल्यमान भयाका इन् ऋषिकन मैले व्यापारि हुन् भनि ठानि इन्को जिउ लिउँ भनि चित्तमा ठानि मैले धनुषमाहाँ वाण चढाई दगुर्दै २ गया र मैले हाक दिया र तिमिहरू काहां जान्छौ पर्ष २ भनि भेटाई गया र ताहीं ऋषेश्वर-हरूले क्यान हो भन्या र ताहां मैले भन्याँ, हे वेपारिजनहो, तिमिहरूछेउँको द्रव्य सबै ल्याउ भन्याँ र हे राम, तस् वेलामाहाँ एस्तो चंडालको कर्म मैले गरिरह्याका वेलामाहां इनहरू ऋषि हुन् भनि मैले चाल पाईन। ताहाँ ऋषेश्वरहरूले आज्ञा गर्दा भया, हे किराति, तैंले अनेक लोकहरूकन मारि सबै द्रव्य हरण गरि पुत्र परिवार पालिराषिछस्। अब तैंले घर जाई यो पाप कसलाई लाग्छ भनि सोधि हामिछेउँको द्रव्य लिन आयास् भनि भन्या र ई कुरा सुनि

घर फर्कि आई सोध्यायाँ, हे पुत्र परिवारहो, भनि मैले अनेक प्राणिहरूकन मारि द्रव्यहरण गरिल्यायाँ, एस् व्यपारले तिम्हिहरूकन पालना गरिराख्याछु। यो पाप कस्लाई भनि सोध्याँ र हे राघव, ताहां पुत्र परिवारले भन्या तिमिलाई, हामिहरू ता चोरि ल्यायाको पनि जान्दैन डाँटि ल्यायाको पनि जान्दैन, त्यो पाप तिमिलाई, तिमिले गऱ्याको कर्म तम्रा कपालमा, हामिहरूकन ता कयाको पाप भनि भन्या र तस् वेलामाहां एस्तो ठान्याँ, इनहरूका निमित्त मैले पाप गऱ्याँ, यो पाप इनहरूले लियेनन्, धिक्कार धिक्कार मेरो जन्म भनि ठानि धनुर्बाण छाडि ति ऋषि भयाका ठाउँमा जाई तनहरूसँग प्रत्युत्तर कुरा गर्नि मात्रै चैतन्य भयो र ति ऋषिहरूका चरणमा परि मैले विति गऱ्याँ, हे ऋषेश्वर, तपाल्निका करुणाले मेरो उद्धार गर्नु चाहिन्छ। म एस्तो पापाचारीकन तपाल्निका चरणको दर्शन गऱ्याका प्रभावले मकन एस्तो चेष्टा भै गयो भनि भन्यौं र हे राम, तस् वेलामाहां मैले ति ऋषेश्वरछेउँ भन्यार तपाल्निले मकन ज्ञान उपदेश वक्सनु चाहिन्छ, मेरो अनेक पाप छुटाइवक्सनु हुन्छ भनि दंडवत् प्रणाम गरिरह्याँ। ताहाँ सप्त ऋषेश्वरले परस्पर कुरा गरि यो महापातकी एककन रामनाम दिनु अयोग्य छ, विपल्याटो गरिदिउँ भनि सल्लाहा गरि ति ऋषिहरूले आज्ञा गर्दा भया, हे किराति राम २ भनि जप गर भनि भन्या हामि त्याहाँ न आउञ्जेल्याहिं वसिरह्यास् भनि आज्ञा गरिवक्सनुभयो। हे राम, तस् वेलामाहाँ ऋषेश्वरहरू स्वर्ग जानुभयो। ताहां तनहरूका आज्ञाले गरि हे रघुनाथ, तपाल्निको नाम मात्र राम २ भनि जप गरि तसै ठाउँमाहाँ स्थिर चित्त गरि एक चित्तले तपाल्निको नाम जप गऱ्याँ र तस्का प्रभावले मेरो पाप मुक्त भै क्षुधा पनि तृषा पनि मेरो शरीरमाहाँ भयेन, साक्षात् काठ दुंगा जस्तो मेरो शरीर भयो। ताहां धमिराले माटो उठाईकन तस् माटाका थुप्राले मकन छोपिराख्यो र एस्ता प्रकारले गरि देवताका पुर्या १ एक हजार प्रमाण गयापछि ति सप्त ऋषिहरू तस् ठाउँमा पाउलाग्नुभयो र आज्ञा गर्दा भया। तस् माटाका थुप्राभित्र को छ भनि बाहिर निस्क भनि आज्ञा गर्दा भया। ताहाँ म बाहिर आयाँ र अघिको शरीर छुट्टि भई दिव्य शरीर भयेछ। ताहाँ ति सप्त ऋषिहरूले मदेखि प्रसन्न भई मलाई वर दिया, आजदेखि अघि तँ किराति आजदेखि उभान्त धमिराले उठायाका माटाका थुप्रादेखि बाहिर आई दिव्य शरीर तेरो भयो। तेरा एक जन्ममाहाँ दुई शरीर भयो, तसर्थ तेरो नाम वाल्मिकि भनि त्रैलोक्यमाहाँ प्रकाश होला। फेरि, रामनामका प्रभावले तेरो उद्धार भयो, भविष्य रामायण रामचन्द्रको चरित्र बनाउ भनि भन्नुभयो र हे राम, एका प्रकारले मकन वरदान दिई ऋषेश्वर स्वर्ग जानु-

भयो । हे राघव, एस्तो म मैले तपास्विको नाम मात्रले एस्तो पदवी पाया भनि आफ्ना पूर्वको कथाहा रामका हजूरमा आज्ञा गरि ऋषिले भन्दा भया, हे रामचन्द्र, अब मैले ति ऋषिका आज्ञाले भविष्य रामायण बनाई क्या तपास्विका पाउको धुलो पाउनाले मेरो जन्म कृतार्थ भयो । अब तपास्विको दर्शन पाइसक्यौं तसर्थ म कृतार्थ भया भनि एस्ता प्रकारले श्रीरामछेउँ वाल्मीकि ऋषिले आज्ञा गरि आफना शिष्यहरूकन डाकि भन्नाकन लाग्या, हे शिष्यहो, राम लक्ष्मण सीता तीनै जनाकन गंगाका तीरमाहां पर्णु बनाईदेउ भनि आज्ञा गऱ्या र ति शिष्यहरूले रामकन पर्णु बनाईदिया, सुकला गर्न्या कोठा जूनार गर्न्या कोठा नित्य कर्म गर्न्या कोठा पनि बनाईदिया भनि महादेवले आज्ञा गर्दा भया, हे पार्वति, तस् दंडकारण्य वनमाहां सीतासहित रामज्यूले तस् ठाउँमाहां वास गऱ्या । लक्ष्मणले धनुर्वाण खड्ग लिई श्रीराम सीताकन रातदिनै रक्षा गरि एस्ता प्रकारले श्रीराम राज गर्नुभयो भनि महादेवले पार्वतीकन आज्ञा गर्दा भया ।

इतिश्री अध्यात्म राम यणे उमामहेश्वर संवादे अयुध्याकांडे षष्ठोध्यायः ॥६॥

७

श्री महादेव उवाच—हे पार्वती, एति भयापछि अयुध्याबाट राम लक्ष्मण सीता तीनै जना बनवास जाउँ भनि विदा मागि आउँदामाहाँ साथ लागि आउन्या सुमंत्र मंत्रीहरूकन फिराई गयाका अयुध्यामहाँ पुग्या र श्रीदशरथ राजाकन नमस्कार गरि रामज्यूका कुरा सबै विस्तार गरिकन, सुमंत्रले विंति गर्नाकन लाग्या । हामिहरूले गंगाका तीरसंम पुऱ्याया थिउँ, नाउमा चढि पार गई जानुभयो भनि भन्या र सुमंत्रिका यस्ता कुरा सुनिकन दशरथ राजाले आज्ञा गर्दा भया, हे सुमन्त्र, रामचन्द्रलाई काहाँ पुऱ्याई तिमिहरू फर्कि आयौ, बाटामा कसो २ भयोध्यो, बाटामा गयाको विस्तार गर । रामचन्द्रलाई काहाँ पुऱ्याई बनवास गयाको कौना ठाउँमा पुऱ्याई आयौ, त्यो सुन्नाकन मलाई बडो प्यास भै रहेछ भन्दा सुमंत्र विन्ति गर्दा भया, हे महाराज दशरथ, हामिहरू आफ्ना घरले फर्किआयाका

हौंन, हामि आफै फर्किआउनाकन मनमा पनि थियेन । तपास्विका मित्र गुहराजाले र मैले अनेक २ को विन्ति गरि तपास्विका साथमा हामि आउँछौं, साथमा लैजानुहुन्छ् भनि भन्दामा हामिहरूलाई लैजपनन् फर्क भन्नुभयो र आफु तीनै जना मात्र गंगापार जानुभयो । हाम्रा आँपा देख्या ठाउँ अगम्य भयापछि हामि फर्किआउँ । हे महाराज दशरथ, ताहाँ उपान्त काहाँ पाउलाग्नुभयो हामिहरू जान्दैन । राम सीता लक्ष्मण तीनै जनाले आजसम्म अन्न पायाको थियेन, जलपान मात्रै ज्यूनार गर्नुभयाको थियो । हे महाराज दशरथ, तपास्विका मित्र गुहराजाले अनेक २ फलफूल पंचामृत आदि ल्याई चढाउनुभयोथ्यो, त्यो पनि श्रीरामले अंगीकार गरेनन् । एस्ता प्रकारले विति गर्दा भया र सुमन्त्रले क्रुरा गर्न्याको सुनिकन राजा दशरथका छातिमाहाँ वज्र पर्न्या जस्तो भै हा राम २ भनि भूमिमहाँ मूर्छा भै लोट्ता भया । क्षण मात्रपछि उठिकन महा ठुला शोकले गरि कौशल्याका कोठामा जाँदा भया र भूमिमा लुट्पुट् गरि रुँदा भया । ताहाँ कौशल्या राणिले आज्ञा गर्दछिन्, हे स्वामि, प्रभु, यो शोक क्यान गर्छौं, आफुले रामलाई वनवास दिईकन आफैले शोक गर्नु लोकाचार पार्नुहुन्छ, कस्ले पत्याउँछन् र । हे स्वामी, आजसंम तपास्विलाई धर्मात्मा भनि ठान्दथ्यौं, धर्मात्मा ज्ञानि भया स्त्रीका वशमा परि विनाविचारले रामलाई कैकेयीका वचनमाहाँ क्यान सीतालाई वनवास दियौ । धिक्कार २ । हे दशरथ, अनेकै अपराध भया पनि आपना छोरालाई राज्यबाट धपाउनु योग्य होईन । एस्ता अपराधि तपास्विले रामलाई वनवास दिनुभयो,, काठका बोक्रा पैहाईकन वनवास पठायौ, रामले अपराध केहि गर्न्याको थियेन । हे प्रभो, एस्ता निष्ठुर तपास्वि कसो गरि हुनुभयो, तपास्विका मुख पनि हेर्न्या होईन । तपास्विले रोयाको शोक गर्न्याको सबै निष्फल हो भनि एस्ता प्रकारले रामका महतारि कौशल्याले राजा दशरथलाई एस्ता निष्ठुर वचनले गरि साहै भन्नुभयो र कौशल्याले भनेका वचन सुन्दामा दशरथ राजाका हृदयमाहां छुरिले रोप्याका घाउमाहाँ नून हाल्या जस्तो महाव्यथा भैकन दशरथ राजाले भन्नुभयो, हे कौशल्या, एस्ता निष्ठुर वचनले मलाई क्यान मार्दछेउ, मेरो प्राण एक मुहूत्त पनि रहन्याछैन । मलाई वचनका वज्रले प्रहार गर्नुपर्दैन । हे कौशल्या, मलाई श्राप लाग्याको श्रापको फल हो भनि पूर्वका कथाहा म वृत्तान्त कहन्छु सुन । पूर्व कालमहां एक दिनमा म शिकार गर्याथ्यो, अनेकै जीवा जन्तु मारि वनान्तरमा जाँदा अन्धा अन्धि दुई पुरुष तपस्या गरि बस्याका रहाछन् र तिन्का पुत्रले आफना बाबा महतारिलाई प्यास लाग्यो भन्नानिमित्त हातमा तुम्बा लियेर पानी भर्न भनि पानीघाटमाहां आउँदा तुम्बाले पानी भर्दा तुम्बा गुक्-गुक्

गऱ्याको स्वर भयो र मेरा चित्तमाहाँ हातिले पानी पान आयो भनिठान्याँ र मैले बाण छोड्याँ। मेरा बाणको स्वभाव हान्नालाई देख्न पर्दैनथ्यो, सोरैका विचारमाहाँ आउँथ्यो व्यर्थ हुँदैनथ्यो। तस् वेलामाहाँ बान लाग्यो र त्यो बालक हा राम २ भनि कौना अपराधिले मलाई हान्यो, मैले कसैको अपराध गऱ्याको पनि थियेन, बिना अपराधले मलाई मान्यो। अब मेरा बाबा महतारिको टहल कसले गर्ला! अन्धा-अन्धी पवनको आहार गरिरह्याका एस्ता बाबा महतारिको सेवा कसले गर्ला! भनि हाहाकार गरि कराथो र म हेर्न गर्याँ, बालक बाण लागिरह्याको, त्यो बाणका मर्मले लोटिरह्याको देख्याँ र पाप लाग्यो भनि तस् बालकका पाउमा परि मैले बिंति गऱ्याँ, हे महापुरुष, हाति हो भनि मैले हान्याको हो तिमिलाइ हान्याको होइन। मलाई ठुलो अपराध भयो तपाइले क्षमा गर्नुहुस् भनि मैले जानीकन होइन अज्ञानले गऱ्याको अपराध क्षमा गर भनि एस्ता प्रकारले बिन्ति गऱ्याँ र त्यो बालकले भन्यो, हे राजा दशरथ, अब मैले क्या गरूँ! मेरो प्राण भन्या रहेन, मेरा बाबा महतारिको सेवा को गर्ला! हे राजा दशरथ, त्यो पानी लैजाई पुराउ पियासले मर्न लागिरह्याछन्। ताहाँउमान्त श्राप दिन्या भया पनि प्रसाद दिन्या भया पनि उनैहरू दिनान् मदेखि तिमिलाई भय छैन भनि प्राण छोड्दो भयो। ताहाँपछि त्यो तुम्बाको जल हातमा लिई अन्धा अन्धिछेउँ म गया र मेरा पाइलाको शब्द सुनि मेरो पुत्र हो भनि मनमा ठानि भन्दछन्, हे पुत्र, आज अति बिलम्ब कसो गरि भयो भनि भन्या र मैले पानी पुराना, हे तपस्वी, म तम्रो पुत्र होइन, म रघुवंश राजाको नाति मेरो नाम दशरथ हो भन्याँ। हे अन्धा अन्धि, तम्रो पुत्र मैले हानि मान्याँ, कस्ता तरहले भन्या पानीघाटमा हाति पानी पान आयो हो भनि बाण प्रहार गरिदिन्याँ, तसै बाण लागि तम्रो पुत्र मऱ्यो। मैले जानीकन होइन, मेरो अपराध क्षमा गर। तिम्रा छोराले गऱ्याको म गरौंला भन्याको तपस्वीले सुन्यार भन्दछन्, हे राजा दशरथ, हामिले अब क्या गरौं, पूर्व जन्मको फल को मेट्न शक्कछन्। अब हामिलाई स्वर्गको बनाईदेउ भन्या र मैले काठको स्वर्गो बनाइदिन्याँ। एति भयापछि त्यो मुर्दा पनि अन्धा अन्धि पनि सोलामा चढाईकन भस्म लाग्या, हे राजा दशरथ, जसो गरि पुत्रशोकले गरि हामिले प्राण छोड्नाकन लागिउँ तस्तै गरि तिमिले पनि पुत्रशोकले प्राण छोड्नुपरोस् भनि मलाई श्राप भयाको थियो। हे कौशल्या, तस् वेलामा मैले ति तपस्वीछेउँ सोध्याँ र मलाई पुत्र हुन्याछन् कि भन्दा तपस्वीले भन्याथ्या, हे दशरथ, त्रिभुवनको रजामि गर्न्या श्रीनारायण तिमिछेउँ जन्म लिन्याछन् भन्याथ्या। तसै पुत्रका निमित्तले प्राण गलिजान्याछन्, मैले ति

श्राप दिला भनि भन्याको थियो । हे कौशल्या, तेसै श्रापका फलले मकन एस्तो अवस्था भयो भनि दशरथ राजाले कौशल्याकन सुनायापछि हा राम २ हा रघुनाथ २ भनि कराई भूमिमाहाँ लोटि तत्कालैमा प्राण छोड्दा भया । ताहांपछि वशिष्ठ ऋषि मन्त्रि सबै बाटुला भैकन दशरथ राजाको शरीर तेलमा डुबाई राख्ता भया, चिठि पत्र लेपि तत्कालैमा भरत शत्रुघ्न भयाका ठाउँमा पत्र पठाउँदा भया । भरत शत्रुघ्नले आफना नित्य कर्म गरि भान्सामा तयार भयाका वेलामाहाँ पत्र पुग्यो र बाँचिहेर्दामा चाँडै पाउलाग्नुहवस् भनि लेखिपठायाको देखि भरतले आज्ञा गर्दा भया, अयुध्यामा क्या उत्पात भयो, दशरथ राजा परलोक भया कि अथवा श्रीरामचन्द्रलाई केहि भयो कि ! ई दुई योकमाहाँ एक योक भयो । कदाचित् दशरथ राजा भया पनि श्रीरामचन्द्रकन पनि अयोध्यामहाँ केहि संकट भयो कि अथवा रामचन्द्रलाई केहि भयो कि भनि मनमाहाँ चिन्तना गर्नाकन लाग्या र हतपतले भांसा गरि भरत अयोध्यामा आया र अयोध्या नगरी देख्छन् त मलिन अँध्यारो भयाको देख्या र मनमाहाँ त्रास मानिकन चाँडै दर्वारमा भित्र पसि आपनी महतारि कैकेयीका कोठाभित्र गै महतारिका चरणमा परि प्रणाम गरि भन्नुभयो, हे महतारिज्यू, एस्तो आश्चर्य वर्तमान क्या हो ! भै आयाको वृतान्त आज्ञा गर्नुहवस् भनि हामिलाई सिधावि आईपुग्नुपर्छ भनि चिठि पुग्यो र हतपतले गरि आज्नु, श्री बाबाज्यु कुशल छन् कि श्रीरामचन्द्र कुशल छन् कि भनि सोद्दा भया र कैकेयी भन्दी भईन्, हे पुत्र, रामका शोकले तिम्रा बाबा वैकुण्ठवास भया, श्रीरामचन्द्र वनवास गया, अब यो राज्यको रजाजि तिमिलाई भयो भनि कैकेयीको वचन सुन्दामा भरतका हृदयमा वज्र पऱ्या जस्तो भैकन भूमिमा लोटि मूर्छा हुँदा भया । मुहूर्त मात्र पछि चैतन्य भयो र हा राम २ हा रघुनाथ २ भनि रोईरह्याका भरतले रामलाई वनवास भयाका भन्याका कुरा सम्झि २ वारंवार भूमिमा लोट्दै मूर्छा हुँदै फेर २ चैतन्य हुँदै नाना प्रकारले शोक गरि रुँदै २ अचैतन्य भैगया । एस्तो अवस्था देखिकन कैकेयी अब कसो गरौं भनि भरतका माथमा समाईकन उठाउनाकन लागिन् अनेक उपचारले गरिकन पानी पुऱ्याइन् चैतन्य गराइन् र ताहाँ भरत चैतन्य भयापछि भन्दा भया, हे चण्डालनी पापिनी कैकेयि, तिम्रा मुख पनि हेर्नु छैन, एस्तो कर्म गर्न कस्ले सिकायो कसो गरि गर्न सक्यौ, धिकार २ हो । रामलाई वनवास गरायाको तिमिलाइ कस्ले धन्य भन्ला ! राम जो छन् जगत्संसारका गुरु आत्मापुरुष एस्ता रामलाई वनवास गरायौ र संसारकी अपराधिनी बोलायौ । हे दुष्टबुद्धि, अभागिनी भन्याकी तिमि हौ, हरि २ एस्तो कर्म क्यान गऱ्यौ ! हे पापिनि, श्रीरामका निमित्तमा बाबाज्यूले पनि

प्राण त्याग गऱ्या तिमि पनि कसो गरि बाँचिरह्यौ । अब म कथा गरौं, तिमि महतारि भयौ र पो हो, नभया ता एसै खड्गले प्रहार गरि एसै घरिमा मार्न्या थिएँ । रामले मलाई हत्यारा भनि मुख हेर्दैनन् भनि एस्ता प्रकारले पो तिम्रो जिउ बाँच्यो, अब तम्रो मुख हेर्नुहुँदैन भनि कैकेयीका कोठादेखि बाहिर आईकन कौशल्याको कोठामा जाँदा भया । माता कौशल्याका चरणमा परि विंति गर्नाकन लाग्या, हे महतारिज्यू, तपाईका मनमा संका होला, ई क्रुरा कैकेयी नाई मैले गऱ्या सिकायाको होइन, यो कार्य्य कारण मैले केहि जान्याको पनि छैन । हे महतारिज्यू, ई क्रुरा कर्म मैले जान्याको सुन्याको गऱ्याको भया सहस्र ब्राह्मण मार्न्याको हत्या मलाई होला भनि अनेक शब्द पाई प्रार्थना गर्दा भया । हे महतारिज्यू कौशल्या, अब रामविना मैले जिउनाको इछा पनि छैन, विष पाई प्राण त्याग गर्छु अब अथवा ऐल्हे खड्गले प्रहार गरि मर्छु अथवा यो देश त्याग गरि तीर्थयात्रा गरौंला भनि एस्ता प्रकारले महतारिज्यू कौशल्याका चरणमा रोई २ विन्ति गर्दा भया र कौशल्या आज्ञा गर्दि भईन्, हे भरत, दशरथलाई अग्निसंस्कार गर भनि नाना प्रकारले भरतकन बुझाउँदी भईन् । भरतले थकसित दशरथकन अग्निसंस्कार गऱ्या, वेद कर्मले दश क्रिया गरि अनेक कोटि २ ब्राह्मणलाई भोजन गराया, नाना वस्त्र, नाना सुवर्ण, हेरा मोतीका गहना ब्राह्मणहरूलाई दिनुभयो, गोदान, हस्तिदान, अश्वदान, नाना प्रकारको द्रव्य दान गऱ्या । प्रेत कर्म गरिसक्यापछि ब्राह्मणहरूकन भोजन गराया । सबै शक्यापछि भरतले रामलाई फिरावन जान्छु भनि अयुध्या नगर छाडि बाहिर जाँदा भया भनि श्री महादेवले पार्वतिकन आज्ञा गर्दा भया, ब्रह्माले ब्रह्मलोकमाहाँ नारद मुनिकन कह्या, सोहि कथा सूतले सौनकादि ऋषि प्रभृतिकन कह्या ॥

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकाण्डे सप्तम सर्गः ॥ ७ ॥

८

श्री महादेव उवाच—महादेवले आज्ञा गर्नाकन लाग्या—हे पार्वति, भनि अयोध्यामा वसिष्ठ सुमंत्र मंत्रिहरूले बडो माथा बनाईकन भरतछेउँ आज्ञा गर्नुभयो, हे भरत, एस् राज्यमाहां राम राजा नभई प्रजाहरूको प्रतिपालना हुन्याछैन, महा उत्पात पनि हुन्याछ ।

तम्रा पिता दशरथ राजाले पनि यो राज्यको रजाम्नि तिमिलाई दि गयाको छ। राम पनि तिम्रा महतारि कैकेयीका आज्ञाले वनवास गर्नुभयो। अब जाहां वामदेव आदि ब्राह्मणले नाना तीर्थको जल ल्याईकन श्रीरामचन्द्रलाई राज्याभिषेक दिन भनि राज्याका सामग्रीले तिमिले राज्याभिषेक लिनुहुन्छ भनि वशिष्ठले आज्ञा गर्दा भया। ताहाँउभान्त भरतले वशिष्ठछेउँ आज्ञा गर्नुभयो र हे वशिष्ठ, यो राज्यको धनि हामि होईन, यो राज्यका धनि श्रीरामचन्द्र हुन्। हामिहरू त रामका सेवक पो हुँ; पापिनी कैकेयीका निमित्तमा रामको वनवास भयो। हे वशिष्ठ, सुन, मेरो क्रोध म विन्ति गर्छु, यो खड्गले प्रहार गरि कैकेयीका प्राण लिन पनि इच्छा हुन्छ, रामचन्द्रले मलाई हत्यारा होस् भनि मेरो मुख हेर्दैनन् भनि भन्नाको निमित्तले मेरो क्रोध शान्त गर्‍यो। हे वशिष्ठ, रामका दुःखको कारण हामिहरू पो हुँ, म जस्तो चण्डाल कोहि छैनन्, मेरा कारणले रामज्यूको वनवास भयो, हाई २ कस्तो जन्म! भनि रामका निमित्तमा शोक गर्नाकन लाग्या। हे वशिष्ठ, तपाम्हिहरूले पनि रामलाई वनवास दिन्या कुरा हुनिमात्रै अघि मलाई समचार दिन्या हो, म जाहाँ भया रामलाई वनवास हुन्या थिएन। हे वशिष्ठ, धन्य २ मेरो अभाग्य-भाग्य नभयाका भाग्य भन्नु लक्ष्मण पो हो श्रीरामका साथमा जान पाया। रामका चरणमा सेवा गरिरहनु वडो भाग्य छ। हामि ता पापिनी कैकेयीका गर्भवाट जन्म भयो र रामका द्रोही भै रहनुपर्‍यो भनि एस्ता प्रकारले भन्नुभयो। हे वशिष्ठ ऋषेश्वर, अब मैले जस्तै गरि रामसँग लक्ष्मण गया तस्तै शत्रुघ्नसहित म पनि राम-लक्ष्मणका संगमा जान्छु, शक्या राम लक्ष्मण सीता तीनै जनालाई वुझाईकन फिराई ल्याउँला, कदाचित् राम फिरेनन् भन्या म पनि रामको सेवा गरि जाँला, यो राज्य मलाई चाहिंदैन भनि भन्या र भरतले आज्ञा गर्‍यापछि वशिष्ठ सुमन्त्र मन्त्रि साभामा वस्याका प्रधानहरूले भन्नुभयो—धन्य २ भन्ना सत्पुरुष सपूत भरत हुन्। कस्ता तरहले भनौला त धर्मात्मा धर्मशास्त्र नीतिशास्त्र जान्न्या भनि सवैले प्रसन्न गर्नाकन लाग्या। वशिष्ठ ऋषिले पनि आज्ञा गर्दा भया, हे भरत, हे साधु, तिमिले योग्य कुरा गरेउ, हामि पनि तिम्रा संगमा जान्छौं भनि आज्ञा गरिया र भरत भन्दछन्, हे वशिष्ठ ऋषेश्वर, तपाम्हिहरू आया पनि नभाया पनि हामिहरू भाई भन्या अवश्य जान्छौं भनि भन्या र तस् वेलामा रात्रि भयो र रातभरि हा राम २ भनि राम सीताको ध्यान गरिरह्या। प्रातःकाल भयापछि भरतले आज्ञा गर्दा भया, हे सुमन्त्र, अब तिमिले कौशल्या आदि सवै राणिहरूकन डोलामा राखि अघि हिंडाउ, सवै सैन्यकन तयार गर, कैकेयी मात्र चाहिन

भनि भन्नुभयो र सुमन्त्र मन्त्रिले सबै तयार गऱ्या । रथ पाल्क हाति घोडा चतुरंग बल सबै तयार गराया, कौशल्या सुमित्राकन एका डोलामा चढाईकन ताहाँ भरतको आज्ञा भया पनि कैकेयी राणिलाई पनि एका डोलामा चढाई हिंडाया । भरतछेउँ सुमन्त्र मन्त्रिले विन्ति गर्नाकन लाग्या, हे महाराज भरत, तपाखिका आज्ञाले सबै तयार भयो भनि विन्ति गऱ्या र भरतले अघि पैह्याका वस्त्र छोडाई रूषका बोक्राको वस्त्र पैहँदा भया, जटाको मुकुट बाँधि देश २ देखि बाहिर जानुभयो । इन्का पछि २ सबै प्रजाहरू पनि लाग्या र जाँदा २ गंगाका तीरमा पुग्नुभयो । श्रीराम सीता लक्ष्मणले वास गऱ्याका ठाउँमा पुग्या र हेर्दा भया, हे सुमन्त्र, राम सीता काहाँ सुकला भयोध्यो भनि सुध्याउँदामा सुमन्त्र विन्ति गर्दछन्, हे महाराज, लक्ष्मणले बनाईदियाको थपुं एहि हो हेर्नुहवस्, कुशका बिछ्याउनामा सीताले सुकला गर्नुभयो हेर भनि देखाईदिया र भरतले हेर्नुभयो र रामका पादुकाको चिह्न देख्या र भरतले हा राम २ भनि कस्ता २ पाट पट्टाम्बरका बिछ्याउनामा सुकला गरिरहन्या एस्ता भूमिको सेजे मरि पर बिछ्याई सुकला गर्नुभयो भनि हरि २ एस्तो अवस्था कसो गरि भयो भनि हा राम २ भनि एस्ता प्रकारले जहां २ राम सीताले वास गऱ्याथ्या तसै ठाउँमा भरत पनि सबै प्रजासमेत वास गर्नुभयो । तहां उपान्त भनौला त सैन्य सिपाही लीकन भरत आयो भनि गुहराजाले खबर पाया र मनमा चिताउनाकन लाग्या, भरतले श्रीरामसंग युद्ध गर्न आया कि भनि मनमाहां ठानिकन गुहराजाले पनि श्रीरामचन्द्रकन गुहार दिउँला भनि आफ्ना प्रजाकन सबै बाटुला गरि लडाबि गर्नाकन तयार भै आउनुभयो । ताहां गुह राजाले भन्या, हे प्रजालोकहो, म अघि जाई प्रस्न गरौं भनि कोस्यालि लिई भरत वस्याका ठाउँमा जानुभयो र ताहां भरतलाई देख्तछन् जटाको मुकुट बाधि रूषका बोक्राको वस्त्र पैहि वस्याका हा राम २ भनि सास नफेरि रह्याका भरतलाई देखिकन नमस्कार गरि कुशल वार्ता गरि गुह राजाले विंति गर्नाकन लाग्या, हे भरत, तिम्रो सेवक तिम्रा बाबा दशरथको मित्र म हौं भनि विंति गऱ्याको भरतले सुन्या र गुह राजाले र भरतले अंकमाल गऱ्या । हे मित्र पिता, भनि तिमिले रामको दर्शन पायाको धन्य २ तम्रो भाग्य भन्नु तपाखिलाई राम सीताले दर्शन् दीकन फेरि कता जानुभयो । तपाखिछेउँ केहि कुरा गरि आज्ञा गर्नुभयोथ्यो कि ! आज्ञा भयाको भया मलाई भन्नुहवस् । श्रीराम सीताको दर्शन गर्नाको बडो प्यास भै रहेछ, चाँडै रामको समाचारको आज्ञा गर्नुहवस् । जाहाँ पाउछान्नुभयाको छ ताहि मलाई पनि चाँडै लैजानुहवस्, रामविना मेरो चित्त मुहूर्त्त मात्र पनि

रहेन । एस् कारणले भरतको आज्ञा सुनिकन गुहराजाले भन्दा भया, हे भरत, धन्य २ भन्ना सत्पुत्र ज्ञानी तिमि हौ । रामका निमित्तमा तिमिले राज्य पनि छोडि आउनुभयो भनि अत्यन्त खुसी भैकन पंच सबैकन नाउ लिन पठाईदिया र सबै नाउमा चढि गंगा पार भई भारद्वाज ऋषिका आश्रममा पुग्या र राजा सबैकन एका ठाउँमा राखिकन वशिष्ठ र भरत शत्रुघ्न सुमंत्र गुहराजा पंच जनाले भारद्वाज ऋषिछेउँ जाई चरणमा परिकन नमस्कार गऱ्या र भरतले विंति गर्नुभयो, हे ऋषेश्वर, श्रीरघुनाथ जाहिंकाहां पाउलाग्नुभयो, हामिहरू रघुनाथको दर्शन गर्न भनि आहां आयाका हौं भनि भरतले भन्या र ति वचन सुन्दामा भारद्वाज ऋषिले पनि अयोध्याका राजा आया भनि अनेक मान्यले पूजा गरि वशिष्ठ ऋषिलाई पनि नमस्कार गऱ्या, हस्तार्घ पादार्घ गऱ्या, आचमनादि गरि आसन्मा वसाया । ताहाँउमान्त भारद्वाजले भरतछेउँ आज्ञा गर्दा भया, हे राजन्, हे भरत, एस्ता वनमाहां पाउलाग्नुभयो, क्या कामले हो भनि सोद्धामा भरतले विन्ति गर्नाकन लाग्या, हे ऋषेश्वर, तपाषि कस्ता हौ भन्या भूत भविष्य वर्तमान सबै तपाषिले जान्नुहुन्छ । एस्ता तपाषिले मछेउँ सोध्नुभयो त म विन्ति गर्छु सुन्नुहुन्छ्स् । अयोध्यामा म थियेन मेरा मामाको घरमा गयाको थियाँ, एस्ता समयमाहाँ मेरा महतारि कैकेयीले एस्तो अवस्था श्रीरामलाई गरिन् । हे ऋषेश्वर, एस्तो क्रुरो मैले मनसा वाचा कर्मणाले केहि जान्याको पनि छैन भनि भारद्वाज ऋषिका पाउ छोई शब्द गरि रुनुभयो । हे ऋषेश्वर, रामका दुःखको कारण म हो, म नभया एस्तो हुन्या थियेन । रामको दुःखको कारणमा मेरो जन्मको पनि धिक्कारै हो । धन्य २ भन्ना लक्ष्मण हुन्, रामको सेवा गरि साथमा जान पाउनु धन्य २ हो । हे ऋषेश्वर, अब मलाई पनि चाँडै गरि रामको दर्शन गराउनुहुन्छ्स् । रामको दास लक्ष्मणको दास भै जान पाया मेरो भाग्य हो भनि आज्ञा गर्नुभयो र भारद्वाज आज्ञा गर्छन्, हे भरत, धन्य २ तम्रो जस्तो भक्ति कसैको छैन भनि अति खुसी भै भन्नुभयो, हे भरत, राम सीता लक्ष्मणले पनि एक रात मेरा आश्रममा वास गरि जानुभयोथ्यो । आज तपाषिले पनि मेरा आश्रममा राज गर्नुहुन्छ्स् भोलि श्रीराम भयाका ठाउँमा जानुहोला भनि भारद्वाज ऋषिले आफ्ना यज्ञशालाभित्र गैकन ध्यानले गर्दा भया । ताहाँ ध्यानले श्री कामधेनुको आराधना गर्नुभयो र तस् वेलामा ब्राह्मण ब्रह्मलोकबाट कामधेनु आईकन भरतको र सुहराजाको सैन्य रथि प्यादा चतुरंग बल जो थियो तन्कन योग्य प्रमाण जस्ता २ थिया तस्तै २ योग्य प्रमाण गरि सामग्री दिई मेजमानि दिया, सबैजाई तृप्ति गराया । एस्तो

भारद्वाज ऋषिको तपस्यावल देखि सबै लोकले अद्भुत मानिरहनाकन लाग्या । धन्य २ एस्ता वनमाहाँ वस्याका ऋषिले एस्तो सामग्री काहाँ देखि ल्याया, धन्य २ तपस्या भारद्वाजको भनि एक रात ताहिं वस्नुभयो । ताहाँउभान्त प्रातःकाल भयो र भरतले भारद्वाज ऋषिछेउँ विदा मागिकन चित्रकूट पर्वतमा जाई गंगाका तीरको दर्शन गर्नुभयो । ताहाँ सबै लोकले पनि गंगाकन दण्डवत् गर्‍या । ताहाँउभान्त वाल्मीकि ऋषिका शिष्यहरूछेउँ भरतले सोध्नुभयो, हे ब्राह्मणहो, त्याहाँ श्रीराम सीता लक्ष्मण पाइलाग्नुभयाको काहाँ हो, कुन् ठाउँमा हो भनि सोध्या र ऋषिका शिष्यहरूले भन्नाकन लाग्या र हामिहरू वाल्मिकी ऋषिका शिष्य साथा हुँ । हाम्रा गुरुका आज्ञाले एसै गंगाका तीरमाहाँ थर्पु वनाईदिन्यू र राज गर्नुभयाको छ, हेर्नुहुन्छ भनि थर्पु देखाउँदा भया र भरतले श्रीराम वस्याका ठाउँमाहाँ हेर्दा भया । गंगाका तीरमाहाँ वाल्मीकि ऋषिको आश्रममाहाँ त्यो ठाउँ कस्तो भनौला त अति मनोहर फल मूलले पूर्ण भयाको, अनेक २ सुगंधले गरि व्याप्त भयाको, पुष्प मालति चंपा चमेलि नागकेशर केतकी एस्ता २ फुल चहाई हिंड्नाकन लाग्या र भरतछेउँ सुमंत्रिले भन्दा भया, भमराले गुंजमान गरिरह्याका, यो पोषरिमाहाँ नाना तरहको कमल फुलिरह्याको, नील कमल रक्त कमल भाँति २ अनेक २ को फूल फुलिरह्याको, नाना तरहका हंसले गरि शोभायमान भयाको, भूमि कट्हल रूख कट्हल पाकिरह्याका, एस्ता २ ठाउँमाहाँ नाना पंछिहरूले कोमल स्वरले बोल्याका वोलिले शोभायमान भयाको, मृगका वथानले पूर्ण भयाको, एस्तो मनोहर ठाउँमा राम सीताले मुखामुख गरि हेरिरह्याका, पंछिहरूले कोमल स्वरले वोलिरह्यामा मुनि-रह्याका, ब्रह्माले स्तुति गरिरह्याका, तेस्तो गरि पोषरिमा राजहंस चखेवाले शोभायमान भयाको, भमराले फूलको रस पाई मत्ता भइरह्याका, त्यो गुंजमान गर्‍याको सुन्दामा, वीणा वजाया जस्तो सुन्या कैवल्य वैकुंठ हो भन्या जस्तो हे भरत, एस्तो वाल्मीकि ऋषिको आश्रममा राम सीता वस्याका छन् । तस्ठाउँमा राम सीताको टहल गरि लक्ष्मण वस्याका छन् । सरोवर नदीको जल पिईकन आनन्दमय भैकन वस्याका दोस्रो वैकुण्ठ हो भन्या जस्तो एस्ता ठाउँमा भरतले देखिकन जाउँ भनि तयार हुँदा भरत शत्रुघ्न सुमंत्र मंत्रि तीनैजना तयार भया भनि श्रीमहादेवले पार्वतीकन कहँदा भया । सोहि कथा ब्रह्माले ब्रह्मलोकमा नारद मुनिकन कह्या, नैमिषारण्य क्षेत्रमाहां सूतले सौनकादि ऋषिकन कह्या ।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे अयोध्याकांडे अष्टम सर्ग : ॥ ८ ॥

६

श्रीमहादेव उवाच—श्री महादेवले आज्ञा गर्नाकन लाग्या, हेपार्वति, एकचित्त गरि सुन। भरत रामका आश्रममाहां पुगिकन ताहाँ राम सीताको पाइलाको धूलामा चिह्न देख्या र त्यो धूलो लिई आफ्ना शरीरमा लेपन गरि त्यो धूलो कस्तो भनौला त श्री नारायणका चरणको धूलो श्री ब्रह्माले पाउनाले जगत्संसार सृष्टिकर्ता कहलाया, चौथ भुवन सृष्टि गर्नाकन जन्म भया श्रीमहादेवले पनि तसै धूलाले विभूत धारणा गरि श्रीमहादेवले संहारकर्त्ता भै मृत्युकन जिति मृत्यु कहलाया। एस्तो प्रभाव श्रीरामचन्द्रका पाउका धूलाको प्रभाव महिमा एस्तो पार अपार कसैले जान सक्तैनन्। एस्तो धूलो भरतले आफ्ना साथमा राखि महाआनन्द भै श्री रामकन देख्या भया। कस्ता राम भनि भनौला त रूपका वोक्राको वस्त्र लगाई जटा धारणा गरि आसनमाहाँ बस्याका, सीता वाम अंगतिर राखिकन किंचित् हँस्याईंदो मुख गरि सीतासंग कुरा गरि आनन्दस्वरूपले विराजमान गरिरह्याका, साक्षात् नारायण लक्ष्मीसंग बस्या जैं देख्या भया र भरतले रामका चरणमा दण्डवत् प्रणाम गर्नाकन लाग्या। भरत शत्रुघ्न दुवै जनाले हर्षका आँसु पात गरि राम सीता दुईका पाउ धोइकन चरणमा परि बस्तामा रामले भरत शत्रुघ्नलाई माथमा समाति उठाउँदा भया। ताहाँउप्रान्त अंकमाल गरि श्रीरामले आज्ञा गर्दा भया, धन्य धन्य हे भरत, तम्रा भक्तिदेखि म सन्तुष्ट भवाँ, ममाहाँ तिम्रो बढो माया छ भनि अनेक आदर गरि बारंबार अंकमाल गरि श्रीरामले भरतलाई आफ्ना बाहुमा राख्या भया। तेस्ता बेलामाहाँ कौशल्या सुमित्रा कैकेयी पुग्या र राम सीताकाई देखिकन प्यासमाहाँ पानी देख्या जस्तो गरिकन रामजिउछेउँ पुग्नुभयो र रामले आफ्ना महतारिलाई देखि चाँडै उठिकन राम सीता लक्ष्मण तीनै जनाले चरणमा परि दण्डवत् प्रणाम गरि ताहाँ कौशल्या सुमित्रा कैकेयी तीनै जनाले पुत्रभावले गरि आलिंगन गर्नाकन लाग्या। हर्षसँग दुवै आँपापाट आँसु बसालि राम सीता लक्ष्मण तीनै जनाको मुख हेरिरहँदा भया, बोल्न सकेनन्। तस्ता बेलामा वशिष्ठ आइपुग्या र राम सीता लक्ष्मणले ऋषिको पाउमा परि हस्तार्घ पादार्घ गरि प्रणाम गऱ्या, आचमनादि गऱ्या, कुशासनमा बसाया र ताहाँ श्रीरामले आज्ञा गर्नाकन लाग्या, धन्य धन्य मेरो भाग्य। एस्ता ठाउँमाहाँ आईकन मलाई दर्शन दक्षसनुभयो भनि भन्दा भया। ताहाँ प्रान्त

सबै प्रजाहरूले पनि ताहाँ पुग्यार राम सीता लक्ष्मणकन तीनै जनालाई प्रणाम गऱ्या। रामको कमलमुख हेरिकन सबै प्रजाहरूले आँखामा आँसु पूर्ण गरि बस्या, रामचन्द्रले पनि सबै प्रजाहरूलाई यथायोग्यसित कुशल वर्ता गर्नुभयो। ताहाँ उप्रान्त रामले वशिष्ठ ऋषिछेउँ विन्ति गर्नुभयो, हे ऋषेश्वर, मेरा बाबाज्यू कुशल छन् कि, मलाई क्या आज्ञा हुन्थ्यो, क्या अहाई पठाउनुभयो। मेरा बाबा सत्यवादि न्याय नीतिमा पूर्ण भै बस्याका एस्ता बाबाज्यूले मलाई केहि आज्ञा गरि पठायाको भया आज्ञा गर्नुहवस् भनि रामचन्द्रले सुध्याउँदा भया। क्षणमा भन्या कसैले भन्न सकेनन् शोक गरि बस्ता भया। ताहाँपछि वसिष्ठले गद्गद वाणि गरि बोल्नुभयो, हे श्रीरामचन्द्र, जौना दिनमा तपाञ्जिले अयोध्या छाडि आउनुभयोथ्यो तसै दिनदेखि निराहार भैकन हा राम राम, हा सीता सीता, हा लक्ष्मण लक्ष्मण भनि प्राण छोडि वैकुण्ठ प्राप्त भया भनि वशिष्ठले विंति गऱ्या र त्यो वचन सुनि मात्र राम सीता लक्ष्मण तीनै जनाले महाशोक गर्नाकन लाग्या, मूर्छाभै भूमिमा लोटि अचैतन्य भै रहँदा भया। मुहूत मात्रपछि चैतन्य भै अनेकै प्रकारको श्री बाबा दशरथको गुण प्रशंसा गरि रुनाकन लाग्या। हे बाबा भनि हाम्रा प्रस्न सुनि हुनुहुन्थ्यो, उप्रान्त हामिहरूले माग्याको पुऱ्याउनु हुन्थ्यो, एस्ता तपाञ्जिले हामिहरूलाई आफालिकन तपाञ्जि काहाँ जानुभयो! हामिले तपाञ्जिको दर्शन काहाँ जाई पाउँला! हामिहरूलाई दर्शन नदीकन पीठ फर्कि काहाँ जानुभयो! प्राण त्याग गर्नु कसो गरि गर्नुभयो! आज हामिहरूलाई आफालिकन तपाञ्जि मात्र कता जानुभयो भनि रामचन्द्रले अति शोक गर्नाकन लाग्या र त्यस् वेलामा ताहाँ आश्रम गरि बस्याका पशुपंछीहरू पनि रुनाकन लाग्या, कसैले पनि चित्त धीर्ज गर्न सकेनन्। कसैले अन्न पनि खायेनन्। तिनहरूले रोयाको अति शब्द भयो र वाल्मीकि ऋषिका शिष्य शाखा पनि ति राम सीता लक्ष्मणको विलाप देखिकन तिनहरू पनि रुनाकन लाग्या। तस्ता समयमाहाँ वशिष्ठ ऋषिले आज्ञा गर्नुभयो, हे श्री रामचन्द्र, तपाञ्जिले एस्तो शोक नगर्नुहवस्। तिम्रा पिता दशरथका निमित्तमा दान पुण्य गर्नुहवस्। तपाञ्जिलाई मैले सिकाउन्या होईन त्रैलोक्यकन तपाञ्जिले सिकाउनुहुन्छ भनि एस्ता प्रकारले वशिष्ठले रामचन्द्रकन बुझाया र ताहाँ रामले मनमाहाँ बोधना गरि रामले लक्ष्मणकन भन्नाकन लाग्या, हे लक्ष्मण! सुन, गंगाका तीरमा जाईकन श्री बाबाज्यूको दशकर्म गर्न जानुपऱ्यो। तिमिले फल मूल ल्याउनुपर्दछ भनि आज्ञा गर्नुभयो र ताहाँ लक्ष्मणले पनि फल मूल ल्याईदिया र गंगामा जाई

स्नान गरि तसै फलमूलले पिंडदान दिई दशकर्म गर्दा भया। रामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे पिता, तस् फल मूलले पिण्ड दियाका घुसी भै लिनुहवस्। हामिले जो पाञ्यु सो फल मूलले दियाका पिण्ड लिनुहवस् भनि दशकर्म गरिसकिकन अंजली बाँधि स्तोत्र गरिकन आसनमा वस्नुभयो र ताहां भरतले श्रीरामचन्द्रका हजूरमा आईकन हात जोरिकन विंति गर्दा भया, हे भ्राता रामचन्द्र, तपाञ्चिविना अजोध्या शून्य भै रहेछ, तपाञ्चिलाई राज्याभिषेक दिनलाई तयार गरिराख्याको सामग्री उसै छ, अयोध्यामा जाई राज्याभिषेक लिई प्रजाको प्रतिपालना गर्नुहोला। हे रघुनाथ, राजाविना प्रजाको प्रतिपाल हुन्याछैन। हे रघुनाथ, हामिहरूले बाबा दशरथ नभया पनि ति दुःख सबै तपाञ्चिका पाउको दर्शन हुनिमात्र शाम्य भैगयो। हामिहरू तीनै जनाका बाबा तपाञ्चि हुनुहुन्छ, ई सबै प्राणिका गति पनि तपाञ्चि हौ। एस्ता प्रकारले भरतले विंति गर्याको सुनि श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे भरत, पिताज्यूको सत्य प्रतिपालना गर्नाका निमित्तमा चतुर्दश वर्षसम्म वनवास गर्नु भनि हामि वस्न आयाका छौं। राज्यको भारा तिमिलाई बक्सि जानुभयाको छ। ताहांउभान्त श्री बाबाज्यूले पनि तिमिलाई रामलाई भाग गरि जानुभयाको छ। अयोध्याका रजाञ्चि तिमिलाई वनको रजाञ्चि मलाई भनि भाग गरि जानुभयाको छ। कौशल्याका गर्भदेषि जेठो म कैकेयीका गर्भदेषि तपाञ्चि हुनुहुन्छ। अयोध्याको रजाञ्चि तिमिलाई भन्नुभयो र भरत विन्ति गर्दा भया, हे भ्राता रामचन्द्र, एस्तो अप्रसन्नले न आज्ञा गर्नुहोला। हामीहरूदेषि दया प्रसन्न हुनुहवस्, कैकेयी अनारी निर्बुद्धि स्वास्नीको जाति बाबा भन्या स्त्रीका वशमा पऱ्याका, उन्मत्त भै गऱ्याको एस्ता वचनको प्रमाण गर्नुछैन। हे रामचन्द्र, राज्य छोड्न्या वेला पनि छैन। ताहांपछि जनक राजाकी छोरी जानकीका गर्भदेषि छोरा पनि भयाका छैनन्। तन्का गर्भदेषि साहेब पैदा हुनान् तब तनलाई राज्य सौंपि जानुपऱ्या पनि जानुहोला। आज तपाञ्चि नभई राज्य कसो गरि रहला। आज अयोध्यामा राजा नभै हाम्रो प्रतिपालना गर्न चाहिन्छ, अनाथ प्रजाहरूको प्रतिपालना को गर्ला! हे भ्राता रामचन्द्र, मैले तपाञ्चिलाई विन्ति गर्न पर्न्या होईन, तपाञ्चि सर्वज्ञ हुनुभयाका भनि एस्ता प्रकारले भरतले विन्ति गऱ्या र श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, भरत, तिमिले भन्याको कुरो सबै जोग्य हो, तैपनि बाबा महतारिले भन्याको कुरो लंघन गर्नु छैन, लंघन गऱ्या नर्क हौला। बाबाज्यूले उन्मत्त भै गऱ्याको पनि होईन, स्त्रीका वशमा परिकन पनि होईन, सत्यका वचनले आपनु सत्य राख्याछन्। मैले पनि सत्य छोड्नु छैन भनि भन्नुभयो र ताहां फेरि भरतले विन्ति गऱ्या, हे भ्राता रामचन्द्र,

तेसो भन्यौ भन्या तपाखिले पैहनुभयाका रूपका वोका मलाई वकपनुहुन्छ, चौध वर्षसम्म वनवास तपाखिको साटो म गरौंला, तपाखि अयोध्यामा जाई प्रजाहरूको रक्षा गरि रजाखि गर्नुहोला। तपाखिविना प्रजाहरूको प्रतिपालना हुन्याछैन भनि विंति गऱ्या र रामचन्द्र आज्ञा गर्दछन्, हे भरत, एस्तो आज्ञा बाबाज्यूको मलाई छैन, तस्कारणमा तिमि हामिले बाबाज्यूको आज्ञा लंघन गर्नुछैन। लंघन भयापछि ता हामि नर्कमा जाउँला, तस्कारणमा तिमिले चौध वर्षसम्म अयोध्यामा जाई प्रजाहरूको रक्षा तिमिले गर। चौध वर्ष संवत्सर गयापछि म अयोध्यामा आई तिमिसित अंकमाल गर्न आउँला, चौध वर्ष भन्याको चौध दिन जस्तो हो भनि श्रीरामले आज्ञा गर्नाकन लाग्या र ताहाँ भरतले गद्गद वानी गरि बोल्नुभयो र हे भ्राता रामचन्द्र, उसो भन्या मलाई पनि साथमा लैजानुहोला, म पनि तपाखिका चरणको सेवा गरि आउँला। तपाखिले लैजानुहुँदैन भन्या तपाखिका मुण्यांजि वसि प्राण त्याग गरौंला भनि भन्दा भया। ताहाँउपान्त गंगाका तीरमाहाँ भरत गैकन प्राणायाम गरि प्राणवायु उँभो जिकी ब्रह्माण्डमा पुऱ्याउन लाग्या र एस्तो भरतले हटक गऱ्याको देखि रामले वशिष्ठ ऋषेश्वरछेउँ आज्ञा गर्दा भया। हे वशिष्ठ, भरतलाई मैले बुझाउन सकिनँ, तपाखिले बुझाई ल्याउनुहुन्छ भनि रामको आज्ञा सुनि भरत वस्याका ठाउँमा गैकन मन्नाकन लाग्या, हे भरत, तिमिले रामचन्द्रका कारणमा बहुतै दुःख गर्नुहुन्छ। रामचन्द्र कस्ता हुन् भनि भनौला त परब्रह्म नारायण हुन्, जगत्संसारका नाथ हुनुभयाका कोहि कालमाहाँ पृथिवीमा धेरै पाप भयो र पृथ्वीमाता ब्रह्मा छेउँ गएर विन्ति गरि र ब्रह्मा र ति समुद्र जाई आदिपुरुष नारायणछेउँ जाई ब्रह्माले विन्ति गर्दा भया, हे पुरुषोत्तम नारायण, पृथिवीमा अधर्म धेरै पाप भयो र पृथिवीले भारा बोक्न सकिनन् र मछेउँ गाईको रूप धैकन आई विंति गर्दा भया। भक्तवत्सल नारायणले आज्ञा गर्नाकन लाग्या र हे ब्राह्मण, भनि मैले मत्स्य औतार लिईकन सबै दुष्टको संहार गर्छु भनि भन्नुभयो। एस्ता रामकन सन्देह गर्नुपर्दैन भनि आज्ञा भयो र ब्राह्मण ब्रह्मलोकमा जाँदा भया, श्री आदिनारायण अन्तर्धान भया। हे भरत, तनै नारायण रामको औतार आदि रामचन्द्र हुन्। श्री रामनारायणका जोगमायाले सीता भै अवतार लिनुभयो, तिनै सीताका कारणमा रावणादि राक्षसको नाश गर्न्याछन्, साधुको रक्षा गर्न्याछन्। तसर्थले आज यो कुराको प्रकाश गर्नुछैन, एस् कुरामा तिमिले हत्या गर्नु पनि छैन, तम्रो महतारि कैकेयीकन पनि दोष छैन, बाबा दशरथकन पनि दोष दिनुपर्दैन। रामका आफनो वैष्णवी मायाले छोपि एस्तो अवस्था गरि वस्याका छन्। हे भरत, अवउपान्त दण्डकारण्य वनमाहाँ वसि विराध

राक्षसको सैन्यलाई मारि सबै देवताको कार्यसिद्ध गरि चौध वर्ष पुग्यापछि अयोध्यामा पाउलाग्नुहुन्याछ। यस्ता प्रकारले वशिष्ठऋषिले बुझाउँदा भया। भरतका चित्तमा सूर्य उदाया जस्तो भयो र चित्तमा उज्यालो परि ताहाँ वशिष्ठका हातमा समाति रामज्यूका हजूरमा जाईकन भरतले विन्ति गर्नाकन लाग्या, हे रामचन्द्र, तपाञ्चिले मायाले छोपि मोह देपाई मैले तपाञ्चिलाई ज्येष्ठ भ्राता जानि ईश्वर भनि जानिन र ममाथि दया क्षमा गनुहोस्। हे श्रीराम, तपाञ्चिको आज्ञा शिरमा चढाई म अयोध्यामा जान्छु; एक थोक मात्र म विंति गर्छु दया प्रसन्न चाहिन्छ, क्या हो भनि भनौला त तपाञ्चिका पाउमा पैहनु-भयाका कठपाउ सिंहासनमा राखिकन राज्यको चिंताई पनि गरौंला, प्रजाहरूको प्रतिपालना पनि गरौंला भनि विंति गर्दा भया र ताहाँ श्रीरामले रत्न जडिजडाउत भयाको सुवर्णका कठपाउ अनेक हेररत्न जडित भयाको रत्नका जोतिले पूर्ण भयाको पादुका भरतलाई दिंदा भया र भरतले त्यो कठपाउ आफना शिरमा राखि फेरि रामचन्द्रछेउँ विंति गर्नाकन लाग्या, हे रघुनाथ, तपाञ्चिका आज्ञाले म अयोध्यामा जाई चौध वर्षसंम मैले तपाञ्चिको नाम जपि वसौंला चौध वर्ष पुग्यापछि मलाई दर्शन वक्सनुहोला। तस् दिनमा मलाई दर्शन नवक्स्या तत्कालैमा प्राण छोडौंला भनि एति तपाञ्चिका हजूरमा प्रतिज्ञा गर्‍याँ एति कुरा तपाञ्चिले नविसींकन दर्शन दिनुहोला भनिकन हात जोरि तीनफेरा श्रीराम सीताकन प्रदक्षिणा गरि श्रीरामज्यूलाई प्रदक्षिणा गरि प्रणाम गर्‍या। वशिष्ठसहित सबै प्रजाहरूसहितले गरि अयोध्यामा फिर्दा भया। तिनहरू फिर्‍याको देपिकन एकांतमा कैकेयीले रामज्यूका हजूरमा जाई विंति गर्नाकन लागिन, हे राघव, तपाञ्चि कस्ता हौं भन्या जगत्संसारका गुरु आत्मा पुरुष हुनुभयाका वैष्णवी मायाले छोपिकन मवाट मैले अकीर्त्ति पार्‍याँ जस्तो गरि अपराधि तिमिलाई गराया, अवगाल मलाई वक्सनुभयो। हे श्रीरामचन्द्र, तपाञ्चिले मलाई अपमान् नगर्नुहोला। हे राघव, तपाञ्चिले वजाउँन्या यन्त्र कालिका हुनुहुन्छ त्यो यंत्र एस्तो तपाञ्चिले वजाउनुहुन्छ भनि तस्तै गरि म वज्याको सोर उस्तै महुँ। स्त्रीजातिको क्या लेपा छ, तपाञ्चिका मायाले छोप्तामा चतुर्दश भुवनमा सबैलाई भुलाई राखनुभयाको छ। एस्ता तपाञ्चिले मलाई सबै अपराध क्षमा गर्नुहोला भनि कैकेयीले विंति गरि र एति विंति गर्‍याकि रामले सुनि आज्ञा गर्दा भया, हे महतारिज्यू, यो दोष तपाञ्चिलाई छैन, सबै देवताहरूले गर्‍याको हो। यो संसारमा सबै देवका वशमा छ, तस्अर्थ तिमिले मेरो नाम

कैह्ले पनि नछोड्नु, मेरा नामले पनि मुक्त हुन्याछ संदेह नगर भंदामा रामको वचन सुनि कैकेयी राणी पुसि भै अयोध्या फिरिगईन् । ताहाँउमान्त प्रजाहरू सबै अयोध्यामा फिरिगयापछि प्रजा सुमंत्र मन्त्री आदि अयोध्यामा राखि आफू भरत अयोध्या देशभित्र गैकन अरू गाउँ सहरबाहिर तुल्याई बक्सनुभयो । क्यान भनौंला त श्रीराम अयोध्या नआउन्ज्यालसम्म अयोध्याभित्र पस्न्याछैन भनि प्रतिज्ञा गरि बस्या । जस्तो रामको अवस्था भयो उस्तै काठका वस्त्र पैहिकन जटाको मुकुट बाँधिकन फल मूलको आहारा गरि कुशको शय्या गरि बस्ता भया । ताहाँ रामको सिंहासन ल्याई सिंहासनमा श्रीरामका कठपात्र राखिकन प्रजाहरूको अगि बिति गरिकन कठपात्रछेउँ हुकुम् लिई कर्म चलाया, राज्य प्रतिपालन गरि बस्या । चौध वर्ष सम्बत्सर कैले जाला भनि रामको नाम जपि राम कैह्ले पाउलाग्नुहोला, रामका चरणमा नमस्कार गर्न कैले पाउँला भनि मनमाहाँ चिताई भरत रह्या । ताहाँ उमान्त वाल्मीकि ऋषिले बनाईदियाका आश्रममा बसि रामले आज्ञा गर्नुभयो, हे सीता, हामिहरू बस्याका ठाउँमा अनेक प्रजाहरू बस्न आया, तिमि हामि बस्याका ठाउँमा ति प्रजालोक फिरि गया, अब हामि त्याहाँ नबसौं अर्का ठाउँमा जाऊँ भनि आज्ञा भयो र दुर्गाबनभित्र पाउलाग्नुभयो र ताहाँ आत्रेय मुनिका आश्रममाहाँ पुग्दा भया । ताहाँ आत्रेय मुनिले देख्यार चांडै उठिकन राम सीता लक्ष्मणकन नमस्कार गरिकन हर्षमान भै अनेक आदर गर्‍या, कुशासन-माहाँ तीनै जनालाई बसाउँदा भया । ताहाँ तीनै जनाले भोजन गर्नुभयो । ताहाँ आत्रेय मुनिले रामलेउँ आज्ञा गर्दा भया, हे रामचन्द्र, तपाखिले मेरो आश्रम पवित्र गरिबक्सनुभयो, धन्य २ मेरो भाग्य ! तपाखिको दर्शन मैले पायाँ । तपाखिका नामले मात्रै पनि संसार मुक्त हुन्छन् एस्ता तपाखिले मलाई दर्शन बक्सनुभयो, आज मेरो जन्म सुफल भयो भनि श्रीरामचन्द्रलाई स्तुति गरि पुनर्वार आत्रेय मुनि बिन्ति गर्नाकन लाग्या, हे श्री रामचन्द्र, मेरी स्त्री अरुन्धती भयाका ठाउँमा सीतालाई पठाई दिनुहवस् भनि भन्या र सीता जाँई भइन् । अरुन्धती कस्ती थिईन् भन्या महावृद्ध भयाकि दाँत झर्‍याकि केश पाक्याकि महापतिव्रता हेरि ती सीताले नमस्कार गरिन् । अरुन्धतीले सीतालाई अनेक आदरले गरि आसनमा बसाई कुशल वार्ता गरिन् । अनुसियाले आज्ञा गर्दा भईन्, हे सीता, एस्ता अगोचर बनमा क्या कामले पाउलाग्नुभयो क्या कारणले हो आज्ञा गर्नुहवस् भन्दा सीताले आज्ञा गर्दी भईन्, हे माता अनुसिया, हामीहरू

आयाको कारण सबै तपाखिले जान्याको होला म कथा विन्ति गरौं भनि एस्ता प्रकारले आज्ञा गऱ्याथछि अनुसियाले आज्ञा गर्दी भईन, हे सीता, धन्य २ तिम्रा पतिव्रता धर्म हो भनि आफना घरमा भयाको कन्दमूल आफना हातले पाक गरि राम सीता लक्ष्मण तीनै जनाकन अनेक आदर गरि भोजन गराउनुभयो र आनन्द गरि वस्नुभयो। रामको महिमा एस्तो हो भनि श्रीमहादेवले हिमालय पर्वतमा वसि पार्वतिकन कह्या, सोही कथा ब्रह्माले सत्यलोकमा नारदमुनिकन कह्या, सूतले नैमिषारण्य क्षेत्रमाहाँ सौनकादि ऋषिकन कह्या।

इति श्री अध्यात्मरामायणे उमामहेश्वर संवादे अयोध्याकाण्डे नवमोध्यायः ॥९॥
समाप्तश्चायं अयोध्याकाण्डः ॥ शुभम् ॥

आ

★

र

राय

का

★

राड

आरण्य काण्ड

१

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम लक्ष्मण सीता तीनै जना आत्रेय मुनिका आश्रममाहाँ एकरात्रि वास गरिकन रामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे आत्रेय मुनि, हामिहरू दक्षिण देशमा जान्छौं, बाटो जान्दौन, तपाईले बाटो देखाई दिनुहुन्छ भनि आज्ञा गर्नुभयो र आत्रेय मुनिले आफना शिष्यहरूलाई भनि पुऱ्याउन पठाया र एस्ता प्रकारले तीनै जना जाँदा ठुलो नदी एक बाटामा देख्नुभयो र त्यो नदी वाल गर्नाकन आत्रेय मुनिका शिष्यहरूले नाव एक ल्याईदिया। तेस् नावमा तीनै जनाकन राखि नदी पार गराईदिंदाभया। ताहाँ पार पुऱ्याएपछि श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे ब्राह्मणहो, तिमिहरू फिर्नुहुन्छ भनि बेला दिनुभयो र आत्रेय मुनिका शिष्यहरू सबै फिर्दा भया। ताहाँपछि राम लक्ष्मण सीता तीनै जना मात्र महाँ-दुर्गा वनमाहाँ जाँदा भया। त्यो वन कस्तो भनिभनौला त महाभयंकर मनुष्य पंछिको पनि अगोचर भयाको, एस्तो वन हेरिकन श्रीरामचन्द्रले पनि आज्ञा गर्नाकन लाग्या, हे सीता लक्ष्मण, यो वन महाभयंकर छ, राक्षस व्याघ्रको नाना जन्तुको भय छ भनि अघिपछि राम लक्ष्मण माझमा सीता राखिकन एस्ता कारणले जानुभयो र बडो मैदान भूमि एक देख्नुभयो र त्यो मैदान भूमिमा ठुलो एक सरोवरको वृक्ष रहेछ। त्यो सरोवरमा, जल निर्मल भयाको फेरि अनेक पद्म, शतपत्र पद्म, सहस्रपत्र पद्म, रक्तकमल, नीलकमल प्रकाश भैरह्याको, महाशोभायमान भयाको, त्यो पुष्पगंधिले गरि व्याप्त भैरह्याको, अनेक जलजंतुले पूर्ण भयाको, अत्यंत मनोहरनाथ, फेरि त्यो सरोवर नदीमा, राजहंसले पेछिरह्याका, अनेक भमराले पुष्पको रस लीकन तृप्त भैरह्याका थिया। एस्तो मनोहर सरोवर हेरिकन राम सीता लक्ष्मणले आनंदसंग तसै जगामा वास गर्नुभयो। ताहाँ लक्ष्मणले त्यो सरोवरको जल ल्याईकन राम सीताकन धुवाई आफुले पनि पानाकन लाग्या। हृदयमा शीतल गराई आनंदले राज गर्नुभयो। तस् बेलामा महाभयंकर राक्षस एक आयो र कस्तो राक्षस भनि भनौला त महाकाला मेघ जस्तो तेज भयाको, काली वर्ण, मुक्तकेश, मुखबाट

बडा २ दाहा निस्क्याको, अनेक २ हाति व्याघ्र सिंह नाना जंतुले आहारा गरिरह्याको एस्ता राक्षसले हातमा त्रिशूल लिई त्रिशूलमा मनुष्य तीनै जना उनिराख्याको थियो, एस्तो त्रिशूललो पर आउँदैमा तेस् राक्षसले राम सीता लक्ष्मणकन देख्यो र तेस् राक्षसले आफुलाई अहार पायाँ भनि मनले हर्ष गरि सीताको रूप जौवन देखिकन भन्यो, हे मनुष्यहो, तिमिहरू को हौ ? एस्ता अगोचर वनमाहाँ कयान आयौ भनि सुध्यायो र त्यो वचन सुनि श्रीरामले आज्ञा गर्नाकन लाग्या। हे राक्षसहो ! हामिहरू अयोध्याका राजा दशरथका पुत्र राम भन्याका हामि हौं, एस् वनांतरमा इच्छाले गरि आयौं भनि भन्या र ताहाँ राक्षसले भन्यो। हे राम, आज तिमिहरूले मेरा हातमा पऱ्यौ, अब मैले भक्ष गर्छु भन्यो र ताहाँ रामले केही बोल्न सकेनन्। फेरि राक्षसले भन्नाकन लाग्यो, हे राम, तिमिहरूकन जिउनाको इछा भया त्यो सीता मात्र मलाई देउ, तिमिहरू दुई जनालाई छोडुँला भनि एस्ता कुरा गऱ्यो र पनि श्रीरामले केही भन्न सकेनन्। केहि नबोल्याको देखि राक्षसले हेरिकन सीतालाई हरण गरौं भनि क्रोधले गरि जाईलाग्यो तेस्ता वेलामाहाँ रामले दुवै बाण झिकिकन राक्षसका गोडामा पहार गरि राक्षसका गोडा दुवै काटिदिया। फेरि राक्षसले अंगीकार गरि रामचद्रकन सग्राम गर्नेला भनि महाक्रोधले गरि हातले टेकि दगुर्दै २ आयो र फेरि रामले दुई बाण झिकिकन पहार गर्नुभयो। तेस् बाणले दुवै हात काटि भूमिमा पसालिदिया र पनि फेरि क्रोधले आयो र अघोर शब्दले कराईकन जाईलाग्यो। फेरि श्रीरामचंद्रले बाणले पहार गरि शिर काटिदिया र धन्य हरि २ भनि त्यो हेरिकन सीता लक्ष्मणले पनि धन्य २ भनि प्रार्थना गर्नाकन लाग्या। ताहाँउपांत राक्षसका शरीरमा पाप मुक्त भैकन दिव्यरूप भै, विद्याधरको रूप धारण गरि श्रीरामका हजूरमा आई विंति गर्नाकन लाग्या, हे श्रीराम, मैले यस्तो कर्म गरि मांसको आहार गरिरह्याको म आज तपाक्रिका हातले गरि मैले मुक्ति पद पाला, एस्ता तपाक्रिका चरणमा कोटि २ नमस्कार भनि एस्ता प्रकारले स्तुति गरिकन त्यो विद्याधरले राम लक्ष्मण सीतासहित गरिकन तीनफेरा घुमि चरणमा दंडवत् गरि फेरि आज्ञा लि विद्याधर स्वर्ग गया भनि श्रीमहादेवले पार्वतिकन कह्या, हे पार्वति, एस्ता रामले आफ्ना वैरिलाई पनि उद्धार गर्नुहुंध्यो, आफ्ना भक्तजनले कयान पाईन भनि आश्चर्य मान्नुपर्दैन। हे पार्वति, सुन त्यो विद्याधरको उद्धार भयाको कुरा जो सुन्ला श्रीरामचन्द्रका चरणमा भाव राखि जो सुन्ला कोटि २ पाप भया पनि मुक्त भै, विद्याधरको उद्धार भया जस्तै उद्धार भैकन स्वर्ग वास होला भनि श्रीमहादेवले पार्वतिकन कहनुभयो भनि ब्रह्माले नारद मुनिकन कह्या, सूतले सौनकादि ऋषिहरू सबैकन सुनाया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे प्रथम सर्गः ॥ १ ॥

2

श्री सदाशिव उवाच—हे पार्वति, सुन, रामचन्द्रले विद्याधरको पाप मुक्त गरि ताहाँदेखि दूर पाउलाग्नुभयो। रामचन्द्र लक्ष्मण सीता तीनै जना गया, ताहाँ सीताले बोल्नाकन लागिन, हे प्रभु राम, यो वन कस्तो भन्या अनेक वृक्ष अनेक जीवा जंतु हेरिकन मेरो मन हर्ष संतोष भयो भनि सीता राम दुईजनाले कुरा गरि अनेक वृक्ष हेरिकन पाउलाग्नुभयाका वेलामा शरभंग भन्याका ऋषिका आश्रममा पुग्दा भया र यो आश्रममाहाँ अति मनोहर स्थान हेरिकन आनंद गरिरहनुभयो। ताहाँ शरभंगले पनि श्रीराम सीता लक्ष्मणकन देख्नुभयो र शरभंगका मनमाहाँ आनन्द भयो। श्रीराम प्रभृति तीनै जनालाई कमंडलू ल्याईकन पादार्घ गरि आसनमा राजमान गराई ताहाँपछि शरभंगले षोडशोपचार गरि, श्रीरामचन्द्र प्रभृति तीनै जनालाई पूजा गरि ताहाँ शरभंगले श्रीरामका चरणमा विंति गर्नाकन लाग्या, हे परमेश्वर राम, म एस् वनमा वसि तपस्या गर्न्याको धेरै काल भयो, क्यान भनौंला त तपाखिका पादुकाको नमस्कार गरौंला भनि रह्याको छु। हे परमेश्वर, आज मलाई तपाखिले दर्शन दिनुभयो, अब मैले मनमा चितायाको जस्तो थियो तस्तै मैले जन्म लियाको साफल्य भयो भनि अनेक प्रकारले स्तुति गरिकन शरभंगले फेरि विंति गर्नाकन लाग्या, हे रामचंद्र, मैले अनेक २ को ध्यान जप यज्ञका आदिले पूजा गर्न्याको फल समस्त तपाखिलाई मैले चढाया, लिनुहवस्। हे परमेश्वर, यो पुण्यले परमपद दिनुहवस् भनि एस्ता प्रकारले शरभंगले रामका चरणमा विंति गरिकन फेरि अनेक दारुण ल्याईकन यज्ञमण्डल बनाईकन शरभंगले भन्नाकन लाग्या, हे श्रीरामचंद्र, तपाखिले हेरि तीनै जनालाई देखाईकन मेरा शरीरले यज्ञ गरूँला भनि ताहाँ शरभङ्गले पनि यज्ञमा फाल् हाल्या। तेस वेलामा ब्रह्मलोकबाट विमान ल्याई ति शरभङ्गलाई विमानमा राखि ब्रह्मलोकमा लैगया। यो वृत्तांत राम लक्ष्मण सीता तीनै जनाले हेरिकन आनन्दले रहनुभयाका वेलामा यो दण्डकारण्य वनमा कोटि २ ऋषिहरू आईकन राम राज गर्नुभयाका ठाउँमा सबै वादुला भैरह्याका, ति हेरिकन सीताका मनमाहाँ आश्चर्य भयो, ई ऋषिलोकहरू काहाँबाट आया भनि चिताई जाहाँ राम-सीता लक्ष्मण तीनै जनाले सबै ऋषिलोकलाई नमस्कार गर्नुभयो। ताहाँप्रान्त सबै ऋषिलोकहरूले पनि श्रीरामचन्द्रकन प्रार्थना गर्न लाग्या, हे रामचन्द्र, तपाखि कस्ता हौं भन्या संसारको दुःख नाश गरिरह्याका, हे परमेश्वर, हामिहरू यो दण्डकारण्य वनमा दुःख पाई रह्याका आज तपाखिको दर्शन पाऊँ, अब हामिहरूको संताप नाश भयो भनि एस्ता प्रकारले स्तुति गरिकन विंति गर्नाकन

बडा २ दाहा निस्क्याको, अनेक २ हाति व्याघ्र सिंह नाना जंतुले आहारा गरिरह्याको एस्ता राक्षसले हातमा त्रिशूल लिई त्रिशूलमा मनुष्य तीनै जना उनिराख्याको थियो, एस्तो त्रिशूललाई पर आउँदैमा तेस् राक्षसले राम सीता लक्ष्मणकन देख्यो र तेस् राक्षसले आफूलाई अहार पायाँ भनि मनले हर्ष गरि सीताको रूप जौवन देखिकन भन्यो, हे मनुष्यहो, तिमिहरू को हौ ? एस्ता अगोचर वनमाहाँ कयान आयौ भनि गुर्‍यायो र त्यो वचन सुनि श्रीरामले आज्ञा गर्नाकन लाग्या। हे राक्षसहो ! हामिहरू अयोध्याका राजा दशरथका पुत्र राम भन्याका हामि हौं, एस् वनांतरमा इच्छाले गरि आयौं भनि भन्या र ताहाँ राक्षसले भन्यो। हे राम, आज तिमिहरूले मेरा हातमा पर्‍यौ, अब मैले भक्ष गर्छु भन्यो र ताहाँ रामले केही बोल्न सकेनन्। फेरि राक्षसले भन्नाकन लाग्यो, हे राम, तिमिहरूकन जिउनाको इछा भया त्यो सीता मात्र मलाई देउ, तिमिहरू दुई जनालाई छोडुँला भनि एस्ता कुरा गर्‍यो र पनि श्रीरामले केही भन्न सकेनन्। केहि नबोल्याको देखि राक्षसले हेरिकन सीतालाई हरण गर्यौं भनि क्रोधले गरि जाईलाग्यो तेस्ता बेलामाहाँ रामले दुवै बाण झिकिकन राक्षसका गोदामा प्रहार गरि राक्षसको गाडा दुवै काटिदिया। फेरि राक्षसले अंगीकार गरि रामचद्रकन सग्राम गर्नाला भनि महाक्रोधले गरि हातले टेकि दगुदैं २ आयो र फेरि रामले दुई बाण झिकिकन प्रहार गर्नुभयो। तेस् बाणले दुवै हात काटि भूमिमा पछालिदिया र पनि फेरि क्रोधले आयो र अघोर शब्दले कराईकन जाईलाग्यो। फेरि श्रीरामचंद्रले बाणले प्रहार गरि शिर काटिदिया र धन्य हरि २ भनि त्यो हेरिकन सीता लक्ष्मणले पनि धन्य २ भनि प्रार्थना गर्नाकन लाग्या। ताहाँउपांत राक्षसका शरीरमा पाप मुक्त भैकन दिव्यरूप भै, विद्याधरको रूप धारण गरि श्रीरामका हजूरमा आई विंति गर्नाकन लाग्या, हे श्रीराम, मैले यस्तो कर्म गरि मांसको आहार गरिरह्याको म आज तपाविका हातले गरि मैले मुक्ति पद पाला, एस्ता तपाविका चरणमा कोटि २ नमस्कार भनि एस्ता प्रकारले स्तुति गरिकन त्यो विद्याधरले राम लक्ष्मण सीतासहित गरिकन तीनफेरा घुमि चरणमा दंडवत् गरि फेरि आज्ञा लि विद्याधर स्वर्ग गया भनि श्रीमहादेवले पार्वतिकन कह्या, हे पार्वति, एस्ता रामले आफ्ना वैरिलाई पनि उद्धार गर्नुहुंथ्यो, आफ्ना भक्तजनले कयान पार्वैन भनि आश्चर्य मान्नुपर्दैन। हे पार्वति, सुन त्यो विद्याधरको उद्धार भयाको कुरा जो सुन्ला श्रीरामचन्द्रका चरणमा भाव राखि जो सुन्ला कोटि २ पाप भया पनि मुक्त भै, विद्याधरको उद्धार भया जस्तै उद्धार भैकन स्वर्ग वास होला भनि श्रीमहादेवले पार्वतिकन कहनुभयो भनि ब्रह्माले नारद मुनिकन कह्या, सूतले सौनकादि ऋषिहरू सबैकन सुनाया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे प्रथम सर्गः ॥ १ ॥

2

श्री सदाशिव उवाच—हे पार्वति, सुन, रामचन्द्रले विद्याधरको पाप मुक्त गरि ताहाँदेपि दूर पाउलाग्नुभयो। रामचन्द्र लक्ष्मण सीता तीनै जना गया, ताहाँ सीताले बोल्नाकन लागिन, हे प्रभु राम, यो वन कस्तो भन्या अनेक वृक्ष अनेक जीवा जंतु हेरिकन मेरो मन हर्ष संतोष भयो भनि सीता राम दुईजनाले कुरा गरि अनेक वृक्ष हेरिकन पाउलाग्नुभयाका वेलामा शरभंग भन्याका ऋषिका आश्रममा पुग्दा भया र यो आश्रममाहाँ अति मनोहर स्थान हेरिकन आनंद गरिरहनुभयो। ताहाँ शरभंगले पनि श्रीराम सीता लक्ष्मणकन देख्नुभयो र शरभंगका मनमाहाँ आनन्द भयो। श्रीराम प्रभृति तीनै जनालाई कमंडलू ल्याईकन पादार्घ गरि आसनमा राजमान गराई ताहाँपछि शरभंगले षोडशोपचार गरि, श्रीरामचन्द्र प्रभृति तीनै जनालाई पूजा गरि ताहाँ शरभंगले श्रीरामका चरणमा विंति गर्नाकन लाग्या, हे परमेश्वर राम, म एस् वनमा वसि तपस्या गर्न्याको धेरै काल भयो, क्यान भनौला त तपास्विका पादुकाको नमस्कार गरौंला भनि रह्याको छु। हे परमेश्वर, आज मलाई तपास्विले दर्शन दिनुभयो, अव मैले मनमा चिताया को जस्तो थियो तस्तै मैले जन्म लियाको साफल्य भयो भनि अनेक प्रकारले स्तुति गरिकन शरभंगले फेरि विंति गर्नाकन लाग्या, हे रामचंद्र, मैले अनेक २ को ध्यान जप यज्ञका आदिले पूजा गर्न्याको फल समस्त तपास्विलाई मैले चढाया, लिनुहवस्। हे परमेश्वर, यो पुण्यले परमपद दिनुहवस् भनि एस्ता प्रकारले शरभंगले रामका चरणमा विंति गरिकन फेरि अनेक दारुवा ल्याईकन यज्ञमण्डल वनाईकन शरभंगले भन्नाकन लाग्या, हे श्रीरामचंद्र, तपास्विले हेरि तीनै जनालाई देखाईकन मेरा शरीरले यज्ञ गरूँला भनि ताहाँ शरभङ्गले पनि यज्ञमा फाल् हाल्या। तेस वेलामा ब्रह्मलोकबाट विमान ल्याई ति शरभङ्गलाई विमानमा राखि ब्रह्मलोकमा लैगया। यो वृत्तांत राम लक्ष्मण सीता तीनै जनाले हेरिकन आनन्दले रहनुभयाका वेलामा यो दण्डकारण्य वनमा कोटि २ ऋषिहरू आईकन राम राज गर्नुभयाका ठाउँमा सवै वाटुला भैरह्याका, ति हेरिकन सीताका मनमाहाँ आश्चर्य भयो, ई ऋषिलोकहरू काहाँवाट आया भनि चिताई जाहाँ राम-सीता लक्ष्मण तीनै जनाले सवै ऋषिलोकलाई नमस्कार गर्नुभयो। ताहाँप्रान्त सवै ऋषिलोकहरूले पनि श्रीरामचन्द्रकन प्रार्थना गर्न लाग्या, हे रामचन्द्र, तपास्वि कस्ता हौ भन्या संसारको दुःख नाश गरिरह्याका, हे परमेश्वर, हामिहरू यो दण्डकारण्य वनमा दुःख पाई रह्याका आज तपास्विको दर्शन पाऊँ, अव हामिहरूको संताप नाश भयो भनि एस्ता प्रकारले स्तुति गरिकन विंति गर्नाकन

लाग्या। तपाञ्जिका चरणले छोई हामिहरूको आश्रम पवित्र गरि कृपा गर्नुहोला भनि एस्ता प्रकारले विंति गरिकन ताहाँ राम सीता लक्ष्मण तीनै जनालाई लैजांदा भया। एस्ता प्रकारले लैजानुभयाका वेलामा बाटोमा मान्छेका कपालको हाड हात गोडाको हाड पर्वत रह्या जस्तो रह्याको रामले देख्नुभयो र आज्ञा गर्नाकन लाग्या, हे ऋषिलोकहो, यो पर्वत समानका हाड क्या कारणले भयो भनि आज्ञा गर्नुभयो र ताहाँ ऋषिले विंति गर्नाकन लाग्या, हे श्रीरामचन्द्र, ई हाड ऋषिहरूका हुन्। एस् वनमा अनेक राक्षस छन्, ति राक्षसहरूले असंख्य ऋषिकन मार्‍या भनि भन्या र ताहाँ रामले अत्यंत क्रोध गरी आज्ञा गर्नाकन लाग्या, एस्ता दुःख पाई-रह्याका आफ्ना शरीरको माया छाड़ि एस्ता कारणले ऋषिलोकले बोल्याको सुनि, ताहाँ रामले क्रोध गरि, आज्ञा गर्नाकन लाग्या, हे ऋषिलोकहो, तपाञ्जिहरूका मनमा आनन्द भयो। हे ऋषिलोकहो, एस्ता वनमा कति राक्षस छन् मैले मारौंला, तपाञ्जिहरूले हतुपताउनुपर्दैन भनि ताहाँ रामले प्रतिज्ञा गर्नुभयो र ताहाँ ऋषिहरूका मनमा पनि आनद भयो। श्रीराम लक्ष्मण सीतालाई झुप्रो बनाईदिया र राज गराउनुभयो। ताहाँबान्त तेस् जग्गोमा आनंद गरि राज गर्नुभयो। तेस् वेलामा अनेक २ ऋषिका आश्रममा सीतासहितले राज गर्नुभयो। तस्ता प्रकार-ले ऋषिहरूका आश्रममाहाँ हेर्नाकन जाँदा भयाका वेलामाहाँ ताहाँ सुर्त्तिसन भन्याका ऋषिका आश्रममा पुग्या। त्यो आश्रमका विषेमा अनेक २ पुष्पफल लायाको थियो, अनेक २ फल-मूल पाकिरह्याका थिया। एस्ता आश्रममा हेरिकन राम सीता लक्ष्मण आनंदले मूर्ति सुर्त्तिसन् गरि श्री राम सीता लक्ष्मणलाई पादार्घ गरि भक्तिपूर्वकले तीनै जनाकन पूजा गर्नाकन लाग्या। महापूजा सक्यापछि सुर्तिसनले रामको स्तुति गर्न लाग्या, हे परमेश्वर, तपाञ्जि को हौ भन्या समस्त प्राणिका हृदय कमलमा रहनुभै पापपुण्यका साक्षी भै रहनुहुन्छ, एस्ता तपाञ्जि-लाई कोटि २ नमस्कार। हे परमेश्वर, तपाञ्जिले रजोगुण, तमोगुण, सत्वगुण बनाईकन ई तीन गुणले काम, क्रोध, लोभ, मोह बनाई संसारमा प्राणिहरूका हृदय कमलमा रहनुभयाका एस्ता गुणले तपाञ्जिकन छुन नसक्याको एस्ता रामलाई नमस्कार। हे श्रीराम, तपाञ्जि मैले जान्याको छ। यो पृथिवीले भारा बोक्न नसकिकन भारा नाश गर्नाअर्थकन दुष्ट पापात्माकन संहार गरिकन साधुको रक्षा गर्नाका अर्थले नरमूर्त्ति राम औतार भयाका लक्ष्मण पनि अनन्त हुन्, सीता को हुन् भनि भनौला त जानकी देवी तपाञ्जिका मायाले गरि यो संसारमा मोह देखाउनु-भयो। हे श्रीराम, तपाञ्जिका भ्राता भरत शत्रुघ्न ति पनि तपाञ्जिका शस्त्र शंख चक्र हुन्। एक मूर्त्तिले गरि पाँचजना भै रहनुभयो, एस्ता तपाञ्जिकन कोटि २ नमस्कार। हे परमेश्वर, दशमूर्त्ति

भयाका पनि तपाञ्चि हौ, सच्चिदानन्दमूर्त्ति पनि तपाञ्चि, विश्वमूर्त्ति पनि तपाञ्चि हौ । यो ब्रह्माण्ड विषेका जति भयाका प्राणिहरूका स्वरूप पनि तपाञ्चि हौ भनि एस्ता प्रकारले स्तुति गरि फेरि सुर्त्तिसनले विंति गर्नाकन लाग्या, हे स्वामि श्रीरामचन्द्र मेरा, अज्ञानदोष भया पनि हरण गरि ज्ञान प्रदान्न भयाजावस् । तपाञ्चिको ध्यान जप मलाइ नछोडाई दिनुहुवस् भनि एस्ता प्रकारले कुरा गर्दामा मनमाहाँ रामनाम ध्यान जप छोडेनन् । फेरि सुर्त्तिसनले भन्नाकन लाग्या श्रीराम कस्ता हुन् भन्या अति सुन्दर कोटि कामदेवभन्दा पनि अधिक सुन्दर लालकमल जस्ता मुषको वर्ण, पद्मपत्र जस्ता नेत्र, महाकोमल दयावन्त महात्मा, धनुष दक्षिण हातमा बाण लि गुण भयाका एस्ता रामले मधुर वाक्यले आज्ञा गर्नुभयो, हे सुर्त्तिसन भनि धन्य २ भन्ना तिमि हौ । तम्रा जस्तो भाव कसैले पनि देषिन । हे सुर्त्तिसन, सुन, जो तिम्रा मनमा चिताया को छ सो अवश्य होला, त्यो तम्रा जिय भयासम्म मेरा नाम जप ध्यान गरिरहनुहुवस् । ताहामांत अंतकालमा सायुज्यपद तिमिलाई होला भनि एस्ता प्रकारले आशीर्वाद दिनुभयो र ताहाँ सुर्त्तिसन महा आनन्दले श्रीरामका चरणमा अष्टांग प्रणाम गरिरहनुभयाका वेलामा श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे सुर्त्तिसन, तपाञ्चिका गुरु अगस्त्यको दर्शन गर्न मलाई अतिइछा भयो उन्का आश्रममाहाँ मलाई लैजानुहोला भनि आज्ञा गर्नुभयो र त्यो वचन सुनि सुर्त्तिसनले नाना फलमूल आदि अमोल्य २ वस्तु ल्याई रामका हजूरमा राषिदिंदा भया । ताहाँ रामले फलमूल फलाहार गर्नुभयो । ताहाँपछि रात्रि विहायो र जति चाहियाको नित्य कर्म गरि-सकयापछि राम सीता तीनैजना अगस्त्यको दर्शन गर्नाकन पाउलाग्नुभयो । तस् वेलामा अगस्त्यका भाईको आश्रम ताहाँ एक थियो, तस् आश्रममा राम सीता लक्ष्मण सुर्त्तिसन-सहितले पाउलाग्नुभयो भनि श्रीमहादेवले पार्वतिकन कहि सुनाउनुभयो ।

इतिश्री अध्यात्मरामायणे उमामहेश्वर संवादे आरण्यकाण्डे द्वितीयोऽध्यायः ॥ २ ॥

३

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम सीता लक्ष्मण सुर्त्तिसनले राम-सीता लक्ष्मणलाई लैजाँदा भया अगस्त्यका भाईका आश्रममा जानुभयो, ति अगस्त्यका भाईले देष्यार रामचंद्रलाई कुशल वार्तादि गरिकन राम सीता लक्ष्मणलाई आसनमा राज गराउनुभयो ।

ताहां नाना उपचारले पूजा मान्य गरि, अनेक फलमूल आदि ल्याईकन मनमा हर्षमान गरि राम सीता लक्ष्मण, सुत्तिसनसहितले चारैजना अगस्त्यका द्वारमाहाँ पुग्दा भया। तहाँबांत रामले आज्ञा गर्नाकन लाग्या, सुन हे सुत्तिसन, अगस्त्य कस्ता हुन् भनौला त ऋषिहरूमा सृष्टि भै रह्याका सप्त समुद्र पनि मिलन सामर्थ भयाका प्रतापि २ भन्याका दैत्यहरूले अनेक २ देवताहरू ऋषिहरूलाई दुःख दीरहन्या एस्ता दैत्यलाई दुवैजाई लीकन मार्नुभयो। एस्ता अगस्त्य कुशासनका आसनमा बसि, अनेक शाषा शिष्यहरूकन राषि सुषले रामायण आदि अनेक शास्त्र सिकाईरहनुभयाका एस्ता अगस्त्य रहनुभयाका ठाउँमा गैकन सुत्तिसनले अगस्त्यका चरणमा दण्डवत् गरिकन कर जोरि सुत्तिसनले विंति गर्नाकन लाग्या। हे स्वामि अगस्त्य ऋषेश्वर, तपाबिका द्वारमा दशरथ राजाका पुत्र श्रीराम सीता लक्ष्मणसहितले गरि तीनैजना पाउलाग्नुभयो, तपाबिको दर्शन गर्नानिमित्तले मलाई त्याहाँ पठाउनुभयो, ताहां पाउलाग्नुहुन्छ कि हुंदैन भनि सोद्धामा ताहां अगस्त्यले पनि आज्ञा गर्नाकन लाग्या हे सुत्तिसन, हुन्छ भनि हर्षमान गरिकन आफना शिष्यहरूकन पछि २ लाईकन राम वस्तुभयाका ठाउँमा पाउलाग्नुभयो र श्रीरामका मुषमा हेर्नाकन लाग्या। कस्ता राम भन्या, कोटि कंदर्पतुल्य अति सुन्दर, दश आदित्यका तेज जस्ता तेज भयाका, राम पनि अगस्त्यका चरणमा परि दंडवत् गर्नुभयो, लक्ष्मण सीता पनि नमस्कार गरिरहँदा भया। एस्तो रामको भाव हेरिकन ताहाँ अगस्त्यले रामका हात समाई आंगिनमा गरि, हर्षका आंसु चुहाईकन, अनेकका कुशल वार्तादि गरिकन ताहां अगस्त्यले राम सीता लक्ष्मणकन आश्रममा भित्र लैजानुभयो। ताहांपछि तीनैजनाका चरण र धोईकन आसनमा राजमान गराउनुभयो। ताहां षोडश उपचारले पूजा गरिकन अनेक फल मूल आदि अनेक यज्ञको शेष ल्याई भोजन गराउनुभयो। ताहाँप्रांत अगस्त्यले श्रीरामका हजूरमा आज्ञा गर्नुभयो, हे राम, आज मेरो जन्म साफल्य भयो भनि जुन् दिनमा ब्रह्माले छीर समुद्रमा पाउलाग्नुभै तपाबिका चरणमा विंति गर्नुभयो, क्यात भन्या पृथिवीको भारा खण्ड २ गर्नाका अर्थले तपाबिलाई, राम अवतार हुनुपन्यो भनि उसै दिनदेषि तपाबि कैह्ले पाउलाग्नुहोला भनि बाटो हेरिरह्याको म छु। रामको दर्शन कौना दिनमा पाइयेला भनि रह्याको छु। आज तपाबिले मलाई दर्शन दिनुभयो, आज मेरा मनको इछा पूर्ण भयो भनि अगस्त्यले एस्ता प्रकारले आज्ञा गर्नुभयो र हे राम, पृथिवी सृष्टि नभयाका वेलामा ज्योतिस्वरूप मात्रै भयाका थिया, तन्को आकार केहि थियेनन्, ज्योति मात्रै थिया। तन्ले प्रकृति माया भयो, ति मायाले विराट रूप भै निस्क्या र स्त्री पुरुषका शरीरमा, सप्त

द्वीप स्थावर जंगम समस्त इन्का शरीरमा चंद्रसूर्य नेत्र, स्त्री पुरुषबाट सत्वगुण, तमोगुण रजोगुण एति तिनले, तेज वायु आकाश निस्क्या र ति तेज वायुले आकाश शरीरको आकार भयो। यो आकारमा त्यो गुण लागि सत्व गुणले विष्णु भै पालना गऱ्या रजोगुणले ब्रह्मा भै सृष्टि गऱ्या, तमोगुणले महादेव भै संहार गर्नुभयो, एस्ता प्रकारले सृष्टि बनाउनुभयो। एस्ता ब्रह्मा तपाञि हौं। हे राम, एस्ता तपाञिका मायाले सृष्टि बनिरहेछ। हे श्रीराम, तपाञि सबै प्राणिका पाप पुण्यका साक्षी भै रह्याका छौ, तपाञि रहनुभयाको कसैले पनि देख्तैनन्। जस्ले सत्यसम्म गर्छन् उन्कन ज्ञान हुन्छ, ज्ञान भयापछि उन्ले तपाञिको सेवा गर्छन, तन्हरूले मोक्ष पाउँदछन्, भनि एस्ता प्रकारले अगस्त्यले स्तुति गर्नुभयो। फेरि विंति गर्नाकन लाग्या हे राम, तपाञिका मायाले मलाई नछोप्नुहोला तपाञिको रामनाम, मैले सधैं ध्यान जप गरिरहन सक्नं भनि हे राम, एति मलाई कृपा गर्नुहोला, भनि फेरि विंति गर्नाकन लाग्या, हे राम, तपाञिले मेरा हृदयकमलमा सीतासहितले, सधैं रहनुहोला भनि एस्ता प्रकारले स्तुति गरिरहँदामा ताहाँ रामले आज्ञा गर्नाकन लाग्या, हे अगस्त्य ऋषेश्वर, तपाञिले आज्ञा गऱ्याका कुरा सत्य हो, तपाञिले आज्ञा गऱ्याको पनि सिद्ध होला भनि श्रीरामले आज्ञा गर्नुभयो। फेरि पुनर्वार अगस्त्यले विंति गर्नुभयो, हे राम, सुन्नुहुन्छ, तपाञिलाई इन्द्रले धनुष खड्ग ई दुइ बाण मलाई सौंपिगयाको छ। पछि राम अवतार भै राम जाहाँ पाउनुहोला, तस् वेलामा यो धनु खड्ग रामका हातमा सौंपिदिनुहोला भनि इन्द्रलाई आज्ञा गरि जानुभयाको छ अब यो धनुष खड्ग लिनुहुन्छ भनि रामका हातमा सौंपिदिनुभयो। कस्ता धनुष भनौंला त कति जिऱ्या पनि नशकिन्या, त्यो धनुषको ताँदो कस्तो भन्या, जुन् काम्मा चितायो प्रहार गऱ्याको सो व्यर्थ नहुन्या, फेरि खड्ग कस्तो भन्या अनेक तेजले युक्त भयाको एस्तो खड्ग रामकन दिया। ताहाँ श्रीरामले दुवै हातले नमस्कार गरिकन लिया। ताहाँउपांत अगस्त्यले आज्ञा गर्नाकन लाग्या, हे श्रीरामचन्द्र, पंचवटी भन्याको स्थान एक छ, अति मनोहर भयाको, जाहांदेखि पाँच ४ कोश बाटो छ। तस् जग्गहमा गौतमी गंगा छन्, तस् जगहमा तपाञिकन बस्न योग्य छ। हे श्रीराम, तस् जग्गहमा बसिकन जति चाहिन्या कार्य गर्नुहोला। त्यो धनुष खड्गले प्रहार गरि रावणादि अनेक राक्षस दुष्ट मार्नुहुन्छ। एस्ता प्रकारले आज्ञा गर्नुभयो र ताहाँ रामले आज्ञा गर्नाकन लाग्या, हे अगस्त्य ऋषेश्वर, जस् जग्गहमा जान्या बाटो मैले जान्याको छैन,

बाटो देषाई पठाउनुहुवस् भनि भन्नुभयो र ताहाँ अगस्त्यले पनि आफ्ना शिष्यलाई पुऱ्याउन पठाउनुभयो भनि श्रीमहादेवले पार्वतिकन कहनुभयो ।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे आरण्यकाण्डे तृतीयोध्यायः ॥३॥

४

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम सीता लक्ष्मणसहितले पंचवटीमा जानु भनि पाउलाउनुभयाका बेलामा एक पर्वतमा पुग्नुभयो र ताहाँ रामले हेर्नाकन लाग्या । त्यो पर्वतमा बसि जटायु भन्याको नाम एक गृध्रले बाटो छेकिरह्याको देषिकन श्रीरामले त्यो वस्याका गृध्रलाई देष्या र लक्ष्मणलाई आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, यो बाटामा बस्याको गृध्र जटायु देष्यौं कि हेर ! यो पंचवटीमा बस्याका ऋषिहरूलाई यान बस्याको होला, पापिष्ठ राक्षसकन अब मले मार्दछु हेर भनि श्रीरामले धनुषमा ताँदो चढाईकन एक बाण दाहिना हातमा लिया र प्रहार गर्न लाग्या, एस्ता प्रकारले रहनुभयाका गृध्रले रामकन देष्यो र त्यो जटायु गृद्धको मायाभय उत्पत्ति भयो र कोमल २ वचनले गरि भन्नाकन लाग्यो, हे राम, तिम्रा पिता दशरथको मित्रम हुँ । आज आपना पिताको मित्रकन कसो गरि मार्नुहुन्छ ! हे श्रीराम, तपाञ्चिका चरणमा सेवा गरि रहुँला भनि म रह्याको छु । हे राम, तपाञ्चि जान लाग्याका पंचवटीमा जानुभैकन अनेक २ विकार गरि लक्ष्मणसहितले गरि राज गर्नुहोला । ताहाँ सीता मात्रै एक्लै राख्नु छैन । अनेक जीवजन्तुको भय छ, एस्ता बेलामा सीताको रक्षा म गरौंला भनि एस्ता प्रकारले जटायुको वचन रामले सुनि ताहाँ रामले पनि अति हर्षमान गरि आज्ञा गर्नाकन लाग्या, हे जटायु, तिमिले भन्या जस्तो म गरौंला । मेरी सीता स्त्रीको तिमीले रक्षा गर्नुहोला भनि आज्ञा भयो र राम लक्ष्मण सीता तीनैजना जाँदा भया । त्यो पंचवटी कस्तो थियो भनौंला त गौतम ऋषिले तपस्या गरि गंगा उत्पत्ति भयाको ठाउँ त्यो गंगाको नाउँ गौतमी गंगा भनि नाम भयो । ति गंगाका तीरमा पिपलका वृक्ष पाँचगोटा थिया । एस्ता प्रकारले पंचवटी भनि महाउत्तम तीर्थ भयो । कस्तो यो पंचवटी भन्या देवताहरूले पनि जान सक्दैनथ्या,

त्यो जग्गहका मनुष्यहरूको पनि अगोचर भयाको वनमा वास गरिरहन्या मनुष्यहरूलाई पनि यो पंचवटी भनि जानु दुर्ल्लभ भयाको पंचवटी भनि राम अवतारमा प्रख्यात होला भनि ई रामका निमित्तमा अति मनोहर स्थान भैरह्याको, फेरि एस् थानमा अनेक २ फलमूल आदिले पूर्ण भयाको थियो। फेरि रामका निमित्तमा अनेक २ अनेक फूल फुलिरह्याको थियो। एस्तो वन हेरिकन राम सीता लक्ष्मणका मनमाहाँ आनन्द भयो। एस् थानमाहाँ स्थिर भैरहनुहोला भनि एस्ता प्रकारले तहाँ लक्ष्मणले घर बनाईदिया र राम सीतालाई राज गराउनुभयो। ताहाप्रांत लक्ष्मणले अनेक २ फल मूल आदि ल्याईदिया र श्रीराम सीतालाई अनेक आदरले गरिकन दिनुभयो। ति तीनै जनाले गौतमि गंगामा स्नान गरि नित्यकर्म जति थियो सो गरिशक्या-पछि तीनै जनाले फलाहार गर्नुभयो र एस्ता प्रकारले राम सीता लक्ष्मण बहुतै दिनसम्म बस्नुभयो। जब रात्रि भयो लक्ष्मणले हातमा धनुर्बाण लियेर चारै दिशामा घुमि २ राम सीताको रक्षा गर्नानिमित्तमा जागर्ना गर्थ्या भनि यस्तो भक्ति लक्ष्मणको भनि श्रीमहादेवले पार्वतिकन कह्या, हे पार्वति, एस्ता भक्त लक्ष्मणले रामका चरणमा हात जोरिकन आज्ञा गर्नाकन लाग्या, हे भ्राता श्रीरामचन्द्र, भनिरह्या क्यान भन्या म अज्ञानि भन्या, तपाञि ईश्वर भनि जान्दैन तपाञि जगत्संसारका स्वामि हुनुभयाका अनेक प्राणिहरूका पनि नाथ भै प्रतिपाल गर्न्या भैरह्याका एस्ता तपाञिले मेरो अज्ञान हरण गरिदिनुहुन्छ्, ज्ञान भन्याको पदार्थ मलाई सुन्नुहुन्छ्। यो संसारमा समुद्रमा परिरह्याको म छु, एस्ता समुद्र तर्नाकन मलाई कृपा भया जान्छ्। हे राम, ज्ञान भन्नु क्या हो, विज्ञान भन्नु क्या हो, मोक्ष भन्याको क्या हो, हे श्रीराम, मलाई सुनाउनुहुन्छ् भनि लक्ष्मणले विंति गर्नाकन लाग्या र ताहाप्रांत श्रीरामले पनि आज्ञा गर्नुभयो, हे भ्राता लक्ष्मण, धन्य २ भन्ना तिमि हौ, साधु भन्या पनि तिमि हौ। फेरि मेरा भक्त पनि छौ, मउपर अति प्रेम भयाका अब तिमिलाई महा गुप्त गरिराख्याको परमार्थ ज्ञानमहाँ मोक्ष प्राप्ति हुन्या एस्तो ज्ञान म उपदेश दिउँला समाधान गरि सुन भनि यो वचन सुनि ताहाँ लक्ष्मणले आज्ञा गर्नुभयो, हे भ्राता राम, भनि यो गुप्त कुरा आज्ञा गरि प्रसन्न हुनुहुन्छ् भनि भन्या र श्रीराम आज्ञा गर्नाकन लाग्या। कस्ता राम भन्या कमलपत्र जस्ता नेत्र भयाका अति सुंदर श्रीरामले महा हर्षले गरि कोमल वचनले लक्ष्मणका मुखमा हेरि श्रीरामले आज्ञा गर्नाकन लाग्या। हे भ्राता लक्ष्मण, ज्ञान अज्ञानका बात म कहन्छु, तिमि सुन, यो संसारमा सत्य हो भनि चिताउँछन, यो मेरा घरबेत, यो मेरो पुत्र, यो मेरो आमा बाबु, यो मेरो धन, यो मीठो यो नमीठो भनि भिन्नै २ गर्दछन्। फेरि आफना आत्मा र परमात्मा भिन्नै२ गरि चिताउँछन्, एस्ता प्रकारले अज्ञानी

भंनु। इन्ले अंतकालमा पिंड पानीकन पुत्र वांछा गर्दछन्, पुत्रका निमित्तले स्त्री वांछा गर्छन्, स्त्री भयापछि अनेक काम क्रीडा चाहिन्छ, काम चाहियापछि माया बाधिन्छ, फेरि नाना कुकर्म गराई उस्को नाम अज्ञानि भन्नु। फेरि रामले आज्ञा गर्नाकन लाग्या, हे भ्राता लक्ष्मण, सुन अज्ञानिका कुरा भनिसक्याँ, फेरि ज्ञानका कुरा सुनाउँछु समाधान भै सुन। यो संसार अनित्य भनि जो चिताउँछन्, प्राणिकोसमभावना जो गर्दछन्, सुख दुःख बरोबर मान्दछन्, इष्ट पनि छैनन्, हर्ष पनि छैन विस्मय पनि छैन इनको नाम ज्ञान हो भन्नु। एस्तालाई सज्जनको संग पाईन्छ, अनेक पुराण शास्त्र पनि सुन्दछन्। पुराण सुन्यापछि गुरुका मुखारविंददेपि ज्ञान लिन्छन् र ईश्वरको सेवा गर्दछन्, एकादशी व्रत् गर्दछन्। यो संसारमा परंब्रह्मबाहिक अर्को छैन भनि चिंतना गर्दछन्, समस्त पुण्य उनकन चढाउँछन्, एस्ता प्रकारले ब्रह्मानिरूप नाम गर्नु एति ज्ञान भंनु। यो विज्ञान नपाउन्याले मोक्ष पाउँछ। एस्ता प्रकारले अनेक ज्ञानका कुरा श्रीरामले लक्ष्मणकन सुनाउनुभयो। हे भ्राता लक्ष्मण, यो ज्ञानको जरा-मरण पो हो, मेरा भक्त नहुन्याले यो ज्ञान पाउनु छैन। जसले मेरो भक्ति गर्छन् उनैले मात्र मोक्ष पाउँदछन् र चाडै लीन हुन्छन् भनि एस्ता प्रकारले श्रीरामले लक्ष्मणकन सुनाउनुभयो भनि श्री महादेवले पार्वतीकन सुनाउनुभयो, हे पार्वती ई राम लक्ष्मणको सम्वाद भयाका कुरा जसले सुन्नान् इन्को अज्ञान समस्त मुक्त भैकन श्रीरामको भक्ति पै मोक्ष प्राप्ति होला भनि श्री महादेवले पार्वतिकन सुनाउनुभयो।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे चतुर्थोऽध्यायः ॥४॥

५

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि गौतमी गंगातीरमा पंचवटी भन्याका ठाउंमा श्री सूर्पनखा भन्याकी राक्षस्नी एक वस्याकी छ। यो राक्षसिनी कस्तो छ भन्या महाभयंकर मूर्ति भयाकी रावणकी बैन्हि हो। यो पंचवटीमा राक्षसिनीको वास रह्याको छ, त्यो सूर्पनखाले पेल्न तस् जग्गहमा जाँदाका वेलामा श्रीरामचन्द्रका पादुकाको चिन्ह देपि र कस्तो रेखा भनौला अनेक छत्र ध्वजा अंकुश चक्र आदि अष्टमंगल भयाका एस्ता रामका पादुकाको चिन्ह भूमिमा

देखि र ताहाँ सूर्पनखाले मनमा चिंतना गर्नाकन लागि । यो पंचवटी मेरो आश्रममा कौना पुरुष आयो ! समस्त लक्षणले युक्त भयाको एस्ता पुरुषको मुख हेर्न पायां मेरो जन्म साफल्य भयो भनि चिंतना गर्दै गर्दै जाँदामा रामकन देखि । कस्ता राम भन्या कमलपत्र जस्ता तेज भयाका उत्तम पुरुषको वर्ण भै अति कोमल भै रहनुभयाका साक्षात् कंदर्प जस्ता एस्ता राम सीता लक्ष्मण सहितले रहनुभयाका हेरिकन तेस् सूर्पनखाका मनमा चिन्तना गर्नाकन लागिन् । इनहरूकन पुरुष भनुँला भनि चिंतना गर्दि भई, मायाले गरि सुंदरी स्त्री दिव्य भैकन रामका हजूरमा गइ र ताहाँ सूर्पनखाले विंति गर्दिभइन्, हे महापुरुष, तिमिहरू को हौ काहाँ पावलाग्नुभयो, कस्का पुत्र हौ भनि सोद्धि भई र ताहाँ श्रीरामको आज्ञा भयो, हे सुन्दरी, म अयोध्याका राजा दशरथको पुत्र म हौं । मेरा नाम रामचन्द्र हो भनि आज्ञा गर्नुभयो र ताहाँ रामले पनि हे सुन्दरी, तिमि को हौ भनि सोध्नुभयो र सूर्पनखाले पनि भन्नाकन लागिन्, हे श्रीरामचन्द्र, म लंका रावणकि बैन्हि म हौं, मेरा नाम सूर्पनखा हो । पंचवटिमा मेरो आश्रम हो, अब तपाइले जटा रूपका बोक्रा-को वस्त्र छाडिकन मलाई अंगीकार गर्नुहोस् । मेरा घरमा अनेक अनेक वस्तुले गरि राजाहरूकन योग्य योग्य प्रमाण भयाको छ, एस्ता वस्त्र लाई, एस्तोभोग्य वस्तु पाईकन सुखले राज गर्नुहोला भनि एस्ता प्रकारले सूर्पनखाले भन्याको वचन सुनि ताहाँ रामले आज्ञा गर्नाकन लाग्या, हे सूर्पनखा, मेरा त स्त्री छन्, उभांत सीता भयापछि अनेक २ का दुःख पर्ला । मेरा भाई लक्ष्मणका स्त्रीछैनन्, म भयो र ताहाँ सूर्पनखा लक्ष्मणका हजूरमा गै भन्नाकन लागिन्, हे लक्ष्मण, मलाई अंगीकार गर्नुहुन्स् भनि आज्ञा गर्दी भई र ताहाँ लक्ष्मणले आज्ञा गर्नाकन लाग्या, हे सूर्पनखा, मता रामको दास पो हौं, तँ मेरी स्त्री भयापछि ता तँ पनि दासी होलिस् । राम की स्त्री तँ भयापछि त पेल्हे रानि होलिस् भनि एस्ता प्रकारले लक्ष्मणले रामछेउँ जाउ भन्या, रामले लक्ष्मणछेउँ जाउ भन्या र तब सूर्पनखाले क्रोधले गरि भन्नाकन लागिन् । हे पापिष्ट, हे राम, यौटा स्त्री भयेर तिमिहरूले मलाई एस्तो फचित गरायौ भनि क्रोधले महाभयंकर मूर्ति भैकन रक्त नेत्र गरि र सीताकन मारौंला भनि सीता रहनुभयाका ठाउँमा जाइलागि र त्यो हेरिकन श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, त्यो पापिनी राक्षस्नीलाई समात २ भनि आज्ञा गर्नुभयो र ताहाँ लक्ष्मणले पनि रामको वचन सुनि तेस् राक्षसिनीकन समाति खड्गले नाककान काटिकन छाडि दिनुभयो, कयानभन्या स्त्रीवध नगर्नानिमित्तले जीउमात्रै बचाई पठाया । ताहाँउप्रांत सूर्पनखा राक्षसिनी आपना दाज्यु रावणका हजूरमा गैकन गुहार मागि र ताहां रावणले पनि आपना भाईकन बोलायो र भन्नाकन लाग्यो, हे महावीर २ भयाका तीनजना आदि चौंदहजार राक्षस-

माहाँ वीर २ भयाका ति सैन्य पछि २ लाई पठायो, रामचन्द्रसँग युद्ध गरौंला भनि राम राज गर्नुभयाका जग्गहमा जाँदो भयो। ताहाँ एस्ता प्रकारले राक्षसहरू आयाको हेरिकन श्रीरामले लक्ष्मणकन आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, राक्षसहरू आयाको हेर भनि तिमि हामिहरू-सँग युद्ध गर्न आयाको देप। अब तिमिले सीताको रक्षा गरि बस। अब मैले राक्षससँग युद्ध गर्न जान्छु भनि धनुष ताँदो चढाईकन बाण लीरहनुभयो। एस्ता प्रकारले रहनुभयाका वेलामा रामलाई ति चौध हजार राक्षसले अनेक २ शस्त्रले प्रहार गर्नाकन लाग्या, क्रमैसित आईलाग्या। एस्ता प्रकारले चौधहजार राक्षससित राम एकलैले युद्ध गर्नुभयाका वेलामा ति राक्षसहरूले आकाशबाट अनेक २ शस्त्र अस्त्र पाषाण वृक्ष शिला आदि नाना प्रकारले वर्साईदिया। इनका शस्त्रले पूर्ण भयो र आकाशमा चंद्र सूर्य पनि देखियेनन्। एस्ता शस्त्र आयाको हेरिकन ताहाँ रामले यौटा बाण झिक्यार प्रहार गर्नुभयो। ति रामका प्रहार गर्याको बाणले राक्षसका शस्त्र अस्त्र सबै खंड २ गरि भूमिमा पारिदिया। एस्ता प्रकारले महायुद्ध गरिकन फेरि रामले चिंतना गर्नुभयो, एस्ता निर्गति राक्षससित देरै कयान युद्ध गर्नु भनिकन चिताया र एउटा बाण झिक्यार ति राक्षसहरूलाई प्रहार गर्नुभयो। एस्ता प्रकारले चौधहजार १४००० राक्षस-हरूकन मारिदिया। यो हेरिकन रावणका भाई तीनै जनाले क्रोध गरिकन खड्ग लिएर रामकन मार्नाका निमित्तमा दगुर्दै २ आयाको यो हेरिकन ताहाँ रामले फेरि तर्कस समाति झिक्यार प्रहार गर्नुभयो, त्यो बाणले तीनै जनाका हृदयमा लागि मृत्यु भया। एस्ता प्रकारले मृत्यु गराया को हेरिकन त्यो शूर्पनखाका मनमा महाविस्मय भैकन रोईकन फेरि रावणका हजूरमा गैकन विंति गर्नाकन लागिन्। यो पंचवटी स्थानमा रामका प्रभावले ति राक्षस मर्याका हेरिकन देव-लोक ऋषिलोक अनेक २ ब्राह्मणहरूकन आनंद गरि रहँदा भया, स्वर्गबाट देवताहरूले पनि अनेक दुन्दुभि वाद्य बजाई पुष्पवृष्टि गरिदिनुभयो। एस्ता प्रकारले देवताहरू आदि सबै लोक-हरूको आनंद भयो। ताहाँबांत तेस् शूर्पनखा राक्षसिनीले आपना नाक कान नहुनाले शर्मले शोकले पीड़ा भयाकी नाक छोपिकन रावणका हजूरमा जाँदी भई र विंति गर्न लागि, हे महाराज, सुन्नुहुन्छ सुन्याजान्छ, वनवासी एक रामले तपास्विका भाई तीनै जनाहरू तीनै बाणले लगाएँ २ मार्या। फेरि चौध हजार राक्षसहरू पनि एकै बाणले मारिसक्या। एस्ता प्रकारले रावणकन समस्त कुरा सुनाई हे भ्राता रावण भनि ति वनवासी रामका स्त्री सीता अति सुन्दरी साक्षात् लक्ष्मी जस्तै एस्ती स्त्री मैले कस्तै पनि देखिनँ। हे रावण, तपास्विका कृपाले नाना मूर्ति लियेर स्वर्ग मध्य पातालमा पनि मैले बुलि फिरिरहाकि म एस्ति स्त्री कतै पनि देखिनँ। हे रावण, सुन्नु-

हवस्, यो स्त्री तपाखिकन योग्य छ वनवासी रामकन अयोग्य। तपाखिकन मैले सीताकन ल्याउँला भनि जाँदाका वेलामा ति रामका भाई लक्ष्मणले मेरा नाक, कान खड्गले काटिदियो, मेरो जीउमात्र बचाई पठायो हे महाराजा रावण, ति स्त्री तपाखिले ल्याउनुहवस्, त्यो सीता युद्ध गरि ल्याउँला भन्या भोरसा नराषनुहोला, क्यान भनौला त नाना मूर्त्ति लीकन मात्रै सक्न्याछौ। त्यस्कारणमा केही मूर्त्ति गरिकन पनि मायाले छल गरिकन पनि ल्याउनुहोला। ती स्त्री तपाखिका राजगृहमा भयापछि इन्द्रभन्दा पनि तपाखि भाग्यमानी हुनुभयो। ती स्त्री तपाखिले नल्याउन शक्या तपाखि भयाको व्यर्थ भयो भनि एस्ता प्रकारले गरि शूर्पनखाले रावणका हजूरमा विन्ति गर्नाकन लागिन्। त्यो वचन सुनिकन तेस् शूर्पनखालाई अनेक २ मान्य २ को शिरोपाउ दिकन घरपठाउँदो भयो। ताहाँपछि त्यो रावणले आपना अन्तःपुरमा गैकन महाचेष्टाले नाना प्रकारले चिन्तना गर्दो भयो। हाई-हाई, कस्तो आश्चर्य मै आयो! वनवासी मांछेले एस्तो कसो गरि गऱ्या। मनुष्य भन्याका ताहाँ आहारा पो हुन्, तेस्ता मनुष्यले चौध हज्जार राक्षस आदि महावीर २ मेरा भाईहरू पनि मारिदियो! कसो गरि मान्या भनि वेद गरि बोल्न लाग्यो। एस्ता प्रकारले कसो गरि मान्यो भनि आश्चर्य भयो भनि चिन्तना गर्नाकन लाग्यो। पूर्वकालमा ब्रह्माले आज्ञा गर्नुभयाको थियो मैले सुन्याको थियो मलाई भय कसैबाट छैन मनुष्यबाट मात्रै भय छ भनि ब्रह्माले आज्ञा गर्नुभयाको थियो, एहि हो भनि मैले जान्याँ। साक्षात् महाविष्णु मनुष्य औतार हुन्या छ भनि मैले सुन्याको थियो निश्चयले तेहि भयो भनि मनमाहाँ त्रास गरि डराउन लाग्यो। फेरि चिन्तना गर्न लाग्यो, अब मेरा भाग्य भयो भनि भनौला त यो वनवासी राम नारायण औतार भया इन्का हातबाट मृत्यु भैकन वैकुण्ठ पदवी पाउँला, फेरि नारायण होइनन् भन्या पनि मनुष्य भया इन्लाई मारिकन सीता ल्याउँला, लंकामा सुखभोगले रजाणि गरिरहुँला। यो राम मित्रभावले हुन्याछैन शत्रुभावले अवश्यले यो सीताहरण गरि ल्याउँछु। अब मेरा दुई प्रकारले आनन्द भयो भनि नाना प्रकारले चिंतना गरि रात विहायो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो।

इतिश्री अध्यात्मरामायणे उमामहेश्वर संवादे आरण्यकांडे पंचमोऽध्यायः ॥ ५ ॥

६

श्रीमहादेव उवाच—हेपार्वति, ताहाँपछि रात विहायो र आफ्ना मामा मारीच भन्याको राक्षसका घरमा जान्छु भनि गयो, ताहाँ मारीच राक्षस आफ्ना घरमा नित्यकर्म ध्यान जो भयाको गरिरह्याको वेलामा त्यो रावण पुग्न गयो र ताहाँ रावणले भन्नाकन लाग्यो, हे मामा मारीच भनि बोलाउँदामा यो मारीचको ध्यानकर्म गरि सकिकन हेर्दामा रावणकन देख्यो र आश्चर्य मानि भन्नाकन लाग्यो। फेरि मनमा चिताईकन भन्यो आफ्ना भानिज पनि हुन्, फेरि राजा पनि हुन् क्या भन्न आउनुभयो भनि चाँडै उठीकन नाना यज्ञका सबै सामग्री तयार गरि तेस् रावणकन अनेक पूजा गरि ताहाँ मारीचले भन्न लाग्यो, हे महाराजा रावण, राक्षस-राजेन्द्र तपाञ्चि हौं। लंकाका राजा ईश्वर भै रहनुभयाका एकलै पाउलाग्नु अयोग्य हो भनि हे रावण, तपाञ्चिले पाउलाग्नुभयाको कारण क्या हो। मैले क्या काम गर्नुपर्न्या हो सो म गरौंला। तपाञ्चिले ज्या आज्ञा गर्नुहुन्छ सो म गरौंला, जुक्तिको काम भया म गरौंला अजुक्तिको काम भया मैले गर्न्याछैन तपाञ्चि राजा पनि हौं भानिज् पनि हौं। ताहाँप्रान्त असत्यको काम भया म गर्न्याछैन सत्यको कार्य भया अवश्य म गरौंला। हे रावण,आज्ञा गर्नुहुन्छ् नहुन्या काम भया आज्ञा नगर्नु, होला भनि एस्ता प्रकारले मारीचले रावणका हजूरमा विन्ति गऱ्यो र यो मारीचको वचन सुनि ताहाँ रावणले पनि आज्ञा गर्नाकन लाग्यो, हे मामा मारीच, यो वनवासी रामकी स्त्री यौटा अति सुन्दरी छ भनि मैले सुन्याँ। अब यो स्त्री मैले हरण गरिकन ल्याउँला भनि निश्चयले अंगीकार गरिसक्याँ अब वैरि सानु नठान्नु जब गर्नु बुद्धि गर्नुपर्दछ भनि एस्ता प्रकारले तपाञ्चिले अनेक माया मूर्चि लिन शक्न्याछौ अब तपाञ्चिले सुवर्णको मृग भैकन सीताका अग्रमा गैकन मायाले गरि सीतालाई मोह गराई रामलाई एकातिर लैजानुहुन्छ्, एस् वेलामा मैले सीतालाई हरण गरि लैजाँला भनि भन्यो र ताहाँ मारीचले यो वचन सुनि भन्नाकन लाग्यो, हे महाराजा रावण, त्यो दुर्बुद्धि ज्ञान तपाञ्चिले कसछेउँ साधनुभयो, त्यो कुबुद्धि ज्ञान सिकाई दिन्या पापिष्ठकन पनि ऐले मार्नुपर्दछ। हे महाराजा रावण,सुन्नुहुन्छ्, अघि विश्वामित्रका यज्ञमा मैले अनेक २ उत्पात गरिदिंदा। सधैं एस्ता प्रकारले गर्दामा एकवेलामा श्रीरामचन्द्र चार-पाँच वर्षका बालप उमेरमा ति रामले मलाई बाणले प्रहार गर्नुभयो, कस्तो भनि भनौंला त एका बाणले मेरासंगि एकजना मारिदिया, फेरि एक बाणले मेरा हृदयमा लागि,त्यो बाणले उनीकन शय जोजन पुऱ्याई समुद्रमा फाल्दा भया। बालखमा एस्तो पराक्रम देखाउन्या एस्ता रामकन

कसो गरि द्रोह गर्नुहुन्छ। फेरि इनूहरूले हाम्रा प्राण पनि राख्याछैनन्, फेरि म मायाले सिंह भैकन ति रामलाई मारौंला भनि जाँदामा एक बाणले मेरा हृदयमा उनीकन मेरा आश्रममा पुऱ्याया, मेरो प्राणमात्र बचाई पठाया। हे रावण, तेस् दिनदेखि रामको नाम सम्झँदा पनि मेरा महात्रास मनमा हुन्छ। हे रावण, अब एस् ठाउँमा वृक्ष जीवजन्तु घास आदि केहि देख्या पनि मलाई मार्नाकन आया भनि त्रासले डराई रह्याको म छु। हे रावण, रामका त्रासले स्वप्नामा पनि रामको भयमै रह्याको छु, पाँदामा पनि सुत्तामा पनि वस्तामा हिंडदामा पनि रामले मलाई मार्न आया भनि एस्ता त्रासले म पीडा भैरह्याछ। एस्ता पराक्रमी रामका स्त्री तिमिले हरण गरि ल्याउनाको इछा गर्नुभयो, तपाञ्चिले एसो नगर्नुहोला। हे रावण, ति रामको क्रोध कसले सहन सक्ला! हे मूर्ख रावण, एस्तो कार्य चिताउनु नहोला, यो कार्य गऱ्या यो लंकामा जत्ति भयाका राक्षसहरू सबै संहार गर्न्याछन्, यो दृष्टान्त देख। हे रावण, राक्षस भन्ना पनि राख्याछैनन् भनि एस्ता प्रकारले मारीच भन्ना राक्षसले रावणका अग्रमा बसि सुनायो र ति वचन सुनीकन ताहाँ रावणले पनि भन्नाकन लाग्यो, हे मामा मारीच, तेस् पापिष्ठ रामले मेरी बैह्नी, शूर्पनखाको विनाअपराधले मारिदियो, एस्ता अपराधी रामलाई द्रोह गऱ्या क्या होला। मैले उन्की स्त्री अनेक यत्न गरेरकन पनि हरण गरौंला। हे मारीच, रामता मनुष्य पो हुन्, हाम्रा आहारा हुन्। एस्ता रामका निमित्तमा डराउन्या तिमि धिकार २ तम्रो जन्म भनि, हे मारीच, इन्द्रादि देवलोक यक्षलोक गंधर्वलोक एस्ता एस्ता लोकहरू पनि मेरा निमित्तमा, त्रास भै डराउँछन्, एस्तो वीर म भैकन, निर्गति मनुष्य एकजनाका निमित्तमा एस्तो गरि डराउनु क्यान, धिक्कार २ तम्रो जन्म भनि मारीचकन भन्यो। एस्ता प्रकारको रावणको वचन सुनि ताहाँ मारीचले पनि फेरि भन्नाकन लाग्यो, हे महाराजा राजेन्द्र रावण, रामचन्द्र भन्याका मनुष्य जाति भनि तपाञ्चिले चिताउनुभयो, राम मनुष्य पान पाचाँ भनि नचिताउनुहवस्, साक्षात् परमेश्वर नारायण औतार हुन्। कसो भन्या, नारायण औतार अघि ब्रह्माले पृथिवीको भारा खण्ड गर्नानिमित्तले रावणादि अनेक दैत्य राक्षसकन संहार गर्नुहवस् भनि ब्रह्माले विन्ति गर्नुभयो। एस्ता प्रकारले ब्रह्माको वचन सुनिकन राम औतार लिनुभयो एस्ता रामकन अपराध गर्नु छैन। हे रावण, इ राम कस्ता हुन् भन्या सृष्टि संहार गर्नाका सामर्थ भयाका, फेरि ति रामका क्रोधले भन्या सृष्टि संहारकर्ता एस्ता रामलाई अपराध गऱ्या अवश्य हामिहरूको कुल संहार गर्न्याछन्। रावण रामका चरणमा जाउँ हिंड, एसो गऱ्या, यो लंका राज्यमा सुखले रजाचि गरौंला महा आनंदले बसौंला। एसो नगऱ्या हाम्रो काल आयो भनि नाना प्रकारले

विंति गऱ्या र एस्ता प्रकारका मारीचका वचन सुनिकन ताहाँ रावणले महाक्रोध गऱ्यो, कस्तो क्रोध भन्या आँषामा पनि राता राता गरिकन भन्नाकन लाग्यो। हे मारीच भनि धेरै कुरा गर्नु निको पनि छैन ऐले जति कुरो गऱ्याको मैले सह्याँ। उप्रांत एस्ता कुरा गऱ्या एसै खड्गले प्रहार गरि तँलाई मारौंला भनि एस्ता प्रकारका रावणका क्रोधका वचन सुनि ताहाँ मारीचले महात्रासले गरि ढराईकन माहा चिंतना गर्नलाग्यो। इ रामकाहाँबाट दुई पटक रक्षा भई आयाँ अब तीन पटकमा अवश्य जीउ लिन्याछन् भनि ताहाँ मारीचले मनमा चिंतना गर्नाकन लाग्यो अवश्य मर्नुपऱ्यो, मर्नु जति पऱ्यो भन्या एस् पापात्मा रावणका हातबाट कयान मरौंला इन्का हातबाट मऱ्या अवश्य म नर्की हुउँला, अब रामका हातबाट प्राण छोड्ला भनि मनमा चितायो र ताहाँ मारीचले रावणका हजूरमा भन्नोकन लाग्यो। आफ्ना प्राणको भय त्रास मानि डराईकन गद्गद् वचन गरि कुरा गर्नाकन लाग्यो, हे महाराजा, तपाईले प्रसन्न भयाजाबस्, तपाईको जस्तो आज्ञा भयो तस्तै गरिकन मजाँला भनि आज्ञा लियो र मारीचले रावणका हजूरमा दण्डवत् गरि विदा मागिकन गयो। तहाँ मारीचले अति सुंदर सुनको मृग भैकन राम सीताले देख्न्या गरि गयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो। हे पार्वति, मारीच दैत्य मायाले सुनको मृग भैकन राम सीताका अग्रमा गयो भनि श्रीमहादेवले पार्वतिकन कहनुभयो, ब्रह्माले सत्यलोकमा नारदकन कह्या। सोहि कथा नैमिषारण्य क्षेत्रमा सूतले सौनकादि ऋषिहरूकन कह्या।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे षष्ठोऽध्याय ॥ ६ ॥

७

श्री महादेव उवाच—हे पार्वति, श्रीरामले सीताछेउँ आज्ञा गर्नुभयो, हे प्रिये सीता, अब मैले अंगीकार गरिशक्या कार्य्य सबै गर्नाकन लाग्या, तस्कारणले यो ठाउँमा अनेक यक्ष-हरू छन्, इन्हरू तिमिलाई छलनाकन आउनान्। तस्कारणमा तम्रा छायाले तिम्रो अंश बनाई वर्ष दिनसम्म तिमिले रहनु, वर्ष दिनभित्रमा मैले सबै कार्य गरिसकौंला भनि एस्ता प्रकारले रामको वचन सुनि तहाँ सीताले पनि श्री रामका आज्ञा जस्तै आफ्ना छायाले गरि सीता यौटी

बनायेर अग्निमित्र गइन । ताहाँ त्यो छाया सीताले सहित गरिरहनुभयाका बेलामाहा अति सुंदर सुनको मृग यौटा देषनुभयो र कस्तो मृग भनौला त कांचनका जस्तो वर्ण, नील कमलका मनि, जस्ता आँषा हीरा जस्तो शरीर एस्तो मृग यौटी राम सीताका हजूरमा आयो, कस्तो भन्या मेघले अंधकार भयाका बिजुलि प्रकाश भया जस्तो यो पंचवटी भन्याका तीरमा आयाको निसानि मृग मलाई मारिदिनुहवस्, हाम्रा राज्यमा लैगेर षेलाउँला भनि भन्याका एस्ता प्रकारका सीताका वचन सुनि ताहाँ रामले आज्ञा गर्नाकन लाग्या, हे सीता, तिमिलाई त्यो मृग अवश्य दिउँला भनि रामले लक्ष्मणलाई आज्ञा गर्नुभयो, हे लक्ष्मण, मैले सीताकाई षेलाकन त्यो सुनको मृग समातिदिन्छु तिमिले सीताको रक्षा गरि वस भनि आज्ञा गर्नुभयो र एस्ता प्रकारका रामका वचन सुनि ताहाँ लक्ष्मणले विंति गर्नाकन लाग्या । हे भ्राता श्रीराम, त्यो मृग होइन मायाले मृग भयाको हो भनि लक्ष्मणले श्रीरामका हजूरमा विंति गर्दा भया र रामले आफ्ना भाइको वचन नमानिकन सीताका मनमा संतोष गर्नाका निमित्तले धनुषमा ताँदो चढाई बाण ली पर पाउलाग्नुभयो । एस्ता राम भनि श्रीमहादेवले आज्ञा गर्नुभयो । हे पार्वति, ति रामका मायाले यो संसारमा जति भयाका प्राणिहरूकन मोह गर्न्या एस्ता श्रीराम राक्षसका मायामा मोह भैकन जानुभयो, क्यान भन्या चिताया को कार्य्य सिद्ध अर्थले राक्षसका मायाविषेमा मोह भया । ताहाँ त्यो मृग देषन पाउन्या गरि गया, एस्ता प्रकारले जाँदा २ महादूर बनमा लैगयो । ताहाँमांत रामले चिंतना गर्नाकन लाग्या, यो पापिष्ट मृगले मलाई मोह गरि लैगयो, म मूर्ष भैकन मेरा भाइको वचन नमानि म आयाको कार्य मैले विराएँ । एस् पापिष्ट राक्षसका मायामा भुलि म आहाँ मैले यो रावण भनि चिताइन भनि रामले फेरि चिंतना गरि यौटा बाण झिकिकन मृगलाई प्रहार गर्नुभयो र ति रामका बाण लागिकन त्यो मारीच राक्षसको प्राण संदेह भैकन रावणका सेवा गर्नाका निमित्तमा रामचंद्रका जस्तो स्वर गरिकन करायो । बडो घात दुष्याका वेदनाले भन्न लाग्यो, हे भ्राता लक्ष्मण, पापिष्ट राक्षसले मलाई मार्नाकन लाग्यो, मेरा प्राणकन संदेह भयो मलाई रक्षा गर र गुहार आउ भनि एस्ता प्रकारले गरि करायो र त्यो मारीच भन्ना राक्षसले प्राण छोड्यो । त्यो मारीच मर्न्याका ठाउँमा अनेक २ देवताहरू आईकन हेर्नाकन लाग्या । त्यो मारीचका शरीर-बाट अग्निका जस्तो ज्योति आयो र यो ज्योति श्रीरामले आफ्ना शरीरमा लीन गर्नुभयो भनि एस्ता प्रकारले श्री महादेवले आज्ञा गर्नुभयो, हे पार्वति, ई रामले आफ्ना बैहिकन पनि यो राक्षसलाई मोक्ष पदवी दिनुभयो, देवलोक सबैले पनि आश्चर्य मान्नाकन लाग्या र तब

भन्दछन्। हे पार्वति, इ रामको कस्तो महिमा भन्या अनेक २ मोक्षवर तपस्वीहरूले पनि नपाउनु भयाको कष्ट पदवि एस्ता पापात्मा राक्षसले त्रास समान् भैकन रातोदिन रामको चिंतना गऱ्यो र एस्तो पदवी प्राप्त भयो भनि श्री महादेवले आज्ञा गर्नुभयो। हे पार्वति, भक्तले भया पनि अभक्तले भया पनि रामको नाम मनले चिंतना गरि प्राण छोड्न शक्या एस्तो मोक्ष प्राप्ति हुन्याछ। हे पार्वति, इ रामले लक्ष्मणकन गुहार माग्या भनि रामचंद्र चाँडै जाउँ भनि जानुभयो। ताहाँपछि सीताले लक्ष्मणकन गुहार माग्याको यो शब्द सुनि सीताका मनमहाँ विस्मय भयो र हरि २ रामको जस्तो स्वर भयो रामलाई कसो भयो भनि मनमाहाँ चिन्तना गरि रुँदिभइन्। आफ्ना भाइ लक्ष्मणकन सीताले आज्ञा गर्नाकन लागिन्, हे भ्राता लक्ष्मण, तम्रा दाज्युकन क्या दुःख भयो राक्षसहरूले समाई केहि सासना गऱ्या कि! अब तिम्रा नाम लिया गुहार २ भनि कराया‌को शब्दले मैले सुन्याँ क्या हेतु भयो, रामकन अवश्य भय प्राप्त भयो भनि हे लक्ष्मण, रामका अति प्रिय तिमि छौ तस्कारण दाज्युलाई गुहार जाउ, रामको प्राण जानाकन लाग्यो तिमि ऐल्हे चाँडो जाउ भनि भन्नुभयो र त्यो वचन सुनि ताहाँ लक्ष्मणले पनि विन्ति गर्नाकन लाग्या, हे सीता, रामका निमित्तमा तपाईले दुःख लिनु नभयाजाबस् भनि भन्याका ति वचन सुनि सीताले महाक्रोधले गरिकन गद्गद वचनले आज्ञा गर्नाकन लागिन्, हे लक्ष्मण, अब तिमी दुरात्मा भयौ, कसो भन्या भरतले आपना दाज्यु हुनानिमित्तले रामकन एस्ता दुःख गरि पठाया, अब तिमिले पनि रामकन मारि मलाई स्त्री आपनी तुल्याउँला भनि चितायौ तिमि धिक्कार हौ। हे लक्ष्मण, अब मैले प्राण छोडौंला भनि भन्याको एस्ता प्रकारको सीताको दुर्वाक्य वचन सुनि ताहाँ लक्ष्मणका हृदयमा इन्द्रका वज्रपात भया जस्तो गरि भन्नुभयो र इ सीताको वचन कैल्हे पनि सुन्याको थियेन सधैं अमृत वचनले आज्ञा गर्नुहुन्थ्यो भनि भन्नाकन लाग्या, हे सीता, तपाईले एस्ता अगम्यका वचनले मलाई भन्नुभयो, अब यो दुःखको हेतु यो हो देख। यो दुःखको हेतु तपाईले जान्नुहोला भनि अज्ञा गर्नुभयो र ताहाँ लक्ष्मणले सबै वनदेवताहरूलाई आज्ञा गर्नाकन लाग्या, हे वन-देवताहो, तिमिहरूले इ सीताको भय रक्षा गर्नुहुनस् भनि सीताको आज्ञा लियेर धनुर्बाण लिई आपना दाज्यु श्रीराम भयाका ठाउँमाहाँ गुहार जान्छु भनि जानुभयो। एस् वेलामा रावण भिक्षुक भई भेषधारी भयेर एका हातमा दण्ड एका हातमा कमण्डलु लिई सीता वस्नुभयाका ठाउँमाहाँ भिक्षा माग्न भनि आयो र ताहाँ भिक्षा माग्याको सुनि सीताले पनि अतिथि अभ्यागतलाई भिक्षा भोग्यको पदार्थ गरिकन त्यो माया लि आयाको भिक्षुकका अग्रमा बोल्नाकन लागिन्। हे भिक्षुक,

यो वस्तले तपाषि सन्तुष्ट हुनुहुन्छ भनिन् एस्तो सीताको वचन सुनि ताहाँ भिक्षुकले बोल्नाकन लाग्यो, हे सुन्दरि, तिमि एस्ता वनमा एकलै कयान बस्याकी, तिमि काहाँबाट पाखलाग्नुभयो, कस्की पुत्री हौ, तम्रा नाम क्या हो, मलाई सुनाउनुहोला भनि एस्ता कारणले बोल्यो र सीताले पनि आज्ञा गर्नाकन लागिन्, हे भिक्षुक, म अयोध्याका राजा दशरथका पुत्र श्रीरामचन्द्रकी स्त्री म हौं। मेरा पिताको नाम भन्या जनक राजा हुन् क्यान भन्या कैकेयी माताका आज्ञाले हामिहरू वनवास गर्न भनि आज्यु। तेस्ता प्रकारले समस्त वृत्तान्त कुरा सुनाउनुभयो। फेरि सीताले भन्न लागिन्, हे भिक्षुक, मेरा जो भयाको वृतान्त सबै तपाखिकन सुनायाँ। अब तपाखिको वृत्तान्त कुरा सुनाउनुहुन्छ भनि भनिन् ताहाँ भिक्षुकले पनि भन्न लाग्यो, हे सीता, म लंकाको राजा रावण भन्याको म हुँ भन्यो र ताहाँ सीताका मनमा त्रासमान भै रहँदी भईन्। फेरि एस्ता प्रकारले हरि २ भनि मनमाहाँ त्रासमान भइरहनुभयाका वेलामा सीताका अग्रभागमा गैकन बसि तेस् दुरात्मा रावणले बोल्न लाग्यो, हे सीता, एति कोमल शरीर भैरह्याकि एस्ती तिमि अत्यन्त परम सुन्दरी साक्षात् लक्ष्मी जस्तै तिमि एस्ता वनमा बस्नु अयोग्य हो। एस्ता कारणमा मेरा राज्य लंकामा सुवर्णको भूमि स्वर्ग मध्य पातालमा पनि दुर्लभ भयाको वस्तु पनि मेरा अन्तःपुरमा छ, फेरि अनेक २ वस्तु अनेक रत्न छन्। एस्ता २ वस्तुले सुखभोग गरि स्वर्ग मध्य पातालकी रानी भैकन मेरि स्त्री मनोधरि इन्द्रले पनि तिम्रो सेवा गरि तिमिकाई सबैले मान्य गराई म राखौंला। हे सीता, एस्ता वनमा दुःख पाईकन क्यान बस्याकी, मसित जाउँ हिंड भनि दुरात्मा रावणले एस्ता प्रकारले बोल्याको सुनि ताहाँ सीताका मनमा डराउनुभया जस्तो गरि क्रोधले ताहाँ सीताले ठुलो वचन गरि आज्ञा गर्नुभयो, हे पापात्मा, तँ मायाले आयाको एस्ता कुरा गर्न्या तँ श्रीरामले अग्नि साक्षी गरि कन्यादान पायाका म एस्ता रामकी स्त्री म हुँ। हे पापिष्ठ, मैले ता भिक्षुक ठानिकन पूजा गर्न्याथ्याँ, एस्तो पापात्मा पो रहिछस्। एस्ता कुरा गर्न्या मेरा स्वामि श्रीरामले तेरो प्राण पनि राख्न्याछैनन्। तेरा परिवार भाइबन्ध पनि सबै निर्मूल गरिदिन्याछन् भनि एस्तो सीताको वचन सुनि पापात्मा रावणले क्रोधले गरि आपना शरीर पर्वतका जस्तो देह गराईकन दश शिर बीस हात गरि एक हातले शस्त्र-अस्त्र लियेर महाभयंकर मूर्ति भैकन भय देखायो र त्यो हेरिकन सीताका मनमा महाभयले डराईकन काहाँ जाउँ भन्या जस्तो भैकन रहँदी भइन्। तेस् रावणको महाभयंकर मूर्ति देखिकन वन-देवता पनि डराउनाकन लाग्या। ताहाँ सीता पनि पृथिवीमा त्रासले भाग्नाकन लागिन्, चाँडै गरिकन भाग्न लागिन्। त्यो हेरिकन रावणले चाँडै गरि सीताकन समाति आपना

रथमा राखिकन लैगयो। ताहाँसांत सीताले चिंतना गर्नाकन लागिन्, हे लक्ष्मण २, लक्ष्मणको वचन मैले निंदा गऱ्यार उन्को वचन व्यर्थ गरथाका फलले एस्तो आपद पाऱ्यौं भनि एस्ता प्रकारले मनमा चिंतना गर्नाकन लागिन्। हे राम २, हे लक्ष्मण २, पापात्मा राक्षसका हातमा पऱ्यौं, मलाई हरण गरि लैगयो भनि एस्ता प्रकारले कराई २ पृथिवीमा हेरिकन जानुभयो। एस्ता प्रकारले जाँदामा त्यो वचन सुनिकन ताहाँ वृद्ध भयाका जटायु गृद्धले भन्नाकन लाग्या, ति सीतालाई कस्ले एस्तो अवस्था गरायो। मसित युद्ध नगरि लैजान हुँदैन भनि भन्नाकन लाग्या। रामका सेवक म ताहाँ छँदैछ भनि हाक पारि जटायुले वाटो छेकिकन तेस् रावणको रथ जटायुका चुच्चाले चूर्ण गरि प्रहार गरथा, सारथि घोडासमेत त्यस् रावणका हातमा लियाको धनुष बाण पनि चूर्ण गरिदिया र त्यो हेरिकन त्याहाँ रावणले महाक्रोधले गरि सीताकन भूमिमा राखि खड्गले ति जटायुका पखेटा काटिदियो, प्राण मात्रै बचाई पठयो। ताहाँपछि यौटा रथ मायाले सृष्टि गरिकन सीताकाई रथमा राखि रामचन्द्रका भयले डराईकन चाँडै गयो। ति सीताले पनि हे राम २, हा लक्ष्मण २, भनि रोई २ कन कराईकन जाँदाका वेलामा एक पर्वतमा वानरहरू पाँचजना मन्त्रि वस्याका देखि सीताले आफना वस्त्र फुकाई-कन तेसै वस्त्रमा गहना पोको बाँधिकन, ति वानर वस्याका ठाउँमा तेहि पोको पसाली बोल्नु-भयो र हे वानरहो, राम-लक्ष्मणलाई एसो भन सीताको एस्तो हवाल भयो, राक्षसले लैगयो भनि तिमिहरू पाँचै जनाले पवर राम लक्ष्मणलाई सुनाईदिया भनि आज्ञा दिईन्। तहाँमान्त त्यो पापिष्ट रावणले लंकाभित्र लैगयो, ताहाँ रावणले अति आपनु अति प्रेम भयाका ठाउँमा अशोकवनिकाविषेमा ति सीताकन राखि ताहाँविषे अनेक राक्षस राक्षसिनी चौकि राखिदियो। तिमि ता कति भन्या हज्जार चन्द्रमाका जोति जस्तो मुख भयाकि अति कोमल शरीर भैरह्याकि एस्ति सीताळाई दुःखका समुद्रमा राखि अतिशोकले दग्ध गराईकन राख्यो, एस्ता पापात्मा रावणले पनि आफनी माताळाई रक्षा गऱ्या जस्तै गरि रक्षा गरि राख्यो भनि श्रीमहादेवले पार्वतिकन कहि सुनाया।

इतिश्री अध्यात्मरामायणे उमामहेश्वर संवादे आरण्यकाण्डे सप्तमोऽध्यायः ॥७॥

८

सदाशिव उवाच—हे पार्वति, ताहाँपछि राम फिर्ने भयाका वेलामा टाढावाट लक्ष्मणकन आयाको देखिकन ताहाँ रामले चिंतना गर्नाकन लाग्या। मैले यौटी सीता मायाले सृष्टि गरि इन्का हातमा सौंपि राखि आयाथ्यौं लक्ष्मणले पनि छोडि आया। यो काम लक्ष्मणले पनि जानेनन्, सीता हामि तीनजनावाहिक कसैले जान्याको थियेन। अब म नरमूर्ति भैकन यो संसारमा अवस्त्री तुल्याई म रह्या यो समस्त दुःखको हेतु हो भनि माया छाडि योगमा वस्न पाया महासुख छ भनि मनमा चिताई फेरि चिन्तना गर्नाकन लाग्या र देवताको कार्यका निमित्तले अनेक दैत्य राक्षसको संहार गर्नाका अर्थले नरमूर्ति औतार लि म त्याहाँ आया। सुखले यो कार्य हुँदैन दुःखले मात्र कोटि २ दैत्यहरू मार्न्यो छ भनि एस्ता प्रकारले मनमा चिंतना गर्नाकन लाग्या। जस्तो नरको चरित्र हुन्छ तस्तै भैले पनि संसारका मायामा छागि काममा आतुर भै म रह्या मनुष्यको जस्तो चेष्टा भैकन लोककन प्रतीत गर्नाका अर्थकन मनुष्यको चेष्टा भैकन मनुष्यको चरित्र हुनुपऱ्यो भनि एस्ता प्रकारले चिन्तना गर्दै २ पाउलाग्नु-भयाका वेलामा लक्ष्मणले श्रीरामचंद्रकन भेट्न आइपुग्या र ति लक्ष्मणले रामका चरणमा पनि दण्डवत् गरि श्रीरामका अग्रमा वसि सीताको दुर्वाक्य वचन समाझि २ कन हिंडदामा दुःख गरि निहुरिकन वडा कष्टले रुनाकन लाग्या। एस्ता लक्ष्मणकन हेरि श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, त्याहाँ तिमि क्यान आयौ! अब तिमिले अनर्थ गऱ्यौ, सीतालाई संभार गर्न राख्याका मेरा आज्ञा नभैकन सीतालाई छाडि आयौ। हे लक्ष्मण, कस्का आज्ञाले सीता एक्लै एस्ता वनमा छाडि आयौ। एस्ता वनमा अनेक २ सिंह, व्याघ्र, राक्षस अनेक २ जन्तु भयाका ठाउँमा आफालि आयौ, अब सीताको जीउ वाचनाकन कठिन छ, कदाचित् प्राण वाच्या पनि हामिले भेट्न नहुन्या भयो। हे लक्ष्मण, कसो भयो भन्या कि राक्षसले लैजाला कि सिंह व्याघ्रले पाला दुई कुरामा एक कुरा अवश्य भयो, अब क्या उपाय गरौं भनि एस्ता प्रकारले लक्ष्मणलाई पै गऱ्या र एस्तो रामका वचन सुनि लक्ष्मणले पनि व्याकुल चित्त गरि आँखावाट आँसुका धारा वसालिकन श्रीरामका हजूरमा विन्ति गर्न लाग्या, हे भ्राता राम, म त्याहाँ आयाको आफ्ना पुसले होइन कसोभयो भन्या हामि वस्याका ठाउँमा तपाखिले बोल्या जस्तो स्वर गरि हे लक्ष्मण, मलाई राक्षसले पीडा गऱ्यो मेरो प्राण जान लाग्यो, हे लक्ष्मण, मलाई रक्षा गर २ भनि एस्तो स्वर गरि कराया को शब्द भयो र यो शब्द सीताले सुनिकन अति शोक

गरि रुन लागिन् र एस्ता वेलामा सीताले मलाई आज्ञा गर्नाकन लागिन्, हे लक्ष्मण, रामको प्राण जान लाग्यो, क्या हुनुभयो दाज्युलाई गुहार गर्न जाउ, दाज्यूले गुहार माग्या, जाउ २ भनि मलाई आज्ञा गर्नुभयो। ताहाँ मैले पनि विंति गर्‍याँ, हे सीता, श्रीरामलाई केहि भय हुन्या छैन, गुहार पनि मैले जानुपर्दैन, स्यो करायाको सोर राक्षसको हो, रामको सोर होईन, राक्षसको माया पो हो, तपाञ्जिले शोक दुःख गर्नुपर्दैन, धीर्य गरि वस्नुहुस् भनि मैले नाना प्रकारले बुझाएँ र पनि सीताका मनमा प्रतीत भएन। ई सीताले मलाई अनेक २ दुर्वाक्य वचनले भन्नुभयो, ति सीताले भन्नुभयाका दुर्वाक्यका वचन तपाञ्जिका हजूरमा म कसो गरि विंति गरौं मलाई महा शरम भयो, शर्मका निमित्तमा मैले प्राण धारणा गर्नाकन महादुर्ल्लभ भयो भनि एस्ता प्रकारले लक्ष्मणले रोई २ कन रामका हजूरमा विंति गर्नाकन लाग्या। एस्तो वचन लक्ष्मणको सुनि रामले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, तैंपनि अनर्थ गर्‍यौं, स्त्रीजातिको क्या ज्ञान होला, एस्ता स्त्रीका आज्ञाले आउन्या होईन। जब तिमिले मेरो वचन नाघेउ अब तिमि नरकी भयौ भनि एस्ता प्रकारले रामले सबै आफुले जानिकन पनि अज्ञानीले बोल्या जस्तो गरि श्रीरामले लक्ष्मणलाई अनेक प्रकारले पै गर्नुभयो। ताहाँउभांत सीता राख्याका ठाउँमा पंचवटीमा पुग्नुभयो र ताहाँ आफ्ना आश्रममा सीता नभयाको हेरिकन राम लक्ष्मण दुवै जनाले नाना प्रकारको शोक गर्नाकन लाग्या। हा प्राण २, हा सीता २, तँ काहाँ गईस्? सधैंका जस्तो मैले मुख हेरौंला भाहाँ आइ भनि एस्ता प्रकारले शोक गर्नुभयो। हे सीता, हामिहरूले ल्याायाको कंदमूल अब कस्का हातले आदर गरि देला र हामि पाउँला भनि एस्ता प्रकारले शोक गरिरहनुभयो। फेरि आज्ञा गर्नाकन लाग्या, हे सीता, हामिहरूलाई छाँट्नाका निमित्तमा यो वनमा लुकिरह्याकि छौ कि बाहिर आउ भनि एस्ता प्रकारले शोक गरिकन बोल्न लाग्या, फेरि वनदेवताछेउँ पनि सोध्न लाग्या, हे वन-देवताहो, ई सीता तिमिहेरूलाई सौंपि गयाध्युँ, ई सीता काहाँ गईन्, कस्ले लैगया तिमिहरूले देख्याथेउ कि भनि सोध्नुभयो र ताहाँ वनदेवताले आज्ञा गर्नाकन लाग्या, हे श्रीराम, लक्ष्मण, एस् ठाउँमा भयंकर पर्वत जस्तो शरीर भयाको तेस्तो पुरुषले देखिकन हामिहरू डराईकन भाग्युँ, तेस्कन मात्र देख्युँ, अरू ता केहि देख्युँन, जान्याको पनि छैन सुन्याको पनि छैन, भनि सुनाउनुभयो। ताहाँ रामले अत्यंत गरि अति शोकले गरि वनविषे अनेक २ रूपयाई सोध्नुभयो, फेरि सोध्नाकन लाग्या, हे वृक्षहेरूहो, तिमिहेरू यो वनमा सधैं स्थिर भै रह्याका छौ, यो बाटामा तिमिहेरूले कसैले सीताकन ल्याायाको देख्याथेउ कि भनि सोध्नाकन लाग्या।

अनेक प्रकारले गरि वनमा हेरि सोधिदा पनि कतै पायेनन, जस्तै गरि बडो वायु लाग्दामा केराको थाम् ढल्दछ तस्तै गरि श्रीराम पृथिवीमा पल्टि मूर्छा हुँदा भया। सीताका निमित्तमाहाँ हा प्राण, हा सीता भनि महाशोकले गरि एस्ता प्रकारले रहनुभयाका रामलाई हेरिकन ति लक्ष्मणले नाना प्रकारले बोधना गरिकन श्रीरामचन्द्रकन भन्नुभयो र फेरि दुःखले गरि दुवै जनाले सीताकन खोज्न लाग्या। एस् वेलामा एउटा रथको चूर्ण भयाको पाँग्रो बाटोमा देख्नुभयो र यो हेरिकन श्रीरामले आज्ञा गर्नाकन लाग्या र हे लक्ष्मण, हेर २ यो रथ सीताकन लैजान्या हो, अरूले युद्ध गरि एस्लाई मारि अरूले फेरि हरन् गरि लैगयो कि भनि कुरा गर्दै २ जानुभयाका वेलामा पर्वत जस्तो भैरह्याको, वृद्ध भयाको गृद्ध जटायु, शिरमा रक्तले व्याप्त भै रह्याको, जटायु देखनुभयो र श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे भ्राता लक्ष्मण, उ हेर देख्छौ कि पर्वत जस्तो भैरह्याको वृद्ध भयाको जटायु, शिरमा रक्तले व्याप्त भै रह्याको, उ राक्षसले पो होला मायाले एस्तो भैरह्याको छ, ति सीताकन तेसैले षायो हो। हेर २, सीताको रक्त एस्का शरीरमा लाग्याको छ भनि जटायु गृद्ध देखनुभयो र रामचन्द्रले फेरि आज्ञा गर्नाकन लाग्या, हे भ्राता लक्ष्मण, हेर २ देखछौ कि पर्वत जै बसिरह्याको राक्षस हो, मायाले एस्तो भै रह्याको छ। सीता एसैले षायाको हो, रक्तले पनि एस्को शरीर सबै व्याप्त भयाको छ। सीताको मासु पाईकन तृप्त भै सुतिरह्याको छ, अब यो पापिष्ट राक्षसलाई मारौंला भनि आज्ञा गर्नुभयो र धनुषमा ताँदो चढाई बाण लियेर प्रहार गर्नाकन लाग्या। त्यो हेरिकन जटायु गृद्धले डराईकन भन्न लाग्यो, हे श्रीरामचन्द्र, म राक्षस होइन, तपाखिको मित्रपिता पो हौं, तपाखि-कि स्त्री सीता पापात्मा राक्षसले हरण गरि लैगयो र ताहाँ सीताले हा राम २, हा लक्ष्मण २ भनि कराया‌को सोर मैले सुन्यार तेस् राक्षसको रथ मैले चुचाले चूर्ण गरिदिंवाँ, सारथि घोडासमेत पनि धनुर्बाण तर्कशसमेत चूर्ण गरिदियाँ। एस्ता प्रकारले गरिकन चूर्ण भयाको देखि तस् पापात्मा राक्षसले क्रोधले गरि सीता भूमिमा राखिकन खड्गले मेरा पखेटा काटिदियो, हे राम तपाखिको मुख हेरिकन मैले प्राण छोडौंला भनि जोगका प्रभावले मेरो प्राण अझसंम बाँचिरह्याको छ, अब मैले प्राण छोडौंला भनि भन्या र एस्ता प्रकारले जटायु-ले विति गर्‍या र ताहाँ यो वचन सुनि श्रीरामले पनि जटायुका शरीरमा हातले छोई आज्ञा गर्नाकन लाग्या, हे जटायु, मेरा निमित्तले एस्तो अवस्था पायेउ भनि एस्ता सेवक म काहाँ पाउँला भनि शोकले गरिरहनुभयो। ताहाँ जटायुले विति गर्नाकन लाग्या, हे परमेश्वर श्रीराम, अंतकालमा तपाखिको नाम सुमरणले मात्रै मुक्तिपद प्राप्त हुन्छ, एस्ता तपाखिका

हजूरमा मैले प्राण छाड्न पाऊँ । अब मेरा शरीरमा हातले तपाञ्जिले छोइदिनुहवस् , यो वर तपाञ्जिका चरणमा माग्छु भनि भन्याका एस्ता प्रकारका वचन सुनि ताहाँ रामले आज्ञा गर्नुभयो, एस् जटायुलाई अब मैले सबै लोकलाई देखाईकन सायुज्य मोक्ष दिउँला भनि मनले चिताई श्रीरामले जटायुका शरीरमा आफना हातले छोइदिनुभयो, तेस् वेलामा जटायुले प्राण छोड्या । ताहाँबमांत गृद्धको रूप छोडि चतुर्भुजा गरि हातमा शंख चक्र गदा पद्म लि साक्षात् विष्णुका जस्तो मूर्त्ति भयो । ताहाँपछि यो जटायु मऱ्या र श्रीरामले आफना हातले पिता दशरथका मित्र हुनाले आफना पिता दशरथ मृत्यु भया जस्तो शोक गर्नाकन लाग्या, तस्तै जटायुका निमित्तले शोक गर्नुभयो । ताहाँपछि लक्ष्मणले रामका आज्ञाले चाहिन्या सामग्री तयार गरिदिनुभयो र ताहाँ श्रीरामले जटायुका शरीरमा आफना हातले आगोलाई अग्निसंस्कार गरिदिनुभयो । फेरि त्याहि क्रिया कर्म गरिदिनुभयो, पिंड पारि अनेक पंछिहरूलाई निमंत्रना गरि अनेक जंतुका मांसले पिंड पारि पंछिहरूलाई भोजन गराउनुभयो र ताहाँ रामले आज्ञा गर्नाकन लाग्या, हे पंक्षिलोकहो, मेरा मित्रपिता गृद्धलाई मैले पिंड दान दियाँ, भोजन पनि दियाँ, अब तिमिहरूले तृप्ति गरि जानुहोला । एस्ता प्रकारले विदा दिनुभयाका वेलामा ति जटायु गृद्ध, चतुर्भुज भैकन रामका हजूरमा हात जोरि अनेक लोकलाई देखाई देखाईकन श्रीरामलाई स्तुति गर्नाकन लाग्या, हे परमेश्वर, तपाञ्जि को हौ भन्या परंब्रह्म एस्ता तपाञ्जिलाई मेरो नमस्कार । हे परमेश्वर, तपाञ्जिको गुण भन्या पति छन् भनि थाह पनि छैन, समस्त प्राणिहरूका आत्मा भै रहनुभयाका एस्ता तपाञ्जिलाई कोटि २ नमस्कार । हे परमेश्वर, फेरि श्रीकृष्ण औतारमा सबै गोवर्धन पर्वत हातले उचालि-कन थामिराखि इंद्रको मन भंग गरि गोपालिहरूको भय रक्षा गरि उपकार गर्नुभयो, एस्ता तपाञ्जिलाई वारंवार नमस्कार । फेरि, सबै देवताका गुरु, फेरि महादेवका पनि गुरु तपाञ्जि, फेरि समस्त लोकका पितामह ब्रह्मा, ति ब्रह्माका पिता पनि तपाञ्जि हौ, एस्ता तपाञ्जि परमेश्वरलाई नमस्कार । हे परमेश्वर तपाञ्जि कस्ता भन्या देवलोकका निमित्तले दुष्टलाई संहार साधुको रक्षा गर्नाका अर्थलाई तपाञ्जिले नाना औतार लिनुभयो, फेरि ब्रह्मा विष्णु रुद्र भनि तीन गुणले तीन मूर्त्ति भैकन सृष्टि स्थिति संहार गर्नुभयो, यो पनि तपाञ्जि हौ भनि एस्ता प्रकारले जटायुले स्तुति गऱ्याको सुनि श्रीरामले अत्यंत हर्षमान गरि आफना आश्रममा वैकुंठबाट शिर, सुशिर, जय, विजय भन्याका साक्षात् विष्णुका अंश जस्ता मूर्त्ति भयाका इन्हरूले सूर्यका जस्तो विमान ल्याई जटायुलाई विमानमा राखि अप्सराहरूले,

चँवर डोलाई गंधर्वहरूले गीत गाई, किन्नरहरूले नाचि चतुर्भुजा हातमा शंख चक्र गदा पद्म ली, साक्षात् विष्णुका जस्तो मूर्त्ति भै ब्रह्मा विष्णु महारुद्र इंद्र प्रभृति देवताहरूले सेवा गरि वैकुंठमा लैजानुभयो भनि श्री महादेवले आज्ञा गर्नुभयो, हे पार्वति, यो जटायुलाई सायुज्य पदवी पायाको कुरा, यो जटायुले गर्‍याको स्तुति जो मनुष्यले पाठ गरोस् अथवा सुनोस् लेपेर देवोस्, अथवा लेखि घरमा राखोस्, इन्लाई सजिलो गरि मोक्ष पदवी पाउला भनि श्री महादेवले आज्ञा गर्नुभयो, हे पार्वति, यो संसारमा मोक्ष पाउनाको बाटो राम-विना केहि छैन भनि श्री महादेवले पार्वतिकन सुनाउनुभयो।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे अष्टमोऽध्यायः ॥ ८ ॥

९

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम लक्ष्मण दुवैजनाले त्यो ठाउँ छाडि क्रमैसित दूर भूमिमा भित्र पाउलाग्नुभयो। हा सीता २, हा प्राण २ भनि अत्यंत शोक गरि जानुभयाका वेलामा महाभयंकर वनमा पुग्नुभयो। कस्तो वन भन्या अनेक पंछिहरूको पनि अगोचर भयाको, फेरि सूर्यको किरण पनि कैल्हे नलाग्न्या एस्ता वनमा पाउलाग्नुहुँदाका वेलामा बाटामा महाभयंकर राक्षस एउटा देखनुभयो। त्यो राक्षस कस्तो भनि भनौला त महाभयंकर तस्का हात चार कोस भूमिमा पुग्याका पंछि मनुष्य हाति घोडा ज्या पाया, सो आहारा गरिरहन्या चार कोस पुग्न्या हात कस्तो भन्या त्यो राक्षसको गोडा पनि छैनन् टाउको पनि छैन, तस्को पेटमा मुख भयाको छ, तस्को नाम कबंध हो। त्यो राक्षस चल्न कतै पनि नसकन्या चार कोसभित्र जति पायो तति जीवाजंतु तस्का हातले समाई पेटमा भयाका मुखभित्र हाल्थ्यो, तेस्को आहारा सधैं त्यस्तै थियो। एस्तो राक्षस भयाका ठाउँमाहाँ राम लक्ष्मण पुग्नुभयो र तेस् राक्षसले राम लक्ष्मणलाई हातले घेरि ल्यायो र त्यो हेरिकन श्रीरामले आज्ञा गर्नाकन लाग्या, अब क्या उपाय गरौं भनि आज्ञा गर्नुभयो। ताहाँ लक्ष्मणले पनि आज्ञा गर्नाकन लाग्या, हे भ्राता श्रीराम, तेस्देखि डराउनुपर्दैन, कश्यप ऋषिले दिनुभयाका खड्गले तस्को बाहा काटिदिनुहवस् भनि भन्या र ताहाँ रामले हो भनि चिताई

खड्ग लियार कबंधको दाहिनु बाहु काटिदिनुभयो, लक्ष्मणले पनि बाउँ हात काटिदिया। ताहाँउप्रांत कबंधले रोई कराई कुरा गर्नाकन लाग्यो, हे मनुष्यहरूहो, तिमिहरू को हौ ? मैले अनेक हाती, अनेक २ घोडा सिंह व्याघ्र आदि मेरा गोचर हाति त्याहाँ कोहि बाँचेनन्, एस्ता प्रकारले मैले भक्ष गरिरह्याथ्याँ, एस्ता मेरा हात काटिदियौ, अब मैले क्या पाई जीउनु ! अब म मृत्यु भला ! हे महापुरुष, तिमि को हौ मलाई सुनाउनुहुन्छ् भनि एस्तो वचन कबंधले भन्यो र ताहाँ रामले पनि आज्ञा गर्नाकन लाग्या, हे कबंध राक्षस, म अयोध्याका राजा दशरथको पुत्र रामचंद्र भन्याको म हौं, ई सुमित्राका पुत्र लक्ष्मण भन्याका इनै हुन्। मेरो स्त्री सीता राक्षस रावणले हरण गरि लैगयो र तस्अर्थले हामि आयाका हौं। फेरि श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे कबंध, तम्रा शरीर तेस्तो कसो गरि भयौ, तम्रो क्या जात हो भनि सोध्नुभयो। त्याहाँ रामका प्रभावले पुनर्जन्मका कुरा समझि २ कन कबंधले विंति गर्नाकन लाग्यो, हे रामचंद्र, म किन्नर हौं; म पूर्वकालमा अष्टवर्ग भन्याका ऋषिकन तपोवनमा तपस्या गरिरह्याछन्, इन्ले तपस्या गर्दा २ शरीरमा दिव्य रूप भयो। ई ऋषीश्वरको शरीर मैले देख्याँ र मैले निंदा गऱ्याँ। ताहाँ ऋषीश्वरले क्रोध गरिकन मलाई श्राप दिनुभयो, यो श्रापले मेरो शरीर एस्तो भयो। हे श्रीराम, तेस् वेलामा मैले ऋषिका चरणमा पनि विंति गऱ्याँ, हे ऋषेश्वर, अब यो श्राप कैह्ले मुक्त होला भनि विन्ति गऱ्याँ र ताहाँ अष्टवर्ग ऋषिले आज्ञा गर्नुभयो, हे किन्नर, राम अवतार भयापछि यो बाटो रामचंद्र पाउलाग्नुहुन्याछ, तसै वेलामा तम्रा बाहु रामले छेदन गरिदियाका वेलामा तम्रो श्राप मुक्त होला भनि आज्ञा गर्नुभयाको थियो। हे परमेश्वर, मेरो टाउको गोडा कसो भयाको हो भन्या देवासुर संग्राममा जाँदा असुरको पक्ष मै गयाँ र इंद्रले क्रोध मैकन मेरो टाउको गोडा मेरा शरीरभित्र गाडिदिया, यति भयापछि मेरा पेटमा मुख गाडिदिया भनि यस्तै प्रकारले कुरा गर्दै गर्दामा तस्को श्राप मुक्त भैकन अघिभन्दा दिव्य रूप किन्नर भैकन रामका हजूरमा हात जोरिकन त्यो किन्नरले विंति गर्नाकन लाग्यो, हे परमेश्वर श्रीराम, श्रापले मैले अनेक दुःख पाऱ्याँ, अब तपाईले मकन उद्धार गर्नुभयो, एस्ता तपाईका चरणमा मैले कस्ता प्रकारले स्तुति गर्नु। हे परमेश्वर, तपाई कस्ता भन्या सप्त समुद्र जति भयाका पनि तपाईका पेटभित्र छ, तपाईका शरीरमा गंगा आदि अनेक २ नदी रत्न भयाको छ, चंद्र सूर्य पनि तपाईका नेत्र छन्, चतुर्वेद तपाईका जानछन्, यो सृष्टिका प्राणीहेरू सबै तपाईका चैतन्य हुन्, ब्रह्मा विष्णु रुद्र पनि तपाईका कार्य, हे परमेश्वर, एस्तो तपाईका

ध्यान मैले कस्ता प्रकारले गर्नु भनि एस्ता प्रकारले किन्नरले स्तोत्र गऱ्यार फेरि विन्ति गर्दछन्, हे परमेश्वर, तपाणिको नामजप मलाई कृपा गर्नुभयाजास्वस् भनि एस्ता प्रकारले स्तुति गरिकन राम लक्ष्मणका चरणमा प्रदक्षिणा गरि आज्ञा लियेर किन्नर स्वर्ग जाँदो भयो। एस्तो रामको प्रभाव छ भनि श्री महादेवले पार्वतिकन सुनाउनुभयो।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे नवमोऽध्यायः ॥ ९ ॥

१०

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि राम लक्ष्मणले त्यो किन्नरको पाप मुक्त गरिसक्यापछि त्यो जगा छाडि दूर भूमिमित्र जानुभयो। ताहाँपछि सीतालाई समृजि २ कन शोकले गरि जानुभयाका बेलामा ऋषिको आश्रम एक देखनुभयो र त्यो आश्रममा जानुभैकन ऋषिलाई नमस्कार गर्नुभयो। ताहाँ ऋषीश्वरले पनि राम लक्ष्मणको मुख हेरिकन अत्यन्त हर्षले गरि चौंडै उठिकन पादार्घ गरि आसनमा राजमान गराउनुभयो। ताहाँ अनेक २ फल मूल ल्याई राम लक्ष्मणका हजूरमा राखि ताहाँ ऋषिले आज्ञा गर्नाकन लाग्या, हे परमेश्वर श्रीराम, आज मैले जन्म लियाको साफल्य भयो, मेरा आश्रम पनि पवित्र भयो। हे परमेश्वर, आजको रात मेरा आश्रममा राज गर्नुहवस् भनि एस्ता प्रकारले विन्ति गर्दा भया र श्रीरामले आज्ञा गर्नाकन लाग्या। हे ऋषेश्वर, हामीहरू सीताका निमित्तले आपाका हौं, त्याहाँ ऐहै वस्तौंन जाउँला भनि आज्ञा गर्नुभयो र ताहाँ ऋषिले आज्ञा गर्नुभयो, हे रामचंद्र, यो वनमाहाँ सरवरि भन्याकि नाम एक झी छ। अनेक २ फल मूल बेचि दुःख पाई रहन्छ, ति झीले यो जगामा मुनिहरूलाई फल दीरहन्छ, तस्ता समयमा ऋषिहरूले एक दिनमा ब्रह्मलोक जान लाग्याका बेलामा यो सरवरि भन्याकि झीलाई आज्ञा गर्नुभयो, हे सरवरी, यो बाटो राम लक्ष्मण पाउलाग्नुहुन्याछ, तेस् वेलामा तिमी तन्को सेवा गरया। ताहाँपछि तिमिकन मोक्ष प्राप्ति होला भनि एस्ता प्रकारले आज्ञा गरि जानुभयो। तस् दिन देखि यो सरवरिले तपाणिको सेवा गरौंला भनि महाभक्त गरिरह्याकी छ। यो सरवरिलाई तपाणिले उद्धार गर्नुहवस् भनि भन्या र ताहाँ रामले लक्ष्मणसहित गरि यो सरवरि भन्याकि

स्त्री भयाका ठाउँमा जानु भनि पाउलाग्नुभयो। ताहाँपछि यो सरवरि पनि राम पाउलाग्नुभयाको देखि आनन्द गरि भन्न लागिन्। कस्ता राम भन्या पद्मपत्र जस्ता नेत्र, नील कमल जस्तो वर्ण, अति सुन्दर कोमल जस्ता तपाञ्चि को हौ भन भनि र श्रीरामले आज्ञा गर्नाकन लाग्या, हे सरवरि, अयोध्याका राजा दशरथको पुत्र मेरो नाम रामचन्द्र हो, ई मेरा भाइ लक्ष्मण हुन्, हामिहरू सीता खोज्नाकन आयुं। ति सीता राक्षसले हरण गरि लैगयाको तिमीहरूले देख्याथ्यौ कि भनि एस्ता प्रकारले आज्ञा गर्नुभयो र ताहाँ सरवरिका मनमा हर्षले गरिकन ति परमेश्वरका चरणमा विंति गर्न लागिन्। हे परमेश्वर राम, आज मेरा जन्मको कल्याण पूर्ण भयो, मलाई मोक्ष पाउनाको बाटो आयो। हे परमेश्वर श्रीराम, यो वनमा अनेक ऋषिहरू वस्तुभयाका रोलमा एस्ता वेलामा मैले रोई २ कन विन्ति गर्‍याँ, तेस् वेलामा ऋषिहरूले आज्ञा गर्नुभयो, हे सरवरि, यो बाटो राम लक्ष्मण सीता खोज्न पाउलाग्नुहुन्याछ, तस् वेलामा रामले तिमिलाई दर्शन दीकन, वैकुण्ठ पठाउनान्, राम नआउञ्जेलसम्म तिमीले रामनाम लीरहनू भनि एस्ता प्रकारले आज्ञा गरिकन ऋषिहरू ब्रह्मलोकविषे जान्छौं भनि पाउलाग्नुभयो। हे परमेश्वर, उस् दिन-देखि यो बाटो पाउलाग्नुहोला भनि तपाञ्चिको स्मरण गरि एस् बाटमा हेरिरह्याँ, अब मैले तपाञ्चिको दर्शन पाऊँ भनि एस्ता प्रकारले सरवरिले भक्त गर्‍याको श्रीरामले हर्ष गरिरहनुभयो। ताहाँपान्त यो सरवरिले राम लक्ष्मण दुवैलाई पाउ धोई आसनमा राजमान गराउँदी भइन्। ताहाँपछि षोडश उपचारले पूजा गरिन्, अनेक फल मूल ल्याई श्रीरामका हजूरमा राखिकन हात जोरि रामका हजूरमा विंति गर्न लागिन्, हे परमेश्वर श्रीराम, म हीन जाति वनको फलमूल वस्तु वेचिकन खाइरह्याकि फेरि स्त्री जाति ज्ञानहीन भयाकी तपाञ्चिले ज्ञान दियाजावस्, तपाञ्चिका चरणमा भक्त गर्नु कसो गरि होला तसो गरि मलाई ज्ञान प्रसन्न भयाजावस् भनि ई सरवरिले विंति गरिन् र ताहाँ रामले आज्ञा गर्नुभयो, हे सरवरि, मेरा भक्त गर्नाकन इछा भयो त एस्ता प्रकारले गर। सत्पुरुष संगति पुराण शास्त्र सुनि, पुराण भयाको ज्ञान आफना हृदयमा राखि निष्कलेष गरि परमेश्वरका चरणमा भक्त गर्नु, ताहाँपछि मेरा रामनाम जप गर्नु। एस्ता प्रकारले गर्‍या तिमिकन निश्चय वैकुंठ पद प्राप्त होला भनि परमेश्वरले आज्ञा गर्नुभयो। हे सरवरि, मेरा सीता यो बाटो ल्याया‌को तिमिले देख्याथ्यौ कि? तिमिले देख्याकी भया मलाई सुनाउनुहुनस् भनि रामले एस् प्रकारले आज्ञा गर्नुभयो र ताहाँ त्यो सरवरिले विंति गर्न लागिन्, हे परमेश्वर, तपाञ्चि आफुले जानिकन पनि मलाई

सोध्नुभयो, मैले विंति गरौंला सुन्नुहवस्। तपाल्किि सीता लंकाको राजा रावण भन्याको राक्षसले लैगयो, एहि वाटो लैगयो मैले हेरिरह्याँ। हे परमेश्वर, एहि वाटो जाईकन पम्पा भन्याको नाम अति मनोहर सरोवर एक छ, तेस् ठाउँमा अति विस्तार गरि रह्या। फेरि तेस् ठाउँमा ऋषिमुख नाम पर्वत एक छ, तेस् पर्वतमाथि सुग्रीव वानर चार मंत्रिले वेष्ठित गराई वस्याका छन्। त्यो सुग्रीवको दाज्यु वालि भन्याको नाम किष्किंध्यामा राजा भैरह्याको थियो, तस्का डरले भयले रह्याको त्यो सुग्रीव तपाल्किले मित्र गर्नुभयाजावस्। ति सुग्रीवले तपाल्किि सीताकन हात पारिदिनान् भनि विंति गरिन्। फेरि विंति गर्नाकन लागिन्, हे परमेश्वर, एक दुई घरिको प्रमाणले त्याहाँ विस्तार गर्नुहवस्, तपाल्किका हजूरमा मैले यज्ञ गरौंला भनि यो सरवरिले श्रीरामका हजूरमा यज्ञकुंड वनाईकन आफनु शरीर शुद्ध चित्त गरि रामका हजूरमा वसिकन रामनाम हृदयमा राखि यो सरवरिले आफना शरीरले होम गरिन्। ताहाँवछि आकाशवाट विमान ल्याई यो विमानमा राखि ति सरवरि वैकुंठमा जाँदि भईन् भनि श्री महादेवले आज्ञा गर्नुभयो, हे पार्वति, एस्तो महिमा रामको गरि म हीन जाति सरवरिले श्रीरामका चरणमा एस्ता प्रकारले भक्ति गरिन् र देवताहरूले पनि पाउनु दुर्लभ भयाको वैकुण्ठ वास ति सरवरिले पाईन् भनि चार वर्ण ब्रह्म क्षत्रिय वैश्य, शूद्र इनहरूले पनि परमेश्वरको भक्ति भयापछि वैकुंठ पाउनु क्या दुर्लभ! तेस्कारणमा ज्ञानी वुद्धिमान् जनहरूले रामका भक्त गर्नामा सत्य हुनुपर्दछ भनि श्री महादेवले आज्ञा गर्नुभयो, हे पार्वति, एस्ता राम राम मैले सर्धै धारणा गरि राख्याका छन्। हे पार्वति, तिमि पनि धारणा गरिराख भनि कैलास विषयमा श्री महादेवले पार्वतिलाई सुनाउनुभयो भनि सत्यलोकमा नारद मुनिकन सुनाउनुभयो। नैमिषारण्य वनमाहाँ यो कथा सूतले सौनकादि ऋषि प्रभृतिकन कहि सुनाउनुभयो।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे आरण्यकांडे दशमोऽध्यायः ॥ १० ॥

कि

★

ष्कि

न्धा

का

★

ण्ड

किष्किन्धा काण्ड

१

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं 'सरस्वतीं' व्यासं ततो जयमुदीरयेत् ॥ १ ॥

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीराम लक्ष्मण दुई भाइ सीताका निमित्तले महा शोक गरि सरोवर भन्याका ठाउँमा जाउँ भनि जाँदा २ वनको सरोवरमा पुग्या । कस्तो सरोवर भन्या चार योजन विस्तार भयाको, अति मनोहर स्थान एस्तो सरोवरदेखि श्रेष्ठ भै रह्याको, अनेक प्रकारको फल फुलिरह्याको, अनेक उत्पल, रक्तोत्पल, नीलोत्पल, श्वेतोत्पल प्रकाश भै रह्याको, अनेक जलपंक्षिले शोभायमान भैरह्याका, मत्स्य आदि अनेक जल-जंतुले शोभा भयाका, पद्म उत्पलको केशरले जल पनि पीतवर्ण भै रह्याको, त्यो जल अमृत प्रमाण भयाका, फेरि सुगन्ध २ फूलका वासनाले व्याप्त भयाको, यो सरोवरका किनारामा अनेक वृक्षलता गुल्म आदि सुगन्ध २ फुल फुलि परिपूर्ण भयाको, वसंत कालका मध्याह्न भया जैं अनेक कोकिल, सुस्वर गरि बोलिरह्याका, अनेक मजूर मजूरि नाचि २ पेलि क्रीडा गरि वस्याका महाशोभायमान भयाको अनेक वृक्षलता गुल्म आदिले, हरियो वन भै शोभायमान भयाको फेरि पुष्करिणीको शोभा देखि रामज्यूले आज्ञा गर्दा भया । हे लक्ष्मण, एस् वनको शोभा हेरि जाँदा २ एस् सरोवरमा रह्याको पद्म उत्पलको सुगन्ध वायुले रामज्यूका नासिकाभित्र पस्यो । फेरि अनेक पंछिहरू नाना प्रकारले बस्याको देखि रामज्यूका हृदयमा कामका बाणले पीडा भयो र सीता संझनुभयो, हे सीता, तिमि कहाँ गयौ ! कौन पापिष्टले लैगयो भनि सीताका निमित्तले शोक गरि मूर्छा हुँदा भया । एस्तो रामका अवस्था देखि लक्ष्मणले चित्त राख्न नशकि आफना काधमा सिहाना गराई आँगमा छोपि २ मुख हेरि रोमांच मुख गरि गद्गद वचन गरि बोल्न लाग्या, हे जेष्ठ भ्राता, तपाइले एस्तो गरि शोक गर्नु योग्य छैन । तपाइ साक्षात् परब्रह्म हुनुभयाका तपाइका मायाले संसार पनि बनिरह्याको छ, एस्ता

मायामा कयान भुल्नु हुन्छ, वनवास गर्न्याका कुरा समझनुहोला, आफै ब्रह्मा भनि जानि चैतन्य गर्नुहोस्। एति लक्ष्मणले बोल्याका कुरा सुनि रामज्यूले चेष्टा गरि देख्नुभयो र लक्ष्मणको रोमांच मुख देखि रामज्यूले मनमा चिंतना गर्नुभयो, एस्तो आश्चर्य ! पृथ्वीको पाप मोचना गरूँला भनि पैल्हे मनुष्य अवतार लियौं, मनुष्य भन्याको मायाको घर हो भनि रामज्यू उठि आज्ञा गर्दा भया। हे लक्ष्मण, यो सरोवर महाशोभायमान छ भनि हातमाला गरि जाई सरोवरका किनाराया जाई वस्त्र लतादि गरि स्नान गर्नुभयो र देवतर्पण पितृ तर्पण शक्ति देवार्चन गरि वस्त्र लगाई अमृतपान जलपान गरि, राम लक्ष्मण दुवै भाइ सीता खोज्नाका निमित्तले जानुभयो। ऋषिमुख पर्वतका समीपमा पुग्या र ताहाँपछि ऋषिमुख पर्वतमा बसि चार ४ जना मंत्रीसहित गरि वस्याका वेलामा राम लक्ष्मण देखि सुग्रीवले मनमाहाँ चिंतना गर्न लाग्या, हातमा धनुर्वाण धारणा गर्न्याका, रूपका वोकाका वस्त्र लाई अति सुन्दर महातेजले युक्त भयाका, राम लक्ष्मणकन देख्यार वालिका भयले भागिरह्याका सुग्रीवका मनमा त्रास भै आफ्ना २ मंत्री हनुमानकन डाकि आज्ञा गर्दा भया। हे हनुमान, व्यासिमा आयाका दुईजना महापुरुष नरमूर्त्ति भै महावीरको शोभा चरित्र गरि आयाका देखि मेरा मनमा महात्रास भयो, वालिले छल गरि मलाई मार्नाकन पठायाको होला भनि-ठान्दछु, तसर्थ तिमिले ब्राह्मणको रूप धारणा गरि महापुरुषको चरित्र बुझि मलाई संक्षेप देखाउनुपर्छ। वालिले पठायाको भया हात देखाउ सो चिन्ह हेरि म भागिजाँला, आफ्ना हित भया हाँसिकन देखाउनु, सो हेरि म ताहाँ आउँला भनि कपिराज सुग्रीवले अह्रायाको वचन सुनि हनुमानले पनि लौ भनि ब्राह्मणको भेष गरि राम लक्ष्मणलाई भेटि मधुर वचनले कुरा गर्न लाग्या, हे महापुरुष तपाईहरू दुईजना काहाँवाट पाउलाग्नुभयो, काहाँसम्म जानु-हुन्छ, तपाई कस्मा हुनुहुन्छ ? अति सुन्दर महातेजस्वी एस्ता तेजले संयुक्त भै सुन्दर भयाका मनुष्य ता कैल्हे देख्याका छैन, देख्नु मात्रै मनुष्य हौ साक्षात् परब्रह्मको स्वभाव छ। तसर्थ यौटा श्री नारायण हौला एउटा चरण हौला भनि ठान्दछु। संसारमा भी सूर्यका तेजले समस्त प्रकाश हुन्छ, तस्तै तपाईका तेजले समस्त पर्वतको तेज पनि प्रकाश भयो। एस्ता तपाईले साँचो गरि आज्ञा गर्नुहोस् भनि भेषधारि ब्राह्मणको कुरा सुनि रामज्यू आज्ञा गर्दा भया, हे लक्ष्मण, यो ब्राह्मणको रूप भैकन कस्ता कुरा गर्दछन्, वचन भन्या कोमल, शील स्वभाव भन्या वीरको छ। हे लक्ष्मण, यो ब्राह्मण होईन भनि व्यक्त गरि मुसुक्२ हाँसिकन रामज्यू आज्ञा गर्दा भया, हे वटुक, अयोध्यापुर नगरका राजा दशरथका पुत्र हामि दुई हौं। मेरो नाम रामचन्द्र, भाईको

नाम लक्ष्मण, हाम्रा स्त्रीको नाम सीता, हामिहरू तीनजना दण्डकारण्य वनमाहाँ बस्याका बेलामा राक्षसले सीता चोरि लैगयो र तसर्थ सीता पोज्नानिमित्तमा आयाका हुन्। हे बटुक, तिमि कस्का छोरा हौ, क्या नाम हो भनि सोध्या र बटुकरूप हनुमानले विंति गर्दा भया, हे रामचन्द्र, हामि वायु पुत्र हौं नाम हनुमान हौं, सुग्रीवका चार ४ मंत्रीमा एक म हुं। ऋष्यमुख पर्वतका थुम्कामा बसि हेर्न्या सुग्रीव हुन्। तपाञ्जिसंग मित्यारि गरूँला भनि मलाई पठायाको छ। हे रामज्यू, सुग्रीव पनि महावीर छन्, तस्का आश्रय गरि बस्याका महावीर बानर कोटि २ बस्याका छन्। तिनै बानर सबै तपाञ्जिका दास भै रहन्याछन्, सुग्रीवले पनि सीता पोज्न लाउन्याछन्, तसर्थ महावीर ठुला पराक्रमी भयाका बानरहरूले पोज्न लाई सीता तपाञ्जिका हात पारिदिनाकन सामर्थ सुग्रीवको छ, तसर्थ तपाञ्जि पाउलारनुहवस्, अग्नि साक्षी राखि सुग्रीवसित मित्यारि वक्सनुहवस् भनि हनुमानले विंति गर्दा भया। एति कुरा सुनि श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे हनुमान् सुन, तेरा वचनमा सुग्रीवसित मित्यारि गरूँला संदेह नगर भन्दा हनुमान पुलि भै विंति गर्दा भया। हे श्रीरामचन्द्र, एसै थुम्का मा बसि एस्तिर हेरि बस्याको सुग्रीव हो भनि देषाई ब्राह्मणको रूप भेषधारि र आफ्नु रूप धारणा गरि भन्न लाग्या, हे रामचन्द्र, लक्ष्मण, तपाञ्जि दुवै भाई हाम्रा पीठमा बस्नुहोला भन्दा राम लक्ष्मणले हनुमानलाई देषनुभयो। कस्ता हनुमान भन्या पर्वताकार देह, द्वादश सूर्यका जस्तो तेज भयाका, हनुमान देषि पुलौ भई हनुमानका पीठमा दुवै भाई चढि बस्नुभयो। ब्रह्माण्ड सृष्टि आफ्ना पेटमा राख्या राम, पृथिवी बोकि रहन्या लक्ष्मण दुवै भाई पीठमा राषि ठाहाँबाट फाळहालि सुग्रीव बस्याका ठाउँमा पुगि राम लक्ष्मण अलिक टाढा राषिकन हनुमान सुग्रीवथैं गै विंति गर्दा भया। हे महाराज सुग्रीव, तपाञ्जिका आज्ञाले म जाई बोजाई ल्याऊँ, अब तपाञ्जिले मित्यारि गर्नुहवस्। इनहरू कस्ता भन्या राम लक्ष्मण दई भाई अयोध्याका राजा दशरथका छोरा भनाई बस्याका सृष्टि स्थिति संहारकर्त्ता इनै हुन् भन्याको सुनि सुग्रीवका मनमा अति हर्षमान गरि आफ्ना गुहाभित्रबाट अनेक पूजा विधिले फल मूल लीकन चारजना मंत्रीसहित गरि राम लक्ष्मण बस्याका ठाउँमा गया। कस्ता राम भन्या अति सुन्दर साक्षात् आत्मा पुरुष, त्रैलोक्यमा पनि एस्ता सुन्दर पुरुष दुर्ल्लभ छन्। एस्ता राम लक्ष्मणलाई बानरेन्द्र सुग्रीवले हस्तार्घ पादार्घ आचमनादि गराई आसनमा विराजमान गराया, राम लक्ष्मणलाई पूजा गर्नाकन लाग्या। लक्ष्मणले सुग्रीवलाई पूजा गर्दा भया, हनुमानले अग्नि ल्याई अग्नि साक्षी राषि रामचन्द्रको र सुग्रीवको मित्यारि लाउनुभयो, अत्यंत गरि

अंकमाल गर्नुभयो, एस्तो देखिकन समस्त लोकले आनन्द गरि बस्ता भया। ताहाँपछि सुग्रीवले ल्यायाका फलमूल, रामका मुख्यांजि राखिदिया र रामज्यूले लक्ष्मणलाई दिया। लक्ष्मणले राम सुग्रीव हनुमान आदि समस्त लोकलाई बाँडिदिया, अनेक फल-मूल खाई आत्मा तृप्ति गरि बस्नुभयो। कस्ता तरहले बस्या भन्या श्रीरामचन्द्र दाहिनातिर बसाई सुग्रीव माऊमा बसी हनुमान मुख्यांजि बसाई समस्त लोक वरिपरि बाटुलो गरि बसाई महा आनन्द गरि बस्नुभयो। कस्तो गरि भन्या वैष्णवले वैकुण्ठमा श्री नारायणको दर्शन गरि आनन्द भया जैं श्रीरामज्यूको दर्शन गरि सुग्रीव इत्यादि समस्त लोकको आनन्द भयो। एस्ता वेलामा कोटि २ वानर आई सुग्रीवकन नमस्कार गरि श्रीराम लक्ष्मणको दर्शन गरि साभामा बस्ता भया। ई वानरलोकका तेजले साभा पनि कैलो वर्ण भै शोभायमान भयो। ताहाँउपांत लक्ष्मणले आज्ञा गर्न लाग्या, हे मित्र भ्राता सुग्रीव, सुन्नुहवस्, अयुध्याका राजा दशरथका रानि तीनवटी छन्, जेठीको नाम कौशल्या, तिन्का पुत्र रामचन्द्र, माहिलीको नाम कैकेयी, तिन्का पुत्र भरत, काँछीको नाम सुमित्रा, पुत्र हामि र शत्रुघ्न चार छोरा छौं। जेठा रामचन्द्र बाबाज्यूको सत्य प्रतिपालना गर्नानिमित्तले कैकेयीका आज्ञाले वनवास आई पंचवटी आश्रममा बस्याका वेलामा सीता एकलै हुँदा राक्षसले हरि लैगयो। सीताविना रामको चित्त स्थिर छैन, तसर्थ सीता पोज्नानिमित्तले आयाका हुँ, हाम्रा एस्ता दुःख छन् भन्या र काँही तिमिहरूले देख्याको भया, सुन्याको भया, आज्ञा गर्नुहवस् भनि लक्ष्मणले आज्ञा गऱ्या र सुग्रीवले आज्ञा गर्दा भया, हे लक्ष्मण, ताहाँ चारजना मंत्रीसहित गरि हामिहरू एसै पर्वतमा बस्याका वेलामा आकाशबाट बस्त्रमा पोको बाँधि आफालि हा राम २ भनि, हाहाकार गरि गईन्, एहि हो कि भनि हनुमानलाई लिन पठाई देखाउनुभयो। लक्ष्मणले यो पोको फोरि हेऱ्या, बोल्न नशकि रह्या। रामज्यूले सीताका गहना हातमा लिई हृदयमा राखि हा सीता २ भनि अति शोक गर्नुभयो। एस्तो देखिकन साभामा बस्याका समस्त लोक-हरूले आँसु काढ्न लाग्या र महाधैर्यधारी सुग्रीवले आज्ञा गर्न लाग्या। हे मित्र श्रीराम, तपाञ्चिकि सीता चोरि लैजान्या चोर हामिले चिन्याको छ। लंकाको राजा रावण तन्काई अनेक देवताले पनि जित्न सकेनन्, एस्ता रावणलाई जिति तपाञ्चिकि सीता ल्याईदिउँला भनि प्रतिज्ञा गऱ्या। हे मित्र राम, सीताकन अवश्य हामि ल्याउँला, शोक नगर्नुहवस् भनि बोधना गरि आफ्ना दुःखको कुरा विति गर्न लाग्या। हे मित्र राम, जस्ता दुःख तपाञ्चिका छन् तस्तै दुःख हाम्रा पनि छन्। हामि पनि किष्किंध्याका राजा हुन्, हाम्रा दाज्यू बालिले

हाम्रा राज्य पनि स्त्री तारा पनि की हामिलाई जुत्ताले पिटिकन धपायो र तस्का भयले अरू ठाउँमा जान सकेनौं। एसै पर्वतमा आपका भयले वालि आउन सकेन, त्याहाँ मात्रै हामिलाई निर्वाह छ, अंत भन्या निर्वाहा छैन भन्या र लक्ष्मणले आज्ञा गर्दा भया, कस्का आपले आउन सकेनन् भनि सुध्याया र सुग्रीवले आज्ञा गर्दा भया, पूर्वकालमा किस्किध्याका द्वारामा वसि मायासुर दैत्यका छोराले गर्जमान गरि वस्यो। त्यो दैत्यको स्वर सुनि महावीर वालि वाहिर आई क्रोध गरि असुर दैत्यको छातिमा मुड्किले हान्यो र वेथा सहन नसकि पातालपुरमा भागि गयो र वालिले हामिहरूकन भन्या, हे सुग्रीवादि, एम् पापिष्ट असुरलाई म मार्न जान्छु। यो गयाका वाटाले म जाँला, तिमिहरू यहिं वसि हेरि वस भनि असुर गयाको वाटाले वालि गया। तस् गुहामा महीना डेढ् वस्या, वालि आउला भनि दुकिरह्यौं, त्याहि गुहावाट अनेक तरहसित रगत आयो र वालि मऱ्यो भनि ठानि समस्त लोकले शोक गरि वस्या। ताहाँ असुर आई हामिहरूकाई पनि मार्ला भनि त्रासले त्यो गुहाको आउन्या वाटो थुनि हामि घर आई वस्यौं। ताहाँ पछि समस्त मंत्रीहरूले मतो गरि राज्यमा राजा नभै हुँदैन भनि राज्याभिषेक मलाई दिया, मैले महीना दिनसम्म राज्य भोग गरि वस्यामा वालि आइपुग्यो र भन्यो, हे पापिष्ट दुष्टहो, तिमिहरूको वेहोरा रहेनछ भनि क्रोध गरि मेरा मुखमा जुत्ताले पिटि गलहत्ता लाई धपाईकन राज्य पनि लियो, मेरी स्त्री पनि लियो, एस्ता दुःख मेरा छन् भनि सुग्रीवले रामलेउँ विंति गऱ्या र एति कुरा सुग्रीवका सुनि रामज्यू आज्ञा गर्दा भया। हे मित्र सुग्रीव, तिमिले यो शोक नगर्नुहोला, त्यो वालि हामिले मारि राज्य स्त्रीसहित गरि तिमिलाई दिउँला निश्चय भयो भनि प्रतिज्ञा गर्नुभयो र एत्ति कुरा सुनि सुग्रीवले उदेक मानिकन मनमा चिंतना गर्नुभयो, मित्रले वालि मारूँला भनि अंगीकार गऱ्या कसो गरि मार्नान्! समस्त इंद्रादि देवता एकातिर वालि एवलै एकातिर भै जित्यो, एस्तो वीर वालि देवताले पनि जित्न नशक्या को हे मित्र राम, पूर्वकालमा पुरु भन्याको दैत्य महिषरूप धारणा गरि किस्किध्याका द्वारामा वसि गर्जमान गरि अनेक पर्जा मारिदियो भनि कुरा सुनि वालिले क्रोध गरि गई राँगाको दुई सींग समाति पछारि गलो मात्रै छिन्नालि त्यो टाउको शयफेरा घुमाई फालिदियो, चार योजन जिमिमा परिगयो। ताहाँ ऋषिमुख पर्वतमाहाँ मातंग ऋषितपस्या गरिवस्याका थिया, तन ऋषिका समीपमा दैत्यको टाउको पर्न गयो र ऋषिका शरीरमा रक्त परि व्याप्त भयाको देखि ऋषिले क्रोध गरि श्राप गर्दा भया, कौना पापिष्टले मेरा शरीरमा रगत् छरिदियो? जौनले मलाई रगत् छरिदियो त्यो ऋषिमुख पर्वतमा आया तेस्को कपाल शयखण्ड १०० भै मृत्यु हवस् भनि श्राप

गऱ्या । तसैं श्रापका डरले वालि जाहाँ आउन सक्तैनन्, तसर्थ हामि जाहाँ आई वस्याका हौं। हे मित्र राम, त्यो पर्वताकार भै रह्याको पुरु दैत्यको टाउको हो, यो टाउको तपाञ्चिका गोडाका अंगुष्ठाले समाई फाल्न सक्या वालि मार्नु सक्नुहोला भनि भन्या र रामज्यूले गोडाका अंगुष्ठाले समाई त्यो टाउको दश योजन जतिमा पुऱ्याई पछारिदिया, एस्तो देखि समस्त लोकले उदेक मानिरह्या । फेरि सुग्रीवको मन सन्तोष नभै भन्या, हे रामचन्द्र, यो वनमा तालवृक्ष सात-गोटा छन्, सोऱ्हो गरि नरह्याका एकै चोटले सातै गोटा काट्न सकेउ भन्या वालि मार्न सकौला भन्या र रामले चिन्तना गर्न लाग्या, क्या निमित्तले तालवृक्ष सोऱ्हो भयेनन् भनि विचार गर्दा भया । ताहाँ यौटा सर्प वस्याको रहेछ, तसैका आँगमा वृक्ष उम्रयाका हुनाले सोऱ्हा भयाका रहेनछन् भनि जानि रामज्यूले वृक्ष हल्लाया र पातसमेत वसि वान जोरि सर्पका कपालमा कुल्च्या र सर्प सोऱ्हो भयो, वृक्ष पनि सोऱ्हियो र हान्या, वृक्ष काटि वान कालसर्प दुलामा पस्याऊँ ठोक्रामा परेन आयो । एस्तो गरि रामज्यूको पराक्रम देखि समस्त लोक उदेकाईरह्या । महाज्ञानी सुग्रीवले रामज्यू मनुष्य होइनन् भनि हात जोरि पाउमा परि रामचन्द्रको स्तुति गर्न लाग्या । हे रामचन्द्र, तपाञ्चि मनुष्य होईन परंब्रह्मा हौं, हामिसित मित्यारि गरि अकमालि गर्नुभयो । एस्ता परंब्रह्मका चरणमा कोटि २ नमस्कार छ, मकन अज्ञान नाश गरि ज्ञानमा भक्तमा चित्त राख्नुहवस् । मेरा मुखबाट आयाको वचन तपाञ्चिको नाम लियाको भैजावस् , तपाञ्चिको शरीर म सधैं देपन पाउँ, तपाञ्चिका चरणको धूलो मेरो शिरमा सधैं राषन पाउँ । तपाञ्चिको चरण कस्तो भन्या श्रीमहादेवले जटा धारणा गरि राषनुभयो, एस्ता महादेवलाई सन्तुष्ट गराई भागीरथीले मागि त्याई आपना कुल मोक्ष गऱ्या, अनेक पातकी पंचमहापातकी आदि गंगा स्नान गर्दामा सबै पाप मुक्त भै समस्त लोकको उद्धार भयो एस्ता तपाञ्चिका चरणका प्रभावले मकन भक्त दिनुहवस् । हे परंब्रह्मा, तपाञ्चिका मायाजालमा वसि मेरो राज्य मेरी स्त्री मेरो पुत्र परिवार धनसम्पत्ति भनि ममत्व अहंकार गरिवस्याको मायापाश छुटाई तपाञ्चिका भक्तमा राषनुहवस् । हे ईश्वर, राज्यको निमित्तले अनेक शोक गरिवस्याको यो पनि मलाई चाहिंदैन, तपाञ्चिले राज्य ली दिउँका भनि भन्नुभयो, यो राज्य पनि चाहिंदैन, स्वास्नी पनि चाहिंदैन, धन पनि चाहिंदैनन् । समस्त असार हो, तपाञ्चिको चरण मात्रै सार देख्छु, अरू समस्त असार हो । हे परमेश्वर, तपाञ्चिका मायाले शरत्कालका चन्द्रमाले मेघ छोपि आया जस्तो हामि पनि अन्धकारमा परिरह्याथें । अब तपाञ्चिका प्रभावले सूर्यले अन्धकार नाश गऱ्या जैं मेरो अन्धकार नाश गरिदिनुभयो । हे राम, ज्ञान पनि अज्ञान पनि तपाञ्चि हौ । रजोगुण तमोगुण सत्वगुण,

तपाखिका चरणबाट निस्कि सृष्टि स्थिति संहार गर्नुभयो । एस्ता तपाखिका चरणमा कोटि २ नमस्कार छ, मकन अज्ञान नाश गरि ज्ञानमा कृपा राखि उद्धार गर्नुहोला भनि सुग्रीवले रामचन्द्रछेउँ विन्ति गर्दा भया भनि श्रीमहादेवले पार्वतिकन आज्ञा गर्दा भया ।

इतिश्री अध्यात्मरामायणे उमामहेश्वर संवादे किष्किन्धाकाण्डे प्रथमोऽध्यायः ॥१॥

२

श्री महादेव उवाच — हे पार्वति, ताहाँपछि सुग्रीवले बोल्याको वाक्य सुनि राम पुसि भै ईषत्हास गरि सीताका निमित्त आफ्ना माया विस्तार गरि त्यो मायाले सुग्रीवकन छोपि आज्ञा भयो । हे मित्र सुग्रीव, तपाखिले बोल्याका वचन सबै सत्य हो, परन्तु मजस्ता मित्र तपाखिका भैकन तपाखिको कार्य नगऱ्याहुँदि मलाई अपजस होला, अग्नि साक्षी राखि मित्र तुल्याई किष्किध्या राज्य तारा स्त्री फिऱ्याई तम्रा हात सोंपुला भनि प्रतिज्ञा गऱ्याको छ, तस्कारण त्यो कार्य चाँडो गर्नु । हे मित्र, परन्तु तिमि चाँडै वालिसंग युद्ध गर्नु लाउ, तपाखिले युद्ध गर्दामा मैले शर प्रहार गरि वालिकन मारूँला । ताहाँपछि किष्किध्यामा तारासित पुसि गरि बसौला भनि मतो गरि किष्किध्याका द्वारामा राम लक्ष्मण सुग्रीव बसिकन सिंहनाद गरि गर्जमान शब्द उचारी, त्यो सिंहनाद शब्दले त्रिभुवन कंपित भयो । फेरि महावीर सुग्रीवले वालिकन हाँक दिया, रे पापिष्ठ वालि, तँ वीर भया तेरो सामर्थ छ भन्या मसँग युद्ध गर्न आईज भनि भन्या र ताहाँ वालिले अति रिसाई सुग्रीवको शब्द सुनि निस्क्यो । ताहाँ-उभांत द्वन्द्वयुद्ध भयो, सुग्रीवले फालहालि वालिका छातीमा मुष्टिले प्रहार गऱ्यो, महावीर दुई भाईको महायुद्ध भयो । एस्तो प्रलय युद्ध हुँदामा रामले वालिकन मारूँला भनि धनुर्बाण तयार गरि हेर्दा दुवैको एकै उमेरको वर्ण, एकै डबलको मुख, बरोबर आँग कत्ति पनि भेद विशेष छैन, यो वालि यो सुग्रीव भनि ठहराउन सकेनन् । जगत्व्यापि सबै जान्या रामले आफै जानिकन पनि अज्ञानि जस्ता दुनियाँलाई प्रतीत गर्नानिमित्तले संसारी भै लक्ष्मणछेउँ सोद्धा भया, हेलक्ष्मण, अनर्थ भयो, कसो गरूँ ! वालि सुग्रीव ठहराउन सकेन र हेरि मात्रै बस्यौं । ताहाँ पछि सुग्रीव थाकेर नाकबाट मुखबाट कानबाट रगत आयो, वालिको मुष्टि प्रहार सहन सकेन र

सुग्रीव भागी गयो। ताहाँउप्रांत वालिले सिंहनाद गरि जय शब्द गरि अंतःपुरमा आनंद गरि बस्यो। सुग्रीव महा मलिन मुख गरि बलहीन भई रामका हजूरमा आई श्रीरामका मुख हेरि रोईकन गद्‌गद स्वर गरि भन्न लाग्यो, हे मित्र, तपाईको एस्तो वचन हो कि! तपाई दिलमा मलाई मार्नु छ त ताहाँ वैरीका हात कयान पारिदियौं, एहि बाणले प्रहार गरिकन कयान मारेन यहिं मार्नु। हे रघुनाथ! मैले अघि विंति गर्याथ्यौं, वालिसंग युद्ध गर्न सकैन भनि विंति गर्दा तपाईले जा भनि भरोसा दियौं र म गई युद्ध गर्याँ। मेरो प्राण सदेह भयाको देखि मात्रै बस्यो, एस्तो हो तपाईको सत्य भनिन् र सुग्रीवको वचन सुनि श्रीराम महालज्जित भएर अश्रुपूर्ण नेत्र गरि करुणा वचनले आज्ञा गर्‍या, हे मित्र सुग्रीव, मेरो अपराध छैन म कसो गरूँ! तिमि दुई भाई एकै वर्ण, एकै रूप, नाक, मुख, कान, आँग सबै निर्विशेष तिमिलाई र वालिलाई ठहर्‍याउन सकिनँ र एस्ता अव्यक्तमा कसो गरि मैले बाणप्रहार गर्नु! वालिका अंगमा नलागिकन तपाई अंगमा पर्‍या मलाई मित्रहत्या लाग्ला तसर्थले बाणप्रहार गरिन, दुःख नमान्नुहवस्। त्यो तपाई वैरी वालिकन अवश्य म मारूँला। अब एकफेरा फेरि जानुहवस्, अब चिह्न राखि पठाउँला, त्यो चिह्न हेरि वालिकन मारूँला भनि सुग्रीवकन बुझाई लक्ष्मणकन आज्ञा गर्‍या, हे भ्राता लक्ष्मण, सुगन्ध फूल ल्याई माला बनाई सुग्रीव मित्रका गलामा लाईदेउ भन्याको आज्ञा सुनि लक्ष्मणले तरुते माला बनाई लाइदिया। सुग्रीवको शोभायमान मुख हेरि विशेष चिह्न हेरि रामचन्द्रले आज्ञा गर्न लाग्या, हे मित्र सुग्रीव, अब युद्ध गर्न जानुहवस्। त्यो मालाको चिह्न हेरिकन वालिलाई अवश्य मारूँला भन्याको सुनि पुलि भई सुग्रीव जाँदा भया। फेरि सुग्रीवले हाँक दिया वालिकन भन्या, रे पापाचारि वालि, मसँग युद्ध गर्न आईजा ऐले तँलाइ यमद्वार पठाउँला, किष्किंधामा राख्न्या छैन। तेरो पुरुषार्थ भया आइज, लुकेर नबस भनि सिंहनाद गर्‍याको शब्द सुनि वालिले पनि तेस् पापात्मा सुग्रीवलाई नमारि फर्कन्या छैन, धेरै शेषि गर्‍यो भनि रिसाई त्यो पापिष्ठकन अँल्हे मुरकिले हानेर प्राणांत गरि पठायाथ्यौं फेरि मनँ आयो भनि युद्ध गर्न तयार गरि पाट वस्त्र बढि आउँदामा ताराले पाट वस्त्रका छेउमा समाई घिच्याई भन्दी भइन्, हे प्रभु, युद्धमा जानु छैन; मेरा मनको रिस छ, अँल्हे जितिपठायाको फेरि आयाको कारण छ, नजाउ, जान्या योग्य छैन। एक कोहि महापुरुष सहायको भरोसा आयाको हेतु तपाई जिउना वेला छैन मलाई विधुवा नतुल्याउनुहवस्। हे प्रभु, भरोसा दिन्या नभया त्यो फेरि आउन्या थिएन, तब नजाउ अमंगल छ। एस्ता तरहले विंति गरि वालिका पाउमा समाति बारंबार ढोक दिई विंति गरि

वषिन् वालिले तारालाई शिरमा दुई हातले समाई उठाईकन पछेउराका छेउले आसुँ पुछिकन वालिले आज्ञा गर्दो भयो, हे प्रिये तारा, पंचकन्यामध्ये एक कन्या तिमि हौ। हे सुन्दरि, एस्ता शोचना गर्नु छैन, परंतु मकन मान्यों त्रिभुवनमा कोहि छैन, तसर्थ तिमिले संदेह नमान हे प्रिये, वैरिले हाक्यापछि म जस्ता वीरले कसो गरि पछि सर्नु. वालि जस्ता वीर कातर्भयो भनि अपजस पाउँछ मैले कसोगरि जिउनु जियाको पनि व्यर्थ भयो। त्यो पापिष्ट सुग्रीवकन मारि फर्किआउँछु, फेरि तँसंगका इविमा-कोहि आया पनि उस्कन मारूँला। एस्ता प्रकार-सित तारालाई बुझायो र उठिकन जान लाग्यो र फेरि तारालै विंति गर्न लागिन्, मैले एउटा समाचार सुन्याको छ। तेस्ति मात्रै विंति गर्छुला पर्ष २ भनि हे प्रभो, हे स्वामि, तम्रो पुत्र अंगद शिकार जाँदा समाचार सुनि मकाई कह्याको छ सुन्नुहुन्छ विवेक गर। हे प्रभु, अयोध्यामा दशरथ राजाका पुत्र राम लक्ष्मण सीतासहित पंचवटिमा आई वस्ता रावणले सीता चोरि लैगयो, ति राम सीता खोज्न आउँदा ऋष्यमुख पर्वतमा पुगिकन सुग्रीवसँग मित्र लाई सुग्रीवकन भरोसा दियाको छ। वालिकन मारि किष्किन्धाको राज्य सोपुंला भनि प्रतिज्ञा गर्याको छ भनि भन्या मैले सुन्याको छ। तसर्थ सुग्रीव फेरि आयो, हे प्रभु मलाई विषन्ना नतुल्याउनुहुन्छ। उमांत आजको स्वप्नामा पनि बढ़िया देख्याको छैन, महाभयानक छ, तम्रो बढ़िया हुन्या छैन, अवश्य नजाउ, मेरो वचन अन्यथा हुन्या छैन। एस्ता प्रकारका ताराका वचन सुनिकन पनि याद नगरि भन्न लाग्यो, एस्ता सुग्रीवका मित्र भया पनि हाम्रा पनि मित्र हुन्। राम भन्याका समवर्त्ति हुन्, राम ता वैरि होइनन्, रामले मलाई वैरि कसो गरि तुल्याउनान्। मसँग युद्ध पनि गर्न्याछैनन्, मेरो मुख देखनि मात्रै स्नेह प्रीति गर्न्याछन्। राम भन्याका सत्यवादी असत्य नभयाका अन्याय गर्न्याछैनन्, सूर्यवंशी राजाले कतै पनि अन्याय गर्न्याको छैन, तसर्थ रामदेखि केही डर छैन तसर्थ मलाई नछेक २ भंदा फेरि तारा भन्न लागिन्, हे प्रभु, अति हठ नगर्नुहुन्छ, हत्पत् गर्न्याको काम पनि नाश हुन्छ, तसर्थ तिमिले रामको शरण गरि सुग्रीवसँग सम्बन्ध गरि सुग्रीवकन बोलाई ल्याउ र मंत्रि गरि राख, नजुऊ। एस्तो काम गर्न्या बढ़िया छ, एति उपकार छ भनि बारंबार विंति गरी र ताराका ती वचन सुनि हे तारा, तिमि क्या कुरा गर्दछौ, तम्रो मन भ्रमण भए छ कि वैरिसंग संगत गरि कसो गरि निस्तार होला? वैरिका पिछा परि वस्ताचाहिं विष पाई मर्नु निको बढ़िया छ। फेरि वीरको धर्म यो होइन, हाम्रो जन्म सबै पराक्रम धिक्कार २ हो। राजा प्रभृति पृथिवीमा जन्म भयाका सबै वीर २ राजाहरू आया पनि मलाई मार्नु शक्न्या छैन।

तसर्थ सुग्रीवकन नमारि आउन्याछैन भनि रीसले लाललाल आँखा गरि भ्रूभंग गरि वाहि-वाट उठि भिचिकन सुग्रीव वस्याको ठाउँमा पुग्दो भयो । त्यो बालिले पाउ राख्दा पृथ्वी पनि कंपमान भैरह्यो । एस्ता महावीर बालिले गर्जन् गरि सुग्रीवका छातिमा मुष्टिले प्रहार गरि हान्यो, सुग्रीवले पनि हान्या, दुवै भाइले कराईकन अघोर लड़ाँलि भयो । हातले हात जोरि समाई शिरले शिरकन पाउले पाउकन अंगले अंग एस्तो महायुद्ध भयो, दुई जनाको बराबर महावीर महावीर तिन्को जुद्ध हुँदा पृथिवी पनि दोलायमान भै ह्यो । एस्ता बालि सुग्रीवको द्वंद्व युद्ध भयो, मारूँ मारूँ भनि दुवै जनाको नखयुद्ध, दंतयुद्ध,, पुछर युद्ध एस्ता प्रकारको युद्ध हुँदा सुग्रीवले रूपवाट लुकि वस्याका रामकन बारंबार हेर्दा बालिले रामकन देषेन । ताहाँउभांत पुष्पमालाले सुग्रीवकन ठहराई धनुर्बाण समाई, कानसंम टंकार गरि शर प्रहार गऱ्या । त्योशर बालिका छातीमा छिचोलि काल्सर्प जस्तो गरि पृथ्वीमा प्रवेश गऱ्यो, शर प्रहारले बालिका छातीबाट रगत धारा बहन लाग्यो, बालि मूर्छा भै लोट्तो भयो मुहूर्त मात्र फेरि चेष्टा भैकन हेर्दामा रामकन देषतो भयो । कस्ता राम भन्या पद्मपत्र जस्ता छाती विस्तार लंबायमान हस्त ईषद्धास गरि अति सुन्दर मुख, स्यामवर्ण, वामहातमा धनुष, दाहिना हातमा शर, छातीमा श्रीवत्स चिन्ह भयाका महाराजाको लक्षण संयुक्त कपालमा जटा, वल्कल वस्त्र लायाका, दाहिनातिर सुग्रीव, बाउँतिर लक्ष्मण वस्याका कोटि कंदर्प जस्ता सुन्दर एस्तारामकन देषि बालिले बोल्यो । हे राम ! निस्कारणमा मेरो जिउ ज्यान लियौं, मैले तम्रो क्या अपराध गऱ्याँ र मलाई मारेउ, विना विरांमा मलाई मार्‍यौं ! सूर्यवंशी राजाहरूको एस्तो सत्य हो कि युद्ध गर्न्या मन्सुवा भया हाकाहाकि गर्दा हौं, भरिशक्य पराक्रम देषाउँदा, हौं, रूपमा लुकिकन विनाअपराधै मकन मार्नुभयो तसर्थ तिमि डाकु हौं । हे राम, सुग्रीवले तपाषिको क्या उपकार गऱ्यो मैले क्या अपराध गऱ्याँ ! रघुवंशी राजा भै एस्तै नीति हो ? हामि वनचर जातिलाई मारि क्या प्रयोजन तपाषिलाई भयो तिम्रो जन्म धिक्कार हो । सीता फर्काउन पऱ्या मसित क्यान गऱ्यौन, मैले लंका अशोक वनिका समेत् पुछरले बाँधि ल्याहाँ ल्याई दिनाको एत्ति सामर्थ मेरा थियो, अब त क्या गरौं, निस्कारण मलाई मार्‍यौं तिमिले । एस्ता प्रकारले गालि दियाको पै गऱ्याको सुनिकन श्रीरामले आज बालिको अज्ञान आफालि ज्ञान सोंपुला भनि आज्ञा गर्दा भया, हे बालि मेरा वाश दशरथले वायोद्धाराज्य सुद्धा सर्व मेरा भाइ भरतलाई दियो, सो दंडकारण्य वन मलाई दि मलाई एहिं पठाउनुभयो, तसर्थ यो वनको अमालि म हौं पापिष्टकन दंड गर्नु धर्मिष्टकन पालना गर्नु, त्यो मेरो भार । तैले भाइकी स्त्री विगारिस् त्यस्तो,

अन्याय गरिस् र भाइले सक्येन र मैले तँलाई मार्‍याँ। राम अवतार हुँ, दुष्टको संहार साधुको रक्षा गर्न्या मेरो भारा छ। हे वालि, तँ महापापिष्ठ वुहारिकन स्वास्नी तुल्याउन्या छोरि वुहारि भन्याका एकै हुन्, भाइले लियाकी तारा फेरि भोग गरिस् तसर्थ तँलाई मार्‍याँ। अब तेरो जिउनाको मन्सुवा छ भन्या जियाउँला मर्नाको मन्सुवा छ भन्या मर्। एस्ता प्रकारको आज्ञा सुनि वालिको ज्ञान चैतन्य भयो र अज्ञान गयो र चितायो, रामकन मैले दुर्वाक्यले निंदा गर्‍याँ, अब कसो गरूँ भनि पछुताई डराईकन हात जोरि विंति गर्न लाग्यो। हे परमेश्वर राम, म अज्ञानी भै तपाल्किन ठहराउन सकेनन्, तपाल्ति साक्षात् वैकुण्ठनाथ नारायण हौ, सीता साक्षात् लक्ष्मी हुन्, तपाल्किा प्रसादले अब मैले बुझ्याँ। हे परमेश्वर, अज्ञानले दुर्वाक्य अपराध गर्‍याँ, त्यो सबै क्षमा गर्नुहुवस्, परन्तु यो घाउले महाव्यथा भयो त्यो छुटाइदिनुहुवस्। तपाल्किा मुखकमलको दर्शन गरि म मरूँ, परमपद वक्सनुहुवस्। रामनाम मात्रै ली मर्‍या मोक्ष हुन्छ, एस्ता तपाल्किा मुख्यांजि मर्‍या त्योदेखि अरू पद क्या छ, मेरो महाभाग्य छ। अब हे परमेश्वर, तपाल्किा चरण-कमलले मेरा घाउमा राखनुहुवस् तव मेरा व्यथा छुटिजाला, तव सुखसंग गरिकन परमपद पाउँला। वालिले एस्ता प्रकारले भनिकन विंति गर्‍याको सुनि श्रीरामले वालिको छातीमा चरण राखिदिया, त्यो सबै वेथा छुटेर वालि सुखसँग मर्‍यो, फेरि दिव्य शरीर भयो। तसै वेलामा दिव्य विमान तयार भै आईपुग्यो, त्यो देखिकन दिव्य रूप वालिले रामकन स्तुति गर्‍यो। हे परमेश्वर, तपाल्ति सकल आत्मा पुरुष पृथ्वीको भारा उतार्नाका अर्थ राम अवतार भयाका हौ, अनेक देवताहरूकन वढिया गरिराख्न्या रावण आदि राक्षसहरू मारिकन देवता-हरू छोडिकन कोटि कोटि वानर फौज तुल्याई रामायण वनाउनानिमित्त अवतार भयाका हे परमेश्वर, मेरो छोरो अंगदनामा म जत्तिको छ, त्यो अंगदकन दया कृपा राखि अहाउनु-हुवस् भनि एस्ता प्रकारले स्तुति गरि प्रदक्षिणा गरि चरण-कमलमा प्रदक्षिणा प्रणाम गरि-कन विदा मागि दिव्यरूप वालि भै विमानमा वसि किन्नरहरू वजाउन्या अप्सराहरू नाच्न्या पुष्पवृष्टिसहित गरि वैकुण्ठ पुग्दो भयो भनि श्रीमहादेवले पार्वतिकन कहँदा भया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किधांकांडे द्वितीयोऽध्यायः ॥ २ ॥

३

महादेव फेरि आज्ञा गर्दा भया—हे पार्वति ताहाँपछि रामले वालि मार्‍याको देखिकन कोटि-कोटि वानर फौज डराईकन किस्किन्धामा भागि गित्र पस्या र ताहाँ मंत्रीहरूले तारा वस्याका ठाउँमा पुगिकन वालिको वृत्तान्त सबै कहिदिया। ताराले त्यो समाचार सुन्निमात्रै मूर्छा भै भूमिमा लोटिकन वायुले रूप लोटाया जस्तो गरि भूमिमा परिरहिन्, किस्किन्धाका दुनिया पनि सबै रामका डरले डराई डोका सबै छाई चौकी वस्या। क्षणमा तारालाई चेष्टा भयो र हा नाथ २ भनि रोई छातीमा हानि २ गहना सबै फालिकन रोई वसिन्। ताहाँ उग्रांत राज्यका मंत्रीहरू आई बुझाउन लाग्या, हे तारा एस्तो शोक नगर, जनिरोउ त्यो राज्यको रक्षा गर्नु होला। तिमिले शोक गरिवस्या राज्य कसो गरि रहला, हे तारा राणि, अब अंगदकन वालिका सिंहासनमा राखि राज्याभिषेक दि राजा तुल्याई राखनुहवस् भनि भन्या र त्यो वचन सुनिकन तारा कहँदी भईन्, हे मंत्रीहो, षडम् नभया त्यो राज्यको धंदा मलाई क्या छ छोरो पनि मलाई चाहिंदैन, मेरा प्राणपुरुषको ज्या गति भयाको छ, सो गति मेरा पनि छ भनिकन पाट पट्टाम्बर छाडि चीवर वस्त्र लगाई सबै मंत्रिसमेत् अंगदकन अघिलाई वालि मर्‍याका ठाउँमा पुग्दा भया। ताहाँ वाणका प्रहारले लोट्याको वालि, तस्का घाउचोट वह्याका रगतले अंग सबै भिज्याको समस्त वालिकन हेरि दुवै हातले वालिका पाउमा समाई ढोक दीकन शोक संताप गरि रोई २ कराई २ कनहा नाथ २ तपाञि काहां पाइलाग्नुभयो, हे स्वामि, मैले घेरै तरहसित छेक्याध्याँ बुझायाध्याँ, तिमिले मानेनौ र अब मलाई मात्र अनाथ गराई आफु मात्रै गयौ! तिमिले पाणिग्रहण गर्‍यौ, आज पनि पाणिग्रहण समझि फर्कि आउ भनि नाना प्रकारले ताराले विलाप गर्‍याको, राम लक्ष्मणले हेरि वस्याका छन्। ताहाँपछि ताराले देखिकन विंति गर्दि भईन्, जस्तै गरि वालिकन मार्‍यौ तस्तै गरि मलाई पनि मार्नुहवस्, तपाञिका हातवाट मर्‍यामात्र वालिसँग वस्न पाउँला। वालि भन्या मविना एक क्षण वस्न सक्तैनन्, त्यो दुःख तपाञि मात्र जान्दछौ, जस्तो सीताविना तपाञिको लाग्दछ तस्तै हामिविना वालिको क्या लाग्दछ। हे राम, तसर्थ चाँडो वालिका ठाउँमा पुर्‍याईदिनुहवस् भन्याको सुनिकन श्री रामले आज्ञा गर्दा भया। हे तारा क्यान शोक गर्दछौ, तँ नरोउ। सुन हे तारा, वालिको जीवात्मा पुरुष छ, सो पुरुष भई परमपद प्राप्त भयो, तसर्थ शोक नगर भन्याको सुनि फेरि तारा विंति गर्दी भईन्, हे राघव, आत्माको सुख दुःख छैन भनि आज्ञा भयो, सुख दुःख कस्ले गर्‍यो हाम्रो सन्देह भयो भनि सोध्या र

रामले कहँदा भया, हे तारा, सुख दुःखमा कर्मअनुसार परमात्मा पुरुष एक भोग गर्छ दोस्रो-छैन। यो सृष्टि सबै संहार गरि भित्र पसाई फेरि सृष्टि गर्दछ, परमेश्वरका मायाले त्यो शरीर सृष्टि गरि तीन गुणका काम भयो, तमोगुणले तामसी कर्मबाट क्रोध उत्पत्ति भयो र त्यो हाम्रो शत्रु मित्र भनि सुख दुःख उत्पति भयो। फेरि सत्व गुणबाट शान्त कर्म शान्त ज्ञान उत्पन्न भई क्रोध नाश भयो। त्यस्को शत्रु मित्र सुख दुःख छैन, त्यस्ले संसार माया भनि ठहरियो। परमेश्वर का मायाले संसारमा ममत्व भयो, त्यो शरीर परमेश्वरको पेलाउन्याको जस्तै संसारमा केटा-केटीले पुतलि पेलाया जस्तो छ त्यो जानिकन तँ पनि परमेश्वरको ध्यान गर्। ताहाँपछि सुख मुक्त होला। त्यो परंब्रह्म एक मात्रै अद्वितीय छैन, एकले संसार व्याप्त गरि सकल प्राणिका साक्षीभूत जस्तै हज्जार घैलामा पानि राखि हेर्दामा हज्जारै सूर्य देखिछन्, ज्ञानीहरू सृष्टिमा जति प्राणि छन् त्यो सबै ब्रह्ममय भनि जान्नु। जस्का हृदयमा एस्तो ज्ञान देख्तछन् तेस्ले मात्रै मुक्तिपद पाउँछ। एस्ता प्रकारले रामले बुझायापछि फेरि तारालै विन्ति गर्दी भईन्, हे रघुनंदन, एस्ता ज्ञान पाउन क्या यत्नले क्या क्या कर्म गरि पाउँछ त्यो आज्ञा मकन गर्नुहवस् भनि विंति गर्दा श्रीरामको आज्ञा भयो, हे तारा, त्यो ज्ञान पाउनाकन पूर्वजन्मको पुण्यका प्रभावले भक्ति सत्संग गरि भागवत रामायण इत्यादि पुराण सुन्नु तब ज्ञान हुन्छ। ज्ञान भैकन परमेश्वर-को पूजा गर्नु प्राणिकन दया राख्नु। ताहाँपछि ब्रह्मास्वरूप गुरु तुल्याई परमेश्वरको मंत्र ग्रहण गरि ध्यान गर्नु, तब तेस्ले आफ्ना हृदय, कमलमा बस्न्या परमात्मा पुरुषको दर्शन पाउँछ तेस्को दर्शनले मोक्ष पाउँछ। हे तारा, तसर्थ गुरु तुल्याउनु भन्याको छ। समस्त ज्ञान विज्ञान तत्वज्ञान जान्न्या, उद्धार गर्न सक्न्या गुरु नजान्न्या भया शिष्य नरकी हुन्छ, तसर्थ मंत्र ग्रहण पनि कठिन छ। हे तारा, त्यो कुरा अभक्तहरूकन कहनु छैन, तँ पूर्वजन्मको म भक्तभनि ज्ञान सुनाया। हे तारा, अब रामनाम भनि रामनाम जप गरि घरको काम क्या २ काम छ सो काम गरि बस्, तँलाई मोक्ष दिन्छौं भनि रामको आज्ञा सुनि तारीका मनमा संताप दुःख शोक मुक्त भई निर्मल चित्त भै श्री रामका चरणमा प्रणाम गरि फेरि तारालै विंति गर्दी भईन्, हे परमेश्वर श्री राम, दुःख समुद्रमा डुब्याकि मकन तपाईले ताहाँबाट उद्धार गरि आनन्द स्थलमा राख्नु-भयो भनि तारा आनन्दसित बस्ती भईन्। ताहाँउपान्त श्री रामले मंत्रीहरूकन अहायापछि किस्किन्धाबाट यावंत सराजाम त्यायार कर्मि पनि डाकेर मृतक मेचक बनाई पाट पट्टाम्बर सुवर्ण आभूषणादि राखि त्यो मंचकमा मुद्रा राखि मंत्रिहरूले बोकाई बाजा बजाई चितामा राखि श्रीखंड आदि सुगंध २ वस्तु राखि अंगदका हातबाट जलार्घ दीकन यथाविधिले अग्नि संस्कार

गराई अतक्रिया गराई फर्कि आउ भनि श्री रामचन्द्रले आज्ञा गर्दा भया। रामको आज्ञा भया जैं सबै मंत्रिहरू जाई वालिको मृतक शरीर अग्नि संस्कार गरि रामका हजूरमा आई वस्या। ताहाँपछि सुग्रीवले रामका हजूरमा विंति गर्दा भया, हे श्री राम, अब किष्किंध्याका राजा तपाञि हौ, राज्याभिषेक लिनुहवस्। म राजा भयां तपाञिले क्या पायौ भनि संदेह जानि मान गर्दा भया। म तपाञिको दास मैं सेवा गरूँला लक्ष्मणले गऱ्या जस्तो भन्याको सुनिकन श्री राम ले आज्ञा गर्नाकन लाग्या, हे सुग्रीव मित्र, तम्रो र हाम्रो केहि फेर छैन, तिमि राजा भया पनि मै राजा भया जस्तो हो सन्देह नमान। तसर्थ किष्किंध्या जाई राज्याभिषेक लिई अंगदकन युवराज पदवी दीकन रजाई गर्नुहवस्। हे मित्र, बाबाज्यूको हुकुम् शिरमा राखि चौध वर्षसम्म म राज्यभित्र पस्न्या छैन। लक्ष्मणकन हुकूम् छैन, उसलाई राज्यभित्र लैजाई उसैका हातबाट राज्याभिषेक लिउ, म तेसै पर्वतनजीक पर्वतमा वसि चतुर्मासा वसिकन ताहाँउमान्त वर्षाकाल विताई सीताको काम चलाउँला। अब विलंब नगर जाउ, परन्तु हाम्रो कार्य पनि याद गऱ्या भनि लक्ष्मणकन आज्ञा गर्दा भया। हे लक्ष्मण, सुन, सुग्रीवकन राज्याभिषेक दी चाँडो आया भनि श्री रामको हुकुम सुनि सुग्रीव प्रमुख सबै किष्किंध्याका दर्वारमा जाँदा भया, असंख्य पंडितहरू बटुल्याई तिथि नक्षत्र योग वार शुभ गरि वालिका सिंहासनमा राखि सुग्रीवकन गंगाजल हालि अनेक तीर्थ जलले राज्याभिषेक दिया लक्ष्मणले। ताहाँपछि सुग्रीव राजाले लक्ष्मणका चरणको पूजा गऱ्या। लक्ष्मण उसै घरि फर्किकन रामका ठाउँमा पुगि फेरि दुई भाई प्रवर्षण पर्वतमा वस्ता भया। कस्तो पर्वत भन्या सबै फटिकमय सेतो उज्यालो अति मनोहर सदाकाल जलवृष्टि भयाको, स्फटिक गुहा भयाको, अति शोभित अनेक वृक्ष लता, अनेक पुष्प सुगंध मनोहर एस्ता पर्वतमा कुशशाला बनाई ताहाँ वसि मुनि जस्ता फलाहार गरि श्री राम लक्ष्मण दुई भाई चतुर्मासा वस्या भया भनि श्रीमहादेवले पार्वतीलाई कहँदा भया। सोहि कथा ब्रह्माले नारद मुनिकन कहँदा भया, ई कुरा सूतले सौनकादि ऋषिहरूकन कहँदा भया।

इतिश्री अध्यात्मरामायणे उमामहेश्वर संवादे किष्किन्धाकाण्डे तृतीयोऽध्यायः ॥३॥

४

श्री महादेव उवाच –हे पार्वति, ताहाँपछि राम लक्ष्मण दुई भाई त्यो प्रवर्षण पर्वतमा स्फटिक गुहाभित्र पसि वृक्ष लतामा पऱ्याको जलवृष्टि शब्द मनोहर सुनि वृक्षपत्रमा परयाको जल बिंदु मोति जस्ता सुन्दर देखि पुसि भै पक्का २ फलमूल खाई आनंदसँग बस्ता भया। मुनि जस्ता बस्याका राम लक्ष्मणका सेवानिमित्तमा वैष्णवगण, गन्धर्वगण, किन्नर, यक्ष, देवगण आई मृगरूप भै पंक्षिरूप भै सुस्वर राम-स्तुति बनाई गीत जस्तो गाई राम लक्ष्मणको टहल गरि सुखसित बस्ता भया। एस्ता तरहसित बस्तामा एक दिनमा लक्ष्मणले श्री रामकन विंति गर्न लाग्या, हे राघव, पंचवटीमा बस्ता ज्ञानका कथाहा आज्ञा गरयाको सुनि मेरा हृदयमा बंध भयाको अज्ञानपासा अब मेरा छुट्यो, हृदय अति निर्मल भयो। हे परमेश्वर, आज तपाल्किो पूजाविधि कहनुहुवस् भनि विंति गर्दा राम ईषद्हास गरि आज्ञा गर्दा भया, हे लक्ष्मण, धन्य २ तिमि हाम्रा महाभक्त छौ, हाम्रा माहात्म्यमा चतुर छौ, परम वैष्णव तिमी हौ, परन्तु हाम्रो पूजाविधि महिमा पारवार छैन, म पनि कहन सक्तिन तथापि संक्षेपले कहंछु। हे लक्ष्मण, ब्राह्मणकुलमा जन्म भया पहिले एस्तो गर्नु, जनै लिई गायत्री मन्त्र जपि परमेश्वरको नित्य २ पूजा गर्नु। पूजा काहाँ गर्नु भन्या आपना हृदय-कमलमा जीवात्मा पुरुषकन, त्यो जीवात्मा पुरुष कस्तो छ भन्या सकल प्राणिहरूकन चैतन्य दिन्या पाप पुण्य सुख दुःख हेरि तस्या सत्वगुण रजोगुण तमोगुण त्यो तीन गुणले खेलाई-कन आफु छुट्टै बस्याको दीप जस्तो उज्यालो एस्ता जीवात्मा सकल साक्षि ताहिं सीतासहित मेरो पूजा गर्नु। फेरि मेरा पूजाको ठाउँ सूर्य मंडल पनि हो, अग्निमा पनि पेटमा पनि प्रतिमा पनि हो। हे लक्ष्मण, मेरा पूजाका निमित्त पहिले गुरुका मुखबाट मंत्र सुनिकन म जस्ता मानि गुरुपूजा गर्नु। हे लक्ष्मण, पहिले प्रातःस्नान वेदस्नान मलस्नान गरि मंत्रस्नान गर्नु। ताहाँ-पांत पूजा गर्नु, पूजापात्र दक्षिण भागमा राषनु, जलपात्र वाम भागमा राषनु, अर्घपात्र तिनै पादार्घ आचमनार्घ स्नानार्घ सुगन्ध पुष्प श्रीखंड चन्दन गोघृत दीप चाहिंछ, सकल पूजा पंचामृतले पूजा गर्नु। प्रथम पदार्घ दिनु, फेरि आचमन स्नान गराउनु, पंचामृतलेपन जलार्पण कोमल वस्त्रले अंग प्रक्षालन गर्नु, सुगंध चन्दन लेप गर्नु, फलफूल चढाउनु, धूप दीप नैवेद्य अनेक २ फलमूल चढाउनु, वस्त्र ताम्बूल पान सुपारि चढाई सीता रामको पूजा गर्नु। फेरि गुरुले दियाका मंत्र जपि पाठ गर्नु, ध्यान गरि प्रणाम गरि मुद्रा चढाउनु, अष्टांग प्रणाम गरि

पूजा सकिकन शेष नैवेद्य आदि सबै वैकुण्ठका द्वारपाल पुण्यशील सुशील जय विजयकन चढाउनु । त्राहाँपछि ब्राह्मणहरूकन पुराउनु । ताहाँपछि त्यो शेष प्रसाद आफूले पनि पानु । हे लक्ष्मण, एस्ता प्रकारले जस्ले मकन पूजा गरेको तेस्ले संसारसागर तरि पुनर्वार गर्भवासमा वस्नुपर्दैन, परमेश्वरको सहाय भै वैकुण्ठमा वस्न पाउँछ । हे लक्ष्मण, एस्ता विस्तारको पूजा गर्न नसक्या केवल चित्त शुद्ध गरि मेरो भक्ति गरि कया सुन्नु, तेस्ले पनि वैकुण्ठ पाउँछ भनि पूजाविधि कहिकन श्री राम फेरि अज्ञानि जस्ता संसारि जस्ता भै हा सीता २ भनि शोक समुद्रमा डुब्या । ताहाँउपांत किस्किन्धामा हनुमानले चिताया; कस्ता हनुमान भन्या महाज्ञानी, पराक्रमी, राजनीतिमा निपुण, सुग्रीवका हितार्थ भयाका एस्ता हनुमानले चिताउन लाग्या, त्यो सुग्रीव राजा राज्यभोगमा डुबेर अति सुन्दरि ताराकन भोग गरि श्री राम लक्ष्मणको विचार गरेनौ, राम रिसायापछि कया क्या विघ्न हुन्छ भनि हनुमान सुग्रीव वस्याका ठाउँमा पुग्या । कस्ता सुग्रीव भन्या सूर्यपुत्र महातेजस्वी रामका प्रसादले पायाको किस्किन्धा राज्य तारासहित भोग गरि निष्कंटकले सुखपाई आनन्दसित वस्याका एस्ता सुग्रीवकन सेवा गरि हनुमानले विंति गर्न लाग्या, हे महाराज सुग्रीव, तपाञ्जिले राज्य पायौ, तारा पनि पायौ भनि ममता भई राम लक्ष्मणकन पनि विर्सेउ विचार पनि गर्दैनौ । ४-५ महीना भैगयो, एस्ता पर्वतमा जंगलमा एकांत गरि वस्याका रामकन कसैलाई पनि पठायौन, आफू पनि पाउ लागेनौ, पत्तर पनि गरेनौ, राम रिसावैनन् कया, हे सुग्रीव ! शत्रु मारिकन राज्य फिराईदिया, तारा सुंपिदियो, एस्ता रामको पत्तर पनि गरेनौ, ति राम रिसाया-पछि जोना बाणले बालिकन मारयो उसै बाणले तपाञ्जिलाई मार्न्याछन् भनि हनुमानले भन्या र त्यो वचन सुनि सुग्रीवले महात्रासले युक्त कंप भई भन्न लाग्या । हे हनुमान, सुन चार मंत्री-मध्यमा तिमि श्रेष्ठ छौ, महाज्ञानी, महावीर, पराक्रमी, परन्तु मदेखि अत्यन्त दया राषनुहुन्छ । एस्ता तिमिले आज दश हजार वानर, महावीर, वायुवेगी पठाईकन सात समुद्र पृथिवीमा वस्याका वानरहरू जो छन् सबै मेरा हुकुमले बोलाईल्याऊ । एक पक्षभित्र जो आउँदैनन् सो मेरा हातले मारूँला । हे हनुमान, विलम्ब गर्नु छैन, ऐले पठाउनुपर्छ भनि हनुमानलाई पठाईकन ति सुग्रीव अन्तःपुरमा प्रवेश गर्न्या । ताहाँउपांत हनुमानले पनि सुग्रीवको हुकुम मानि दशहजार वानर महावीर २ भीमपराक्रमी पर्वत पनि उठाउन सक्न्या वायुवेगी एस्ता वानरहरूकन धन दौलत मान इनाम वस्त्र आदि दीकन राजा सुग्रीवको हुकुम जस्तो पत्र लेपि सात समुद्र पृथिवीमा दशहजार वानरकन सुग्रीवले पत्तर पठाया भनि श्रीमहादेवले

पार्वतिकन कहँदा भया । सोहि कथा ब्रह्माले नारद मुनिकन कहँदा भया, सूतले सौनकादि ऋषिकन कहँदा भया ।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किन्धाकांडे चतुर्थोऽध्यायः ॥ ४ ॥

५

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि रामचन्द्रले प्रवर्षण पर्वतमा बसिकन अज्ञानी जस्तो भई हा सीता २, हा प्राण २, तिमि काहाँ गयौ, काहाँ बसेउ भनि शरत्कालका पूर्ण चन्द्रमा जस्ता मुखले ईषद्धास गरि म हेर्छु म एस्तो तिमि नभई मेरो प्राण कसो गरि रहन्छ, हा सीता, हा प्राण भनि रोई २ कन आज्ञा गर्दा भया । हे लक्ष्मण, मांसाहारी पापिष्ट राक्षसले मेरो अर्द्धाङ्गी भयाकि सीता चोरि लैगयो ! हा सीता, मेरा अर्द्धाङ्गमा बस्याकी तिमि राक्षसका घरमा कसो गरि रह्याकी छौ ! हे लक्ष्मण, उस्तो रावण राक्षसहरूको मुख हेरि सीता काहाँ बाँच्याछन् ! हे लक्ष्मण, ति चन्द्रमा प्रकाश भई सबै दुनियाकन शीतल भयो, मलाई भन्या दग्ध भयो । हे चन्द्रमा, तिमि पनि भाग्यमानी छौ, लंकामा बस्याकी सीताका अंग छोपि, हे चंद्रमा, जौन तेजले सीताकन छोयौ, तसै तेजले मलाई पनि स्वच्छ निर्मल गर्नुहुन्छ भनि एस्ता तरहसित रामले विलाप गरि रात्रि बिताया, निद्रा पनि पायेनन् भनि पार्वतिकन महादेवले कह्या, हे पार्वति, परमेश्वर श्री रामचन्द्रका हृदयमा लक्ष्मी सधैं बस्याकि छन् । अर्द्धाङ्गमा लक्ष्मी बस्या पनि सीताका निमित्तमा रामले शोक गऱ्या कथान भन्या, लोक प्रतीत गर्नानिमित्तले । एस्तै शोक गर्दै गर्दै रात्रि बिताई प्रातःकाल भई, पूर्व दिशाबाट सूर्य उदय भयाको देखिकन रामले शोक शांत गरि लक्ष्मणकन आज्ञा गर्नुभयो, हे लक्ष्मण, हेर २ त्यो सुग्रीवले आफ्नु कार्य सिद्ध गराई हामिहरूकन विचार पनि गरेन याद पनि गर्दै गरेनन् । हे लक्ष्मण, किष्किन्धामा राजा भई तारा स्त्री पाई राज्य भोगमा डुबेर हामिहरूकन बिर्स्यौ यादै पनि गरेन । एस्तो अधर्मि रहेछ, सुग्रीव मित्र भया पनि बालि मार्‍या जस्तो गरि मारूँला । हे लक्ष्मण, त्यसका निमित्तमा त्रिभुवनमा नभयाको महावीर बालिकन मार्‍या, फेरि पंचकन्यामध्ये एक कन्या तारा

सदा युवति अति सुंदरी एस्ती तारा पनि हात पारिदिनाँ र मोजसंग बसि मलाई याद पनि गरेन । अब सहन्या छैन, म जाईकन वालि मान्या ऊँ मित्र भया पनि मारूँला भनि रिसाई आज्ञा गऱ्याको सुनि लक्ष्मणले विंति गर्न लाग्या, हे भ्राता रामचन्द्र, हजूरको सेवक म छैं छु, तपाँलिले जानु चाहिंदैन । म जाईकन किष्किध्यामा भयाका वानरहरू सबैकन मारि सुग्रीवकन पनि मारिदिउँला भनि लक्ष्मणले खड्ग धनुर्बाण समाई, जो लक्ष्मण शेष अवतार भै पृथिवी उल्टापाल्टी गर्न सक्न्या एस्ता लक्ष्मण रिसाईकन जान तयार भयाको हेरिकन रामले चिताउनुभयो, लक्ष्मण भन्या हेरै रिसाया अब कसो गरौं सबै मार्न सक्न्याछ भनि हे लक्ष्मण, हामिहरूले मित्रद्रोहि हुनु छैन भनि तसर्थ सुग्रीवलाई मार्नु छैन हपकाउनु मात्रै छ कार्यसिद्ध गर्नानिमित्तमा भन्याको रामका आज्ञा शिरमा चढाई चरणकमलमा ढोक दी विदा मागि लक्ष्मण जाँदा भया र किस्किन्धाको ढोकामा पुग्या । कस्तो किस्किध्या भन्या वालिले पालिराख्याका वानरहरूले चित्रविचित्र घर बनाई कौशी तुल्याईकन निसाना राखि शोभित भयाको सर्वत्र गन्ध पर्पाल रूखले परिवृत्त भयाको वैरिहरू पस्न गाह्रो भयाको एस्ता किस्किध्यामा धनुर्टंकार गरि रिसाईकन आयाका लक्ष्मणलाई हेरिकन किस्किन्ध्याका चौकी बस्याका वानरहरूले डर मानिकन ठुलो डुंगो समाति पर्वतशृंग रूख पनि समाई गन्ध पर्पालमा बसिकन तयार भै बस्या, महाशब्दले कराई लक्ष्मणको मुख हेरि वानर-हरूले अनेक तरहसित पर्वतले हान्ना भन्या जस्तो गरि वृक्षले हुङ्गाले हान्नान् भन्या जस्तो दंतप्रहार नखप्रहार गर्नान् भन्या जस्तो मुख व्याहान गरि भ्रूकुटि मुख वक्र मुख गरि देपाया र ताहाँ लक्ष्मण रिसाईकन धनुर्बाण तयार गरि वानरहरू मार्नाकन तयार भयाका वेलामा हनुमानजी ताहाँ आईपुग्या र वानरहरूकन हपकाया, हे पापिष्ट वानरहरूहो, तिमिहरू मूर्ख हौ, पशु २ महाँका पनि महापशु हौ । ति लक्ष्मण हुन् भनि जाँदौनथ्यौ क्या ! त्यस्तो गरि क्यान हपकाउँछौ भनि सबै वानरहरूकन पै गरि चाँडै गरि सुग्रीव भयाका ठाउँमा पुग्दा भया । ताहाँ ढोकामा बस्न्या अंगदले लक्ष्मणका चरणकमलमा ढोक दीकन विन्ति गर्न लाग्या, हे लक्ष्मण, क्यान परिश्रम गरिवक्सनुभयो त्याहाँ पाउ लाग्नुभया आउनुहवस् २ भित्र जाउँ भनि भन्या र पछि लक्ष्मणले भन्या, हे अंगद, तेरा काका सुग्रीवकन लक्ष्मण आयाका छन् भनि पबर पुऱ्याउन जाउ भन्या र अंगद जाईकन विन्ति गर्न लाग्या, हे महाराज सुग्रीव, लक्ष्मण ढोकामा आई महाक्रोधले बस्याका छन् भनि भन्याको सुनि हनुमानकन आज्ञा भयो, हे हनुमान, अंगद, तिमिहरू महाज्ञानी नीति जान्न्या छौ, तिमि न्याय नीति जान्न्या

भयाका एस्ता तिमिहरू दुइजनालाई जस्ता तरहसित लक्ष्मणको क्रोध शान्त हुन्छ, तस्तै गरि बुझाई पुमी तुल्याई ल्याऊ । ऐल्हे म जाउँ भन्या लक्ष्मणले मलाई रीसले मार्न वेर छैन, तसर्थ तिमि २ जना जाउ भनि पठाया । फेरि तारासित भन्या, हे तारा तम्रो वचन अति कोमल छ, अति सुन्दरि पनि तँलाई देख्नै मात्रैले लक्ष्मणको महाक्रोध शान्त हुन्याछ, तसर्थ तिमि बाहिर कोठामा जाई बस म भित्र कोठामा बस्छु तँ बाहिर बसि क्रोध शान्त गराई भित्र ल्याउ भनिकन सुग्रीव डरले भित्र पस्तो भयो । ताहाँ हनुमान अंगद दुइजना पुगिकन लक्ष्मणका चरणकमलमा दुईजनाले ढोकदीकन हनुमानले महाकोमल वचनले बोल्दा भया, हे लक्ष्मण, तपाञ्चि कयान परिश्रम गरि आहाँ पाउलाग्नुभयो, भित्र आउनुहुवस्, यो राज्य तपाञ्चिकै हो । अब तपाञ्चि आहा आपापछि दर्बारभित्रसम्म पुगि जानुहुवस् भनि विंति गरि बुझाई लक्ष्मण भित्र जाँदा भया । ताहांउप्रान्त ताराले जसै देखिन् तसै उठेर बडो सर्म भई विंति गर्दी भईन् । हे लक्ष्मण भाइ, आईपुग्नुभयो, आउनुहुवस् २, श्रीराम कुशल चाहिये । हे लक्ष्मण, मेरा खसंका मित्र श्री रामचन्द्र हुन् । उन्का भाई लक्ष्मण तिमि हौ । हे भाइ, मित्रज्यूका प्रसादले वालिले भोग गरिराख्याको राज्यको भोग्य गरि सुखमा डुवेर तपाञ्चिको सेवा विर्स्या । फेरि देरै काल भयो भोग्य गर्न नपायाको मलाई पायार मसँग सम्भोग्य गरि वस्ता विर्स्या, तथापि सुग्रीवले सप्तद्वीप पृथिवीमा भयाका वानरहरू बटुल्न पठायाका छन् । कति २ ता आईपुग्या पनि सबै ता आईपुग्याछैनन्, अवका चार दिनमा आईपुग्ला । हे लक्ष्मण, सुग्रीवको क्षमा गर्नुहुवस् । तपाञ्चिका डरले डराईकन भित्र बस्याका छन् । छोराहरू सँग तपाञ्चिले क्रोध शान्त गरि भित्र जानुहुवस् भन्याका ताराकी कोमल वचन सुनि लक्ष्मणको क्रोध शान्त भयो र तब भित्र पस्ता भया । सुग्रीव भन्या पाटमाथि चार पाव तकिया राखि आनन्दसित सुतिरह्याको, चार छोराले चमर चलाई व्यजन चलाई मोजसँग बस्याको सुग्रीवले लक्ष्मणकन भित्र पस्याको देखि पाटबाट उठीकन ति लक्ष्मण भयाका ठाउँमा पुगिकन डरले कंपित भै सुरापानले रक्त नेत्र भयाको एस्ता सुग्रीवकन हपकाउन भनि क्रोध वचनले लक्ष्मण बोल्दा भया, हे सुग्रीव, तम्रो बेहोरा एस्तै हो कि ! आफ्नु कार्य पुग्यो भनि रामकन यादै गरेन समझाउनु पनि भयेन । सीता फर्काइदिउँला भनि अंगीकार गऱ्याको बिर्स्यौं कि ! त्यो कार्य पुऱ्यायौन र मित्रको व्यवहार धर्म एस्तै रहेछ भनि राम धेरै रिसाउनुभयो । आज वालि माऱ्या जैं सुग्रीव मार्नु तिमि सकैनौ भाइ भनि राम साहैं रिसानि भयाको छ भनि लक्ष्मणको वचन सुनि सुग्रीवले बडो मीठो

बोल्ले बोल्न लाग्या, हे लक्ष्मण, त्यो राज्य धन दौलत यो ज्यू छोरा, छोरी परिवार त्यो सप्तांग राज्य पनि तपाल्हिरूको त हो म त रामका चरणको दास पो हौं, परंतु राज्यभोगमा डुबेर अलिक ढीलो भयाको हो त्यो मेरा अपराध क्षमा गर । हे लक्ष्मण, राम भन्याका साक्षात् नारायण हुन्, ब्रह्माका आज्ञाले पृथिवीका भारा उतार्नु रावणादि राक्षस संहार गर्नाकन राम अवतार भयाका हुन हे लक्ष्मण, उसैका मायाले छोपाई अज्ञानी भई त्यो कार्य समझन्या भयेन र उसैले विर्सायाको हो, तसर्थ मलाई दोष छैन । हे लक्ष्मण रामले आफैं सिद्ध गर्न सक्याका कामा मलाई सहाय तुल्याउन आव्यौं त बढिया हो, अब उनैका हुकुमूसित म तयार छु भनि सुग्रीवको वचन सुनि लक्ष्मणका दिलमा अलिक् लाज मानि मनमा चिताउन लाग्या, हा हा आश्चर्य, एस्ता ज्ञानी छन् रामभित्र सुग्रीवलाई मैले छुई वचनले हप्काया को हो भनि मनमा चिताई लक्ष्मणको आज्ञा भयो, हे वानरेन्द्र सुग्रीव, दुःखका निमित्त रिसायार तिमिहरूलाई क्षुद्र वचनसित यै गर्‍यौंथ्यौं त्यो क्षमा गर भनि शांत कुरा गर्‍या । ताहाँपछि सुग्रीवले हनुमान-सँग कुरा गर्‍या, हे हनुमान, मेरा सारथिसहित रथ तयार गरि ल्याउ, सिपाही फौज पनि भन्याको सुनि हनुमानले उसै घरिमा तयार गरिदिया । ताहाँउपांत सुग्रीवले हनुमान लक्ष्मण अंगद नल नील त्यति चार काजिसुद्धा छजना रथमा चढि कोटि २ वानरले सहित गरि मृदंग भेरि आदि अनेक वाजा बजाईकन पृथिवी पनि कंपमान गराई किष्किंध्या नगरबाट निस्किकन जाहाँ श्री राम बस्याका थिया ताहाँ पुग्न गया भनि श्रीमहादेवले पार्वतिकन कहँदा भया । सत्यलोकमा ब्रह्माले नारद मुनिकन कहँदा भया, सूतले शौनकादि ऋषिकन कहँदा भया ।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किन्धाकांडे पंचमोऽध्यायः ॥ ५ ॥

६

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि सुग्रीव राजा वानर फौजसमेत रथमा चढि पृथ्वी दोलायमान गरि जाहाँ श्री रामचंद्र बस्याका प्रवर्षण पर्वत देख्ता ताहाँ प्रवर्षण पर्वत पुग्दा सुग्रीवले त्यो पर्वतमा फटिक गुहामा बस्याका परमेश्वर रामचंद्रकन एकांत

वस्याका देख्ता भया। अनेक मृग पंछिहरूले परिवृत्त भै वस्याका, लम्बायमान आँपा, जटा मुकुटधारी श्याम वर्ण अति सुन्दर सीता समजि सीताका निमित्त फिक्री गरि आफै ध्यान गर्न्या एकान्त फटिक गुहामा वस्याका रामकन देखि सुग्रीवले रखवाट बर्हिकन रामका चरणमा प्रदक्षिणा गरि ढोक दिया, लक्ष्मणले अंगद हनुमान नल नील सबै वानरले रामका चरणको प्रणाम गरि आनंद गरि वस्या। ताहाँ रामले सुग्रीवका शिरमा समाई हर्षका आँसु झराई प्रेम आलिंगना गरि आज्ञा गर्दा भया, हे मित्र सुग्रीव, घरमा परिवार तारा प्रभृति कुशल चाहिये। कुशल वार्ता गर्न्याको सुनि सुग्रीवले विंति गर्न लाग्या, हे परमेश्वर श्री राम, तपाञ्चिका चरणका प्रसादले मेरा सबै आनन्द छिया, परन्तु हजूरका हुकूम्सित कोटि २ वानर वटुल्याई ल्याऊँ, हेर्नुहवस् भनि भन्दा रामले हेर्नुभयो। कति वानर पर्वतमा, कति पृथिवीमा, कति रूखमा वसि सम्पूर्ण व्याप्तमान भई कपिल वर्ण भई छोपाई वस्याका असंख्य वानरलोक देखि-कन राम खुसि भई सुग्रीवलेउँ सुध्याउनुभयो, हे सुग्रीव, देरै वानर की आयौ, काहाँ २ का हुन् क्या क्या गुण छन्, कस्ता कस्ता वीर पराक्रमी छन् भनि सोध्या र सुग्रीवले बताया, हे राम मित्र, त्यो पृथ्वीमा अष्ट पर्वत श्रेष्ठ छन्, सात द्वीप छन्, ताहाँ वस्न्या सबै हामिहरूको हुकूम् मानि आयाका हुन्। हे मित्र राम, ति वानरहरू कस्ता २ छन् भन्या महाइछारूपी छन्, मनुष्यरूप, राक्षसरूप दैत्यरूप इत्यादि ज्या ज्या इछा छ ज्या ज्या चाहिंछ पर्वतसमान देह पर्वत उठाउन सक्न्या फेरि ई वानरहरू कति एक हातीको वल पराक्रम कोहि दश हाती कोहि शत हात्तीको पराक्रम भयाका पृथ्वी पनि उल्टापाल्टी गरि फर्काउन सक्न्या एस्ता २ वीर पराक्रमी कैले युद्ध गर्नु पाउँला भनि सुक्सुकाईरह्याका छन्। कोसँग युद्ध गर्नु, कौन् २ वीरकन मार्नु भनि हाँकिरह्याका छन्। ई सबै वानरलोक हुन्। फेरि हे राम परमेश्वर, हनुमान् अंगद नल नील गवय गवाक्ष माल्यवंत जंबुवान ति आठ मेरा मनुष्य मंत्री छन्। त्यो हनुमान् भन्या वायुपुत्र हो, महावीर पराक्रमी वायुवेग कामरूपी अंगद भन्या तिमिले मार्न्याको वालिको पुत्र हो, त्यो वालि जस्तो पराक्रमी छ। त्यो जांबुवंत भन्याको महावृद्ध भालूको राजा हो, महाज्ञानी, शास्त्र जान्न्या नीति-न्याय-निपुण, पृथ्वीमा भयाका सबै भालुको राजा थियो, सबैको वराज्यू, स्यसका परिवार दशहजार छन्। ती सबै मंत्री मुख्य तेहि हुन्। हे परमेश्वर रघुनाथ, आज हामिहरूले क्या २ गर्नुपर्दछ आज्ञा गर्नुहवस् भन्दा श्री रामज्यू आज्ञा गर्दा भया, हे मित्र सुग्रीव, सीताका शोकदेखि महाकष्ट भयो र क्या भन्नुपर्छ! तिमिहरूले हेरि २ काज गर, ज्यासुकै गर्न्या पनि सीता ल्याउन्या काम गर्नुहवस् भन्दा सुग्रीवले सबै वानरलोक वटुल्याईकन हनुमान अंगद जांबुवान पूर्व

पश्चिम उत्तर दक्षिण चारैं दिशामा वानरहरूकन पठाउनुभयो । फेरि रावण वस्याका दक्षिण दिशामा भनि जानिकन हनुमान अंगद जांबुवान नल नील ती चार मंत्रीकन बोलाई सुग्रीवले अहाउँदा भया, हे वीर मन्त्रीहो, तिमिहरू एक महीनाभित्र सीताको खबर ल्याईदिया शिरो पाउ ति रामले दिन्याछन्, नल्याया मेरा हातले प्राण खंड २ गरूँला भनि भन्याको सुनि सुग्रीवको हुकूम् शिरमा चढाई राम लक्ष्मण सुग्रीवकन प्रणाम गरि सीता षोज्नाकन ती चारैं जना मन्त्री जान तयार भयामा रामले हनुमानकन बोलाई आज्ञा गर्दा भया, हे हनुमानजि, सुग्रीवका प्रसादले कोटि कोटि वानर मेरा सहाय भया, तथापि मेरो भरोसा तिमि मात्रै छौ । हे हनुमान, सीताको सन्देश ल्याउन तम्रा हात वाहुमा मात्रै हुन्याछ, अरूलाई भन्या म पत्याउँदैन । तसर्थ त्यो हीरा माणिक जडिराष्याको अङ्गैठि सीताले सधैं हेरिराष्याको त्यो अङ्गैठि तेरा हातले सीताकन सोंपिदिनुपर्छ, क्यानभन्या सीताले पत्याउनानिमित्त । रामचन्द्र छ कि छैन भनि सीताको संदेह पऱ्याको छ । तिमिहरू भन्या मेरा सेवक सैन्य होइनौ, कैल्हे पनि देष्याको छैन, तसर्थ त्यो अङ्गैठि चिन्हा पत्याउनानिमित्त हो । हे हनुमान, मेरा भाषाले सीताकन कुशल वार्ता गर । हे हनुमान, तँलाई निर्विघ्न हवस्, कार्यसिद्धि हवस् भनि आशिष दिंदा भया । हनुमानले पनि रामचंद्रका चरणमा ढोकदीकन सीता षोज्न भनि अंगद प्रभृति दक्षिण दिशामा जाँदा भया । ताहाँउप्रान्त सीता षोजि जाँदा २ अनेक पर्वत गुफामा वन वनान्तरमा जाँदा षोज्दामा एक महाभयानक राक्षसकन देष्ता भया, पर्वताकार शरीर हाती पाया पनि सिंह व्याघ्रादि ज्या पायो सो पाईदिन्या एस्ता राक्षसकन देषि ति वानरहरूले चिताउँदा भया, सीता चोरि लैजान्या रावण भन्याको राक्षस एहि होला भनि सबै वानरहरू उफ्रि उफ्रिकन राक्षसकन मुष्ठिले प्रहार गऱ्या । त्यो हेरिकन ति राक्षस डराई म रावण होईन भनि विंति गऱ्या र वानरहरूले छाड्या । ताहाँउप्रान्त अनेक २ वनान्तर स्थान स्थानमा षोज्दा पनि नपाईकन फेरि ढेरै परिश्रम भई भोक लाग्यो तृषा लाग्यो र पानि षोज्दा २ पायेनन् । फेरि एक वनान्तरमा एक गुहा देष्या, अनेक घाँस वृक्षले छोपिराष्याको त्यो गुहाबाट क्रौंच पक्षी इत्यादि आँग भिजाई उठि चलि आउँदा फेरि गयाको हेरिकन हनुमान प्रभृति वानरहरूले ताहाँ भित्र ता पानि होला भनिठानि वानर सबै त्यो गुहाभित्र पस्ता भया । ताहाँ महाअन्धकार थियो, महाभयानक ठाउँ एस्ता गुहाभित्र टाढा जाँदा एउटा पोषरी भेटियो । पाक्याका फलफूल वृक्षले व्याप्त भयाको अति मनोहर जग्गा थियो, त्यो देष्ता भया । ताहाँ कोहि मनुष्य थियेनन् । फेरि हेर्दा ताहाँ रत्न सिंहासनमा वस्याकी दिव्य सुन्दरी अनेक गहना लाई वल्कल वस्त्र लाईरह्याकी एक स्त्री तपस्या

गरि वस्याकी देवदा भया। त्या देखिकन अब कसो गरूँ त्यो तपस्विनी हो, तेस्ले श्राप दिन्छे कि भनि डराईकन तपस्विनीका चरणकमलमा नमस्कार गरि वस्ता भया। ताहाँउमान्त सबै वानरहरूकन तपस्विनीले भन्दी भइन्, हे वानरहो, एस्ता दुर्ग ठाउँमा क्यान आयौ भन्दा वानर हरूले हात जोरिकन विन्ति गर्न लाग्या, हे तपस्विनी, अयोध्याका राजा दशरथका पुत्र रामचंद्र-का स्त्री सीताकन राक्षसले चोरि लैजाँदा रामचंद्रले षोज्न आया, सुग्रीवसंग मित्र बंध गरि प्रवर्षण पर्वतमा बसिरह्याछन्। तब सीता षोज्नकन सुग्रीव राजाले आपना प्रजा वानरहरू चारैं दिशामा पठाउनुभयो र यो दिशामा हामिहरूकन पठाया, तब तृषा लाग्यो र पानि षोज्दा निमित्तमा हामि त्याहाँ आइयुँ, अब हामिहरूको अपराध क्षमा गर। हे तपस्विनी, तिमि को हौ, क्या नाम हौ, एकलै क्या निमित्त वस्याकी हौ भन्याको सुनिकन तपस्विनीले इनहरू ता रामका सेवक हुनान् भनिठानिकन भन्न लागिन्, हे वानरहो, हामि विश्वकर्माका छोरी हौं, मेरो नाम हेमा हौ, श्री महादेवका आज्ञाले त्याहाँ वस्याकि हौं। यो ठाउँ मलाई बनाई राषिदियाको हो। हे वानरलोकहो, अब तिमिहरू भोक तृषाले पीडित भयाका छौ, अब त्यो पोषरीमा नुहाई ताहाँ अनेक फल मूल षाई अमृत प्रमाणको जल षाईकन आउ तब म वृत्तान्त कहुँला भनिन् र ताहाँपछि सबै वानरहरू त्यो पोषरीमा स्नान गरि पाक्याका फल मूल षाई पोषरीको जल पिई संतुष्ट भई तपस्विनीछेउँ जाँदा भया। तपस्विनीले कहन लागिन्, हे वानरहरूहो, ब्रह्मलोक-बाट यौटी धर्मकी पुत्री आईकन कहि गयाथ्या ब्रह्माका आज्ञाले महाविष्णु राम अवतार भई आउन्याछन्, तिमि रामको दर्शन गरि मुक्त हुन्याछौ। तिनै राम हुनान आज तिम्को दर्शन गर्न जान्छु तिमिहरू नेत्र मिलन गर भनि भन्याको सुनि वानरहरूले नेत्र मिलन गऱ्या। उसै क्षणमा ति हेमाले योग प्रयोग गऱ्यार तत्क्षणैमा आफुसुद्धा वानरहरू सबै गुहाबाहिर भया, वानर सबैले आश्चर्य मानि वस्या। ति हेमाले पूजाविधि सामग्री लियेर राम भयाका ठाउँमा पुगि राम भन्या दक्षिण बाउँ सुग्रीव लक्ष्मण राखि अनेक वानर वटुल्याईकन ईषद्धास मुख गरि अति सुन्दर एस्ता रामका चरणमा नमस्कार गरीकन षोडश उपचारले बढाई पूजा गरी स्तुति गर्दी भईन्। हे परमेश्वर राम, तपाईका चरणमा कोटि २ नमस्कार छ। कस्ता चरण भन्या सदा काल लक्ष्मीले पूजा गरिराष्याका महादेवले पार्वतिले पूजा गरि गयाका ब्रह्मादि देवताले स्तुति गरिराष्याको अनेक योगेश्वरले ध्यान गऱ्याको एस्ता चरणारविंदको धूला आज मैले पाचाँ मेरा जन्म साफल्य भयो। हे परमेश्वर, तपाइ परब्रह्मा संसार उद्धार गर्नानिमित्त नाना अवतार लि आफ्नु मायाले मोहित संसारमा मत्स्य अवतार भै कूर्म वराह

नरसिंह वामन राम परशुराम बौध बरराम कलंकि भनि अवतार लियौ, फेरि कोहि पंडितहरू भन्दछन् पृथिवी भारा उतार्नु ब्रह्माका आज्ञाले, कोहि भन्दछन् कश्यपले तपस्या गऱ्या उनकन वरदान दिनानिमित्त, कोहि भन्दछन् दुनिमाँ पापि भया र धेरै दुःख पाया तिनकन उद्धार गर्नाअर्थ अवतार भनि भन्दछन्। हे परमेश्वर, दुनिआका प्राणमा तिमि वस्याका छौ ति दुनिआँले बुझेनन्, जो ज्ञानि सो मात्र बुझदछन् एस्ता ज्ञानि सदाकाल मेरा हृदय-कमलमा रहुन्। हे सीतापते, अवतारमध्ये ई राम अवतारको जो मूर्ति छ सो मूर्ति सदाकाल समझाउनु-हुन्स्। कस्ता मूर्ति भन्या अति सुन्दर दुई कानमा दुई कुण्डल लाउन्या, गलामा मुक्तामाला, छातीमा श्रीवत्सको चिह्न वनमाला शोभित, वल्कल वस्त्र लाई जटा मुकुट धारण गऱ्याका, उत्पल जस्ता वर्ण, कोटि कन्दर्प जस्तो सुन्दर एस्ता ध्यान सदा काल रहोस्। परंतु हे परमेश्वर, मकन मुक्ति पद दी जाउ भनि हेमाले स्तुति गऱ्याको सुनि खुसि भैकन श्री रामले आज्ञा गर्नकन लाग्या, हे तपस्विनी हेमा, उत्तर दिशामा एक पर्वतवाट गंगा वहि आयाकि छन्, उस् ठाउँमा मेरा आश्रम हो। वद्रिका नाम क्षेत्र ताहाँ नर नारायणका मूर्ति स्थिर छन् जाहाँ जाई तिमि मुक्त हौलि भनि आज्ञा सुनि हेमाले विदा मागि चरणकमलमा नमस्कार गरि वद्रिका आश्रममा आई पुगि ताहाँ गंगा स्नान गरि नर-नारायणको दर्शन गरि हेमा मुक्त भै भनि श्रीमहादेवले पार्वतिकन कहँदा भया, ब्रह्माले नारद मुनिकन कह्या, सोहि कथा सूतले शौनकादि ऋषिकन कह्या।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर सम्वादे किष्किंधाकांडे षष्ठोऽध्यायः ॥ ६ ॥

७

श्री महादेव उवाच—हे पार्वति सुन, ति वानरहरू स्थान स्थानान्तरमा सीता खोजि २ जाँदा पायेन र सुग्रीव राजाको हुकुम् समझि ताहाँ अंगदले भन्या, हे हनुमान, अब कसो गरूँ! मेरा दिनमित्र सीता खोजि ल्याउन नसक्या तिमिहरूको ज्यू सर्वस्व लिउँला भनि सुग्रीव राजाको हुकुम् भयाको छ, आज चौबीस् पचीस् दिन वित्यो र पनि सीता पायेनौं, अब कसो गरूँ! हामिहरू त बाँचौंन! हे वानरलोकहो, पैल्हे हाम्रो जिउ जाला ताहाँपछि

तिमिहरूको ज्यू जाता, कयानभन्या मेरा बाबा वालि त्यो सुग्रीवका परम शत्रु छन् तसर्थ मलाई पैल्हे मार्न्याछ, अनेक निहुँले गरि मार्न खोज्न्या आज एस्तो ठुलो निहुँ पाया अब काहाँ बाँचछ मता अवश्य रहिनँ भनि आँसुपूर्ण गराई बस्याका अंगदकन देखि सबहि वानरहरूका आँसु पसालि बस्या। फेरि अंगदले गद्गद स्वरले गरिकन भन्या, हे वानरलोकहो, त्यो सुग्रीव राजा भन्या महाअधर्मि चाण्डाल छ, वालि भन्याको साल्वै दाज्यूकन मारि उसकी स्त्री भोग गर्न्या, दाज्युकी स्त्री ता साक्षात् महतारितुल्य हो, यस्ता अन्यायीले काहाँ राज्य मलाई अवश्य मार्छ। हे वानरहो, त्यो पापिष्ट काहाँबाट मन्याहुनि नरकवास हुन्छ, तसर्थ एहि मरूँला निश्चय भयो भनि रोईकन भन्याका कुरा सुनि हनुमानले भन्नाकन लाग्या, हे अंगद ज्युवराज, कयान एस्तो दुःख मान्नुभयो! तपाईले एस्ता कुरा गर्न्या त ति सबै फर्कि जान्याछन्, तसर्थ धन्दा फिक्री नगर। परन्तु तिमि सुग्रीवका अप्रिय होइनौ महाप्रिय छौ, कयानभन्या महारानि तारिका छोरा हौ, तारिका तिमि पियारा छौ तसर्थ सुग्रीवका पनि पियारा छौ। फेर तम्रा बाबाले रामकन सौंपिदियाको छ, तसर्थ अनि हत्यताउ। हे युवराज साहेब, सबै बटुल्याई फेरि सीता खोज्न जाउ भनि हनुमानको वचन सुनि धैर्य्य गरिकन वानर सबै बटुल्याई सीता खोज्न जाँदा २ सुवेलाचल पर्वतमा पुग्या र पर्वतका माथि होला भनि पर्वतमाथि पुग्या। तेस्मा अनेक गुहा शृंग भयाको छ, ताहाँ पर्वतमा हेर्दा खोज्दा पायेनन् र फेरि व्यासिमा आई हेर्दामा समुद्रकन देख्दा भया। कस्तो समुद्र भन्या, पर्वतसमान तरंग, हातीसमान पर्वतसमान अनेक जल जन्तु रह्याका महाभयानक एस्ता समुद्र देखिकन सबै बटुलि मत गर्न लाग्या। त्यो समुद्रपार लंका देश हो, ताहाँ सीता हुनिन् अवश्य अब कसो गरूँ! फर्कौं भन्या सुग्रीव राजाको डर समुद्रपार लंका जानु भन्या सामर्थ छैन, अब सबैले यहिं मर्नु सुग्रीवका हातबाट मर्नु ननिको समुद्रका किनारामा प्राण त्याग गर्नु भनि कुश आसन गरि सबै बस्ता भया। तेस् वेलामा एक रूखमा एक गृध्रबस्याको सम्पाति नाम गृध्र बुढो तेस्को पंछि सबै पिपोलिकाले खायार पक्ष नभई उड्न सकेन। जटायुको भाइ तेस्ले ती वानरहरू सबै मर्न तयार भयाको देखिकन संपाति गृध्रले भन्यो, धन्य २ मेरो भाग्य! ती वानरहरू सबै मेरा आहारा भया, दिनका २।४।५ गोटा खाई दिउँला भन्याको सुनिकन वानरहरू डराउनकन लाग्या। हाहा कस्तो अवस्था परिकन आयो फर्कि जाउँ भन्या राजाले मार्न्याछ आहाँ बसौं भन्या गृध्रले खाईदिनाकन लाग्यो, अब कसो गर्न्या हो! वानरलोकहो, हामिहरूको जन्म धिक्कार २ भयो। रामका टहलमा प्राण त्याग गर्न सामर्थ भयेन, धन्य २ भन्ना को हुन् भन्या

जटायु गृध्र हुन् जस्ले रामको टहल् गरि मऱ्यो। परमेश्वर रामले मोक्ष दी पठाया, तसर्थ जटायु धन्य २, हामिहरू ता अभागी हौं भनि वानरहरू कराया को सुनेर सम्पातिले इनहरू को हुन्, मेरा दाज्यु जटायुको नाम लिया भनि हे वानरहो, काहाँ वस्न्या, क्यान आयाका, क्यान मेरा दाज्यु जटायुको चर्चा गऱ्यौ। जटायु भन्याका मेरा दाज्यु हुन् बडा पियारा थिया ति काहाँ गया, कसो २ क्या २ गऱ्या कसो २ भयो, भऱ्या कि छन् कि तस्को समाचार कहनुपर्छ भनि भन्या र वानरहरूले वृत्तान्त कहन लाग्या। हे संपाति, सुन, अयोध्याका राजा दशरथका पुत्र श्री रामचन्द्र लक्ष्मण सीतासहित दशरथ राजाका हुकूमदेपि वनवास भया र एकदिन वनमा वस्तामा सुनका मृग देख्या र समात्न भनि जाँदाका वेलामा राक्षसले सीताकन चोरि लैगयो र हा राम २ भनि कराई सीताकन लिई आकाशमा लैजाँदा जटायुले देख्यार समात्न भनि जाँदा रावणका रथ, घोडा सारथि पनि चुचाले चूर्ण गरिदिया र रावण रिसाईकन जटायुका पखेटा दुवै खड्गले काटिदियो र मरणान्त वोल्नाकन लाग्यो। राम आईपुग्या र रामसँग गरि जटायु मऱ्या। रामले अग्निसंस्कार गरि पिंड आदि गरि गृध्रहरू पुऱ्याया, प्रेतकर्म शांत गरि जटायुकन मोक्ष दिया। एस्ता रामको सेवक हुन्, हामिहरू पनि सीता षोज्न आयाका हुँ। हे संपाति, तिमिले देख्याको छ कि देख्याको भया कह भन्या र संपातिले भन्नाकन लाग्यो, हे वानरलोकहो, दाज्युका वचन सुनि मलाई शोक पऱ्यो, जलतर्पण गर्नु चाहिन्छ, म जान सक्तिनँ। तिमिहरूले मलाई समुद्रमा लैजाउ, ताहाँ प्रेतकर्म साम्य गरि सीताको समाचार कहिदिउँला भन्यो र वानरहरूले संपातिकन समुद्रका तीरमा पुऱ्याईदिया। ताहाँउभ्रान्त संपातिले दाज्यूका निमित्तमा नुहाई जलतर्पण आदि गरी क्या क्रिया छ सो शांत गरि फेरि अघिका ठाउँमा पुगि संपातिले वानरहरूकन कहँदा भया, हे वानरलोक, त्यो समुद्रका टापू एकशय १०० योजन विस्तार छ, ताहाँ एक सुमेरु पर्वतको एक शृंग छ त्यो काँचनमय भूमि छ, तेस्मा लंका देश हो। ताहाँ रावण राजा वस्याको छ। तस्मा वगैचा अतिमनोहर, अनेक वृक्ष लता सम्पूर्ण, विशेष अशोक वृक्षले शोभित भयाको अशोकवनिका भन्याको वगैचामा ताहाँ सीता राख्याको छ। हे अंगद, मेरा आँखाले चारशय ४०० योजनसम्म देख्तछु, तसर्थ लंकामा भयाको चीजवीज म सवैकन जान्दछु। तम्रा जस्को थेरै पराक्रम छ उ जाई सीता फर्काईल्याऊ। क्या गरूँ म वुढो भया पक्ष पनि छैनन्। हे हनुमान, तिमिहरू भन्या पराक्रमी छौ भनि संपातिले वानरकन कह्या भनि श्री महादेवले पार्वतिकन कहँदा भया, ब्रह्माले नारदकन कह्या, सूतले शौनकादिकन कह्या।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किंधाकाण्डे सप्तमोऽध्याय ॥ ७ ॥

८

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि संपातिले अंगद हनुमान प्रभृति वानरहरूकन हे वानरहो, म पूर्वकथा कहन्छु सुन्नुहवस्। म तरुणावस्थामा बलमा गुमान।चहि कसैलाई गन्दा पनि गन्दैनथ्याँ, उसै वेलामा दाज्यु जटायुको र मेरो.वादविवाद भयो र सूर्यमंडलमा जो उहि पुग्न सक्ला सो बलियो भन्नु भनि बाद गरि हामि दुईजना आकाशमाथि उड्दा २ दुईशय योजनसम्म उडिगयाथ्यौं। ताहाँ सूर्यका तेजले घामले दाज्यु जटायुका पखेटा सबै डढ्या दग्ध भया र मेरा पखेटाले दाज्युकन छोपिराथ्याँ, फेरि त मेरा पनि पखेटा दग्ध भया र थाम्न सकिन खस्या र एहि भूमिमा पऱ्याँ, दाज्यु जटायु भन्या कता पऱ्या थाहा भयेन। हे वानरलोकहो, ताहाँबाट पस्यार तीन दिनसम्म अचेष्टा मै मूर्छा भयो, चार दिनमा चेष्टा पाई हेर्दामा मांस पिंड मात्रै रहेछ पखेटा छैनन्, उड्न सकेनौं र अब कसो गरूँ भनि त्राहि २ मै दैव पुकारि त्यो ठाउँमा चन्द्र नाम ऋषि थिया, तन्का आश्रममा पाउ चलाई सुस्तै जाँदा चन्द्र ऋषिले देख्यार भन्या, हे सम्पाति, क्या भयो ! तेरा पखेटा काहाँ गया ? अघि ता महापराक्रमी थियो आज एस्तो हवाल भयो क्या हो भनि कृपा राषि पुछदा भया। क्या भन्नु हे ऋषेश्वर, बलका गुमानले सूर्यमण्डलसम्म उडिगयाथ्यौं, ताहाँ सूर्यका तापले पखेटा दग्ध भयार लाहिं खस्या अब काहिं जान सकिन। अब शरत्काल आउन लाग्यो, ताहाँ वनमा त अग्निले दाह हुँदाकन लाग्यो भनि तम्रा आश्रममा म वस्न आयाका हौं। हे मुनेश्वर, तपाखिका शरण पिछामा आयाको मकन पालना गर्नुहवस् भनि विंति गर्दा हे वानरलोक, चन्द्र ऋषिले आज्ञा गर्दा भया, हे सम्पाति, म ज्ञानका कहन्छु सुन। यो संसारमा सुख दुःख भयाको अहंकारदेखि उत्पन्न भयो, त्यो अहंकार नभया सुख दुःख हुँदैन। हे सम्पाति, यो संसारमा परमेश्वरका मायाले छोपाई यो मेरो छोरा छोरी, इ मेरा बाबा महतारी, यो मेरो धन सम्पत्ति भनि ममत्व मानि त्यो माया शरीर भनि जान्दैन असत्यले सत्यले पुत्र परिवार पाल्नानिमित्त धनार्जन गऱ्यो सत्यमा रहन्या स्वर्ग गयो, असत्यमा रहन्या नरकमा रह्यो। एस्ता संसारमा हे सम्पाति, दुनियाँले अनेक यज्ञ, दान, व्रत आदि पुण्य गऱ्या त्यो पुण्यदेखि पुनर्वार स्वर्गवास भयो र सुख भोग पायो, पुण्य क्षय भयापछि स्वर्गवासी लोकले तेरो पुण्य क्षय भयो अब उप्रान्त स्वर्गमा जनिवस भनि रीसले गलहत्तालाई स्वर्गबाट निकालिदिन्छ। ताहाँपछि त्यो आत्मा पुरुष चंद्रमंडलमा पस्यो र यत्किंचित् काल फेरि मेघमाथ

भै पृथ्वीमा धान्यादि अन्नमा पस्येर अन्न पाक भयापछि त्यो अन्न घरमा त्याई ४ प्रकारले बनाई पान्छन् । ताहाँपछि प्राणीका शरीरमा जीव उत्पन्न भयेर स्त्री पुरुष संयोग गरी रक्त-वीज मिलिकन स्त्री गर्भमा पांच दिनमा एक खण्ड हुन्छ । केराउ फल प्रमाण सात दिनमा जल बूंद जस्तो बीस दिनमा, मांसपिंड महीना दिन पुग्दा त्यो मांसपिंडमा जीवात्मा प्रवेश हुन्छ, अंकुर हुन्छ, दुई महीनामा हात पाउ व्यक्त हुन्छ, तीन महीनामा अंगुला चार महीनामा मुख अपानद्वार मूत्रद्वार- पांच महिनामा नासा कण, छ महिनामा आँधा, सात महिनामा केश नख रोम, आठ महिनामा नाभि नाभिवाट जरायु उत्पन्न भै त्यस्का द्वारवाट आमाले खायाको पाईकन पुष्ट हुन्छ । गर्भका एकातिर महातारिका जठर अग्नि एकातिर नरक एस्ता कष्टसित गर्भमा बसि कर्मअनुसार बसिरहेछ । नौ महीनामा चैतन्य भई त्यो बालक जन्मजन्मांतरको कर्म संझि एस्ता गर्भमा वास फेर २ बस्या । मलमूत्र रालका माझमा बस्नु, एकातिर जल एकातिर अग्नि, चिसो पनि दाह पनि एस्ता दुःख हाई २ कत्ति फेरा पाऔं, पशु पंछि मनुष्यमा जोनिमा सहस्र जन्म पाऽयु एस्तो समझि गर्भमा बस्याको परमात्माछेउं विंति गर्दछ, हे परमेश्वर, भलाई गर्भमा वास नदेउ, चाँडो गर्भवासवाट निकासिदिनुहवस्, जसै गर्भवाट निस्कुला तसै मुक्ति पाउनाकन धर्मकर्म गरूँला भनि चिताई बस्तछ । हे संपाति, गर्भमा बस्तामा एस्तो चेष्टा गर्दछ जस्तै तीथमा जाँदामा धर्म चेष्टा हुन्छ घर आयामा जस्ताको तस्तै । गर्भमा बस्ता ज्ञान चेष्टा भई ताहाँउपांत दश मास पुग्दा योनिद्वारवाट निस्कि जन्म भईकन परमेश्वरका मायाले छोपाईकन बालक चेष्टा भई मलमत्र अशुचिमा पसि बाबा महतारिले पालिकन संसारको व्यवहारसित जातकर्मादि गरि तरुणावस्थामा मोज गरि वृद्धावस्थामा बुढो भई फेरि मऱ्यो र कर्मका अनुसार जन्म पायो, एस्तो संसार हो भनि चन्द्र नाम ऋषिले भलाई सुनाया। हे वानरलोकहो, फेरि एक कुरा भविष्यको म कहन्छु सुन भनि चन्द्र ऋषिले कहंदा भया, यो संसारमा गर्भवास छोड्नाको उपाय भन्या विष्णुसेवा विष्णुविना अर्को छैन । ममत्व छाडिकन संसार त्याग गरि परम वैष्णव भई विष्णुको ध्यान गऱ्यापछि गर्भवासमा बसैन । हे संपाति, अब ई विष्णु ब्रह्माका आज्ञाले राम अवतार भयाका छन् । ति राम दशरथका हुकुम मानिकन सीता लक्ष्मणसमेत बनवास गर्दामा रावणले सीताकन चोरि लैजाँदामा ताहां सीता खोज्दामा बालिकन मारि सुग्रीवकन मित्रबंधन गरि रामको हुकुम् मानि सुग्रीवले वानरहरूकन पठाया सीता खोज्नाकन । तब तिमि संग मत गरि तिमीलाई सीताको खबर म कहिदिन्छु । तसै बेलामा हे संपाति, रामनाम सुन्याका पुण्यले तम्रो पखेटा अंकुर भई अघिको जस्तो गरि सर्वत्र उडिकन

जान सकौला तेरो मुक्त हुंछ भनि भविष्य कथा कह्याध्यां । आज हाम्रा पपेटा उपजि आयो हेर २ भनि हे वानरहो, रामनाम जतिको ठुलो केहि छैन, तसर्थ रामको सेवा गर्न्यालाई क्या क्या फल मिल्छ भन्या रामका नामले सर्व कार्य सिद्ध हुन्छ । तब पृथ्वीका दुगुना समुद्रपार लंका जाई सीता फर्काइदेउ, रामनाम मात्रले एस्तो हुन्छ भनि संपाति आनंदले उडियो उद्धार भयो भनि श्री महादेवले पार्वतिकन कहँदाभया, ब्रह्माले नारद मुनिकन कहँदा भया, सूतले शौनकादि ऋषिहरूकन कह्या ।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किधाकांडे अष्टमः सर्गः ॥ ८ ॥

९

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि संपाति उडिगयापछि अंगद आदि वानरहरू घुसी भैकन सबै उफ्रि कुदिकन हेर्दा समुद्रकन देख्या । कस्तो समुद्र भन्या अनेक मत्स्य आदि जल जन्तु मकर आदि ग्रह महाभयंकर हस्ति जस्ता पर्वत जस्ता तरंगले गरि महाशब्द मेघ गर्जमान जस्तो, एस्ता समुद्र देखिकन वानरहरू चिताउन लाग्या, आदि अंत नभयाका एस्ता समुद्र नाघि कसो गरि जाउँ भनि फिक्रि मानि ताहाँ सबै बसिरह्याँ । तब अंगदले हनुमान प्रभृति वानरहरूकन आज्ञा गर्न लाग्या, हे वानरलोक, त्यो संपातिले निश्चय गरि सीता बस्याको ठाउँ कहिदिया र अब कसो गरूँ भन्दा कसैले केहि पनि बोल्न सकेनन्, उधोमुख भै मौन गरि बस्या । फेरि अंगदले भन्या, हे वानरलोकहो, क्यान बोल्दैनौ, आफ्ना २ पराक्रम बताउ भयासम्मको एस्तामा पराक्रम नदेषाया काहाँ देषाउला । हे वानरलोकहो, तिपिहरूले आफ्ना जियको माया मारि लंका देशमा पुगि सीताको षबर ल्याईदिया कोटि २ वानरको जिउ सर्वस्व रहन्याछ । फेरि, श्रीराम, लक्ष्मण पनि पुसि हुन्याछन्, सुग्रीव राजा पनि पुसि भै हुकाम शिरोपाउ दिन्याछन् । सीताको समाचार पुऱ्याउन नसक्या सुग्रीवका हुकुमले वालि मान्या जस्तो गरि रामले पनि सबै वानरकन पनि रामले मारिदिन्याछन् । फेरि राम लक्ष्मणले पनि सीताका निमित्तमा प्राण त्याग गर्न्याछन्, तसर्थ तिमिहरूले परम उपकार गरि जाउ । हे वानरलोकहो, एतिको पराक्रमी छु भनि कहु भनि युवराज अंगदको वचन

सुनि कसैले दश योजन मात्र उफि जानसक्छौं भन्या, कसैले चालीस योजन कसैले साठी योजन । ताहाँउभांत जांबुवानले भन्या, म ता एकशय योजन अलिक सक्छुईन, हे अंगद, त्रिविक्रम अवतार विष्णुका अंगुष्ठाले पृथ्वीकन छोपिराख्तामा ति परमेश्वरका चरणमा एक दिनभित्र सततीस् फेरा प्रदक्षिणा गर्थ्यौं, आज म बुढो भयां अब सक्तैन, परन्तु एक वेगले लंका पुग्न ता सक्छुंला, फर्कन सकौंला कि सकैन, अलिक फिक्रि छ त्यो वचन सुनि अंगदले भन्या, लंका पुग्न ता मेरा पनि सामर्थ छ, परन्तु अर्द्धांग ता कवच भयो अर्द्धांग कोमल छ, तसर्थ भोरसा छ कि छैन भन्या जस्तो छ । फेरि जांबुवानले भन्या, हे युवराज, तिमि साहेब छौ, तिमिले नसक्याको क्या छ तथापि जानुपर्दैन, एतिका सिपाहि फौज सेवक छन् इन्हरू जाउन तिमिले जानुपर्दैन भनि भन्याको सुनि अंगदले फेरि भन्न लाग्या, हे जांबुवान, मलाई पनि पठायेनौ आफु पनि जाँदैनौ, अब सबैले जाँहि मर्नु भयो भनि कुश आसन गरि बस्या । ताहां हनुमानले केहि बोलेनन्, भौन मै बस्याका देखि जांबुवानले भन्या, हे युवराज, जस्को धेरै पराक्रम छ, जो पराक्रम भयाको छ, उस्ले मुख बोल्दैन काम गरि बोल्दछन् भनि हे हनुमान, तिमि केहि बोल्दैनौ, बढिया हौ, परन्तु पराक्रम देपाउनु एस्तामा नदेपाई काहाँ देपाउला । हे हनुमान, तिमि महावीर वायुपुत्र हौ, जस्तो देवलोकमध्येमा तेरा बाबा वायु बलवंत तस्तै वानरमध्येमा तिमि बलवान् छौ । तिमि जसै महतारिका गर्भबाट निस्क्यौ उसै उदय भयाका, लाल वर्ण भयाका सूर्य्य पाक्याका फल भनिठानिकन पाउँला भनि उफ्रिकन गयौ, पाँचशय योजनसम्म आकाशमार्गि पुग्यौ । एस्ता वीर पराक्रमी तिमि छौ । त्यो लंका ता एकशय योजन मात्रै छ, तसर्थ पराक्रम देपाई कोटि २ वानरको प्राण रक्षा गर, राम लक्ष्मण सुग्रीवकन पुसी गराई इनाम पाउँला भनि जाम्बुवानले बढाईकन कुरा गर्न्याको सुनिकन हनुमान पुसी भया र पुसीले पर्वतसमान देह भयो । वीरश्रेष्ठ हनुमानले बोल्नाकन लाग्या, हे युवराज अंगद, जनि हतपताउ, लंकामा अब म जान्छु, उसै घरिमा म सीता फर्काई ल्याउँला, फेरि त्यो लंका पनि डाहा गरि, हे साहेब, हजूरका हुकूम् भया राक्षसहरू पनि मारिकन, रावणकन पुछरले बाँधिकन हजूरका मुन्यांजि पुऱ्याईदिउँला भनि एति मेरा सामर्थ छ भनि हनुमानको वाक्य सुनि जांबुवानले भन्या, हे हनुमान, सत्य गर्न्यौ, तिमि रामायणनिमित्त अवतार भयाका हौ । हे हनुमान, ति वानरलोक पनि तेतीस् कोटि देवताको अवतार हो, जस्तै नारायण मनुष्य अवतार भया । परन्तु हे हनुमान, विनाहुकूम्मा मार्नु कुटनु छैन, तिमिले गरों भन्या एकै जनाले लंका भस्म गर्न सक्न्याछौ, तथापि सुग्रीवका हुकूम् जस्तो सीता पोजि आया । तिमिले पराक्रम

देपाउँछु भन्या जब राम लक्ष्मण आदि लंकामा पुगनान्, तब इन्हरूका हजूरमा पराक्रम देपाउँला । हे हनुमान, लंका जाँदामा तेतीस कोटि देवताहरूले रक्षा गरून् । फर्कदामा महा विष्णुले रक्षा गरून्, लंकामा महादेवले रक्षा गरून् । एस्ता तरहसित जांबुवानले आशीर्वाद दिया, हनुमान पुनी भैकन विदा मागि महेन्द्र पर्वतका माथि चढिकन समुद्र हेरि वस्ता भया । पर्वतमा पर्वत वस्या जस्तो, महाभयंकर स्थूल मूर्त्ति भई गल्याका सुन जस्तो वर्ण भै लंका जान तयार भयाका हनुमानकन देपि अंगद आदि वानरहरू सबै पुसि भया । आज हामिहरूको जिउ सर्वस्य वाँच्यौ भनि कोहि वानरहरू रूपमा चढि, कोहि पर्वतमा वसि, कोहि समुद्रका किनारामा वसि एताउता हेरि अनेक फल मूल पाई, पुसी भै वस्या भनि कैलाश पर्वतमा श्री महादेवले पार्वतिकन आज्ञा भयो भनि ब्रह्मलोकमा ब्रह्माले नारद मुनिकन सुनाया भनि नैमिषारण्य वनमा सूतले शौनकादि ऋषिहरू अठ्ठासी हजार ऋषिहरूकन कहँदा भया ।

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे किष्किधा कांडे नवम सर्गः ॥९॥

सु

★

न्द

र

का

★

ण्ड

सुन्दरकाण्ड

१

श्री शिवोवाच—हे पार्वति, ताहाँपछि फेरि जंबुवानले भन्न लाग्या, हे हनुमान, तपाइको कृपाले समस्त वानरलोकलाई प्राणदान दिनुभयो भनि जंबुवानले भन्या र फेरि समस्त अंगद आदि सबै वानरलोक पंचहरूले भन्न लाग्या, हे हनुमान, अब चाँडै श्रीरामको सेवा गर्न्या वेला भयो भनि समस्त वानरलोकले भन्या र समस्त वानरलोकका कुरा सुनिकन हनुमानले भन्न लाग्या। हे वानर पंचलोकहो, सुन, रामचन्द्रको सेवामा समुद्र लंघन गरि जान्छु, लंका राज्यबाट म नफर्किआयासम्म अंगदादि समस्त वानरलोकहरू नफर्कनुहोला भनि हनुमानले भन्या। हनुमान अंगद प्रमुख समस्त वानरलोक सबैले भन्दा भया, हे हनुमान, तपाइ त्याहाँ नफिरंज्यालसंम हामिहरू समस्त वानरलोक फर्कि जान्या छौन त्यहिं बसिरहन्याछौं। हे हनुमान, अंगदादि प्रमुख समस्त वानरलोकले तिम्रो नाम सुमरना गरि तपस्या गरि बसौंला भनि समस्त वानरहरूले भन्या र एस्ता वचन वानरका सुनिकन ताहाँ हनुमानले आज्ञा गर्न लाग्या। हे समस्त पंचलोकहो, अवश्य म समुद्र लंघना गरि लंकापुर नगरमा जान्छु। यो महेन्द्र पर्वतबाट भन्या म जान सक्न्याछैन, विसार्सिह पर्वतबाट म जान्छु भनि हनुमानले भन्या र ताहाँ महेन्द्र पर्वत छाडि अंगद प्रमुख समस्त लोक विसार्सिह पर्वतका थुम्कामा चढि हनुमान आदि समस्त वानरलोकहरू पुग्या र ताहाँ हनुमानले भन्न लाग्या, हे अंगद प्रमुख समस्त वानरलोकहो, सुन, उसो भन्या तिमिहरूले भन्याको जस्तै म नफर्किआयासंम तिमिहरू समस्त वानरलोक नफर्कि जानु, त्यहिं बसिरहनु भनि हनुमानले भन्या र हनुमानका वचन सुनि अंगदादि समस्त वानरलोकले भन्न लाग्या, हे हनुमान, तिमि नफर्किआयासम्म हामिहरू कोहि जान्याछैन भनि अंगदादि प्रमुख समस्त लोकले भन्या र समस्त वानरका वचन सुनिकन हनुमानले समुद्र लंघन गरि जानाकन हेर्न लाग्या र ताहाँ हनुमानले भन्न लाग्या। हे जंबुवान, अङ्गद, उसो भन्या समुद्र लंघन गरि जान्छु, तिमिहरू समस्त वानरलोकहरू सबैजना

हेरिरहनुहोला भनि भन्यार ताहाँ हनुमानले आफना शरीरको पराक्रम कति छ कति छैन भनि हेर्नाकन लाग्या, आफना शरीर हेरिकन बनाउनुभयो। हनुमानले देह बनायाका वेगले विसार्सिह पर्वत पनि हल्लाया। हनुमानले आफनु देह बनाईकन हेर्दामा विसार्सिह पर्वतबाट अनेक सुवर्ण चाँदी, ताँबो, सीसा, फलाम आदि अनेक धातु अनेक रत्न हीरा अनेक मणिमय बाहिर झऱ्यो र ताहाँ हनुमानले भन्न लाग्या, हे अङ्गद प्रमुख समस्त वानरहो, उसो भन्या म समुद्र लंघन गरि लंकामा जान्छु हेर्नुहवस् भनि हनुमानले भन्या र एस्ता वचन हनुमानका सुनि अङ्गद आदि समस्त वानरलोकहरूले महाहर्षमानले गरि कोहोलो गरिदिया र फेरि अधिका भन्दा दोवर गरि आफनु शरीर हनुमानले बनाउनुभयो र हनुमानका शरीर बनायाका वेगले तेस् पर्वतमा वास गरिरह्याका अनेक सेता सर्प, काला सर्प अनेक र मृग, शूकर, व्याघ्र, सिंह, शार्दूल अनेक हाती, अनेक मजूरादि पंछि अनेक नाना जन्तु कोहि भागि गया कोहि भागि जान नसक्न्याहरूकन पर्वतले टाउकामा मिच्यो, कसैका अंगमा मिच्यो, कसैका पुछरमा मिच्यो, कसैका गोडामा, कसैका आँगमा मिचिरह्या, वृक्ष पनि भग्न हुनाकन लाग्यो, पर्वतको शृंग पनि भत्किगयो। ति वीर हनुमानका शरीर बनायाका वेगले गरि हल्लनाकन लाग्यो र ताहाँ उभान्त हनुमानले भन्न लाग्या, हे अङ्गद आदि समस्त वानरलोकहो, अब भन्या मेरा जान्या वेला भयो, तिमिहरूले हेर्नुहवस् भनि भन्याका हनुमानका एस्ता वचन सुनि अङ्गद प्रमुख समस्त वानरलोकले भन्न लाग्या, हे हनुमान, अवश्य हामिहरू सबैजनाले हेरिकन रहुँला। रामचन्द्रको कार्य गर्नाकन चाँडै जानुहवस् भनि समस्त वानरहरूले भन्या र एस्ता वचन वानरलोकका सुनि महावीर हनुमान समुद्र लंघन गरि जान लाग्या र तेस वेलामा स्वर्ग-बाट देवराज इन्द्र आदि ऋषिलोकहरू, किन्नरलोकहरू ब्रह्मा प्रभृति सबै विमानमा बसि आकाशबाट हेर्न लाग्या भनि श्री महादेवले कैलाश पर्वतमाहाँ पार्वतिकन कहँदा भया। ब्रह्माले नारद मुनिलाई कह्या, यो कथा सूतले शौनकादि ऋषिहरूकन कहँदा भया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे सुन्दरकांडे प्रथमोऽध्यायः ॥ १ ॥

७

श्री महादेव उवाच—हे पार्वति, एकाग्रचित्त गरि सुन। ताहाँपछि महावीर हनुमानले महावेगले आकाश मार्गले कुदिकन जाउँ भनि फर्किकन जान पोज्दा ताहाँ त्यो विसासिंह पर्वतमा पनि भूमि संग भासियो र एस्ता प्रकारले महावीर हनुमानले आकाश मार्गले गयाको देखि देवलोकहरू सबैका मनमाहाँ अद्भुत मानि विमानमा बसि परस्पर कुरा गर्न लाग्या। यो आकाश कस्तो हो भन्या देवलोक यक्ष गन्धर्व किन्नर दैत्य ऋषिहरू वस्तुभयाको एस्ता आकाश मार्गले कुदि कुदिकन हनुमान गया भनि आकाशमा बसि हेरिरहन्या देवताहरूले कुरा गरिरह्या। ताहाँउभान्त महावीर हनुमान कुदि गयाको देखि चित्तमा आनंद गरि हेरिरहनुभयो। ति हनुमान गयाका वेगले मेघ आदि वायुले उडाइ लैगयो, त्रैलोक्य पनि कंपमान गरि हनुमान आनुभयो र एस्ता वेलामा त्यो समुद्रको तीन खंडमा एक खंड जति हनुमान कुदि जानापेर ब्रह्मा आदि देवलोक सबैले सल्लाह गरिकन सुरसा राक्षसनीकन भन्दा भया। हे सुरसा राक्षसी, ई हनुमानको वल पराक्रम कतिसंम रहेछ। हे सुरसा, राक्षसनी'''रूप भै तिमि गएर हनुमानकन विघ्न गर्न जाउ भनि अहाया र त्यो सुरसाले लौ भनि त्यो सुरसा राक्षसिनी समुद्र भित्र गएर वस्ती भईन्। एस्ता वेलामा वेगले गयाका हनुमानलाई सुरसा राक्षसिनीले भन्न लागिन्, हे महापुरुष, तिमि को हौ। दैवका संयोगले आज मैले आहार पाल्यां, अब तिमिले अन्त जानुपर्दैन। हे महापुरुष, अब मेरा मुखभित्र आउ भनि र एस्ता वचन राक्षसिनीका कुरा सुनिकन ताहाँ हनुमानले भन्न लाग्या। हे राक्षसिनी, तिमिले मलाई ऐल्हे पान्छु नभन, क्या कारणले भन्या म आयाको काज सुनाउँछु सुन भनि हनुमानले भन्न लाग्या। हे राक्षसिनी, रामचंद्रका कार्यनिमित्तमा म त्याहाँ आयाँ। हे राक्षसनी, एस्कारणले तिमिले मलाई छाडिपठाउ भनि हनुमानले भन्या र एस्ता वचन हनुमानका सुनि राक्षसिनीले भन्न लागिन्, हे कपि, हामिहरूका हातमा पऱ्याकालाई छोड्नु योग्य छैन। हे हनुमान, अब मैले ठुलो गरि मुख वाईरह्याथ्याँ, अब मेरा हातमा पऱ्यौ। अब विलंव नगर, चाँडै मेरा मुखभित्र पस भनि र एस्ता वचन सुनि हनुमानले भन्न लाग्या, हे राक्षसिनी, उसो भन्या म रामचन्द्रका कार्यमा लंकासंम जान्छु, लंकामा रामचन्द्रको कार्य सिद्ध गरि फर्किकन म अवश्य तम्रा मुखभित्र पस्न आउँला भनि हनुमानले भन्या र एस्ता हनुमानका वचन सुनि ताहाँ राक्षसिनीले भन्न लागिन्, हे हनुमान, तिमिले तेस्ता वचन बोल्नुपर्दैन, चाँडै मेरा मुखभित्र पस भनि र ताहाँ हनुमान्ले

भन्न लाग्या, हे राक्षसिनी, तैंले मलाई खानु भनि भनिस् । तँ कुन् मुखले खान्छु भन्छेस् भनि हनुमानले भन्या र एस्ता वचन सुनि राक्षसिनीले भन्न लागिन् । हे कपि, तिमीलाइ एसै मुखले खान्छु भनि आफनु मुख ठुलो गरि देषाई र तेस् वेलामा हनुमानले आफना शरीर अधिक सानु गरि अंगुष्ठा प्रमाण भैकन चाँडै राक्षसिनीका मुखभित्र पसि राक्षसिनीले दाँतले केहि गर्न नपाई फेरि चाँडै बाहिर निस्किकन हनुमानले भन्न लाग्या । हे राक्षसिनी, तैंले भन्या जस्तो मैले सत्य प्रतिपालन गरि सक्याँ तेरा मुखभित्र पनि गया र तिमिले मलाई खान सकेनौ, अब मेरो सत्य पुग्यो भनि ताहाँ हनुमानले राक्षसिनीकन फिज्याउन लाग्या । राक्षसिनीछेउँ हनुमानले भन्न लाग्या र ताहाँ राक्षसिनीले अलिक् लाज मानिकन आफनै ठाउँमा जाँदि भै र ताहाँबाट वायुवेगले महावीर हनुमान जाँदा भया । ताहाँउभान्त तेस्ता प्रकारले जाँदामा समुद्रका माझमा गया । खंडदि समुद्रबाट एक पर्वत माथि आयो । महाभयंकर विघ्न फेरि आयो भनि हनुमानले चिंतना गर्नु लाग्या । ताहाँ तेस्ले भन्न लाग्यो, हे हनुमान, तिमिलाई विघ्न गर्न आयाको हौं, म आयाको कारण सुनाउँछु भनि पर्वतले हनुमानकन सुनाउँदो भयो । हे हनुमान, विस्तारसँग विन्ति गर्छु सुन्नुहवस् भनि पर्वतले विस्तारसँग सुनाउन लाग्या । हे हनुमान, परापूर्व समस्त पर्वतहरूका पखेटा भयाका थिया । आहाँका पर्वतले अनेक ग्राम आदि ऋषिहरूकन पर्वत चढि गैकन छोपिदिया र रात्रिमा पनि दिनमा पनि एसै पर्वतले छोपिकन अनेक २ लोकहरूकन मारिदिया र समस्त देवताहरूले सल्लाह गरिकन ब्रह्मा प्रभृति सबै देवताहरूले देवराज इन्द्रका हजूरमा गैकन विन्ति गर्नाकन लाग्या र इन्द्रले आज्ञा गर्दा भया, हे देवलोकहो, तपाञ्हिरू सबै कया कारणले पाउलाग्नुभयो भनि देवराज इन्द्रले आज्ञा गर्नु-भयो र ताहाँ ब्रह्मा आदि समस्त देवलोकले इन्द्रछेउँ विंति गर्दा भया, हे देवराज इन्द्र, हामिहरू आयाको कारण विस्तारले सुनाउँछौं सुन्नुभयाजावस् भनि ताहाँ देवलोकले देवराज इन्द्रकन सुनाउन लाग्या । हे देवराज इन्द्र, ई समस्त पर्वतका पखेटा हुनाले महाअहंकार गरि अनेक नगर, अनेक राज्य, अनेक ऋषिहरूकन उडेर गैकन मार्या भनि समस्त देवलोकले सुनाया र एस्ता वचन देवलोकका सुनि देवराज इन्द्रले अति क्रोध भैकन आज्ञा गर्दा भया, हे ब्रह्मादि समस्त देवलोकहो, ई सबै पर्वतका पखेटा मैले काटिदिनुछ भनि अङ्गीकार गरि समस्त देव-लोकहरूकन बुझाउनुभयो र समस्त देवलोकहरूकन आपना-आपना स्थानमा पठाउनुभयो र ताहाँ उप्रान्त इन्द्रले ब्रह्मा आदि समस्त लियार विमानमा चढि अत्यन्त क्रोध गरिकन वज्रले समस्त पर्वतका पखेटा काटिदिया, म मात्रै हे हनुमान, तिम्रा मित्र पिता भयाका निमित्तले आँपाका

भावले समुद्रभित्र जाउ भन्या र तेस् दिनदेखि यो समुद्रमा म लुकिरहाको छु भनि पर्वतले समस्त वृत्तान्त हनुमानकन सुनाया र फेरि पर्वतले हनुमानकन भन्दा भया। हे महापुरुष हनुमान, तिमि बडा परिश्रमले आहाँ आयौ, तसर्थले हे हनुमान आजको एक रात एहिं वास गर्नुहवस्, अनेक फलमूल मधु आदि वस्तु समस्त यहाँ छ। यो समस्त फलमूल भोजन गरिकन आजको एक रात त्याँहि वास गर्नु हवस् भनि मैनाक पर्वतले हनुमानकन भन्या र एस्ता वचन पर्वतका सुनिकन ताहाँ हनुमानले भन्न लाग्या, हे मैनाक पर्वत, एतिसम्मका तिमिले मलाई मान गर्नुभया पछि नषायाको भया पनि षायाको जस्तो भयो, नवस्या पनि वस्या जस्तो भयो भनि हनुमानले भन्या र ताहाँउप्रान्त हनुमान मैनाक पर्वतका टापूमा वसि एक अंगुष्ठामा छोईदिया र समुद्र लंघन गरि जानुभयो र ताहाँ हनुमानले अंगुष्ठाले मात्रै छोइदियाका प्रभावले सबै परिश्रम हराई अधिका जस्तो पराक्रम भै आयो भनि श्री महादेवले कैलास पर्वतमा पार्वतिकन सुनाउनुभयो भनि ब्रह्माले नारदकन सुनाउनुभयो। यो कथा सूतले शौनकादि ऋषिकन कहँदा भया।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे सुंदरकांडे द्वितीयोऽध्यायः ॥ २ ॥

३

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर हनुमान एस् प्रकारले समुद्र लंघन गरि समुद्र पारि पुग्दीपेर महाभयंकर शृंगीकारसमान राक्षसिनी आयाको हनुमानले देख्नु-भयो र हनुमानले मनमा चिताउन लाग्याका वेलामा शृंगिनीका राक्षसिनीले भन्न लागिन्, हे हनुमान, आज दैवले मलाई आहारा दियो भनि राक्षसिनीले भन्न लागी र एस्ता वचन राक्षसिनीका सुनि हनुमानले भन्नाकन लाग्या, हे शृङ्गीकार राक्षसिनी, म आयाको कार्यमा तैले विघ्नगरि पांछु भन्या म लंकामा जाई रामचन्द्रको कार्य सिद्ध गरि म एसैवट फर्कि आईकन तब तँ पालिस् भनि हनुमानले भन्या र ताहाँउप्रान्त शृंगीकार राक्षसिनीले हनुमानकन भन्न लागी। हे हनुमान, हामिहरूका हातमा पन्याकालाई छोड्न्या स्वभाव हाम्रा छैन। एस्ता वेलामा मेरा भागले दैवका मायाले मलाई दियाको छोडन्याछौन भनि राक्षसिनीले भनी र

एस्ता वचन सुनिकन महावीर हनुमानले अत्यन्त क्रोध गरिकन भन्न लाग्या, हे राक्षसिनी, तैले मलाई पांछु भनिस्त मलाई तैले कुन मुखले पांछेस् भनि हनुमानले भन्या र ताहाँ राक्षसिनीले भन्न लागी, हे हनुमान, तिमिलाई एसै मुखले पांछु हेर भनि र राक्षसिनीले शय १०० योजन विस्तार गरि मुख ठुलो गरि देपाई र ताहाँ फेरि हनुमानले पनि दुईशय २०० योजन विस्तार गरि आफ्नु शरीर राक्षसिनीकन देपाउनुभयो र ताहाँ राक्षसिनीले पनि महाक्रोध गरि चारशय योजन विस्तार गरि मुप देपाई र हनुमानलाई पनि ढाकिकन भन्न लागी, हे हनुमान, अवश्य यो मुखले तैलाई पांछु अब विस्तार नगर, चाँडै मेरा मुखभित्र पस भनि र तेस्ता वचन सुनि ताहाँ फेरि हनुमानले पनि चाँडै आठशय ८०० योजन विस्तार गरि शरीर ठुलो गरि ताहाँ हनुमानले महाक्रोधले गरि त्यो राक्षसिनीका शरीरभित्र गैकन तेस् राक्षसिनीको हृदय चिरिकन महावीर हनुमान बाहिर आया र ताहाँ राक्षसिनी मृत्यु भई। ताहाँफेरि महावीर पराक्रमी हनुमान समुद्र लघन गरि समुद्रपारि पुग्नुभयो। ताहाँ समुद्रका किनारामा अनेक पुष्प अनेक फलमूल वृक्ष आदिले पूर्ण भयाको एस्तो शोभायमान भयाको सम्पूर्ण हनुमानले देख्यार हेर्नाकन लाग्या। तहाँदेखि जाँदा २ सुवेलाचल पुग्नुभयो र सुवेलाचल पर्वतका माथिवाट जानुभयो। एस्ता प्रकारले जाँदा जाँदा त्रिकुटाचल पर्वतमा पुग्नुभयो। त्यो पर्वत कस्तो थियो भन्या महाभयंकर उच्चो स्वर्गसम्म पुग्ला भन्या जस्तो एस्ता पर्वतका माथिवाट हनुमान जानु लाग्या र जाँदा २ पर्वतका माथिवाट पुग्नुभयो। ताहाँ पर्वतका माथि महाआनन्दले फलमूल अनेक सुगंध २ पुष्प आदि अनेक वृक्ष अनेक कंदमूल नि हनुमानले समस्त घुमि घुमिकन हेर्न लाग्या। महाविस्तारले हेर्नुभयो र ताहाँ हनुमानले मनमा चिताउन लाग्या, यो लंकाराज्य रामले जित्न सक्नेनन् कि भनि एस्ता प्रकारले चिंतना गरिकन रहँदामा श्री सूर्य अस्तमान हुन लाग्या। एस्तै प्रकारले रहँदामा श्रीसूर्य अस्त भया, ताहाँ संध्याकाल भयो र ताहाँ हनुमानले आफ्नु शरीर बालप मापा जत्रो भैकन लंका सहरभित्र जानुभयो र त्यो लंकासहर कस्तो भन्या ३६ छत्तीस योजन गज भयाको शय योजन १०० लामु वडा विस्तार भयाको एस्तो लंका सहरमा महावीर हनुमानले आनंद गरि हेर्नाकन लाग्या। एस्ता प्रकारले आनंद गरि हेरिशक्यापछि ताहाँ हनुमानले चिताउना लाग्या, यो लंका शहर भन्या कत्ति हेर्न्या पनि सन्तोष हुँदैन तैपनि रामको कार्य ता गरूँ भनि मनमा चिताउँदा भया। ति हनुमानले समस्त प्रजाका घरमा त हेरूँ भनि चिताईकन मापा जत्रो शरीर भैकन प्रजाहरूका घरमा हेर्न लाग्याका वेलामा कोहि महाआनंदले भक्ष भोजन गरिरह्याका, कोहि मृदंग बजाईरह्याका, कोहि गीत गाईरह्याका,

कोहि ता नाचिरह्याका, कोहि फल मूल माछा मासु दूद दहि रोटि भात इत्यादि पाइरह्याका, कोहि नाना तरहले वसि उठि नाचि वसि सुति पाटमा वसि सुति उफीकन नाना तरहले क्रीडा गरिरह्याका, कोहि नाना तरहले स्त्रीकन पुरुषले पुरुषकन स्त्रीले महाआनंदले गरि चुंवन आदि गरिरह्याका, कोहि माता पिता पुत्र पौत्री भ्राता भातृ अनेक २ तरहले चुंवन आदि गरि नाचि पेलिरह्याका, कोहि स्त्रीले पुरुषकन आलिंगन गरि महाआनंदले चुंवनादि गरिरह्याका, कोहि चुप लागिरह्याका, कोहि पान्या वस्तु मुषमा हालि सुतिरह्याका सवै लोकहरूका घर २ मा हेन्यार पनि सीता काहिं पायेन् र ति हनुमानका चित्तमाहाँ आश्चर्य मानिकन परिश्रम भयो र महा उचा भैरह्या। वलाग्रीहका टुप्पामा वसिरहँदामा सुगंध पुष्पको वासना आयो र त्यो सुगंध वासना हनुमानका चित्तमा महाआनंद भै सवै परिश्रम हरायो र ताहाँ हनुमानले चिताउनुभयो, अव एसो होईन मंत्रिका घर घरमा त हेरौं भनि त्यो सल्लाका रूखवाट वहिंकन हेर्न लाग्या। ताहां मंत्रीहरू प्रहस्त, अकंपन, धूम्राक्ष, वजुष्ठा, माल्यवंत, अविंद, किंकर, जंममारि, दुर्धर्ष, कालनग, स्वमेधी, ध्वजीभन्, आदि समस्त मंत्रीहरू पाँच पञ्चकोटि सवै मंत्रीहरूका घर २ मा हनमानले घुमि २ हेर्नुभयो। मंत्रीहरूका घरमा कस्ता तरहले वस्याका थिया भन्या महा आनंदले चुंवनादि गरि नाना तरहले क्रीडा गरिरह्याका, कोहि पाईरह्याका, कोहि आपनी स्त्रीलाई आलिंगन गरिरह्याका, कोहि स्त्रीसंग आपनु मुख मिलिरह्याका, कोहि स्त्रीसित आपनु कापमा राषिकन महाआनंदले वसिरह्याका, कोहि स्त्रीले पुरुषको लिंग समाई पुरुषले स्त्रीको भग समाईकन महाआनंदले वस्याका, कोहि अस्त्रीका स्तनमा हातले समाई महा आनंदले वस्याका, कोहि पुरुषले स्त्रीको अस्तन पेलाई अस्त्रीले पुरुषको लिंग पेलाई रह्याका कोहि स्त्रीमाथि पुरुष चढि क्रीडा गर्न तयार भयाका, कोहि स्त्रीसंग अनेक चुंवनादि गरि ख्याल गरिरह्याका, कोहि नीद लागी सुतिरह्याका, कोहि स्त्रीमाथि पुरुष चढि चुप लागी वसिरह्याका, कोहि नृत्य गीत गाई वसिरह्याका, कोहि पान्या वस्तु मुषमा हालि वसिरह्याका, कोहि क्रीडा गरिसकिकन वसिरह्याका, कोहि निर्वाण भै स्त्रीपुरुष आनंदले वस्याका, कोहि स्त्रीकन लिई चुंवनादि गरि वस्याका, कोहि स्त्रीकन काँधमा लीकन क्रीडा गरिसक्याका कोहि स्त्रीकन पाटमा गोडा पसालिकन क्रीडा गरिसक्याका, कोहि दुवै स्त्रीकन नगराई एकामाथि चढि क्रीडा गर्न लागी एका स्त्रीका स्तनमा एक हातमा समाईकन आनंदले वस्याका, कोहि स्त्रीका भगमा लिंग मिलाई वस्याका कोहि दुवै स्त्रीकन निर्वाण गराईकन कापमा राषिकन दुई हातले दुई कानमा समातिकन दुई

हातले पुरुषका लिंगमा एकेक हातले समातिकन बस्याका, कोहि स्त्रीपुरुष निर्वाण गरि पूर्व दिशा पश्चिम दिशातिर पुरुषका लिंगकन स्त्रीले हेरिकन स्त्रीका भगमा पुरुषले हेरि महाआनंदसंग बस्याका, कोहि पुरुष निर्वाण भै ठुला दर्पणमा लिंग भग हेरिरह्याका, कोहि सुगन्ध वस्तु भगलेपन पुरुषले गरि पुरुषका लिंगमा स्त्रीले लेपन गरि क्रीडा गरिबस्याका एस्ता एस्ता समस्त हनुमानले हेर्न्यार पनि ति हनुमानले सीताकन पावन सकेनन् र हनुमानका चित्तमा अति परिश्रम लाग्यो र हार मानिकन फेरि सल्लाका टुप्पामा कुदिकन गयेर बस्ता भया। एस्ता प्रकारले सल्लाका रूपका टुप्पामा कुदिकन बसि-रहँदा भया, अनेक २ सुगन्धको वासना वायुपुत्र हनुमानका नासिका भित्र गयो र समस्त हनुमानको आलस्य हरायो र ताहाँ हनुमानले चित्तमा यो लंकाराज्य कस्तो रहेछ भन्या स्वर्ग-तुल्य रहेछ भनि चिताई महा आनन्दले बस्या। एस्ता प्रकारले रहँदामा ताहां फेरि हनुमानले चिन्तना गर्न लाग्या, अनेक सुगंध २ भयाको वासना अनेक वस्तुको वास कत्ति सुँघ्या पनि नअघाउन्या भनि रहँदामा फेरि हनुमानले विंति गर्न लाग्या, कसै भया पनि आफु आयाको कार्य सिद्ध भयाको छैन, ताहाँ फेरि हेरूँ भनि चिंतना गरि हनुमान सल्लाका रूपका टुप्पाबाट वल्हिकन ताहाँउपांत सुवर्णमय भयाको दर्बार अंतः पुरी धवलागृह भित्र हनुमान गयेर हेर्न लाग्या र ताहाँ अति जाज्वल्यमान भैरह्याको अनेक सुवर्णले परिपूर्ण भयाको, चोक थाम आदिले सबै सुवर्णमय भयाको, ऊघाल भन्या हिराको अनेक २ हिरा रत्न माणिक्यले पचित् गरि राख्याको, अनेक तरहले बनाई राख्याको सुवर्ण परिपूर्णका ऊघाल, भंडार पनि सुवर्णको, भंडारमा पनि अनेक २ सुवर्ण आदिले पूर्ण भयाको, अनेक २ तरहका दिव्य २ वस्तु देखिकन हनुमानले मनमा चिंतना गर्नु भयो, रामचंद्रले एस् रावणसित युद्ध गर्न सकेनन् कि भनि एस्ता प्रकारले हनुमानले चिंतना गर्दै हेर्दामा भंडार कोठामा पुग्या र हेर्नलाग्या। तेस् रावणका भंडारमा अनेक २ महिषको मांस, अनेक मृगको मांस, अनेक सूकरको मांस, सिंहको मासु, व्याघ्रको मासु, अनेक सर्पको मासु, भालुको मासु, अनेक मृगको मासु, मनुष्यको मासु, अनेक ब्यारको मांस, मजूरको मांस, हरिणको मांस, कागको मांस, तित्राको मांस, गिद्धको मांस, राजहंसहरूको मांस, चक्रवाकको मांस, सारसको मांस, अनेक चेचरको मांस, अनेक कुकुरको मांस, अनेक चिल्लको मांस, अनेक पुतलीको मांस, भँगेराको मांस, मैनाको मांस, अनेक सालको मांस, गदाहाको मांस, अनेक सलहको मांस, गैंडाको मांस, बनेलको मांस, गाईको गोरूको मांस, अनेक पतरको मांस, अनेक २ बनका जीवा जंतुको मासुले परिपूर्ण गरिराख्याको, कत्ति मांस

काँचै गरि राख्याको, कत्ति मांस काटि मात्रै राख्याको, कत्ति मांस नकाटि उसै राख्याको एस्ता २ मांस राख्याको हेरिकन हनुमान अशुचि भैरह्या । फेरि रावणको भोजन गर्न्या ठाउँमा हेर्न गया र ताहाँ सबै वटुका आदि संपूर्ण सुवर्णका भाँडा, कत्ति सुवर्णले बनाई राख्याको मणिमय जड्याको थाल, कत्ति सुवर्णका थालमा अन्न राख्याको, कत्ति सुवर्णका वटुकामा दूध दहि घिउ खाड राख्याको, कत्ति सुवर्णका वटुकामा मद राख्याको, कत्ति सुवर्णका वटुकामा दिव्य २ मेवा परिपूर्ण गरिराख्याको, कत्ति सुवर्णका वटुकामा आधा पाईकन आधा उसै राख्याको, कत्ति सुवर्णका भिउट पालि गरि उसै राख्याका, कत्ति सुवर्णका भिउटमा परिपूर्ण गरि राख्याको, कत्ति सुवर्णका भिउटमा आधा जिको आधा उसै राख्याको एस्ता २ अनेक पान्या वस्तु मेवा राख्याको, अनेक २ सुवर्णका भाँडा, अनेक २ हिरा मणि माणिक्य अनेक मोति जड्याका भाँडा वर्तन देखिकन हनुमानले आश्चर्य मानिरह्या । एस्ता प्रकारले हेरि २ कन रावणका भँडारमा हेर्नाकन लाग्या, भंडार भन्या अनेक सुवर्णाको भंडार, अनेक दिव्य २ वस्त्रको भंडार, हिराको भंडार, अनेक मोतिको भंडार, मणिको भंडार, माणिकको भंडार, अनेक रत्नको भंडार, अनेक वस्त्र पाट पट्टाम्बरको भंडार, अनेक अन्नको भंडार, अनेक धातुको भंडार, अनेक २ चाँदी ताँवा सीसा फलामा इत्यादिको भंडार, अनेक शस्त्र अस्त्रको भंडार, अनेक कस्तुरिको भंडार, अनेक कुंकुमको, अनेक सुगंध २ दिव्य २ वस्तुको भंडार, श्रीखंड आदि अनेक वस्तु चीज बीज रावणका दर्वारमा परिपूर्ण भयाको देखिकन हनुमानले आश्चर्य मानिकन रावण सुतिरह्याको कोठाभित्र गयेर हनुमानले हेर्नाकन लाग्या । ति हनुमान माषा जत्रो शरीर भैकन, दहिलाका पुत्रालवाट भित्र पसि हनुमानले हेर्न लाग्या । ताहाँ अनेकको चित्र-विचित्र भयाको, अनेक सुवर्ण कमंडलु, अनेक हिराका कमंडलु भयाको, अनेक हिराका कुप्पा जुंडाई राख्याको, अनेक हिराको माला जुंडाई राख्याको, अनेक मोतिको हार लाई-राख्याको, अनेक मुगाको हार लाईराख्याको, अनेक सुवर्णका कोठाका भित्तामा चित्रकार लेख्याको, अनेक सुवर्णका नाना हार बनाई हिरा मणि माणिकका सिंहासनले तेज प्रकाशमान भैरह्याको एस्ता कोठामा दशवदन जो रावण अनेक सहस्र कन्यासहित गरि महाआनन्दले सुवर्णले बनाई हिरा माणिक जड्याका पाटमा मनोधरीले लिंग समाउन लाई महा जाज्वल्य-मान गरि महाआनन्दले रावण सुतिरह्याको हनुमानले देखनुभयो र ताहाँ हनुमानले सहस्र १००० कन्याको मुख सुँघिकन हेर्नुभयो र एस्ता प्रकारले हेर्दा हेर्दा सहस्र कन्याका मुखका मदिरा मासुको वासना मात्रै आउन्या ई त सीता होईनन् भनि मनमाहाँ चिन्तना गरि फेरि

हनुमानले हेर्नाकन लाग्या । महासुन्दरी उत्तम स्त्रीले लिंग समाउन लाई वीशभुज दशशिर महा-उत्तम कुण्डलको गहना लाई मद्यमांसको वासना भईकन महाआनन्दले मनोधरीसित आलिंगना गरि सुतिरह्याको रावणकन हनुमानले देषनुभयो र ताहाँ हनुमानले रावणले मुख छोप्याको वस्त्र झिकिकन हेर्दा भया र ताहाँ हनुमानले महासुन्दरी मनोधरीकन देख्या र ताहाँ हनुमानका चित्तमाहाँ अवश्य सीता इनै हुनिन् भनी मनमाहाँ चिताई महाहर्षले हेर्नाकन लाग्या । ताहाँ-उप्रान्त फेरि हनुमानले मनमाहाँ चिन्तना गर्न लाग्या, सीता भया रावणसँग एति चाँडै ऐले देषि एस्तो स्नेह प्रीति गर्नु आनन्दसँग वस्तु सीताका मनमा हुन्या थियेन । सीता भया कस्ता तरहले रहन्या थिईन् भन्या श्रीरामचंद्रकन मनमा मात्र संझि वैराग्य धारणा गरि महावैराग्य-ले शोक छियेर पो रहँदी हुन्, यो भन्या महाआनन्दले रावणकन आलिंगना गरि मुखमा मद्यमांसको वासना भैकन महाआनन्दले सुति रहिछन्, इ पनि सीता होइनन् भनि मनमाहाँ चिंतना गरि ताहाँ राजगृहबाट बाहिर निस्किकन महाशोक दुःखले गरि विलाप गर्नाकन लाग्या, महा परिश्रम भैगया र हनुमान वस्दा भया । महाशोक दुःखले विलाप गरि पर्षालमा वस्दा भया । तेस् पर्षालमा शोक दुःख गरिरहँदामा हनुमानले मनमा चिन्तना गर्नुभयो यो लंका शहर भन्या गज ३६ योजन विस्तार भयाको छ, लाम्नु भन्या १०० योजन विस्तार भयाको छ, एस्ता लंका सहरमा समस्त प्रजाहरूका घरमा पनि समस्त मंत्रीहरूका घर-घरमा पनि राजगृहमा पनि दुई फेरा हेरिशक्यौं तैपनि सीताकन पाउन सकिन भनि महाराज सुग्रीव-का हजूरमा विन्ति गर्न जाउँ भन्या अवश्य सुग्रीवले मलाई सास्ति गर्नान् । फेरि ई क्रुरा सुग्रीवले रामचन्द्रसँग सुनायापछि अवश्य सीताका निमित्तमा रामचन्द्रले प्राण त्याग गर्न्याछन् । फेरि रामचन्द्रले प्राण त्याग गर्न्यापछि लक्ष्मणले पनि प्राण त्याग गर्नान् । फेरि राम लक्ष्मणले प्राण त्याग गर्न्यापछि सुग्रीवले प्राण त्याग गर्नान्, तीनैजनाले प्राण त्याग गर्न्यापछि अवश्य अजुध्यामा कौशल्या सुमित्रा कैकेयी राणी भरत शत्रुघ्न समस्त प्रजालोक सबैले प्राण त्याग गर्नान् । एस्तो भयापछि मैले फर्किकन जानु निको होईन भनि हनुमानले मनमाहाँ चिन्तना गर्नुभयो । यो समुद्रका तीरमा अनेक फल मूल छन् ई फल मूल खाईकन जाहिं तपस्या पो गरूँ कि भनि चिताउनुभयो र ताहाँ फेरि हनुमानले चिन्तना गर्न लाग्या । यो समुद्रका तीरमा अनेक सुक्याका मुढा छन्, ई समस्त मूढा थुपाई अग्नि मथन गरि अग्निमा फाल हालि पो मरूँ कि भनि मनमा चिंतना गरि रहँदामा फेरि हनुमानले चिंतना गर्न लाग्या, यो समुद्र अथाहा संख्या गर्नु नशक्नु भयाको यो समुद्रमा अथाहा जल जंतुले व्याप्त गरि

बस्याका छन्, ई समस्त जल जंतुलाई मासु खुवाईकन फाल हालि पोई मरूँ कि भनि हनुमानले चिताउनुभयो र एस्ता प्रकारले मनमा चिंतना गरिरहँदामा श्री सूर्य उदय हुन्या वेला भयो र ताहाँ हनुमानले सीता पाउन सकेनन् र महा शोक दुःखले रहनुभयो। ताहाँउप्रांत हनुमानले महाउत्तम अशोकवनिकामाको धवला गृह देषनुभयो र ताहाँ हनुमानले चिंतना गर्नुभयो, यो लंका सहरमा मैले कौन प्रकारले नहेर्न्याको ठाउँ कतै छैन। एस् अशोकवनिकामा मैले हेर्न्याको छैन भनि एस् प्रकारले मनमा चिंतना गरि त्यो पर्पाल छाडि अशोकवनिकामा हेर्न जाउँ भनि मनमाहाँ चिंतना गरि हनुमान जाँदा भया। जाँदा २ अशोकवनिकामा विशेषले हनुमान पुग्दा भया। त्यो अशोकवनिकामा कस्तो थियो भन्या महाउत्तम सुवर्णपुरि सुवर्णमय अनेक ताल अनेक कदली आप अतर कटहर सुपारि बदाम नरिवल समस्त फलफूल अनेक जात जातका पुष्प पनि सुवर्ण भैरह्याका एस्ता २ अनेक अशोकवनिकामा हनुमानले देषनुभयो र महाआनंदसँग हेर्नाकन लाग्या, धन्य २ रावण भनि मनमा चिताउनुभयो र महाहर्षले हेर्नुभयो। ताहाँ सीता राष्याका ठाउँमा गै वृक्षका दुप्पामा माथा जस्तो भैकन जानुभयो र ताहाँ सीताकन चौकि राष्याका राक्षसिनी कस्ता थिया भन्या महाभयंकर २ निनोटा विकटा त्रिजटा जयवुज लोवरि अजोमुखि प्रसेकशर्मा एस्ता २ राक्षसिनीहरू अनेक २ गरि सीता राष्याका ठाउँमा चौकि राष्याका कस्ता २ थिया भन्या कसैका आँखा छैन, कसैको मुख ठुलो भयाको, कसैको नाक, नाभि नभयाको, कसैको नाक वांगो, कसैका दांत लामा, कसैका एकातिरको दूध छैन, कसै २ का एकाहात ठुलो, कसै २ का आपना कान वढिराष्याका, कसै २ को कपाल ठुलो, कसैको भुँडि ठुलो, कसैका पेटमा दाँत भयाका, एस्ता २ अघोर २ मूर्त्ति भयाका एस्ता २ राक्षसिनी भयंकरहरू, सीताकन चौकि राष्याका राक्षसिनीहरू हनुमानले देष्यार ताहाँ हनुमानले चिंतना गर्नाकन लाग्या निश्चयले इनै सीता हुनिन् भनि मनमाहाँ चिताई महाहर्षले रहँदा भया। एस्ता प्रकारले हर्षमान गरिरहँदामा त्रिजटा प्रमुख सवै राक्षसिनीहरूले रावणका वश्य गर्नानिमित्तले अनेक प्रकारले सीतालाई वुझाईरह्या, अनेक प्रकारले हप्काया र पनि सीताले केहि उत्तर दियेन र ताहाँ समस्त राक्षसिनीहरूले क्रोध महाक्रोधले गरि चाल्छौ भनि तर्साया र तैपनि सीताले डर मान्नुभयेन। यो सवै वृत्तांत हनुमानले हेरिरह्या। एस्ता प्रकारले रहँदामा लंका सहरमा अनेक नाच गीत वाद्य गरिरह्याका शब्दले लंका सहरको राजा रावण सुतिरह्याको उठेर सीतालाई संगि अनेक धूप दीप सुगंध २ भयाको वस्तु अनेक कस्तूरि कुंकुम श्रीखंड कपूर सुगंध भयाका अनेक फूलको माला अनेक

वेस् २ सुगंध वस्तु आफ्ना शरीरमा लेपना गरि मनोधरी प्रमुख १०० शय कन्या पछि २ लाई-कन सीता राख्याका ठाउँमा अशोकवनिकामा आयो र ताहाँ हनुमानले एस्ता प्रकारले जाज्वल्यमान गरि अग्निका जस्तो तेज गरि अत्यंत हर्षमान गरि दशवदन रावण आयाको हनुमानले देख्यार अधिका भंदा दोवर सानु भैकन पातले छोपिकन वस्दा भया। ताहाँ स्यो रावणले सीताकन भंदो भयो, हे सीता, मेरा वचन सुन्नुहवस्। ताहाँप्रांत मसित स्नेह गर्न्या वेला भयो। अब रामचन्द्रलाई सम्झि तिमिले वैराग्य धारणा गर्नुपर्दैन। रामचन्द्र मनुष्य जाति तेस्ता किञ्चित्लाई मैले मारूँ भन्या कैलहे पनि मार्न सक्छु, फेरि बनाउँ भन्या पनि ऐलहे पनि बनाउनु सक्छु। स्वर्ग मध्य पातालमा पनि तीनै लोकमा मैले हटक् गर्न सक्छु, देवराज इन्द्र प्रभृति समस्त देवताहरूलाई जिति मैले राख्याको छ, एस्तो पराक्रमी म हुँ। हे सीता, एस् वेलामा मलाई आलिंगना गर्न दिन्या वेला भयो भनि ताहाँ रावणले सीताकन भन्यो र ताहाँ सीताले रावणलाई छिद्र वचनले आज्ञा गर्न लागिन्। ताहाँ रावणले पनि सीता-लाई भन्यो, हे महासुन्दरी सीता, अब रामचन्द्रकन नसम्झनु। मेरा भंडारमा अनेक अनेक रत्न छ अनेक अनेक हिरा मोति माणिक अनेक सुवर्ण अनेक नाना दिव्य दिव्य समस्त वस्तु अनेक दास दासिनी अनेक शोभायमान भयाको अनेक नाना तरहका हाती अनेक वस्तु सवै समस्त तँकाई होला। हे सीता, मसँग स्नेह गर्न्या वेला भयो, फेरि मेरी राणी मनोधरी प्रमुख सहस्र १००० कन्या र मसुद्धा प्रीति दासि हुँला भनि रावणले सीताका चरणमा दंडवत् गरि रावणले एस् प्रकारले भन्दा सीताले महाछिद्र वचनले रावणलाई भन्न लागिन्, हे पापात्मा रावण, तेरो एत्तिसंमको पराक्रम भयादेखि मेरा स्वामि रामचन्द्र भयाका वेलामा तैंले मलाई हरण गरि क्यान ल्याईनस्। उसै वेलामा मेरा स्वामि श्रीरामचन्द्र आयाका भया उसै दिनमा तेरो प्राण लिई तेरा कुल कुटुम्ब समस्त राक्षसको संहार गर्न्या थिया भनि सीताले रावणकन महाछिद्र वचनले रावणलाई भन्नुभयो र ताहाँ रावणले महाक्रोधले गरि जुरूक् उठेर आफ्ना हातमा छियाका खड्गले काट्छु भनि तयार भयो र ताहाँउप्रान्त महासुन्दरी मनोधरीले रावणको हातमा समाईकन भन्न लागिन्, हे प्रभु महाराज रावण, स्त्री जाति अवध्य वलले शीलले वलात्कारले चलाउनु अयोग्य महापातक लाग्छ। क्रिया कर्म संभोग आलिंगन जति चाहिन्छ सो मसित गर्नुहवस्, अनेक तरहले गर्नुपर्न्या पनि मसित जति चाहियाको आलिंगन गर्नुहवस् भनि मनोधरीले रावणको हात समातिदिईन् र ताहाँ मनोधरीवाहिक अरू सहस्र कन्या सवैले भन्नाकन लाग्या, सीतालाई नडराउ २ भनि आँखाको सान गरि बोधनो दिया र

ताहाँ रावणले एस प्रकारले सीताकन हप्काईरहँदाका वेलामा सीतालाई चौकि राख्याका सूर्पनखा प्रमुख सबै राक्षसिनीहरूकन रावणले बोलाईकन भन्न लाग्या, हे सूर्पनखा प्रमुख राक्षसिनीहो, यो महाकोमल भयाकी सीताको मांस रक्त महाआनन्दले तृप्त गरि भोजन गरि तिमिहरूले पानु भनि रावणले भन्यो र ताहाँ फेरि रावणले एक राक्षसिनीलाई बोलाई डाकि गुप्तैले सीताले नसुन्या गरि भन्न लाग्यो । हे राक्षसिनी, तिमीहरूले कौनै प्रकारले गरिकन पनि सीताले मसँग प्रीति स्नेह गर्न्या युक्ति गर भनि रावण मनोधरी समस्त सहस्र कन्याहरू पछि २ लाई रावण आफ्ना नगर लंकामा गयो र ताहाँ हनुमानले चिन्तना गर्न लाग्या, अब कौना प्रकारले सीतासँग कुरा गरौं, ठुला शब्दले कुरो गरौं भन्या अवश्य ई राक्षसिनीहरूले सुन्लान् भनि मनमा चिन्तना गरि महाकोमल स्वरले राक्षसिनीहरूले नसुन्या गरि साना स्वरले सीतासँग विन्ति गर्नु पर्ला भनि चिताईकन रहनुभयो र ताहाँ फेरि हनुमानले मनमा चिन्तना गर्नुभयो, सीतासँग कुन प्रकारले कुरा गरौं, कुन् प्रकारले सीतालाई प्रतीत गरि कुरा गरूँ, कुन् प्रकारले सीतासँग कुरा गर्न सकियला भनि मनमा चिन्तना गर्दा भया । तस्ता वेलामा सूर्पनखा प्रभृति एस्ता राक्षसिनीहरू सबैले मतो गर्न्या, रावणका वश्य गर्ना निमित्तले सीताकन अनेक प्रकारले बुझाउँदा भया र पनि सीता बुझिनन् र सूर्पनखा प्रमुख, सबै राक्षसिनीहरूले सीताकन भन्न लाग्या, हे सीता, तँ रावणका वश्यमा न भयादेखि तँलाई अवश्य हामिहरूले तेरा कोमल शरीरको मांस रगत् पाउँला भनि अनेक मांस राख्न्या, भंडारमा अनेक छुरि तलवार हतियार इत्यादि सीतालाई मार्नाकन तयार गरि ती राक्षसिनीहरूले सीताकन तर्साउन लाग्या । ताहाँउप्रांत सीताले महात्रास गरि सर्वांग शरीरमा पसिनाले पूर्ण गरि अंग कंपमान गरिकन केहि बोल्न नसकि रहंदी भईन् । एस्ता प्रकारले रह्याका वेलामा ताहाँ त्रिजटा राक्षसिनीले भन्न लागिन्, हे शूर्पनखा प्रमुख सबै राक्षसिनीहो, तिमि हामिले सीतालाई अवश्य दुःख दिनु छैन, कयानभन्या आजका रात्रिमा मैले देख्याको राजाको अमंगल स्वप्ना देख्याँ, तसर्थ तिमि हामि सबैकन सुनाउंछु सुन भनि त्रिजटा राक्षसिनीले भन्न लागिन् र ताहाँ सबै राक्षसिनीले भन्न लागिन्, हे त्रिजटा, आज स्वप्न कस्तो देख्यौ भन भन्या र हे सूर्पनखा प्रमुख सबै संगिनीहो, सुन भनि त्रिजटाले सूर्पनखा प्रमुख सबै राक्षसिनीकन सुनाउन लागिन् । हे संगिनीहो, सुन, हाम्रा राजा रावणको राज्य लंका सबै अग्निले दग्ध भयाको, चंद्रमा पनि लंकामा बस्याका, फलामका आसनमा बसि हाम्रा राजा रावणले भोजन गर्नुभयो । फेरि राजा नांगै बसिकन, सर्वांग शरीरमा तेल लाईरह्याका, फेरि हे

राक्षसिनीहरूहो, सुन, लाछ१ वस्न लाईकन महिषका पीठमा चढि, राजा दक्षिण दिशातिर पाउलाग्नुभयो, फेरि रामचन्द्रले लंका नगरमा लोकहरू सबैलाई मार्न्याको एस्ता२ अमंगल स्वप्ना मैले देख्याँ भनि त्रिजटाले समस्त सीताकन चौकि राख्याका राक्षसिनीलाई सबै वृत्तांत सुनाई र ताहाँका सबै राक्षसिनीहरूले अब लंकाको उत्पात हुन लाग्यो भनि चिंतना गरि परस्पर शोक गर्नाकन लाग्या। त्रिजटाले गर्न्याको कुरा सबै वृत्तांत हनुमानले सुनिरहनुभयो र ताहाँ हनुमानले चिंतना गर्नुभयो र अवश्य पत्यार नभै नहुन्या, अयुध्या छाडि रामचन्द्र वनवास आउनुभयाका कुरा विस्तारले सुनाउँला भनि ताहाँ हनुमानले चिंतना गरिरहनुभयो भनि श्री महादेवले कैलास पर्वतमा पार्वतिकन सुनाउँदा भया।

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे सुन्दरकांडे तृतीयोऽध्यायः ॥ ३ ॥

४

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि सीताका अगाडि हनुमानले अति मधुर वचन गरि बोल्न लाग्या। अयुध्याविषयमा दशरथ राजा अति वृद्ध हुनुभयो र सबै मंत्रिसित मज्जत गरिकन श्रीरामचंद्रकन राज्याभिषेक दिनुभयो र ताहाँ राजा दशरथले हो भनि निको दिन हेराउनुभयो। ताहाँ अभिषेकको सामग्री सबै तयार गरिराखनुभयाका वेलामा ताहाँ मन्थरा नाउँ गर्न्याकि कुविजाले रामचंद्रलाई राज्याभिषेक दिन लाग्याको खबर सुनि आफुले सेवा गरिरह्याकि कैकेयी राणीकन सुनाउनुपर्न्यो भनि गई र भन्न लागिन, हे कैकेयी राणि, तपाइले एस्तो खबर कसो सुन्नुभयेन! अवश्य सबै मंत्रिहरूले संमत् गरिकन राजा दशरथकन सुनाया, श्रीरामचन्द्रलाई राज्याभिषेक दिन तयार भया भनि सुनाई र ताहाँ कैकेयी राणिले महासंतापले रहँदी भईन्। ताहाँ मन्थराले भन्न लागिन, हे कैकेयी महाराणि, परापूर्वमाहाँ दशरथ राजालाई तपाइले गर्नुभयाको कार्यमा महासंतोष भयो र तपाइलाई दुई वर दिंछु भनि आज्ञा भयो र यी दुवै वर मैले अँल्हे लिन्या वखत भयाको छैन, चाहिन्या वेलामा मागुंला भनि नासो राखनुभयाको थियो भनि एस्ता प्रकारले मंथराले भनिन् र ताहाँ कैकेयीले धन्य२ भनि ताहाँ

मंथरालाई अनेक शिरोपाउ दिइन् । ताहाँ मंथराले भन्याको जस्तै गरि दशरथ राजाको हजूरमा कैकेयीले विंति गर्न लागिन्, हेस्वामि, अघि तपाञ्जिले मलाई वरदान वक्सनुभयाको छ, मैले पनि मलाई चाहियाका वेलामा लिउँला भन्यार मैले लियाको छैन, अब मलाई तपाञ्जिले वक्सनुभयाको पदार्थ दिनुभयाजावस्, भनि हे महाराजा दशरथ, प्रभु स्वामि, रामचन्द्रलाई चतुर्मासा वर्षसंम वनवास गर्न पठाउनुहुवस्, मेरा पुत्र भरतलाई राजाभिषेक दिनुभयाजावस् भनिन् र यो वचन दशरथ राजाले सुनि मूर्छा भैकन केहि भन्न नसकिकन एस्ता प्रकारले रहँदामा मंत्रिहरू प्रभृति वशिष्ठ ऋषि प्रमुख सवैले अनेक नृत्य वाद्य बजाई गीत नाच गरि सबै तयार गरि रामचन्द्रलाई राज्याभिषेक दिउँला भनि दशरथ राजा कोठावाट निस्कनुभयो र मंत्रिहरू सवैले विंति गर्नाकन लाग्या, हे महाराज दशरथ, राज्याभिषेक दिन्या वेला भै आयो भनि विंति गऱ्या । ताहां रामचंद्र पाउलाग्नु-भयो र आफ्ना पिता दशरथका कोठाभित्र जानुभयो, ताहाँ दशरथ राजाले रामचंद्रको मुख देख्नुभयो र आलिंगना गरि महाविलापले मूर्छित भैकन केहि बोल्न नसकि रहनुभयो । ताहाँ रामचन्द्रले विंति गर्न लाग्या, हे पिता, क्या कारणले तपाञ्जिले एस्तो विलाप गर्न लाग्यौ भनि भन्यार अनेक प्रकारले विंति गर्नुभयो र पनि दशरथ राजाले केहि उत्तरा दिनुभयेन र ताहाँ कैकेयीकाई रामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे सानीआमा, पिताले एस्तो शोक गरिरहनुभयाको छ भन्नुभयो र ताहाँ कैकेयीले भन्न लागिन् । हे रामचन्द्र, अघि तिम्रा पिताले मलाई वरदान दियाको छ । उस वेलामा मैले लीनथ्याँ,अब मैले माग्याँ,अब तिम्रा पिता मदेखि प्रसन्न भया । अब तिमिले चौध वर्षसम्म वनवास जानुपऱ्यो, मेरा पुत्र भरतलाई राज्याभिषेक दिंछौं । ऐले तिमि वनवास जाउ भनि र ताहाँ रामचन्द्र सीता हरण भयाका कोठामा पाउलाग्नु-भयो र ताहां सीताले विंति गर्दी भईन्, हे स्वामि रामचन्द्र, एस्ता महामंगलका वेलामाहां क्या निमित्तले मुख पनि मलिन छ भनि भनिन् र ताहाँ रामज्यूले सीता लक्ष्मणलाई ई कुरा सवै वृत्तांत सुनाउनुभयो । ताहाँ लक्ष्मणले आज्ञा गर्न लाग्या, हे भ्राता रामचन्द्र, यी कैकेयी सानी-माले पिताकन सत्यपासले बाँधि भरतलाई अभिषेक दिलाउनुभयो । एस्ता वृद्ध भयाका पिताले लिनुपर्छ, तपाञ्जिले मलाई आज्ञा मात्रै दिनुहुवस् भरतलाई चाँडै म मारूँला भन्या र ताहां रामचन्द्रले आज्ञा गर्नुभयो । हे लक्ष्मण, पिताको प्रतिपालना गर्नुपर्छ । सत्य भन्याको क्या गर्नु छैन, अवश्य मैले वनवास जानुपऱ्यो भनि आज्ञा गर्नुभयो, हे लक्ष्मण, माता कौशल्या सीतालाई पिताकन सम्हार गरिराख्या तस्तै तिमिले पनि सम्हार गर्नुपर्दछ भनि आज्ञा

गर्नुभयो र तेस् वेलामा सीता लक्ष्मणले पनि विंति गर्न लाग्या, हे रामचन्द्र, तपाञि जाहा २ पाउ लाग्नुहुन्छ वाहिं २ जाउँला हामिहरू पनि भन्या र ताहाँ राम लक्ष्मण सीता ई तीनै जनाले महाविलाप गरिरह्याका वेलामा कैकेयीले चाँडो आउ भनि पठाइन् र श्रीरामचन्द्र समस्त सीता लक्ष्मणले पितालाई प्रदक्षिणा गरि वनवास जान लाग्याका वेलामा ताहाँ राजा दशरथले पुत्र रामचन्द्रकन देषनुभयो र रामसित आलिंगना गरि मूर्छित भैकन केहि बोल्न सकेनन्। ताहाँ कैकेयी ले भन्न लागिन्, हे रामचन्द्र, त्यो वस्त्र छाडि रूषको बोका पैहि चाँडै जाउ भनिन् र ताहाँ रामचन्द्र लक्ष्मण सीतासहित तीनै वस्त्र पहिरि माता मभृति सबैलाई प्रदक्षिणा गरिकन वनवास जानुभयो भनि एस्ता प्रकारले हनुमानले रामचन्द्रका कुरा सबै वृत्तान्त सुनाउँदा पनि ताहाँ सीताले हनुमानलाई चित उँदी भईन्। यो कुरा अद्भुत भनि आफै उदेकाई रहिन्। पापात्मा रावणले अनेक मायाजालले रूप लिन जान्दछ, तसर्थ मलाई दाँट्नाकन निश्चयले आयो हो भनि चिताइन् र तेसकन क्षुद्रवचनले भन्दी भईन्। ताहाँ हनुमानले चिताउनुभयो, अघि मैले भैगयाका कुरा सुनायाँ र पनि सीताका मनमा पत्यार भयेन र लवारि कुरा भनिठान्नुभयो, अब निश्चयले हुन्या रामको पत्यारो पर्न्या अंगुठी १ दी पठायाको छ, तेहि मुंद्री पसालिदिउँ र सीताले पत्यारो मान्निन् भनि चित्तमा ठानि रामचन्द्रले दो पठायाको मुन्द्रीको चिन्ह रूपबाट पसालिदिया र सीताले देष्नुभयो र हातले लियेर हृदयमा राषिन्, महाशोकले गरि मूर्छित भईन्। ताहाँ फेरि चेष्टा भयो र रूपमाथि हेरिकन भन्न लागिन्, हे महापुरुष, तिमि को हौ भनि सोधनुभयो र ताहाँ हनुमानले महाकोमल स्वरले भन्न लाग्या। राक्षसिनीहरूले नसुंन्या गरि भन्न लाग्या, हे सीता देवी, रामको सेवक म हुँ, हनुमान हुँ भन्या र ताहाँ सीताले आज्ञा गर्नुभयो, हे हनुमान, तिमि ताहाँ आउ भनि डाक्नुभयो र ताहाँ हनुमान रूपबाट वर्ल्हिकन सीताका हजूरमा वस्नुभयो। ताहाँ सीताले आज्ञा गर्नुभयो, हे हनुमान, तिमिहरू भन्या वानरका जाति कसो गरि रामको सेवक भयौ भनिन् र ताहाँ हनुमानले विन्ति गर्न लाग्या। हे सीता देवि, रामसित हामिहरूको प्रीति भयाको कुरा म विन्ति गर्छु, विस्तारले सुन्नुहवस्। हे सीता देवि, पापात्मा रावणले तपाञिलाई हरण गरि ल्यायो र रामचन्द्रले महाशोक गरि तपाञिलाई अनेक ठाउँ २ मा षोजि २ कन पाउलाग्नुहुँदामा एक ठाउँमा वालिसित सुग्रीवको महा अनेक २ युद्ध भयो, हारजित भयेन र एस प्रकारले रहँदामा रामचन्द्रसित सुग्रीवले मित्र सम्बन्ध गर्नुभयो र ताहाँ रामले आज्ञा गर्नुभयो। हे सुग्रीव, मैले वालिलाई मारि किष्किन्धा नगरमा तपाञिलाई राज्य गराउँला भनि

अङ्गीकार गर्नुभयो र ताहाँ सुग्रीवले पनि आज्ञा गर्नुभयो । हे राम मित्र, सीताकन पनि मैले अवश्य खोजिदिउँला भनि अङ्गीकार गऱ्या र एस् दिनदेखि रामको र सुग्रीवको महाप्रीति भयो र रामचन्द्रले वालिकाई मारिकन किष्किन्धानगरमाहाँ सुग्रीवकाई राजा गराउनुभयो । हे सीता देवि, एस् दिनदेखि हामिहरू सबै रामका सेवक भैरह्याका छौं भनि यो सबै हत्तान्त सुनाउनुभयो र ताहाँ सीता देवी प्रतीत भै रहनुभयो । ताहाँ फेरि हनुमानले विन्ति गर्नु लाग्या । हे सीता देवि, तपाञ्चि डराउनुपर्दैन, अवश्य रामसित चार दिनअघि मिलाप होला निश्चय भनि भन्दा सीतालाई बोधना दिया र फेरि हनुमानले भन्न लाग्या । हे सीता देवि, तपाञ्चिलाई मैले लैजाउँ भन्या मैले ऐल्हे लैजानु सक्छौं, तैपनि रावणकाई मारि सीताकाई फर्काई ल्याउँला भनि रामज्यूको प्रतिज्ञा गर्नुभयाको छ, एस्कारणले रामचन्द्र मेराउपर प्रसन्न हुन्नन् भनेर भन्दा ताहाँ सीताले महाआनन्द गरिरहनुभयो । ताहाँ फेरि हनुमानले आज्ञा गर्नाकन लाग्या, हे सीता देवि, म जान्या वेला भयो रामलाई केहि चिह्न दिनुहुन्छ भन्या र ताहाँ सीताले आज्ञा गर्न लागिन् । हे हनुमान, रामलाई मैले क्या चिन्ह पठाउँ मछेउँ केहि छैन । हे हनुमान, चिह्न लैजान्छु भन्या रामले मलाई विर्सदैनन् । हामिहरू अयुध्या छाडि वनवास आयाका वेलामा वडो निको दुङ्गो सम भै ठुलो भयाको तेस् दुङ्गामा आनन्दले तपाञ्चि र म वसीरह्याका वेलामा तपाञ्चिले मकन आनन्दले आलिंगना गर्नुभयो र तेस् वेलामा मेरा कपालमा लाग्याको सिंदूर तपाञ्चिका हृदयमा लाग्यो । फेरि एक दिनमा वनविषये लक्ष्मणले मात्र मृग मारि ल्याया र त्यो मृगको मासु सबै पाक गरि महा आनन्दले तीनै जनाले भोजन गरेर वाँकि रह्याको मासु मैले कागलाई दिया र ताहाँ एक कागले मलाई अति दुःख दियो र तपाञ्चि हाँस्नुभयो, कागले पनि गनेन भन्नुभयो र म रिसाएर भनि चिताई तपाञ्चिले एक कुश च्यातेर तस् कागलाई प्रयोग गर्नुभयो र त्यो काग महात्रासले स्वर्ग मध्य पातालमा भागेर गयेर पनि ताहाँ कसैले पनि रक्षा गर्न सकेनन् श्रीरामका शरणमा गयो र प्रार्थना गर्न लाग्या, हेरामचन्द्र, अपराधीलाई तपाञ्चिले क्षमा गर्नुभयाजास्त् भनि अनेक प्रकारले प्रार्थना गरि भन्नाकन लाग्यो र ताहाँ उमान्त श्रीरामचन्द्रले आज्ञा गर्नुभयो, हे काग, तैले अति विन्ति गरिस् अब क्या गरूँ ! मेरा वाणको निष्फल गर्नु हुँदैन तेरा शरीरमा जाहाँ मनपर्छ ताहिं थाप् भनि आज्ञा भयो र ताहाँ कागले वाम नेत्र थाप्यो र एस् कारणले अजसम्म कागले वाउँ आँखाले देख्तैन यो चिह्न लैजाउ भनि सीताले हनुमानलाई सुनाउँदी भईन् । ताहाँ हनुमानले भन्न लाग्या, हे सीता देवि, तपाञ्चिको

आज्ञा भयाको कुरा श्रीरामज्यूका हजूरमा पुऱ्याउँला, कसै भया पनि तपाईको चिन्ह ल्याउ भनि आज्ञा गऱ्या म कसो गरूँला भन्या र ताहाँ सीताले आज्ञा गर्दी भईन्, हे हनुमान मेरा, विवाह भयाका वेलामा, मेरा पिता जनक राजाले मलाई दिनुभयाको मणि लैजाउ भनिन् र हनुमानलाई दिनुभयो। फेरि एक कुरा लैजा वनवासमा रामले सुनको मृग लगार्न जाँदाका वेलामा रामले गुहार माग्दा मैले अगम्य वचनले पै गरि लक्ष्मणलाई पठायाथ्यां, यो अगम्य वचन गऱ्याको यो कुरा क्षमा गर्नुहवस् भनि लक्ष्मणलाई भनिदिया भनि सीताले आज्ञा गर्नुभयो र ताहाँ हनुमानले पनि सीताकाई अनेक प्रकारले गरि बोधना दिया र हनुमान फर्कि आउनाकन तयार भयाका वेलामा मनले चिताउन लाग्या। ताहाँमाँत अरू जस्तो कातर पुरुष आयाको भया पठायावमोजिम मात्रै काम गरि जाला। अब म जस्तो पुरुष आईकन पनि लंका सहरमा पनि केहि विघ्न नगरि कसो गरि जाउँ भनि चिताउनाकन लाग्या। ताहाँ आफना शरीरमा भयंकरले ठुलो भै धवलागृहका माथि कुदिकन जानुभयो, अलिक वेर त्यहिं वसिकन पुनर्वार ऐल्हेभन्दा दोवर आफना शरीर ठुलो गरिकन अशोक वनिकामाहाँ उत्पातले चूर्ण गरि विघ्न गरिदिया, कति रूख उपेलिकन फालिदिया, कति उपेलिकन रूखले रूख हानिकन संहार गर्नुभयो, कत्ति आफुले एताउता हिंडि आफना शरीरमा लागिकन दल्या। सबै फल मूल आदि एस प्रकारले विघ्न गऱ्याको देखिकन ताहाँ एक राक्षसले भन्यो, यो अशोकवनिका चूर्ण गऱ्याको कुरा चाँडै दशग्रीव रावणलाई सुनाउन गयो। ताहाँ राक्षसगृह पुग्यो र तेस राक्षसले विन्ति गऱ्यो, हे महाराज दशग्रीव, किंचित् एउटा वानरले अशोकवनिकामा विघ्न गरिदियो, सबै मधु आदि अनेक फल मूल आदि चूर्ण गरिदियो भन्यो र ताहाँ त्यो रावणले सुनि महाक्रोध गरि भन्न लाग्यो। हे किंकर राक्षस, तँ जस्तिको पराक्रमी कोहि छैनन्, तँ दशलाख राक्षस पछि लाईकन तैले जानुपऱ्यो भनि भन्यो र ताहाँ किंकरले विंति गर्न लाग्यो, हे दशग्रीव रावण महाराजा, कस्ता २ देवताहरू मैले जितिराख्याछु,अब एउटा एस्ता किंचित् वानर मैले क्यान मार्न सकैन भन्यो र ताहाँ रावणलाई प्रदक्षिणा गरि दशलाख १०००००० राक्षस पछिलाई महा क्रोधले गरि गयो र ताहाँ आफना सारथिलाई भन्न लाग्यो, हे सारथि, चाँडै आहाँ रथ ल्याउ भन्यो र ताहाँ सारथिले रथ तयार गरि ल्यायो र किंकरका मुख्यांजि राखिदियो। ताहाँ किंकरले भन्यो, हे पंचलोकहो, तिमिहरूको आफना आफना शस्त्र अस्त्र लियेर अैल्हे चाँडै आउनुपर्छ भन्यो र ताहाँ सबै लोकले किंकरको आज्ञा जस्तै शस्त्र-अस्त्र मुशल शक्ति चक्र बाण खड्ग आदि बाण लियेर सबै राक्षस किंकरका मुख्यांजि राखि

तयार गरिदियार आईकन भन्या, हे किंकर, जानुहस्त भन्या र ताहाँ किंकर मुख सबै राक्षस-हरूले महाक्रोध गरि एस् वानरलाई मारौंला भनि एस् प्रकारले जाँदा भया र अशोक वनिकाको समीपमा पुग्यार ताहाँ सबै राक्षसले यो महापर्वत जस्तो रक्षाको हनुमानलाई-देख्या र महाअहंकारले आयाका राक्षसहरू कोहि पनि हनुमानका समीपमा जान सकेनन् र किंकरका मुख्यांजिमा मात्रै गैकन बस्या। ताहाँ किंकरले क्रोधले गरिकन हनुमानछेउँ जाई-लाग्यो। ताहाँ सबै राक्षसहरू पनि जाईलाग्या र हप्काउन लाग्या। ई राक्षसहरू आयाको देखुभयो र हनुमानले पनि महाहर्षमानले गरि ई राक्षसहरू सबै मैले मार्छु भनि रह्या। ताहाँ ति हनुमानले अशोकवनिका छाडिकन धवलागृहका माथिवाट जानुभयो। ताहाँ किंकर राक्षस प्रमुख सबैहरूले हाँकिकन गया र धवलागृहमा छेकेर सबै राक्षसहरूले भन्या, हे कपिल, एस्तो अशोकवनिका विगारिस्। अब तलाई मार्न भनि हामिहरू आज्ञु भन्यर र ताहाँ हनुमानले पनि भन्न लाग्या, हे पापिष्ट राक्षसहो, तिमिहरूले मलाई कसो गरि मार्न सकौला! मैले पनि तिमिहरूलाई मारूँला भनि म आया। हे पापिष्ट राक्षसहो, म सुग्रीवका आज्ञाले रामचंद्रको दूत भै आयाको छु, म हनुमान पो हुं भन्या र ताहाँ अधिका भंदा दोवर ठुलो भैकन महा भयंकर सिंहनाद गरिदिया र त्यो शब्द वायुले उडाई लैगयो र लंकामा सबै लोकले सुन्यार महासंताप गरि क्या हुनलाग्यो भनि डराईकन रह्या। ताहाँउमाँत त्यो कराया का शब्दले किंकरसित आउन्या राक्षसहरू मूर्छा भै पृथ्वीमा लोट्याको हेरिकन ताहाँ किंकरले महाक्रोध गरिकन जाईलाग्यो। ताहाँ एस्ता प्रकारले मूर्छा भैरह्याका सबै राक्षस-हरूका फेरि चेष्टा भयो र तिनैहरू पनि हनुमानछेउ जाईलाग्या, अनेक शस्त्र अस्त्र महार गर्न्या। ताहाँ हनुमानले पनि महाक्रोध गरिकन ताहाँ धवलागृहको थाम एक उपेलिकन प्रहार गरिदिया र तेस् थामका प्रहारले अनेक लाखौं लस्कर मार्न्याको हेरि ताहाँ किंकरले क्रोधले गरि जाईलाग्यो र पर्वतमा पानी पर्न्याको जस्तो गरि हनुमानलाई बाण प्रहार गरि-दियो। त्यो बाणको प्रहार सहिकन ताहां हनुमानले पनि महाक्रोध गरिकन किंकरको रथ चूर्ण २ गरि पर्वतले चूर्ण गरिदिया। ताहां किंकर मार्न्याको हेरि बाँकि रह्याका राक्षसहरू लंका भित्र भागि गया र एस्ता प्रकारले किंकर प्रभृति लस्कर हनुमानले मार्न्या भनि भंदछन्। ताहां किंकर मर्न्याको समाचार रावणलाई सुनाया र ताहां रावणले त्यो बात सुनिकन महाक्रोध गरि भन्न लाग्यो, एस्ता किंचित् वानरले किंकरलाई मार्न सक्यो भनि क्रोधले ताहां जम्बुमारि-लाई भन्न लाग्यो। हेजंबुमारि, त्यो हनुमानलाई मार्नुपर्छ भन्यो र ताहां जंबुमारिले विंति गर्नाकन

लाग्यो, हे दशग्रीव महाराजा, तपास्विका आज्ञाले अवश्य मैले तेस् वानरलाई आज मैले मार्छु भन्यो र ताहां फेरि रावणले भन्न लाग्यो, हे जंभारि, त्यो वानर हो भनि हेला नगर। वालि भन्याको वानर सुग्रीव भन्याको वानर इनहरू तीन्वटा छन्, महापराक्रमी भनि सुन्याको छ, इनहरूसित सावधान गरि युद्ध गर भनि भन्यो र ताहाँ जंभारिले पनि भन्न लाग्यो, हे महाराज, कस्ता २ देवताहरूलाई त मैले जितिसक्याको छ, यो किंचित् वानरको ता क्या लेपा छ आजै मारूँला, हेर्नुहवस् भनि महाअहंकारले वोलिकन रावणलाई प्रदक्षिणा गरिकन प्रस्थान गरि सारथिलाई भन्न लाग्यो। हे सारथि, मलाई रथ शस्त्र अस्त्र आदि गरि ल्याउ भन्यो र ताहाँ सारथिले पनि रथ तयार गरि ल्याईदिया र त्यो रथमा चहि भन्न लाग्यो, आज हनुमानकन मैले मारूँला भनि गयो। ताहाँ हनुमानले ती राक्षस आयाको देखि भन्न लाग्या, आज मैले ई राक्षस सवै मारूँला भनि चिताई हर्षले रहँदा भया। ताहाँ जंभारिले भन्न लाग्यो, हे हनुमान, तैले एस्तो अशोकवनिका विगारिदिईस, अव मैले तँलाई अवश्य मार्छु। ताहाँ हनुमानले पनि क्रोध गरि भन्न लाग्या, हे जंभारि, तँलाई आज मैले मारूँला भन्या र ताहाँ जंभारिले महाक्रोध गरि सवै वाणको प्रहार सहिकन महा ठुलो शाल वृक्ष यौटा उखेलिकन जंभमारि लाई प्रहार गर्नुभयो। ताहाँ जंभमारिले तीनवटा वाण झिकेर हनुमानका सर्वांग शरीरमा व्याप्त गरि प्रहार गऱ्यो। फेरि ताहाँ त्यो वाणको चोट सहिकन हनुमानले भन्न लाग्या, हे जंभमारि, तलाई आज यमपुरिमा पठाउँला भनि आज्ञा भयो र महाक्रोध भैकन महाभयंकर ठुलो हुंगो एक लियेर जंभमारिको रथ चूर्ण २ गरिदिया र ताहाँ फेरि जंभमारि पृथ्वीमा चाँडै वल्लिकन फेरि हनुमानलाई पनि पानी पऱ्याको बूँद जस्तै गरि वाणको प्रहार गऱ्या। ताहाँउमान्त हनुमानले आफ्ना शरीरमा लाग्याको वाण सवै उखेलिकन भाँचिदिया र महाक्रोध गरि एकवटा ठुलो पर्वत लियेर जंभमारिलाई हनुमानले प्रहार गऱ्या। ताहाँ जंभमारिले पनि त्यो पर्वत आफुछेउँ आयाको देखेर चाँडै वाण प्रहार गरि आकाशमा चूर्ण गरिदिया। तहाँ जंभमारिले भन्यो, आज तँ कस्का हात जालास् भनि हप्कायो, वडा शब्दले कराईकन वाण प्रहार गऱ्यो। ताहाँ हनुमानले चिंतना गर्नुभयो, ताहाँ धवलागृहका थाम एउटा उखेलिकन लिएर महा क्रोधले धवलागृहवाट वल्लिकन जंभमारिलाई महाक्रोधले वडो अहंकारले जाज्वल्यमान भैकन जंभमारिका कपालमा प्रहार गरेर जंभमारिको कपाल चूर्ण भै मृत्यु भयो र ताहाँ सवै देवताहरूले हेर्नुभयो र धन्य २ भनि हनुमानलाई पुष्पवृष्टि गरिदिनुभयो। एस्कारणले

जंभमारि मृत्यु भयाको वार्त्ता सीतालाई चौकि राष्याका राक्षसिनीमा एकट्टिले सुनिछ र चाँडै राजा रावणलाई सुनाउन गई र विंति गर्न लागिन्, हे महाराज रावण, तपाम्लिले पठाउनुभयाको राक्षसिनी जंभमारि त्यो वानरले मान्यो भनि विंति गरि र ताहाँ रावणले भन्न लाग्यो, क्या आश्चर्य ! जंभमारि जस्ता महापुरुषलाई एस्ता किंचित् वानरले मान्यो भनि कुरा गरिर ताहाँ रावणले हात निमोठि २ दाँत किट्किटाई लाल नेत्र गरि महाक्रोधले नंदा भन्याको राक्षसलाई भन्न लाग्यो, हे नंदा, हे वृन्दा, हे दुर्द्धर्ष, हे दुरुपाक्ष, हे परध्वस्त, हे भास्कर, तिमिहरू ६ जना प्रमुख भै तिमिहरूका सैन्य लियेर तेस् किंचित् वानरलाई मारिकन आउनुपर्छ भन्यो र ताहाँ ति ६ जना मन्त्रिहरूले रावणका हजूरमा विंति गर्न लाग्या, हे महाराज रावण, तपाम्लिका आज्ञाले अवश्य हामिहरूले मार्न जाउँला भन्यार ताहाँ रावणलाई प्रदक्षिणा गरि प्रस्थान गर्दा भया। तहाँ नन्दा भन्याका राक्षस प्रमुखले आपना आपना सारथिहरूलाई भन्न लाग्या, हे सारथिहो, शस्त्र अस्त्र सम्पूर्ण राखि रथ तयार गरिल्याउ भन्या र ताहाँ सारथिहरूले रथ तयार गरि ल्याइदिया र ताहाँ त्यो रथमा नंदा राक्षस प्रमुख ६ जना आपना २ रथमा चढ्या। महाअहंकारले लाखौं २ लस्कर पछि लाई महाअहंकारले बाजा बजाई सिंहनाद गरिगया। ताहाँ उप्रांत ई राक्षसहरू आयाको हनुमानले देख्नुभयो र हनुमानले पनि महाहर्ष गरि आज एस् राक्षसहरूलाई मारूँला भनि रहनुभयो। ताहाँ राक्षसहरू सबैले हनुमानका समीपमा पुगिकन भन्न लाग्या, हे हनुमान, आज तँ काहाँ जालास् भनि हप्काउन लाग्या र अनेक शस्त्र अस्त्रले प्रहार गर्न्या। ताहाँ हनुमानले पनि सबै शस्त्र अस्त्रको चोट सहिकन आपना शरीरलाई मारिदिया। त्यो लस्कर मर्न्याको देखिकन नंदा राक्षस प्रमुख इनहरू ६ जना फेरि हनुमानछेउ जाईलाग्या र अनेक शस्त्र अस्त्रले प्रहार गर्न्या। ताहाँ उप्रांत हनुमानले पनि आफुले शस्त्र अस्त्र केहि नलीकन मुष्टिले मात्र प्रहार गरिकन नंदा राक्षस प्रमुख छयै ६ जनालाई मार्न्या। तेस् वेलामा ति मंत्रिहरूको सैन्य सबै भाग्या। ई लस्कर भागिगयाको देखिकन ताहाँ हनुमानले लगार्दै २ समाईकन मार्न्या। ताहाँउप्रांत तेस्ता प्रकारले राक्षसहरूलाई मारिसक्यापछि अशोकवनिकामा गैकन रहनुभयो। तेस् वेलामा नंदा राक्षसको सैन्य बाँकि रह्याको भागिकन गया र ई कुराको वृत्तांत रावणका समीप गैकन सुनाया। नंदा प्रमुख ६ जना मार्न्यो भनि सुन्याबित्तिकैमा रावणले महाक्रोधले गरि भन्न लाग्यो, हे पुत्र अक्षयकुमार, एस्तो किंचित् वानर एउटाले एस्ता २ मंत्रि मारि-

दियो । हे पुत्र, आज तैले एस् हनुमानलाई मार्नुपर्छ भन्यो र ताहाँ अक्षयकुमारले विधि गर्न लाग्यो, हे पिता दशग्रीव, मैले तपाषिको आज्ञा कसो नमानु । तेस् किंचित् वानर एउटा मार्नाकन क्या संदेह छ, अँल्हे चाँडै मैले मारिआउँला भनि भन्यो र ताहाँ आपना पिता रावणलाई प्रदक्षिणा गरि निस्क्यो र सारथिलाई भन्यो, हे सारथि, समस्त शस्त्र अस्त्र रथमा राषि रथ तयार गरि ल्याहाँ रथ चाँडै ल्याउ भन्यो र ताहाँ सारथिले सबै शस्त्र अस्त्र आदि संयुक्त गरि रथ ल्याईदियो । ताहाँ अक्षयकुमार रथमा चढि अहंकारले गरि धनुषको टंकार गरि त्यो शब्द पनि मेघले गर्ज्या जस्तो गरि एस्तो महाअहंकारले सिंहनाद गरिगयो । एस् वेलामा हनुमानका समीपमा पुग्यार ताहाँ हनुमानलाई हाक्यो । हे हनुमान, आज तँ काहाँ भाग्न पाउलास्, अवश्य तँलाई मैले मार्नेछु भनि भन्यो र ताहाँ हनुमानले पनि आज्ञा गर्नुभयो, हे अक्षयकुमार, तँ एस्तो बालष क्या निमित्तले मर्न आईस् ! तँसित मैले युद्ध गर्न अयोग्य छ । तँ अति बालष छस् । म महापुरुषार्थी भैरहाको तेस्ता बालषसित कसो गरि संग्राम गरूँ ! तँलाई मैले मार्न्या भन्यादेषि एस्ता बालषलाई मार्न्यो भनि लोकले मलाई अपजस् दिनान् । फेरि तैले मलाई जित्या एस्ता बालषले महावीर हनुमानलाई जित्यो भनि एसो पनि सबै लोकले मलाई हास्य गर्नान् । एस्कारणले तँ बालषसित क्या संग्राम गरूँ, तँ फर्किजा भनि आज्ञा भयो र ताहाँ अक्षयकुमारले पनि भन्न लाग्यो, हे हनुमान, क्या निमित्तले तैले मलाई बालष भनिस्, अनेक प्रकारले निंदा गरिस् । तँलाई आज यमपुरिमा पठाउन्या वेला भयो भनि महाक्षुद्रवचनले बोलिकन ताहाँ अनेक प्रकारले हनुमानकन बाण प्रहार गर्‍यो । फेरि अनेक शस्त्र अस्त्रले प्रहार गर्‍यो । ताहाँ हनुमानले पनि अक्षयकुमारले प्रहार गरिदियाको सबै शस्त्र अस्त्रको चोट सहिकन सबै बाण उषेलिकन फालिदिया । ताहाँ हनुमानले पनि महाक्रोध गरि बड़ा कल्पवृक्ष एकवटा उषेलिकन लियेर महाअहंकारले अक्षकुमारछेउ जाईलाग्या । ताहां हनुमानले कल्पवृक्ष लियेर आईलाग्याको देषिकन हनुमानका हातमा भयाको वृक्ष अक्षयकुमारले बाण प्रहार गरि खंड २ गरि पृथ्वीमा झसालिदियो । ताहां फेरि अक्षयकुमारले पर्वतमा पानी पर्दामा जस्तै तस्तै हनुमानका सर्वांग शरीरमा व्याप्त गरि बाण प्रहार गरिदियो । ताहाँ हनुमानले पनि पर्वतको शृंग लिई एक अक्षयकुमारको रथमा प्रहार गरिदिया । ताहाँ तेस रथमाको हादि सारथि रथ चूर्ण २ भयो र रथ चूर्ण भयाको देषिकन अक्षयकुमारले अनेक क्रोध गरि विरथि भैकन पनि महापराक्रमले हनुमानसंग युद्ध गर्‍यो । तेस् वेलामा हनुमानले अत्यंत क्रोध गरि दगुदैं गयार

अक्षयकुमारका दुवै गोडा समाति एकशय फेरा घुमाईकन भूमिमा राखि आफ्ना एक गोडाले टेकिकन एक गोडामा हातले समाति त्यो अक्षयकुमारको शरीर चिरिकन मार्‍या। ताहाँ अक्षयकुमार मरेको खबर रावणले सुन्यो र महाक्रोध गरि रावणले इंद्रजित्लाई भन्न लाग्या। हे पुत्र इंद्रजित्, एस्तो किंचित् वानरले हामिहरूका अनेक अमरा मंत्रिहरू मारिदियो। हे पुत्र इंद्रजित्, म कस्तो भन्या देवराज इंद्रलाई पनि जितिरहन्या अब यो एउटा वानर आज तैले मार्नुपर्छ भन्यो र ताहाँ इंद्रजितले विंति गर्न लाग्यो, हे पिता, तपाञ्चिको आज्ञा जस्तै म गैकन अवश्य तेस् किंचित् वानरलाई आजै मैले मार्न जांछु भनिकन आफ्ना पिताका हजूरमा अंगीकार गरेर आफ्ना पिता रावणलाई प्रदक्षिणा गरिकन अनेक फौज पछिपछिलाई इंद्रजित् रथमा चढि महाअहंकारले सिंहनाद गरि गयो। ताहाँ हनुमानका नगीचमा पुगेर इंद्रजित्ले हाक्यो, हे हनुमान, आज हामिहरूका हातमा परिस्। हामिहरूको एस्तो अशोकवनिकामा महाउत्पात गरि तैले बिगारिदिईस्, अब तँलाई आज मैले यमपुरि पठाउँछु भनि महाअहंकारले अनेक शस्त्र अस्त्र प्रहार गर्‍यो। ताहाँ हनुमानका शरीरमा अनेक शस्त्र अस्त्र लाग्याको सहिकन हनुमानले महाक्रोधले धवलागृहको थाम एउटा उपेलिलियेर बल्झिकन क्रोध गरि तेस् थामले प्रहार गरि अनेक सैन्य मारिदिया। ताहाँ बाँकि रह्याका सैन्य इंद्रजित् बस्याका ठाउँमा भागिगया। ताहां फेरि इंद्रजित्ले पाँचवटा बाण झिकेर हनुमानका हृदयमा प्रहार गर्‍यो। ताहां फेरि हनुमानले पनि धवलागृहको एक थाम उपेलिलियेर महाक्रोधले चाँडै बल्झिकन इंद्रजित्लाई तस् थामले प्रहार गर्‍या। ताहाँ इंद्रजित्ले पनि थामले प्रहार गर्‍याको देपेर तीनवटा बाण झिकि आकाससैमा खंड२ गरि खसालिदियो। ताहाँ फेरि बाणले हनुमानका हातमा प्रहार गर्‍यो। ताहाँ हनुमानका हृदय हातबाट रगत धारा बहन लाग्यो र हनुमान अति शोमा भैरह्या। ताहाँ तस् इंद्रजित्का बाणको चोट सहिकन हनुमानले क्रोध गरि कल्पवृक्ष एउटा उपेलिलियेर इंद्रजित्लाई प्रहार गर्‍या। ताहाँ फेरि इंद्रजित्ले वृक्ष आकाशैमा आयाको देख्यो र पाँचवटा बाण झिकेर प्रहार गरि आकाशैमा खण्ड २ गरि भूमिमा खसालिदिया। फेरि सातवटा बाण झिकि हनुमानका कपालमा प्रहार गर्‍यो। ताहाँ हनुमानले त्यो बाणको चोटले अलिक परिश्रम परिरहनुभयो र ताहाँ फेरि चेष्टा भयो र महाभयंकर कल्पवृक्ष उपेलिकन प्रहार गर्नुभयो। फेरि ताहाँ इंद्रजित्ले आफुछेउ नक्काइमा चाँडै एउटा बाण झिकेर प्रहार गरि आकाससैमा खंड २ गरि खसालिदियो। एस्ता प्रकारले महायुद्ध गरिरहँदामा ताहाँ इंद्रजित्ले चिंतना

गऱ्यो, यो शस्त्र अस्त्र प्रहार गरिकन पनि हनुमानलाई केहि भयेन सबै व्यर्थ भयो। अब मैले क्या शस्त्रले प्रहार गनु भनि चिताई अब यसो होइन भनि नाग शस्त्र प्रहार गऱ्यो त्यो नाग शस्त्रमा हनुमान पऱ्या र ताहाँ सबै राक्षसहरू र इंद्रजित् प्रभृति महा-शब्दले सिंहनाद गरिकन गया। ताहाँपछि सबै लोकहरूले रावणका हजूरमा गैकन इन्द्र-जित्ले हनुमानलाई नाग पाशले बांधनुभयो भनि विंति गर्न गया। ताहाँ इंद्रजित्सित रहन्या सबै राक्षसहरूले अनेक तरहले हनुमानलाई दुःख दिया। कसैले मुष्ठिले प्रहार गऱ्या, कसैले ढुंगाले प्रहार गऱ्या, कसैले ईट्ले हान्या एस्ता तरहले दुःख दिया। लंकाभित्र रावणका हजूरमा लैगया। ताहाँबाट रावणले अति हर्ष गरिकन भन्न लाग्यो, हे पुत्र इन्द्रजित्, धन्य धन्य मेरो पुत्र होस्! तँ जत्तिको पराक्रमी कोहि छैनन् भनि ताहाँ इंद्रजित्-लाई शिरोपाउ दिई मान्य गऱ्यो ताहाँ हनुमानलाई रावणले भन्न लाग्यो, हे हनुमान, तँ क्या कारणले व्हाहा आईस्, क्या कारणले अशोकवनिका विगारि दिईस् भन्यार ताहाँ हनु-मानले रावणका वचन सुनि चिंतना गर्न लाग्या। कसो गरि एस् रावणलाई रामचंद्रले जित्न सकनान्। एस्का हातका औंठि पनि कालसर्प जस्तो भयाको विश हात दशव्रटा शिर अग्निका जस्तो तेज भयाको एस्ता रावण कन कसो गरि रामचन्द्रले जित्न सक्नान् भनि चिताई ताहाँ हनुमानले भन्न लाग्या, हे दशग्रीव रावण, मेरा वचन सुन, म कहंछु। रामचन्द्रको दूत हुं भन्या र ताहाँ रावणले भन्न लाग्यो, हे हनुमान, तँ दूत भै आउन्याले मेरा पुत्रसहित मंत्रि उमरावहरू क्या कारणले मारिदिईस् भन्या र ताहाँ हनुमानले भन्न लाग्या, हे रावण, इनिहरूले मलाई मार्नाकन आया र मैले पनि माऱ्याको हो भन्यो र ताहाँ हनुमानको वचन सुनि रावण-ले महाक्रोधले भन्न लाग्यो। हे पापिष्ट हनुमान, तैले मेरा सेवक मारिस् र आज तँलाई मैले माछु भन्यो र ताहाँ सभामा वस्याका लोकहरूलाई रावणले भन्न लाग्यो, हे लोकपंचहो, एस् हनुमानकन मार्न लैजाउ भन्यो र तेस् वेलामा विलापले हेर्नु भैकन ताहाँ सभामा अरूले सुन्याको जस्तै नसुन्याजैं गरिकन हनुमानले भन्न लाग्या। मेरा बाज्याहाई माऱ्या जस्तै गरि मलाई नमाऱ्या भन्या र एस्ता प्रकारले डराया का हनुमानकन राक्षसहरूले चाल पाया र रावणका हजूरमा विंति गऱ्या, हे महाराज रावण, हनुमान अनर्थ डराईकन भंछ मेरा बाज्या लाई माऱ्या जस्तै गरिकन मलाई नमाऱ्या भंछ भनि भन्या र तेस् वेलामा विभीषणले भन्न लाग्या, हे महाराजा रावण, अघिदेखिको थिति भन्या दूत आउन्याहाई मार्नु रीति छैन विशेषले यो रामचन्द्रको दूत भै आयो, त्यो हनुमान लाई नामार्नुहवस् भन्या र ताहां रावण-

ले भन्न लाग्या, हे विभीषण, तिमिले भन्याका निमित्तले प्राण लिन्याछैन । एस् हनुमानले भन्याको जस्तै मात्र सास्ति गर भन्या र ताहां आफना उमरावहरूलाई भन्न लाग्या । हे उमरावहो, सबै तिमिहरूले उसैले भन्या जस्तो तिमिहरूले सोध भन्या र उमरावहरूले सोध्न लाग्या हे हनुमान, तम्रा वाज्यालाई कसो गरि सास्ति गऱ्याथ्या भन तिमिले डराउनुपर्दैन भन्या र ताहाँ हनुमानले डरायाको जस्तो गरिकन आफैले कल्पिकन भन्न लाग्या हे पंचलोकहो, मेरा वाज्याळाई कसो गऱ्या भन्या म भंडु तिमिहेरू सुन भन्या र भन्न लाग्या । पुछरमा बत्ती बालि गलामा फलामको मुद्गर जुंडाई डोरिले बांधि बाजा बजाई देश घुमाइकन अनेक ठुलो पोषरि बनाई तेस् पोषरिमा दूद हालि त्यो दूदका पोषरिमा पसालिदिया भन्या र मलाई मात्र एसो नगऱ्यास् भन्या र ताहां ती सबै कुरा रावणलाई सुनाया र ताहां रावणले ई कुरा सबै सुनिकन अति हर्षमान गरि भन्न लाग्यो, हे उमराव मंत्रिहो, उसैले भन्या जस्तै गर भन्या । त्याहां हनुमानको पुछरमा कपराले बेहि तेल हालि बत्ती बालिकन सोह मनको फलामको मुद्गर बनाई मुद्गर गलामा जुंडाई हात फर्काइ डोरिले बांधिकन बाजा बजाईकन घिस्याई देश घुमाईकन लग्याका बेलामा यो पवर सीताले सुन्नुभयो र अग्निकन प्रार्थना गर्नुभयो, हे अग्नि, तिमिले हनुमानका पुछरमा अघिमा एकवटा केश पनि नपानु भनि आज्ञा गर्नुभयो र पायाको मैले देख्या भन्या मै श्राप गरूँला भनि आज्ञा गर्नुभयो र ताहाँ अग्निले केहि गर्न सकेनन् । ताहाँ तेस् बेलामा त्यो लंका सहरमा अनेक निको अनेक ननिको घर २ मा अनेक २ सुवर्णको कोठामा ठाउँ २ मा अनेक शस्त्र अस्त्र सुवर्णले बनायाका छाना भयाका आदि ति हनुमानले हेर्दै २ जानुभयो । देश घुमायाका बेलामा एक कोटमा परिघ भन्याको शस्त्र त्यो हनुमानले हेरि आउनुभयो । ताहाँ देश घुमाईसकिकन ति हनुमानकन दूदका पोषारीमा पसालिदिया, ताहाँ पुछर मात्रै माथि रापि चुडिकन मात्रै रह्या, माथितिर सुस्तै गरि हेर्नुभयो र फेरि हुविरहनुभयो । ताहाँ एस्ता प्रकारले रहँदामा देशका लोकहरूले मऱ्यो २ भनि मच्चाकन लाग्या, फेरि मऱ्याको छैन भन्या । यो हनुमानका मन नपऱ्यासम्म एस्ता प्रकारले ध्याल गरिरह्या । एस् बेलामा हनुमानले अबता बेला भयो भनि चिताई आँषा चिंलिकन त्यो दूदका पोषरीमा उभिईकन मृत्युक जस्तो भै रहनुभयो । ताहाँउप्रांत लंका सहरका लोकहरू सबैले अबता मऱ्यो २ भनि सबैले सिंहनाद गरि लंका सहरभित्र गया, तेस् बेलामा हनुमानले सुस्त २ गरि माथितिर आँषाले हेर्दामा कोहि पनि नभयाको देख्नुभयो र तेस् बेलामा हनुमानले त्यो पोषरीमा भयाको दूद लड्डु घिउ सषर आदि षाईकन रहनुभयो र ताहाँपछि

हनुमानले आफ्नु शरीर ठूलो गरिकन आफूले हेरिआयाका कोटमा परिघ भन्याको शस्त्र लिनाकन जानुभयो। तेस् वेलामा आफ्नु शरीर महाभयंकर ठुलो भैकन कुदिकन जानुभयो र त्यो परिघ शस्त्र लियेर वर्हिकन लोकहरू माऱ्या। कोहि भागि गयाकालाई लगारि २ मारिदिया। तेस्ता प्रकारले अनेक लोकहरू माऱ्यो र फेरि रावणको अति प्रिय गरि मायाले बनाईराख्याको घरमा कुदि २ कन जानुभयो र त्यो झरिको घर अग्निले दोहा गरिदिनुभयो। ताहाँपछि सबै लोकहरूका घर २ मा पोलि पुछरमा रह्याको अग्निले दग्ध गरिदिनुभयो। तेस् वेलामा लंका सहरमा अग्निले दाह गऱ्याको वायुले देख्नुभयो र आफना पुत्र हनुमानलाई गुहार दिनाकन वायु आउनुभयो। ताहाँ वायुले पनि गुहार दिनुभयो र विशेषले भवदेषि रावणका भयले आफ्ना मन ज्ञानले दिन पायेनन आफ्नु रहछाले जानुभयो र ताहाँ वायुदेवताले पनि महावेगले जानुभयो। सबै लंका राज्य चूर्ण २ गरि अनेक २ हाति घोड़ा गदाहा आदि आगाले पोलिकन मऱ्याको अग्य महाविस्मयले आगाले बाँदा देख्यार ताहाँ रावणले भन्न लाग्यो, हे विभीषण, हे निकुंभ, हेर २ एस्ता किंचित् वानर एउटाले हाम्रिहरूको लंका राज्यमा अग्निले दाह गरि चूर्ण २ गरिदियो। हे निकुम्भ, तँ जत्तिको पराक्रमी कोहि छैनन्, त्यो वानरलाई तँ गयेर तेस् किंचित्लाई मार्नुपर्छ। म मार्न शक्तिन भन्या राज्यको मात्रै सहार गर् भनि भन्यो र ताहाँ निकुम्भ मत्तले आज्ञा गर्दा भया, हे दशग्रीव महाराजा, अवश्य तपाणिका आज्ञाले मैले मार्न जाछु भनि ताहाँ ति निकुम्भले रावणकन प्रदक्षिणा गरि अनेक लस्कर पछिपछि लाई हनुमानका समीपमा गया। ताहां हनुमानले देख्नुभयो र निकुंभ युद्ध गर्नाकन आया भनि देख्नुभयो र ति हनुमानले पनि परिघ शस्त्रले कुटीकन सबै लोकहरू माऱ्या फेरि निकुम्भलाई पनि मारिदिया, फेरि लंकामा बाँकि रह्याका घर २ मा पनि आगो लाईदिया, सबै संपूर्ण अनेक २ वस्तु चूर्ण २ गरि आगाले पायो। सुवर्णको लंका अग्निले दग्ध गरि हनुमान आफैले हेरिरहनु भयो। ताहाँ फेरि रावणले भन्न लाग्यो, हे विरुपाक्ष आदि सबै राक्षसहो, तिमिहरू सबै मैकन त्यो किंचित् वानरकन मार भन्यो र ताहां विरूपाक्षले रावणको आज्ञा शिरमा राखिकन अनेक २ सैन्य पछि २ लाई हनुमानका समीपमा पुग्नु गया। ताहाँ विरूपाक्षसंग हनुमानले महायुद्ध गर्नुभयो, ताहाँपछि हनुमानले महाक्रोधले युद्ध गरिकन अनेक सैन्यलाई मारिदिया, फेरि विरूपाक्षलाई पनि मारिदिया। ताहाँ फेरि बाँकि रह्याका महासेनाहरू अनेक २ लस्कर सबै मारि ताहाँ हनुमान

निर्भय गरि रहनुभयो । त्यो खबर रावणले सुन्यो र ताहाँ रावणले महाक्रोध गरि रह्यो । एस्ता प्रकारले रहँदामा फेरि हनुमानले आफ्ना मनमा जस्तो आँप्याको कार्य तस्तै तरहले ठाउँ २ मा आगो लाई हिंड्या । कोहि जोई पोई आगाले पोलि मऱ्या र रह्याका कोहि आगाले पोलि डरले बाहिर निस्किकन आउन्यालाई मारिदिया । ताहाँ फेरि सबै राक्षस राक्षसिनीहरू हा हा स्वामि, हा हा नाथ, हा हा पुत्र, हा हा माता, हा हा पिता, दिदि बहिनी भनि सबै ठाउँ२ मा व्याप्तमान भै रोईकन कराई २ कन अनेक राक्षसहरूका स्त्रीपुरुष भागिकन पर्वतमा चढिकन रह्याका, ती स्त्रीहरू कस्ता तरहले रह्याका भने स्वर्गबाट देवताहरूले हेरिरह्या जस्तो गरि हेरिरह्या । ताहाँ हनुमानले तेस् पर्वतबाट हेर्न्या राक्षसिनीहरूलाई आगाले पोलिकन मार्न्या । ति हनुमानले एउटा बाँकि विभीषणको घरबाहिक लंकापुरि सबै भस्म गरि आगो लाईदिया र ताहाँपछि हनुमान कुदिकन समुद्रका किनारामा रहनुभयो, आफ्ना पुछरमाको आगो समुद्रमा फालिदिया । एस् बेलामा हनुमानकन परिश्रम भयो र अलिक् बेर त्राहिं रहनुभयो, बायुले गुहार दिनुभयो र अलिक् शीतल भयो । फेरि सीताले अग्निलाई प्रार्थना गर्नुभयो, हनुमानको पुछरमा आगाले पायेन अत्यंत शीतल भयो भनि भंदछन् । हे पार्वति, कोहि मनुष्यले श्रीरामचंद्रको नाम सुमरणा मात्र गऱ्याले पनि सबै मुक्त भैकन संसारमा समुद्रपार उरि जान्छन् एस्ता श्रीराम रघुनाथका दूत हनुमानले राक्षसिनी लायाका अग्निले पायो भनि श्रीमहादेवले पार्वतिकन सुनाउँदा भया ॥

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे सुन्दरकांडे चतुर्थोऽध्याय ॥ ४ ॥

५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि ति हनुमानले सीता पायाका जग्गहमा पुगिकन सीताका चरणमा नमस्कार गरिकन हनुमानले बिन्ति गर्न लाग्या, हे सीतादेवि, श्री रामचंद्र राज गर्नुभयाका जग्गहमा म जान्छु, तपाईले मलाई आज्ञा दिनुहवस्, चाँडै श्रीरामचंद्र तपाईकन लिन पाउलाग्नुहुन्याछ भनि सीतासंग बिन्ति गर्दा भया र फेरि ति हनुमानले सीताकन प्रदक्षिणा गरि फेरि बिति गर्न लाग्या । हे सीतादेवि, म जान्छु, तपाईले देख्नुहोला भी

रामचंद्र लक्ष्मण अयुत २ कोटि २ वानरहरू तपाञ्जिले देख्नु पाउनुहोला, तपाञ्जिको कल्याण हुन्छ् भनि सीतासंग हनुमानले विंति गर्नुभयो र शोक दुःखले महाविलाप गरिकन रह्याको सीताले हनुमानलाई आज्ञा गर्दी भईन्, हे हनुमान, तिम्रो मुखदेखि मेरा समस्त दुःख हरायो । अब तिमि जान लाग्यौ अब मैले कसो गरि रहनु ! श्रीरामचंद्रका वार्ता नसुन्न पाई तपाञ्जिविना मेरो प्राण कसो गरि रहला भनि सीताले हनुमानसंग भनिन । ताहाँउभांत सीताका एस्ता वचन सुनिकन ताहाँ हनुमानले भन्न लाग्या, हे जानकि, तपाञ्जिले एस्तो मनमाहाँ चिताउनु-भयो ता मेरा काँधमा राज गर्नुहुन्छ् र मैले क्षण मात्रले श्रीरामका हजूरमा पुऱ्याउँला भनि सीताकन हनुमानले विंति गऱ्या र ताहाँ सीताले त्यस्ता वचन सुनि आज्ञा गर्नुभयो । हे हनुमान, अथवा समुद्र सुकाईकन पनि युद्ध गरि रावणलाई मारि श्रीरामचंद्रले मलाई आफ्ना राज्यमा लैजानुभया पो रामचन्द्रकन त्याहाँ यशकीर्ति रहला, ऐल्हे मैले आउनु निको छैन । हे हनुमान, तिमि फर्किकन रामचन्द्रका हजूरमा जाउ भनि सीताले आज्ञा गरिन्, हे हनुमान सुन, रामचन्द्र त्याहा पाउलाग्नु नभयासंम मैले कसै गरिकन पनि प्राण धारणा गरिकन रहुँला । तिमि रामचन्द्रका हजूरमा जाउ भनि सीताले हनुमानलाई विदा दिनुभयो र तेस्ता वचन सीताका सुनिकन हनुमानले हर्षस् भनि सीताकन तीनफेरा प्रदक्षिणा गरि चरणमा दंडवत् गरि ताहाँदेखि कुदेर समुद्र लंघन गरि मैनाचल पर्वतमा पुग्दा भया र पर्वतका थुम्काबाट पुग्दा भया । ताहाँदेखि बाजका जस्तो वेग गरि टेकिकन जानुभयो र तीस ३० योजन भूमि माथि पुग्दा यो पर्वत हनुमानका गोडाले टेक्याका वेगले त्यो पर्वत पृथ्वीसम मैकन भासियो । ति हनुमान फर्किकन जाँदामा आकाश मार्गले गरि जाँदामा ति हनुमानले महाशब्दले नाद गरिकन गया र त्यो शब्द सुनि समुद्रवारि रहन्या समस्त वानरलोकहरूले भन्न लाग्या, हनुमान लंकावाट फर्कि आयो भनि चाऊ पायार महा हर्षमान गरि समस्त वानरलोकले आनन्द प्रमाण भै समस्त वानरले महाठुलो शब्दले घोष पारि सिंहनाद गरिकन कराया र ताहाँ महावृद्ध भयाका वानरहरूले कुरा गर्नाकन लाग्या, हे वानर समस्त लोकहो, महाशब्दले याहा भयो हनुमानले गयाको कार्यसिद्ध गरि आया । ई समस्त वानरलोकमा श्रेष्ठ हनुमान आया भनि कुरा गरिरह्याका वेलामा हनुमान पनि आई-पुग्या र समुद्रवारि रह्याका वानरहरू वस्याका ठाउँमा आईपुग्यार ताहाँ हनुमानले समस्त अंगदादि सवै वानरलोकहरूकन नमस्कार गरि आलिंगना गरि चुवनादि गरि समस्त अंगदादि वानरलोकहरूकन हनुमानले सवै वृत्तान्त कुरा सुनाउँदा भया । हे वानरलोकहो, सीता खोजिकन

सीता राख्याका ठाउँमा सीताकन हेरि म आवा । लंकाको अशोकवनिकामा सीता राख्याकी रहिछन् सीतासंग कुरा गरिकन वाहिर आयार रावणले अति प्रेम गरि राख्याको स्यो अशोकवनिका पनि विगारि दिवा । हे अंगदादि जंबुवाण समस्त लोकहो, सुन, अक्षकुमार आदि महावीर २ सवै राक्षसकन मैले मारिदियाँ । ताहाँपछि रावणको पुत्र इन्द्रजित् आयो र तेस् इंद्रजित्ले मकाई नाग पाशले वांधि रावण का हजूरमा लैगयो र अनेक तरहको सास्ति गर्न लाग्यो । कस्ता तरहको सास्ति भनौंला त गलामा सोह मन् फलामको मुद्गल झुंडाई पुछरमा वत्ति वालि लंका सहरमा घुमाईकन दूदका पोषरीमा पसालिदिया र म पनि मन्याजस्तो भै-रह्याँ । मलाई हेर्न भनि आयाका राक्षसहरूले अवता हनुमान वानर मन्यो भनिठानिकन समस्त राक्षसहरू फर्किगया र ताहाँपछि हे अंगद, तेस् वेलामा मैले पोषरीमा वसि सुस्त २ गरि हेन्यार कसैलाई देखिन र तेस् पोषरीदेखि माथि आईकन रावणको लंकाराज्य सवै अग्निले दग्ध गरिदिवा, लंकाका राजा रावणसित पनि केहि कुरा गरि आवा । अव हामि-हरूलाई पठायाको कार्यसिद्धि गरि आवा । हे वानर समस्त लोकहो, अव हामिहरू रामचंद्र लक्ष्मण सुग्रीवका हजूरमा जाउँ भनि ताहाँ समस्त वानरलोककन हनुमानले भन्या र एस्ता वचन हनुमानका सुनि ताहाँ समस्त वानरलोकले धन्य २ हनुमान भनि कति वानरले आलिंगना गर्‍या, कति वानरले हनुमानको पूजा गर्‍या, कति वानरले हनुमानको पुछरमा चुंवनादि गर्‍या, कति वानरले हनुमानकन देखि महाहर्षले नाच्नाकन लाग्या । एस्ता प्रकारले समस्त वानर-लोकले हनुमानकन मान गर्‍या । ताहांपछि हनुमान अगद जांबुवाण प्रमुख समस्त वानरलोक-हरू महाहर्षले रामचंद्र लक्ष्मण सुग्रीवका हजूरमा जाउँ भनि फिर्नु भयो ताहां आयाका वेलामा वानरहरूले सुग्रीवको मधुवन देख्या र समस्त वानरलोकले अंगदका हजूरमा विंति गर्दा भया, हे महावीर अंगद, हामिहरू समस्त वानरलोकहरूको अति भोक लागिरहेछ । ताहां-उभांत एस् मधुवनमाहां आज हामिहरू फलमूल पांछौं । हे युवराज अंगद, तपाविले आज्ञा दिनुहुवस्, हामिहरू समस्त वानरलोक सवै संतुष्ट गरि आईकन श्रीरामचंद्रको र लक्ष्मणको दर्शन गर्न जाउंला भनि भन्या र एस्ता वचन समस्त वानरलोकका सुनि ताहां युवराज अंगदले आज्ञा गर्दा भया, हे हनुमान प्रमुख समस्त वानरलोकहो, हामिहरू आयाको कार्य हनुमानका प्रसादले सिद्ध भयो, तसर्थ हे वानर समस्त लोकहो, तिमिहरू सवैले यो मधु-वनमा आत्मा तृप्ति गरि फलमूल षाउ भनि समस्त वानरलोकहरूकन युवराज अंगदले आज्ञा भयो र समस्त वानरलोकहरू मधुवनमा गैकन अनेक तरहका फलमूल षान लाग्ये र

ति मधुवनमाहाँ बस्याका चौकिदारकन नसोधि अहंकारले गरि समस्त वानरलोकले फल-मूल पाईकन सक्नाकन लाग्या र दधिवक्त्र नाउँ गर्‍याको वानरले नघाउ भन्न पठायाका वानरलाई समस्त वानरलोकहरूले मुष्ठिले प्रहार गरि अनेक प्रकारले कुटिकन पठाया। ताहांउभांत त्यो मधुवनमाहां चौकि बस्याका सुग्रीवका मामा दधिवक्त्र वानर पछिपछि लाई महाक्रोधले वानरका राजा सुग्रीवका हजूरमा गया र ताहां पुगिकन दधिवक्त्र वानरले सुग्रीवका हजूरमा विन्ति गर्न लाग्यो-सुन, भनौला त हे महाराज सुग्रीव, मधुवनमाहां उत्पात भयो, कयाहां भनौला त मधुवन हामिहरूले बहुतै रक्षा गरिराख्याको थियो, तस् अर्थले त्यो मधुवनमाहां आज अंगद हनुमान जंबुवान आदि समस्त वानरलोकहरू आईकन विगारि-दियो भनि दधिवक्त्र वानरले भन्याको वचन सुनि ताहां सुग्रीवले महाहर्षमान गरिकन आज्ञा गर्दा भया, हे दधिवक्त्र वानर, त्यो वायुको पुत्र हनुमानले सीताकन हेरि आया तसर्थ तन्कन केहि संदेह छैन। सीताकन नदेखि आयाको भया त्यो मधुवन हेर्नाको कस्को सामर्थ होला। एस् ठाउँमा सबै कार्य हनुमानले गर्‍या तेस्मा केहि संदेह छैन भनि सुग्रीवले दधिवक्त्र वानरकन भन्या र ई सबै सुग्रीवले गर्‍याका कुरा वृत्तांत सबै रामचन्द्रले सुन्नुभयो र रामचंद्रले सुग्रीवकन आज्ञा गर्दा भया, हे मित्र सुग्रीव, तपाईले सीताका कुरा गर्नुभयो कि मैले उस्तै सुन्याँ भनि आज्ञा गर्नुभयो र ताहां सुग्रीवले रामचन्द्रकन बिंति गर्दा भया। हे मित्र रामचन्द्र, पृथिवीको पुत्री सीतादेवीकन हेरि आयाछन्, कसो भन्या ई हनुमान प्रमुख समस्त वानरलोकले मेरा मधुवनका समस्त फलमूल पाईदिया भनि पवर याहां आयो। तेस् वारिका चौकिदारकन पनि मुष्ठिले प्रहार गरि कुटि पपायाछन्। हे मित्र रामचंद्र, हामिहरू-ले पठायाको कार्य सिद्ध नभयाको भया मेरा मधुवनमा हेर्न पनि शक्त्या थियेनन्। तेस्कारणले सीताकन देखि महाअहंकारले आया भनि सुग्रीवले निश्चयले गरिकन सुग्रीवले दधिवक्त्र वानरकन भन्न लाग्या। फेरि त्यो मधुवनमा बस्त्या चौकिदार वानरकन भन्न लाग्या, हे रक्षपालहो, तिमिहरूले डराउनुपर्दैन, अंगद हनुमान जांबुवान आदि समस्त लोक-कन मेरा हजूरमा चाँडै आउ भनि डाकिल्याउ भनि सुग्रीवले आज्ञा गर्नुभयो र एस्ता वचन सुग्रीवका सुनि रक्षपाल वानरहरू वायुका जस्तो वेग गरिकन गै अंगद हनुमान जांबुवान आदि समस्त वानरलोककन भन्न लाग्या, हे वानरलोकहो, सुग्रीवका हजूरमा हिंड। श्रीराम लक्ष्मण सुग्रीवराजा तिमिहरू आयाको हेरूँला भनि बडो इच्छा गरि बस्याका छन् भनि ति रक्षपालले सुनाया र एस्तो वचन सुनि वानरलोकले अब रामचन्द्र लक्ष्मण

सुग्रीवका हजूरमा जाउँ भनि समस्त वानरलोकले हनुमान अंगद जांबुवानलाई अघि लाई समस्त वानरलोकहरू राम लक्ष्मण सुग्रीवका हजूरमा जाउँ भनि समस्त वानरलोकहरू आयाका एस्ता मार्गले जाँदा भया। ताहाँ उप्रांत जादा २ श्रीराम लक्ष्मण सुग्रीवका हजूरमा पुगि श्रीरामका चरणमा समस्त वानरलोकले दण्डवत् गऱ्या, फेरि एस्तै प्रकारले सबै वानर लोकले सुग्रीवकन दण्डवत् गऱ्या, फेरि समस्त वानरलोकले लक्ष्मणकन दण्डवत् गऱ्या र ताहाँ हनुमानले रामचन्द्रका हजूरमा विंति गर्न लाग्या। हे श्रीरामचंद्र, तपाल्किा आज्ञाले म लंकामा सीता पोजन गया, माषाका जत्रो शरीर धारण गरि लंका राज्यका समस्त प्रजालोकका घर २ मा हेऱ्यार पनि सीताकन पाउन सकिन र मनमाहाँ चिंतना गरि सल्लाका रूपमा बस्याँ र फेरि ताहाँबाट ब्रह्किन रावणका पचपन्न ५५ कोटि मंत्रिहरूका घर २ मा माषा जत्रो शरीर धारण गरि समस्त मंत्रिहरूका घर २ मा हेऱ्यार पनि सीतादेवीकन पाउन सकिन र ताहाँबाट फेरि, राजगृहमा हेर्न गयाँ र सबै ठाउँमा घुमि २ कन पनि हेऱ्यार पनि सीतादेवी पाउन सकिन र फेरि लंकामा समस्त लोकका घर २ मा एक २ गरि हेऱ्यार पनि सीता देषिनन् पाउन सकियेनन् र हार मानिकन त्रिकूटाचल पर्वतमाहाँ आईकन बस्यार ताहाँबाट फेरि एक सुवर्णमय भयाको धवलागृह अशोकवनिकामा देष्यार ताहाँबाट कुदिकन अशोक वगैचामा गया र ताहाँ अनेक राक्षसिनीहरू सीतालाई चौकि राष्याका रहाछन्। ति चौकिदारले देष्नान् भनि एक वृक्षमा गैकन पातले छोपिकन बस्याँ। हे प्रभु श्रीराम, ति सीता-देवीले हा राम २ हा लक्ष्मण २ भनि काको वस्त्र पैहो रहाकी एस्ता दुःखका सागरमा पऱ्याकी सीताकन मैले देष्याँ र अब कौन प्रकारसँग सीतासँग कुरा गरौं भनि मनमाहाँ चिंतना गरिरहाँ र हे प्रभु रामचंद्र, त्यो रूपबाट मैले सुस्त २ गरि सीतासँग कुरा गरि बोधना गरि कुरा गऱ्याँ, रूपमा बसि अति सानु मै पातले छोपि अति सानो स्वर गरिकन तपाल्किो कथाहा जन्मनुभयादेखिको दण्डकारण्य बनमा आउनुभयाको पर्यन्त सबै कुरा मैले सीता देवीकन सुनायाँ। हे रामचंद्र, ताहाँउप्रांत सीतालाई रावणले चोरि लैगयापछि तपाल्किले सुग्रीवकन मित्र गर्नुभयाको बालिकन वध गर्नुभयाको सबै कुरा मैले सुनाया र हे रामचंद्र, ताहाँउप्रांत हामिहरू सीताकन सुग्रीवले पोज्न पठायाका हामिहरू करता भन्या महासत्यवान् कामलाई जितिरहन्या हामिहरू फल मूल मात्र षाई रहन्या अरू वानरहरूले सबै ठाउँमा पोज्न गया म मात्र आहाँ आयाँ, म को हुँ भन्या श्री सुग्रीवको मंत्रि श्रीरामचंद्रको दास हुँ भनि मैले भन्याँ, हे श्रीरामचंद्रकी भार्या सीता देवी, तपाल्किन मैले देष्याँ। हे सीतादेवि,

अब मैले कथोळ गऱ्याको कुरा सापूर्त्त भयो भनि एस्ता प्रकारले सीता देवीकन विंति गऱ्यार ताहाँ सीतादेवीले बाहिर निस्कि आज्ञा गर्नुभयो, शुभ अक्षर अमृत वचन मेरा कानमा कसले सुनायो, यी बोल्या सत्य हो भन्या मेरा हजूरमा आउनुपर्छ भनि सीतादेवीले आज्ञा गर्नुभयो र हे प्रभु रामचंद्र, मैले परेका जत्रो शरीर धारण गरि सीतादेवीको दर्शन गरि दंडवत् गरि अलिक टाढा गैकन बस्या र ताहाँ सीतादेवीले मलाई तँ को होस् भनि सोध्नु भयो र यो वृत्तांत सबै सीतादेवीले सोध्नुभयो र हे रामचंद्र, मैले सबै वृत्तांत विंति गऱ्याँ। ताहाँपछि तपाईले दीपठायाको मुंद्रि चिह्न दियाँ। यो मुंद्रि हेरि सीताले मलाई विश्वास् गरि आज्ञा गनुभयो, हे हनुमान, मलाई रातदिन राक्षसिनीहरूले दुःख दियाको सबै तिमिले देख्याकै छ, यो सबै वृत्तांत श्री रामचंद्रका हजूरमा विंति पुऱ्याईदिया भनि सीताले मलाई आज्ञा भयो र ताहाँ मैले विंति गऱ्याँ, हे सीतादेवी, श्री रामचंद्र पनि तपाईमा धंदामा लागिरहनुभयाको छ, रातदिनै तपाईको शोक गरिरहनुभयाको छ। हे सीतादेवी, तपाईको वार्त्ता समस्त म गैकन रामचंद्रसँग विंति गरूँला। श्रीरामचंद्रले ई कुरा सबै सुन्निमात्र सुग्रीव लक्ष्मण अनेक २ असंख्य वानरसहित गरि श्रीरामचंद्रले तपाईलाई लैजानुहुन्याछ। हे सीतादेवी, मलाई श्रीरामचंद्रका हजूरमा चिह्न लैजानाकन दिनुहवस् र तब श्रीरामले विस्तार मान्नुहोला तस्कारणले, हे सीतादेवी, एकवटा चिह्न दिनुहवस् भनि मैले भन्या र ताहाँ सीतादेवीले आफ्ना शरीरमा लाया को रत्न दिनुभयो। फेरि हे राघव, एक विंति गरि पठायाको छ, आँपामा आँसुले पूर्ण गरिकन। हे रामचंद्र, क्या भनौला त परापूर्वमा त्रिकूटाचल पर्वत-विषयमा कागले गऱ्याको, फेरि लक्ष्मणलाई आज्ञा गरि पठायाको कुशल वार्ता भनि फेरि लक्ष्मणलाई एस्तो भन्या भनि पठायाको छ। हे कुलनंदन, तिमिलाई मैले अज्ञानी भैकन परा-पूर्वमा न भयाको अगम्य वचन मैले बोल्याँ, यो वचन तिमिले क्षमा गर्नुहवस्। श्री रामचंद्रले मेराउपर चाँडै कृपा गरि मेरो रक्षा गर्नुहवस् भनि तिमिले रामचंद्रका हजूरमा संदेश पुऱ्याई-दिया भनिकन आज्ञा गरिन्। ताहां सीतादेवी महाशोक दुःखले संयुक्त गरि रुँदी भईन्। हे रामचंद्र, मैले पनि तपाईको समस्त कुरा विंति गरिसक्यार ताहांपछि सीतादेवीछेउँ विदा मागें र ताहां सीतादेवीले मलाई विदा दिनुभयो र फेरि ताहाँ आउन्या वेलामा रावणले अतिप्रिय गरि बनायाको अतिप्रिय भयाको अशोकवनिकाको फल मूलका अनेक वृक्ष उपेक्षि-कन नाश गरिदिया, क्षणमा मात्रै रावणको अशोकवनिका बिगारिदियाँ, अनेक उमराव अनेक वीर मंत्रि अनेक लस्करकन पोजि २ कन मारिदियाँ, अक्षयकुमार आदि अनेक राक्षस

लोकन मारिदिंवाँ र ताहाँपछि रावणले अति क्रोध भै आफ्ना पुत्रलाई पठायो र रावणको पुत्र इन्द्रजित्ले समाति नागपाशले बाँध्यो र लंकाभित्र रावणका हजूरमा लैगयो र ताहाँ रावणले राक्षसहरूकन भन्न लाग्यो, हे राक्षसहो पापिष्ट हनुमानकन मार्न लैजाउ भन्यो र तेस् वेलामा विभीषणले रावणकन भन्न लाग्या, हे ज्येष्ठ भ्राता रावण, आजदेखि अघि पनि दूत भै आउन्यालाई मान्यों मर्यादा छैन भनि विभीषणले विंति गऱ्या। विशेषले यो रामचंद्रको दूत पनि हो भनि विभीषणले रावणका हजूरमा विंति गऱ्या र ताहाँ मेरा पुछरमा बत्ती बालिकन गलामा फलामको मुद्गर जुंडाई, हातमा डोरिले बाँधि बाजा बजाई लंका सहरमा घुमाईकन दूदका पोषरिमा पसालिदिया। ताहाँपछि मैले रावणका अनेक लस्कर मारिदिंवाँ, फेरि लंका सहरमा अग्निले दग्ध गरिदिंवाँ। हे श्रीराम लक्ष्मण सुग्रीव, मैले एस्तो प्रकारले लंका सहर मारिकन फर्कि तपाञ्चिका हजूरमा आंवाँ भनि हनुमानले रामचंद्रका हजूरमा समस्त लंकाका कुरा वृत्तांत सबै विंति गर्दा भया र एस्ता वचन सुनि श्रीरामचंद्रले महाहर्षमान भै ति भक्तवत्सल श्रीरामचंद्रले आज्ञा गर्दा भया, हे मित्र सुग्रीव आदि समस्त वानरलोकहो, देवता समस्तले पनि गर्न नशक्याको कार्य ई हनुमानले गऱ्या भनि श्रीरामचंद्रले महाहर्षमान गरि हनुमानकन आज्ञा गर्दा भया, हे हनुमान, तिमिले वडो कार्य गऱ्यौ, देवताले गर्न्या कार्य गऱ्यौ। हे हनुमान, मेरो सर्वस्य तिमिलाई दिउँला भनि श्रीरामचंद्रले महाहर्षमान गरि महा आनंदले हनुमानकन आलिंगन गर्नुभयो र श्रीरामचंद्रले महाआनंदसँग महाहर्षले हनुमानकन वारंवार आलिंगनै गर्नुभयो र महाहर्षमान गरि आनंदसँग हनुमानसँग आनंद गऱ्याको देखि रामचंद्रले हनुमानकन वया वस्त्र प्रसाद दिन्छन् हेरौं भनि कोटि २ पत्र समस्त असंख्य वानरलोकहरू ताँहि वसि हेरिरह्याका थिया। ई सबै वानरलोकले आफु आफै परस्पर कुरा गर्न लाग्या, एस्तो सेवा गर्न्या हनुमानलाई रामचंद्रले केहि प्रसाद दिनुभयेन आलिंगनै मात्रै गर्नुभयो भनि समस्त वानरलोकका मनमाहाँ विषाद मानि चुप लागि समस्त वानरलोकहरू वस्ता भया। वानरहरू एस्ता तरहले वस्याको देखि रामचंद्रले पुनर्वार हनुमानकन आलिंगना गरि ताहाँ समस्त वानरलोकले देखन्या गरि रामचंद्रले हनुमानकन हरिहर भैकन दर्शन दिनुभयो र ताहाँ फेरि हनुमानलाई आलिंगना गरि श्रीरामचंद्र आज्ञा गर्दा भया, हे हनुमान, एस् लोकमाहाँ मकन आलिंगना गर्न पाउनु दुर्ल्लभ छ। हे हरिपुंगव, तिमि मेरा भक्त मेरा प्रिय भनि आज्ञा गर्नुभयो। हे पार्वति, जुन् मनुष्यले श्रीरामचंद्रका चरणमा तुलसीपत्र आदि नाना तरहका पुष्प चढाई अनेक फल मूल नैवेद्य आदिले पूजा गरुन् उस्

मनुष्यहरूकन श्री विष्णुले अमूल्यपद दिनन् । एस्ता श्रीरामचंद्रले अनेक आलिंगन गर्नुभयाको शरीर अनेक श्राप गर्नुभयाको त्यो वायुपुत्र हनुमानको हो भनि कैलाश पर्वतमाहाँ श्री महादेवले पार्वतिकन सुनाउनुभयो । सोहि कथा नैमिषारण्य वनमा सूतनामा पौराणिकले सौनकादि ऋषिहरूकन सुनाउनुभयो ।

इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे सुन्दरकांडे पंचमोऽध्यायः समाप्त ॥

ल

★

ङ्का

का

★

ण्ड

लङ्काकाण्ड

१

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले, हनुमानले सीता पोजन गयेर सीता पाईकन सीताको वृत्तांत सबै गऱ्याको कुरा सुनि महाहर्षमान गरि आज्ञा प्रसन्न भयो। हे मित्र सुग्रीव, हनुमानले गऱ्याको कार्य देवताहरूले पनि गर्नु सामर्थ छैन। अरू यो पृथ्वी मण्डलमाको मनुष्यले ता मनले पनि चिताउनु सक्न्याछैन, एस्ता कार्य हनुमानले गऱ्यो। कसो भन्या शय योजन विस्तार भयाका एस्ता समुद्र नाघि जान कौन पुरुषको सामर्थ होला! फेरि राक्षसहरूले रक्षा गरिराख्याको लंकाभित्र गैकन चौपट्ट गरिकन आउनु कस्को सामर्थ-होला! हे मित्र सुग्रीव, एस्ता वीर सेवक हनुमानले सबै कार्य गऱ्या। हे मित्र सुग्रीव, यो हनुमान जस्ता यस् लोकमा गयाको पनि छैन आउनु पनि दुर्ल्लभ। हे मित्र सुग्रीव, मेरा रघुवंशको पनि तपाल्किको लक्ष्मणको पनि यो हनुमानले सीता पाईकन रक्षा गर्नुभयो भनि फेरि सबरी स्त्रीले पनि सीता पोजनाको कार्य निको गरिदियो हो। हे मित्र सुग्रीव, यो समुद्र मनले सम्झेर मेरा मनमा भरोसा नभयाको जस्तो भयो, कसो भन्या अनेक जलजंतु व्याप्त भयाको शय योजन विस्तार भयाको यो समुद्र पार गरि गैकन रावण कसो वध गर्नु हामिले कसो गरि सीताकन हेर्न जानु भनि हे पार्वति,एस् प्रकारले श्रीरामचंद्रले आज्ञा भयाको सुनि ताहाँ सुग्रीवले पनि श्रीरामको हजूरमा विंति गर्नाकन लाग्या। हे रघुश्रेष्ठ श्रीराम, अनेक जल जतु व्याप्त भैरह्याको समुद्र भया पनि हामिहरू पार गैकन लंकामा गै रावणलाई मारूँला, सबै राक्षसहरूकन पनि मारूँला। हे श्रीराम, त्यो धंदा छाडनुभयाजाउस्, कसो भन्या धंदाले कार्य नाश गर्ला। हे श्रीराम, तपाल्किका सेवक यो वानरको श्रेष्ठहरू हेर्नुहउस्, इन्हरू कस्ता हुन् भन्या महासुरा उग्रांत तपाल्किकन हित गर्नानिमित्तले एकचित्त गरिरह्याको इन्हरू तपाल्किकन प्रीति गर्नाले अग्निभित्र जाईछाम्नुपऱ्या पनि तयार छन्। हेर्नुहउस्, हे श्रीराम, अध्यारै समुद्रपार गर्नाकन बुद्धि ता गर्नुहउस्। तपाल्किले लंका हेर्नुभयो रावणलाई पनि वध गर्नु-

भयो एस्तो मेरा मनले चिताईसक्यौं, कसो भन्या एस् तीनलोकमा संग्रामविषये तपाञ्जिले धनुमा ताँदो चढाई बाण जोरिरहनुभयाको ठाउँमा तपाञ्जिसित सन्मुख गरिरहनुसक्न्या मैले कोहि देख्यौन । हे श्रीराम, अवउप्रांत हामिहरू सबैको जय हुनान् निश्चय एस् कुरामा केहि संदेह गर्नुपर्दैन, सबै कुरामा पनि सगुण मैले देख्याँ । हे पार्वति, एस् प्रकारले भक्ति पराक्रमले सहित गरि सुग्रीवले बोल्याको वचन सुनि ताहाँ श्रीरामले पनि लौ भनि आज्ञा भयो । ताहाँपछि श्रीरामचंद्रले आफ्ना हजूरमा रह्याको हनुमानलाई आज्ञा गर्नाकन लाग्या । हे हनुमान, यो समुद्र हामिहरूले जसो गरि हुन्छ तस्तै प्रकार गरि पार जाउँला । हे हनुमान, लंकाको दवल् कस्तो छ मलाई सुनाव । लंका जो छ देव दानवहरूले पनि साधना गर्न नसक्याको एस्तो लंकाको तरह हेरिकन लंकामा युद्ध गर्नाकन उपाय गरूँला । हे पार्वति, एस् प्रकारले श्रीरामको आज्ञा सुनि ताहाँ हनुमानले हात जोरि लंकाको तरह सबै विंति गर्नुभयो । हे श्रीराम, मैले हेरिआयाको जस्तै लंका सहर छ सो तपाञ्जिको चरणमा म विंति गर्छु सुन्नुभया जावस् । हे श्रीराम, लंका जो छ दिव्यपुरी त्रिकूट पर्वतको शृंगमा रह्याको सुवर्णको पर्पाल नाना रत्नले परिपूर्ण गरिराख्याको अनेक गरि दिव्य २ पोषरि भयाका छन् । चित्र विचित्रले बनाईराख्याका गृह एस्ता २ गृहले पूर्ण भैरह्याको छ । घरको याम पनि मणि माणिक जडिराख्याको लंकाको पश्चिम ढोकामा हज्जार २ हाति राखिछोड्याको थिया, उत्तर ढोकामा असल सिपाहि लाखौं राखिछोड्याका, पूर्व ढोकामा तस्तै दशकोटि संख्याले सिपाहिहरू राख्याका छन्, दक्षिण ढोकामा महावीर २ राक्षस रथिहरू राख्याका छन् । हे श्रीराम, लंकाको राजगृहको समीपमा हाति घोडा राषि सिपाहि राख्याका संख्या गर्नु पनि सकिन । हे प्रभु श्रीराम, लंका कस्तो भन्या सक्रम सतघ्नि यंत्र लेख्याका । हे प्रभु श्रीराम, एस प्रकारले लंकामा राक्षसहरूले रक्षा गरिरह्याका ठाउँमा मैले जुन चेष्टा गर्‍यो सो विंति गरूँला सुन्नुभयाजावस् । हे देव श्रीराम, दुर्दिन लागिरह्याको रावणको एस्ता सैन्य चौकिहरू चार खंडमा एक खंड मैले मारिसक्यौं । हे श्रीराम, तपाञ्जिले हेर्नुभया मात्रैले लंका भस्म होला । हे श्रीराम, सतन्ति यंत्र संक्रम यंत्र पनि मैले विगारिदिसक्यौं, लंकामा अग्निले दाहा गरि सुवर्णको पर्पाल पनि विगारिदिसक्यौं । हे देव श्रीराम, अब प्रस्थान गर्नुहवस् , अब हामिहरू महावीर वानरको सैन्यसहितले गरिकन समुद्रको तीरसम्म पाउलाग्नुहवस् भनि हे पार्वति, एस् प्रकारको हनुमानको वचन सुनि ताहाँ श्रीरामले आज्ञा गर्नाकन लाग्या । हे मित्र सुग्रीव, हामिहरू प्रस्थान गर्नाकन सबै सैन्यहरूलाई भन्नुहवस्, अब संग्राममा जय हुन्या मुहूर्त वेला भै आयो ।

हे मित्र सुग्रीव, एस् वेलामा गैकन राक्षसले व्याप्त भैरह्याका लंकाका पर्खालसहित अनेक यंत्रसहित गरि रावणलाई मारौंला। कस्तो लंका भन्या राक्षसहरूले रक्षा गरिराख्याको अब एस्ता लंका जानु तयार भयौ। वानरका नायक २ हरूले सेनाका दाहिना बाउँ अघिपछि रक्षा गर। हे मित्र सुग्रीव, म हनुमानको शरीरमा चढि अघि जान्छु। हे मित्र सुग्रीव, लक्ष्मणले पनि अंगदको शरीरमा चढि राघि तपाखिसंग लैजानु। जो जस्तै गवयनाम वानर गवाक्ष मैंद्र भन्याको वानर द्विविद नल-नील, सुखेन जांबुवान आदि महावीर २ वानरहरूले अनेक शस्त्र-हरूकन मारिरहन्याहरूको सेना आपना २ ठाउँमा बसि जाउ भनि श्रीरामले आज्ञा गर्नुभयो। हे पार्वती, एस् प्रकार श्रीरामले वानरहरूकन आज्ञा गर्नुभयो र ताहाँ लक्ष्मण सुग्रीव सबैले महाहर्षमान गरि सेनाको माझमा रहनुभैकन लंकामा युद्ध गर्नु जानाकन प्रस्थान गर्नुभयो। कस्ता वानरहरू भन्या यो रावण हामि जत्रो ठुलो होला कि भनि कामरूपिणि एस्ता वानरहरू सबै कराई पेलि २ कन वनविषय फलमूल मधुपान गरि दक्षिण दिशा हेरि हेरि जानुभयो। हे पार्वति, वानरहरू श्रीरामको हजूरमा आईकन विंति गऱ्या, हे श्रीराम आज हामिहरूले रावणलाई वध गरौंला भन्यो र अतुल पराक्रम भयाको वानरहरू गया। हे पार्वति, वानरहरू श्रीराम लक्ष्मणले हनुमान अंगदको शरीरमा चढिकन जानुभयामा इन् दुई भाइ सेनामा अत्यंत शोभायमान भयो, कसो भन्या आकाशविषय नक्षत्रले घुमाई-रह्याका चंद्र सूर्य जस्तै शोभायमान भयो। हे पार्वति, यो पृथ्वी व्याप्त गरि वानर सेना गयो, फेरि वानरहरूकन कस्ता प्रकारले गयो भन्या, महाहर्षले कोहि रूपमा कोहि पर्वतको माथि चढिकन वायुको जस्तो वेगले गयो। हे पार्वति, यो श्रीरामले रक्षा गरिराख्याको वानर सेना अत्यंत हर्षमान गरि जानुभयो। कसो गयो, भन्या यो असंख्य वानर सेना रातोदिन काहिं विलंब नगरि जानु लाग्यो। फेरि मलयाचल पर्वतका सह्य पर्वतको वनको चित्र-विचित्र शोभा हेरि जानुभयो। हे पार्वति, तहाँपछि यो वानरहरू सह्य पर्वत नाघि मलयाचल पर्वतमा पुग्नुभयो। ताहाँपछि जाँदा २ समुद्र पुग्नुभयो, कस्तो समुद्र भन्या महाभयानकले शब्द भैरह्याको। हे पार्वति, ताहाँपछि श्रीराम सुग्रीवसहित समुद्र वार पुग्नुभयेर हनुमानको शरीर बाट वर्हिकन श्रीरामको आज्ञा भयो। कसो भन्या, हे वानरहरू, अब हामिहरू सबै जाहाँ अनेक जल जंतुको घरमा पुग्न आयौं। अबजाहाँ हामिहरू सबैले उपाय नगरि जानु हुँदैन। अब जाहाँ सबै सैन्यहरूले वास गर, अब जाहाँ समुद्र पार गर्नाकन साहुति गरौं आज जाहाँ वास गर भनि, हे पार्वती एस् प्रकारले श्रीरामले आज्ञा गर्नुभयाको वचन सुनि

सुग्रीवले सुन्नुभयो र महावीर वानरहरूले रक्षा गरिराख्याको सैन्य सबै समुद्रको तीरमा वास गर्नुभयो। यो वानर-सैन्यहरू हेर्नुमा पनि महाभयंकर समुद्र हेरिरहनुभयो। कस्ता समुद्र भन्या महाभयानक जलको तरंगले चूर्ण भयाको, जल जन्तुले पूर्ण भै महाभयानक आकाश जस्तो अथाहा भैरह्याको एस्ता समुद्र हेरिकन वानर सैन्यहरू महादुःखले रहनुभयो। कसो भन्या अब हामिहरूले यो भयानक जलजंतुको घर भयाका एस्ता समुद्र कसो गरि पार जाउँ भनि फेरि राक्षसको अधम रावण हामिहरूले कसो गरि मार्नु भनि एस् प्रकारले कुरा गरि धंदा लियेर वानरहरू सबै श्रीरामको हजूरमा रहनुभयो। श्रीरामले पनि बारंबार सीता समझि महादुःखले रहनुभयो, सीता भनि अनेक प्रकारले नाम लिनुभयो र विलाप गरिरहनुभयो। हे पार्वति, श्रीराम कस्ता छन् भन्या कार्यका निमित्तले मनुष्य हुनुभयाको कसो भन्या अद्वितीय चिदात्मा साक्षात् परमात्मास्वरूप कैह्ले पनि नाश नहुन्या जस्ले श्रीरामको स्वरूप जान्यो उ मनुष्यकन दुःख कैह्ले पनि हुन्या छैन। एस्ता श्रीरामचन्द्र अव्यय आनंदस्वरूप कसो भन्या दुःख भय क्रोध लोभ नभयाका यो आदि अज्ञानको चिन्ह यो श्रीरामकन कसो होला। हे पार्वती, कसो भन्या देहभिमानिको दुःखादि होला, यो श्रीराम अदेह उनकन कसो दुःखादि हुनान्। यो आदि आरामको सरूप, हे पार्वति, परमात्मा परब्रह्म पुराण पुरुष नित्य सुखि एस्ता श्रीरामको मायामा आफ्ना मायामा आफै लुब्ध भैकन रहनुभयो। अज्ञानिहरूले सुखी दुःखी भनि श्रीरामकन भन्यो भनि कैलासविषये श्री महादेवले पार्वतीलाई सुनाउनुभयो भनि ब्रह्माले ब्रह्मलोकमा नारदकन सुनाउनुभयो। एस् कथा नैमिषारण्य वनमा सूतले सौनकादि ऋषिहरूकन सुनाउनुभयो।

इतिश्री अध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे प्रथमोऽध्यायः ॥ १ ॥

2

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि लंकाराज्यमा हनुमानले गर्‍याको कार्य सबै रावणले देख्यो र ताहाँ रावण लाज मानि निहुरिकन रह्यो। एस्ता कार्य गर्नुभयो भन्या देवताहरूले पनि गर्नु नसक्याको कार्य यो हनुमानले गर्‍यो, हेर २, लंका जस्तो देश नाश पार्‍याको भनि। ताहाँपछि रावणले पनि मंत्रिहरू सबै बटुल्याई ताहाँ रावणले भन्न लाग्यो,

हे मन्त्रिहरू, कोहि पनि विना मेरा वचनले यो लंकाभित्र आउन सकेन, एस्ता लंकामा हनुमान भित्र आईकन गऱ्याको कार्य तिमिहरूले देख्यौ । कस्ता-कस्ता कार्य भन्या, गरेर पनि गर्न नहुन्या गरिराख्याको एस्ता अशोकवनिकामा सीताको ठाउँमा गैकन सीतालाई हेरि सीतासित कुरा गरि महावीर २ राक्षसहरू मारि मेरा पुत्र अक्षयकुमारकन पनि मारि लंकामा अग्निले दाह गरि तिमिहरू सबैलाई नाश पारि महासुखले समुद्रपार गरि हनुमान फर्किगयो । अब हामिहरूले क्या गरूँ मलाई मंत्रना देउ । तिमिहरू सबै मंत्रना दिनुमा महानिपुण जो उपाय गरि मलाई हित हुन्छ सो मन्त्रना देउ भन्यो । हे पार्वति, एस् प्रकार रावणले गऱ्याका कुरा राक्षसहरूले सुनिकन ताहाँ मन्त्रीहरूले रावणको हजूरमा विन्ति गर्न लाग्या, हे महाराज रावण, त्यो शंपा तपाखिलाई क्यान तपाखि कस्ता ह्न् भन्या त्रैलोक्यमा पनि दिग्विजय गरि-रहनुभयाको फेरि तपाखिको पुत्रले पनि देवताका राजा इन्द्र जस्तालाई बाँधि लाहाँ लंकामा राख्न ल्यायो, एस्ता तपाखिको पुत्र छैन कि ! फेरि तपाखिले पनि यमराजासित युद्ध गरि यमराजाकन जितिराषनुभयाको छ, एसैले पनि तपाखिलाई यमदण्डको भय छैन। फेरि कुवेरसित पनि युद्धले जिति पुष्पकविमान तपाखिले लिनुभयो । हे महाराज रावण, तपाखिले वरुणलाई पनि जितिराष्नुभयाको छ, फेरि नैऋत्यलाई पनि जित्नुभयाको छ, हे महाराज रावण, भय भन्याको नाम दैत्य यो पनि तपाखिका भयले डराई तपाखिलाई आफ्ना पुत्री मनोधरि दियेर तपाखिसित सम्बन्धना गऱ्यो । हे महाराज रावण, अरु देवता दैत्य राक्षसहरूले पनि तपाखिकन क्या गर्ला भनि । हे महाराज रावण, एसो भयामा तपाखिले क्यान शंखा लीरहनुभयो । हे महाराज रावण, हामिहरूले पनि एस् किंचित् वानरले क्या गर्नु सक्ला भनि हामीहरूले पनि निन्दा गरि रह्यौं, एस्ता वानरले एतिको उत्पात गरेर क्यान हामिहरूको पराक्रम देषाउनु भनि चुप लागिरह्यौं । हे महाराज रावण, एस् वानर एउटाले एतिको कार्य गरि गयो र तपाखिकन क्या हुनान् केहि शंका गर्नुपर्दैन । हे महाराज रावण, हामिहरू मर्द पो हुँ, तपाखिले एतिको सम्म शंका गर्नुभयाको हामिहरूले थाहा पायाको भया तेस् वानरकन फिराई पठाउँदैन मारौंला । हे महाराज रावण, तेसो तपाखिले शंका गर्नुभया हामिहरूले यो पृथ्वीमा जति भयाको वानर मनुष्यहरू सबैलाई मारूँला हामिहरूलाई आज्ञा दिनुहुन्स् अथवा हामिहरू एक २ जनालाई भारा दि पजनि गर्नुहुन्स् भनि विन्ति गऱ्यो । हे पार्वति, एस् प्रकारले मत गऱ्याको वेलामा रावणको भ्राता कुम्भकर्णले आफ्ना भ्राता राक्षसका राजा रावणका हजूरमा विन्ति गर्न लाग्यो, हे भ्राता रावण, तपाईखिले आफ्नु नाशकन

कर्म गर्नुभयो, क्यानभन्या दंडकारण्य वनमा सीता चोर्न जान भयाका वेलामा तपाखिका भाग्यले श्रीरामले देपेन। तेस् वेलामा श्रीरामले तपाखिकन देपनुभया रहिं तपाखिकन मानौं। श्रीराम मनुष्य होईन साक्षात् श्री नारायण पो हुन्, फेरि स्यो चोरि ल्यायाको सीता महापतिव्रता श्रीरामको स्त्री सीता यो साक्षात् भगवति लक्ष्मी पो हुन्। एस्ता मध्यमा सीता हामिहरू राक्षस सबै नाश गर्नकिन तपाखिले सीता चोरि ल्याउनुभयो, क्याजस्तो भन्या विषको डल्लो खाईकन ठुलो माछा पोखरीमा मित्र गयाको जस्तो भयो। अब तपाखिले जनक राजाको पुत्री सीतादेवी जाहाँ ल्याई राख्यौ अब क्या हुन्छ। हे भ्राता महाराज रावण, तपाखिले यो कार्य नजानिकन गर्याको भया सबै मैले निवारण गरिदिन्छु, तपाखिले सीता स्त्री मर्नाको चिन्तना माया नगर्नुहुस्, स्वस्थ चित्त गरि रहनुहुस्। एस् प्रकारले कुम्भकर्णले बोल्याका वचन इन्द्रजित्ले सुनि आपना पिता रावणको हजूरमा विन्ति गर्न लाग्या। हे पिता रावण, मलाई आज्ञा दिनुहुस् मैले तपाखिका आज्ञाले राम लक्ष्मण सुग्रीवसहित सबै वानरहरू मारि चाँडै जाहाँ मफर्कि आउँछु भन्यो। एस् प्रकारले साहुति गरिरह्याका वेलामा रावणको साभामा जति भयाको भागवतको श्रेष्ठ बुद्धिवंतहरू सबैको मुख्य भयाको विभीषण आई पुग्यो। कस्तो विभीषण भन्या श्रीरामको चरण दुई स्मरण गर्नुविना अरू चित्तमा केहि छैन एस्ता विभीषणले आफ्ना दाज्यु रावणलाई दण्डवत् गरि साभामा बस्नुभयो। ताहाँपछि यो विभीषणले रावणलाई साहुति दिन्या कुम्भकर्ण इन्द्रजित् प्रमुख राक्षसहरूको मुख हेरि विस्मय गरि अत्यन्त कामातुर भै रह्याको रावणलाई भन्न लाग्यो। कस्तो विभीषण भन्या अहंकार कैल्हे पनि छैन, महा शुद्ध बुद्धि, साभामा बस्न्याहरू भन्या अहंकारले महाप्रमत्त भै रहन्या एस्ता ठाउँमा विभीषणले आफ्ना दाज्यु रावणको हजूरमा बोल्न लाग्यो, हे दाज्यु रावण, स्यो क्या कुरा सुन्नुभयो, इनहरूले क्या कुरा गर्न्यो! कसो भन्या श्रीरामको संग्राममा सन्मुख भै रहनु इनहरूको कस्को सामर्थ छ? को को भन्या कुम्भकर्ण, इन्द्रजित्, महापार्श्व, महोदर, निकुम्भ-कुम्भ अतिकाय, हे महाराज रावण, तपाखिलाई पनि सीताको निमित्तले महाग्राहले समात्यो अब तपाखिकन छोडाउनु महाकष्ट भयो। हे महाराज रावण, अब तपाखिले एकवटा उपाय गर्नु सक्या छ, कसो भन्या उन् सीताकन अनेक द्रव्यले मान्य गरि श्रीरामलाई दिन जाउ, यो सो उपाय गर्नुभया पो तपाखि सुखि हुनान्। हे दाज्यु रावण, एस् कार्य गर्नु हतपत् भयो, कसो भन्या श्रीरामको बाण भन्या अति भयंकर तेस् बाणले लङ्कामा व्याप्त गरि सबै राक्षसका शिर छेदन गरिदेला। हे महाराज रावण, एसो श्रीरामले नगर्दैमा तपाखिले श्रीरामलाई उन जनक राजाको पुत्री सीतादेवी

सोप्नु निको भनि फेरि पर्वत रह्या जस्तो रहन्या वानरहरूले लंकामा आई तपाईको सैन्य नपर्दै अल्हे चाँडै सीता श्रीरामकन सोप्न जाउ वानरहरू कस्ता छन् भन्या, महा बलियो सिंहको जस्तो महापराक्रम भयाका नङदाँतले महार गर्न्याहरू। हे भ्राता रावण, कसो भन्या इन्द्र महादेवले रक्षा गरिराख्या पनि श्रीरामचन्द्रले तपाईको प्राण नली छोड्न्याछैन। हे महाराज रावण, एस्तो चेष्टा गर्नु छैन। हे पार्वति, एस्ता शुभ हित पवित्र वचन विभीषणले भन्याको रावणले सुनेर कसो भन्या, मृत्यु हुन लाग्न्याले औषधि नखाया जस्तो विभीषणको वचन सुनेर ताहाँपछि कालले समाईराख्याका रावणले विभीषणलाई भन्न लाग्यो, हे विभीषण, तैले मेरा निमक पाई प्रशस्त मष्ट भैरह्याको तँ मेरा हजूरमा बसि मेरा हित पो गर्न्या हो! तैले अब नगर्न्या कुरो मलाई क्यान गरिस् कसो भन्या, मेरो मित्रको भाव छैन मेरा शत्रु तँ भयो ताहाँ सन्देह छैन, कसो भन्या तँ महापापात्मा एस्ता तँसित मिलिरहनु अयोग्य हो अयोग्य भयो कसो भन्या, आफना दाज्युकन मार्नालाई तेरो इछा भयो। एस् प्रकारले जुन् राक्षस-हरूले मेरा हजूरमा कुरा गर्ला उस् राक्षसकन त्यहि क्षणमा मैले मारिसकौंला। अब मैले तँलाई क्या गरौं मेरा भाई भयेर बाँचिस्! हे पापिष्ठ राक्षसकुलको अधर्मि, धिकार तँ मेरा राज्यमा बस् भनि क्रोध गरि पै गर्‍या। हे पार्वति, एस् प्रकारले रावणको वचन विभीषणले सुनि एकवटा गदा लियेर आकाशमा गयो, चार मन्त्रीसहितले आकाशमा बसिकन अत्यन्त क्रोध गरि विभीषणले रावणकन भन्यो, अहो रावण, तँलाई मैले हितको कुरा गर्‍याँ तैले धिक्कार गर्‍यो, तेरो राज्यमा मलाई बस्नुछैन भन्याँ म बस्तिन। हे ज्येष्ठ भ्राता रावण, तेरो नाश नहबस् कसो भन्या तँ मेरा दाज्यु पितातुल्य मैले मान्याका छ क्यान भन्या मैले सुन्याको छ श्रीराम-स्वरूपले दशरथ राजाको पुत्र भैकन जन्म भयो। सीता जो हुन साक्षात् काली देवी पो हुन्, जनक राजाको गृहमा जन्म भयो। इन दुवै पृथ्वीको भार खंडन गर्नाकन जन्म हुनुभयो, इन्हरू ताँहाँ आईपुग्नुभयो। उन् कालस्वरूपी रामले तेरो प्राण निश्चयले राख्याछैन, एस्कारणले पो तिमिले हितको कुरा गर्‍या तिमिले सुन्यौन! हे रावण, श्रीराम कस्ता हुन् भन्या साक्षात् ब्रह्मस्वरूप यो सबै प्राणीहरूको शरीरमा भित्र बाहिरसम्म गरि रहनुभयाको, फेरि नामको रूपको भेदले उहि २ वस्तु जस्तै रहनुभयाको, कस्तो भन्या अनेक वृक्ष भयाको वन यो जस्तै रामरूप भेदले भेद भनि ज्ञानीहरूले भन्या, फेरि आनन्दमय आदि पाँच संख्या कोष छ, उन् कोषको भेदले उहि वस्तु जस्तै शोभायमान भयो। अत्यन्त निर्मल स्फटिकमा पहेला नील रातो आदि राख्यामा उहि २ रंगभयाको जस्तै एस्ता श्रीराम नित्यमुक्त आफना मायाको गुणमा मनुष्य भैकन

रहनुभयाको, फेरि कसो भन्या कालप्रधान पुरुष अव्यक्त इन् आचारादि प्रकारले रहनुभयाको यो श्रीरामले सबै सृष्टि गर्नुभयो, कालस्वरूप भैकन सबै संहार गर्नु भयो। यो अव्यय श्रीरामका रूपी ऐश्वर्य आदि छन् ६ प्रकारले युक्त भयाको एस्ता श्रीरामले तँलाई मार्नाकन आहाँ आई-पुग्नुभयो, उन् श्रीरामले तँ मार्नाकन संकल्प गर्नुभयाको नगराउन् कस्को सामर्थ छ ! एस्ता ठाउँमा तेरो पुत्र सैन्यसहित राक्षसको कुल सबै श्रीरामले मार्नान्, यो मैले कसो गरि हेरिरहनु, एस् प्रकारले श्रीरामको चरणमा शरण जान्छु। हे रावण, अब म तेरो राज्यमा बस्दैन म जान्छु। तिम्रिले म नमयापछि अवदेषि पछि भ्राता रावण सधैं पुसि भैकन आँहा यो घरमा महासुखले खेलिरह भनि, हे पार्वति, एस् प्रकारले विभीषण आकाशमा बसि चार मन्त्रिसहितले बसि आपना दाज्यू रावणलाई भनेर रावणले तँ मेरा राज्यमा नबस् भनि बोल्यापछि ताहाँ विभीषण ले सर्वस्वसहित छाडि श्रीरामको चरणारविंदमा सेवा गर्नु इछा गरि श्रीरामको चरणमा शरण गयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे विभीषणशरणोनाम द्वितीयः सर्गः ॥२॥

३

श्री महादेव उवाच—हेपार्वति, ताहाँपछि विभीषणले चारजना मन्त्रीसहित गरि आकाश-बाट आईकन श्रीरामको सन्मुख गरि आकासमा बसिकन बडो ठुलो शब्दले श्रीरामको चरणमा विंति गर्न लाग्यो, हे स्वामि नाथ श्रीरामचंद्र, तपाइको हजूरमा शरण आयौं, तपाइको स्त्री चोरि लैजान्या रावणको भाई हुँ। उन् रावणले लंकामा मलाई नबस् भनि धपाई पठायो, कयान धपाई पठायाको भन्या उन् अज्ञानी रावणलाई हित हुन्या कुरा गर्न्याको निमित्तले हो। कया कुरा भन्या श्रीरामसित विरोध नगर, श्रीरामको पत्नी सीता श्रीरामको हातमा सोंपन जाउ भनि मैले बारंबार भन्या। यो मैले बोल्याको वचन उन् कालपाशले बाँधिराख्याको रावणले नसुनि केवल मलाई मार्नाकन खड्ग लियेर आयो। ताहाँपछि म हतूपतै डराईकन चार मंत्रीसहितले एस् भय निवारण गरि मोक्षको इछा गरि तपाइको चरणमा शरण आयो भनि

विभीषणले एस् प्रकारले श्रीरामको चरणमा विंति गऱ्यो, यो विभीषणले विंति गऱ्याका वचन सुग्रीवले सुनेर ताहाँ सुग्रीवले श्रीरामका चरणमा विंति गर्न लाग्यो, हे मित्र श्रीराम, इन्सित तपाञ्चिले विश्वास गर्नु निको छैन। राक्षसहरूको अनेक माया छ विशेषले सीता चोरि लैजान्याको भाई, चार मंत्रिले सहित गरि आयो शस्त्र पनि सहित छ, इन्हरूले कहि वनमा हामिहरू सबैलाई छल गरि मार्ला, अब यो विभीषणलाई मार्नुहवस्। हे मित्र श्रीराम, यो मैले बोल्याको वचन तपाञ्चि विचार गरि मलाई उत्तरा दिनुहवस् भनि सुग्रीवले श्रीरामको हजूरमा विंति गर्नुभयो। यो सुग्रीवले बोल्याको वचन सुनि ताहाँ श्रीरामले हाँसिकन आज्ञा गर्न लाग्या, हे मित्र सुग्रीव, मैले गर्छु भन्या, सबै लोक श्रीमहादेव आदिलाई मुहूर्त मात्रले मार्नु सामर्थ छ। फेरि मुहूर्त मात्रले पनि सृष्टि गर्नु सामर्थ पनि छ। अब मैले विभीषणलाई अभय वाचा दी सक्यौं, यो विभीषणलाई ल्याहाँ डाकि ल्याऊ, कयानभन्या मछेउ शरण भनि आउन्याहरू सबैलाई मैले अभय सधैं दी रह्याँ, हे मित्र सुग्रीव, मेरा व्रतको धर्म यो हुन्। हे पार्वति, यो श्रीरामको आज्ञा सुनि सुग्रीवले मनमा महाहर्षमान गरि सुग्रीवले पनि विभीषणलाई डाकि श्रीरामको दर्शन गराउनुभयो। ताहाँपछि विभीषणले पनि श्रीरामचंद्रकन साष्टांग प्रणाम गरि हर्ष गरि महाहर्षले कुरा गर्न पनि नसकिकन महाभक्तिले युक्त भैकन हात जोरि श्रीरामलाई स्तोत्र गर्नाकन आरंभ गरि कस्ता श्रीरामचंद्र भन्या श्यामवर्ण विशालनेत्र भयाका धनुर्वाण लीरहनुभयाका शांतस्वरूप लक्ष्मणले सहित गरि रहनुभयाका एस्ता श्रीरामको स्तोत्र गर्नुभयो।

विभीषण उवाच—हे श्रीराम राजेंद्र, तपाञ्चिकन नमस्कार, फेरि अनंतलाई नमस्कार, शांतलाई नमस्कार, श्रीरामलाई नमस्कार, अमृत तेजलाई नमस्कार, सुग्रीवका मित्रलाई नमस्कार, रघुपतिलाई नमस्कार, फेरि सबैको सृष्टि-स्थिति-संहारकर्त्तालाई नमस्कार, त्रैलोक्यका गुणलाई नमस्कार, आदिपुरुषलाई नमस्कार। हे श्रीराम, तपाञ्चि यो सबैको आदि हुनुभयाका, फेरि तपाञ्चि सबैको सृष्टिकर्त्ता पनि तपाञ्चि हुन्, फेरि अंतकालमा सबैका संस्कार संहारको कारण पनि तपाञ्चि हुन्, स्वछंदचारी पनि तपाञ्चि, हे राघव, चराचर प्राणिहरूको बाहिर भित्र पनि तपाञ्चि, हे जगत्व्यापी, व्यापक स्वरूपले तपाञ्चि शोभायमान भयो। तपाञ्चिका मायाले ज्ञान हरण गरिराख्याकाहरू नष्टामोक्षहरू पाप पुण्यको वश्यले गतागत् जन्मनु मर्नुपर्यासम्म, हे श्रीराम, यो संसार एतिसम्म सत्य भनि प्राणि प्राणिहरूले चिताउँछ कुन्वेलासंम भन्या तपाञ्चिको ज्ञान एक चित्तले नजान्यासम्म, फेरि तपाञ्चिकन जानेन र सधैं पुत्र स्त्री गृह

आदिमा आशक्त भै विषयमा खेलिरह्यो, कस्ता विषय भन्या अंत कालमा महादुःख दिन्या यो ज्ञान अज्ञान हुनुभयाको तपाञि एस् प्रकारले एस् कारण सुख दुःख भन्नु तपाञि हुन्। हे श्रीराम, इंद्र यम अग्नि नैर्ऋत्य वरुण कुवेर महारुद्र इन् आदि देवता पनि तपाञि, हे श्रीराम, सानुको भंदा सानु पनि तपाञि ठुलो पनि तपाञि। हे प्रभु, सबैको माता पिता पनि तपाञि, यो संसारमा सबै ळोकहरूकन पाल्न्या पनि तपाञि, आदि मध्य अंत नभयाको पनि तपाञि, परिपूर्ण अच्युतानंद पनि तपाञि अव्यय पनि। हे परमेश्वर, हात गोडा आँखा कान नभयाको पनि तपाञि। एस्ता तपाञिले सबै सुन्नु देषनु हुन्छ, सबै लिन्या पनि तपाञि महावेगवंत पनि तपाञि, स्वर भन्याको राक्षसकन मार्न्या पनि तपाञि, अन्नमयादि पांचको दाल व्यतिरिक्त भयाको पनि तपाञि, निर्गुण, निरुपाश्रय निर्विकल्प निराकार निरिहरि रूपधिक पनि तपाञि, जन्मादि षड्भाव नभयाको पनि तपाञि, अनादि पुरुष परंब्रह्म यो पनि तपाञि। हे श्रीराम, तपाञिका आफ्ना मायाले गोप्य गरिरहनुभयाको लोकले तपाञि मनुष्य भन्छन्, वैस्नवहरूले तपाञिका गुणले अवतार लिनुभयाको भनि जान्यो र मोक्ष पायेर गयो। हे श्रीराम, मैले तपाञिका चरणको दर्शन पाईशक्यौं। हे परमेश्वर श्रीराम, अव मैले ज्ञान योग पाइकन तपाञिका चरणको सेवा गर्नु इछा गरिरह्या। हे श्रीराम, तपाञिलाई नमस्कार। हे सीतापति राम, मैले तपाञिकन नमस्कार। हे परमेश्वर, तपाञिले मकन यो संसार-समुद्रवाट उद्धार गर्नुहुन्छ् भनि हे पार्वति, ताहांपछि श्रीरामले विभीषणको भाव देषनुभयो र भक्तवत्सल श्रीरामले विभीषणलाई आज्ञा गर्नुभयो, हे विभीषण, तिमिले वरमाग तिमिले वांछा गर्न्याको वर दिंछु भनि आज्ञा दिनुभयो।

विभीषण उवाच–हे राघव, म कृतार्थ भया, कार्य गर्न्या पनि म भयौं। कसो भन्या तपाञिको चरण दर्शन गर्न्यौं र मेरा भक्त भयो, अव म जत्तिको धन्य कोहि छैन, म जत्तिको शुचि म जत्तिको ठुलो पनि कोहि छैन। हे श्रीराम, कसो भन्या तपाञिका मूर्ति दर्शन गर्न्यौं र धन्य मेरो भाग्य भनि हे रघुनाथ, कर्मपाश मुक्त गर्नाकन तपाञिको भक्त गर्नुमा सधैं गर्नु सकोस्, फेरि परमार्थमा पनि तपाञिको चर्चा गर्नुमा यो दुई मलाई प्रसक्त भया जावस्। हे श्रीरामराजेंद्र, विषयवाट उत्पत्ति भयाको सुख मैले मान्दैन, फेरि तपाञिको चरणकमलमा सधैं मेरो चित्त राषनु सकोस् भनि एस् प्रकारले विभीषणले श्रीरामको चरणमा वर माग्यो। यो वचन सुनि श्रीरामले आज्ञा गर्नुभयो, हे विभीषण, तिमिले भन्याको सबै तथास्तु भनि आज्ञा भयो। फेरि श्रीरामले अत्यंत हर्षमान गरि आज्ञा गर्नुभयो, हे विभीषण, अव मैले महारहस्य तिमिलाई सुनाउँछु सुन। मेरा भक्त जनहरूको जोगीहरूको गीत राग गर्न्याहरूको हृदयमा सीतासहितले म रहंछु याहां संदेह छैन।

एस्कारण तिम्रा हृदयमा म रहन्छु तिमि महाशांत तिम्रा पाप केहि छैन । एस्ता तिमिले ध्यान गरिकन यो महाभयंकर संसार-समुद्रबाट मुक्त भयो । फेरि यो तिमिले गऱ्याको स्तोत्र कसैले पाठ गर्नान् अथवा मकन प्रीति गरिकन लेखिराखला अथवा पाठ गराउला उन्कन मेरा सायुज्य-पद प्राप्त होला भनि हे पार्वति, भक्त जनलाई उद्धार गरिरहनुभयाका श्रीरामले लक्ष्मणकन आज्ञा गर्नु भयो । हे लक्ष्मण, मेरा दर्शन गऱ्याको फल यो हेर, अब यो मैले लंका राज्य विभीषणका निमित्तले यो कार्य अवश्य गरौंला । हे लक्ष्मण, अब विभीषणलाई अभिषेक दिनाकन समुद्रको जल ल्याउ । चन्द्र, सूर्य, पृथ्वी मेरा रामायणको कथा भयासम्म विभीषणले लंका राज्य गर्नुपर्छ भनि श्रीरामले आज्ञा गर्नुभयो र ताहाँ लक्ष्मणले पनि कलश लियेर समुद्रको जल ल्यायो । ताहाँपछि वानरहरू सबैले यो विभीषण महासाधु हो भनि चिताई स्तुति गर्नुभयो । सुग्रीवले पनि विभीषणलाई आलिंगना गरि भन्न लाग्यो, हे विभीषण, परमात्मा श्रीरामको हामिहरू सबै सेवक, अब तिम्रा भक्तिले श्रीरामका कृपाले हामिहरू सबैको मुख्य तिमि भयो । अब यो पापिष्ठ रावण मार्न्यो ठाउँमा तिमि सहाय हुनुपर्छ भनि सुग्रीवका वचन सुनि ताहाँ विभीषणले भन्न लाग्यो ।

विभीषण उवाच—हे सुग्रीव, त्रैलोक्यनाथ श्रीरामको सहाय तपाञ्चि हुन् मेरा क्या सामर्थ छ, तैपनि तपाञ्चिको भक्तिले शक्यासम्म श्रीरामको सेवा मैले पनि गरौंला भनि विभीषणले एस् प्रकारले सुग्रीवको हजूरमा भन्यो । एस् प्रकारले संभाषण गरिरहँदामा श्रीरामले समुद्र हेर्नुभयो र अतिक्रोध गरि लाल २ नेत्र गरि लक्ष्मणलाई आज्ञा गर्नाकन लाग्या । हे लक्ष्मण, हेर २ यो पापिष्ठ दुष्ट समुद्रले म आयाको जानिकन पनि दर्शन गर्नाकन आयेन क्यान भन्या, हे अनन्ध, मनुष्य जाति, वानरसँग भनि जान्यो र यो मनुष्य वानरले मलाई क्या गर्ला भनि रह्यो । हे महाबाहु, अब आज यो समुद्र मैले सुकाईदिन्छु, तिमिले हेर । अब यो समुद्रमा जल नभैकन वानरहरू सबै आपना मनोझले पठाउँछु भनि लक्ष्मणकन आज्ञा गर्नुभयो र श्रीरामले क्रोध गरि लाल नेत्र गराई धनुमा तोंदो चढाई तर्कशमा बाण झिकेर श्रीरामले आज्ञा गर्नुभयो । कस्ता श्रीराम भन्या कालाग्निको जस्तै तेज गरि क्या भनि आज्ञा गर्नुभयो भन्या यो प्राणिहरूले म रामचन्द्रको बाणको बल हेर, अब यो समुद्रलाई भस्म गरौंला भनि आज्ञा भयो र ताहाँ एस् प्रकारले श्रीरामले आज्ञा गर्नुभयाका वेलामा पृथ्वी, वन, पर्वतसहित कंपायमान भयो, आकाश दश दिशा पनि अन्धकार भयो, ताहाँ समुद्र पनि त्रासमान गरि एक जोजन छाडि भागि गई समुद्रमा रह्याका अनेक जलजन्तुले पनि त्रासमान

गरिरह्यो । हे पार्वति, एस् प्रकारले यो समुद्रले साक्षात् दिव्यरूप भैकन अनेक दिव्य २ गहना लाईकन आफ्ना तेजले दशदिग् प्रकाश गराई आफुछेउँ रह्याको रत्न दुवै हातले लियेर समुद्रले विन्ति गर्नाकन लागि, कस्ता श्रीराम भन्या लाल नेत्र गरि क्रोधले रहनुभयाकालाई प्रार्थना गर्नुभयो, हे परमेश्वर श्रीराम, मकन तपाञि रक्षा गर भनि दगुदैं आउनुभईन् । हे त्रैलोक्यनाथ, म हुँ तपाञिले सृष्टि गरिराषनुभयाको । तपाञि कस्ता छन् भन्या यो प्राणिहरू सबैलाई पनि सृष्टि गर्नुभयाको, हे श्रीराम, आफ्ना २ स्वभाव अन्यथा गर्नु कस्को सामर्थ होला, क्यान भन्या तपाञिले सृष्टि गरिराषनुभयेर, हे श्रीराम, यो पृथ्वी आप तेज वायु आकाश यो मूल पंचभूत स्वभाव जड पो हुन् कसो भन्या तपाञिले जड गरि सृष्टि गर्नुभयो र त्याहाँ तपाञिको आज्ञा लंघना गर्नु कस्को सामर्थ होला । फेरि तमोगुणले पंचभूतहरू उत्पत्ति भयो, आफ्ना कारणले तमोगुण जड यो पंचभूतहरूको शोभावैले भयो । हे प्रभु, तपाञि निर्गुण निराकार भै रहनुभयाको जुन् वेलामा मायाको गुण शरीर तत्व तपाञि हुन्छ उस् वेलामा तपाञि वैराज नाम भयो, गुणात्मा भयाको विराजको सत्वगुणले देव विष्णु भया र रजोगुणले ब्रह्मा भया तमोगुणले भूतपति महादेव भया । हे प्रभु, तपाञि आफ्ना मायाले मनुष्यको शरीर धारण गरि आउनुभयाका निर्गुण एस्ता तपाञि मूर्ख जड बुद्धि मैले कसो जान्ला । हे प्रभु, महापुरुषहरूलाई दंड गर्नु योग्य मूर्खहरूलाई दंड क्या हो भन्या निको बुद्धिमा लाईदिनु । हे ईश्वर, म शरण आयौं, हे भक्तवत्सल, मकन अभय प्रसन्न भया जाबस् । हे श्रीराम, तपाञि लंकामा युद्ध गर्न जानाकन बाटो मैले दिन्छ भनि श्रीरामको चरणमा समुद्रले विन्ति गर्न लाग्यो समुद्रको वचन् सुनि ताहाँ श्रीरामले आज्ञा गर्नुभयो ।

श्रीराम उवाच—हे समुद्र, अब तिमिलाई प्रहार गर्नाकन राख्याको बाण काहाँ प्रहार गर्नु भनि श्रीरामले आज्ञा गर्नुभयाको वचन सुनि यो महातेजस्वी समुद्रले फेरि विन्ति गर्नुभयो । हे श्रीराम, उत्तरतिरमा हेमकल्प भन्याको स्थान थियो, यो स्थानमा असंख्य पापात्मा छन् । इनहरूले रातदिन मलाई दुःख दिन्छ तेस् ठाउँमा तपाञिको बाण प्रहार गर्नुहुवस् भनि विन्ति गर्न्याको सुनि श्रीरामले पनि समुद्रले भन्याको ठाउँमा यो बाण प्रहार गर्नुभयो । श्रीरामको बाणले क्षण मात्रैले सबै पापात्माहरूकन मारि बाण श्रीरामको तर्कसै भित्र गै रह्यो । ताहाँपछि समुद्रले हात जोरि श्रीरामको चरणमा विन्ति गर्नुभयो, हे श्रीराम, यो मेरा जजमान विश्वकर्माको पुत्र नल भन्याको वानरले सेतुबन्ध गराउनुहुवस् । यो नल भन्याको वानर महाबुद्धिमान् यो कार्य सामर्थ वर पायाको छ । सेतुबन्ध तपाञिको कीर्ति भनि लोकले भन्नुहोला

सबै लोकहरूको पाप मोक्ष गर्न्या भनि विन्ति गरेर श्रीरामका चरणमा दंडवत् गरि समुद्र आपना जलभित्र जानुभयो । हे पार्वति, ताहाँपछि सुग्रीव लक्ष्मणसहित गरि जानुभैकन समुद्रमा चाँडै सेतुबन्ध गर्नलाई श्रीरामले नल भन्याको वानरलाई आज्ञा गर्नुभयो । हे पार्वति, एस् प्रकारले आज्ञा प्रसन्न भयापछि नल भन्याको वानर महादीप्त भैकन, वानरहरू कौरना-कुलसहित गरि पर्वत जत्रो भयाका वानरहरू पछि २ लाई महाविस्तार गरि शय योजन विस्तार गरि पर्वतले वृक्षले समुद्रमा सेतुबन्ध गर्न्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे तृतीयोऽध्याय ॥ ३ ॥

४

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि सेतुबन्ध गर्नुभयाको श्रीरामले ताहाँ सेतुबन्धमा लोकलाई हित गर्नाकन रामेश्वर भन्याको नाम राखि शिवलिंग स्थापना गरि पूजा गरेर सेतुबंध आरम्भ गर्नुभयो । कसैले सेतुबंध नमस्कार गर्नान् जस्ले रामेश्वरको दर्शन गर्ला उन् मनुष्यकन रामेश्वरका प्रसादले ब्रह्महत्यादि पाप भया पनि मुक्त होला । जस् मनुष्यले सेतुबन्धमा स्नान गरि रामेश्वर दर्शन गरि वाराणसी क्षेत्रमा आई गंगाजल ली तेस् गंगाजलले श्रीरामेश्वरलाई अभिषेक गरि यो अभिषेक गर्न्याको गंगाजल समुद्रमा जाला उन् मनुष्यकन ब्रह्मा प्राप्त होला भनि हे पार्वति, प्रथम दिनमा चौध १४ योजन सेतुबंध गर्नुभयो, द्वितीय दिनमा विश २० योजन सेतुबंध गर्न्या, तीन् दिनमा तीस ३० योजन गर्न्या, चौथा दिनमा ३६ योजन सेतुबंध गर्न्या । हे पार्वति, एस् प्रकारले नल भन्याको वानरले चाँडै १०० योजन विस्तार प्रमाण सागर समुद्रमा सेतुबंध गर्नुभयो । ताहाँपछि यो सेतुबंधमा वानरहरू सबै महावेगले जानुभयो । ताहाँपछि असंख्य वानरहरू पारि पुगिकन सुवेलाचल भन्याको पर्वतको माथि गया । हे पार्वति, श्रीराम हनुमानको पीठमा चढि लक्ष्मण अङ्गदको शरीरमा चढि लंका हेर्नु इच्छा गरि जानु-भयो । त्यो पर्वतमा श्रीराम लक्ष्मण सबै जानुभयाका वेलामा हनुमानले विन्ति गर्नुभयो, हे श्रीराम, लंका हेर्नुहुन्छ भनि विन्ति गरेर सबैले हेर्नुभयो । ताहाँपछि श्रीराका मनमा यो लंकामा कसो गरि जाउँ भनि चिन्तना गरि हेर्नुभयो । ताहाँ विभीषणले श्रीरामको हजूरमा

विंति गऱ्या, हे श्रीराम, तपाञ्जिले हत्पत् नगर्नुहुन्न्, ज्या बाहियाको उपाय म गरौंला भन्यो। ताहाँ श्रीरामले आज्ञा गर्नुभयो, हे विभीषण, तिमिले मुख्य २ वानरहरू सबै ठाउँमा राषनु भनि आज्ञा गर्नुभयो। ताहाँपछि लंकामा रावणको मंत्रि सुकरलाई डाकि रावणले भन्न लाग्या, हे शुकसार, उत्तर दिशामा समुद्र पार गरि आयो, राम लक्ष्मण आदि सबै वानर सेना आयो, अद्भुत अपूर्व। यो रामले गऱ्याको कर्म असम्भव कर्म गऱ्यो। हे मंत्री, यो रामले गऱ्याको कर्म सम्झि मेरा चित्तमा त्रास भयो भन्या र हे शुकसार, अब अष्टादश १८ महापद्म वानर सेना आयो, अब हामिहरूले संख्या गरि ता हेर्नौं भन्या र ताहाँपछि हामीहरूले प्रतिज्ञा गरि हेर्नौंला। हे मन्त्रीहरू, यो रामको वानर सेना संख्या गर्नाकन तिमिहरू दुवैले वानरको रूप लियेर तिमिहरूले वानरको संख्या गर, योधा-हरू वीर २ पराक्रमी मुख्य मुख्य सेनापति को हो सोधनु। रामको मन्त्री को छ, सुग्रीवको मंत्री को हो, वानरहरूको मुख्य को हो, तिमिहरू गुप्तले गैकन सबै परीक्षा गरि आउ। सेतुबंध पार गरि कसो गरि आयो, यो समुद्रमा वानरहरू बस्याको ठाउँमा कसो २ गरि बस्या हेरि आउ। त्यो वानरको सेनापति को हुन्, रामले व्यवस्था गऱ्याको हुन्, रामले व्यवस्था गऱ्याको, कसो २० अश्व आदि शस्त्रसहितले लक्ष्मणको उद्यम, आदि हेरिकन राम लक्ष्मण वानरहरूको कस्को २ पराक्रम बल कति २ छ यो आदि सबै हेरिकन चाँडै तिमिहरू फर्कि आउनुपर्छ भन्यार ताहाँ शुक सारणले पनि रावणको आज्ञा सुनि वानरहरू बस्याका ठाउँमा वानरको रूप लियेर गयो। एस् प्रकारले वानर रूप लियाको कसैले थाहा पायेनन्। ताहाँ ती दुवैले असंख्य वानर संख्या गर्न सकेनन्, अनेक पर्वत गुफा वनमा पूर्ण गरि वानरहरू बस्याका, कोहि वानरहरूले सेतुबंध तरि आयाको, कोहि आउनजाई तयार गरिरहाका, कोहि आइपुग्याका ती वानरहरू कस्ता २ छन् भन्या महाभयंकर २ ताहाँ शुकसारणले पनि हेरि २ हिंड्या। ताहाँ विभीषणले यो सुकसारणहरूलाई देषनुभयो र मनले थाहा पायो। यो हेरिकन वीर २ वानरहरूकन डाकेर भन्न लाग्यो, हे वानर, हेर २ उ दुई वानर कपटले आया, लौ समात भनि समातेर श्रीरामका हजूरमा लग्या। ताहाँ विभीषणले विंति गऱ्यो, हे श्रीराम, एस् वानर दुवै रावणको मंत्री शुकसारण हो, दुवैले कपटले वानररूप लियाका हुन्। इनहरू मैले देख्यौं र समातिल्याया, हामिहरूकन चिना लिन आयाको हो भनि यो वचन शुकसारणले सुन्यार मनमा चिंतना गऱ्या, हाय २ हामिहरूको जिय बाँचनु दुर्ल्लभ भयो भनि चिताई ताहाँपछि शुक-सारण दुवैको कुरा गर्न लाग्या, अब कसो गरौं अनेक नाना प्रकारको सास्ति पाईशक्यौं।

एति मात्र सासना पाया ता हामिहरूको भाग्य भयो, अब राजा रामचंद्रको चरणमा हात जोरि विंति गऱ्यादेखि हामि दुवै घर जान पाउँला भनि श्रीरामका चरणमा दंडवत् गरि विंति गऱ्या, हे परमेश्वर श्रीराम, हामि दुई रावणको मंत्री सुक सारण हो। रामले पठायाको वीरसेना कत्ति छन् हेर्न जानु भनि पठायाको भनि विंति गरेर ताहाँ श्रीरामले सर्वभूतहित गर्नाकन हर्षमान गरि आज्ञा दिनुभयो, हे शुकसारण, तिमिहरूलाई भनि पठायाको कार्य गरिशक्या फर्कि जाउ। मेरा सेना हेरि नसक्याको भया हेर्न जानु, तिमिहरूले वस्याका ठाउँ नजान्याको भया म विभीषणलाई पठाइ दिन्छु तिनसँग गैकन हेर्न जानु, तिमिहरू डराउनुपर्दैन। तिमिहरूको शस्त्र छैन, हामिहरूको भन्या शस्त्र छ, एस्कारण शस्त्र नहुन्यालाई मार्नु मर्यादा छैन, एस्कारण तिमिहरू मार्नन् कि भनि डराउनुपर्दैन। हे विभीषण, इनहरूलाई शिरोपाउ दि छाडि पठाउ, शत्रुपक्ष भया पनि छाडिपठाउनुपर्छ। हे शुकसारण, हामिहरूको वानर सेना सबै संख्या गरि तिमिहरू फर्कि जानु, तिमिहरू शत्रुको पक्ष मंत्री कसै भन्या पनि एकवार मैले क्षमा गऱ्याँ। मेरा एक कुरा मात्र तिमिहरूले रावणलाई पुऱ्याईदेउ, क्याहो भन्या हे रावण, तेरो वरका भरोसाले तैले मेरी सीता चोरि ल्याएस्, तेरो बांधव आदिको वलले अऊसंग केहि नगरि क्यान वसिस् भोलि ता तेरो लंका नगरका पर्षाल्को समीपमा आई तेरो बांधवादि सेना सबै मेरा बाणले मारूँला, तिमिहरू सबैलाई पनि मारूँला भनि यो वचन शुकसारणलाई आज्ञा गरि पठाउनुभयो। ताहाँ शुकसारण फर्किकन रावणलाई दंडवत् गरिकन भन्न लाग्यो, हे महाराज रावण, तपाल्किका आज्ञाले हामि दुवै वानरको रूप लियेर गऱ्यूँ। ताहाँ विभीषणले थाहा पायो र कपट गरि आयो भनि हामि दुईलाई बाँधिकन रामका हजूरमा लगी राख्यो। ताहाँ रामले दया राखि दुवैलाई छाडिपठाया। सबैभंदा बलियो महावीर पराक्रमी राम लक्ष्मण सुग्रीव इनहरू एक ठाउँमा वस्याका छन्। हे महाराज रावण, इनहरू तीन जनाले पनि लंका मार्नु सामर्थ छ, वानरहरू सबैले लंका उपेलि लैजानुछ भन्याको आईरह्या। रामको वल पराक्रम शस्त्र अस्त्र प्रहारले निश्चयले लंका मार्नान्। एस्ताहरूले रक्षा गरिरापनुभयाका वानरसेनाहरूलाई हामिहरूले मार्न शक्न्याछौन, इन्द्रादि देवताले पनि वानरहरूलाई जित्न सक्न्या छैनन्। हे महाराज रावण, एस् दुर्ल्लभ लंकामा आउनाकन वानरहरू सबै दक्षिण दिशामा आईपुग्या, सेतुबंध गरि रह्या। शय योजन विस्तार भयाको समुद्र दश योजन मात्र पुग्याको थियेन, वानरहरू सबै आईपुग्या। हे महाराज रावण, तपाल्किको चित्तमा लाग्या पनि नलाग्या पनि हामिले विंति गरौंला, रामको सेना वीर २ योधा, कोटि २ समरथ वानर सेना अनेक पराक्रमी छन्, संख्या

छैनन् । हे महाराज रावण, एस्ता रामको संधि सीता फिराईदिनुहवस् भनि शुक सारणले रावणका हजूरमा एस् प्रकारले विंति गऱ्यो ।

॥ इति लंकाकाण्डे चारविधि ॥

हे पार्वति, शुक सारणले एस् प्रकारले हित कुरा गऱ्याका वचन सुनि ताहाँ दुर्मति रावणले शुकसारणलाई पै गऱ्यो । तिमिहरूले क्या वचन बोल्यौ, तिमिहरूका वचनले म-सीता फिराई दिन्याछैन, देव गंधर्व दानव इनहरू आईकन भन्या पनि मैले सीता फिऱ्याईदिन्याछैन । तिमिहरू काफर वानर सेना देखिकन त्रासमान गरि आयाका एस्ता निर्गति वानर हेरिकन सीता फिराईदेउ भन्यो, कसैले भन्या पनि सीता फिराईदिन्न । संग्राममा मकन जित्न सक्न्या कोहि छन् कि ! देव असुर मेरा अग्रमा रहनु कस्को सामर्थ होला भनि रावणले महाक्रोध गरिकन शुक सारणलाई आक निंदा गरि पै गर्न लाग्यो । ताहाँ रावण जुरुक् उठिकन अन्तः पुरिमा गयो । यो घरगृह कस्ता ठाउँमा छ भन्या हिमालय शय योजन उच्चा एस्ता ठाउँमा मासादमा माथि गयो । वानर सैन्य हेर्नाकन आफ्ना तेजले जाज्वल्यमान गरिरह्याको ताहाँ शुकसारणसहित गरि श्रीरामको सैन्य हेर्न लाग्यो । महा २ बलियो वानरहरू पर्वत सेतुबंध समुद्रमा व्याप्त गरिरह्या, नदी देश पर्वतमा आदि पनि देषनु पायेनन, सबै वानर व्याप्त भै रह्या । ठाउँ ठाउँमा असंख्य एस् प्रकारले रह्याका वानरहरू देख्यार ताहाँ रावणले शुकसारण-लाई भन्न लाग्या, हे शुकसारन, ती वानरको मध्यमा रह्याका को को हो, दलमुषि को हो, यो अग्रमा रह्याका को हो, सुग्रीवका को को मुख्य युद्धपति, सर्दार मुष्य मंत्री को हो भनि सोध्यो र ताहाँ शुकले रावणको वचन सुनि विंति गर्दा भया । हे महाराज रावण, वानरसेना मुष्य उ आयो हेर्नुहवस् भनि फेरि सारनले विंति गर्न लाग्यो, हे महाराज राक्षसेंद्र, उ महानाद गरि आयाको वानरहरू एकलाष युद्धपति हो । इनहरूका शब्दले लंकानगरमा प्रकाश गऱ्यो, मेघ गर्ज्याको जस्तै गर्जमान गरि पर्वत आदि कंपमान गरि वानरको राजा सुग्रीवको युद्धपति नील वानर हो । इनहरूले लंका सहरसमेत उपेलिकन लैजाउँ भन्याको जस्तै आया, इनहरूको शरीर पर्वत जस्तै वर्ण छ, लंका मात्र हेरि क्रोधले नाचि पुछरको शब्दले कंपमान गराईरह्या, सुग्रीव अंगद पद्म सहस्र सकुल तेजले वानरसेनासहित गरि रह्या, तपाचिसंग युद्ध गर्नाकन रह्या, अनेक प्रकारले षेलि नाचि हास्य गरि रह्या । युद्धपति महापराक्रमी प्रसहचंद्र वानर लाष ८ हजार कोटि वीर २ चंड वानर इनहरू मात्रले लंका मार्नाकन सामर्थ छ । सेत वर्ण वानर सेनाले मात्रले बुद्धिमान् श्रीमान् तीनैलोकमा प्रख्यात सुग्रीवसित कुरा गरिरह्याको

उ हेर्नुहुन्थ्यो । इन्हरूको संख्या अर्बुद पर्वतमा रह्याको छ, भल्लुकाइस् वनमा वानरको राजा कुमुद वानर दश कोटि नीलनाम वानर महावीर युद्धपतिको युद्धपति, यो सुग्रीवको मन्त्री बहुकेश विस्तारदीर्घ लांगुलि, सिंहको रहुजस्तै शोभायमान गरिरह्याको घोर दर्शन रोषणचन्द्र इन्हरूको वान छ, संग्राम गर्नु मात्र मनमा रापिरह्याको एस्ता सेनाले सहित गरि रह्याका वानरहरूले लंका मार्न इक्षा गरि आईरह्या । इन्हरू सिंहसमान नल कपिलवर्ण लंका हेरि २ कन गर्जमान गरिरह्या । विंध्यमा, कृगिरिमा, सह्यमा, सुदर्शन पर्वतमा रह्याका नल युद्धपति, एस् नलले समुद्रमा सेतुबंध गऱ्या । यो विश्वकर्माको पुत्र इन्ले सेतुबंध अद्भुत कर्म गऱ्या । हे महाराज रावण, कोटि सूर्यसमान युद्धपतिले सहित गरि लंका मार्नाकन आया, इन्हरू कसैका भयले डरायेनन् । चन्द्र पर्वतमा रह्याको उ वानर सब सेनामाहाँ बलियो युद्ध गर्नाकन अति उत्सुक गरिरह्याको एस्ता सेना भनि जुन २ वानरले मेघले पृथ्वी छोपिराख्याको जस्तै छोपिराख्यो, देवगणमा इन्द्र रह्याको जस्तै महानाद गरिरह्यो । यो वानरहरूको देह पर्वत जस्तो क्रोध गरि भद्र पर्वतमा बस्याका युद्धमा प्रसह गवय युद्धपति एक कोटि भीमरवशब्द वानर समुद्रको तीरमा बसिरह्याका, विनत वानर भन्याका पर्णसाला नदीका तीरमा बसिरह्याको दश कोटि वानर कैल्हे पनि छाडेनन् । सूर्यका जस्तो तेज ग्रामनेत्र रक्तवर्ण लाख ६० वानर सेनाले सिला लीरह्याको हाकुरा क्रथन वानर तपाञ्चिका आकारले रह्याका गेरुवर्ण वानर तेजस्वी तपाञ्चिसित क्रोध गरिरहन्या शयकोटि दशकोटि हे महाराज रावण, उन्हरू आफु २ अन्योन्यले भन्या सबै युद्धमा उद्यम गरिरहन्या, तपाञ्चिसित कैल्हे युद्ध गर्न पाउँला भनि महा उत्सुक भैरह्याका छन् । एस् प्रकारले वानर सेनाको बडो पराक्रम सुनेर ताहाँ रावणको अल्प बुद्धि भयो ।

॥ नल वर्णन नाम सर्गः ॥

हे राक्षसेन्द्र, अन्य सुख वानर सबैले रामका निमित्तले पराक्रमले आपना शरीर संकल्प गरिरह्याका छन् । सुवर्णका जस्तो वर्ण दीप्ताग्नि जस्तो गरिरह्याका वानरले श्रीराम शोभायमान भयो । सुग्रीव दधिवक्र वानर इन्का पछि २ आउन्याहरूले सिला उपेलिलियो, हज्जार कोटि वानर सैन्यसेनाले संग्राम तपाञ्चिकन जित्न वांछा गरि आया । नाद गऱ्याको शब्द मेघ गर्ज्याको जस्तो युद्धविषयको अति पराक्रमी नखदन्तले प्रहार गर्न्याहरू एस्ता २ महाभयंकरहरू असंख्य वानर समुद्रका तीरमा आइपुग्या । वीर २ वानरहरू पर्वत वृक्ष नदीमा बसि गर्जमान गरिरह्याका छन् । राजाका महाभक्ति इन्का मध्यमा रह्याका धूम्राक्ष वानर भीमनाम विक्रमनाम

ऋक्ष गिरिमा रहन्या नर्मदा नदीका तीरमा इन्का भ्राता भालुका अधिपति धूम्र वानररूप आफ्ना दाज्यु सिंह जस्तै पराक्रम पनि उस्तै दुवै महापराक्रमी इन्हरूले ठुलो कर्म गर्नु सामर्थ छ भनि मैले सुन्याको छ। इनहरूले देवराज इन्द्रका निमित्तले ठुलो कर्म गर्नु सामर्थ छ भनि मैले सुन्याको छ। इन्हरूले देवराज इन्द्रका निमित्तले ठुलो कर्म गर्न्याको छ। महाक्रोधि संग्राममा युद्ध गर्नुमा निपुण इन्को सेना पिशाच राक्षस जस्तै इन्हरूका सेना सबै कामरूपी भैरह्याका, कस्ता २ वानरहरू भन्या हुँकारले महाक्रोध गरिरहन्या, इन्को शस्त्र क्या हो भन्या सालवृक्ष तालवृक्ष शिला आदि लीरहन्या हज्जार कोटि वानर पद्म वानर सबै वानरको पितामह पूर्वकालमा चतुर्दश तसित युद्ध गर्न्या एस्ता रावणले पनि थामन सकेन। सेनाले वृत्ताकार गरि रह्याका यो सेनाको संख्या कोटि पद्म वानर सेना छन्। इन्द्र जाम्बुवान र द्रोण पर्वतको रज इन्को सेना किन्नर अदिले पनि गर्छन्। इन्द्रतुल्य नीलनाम वानरले, आफ्ना सेना हज्जार कोटिसहित गरि लंका मार्नाकन अंगीकार गरिरह्या, गंगा तीरमा रहन्या युद्धपति उसिरपर्वतमा रहन्या दशकोटि वानर कस्ता छन् भन्या वायुले उफ्रि लैग्याको मेघ जस्तो धुलाले अंधकार जस्तो गरि कृस्न मुख गोलापुर शयकोटि युद्धपति गवय भन्याको वानर इन्ले पनि लंका मार्नाकन अंगीकार गरिरह्यो। कोहि पर्वतमा फल वृक्षमा सूर्यको तेजवर्ण जस्तै पर्वतमा वसि अनेक प्रकारले क्रीडा गरि रहन्या वानरमुख्य केसरि वानर भनि हनुमानको पिता हज्जार ६० कांचन पर्वतको श्रेष्ठ पर्वतमा रहन्या राक्षसमा तपाचि श्रेष्ठ जस्तै आमास्य मधुपिंगल वर्ण नखदंत अत्यंत भयानक भैरह्याको छ। राजापिता सुखेन र हज्जार कोटि वानर वायुको जस्तै वेग कामरूपी महावीर इन् युद्ध गर्न अंगीकार गरिरह्या। हे महाराज रावण, पृथ्वीमा प्रख्यात गरि आयो सतवरी भन्याको वानर हज्जार कोटि सेनाले सहित गरि आयो, इनले पनि लंका मारूँला भनि अंगीकार गरि आया। गर्ज वानर गवाक्ष वानर दशकोटि सेना अनेक वानरका मध्यमा वस्न्या विन्ध्या वानर विन्ध्या पर्वतमा रहन्या अनेक असंख्य वानरहरू विन्ति गर्नु पनि सक्दैन रघुविक्रम भनि हे महाराज रावण, इन्हरूको श्रेष्ठ सेनापति अङ्गद रामको समीपमा रहन्छन्। यो महाबलियो सुवर्ण पवत जस्तो देह, हे महाराज रावण, मैले चाहाँ तामलि विन्ति गर्न्याको वानर महाबलियो युद्धमा अत्यन्त पराक्रमि पर्वताकार देह छन्, मुख्य मुख्य मात्र मैले विन्ति गर्न्यौं।

सारण वाक्यं नाम सर्गः।

महामंत्री सारणले बोल्याको वचन सुनि रामको सेना रावणले हेरिरह्यो। ताहाँ सुकरले भन्यो, हे महाराज रावण, तपाचिले हेर्नुभयाको वानर सेना हामि जस्तो ठुलो

उनो शालवृक्ष जस्तै रह्याका वानरहरूको शरीर हेरि सहन नसकिन्या महा-महापराक्रमी कामरूपी दानव जस्तै युद्ध देवदानव समान वानरको संख्या नवकोटि सहस्र पंचकोटि सहस्र दशायुद सहस्र इनहरू सुग्रीवले प्रतिपाल गरिराख्याका किष्किंधामा रह्याका एस्ता वानरहरू सबै गन्धर्व आदिको तेजले उत्पत्ति भयाका, उ दुई कुमार देवरूप मैन्द्र द्विविद इनसँग युद्ध गर्न सामर्थ छ कि कसैले ! हे महाराज रावण, तपाञ्जिले हेर्नुभयाको वानरहरू मत्त हाति जस्तै क्रोध गऱ्या देखि राक्षसलाई धपाउनु पनि सक्छ, समुद्र लंघन गर्न पनि सक्छन् । लंकापुरी हेरि दग्ध गरि सीतालाई हेरि तपाञ्जिका हजूरमा आईकन फिरि जान्या वायुपुत्र हनुमान त्रैलोक्यमा प्रख्यात भयाका सागर लंघन गर्न्या कामरूपी सबै वानरको श्रेष्ठ बलवीर्य तेजले संयुक्त भयाका इनले जान नसक्न्या ठाउँ काँहि पनि छैन । वायुवेग हनुमान बालघमा श्रीसूर्य उदय भयाको लीदियेनन् र आफै सूर्यलाई लिनाकन आकाशमा जानुभयो । बालघमा ता हनुमानको एस्तो पराक्रम थियो, यो हनुमान एस् प्रकारले माथि तीन हज्जार योजनसम्म जानुभयो र ताहाँ हनुमानका निधारमा सूर्यका रथले ठोक्र लागि उदयगिरि पर्वतमा पसि आयो । यो पर्वत पनि हनुमानको प्रभाव रूप बल मैले वर्णना पनि गर्न शक्तिन । ति हनुमान एकैले लंका मारूँला भनि निश्चयले अङ्गीकार गऱ्यो । ति हनुमानको शरीर श्यामवर्ण यम जस्तो नेत्र इक्ष्वाकु यदुवंश त्रैलोक्यमा पनि प्रख्यात धर्मात्मा दिव्यास्त्र ब्रह्मास्त्र पनि जान्दछन्, शस्त्र अस्त्र प्रहार गर्नु पनि जिम्नु पनि सकछ, आकाशमा गैकन भेद गर्नु पनि समर्थ छ, पृथ्वी वर्ण गर्नु पनि समर्थ छ । एस्ता हनुमानले क्रोध गरि यमजस्तै राम पनि इन्द्रजस्तै एस्ताको स्त्री तपाञ्जिले हरण गरि ल्याथ्यो । दशरथका पुत्र एस्ता रामले तपाञ्जिसित युद्ध गर्नु वांछा गरिरहनुभयो । रामका दक्षिण पार्श्वमा काँचनका वर्ण एस्ता रामको प्राणसमान भ्राता लक्ष्मण इन्को पराक्रम कस्तो के भन्या न्याय नीतिमा निपुण युद्ध गर्नामा धीर्य सबै शास्त्रमा निपुण एस् पराक्रमी बलियो रामका दक्षिण हात समान नित्य संग्राममा उद्यमशील रामको कार्य गर्नामा आपना जिउ पनि छाडि रहन्या, हे महाराज रावण, एकलैले राक्षसगणलाई मारौंला भनि अंगीकार गऱ्यो । रामका बाउँतिर तपाञ्जिका भ्राता विभीषणले पनि तपाञ्जिसित क्रोध गरि रामको मंत्री भैरह्या । हे महाराज रावण, म ईहाँ भैरह्याको वेलामा वानरछेउँ मैले सोध्या, पूर्वकालमा ब्रह्माको वाम नेत्रविषय वायुले उठाई लैगयो र धुलो गैकन व्यथा भयो । यो धुलो वाम हातले झिकि फालिदिया ब्रह्माका मनमा चिंतना गर्नुभयो इनले कथा उत्पत्ति होला भनि चिंतना गरियेर हेम बुदबुद जस्तै भयो । यो फेरि जस्तै भयो, फेर जस्तै चाँडै यो धुलोले शरीराकार

उत्पत्ति भै स्त्री एकवटी सिद्ध भयो। अति सुंदरि चंद्रविंवसमान मुख विद्युत् जस्तै नेत्र देवकन्या गंधर्व कन्या असुरकन्या नागकन्या आदिमा पनि यो स्त्री तुल्य छैन। यो स्त्रीलाई लोकपाल आदि देवताहरूले पनि हेर्न लाग्या। ताहाँ श्रीसूर्यले ब्रह्माका हजूरमा विंति गर्न लाग्या, हे ब्रह्मा, ति अति सुंदरी कन्या को हो, क्या कारणले आई? भोग अति छाडि नागकन्या क्या कारणले आईन्। हे ब्रह्मन्, सिद्धि धृति लक्ष्मी प्रभा पुष्टि प्रभाकर इन् आदि कन्याको पनि रूप ढाकि ब्रह्मांड फुटिआयाको जस्तै यो को हो भनेर ताहाँ ब्रह्माले आज्ञा गर्नुभयो, हे सूर्य, मेरा शरीरले उत्पत्ति भयाको हो, मेरा नेत्रले उत्पत्ति भयाका हो। ब्रह्माका चक्षुका रजले उत्पत्ति भयाको देपेर सूर्यका जस्तै तेजस्वी ताहाँ सूर्यका चित्तमा मोह भै आलिंगना गर्नुभयो। ताहाँपछि इनको रूप जौभन गर्भित भयो र सुन्दर पर्वतको पृष्ठविषय नदीमा स्नान गरिरहिन्। ताहाँ सूर्यले आज्ञा गर्नुभयो, हे कन्या, मेरा तेज वीर्यले देव-दानव राक्षसले पनि जित्न नसक्न्या तिम्रा गर्भवाट जात होला। हे कन्या, बालकमा तिमिले मकन आलिंगना गर्‍यौ र तिमी नाम वाला भनि नामकर्ण गरि सूर्य जानुभयो। ताहाँपछि देवराज इन्द्र आई इन्द्रले यो कन्या देषनुभयो र ताहाँ इन्द्रका चितमा पनि मोह भै आज्ञा गर्नुभयो, हे कन्या, तिमी को हौ भन्या र एस् प्रकारले भनि देवको भावले शीतल हस्तले छोई इन्द्रले भन्या हे वाला, तिम्रा शरीरमा मैले छोयाका प्रभावले दुई वानर तिम्रा गर्भदेखि उत्पति होला काम-रूपी वलियो भैकन, एस्कारण तिमिले विषाद गर्नु। मेरा जन्मले पनि जौभनले पनि एकवटा वालिनाम वानर जात होला, एकवटा सुग्रीव नाउँ वानर जात होला। किष्किंध्यानाम नगरमा पुण्य नगर दिव्य पुरि पुष्प दिव्य फलले पनि संयुक्त भयाको ठाउँमा इन्हरूले राज्य गर्नान्। हे वाला, सवै वानरहरूको राजा होला, फेरि इक्ष्वाकुकुलमा जात हुन्या राम भनि नाम गरि महातेजस्वी विष्णु मनुष्य औतार तिम्रा एकवटा पुत्रको मित्र होला भनि एस् प्रकारले सुनाई इंद्र फिरिजानुभयो। हे महाराज रावण, तपाईले हेर्नुभयाको वानरका कनिष्ठ पुत्र भनि यो वानर पनि देवताले जित्न नसकि सुग्रीव पनि किष्किधामा राजा भैरह्याका पार्वतीका मध्यमा रह्याका सुग्रीव भनि जस्को कंचनका मालाले अति शोभायमान गरि रह्याका लक्ष्मीका तेजले युक्त भयाका एस्ता श्रीरामले तारा पनि राज्य पनि वालिलाई मारि सुग्रीवलाई दिनुभयो, युद्ध गरि लंका मार्नु ता एकलैले पनि सामर्थ छ। हे महाराज रावण, वानरको संख्या सुनाउँछु सुन्नुहवस्। शयलाष कोटि फेरि हज्जार लाष कोटि संकुलाष कोटि संकुलाष एक संकुविन्द नाम लाष विन्द महाविन्द लाष पद्म महापद्म कोटि सहस्र संकुवृन्द सहस्र महावृन्द

शय यो विन्ति गरिशक्यौ, यो जत्न गर्नुपर्छ सो गर्नुहवस् । हे महाराज रावण, यो वानरसेना सबै हेर्नुभयाजावस्, हामिहरूका लंका मानोकन त्याहाँ रह्या, आकाशमा तारागण रह्याको जस्तो रह्या । हे महाराज रावण, यो वानर सेना सबै हेर्नुभयाजावस् । हे महाराज रावण, एस्कारण तपाल्मिले उद्यम गर्नुहवस्, जस्तो गरिकन श्रीराम लक्ष्मणलाई जित्नु शकियेला तसो गर्नुहवस् भनि हे पार्वति, शुकसारणले रामचन्द्रको सैन्य संख्या गरि रावणकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो ।

॥ शुक वाक्यं नाम सर्गः ॥

श्रीमहादेव उवाच—हे पार्वति, सुकले बोल्याको वचन सुनि ताहाँ रावणले वानर सेना हेरि रामको समीपमा रहन्या विभीषणलाई देखेर तेजस्वी शरत्कालको चन्द्रमा जस्तै रहनुभयाका लक्ष्मणलाई महाबलियो सुग्रीवलाई देख्यो र रावणको चित्त अलिक डराईरह्यो । रावणले शुकसारणले बोल्याका वचन सुनिशक्यापछि, ताहाँ रावणले शुकसारणलाई महाक्रोधले निंदा गर्न लाग्यो, हे शुकसारण मंत्री, मेरा निमक् खाईकन, तेरो मेरो अप्रिय वचन बोल्नु अयोग्य मेरा अग्रमा शत्रुको गुण वर्णन् तैले गरिस्, हामिहरूको कुलको नाशकन आउन्या शत्रुको स्तोत्र तिमिहरूले गन्यौ, तिमिहरू गुरुछेउँ राजनीति शास्त्र पहिराष्याको निष्फल, तिमिहरूले पहिराष्याको ग्रंथ काममा लाउन जानैनौ भन्यार भारामात्र बोकिरह्या, एस्ता मंत्रीसहित गरि रहनु क्या सुख ! बुद्धि नभयाका काफर मंत्रीले सहित गरि म बस्याँ, तिमिहरूको मृत्युका भय छैन र यो शत्रुको प्रशंसा गन्यौ । हे शुक, मेरा आज्ञा विचार गरि हेर्नुसक्न्यालाई प्रसाद पाउला, असेवा गन्यालाई सासना गरूँला । हे शुकसारण, कसो भन्या वनान्तरमा अग्निले दग्ध गर्दा सबै वृक्ष भै राजा मंत्री रहन्या, एस् राजाले फेरि वृक्ष भै आउँछ राजाको अपराधीलाई जरा सुद्धा रहन्या छैन । तिमिहरू दुवैलाई मार्नु योग्य मेरा शत्रुका प्रशंसा गन्याका निमित्तले क्यानभन्या, तिमिहरूले अघि मेरा सेवा गरिराष्याको भयो र यो समजि मैले कोध साम्य गन्याँ, अघिको सेवा नभया मारिशक्याँ, एस्ता कुरा गरि मेरा हजूरमा नवस् । तिमिहरूको अप्रिय वानि पापी तिमिहरू त्याहाँ नवस् मुष पनि हेर्दिन जाउ । तिमिहरूलाई नमान्याको क्या निमित्तले भन्या अघि मलाई उपकार गरिराष्याका निमित्तले, तिमिहरू कृतघ्नजा, तिमिसंग स्नेह नभयाको दुराचार मूढ तिमीहरू दुवै शत्रु पक्ष प्रशंसा गरेर मार्नु योग्य भन्यार यो वचन सुनि ताहाँ शुकसारणले पनि महालाज मानि निहुरिकन भन्न लाग्या । हे महाराज रावण, तपाल्मिले रामकन जित्न सकोस् भन्यार वाहिर निस्किकन आपना घर गयो ।

ताहाँपछि रावणले आफ्ना समीपमा रहन्या महोदरलाई भन्न लाग्यो। हे महोदर, मैले पर पठाईराख्याको राक्षसहरू चाँडै डाकेर ल्याउ भनेर ताहाँ रावणको एस् वचन सुनि महोदरले सबैलाई डाकि रावणको हजूरमा पुऱ्यायो। ताहाँ सबैले हात जोरि बस्या। ताहांपछि रावणले भन्न लाग्यो, हे प्रधान्त सुन, भक्ति अग्नीन्तज्ञ निर्भय बलहेर चार तिमिहरू गुप्तले गैकन रामको सेना हेर्न जाउ। मंत्री को को छ, कुन् २ हो, काहां वास गरिरह्यो, कैल्हे आउँछ सबै विचार गरि तिमिहरू चाँडै आउनुपर्छ, क्यानभन्या शत्रुलाई आफ्ना बलले मार्न हुँदैन, चरका वचनले शत्रुकन मार्ना संग्राममा गर्नुपऱ्या पनि यो चर सबैले शत्रुकन मार्ला भनेर। ताहाँ चर सबैले तथास्तु भनेर प्रदक्षिणा गरि सबै चर आदि गयो। श्रीराम लक्ष्मण रहनुभयाका ठाउँमा गयो। सुवेलाचल पर्वतका समीपमा चर भन्याको नाम गऱ्याको गयो। यो चर कसो गरि गयो भन्या महागुप्तले गयो। ताहाँपछि विभीषणले इनहरू चिवा लिन आयाको देखेर वानरहरूकन भन्न लाग्या। हे वानरहरू, उचर भन्याको रावणको सैन्य चाहाँ चिवा लिन आयो, इनहरूकन समाई ल्याउनुपछ भन्या र ताहाँ वानरहरूले यो चरलाई समाई अनेक प्रकारले सास्ति गरि श्रीरामका आज्ञाले छाडि पठाया। ताहाँपछि ति चर सबै फर्किआईकन रावणको हजूरमा विंति गऱ्यो। हे महाराज राजेश्वर रावण, सुवेलाचल पर्वतसम्म श्रीरामचंद्रको सैन्य आईपुग्यो भनि विंति गऱ्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ॥

॥ चरप्रत्युद्गमन नाम सर्गः ॥

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि सादुरचार विषस्म वदन गरि महात्रासमान गरि रह्यो, ताहाँ रावणले पनि यो चारजनाहरू एस् प्रकारले रह्याको हेरिकन महाहास्य गरि भन्न लाग्या। हे चार निशाचरा, तेरो रूप अघिको जस्तो छैन भिन्न रूप छ, शत्रुको हस्तमा तिमिहरू पऱ्यौ भन्या र ताहाँ राक्षस दूतले पनि रावणको हजूरमा विन्ति गर्न लाग्या। हे महाराज रावण, तपाल्लिले आज्ञा दी रामको सैन्यमा छल गर्नु पठाउनुभयो। रामले पालिराख्याका वानरहरूको कुरा पनि गर्नु सक्तैन, छल गर्नु पनि सक्तैन। हामिहरू श्रीरामको दलभित्र जाँदा हे महाराज रावण, हामिहरू आयाका याहा पायेर वानरहरू सबैले अनेक प्रकारले नाना सास्ति गरि सर्वाङ्ग शरीरमा रक्तमय गरि सास्ति गरिकन ताहाँ हामिहरूले अनेक प्रकारले विन्ति गऱ्यौं तैपनि छाडेनन्, मुष्टिले, दाँतले, नषले कोरि नाना सासना गरि श्रीरामचन्द्रका हजूरमा लैगया र श्रीरामचन्द्रले देखनुभयो र

नगर २ भनि आज्ञा भयो र ज्यूमात्र बचाई हामिहरूलाई पठाया। हामिहरूले केहि जाँदौन, समुद्रमा सेतुबन्ध गरि श्रीरामचन्द्र हामिहरूको ठाउँमा आईपुग्या। अब हामीहरूले दुवै-दुवैमा एक यत्न गर्नुपऱ्यो, सीता फिराइदिउँ कि संग्राम गरौं, दुइ थोकमा एक थोक[illegible]वाँडै गर्नुपऱ्यो भन्या र यो शार्दूलको वचन सुनि ताहाँ रावणले भन्न लाग्यो। हे शार्दूल, तैले क्या कुरा गरिस्! देव गन्धर्व यक्ष दानव इनि आया पनि सीता मैले दिन्याछैन। राम मनुष्य होईन कि क्या लेपा। हे शार्दूल, तिमिहरूले हेरि आयाको वानरहरू कस्तो कस्तो छ, कस्को २ पुत्र हो को को मुख्य तिमिहरूले जान्याको भया भन, क्यानभन्या श्रीरामसित युद्ध गर्नाकन सेना संख्या गर्नुपर्छ भन्या र ताहाँपछि शार्दूल प्रमुख सबैले रावणका हजूरमा विन्ति गर्न लाग्यो। हे महाराज रावण, ऋषी राजाको पुत्र जांबुवान्, वायुको पुत्र महावीर हनुमान, शत्रुकन जित्न सामर्थ ताराको पुत्र अंगद युवराज इनले राक्षसहरूसित युद्ध गर्न सामर्थ, धन्वंतरीको पुत्र सुषेण यो महावैद्य, दधिमुख चन्द्रमाको पुत्र, सुमुख, दुर्मुख, महावेग, वारी मृत्युको पुत्र मैंद द्विविद द्वोस्त्रीति पुत्र, यमराजको पुत्र पाँच जना छन् गज गवाक्ष गवय सरभ गंदमंदन, विश्वकर्माको पुत्र नल नाम इनले सेतुबन्ध गर्न सामर्थ भयाको एस्ता एस्ता वानर दशकोटि देवपुत्र महावीर शूरा इनहरू सबै आफना २ पिताको तेज जस्तै भैरह्याका ताहाँ अरू वानरहरूको संख्या जाँदिन। हामिहरूले संख्या गर्नु पनि सामर्थ छैन। पर दूषण त्रिशिरा मारिरहन्या श्रीरामचन्द्रतुल्य पृथ्वीमा पनि छैन। विराध भन्याको राक्षसलाई मार्न्या देवतुल्य गन्धर्वकाई मार्नु सक्न्या समुद्र सेतुबन्ध गऱ्यो, यो पृथ्वीमा रामचन्द्रतुल्य कोहि छैनन। लक्ष्मण पनि महाधर्मात्मा मत्त हस्तिको जस्तै समर्थ भयाका इन्को बाणले प्रहार गऱ्या, इन्द्रले पनि जुन कछु श्वेत ज्योतिमुख सूर्यको पुत्र वानरहरूको पुत्र हेमकूट इन वानरहरूको राजा सुग्रीव भनि राक्षसको प्रधान विभीषण इन्ले पनि लंका उपता गर्नु आयो रामसहित गरि आयो। हे महाराज रावण, मैले एति जान्याको छ, तपाञ्चिको शत्रुको सेना सुवेलाचल पर्वतमा आईपुग्यो, तपाञ्चिले आफु जस्तो गरि कल्याण हुनान् तस्तै गर्नु भयाजावस्।

॥ शार्दूलवाक्यं नाम सर्गः ॥

चारणले रामचन्द्रको सैन्यको कुरा सुनायेर ताहाँ रावणको चित्तमा अलिक् आलस्य उत्पत्ति गरायो र मन्त्रीहरू डाकन पठायो। ताहाँ एक जना राक्षस चाँडै मंत्रीहरू डाकिल्यायो। ताहाँ रावणले आज्ञा गर्नुभयो। हे मन्त्रीहरू, सबैले रावणलाई दण्डवत् गरेर हात जोरि बस्या। ताहाँ एस् प्रकारले रह्याका मन्त्रीहरूसँग मत गरिसकिकन विभुज्जिह्वाकन आज्ञा गर्नु-

भयो । हे विद्युज्जिह्वा, मेरा हित कार्य तैले गर्नुपर्छ । अब सीताको ठाउँमा गयेर तैले माया गरि रामको जस्तो शिर बनाई रावणसमेत बनाई राष । मैले भन्यापछि तँ आउ भन्या र ताहाँ विद्युज्जिह्वाले पनि हुबहु भनेर रावणले भन्याको जस्तो रामको स्वरूप जस्तो बनायो र रावणकन देपायो । ताहाँ रावण सन्तुष्ट भयेर अनेक शिरो पाउ दियो, नाना प्रकारले हर्ष गरि रावण अशोकवनिका गयेर रामको ध्यान मात्र गरिरहनुभयाका अनेक दुःखले संताप गरिरहनुभयाका सीताकन देख्यो र महाभयंकर राक्षसिनीहरू चौकि राखिछोड्याका सीताका अग्रमा गयो । ताहाँ रावणले हर्षमान गरि गैकन अधोमुख गरिरहनुभयाकी सीताकन भन्न लाग्यो । हे सीता, बोधना गर्नाकन स्त्रीहरू राख्या, तिम्रा प्रार्थना गर्नाका अर्थले कसो भन्या, क्रोध गरि गयाका सर सारयिले सांत गर्न्याको जस्तै, मैले पनि साम्य गरि तैपनि तिमिले क्रोध साम्य गरिनौ । तिम्रा आधार तिमिले वांछा गरिरह्याको पर दूषणलाई मारिरह्याको, तिम्रा स्वामि राम सग्राममा मर्न्यो, अब तिम्रा अहंकार पनि मर्न्यो । हे सीता, तिम्रा एस्तो कोमल शरीर मात्र महाउत्पात भयो, कयान एस्तो कष्टले रह्यौ । हे सीता, मकन अंकमाल गर्नु वेला भयो, अज्ञानलाई ज्ञान गर्न्या, तिमि तिम्रा पुरुषलाई इन्द्रले हत्तासुरलाई मार्न्याको जस्तै मार्न्यौ । मलाइ मारौला भनि सुग्रीव वानर सेनाले सहित गरि, समुद्रपार गरि दक्षिणतिरमा आयेर परिश्रम गरि, रात्रिमा वास गरिरहँदा अर्द्धरात्रिको समय-मा मैले हेर्नलाई राख्याका चारले हेरि आयेर मेरा सैन्यले सहित गरि म गया र मेरा सैन्य सबैले तोमर खड्ग बाण शूल चक्र मुशल कपन गदा खड्ग कुन्त शक्ति इन् आदि सहस्रले वानरगणलाई मारिसकि सुतिरह्याका रामकन प्रहस्त गयेर खड्गले शिरछेदन गरिल्यायो । लक्ष्मण मात्र एक दुवै वानरहरू बाँकि रह्याका भागिगया, सुग्रीव वानरको राजाको ग्रीव छिन्न गरि पृथ्वीमा परिरह्याको छ, हनुमान पनि मर्न्यो, इन्द्रजानु भन्याको वानरलाई पनि मारिसक्या, पर्वतमा रूप ढल्याको जस्तै पल्टिरह्यो, मैन्द द्विविदलाई पनि मारिसक्यौं । मेरा पुत्र इंद्रजित मेघनादले प्रहार गरि मैन्द द्विविदलाई मार्न्यो, सैन्य कोटि २ अनेक वानरहरूको शरीरमा व्याप्त गरि बाणले प्रहार गरि पर्वतमा पल्टिरह्या । कुमुद वानरलाई मुख्य २ राक्षसले मारिशक्या, अंगद भन्याको वानरलाई पनि मारिशक्या । उमात बाँकि रह्याको वानरहरू सबै अनेक प्रकारले राक्षसहरूले मारिशक्या । नीदले छाडि भागिगयाका वानरहरू पनि लगातै मारिशक्या । समुद्रमा अथाहा पसि मर्न्यो, पर्वतमा गुहामा भाग्याका वानर सबै राक्षसले मार्न्या । हे सीता, तिम्रा भर्चा रामका शिर रक्तले व्याप्त गरि ल्यायो भनेर ताहाँ

रावणले भन्न लाग्या । हे राक्षसिहरू, विद्युज्जिह्वा डाकिल्याउ, संग्राममा रामको शिर छेदना गरि आउन्या र ताहाँ विद्युज्जिह्वाले रामको शिर रावणका हजूरमा राखिदियो । ताहाँ रावणले भन्यो, विद्युज्जिह्वाले पनि रामको शिर धनुर्बाणसहित सीताको हजूरमा राखि देखायो । ताहाँ रावणले पनि यो धनु लियेर त्रैलोक्यमा पनि प्रख्यात भनेर ताहाँ श्रीरामचन्द्रको आपद्‌ले महाशोक गरिरहनुभयाका सीताकन रावणले भन्न लाग्यो, हे सीता, अब तिमिले अनुचित मान्नुपर्दैन, मकन अंकमालिका गर भन्यो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे मायाशिरो नाम दर्शनं नाम चतुर्थ सर्गः ॥४॥

५

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि सीताले पनि मायाले बनाईराख्याको श्रीरामचंद्रको शरीर धनुर्बाण हेरि श्रीरामचन्द्रको वर्ण वक्त्र पनि उस्तै सबै नेत्र नासिका कर्ण केश दंत चूडामणि आदि सबै विचार गरि हेर्नुभयो र ताहाँ सीताले अति दुःखले पीडा गराई कैकेयीलाई निंदा गर्न लागिन् , क्रुरा लियेर पछिलाई भन्याको जस्तो अतिशोक गरि आज्ञा गर्नुभयो, हरि २ कैकेयीको मनोवांछा पूर्ण भयो, कैकेयीले कलह गरि कुल नाश गरिन्, कैकेयीलाई श्रीरामचंद्रले अपराध केहि गऱ्याको छैन तपनि चीरवस्त्र दियेर वनवास पठाइन् । शरीर कंपमान गराई सीता अचैतन्य भई पृथ्वीमा पल्टिन्, कसो भन्या केराको खम्ब जस्तै पल्टि मूर्छा भैरह्या । ताहाँ मुहूर्त्त मात्र रहि चैतन्य भयेर श्रीरामको शिर हेरेर प्राणांत भै शोक गरि आज्ञा गर्नुभयो । हे राम २ मैले प्राणधारणा गर्नु पनि कष्ट भयो, तपाञ्चिका अंतकालको अवस्था-देखाई मकन विधवा गरि काहाँ जानुभयो ! जुन् स्त्रीजातिको पनि आफना पुरुषको अग्रमा प्राण त्याग गर्नुसक्न्या उन्कन धन्य भन्नु, एस्तो अभागिनी मैले, पुरुषको अवस्था हेर्नुपऱ्यो । हे प्रभु, तपाञ्चिले आफना मनोज्ञले त्याउनुभयाकी स्त्री महारुद्र महादेवको धनु भग्न गरि त्याउनुभयो, अब म शोकसागरमा पऱ्याँ । हे देव, राक्षसहरूका हस्तमा परिरह्याकि मकन रक्षा तपाञ्चिले गरौंला भनि पाउलाग्नुभयाको अब राक्षसहरूले मान्या । मेरा निमित्तले हे प्रभो, एस्ता हवाल कसो भयो भनि फेरि रोईकन आज्ञा गर्नुभयो, ज्योतिष् आदिले भन्याको मैले सुन्याको छ, यो वचन पनि सबै व्यर्थ भयो । तपाञ्चिको स्वल्प आयु भन्याको छैन, शास्त्रज्ञ-

हरूले बोल्याको वचन सबै व्यर्थ भयो । तपाञि अकस्मात् शत्रुका हस्तमा कसो गरि पर्नुभयो । आपदा पर्न्याहरूलाई कल्याण गरिदिन्या, एस्ता तपाञिकन कसो भयो ! नाश हुन्या वस्तुमा अज्ञानले छोप्छ भनि कालले ग्रास गर्दा मायाले एसो पो भयो, अन्तकालको अवस्था भयो, राक्षसको ग्रासमा परेर हरि २ आजको रात्रिमा श्रीरामचंद्रको शरीर छेदना गरि मेरा हजूरमा कसो गरि ल्यायो ! पापात्मा कालरात्रि हे प्रभो, मलाई दुःखसागरमा राखि एस्तो अवस्था गरि हे प्रभु तपाञि काहाँ जानुभयो, एक्लै काहाँ पाउलाग्नुभयो ! मलाई छाडि हे राघव, यो शरीरमा तपाञिले भोग गर्नु योग्य एस्ता शरीर छाडि काहाँ जानुभयो ! हे प्रभु राघव, तपाञिको धनुर्बाण सबै पूजा गर्नुभयाका एस्ता धनुर्बाण छाडि मलाई छाडि काहाँ पाउलाग्नुभयो ! हे रावण, सुन्यावित्तिकै कौशल्याले प्राण छाड्न्याछन् । हे रावण, तैले मलाई हरन् गरि ल्याईस्, अब मेरा पुरुष माऱ्याको जस्तै मलाई पनि मार् । स्त्री जातिको जप पनि तप पनि आपना स्वामि हो भनिन् र आपना पुरुष संझि आपना हृदयमा आफैले प्रहार गरि कान छोपि हरि २ भनि एस् प्रकारले मेरा शरीर पनि छेदन गरि मेरा शिर, श्रीरामका शिर दुवै संग राख्नुपर्छ । हे रावण, एति गऱ्यापछि श्रीरामको शिर मेरा शिरसंग राखनुपर्छ । हे रावण, यो पुण्य तैले गर भनि हे राम, मुहूर्त्त पनि मैले तपाञि नभैकन प्राण धारणा गर्न समर्थ छैन । मेरा प्रिय रामको र मेरो गति संग भयो । हे रावण, पुरुषको जुन गति भयो सो गति स्त्री जातिले पनि गर्नुपर्छ । पूर्व कालमा मेरा पिताको गृहविषये रहँदामा ब्रह्माहरूले सुनायाको छ जुन् स्त्री आपना स्वामिका अतिप्रिय हुन्या हो, आपना स्वामीको महोदयले स्त्रीको पनि महोदय, स्वामीको जुन गति होला स्त्रीको पनि सोहि गति हो । हे प्रभो श्रीराम, तपाञिको सत्य धर्म अत्यन्त दुःखले पीडा भै विलाप गरि आपना स्वामिको शरीर धनुर्बाण हेरि महाशोकले रहनुभयो । सेनापति प्रहस्तले हात जोरि द्वाऱ्यालाई भन्या र द्वाऱ्या रावणको हजूरमा गै विंति गर्दा भयो, हेराक्षसेंद्र रावण, प्रहस्त आदि सबै मंत्रीहरू द्वारमा आईरह्याका छन्, तपाञि पाउलाग्नुहुन्छ भनि विंति गरेर ताहाँ रावण बाहिर निस्कि प्रहस्तलाई देपेर त्रासमान गराई चाँडै कार्य गरूँला भनि चिताई रावणले सभा बनाई रावणको विक्रम सुनि मत गरि रावण बाहिर निस्कन्यावित्तिकै श्रीरामचन्द्रको शिर धनुर्बाण पनि अन्तर्धान भयो, देपनु पायेन । रावण पनि चाँडै निस्किकन मन्त्रीहरूसंग मत गर्न लाग्यो । ताहाँ एक जना सेनापतिलाई भन्न लाग्यो, हे सेनापति, अनेक वाद्य बजाउन लाउ भन्या र भेरी शब्दले चरकरायो ।

॥ सीताविलापं नाम सर्गः ॥

सीताको चित्त मोह गऱ्याको थाहा पायो र ताहाँ सरमानि भन्याकि राक्षसिनी सीताका हजूरमा चाँडै गया। सीताका प्रियसखि अति मित्रनि प्रियवाणि एस्ता सरमानि राक्षसिनी कस्ती भन्या पुण्यात्मा चाँडै आयर सीताकन देखि शोकले पीड। गरि भैरहनुभऱ्याको छ सर्वाङ्ग धुलाले व्याप्त गरि भूमिमा पल्टिरहनुभयाको एस्ता अवस्था भैरहनुभयाकी सीतालाई सरमानि राक्षसिनीले चित्त दृढ़ गरि एस् रावणले भऱ्याको कुरा सबै विंति गर्छु सुन्नुहवस्। हे सीतादेवि, रावणले उत्तरोत्तर गऱ्याको कुरा मैले थाहा पाइसक्यौं। हे सीतादेवि, तपाखिका दुःख देपेर म बाँच्नु पनि भयेन। हे सीतादेवि, म मऱ्या पनि निको भनि चिताऊ। हे सीतादेवि, रावणले गऱ्याको कुरा मैले सबै सुनिरह्याँ। हे सुन्दरि सीतादेवि, तपाखिका दुःख देपेर मैले विंति गर्न आयाँ, मैले विंति गर्नु लाग्याका कुरा कसैलाई नसुनाउनुहवस्। हे सीतादेवि, रावण रह्याका ठाउँमा द्वाऱ्याले भन्न आयो र म हतपत् बाहिर निस्किकन रावणले द्वाऱ्यासित कुरा गऱ्याको सबै वृत्तांत मैले थाहा पाला। हे सीता, गुप्तले विंति गर्न आयाँ। म रातिविषय गैकन मारि शिर ल्यायौं भऱ्याको कुरा मिथ्या भनि समस्त भन्नछन्। सिंहतुल्य उन् श्रीरामचन्द्रकन वध गर्नु कस्को सामर्थ होला। श्रीरामचन्द्रका सेनामा एक जना पनि माऱ्याका छैनन्। देवराज इंद्रले देवगणलाई रक्षा गऱ्याको जस्तै श्रीरामचन्द्रले आफना सैन्य रक्षा गरिरहनुभयो, वानर आदि सेना सबै मार्न कस्को सामर्थ होला। श्रीरामचन्द्र हुन् कस्ता भन्या पृथ्वीमा मरुत्पात भयाका एस्ता श्रीरामचन्द्रकन मार्नु कस्को सामथ होला। हे सीता, श्रीरामचन्द्र कुशल छन्, महाशूरा बलिया हुन्। श्रीरामचन्द्र लक्ष्मणसहितले आफना सैन्य सबैलाई रक्षा गरि राज गर्नुभयाको छ। हे सीतादेवि, श्रीरामचन्द्र हुन्, महा पुरुषार्थ छ, कसैले चिंतना गर्न पनि नसकन्या हे सीतादेवि, तपाखिका स्वामि मऱ्याका छैनन् निश्चय २ भनि, श्रीरामचन्द्र धर्म बुद्धिमा रहनु भयाको, शत्रुकन संहार गर्न्या एस्ता श्रीरामचंद्रकन कसोगरि मार्न सक्ला। फेरि जुन् २ श्रीरामचंद्रसित विरोध भयो उन प्राणिसित विरोधि एस्ता पापात्मा राक्षसले माया शिर बनाई तपाखिकन देषाउन आयो। यो राक्षस कस्तो भन्या, महामाया गर्नुमा महावीर एस्कारण तपाखिले शोक गर्नु नहवस्। हे सीतादेवि, तपाखिका शोकलाई चाँडै मारि श्रीले पनि लक्ष्मीले पनि तपाखिकन भजना गर्ला, तपाखिको प्रीति हर्ष हुन लाग्यो। हे सीतादेवि, तपाखिका स्वामी श्रीरामचंद्र समुद्रपार गरि आईपुग्या युद्ध गनकिन, लक्ष्मणसहित सबै आई पुग्या एस्कारण हे सीतादेवि, तपाखि ऐले शोक नगर्नुहवस्। ताहाँपछि रावणले द्वारद्वारमा राषि छोड्याका राक्षसहरू सबै

श्रीरामचंद्रका सैन्य पुग्न लाग्यो भनि रावणलाई सुनाउन हे रावण, श्रीरामचद्रका सैन्य सबै समुद्रपार गरि आयो भन्या र यो वचन सुनि रावणले चित्त भ्रमण गरि मंत्रीहरू सबै बटुल्याई मंत्रना गरिरह्या भनि सरमानिले सीतादेवीकन कोमल स्वरले भन्न लागि। हे सीतादेवि, हेर २ सुन २ भयंकर शब्द नाना वाद्यको शब्द मेथले गर्‍याको शब्द जस्तो अनेक लस्कर हाति घोडाको, रथको शब्द गरि सबै राजमार्गमा आईपुग्या, राक्षस सेना सबै पूर्ण भै रह्या। कसो भन्या समुद्रको तरंग जस्तै, एस्कारणले हे सीता, तपाचि डराउनुपर्दैन। शस्त्र अस्त्र चर्मादि नाना अलंकार लाई हातिघोड़ा आदिलाई नाना अलंकारले युक्त गराई इन् गहनाको ज्योति पनि नाना वर्ण हेर्नुहुवस्, अग्निले वनदाह गर्‍या जैं गरि अग्निको जस्तो तेज शस्त्र अस्त्र आदि अलंकारको ज्योति घंटको शब्द सुन्नुहुवस्, अनेक बाजाको स्वर सुन्नुहवस्। हे सीता, श्रीरामको सैन्य नआयाको भया राम मर्‍याको भया केन एस्तो होला। हे सीतादेवि, महासंताप भयो। हे सीता, हेर्नुहुवस्, शस्त्र अस्त्र धारण गरि आयाको यो सैन्य महाभयंकर गरि आयाको, हे सीता, रुद्रले दैत्य मार्‍याको जस्तै श्रीरामले निश्चयले पापात्मा रावणलाई मार्नेन्, रामसंग तपाचि वस्न पाउनुहोला। तपाचिका स्वामी श्रीरामचंद्रले पराक्रम निश्चयले गर्नुहोला, लक्ष्मणसहित गरि श्रीरामले दैत्यहरूलाई इंद्रले दैत्यहरूलाई मार्‍या जैं प्रहार गरि रावणादि राक्षसहरू सबै मारि लंकाभित्र पाउलाग्नुभै लंका राज्य गर्नुहोला अवश्य। हे सीता, श्रीरामसित तपाचि वस्नुभयाको हेर्नु मेरा अति उत्सव होला। हे सीता,तिमिले आँखाबाट आँसु नकाढ्नुहुवस्, श्रीराम सीता भेट भयापछि उस् वेलामा हर्षका आँसु काढ्नुहोला। हे सीता, त्यो बन्धनादि मुक्त होला। हे सीता, अल्पकालले हुन लाग्यो। हे सीता, तपाचिका स्वामी श्रीरामले शत्रुलाई मारिरहनुभयामा दुःखिजनको दुःख मुक्त भै आनन्द भयाको जस्तै तपाचिकन आनन्द होला। हे सीता, अब दुई ४ दिन कष्टसहित सबै सुमेरू पर्वत परिक्रम गर्नुभयाका श्रीसूर्यको भक्ति गरिरहनुहुवस्। कस्ता सूर्य भन्या जगत्संसारका सृष्टिकर्ता संहार गर्नमा पनि समर्थ भैरह्याका रक्षा गर्नमा पनि समर्थ भयाका, एस्कारणले हे सीता, श्री सूर्यका ध्यानमा चित्तमा राखनुहुवस् भनि श्री महादेवले पार्वतीकन सुनाउनुभयो।

॥ सरमा राक्षसिनी सर्गः ॥

ताहाँपछि, हे पार्वति, रावणको वचन सुनि चित्तमा आनन्द गरिरहनुभयो। ग्रीष्मकालमा सूर्यका किरणले दग्ध भैरह्याको पृथ्वीमा जलवृष्टि भै पृथ्वीमा आनन्द भै आयाका जस्तै सीताका मनमा आनन्द भयो। हित गर्न्या सरमा राक्षसिनी महाचतुर मिलिकन कुरा

गर्न जान्या कामरूपी भयाको सरमाले भन्नु लाग्या, यो कुरा श्रीरामचन्द्रलाई सुनाउनु जानु-पऱ्या पनि म जान्छु, माया गऱ्याकी कुरा विन्ति गरि म फर्कि आउँछु चाँडै आउँला। मेरा जत्तिको वेग कसैको छैन भनि राक्षसिनी सरमाले एस् प्रकारले बोल्याको वचन सुनि ताहाँ सीताले पनि सरमाकन आज्ञा दिनुभयो मधुर वचनले, हे सखि सरमा, तिमि आकास पातालमा जानु साभर्थ छ। अब तिमिले मलाई क्षणमात्र पनि नछाडि तिमिले ज्या गर्छौं सो मलाई सुनाउनु-पर्छ। तिमि हौ कस्ती भन्या मेरा अति प्रिय भगिनी जस्तै अप्रमत्त मलाई हित गर्न्या तिमि जस्तो मित्र पाईकन क्याको भय होला। श्रीरामचन्द्रकन सुनाउनुकन इछा छ। क्यान भन्या मेराउपर भाव प्रीति तिम्रा छ एस्कारण कुरा गराउनु नजाउ जाहाँ मलाई सह्यार गरिवस। एस् प्रकार पापात्मा रावणले क्या गऱ्यो एस् पापात्माले मलाई छल गऱ्यो र मेरा चित्त पद्मले उन्मत्त भयाको जस्तै भैरह्याछु। मलाई चौकि रहन्या राक्षसिनीहरूले विनाकारणले मलाई दुःख दियो र त्रासमान भैरह्या। हे सरमा, रावणले नाना प्रकारका छल गरेर यो हेरिकन मुहूर्त्त मात्र चित्त स्थिर गरि रहनु सक्याको छैन। एस् अशोक वनिकामा केहि देख्या पनि पंछि आदि आया पनि रावण आयो भनि चिताई मेरा चित्तमा त्रासमान हुन्छ। हे सरमा राक्षसिनी, तिमिले मेरो चित्तमा बोध गर्नु इछा भयो त रावणको चेष्टा वृत्तांत मकन सुनाउ, एस्कारण यो कर्म तिमिले गर भनि आज्ञा भयो र ताहाँ सरमानीले विंति गरि, हे सीतादेवि, तपाल्नि नपत्याउनुभया रावणको चित्त आदि हेरि चाँडै म फर्कि आउंछु भनिकन सरमानि गई। रावणले मंत्रीहरूसंग मत गऱ्याको सबै सरमाले चर्चा गरि सबै कुरा जानिकन अशोकवनिकामा गैकन सीतादेवीको दर्शन गरि सरमाले रावणको वार्त्ता सबै सीताकन सुनाई। ताहाँ सीताले अत्यंत हर्ष गरि सरमालाई आलिंगना गरि आफु रहनुभयाको ठाउंमा राखेर आज्ञा गर्नुभयो। हे सखि सरमा, तिमिले सुनायाको कुरा वृत्तांत सबै मलाई सुनाउनुहोला। रावणले, मंत्रीहरूसंग कुरा क्या गऱ्यो, क्या भयो कसो मत गऱ्यो। हे सरमा, एस्ता अवस्थाले रह्या, मेरा तिमि जस्ता हित चित्त कोहि छैन। हे सखि, तिमि पुण्यात्मा सबै सत्यले पनि अरू सबैलाई केहि लोभले हित गर्छ, तिमिले ता निस्कारणले मेराउपर मिहिनत गऱ्यौ। तिमि गयाको कार्य कसो भयो, तिमि निस्कारणले हित गर्न आउन्या पुण्याचार, गंगाको जस्तो निर्मल चित्त स्वभाव, सबै तिम्रा निको कर्म राक्षसिनी भया पनि धर्मरक्षा गरिरहन्या अरू राक्षसिनीहरू कसैले मलाई सुनाउनु आयेन, तिमिले मात्र करुणा दया राखि मकन रक्षा गर्नु इछा गरि, एस्ता प्रिय वचनले सरमाकन आज्ञा भयो। एस्ता वचन सीताका सुनि ताहाँ सरमाले पनि

रावणको मता गऱ्याको कुरा सीताकन सुनाउनुभयो । हे सीतादेवि, रावणको कुरा विंति गर्छु सुन्नुहुन्छ । रावणको माता नैऋसीले तपाबिका मुक्ति गर्नाकन रावणलाई अनेक प्रकारले बुझाई यो नैऋसीनिको वचन सुनि अरू वृद्ध २ राक्षसले पनि विंति गऱ्या, हे महाराज रावण, सीताकन फिराईदेउ भन्या । ताहाँ मन्त्रीहरू सबैले पनि रावणका हजूरमा विंति गर्न लाग्या, हे महाराज रावण, तपाबिले यो कर्म गर्नु छैन, क्यानभन्या सुख र दुःख पार्नु सक्न्या त्रिशिलाकन मार्नसक्न्या समुद्रमा सेतुबंध गर्नु सामर्थ सूर्पनखाको नाक काटन सक्न्या, यो श्रीरामचन्द्र मनुष्य होईनन्, सीता फिराईदिनुहुन्छ भनि अनेक प्रकारले सबैले बुझाया, वृद्ध २ हरूले आफ्ना माताले पनि अनेक प्रकारले बुझायो, तैपनि रावण बुझेन । हे सीतादेवि, कसै भया पनि तपाबिकन छाडौंला भनेर भन्या, केहि भया पनि सीताकन दिन्याछैन, यो निश्चय मत गऱ्याको कुरा सरमाले भनि संग्राम नगरि छोडन्याछैन, रावणले आफु मर्न इछा गऱ्यो । हे सीतादेवि, एस् रावणले विनासंग्रामले तपाबिकन बंधन मोचन गर्न्या छैन । हे सीतादेवि, एस् प्रकारले कुरा गऱ्याको मैले सुन्या तपाबिको चित्तमा जित्न सकियला कि सकैनन् भनि संदेह गर्नुपर्दैन, श्रीरामचन्द्रले अवश्य एस् पापात्मा रावणलाई मार्नान् । श्रीरामचन्द्रको प्रिय भार्या तपाबि एस्कारण पापात्मा रावणकन मारि, हे सीतादेवि, तपाबि र श्रीरामचन्द्र अयोध्या पाउलाग्नुहुनान्, नाना वाद्य शब्द वानर सेनाको शब्द सुनि राक्षस-सेना सबैको तेज हीन भयो, सानु चित्त भैकन अब हामिहरू बाचनु कष्ट भयो, अब क्या गरौं हामिहरूको राजाको दोषले भयो भनि वानरहरूको राजाको छैन भनि वानरहरूले सिंहनाद गऱ्याको शब्द वायुले उडाइ लैगयो र लंकापुरिमा राक्षसहरूको विषाद उत्पत्ति भयो, हामिहरूको क्या हुन लाग्यो, भनि त्रासमानले डराईरह्या ।

॥ सरमा वाक्यं नाम सर्गः ॥

श्रीमहादेव उवाच—हे पार्वति, वानर सेनाको महानाद शब्द स्वर सुनेर, महाभयंकर जगत् संसार पनि त्रासमान भयो । एस् नाद शब्द रावणले सुनि त्रासमान गरिरह्यो, मुहूर्त्त मात्रपछि चिन्तना गरि रावणले आफ्ना मन्त्रीहरूलाई भन्न लाग्यो, हे मन्त्रीहरू, यो बोल्याका कुरा पनि सुनिशक्यौं वानर सेनाले आयाको कुरा वानरको वल पनि, श्रीरामचन्द्रको वल पनि पराक्रम पनि सुनिशक्यौं । सागर समुद्र नाघि आयाको यो पनि सुनिशक्यौं, वानर सेनाले एस् प्रकारले गरि आयो भन्या, क्यान डराउनु, क्या होला ! ताहाँ श्रीरामचन्द्र एस् प्रकारले आयौं भनि वल प्रशंसा गऱ्यो, आफ्ना वल मात्र तिमिहरूले देषेन अब तिमिहरू

सबै वीर २ राक्षसहरू शस्त्र अस्त्रले युक्त गराई बढुल्याईकन पठाईदिउँला, वानर सेनालाई मार्नाकन तिमिहरू पनि पठाउँला । तिमिहरूले श्रीरामचन्द्रको पराक्रम मार्नु मर्जात छैन कि ! एति दिनसम्म भयो, आयाको कसो थाहा पाउनु सकेनौ, तिमिहरूको पराक्रम पनि मैले जान्याको छ मेरा पराक्रम पनि तिमिहरूले जान्याको छ भनि रावणका एस्ता वचन सुनि ताहाँ मन्त्रीहरूले उत्तरा नदि, श्रीरामचन्द्रको वल पराक्रम जानि चुपलागि रह्यौ । मन्त्री फौदमा श्रेष्ठ माल्यवंत नाम महावृद्ध रावणको मातामह एस् मंत्रीले भन्न लाग्यो, हे महाराज रावण, जुन राजा भया पनि शस्त्र शास्त्र आदिले संयुक्त नीतिमार्गले व्यवहार गरिरहन्या, एस्ता राजाले चिरकालपर्यन्त राज्य गरिरहला, शत्रु आया पनि गर्नान् हे रावण, कदाचित् शत्रुकन जितन नसक्यापछि संधि गर्नु क्यानभन्या, श्रीरामचंद्रसित विरोध गर्नु छैन, देवऋषिले पनि श्रीरामचंद्रको जय वांछा गरिरह्या । एस्कारण श्रीरामचंद्रसित संधि गर्नुभन्यो, एसो गऱ्या मात्र तपाखिको कल्याण होला, सीता फिराईदेउ । हे रावण, परापूर्वमा ब्रह्माले दुई पक्ष गरि सुरपक्ष १ असुरपक्ष २ धर्म भाग देवतालाई दिया, अधर्म भाग दैत्य असुरलाई दियो, धर्मले सत्य युग भयो, यो सत्य युग अधर्मले छोपेर त्रेतायुग भयो, अधर्मले धर्मलाई पास गरेर धर्मलाई मान्यो, एस्कारण त्रेताको धर्म भनि हे रावण, तिमिले धर्म छाडि अधर्म गऱ्यौ । एस्ता अधर्म तिमिले निश्चय गरि एस् धर्म वृद्धि गराई तिमिले कुल ग्रास गर्न लाग्यो । देवताले वृद्धिमान गरि राख्याको धर्मले श्रीरामचन्द्रको जय हुन लाग्यो । तिम्रा पंच इन्द्रिय कालले अग्नितुल्य ऋषिहरूलाई त्रासमान दियो अनेक सन्ताप गऱ्या । एस्ता ऋषिहरू सबैलाई तिमिले दुःख दियो र धर्म गर्नु पनि ऋषिहरूले सकिन । हे रावण, अब ऋषिहरूले निविघ्न गरि जपतप गर्नुभयो, अग्निहोत्र वेदपूजा अस्नान तर्पण आदि पनि गऱ्या, अघि केहि गर्नु सकेन क्यानभन्या, तम्रा भयले । अब वेदघोषादि अनेक यज्ञ गरि अग्नितुल्य ऋषिहरूले राक्षसहरूको तेज सबै लिया, यज्ञको धुवाले सबै संसार व्याप्त भयो, एस्कारण श्रीरामचन्द्रको धर्म वृद्धि भै वल तेज वृद्धिभै आयो । ब्राह्मणका जपतपका वलले राक्षसहरूको सन्ताप भयो, अग्निले सन्ताप गऱ्याका जस्तै एस्ता वेज्ञामा तिमिले हे रावण, धर्म गर, क्या धर्म भन्या श्रीरामचन्द्रसित सम्बन्ध गर्नु यो धर्म तिमिले गर्नुपर्छ । तिम्रो वल सबै सकियो, तिम्रो शरीर मात्र छ तेज ता हीन भैगयो । एस्कारण श्रीरामचन्द्रसित सम्बन्ध गरि सीता फिराईदेउ, एस्उप्रान्त अरू केहि छैन छैन । हे रावण, श्रीरामचन्द्रको वृद्धिमान भयो हामिहरूको अमंगलका शोचना भै आयो, नाना प्रकारले उत्पात भै आयो, महाघोर २ उत्पात भयो तपाखिको अमंगल सूचक उत्पातले तपाखिकन अन्त हुन्या कारण

होला राक्षसको निको छैन । हे रावण, हेर २ मेघले गर्ज्याको जस्तै शब्द भयो । हे रावण, हेर रक्तवृष्टि पनि भयो सबै ठाउँमा सबैले रक्तवृष्टि गरायो, देवादि प्रतिमा सबै कम्प भयो इनारमा पनि कराया को शब्द भै आयो, युद्ध गर्न्याहरूका सबै आलस्य गरिरह्या, अश्वहरूको पनि आँसुपात भयो, हाति सबैका रथमाको ध्वजा पताकाको पनि निस्तेज भैगयो । हे रावण, एस्कारण मैले चिताऱ्यू श्रीरामचन्द्र मनुष्य होईन नारायण अवतार निश्चय भनि दृढ विक्रम । यो समुद्रमा सेतुबन्ध गर्नु कस्को सामर्थ छ ! यो सेतुबन्ध गर्न्या विष्नुको अवतार श्रीरामचन्द्र हुन् । हे रावण, सीता रितले श्रीरामचंद्रसित संबंध गर्नुपर्छ, राजाको पनि राजा इ श्रीरामचंद्रसित तिमिले संबंध गर्नुपर्छ । हे रावण, सीता ल्याया का संबंधले लंका राज्य लिनु लाग्या, एस्कारण सीताकन फिराईदिनुपऱ्यो चौंडै दिनुहवस् । हे रावण, नाना उत्पात अमंगल भै आया को हेर-कागले पनि जंबुकले पनि महाभयंकरले कराया को हेर, लंकामा आई काग जंबुकको सभा बनाई कराया । कृष्णवर्ण स्त्रीस्वर एस्ता २ स्त्रीहरू तिम्रा अग्रमा वसिरहि-रह्या, हेर गाईका गर्भबाट गदाहा जन्म्या, जस्तो मार्जारथें व्याघ्र मिलिरह्यो, घोडा र कुकुर सगै बस्या, किन्नर राक्षस मनुष्य सबै सँगै बस्या । हात्तिले कराया को जस्तै पंक्षिहरू आपनु २ कुरा गरि कराई कराईरह्या । हे रावण, घरपिछे सबैले शिर नभयाको देख्या महाकाल वर्ण पुरुष सबैले देख्यो । हे रावण, यो सबै पराजयको लक्षण हो । सूर्यको तेज पनि अति निस्तेज भैगयो, सहन नसकिन्या महासंताप भयो, यो सबै पराजयको लक्षण हो, अति उग्रले दृष्टि राख्यो । पंक्षिहरू सबै गृद्धहरूले पनि मांस आहारा गर्नाका इछाले कराया । हाति घोडा राक्षसको मांस पाउँला भनि सबैले पनि वांछा गरि रह्या । एस् प्रकारले माल्यवंतले रावणलाई भन्यो र राक्षसको अहंकार हीन गर्नाकन एस् प्रकारले उत्पात गऱ्यो । राक्षसको हित गर्न्या माल्यवंतले एस्ता वचनले रावणलाई भन्यो र चुप लागिरह्यो । यो माल्यवंतले भन्याको वचन रावणले प्रशंसा गरेन मूर्खचित्त भयेर यो वचन अति निंदा गऱ्यो । मृत्युपीछा गर्न्या रावणले ती वचन सुनि अरू क्रुरा गर्न लाग्यो ।

॥ माल्यवन्त वाक्य नाम सर्ग ॥

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रावणले चिंतना गऱ्यो माल्यवंतले बोल्याका वचन हित हो तैपनि वचन सहन सकेन र कालले ग्रास गरिराख्याको रावणले ई क्रुरा सुनि क्रोधले रक्तनयन गरि रावणले माल्यवंतलाई पैं गऱ्यो । हे माल्यवंत, तिमि महात्मा पुरुष, पूजा गर्न योग्य भयाका तिमिले बोल्याका वचन मैले सहन नसकि मेरा हृदयमा घाउ जस्तै भै

रहेछ, काँद जस्तो वचन हे माल्यवंत, तिमिले शत्रु पक्षको प्रशंसा गऱ्याका ति कुरा सुन्दै सुनिन एस्ता वचन तैले कसो गरि गरिस् । श्रीराम ता मनुष्य हुन्, वानर सहाय गरि आउन्या आफ्ना पिता दशरथले धपायार वनवास गर्न आउन्या एस्ता निर्गति श्रीरामचंद्रा म कसो गरि सानु भया । मेरा भयले देवताहरू पनि डराउँछन् । एस्तो वीर म भैकन पनि कसो मलाई निंदा गरिस् । हे माल्यवंत, सत्यपराक्रम तेज पनि मेरा समान को छ कसो म हीन भवा । हे माल्यवंत, तैले मेरा अहित कुरा गरि रामको प्रशंसा गरेर शत्रुको प्रशंसा मात्र गर्छस् । तिमि म तामह हौ तैपनि तिम्रा वचन सहन सकिन । एस्ता कुरा क्यान बोल्याको तिम्रा चित्तमा क्या भयो र एस्ता कुरा क्या गऱ्यौ अथवा कोहि पंडित ज्ञानीहरूले एस्ता कुरा तिमिकन सिकाई पठाया कि ! कसो भन्या चारश्रीले छोडाई ल्याया को जस्तै महाबुद्धि गरि ल्याया कि क्यान दिई पठाउँला । रामचंद्र मनुष्य पो हुन्, राम नभयाको बखत हेरि कपटले ल्यायेर भनि तिमिले भन्यौ, कसो चोरि ल्यायौ, शत्रुकन अनेक प्रकार गरिकन पनि मार्नुपर्छ । राम लक्ष्मण सुग्रीव आदि गरि अनेक कोटि २ वानरसहित गरि आया पनि मैले चूर्ण गरि पठाउँला हेर भनि हे माल्यवंत, मसंग युद्ध गर्नु देवासुरले पनि सक्दैन । एस्ता रावण भैकन किंचित् मनुष्यले क्या गर्न सक्ला ! एस्ता राम देखेर म डराउनु यो शरीर दुवै खंड भया पनि शत्रुको भजना गर्न्याछैन मेरा स्वभाव एस्तै हो । श्रीरामचंद्रले वानर सहाय गरि आयो भनि म क्यान डराउँछा ! लंकामा सबै जति भयाको राक्षसहरूलाई मान्या पनि मैले शत्रुको भजना गर्न्या छैन । एस्ता ठाउँमा डराउन्या, तिमिहरू डरायेर एस्तो नीच वचन बोलिस्, धिक्कार तेरो जन्म । मनुष्यको भयले डराउन्या, एस्ता रामको कुरा सुनीर तिम्रा हृदयमा त्राहि २ भयो । एस् रामले वानर सहाय गरि आया तपनि सत्य २ मैले भन्या, इन्हरू सबै फर्कन सक्न्याछैनन् मेरा हातले निमूर्ल गरि मारुला हेर भनि हे माल्यवंत, यो कुरा तिमिले सम्झिराप भनि एस् प्रकारले रावणले माल्यवंतलाई क्रोधले कुरा गऱ्यो । यो वचन सुनि माल्यवंतले पनि लज्जित भै अधोमुख गरि किंचित् क्रोध शांति गरिकन रावणलाई भन्न लाग्यो । हे राजेन्द्र रावण, तम्रो जय हवस् भनि आफ्ना गृहमा गयो । ताहाँपछि रावणले पनि जय भयाका मंत्रीहरू बटुल्याईकन लंका रक्षा गर्नाकन अर्थले सेना ठाउँ २ मा रापनाका कुरा गर्न लाग्यो । हे महापार्श्व, महोदर, तिमिहरू दुवैले आफ्ना २ सेनाले सहित गरिकन दक्षिण द्वारमा रक्षा गरि बस्न जाउ । हे मेघनाद, तिम्रा पराक्रम देखिकन त्रैलोक्य पनि कंप हुंछ । हे मेघनाद, तिमि इंद्र जस्ताकन जितिरहन्या एस्ता वीर तिमि,

तिम्रा सेना सवैले सहित गरि पश्चिम द्वारमा तिमिले रक्षा गरि वस्न जाउ। हे सुकसारण, तिमिहरू दुवैले सेनासहित गरि उत्तर द्वारमा रक्षा गरि वस्न जाउ। म पनि ताहाँ वसन जांछु भनि हे विरूपाक्ष, महावीर्य पराक्रमी सारि तिमिहरूले, तीनैजनाले लंकाको मध्यमा वसि जाहाँ शत्रुले हेर मारि दिन्छ त्राहि तिमिहरूले, गुहार दिनुपर्छ। इनूहरूलाई एस् प्रकारले भनिकन एसै प्रकारले वलियो २ ठाउँ २ मा रापि राक्षसको श्रेष्ठ रावण अहंकारले मोह भयाको, परमेश्वरलाई चित्त भ्रमण गरि लायाका निमित्त रावणले एस् प्रकारले चिंतना गऱ्यो। ताहाँपछि ठाउँ २ मा मेघनाद आदि महावीर २ राक्षसहरू आपना २ ठाउँमा वस्न गयो, मंत्रीहरूले आशीर्वाद दिया। हे महाराज रावण, तपाविको जय २ हवस् भनि जय शब्द वांछा गरि वस्न गयो। ताहाँ रावणले पनि आपना अंतःपुरमा वस्न गयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो भनि ब्रह्माले नारदलाई सुनाउनुभयो। एस् कथा सूतले सौनकादि ऋषिहरूकन सुनाउनुभयो॥

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे युद्ध विधानं नाम सर्गः॥ ५॥

६

श्री सदाशिव उवाच – हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले पनि आपना भ्राता लक्ष्मण सुग्रीव हनुमान जांबुवान् विभीषण अङ्गद मैन्द द्विविद कुमुद ऋष्य गंदमादल दधिमुख सुषेण ताऊगज गवाक्ष गवय नल-नील आदि वानरप्रमुख अनेक वानरहरूलाई रामले आज्ञा गर्नुभयो। हे वानरहरू, पापात्मा रावणको देशमा पुग्यो शत्रुलाई हेला गर्नु छैन। अनेक देव गन्धर्व यक्ष राक्षस किन्नर इन् आदिले पनि जित्न नसक्याको रावण एस्ता रावणले रक्षा गरिराख्याको राज्य जुन् प्रकारले मार्न सकिएला उस् प्रकारले कार्य सिद्ध गर्नुपर्छ मत गर्न्या वपत् भयो जुन् २ वीर २ छन् उन् २ सित मिलि गर्नुपर्छ भनि एस् प्रकारले श्रीरामले आज्ञा गर्नुभयो। कसैले श्रीरामकन उत्तरा दिएनन्। महावरिष्ठ विभीषणले रामको हित गर्नाका निमित्त रावणको नाश गर्नानिमित्त बुद्धि ज्ञानमा बृहस्पति जस्तै धर्मात्मा ज्ञानी शत्रुकन मार्न सामर्थ हुन्या एस्ता विभीषणले श्रीरामचन्द्रका हजूरमा

विंति गर्न लाग्या । हे श्रीराम, मेरा चार मन्त्री छन् को को भन्या अनर नर संज्ञाति प्रद्युम्न । इन्हरू चार मन्त्री मत गर्न मात्र मैले अनेक माया लिन जांदछु । इन्हरू लंका गैकन सबै हेरि आयो, मैले सबै चरित्र हेर्नु पठाक्या, लंकामा क्या क्या गऱ्यो, कसो रह्या, पापात्मा रावणको चित्त कसो भयो, उन्ले क्या क्या भन्यो सबै हेरिकन चाँडै आयो । हे श्रीरामचन्द्र, मैले सबै विंति गरौंला सुन्नुभयाजावस् । पापिष्ठ रावणले प्रहस्त राक्षस अनेक शस्त्र अस्त्र युक्त गरि सैन्यले सहित गरि लंकाका पूर्व दारमा राख्न पठायो, दक्षिण द्वारमा महापार्श्व महोदर इन् दुवैकन राख्यो, महाबलियो मेघनाद अनेक सबै अस्त्रादिले युक्त गराई पश्चिम द्वारमा बस्नु गयो, विरुपाक्ष, महावीर्य्य पराक्रमी सारि, इन्हरू तीन जना लंकाको मध्यमा राख्यो । जुन् २ जग्गामा हारला, उस् जग्गामा गुहार दिनाकन राख्यो । एस् प्रकारले सैन्य, ठाउँ २ मा राख्न पठायो, यो सबै मेरा मन्त्रीहरूले हेरि मलाई सुनाउन आया । हे श्रीरामचन्द्र, रावणको समीपमा रहन्या, सेनाको संख्या मत्त हस्ति सहस्र १००० अश्व अयुत १०००० रथ दशळाप १०००००० कोटि राक्षस इन्हरू महाबलियो संग्राममा आयापछि नफर्कन्या इन्हरू देवताले पनि जित्न नसक्न्या संग्राममा मर्नु निश्चय गरिरहन्या इन्हरू एक जनाको एक लाप सेना छ । हे श्रीरामचन्द्र, पूर्व कालमा रावणसित यक्ष राजाले युद्ध गऱ्यो, साठीलाप सेनाले युक्त गरि ती राक्षसहरू कस्ता भन्या महापराक्रमी एक २ जना पनि कुवेरतुल्य एस्ता बलियो देपेर जित्न सकेनन् । हे श्रीरामचन्द्र, तपाल्किन त्रास गराउनकन मैले विंति गऱ्याको होईन, तपाल्किको क्रोध रावणकन विंति गऱ्या क्यान भन्या, एस्ता पापात्मा रावण मार्न नशक्या देवताहरू स्वर्गवास गर्न सक्न्याछैनन् । एस्कारण गौंडा २ मा सैन्य राख्न्या वेला भयो । जस्का शरीरमा ब्रह्माण्ड राक्षसुभयाको छ इन्का हजूरमा एस् पापात्मा रावणले क्या गर्न सक्ला ! देवताले पनि तपाल्सित युद्ध गर्न सामर्थ थियेन, किंचित् एस्ता रावण ता क्या लेखा । हे श्रीरामचन्द्र, अब एसो रहनु होईन, कार्य्यको अनुसार हेर्नुभयाजावस् भनि एस् प्रकारले महात्मा विभीषणले बोल्याको वचन सुन्नुभयो र परमात्मा श्रीरामचन्द्र अत्यन्त हर्षमान गरि रहनुभयो । श्रीरामचन्द्रले आफ्ना कार्यसिद्धि गर्नाका निमित्तले मनमा चिंतना गरि आज्ञा गर्नुभयो, हे विभीषण, तिमिले भन्याको जस्तै ठाउँ ठाउँमा राख्न लागिउ भनि बलियो २ भयाको वानरहरूलाई आज्ञा गर्नुभयो । हे नील, तिमीले अनेक वानर सहित गरि, जुन जग्गहमा प्रहस्त राक्षस बस्याको छ उस् जग्गहमा पूर्वद्वारमा तिमि बस्न जानु । हे वालिपुत्र अंगद, तिम्रा पराक्रम त्रैलोक्य पनि जित्न समर्थ तिम्रा सैन्यले सहित गरि जाहाँ महापार्श्व महोदर बस्याको

छ उस ठाउँ लंकाको दक्षिण दिशामा तिमि वस्न जानु। हे वायुपुत्र हनुमान, सबै मायाले संयुक्त कामरूपी तिमि, तिम्रा सैन्य सबै लियेर जाहाँ मेघनाद पापात्मा वस्याका ठाउँमा पश्चिम द्वारमा वस्न जानु। जाहाँ पापात्मा रावण वस्यो उस् जग्गहमा लक्ष्मण र म दुवैजना वस्न जान्छौं। एस् पापात्मा रावणले देव गंधर्व, यक्ष किन्नर, नाग आदि त्रैलोक्यमा पनि दुःख दीरहन्या एस् पापिष्ठ राक्षस मार्नाकन म त्याहाँ आयाँ। अब एस् पापात्मा रावणलाई मारौंला, हेर भनि हे मित्र सुग्रीव, विभीषण, भालुको राजा जांबुवान्, तिमिहरू तीनजनाले आपना आपना सैन्यले युक्त गरि त्याहाँको मध्य स्थानमा गोहार दिनुपर्छ। हे वानर, तिमिहरू सबै कामरूपी एसो मैले जान्याको छ भन्नु होईन मायाको स्वरूपले युद्ध गर्नु छैन आपना आपना स्वरूपले युद्ध गर्नुपर्छ भनि उनहरू राक्षसले अनेक मायाले युद्ध गर्ला, कपटको युद्ध गरि मार्ला। एस्कारण हामिहरू सातजना मिलि युद्ध गरूँला, को को भन्या म लक्ष्मण अंगद नील हनुमान सुग्रीव विभीषण एति जनाले अंगीकार गरूँला भनि एस् प्रकारले रामचन्द्रले विभीषण प्रमुख वानर सुग्रीवलाई आज्ञा भयो र रावणलाई मार्नाका निमित्तले अनेक वानर सेनासहित गरि पृथ्वी कंपायमान गरि लंका हेरिकन सुवेलामा प्रस्थान गरिकन श्रीरामचन्द्र सुवेलाचल पर्वतमाथि जानुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे चार प्रवेश नाम सर्गः ॥६॥

७

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि रामचन्द्रले लक्ष्मणसहित गरि सुवेलाचल पर्वतमा सबै वस्नुभयो। श्रीरामचन्द्रले सुग्रीव विभीषण ई दुवै जनालाई आज्ञा गर्नुभयो, हे मित्र सुग्रीव, विभीषण, तिमिहरू अनेक गुणले संयुक्त मंत्रज्ञ धर्मात्मा क्रोधमा यमतुल्य मलाई हित गर्न्या तिमिहरू। हे सुग्रीव, विभीषण, अब एस्ता धनुले युक्त भैरह्याको पर्वतमा वसिकन रावणले सह्वार गरिराख्याको लंकामा अनेक प्रकारले बनाईराख्याका उच्च-उच्च गढ़ नाना ध्वजाले संयुक्त अनेक वीर २ राक्षसहरूको सैन्य बटुल्याईराख्याका यो सबै हेर्नु इछा भयो।

हे वानर, एस् पापात्मा रावणले मेरा स्त्री हरण गरि आफ्ना कुल नाश गर्नाकन लै गयो, निरापराधी सीताकन दुःख दियेर एस् पापिष्ठ कुमति रावणको अवश्य नाश होला। एस् रावणको ज्ञानहीन भयो, लंकामा सबैको काल् यो त पापिष्ठ पो हो। एस् रावण अपराधीले अपराध् गर्‍याको सम्झि मेरा हृदयमा क्रोध अति वृद्धिमान् भयो। हे मित्र सुग्रीव, विभीषण, एस् पापिष्ठ एकको अपराधले लंकामा जति भयाको राक्षसहरू सबै मैले मारूँला, मेरा बाणको गौचरमा पर्‍याको वान्चु छैन। मेरा बाण कस्ता छन् भन्या इन्द्रको वज्रतुल्य कालसर्प जस्तै एस् बाणका प्रहारले इन्द्रले असुर मार्‍याको जस्तै मारूँला। हे सुग्रीव, विभीषण, एस् पापात्माको पापले काललेे ग्रास गर्‍याका जस्तै इन्को कुलसमेत अवश्य नाश गरूँला भनि एस् प्रकारले श्रीरामचन्द्रले क्रोध गरि आज्ञा भयो र वाहिवाट माथि जानुभयो। सुग्रीव प्रमुखले लक्ष्मण विभीषण आदि इन्को मंत्रि चारजना समेत हनुमान अंगद नील मैंद द्विविद गवय गवाक्ष आदि अनेक वानरसहित गरि एक २ जना वानर कस्ता छन् भन्या मध्यान्हको सूर्य जस्तै भीमविक्रम वलियो महापराक्रमी एक २ जनाले पनि लंका चूर्ण गर्नु सामर्थ हुन्या एस्ता एस्ता वानर सबै वटुल्याई श्रीरामचन्द्र सुवेलाचल पर्वतमा दक्षिण दिशातिर मात्र मुख गरि लंका मात्र हेरिकन तीन जोजनसंम सम भूमि ढाकि सबैले लंका हेरिरहनुभयो। कस्तो लंका भन्या त्रैलोक्यले पनि जित्न नसक्याको रावणले रक्षा गरिराख्याको जाज्वल्यमान भैरह्याको पर्खाल पनि महा उच्चा उच्चा आकाश रह्याको जस्तो द्वार पनि उच्चा २ नाना वर्ण राक्षसले युक्त अनेक पताका ध्वजाले पनि संयुक्त गृह पनि कैलास जस्तै अनेक मणि सुवर्णमय गृह, राक्षस हरू पनि नाना रूप अघोर २ राक्षस महावीर २ यमकाल जस्तै सिंहले कराया को जस्तै कराईरहेछन्। कुन् वेलामा संग्राम गर्न पाउँला भनि इच्छा गरिरहन्या कमलका जस्तो वर्ण अनेक मणि माणिक्यको गहनाले ढाई रहन्या रत्नको मुकुट इनहरू सबै द्वादश आदित्य जस्तै अनेक मायाले युक्त महापराक्रमी संग्राममा शूर तेजले पनि गुणले पनि संयुक्त नाना अलंकार लाई शस्त्र अस्त्र धारणा गरिरहन्या एस्ता राक्षसहरूकन देखनुभयो र वानरहरू सबैले महाशब्दले सिंहनाद गरि कराया। वर्षाकालमा मेघले गर्ज्याको जस्तै कुदि २ कन लंकामित्र जानाकन अनेक यत्न गर्‍यो। एस् प्रकारले श्रीरामचन्द्रले लंका हेरिरहनुहुँदा सूर्य अस्त भै पूर्णचन्द्र उदय भयो। एस् वेलामा महाजाज्वल्यमान भैरह्यो, समुद्रमा आकाश छायाले द्वितीय आकाश जस्तै शोभा भैरह्यो। एस्ता रात्रिका समयमा क्रोध उपशम्य गरिकन सुग्रीव विभीषण ई दुईकन आज्ञा भयो र युद्धमा वीर २ हरू महापराक्रमीहरू ठाउँ २ मा राखि तयार

गरि मंत्रीसहित गरि सुवेलाचलको शृङ्गमा राज गर्नुभयो, तारागणले चन्द्रमाको शोभा भयाको जस्तै वानर सैन्यको मध्मा राज गर्नुभयो र द्वितीय चन्द्रमा जस्तै शोभा भयो । एस्ता प्रकारले रात बिहायापछि भोलिपल्ट प्रातःकालमा स्नान गरि संध्या नित्यकर्म सकिकन निको वेलामा तेजस्वी श्रीरामचन्द्रले वीर २ वानरसहित गरि लंका मात्र हेरि युद्ध गर्नाकन जानुभयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे सुवेलाचल पर्वतारोहणं नाम सप्तमः सर्गः ॥७॥

८

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले लंकाको देशबाहिरमा नाना पुष्करिणी नाना पुष्प निर्मल जल अनेक पत्र प्रकाश भयाको छ नीलोत्पल र रक्तोत्पल प्रकाश भयाको छ अनेक पंछि जोर २ ले कराई क्रीडा गरि निर्मल जलपान गरि अनेक सुखले कराई रहन्छन्, भ्रमर नील भ्रमर अनेक पुष्पमा मधुपान गरिरह्यो । नाना फल पुष्प फुल्याको छन् । महाशोभायमान भयाको अनेक कन्दमूल भयाको देवराज इन्द्रको नंदनवन जस्तै अनेक वृक्ष नाना पंछिको शब्द व्याप्त भयाको एस्ता उपवनमा वानर सेना अघिलाई पठाउनुभया र ताहाँ श्रीरामचन्द्रले एस्ता वन देषनुभयो र निर्मल जल पान गरि नाना पुष्प आफना शिरमा लाउनुभयो, अनेक फल आहार पनि गर्नुभयो । वानरहरूले पनि अनेक फल मूल खाई शिलाको मंडपमा रहनुभैकन अनेक सुगन्ध सुगन्ध वासना सुँघि निर्मल जल खाई अनेक वानरहरूले शालवृक्ष उपेलिकन ली अनेक पर्वतमा सुषले खेलिरह्याको हेरि ताहाँ वानरेन्द्र सुग्रीवले आज्ञा गर्नुभयो । हे वीर वानर, हेर २ लंकादेश कस्तो भन्या अनेक ध्वजाले सयुक्त नाना धातुले सोचिन्त गरिराख्याका ताहाँ गईकन हेर्न जाउँ भनि आज्ञा भयाबित्तिकै वानरहरू सबैले सिंहनाद गरि नाना ताल वृक्ष लियेर पर्वतको शृङ्ग ली लंकादेश कंपमान गरि पृथ्वी दोलायमान गराई आकाशमा धुलाले व्याप्त गरि एस् उपवन पनि कंपमान भयो । यो वानरहरूले गोडाले टेक्याको वेगले पृथ्वीले पनि स्थिर गर्न सकेनन् । पृथ्वीमा रह्याको सिंह हस्ति व्याघ्र नाना जन्तु दश दिशामा भाग्या, वृक्षले संयुक्त लंकानगर नीलवर्ण मेघ जस्तै रह्याका अरु

ठाउँका पंछिले पनि गोचर गर्न सकेन । विश्वकर्माले बनाई राख्याको लंका उच्च २ प्राकार सुवर्णमय द्वारा कांचन पर्खाल सबै लक्षणले संयुक्त एस्ता लंका श्रीरामचन्द्रले वानरसहित गरि हेर्नुभयो । एस् लंकापुरीमा अनेक रत्नले संयुक्त नाना वस्तुले पनि पूर्ण अति उत्तम लंका श्रीरामचन्द्रले वानरसहित गरि हेर्नुभयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे लंका दर्शनं नाम अष्टमः सर्गः ॥ ८ ॥

९

श्रीमहादेव उवाच—हे पार्वति, त हाँपछि सुवेलाचल पर्वतवाट श्रीरामचन्द्र वर्ल्हि आउनु-भैकन आपना आपना सेनाको बल पुरुषार्थ हेर्न्या । असंख्य वानर सबै पृथ्वी व्याप्त भैरह्याको एस्ता सैन्य श्रीरामचन्द्रले हेर्नुभयो । सुग्रीवले पनि आपना सेना ठाउँ २ मा राख्नु पठायो । महातेजस्वी श्रीरामचन्द्रको हित भयाका सुग्रीवले एस् प्रकारले जति भयाको चिन्ता गरिकन श्रीरामचन्द्र लक्ष्मण अघिलाईकन लंकातिर हेरि, श्रीरामचन्द्र लक्ष्मणको पनि अनेक शस्त्र अस्त्र धनुर्बाण तोमर खड्ग धारण गरि अनेक दिव्यास्त्रले पनि संयुक्त, फेरि अनेक माणिक्यको कवचले शिरमा जटा मुकुट भयाका कमलपत्रका जस्ता नेत्र, वैडुर्य जस्तो वर्ण तेजले पनि युक्त संसारको पनि आत्मा पुरुष भयाका, युद्धमा विशारद, एस्ता भयाका श्रीरामचन्द्रले सुग्रीव मुख, विभीषण, अंगद, आदि वानर सेनाले सहित गरि सेनापति पछि २ लाई पृथ्वीमा व्याप्तमान गरि, संग्राम गर्नाकन जानुभयो । कोहि वानरहरूले शैलशृंग ली, कसैले महा २ कल्पवृक्ष लिये र सबै वानरहरू, हस्तिसमान महाबलियो एक २ जनाले पनि लंका चूर्ण गर्न समर्थ भयाका एस्ता वीर २ वानरहरू लंकामा चाँडै पुग्नुभया । कस्तो लंका भन्या अनेक पताकाले संयुक्त महामनोहर अनेक ध्वजा तोरण देखताले पनि जित्न नशक्याका एस्ता लंकामा पुग्नुभयो । ताहाँ श्रीरामचन्द्रले आज्ञा गर्नुभयो । हे वानरहरू, हामिहरू सबैले आफु २ सबैले जिम्मा लियाका ठाउँ २ मा बस्न गयाका तीनै द्वारमा एस् प्रकारले पठाउनुभयो र आफु मात्र उत्तर द्वारमा लक्ष्मणसहित गरि रहनुभयो । एस् प्रकारले लंका

वेष्टित गरि, वानरहरू सबैले पृथ्वी कंपमान गरि, सिंहनाद गरिरह्यो । एस् वेलामा स्वर्गविषये, देव गंधर्व यक्ष नाग ऋषिहरू सबैको आनन्द भयो, लंकामा वस्याको सबै राक्षसहरूको महा व्यथा उत्पत्ति भयो, उत्तरद्वारमा महाआनन्दले रावण रह्याका पातालमा नागलोक वस्याको जस्तो, यमदंड लियेर यम रह्याको जस्तै रह्यो । कालांतक रुद्रजस्तै एस् प्रकारले वसि राक्षसहरू सबैले, नाना शस्त्र अस्त्र ली, लंकागढको माथि वसिकन श्रीरामचन्द्रको सेनाको त्रासमान गराई पातालपुरमा दानव रह्याको जस्तै नाना वर्ण नाना रूप, नाना रत्नको कवच लाई, अति तेजवंत, कालांतक जस्तै युद्धमा महावीर, नाना शस्त्र अस्त्रले संयुक्त एस्ता राक्षसहरूले संयुक्त लंका वानरहरूले हेरिकन पूर्व द्वारमा रहन्या वानरहरूले महाशब्दले सिंहनाद गरिकन पृथ्वी कंपमान भयो । श्रीरामचंद्र, लक्ष्मण, सुग्रीवले रक्षा गरिराख्याका वानर सेनाले मेघ गर्ज्याको जस्तै नाद गरिरह्यो । ताहाँपछि शांतमूर्ति रामचन्द्रले महावीर २ मंत्रीहरू राजनीति जान्या, तत्वमर्यादा, व्यवहार जान्या, एस्ता मंत्रीहरूलाई डाकेर ताहाँ श्रीरामचन्द्रले आज्ञा गर्नुभयो । हे मित्र सुग्रीव, विभीषण, हामिहरू वानर-सेनाले संयुक्त भयाका छौं, अब राजनीति व्यवहार जस्तै युद्ध गर्नाकन दूत पठाउनुपर्छ, दूत नपठाई संग्राम गर्नु छैन । हे वीरहरू, अब कसलाई पठाउनु भनि मत गरि श्रीरामचन्द्रले आज्ञा भयो । हे मित्र सुग्रीव, विभीषण, महापराक्रमी बुद्धिवंत ज्ञानले संयुक्त तेजस्वी वालिपुत्र अंगद दूत पठाउँछु भनि अंगद डाकेर श्रीरामचंद्रले आज्ञा गर्नुभयो । हे वीर अंगद, तम्रा पराक्रम देखिकन त्रैलोक्य पनि कंपमान हुन्छ, अब तिमिले मेरा आज्ञा शिरमा रापि लंकाको राजा पापात्मा रावणछेउँ तिमि जाउ । रावण देखिकन भय मान्नुपर्दैन, निर्भय गरि जानु, जैह्ने गैकन तिमि रावणलाई एस्तो भन । हे पापात्मा रावण, श्रीरामचन्द्रका आज्ञाले म आयौं भन । तँ पापात्माले देव गन्धर्व नाग, अप्सरा ऋषिहरू त्रैलोक्यमा पनि दुःख दी रहन्या अनेक राजाहरूकन जितिरह्यो र तेरो गुमान मै सकियो भन, फेरि ब्रह्माछेउँ वल पायेर तैले गुमान गरि सबैकन दुःख दिसकिस् भन । तेरो गुमान आफाल्या श्रीरामचन्द्र तेरो मठको द्वारमा वस्न आया भन । हे अंगद, डराउनु छैन, धैर्य गरि कुरा गर्नुपर्दछ । हे पापिष्ठ राक्षस, धर्म निरापराधि सीता चोरि ल्यायो र हो कि तैले गुमान रापि वसिस् भन । वनवास गरिरहन्या पुरुष नभयाको हेरि, भेषधारि भैकन मेरा सीता हरण गरि ल्याईस् तैले, उसै वेलामा मैले भेट्या मेरा वाणका महारले निर्मूल गरि पठाउँदाहुँ, अब क्या गुमानले वसिस् भन । तेरो जिउनु इछा भया मेरा चरणमा दंडवत् गर्न आउ भनि भन अथवा एसो आया पनि

लंकाको राजा तँलाई दिदैन महात्मा विभीषण राजा गरौंला भन, अभिषेक दिसक्यो भन। कदाचित् तेरा मनमा सीता लियेर शरण गरि आउनु हुँदैन भन्या चित्त स्थिर गरि युद्ध गर भन। तँ पापात्माको बुद्धिले थोरै दिन मात्र राज्य भुक्त गर्नुछ भन। तैले गर्न्याको बुद्धिले लंकामा जति भयाको राक्षसहरू सबैले यमराजाको मुख हेर्न पठाउँछु भन। एस् राक्षसहरू मार्न्याको पाप सबै तेरा कपालमा भन, मेरा बाणले तेरा दशवटा शिरकाटि उपशाम्य गरौंला भन। मसँग युद्ध गर्न नसकि आफ्ना जिउ रक्षा गर्नाका निमित्तले पंछिरूप भै भागिगया पनि मेरा बाणले तँ जाहाँ गया पनि लगादैं तेरो प्राण फेला पर्ला भन। त्रैलोक्यमा पनि तँ पापात्मालाई रक्षा गर्न्या कोहिछैन भन। कदाचित् संग्राममा मृत्यु भयादेखि तँलाइ विएड दिनाकन राक्षसको श्रेष्ठ विभीषण भयाको छ भन। अनेक वानर वानरेन्द्र सुग्रीव प्रमुख हनुमान विभीषण नील गवाक्ष गवय गज जांबुवान सुखेन दधिमुख अंगद नाना वानरले अनेक सबै संयुक्त श्रीरामचन्द्र लक्ष्मणले लंकाचूर्ण गरौंला भनि आईपुग्या भन। एक एक वानरको शरीर पर्वतसमान छन् भन, बल पराक्रमले पनि इन्द्रसमान इन्हरूले तेरो रगत् चाउँला भनि अंगीकार गरि बस्या भन, छत्तीस्कोटि वानर श्रीरामचन्द्रको अंगमा बसि लंका मारौंला भनि बस्या भन। सुग्रीवले विभीषणले चिन्ता गरि कोटि कोटि वानर चाहिन्या ठाउँमा युद्ध गर्नाकन राख भन। राम प्रभृति सुग्रीव अनेक वानरले शैलशृङ्ग ली, अनेक अनेक कल्पवृक्ष ली दिग्गज कराया को जस्तै आईपुग्या भन, प्रलय हुन्या वेलामा कालरुद्र आयाको जस्तै आईपुग्यो भन, आकाशमा मेघ गर्जमान गरि आयाको जस्तै आईपुग्यो भन, एक एक वानर सिंह जस्तै पर्वत जस्तै आईपुग्या। इन्द्रतुल्य पराक्रमी तँ पापात्माले आयाको देख्यो कि भन, राक्षसहरूको चित्त स्थिर भयाको विचार गर्न्यौ कि भन। तेरो जिउ बाँचन कठिन भयो, जति चाहियाको धानु लाउनु दान पुण्य गर् भन। कोटि २ सहस्रकोटि अयुत अर्बुद आदि गरि आईकन लंका निर्मूल गर्न आया भन, राक्षसहरूको मलिन मुख भयाको देख्यो कि भन। हे पापात्मा रावण, श्रीरामचन्द्रले मलाई पठाउनुभयो भन। एस् प्रकारले श्रीरामचन्द्रको आज्ञा शिरमा राखि महाबुद्धिमान अंगदले श्रीरामचन्द्रको चरणमा दंडवत् गरि अग्नी जस्तै जाज्वल्यमानले तेज निकासि लंकाको द्वारबाट कुदिकन जानुभयो। तेस् वेलामा यो अंगदले रावणको राजगृहमा बसि हाकिपठाउनुभयो। ताहाँ पापात्मा रावणको मनमा भय उत्पत्ति भयाको वेलामा अंगदले हाकिपठाउनुभय को शब्द सुनि महाक्रोध गरि मंत्रीहरूसहित आयो। ताहाँपछि अंगदको शिर रावणको गोडा सोझो गरि रहँदैन भनि मेरा गोडा रावणको शिर सोझो गरि रहुंला भनि चिताई आफ्ना

पुछर चार २ फेरा वेहि आफना पुछरको माथि वसि रावणको हजूरमा अंगदले श्रीरामचन्द्रले आज्ञा गरिपठाउनुभयाको सबै भन्न लाग्यो । हे पापिष्ठ दुरात्मा रावण, म अंगद जान्दछु कि श्रीरामचन्द्रलाई पुसि गरिरहन्या अंगद भन्याको म हुँ । कौशल्याको मनमा आनन्द गराई-रहनुभयाको श्रीरघुनाथको आज्ञाले तँ पापात्माछेउँ मकन दूत पठाउनुभयो । एस् वेलामा अंगदले श्रीरामचन्द्रले आज्ञा गरिपठाउनुभयाकोमा पनि दोवर बढाई कुरा गर्न लाग्यो । हे राक्षस अधम रावण, तँ वीर भया अनेक वानरहरूसहित गरि युद्ध गर्नाकन आईपुग्यो, तँ पापात्माले देव गन्धर्व यक्ष किन्नर नाग अप्सरा ऋषिलोकहरूलाई अनेक दुःख सासना गरिराखिस् तैले । तँ पापात्मालाई मारि निराक्षस गरि स्वर्ग मर्त्य पातालमा सबैलाई सुख दिउँला भनि आज्ञा गरिपठाउनुभयो । हे पापिष्ठ रावण, कोटि २ वानरसहित गरि लंका निर्मूल गरौंला भनि म आई पुग्यौं, निरापराधी, वनवास गरिरहनुभयाकी सीता तैले चोरि ल्याईस्, तेरो अहंकार आज चूर्णभूत गरि पठाउँला भनि त्याहिं पठाउनुभयो, त्रैलोक्यमा पनि निष्कंटक गरौंला भनि । हे पापिष्ठ, तँ जिउनु इछा भयौ त सीता लियेर चाडै मकन मेरा चरणमा दण्डोत् गर्न आउ अथवा उसो आया पनि जीउ मात्र बचाईदिउँला लंकाको रजाचि ता दिदौन, महाज्ञानी विभीषणकन लंकाको राज्याभिषेक दिसक्यौं भनि तैपनि तेरा मनमा पत्यायौन तँ मेरा बाणले तेरो लंकामा, जति भयाको राक्षसहरू पनि तँ आदि गरि तेरो बंधु बांधव सुद्धा संहार गरौंला भनि आज्ञा गरिपठाउनुभयो भनि एस् प्रकारले बालिपुत्र अंगदले रावणको हजूरमा बोलेर ताहाँ रावणले अंगदको वचन सहन सकेन र महाक्रोधले रक्त नयन गरि आफना मंत्रीहरूलाई भन्यो । हे वीर राक्षसहरू, एस् पापिष्ठ मर्कट जातले मकन निंदा गरि कुरा गर्न्याको देख्यौं कि ! एस् मर्कटलाई समातेर सास्ति गर भनेर यो वचन सुनि ताहाँ महा २ बलियो अग्निको जस्तो तेजवंत राक्षस चार-जनाले अंगदकन समात्या । एस् प्रकारले राक्षसहरूले समात्याको हेरि यो महाबलियो अंगदले पनि चार राक्षस आफना शरीरमा गुंज्याई, रावणको शिरमाथि छत्र च्याति लियेर कुदिकन आकाशमा गया । ताहाँ चार राक्षसहरू चारैकन पछाडिदियेर पृथ्वीमा परि मूर्छा भैरह्यो । ताहाँपछि छत्र लियेर लंकाको पर्पाल बिगारिकन रामचन्द्रको अग्रमा पुग्नुभयो । राम सुग्रीवको चरणमा दण्डोत् गरि छत्र श्रीरामका हातमा सौंपि लंकामा आफुले गरि आयाको सबै विति गर्नुभयो । यो कुरा सुनि ताहाँ रामको आनंद भयो र वानर-हरूले अंगदलाई धन्य २ भनेर जयशब्द गरि जति भयाका सबै वानरहरूले एकै तालले

सिंहनाद गऱ्यो । ताहाँपछि श्रीरामचन्द्रले विभीषणलाई डाकि लंकाको राजा तिमि भयौ भनि छत्र हातमा ली, स्वर्पिदिनुभयो । ताहाँपछि आकाशदेखि पसालि राक्षिगयाको राक्षसहरूको चेष्टा भयो र रावणको अग्रमा गैकन गदाले गऱ्याको कर्म सबै सुनायो । यो वचन सुनि रावणले चिंतना गऱ्यो, हा हा अब मात्र निश्चयले मलाई उस् वेलामा ब्रह्माले आज्ञा गर्नुभयो मनुष्यको हातले तेरो मृत्यु होला भनि, अब यो श्रीरामचन्द्र भयो भनि एस् परिकारले चिंतना गरि आफना अंतःपुरीभित्र गैकन चित्त स्थिर गर्नु नसकि रह्यो । ताहाँ-पछि श्रीरामचन्द्रको ठानामा जयशब्द भई वानरहरूले युद्ध गर्नाकन शैलशृंग वृक्ष लियेर युद्ध वांछा गरिरह्यो । एस् वेलामा सुग्रीवको आज्ञाले सुषेन वानर पर्वतसमान देह महापराक्रमी वानरसहित गरि लंकाको द्वारमा गैकन देश घुमि, सिंहनाद गरि अत्यन्त हर्षमानले फर्कि आयो । लंकामा रह्याको राक्षसहरूले वानर-सेना देखिकन महाविस्मय गरिरह्यो, भय त्रासमान महावीर २ राक्षसहरूले मात्र युद्धवांछा गरिरह्यो, गढ प्रासादमा रह्याका भूमिमा रह्याका भूतले घुमिरह्याको जस्तै रह्यो, हर्ष कसैको छैन, महाशोक उत्पत्ति भयो । हर्षमानले बस्याका राक्षसहरू एतिमा दुई चार जना मात्र छ । लंकामा महाउत्पात भयो । कालले अनेक प्रकारले कराईरह्या, शस्त्र अस्त्र लीरहन्याहरू युगांतको काल जस्तै रह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे अंगद दूत प्रवेशो नाम नवम सर्गः ॥ ९ ॥

१०

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि लंकामा जति भयाका राक्षसले शस्त्र अस्त्र ली नाना कवच लाई महातेजस्वी बलियो २ राक्षसहरूले गढको माथि बसि वानरसेना हेरिकन वीर २ राक्षसहरूले रावणका हजूरमा गैकन विन्ति गऱ्या । हे महाराजेन्द्र रावण, श्रीरामचन्द्र वानर-सेनाले सहित गरि रक्त नयन गराई दोवर बलले संयुक्त गरि संग्रामको सराजाम चाहियाको लि लंकाको द्वार २ मा बसि प्रलयकालमा मेघले गर्ज्याको जस्तै कराईरह्या, ताहाँ कसो गर्न्या हो भनि विन्ति गऱ्यो र ताहाँ रावणले पनि अत्यन्त क्रुद्धले रक्त नयन गरि

संग्रामको सराजाम जति चाहियाको सबै लि नाना अलंकार लाई रावणको गढको माथि बसि हेर्नु गयो। असंख्य वानर संख्या गर्न पनि हुँदैन, पृथ्वी सुद्धा कपिलवर्ण शैलशृंग शालवृक्ष लियेर युद्ध गर्नु इछाले वस्याको वानर सबैकन रावणले हेरिकन एस् पापिष्ठ वानर कसो गरि मार्नु भनि नाना प्रकारले चिन्तना गरि चित्त दृढ भएन र फेरि हेर्न लाग्यो, महाशंका गरि हेरि रह्यो। ताहाँपछि रामको सेवक वानरहरूले श्रीरामचन्द्र घुसि गराई रावणका निमित्तले शैल शृंग पर्वत लियेर कसैले ताल वृक्ष लि सिंहनाद गरि आफु २ वस्याका ठाउँबाट बाहिर निस्किकन श्रीरामचन्द्रको कार्य सिद्धि गर्नाका निमित्तले आपना प्राण छोड्नु सामर्थ भयाको वानरहरू सह्य पर्वतमाथि चढिकन लंका मात्र हेरि कुदिकन सिंहनाद गऱ्यो, तालवृक्ष शैलशृंगले लंकाभित्र गैकन राक्षसहरूलाई प्रहार गऱ्यो। ढोकामा रहन्या राक्षसहरू एस् प्रकारले लगाई गयो, कसैले वृक्षले प्रहार गऱ्यो, कोहि पर्वालको माथि गैकन कांचनले बनाईराख्याको तोरण इत्यादि भग्न गरिदियो, कैलाशसमान ढोका पनि चूर्ण गरिदियो। अनेक गृह प्रासाद शाल वृक्षले प्रहार गरि चूर्ण गरिदियो। महाक्रोधले कुदि २ कन पर्वताकार वानरहरूले श्रीरामचन्द्रको प्रतापले शैलशृंग ली पृथ्वी कंपमान गराई सिंहनाद गरि लंकाभित्र जानाकन लंकाको पर्खालमा वस्याका राक्षसहरूलाई प्रहार गऱ्यो, कसैले मुष्ठिले शिरमा प्रहार गरि चूर्ण गऱ्यो। ताहाँपछि आपना ठाउँमा आई वीर वानर सुबाहु वानर नल वानर ई तीन जनाले आपना सेनाले सहित गरि आपना ठाउँमा सह्यार गरिरह्यो, मुकुट वानर दशकोटि वानरले युक्त गरि ठानामा वस्यो। उत्तर द्वारमा श्रीरामचन्द्र लक्ष्मण राज गर्नुभयो। सुग्रीव प्रमुख ग्रीवांकुर वानर गवाक्ष वानर हजार कोटि वानरले युक्त गरि ठानामा वस्यो। उत्तर द्वारमा श्रीरामचन्द्र राज गर्नुभयाका ठाउँमा वस्यो। ऋषिम धूम वानर गज गवय गंधमादन दधिमुख केसरि पनस इन आदि मुख्य २ वानरहरू कोटि ऋषभगणले सहित गरि विभीषणले यमदंड जस्तो गदा ली श्रीरामचन्द्रका वचनका आज्ञा बांछा गरिकन श्रीरामचन्द्रका समीपैमा वस्यो। एस् प्रकारले सेना रह्याको देखिकन ताहाँ रावणले पनि गढ प्रासादबाट हेर्दा आपना देशमा वानरहरू भित्र आयाको हेरिकन महाक्रोधले राक्षसहरूलाई आज्ञा दियो। हे राक्षसहरू, सबै बाहिर निस्किकन वानरसित युद्ध गर्न जानु भनि एस् प्रकारले रावणको आज्ञा सुनि ताहाँ महावीर २ राक्षसहरू बाहिर निस्किकन महाशब्दले वानर सेना कम्पमान गराई सिंहनाद गरि निस्क्यो। कसो भन्या प्रलयकालमा समुद्र कराया को जस्तै कराई आयो, वानर सेनामा जाईलाई महाअघोर संग्राम भयो। पूर्वकालमा देवासुर संग्राम भयाको जस्तै प्रदीप्त गदा मुशल

शक्ति परशु आदि वीर २ राक्षसहरूले वानरलाई प्रहार गरि मान्यो। वानरहरूले पनि शैलशृंग शालवृक्ष लियेर राक्षसलाई प्रहार गऱ्यो, महा २ शिलाले अनेक वीर २ राक्षसलाई नख दन्त मुष्टिले प्रहार गरि अनेक राक्षसलाई मान्यो, पर्खालमाथि बस्याको राक्षसहरू वर्हि आईकन वानरलाई प्रहार गऱ्या, शक्ति भिंदिपाल, नाना शस्त्र अस्त्रले प्रहार गरि अनेक वानरहरू मान्यो। फेरि, नख दंतले प्रहार गरि अनेक राक्षसलाई मान्यो। एस् प्रकारले प्रलय युद्ध भयो र मांसले पर्वत जस्तो भयो। रक्तको धारा वहि गयो, एस् प्रकारले संग्राम भयो र दुवैतिरका सैन्यले सिंहनाद गरेर, पृथ्वी कंपायमान भयो। दुई समुद्र कल्लोल जस्तै शब्द भयो। परस्पर अन्योन्य युद्ध गरिकन, आपना आपना नाम ली एस् प्रकारले युद्ध भयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे युद्ध आरंभ नाम दशम सर्गः॥ १०॥

११

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि वानर र राक्षसको द्वंद्वयुद्ध भयो र महाप्रलयकाल युद्ध भयो। यश वांछा गरि अश्वारोहण गरि सुवर्णमय अलंकार लाई कालांतक यम जस्तै अग्निशिखा जस्तै ध्वजा पताका सूर्यको रथको जस्तै नाना रत्नको तेजवंत कवच लाई रथमा सुवर्णमय एक २ जना पनि दिग्गज जस्तै महायोद्धा अलंकारले संयुक्त अनेक घंटले युक्त, नाना शस्त्र अस्त्र लियेर विद्युत् प्रकाश जस्तै, सिंहले कराएको जस्तै कराईकन सिंहले हाति देष्-निपेर आयाको जस्तै सबै राक्षसहरू पृथ्वी सुद्धा कंपमान गराई सिंहनाद गरि निस्क्यो, अघोर २ राक्षस महाभयंकर कोटि २ राक्षसहरूले महा सिंहनाद गरिकन आयाको वानर हरूले देषनुभयो र महावीर वानर सबै राक्षसछेउँ जाईलाग्यो, महानाद गरि वानर राक्षससित महा द्वंद्वयुद्ध भयो, तेस् वेलामा, महातेजस्वी वलिपुत्र अंगदसित मेघनादले युद्ध गरेर प्रजंघ राक्षससित विभीषणको युद्ध भयो, तपन राक्षस र नल वानरसित महायुद्ध भयो, विरूपाक्ष राक्षस र लक्ष्मणसित युद्ध भयो, अग्निकेतु रश्मिकेतु, सुमघनज अक्षकेतु इन चार राक्षससित महाप्रतापी तेजवंत श्रीरामचन्द्रले युद्ध गर्नुभयो। वज्रमुष्टि राक्षस र मैन्द

वानरसित युद्ध भयो । असनिप्रभा राक्षस र द्विविद वानरको युद्ध भयो । जोर २ भै संग्रामको मर्यात जस्तै युद्ध गऱ्यो । आपना २ जय वांछा गरि वानर राक्षस दुवै पराक्रमी बरोबर हुन्या, सिंहसित सिंह जुझ्या जस्तै दुवै २ ले प्रहार गरि दुवैको शिरबाट रगत धारा बहि बहि गयो, वानरले नखदंतले प्रहार गरि पाषाण वृक्षले प्रहार गरि राक्षसको शरीरबाट रक्तनदी उत्पत्ति भै आयो । तेस् वेलामा प्रलय युद्ध भयो । मेघनादले गदाले लक्ष्मणका शरीरमा प्रहार गऱ्यो, इन्द्रले वज्र प्रहार गऱ्याको जस्तै । यो हेरिकन महापराक्रमी लक्ष्मणले मेघनादका रथ घोडा सारथिसमेत एकवटा वाणले चूर्ण गरि प्रहार गऱ्यो ताहाँ महाशब्द गरि लक्ष्मणले नाद गर्नुभयो । मेघनाद राक्षस भागि गयो, प्रजंघ राक्षसले तीनगोटा वाणले संपाति वानरलाई प्रहार गऱ्यो । यो हेरिकन संपाति वानरले पनि साल वृक्ष लियेर प्रहार गरि प्रजंघ राक्षसलाई पनि अत्यंत क्रोधले तपन राक्षसको आँखा झिकि समातेर भूमिमा पछारिकन मार्‍यो । महाबलियो जंबुमारी राक्षसले रथमा चढि नाना अलंकार लाई अनेक शस्त्र अस्त्रले प्रहार गऱ्यो । ताहाँ हनुमानले, महाक्रोध गरिकन कराई रथको माथि चढिकन गयो र मुष्टिले जंबुमारि राक्षसको सिरमा प्रहार गरि मार्‍यो । मित्रघ्न राक्षसले विभीषणलाई तीक्ष्ण २ वाणले प्रहार गऱ्यो । महाबलियो विभीषणले पनि अति क्रोध गरि यमदण्ड जस्तो गदाले प्रहार गरि मित्रघ्न राक्षसलाई प्रहार गरि मार्‍यो । अजंघ राक्षसले वानर सेना सबै निछला भन्याको जस्तो दगुर्दै गयो । ताहाँ वानरेंद्र सुग्रीव सप्ततालं वृक्षले प्रहार गऱ्यो र मारिकन सिंहनाद गऱ्यो । महाभयंकर विरुपाक्ष राक्षसले लक्ष्मणको शरीरमा बाण प्रहार गऱ्यो । ताहाँ लक्ष्मणले अत्यंत क्रोध गरिकन अग्निज्वाला जस्तै बाण प्रहार गरि विरूपाक्ष राक्षसलाई मार्‍या । अग्निकेतु रश्मिकेतु सुमघ्न जयघ्न ४ चारजना राक्षससित श्रीरामचन्द्र एक्लैले महायुद्ध भयो । राक्षसले श्रीरामचन्द्रकन बाण प्रहार गरेर ताहाँ श्रीरामचन्द्रको क्रोध उत्पत्ति भयो र बाणले प्रहार गरि चारै राक्षसको शिर छेदना गरिदिनुभयो । वज्रमुष्टि राक्षसको शिरमा मैन्द वानरले मुष्टि प्रहार गरि मार्‍यो, निकुम्भ राक्षसले मैन्द वानरछेउ अघिबाट दगुर्दै आयो र मेघमण्डलमा सूर्यको किरण रह्याको जस्तै नाना शस्त्र अस्त्रले प्रहार गरेर सिंहनाद गरिरह्यो । यो हेरिकन मैन्द वानरले अति क्रोध गरि साल वृक्षले प्रहार गरि निकुम्भ राक्षसलाई मार्‍यो । असनि-प्रभा राक्षसले द्विविद वानरलाई बाणले प्रहार गऱ्यो, महाबलियो द्विविद वानरले पनि असनिप्रभा राक्षसको रथमाथि गैकन मुष्टिले प्रहार गरि चूर्ण गरि मार्‍यो । यो विद्युत्मारि

राक्षस सुवर्णमय रथमा चढिकन सुषेण वानरकन बाणले प्रहार गऱ्यो। वानरोत्तम सुषेण वानरले पनि शैल शृंग लियेर रथमा प्रहार गऱ्यो। यो विद्युन्मारि राक्षस पर्वत आयाको हेरिकन चाँडै रथबाट ब्रह्मिकन बस्यो। पर्वत लागि रथ चूर्ण भयो। ताहाँ विद्युन्मारि राक्षसले महाक्रोधले गरि यमदंड जस्तो दण्ड ली चाँडै सुषेण वानरलाई प्रहार गऱ्यो इंद्रको वज्र जस्तै। तहाँ सुषेन वानरले पनि यो घाउको व्यथा सहिकन अग्निको जस्तो तेज निकासि टूलो डुंगो निकासि लियेर विद्युन्माली राक्षसको हृदयमा प्रहार गरि मार्‌यो, पृथ्वीमा पसि मृत्यु भयो। एस् वेलामा सुषेण वानरले पृथ्वी कम्पमान गराई हर्षले सिंहनाद गरि करायो। एस् प्रकारले महाप्रलय द्वन्द्व युद्ध भयेर वीर २ राक्षस सबै वानरहरूले मार्‌या, क्षण मात्रैले देवासुर संग्राममा असुरलाई मार्‌याको जस्तै मार्‌या। महाभयंकर युद्ध भल्ल खड्ग शक्ति गदा तोमर अग्न्यास्त्र नागास्त्र नागबाण नाना शस्त्र आदि अनेक हाति घोडासहित गरि अनेक चक्रको खड्ग अनेक पताका ध्वजा भग्न भै पृथ्वीमा रह्या, कसैको शिर छैन। तोमर अंकुश परशु आनि अनेक नाना शस्त्र खंड २ भैरह्याको एस् प्रकारले पृथ्वीमा व्याप्तमान भै महाभय उत्पत्ति भयो। गृद्ध आदि नाना जंतुले मांस भक्षण गरिरह्या, पिशाचहरू पनि मांस घानु पायो भनि नाच्दै २ मांस पाया, मांसाहारी पंछिले राक्षसको मांस पायो। वानर राक्षसको महासंग्राम भयो र श्यालले पनि महाशब्दले कराईरह्या। एस् प्रकारले वानरहरू राक्षसको युद्ध भयो र अनेक राक्षसहरू मार्‌या। यो मांस रक्तले पर्वत नदी जस्तो भयो, बाँकि रह्याको राक्षसहरूले महाक्रोध गरि सूर्य अस्त भयापछि एस् वानरहरूको गुमान हेरौंला भनि लंका फर्कि गयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे द्वंद्व युद्धं नाम एकादश सर्गः ॥११॥

१२

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि वानर राक्षसहरूसित महाप्रलय युद्ध भयेर प्राण सन्देह गरि महावैराग्य ली गयाका राक्षसहरूले सूर्य अस्त भयापछि दुवै पक्षको सेना पनि हर्षशोक जस्तै रात्रिको समयमा महासंग्राम भयो। अन्धकार रात्रिविषये वानरले राक्षससित

आफ्ना २ नाम लिंदै राक्षसहरूले वानर सेनालाई नाना शस्त्र अस्त्र प्रहार गऱ्यो, समात समात मार २ भनि महाकल्लोल शब्दले सिंहले कराया को जस्तै कराई श्रीरामचन्द्रको ठानामा राक्षसहरूले महाउत्पात गऱ्यो। राक्षसहरूको कालो वर्ण सुवर्णमय कवच अलंकारादि लाईरहन्या ज्योतिले रात्रिमा अध्यारो पनि भएन, दिव्यौषधिका तेजले पर्वत देषन आया जस्तै रात्रि पनि अध्यारो राक्षसको वर्ण पनि कालो, एस्ता रात्रिमा राक्षसले अनेक वानरकन मार्‌यो, फेरि वानरहरूले पनि महाक्रोधले आईकन राक्षसहरूलाई मुष्टिले प्रहार गरि मार्‌यो, अनेक राक्षसहरू इन्तुल्य भयाका राक्षसलाई नखदन्तले प्रहार गरि यमपुरी पठायो। असंख्य वानरहरूले राक्षसको अलंकारले संयुक्त भयाका रथ घोडा सारथिसमेत वानरहरू कुदि २ कन गयेर नख मुष्टिले प्रहार गरि चूर्ण गऱ्यो, रथमा चढि आउन्या राक्षसहरू सालवृक्षले महार गरि चूर्ण गऱ्यो, रथमा चढि आउन्या राक्षसहरू सालवृक्षले प्रहार गरि मार्‌यो। श्रीराम लक्ष्मणले पनि नाना शस्त्र अस्त्रले प्रहार गरि वीर २ राक्षसहरूकन मार्‌यो। एस् प्रकारले महासंग्राम भयो र अश्व हस्ति हिंड्याका वेगले धुलोले सेना छोपियाको जस्तै रह्यो। दुवै पक्षको सेनाले कराई हिंड्याको वेगले पृथ्वी कंपमान भयो, महा अघोर शब्द भयो, रगतले नदी जस्तो बह्यो, भेरी मृदंग शंख वीणा आदि बजायाको जस्तै वानर राक्षसले कराया को शब्द भयो, हाति घोडा सेना शस्त्र अस्त्रको शब्दले महा अघोर भयंकर भयो, जलवृष्टि भयाको जस्तै बाणको वृष्टि भयो, युद्धभूमिमा मांस रगतले असंख्या भयो, हेर्नु पनि बडो भयंकर भयो। महावीर महावीर राक्षसहरूले पनि अनेक वानरहरूलाई मार्‌यो, राक्षसहरूको मत गरि श्रीरामचन्द्रकन मार्नेकन शरवृष्टि गऱ्यो, महाक्रोध गरि तीक्ष्ण २ बाणले रामलाई प्रहार गरि महाशब्दले कराया। एस् वेलामा श्रीरामचन्द्रले पनि छवटा बाण जिकि छजना राक्षसको मर्मस्थानमा महार गरिदिनुभयो। यज्ञोपन महापार्श्व महोदर वज्रदंष्ट्रा सुक सारण ई छजनाहरूलाई मारेर राक्षसहरूलाई लाग्यो, निमिषार्ध मात्रैले सबै राक्षस भागिगया। दुई वानर बाँकि रह्याका राक्षसहरू वानरका तेज देषेर बाणले प्रहार गरि मार्‌यो, अनेक सुवर्णमय बाणका तेजले विद्युत्प्रकाश जस्तै शरत्कालको रात्रि प्रकाश भयो। एस् शब्दले भूमि कंपमान भयो, भल्ल कारण कृष्ण स्वर्ण इन्हरूले महाबल देषायो। ताहाँपछि महाबलिया मेघनादले अत्यन्त क्रोध गरि शरवृष्टि गरिदियो, अंगदको सैन्य अनेक मार्‌यो। ताहाँ अंगदले पनि आपना सेना मार्‌याको हेरि महापराक्रमी अंगदले महाशैल एकवटा उखेलिकन आपना शरीरमा विषये शर व्याप्त गराईरहन्या कपिसिंह अंगदले मेघनादको रथमा प्रहार गऱ्यो। ताहाँ मेघनादले चाँडै रथ छाडि भाग्यो, रथ घोडा

सारथि चूर्ण गरि मारिदियो । महाबलियो मेघनादले अट्टहास गरि श्रीरामचन्द्र लक्ष्मणलाई सर्पास्त्र प्रयोग गरिदियो । श्रीरामचंद्र लक्ष्मणलाई सर्पास्त्रले बंध गऱ्यो, प्रगट युद्धले श्रीरामचन्द्र लक्ष्मण हटाउन सकेन र कपटले मायारूप लि श्रीरामचन्द्र लक्ष्मणकन नागास्त्रले बंध गऱ्यो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे लंकाकांडे उमामहेश्वर संवादे श्रीरामलक्ष्मण शरबंधनं नाम द्वादश सर्गः ॥ १२ ॥

१३

श्रीमहादेव उवाच—हे पार्वति, त्यहाँपछि श्रीरामचन्द्रले आज्ञा गर्नुभयो, हे हनुमान, सुषेण, मुकुन्द, नील, अंगद, सप, द्विविद, महस्त, ऋषभ, दधिमुख इनहरू दश जनालाई आज्ञा गर्नुभयो । हे वानर, पापिष्ठ मेघनादले आकाशमा बसि कपट युद्ध गऱ्याको हेर भनि आज्ञा भयो र श्रीरामचन्द्रको यो आज्ञा सुनि तहाँ वानरले ठूलो सालवृक्ष लियेर आकाशमा वानरहरू गएर मेघनादलाई घोजन लाग्या । ताहाँ मेघनादले यो वानरहरू आयाको हेरि एस् पापात्मा मेघनादकन देषन नपाइकन बसि वानरछेउँ शस्त्र प्रहार गरि वानरको शरीरमा लागि महाव्यथा भयो, मेघले छोप्याका श्रीसूर्य जस्तै मेघनाद बस्यो । फेरि मेघनादले आकाशबाट वर्षिहकन वेगसारी सर्प्यास्त्रले श्रीराम लक्ष्मणकन प्रहार गऱ्यो र श्रीराम लक्ष्मणको शरीरमा महाव्यथा उत्पत्ति भयो, स्वरूप नागबाणले प्रहार गरेर शरीरमा सर्वांग रक्त-मय भयो । एस् प्रकारले नागास्त्र प्रहार गरि कालवर्ण मेघनादले रक्तनयन गरि अन्तरध्यानमा बसि श्रीराम लक्ष्मणको अग्रमा गैकन भन्यो । हे राम लक्ष्मण, तिमिहरू मनुष्य जातिले मसंग युद्ध गर्न सामर्थ छ कि तिमिहरू क्या लेषा मैले मायाले युद्ध गर्दीषेर इन्द्र जस्ता वीर कोहि छ कि ! इनले पनि मसंग युद्ध गर्नाको सामर्थ छैन, तिमिहरूले मसंग क्या युद्ध गरौला भन्यो र फेरि शस्त्रले प्रहार गरि भन्यो । हे पापिष्ठ राम लक्ष्मण, मैले तिमिहरूकन यमपुरीमा पुऱ्याउँछु । नीलांजनसदृश वर्ण मेघनादले फेरि यमस्थानमा बाणले प्रहार गऱ्यो, श्रीराम लक्ष्मणलाई हेरि २ कन बारंबार बाणले प्रहार गऱ्यो, शरवृष्टिले शरीरमा छोपिराष्याको जस्तै बाणको जालले छोपिराष्यो । हे पापिष्ठ राम लक्ष्मण, यमराजको मुख हेर्नु वेला भयेन कि भन्दै बाणले प्रहार

गऱ्यो एस् बाणका चोटले पीडा भयेर पृथ्वीमा परिरह्या। कालांतक मेघनादले श्रीराम लक्ष्मणकन नागपाशले बांधि पृथ्वी कंपमान गराई सिंहनाद गऱ्यो। श्रीराम लक्ष्मण सर्पास्त्रमा परि पृथ्वीमा बल्टीरहनुभयो। श्री रामचंद्र लक्ष्मण वीरको स्वभावले भूमि आसन गरि रहनुभयो रक्तधारा बहाईकन, एसैले अति शोभा भयो। मेघनादले श्रीराम लक्ष्मणको शरीरमा नागास्त्रले प्रहार गरिराख्याको पर्वतमा लाल २ पुष्प फुल्याको जस्तै शोभा भैरह्यो। प्रथम युद्धैमा श्रीरामचंद्र लक्ष्मण दुवै रणमा पऱ्या। इंद्रसमान मेघनादले नाना शस्त्रले प्रहार गरि श्रीरामचंद्र लक्ष्मण भूमिमा परिरह्याको हेरि पापात्मा मेघनादले हर्षमान गरि आफु जिउनु आशा देखेर बस्यो। एस् वेलामा मुख्य वानर हनुमान प्रभृति अनेक वानर आयेर श्रीरामचंद्र लक्ष्मण भूमिमा परिरह्याको हेरेर आँपावाट आसु चुहाई महाकष्टले रह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो॥

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे राम लक्ष्मण शरबेधनं नाम सर्गः ॥१३॥

१४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचंद्र लक्ष्मण नागास्त्रले बंध गरिराख्याको हेरि वानरहरू सबै दुःखको समुद्रमा परिरह्या, आँखावाट आँसु चुहाई त्रासमान गरिरह्या। पापात्मा मेघनादले वर्षाकालमा मेघले जलवृष्टि गऱ्याको जस्तै शस्त्रवृष्टि गरिराख्यो र श्रीरामचंद्र लक्ष्मणको प्राण संदेह भयो। एस्ता ठाउँमा सुग्रीव प्रमुख विभीषण, नील, द्विविद, मयंद सुखेन, कुमुद सबै वानर चाँडै आयेर श्रीरामचंद्र लक्ष्मण परिरह्याको हेरि श्रीराम लक्ष्मणको अवस्था देखेर महाशोकले बाणको जालले छोपिराख्याको वेला २ मा सर्पले श्वास राख्याको जस्तै बाण शैय्या गरि श्रीरामचंद्र लक्ष्मण अचेष्टा भै रह्याका युद्धपति वानर सबैले घुमि व्याकुल चित्त गरिकन आँपावाट आँसु चुहाईकन बस्यो। बाणको जालले छोपिराख्याको हेरि महाज्ञानी विभीषणले आकाशमार्गमा हेरिरह्या। मायाले संयुक्त मेघनादले ठुलो दुर्जय कर्म गरिकन अट्टाहास गरि अंतर्ध्यान भै रह्याका सबै राक्षसको चित्तमा हर्षमान गराउन्या एस्ता वीर मेघनादले हर्षमान गरि राक्षसहरूलाई भन्यो। हे राक्षसहरू, मेरा पराक्रम देख्यौ कि! पापिष्ठ राम लक्ष्मणको शरीरमा प्रहार गरिराख्याको नागपाश देख्यौ कि! देव दानव ऋषि आदि कसैले

फोईदिउँला भनि आउन सक्छ कि ! हे राक्षस, इन् दुईको नागपाश बंध फोई पठाउन सामर्थ कसैको छ कि ! हे राक्षसा, एस् राम लक्ष्मण मनुष्य दुईले मेरा पिताको चित्तमा महाव्यथा दि शोक शय्या गराईराख्या । लंकापुरिमा व्याकुल गर्न्या वर्षाकालमा समुद्रले व्याकुल गर्न्या वर्षाकालमा समुद्रले व्याकुल गऱ्याको जस्तै राक्षसको कंटक भयाको अब मैले मारिसक्यौं, शरत् कालको उ···माऱ्याको जस्तै श्रीरामचंद्र लक्ष्मणलाई मारिसक्यौं । एस् प्रकारले मेघनादले आफ्ना महिमा आफैले गरि सेनापति सबैलाई भन्यो र महाशब्दले सिंहनाद गरि राक्षसहरू बल प्रसाद पाईरहन्या पापात्मा मेघनादले श्रीरामचन्द्र लक्ष्मणकन नागास्त्रले बंध गरि धनुषको टंकार शब्द गराई अट्टाट्टहास्य गरि राक्षसहरूलाई भन्यो । हे राक्षस, हेर २, भयंकर नागपाशले बंधन गरिराख्याको हेर २, कस्ता संग्राम गऱ्यो भनि नाना प्रकारले क्रुरा गरेर ताहाँ राक्षसहरूले अति विस्मय गरि भन्यो । हे मेघनाद, तिमि धन्य २ लंकाको कंटक तिमिले माऱ्यो भनि सबै राक्षसहरूले अनेक पूजा मान्य गरि मेघनादको गुण प्रशंसा गरि सिंहनाद गरि रह्यो । श्रीरामचन्द्र लक्ष्मण पृथ्वीमा निश्चय सबै पल्टिरह्याको मेघनादले हेरिकन संग्राममा जय भयो भनि चित्ताई महाहर्षमान गरि सबै राक्षसहरू पछि २ लाई महाशब्दले नाद गरि लंकामा फिरि गयो । ताहाँपछि श्रीरामचन्द्र लक्ष्मणका शरीरमा बाण व्याप्त भैरह्याको हेरिकन वानरेन्द्र सुग्रीवको महादुःख भय उत्पत्ति भयो र व्याकुल नेत्र गरि शोकले नेत्रबाट आँसु चुहाई निहुरिकन रह्यो । एस् प्रकारले रहनुभयाको सुग्रीवलाई हेरि विभीषणले भन्न लाग्यो । हे सुग्रीव, तपाल्लिले तेसो शोक नगर्नुहवस् , शोक छोडि दिनुहवस् संग्राममा एस्तै हो, एस्ता संकट संग्राममा क्यान शोक लिनुभयाको । हे सुग्रीव, तिमिले शोक गऱ्यापछि वानरहरू सबै डराउँछन् , वानरहरू डरायापछि राक्षसले मोह छाडला । हे सुग्रीव मित्र, धीर गर्नुहवस् , हामिलाई ज्या चाहियाको अहाउनुहवस् । श्रीरामचन्द्र लक्ष्मण सत्य धर्ममा रहन्या यो कसो मृत्यु होला । हे वीर सुग्रीव, मोह सन्ताप त्रास तपाल्लिले छोड्नुहवस् भनि एस् प्रकारले बोधना दिएर सुग्रीवको उत्तम नेत्रमा आँसु पुछिदियो । अति शोकले पीडा गराईरहनुभयाको सुग्रीवको हजूरमा बसि विभीषणले फेरि बोधना दिनाकन लाग्यो । हे सुग्रीव, तेसो शोक गर्नु वेला होइन, एस्कारण विलाप छोड्नुहवस् । तेसै बस्या कार्यनाश होला, कार्यनाश भयापछि क्या गरौं ! एस्कारण शोक गर्नु छैन । श्रीरामचन्द्र लक्ष्मणसहित वानर सेनाका निमित्तले हित गर्नुहवस् । श्रीरामचन्द्र लक्ष्मणको चैतन्य नभयासम्म तपाल्लि ताहाँ बसिकन सह्यार गर्नुहवस् , मैले सैन्यकन सह्यार गरौंला । हे सुग्रीव, राम लक्ष्मण पापदेह होइन केहि हुँदैन, श्री शोभाले पनि छाड्याको छैन, हेर्नुहवस् ।

एस्कारण त्याग भयाको छैन, एस्कारण आपना आत्मा आफैले वोध गर्नुहवस् , अधिको जस्तै सेना ठाउँ २ मा पाँजि राघनुहवस् भनि मलाई आज्ञा दिनुहवस् । हे सुग्रीव, तिमि हामिसित वसेर सवै सेना त्रासमान भैरह्या, एस्तै भैरह्याका ठाउँमा तिमि हामिले हर्षमान गरि गयादेपि वानरहरूले भय त्रास छोडछन् भनि येस् प्रकारले सुग्रीवको हजूरमा कुरा गरेर श्रीरामसित अति स्नेह गरिरह्या । विभीषण चाँडै उठेर आपना मंत्रीहरू चारैलाई बोलायेर ठानामा वस्याका वानरहरू भागि गयाका फिराई ल्यायेर ठाउँमा राषि वलले संयुक्त गरि वस्या । इहाँपछि पापात्मा मेघनाद सैन्यसहित गरि लंकाभित्र गैकन आपना पिता रावणको हजूरमा वसि दंडवत् गरेर हात जोरेर विन्ति गऱ्यो, हे पिता रावण, तपाईको प्रतापले पापात्मा रामचन्द्र लक्ष्मण मैले मरिसक्यौं भनि यो वचन सुनि ताहाँ रावणले महाहर्षमान गरिकन सिंहासनवाट उठि आईकन आपना पुत्र मेघनादकन अंकमाल गरि शिरमा चुम्बनादि गरिकन चित्तमा आनन्द गरिकन सवै वृत्तान्त सुनि सिंहासनमाथि गैकन वस्यो । ताहाँ मेघनादले आफुले गरि आयाको पराक्रम सवै सुनायो र ताहाँ रावणले अत्यन्त हर्षमान गरि भन्न लाग्यो । हे पुत्र मेघनाद, तिम्रा पराक्रम त्रैलोक्यमा पनि जितनु सामर्थ छन् । एस्ता निर्गति मनुष्यले क्या गर्ला ! हे पुत्र, तैले गऱ्याको पराक्रम देखि मेरा चित्तमा हर्षको भन्दा हर्षमान भयो । एस् पापात्मा रामचन्द्र मलाई ठुलो सन्ताप गरिराख्योथ्यो, अव एस् रामचन्द्र मारेर मेरा महाआनन्द भयो । हे पुत्र, तैले भन्याको पराक्रमले लंकामा मैले सुख गरि वस्न पायौं । एस् प्रकारले पुत्रसँग कुरा गरि पुत्रको मुख हेरि सुखले आनन्दले गरि वस्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे श्रीरामचंद्र लक्ष्मण शरबन्धः रावणहर्ष नाम चतुर्दशः सर्गः ॥१४॥

१५

श्री सदाशिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचंद्र लक्ष्मण शरबंध गरिरहनुभयाको ठाउँमा सुग्रीव आदि सवै वानरहरूले रक्षा गरिरह्यो । हनुमान, अंगद, नील, गवय, गवाक्ष, हरित, जांवुवान, ऋषभ, संपाति, रंभ भन्या वीर २ वानरहरूले व्यूह वनाई वृक्ष पाषान ली दश

दिशामा पनि हेरि अध उर्ध्व हेरिरह्यो । वानरहरू केहि शब्द आया पनि राक्षस आयो भनि चिताई त्रासमान गरिरह्यो । त्याहाँपछि मेघनादले आफ्ना पिता रावणकन क्रुरा सुनायेर आनंद गरि भन्न लाग्यो, हे पिता, तपाञ्चिले सुख भोग गरि लंका सह्यार्नुहवस् भनि एस् प्रकारले मेघनादको वचन सुनि रावणले पनि भन्न लाग्यो । हे पुत्र मेघनाद, तेरो प्रसादले मैले सुख भोग गरौंला, लंकामा पनि रक्षा गरि वसौंला, तँ अब आफ्ना ठाउँमा वस्न जा भनि विदा दियो । उत्तम कर्म गरि आउन्या पुत्रकन आदर मान्य गरि फिराई पठायेर इहाँ रावण आफ्ना गृहमा गयेर चिंतना गरिरह्यो, हाई २ कस्तो मेघनादको वल ! इन्द्रादि देवले पनि गर्नु सामर्थ नभयाका ई कर्म गरि आयो । अब मेरो संताप हऱ्यो, अब श्रीरामचन्द्र मऱ्या लक्ष्मण पनि मऱ्या भनि सुन्या रामका निमित्तले सीताले प्राण छोडछन् यो एकमात्र मेरो मनमा शंका छ । फेरि चिंतना गऱ्या स्त्रीजातिको चंचल चित्त हो, अरू स्त्रीजातिले वुझायादेखि स्त्रीजातिले वुझायाको सीताले मछेउँ प्रेमभावना गर्निन् भनि अब सीताका ठाउँमा चौकी राख्याको राक्षसिनी चारजना छन् इनहरूलाई डाकेर वोध गराउँला भनि एस् वेलामा सीताको मनमा हर्षमान होला भनि रावण नाना प्रकारले चिंतना गरि राक्षसिनी चारजनालाई डाकन पठायेर यी राक्षसिनीहरू आफ्ना हजूरमा राखि ताहाँ रावणले आज्ञा गर्नुभयो, हे त्रिजटा, तिमिहरूले रक्षा गरिराख्याको सीताको स्वामि श्रीरामचन्द्रकन मेरा पुत्र मेघनादले मारि-राख्यो भनि ताहाँ रावणले आज्ञा गर्दो भयो । यो क्रुरा सबै ताहाँ तिमिहरूले सीतालाई सुनाउनुपर्छ । तिमिहरूले सीतालाई सुनायेर पनि प्रतीत नभया मेरा पुरुष पुष्पक विमानमा राखि रणभूमिमा श्रीरामचन्द्र लक्ष्मण पृथ्वीमा परिरह्याको तिमिहरूले देखाउ । यो सीताले श्रीरामचन्द्रछेउँ आसा राखि मछेउँ चित्त राखेन, एस्कारण सीताको आस् छोड्याउनुपर्छ । एस् प्रकारले गऱ्या श्रीरामचंद्रको आस मारि मेरा वश्यमा आउ, ढेरकाल भयो श्रीरामचन्द्र सीता वसौंला भनि वांछा गरिरह्याको । हे त्रिजटा, तिमिहरूले यो आसा छोड्याउनुपर्छ । अब सीताले मछेउँ निश्चयले चित्त राख्ला भनि एस् प्रकारले पापात्मा रावणले आज्ञा दियो । यो वचन सुनि ताहाँ त्रिजटा राक्षसिनीहरूले रावणको पुष्पक विमान लियेर सीता वस्याको ठाउँमा गैकन भन्न लागिन् , हे सीता, तिम्रा प्रभु श्रीरामचन्द्र लक्ष्मणसहित गरि मान्यो, अब तिमिले दुख नलिनुहवस् । तिमि प्रतीत नभया यो पुष्पक विमानमा राखिकन रणभूमिमा देखाउँछु हिंड भनि एस् प्रकारले भनि र सीताले पनि महादुःखले रोईरहनुभईन् । ताहाँ राक्षसिनीहरूले वुझाया र पुष्पक विमानमा राखि रणभूमिमा श्रीरामचन्द्र लक्ष्मण देखाउँछु भनि आकाश

गार्गले लैगै। एस् वेलामा रावणले लंकामा लोकको उत्साहा गर्नाका अर्थले श्रीरामचन्द्र लक्ष्मण मऱ्या भनि ध्वजा पताका नाना मंगल वाद्य वाजा वजाउनुपछ भनि पठायेर लंकामा नाना मंगल गऱ्या। ताहाँपछि त्रिजटाले सहित गरि सीतालाई पुष्पक विमानमा राखि लैगयाका वेलामा सीताले लंकामा वडो उत्साहा गऱ्याको देख्नुभयो, ध्वजा पताका आदिले नाना मंगल वाद्य वजाई रह्याको हेरि रणभूमिमा पुगेर वानर सेना हेर्नुभयो, असंख्य वानरको सेना राक्षसको सेना पनि हेर्नुभयो। राक्षस सेनाको नाना उत्साह गरिरह्याको हेरि चित्तमा त्रासमान गरि सीताले वानरसेना देखनुभयो र वानरहरू महाशोकले व्याप्तमान गरिरह्याको हेरि रोईरह्या, कोहि पर्वतसमान वानर मरिरह्या। एस् वेलामा रावणले व्याप्तमान गरिरहनुभयाको श्रीरामचन्द्र लक्ष्मणकन देखनुभयो। वाणले शरीरमा पीडा गराई कवच खंड २ भैरह्याको हेर्नुभैकन, सीताले महाशोक गरिकन आँषामा आसु चुहाई शरीर कंप गराई सीताले महाशोक गर्नुभयो। श्रीरामचंद्र लक्ष्मण देवसदृश देह भूमिमा पर्न्टी मृत्यु भयाको हेरि महाअद्भुत मानि सीताले शोक गर्नुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे सीताराम लक्ष्मण दर्शनं नाम सर्गः ॥१५॥

१६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि सीताले आफना स्वामी श्रीरामचन्द्र, लक्ष्मण मऱ्याको हेरि सीताले महाशोक गरि आँषावाट आसु चुहाई आज्ञा गर्नुभयो, हाई २, क्या आश्चर्य! श्रीरामचन्द्रको एस्तो अवस्था भयो भनि नाना प्रकारले विलाप गर्नुभयो! हाई २, लक्ष्मण आदि गरि ठुलो २ ब्राह्मणहरूले मकाई आज्ञा भयाको छ, हे सीता, तिमि विधवा हुँदैनौ भन्या यो क्रुरा सवै झुट्टा क्रुरा गऱ्यो। ठुला पुरुष तिमिकन स्वामि पाउला, यो स्वामिसित राणि भै महा २ यज्ञमा अभिषेक लिनान् भन्याको यो क्रुरा सवै व्यर्थ भयो। विद्वान् जैसि ब्राह्मणहरूले भन्याको छ तिमिले पुरुष आदि गरि अनेक यज्ञ हेरि विश्रासन गर्ला भन्या एस्ता ज्ञानीहरूका वचन व्यर्थ भयो। यो ज्ञानीहरूले अनेक क्रुरा गऱ्या, हात गोडामा पद्मले रेखा भयाका स्त्रीले आफनु पुरुषले स्त्रीसहित गरि राज्याभिषेक छेका भन्यो, विधुवा हुँदैन विधुवा हुन्या लक्षण शरीरमा छैन भन्यो। हाई २! यो क्रुरा सवै व्यर्थ भयो,

म विधुरा भयाँ। स्त्रीको लक्षण सबै तिमिछेउ छ भन्यो, केश पनि भूषनिवर्णज, सानु पैतालामा पद्मलेषा छन्, गोलिगाँठा सानु, नङमा चिन्ह भयाका छन्, स्तनयुग्म पनि अंगुष्ठ प्रमाण चेप्टो भयाको छ, गंभीर नाभि, उच्च अति निर्मल देह एस्ता शरीर व्यर्थ भै नाशियो। हाय २! कुन् देवताले मेरा प्रभुकन एस्ता अवस्था गराईराख्यो! कस्ता श्रीरामचन्द्र भन्या सर्व-भूतको प्राणि हुनुभयाका, महाकोमल वचन, अप्रिय वाणी कसैसित गरेनन्, श्रीरामचन्द्र महाकष्टले रहनुभयो। हे राक्षसिनी, एस्ता श्रीरामचन्द्रको भ्राता लक्ष्मण पनि अचेष्टा भै भूमिमा पल्टीरह्याको यो हेरिकन पनि मेरा हृदयमा छुरिले घोचिदिया जस्तै भयो। हाय २! अनेक लोकले भंछन्, ठुलो वीरको कलाले संयुक्त भयाका पुरुष पाई आयोध्यामा राणि हुनान् भन्यो यो सबै झुट्टा भयो। ज्ञानी, तिमि शास्त्र जान्याहरूले तिमि सुखि हुनान् भन्यो, यो कुरा पनि व्यर्थ भयो। हाय २! श्रीरामचन्द्रले अयोध्या छाडि जैल्हे आउनुभयो उस दिनदेखि मेरा निमित्तले रातोदिन दुःख लिनुभयो, अनेक भयंकर ठाउँमा राक्षसहरूकन माऱ्या मलाई रक्षा गरि ल्याउनुभयो। हाय २! सागर समुद्रमा सेतुबंध गरि आउनु-भयो र प्राण छोडनुभयो। एस्ता संग्राममा शस्त्रले पनि रक्षा गरेनन्! हे शस्त्र अस्त्र, तिमिहरू दिव्यास्त्र वारुणास्त्र वायव्यास्त्र, इन्द्रास्त्र अग्न्यास्त्र एस्ता २ अस्त्रले पनि श्रीरामचन्द्र लक्ष्मणकन रक्षा गरेन। हाय २! पापात्मा मेघनादले अट्टाट्टहास्यले संग्राम गरिकन इन्द्रतुल्य श्रीरामचन्द्र लक्ष्मणकन मारेर मलाई अनर्थ गऱ्यो, कपट युद्ध गरि देषन नपाईकन वस्यो र श्रीरामचन्द्र लक्ष्मणकन माऱ्यो। हाई २! कालले मयन गर्नुहुन्या रहेनछ। श्रीरामचन्द्र जस्ता पुरुष लक्ष्मणसहित गरि पृथ्वीमा शय्या गरि प्राण छाडि जानुभयो। हाई २! दैवले गऱ्याको जस्तो पो हुन्याछ, बलियो पराक्रमी भन्नु छैन। हाई २! श्रीरामचन्द्र लक्ष्मण सीतासहित गरिकन फिर्नुहोला भनिकन चौध वर्ष भयापछि कौशल्या सुमित्राले आसा राषिरहनु-होला। एस्तो कष्ट कहिं छैन, महादुःख! हे राक्षसिनी, एस्ता कष्ट मैले कसो गरि सहनु भनि एस् प्रकारले सीताले शोक गर्नुभयाको हेरि ताहाँ त्रिजटा राक्षसिनीले भन्न लाग्यो, हे सीतादेवि, तपाचिले शोक गर्नुभयाको हेरि मेरा मनमा अति करुणा लाग्यो। हे देवि, अति रुनु छैन, तपाचिका स्वामि जिउँदै छन्। हेर २, प्राण गयाको लक्षण छैन, निको गरिकन विचार गर्नुहुन्स्। श्रीरामचन्द्र लक्ष्मणको सेनाहरू, वानरहरूको मुख उज्यालो छ। सेनापति गयाका कसैको हर्षमान हुन्याछैन अब इन्हरूको एस्ता स्वभाव भयाको छैन। हे सीतादेवि, यो पुष्पक विमान कुबेरको पो हुन् यो पुष्पक विमानमा बसि हेन्यादेषि मऱ्याको र जियाको चिन्ह हुन्छ, अब

श्रीरामचन्द्र लक्ष्मणले प्राण छोड्याको चिन्ह भयाको छैन हेर्नुहवस् । हे सीतादेवि, श्रीरामचन्द्र मऱ्या यो पुष्पक विमानमा तपाञ्चि चहनु छैन, विधवा भयाका यो पुष्पक विमान राघदैनन् । एस्कारण विचारन गरि हेर्नुहवस् श्रीरामचन्द्र लक्ष्मण निश्चय मऱ्याको छैन । हे देवि, श्रीरामचन्द्र मऱ्या वानरको मुख उज्याळो हुन्याछैन, सेनापति मऱ्या यो वानरहरू फिरि जाँदैनन् कि कसोभन्या नाउचार नभया नाउ जाहाँ ताहाँ जाँदैन कि । हे सीता, हेर २ वानरको चित्तमा अधिक त्रास भयाको छैन, निश्चय २ हे सीतादेवि, यो व्यक्त गरि हेर्नुभैकन तपाञ्चिले शोक छोड्नुहवस् , यो अनुसारले चिन्तना गरि कष्ट छाडि चित्त दृढ गरिरहनुहवस् । हे सीतादेवि, सत्य २ मैले भन्यो कैले पनि तपाञ्चिका हजूरमा मैले झुट्टा कुरा गऱ्याको छैन, अवदेखि अघि पनि गऱ्याको छैन । हे सीतादेवि, म राक्षसिनी भया तपनि अरूका अहित केहि गऱ्याको छैन । मैले लवारि कुरा पनि गऱ्याको छैन, म एस्ता राक्षसिनीका वचन सुनि प्रतीत हुँदैन । हे सीतादेवि, श्रीरामचन्द्र लक्ष्मणकन संग्राममा जित्न कस्तो सामर्थ छ ! इन्द्रादि देवताले पनि सामर्थ छैन । यो कुरा जानिकन पो तपाञ्चिकन बोध गर्नाका निमित्तले विन्ति गऱ्यौ । तपाञ्चिले व्यक्त गरि हेर्नुहवस् , बाणका जालले छोपिराख्याका निमित्तले लक्ष्मणको मुख मात्र अलिक मलिन भैरह्यो तैपनि श्रीशोभाले छोड्याको लक्षण लक्ष्मणको भयाको छैन मुप हेर्दैमा थाहा हुन्छ । अनेक वानर राक्षसहरू रह्याका इन्हरूको मुख हेर, श्रीरामचन्द्र लक्ष्मणको मुख पनि हेर तपाञ्चिले पनि सबै जान्नुहुन्छ, एस्कारण शोक दुःख छोड्नुहवस् । हे सीतादेवि, श्रीरामचन्द्र लक्ष्मणका निमित्तले अति दुःख नलिनुहवस् भनि एस् प्रकारले यो त्रिजटा राक्षसिनीले सीताकन बोध दी र ताहाँ सीताले पनि राक्षसिनीछेउँ हात जोरि आज्ञा गर्दा भइन् । हे त्रिजटा, तिमिले भन्याको जस्तै राक्षसिनीहरू चौकि राखि रहनुभयो, अनेक पुष्प नाना वृक्षले संयुक्त भयाको एस्ता अशोक वनिकामा बसि सीताले श्रीरामचन्द्र लक्ष्मणको अवस्था भयाको समझि अति शोक गरिकन रहनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो, ब्रह्माले नारदकन सुनाउनुभयो । एस्कथा सूतले सौनकादि ऋषिहरूकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे सीता विलापो नाम षोडशः सर्गः ॥१६॥

१७

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्र लक्ष्मण शरबंधले पीडा गराई नागले निःश्वास गऱ्याको जस्तै निःश्वास रावेर रक्तले शरीरमा व्याप्त गराई एस् प्रकारले घेरै बेरसम्म अचेष्टा भैरहनुभयो । ताहाँपछि श्रीरामचन्द्रको मात्र अलिक् चेष्टा भयेर हेर्नुभयो रक्त-मय देहमा नागपाशले बन्धन गरिराख्याको सुग्रीव आदि वानरले घेरिरह्याको मुख पनि मलिन गराई अनेक शस्त्रले व्याप्त भयेर अचेष्टा भैरहनुभयाका लक्ष्मणको मुख हेरि आज्ञा गर्नुभयो, हा! हा! पापात्मा रावणले सीता लैगयाका निमित्तले लक्ष्मणको एस्ता अवस्था भयो, सीता पनि उसै वेलामा मसित संसर्ग गरिकन आया! एतिसम्म क्यान होला आफ्ना शरीर कुशल भया एस्ता उनकन क्याको धंदा, अब कसो गरौं! कसो भ्राता मऱ्याको हेरिरहनु। हाय २! मेरा मनमा केहि दुःख भयामा नाना प्रकारले बोधना दिन्छ, मेघले चिंतना गऱ्याको जस्तै अब कस्ले मकन बोध देला। हाय २! मेरा माताहरू तीनैजना कौशल्या सुमित्रा कैकेयीले तीनैकन बरोबर गरि रह्या, तीनै जनाले पनि मकन दया राख्नुहुन्छ। सूर्यवंशी आया पनि सागर सुक्या पनि मुष्टिले रह्या पनि कोशल्या सुमित्रा इन् दुवैले हामि दुईछेउँ चित्त राषनुहुन्छ। हाय २! मेरा भ्राता लक्ष्मण, धर्मात्मा, भयो र सबै छाडि मसित संसर्ग भै पाईकन बोधना गर्नाका निमित्तले विति गऱ्यो तपाञ्जिले व्यक्त गरि आयो। सप्त पाताल नास्या पनि उन्ले मकन छाडन्याछैन संसर्गले रहन्छन्। एस्ता भ्राता लक्ष्मण नभैकन मैले कसो गरिकन प्राण धारणा गर्नु भनि हाय २ ठुलो भारले मिचदा उठ्न नसक्याको जस्तै महापीडा भयो। हाय २! कस्ता सीता दुरात्मा राक्षसको हातमा पऱ्या तस्तैले पनि हत्पत् छैन अनेक युक्तिले फिराई ल्याउनु पनि भरोसा छ, लक्ष्मण जस्तो भ्राता केहि यत्नले पनि पाउनु कष्ट। हाय २! मसँग आउन्या भ्राता नभैकन जानुपऱ्यापछि कौशल्या, सुमित्राले लक्ष्मण काहाँ गयो भनि भंदिषेर मैले क्या भनि सुनाउनु! पुत्रको कालच गरिरहनुभयाको सुमित्राले शोक गऱ्यापछि मैले क्या प्रकारले बोध गर्नु! हाय २! यो दुःखले दग्ध गरायेर मेरा प्राण जान लाग्यो। हे भ्राता लक्ष्मण, तिम्रा मुख देषाउनु नशक्यापछि तिम्रा माता सुमित्रालाई कसो गरि बोधना दिनु। भरत शत्रुघ्नले लक्ष्मण षोई भन्यापछि मैले क्या भन्नु, मेरा भ्राता लक्ष्मण काहाँबाट ल्यायेर देषाउनु! कौशल्या सुमित्राले भन्यापछि मैले क्या भन्नु, लक्ष्मण नभैकन कसो राज्य फिरि

जानु । मेरा एस्ता भ्राता नभैकन म जियाको क्या प्रयोजन, धिक्कार मेरा जन्म ! कैकेयी माताको वचनले लक्ष्मणको प्राण गयो । हाई २ ! कस्ता लक्ष्मण भन्या मेरा चित्तमा विकल्प भयामा मेरा आत्मा पुसि गराई, बोधदी रापदछन् अब कसले प्रबोध गर्ला । यो कसो गरि मैले सहनु, एस्ता वीर पराक्रमी भ्राता मैले काहाँ पाउनु । अनेक राक्षसलाई संग्राममा मारिरहन्या एस्ता मेरा भ्राताकन पापात्मा मेघनादले कपट युद्धले मान्यो । हाई २ ! अयोध्या छाडि मेरा संसर्ग गरि आयो । अब मैले पनि मेरा भ्राता लक्ष्मणको संसर्ग गरि आयेर यमपंथमा जान्छु, मेरा भ्राता लक्ष्मणसित वस्न जान्छु भनि श्रीरामचन्द्रले आज्ञा भयो । मेरा अति प्रिय भ्राताकन मैले घटिया काम गराई भ्राता लक्ष्मणले यस्ता अवस्था पायो, एस्ता भाई मैले काहाँ पाउनु । मैले क्रोध गरि रहँदामा मेरा मनमा क्रोध शांत गराई कुरा गर्दछन्, छिद्र वचनले मकन कैल्हे पनि भन्याको छैन, कोहि दरिद्र आया पनि हेरिकन द्रव्य आदि दियेर प्रतिपाल गरिराषदछन् । मैले पालिराष्याको भनि छिद्र वचनले कसैलाई बोल्याको छैन । हाय २ ! हे भ्राता लक्ष्मण, संग्राममा तिम्रा जोरा भै जानु कसैको सामर्थ छैन, पाँचशय छशय बाण एक क्षणमा प्रहार गर्नु सामर्थ सहस्त्रार्जुन तुल्य । मेरा भ्राता सहस्रले शस्त्र मार्नु समर्थ भयाका, देवराज इन्द्रको शस्त्र पनि व्यर्थ गर्नु सामर्थ भयाका एस्ता पराक्रमी लक्ष्मणकन पापात्मा मेघनादले मारि पृथ्वीतलमा शय्या गरिराष्या । अब मेरा भ्राता लक्ष्मणको ज्या गति भयो सो गति मैले पनि लिउँला एकवटा वचन मात्र मिथ्या भयो । हे मित्र सुग्रीव, अब मैले लक्ष्मणको गति निश्चयले लिउँला । वानरसहित गरिकन गै रावण मारौंला भनि अंगीकार गरि आयौं । यो सबै व्यर्थ भयो दैवले च्याति लैगयो । हे मित्र सुग्रीव, अंगद प्रमुख भर वानरसहित सबै किस्किंध्यामा फिरि गैकन राज्य सञ्चार गरि वस्न जानुहवस् अथवा कदाचित् तपास्विहरू सबैले रावण मारौला भन्या पनि मेरा मनमा प्रतीत छैन । कानालाई ऐना देषायाको जस्तो भयो । हे हनुमान, मेरा निमित्तले तिमिले ठुलो पराक्रम गर्‍यो अनेक राक्षस पनि मार्‍यो । ऋक्षराजको राजा धूम्राक्ष पनि मार्‍यो । हे जाम्बु वानर, मेरा निमित्तले तिमिले अनेक दुःख तिमिहरूले पायो मैन्दले पनि सुषेनले पनि नाना प्रकारले युद्ध गरि भयानक २ कर्म गर्‍यो । निलनकेशी, संपातिले पनि ठुलो २ कर्म गर्‍यो, गवय गवाक्ष गज पनस अनेक वानरले पनि मेरा निमित्तले प्राणत्याग गर्नाकन इछा गर्‍यो । हे मित्र सुग्रीव, एति वानरले पनि अनेक प्रकारले पनि दैवले हरण गरि लैगयो । मेरा निमित्तले तपास्विको वानरहरू अनेक मारिदिशक्यो, अब मैले क्या गरौं । हे मित्र सुग्रीव,

तपाविहरू सबै आफ्ना २ राजगृहमा फिरि जानुहवस् भनि एस् प्रकारले श्रीरामचन्द्रले नेत्रबाट आँसु चुहाई दुःखले आज्ञा गर्नुभयो र ताहाँ वानरहरू सबैले श्रीरामचन्द्रको कष्ट वचन सुनि महाकष्टले नेत्रबाट आँसु चुहाई रह्यो। ताहाँपछि विभीषणले चित्त दृढ गरिकन ठाउँ ठाउँमा वानर राषि गदा लियेर सबैकन बोधना दियेर फर्कि आउँदा त्यो विभीषणले देख्यो र ताहाँ वानरको चित्तमा दृढ गर्नु सकेन र मेघनाद आयो भनि चिताई वानरहरू भागि गयो। शरत्कालको मेघ वायुले उठाई लैगयाको जस्तै वानरहरू सबै भागि गयो, श्रीरामचन्द्र लक्ष्मण मऱ्या भनि चिताई वानरहरू भाग्यो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे श्रीरामचन्द्र विलापो नाम सर्गः ॥ १७ ॥

१८

श्री शिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रको कष्ट वचन सुनि सुग्रीवले र अंगदलाई भन्न लाग्या, हे अंगद, क्या निमित्तले वानर सेना सबै भाग्या! सागर समुद्रमा नाउँ फुटिकन भाग्याको जस्तै भाग्यो भनेर एस् प्रकारको वचन सुनि ताहाँ अगदले भन्न लाग्यो, हे कनिष्ठ पिता, क्यानभन्या श्रीरामचन्द्र लक्ष्मणकन शरजालले छोपि रक्तमय देह गराई-रहनुभयाको निमित्तले ताहाँ वानरहरू महात्रासले भागि गया। वानरको स्वभाव चंचल हुंछ, केहि हेतु नभैकन भागि जानु कस्का समर्थ होला एस्कारणले यो भागि गया भनि सुग्रीवले यो वचन सुनि ताहाँ अंगदकन आज्ञा गर्न लाग्या, हे अंगद, वानरहरू भागि गयाको हेतु छ, सबैको विस्मय वदन गरि शिला वृक्ष छाडि दश दिशामा भागि गया, त्रासले लाज मानि पछि २ हेर्दै भाग्दै गऱ्यो भनि एस् प्रकारले सुग्रीवले कुरा गरिरह्याका वेलामा विभीषणले गदा लि आयाको देखि सुग्रीवका मनमा चितायो वानरकन भय एस्तैले भयो भनेर। हे धूम्र वानर, एस् निमित्तले वानरहरू डराया कि विभीषण आयाको मेघनाद आयो भनि चिताई यो हेतुले यो भागि गया। अब एसै वसिरहनु होइन, हे धूम्र, चाँडै तिमि गैकन वानरहरूकन फुल्याई ल्याउनुपर्छ। हे धूम्र वानर, सबै वानरहरू फिराई ल्याई आफ्ना २ ठाउँमा राषि

धूम्र वानरले सुग्रीवकन ताहाँ ऋक्ष पनि धूम्र वानर दगुर्दै गयेर वानरहरू सबै फिराई ल्यायेर आपना २ ठाउँमा राखि धूम्र वानरले सुग्रीवकन उत्तरा सुनाउनुभयो र श्रीराम लक्ष्मणका समीपमा बसि चिंतना गर्नुभयो। एस्ता तरहले विभीषण आई चिंतना गरि भन्न लाग्या, हाई, अऊसम्म चेष्टा भयाको छैन क्या भयो भनि जलले आँपा पुछेर श्रीरामचन्द्र लक्ष्मणको मुख हेरिकन ताहाँ विभीषणले महाशोक गरि भन्न लाग्या। कसो आश्चर्य! एस्तो सुन्दर पुरुष कोहि छैन, अैल्हे हामीनिकन दुवै महापराक्रमी एस्ता पुरुषकन पापात्मा मेघनादले कपट युद्ध गरिकन एस्तो अवस्था भयो। कुपुत्र पापात्मा दुर्व्याधि अज्ञानी चाँडाल मेघनादले धर्मयुद्ध गर्न सामर्थ्य नभयाका, हाय २ श्रीरामचन्द्र लक्ष्मणको शरीरमा शस्त्रले व्याप्तमान गरिकन नागास्त्रले बंधन गरिराख्यो, हाय २ रक्तमय देह गरि वसंत ऋतुका समय पर्वतविषे पलाशको फूल फुल्याका जस्तै त्यो रणभूमिमा व्याप्त गरिराख्यो। त्रैलोक्यमा पनि दुर्ल्लभ पुरुषकन पापात्मा मेघनादले भूमि सबै व्याप्त गराई एस्तो अवस्था गरिराख्यो धिक्कार मेरो जन्म! श्रीरामचन्द्रका कृपाले मेरो मनमा हर्षमान गरिरह्या। हाय २! अब मेरो जिउ बाचनुको आशा छैन, हे दैव, म जिउँदै मर्‍याँ। ऐल्हे श्रीरामचन्द्र लक्ष्मण मर्‍यादेखि मेरो दाज्यु रावणको प्रतिज्ञा साफल भयो भनि हाय २! कस्ता विधाताले मलाई एसो गरायो। मेरो जन्म धिक्कार भनेर नेत्रबाट आँसु चुहाई दुःखले अत्यंत विलाप गरिरह्या। यो विभीषणको बचन सुन्दा ताहाँ सुग्रीवले अति कोमल बचन गरिकन विभीषणको हात समाति, प्रबोध बचन बोल्नुभयो, हे विभीषण, तेस्तो शोक दुःख नगर्नुहवस्, तपाञ्जिले चित्त दृढ गरि हेर्नुहवस्, हे विभीषण, मेरा मित्र श्रीरामचंद्रले लंकामा राजा तपाञ्जिकन गरौंला भनि प्रतिज्ञा गरिराख्यो, यो गर्नु सबै तपाञ्जिकन यो अवस्थामा पर्‍यो। अब एसो भयो भनि उनकन कस्तो निंदा गर्नु! मैले एस्ता मित्र पाईकन श्रीरामचन्द्रको एस्तो अवस्था कसोगरि हेरि बस्नु! हे हनुमान, जाउ २ श्रीरामचन्द्र लक्ष्मण दुवैकन किष्किंधामा राखि आउ। श्रीरामचन्द्रको अंगीकार गरिराखनुभयाको रावणलाई मारी फिराईल्यायेर लंकामा विभीषणकन राजा गरि आउँला। हे हनुमान, एसो गर्न नशक्या राक्षसित युद्ध गरि मेरो प्राण छोडि श्रीरामचन्द्रका संसर्गले बस्न जान्छु। हे विभीषण, मेरा पराक्रमले त्रैलोक्य पनि दग्ध गर्न सामर्थ छ। अनेक वानरसहित गरिकन लंकामा जति भयाका राक्षसहरूकन मारि निश्चयले तपाञ्जिकन राजा गरौंला, श्रीरामचन्द्रको प्रतिज्ञा मैले शिरमा राखि यो कार्य गरैन भन्या केहि सन्देह गर्नुपर्दैन। कदाचित् श्रीरामचन्द्रको चेष्टा भै आया उनैले गर्नुहोला।

हे विभीषण, तपाल्निको चित्तमा विस्माद गर्नुपर्दैन, रावणका पुत्र भ्राता बांधव आदि गरिकन मार्नु होला। हे विभीषण, तिमिले मलाई भन्नुहोला एस्ता वेलामा कातर भै क्यान रह्याको भनि जगत्व्यापी श्रीरामचन्द्र रणमहाँ सामर्थ हुनुभयाका बाणको चोटले पीडाभै रहनु भयाका उनका चेष्टा भयापछि तिमि हामिले कार्य सम्पूर्ण गरीछौ भनि। हे विभीषण, तिमि हुनुहुन्छ, पुण्यात्मा भैरहनुभयाका तिमिले गर्‍याका पुण्यका बलले निश्चयले लंकामा राजा हुनाल्। पापात्मा रावणको पुत्रसहितले गरिराख्याको प्रतिज्ञा पूर्ण हुन्याछैन। तिमिले बांछा गर्‍याको जस्तै पाउला भनि एस् प्रकारले विभीषणकन सुग्रीवले बोध दिनुभयेर मनमा हर्षमान गरि फेरि सुग्रीवले आफना ससुरा सुषेण वानरकन आज्ञा गर्नुभयो, हे ससुर सुषेण, तिमिले तेसो रहनु होइन, तिमिहरू बीर २ वानरहरूले श्रीरामचन्द्र लक्ष्मण दुवैकन किष्किधामा लैजाउ इहाँका अर्थकन जति चाहियाको हामिहरूले रावणसित युद्ध गरि रावणका पुत्र बान्धव आदि निर्मूल गरि सीता फिराई ल्याउँला, कसो धन्या हरण भयाको संपत्ति फिराई ल्यायाऊँ ल्याउँछु। हे ससुर सुषेण, सबै वानरहरू किष्किधामा जाउ, हनुमान एकजना मात्रै बस। हनुमान र म २ जानाले रावणलाई मारि सीताकन फिराई ल्याउँला भनि सुग्रीवले बोल्याको बचन सुनि ताहाँ सुषेन वानर भन्न लाग्यो। हे वानरेन्द्र सुग्रीव, मेरा कुरा सुन्नुभया जाउस्, पूर्वकालमा देवासुर संग्राम भयाको वेलामा मैले जान्याको छ। दावाग्निले दग्ध गर्‍याको जस्तै दैत्य दानवहरूले देवताकन जिति सबै देवताकन मार्‍यो, दैत्यहरू सबै पराक्रमी धनुर्विद्यामा पनि निपुण अनेक बारंबार देवतालोकहरूकन मारेर इन्द्र उठाईकन बस्या, इन्द्र आईकन बृहस्पतिछेउँ जानुभैकन बिन्ति गर्नुभयो। हे गुरु बृहस्पति, इ देवलोक सबै पापात्मा दैत्यहरूले मार्‍या अब क्या यत्न गरि जियाउनु भनि इन्द्रले बिन्ति गर्‍या। ताहाँ बृहस्पतिले देवताहरू चेष्टा भैरह्याको हेरि दिव्यौषधि लियेर देवताहरू सबै जियाईदिया। एस्कारण यो औषधि लिनुहुन्छस्, मैले पनि जान्याको छ। हे सुग्रीव, एस् औषधीका प्रभावले अद्यापि देवताहरूको निर्भय गरि रह्याछन् यो औषधी लेउ, यो औषधि उपचार गरि गर्‍यापछि सबै घाउ निको होला। यो औषधी क्षीर समुद्रको तीरमा चन्द्र पर्वत र द्रोण पर्वतमा छ, यो दिव्य औषधीको स्थान त्याहाँ हो। हे सुग्रीव, वेगवंत वायुको मान भयाको हनुमानकन पठाउनुहुन्छस् भनि एस् प्रकारले सुषेन वानरले सुग्रीवका हजूरमा बिन्ति गर्‍याको वेलामा आकाशविषये महाशब्दले मेघले गर्ज्याको जस्तै पृथ्वी सुद्धा कंपमान गराई वायु आया, अनेक वृक्षको लामा हागा भग्न गरि पखेटाको वायु लागेर समुद्र कल्लोल गरि पर्वतकन गतराई सर्प आदि समुद्रमा भागि गयो, जलजन्तु पनि

भाग्यो, दैत्य दानव पनि पातालमा भागि गया। पृथ्वी सुद्धा दोलायमान गरि मुहूर्त मात्र पछि आकाशमा महाशरीर भयाका गरुड आयाको ताहाँ सबै वानरहरू सबै अग्नि जस्तो आयाको गरुड देषनुभयो। तेस् वेलामा श्रीरामचन्द्र लक्ष्मणको शरीरमा व्याप्तमान भैरह्याको नागास्त्रले गरुड आयाको देखि श्रीरामचन्द्र लक्ष्मणलाई छाडि भागिगया। गरुड वहिकन श्रीरामचन्द्र लक्ष्मणको मुखमा पनि शरीरमा पनि गरुडले आफना हातले छामि २ सुम्सुम्याई-दिये र सबै व्यथा निको भै गयो। अधिको जस्तै वल तेज उत्साह वुद्धि दोवर अधिभंदा भै आयाको एस् वेलामा श्रीरामचन्द्र लक्ष्मण जुरुक उठेर सबै वानरको मुख हेरि गरुडकन हेरि ताहाँ श्रीरामचन्द्रले गरुडसित अति स्नेहभावले आज्ञा गर्नाकन लाग्या। हे महापुरुष, भनि जगत् व्यापि रामचन्द्रले लोक प्रतीत गर्ना अर्थले आज्ञा गर्नुभयो। हे महापुरुष, तपाषि को हौं पापात्मा मेघनादले, नागास्त्रले वध गरि राख्यो। कपट युद्धले एस्तो अवस्था भयो, अव तपाषिका प्रसादले सबै व्यथा हरण भैगयो भनि, हे महापुरुष, मेरा शरीरमा तेज वृद्धिमान भयो। हे महापुरुष, मेरा पिता दशरथ राजाको मुख देषि आनंद भया जस्तै तपाषिको मुख देषि मेरा आनंद भयो। हे महापुरुष, तिमि को हौं, सबै तेजले पनि संयुक्त दिव्य गंध मालाले युक्त वल पराक्रमले पनि संयुक्त हुनुभयाका श्रीवंत तपाषि को हौ, मलाई सुनाउनुहवस् भनि श्रीरामचन्द्रले एस् प्रकारले सोधनुभयो। ताहाँ गरुडले पनि वानरका माझमा वसिकन श्रीरामचन्द्रको मुख हेरिकन आँषावाट आँसु चुहाई हाँसिकन भन्न लाग्या। हे रघुनाथ, तपाषिले आफुले जानिकन पनि मछेउँ सोधनुभयापछि म विति गरौंला भनि म जो छु तपाषिका द्वितीय प्राण जस्तै पो हुँ। कश्यप ऋषिको पुत्र विनताको गर्भवाट जन्म्याको म तपाषिको सेवा गरिरह्या। हे श्रीरामचन्द्र, तपाषिका शरीरविषये पापात्मा मेघनादले नागास्त्रले वंधन गरि राख्यो भनि यो वार्ता सुनि मात्रै हतपतै म आओं। स्वर्गमा वस्याका देव गन्धर्व यक्ष ऋषिहरू चन्द्रमा देवराज इन्द्रहरुले यो नागास्त्र वन्धन छोडाउनु कस्को सामर्थ छ भनि पापात्मा मेघनादले संग्राममा कपट युद्धले नागास्त्रले वन्धन गरिराख्यो भनि षवर सुन्याचित्तिकै यो पासा फोईदिउँला भनि म हतपतै आइयुँ। हे रघुनाथ, तपाषिको अति प्रीति भयाको मित्र पो हुन्, तपाषिले फलाना हो भनि मेरो नाम नलिनुभयाजावस्। तपाषिले अंगीकार गर्नुभयाको कार्य रावणादि नमाञ्यासम्भ यो कुरा गुप्तले राख्नुहवस्, अघोर शस्त्रले वन्धन गरिराख्यो भनि मोक्ष गर्नाकन म आयौं। जगत् संसार उद्धार गर्नानिमित्त रावणलाई मार्नाका अर्थले तपाषिको जन्म छिनु भयो यो सबै मैले जान्याको छ। हे रघुनाथ, यो कार्य

चाँडो गर्नुभयाजावस् । हे श्रीरामचन्द्र, संग्राममा धैर्य गरि युद्ध गर्नुपर्छ, राक्षसहरू कपट युद्ध गर्न आउँछन् सोझा तरहले जुझ्दैन । तपाखिको शरीर अति कोमल छ सह्रार गरि युद्ध गर्नुहवस् । राक्षसहरूको विश्वास छैन, कपट युद्ध आफै जस्तो होला भनि भोरसा नगर्नुहवस्, राक्षसहरूले कपटयुद्ध गर्नु पायासम्म प्रकट युद्धले जुझ्दैन भनि नाना प्रकारले श्रीरामचन्द्रको मुख मात्र हेरि विन्ति गर्नुभयो । हे श्रीरामचन्द्र, तपाखिका चरणमा मैले कति विन्ति गरौं सर्वात्मा पुरुष भैरहनुभयाका हे राघव, म जान्छु विदा वक्सनुहवस् । यो अघोर संग्राममा हेरिकन गर्नुहवस्, लंकामा राक्षसहरू वृद्ध बालक वाहिक गरि तपाखिका बाणले रावणादि सबै राक्षसहरूलाई मारि सीता पनि प्राप्ति हुनान् । हे श्रीरामचन्द्र, यो कार्य गरिशकयापछि तपाखिले मकन जान्नुहोला, एस् प्रकारले वानरका मध्यमा बसि श्रीरामचन्द्रका चरणमा प्रदक्षिणा गरिकन आकाश मार्गले वायुवेगले पृथ्वी कम्पायमान गराई जानुभयो । श्रीरामचन्द्र लक्ष्मण तत्क्षणैले निरोगि भयाको हेरि ताहाँ वानरहरू सबै उदेकाई अद्भुत मानि महा-हर्षमान गरि एकै चपत् पारि सबैले महासिंहनाद गऱ्या । यो शब्दले स्वर्ग मर्त्य पातालमा व्याप्तमान भैगयो, अनेक वाद्य भेरि शंख ध्वनि गर्नुभयो । आकाशमा बस्याका देवताहरूले पनि पुष्पवृष्टि गरि अनेक दुन्दुभि वाद्य बजाई दिनुभयो, महा २ बलियो महापराक्रमी वानरहरू सबै हर्षमान गरि महाशब्दले युद्ध गर्नाका इछाले अनेक वृक्ष पर्वत लियेर युद्ध वांछा गरि लंकाको द्वारमा वस्न गै गया हनुमानले पनि शैलशृंग लिइहनुभैकन सिंहनाद गरि राक्षसको चित्त त्रासमान गराई सिंह कराया जस्तै कराई लंका हेरिरह्या, युद्ध गर्न्या इछा गरि वानर सबै कराई नाना वाद्यको शब्दले पनि नाद गऱ्याका शब्दले पनि पृथ्वी कंपमान गराई वर्षाकाल सकि शरत्कालको रात्रिमा मेघले गर्ज्याको जस्तै महाशब्दले गरि लंका घेरिराख्या भनि श्रीमहा-देवले पार्वतिकन सुनाउनुभयो । हे पार्वति, कोहि मनुष्यले श्रीरामचन्द्र र गरुडसित संवाद भयाको कुरा शुद्ध चित्त गरि सुन्ला उनकन सबै पापले मुक्त भैकन परमपद प्राप्ति होला श्रीरामचन्द्र लक्ष्मणको नागास्त्र मुक्त भयाको जस्तै सबै शत्रु नाश भैकन सुख संपत्ति होला पर-लोकमा मुक्तिपद पाउँछ ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे श्रीरामचन्द्र लक्ष्मण शरबंधनमोक्ष नाम अष्टादशः सर्गः ॥ १८ ॥

१६

श्रीसदाशिव उवाच – हे पार्वति, ताहाँपछि श्रीरामचन्द्र लक्ष्मण नागास्त्र बंध मुक्त भया-पछि वानरहरूले सिंहनाद गऱ्याका शब्दले रावणको चित्तमा त्रासमान भयो र चिन्ता गऱ्या, क्या भयो ! मेघले गर्ज्याको जस्तो शब्द क्या भयो ! कसो हुन आँट्यो, वानरको हर्षमान शब्द जस्तो पृथ्वी शुद्धा कंपमान भयो । हे मन्त्रीहो, यो नाद मेरा मनमा त्रासमान उत्पत्ति भयो । मेघनादले नागास्त्रले बंधन गरिराख्याको मेरा शत्रुले हर्षमान गरिरह्या, एस्कारणले मेरा चित्तमा अति शंका भयो भनि आफ्ना आसपासमा बस्याका राक्षसहरूलाई भन्न लाग्यो । हे राक्षस, तिमिहरू चाँडै गयेर वानरहरू बस्याका ठाउँमा हेर्न जाउ क्या गर्नु लाग्यो । राम लक्ष्मणलाई नागास्त्रले बंधन गरिराख्याको ठाउँमा मेघले गर्ज्याको जस्तो करायो यो सबै खबर बुझि चाँडै गरिकन मलाई सुनाउनुपर्छ भन्यो र यो वचन सुनि राक्षसहरू पर्खालमाथि चढि हेऱ्या । महात्मा सुग्रीवले रक्षा गरिराख्याका वानर सेनाले लंका वेष्टित गऱ्याको हेरि राक्षसहरूकन महात्रासमान गराई पर्पालबाट वर्हिकन अँध्यारो मुख गराई महादुःख कष्टले निहुरिकन रावणको हजूरमा गैकन विन्ति गर्न लाग्यो । हे राक्षसेन्द्र रावण, तपाईको पुत्र महापराक्रमी मेघनादले नागास्त्रले बंधन गरिराख्याको श्रीरामचन्द्र लक्ष्मण शरबंधले मुक्त गरि वानर सम्मुख गराईकन शस्त्र अस्त्र लियेर असंख्य राक्षस मारौंला भनि हस्तिराज आया जस्तै आया, वानरहरू सबैले पनि लंकाकन वेष्टित गरिरह्या । एस् प्रकारले राक्षसहरूको वचन सुनि ताहाँ रावणका मनमा त्रासमान गरि मलिन मुख गरि भन्न लाग्यो, हाय २ क्या आश्चर्य ! अघोर नागास्त्रले बंधन गरिराख्याको विष जस्तै महातेजस्वी अग्नि जस्तै श्रीसूर्यको जस्तै तेज एस्ता शस्त्रले बंधन गरिराख्याको मेरा शत्रु कस्ले मुक्त गऱ्यो ! मेघनाद जस्ता वीरले नागास्त्रले बंधन गरिराख्याको कसैको मुक्त गर्न्या सामर्थ छैन । अब कस्ले यो पाश छुटाईदियो । हाय हाय ! अब यो रामचन्द्र लक्ष्मणकन जित्न कष्ट भयो, यो नागास्त्र वासुकी नाग जस्तो रह्याको वीरले गऱ्यो । हाय हाय ! एस् प्रकारले गरेर पनि नळाग्यापछि केहि गर्नुपर्दैन दैवले विपरीत गरि ल्यायो भनि अब मैले क्या गरौं भनि मनमा त्रासमान गरि लोकको मुखतिर मात्रै हेरि महाक्रोधले रक्त नयन गरि नागले निश्वाश फेऱ्याऊँ सास फेरि राक्षसहरूका साथमा बस्याका धूम्राक्ष राक्षसलाई भन्न

लाग्यो । हे धूम्राक्ष, मेरो आज्ञा शिरमा राखि तेरा सैन्यले सहित गरि श्रीरामचन्द्र लक्ष्मण वानर सेना जुन् प्रकारले मार्नु सकियला उस्तै प्रकारले संग्राम गर्न जाउ भन्यो र ताहाँ धूम्राक्षले पनि रावणको वचन शिरमा राखि रावणलाई दंडवत् गरि आज्ञा ली बाहिर निस्क्यो र आपना सेनाका दलपतिलाई भन्न लाग्यो, हे राक्षस, ऐले न गैकन रावणको आज्ञा भनि मेरा जति भयाका सेना शस्त्र धारण गराई अँन्हे फौद बटुल्याई ल्याउनुपर्छ भनि यो राक्षसले पनि हुक्स् भनिकन गयो । धूम्राक्षको जत्ति भयाको सेना बटुल्याई ल्यायो, राक्षसहरू सबै अघोर २ महा पराक्रमी नाना रत्नमय रथमा चढि हस्ति अश्व अनेक नाना शस्त्र लियेर शूल मुशल मुग्दल पाश गदा परिघ भिंदिपाल भल्ल पर्शु यो आदिले नाना शस्त्र अस्त्र लियेर सुवर्णमय कवच पहिरि ताहाँ हाति घोडा चढि रथमा बसि पर्वतसमान राक्षसहरू सबै शार्दूल जस्तै व्याघ्र जस्तै कोहि राक्षसको मुख सिंहको जस्तै कसैको मुख हुँडार जस्तै इनिहरू चढि महाक्रोधले गरि आयो । ताहाँ धूम्राक्ष पनि सुवर्णमय रथमा चढि महातेजले धूम्राक्षहरू महागर्जमान गरि जुन् ठाउँमा हनुमान बस्नु आयो ताहाँ धूम्राक्ष पनि सुवर्णमय रथमा चढि महातेजले धूम्राक्षहरू पश्चिम ढोकाबाट निस्क्यो । महानाद गरि भयानकले श्रीरामचंद्रको सेना मारौंला भनि बाहि आयाका बेलामा महाउत्पात भयो । रथको अग्रमा महाभयंकर गृध्र बस्नु आयो अनेक उत्पात भयो, श्वेतवर्ण कबन्ध आयो, भूमिमा रक्तमय भयो, पृथ्वी कंपमान भयो, विपरीतले वायु आयो, दश दिशा भाग अंधकार भयो, काग गिद्ध पंछि सबै महाशब्दले कराई धूम्राक्षका रथमा बस्नु आयो ! एस्ता उत्पात भयाको हेरि राक्षसका चित्तमा त्रासमान भयो, धूम्राक्षको मनमा अमंगल भयो भनि चिताई अनेक सेनाका मनमा पनि त्रासमान गराई ढोका बाहिर निस्कि श्रीरामचंद्रका बाहुले प्रतिपाल गरिराखनुभयाका वानरहरूको सेना हेरि गयो । असंख्य वानर समुद्र जस्तै एस्ता वानरहरू मारूँला भनि धूम्राक्ष राक्षस सैन्यसहित गरि गयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे धूम्राक्ष निर्यातो नाम एकोनविंशः सर्गः ॥ १९ ॥

१०

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि धूम्राक्ष राक्षसले रक्तनयन गरिकन महाक्रुद्धले आयाको हेरि ताहाँ वानरहरू सबैले हर्षमान गऱ्या, हर्षमान गरिकन एकै चोटले गरिकन सबैले गरि महानाद गऱ्या। ताहाँ धूम्राक्षले महाक्रुद्ध गरिकन युद्ध गर्नाकन अघिबाट दगुरिकन आयो र वानर सेना र राक्षससित ठुलो युद्ध भयो, नाना शस्त्र अस्त्रले वानरलाई प्रहार गऱ्यो र अनेक वानरहरूकन मार्‌यो। इहाँपछि वानरहरूले पनि वृक्ष उपेलिकन ढुंगाले प्रहार गरि वृक्षले प्रहार गरि मुष्टिले प्रहार गरि अनेक राक्षसहरूकन मार्‌या। एस् प्रकारले राक्षसहरू मार्‌याको देखि महाधूम्राक्ष राक्षसले पनि क्रुद्ध गरि निको २ वानरलाई प्रहार गरिदिया, गदा पद्म, पर्शु, परिघ, त्रिशूल यी आदिले पनि वानरलाई प्रहार गरिदिया। एस् प्रकारले प्रहार गऱ्याको हेरिकन सबै वानरले पनि क्रोध गरिकन भय त्रास पनि नमानि वानरले आपना शरीरमा व्याप्त गराईकन शिरमा शूल लाग्याको नजिकि दुष्याको व्यथा पनि सहिकन वीर २ वानरहरूले शैलशृंग ली वृक्ष महा २ शिला ली घर सिंहले करायाको जस्तै कराईकन राक्षसहरूलाई प्रहार गऱ्यो। भीमवेगि वानरले अनेक २ राक्षसहरूलाई मार्‌या, वानरहरू सबैले नाद गरि महासंग्राम भयो। ठुलो २ वृक्ष ठुलो २ पाषाणले प्रहार गरि राक्षसहरूलाई मार्‌याको हेरि कसैको प्राण मात्र बाँचि भूमिमा पल्टिरह्या, कोहि चूर्णीभूत भईरह्या, ढुंगाले हानि वृक्षले हानि दंतले टोकि मुष्टिले प्रहार गरि रथ लियेर रथैले प्रहार गरि महा हाहाकार शब्दगरि राक्षसहरूको हाति घोडा लियेर पनि प्रहार गऱ्या, अनेक राक्षसहरू मर्‌याका लियेर राक्षसैलाई प्रहार गरि मार्‌या, मुष्टिले पनि प्रहार गरि मस्तक चूर्ण भयो। मांस रगतले असंख्य भयो, महापराक्रमी राक्षसहरूलाई दांतले टोकिकन मार्‌या, मुखमा पनि नखले कोरिदियो र महाविरूप भैरह्या, नाना प्रकारले मार्‌या, कोहि राक्षसहरू भूमिमा पछाडि मार्‌या। एस् प्रकारले वानरले राक्षसहरू मार्‌याको हेरि २ महावलियो २ राक्षसहरू क्रोध गरिकन शस्त्र अस्त्र प्रहार गऱ्या। फेरि वानरहरूले पनि चाँडै दौंगुरि २ वृक्षले, मुष्टिले, गोडाले हानि अनेक वीर २ राक्षसलाई मार्‌या, यो हेरि राक्षसहरू महाशब्दले कराया, भयशब्दले त्रासले, दश दिशामा भागि गया। वनमा अग्निले दग्ध भयो र, मृग भाग्याको जस्तै राक्षस सबै भागिगया। एस् प्रकारले राक्षसहरू सबै भागिगयाको देखि धूम्राक्ष राक्षसले महाक्रोध गरिकन अघिबाट दगुर्दै गयो र अग्नि जस्तो रह्याका बाणले

प्रहार गरि युद्ध गऱ्या, मुहूर्तमा नाना शस्त्र अस्त्रले प्रहार गरि अनेक वानरहरू मार्‌या। कोहि वानरको शिर छेदन गरि पृथ्वीमा पसालिराख्या, परिघ भिंदिपाल खड्ग नाना शस्त्र अस्त्रले पनि प्रहार गरेर पनि वानरहरू भागिगया, अनेक वानर मारेर वानरको शरीर दुई खंड गरि मार्‌या। त्रिशूल नाना शस्त्र अस्त्रले प्रहार गरिकन राक्षसले वानरको महाकल्लोल युद्ध भयो, शिला वृक्षले प्रहार गरि वानरले युद्ध गऱ्या। एस् प्रकारले द्वंद्व युद्ध भयो र दुवै पक्षको सेना पनि सिंहनाद गऱ्याका शब्दले पृथ्वी कंपमान हुँदी भईन्। समुद्रका ताडले शब्द भया जस्तै एस्तो प्रलय युद्ध भयो। यो हेरिकन महाबलियो धूम्राक्षले धनुटंकार शब्द गराई हाँसिकन अति तीक्ष्ण बाणले प्रहार गरि अनेक वानरहरूकन मार्‌या, नाना शस्त्रको चोट सहन सक्केन र अनेक वानरहरू भाग्दा भया। एस् प्रकारले भागिआयाका वानरहरू देषनुभयो र ताहाँ हनुमानले अत्यन्त क्रोध गरिकन ठुलो डुंगा लियेर अघिवाट जानुभैकन अग्निका जस्तो-तेज निकासि अधिका भंदा दोवर बल चढाई लाल २ नेत्र गराई वायुसमान हनुमानले धूम्राक्ष-लाई प्रहार गऱ्या। यो प्रहार आकाशमा आयाको देषि धूम्राक्ष पनि चाँडै गदा लियेर रथवाट ओर्‌हिरह्यो। यो प्रहार छागि धूम्राक्षको रथ सारथि घोड़ा ध्वजासमेत चूर्ण भयो, फेरि हनुमानले क्रोध गरि शाल वृक्षले प्रहार गरि अनेक राक्षसहरू मार्‌या, शैलशृंगले प्रहार गरि अनेक राक्षस मार्‌याको हेरि ताहाँ धूम्राक्षले पनि महाक्रोध गरि काँढाले युक्त भयाको गदाले हनुमानका हृदयमा प्रहार गऱ्यो। एस्ता गदाले प्रहार गरेर पनि हनुमानका शरीरमा केहि भयेन, यो प्रहार यादै नगरि हनुमानले पनि सिंह करायाको जस्तै कराईकन ठुलो डुंगो लियेर धूम्राक्षका शिरमा प्रहार गरिदिनुभयो। त्यो प्रहार गऱ्याको लागि महाविशब्दले कराईकन अचेष्टा भै पृथ्वीमा लोटि मृत्यु भयो, बाँकि रह्याको राक्षसहरू त्रासमान गरि धूम्राक्ष मऱ्याको हेरि लंका सहरभित्र भागिगया। धूम्राक्ष आदि अनेक राक्षस पृथ्वीमा पररिह्याका कसैको हात छैन, कसैको गोडा छैन, कोहि प्राण मात्र बाँचि पृथ्वीमा परि अचेष्टा भै रह्याको, शिर चूर्ण भै रह्याको, एस् प्रकारले राक्षसका मांस रक्तले पृथ्वी व्याप्त भयो। एस् प्रकारले हनुमानले राक्षसहरू मार्‌याको हेरिकन श्री रामचंद्र प्रमुख सुग्रीव आदि गरिकन वानरहरू सबैले हनुमानलाई पूजा गऱ्या, धन्य २ हनुमान भनि प्रशंसा गरि सबैको हर्षमान भयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे धूम्राक्षवधो नाम सर्गः ॥ २० ॥

११

श्री सदाशिव उवाच—हे पार्वति, ताहाँपछि धूम्राक्ष मऱ्याको पवर सुनि ताहाँ रावणले अत्यंत क्रोध गरिकन सेनाको अधिपति गरि राख्याको अनि वलियो महापराक्रमी युद्धमा निपुण भयाको अकंपन राक्षसलाई भन्न लाग्यो, हे अकंपन, तेरी वीर २ सेनाले सहित गरि नाना शस्त्र अस्त्रले युक्त गराई लस्कर चाँडै वटुल्याईकन श्रीरामचन्द्र लक्ष्मणसहित गरि वानर सेना निर्मूल गरिपठाउनु भनि हे अकंपन, तँ महावलियो युद्धमा आफ्ना सेना रक्षा गर्न सामर्थ भयाको श्रीसूर्य जस्तो तेजस्वी कालांतक रुद्र जस्तो एस्ता तिमिले श्रीरामचन्द्र लक्ष्मण सुग्रीव हनुमान आदि जुन् प्रकारले जित्न सकिएला उस्तै प्रकारले मार्नेकन हेर भनि रावणले अकंपनलाई भन्यो र ताहाँ अकंपनले पनि रावणको आज्ञा शिरमा राखि आफ्नु सैन्य सबै वटुल्याई नाना शस्त्रले युक्त गरि महापराक्रमी भयाका राक्षसहरू सबैले तप्त कांचनको गहना लाई अनेक सेनाले युक्त गरि रथमा चढि महा श्रीशोभाले संयुक्त श्रीसूर्य उदय भैआयाको जस्तै गरि अग्निका जस्तो तेज गरि पृथ्वी समेत दोलायमान गरि संग्राम गर्नाकन गयो। ढोकाबाट बाहिर निस्क्याको वेलामा राक्षसहरूको मनमा त्रासमान भै आयो, हर्ष कसैको छैन, शरीर पनि डरले कंपमान भयो, मुख पनि मलिन भयो, दाहिना हात पनि फक्यों कंप भयो, ध्वजाको अग्रमा गृध्र वस्नु आयो। अकंपनको ठाउँमा हात गोडा आँखा फक्यों कंपमान भयो, मृगादि जंवुक पंछिहरूले अमंगल गरि महाशब्दले रथ हेरिकन करायो। एस् प्रकारले अमंगल भैकन महावलियो अकंपनले उत्पात हेला गरि युद्ध गर्नाका निमित्तले महाशब्दले नाद गरि आयो। यो महाशब्द सुनि वानरहरू सबैले शृंगशिला वृक्ष लि जुझ्नाकन तयार भै रहनुभयो। ताहाँपछि राक्षस वानरसेनासित महाभयंकर संग्राम भयो। श्रीरामचन्द्रका निमित्तले ताहाँ वानरसेनाले नाना प्रकारले युद्ध गऱ्या, राक्षसहरूले रावणको जय वांछा गरि युद्ध गऱ्या। दुवैपट्टिका सेनाले पनि अन्योन्यले युद्ध गऱ्या। ताहाँ राक्षसहरूले पनि आफ्ना जिउ छाँडि वीर २ राक्षसले वाण प्रहार गऱ्या। वानरले पनि राक्षसको मस्तकमा मुष्टिले प्रहार गरि हाका-हाक भयो। हाति देपेर सिंह आयाको जस्तै दुवैपट्टिको सेना महावीर २ भयाका वानर राक्षस दुवै पट्टिले करायाको सागर समुद्र क्षोभ भयाको जस्तै पृथ्वी कंपमान गरि करायो, धुलो उडि गयो र आकाश सबै व्याप्त भै रातो वर्ण भै गयो, दिशा सबै धुलाले अन्धकार भै गयो। ध्वजा-पताका कवच रथ धुलाले छोपि चिन्हु पनि सकियेन। राक्षस र वानरका महासंकट युद्ध भयो,

महाशब्द मात्र सुनियो, राक्षसको र वानरको गिड चिन्ह पनि सकियेन रूप पनि हीन भयो। एस्ता अन्धकारमा राक्षसले राक्षसैले प्रहार गरिकन मार्‍यो, वानरले वानरलाई प्रहार गरि मार्‍यो, यो अमुको यो भनि चिन्ह पनि सकियेन महाप्रलय युद्ध भयो, कराया‌को शब्द मात्र सुनिछन्। मुष्यांज्ञि वस्याका हातले पाया‌काले‌ाई मात्र प्रहार गर्‍या आपनु सैन्य र अर्का‌को सैन्य भनि जानेनन्। एस् प्रकारले महा अघोर युद्ध भयो, मासु रगतले जल जस्तो भयो, रण-भूमिमा मांस रक्तमय भयो। ताहाँपछि धूलोले पनि नहेर्दाहुँदि रणभूमिमा अनेक राक्षस वानर मर्‍याका व्याप्तमान भैरह्या। एस्ता ठाउँमा राक्षसहरूले पनि सिंहनाद गरिकन शक्ति नाना शस्त्र अस्त्रले प्रहार गरेर अनेक वानरहरू मार्‍या, वानरहरूले पनि अति क्रोध गरि राक्षस हरूकन प्रहार गरिकन मार्‍या। वीर २ राक्षस दुवै पक्ष आफै २ कुटाकुट गरि महाक्रोधले युद्ध गर्‍या। मुष्टिले राक्षसलाई प्रहार गरिर अकंपन राक्षसको दल अशोभा भयो। एस् प्रकारले मलिन मुख गरि राक्षसहरू भय त्रास मानि महाकल्लोलले कराई रह्या, वानरहरूले मुष्टिदन्तले प्रहार गरि अनेक राक्षसहरूलाई मार्‍या, अनेक राक्षसहरू हाहाकारले कराई मलाई रक्षा गर २ भनि कराया। यो सोमदन्ता भै वानरहरूले प्रहार गरेर लगाई लैगयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे अकंपन राक्षस निर्याणोनाम सर्गः ॥२१॥

२२

श्री सदाशिव उवाच—हे पार्वति, ताहाँपछि अकंपनले पनि आपना सेना वानरले मार्‍याको देखिकन ताहाँ अकंपनले पनि अत्यन्त क्रोध गरि आपना सारथिकन भन्न लाग्या। हे सारथि, तँ जस्तो वीर सारथि भैकन निर्गति वानरले मेरा सेना राक्षसहरूकन सबै प्रहार गरि ल्यायो। हे सारथि, आजको दिनमा तिम्रो पराक्रम म हेर्नेछा भनि उहि वानरहरूले शिला वृक्ष लियेर मलाई मार्नाकन आयो। हे सारथि, मैले ई वानरलाई प्रहार गरेर निर्मूल गरि मार्नु मेरा इच्छा भयो भनि हे सारथि, यो रथ चाँडै वानरका ठानामा लैजाउ। हे सारथि, तम्रो चित्त दृढ गरि घोडाका वाग्मा चित्त राख भनि एस् प्रकारले अकम्पनले सारथिलाई भन्यो। ताहाँ सारथिले

पनि वेगसारि घोडाले जोरिराख्याको रथमा चढि घोडाको वेग छोडि वानर-सेनामा रथ पुऱ्याई-दियो। ताहाँपछि अकंपनले तीक्ष्ण २ वाणले वानरळाई प्रहार गऱ्यो, ताहाँ वानरहरूले पनि वाणको व्यथा सहन नसकिकन भागिगयो। तेस् वेलामा हनुमानले महाक्रोध गरिकन अग्निका जस्तो जाज्वल्यमान तेज गरि अकंपनले वानरहरूलाई छपाईल्याथाको हेरि ताहाँ हनुमानले महासिंहनाद गरि अघि आयेर दगुर्दै गैकन रहनुभयो। अरू वानर सबै हनुमानकन बल् दीकन आया, तेजले वलले अधिमन्दा दोवर भै आया। महाबलियो हनुमानसँग वसेर सबै वानरहरू काफर भयाका पनि सुरा भया। पर्वतसमान हनुमान देखेर ताहाँ अकंपले पनि शरवृष्टि गरिदियो, मेघले जलवृष्टि गऱ्याको जस्तै शरवृष्टि गरिदियो। एस् प्रकारले अकंपले आफुछेउँ शरवृष्टि गऱ्याको हेरि ताहाँ हनुमानले पनि महाक्रोध गरि पृथ्वी कंपमान गराई भयंकर मूर्त्ति भैकन कालांतक यमजस्तो हाँसि २ कन आपना शरीरमा लाग्याका वाण सबै उपेलि वडो शाल वृक्ष लियेर राक्षसकन भय त्रास गराई महातेजले जाई-लागेर इंद्रले नमुचि दैत्यकन देख्याजैं भैकन गयेर शालवृक्षले अकंपलाई प्रहार गर्नुभयो। त्यो वृक्ष आयाको हेरि अकंपले खंड २ गरि वीचैमा वाणले काटिदियो। यो हेरिकन ताहाँ हनुमानले अद्भुत मानि चिंतना गर्नुभयो, धन्य २ इन्को हात भनि फेरि हनुमानले पनि ठुलो ताल वृक्ष लियेर भ्रमन गरि हर्षमानले महावेगले दगुर्दै जानु भयो र अनेक राक्षस हाति घोडा रथ वृक्षले प्रहार गरि चूर्णभूत गरि माऱ्या। एस् वेलामा प्रलय कालको यमजस्तै आयाको हनुमानकन हेरि ताहाँ राक्षसहरू सबै भागि गया। एस् प्रकारले हनुमानले राक्षसहरूकन लगारिल्याथाको हेरि ताहाँ अकंपनले पनि महाक्रोध गरि चौध वाण अति तीक्ष्ण भयाको लियेर हनुमानको मर्म स्थानमा प्रहारगरि दिया र यो वाण कस्तो भन्या अग्निको जस्तै तेज एस्ता वाण लागि, रक्तले शरीरमा व्याप्तमान भयेर हनुमानकन अति शोभायमान भयो। ताहाँपछि हनुमानले पनि ठुलो क्रोध गरि ठुलो ढुंगाले अकंपनका मस्तकमा महावेगले प्रहार गऱ्या। यो ढुंगाको प्रहार लागि अकंपनको शिर चूर्ण भै मृत्यु भयो। एस् प्रकारले अकंपन पृथ्वीमा परि मृत्यु भयाको हेरि वानरहरू सबैले प्रलय कालमा मेघले गर्ज्याको जस्तै नाद गऱ्या। पापात्मा अकंपनकन कसैले कंपमान गर्न सकेन हनुमानले माऱ्याको हेरि सबै राक्षसहरू शस्त्र अस्त्र छाडि लंकामित्र भागि गैगया, मुक्त केश गरि चित्त भ्रांत गरिकन मुख मलिन गराई उन्ले उन्लाई घुच्याटि २ रोईकन भाग्या। ताहाँ वानरहरूले पनि पछि २ हेर २ भनि कराउँदै ढगादैं पठाया। एस् प्रकारले हनुमानले पराक्रम गर्नुभयाको हेरि वानर-

हरू सबैले पृथ्वी सुद्धा कंपमान गराई सिंहनाद गरिदिया । धन्य २ हनुमान भनि प्रशंसा गरि हनुमानकन पूजा गऱ्या । ताहाँ हनुमानले पनि वानरहरूलाई यथायोग्यले पूजा गऱ्या, जयशब्दले नाद गरि युद्ध पनि सबैले उस कर्म गरि हनुमानले पनि महाहर्षमान गरि फर्कि आयेर श्रीरामचंद्रका चरणमा नमस्कार गरि रह्या । ताहाँ श्रीरामचन्द्र लक्ष्मण सुग्रीव विभीषण सबै वानरले पनि पूजा गर्नुभयो, शत्रुलाई भय दिन्या हनुमान इन्द्रले असुरकन मारि महा-हर्षले वस्याको जस्तै रहनुभयाका हनुमानकन इन्द्रादि देवता आदि आकाशमा वसि पुष्प वृष्टि गरिदिया भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो । हे पार्वति, हनुमानले पराक्रम गर्नुभयाको कुरा जस्ले सुनाउला इनहरूको शत्रुको नाश भै अंतकालमा मोक्ष प्राप्त होला भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे अकंपनवधो नाम षोडशः सर्गः ॥१२॥

१३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अकंपन राक्षस मरेर ताहाँ रावणले यो अकंपन मऱ्याको खबर सुनि चित्तमा महा विषाद गराई भय त्रास मानि अब कया गरूँ भनि क्रोधले चिंतना गरि भन्न लाग्या । हे वीर यमदंष्ट्र राक्षस, एसै वसि रहेर हुँदैन भनि रावणले यमदंष्ट्र राक्षसलाई भन्यो । फेरि हे यमदंष्ट्र, पापात्मा श्रीरामचन्द्र लक्ष्मणले वानरसहित गरि आयेर अनेक राक्षसहरूलाई मारिदियो, इनहरूसँग युद्ध नगरि हुँदैन । हे यमदंष्ट्र, तिम्रा सैन्यले सहित गरि चाँडै गरि श्रीरामचन्द्रको वानर सेना मारिकन आउ । हे यमदंष्ट्र, अनेक वीर वीर राक्षसले युक्त गरि हाति घोडा लैगएर श्रीरामचन्द्र लक्ष्मण सुग्रीव पहुलयाई ऐहे मारि फिरि आउ । तँ महावीर, तैले क्रोध युद्ध गऱ्यादेखि इन्द्रले पनि तेरा बाणको चोट इन्ले सहन सामर्थ छैन । हे यमदंष्ट्र, तिमि सुगम आया यमराजालाई पनि जित्न कया घेर छ । अनेक देवताहरूले पनि तिम्रा बाणको चोट सहन सामर्थ छैन । हे यमदंष्ट्र, विशेषले तँ महाबलियो एस्ता तैले ति रामचन्द्र लक्ष्मणका कया लेखा भनि एस् प्रकारले रावणले यमदंष्ट्र राक्षसलाई भन्यो र ताहाँ यमदंष्ट्रले पनि रावणको आज्ञा सुनि दंडोत गरिकन महाहर्षले रावणका हजूरमा

विंति गरेर हे महाराज रावण, तपाञ्चिका आज्ञा जस्तै म गैकन तपाञ्चिको शत्रु श्रीरामचन्द्र लक्ष्मणकन मारिदिउँला निश्चय भनि लंकामा राज्यको संभार गर्नुभयाजावस् , हे राक्षसेन्द्र, म अँहे गैकन श्रीरामचन्द्र लक्ष्मणकन मारिदिउँला निश्चयले तपाञ्चिकन जस प्राप्ति गराउँला भनि श्रीरामचन्द्र जो छ पापात्मा हुन् , तपाञ्चिका प्रतापका बलले अवश्य शत्रुको नाश होला भनि एस् प्रकारले हजूरमा विंति गरेर आपना सबै जति भयाका बटुल्याई नाना मंगल वाद्य बाजा बजाई देवताको योग्य रथमा चढि नाना रत्नको कुंडल भूषण गरि सुवर्णको अलंकार लाई चंद्र पर्वत जस्तो शोभायमान गरि द्वितीय सूर्य जस्तै कालांतक रुद्र जस्तै तेज निकासि वानर-सित युद्ध संग्राम गर्नाका निमित्तले शांति स्वस्तिक गराई, अनेक वेद घोषादि शब्द गराई संग्रामको जस्तो मर्यादा मंगल गरि अनेक राक्षसहरूकन शस्त्र अस्त्रयुक्त गराई वीर २ राक्षस-हरू आपना दाहिना बाउँ रापि नाना हर्षमान गरि यमदंष्ट्र राक्षस निको वेलामा गयो, इष्ट-मित्र आदिको पनि आशिर्वाद लि प्रस्थान गऱ्यो । यमदंष्ट्रले आपना बल सेना देषेर रावणको आज्ञा सिरमा रापि सुवर्णमय रथमा चढि जाज्वल्यमान कवच लाई उत्तम धनुर्बाण ली नील पर्वतको शोभा भयाजैं शोभा गरेर सेना सन्मुख गरि अश्व सिंह जस्तो ध्वजा पताकाले संयुक्त अनेक रथि वहत्तर हज्जारको मध्यमा यमदंष्ट्र वसेर महाधनुको टाँदलाई हर्षमानले सिंहनाद गरि एकलाष वीर २ ले संयुक्त गरि जय वांछा गरि संग्राममा युद्ध गर्नु इछाले गयो, घण्टा परिघ शूल पट्टिश आदि लियेर पर्वत आयाको जस्तो गर्जमान गरि हाकिगयो, तिनहरू संग्राममा गयापछि फेरि आउनु मर्यात छैन । सिंह जस्तो एक २ जनाले नाद गऱ्याको शब्द हज्जार २ जनाले वाद्य बजायाको जस्तो शब्द मेघले गर्ज्याको जस्तै अश्वको शब्द हस्ति कराया को शब्द अनेक लस्करले सिंहनाद गऱ्याको शब्द शंख भेरिको शब्द मेघले गर्ज्याको जस्तै शब्द भयो, यो शब्दले आकाशमा व्याप्त भयेर दश दिशा कंपायमान भयो । सागर समुद्र जस्तो असंख्य सैन्यले सहित गरि यमदंष्ट्र राक्षस वानरसित युद्ध गरौंला भनि ढोकाबाट निस्क्याको वेलामा कालले ग्रास गरिल्याषाका यमदंष्ट्र राक्षसको अग्रमा महा २ उत्पात भयो, आकाशमा उल्कापात भयो, विपरीतले वायु आयो, वायुले उडाई ल्याषाको धुलो इनहरूका नेत्रमित्र गयेर देख्न पायेनन्, आकाशमा धुलाले व्याप्त भयेर सूर्यका तेज पनि भयेन, जंबुकको मुखबाट आगो निकासि कराई रह्यो, रथमा पनि गृध्र आदि नाना पंछिले यो उत्पात पनि नगनि एस् उत्पातले मकन क्या गर्छ भनि यमदंष्ट्रले राक्षसहरूलाई भन्न लाग्यो । हे राक्षसहरू, यो उत्पात भयो भनि तिमिहरू सबैले भयत्रास मान्नु पर्दैन । एस्

पापात्मा वानरले अनेक राक्षसहरू मार्‍यो, अब इनहरू मेरा बाणका प्रहारले सबै वानरलाई मारूँला यो उत्पात् सबै उन्लाई हो। हे राक्षस, एस् धुलोले व्याप्तमान भैरह्याको एस् वानरका रक्तले शान्त गर्नु। हे राक्षसहरू, मैले अंगीकार गर्‍याको कार्य हुया हुँदैन, मेरा बाहुका बलले आज वानर सेना निर्मूल गर्छु हेर भनि इन्द्र कुबेर वरुण पनि मुनिहरूलाई पनि वानर-सित युद्ध गरि संग्राम सन्तोष गराई देखाउँछु, आफना चित्त पनि सन्तोष गराउँला, वानरको पनि सुग्रीव आदि गरि अघ्यारै मार्छु भनि आहाँपछि श्रीरामचन्द्र लक्ष्मण दुवैलाई मारौंला भनि मेरा बाणको प्रहारले यमराजाको हातमा रह्याका यमदंड जस्तो अग्निसमान मेरा बाण, हे राक्षस, एस्ता बलले संयुक्त भयाका म हुँ। संग्रामविषये मेरा अग्रमा वस्तु कसैको सामर्थ छ कि! हे राक्षस, संग्राममा शत्रुलाई जित्नु शक्या जसकीर्ति पाई सुखले बसौंला कदाचित् संग्राम-मा आफु मर्‍या स्वर्ग प्राप्त होला भनि युद्धविना मलाई गति केहि छैन। हे राक्षस, तिमिहरू पछि २ लाई निर्भय गरिकन वानर सेना मारौंला। एस् प्रकारले यमदंष्ट्रले नाना प्रकारले कुरा गरि हर्षमानले गयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे यमदंष्ट्र निर्याणो नाम सर्गः ॥२३॥

२४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि वज्रदंष्ट्रले अनेक सेनाले सहित गरि महा २ शरीर भयाको मूर्ति भयाको नाद गर्‍याको शब्दले अनेक सेनाले सहित पृथ्वी कंपायमान गराई वानर सेनामा जाई लाग्या। सुग्रीवले पालना गरिराख्याको वानरहरूले पनि राक्षस आयाको हेरि शैलशृंग ली शालवृक्ष लियेर राक्षसको सैन्यमा जाईलाग्यो, दुवैपट्टिको सेना जोरि महा महायुद्ध भयो। वानरले अनेक राक्षसहरूलाई मारेर ताहाँ राक्षसहरूले पनि महाक्रोध गरि अनेक वानरहरू मार्‍यो, नाना प्रकारले युद्ध गरेर राक्षसहरूले पनि वानरको शरीरमा शस्त्र अस्त्रले प्रहार गरेर वानरको शरीरबाट रक्त बहि आयो, वानरहरूले पनि बाणको व्यथा सहिकन पनि अनेक राक्षसलाई मुष्टिले प्रहार गरि मार्‍यो। यो हेरिकन वज्रदंष्ट्रले पनि अत्यन्त क्रोध गरिकन अनेक बाणले प्रहार गरि वानरहरू मार्‍यो। प्रलयकालमा मेघ गर्ज्याको जस्तै एस्

प्रकारले महानाद गरि ऋक्ष वानरको शरीरमा वानरले प्रहार गरेर मूर्छा भै पृथ्वीमा पल्टीरह्यो पर्वत रह्याको जस्तै एस् प्रकारले महाबलियो यमदंष्ट्राले वानरहरू मार्‍या । एस् वानरहरूको शरीरबाट रक्त आयाको नदी जस्तो बहि गयो र यो रक्तको नदी यमपुरीसम्म पुग्नु गयो । एस् नदीको बालुवा वानरहरूको कान नाक केश इत्यले बालुवा भयो, शरीर माछा जस्तो भयो, कसैको गोडा छैन, कसैको हात छैन, कसैको शिर छेदन भयाको यो सबै गृध्र आदि नाना पंछिले खानाकन आकाशमा भ्रमण गरिरह्यो । ऋक्ष वानरको शरीरबाट घेरै रगत् बहि आयो । यस् प्रकारले यमदंष्ट्राले महाभयंकर त्रासमान गराई वानर सेना मारि-ल्याया‌को हेरि महाबलियो सूर्यपुत्र सुग्रीवले पनि अत्यन्त क्रोध गरि महाअघोर मूर्ति भैकन पृथ्वी कंपमान गराई अधिबाट दगुदैं जानुभयो र त्रिभुवन पनि व्याप्तमान गराई मेघले गर्ज्याको पृथ्वी फुट्याको जस्तै नाद गरिकन यो नाद शब्दले राक्षसहरू त्रासमान गरि भागि गयो । नाना वृक्षले प्रहार गरि राक्षसहरूको शिर चूर्ण गराई भूमिमा पछाडि मुष्टिले प्रहार गरि मार्‍यो । एस् प्रकारले भागि गया‌को लगादैं अनेक राक्षसहरू मार्‍यो, प्रलय कालमा अग्निले दग्ध गर्‍याजैं सुग्रीवले राक्षसहरूलाई मार्नुभयो । एस् प्रकारले मार्‍या‌को हेरि ताहाँ यमदंष्ट्राले पनि महाक्रोध गरि सुग्रीवलाई शरवृष्टि गरिदियो, दुवै महाबलियो नाद गरि पृथ्वी कंपमान भयो । दुवै कालांतक यम जस्तो सन्मुख गरि दुवैले अन्योन्यले प्रहार गर्‍यो । दुवैको शरीरमा रक्तले व्याप्त भयो र अत्यन्त शोभा भैरह्यो । एस् वेलामा सुग्रीवले पनि महाक्रोध गरि सेनाले सहित गरिकन यमदंष्ट्रा‌को रथ घोड़ा मारिदियो र फेरि बड़ो ठुलो एगोटा वृक्ष उपेलीकन लिनुभयेर यमदंष्ट्रालाई मार्नाकन एस् वृक्षले प्रहार गरिपठायो । यो वृक्ष आया‌को हेरि वज्रदंष्ट्राले पनि बाणले प्रहार गरि आकाशैमा शय खंड गरि पृथ्वीमा पछालिदियो । महातेजस्वी यमदंष्ट्राले घोर २ कर्म गर्‍या‌को हेरिकन सबै राक्षसहरूले महाहर्षमान गरि सिंह-नाद गर्‍यो । ताहाँपछि सुग्रीवले पनि आफुले प्रहार गर्‍या‌को वृक्ष व्यर्थ गरिदिया‌को हेरि महाक्रोध गरि बडो दुंगा लिनुभयेर रक्तनेत्र गरि एस् शिलाले यमदंष्ट्रालाई प्रहार गरिदिनु-भयो । यो पाषाण आया‌को हेरि यमदंष्ट्राले गदा लिएर चौंडै रथबाट वर्ल्हि बस्यो । यो पाषाण लागि यमदंष्ट्रा‌को रथ घोडा ध्वजा पताका सारथिसहित चूर्ण गरिदियो, फेरि सुग्रीवले वृक्ष लियेर युद्ध गर्नुभयो । अनेक राक्षसलाई प्रहार गरि मार्‍यो, रक्तले देहमा व्याप्त गराई वृक्षले प्रहार गरि महाहाहाकार गराई राक्षसहरूलाई मार्‍या । नाना प्रकारले मारि लगादैं लैगया र ताहाँ यमदंष्ट्राले आफु एक्लै भया‌को देखि सुग्रीवले पर्वत‌को शृंग लिनुभयो र दगुदैं जानु-

भयो र एस् प्रकारले आयाको सुग्रीवकन देखि ताहाँ यमदंष्ट्राले पनि काँढाले युक्त भयाको गदा लियेर महावेगले अघिबाट गैकन सुग्रीवको हृदयमा प्रहार गरेर त्यो गदा शय खंड भै पृथ्वीमा पस्यो। एस्तो गदाको प्रहार पनि सहिकन ताहाँ सुग्रीवले पनि अत्यन्त क्रुद्ध गरि वज्र-दंष्ट्राको मस्तकमा पर्वतले प्रहार गर्नुभयो। यो पर्वत लागि यमदंष्ट्रा अचेष्टा भैकन नवद्वारबाट रक्तले युक्त भै रक्त छादि पर्वत पन्याको जस्तै पृथ्वीमा पल्टि मृत्यु भयो। यो वज्रदंष्ट्रा मऱ्याको हेरि बाँदरहरू सबैले महाहर्षमान गरि सिंहनाद गऱ्या, आकाशबाट देवताहरूले सुग्रीवको पराक्रम हेरिकन महाहर्षमानले देव दुन्दुभि वाद्य बजाई पुष्पवृष्टि गरिदिनुभयो। ताहाँपछि चारैं दिशामा बस्याका राक्षसहरूले यमदंष्ट्रा मऱ्याको हेरि हाहाकार गरि रक्तले शरीरमा व्याप्त गराई रावणकाई सुनाउनाकन लंकाभित्र भागि गया। ताहाँपछि महापराक्रमी सुग्रीवले यमदंष्ट्रालाई मार्‌याको हेरि श्रीरामचन्द्र प्रभृति वानरहरू सबैले हर्षमान गरि पूजा गर्नुभयो, सुग्रीवले पनि ठुलो कर्म गरि सक्यौं भनि महाआनन्दले बस्नुभयो भनि महादेवले पार्वतिकन सुनाउनुभयो।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे यमदंष्ट्रावधो नाम सर्गः ॥ २४ ॥

२५

श्रीमहादेव उवाच—हे पार्वति! ताहाँपछि सुग्रीवले यमदंष्ट्रालाई मार्नुभयो र ताहाँ राक्षसहरूले रावणका हजूरमा विंति गरे, हे महाराज, लंकेश्वर सुग्रीव वानरले यमदंष्ट्राकन मार्‌यो। यो वज्रदंष्ट्रा मार्‌याको खबर सुनि ताहाँ रावणको मनमा छिन्न चित्त गरि महाशोकले मुहूर्तमात्र ध्यान गरिरह्याको जस्तो गरि ताहाँपछि महाक्रोधले निश्वास राखि राजगृहबाट बाहिर निस्किकन आफ्ना मंत्रिहरूसहित गरि आफ्ना लंकाको द्वार २ मा बस्याको सेना हेरिकन ठाउँ २ मा अनेक राक्षसले संयुक्त गरिरह्याको एस्ता लंकामा वानरहरूले पनि घेरि बस्याको हेरि महाक्रोधले पूर्व द्वारमा बस्याको प्रहस्तलाई रावणले भन्न लाग्यो, हे प्रहस्त, एस्ता लंकामा दुःख दीरह्याको हेर २ क्या आश्चर्य! हे प्रहस्त, युद्धविना कसो रक्षा होला युद्धविना लंकाको पीडा

मार्नु हुन्याछैन । अब युद्धमा पराक्रमी तिमिहरू चारजना पो छन् , को को हो भन्या कुम्भकर्ण प्रहस्त मेघनाद निकुम्भ, इन् चारवाहिक वानरसेना मार्नु कसैको सामर्थ छैन । हे प्रहस्त, तिमि एकलैले सामर्थ छ, अब तिम्रो सैन्य सबै बटुल्याईकन श्रीरामचन्द्र लक्ष्मणसित युद्ध गर्न जाउ भनि हे प्रहस्त, तिम्रा वीर २ जति भयाका सैन्य सबैले गर्जमान गरि गयाबित्तिकै वानरको चित्त चंचल पो हो, शब्दमात्रैले डराई भागिजाला । वानर जाति बुद्धि नभयाका करायाको शब्दले भागिजाला, सहनु सक्न्याछैन, सिंहले करायाको हातिले सहनु नसक्याको जस्तै । एस्ता आपदा दीरहन्या श्रीरामचन्द्र लक्ष्मण तेरै हातले अवश्य मर्ला, विशेषले आपदा पन्यामा धैर्य गर्नु कष्ट श्री सम्पत्ति पाउनु पनि दुर्ल्लभ भनि हे प्रहस्त, अब श्रीरामचन्द्रसित प्रीति गर्नु निको कि युद्ध गर्नु निको क्या गर्नुपर्‍यो, तिम्रा चित्तमा कस्तो छ विचार गरिकन हेरि भलाई भन भनि एस् प्रकारले रावणका वचन सुनि ताहाँ प्रहस्तले हर्षमान गरि कोमल वाक्यले विन्ति गर्न लाग्यो, हे महाराज राक्षसेन्द्र रावण, यो कुरा तपाञ्चिले अघ्यारै आज्ञा गर्नुभयेन र एस् प्रकारले मसँग मत गर्नुभया एतिसम्मको दुःख क्यान होला ! अब एस् प्रकारले भयाको ठाउँमा अब एस्ता कुराले हुन्याछैन । हे महाराज रावण, उसै वेलामा सीता छाडि पठाउनुभया निको नत्र एतिसम्मको लडाञ्चि गर्नु क्यान पर्ला, निश्चयले अज्ञानि गर्‍याको जस्तो कार्य गर्‍याका निमित्तले एस्ता अवस्था भयो । हे महाराज रावण, अब एस्ता वेलामा सीता लियेर शत्रुछेउँ कसो भजना गर्नु जाउँ उसै वेलामा लैगया पो चित्त यामिन्छ, अब एतिसम्म अनेक वीर २ राक्षसहरू मारिल्यायाको ठाउँमा उन्हरूले पनि मान्न्याछैन, कदाचित् मान्या पनि तपाञ्चिलाई राजा गर्न्याछैन तपाञ्चिको भ्राता विभीषणलाई राजा गरौंला भनिराख्यो । एस्ता ठाउँमा कातर भैकन कसो जाउँ, इन्हरूछेउँ भजना गर्न जाउँभन्दा त वरु संग्राम गर्नु निको । हामिहरूले संग्राम गरि शत्रुकन जिन्नु सक्या सुखले राज्य भुक्तमान गरिरहौंला भनि एस् प्रकारले प्रहस्तले कुरा गर्‍याको सुनि ताहाँ रावणको चित्तमा हर्षमान गरि भन्न लाग्यो, हे प्रहस्त, धन्य २ ! तिमि जस्ता पुरुष कोहि हुन्याछैन । भलाई हित गर्न्या तिमि तिमिले भन्याको जस्तो शत्रुलाई जितिकन सुखले लंकाराज्य भुक्तमान गरिरहौंला भनि एस् प्रकारले रावणले हर्षमान गरि फेरि प्रहस्तकन भन्न लाग्यो, हे वीर प्रहस्त, ऐल्हे तिम्रा सैन्यसहित गरि गैकन श्रीरामचन्द्र लक्ष्मण वानरसहित गरि तिम्रा बाणले निर्मूल गरिआउ भन्यो र ताहाँ प्रहस्तले पनि हुन्छ भनि आज्ञा लियेर विन्ति गर्न लाग्यो, हे महाराज राक्षसेन्द्र रावण, तपाञ्चिले पनि भलाई अनेक मान्य गरि राख्नुभयाको छ, वचन पनि छिद्र कैल्हे पनि बोल्नुभयाको छैन ।

अब तपाल्किा सेवा गर्नुमा मेरा शरीरको रक्त निकासि दिनु पनि सामर्थ छ। हे महाराज रावण, मेरा बाणका प्रहारले वानरसेनाकन मारि गृध्र आदि नाना पंछि रक्त मांसले तृप्ति गराउँछु, मैले पनि जिउको माया राख्तैन। हे महाराज रावण, तपाल्किको सेवा भन्दा शत्रु, धन इष्ट-मित्र पनि भन्याछैन, तपाल्किको सेवा गर्नाका निमित्तले मेरा शरीरले यज्ञ गर्दछु भनि रावणका हजूरमा विन्ति गरेर प्रहस्तले आफ्ना अग्रमा वस्याको राक्षसकन भन्न थाग्यो, हे वज्रदंष्ट राक्षस, तँ ऐलेै गैकन मेरा सैन्य सबै चाँडै वदुल्याउ भनि कसैले जित्न नशक्याको वानर सबैकन मार्दछु भनेर वज्रदंष्ट राक्षस चाँडै गयो र प्रहस्तको आज्ञाले राक्षस सबै वदुल्याई ल्यायो, नाना शस्त्र अस्त्र धारणा गरि लंका व्याप्तमान गराई सबै जम्मा गरिराख्या, तीक्ष्ण २ बाण ली जाज्वल्यमान गरि नाना कुण्डल भूषण गरि सूर्य जस्तो प्रकाश भैरह्या। तेस् वेलामा अनेक यज्ञ गराई यज्ञको गंध ली अग्निकन पूजा गरिकन नाना स्वस्तिवाचन गराई अनेक पुष्पमाला लाई संग्रामको मर्यादा जस्तो अनेक २ शस्त्र अस्त्र धारणा गरि सबै संयुक्त गरि दिव्य कवच लाई एक २ जाना सिंह-शार्दूल जस्तै तिनले पनि संयुक्त घोर २ राक्षस महाबलियो काल जस्तै कालवर्ण रावणको जय वांछा गरि अनेक शंखको शब्द गराई नाना वाद्य बजाई अश्वारोहण गरि अनेक मंगल यात्रा गरि प्रहस्त दिव्य रथमा चढिकन निको वेलामा प्रस्थान् गर्‍या। कस्ता प्रहस्त भन्या सूर्यका जस्तो तेज रत्न कुण्डल लाई कांचनले भूषण गरि सुवर्णमय रथमा चढि मनवेगी अश्व जोरिराख्याको रथ, किंकिणी जालले संयुक्त रथ यो रथमा संग्रामको सराजाम जति चाहियाको संपूर्ण गरि अग्नि जस्तो एस्ता रथमा प्रहस्त चढि रावणको आज्ञा हृदयमा राखि अनेक सेनाले सहित गरि चाँडै लंकाको पूर्वद्वारबाट बाहिर निस्क्यो। तेस् वेलामा वाद्यको शब्द शंखको शब्दले आकाशको व्याप्तमान भयो। भयंकर २ राक्षसहरू पूर्वद्वारबाट निस्क्यो, मत्त हाति आयाको जस्तै असंख्य सेनाले सहित गरि गर्जमान गरि महानाद गरिकन गयो। एस् प्रकारले पृथ्वी दोलायमान गरि संग्राम गर्नाका निमित्तले निस्क्याको वेलामा प्रहस्तको रथमा मेघले रक्त वृष्टि गरिदियो, रथको ध्वजामा गृद्ध वस्न आयो, जंबुक आदिले पनि मुख-बाट आगो निकासि कराईरह्या, आकाशमा पनि उल्कापात भयो। प्रलयको वायु आयो, पृथ्वहरू सबैले क्रोध गरेर प्रहस्तको तेज पनि हीन भयो, छाया पनि नभैगयो, सारथिको कोर्रा भूमिमा पस्यो, रथ पनि निश्री भै अशोभा भयो, रथको दाहिनातिरको घोडाका अश्रुपात भयो। एस्ता महाभयानक उत्पात भयाको हेरिकन आफ्ना पराक्रम भयेर प्रहस्तले राक्षसहरूलाई

भन्न लाग्यो, हे राक्षसहो, रावणको आज्ञा मानि वानरको सेनासित युद्ध गरौंला भनि आयौं। अब एस्ता उत्पात भयो, हे राक्षसा, एस् उत्पात भयो भनि तिमिहरू डराउनुपर्दैन। जुन् काल देवताले संसारकन मार्दछ एस् कालको काल म पो हुँ भनि जगत् संसारकन दाहा गर्न्या अग्नि एस् अग्निका अग्नि पनि म हुँ, जुन् मृत्युले संसारको जिउ लि हिंड्छ उहि मृत्यु देवताको जिउ लिन्या म हुँ भनि एस्ता मछेउँ उत्पातले क्या गर्नु सक्ला। हे राक्षस, निर्विघ्नले चित्त दृढ गरिकन यात्रा गर भनि एस् प्रकारले प्रहस्तले बोल्याको वचन सुनि ई राक्षसहरूले नाद गरि गयो। नाना आभरणले युक्त गरि महाक्रोध गरिकन प्रहस्त वानर सेनामा जाईलाग्यो, वानरहरूले पनि इन्हरू आयाको हेरि महाहर्षमानले वृक्ष उचेलि २ कन ली हुंगा ली उफ्री २ कन हर्षमान गरि बस्यो। सिंह शार्दूल जस्तो दुवैपट्टिको सेना महावेगले गैकन महायुद्ध गर्न्यो। दुवै पक्षले हर्षमान गरि सिंहनादले महाप्रलय युद्ध भयो, वनमा अग्निले दाह गर्न्याको वेलामा पतंग आदि मृग अग्निमा जाईलाग्याको जस्तो जाईलाग्यो। एस्ता प्रलय युद्ध भयो भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे प्रहस्त निर्याणो नाम सर्गः ॥ २५ ॥

२६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि प्रहस्तले अनेक राक्षससहित गरि महाहर्ष गरि गर्जमान गरिकन वानरसित युद्ध गर्नाकन गयो। ताहाँ वानरहरूले पनि ति राक्षसहरू आयाको हेरिरह्या। कस्ता राक्षसहरू भन्या महा २ शरीर अघोर २ मूर्त्ति नाना शस्त्र अस्त्र संयुक्त भै खड्ग कुंत गदा, परिघ, धनु, पर्शु नाना शस्त्र अस्त्र लियेर एक २ जना सिंह जस्ता शार्दूल जस्ता तेजले पनि पराक्रमले पनि संयुक्त आफ्ना २ जय वांछा गरिकन पृथ्वी दोलायमान गरि नाद गरिकन एस् प्रकारले सैन्यसहित गरि प्रहस्त गयेर महायुद्ध गर्न्या ताहाँ वानरले पनि महा हर्षमान गरि महा वल्कियो २ वानर सबैले फुल फुलिरह्याको बडो वृक्ष पाषाण उचेलि २ कन लियेर महाहर्षमान गरिकन राक्षसको र वानरको अन्योन्यले महायुद्ध भयो, अनेक प्रकारले युद्ध गरि प्रहार गर्न्यो, राक्षसहरू सबैले पनि शस्त्र अस्त्र प्रहार गर्न्यो, वानरहरूले शिला वृक्षले राक्षसकाई प्रहार गर्न्यो। एस् प्रकारले अन्योन्यले प्रहार गरि दुवै पक्षले अनेक २ मार्न्या

वानरका शरीरमा त्रिशूल पर्शु परिघ यो आदिले प्रहार गरि शिरछिन्न भिन्न गरि खड्गले प्रहार गरि अनेक वानरहरू मार्‌या । एस् प्रकारले मार्‌याको हेरि वानरहरूले महाक्रोध गरि शैल शृंग, पाषाण, नाना शालवृक्षले प्रहार गरि अनेक राक्षसलाई मार्‌या मुष्टिले प्रहार गरिकन नखदंतले प्रहार गरि अनेक राक्षसहरूलाई मार्‌यो, राक्षसहरूको शरीरबाट रक्त धारा बहि आयो । एस् प्रकारले दुवैपट्टिले सिंघ जुझ्याको जस्तै वृषभ जुझ्याको जस्तो दुवैपट्टि पराक्रमी दुवै अग्नि जस्तो एस् प्रकारले परस्पर प्रहार गरि रक्तले सर्वांग शरीर व्याप्त गराई अति शोभा धैरह्यो । तेस् वेलामा प्रहस्तका मंत्रि चार छन्, को को भन्या धुर २ कुंभहनु महानाद समुद्र एस् चार अधिबाट दगुरिकन वानरसित युद्ध गर्‌यो, अनेक बाणले प्रहार गरि तत्क्षणैले अनेक वानरलाई मार्‌या । एस् प्रकारले वानरहरू मार्‌याको हेरि द्विविद वानरले महाक्रोध गरिकन पर्वत शृङ्गले प्रहार गरि अनेक राक्षसहरू मार्‌या । जांबुबाणले पनि महाशिला लियेर महाक्रोध गरि महाशब्दले नाद गरिकन राक्षसको हृदयमा प्रहार गरि मार्‌यो । यो हेरिकन कुंभहनु राक्षसले मार्‌या । अग्निले पतंगमा गर्याझैं आफ्ना मंत्रि वानरले मार्‌याको हेरि प्रहस्तले महाक्रोध गरि वानरछेउँ अधिबाट दगुरि गैकन धनु टंकार शब्द गरि वानरको प्रलय-काल जस्तो भयो, सागर क्षोभ भयाजस्तो संग्राम गर्‌या, महासमूहले शरवृष्टि गरि अनेक वानर-कन मार्‌या पर्वत पृथ्वीमा व्याप्तमान गरिरह्याको जस्तो गरि वानर मारि रणभूमिमा व्याप्तमान गरि मार्‌या । अनेक वानर राक्षसको रक्त बहि आयो र रणभूमि शोभायमान भयो, कस्तो भन्या वसंत ऋतुका समयमा पलाशको फूल फुल्या जस्तो शोभायमान भैरह्यो, बाणको प्रहारले रक्त नदी बहि गयो, अनेक वीर २ को शरीरको गीड ता माछा जस्तै भैगयो, मलमूत्र दंत केश तेस् नदीको तीरमा बालुवा जस्तो भयो, शस्त्र अस्त्र खड्ग माछा जस्तो भैगया, कसैको ता शिर छैन कसैको हातै छैन कसैको गोडा छैन, यो सबै काग आदि गृध्र पंछिहरूले पाया महाशब्दले कराई आकाशमंडलमा मंडलाकार गरिरह्या, जंबुकले करायो, सरोवरमा नदीमा हंस सारस बोल्याको जस्तो राक्षसहरूले रक्तको घोला नाघिगयो र वानरकन मार्‌यो, वानरहरूले पनि यो रक्तको घोला नाघिगयेर अनेक राक्षसहरूलाई मुष्टिले प्रहार गरि मार्‌यो । एस प्रकारले प्रलय युद्ध भयो र अनेक कबंध उत्पत्ति भयो, नादशब्दले पृथ्वी कंपमान भयो । एस् प्रकारले महाअघोर संग्राम भयो । एस्ता वेलामा नील वानरले महावृक्ष एउटा उपेलिकन प्रहस्तलाई प्रहार गर्‌या, तांहाँ प्रहस्तले पनि अत्यंत क्रोध गरि तीक्ष्ण २ बाणले नील वानरलाई प्रहार गर्‌या, कसो भन्या मेघले जलवृष्टि गर्‌याझैं नील वानरले पनि मेघले जलवृष्टि गर्‌याको जस्तै पृथ्वीले थापिरहनु-

भयाको जस्तै प्रहस्तको बाण थापिरहनुभयो । एस्तो अग्निसमान बाणको व्यथा सहिकन अत्यंत क्रोध गरि ठुलो साल वृक्ष लियेर प्रहस्तको महावेगसारि घोडालाई प्रहार गरि मार्‍या । प्रहस्तले पनि आपना घोडा मारिदियाको देखि ताहाँ प्रहस्तले पनि महाक्रोध गरिकन धनुर्बाण छोडि रथ बाट वहिंआयेर फलामको मुसलले प्रहार गर्‍या, फेरि नीलले पनि वज्रसमान मुष्टिले प्रहार। गर्‍या एस् प्रकारले परस्पर प्रहार गर्‍यो र दुवैको सर्वाङ्ग शरीरमा रक्तले व्याप्तमान भै पर्वतमा पलाशको फूल फुल्याजै शोभा भैरह्यो । दुवै तुल्यपराक्रमी सिंह व्याघ्र जस्तो प्रलय कालका रुद्र जस्तो दुवैले परस्पर प्रहार गरेर दुवैतरफ अनेक मार्‍या । ती सबै दुवैले जित्नु अंगीकार गरि प्रलय युद्ध गर्‍या, वृत्रासुरसित इन्द्रले युद्ध गर्‍याको जस्तै । एस्ता ठाउँमा प्रहस्तले नीलको शिरमा मुशलले प्रहार गर्‍या । तेस् चोटले नील वानरको शरीरबाट रगत्को धारा बहि आयो । तेस् व्यथा सहिकन अत्यन्त क्रोध गरि ठुलो वृक्षले प्रहस्तकन प्रहार गर्‍या । एस् प्रकारले प्रहार गर्‍यो र प्रहस्तले मुशल लि दगुरि गयो । यो आयाको हेरि देखिकन महाशरीर नील वानरले पनि ठुलो पाषाण लि सिंहनाद गरिकन दगुदैं अधिबाट गैकन प्रहस्तका मस्तकमा एस् पाषाणले प्रहार गर्‍यो । ताहाँ त्यो पाषाण लागि प्रहस्तको शिर चूर्ण भै पृथ्वीमा पल्टी मृत्यु भयो । एस् प्रकारले मृत्यु भयामा नवद्वारैबाट रगत् बह्यो, इन्द्रको वज्रप्रहार लागि पर्वतको चूर्ण भया जस्तो । एस् प्रकारले नील वानरले प्रहस्तलाई मार्‍याको हेरि शेष रह्याको राक्षस सेना कंपमान गरि रणभूमि छाडि भागि गयो, कोहि ध्यान गरिरह्याको जैं अलमलीरह्यो । एस् प्रकारले बलियो नील वानरले प्रहस्तलाई मार्‍याको हेरि वानरहरू सबैले सिंहनाद गर्‍या । यो नाद शब्दले पृथ्वी कम्पमान भयो धन्य २ भनि प्रशंसा गर्‍यो । नील वानर पनि श्रीरामचन्द्रको हजूरमा जानुभैकन चरणमा दंडवत् गरि बस्यो । ताहाँ श्रीरामचन्द्रले पनि अत्यन्त हर्षमान गरि धन्य २ नील वानर भनि प्रशंसा गर्नुभयो । एस् प्रकारले नीलले प्रहस्तलाई मार्‍याको हेरि राक्षसहरू लंकामा भाग्यो । ताहाँ रावणको हजूरमा गैकन विंति गर्‍यो, हे महाराज रावण, प्रहस्तलाई नील वानरले मार्‍यो भन्यो र ताहाँ रावणले शोक गरि क्रोधले भन्न लाग्यो, हा हा पापात्मा नील वानरले प्रहस्तकन मार्‍यो भनि प्रहस्त मर्‍याको दुखले चित्तमा पीडा भयो र क्रोधले संयुक्त गरि राक्षसको योद्धा २ शूरवीरहरूलाई भन्न लाग्यो, देवराज इन्द्रले क्रोध गरि देवताहरूकन भन्याको जस्तो भयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे प्रहस्त वधो नाम सर्गः ॥ २६ ॥

१७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि नील वानरले प्रहस्त राक्षस मार्‍याको खबर सुनि ताहाँ रावणको मनमा अत्यन्त दुःख भयो र चाँडै राक्षसहरूकन आज्ञा दियो, हे राक्षस, शत्रु जाति सानु भनि कसैले हेर्ला गर्नु छैन। हे राक्षस, मेरा सेनापति सबै इन्द्र जित्नु सामर्थ छ, एस्ता वीर २ हरू मारिदियो। अब एसै वस्येर हुन्याछैन, अनेक हस्ति अश्व रथ सैन्यसहित गरि शत्रु मार्नाका अर्थले वटुल्याउ। एस्ता ठाउँमा अरू सैन्यकन पठाउँदैन आफु नगै हुन्याछैन अैल्हे म चाँडै जान्छु। अैल्हे म गैकन वानरसेनासहित गरिकन श्रीरामचन्द्र लक्ष्मणलाई मेरा बाणले प्रहार गरि मार्दछु, कसो भन्या शुष्क वन अग्निले दग्ध गर्‍याको जस्तो मार्दछु भनि एस् प्रकारले रावणको वचन सुनि उत्तम रथ ल्यायो। यो रथ कस्तो भन्या अग्निको जस्तो तेजले संयुक्त रथ मनवेगी अश्वले संयुक्त अनेक रत्न मणि माणिक्यले प्रकाश भयाको रथ एस्ता उत्तम रथमा रावणले शस्त्र अस्त्र संयुक्त गरिकन रथमाथि चढि अनेक शस्त्र अस्त्र रथमा राखि हर्षमान गरि अनेक राक्षस सेना पछि २ लाई महावेगले रणभूमिमा गयो। राक्षसहरू सबै महावीर २ क्रोधले युक्त गरि रहन्या लाल २ नेत्र गरि अनेक राक्षसहरू पछि २ राखि गयो। वानरसित युद्ध गर्नाका निमित्तले हर्षमान गरि नाना वाद्य बजाई महानाद गरिकन रावण गयो। पर्वत गयाको जस्तो मेघवर्ण अग्निको जस्तो नेत्र नाना गहनाले संयुक्त गरिकन राक्षसहरू सबै काल मेघ जस्तो एस्ता सेनाले आवृत गराई मुख्य २ राक्षसले सहित गरि गयो, परमेश्वर श्रीमहादेव प्रमथ गणले युक्त गरिकन जानुभयो जस्तो अति शोभायमान गरि गयो। एस् प्रकारले रावणका मनले वानरसेना हेरि पृथ्वी पनि डोलायमान गरि गयो। एस् वेलामा वानरहरूले संग्राम गर्नाकन राक्षसहरू आयाको हेरि महा २ पराक्रमी वानरहरूले शैल शृंग ली समुद्र कल्लोल भयाका जस्तो कराईरह्या। एस्ता ठाउँमा राक्षसहरू आयाको हेरिकन श्रीरामचन्द्रले पनि तेजस्वी विभीषणकन डाकि आज्ञा गर्नुभयो। हे विभीषण, यो आयाको सैन्य को हो निर्भय गरि आयो, हस्ति आयाका जस्तो यो को हो भनि आज्ञा भयो र ताहाँ बुद्धिमान विभीषणले श्रीरामचन्द्रका चरणमा विंति गर्दा भया, हे श्रीरामचन्द्र, यो आयाको सर्व राक्षसको श्रेष्ठ रावणको सेना हो। हे रघुनंदन, हाति चढ्दा सूर्यको जस्तो तेज भयाको तामस नेत्र गरिकन पृथ्वी कंपमान गराई आयाको महावीरबाहु राक्षस हो। श्रीरामचन्द्र, त्यो सिंह ध्वजा भयाका रथमा चढि धनु टंकार गरि आयाको पापात्मा राक्षस मेघनाद हो।

हे श्रीरामचन्द्रज्यू, तेस् महातेज भयाको क्रोध यम जस्तो धनु हातमा ली देवराज इंद्र जस्तो आयाको रक्त नयन गरि अग्निको जस्तो तेज रत्न कुंडलको गहना लाई आयाको यो पापात्मा रावणको पुत्र अतिकंपन भन्याको राक्षस हो। हे श्रीरामचन्द्र, नाना शस्त्रले संयुक्त भयाको रक्तनयन गरि महाक्रोध गरि गधामा चढि आयाको महोदर नाम राक्षस हो। हे प्रभु श्रीरामचन्द्र, नाना अलंकारले युक्त भयाको घोडामा चढि संध्याकालको मेघ जस्तो तेज भयाको कालांतक रुद्र जस्तो तेज भयाको पिशाचहरूले घुमाई आयाको यो मकर राक्षस हो। हे श्रीरामचन्द्र, कालांतक रुद्र समान खड्ग धनु लियेर कवच किरीटले भूषण गरि पर्वत आकाशमा रह्याको जस्तै हाति चढि आउन्या यो नरान्तक राक्षस हो। तेजले संयुक्त अग्नि आयाको जस्तै पर्वत शृंग जोरि पताका ध्वजाले संयुक्त गरि कांचन रथमा चढि आउन्या यो अतिताश्वको पुत्र हो। हे श्रीरामचन्द्र, एस् पुरुषले नाना मूर्ति लिनु सामर्थ छ। हस्ति व्याघ्र खर आदि नाना मायाले रूप लिनु जान्दछ यो चर राक्षस हो। हे श्रीरामचन्द्र, पर्वत जि युद्ध गर्नु सामर्थ छ। अग्नि जस्तो तेज गरि पर्वत हातले ली आउन्या यो देवांतक हो, इन्ले पृथ्वीमा भयानक कर्म गर्नु सामर्थ छ। त्रिशूलको बिजुलि जस्तो प्रकाशको किंकिणी जालले संयुक्त महा बलि यो वृषभमा चढि आउन्या यो त्रिशिरा हो। उ अघिवाट आउन्या कालमेघ तुल्य उरस्थल विस्तार भयाको यो कुंभकर्ण राक्षस हो। हे महाराज श्रीरामचन्द्र, गरुड ध्वजा गरि धनुको टंकार शब्द गराई सुवर्ण कवच लाई आउन्या महाबलियो संग्राममा गयापछि फर्किन आउन्या यो निकुंभ राक्षस हो। हे महाराज श्रीरामचन्द्र, प्रमथगणले वृत्त गराई श्रीमहारुद्र आयाको भया जस्तै अनेक राक्षस पछि २ लाई सुवर्ण रथमा चढि जाज्वल्यमानले धवल छत्र सुवर्णमय दण्ड लि पर्वत आयाको जस्तै यो तपाखिको शत्रु पापात्मा रावण हो। हे राजेंद्र श्रीरामचन्द्र, कस्तो किरीट रत्न कुंडलले भूषण गरि जाज्वल्यमान गरि माहेंद्र गिरि पर्वत जस्तो इंद्रयमकन जितिरहन्या सबै राक्षसको राजा भै रहन्या एस्ता रावणले तपाखिसित युद्ध गर्ने वाछाले आयो भनि विभीषणले सबै वृत्तांत विति गऱ्या र ताहाँ श्रीरामचन्द्रले पनि यो बचन सुनि आज्ञा गर्नुभयो। हे विभीषण, कस्तो आश्चर्य सूर्यका जस्तो तेज गरि आउन्या इनको तेज कसैले सहन सक्दैन, नाना अलंकार लाईरहन्या अग्निका जस्तो एस् रावणका तेजले चिन्ह पनि सकेन, महा २ वीर देव दानवको पनि दैत्यको पनि रावणका जस्तो तेज छैन, क्या शोभाले संयुक्त गरि आयो। ई सेनाका तेजले पनि इनका पुत्रको तेजले पनि महावीर २ को तेज पनि संसार नास्नाकन आयाको कालाग्नि जस्तै द्वादश सूर्य

जस्तो राक्षसहरू सबै पर्वत जस्तो शरीर भयाका तमाग्नि जस्तै युद्ध गर्नु इछाले रह्याका ई सबै रावणको योद्धा पनि सबै तेजस्वी एस्ता राक्षस सबैको राजा भै रह्याका नाना रत्न कुण्डलले भूषण गरि सुवर्णमय सिंहासनमा चहि धनु हस्तमा ली महावीर २ एक २ जना सिंह शार्दूल जस्तै व्याघ्र जस्तै मध्यान्हका सूर्य्य जस्ता नागले निश्वास राख्या जस्तो राषि नाना वाघको सिंहनाद गरि यो शब्दले पृथ्वी कंपमान गराई एस्ता सेनाले सहित गरि रावण आयाको हेरि ताहाँ श्रीरामचंद्रले पनि धनु छियेर ताँदो चढाई वाण लीरहनुभयो। कस्ता श्रीरामचन्द्र भन्या कमलपत्र जस्तै नेत्र वैडूर्य मणि जस्तो वर्ण उत्पल पुष्प जस्तो शिरविषय मुकुट धारणा गर्नुभयाका महातेजले संयुक्त गरि संसारको आत्मा पुरुष हुनु भयाका एस्ता सुन्दर श्रीरामचन्द्रले पनि लक्ष्मणसहित गरि वानरसेना सबै सहित गरिकन पापात्मा रावण आयाको हेर्नुभैकन युद्ध गर्नुकन तत्पर भैरहनुभयो। ताहाँपछि रावणले पनि आफ्ना सेना महावीर २ राक्षसहरूलाई भन्न लाग्यो। हे राक्षसहो, जुन ठाउँमा तिमीहरूलाई भारा दी राख्याको ठाउँमा, प्रासाद ढोकामा ठाउँमा सम्हार गरि निर्भय गरि बस्न जाउ भन्यो र रावणले धनुर्वाण लीकन वानर सेनाको समूहमा आईछाग्यो र वानरकन प्रहार गरिरह्यो। कस्तो भन्या महामत्तले रावण आयाको हेरिकन, दिप्त धनुर्वाण कालरुद्र जस्तो आयाको हेरिकन, वानरेंद्र महापराक्रमी सुग्रीवले पनि रावणका संग युद्ध गर्नाकन अधिवाट दगुर्दै जानुभैकन नाना वृक्षले रावणकन प्रहार गर्नुभयो। ताहाँ रावणले पनि यो वृक्ष आयाको हेरि यमदंडतुल्य वाणले प्रहार गरि आकासैमा खंड २ गरिदियो, फेरि रावणले पनि इंद्रका वाणतुल्य वज्र तुल्यवाणा अग्निका तेज जस्तै जाज्वल्यमान भयाका चाँडै लियेर सुग्रीवकन प्रहार गऱ्यो। कस्ता वाण भन्या, अतिकर्रा कमान कांचन पर्वत छोप्या जस्तो सुग्रीवकन वाणले छोप्दा सुग्रीवको चित्तमा त्रासमान गरि महाशब्दले पृथ्वीमा पल्ट्यो। एस्कारणले अचेष्टा भै रहनुभयाका सुग्रीवलाई हेरिकन राक्षसको सैन्य सबैले हर्षमान गरि नाद गऱ्या, एस् प्रकारले सुग्रीव रहनुभयाको हेरिकन, गवाक्ष सुदंष्ट मैंद्र द्युति ई वानरले अत्यन्त क्रोध गरि पर्वत उपेलिलियेर दगुर्दै गैकन रावणलाई प्रहार गऱ्या। यो पर्वत आयाको हेरि ताहाँ रावणले पनि सपत उद्देश वाणले प्रहार गऱ्यो र निष्फल गरिदियो र यो पर्वत निष्फल गरिदियो, वानरको सेनापति सबैलाई अनेक शरवृष्टि गरिदियो। एस् रावणको वाण लागि अनेक वानरहरू पृथ्वीमा पल्टिरह्यो। एस् वानरले भयानक २ कर्म गरि वानर सबैकन शरवृष्टि गऱ्यो, अनेक वानर मारिल्याया को हेरि वानरहरू त्रासमान गरि रावणको वाण

प्रहार सहनु सके नर श्रीरामचन्द्रको चरणमा शरण गयो । सबै लोकको शरण गति हुनु-भयाका, श्रीरामचन्द्रले वानरहरू त्रासमान गरि आयाको हेरिकन तेजस्वी श्रीरामचन्द्रले धनुर्बाणले, श्रीरामचन्द्रको चरणमा विंति गर्नुभयो, हे ज्येष्ठ भ्राता श्रीरामचन्द्र, एस् पापात्मा रावणलाई मार्दछु भनि हे भ्राता श्रीरामचन्द्र, म भैकन तपाञ्जिले जुझनु पर्दैन, तपाञ्जि हेर्नुभया मात्र जानस् भनि लक्ष्मणले विंति गर्नुभयाको वचन सुनि ताहाँ श्रीरामचन्द्रले पनि धन्य २ लक्ष्मण भनि अति हर्षमान गरि आज्ञा गर्नुभयो । हे भ्राता लक्ष्मण, तिम्रा मनमा जुझनु इछा भयौ त मसित सँगै जाउँ । हे लक्ष्मण, मेरा वचन सुन,एस् पापात्मा रावणका महाबलियो, महा २ धनुर्बाण लीरहन्या, त्रैलोक्यले पनि इन्कन जित्नु सकेन । एस्ता रावणसित युद्ध गर्नु इछा भयौ त आफना छिद्र छोडि उन्को छिद्र हेरि, आँखा उन्छेउँ लाई तिमिले युद्ध गर भनि आज्ञा भयो र ताहाँ लक्ष्मणले पनि श्रीरामचन्द्रको वचन सुनि महाहर्षमानले रावणसित युद्ध गर्नाकन अघिबाटै दगुदैं जानुभयो । पृथ्वी पनि दोळायमान गराई आयाको लक्ष्मण रावणले देख्यो । तेस् वेलामा हनुमान पनि लक्ष्मणको भन्दा अघिबाट दगुदैंकन जान लाग्यो । बाणले अनेक वानरहरू लाई मारिल्यायाको हेरिकन कालांतक जस्तो रह्याका रावणको सन्मुख गरि वायुपुत्र हनुमान अघिबाट दगुरि गैकन रावणको रथमा चढि घोडाको तर्जली सारथि कर्म लियेर महाक्रोधले रावणलाई भन्न लाग्यो, हे पापात्मा रावण, देव, दानव गन्धर्व, यक्ष, नाग, किन्नर आदिले पनि जित्नुसकेन भनि चिताई तैले दुःख पो मानिस् कि ! अब यो नरको हातले मार्नुपऱ्यो । हे पापिष्ठ, आज तँ पापात्मालाई मारि त्रैलोक्यको देवलोकहरू सन्तुष्ट गरौंला भनि हे रावण, श्रीरामचन्द्रका सेवक हनुमन्तकन तैले जान्दछस् कि ! आजका दिनमा मेरा दाहिना बाउँका प्रहारले तेरो शरीर चूर्ण गर्दछु भनि एस् प्रकारले हनुमानले आज्ञा भयो र ताहाँ रावणले हनुमानको वचन सुनि महाक्रोधले भन्न लाग्यो । हे पापिष्ठ मर्कटाधम, तँ जस्तिको पराक्रमी कोहि छैन हो त्यो कुरा गर्नु क्यान, निःशंका गरि मलाई प्रहार गर, तँलाई कीर्त्ति बनाउनुमा क्यान चुप लागिबसिस् चाँडै प्रहार गर्नु आउ । ताहाँपछि तेरा पराक्रम बल मैले तेरो जिउँलिन्छ भन्यो र ताहाँ हनुमानले पनि रावणको वचन सुनि आज्ञा गर्नुभयो, हे राक्षसाधम, मेरा पराक्रम तैले अझ जान्याको छैनस् कि ! उस् वेलामा तेरो अशोकवनिकामा म आयाका वेलामा तेरा पुत्रहरू अक्षयकुमार आदि गरि शय पुत्रलाई मारिदेषायाको याद पाउँदैनस् कि ! उहि हनुमन्त म हुँ । एस् प्रकारले हनुमन्तको वचन सुनि ताहाँ रावणले पनि अत्यन्त क्रोध गरि लपट्टाले हनुमानलाई प्रहार गऱ्यो । एस् प्रहार लागि हनुमानले चित्त दृढ गर्नु

नसकि अचैतन्य भयो, फेरि मुहूर्त मात्रपछि चैतन्य भयेर महाक्रोध गरि हनुमानले पनि रावणको हृदयमा मुष्टिले प्रहार गऱ्यो । एस् प्रकारले रावण पनि मुहूर्त मात्रै मूर्छा भैरह्यो, पर्वत फुट्याको जस्तै शब्द भै पृथ्वी कम्पमान भयो, परस्पर उनले उनलाई प्रहार गऱ्यो र रावण अचेष्टा भयाको हेरि आकाशमा इन्द्रादि देवताले नाद गरि हर्षमान गर्नुभयो, धन्य २ हनुमानले चित्त स्थिर गरि रहनुभयाको हेरि हनुमानको मुख हेरि भन्न लाग्यो, हे हनुमान, धन्य २ तेरो पराक्रम, धन्य २ तेरा पुरुषार्थ भनि एस् प्रकारले रावणका वचन सुनि ताहाँ हनुमानले आज्ञा गर्नुभयो, हे रावण, धिक्कार मेरा पराक्रम मजस्ता वीरले प्रहार गऱ्यो र पनि बाँच्दैछस् ! धिक्कार मेरो बल । हे दुर्बुद्धि रावण, कयान तैले उपहास्य गरिस् , अब मैले एक चोट मात्र प्रहार गरि यो मुष्टिका प्रहारले हे रावण, तँ यमराजाको मुख देखाउन पठाउँछु भन्यो र ताहाँ रावणले पनि यो वचन सुनि अत्यन्त क्रोधले जाज्वल्यमान गरि रक्तनयन गरिकन मुष्टिकले हनुमानको हृदयमा प्रहार गऱ्यो । एस्ता रावणले मुष्टि प्रहार गरेर हनुमान अचेष्टा भै पृथ्वीमा पडीरह्यो । एस् प्रकारले रहनुभयाको हनुमानलाई हेरि ताहाँ रावण चाँडै रथमा चढि हास्य गऱ्यो । ताहाँ यमतुल्य महापराक्रमी नील वानरले हाँक्यो, ताहाँ नील वानरलाई पनि मर्मस्थानमा अनेक शस्त्र-अस्त्रले प्रहार गरिदियो । ताहाँ नील वानरले पनि यो वाणको व्यथा सहिकन पर्वतशृंग लियेर रावणलाई प्रहार गऱ्यो । एसै वेलामा हनुमानको चेष्टा भयो र नील वानरसित रावणले युद्ध गरिरह्याको हेरिकन हनुमानले महाक्रोध गरिकन रावणलाई मार्नाका अर्थले भन्न लाग्या, हे पापिष्ठ रावण, तँ जस्तो योद्धा भैकन क्षत्रिधर्म जान्न्या तँ मसँग युद्ध गर्न नसकि नीलसित युद्ध गरिस् । एस् प्रकारले हनुमानले बोल्याको वचन सुनि नील वानरले प्रहार गरिल्यायाको पर्वत रावणले वाण प्रहार गरि सप्त खण्ड गरि पृथ्वीमा पसालिदिया । यो हेरिकन नील वानरले अत्यन्त क्रोध गरिकन महाबलियो तेजले पनि संयुक्त अग्निको पुत्र नील वानरले नाना वृक्ष उपेलिकन रावणलाई प्रहार गऱ्यो । यो वृक्ष आयाको हेरि रावणले पनि चाँडै वाणले प्रहार गरि आकाशैमा छेदन गरिदियो फेरि रावणले पनि शरवृष्टि गरिदियो । एस् प्रकारले आफुलाई शरवृष्टि गऱ्याको हेरि ताहाँ नील वानरले पनि अत्यन्त क्रोध गरि आपना शरीर सूक्ष्म गरिकन रावणको ध्वजामा बस्न आयाको हेरि रावणले महाक्रोध गरिकन अग्निले दग्ध गऱ्याको जस्तो रह्याको रावणलाई हेरि नील वानरले पनि महाक्रोध गरि फेरि रावणको धनुको टुप्पामा बस्नु गयो, फेरि मडुकमा पनि बस्नु गयो, फेरि ध्वजामा बस्नु गयो । एस् प्रकारले रावणका शिर ध्वजा धनुको टुप्पामा बस्नु

गयाको हेरि श्रीरामचन्द्र प्रमुख सुग्रीव वानर आदिले नील वानरको पराक्रम हेरि महाहर्षमान गरि हेर्नुभयो । तेस् वेलामा नील वानर आफ्ना शिर धनुमा वस्न आयाको हेरि रावणको हृदयमा महात्रासमान भयो, क्या गरौं भन्याको जस्तो अलमलि वस्याको हेरि वानरहरू सवैले महाशब्दले सिंहनाद गर्नुभयो । यो हेरिकन राक्षसेन्द्र रावणले नील वानरकन हेरि भन्न लाग्यो, हे वानराधम नील, तैले चाँडै माया गरि मछेउँ नाना प्रकारले चलाईस्, तेसो पराक्रम गऱ्यो तपनि तेरो प्राण वाचन्या छैन । हे वानर, धनुमा जोरि राखिशक्यौं, आजको दिनमा तैले केहि यत्न गऱ्या पनि तेरो प्राण वाचन्याछैन रक्षा हुन्याछैन भनि एस् प्रकारले बोलिकन रावणले क्रोध गरि नील वानरको हृदयमा अग्न्यास्त्र प्रहार गऱ्यो । एस् वाण लागि नीलको शरीर अग्निले दाहा गरि पृथ्वीमा पऱ्यो, एस्ता अग्निपुत्र वानरले आफ्ना पिताको तेजले आफ्ना तेजले पनि दग्ध भयो र आफ्ना पिताको महिमा देषाईकन रहनुभयो । ताहाँपछि रावणले नील वानर मऱ्यो भनि मेघतुल्य रथमा चढिकन सिंहनाद गरि लक्ष्मणछेउँ जाई लाग्यो । लक्ष्मणले पनि रावण आफुछेउँ आईलाग्याको हेरि आज्ञा गर्नुभयो, हे राक्षसाधम, रावण धन्य भन्नु मेरा भाग्य, समीपमा चाँडै आउ, आज तँसित मैले युद्ध गर्दछु, वानरसित क्यान जुझिस् । तँ वीर भया मेरा नजीकमा आई युद्ध गर्न आउ भनि एस् प्रकारले लक्ष्मणले मेघले गर्ज्याको जस्तो बोल्नुभयाको सुनि ताहाँ रावणले अत्यन्त क्रोध गरि लक्ष्मणकन भन्यो । हे लक्ष्मण, तँ श्रीरामचन्द्रको पछि २ हिंड्न्या अधिवाट आई वसिस् कि क्यान आईस् । तँ आयाको मैले जान्याको छ । हे लक्ष्मण, मेरा वाणको प्रहारले यमपुरि जानाकन तँ आयाको हो, चाँडै मेरा अग्रमा आउ चाँडै पठाउँछु भनि एस् प्रकारले रावणको निष्ठुर वचन सुनि ताहाँ लक्ष्मणले पनि रावणलाई मेघले गर्ज्याको धनुटंकार शब्द गराई आज्ञा गर्नुभयो । हे राक्षसाधम रावण, सुरजाति तँ भैकन आफुलाई आफैले महिमा गरिस् नीच जातिले गऱ्या जस्तो तैले गरिस् । हे राक्षसाधम, तेरो पराक्रम तेज वल सामर्थ शक्ति आदि नाना शस्त्र अस्त्रले जान्यौंन कि ! एति निमित्तले तँसित युद्ध गर्नाका अर्थले मैले धनुर्वाणको ताँदो चढाई रह्या निस्फल महिमा गर्नु क्यान भनि लक्ष्मणको यो वचन सुनि ताहाँ रावणले अत्यन्त क्रोध गरि सुवर्ण मुख वाण सात वटाले लक्ष्मणकन प्रहार गऱ्यो, लक्ष्मणले पनि एस् वाण आयाको हेरि कांचनमुख वाणले आकासैमा छेदन गरि खसालिदियो । त्यो हेरिकन रावणले महाक्रोध गरिकन लक्ष्मणलाई वाणको वृष्टि गरिदियो । ताहाँ लक्ष्मणले पनि आफुछेउँ शरवृष्टि गरिल्याया को हेरिकन अर्द्धचन्द्र वाण भल्ल वाण प्रहार गरि रावणको वाण

आकासमा छेदन गरिदिनुभयो । फेरि लक्ष्मणले पनि रावणलाई मार्नाका निमित्तले इन्द्रको वज्र समान उत्तम २ वाण अग्निका जस्तो ज्वाला भयाको विमान वाण विपस्तिक वाण अर्द्ध चन्द्र वाण वत्सदन्त वाण कणिडराणाचन वाण शिलिमुख वाण एकवज्रादि वाण एस्ता २ वाणले रावणकन प्रहार गर्नुभयो । ताहाँ रावणले पनि यो वाण आयाको हेरि वाण प्रहार गरि आकाशमा खंड २ गरिदियो, फेरि तीक्ष्ण २ वाणले लक्ष्मणलाई प्रहार गऱ्यो । फेरि रावणले अत्यंत क्रोध गरि ब्रह्माले दिराष्याको कालाग्निसमान वाणले लक्ष्मणको शरीरमा प्रहार गऱ्यो । एस् वाणका पीडाले धनुर्वाण छाडि मुहूर्त मात्र चित्त दृढ गर्नु सकेन र भूमिमा परि-रहनुभयो, फेरि लक्ष्मण चाँडै उठनुभयो र धनुर्वाण ली महाक्रोध गरिकन रावणको हातमा रह्याको धनु छेदन गरिदियो । पुनर्वानररसितङ्ग वाण तीनगोटा लिनुभयो र एस् वाणले प्रहार गर्नुभयो । यो वाण रावणको शरीरमा लाग्यो र अचेष्टा भैरह्यो, अलिक वेर मात्र अचेष्टा भयो, फेरि चेष्टा भयो र चित्त दृढ गरिकन वाण प्रहारले रक्तमय देह गरिरहन्या रावणले पनि महाक्रोध गरि परमेश्वरले दीराष्याको शक्ति लियो । कस्ता शक्ति भन्या विद्युत् अग्नि जस्तो वानर सेना सवै मार्नु सामर्थ भयाको शक्तिले लक्ष्मणकन प्रहार गऱ्यो । महादीप्ताग्नि जस्तो अकाशमा उल्कापात भयाको जस्तो आयाको शक्ति हेरिकन लक्ष्मणले पनि वाण प्रहार गरिदिनुभयो । एस् वाणले शक्ति क्षेदन गरिदिनुसकेन र यो शक्ति लक्ष्मणको हृदयमा लाग्यो र ताहाँ लक्ष्मण पनि परमेश्वरको स्मरण गरि पृथ्वीमा गलिकन अचेष्टा भैरह्यो । तेस् वेलामा एस् प्रकारले रहनुभयाको लक्ष्मणकन रावणले देख्यो र उचालिकन ल्याउन लाग्यो । तहाँ रावण दगुरिकन चाँडै आयो र दैत्य दानव जितिरहनुभयाको लक्ष्मण-कन रावणले उचालिकन ल्याउन लाग्यो । ताहाँ लक्ष्मणको शरीर उचाल्नु सकेन र रावणले चिन्तना गऱ्यो, कस्तो आश्चर्य, हेमन्तपर्वत आदि गरि कैलाश पर्वत पनि मैले उचालिल्याउन सक्दछौं, यो किंचित् मनुष्य लक्ष्मण एक जना मैले उचाल्नु सक्यौन भनि रावणले अति विस्मय गरि वस्याको वेलामा यो हेरिकन श्रीमन्त वायुपुत्र हनुमान महावेगले दगुर्दै जानु-भयो र वज्रसमान मुष्ठिले प्रहार गरेर महापराक्रमी रावणले हनुमानको मुष्ठिप्रहार सहन सकेन र पृथ्वीमा पल्ट्यो । त्रैलोक्यमा भय त्रास दीरहन्या रावण, संग्राममा पनि महा पराक्रमी रावणले अति विस्मय गरि वस्याको वेलामा यो हेरिकन श्रीमन्त वायुपुत्र हनुमान महावेगले दगुर्दै जानुभयो र वज्रसमान मुष्ठिले रावणको हृदयमा प्रहार गरिदियो । यो वज्रसमान मुष्ठिले प्रहार गरेर महापराक्रमी रावणले हनुमानको मुष्ठिप्रहार सहन सकेन र

पृथ्वीमा पल्ट्यो। त्रैलोक्यमा भय त्रास दी रहन्या रावण संग्राममा पनि महापराक्रमी एस्ता वीर रावण हनुमानका मुष्टिप्रहारले मूर्छा भैरह्याको हेरि स्वर्गमा वस्न्या इंद्रादि देव गंधर्व, ऋषि आदिले हर्षमान गरि नाद गऱ्यो। तेस् वेलामा हनुमानले पनि लक्ष्मणकन बोकि ल्यायो। एस्ता वीर रावणले उचाल्नु नसक्याको लक्ष्मणकन हनुमानले बोकि-ल्याया को क्यान भन्या, आफना सुहित भयेर लैजानु सक्यो, हनुमानले पनि यो लक्ष्मण श्रीरामचन्द्रका अग्रमा लैजानुभयो। फर्किकन यो शक्ति रावणको रथैमा गयो। ताहाँपछि हनुमानका मुष्टिप्रहारले अचेष्टा भै रह्याको रावण चेष्टा भयो र महाक्रोधले रक्तनेत्र गरि रथमाथि चढिकन फेरि धनुर्बाण लियेर कालांतक यमजस्तै रह्यो। तेस् वेलामा लक्ष्मणको पनि चेष्टा भयो, अघिको जस्तै तेजवंत हुनुभयो। तेस् वेलामा रावणले वानर सेनाकन मारिदियो, यो हेरिकन ताहाँ श्रीरामचन्द्रले अत्यन्त क्रोध गरिकन रावणसित युद्ध गर्नु इछाले अघिबाट दगुर्दै जानुभयाका वेलामा हनुमानले विंति गर्नाकन लाग्या, हे श्रीरामचन्द्र, तपाँलि भूमिमा वसि नजुनुहुवस्, रावण रथी भयाको छ तपाँलि विरथि अन्याय युद्ध। एस् कारण मेरा शरीरमा चढि जुनु जानुहुवस् भन्यो र ताहाँ श्रीरामचंद्रले यो कुरा हो भनि चिताइकन पापात्मा रावणकन मार्नाका अर्थले क्रोध गरि हनुमानका शरीरमा चढनुभयो। कस्ता हनुमान भन्या, जुन श्रीरामचंद्रका शरीरमा ब्रह्मांड भयाको छन्, इन् ब्रह्मस्वरूप श्रीरामचन्द्रकन आफना शरीरमा राखि अत्यन्त शोभा भैरह्या। कसो भन्या ऐरावत हाति चढनुभयामा देवराज इन्द्र शोभा भयाको जस्तो, श्रीरामचन्द्र पनि हनुमानको आँसमा चढि दीप्त धनुर्बाण लि रावणलाई हेरिकन युद्ध गर्नाकन अघिबाट दगुर्दै जानुभयो। वज्रको शब्द जस्तै धनुको टंकार शब्द गराई श्रीरामचन्द्रले गंभीर बचनले रावणकन आज्ञा गर्नाकन लाग्या। हे पापात्मा रावण, तिष्ठ २, तैले नाना प्रकारले मलाई अपकार गरिस्, तेरो गति छैन भनि आजका दिनमा तँ काहाँ जानु सकियेला, मेरा बाणका प्रहारले निर्मूल गर्दछु। हे राक्षसाधम, तेरो मोक्ष गति छैन, तैले आफना ज्यू रक्षा गर्नाका निमित्तले इन्द्र यम सूर्य ब्रह्मा अग्नि महादेव, इन् आदि देवताछेउँ शरण गया पनि कसैले तँ पापात्माकन रक्षा गर्न सामर्थ हुन्या छैन। मेरा बाण प्रहारले तँलाई मार्दछु, तेरो मृत्युको द्वार मेरा हातबाट पो हो। हे पापात्मा रावण, कैलेहे भया पनि तेरो जिउ बाँचनु कष्ट भयो, तँ पापात्माले शक्ति प्रहार गरिराख्याको वीर लक्ष्मणले तेरो परिवार राक्षस सबै मारिदिनन्, कस्तो भन्या दावाग्निले शुष्क वन दग्ध गऱ्याको जस्तो इन्का बाणले

राक्षस सबैलाई मारि दिनान् भनि एस् प्रकारले श्रीरामचन्द्रले निष्ठुर वाक्यले रावणलाई आज्ञा गर्नुभयो र ताहाँ रावणले श्रीरामचन्द्रका काँढायुक्त वाक्य सुनि महाजाज्वल्यमानले क्रोध गरि हनुमानलाई तीक्ष्ण २ वाणले प्रहार गऱ्यो। कस्तो वाण भन्या कालाग्नि जस्तो रह्याका एस्ता वाण हनुमानको शरीरमा लाग्यो, श्रीरामचन्द्रकन बोकिरहनुभयाका निमित्तले यो वाण लाग्यो र पनि केहि भयेन, ऊन् २ तेज मात्र वृद्धि भै आयो। एस् प्रकारले हनुमानकन रावणले प्रहार गऱ्याको हेरिकन ताहाँ श्रीरामचन्द्रले महाक्रोध गरि रावणको वाण रथ चक्र घोडा ध्वजा पताका धनु सारथि आदिकाई तीक्ष्ण वाणले प्रहार गरि चूर्ण गरिदिनुभयो। श्रीरामचन्द्रको वाण कस्तो छन् भन्या इन्द्रको वज्रजस्तो कर्रा, एस् वाणले सबै चूर्ण गरि-सक्यापछि यो वाण रावणको हृदयमा लाग्यो, कस्तो भन्या इन्द्रले दैत्यसित युद्ध गर्नुभयामा जस्तो। रावणको हृदयमा वाण लागेर रावणको हृदय चित्त क्षोभ गराई रह्यो। देवासुर संग्राममा महापराक्रमी भैरह्याको शस्त्र अस्त्र शरीरमा लाग्यो र पनि व्यथा सहनु सक्न्या एस्ता बलियो रावण श्रीरामचन्द्रको वाण लाग्यो र धनुर्वाण छाडि पृथ्वीमा अचेष्टा भै पल्टिरह्यो। फेरि श्रीरामचन्द्रले एस् रावणको मुकुटमा पनि अर्द्धचन्द्र वाणले प्रहार गरिदिनुभयो र मुकुट पनि निस्तेज भयो। ताहाँ रावणको चेष्टा भयापछि रावणको अहंकार हीन गर्नाका अर्थले श्रीराम-चन्द्रले आज्ञा भयो। हे पापिष्ठ दुराचारि रावण, मेरो ठुलो पाँचवटा वाणले प्रहार गरि यमपुरि पठाउँला, मेरा वीर वानरहरू सबैकन तैले मारिदिईस् एस्कारण तेरो मनमा म ठुलो पराक्रमी भनि ठानि अति गुमान गरिस्, तेस् गुमान सबै मेरा वाणले शान्त गर्दछु। हे दुर्मति रावण, अब तेरो प्राण लियेर यमद्वार पठायौंन कयान भन्या तेरो शस्त्र अस्त्र नभयाका निमित्तले तँलाई मार्न्यौंन भनि आज्ञा भयो र श्रीरामचन्द्रको वाक्य सुनि रथ सारथि मुकुट धनुर्वाण नभै निस्क्यो। एस्तै भैरह्याको रावण महासरमले श्रीरामचन्द्रको मुख हेर्नु नसकिकन लंकाभित्र भागि गयो। एस् प्रकारले रावण लंकामा भागि गयाको हेरि श्रीरामचन्द्र हनुमानको शरीरबाट ओर्हिकन ताहाँ लक्ष्मणसहित गरि वानरको शरीरमा वाण उपेलिलियेर निर्व्यथा गराई आनन्दले रहनुभयो। ताहाँ आकाशमा रहन्या देवता ऋषि गन्धर्व अप्सरागणले पापात्मा रावण लंकामा भागि गयाको हेरि श्रीरामचन्द्र पनि बस्नुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो। हे पार्वति, जस्ले यो श्रीरामचन्द्रले गर्नुभयाको पराक्रम सुन्नान् रावण भग्न भयाको कुरा सुन्नन् इनको सबै शत्रुनाश भै सुखले ईश्वरछेउँ अन्तकालमा लीन होला भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाडे रावण भग्नो नाम सर्गः ॥ २७ ॥

१८

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रको बाणले पीडा भयो र रावणले महादुःख कष्टले लंकाभित्र भाग्यो र राजगृहमा सिंहासनमा बसिकन चिन्तना गऱ्यो। कस्तो रावण भन्या चित्तमा त्रासमान गरि निश्री निरहंकार भै चित्त दृढ गर्नु नसकि सिंहले हातिलाई जित्या जस्तै एस् प्रकारले श्रीरामचन्द्रले जितिल्यायाको रावण बिजुलीको जस्तो तेज ब्रह्मास्त्र जस्तै एस्ता बाणले पीडा गराईल्यायाको सञ्जि २ रावणको मनमा त्रासमान गराई रत्न सिंहासनमा बसि मन्त्रीहरूको मुख हेरिकन भन्न लाग्या, हे मन्त्रीहरूहो, क्या क्या आश्चर्य, मेरा मनमा ठुलो तपस्या गऱ्या भनि चिताऱ्याँ र यो सबै निष्फल भयो। हे राक्षसहो, देवेन्द्रतुल्य रावण म हुँ, मेरा भयले त्रैलोक्य पनि डराउँछ, एस्तो वीर म भैकन मनुष्यजाति श्रीरामचन्द्रले मलाई जितिल्यायो! हा हा कस्तो दैवले विपरीत गऱ्यो! हे राक्षसहो, पूर्वकालमा मैले ब्रह्माको तपस्या गऱ्या र तपस्याले ब्रह्मा सन्तुष्ट भयेर ब्रह्मा आफै आउनुभैकन मलाई आज्ञा गर्नुभयो, हे रावण, तैले क्या निमित्तले मेरा तपस्या गरिस् मछेउँ वरप्रसाद माग् भनि आज्ञा गर्नुभयो र उस् वेलामा मैले ब्रह्माछेउँ वर माग्या, हे ब्रह्मा, देव दानव गन्धर्व यक्ष नाग त्रैलोक्यमा मलाई कसैले मार्नु नशक्न्या वरप्रसाद प्रसन्न भयाजावस् भनि मैले भन्या र ताहाँ ब्रह्माले पनि तैले भन्याको तथास्तु दिन्याँ भनि आज्ञा गर्नुभयो, एकम त्र होईन मनुष्यबाहिक भनि आज्ञा गर्नुभयो। यो मनुष्य एहि श्रीरामचन्द्र भयो। हे मन्त्रिहो, पूर्वकालमा हिमालय पर्वत-विषये म गयाका वेलामा नन्दि भृंगि दुवैले क्रोध गरिकन मलाई भन्या, हे रावण, तेस्तै मनुष्य भयाको सहाय गरि मनुष्यले तँलाई मार्ला भन्या। अब इनहरू भयो भनि मेरा भ्राता विभीषणले भन्यो, यो श्रीरामचन्द्रको सीता छाडि पठाउ भन्यो। उस् वेलामा विभीषणको कुरा निरर्थ गरि मेरा अहंकारले छोपि यो वचन मैले सुनिन र विभीषणले पनि अन्योन्यले कुरा गरेनन् एसै श्रीरामचन्द्रले तिम्रा राज्य मार्नान् भन्योथ्यो। हा हा! विभीषणका वचन व्यर्थ गऱ्याका निमित्तले अब मलाई एस्तो आपदा, भयो मैले क्रोध गरिकन विभीषणकन धपाइपठाऱ्याँ, अब मैले बिराऱ्याँ। उनले भन्याको सबै भयो। हा हा! दैव लंघन गर्नुहुँदैन, दैव हो ज्या गऱ्या सो होला। हा हा! विभीषणको वचन सुनि मैले क्रोध गरि उनकन धपाई पठाऱ्याँ। अब यो समजि मेरा हृदयमा छुरिले घोच्या जस्तै भयो। हे मन्त्रिहो, दैवले गऱ्यापछि सानु भन्नु छैन, देव गन्धर्व यक्ष नाग त्रैलोक्यको देवताहरूले पनि मसित युद्ध गर्नु सामर्थ छैन। अब एस्ता मनुष्य

श्रीरामचन्द्रले मलाई जितिल्यायो, मैले कपा गरौं ! विधाताले ज्या गरायो सो गरूँला भनि एस् प्रकारले रावणले कटु वचन बोलिकन फेरि भन्न लाग्यो, हे मन्त्रीहो, तिमि हामि एसै वस्नु होईन लंकाराज्यको रक्षा गर्नुपर्‍यो । तिमि सबैले चिंतना गर, वीर २ राक्षसहरू सबैलाई द्वार २ मा सञ्चार गर्न पठाउ भन्यो र फेरि रावणले चिन्तना गर्‍यो, अवश्य कुम्भकर्णलाई डाकन पठाउँछु । कस्तो कुम्भकर्ण भन्या देवताको जस्तो बल सामर्थ भयाको,आपले छ मैन्हा पाइ छ मैन्हा सुतिरहन्या एस्ता वीर कुम्भकर्णलाई उठायेर वानर सेना मार्नाकन पठाउँछु । यो कुम्भकर्ण गया-पछि श्रीरामचन्द्र लक्ष्मण सुग्रीव आदि वानर सबै भक्ष गरि मार्ला । श्रीरामचन्द्रले राक्षसलाई जिति महस्त आदिकन मार्‍यौं भनि गुमान गरिरहन्या श्रीरामचंद्र। हे राक्षसहो, अब तिमिहरू सबै गयेर कुम्भकर्ण सुतिरहन्यालाई उठाउन जाउ । हे भ्राता कुम्भकर्ण महावीर पो हुन्, सबै राक्षसको श्रेष्ठ भयाका हुनले श्रीरामचन्द्र लक्ष्मण वानरसेना चाडै मार्नान्, एस् रामले बाण प्रहार गरि हामिहरू सबैकन भय दिराएन्या एस् रामचन्द्रकन कुम्भकर्णले मार्ला। हे राक्षस,यो कुम्भकर्ण छ महीना सुति-रहनुपर्‍या महाबलियो, इन्का भयले लोक पनि डराउँछ, सधैं सुतिरहन्या मात्र इछा गरि-रहन्या उठ्याबित्तिकै खानुपर्‍या, नागले निश्वास गर्‍याका जस्तै निश्वास गरिरहन्या एस्ता कुंभकर्ण भ्राता अब ता अवश्य उठाईकन संग्राम गराउँछु भनि रावणले राक्षसहरूलाई भन्न लाग्यो । हे, तिमिहरू चाँडै गएर कुम्भकर्णलाई उठाईकन, डाकि ल्याउ भनि एस् प्रकार का रावणको वचन सुनि नाना फलमूल सुगध २ पुष्पमाला लियेर वीर २ राक्षसहरू कुम्भकर्णको गृहमा गया । त्यो कुम्भकर्णले, सास राख्याको वायुले वीर २ राक्षसहरू उडाई लग्यो । कोहि पनि कुम्भकर्ण को सासमा, सोझो भै रहनु सकेन । कुम्भकर्णको गृह कस्तो छ भन्या नाना सुवर्णले शोभा गराईराख्याको देवराज इन्द्रको अमरावति जस्तो जाज्वल्यमान गरेझाको, एस्ता गृहमा सुतिरहन्या कुम्भकर्णकन हेरिकन तेस्का सासका भयले राक्षसहरू नजिकै रहनु पनि सकेन, अरूलाई त्रास गराउन्या महाबलियो, भयानक पराक्रमी भयंकर मूर्ति मुख पाताल जस्तो शिर भन्या पर्वत जस्तै रह्याको, एस्तो कुम्भकर्ण सुतिरहन्यालाई उठाउँछु भनि राक्षसहरूले हेरिरह्या । एस् राक्षसहरू कस्ता भन्या बलले संयुक्त तेजले सूर्यसमान नीलवर्ण शरीर ती राक्षसहरू सबै गयेर आफु २ ले लै गयाको वस्तु पानादिना-कन निको अन्न मद्य मृग महिष वराह दहि रक्तकुम्भ नाना सुगन्ध कस्तूरि कुम्कुम गामरामा रापि पुष्पमाला आदि लि, सुमेरू पर्वत समान कुम्भकर्ण उठ्याबित्तिकै पुराउनाकन तयार गरि रापि नीदले छोडनानिमित्तले राक्षसहरूले अनेक स्तुति प्रबोधको कुरा मेघले गर्ज्याको

जस्तो कराईदिया , कानका समीपमा महा २ शब्दले कराई शरीरमा मुष्टिले प्रहार गऱ्या, अनेक प्रकारले शरीरमा चलायो तैपनि उठाउन सकेन र ती राक्षसहरू हार मानिकन चुप लागि-रह्या। फेरि अलि वारपछि कुम्भकर्ण उठाउनाकन नाना यत्न गरि शंख बजाई सबैले बडा शब्दले कराया, अनेक प्रकारले शरीरमा प्रहार गऱ्या तैपनि उठेन, फेरि महाशब्दले कराई दाँत किट्किटाया तैपनि उठेन, फेरि हाति घोडा गदाहा दोलाई शास्ति गरि कराउन लाया अनेक भेरि आदि वाद्य कानका समीपमा बजाई दिया तैपनि उठेन फेरि महाशब्दले कराई दाँत किट्किटाया तैपनि उठेन, फेरि डुंगाले प्रहार गरि फलामका मुद्गर मुशलले महा २ वेगले प्रहार गऱ्यो तैपनि उठेन, यो शब्दले दशदिशामा व्याप्तमान भै महाकल्लोल भयो, यो शब्दले वनमा वस्याका पंछि पशु आदिहरू डराईकन भागिगया। फेरि राक्षसहरूले महाक्रोध गरि पर्वत ल्याई पर्वतले प्रहार गरि अनेक वृक्षले मुष्टिले महावेगले प्रहार गरि बडो शब्दले नाद गरिदिया। यो शब्दले लंकामा व्याप्तमान भयो तैपनि उठेन, फेरि हजार भेरी एक चोटले धेरै वेरसम्म बजाईरह्या एसैले पनि उठेन। ब्रह्माका श्रापले सुतिरहेको कुम्भकर्ण हेरि जति भयका राक्षसहरू सबैले अत्यन्त क्रोध गरि उठाउनाका अर्थले अनेक वाद्य बजाई कानमा दाँतले टोकि शरीरमा वसि उफ्रि २ कन नाना प्रकारले कोहि राक्षसहरूले वज्र मुद्गरले शिरमा हानि कसैले हृदयमा, दश हजार राक्षसहरूले एस् प्रकारले प्रहार गऱ्या तैपनि उठेन। फेरि बाँसले बाँधि अनेक शस्त्र-अस्त्र मुष्टिले प्रहार गऱ्या तैपनि उठाउन सकेन र सबै राक्षसहरूको परिश्रम भयो। एस् प्रकारले धेरै वेरसम्म गऱ्या र अलि वारपछि कुम्भकर्ण नीदले विउँझ्यो र अनेक पर्वत वृक्ष, मुद्गर मुष्टिले प्रहार गरि राख्याको व्यथा पनि थाहा पाउँदैन, जसै निदले विउँझ्यो, तसै जुरूक् उठेर वस्यो, इनले सास फेऱ्याको वायु महावेगले आयाको वायु जस्तै कोहि पनि नजिक भै रहनु सकेन। महावलियो कुंभकर्णको बाहु दुई वासुकि तक्षक नाग जस्तो, महा गंभीर सुमेरू पर्वत जस्तो शरीर, सूर्य उदय भयाका जस्तो मुख जिह्वा पनि, महाभयानक विद्युत जस्तो नेत्र भयानक दीप्तमै रह्याको रूपले पनि संयुक्त भाद्रव महीनाको मेघ जस्तै शोभाले संयुक्त एस्ता कुंभकर्णकन नीदले छाडेर कषायक नेत्र गरि, आपना सेवकहरूको मुख हेर्नार अनेक राक्षसहरू वस्याको हेरि भन्न लाग्यो। हेराक्षसहरू, तिमिहरूले मलाई उठाउनु आयो, क्यान क्या भयो ! मेरा भ्राता रावणको, केहि काम भयो कि अथवा केहि अवस्था भयो र हो कि निस्कारण, मलाई उठाउनाकन पठावैन, केहि कार्य ठुलो भयो र हो कि क्या निमित्तले मलाई उठाउन आयो सबै वृत्तान्त तिमिहरूले, मलाई सुनाउ भन्यो र राक्षसहरूले कुंभकर्णको वचन

सुनि, महाहर्षमानले चाँडै कुंभकर्णका हजूरमा गैकन दंडवत गरि विंति गर्न लाग्यो । कोहि राक्षसहरू कुंभकर्णका भ्राता रावणका हजूरमा खबर सुनाउनु गया, हेराक्षसेन्द्र रावण, तपाञ्चिका आज्ञा जस्तै हामिले कुंभकर्णलाई उठाईसक्यौं, अब यो कुंभकर्णकन हामिहरूले जाहाँ बोलाई ल्याउँछौं, तपाञ्चिले हेर्नुभया जावस् भनि विंति गऱ्या र ताहाँ राक्षसहरूको वचन सुनि ताहाँ रावणको चित्तमा हर्षमान गरि महाआनंदले भन्न लाग्या । हे राक्षसहो, त्यो कुंभकर्ण नीदले विभ्रयो भन्या श्रीरामचंद्र लक्ष्मण निश्चयले नाश भयो । यो कुंभकर्णकन कसैले जित्न सक्तैन भनि हे राक्षस, अब एसै वस्तु छैन चाँडै डाकि ल्याउ भन्यो र ताहाँ राक्षसहरूले पनि रावणको आज्ञा सुनि विंति गर्न लाग्यो । हे राजेंद्र रावण, तपाञ्चिले जो आज्ञा गर्नुहुन्छ, सो गरौंला भनि चाँडै उठेर राक्षसहरू कुंभकर्णको हजूरमा गैकन दंडवत् गरि विंति गऱ्या । हे कुंभकर्ण, तपाञ्चिको भ्राता रावणले हामिहरूलाई पठाउनुभयो, तपाञ्चिको भ्राताले विस्तार नगरि चाँडै पाउलाग्नुभैकन रावणको चित्तमा लंका राज्यको लोकहरूले पनि तपाञ्चिको दर्शन गर्नु अति इच्छा गरिरह्याका छन् , अब तपाञ्चिले विस्तार नगरि चाँडै पाउलाग्नुभैकन रावणको चित्त शांत गर्नुभयाजावस् भनि एस् प्रकारले राक्षसहरूको कुरा सुनि ताहाँ कुंभकर्णले पनि आज्ञा गर्नाकन लाग्या । हे राक्षस, मेरा भ्राता रावणको चित्तमा, कया दुःख भयो, सो दुःख मेरो नाश गरिदिउँला भनि कुंभकर्णले महाहर्षमान गरि आफना नित्यकर्म स्नान संध्या सकिकन उत्तम वस्त्र लाई, नाना रत्न माला आदि दिव्य २ गहना लाई कालदंडतुल्य त्रिशूल लियेर अत्यंत तेजले रह्याको कुंभकर्णलाई हेरि ताहाँ राक्षसहरूले आफु २ ले ल्याया-को वस्तु कुंभकर्णको मुख्यांनि राखिदिया र तेस् वेलामा कुंभकर्णले पनि मनमा अति आनंद गरिकन रावणले दी पठायाको वस्तु खायो । नाना वस्तु महिषको मांस वराहको मांस निको २ मद्य धेरै ल्यायेर पुऱ्यायो, नाना फलमूल खायो र पियो, अधिक मात्र तृप्ति भयो । फेरि, राक्षस हरूले शय घडामा मद्य ल्यायो र पुऱ्यायो, फेरि अन्न अनेक महिषमांस वराहको मांस अनेक प्रकारले पाक गरि पुऱ्यायो, आठशय ८०० पशु, एकाईस २१ जना मनुष्य पुऱ्यायो, कसो भन्या दावाग्निले वन दग्ध गऱ्याजैं खायो । एस प्रकारले कुंभकर्णले खायो र तृप्ति भयो भनि चिताई महाबलियो कुंभकर्णले पाई सकिकन रावणका हजूरमा जांछु भनि चिताइरह्याका वेलामा किंचित मद्यको अंवल लागेर वलले पनि संयुक्त गरिरह्याको अनेक राक्षसहरू आयो र कुंभकर्णको पाउपादुकामा नमस्कार गरिरह्या । एस प्रकारले आफुकन नमस्कार गऱ्याको हेरि तिनूहरूकन उपशाम्य गर्नाको निमित्तले ताहाँ कुंभकर्णले आज्ञा गर्नु लाग्यो । हे राक्षस,

तिमीहरू डराउनुपर्दैन मैं छँदैछु । म सुतिरह्यामा मलाई उठाईरह्याको क्या प्रयोजन हो विस्तारले मलाई सुनाउनुपर्दछ । हे मेरा भ्राता रावण कुशल छ कि ! राक्षसहरूको र राज्यमा सह्यार गरिरहनुहुन्छ कि प्रजाहरू पनि कुशल छन् कि । हे राक्षसहरू, निस्कारणले मलाई उठाउन आयाको क्या कुरा हो, अथवा रावणकन केहि भयो कि ! क्या भयो र तिमिहरूले त्रासमान गरिरह्याका जस्तै गरिरह्यौ, भय नभया मलाई क्यान उठाउनु आवश्यक । हे राक्षसहो, मेरा ज्यू भयाक्रांत तिमीहरू डराउनुपर्दैन, आज यो रावणको दुःख सबै नाश गरिदिउँला । हे राक्षस, इंद्र भया पनि मैले मारिदिउँला अग्नि भयौ तपनि भक्ष गरौंला मजस्तो वीर भैकन पनि तिमिहरूले त्रासमान गरि क्यान रहनु भनि कुंभकर्णले गर्न्याको कुरा सुनि ताहाँ रावणको मंत्रि वायु राक्षसले हात जोरि कुंभकर्णको हजूरमा वसि विंति पार्न लाग्या । हे निशाचरेश्वर कुंभकर्ण, हामिहरूका भयाको हेतु क्या भनु । हे देव, गंधर्व, यक्ष, नाग, किन्नर अप्सरा, सिद्ध, चारण, विद्याधर, भूत-प्रेत, पिशाच आदि कसैको पनि भयत्रास छैन । हे वीर कुंभकर्ण, वानर सहाय गरि आयेर दुईजना मनुष्य समुद्र तरि आयेर लंकामा महा उत्पात गर्न्या, तेस् रामको सीता तपास्विका भ्रातासले हरण गरिल्यायाका निमित्तले तेस् रामले क्रोध गरिकन ठुलो भयत्रास गर्न्यो यो अद्भुत गर्न्यो । हे कुंभकर्ण,अघि भयाको कुरा तपास्विले जाँदैछ,अद्भुत वानर एकजना आयेर अशोकवनिका चूर्ण गरि नाश गरि अक्षयकुमार आदि गरि श्रीरामचन्द्रसित युद्ध गर्न जानुभयामा तेस् श्रीरामचन्द्रले तपास्विका भ्राताकन जितिल्यायो । जिउ मात्र बचाई गर्न्याका जस्तै गराई छाडिपठायो भनि देवाधिदेवले पनि गर्न नसक्याको पुरुषार्थ श्रीरामचन्द्रले गरि ल्यायो । हे कुंभकर्ण, श्रीरामचन्द्रको पराक्रम हेरि तपास्विको भ्राता रावणले महाकष्ट गरि दुःखले रहनुभयो । एस् निमित्तले तपास्विकन उठाउनु पठाया भनि विंति गर्न्या । ताहाँ कुंभकर्णले यो वचन सुनि महाक्रोधले भन्न लाग्यो । हे युप राक्षस,तेसो भयादेखि मेरो भ्राताको दर्शन गर्न आउँला । हे युप राक्षस, सबैकाई वानरको मांस आदि रगत् चुसाउँला,राम लक्ष्मण दुवै मात्र मैले भक्ष गरि मारौंला, ताहाँपछि रावणको हजूरमा म आईकन बोध गरौंला भनि एस् प्रकारले कुंभकर्णको वाक्य सुनि रावणको मंत्री महोदरले हात जोरि विंति गर्न लाग्यो । हे वीर कुंभकर्ण, तपास्विले आज्ञा गर्नुभयाको सबै हो । ऐल्हे राम लक्ष्मण वानर सेना सबै मारिशक्यापछि दाज्युका ठाउँमा जाला भनि आज्ञा गर्नुभयो तेसो होइन । अघि दाज्युका ठाउँमा जानुभैकन दाज्युलाई बोध गरि राम लक्ष्मण वानर सेना मार्नुभयाजावस् भनि एस् प्रकारले महोदरको वचन सुनि यो कुरा हो भनि चिताई एक हजार घडाको मद्यपान गर्न्यो,ज्वलयमानले आपना

सैन्य पछिलाई राजगृहमा गयो, ताहाँ किंचित् मद लाग्यो र तेस्का गोडाले टेक्याको वेगले पृथ्वी दोलायमान भयो, महाबलियो पराक्रमी, तेजले युक्त महाशोभायमानले गयो। एस्ता कुंभकर्ण सूर्यको जस्तो तेज कालांतक यमजस्तो अनेक रत्नले भूषण गरि पर्वतको शृंग जस्तो मटुकलाई सबैलाई देपाईकन देवराज इंद्रछेउँ ब्रह्मा गयाजैं, एस् प्रकारले कुंभकर्ण गयाको गटको बाहिर वस्न्या वानरले देख्यो र कस्तो पुरुष भन्या पर्वत आयाको जस्तै देख्यो र वानरसेना डराईकन भाग्या, कोहि वानर श्रीरामचन्द्रका चरणमा शरण गयो र बस्यो, कोहि महा त्रासले पृथ्वीमा पल्टीरह्या। एस् प्रकारले कुंभकर्णका भयले डराई महा कल्लोलले कराई भाग्या भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो, ब्रह्माले सत्य लोकमा नारदकन सुनाउनुभयो। यो कथा सूतले शौनकादि ऋषिहरूकन सुनाउनुभयो।

श्रीमहादेव उवाच—हेपार्वति, ताहाँपछि कुंभकर्ण आयाको वानरहरूले देख्यो र भयले त्रासमान गरि भागि गयाका वानरहरूकन हेरि श्रीरामचंद्रले क्या भयो भनि धनुर्बाण लियेर हेर्नुभयो, ताहाँ श्रीरामचंद्रले पनि पर्वताकार देह गरि आयाको कुंभकर्णलाई देपेर भन्नुभयो, साक्षात् कालस्वरूप जस्तो त्रिशूल लियेर आकाशमा व्याप्तमान गरि आयाको हेरि चिंतना गर्नुभयो कस्तो आश्चर्य! भनि राक्षसमा श्रेष्ठ यो पुरुष परापूर्वमा विषये बलिराजाकन वचन गर्याको वेलामा नारायण त्रिविक्रम मूर्ति जस्तो गरि आयाको त्रिशूल हातले लियाका, कालमेघ जस्तो वर्ण भयाका चंदन आदिले लेपन गरि पृथ्वी दोलायमान गरि आकाशमा पर्वत उडियाजैं एस्तो पुरुष देख्यो र वानर सेना दश दिशामा भागिगया। वानर भागिगयाको हेर्नुभैकन श्रीरामचंद्रका मनमा विसमय गरि विभीषणकन आज्ञा गर्न लाग्या। श्रीरामचंद्र कस्ता हुन् भन्या आफुले जानि २ कन पनि लोक प्रतीत गर्नाका अर्थले नजान्या जस्तै भैकन विभीषणकन सोधनुभयो। हे विभीषण, यो पर्वत जस्तो देह गरि आव्न्या कुन् पुरुष हो, क्या जात हो, को हो पिंगलनेत्र जाज्वल्यमानले आकाशमा व्याप्तमान गरि लंकामा आयाको देख्या। ति विद्युत्काल मेघजस्तै त्यो पुरुष पृथ्वीको ध्वजाजस्तो, तेस्लाई देखिकन वानर सबै भागिगया, त्यो को हो। हे विभीषण,यो राक्षसमा असुर हो कि,-मैले अनेक पुरुषकन हेरिसक्या एस्तो पुरुष कैले पनि मैले देख्याको छैन भनि एस प्रकारले श्रीरामचंद्रले विभीषणकन आज्ञा गर्नुभयो र त्यो वचन सुनि विभीषणले विति गर्न लाग्या, हे श्रीरामचंद्र, यो पुरुष कुंभकर्ण हो विश्रवा मुनिको पुत्र हो। हे श्रीरामचंद्र, एस कुंभकर्णले देवराज इंद्र, यमराजलाई पनि संग्राममा जितिरह्याको छ, वेर २ मा पनि संग्रामविषय जितिरहन्या, देवदानव यक्ष राक्षस नाग गंधर्व

अनेक २ लाई मारिरहन्या एस् कुंभकर्णलाई मार्न कसैले जित्न सकेनन्, देवाधिदेवताले पनि तेस्लाई मार्न सक्नेन । हे श्रीरामचंद्र, यो कुम्भकर्णले त्रिशूल ली युद्ध गर्न आयामा कसैले जित्न सकेनन् । तेजले पनि बलले पनि संयुक्त महातेजस्वी शोभायमान भैरह्याको दुर्जय भैरह्याको हे श्रीरामचंद्र, अरू राक्षसको बलले भन्या तपस्या गरि वरदान पाईराखेछ, एस कुंभकर्णको ता, आपना शोभैले बढ उत्पत्ति हुंछ । हे श्रीरघुनाथ, त्यो कुंभकर्ण जन्मनिवित्तिकै तस्कन भोक लाग्यो र देवताको अपसराजना ७ लियेर पायो, देवराज इंद्रको अपसराजना १० पायो,ताहाँपछि ऋषिहरू हज्जार १००० एक पायो,एति पायेर पनि संतुष्ट नभैकन अनेक सहस्र प्राणी पायो, एस्तो कुंभकर्ण यो भनि एस् प्रकारले कुंभकर्णले पाईआयाको देखि देवताहरू सबै डराईकन इंद्रछेउँ गएर विति गर्न्या, हे देवराज इंद्र, हामिहरू सबै प्रजा आदि स्वर्ग मर्त्य पातालमा वास बस्न सामर्थ छैन, पापात्मा कुंभकर्णले मारि पायो ताहाँ कसो गरि बसुँ भनि देवलोकहरूले इंद्रका हजूरमा विति गर्न्या र ताहाँ इन्द्रले पनि यो वचन सुनि आज्ञा गर्दा भया । हे देवलोकहो, तिमिहरू डराउनुपर्दैन, मैले एस् पापात्मा कुंभकर्णलाई वज्रले प्रहार गरि मारौंला भनि एस प्रकारले देवलोक आदिहरू कन बुझायेर इंद्रले महाक्रोध गरि वज्र लियेर ऐरावत हाति चढि चाँडै जानुभयो र कुंभकर्णलाई वज्र प्रहार गर्नुभयो । यो कुंभकर्णलाई वज्र लागि अल्पिक मात्र व्यथा भयो केहि मानिन । ताहाँ त्यो कुंभकर्णले पनि प्रलय कालको मेघले गर्न्याको जस्तै नाद गरि करायो ब्रह्मादि देवले पनि त्रासमान गरिरह्या । तेस् वेलामा तेस् कुंभकर्णले अत्यन्त क्रोध गरिकन ऐरावत हाति चढिरहन्या इन्द्रका हृदयमा मुष्टिले प्रहार गरिदियो । त्यो मुष्टिले प्रहार गर्न्याको व्यथा सहन सकेन र इंद्र मूर्छा भैरह्या । हे रामचन्द्र, ताहाँपछि इंद्रको चेष्टा भयो र देवलोकहरू इंद्र भयाका जगामा आईपर्या । तेस् वेलामा इंद्र महाकष्ट गरि देवलोक सहित गरिकन ब्रह्माछेउँ गयेर ब्रह्मालाई नमस्कार गरि विति गर्न लाग्या । हे ब्रह्मन्, हामिहरूलाई ठुलो दुःख भयाका निमित्तले तपाईका चरणमा शरण आऱ्यू, पापात्मा कुंभकर्णले देवताहरू सबैकन मार्न्यो, ऋषिहरू मनुष्य जीवजंतु आदि गरि सबैकन मार्न्यो र त्रैलोक्यमा शून्य हुन लाग्यो । हे ब्रह्मन्, परस्त्री पनि हरण गरि लैगयो । एस् प्रकारले तेस्ले दुःख दियो र, देवताहरू मछेउँ आयो र विति गर्न्या र कुरा सबै मैले सुन्या र मेरा चित्तमा क्रोध उत्पत्ति भयेर ऐरावत हाति चढिकन म गर्जाँ र कुंभकर्णलाई मेरा उत्तम वज्रले प्रहार गरिदिन्याँ । यो वज्र प्रहारले कुंभकर्णलाई केही भयेन र एस् पापिष्ट कुंभकर्णले मेघले गर्ज्याको जस्तै महाशब्दले कराईआयां र

मेरा हृदयमा मुष्टिले प्रहार गरिदियो । एस् प्रकारले म मूर्छा भैरह्याको हेरि देवलोकहरूले मलाई सीतांग गरिराख्या । एस् दुःखको निमित्तले तपाग्निका चरणमा शरण आऊयु । हे ब्रह्मन्, एस् कुंभकर्णले गऱ्याको पायाको एसै हेरिरह्यादेखि त्रैलोक्यमा शून्य होला भनि एस् प्रकारले देवलोकसहित गरि इंद्रले दुःखले गऱ्याको कुरा सुनि तेस् वेलामा ब्रह्माले आज्ञा गर्न लाग्या । हे इंद्र देवताहो, तिमिहरू डराउनुपर्दैन म छँदैछु, दुःखकष्ट नगर्नुहवस् । त्यो कुंभकर्णले तिमिहरूकन दुःख दिरहन्या, अब उनलाई मैले श्राप दिकन दुःख दीराखौंला भनि ब्रह्माले एस् प्रकारले आज्ञा गर्नुभयो र राक्षसहरू सबैलाई डाक्नु पठाउनुभयो । ताहाँ ब्रह्माको आज्ञाले कुंभकर्ण आदि सबै राक्षसहरू आईपुग्या र सबैका पितामह ब्रह्माकन प्रदक्षिणा गरिरह्या । तेस् वेलामा ब्रह्माले कुम्भकर्णलाई हेरि बडो अद्भुत मानि चिंतना गर्नुभयो, क्या आश्चर्य भनि लोकहरू नाशनाकन एस् कुम्भकर्णलाई सृष्टि गरिराख्या । त्रैलोक्यको कंटक हे कुम्भकर्ण, तैले त्रैलोक्यमा दुःख दिईस्, अधर्मि पापिष्ठ निर्दया तँ, तेस्तो शरीर वनाउन्या तेरो पिता विश्रवा-मुनि पापिष्ठ पो हो । जगत्संसार मार्नाकन हिंड्न्या तिमिहरू, हे पापिष्ठ, तँ मृत्युक तुल्य भै रहलास् । पूर्व कालमा तैले भलाई निद्रा लाईदेउ भनि मछेउँ गोकर्णमा मागिथिस्, अब तैले माग्याको जस्तै मृतकतुल्य भै सुतिरहलास् भनि एस् प्रकारले ब्रह्माका श्रापले कुंभकर्ण अचेष्टा भये पृथ्वीमा परि मृत्युक जस्तै निद्रले पडिरह्यो । तेस् वेलामा रावणमा प्रदक्षिणा गरि विंति गर्न लाग्या । हे पितामह ब्रह्मा, तपाग्निले कुंभकर्णलाई एस् प्रकारले श्राप दीराषन अयोग्य, तपाग्निले सृष्टि गरिराषनुभयाको, आफै वृक्ष रोपि आफैले उपेल्नु अयोग्य । यो काहांको धर्म हो ! कुंभकर्ण जो छ तपाग्निका प्रपौत्र हुन्छ । इस्कन श्राप दिन अयोग्य होला भनि यो अन्यायले पो हो । हे ब्रह्मा, तपाग्निले दिनुभयाको श्राप व्यर्थ हुनुछैन । एस् प्रकारले मृतक जस्तो रापनुछैन भनि निद्रामात्र गराईदिनुहवस् । हे पितामह, एस् प्रकारले प्रसन्न भया जावस् भनि विंति गऱ्या र ताहाँ रावणको वचन सुनि ब्रह्माले आज्ञा गर्नुभयो । हे रावण, एस् कुंभकर्णलाई मैले श्राप दीहाल्याँ, यो श्राप व्यर्थ हुनु छैन, अब तैले भन्याको जस्तै गरूँला, छ महीना-संम सुतिरहला, एकदिन नीदले बिउँझना नीदले बिउँझनिवित्तिकै क्षुधाले पीडा भै अनेक जीवा जंतु आदि गरि नाना वस्तु पाला । हे रावण, जस्तो शरीर उस्तै आहारा होला भनि जस्तो आहारा हुंछ तस्तै निद्रा होला भनि छ महीनासंम सुतिरहला, एक दिन निद्राले बिउँझना भनि एस प्रकारले ब्रह्मले श्राप दीराख्याको कुंभकर्ण हो भनि हे श्रीरामचंद्र, तपाग्निले रावणको ज्यू मात्र बचाई आपदा गरि पठायाको निमित्तले एस रावणले

उठाउनु पठायो र बोलाई ल्यायाको हो। ई कुंभकर्ण हे श्रीरामचंद्र, एस् कुंभकर्णले त्रिशूल ली, क्रोध गरि आईकन वानरहरू सबैकन मार्ला तेस्का भयले वस्न सक्न्या छैन भनि यो कुंभकर्णलाई संग्राममा जित्न कसैको सामर्थ हुन्या छैन महाधीर्य्यले रहला। हे श्रीरामचंद्र, यो वानर सेनाले ठाढावाट देषनैमा भागिगया भनि यो कुंभकर्ण इहाँ आया पछि ता ई वानर सेना ठानामा पनि वस्न सामर्थ हुन्याछैन, इनिहरू भाग्न्या वेज्ञामा हामिहरुले छेक्या पनि छेक्न सकिन्या छैन। श्रीरामचन्द्रका हजूरमा सबै वृत्तान्त विति गर्न्या, एतिका निमित्तले ज्या चाहिन्या कुराको आज्ञा गरि सेनापतिहरूलाई आफ्ना २ सैन्यले सहित गराई आफ्ना २ ठाउँमा, यो हेतु हेरिकन जग्गा २ मा वस्न पठाउनुभयो भनि एस् प्रकारले विभीषणले श्रीरामचंद्रका हजूरमा सबै वृत्तान्त विति गर्नुभयो। ताहाँ श्रीरामचंद्रले पनि यो कुरा सबै सुनि नील वानरलाई डाक्नुभयो र आज्ञा गर्नुभयो, हे नील, तिम्रा सैन्यले सहित गरि शैलशृंगले युक्त गराई भागिगयाका सबैकन फिराईल्याया र सबै सैन्यले शैलशृंग वृक्ष लियेर आफ्ना २ ठाउँमा वस्न गया, अनेक वानर सेनापति आदि ऋषभ, हनुमान, शरभ, नील अंगद, नलवानर प्रभृति सबै वानरहरूले शैलशृंग ली संग्राममा पराक्रमी एस्ता वानरहरू सबै द्वार २ मा ठाउँ २ मा तयार भै रहनुभयो। ताहाँपछि भागिगयाका वानरहरू फिराई ल्याईकन ठाउँ २ मा राषेर श्रीरामचन्द्र लक्ष्मण सुग्रीव प्रमुख अनेक सेनाले सहित गरि उत्साहले हर्ष गरि ठाउँ २ मा वसि लंका घेरिरह्या कसो भन्या पर्वतको समीपमा महामेघले शोभायमान भया जै रह्यो भनि श्रीमहादेवले कैलाश पर्वत विषये पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे कुंभकर्ण वर्णनो नाम सर्गः ॥२८॥

१९

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले ठानामा वानर सेनाले ठाउँ २ मा रापिसक्यापछि कुंभकर्ण गयाको हेरिरहनुभयो। ताहाँपछि महाशरीर कुम्भकर्णकन

निद्रा आलस्य छाडि एक हजार राक्षसहरू पछि २ लाई गयाको वेलामा लंकाका राक्षसहरूले उच्च २ गृहमा वसि पुष्प वृष्टि गराया, नाना वाद्य वजाइदिया। एस् प्रकारले मंगल गराई रावणको राजगृहमा गयो। कस्तो राजगृह भन्या सुवर्णमय नाना रत्नले संयुक्त २ ध्वजा-पताकाले संयुक्त गरिराख्याको, एस्ता राजगृहमा कुंभकर्णले हेरि महा २ उच्च २ द्वार नाघि राजगृहभित्र गयो। ताहाँपछि मलिन मुख गरिरहन्या रावण पुष्प विमानमा वसि मंत्रीहरूसहित गरि नाना कुरा गरिरहन्या रावणले महावीर कुंभकर्ण आयाको हेरि उठेर कुम्भकर्णको मुख हेरि महाआनन्द गरि चित्तमा हर्षमान गरि जुरुक् उठेर गयो। ताहाँ कुम्भकर्णले पनि आपना भ्राता रावण आयाको हेरि देवराज इन्द्रका साभामा ब्रह्मा जानुभयाको जस्तो मेघ मण्डलमा सूर्य्य जानुभयाको जस्तो तेजस्वी कुम्भकर्णले आपना भ्राता आयाको हेरि ताहाँ कुम्भकर्णले रावणको पादुकामा नमस्कार गऱ्यो। ताहाँ रावणले पनि आफुलाई नमस्कार गऱ्याको हेरि कुम्भकर्णका हातमा समाति आलिंगना गरि दिव्य आसनमा राखि महा आदरले पूजामान्य गऱ्यो, नाना भक्ष भोजनादि पनि गरायो उत्तम २ गहना पनि लाईदियो। एस् प्रकारले आफुलाई प्रेमभाव गऱ्याको हेरिकन ताहाँ कुम्भकर्णले आपना भ्राताको भाव हेरिकन भन्न लाग्यो, हे भ्राता राक्षसेन्द्र रावण, तपाञ्चिले क्या निमित्तले मलाई उठाउनुभयो, क्या कारण क्या निमित्तले तपाञ्चिकन क्या अवस्था भयो कस्ले दुःख दियो ? हे भ्राता रावण,मेरा अग्रमा सबै आज्ञा गर्नुहुन्छ मैले कसलाई मार्नुपऱ्यो, मैले क्रोध गऱ्यापछि कसैले मलाई जित्न सक्न्या छैन। हे भ्राता रावण, इन्द्रवाट भय आयो कि अथवा वरुण कुवेर दश दिक्पाल इनहरू कसैले भय दियो कि इनहरूले भया अैल्हे म गैकन निर्मूल गरि आउँला अग्नि भया पनि मैले भक्ष गरौंला र मार्दछु देवताहरूको त क्या लेषा ! हे महाराज रावण, तपाञ्चिकन त्रैलोक्यको राजा नगर्नु कस्को सामर्थ छ। चन्द्र सूर्य आदि नक्षत्र तारा भया पनि आज मैले चूर्णभूत गरौंला इन्द्र आदि गरि पवित्र पनि चूर्ण गर्दछु पृथ्वी पनि मार्दछु भनि हे राजेन्द्र रावण, मैले धेरै कालसम्म सुतिरह्याको पराक्रम आज यो देषाउँला आजका दिनमा एस् संसार सबै भक्ष गरि मारौंला भनि हे महाराज रावण, स्वर्गवासी प्राणिहरू जति भयाका षायौ तपनि म तृप्ति भयौन, आज यो देव असुर षाई तृप्ति भै रहुंला भनि एस् प्रकारले कुम्भकर्णले रावणको हजूरमा विंति गऱ्यो र ताहाँ रावणले यो वचन सुनि महा हर्षमानले द्वितीय यम भयो भनि चिताई कुम्भकर्णको मुख हेरि रावणले भन्न लाग्यो, हे कुम्भकर्ण भ्राता, तिमि बहुतै काल सुतिरहन्याले क्या जान्नुहोला क्या त भन्या राम लक्ष्मण दुवैले वानरसहित गरि

आयेर इनहरूले भय दिया। हे कुम्भकर्ण भ्राता,अवदेषि अघि मैले कुम्भकर्णको बल पराक्रमको कुरा सुनि पूर्णिमाको दिन चन्द्रमा पूर्ण भयाको जस्तो रावणको मनमा हर्षले बारंबार पूर्ण गराई भन्न लाग्यो इ भय दिन्या कोहि छैन। देव गन्धर्व यक्ष नाग दिग्पाल आदि गरि कसैले मलाई भय दिनु साभर्थ छैन यो भय दिन्या राम लक्ष्मण हो। हे कुम्भकर्ण, अघिको कुरा तिमिले जान्याको छैन मैले सुनाउँछु सुन। राम लक्ष्मण सीता इ तीनजना दशरथ राजाका पुत्र बुहारी इनहरू बनवास गर्नकन आउँदा पंचवटिमा वास गरिरह्यामा सूर्पनखाले इनहरूलाई देषेर तिनहरू वस्याका ठाउँमा गैकन यो सूर्पनखाकन देषेर राम लक्ष्मण दुवै जनाले सूर्पनखालाई विनाअपराधैमा नाक काटि पठाया। एस् दुःखले सूर्पनखा मेरा हजूरमा आईकन विन्ति गरिन्, यो कुरा सुनि मैले क्रोध गरि चौध हजार राक्षस पछि २ लाई चारजना महावीर मेरा पुत्रहरूकन पठायाका राम लक्ष्मण दुवैलाई मारिआउ भनि पठाया र इनहरूलाई बाणले प्रहार गरि चौध हज्जार राक्षसहरू एकै चोटले मारिदियो, फेरि चारवटा बाण झिकेर चारैजना पुत्रहरूकन पनि मारिदियो, यो कुरा सबै सूर्पनखाले सुनाउनु आयो र मेरा मनमा बडो आश्चर्य भयो, देवलोकहरूले पनि गर्न सामर्थ नभयाको इ राम लक्ष्मणहरूले गर्‍या भनि मेरा मनमा दुःख भयो र कार्य चिन्तना गर्‍याँ। हे कुम्भकर्ण, क्या गर्‍युँ भन्या पहिले मैले मारीचलाई डाकेर भन्या, हे मारीच नामा, तिमिले माया गरि सुनको मृग भैकन राम लक्ष्मण दुवैका हजूरमा गैकन मोह गराई लैज्याउ भनि पठाएँ। तेस् वेलामा म एकतिर लुकिरह्याँ र सीताकन चोरि ल्यायाँ। एस् प्रकारले यत्न गरिकन मैले रामको सीता चोरि ल्यायाँ र अशोक वनिकामा राषिछोड्याँ। हे कुम्भकर्ण, एस् रामले सीता चोरिल्या याको थाहा पायेर लक्ष्मणसहित गरि किस्किंधाका राजा वालिलाई मारि सुग्रीवलाई राज्य दियेर सुग्रीवसित मित्र गरि वानरहरू सबै बटुल्याउन पठाई, अनेक वानरसहित गरि समुद्रमा सेतुबंध गरि समुद्र तरिआयेर लंकामा उत्पात गर्न आया। हे कुम्भकर्ण, यो लंका शुद्धा मर्‍याको जैं भयो, मुख्य २ राक्षसहरू मारिदियो। इन् वानरहरूले लंका सुद्धा कपिल वर्ण गराई बस्यो र वीर २ राक्षसहरू सबै वानरहरूले मारिदिया। ति वानर सबैलाई वचनसहित गरि, लंकामा रह्याको सबै राक्षसहरूकन मार्‍या, हामिहरूका राक्षस पनि सक्न लाग्यो, द्रव्य पनि सकियो। हे कुम्भकर्ण, यो कुरा सबै तिमिले थाहा पायौन, यो राम लक्ष्मणले वानरसहित गरि आयेर लंकामा महा उत्पात गरि भयले त्रास दीराख्या। एत्ति निमित्तले हो तिमिलाई उठाउन पठायाको हो भनि हे महाबाहु कुम्भकर्ण, यो लंका तिमिले रक्षा गर्नुपर्छ, लंकामा रहन्या बालष वृद्ध

इन्द्रहरूकन उद्धार गर्नुहवस् । हे वीर कुम्भकर्ण, तिम्रा पराक्रमले त्रैलोक्य पनि जित्नु सामर्थ छ, यी निर्गति राम लक्ष्मणको कथा लेषा ! तिमिसमान पृथ्वीमा पनि कोहि छैन, तिमिले क्रोध गऱ्यापछि पृथ्वीसुद्धा निर्मूल गर्नु सामर्थ छ भनि एस् निमित्तले तिमिले कटाक्ष करुणा, दया राषि मेरा शत्रुकन मारिदिनुहवस् । हे भ्राता, मैले कैले पनि कसैछेउँ भजना गऱ्याको थियेन मछेउँ मात्र भजना गर्न आईरहन्थ्या । एस्तो रावण म भैकन नरकमा परिरह्याको जस्तो भैरह्याछु । हे भाई कुम्भकर्ण, तिमिले मलाई स्नेह, दया राषनुहवस्, तिमिले पनि मेरो सेवा गर्नु योग्य हो। तिमिजस्ता भाई भयेर आपना दाज्युको उपकार गरि नदिया तिमिलाई पनि अपकीर्ति होला । तिम्रा पराक्रमले म एकजनालाई रक्षा गर्नु क्या कष्ट छ । हे भ्रात, पूर्वकालमा मैले देवासुर संग्राममा मेरा बाणले व्यूह बनाईराष्यामा एस्ता देवलोक सुद्धा तिमिले जितिरह्यौ । तिमिले पराक्रम गऱ्यापछि देवताले पनि जित्न सक्न्या छैन । हे वीर, यो जस्तै कार्य्यमा पराक्रम गरि मलाई उद्धार गर्नुहवस्, तिमि जस्ता बलिया पराक्रमी कोहि छैन । हे कुम्भकर्ण, एस्ता आपदा भयेर दुःखको समुद्रमा परिरह्याछु, यो हेरिकन तिमिले विस्तार गरि वस्नु होईन ऐल्हे गैकन पापात्मा राम लक्ष्मण दुवैलाई मर्दन गरि मार्नुहवस् । हे कुम्भकर्ण, तिमिकन देष्याविसिकै वानरसेना भागि जाला । हे वीर, अत्यंत क्रोधले म बलियो भनि चिताईरहन्या रामचन्द्र लक्ष्मणलाई ऐल्हे तिमि निर्मूल गरि मारिकन मञ्चादि राक्षसहरू सबैकन सुख गराईदिनुहवस् । तिम्रा बाहुका बलले हामिहरूको चित्तमा आनन्दले सुख गरि रहुँला । हे वीर कुम्भकर्ण, मेरा मनमा थिय वांछा कार्य्य उत्साह गराईदिनुहवस्, लंकामा वस्न्या राक्षस आदि बधु बांधव इष्टमित्रहरू सबै उद्धार गरिदिनुहवस् तिमिलाई जस धर्म प्राप्त होला । हे वीर कुम्भकर्ण, तिम्रा तेज पराक्रमले पनि मेरा शत्रु रामचन्द्र लक्ष्मणलाई दग्ध गरिमार्नुहवस्, कसो भन्यो शरत्कालमा मेघले वायु उडाई लैगयाको जस्तै मार्नुहवस् भनि एस् प्रकारले रावणले कुम्भकर्णलाई भन्यो भनि श्रीमहादेवले कैलाशपर्वतमा चिन्तामणि गृहविषये पार्वतीलाई सुनाउनुभयो ॥

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे कुम्भकर्ण रावण समागमो नाम सर्गः ॥ २६ ॥

३0

. श्री महादेव उवाच— हे पार्वति, ताहाँपछि रावणले अनेक प्रकारले आफ्ना शत्रु मार्नाका अर्थले कुम्भकर्णलाई भन्यो र ताहाँ कुम्भकर्णले पनि आफ्ना भ्राताको वचन सुनि भन्न लाग्यो। हे भ्राता रावण, मेरा कुरा सुन्नुहवस्, एस्तो कार्य गर्नादेखि क्या होला, आफुले गर्नाका दोषले पो एतिसंमको तपास्विको आपदा भयो भनि हे राजिन्द्र, तपास्विले आफ्ना आत्माकन मात्र प्रशंसा गरि सुहित बांधवको वचन अन्यथा गर्नौन यो चाँडै फल प्राप्त भयो। एस्कारणले गर्नाको कार्य परत्रमा पनि निको छैन नरकवास होला पापिहरू नरकमा गर्नाको जस्तै पर्नेला। हे रावण,कस्तो कार्य गर्नु इछा भयो पछि हुन्छ कि हुँदैन भनि मन गर्नुपर्दैन कि। अघि साहुति गर्नुपर्दछ। हे रावण, तपास्विका आफ्नै अहंकारका दोषले यो काम गर्न्यो भनि कोहि मनुष्यले अघ्यारै गर्नुपर्न्या काम पछि गर्दछन् पछि गर्न्या काम अघि गर्दछन्, एस्ताकन विपत्ति चाँडै पाउँदछन्, कसो भन्या यज्ञको सराजाम अघिभित्र भंडारमा राख्या जस्तै एस् प्रकारले तपास्विले गर्नुभयो। हे भ्राता रावण, जुन् ज्ञानीहरूले धर्म, अर्थ, काम, अर्थदान साङ्ग भेदकाल विक्रम योग आदि मंत्रिहरूलाई बटुल्याई मत गरेर कार्य गर्न्या इन्हरूकन यो राजमार्ग जान्न्या भन्नु, जस्ले स्वरूपले मंत्रणा निको गरि कार्य गर्दछन्। हे रावण, धर्म, अर्थ काम, यो नीत जस्ले निर्णय गर्ला तस्ताकन सबै पुरुषको श्रेष्ठ भन्नु। हे भ्राता, तिमिले एस्ता ज्ञान अर्थ आफुले जानिकन पनि निर्लय गरि काम गर्न्यौन र अब दुःख प्राप्त भयो। सुपुरुषले पनि राजाले पनि ई तीनको निर्लय नगरि काम गर्न्या पुरुष राजाहाई अर्थ भन्नु,एस् कारणले गर्न्यौ र तिमिकन व्यर्थ भन्नु। हे राजेन्द्र रावण,द्रव्य दिया उपदान भन्नु,नत्र भेदवस्तु दियेर छुट्या-उनु, विक्रमि काल यो आफुलाई पदार्थ पाउनाकन सिक्नुपर्छ अथवा यानु पदार्थ कार्यको कारण वेला विचार गरि गर्नुपर्छ। हे राजेन्द्र धर्म, अर्थ, काम इ तीन जस्ले जान्न्या मंत्रिहरू, बसि मत गरिकन जस्ले काम गर्दछ तस्लाई जान्न्या भन्नु कैले पनि आपदा पर्दैन। हे राजेन्द्र राक्षसेन्द्र रावण, कसैले पनि कार्याकार्य विचार नगरि गर्न्याका कार्यले आफैलाई अपकार गर्छ, बुद्धिवंत मंत्रिसित मत गरि मर्यादा नगरि तिमिले गर्न्यौ र तिम्रा गर्ना मंत्रि शास्त्र ज्ञान नीति व्यवहार जान्न्या होईन दुर्बुद्धिलाई तिमिले मंत्रि गर्न्यौ र इनका मंत्रनाले एस्तो आपदा पर्न्यो। हे महाराज, शत्रु हुन्छ मंत्रि स्वरूपले भैरहन्छन्, अरूको मर्म

भेद मात्रपाई नीति ज्ञान दियाको जस्तै गरि एस् प्रकारले गऱ्याका निमित्तले पो तिमिकन अवस्था भयो, तिमिले पनि यो आफ्ना हित यो अहित भनि विचार गऱ्यौ न र पो तिमिकन अहित गरिदियो। तेस्लाई तिमिले मान्य गरिराख्यौ, आफुकन हित गर्न्या ज्ञानीकन तिम्रा वडो वडो चिताईराख्यौ। हे महाराज रावण, शत्रुले निको गरि कुरा गऱ्याको लुगामा आगो पो पाऱ्या जस्तै सोऊ गरि काम गऱ्यौन, जुन ज्ञानी निको मंत्रना दिन्या वीर पराक्रमी शस्त्र अस्त्रमा पनि निपुण भै तिम्रा आसपासमा रहन्याहरू एस्ताकन तिमिले सहित चिताउनुहुन्छ। हे राजन, अज्ञानि शत्रुहरूले तिमिथें हित गर्न्या छैन, एस्कारणले व्यवहार हेरि आफ्ना आत्माले चिंतना गरि ज्ञानी विचक्षण शास्त्रज्ञ कार्य विकार्य विचार गर्न्या संग्राम गर्न जान्न्या एस्ताहरू कन आफ्ना दाहिना वाउँ राखिरहनुभया तपाञ्चिको कल्याण होला। हे महाराज रावण, मंत्र पदार्थ पाउनु कष्ट वेर २ चिंतना गर्नुपर्दछ, मंत्रीहरूले दुर्जनसित गरि मंत्रना दियापछि राजा नाशनकन क्या सभव भनि इन्ले एस्तो गऱ्यो भनि आफुले पनि निरोपण गरि हेऱ्या एस् राजालाई कसैले केहि गर्न सक्न्या छैन। एस् प्रकारले दुर्बुद्धि मन्त्रीको मन्त्रमा लाग्या देखि तेस्ता राजा वाहै मर्ला भनि हे महाराज, मंत्रीले भेद गऱ्याको हेरिरह्या एस्ता राजाको कैल्हे पनि कल्याण हुँदैन। एस्कारण आफुले विचार गरि हेरिकन जस्ले आफुकन अहित गऱ्यो उनकन शास्ति गर्नु भनि जस्ले आफुलाई हित गर्दछ उनकन प्रसाद दिनु, एस् प्रकारले गऱ्या एस्ता राजालाई शत्रुले भय दिनु शक्न्या छैन, हित अहित दुवै बरोबर गरि राख्यापछि कस्ले सेवा गर्ला। एस्ता राजालाई मंत्रीहरूले शत्रुसँग मत गरि भेद कसो नगर्ला। कदाचित् भेद गऱ्या तपनि आफ्ना मनले मात्र हेरिरह्या यो राजा भनि नाश मात्र होला, धिक्कार भन्नु एस्तालाई। हे राजेन्द्र, तपाञ्चिले मंत्रीहरूको मर्मभेद निर्णय गरिकन यो बुद्धिमान भनि सत्कार गरि आफ्ना वश्य गरि हेरै वस्तु चुवाईकन राखनुपर्दछ, जो शत्रु आफुकन अहित गरि हिंड्न्या तेस्ताको सर्वस्व लिपठाउनु भनि कसैछेउँ बुद्धि पाई मंत्रिहरूको भेद पाउनु चिताईरहन्या इन्हरूकन अलिक् वस्तु दिईकन आफ्ना हित गरि राखनुपर्दछ। हे महाराज, शत्रु जानि सानु भनि निन्दा गर्नु छैन, यो शत्रुहरूले आफुलाई स्वार्थ पाउनाका निमित्तले क्या न गर्ला यो पो आफुलाई जान्नु। एस् प्रकारले गऱ्याको नजानि शत्रु आफुछेउँ राख्यापछि एस्ता राजाकन अवस्था पाउनाको क्या सम्भव भनि एस्तो राजा भ्रष्ट भै मर्ला। हे भ्राता रावण, म पनि वृद्ध भया कैले सुन्याको छैन हेऱ्याको पनि छैन, वानर सहाय गरि सागर समुद्रमा सेतुवन्ध गरि मनुष्य आयाको अब हामिहरूले हेरि सक्यौं। हे राजेन्द्र रावण, कस्तो आश्चर्य भनि विधाताले तिमि

हामि मार्नाकन कार्य्य गरि ल्यायो अब क्या गरौं आजका दिनमा विपत्ति भयो अब धैर्य्य गरि चाहियाको कार्य्य चिन्तना गरि समाधान गर्नुहवस् भनि एस् प्रकारले कुम्भकर्णले आफ्ना भ्राता रावणका हजूरमा कुम्भकर्णले विंति गऱ्यो र यो कुरा सबै रावणले सुनि नाना प्रकारले बोल्याका वचन सहन सकेन र अत्यन्त क्रोध गरिकन रावणले कुम्भकर्णलाई भन्न लाग्यो। हे कुम्भकर्ण, तिमिले बोल्याको वचन सबै हो, तिमि ज्ञानी पनि हौ कसै भया पनि तिमिले मलाई एस् प्रकारले बोलनु अयोग्य। तिमि आफ्ना शिष्यहरूलाई बोल्याका जस्तै बोल्यौ, आफ् मात्र ज्ञानी भनिठानि मकन भन्यौ, तेस्ता कुरा गरिरहनु बखत होइन। हे कुम्भकर्ण, आजको वेला बखत हेरि योग्य हुन्या कुरा गर, तम्रा चित्तमा मोहले छोप्योर होकि तेस्ता कुरा गऱ्याको, तिम्रा शरीरमा बलहीन भै पसीना आयेर हो कि यो कुरा गऱ्याको ! नीतिले बोल्याको कुरा सबै व्यर्थ भनि हे कुम्भकर्ण, एस् वेलामा तेस्ता कुराले केहि हुँदैन एस्ता वेलामा क्या यत्न गर्नुपऱ्यो सो चिन्तना गर। हे भाई, तिमिले भन्याका जस्तै मैले अकार्य्य गऱ्या र एति सम्मको आपदा पाईरह्या। एस्तो आपदामा परिरह्याका वेलामा तिमिले पराक्रम गरि मेरा शत्रुलाई मारिदिनुहवस्। हे कुम्भकर्ण, इष्टमित्र भन्नु एस्ताकन पो हुँ, कस्तोकन भन्या आपदा विपत्ति भयामा विचार गरि बल यामिदिन्याकन इष्टमित्र भन्नु कैले विपत्ति परि आउन्या दिनमा आफ्ना संसर्गले जिउ भिजाईदिन्छु एस्ताकन यो धन्य इष्ट भन्नु भनि हे भ्राता, तिम्रो मेरो उपर करुणा भया दाज्यु भनि दया राखि धर्म चिताई गऱ्या यो कार्य्य चाँडै सिद्ध गरिदिउ। हे भाई, तिमि जस्ता भ्राता भैकन दाज्युको दुःख छुटाई नदिया तिम्रो पराक्रम व्यर्थ भयो, तिम्रो भोरसाले पो म रह्याको छु, एतिसम्मको कार्य पनि चिन्तना गऱ्या भनि एस् प्रकारले रावणले दुःख जस्तै क्रोध जस्तै कुरा गऱ्याको हेरि ताहाँ कुम्भकर्णले आफ्ना भ्राता रावणका मनमा क्रोध भयो भनिठानि क्रोध शान्त गर्नाका अर्थले कोमल वचनले कुम्भकर्ण भन्न लाग्यो। हे भ्राता राजेन्द्र रावण, तपाल्किा मनमा संताप दुःख नगर्नुहवस्, मन चित्त दृढ गरि स्वछन्द चित्त गर्नुहवस्। हे भ्राता राजेन्द्र रावण, तपाल्किन मैले अहित कुरा गऱ्याको होईन, हित कुरा पो गऱ्याथ्याँ तपाल्किले मेरा उपर स्नेहभाव भयो र यो कुरा गऱ्याँ ई अब एस्ता वेला बखतमा मैले क्या २ गर्नुपऱ्यो सो आज्ञा गर्नुहवस् म विस्तार गरिरहन्या छैन, चाँडै म एसैबाट गयेर तपाल्किका शत्रुसित युद्ध गरि तपाल्किन देपाउँछु। हे भ्राता राजेन्द्र रावण, तपाल्किका निमित्तले आजका दिनमा वानर-सेना सबै लगारि पठायेर रामचन्द्र लक्ष्मण दुई भाईलाई मारि तपाल्किका चित्तमा आनन्द गराउँछु, तपाल्किले हेर्नुहवस्। मेरा

पराक्रमले कोहि वीर भया पनि डराउँछन् । हे भ्राता राजेन्द्र, संग्राममा मैले राम लक्ष्मण दुवैकन मस्तक छेदना गरि मैले तपाखिकन देखाउन छाडेंला तपाखिको चित्त सन्तोष गराउँला । सीताले पनि रामचन्द्र भनि मात्र रहिछन् तन्काई पनि निरासा गराउँछु । हे राजेन्द्र रावण, आजका समयमा पापात्मा हनुमानसहित गरि वानर सबै मारिकन मेरा क्रोध उपशाम्य गर्दछु भनि हे राजेन्द्र, लंका राज्यमा सञ्चार गरि सुखले राज गर्नुहवस् लंकाको लोकहरूलाई पनि निर्भय गरि सुखले राख्दछु । हे भ्राता राजेन्द्र, तपाखिको हजूरमा म जियासम्म क्यान दुःख कष्ट गर्नुपर्ला प्रजाले पनि दुःख गर्नुपरैन भनि भन्न पठाउ । हे राजेन्द्र, लंकाको राक्षसको बन्धु बान्धव आदि इष्टमित्र मन्याका निमित्तले शोक गरिरह्याका यो शोक मैले मर्गकन राम लक्ष्मण वानरहरू सबैलाई मारि चित्त साम्य गराउँछु । हे भ्राता राजेन्द्र, तपाखि आदि राक्षसहरू सबैको आँसु पुछिदिन्छु, पापात्मा पर्वताकार देह भयाका श्रीसूर्यपुत्र सुग्रीवलाई मेरा मुष्ठिले प्रहार गरि पर्वत चूर्ण गऱ्याझैं चूर्णीभूत गरि सुताईराखछु हेर भनि हे महाराज राजेन्द्र रावण, आजका दिनमा मलाई सहाय दिन नपठाउनु म एकलै गयेर तपाखिका शत्रुलाई मारिदिन्छु । अरू वीरले गर्नु सामर्थ नभयाको कार्य मैले गरिकन तपाखि जै कीर्ति दिउँला भनिकन हे महाराज, मजस्ता वीर पराक्रमी मै मलाई अरू लोक गुहार चाँहिदैन म एकैले वानरसेना निर्मूल गरि देखाउँछु हेर्नुहवस् । हे राजेन्द्र, अब तपाखिले दुःख कष्ट नगर्नुहवस्, त्यो दुःख कष्ट छाडि निश्चिन्त गरि राज गर्नुहवस् । मजस्ता वीर भ्राता भयेर तपाखले दुःख क्यान गर्नुहुन्छ । अनेक वीर वीर राक्षस पनि छन् । राम लक्ष्मण मारौंला भनिरहन्या राक्षस अनेक २ वीर २ छनैछन् भनि एस्ता वीर २ सेना भयेर पनि क्यान तपाखिले शोक गरि राज गर्नुभयो सबै छाडिदिनुहवस् ! कदाचित् तपाखिका हजूरमा मैले प्राण छोड्नु शक्या स्वर्ग प्राप्ति गरि रहुँला भनि हे महाराज, मेरा अग्रमा तपाखिले प्राण छाड्याको मैले हेरिरहनु छैन । हे राजन्, अब मेरा बल पराक्रम देखाउँछु अघि कस्लाई मार्न्या हो आज्ञा दिनुहवस् भनि म चाँडै गयेर माछु, इन्द्र यम वरुण कुबेर वायु अग्नि आया पनि मैले मार्न्याछु, राम लक्ष्मण ता क्या लेखा ! हे राक्षसेंद्र, वानरसेनाले मलाई देख्यो र त्रासमान गरि भागिगया । मेरा हातमा रह्याको, त्रिशूल कस्तो छ भन्या काल रुद्रअस्तो इन्द्रको वज्रअस्तो एस्तो त्रिशूल ली घुमाईकन, म गयापछि इन्द्र आदि गरि त्रैलोक्य भनि त्रासमान गराई, हे राजेन्द्र, मैले यो त्रिशूल ली वानरसेनामा गै चाँडै मारुँला अनेक प्रकारले मारुँला । हे महाराज, संग्रामविषये मेरा अग्रमा वस्तु कस्को सामर्थ होला

जिउनाको इछा हुन्याले ता मेरा अग्रमा वस्तु सकन्याछैन, वायुले उडाई वृक्ष भग्न भयाकै मारौंला, मलाई हपकाई छेरुन, कस्को सामर्थ छ, शक्ति आदि गदा खड्ग आया पनि मलाई हपकाउनु सकन्याछैन। हे राक्षसेन्द्र, आदिदेवलोक आया पनि मकन भयत्रास दिन शक्न्याछैन, मेरा मुष्ठिले प्रहार गरि वानरसेनालाई आज मारौंला, राम लक्ष्मण दुवैलाई मात्र मेरा त्रिशूलले प्रहार गरि रक्तपान गरौंला भनि हे महाराज, एस्तो वीर म भैकन पनि तपाक्लिले क्यान चिन्तनाले दग्ध गराईरहनुहुन्छ, क्यान आफ्ना शरीरकन दुःख कष्ट दिनुभयो। तपाक्लिको शत्रु अवश्य मैले राम लक्ष्मण, सुग्रीव, हनुमान इन्हरू चार जना एकै ठाउँमा राषि मारौंला मैले प्रतिज्ञा गरिशक्याँ। हे राजेन्द्र, यो पापात्मा राम लक्ष्मण दुवैजनाले तपाक्लिकन दुःख दिरहन्या, ती पापिष्ठहरूलाई मारेर तपाक्लिलाई राज्यमा सुष आनन्द गराई-राषौंला भनि यो कार्य्य निश्चयले म गरौंला, राम लक्ष्मणसहित गरि वानर सबै मार्नाको यत्न मैले गरिशक्याँ। हे भ्राता, अब यो तपाक्लिका मनमा स्वच्छन्द गराई, नाना सुखले नाना वस्तु भोजन गराई राषौंला। हे महाराज, रामको सीताले पनि तपाक्लिकन मा गर्नेन्, तपाक्लिले पनि एस् सीताकन वस्य गरि सुखले वस्तुहरूस्। हे राजेन्द्र, तपाक्लिका प्रतापले राम लक्ष्मण वानरसेना अवश्यले मारौंला भनि एस् प्रकारले कुम्भकर्णले रावणलाई बोध दियो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे कुंभकर्ण वाक्य नाम सर्गः ॥३०॥

३१

श्री सदाशिव उवाच—हे पार्वति, ताहाँपछि रावणका हजूरमा कुम्भकर्णले आफ्ना आत्मा कन आफैले प्रशंसा कुरा गर्न्याको सुनि, रावणलाई बोध दीरह्याको हेरि ताहाँ महावीर महोदरले कुम्भकर्णको मुख हेरि भन्न लाग्यो। हे निशाचरेश्वर कुम्भकर्ण, तपाक्लि जो छौ ठुला कुलमा जन्म हुनुभयाका, तपाक्लि जस्ता पुरुषले तिमिले आफुले गर्न लाग्याको काज निरोपन् गरि, तेस्ता कुरा गर्न्या, तिम्रा ज्ञानहीन होला भनि एस् प्रकारले कुंभकर्णको मुख हेरि भन्यो। ताहाँ-पछि रावणको हजूरमा पनि विन्ति गर्न्यो, हे महाराज रावण, कुंभकर्णले गर्न्याका कुरा सबै वालषले

गऱ्याका जस्ता नीति ज्ञान नजान्न्या जस्तै गरिकन बोल्या, हेर २ कस्तो आश्चर्य ! देशको मर्यादा नीति ज्ञान जान्न्या, एस्ता पुरुषले आफुकन आफैले प्रशंसा गऱ्या । हे कुम्भकर्ण, तिमि क्या मूर्ख हौ कि अज्ञानि हौ कि निर्बुद्धिले पो एस्ता कुरा गर्ला। तिम्रा अग्रमा गुरु पंडित ज्ञानी वृद्धहरू पनि छैन कि एस्तैले पो मूर्ख भयौ । हे कुम्भकर्ण, धर्म अर्थ काम मोक्ष बोलेर आफैले छुट्याउन सामर्थ हुन्याले अैल्हे क्या कुरा गर्नुभयो नीतिको व्यवहार जान्न्याले तपाईका भाता रावणका इजूमा क्या कुरा गर्नुभयो अघि धर्मको निरूपन् गरि विहोर्न पछि मति जान्दैछौ आफुले गर्न पनि जान्दैछौ । हे वीर, नीचले गऱ्याको जस्तै कार्य गऱ्यौ भनि भन्यौ, नर्कवास होला भनि भन्न पनि जांदैछौ, मंत्रीजनको मम एस् प्रकारले हेर्नु भन्न्याले अब कस्ता कुरा गर्नुभयो । तिमिले अघ्यारै भन्यौ धर्मले जय हुन्छ अधर्मले क्षय होला भन्यौ, एस् कुराको निरोपन् मैले पाइन । कोहि ज्ञानीहरूले कार्य गर्न लाग्दामा महा गोप्य गरि कार्य्य गर्छन् । इन्लाई पो तत्वज्ञानी भन्नु । एस्ता ज्ञानीहरूले अरूको चित्तमा पनि शान्त गराउँछन्, तिमि जस्ता ज्ञानी भयाका निमित्तले रावणको मनमा क्रोध नभयासम्म क्रोध उत्पत्ति गराईदियौ । हे कुम्भकर्ण, धन्य ज्ञानी भन्नु तिमिलाई हो, राम लक्ष्मण वानर सेनालाई मारि सीता वश्य गरिदिन्छु भन्याको कुरा पनि वृथा कुरा गऱ्यौ । हे कुम्भकर्ण, एस्ता श्रीरामको सीता किनु कस्को सामर्थ छ । श्रीरामचन्द्रले खर दूषण त्रिशिला ई तीन वीर आदि गरि चौध हज्जार १४००० राक्षस-हरूलाई एकलै एक क्षणमा मारिल्याउन्या अब तिमि एकलै मारि आउँछु भन्याको कुरा झुट्टा हो । हे कुम्भकर्ण, श्रीरामचन्द्रले पराक्रम गरि मुख्य २ वीर २ राक्षस सबै मारिदिया इन्हरूको पुत्र पनि महावीर २ एक २ जनाले पनि त्रैलोक्य दग्ध गर्नु सामर्थ हुन्या एस्ता २ हरूले ता श्रीरामका भयले त्रासमान गरि स्वप्नामा पनि त्राहि २ ले पनि भय उत्पत्ति गराई-रह्या, एस्ता ठाउँमा तिमि एकलै गयेर युद्ध गर्नु नजाउ । हे वीरोत्तम, कस्ता श्रीरामचन्द्र भन्या अत्यन्त सुन्दर क्षमाले भन्या पृथ्वी तुल्य त्रैलोक्यका आत्मा पुरुष हुनुभयाको एस्ता अव्यक्त अवध्यकन तिमि एकलै गै मारौला भन्याको निष्फल हो भनि हे कुम्भकर्ण यो रामकन मार्न कस्को सामर्थ छ भनि कालको पनि काल भैरह्याका एस्ता श्रीरामलाई काल सर्प नींदले विउँझ्याका जस्ता आफै नाशिनाकन यत्न गर्न लाग्यौ । पृथ्वीमा ई बराबर मनुष्य छैनन्, एस्ता शत्रु रामसित युद्ध गर्नु कस्को सामर्थ होला ! रामको तुल्य वानरसेना अनेक छँदैछन् एस्कारण तिमि एकलै जानु छैन आफुलाई वर सामर्थ संयुक्त गरि जानुहवस् । कसैका बलले त्रैलोक्यले थिचन नसक्याको लंका यो रामले एकलैले थिचिराख्यो । एस् प्रकारले शत्रुछेउँ

आफु मर्नाकन कस्ले यो कार्य गर्ला ! हे राक्षसोत्तम, रामजस्ता मनुष्य मनुष्यमा उपमा राख्न्या कोहि छैनन्, एस्ता श्रीरामचन्द्रसित कसो गरि एक्लैले युद्ध गरौ भन्यौ ! इन्द्र यमतुल्य भयाका एस्ता श्रीरामचन्द्रसित युद्ध गरि जित्न कस्को सामर्थ होला तिम्रा मनमा मनुष्य भनिठान्नु-भयो कि भनि एस् प्रकारले जाज्वल्य अग्निमा घृत हालिदियाका जस्तो कुम्भकर्णलाई भन्यो र फेरि महाडरले रावणको मुख हेरि विंति गर्न लाग्या, हे राजेन्द्र, तपाल्लिले आफना वश्यमा सीता आवला भनिठानि सीताकन क्यान दुःख दिनुभयो, सीता तपाल्लिका वश्यमा आउन्या-छैनन् भनि एस्ता ठाउँ एस्ता ठाउँ दुःख दिनु नहुन्छ्स्। हे महाराज रावण, सीताले तपाल्लिछेउँ चित्त राख्न्या उपाय यत्न म विंति गर्छु सुन्नु भयाजाउस्, मैले बुद्धि गरि राख्याको छ यो उपाय गर्न्यापछि अवश्य तपाल्लिका वश्यमा आउला, कसो भन्या संग्राममा वीर २ भै रहन्याहरू कुम्भकर्ण आदि गरि पाँच जना राक्षस पठाउनुहुन्छ्स्। इनहरूले रामकन जिति आयो भनि यो वात सकल ति भनिदेउ, हामिहरू पाँच जनाले राम मर्न्यो भनि यत्न गरि सीताको आस छोडाउँला, हुन्या भया हामिहरू गैकन रामलाई मारिआउँला नभया यो कुरा वनाउँला। हामिहरू फिरि आईकन रामले शस्त्र प्रहार गरि ल्यायो भनि मायाले हामि-हरूको शरीरमा घाउले व्याप्तमान गरि आउँला र तेस् वेलामा राम लक्ष्मण वानर सेना इनहरूसमेत मारि आया भनि लंकामा सवैलाई भनिदिनुहुन्छ्स्। हे महाराज रावण, तेस् वेलामा हामिहरूले तपाल्लिकन दंडवत् गर्न आउँला तेस् वेलामा तपाल्लिले हर्षमान गरि हामि-हरूलाई शिरो पाउ दिनुहुन्छ्स्, तपाल्लिले पनि नाना वाद्य वजाउनलाई हाति चढि लंका सहरमा जात्रा गरि फिर्नुभैकन हामिहरूलाई भोजन धन सुख नाना प्रकारले मान्य गरि अनेक वस्तु शिरो पाउ दिनुहुन्छ्स्। इनहरूले रामचन्द्र लक्ष्मण वानर सेनालाई मारि आयो भनि सवै लोकमा प्रख्यात गरिदिनुहुन्छ्स्। ताहाँपछि तपाल्लि सीता वश्याका ठाउँमा पात्र लाग्नुभैकन जति चाहियाको प्रवोधना गर्नुहुन्छ्स्, अनेक रत्न वसु दिया र जति चाहियाको प्रवोधना कुरा गरि आफनु वश्य गर्नुभयाजाउस्। राम लक्ष्मण वानरसेना मोऱ्यो भन्यापछि सीताको मनमा निरासा होला भनि हे रावण, ताहाँपछि आफु अनाथ भर्ता भनि अवश्य तपाल्लिको वश्यमा आउला। अस्त्रीको स्वभाव चंचल चित्त पो हुन्छ। हे राजेन्द्र, अघि यो सीता जनक राजाको घरमा जात भयो र अनेक प्रकारले सुख भोग गरिरह्या, फेरि अयोध्यामा पनि सुख-सित वस्याका एस्ता सीताले कतिसम्म दुःखले रहनु सक्तिनन्। राम छैनन् भनि आश्रा छाड्या-पछि निश्चयले तपाल्लिको वश्य होला भनि हे राजेन्द्र, रामले पनि सीता रावणको वश्यमा

गयो भनि पत्तर सुन्यापछि निरासा गरि फिरिजाला। हे महाराज, यो कुरा गोप्य गरि राखनुहुन्छ, राम छँदैछन् भन्यादेखि सीता तम्रा वश्यमा आउँदैनन् भनि तेस् वेलामा अनर्थ होला। एस् कारण कार्य्य सिद्ध गर्नु इछा भया गुप्त गर्नुहुन्छ, तेस् वेलामा सीता आफ्नु भयापछि सुखले राज्य गर्नुहुन्छ, यो कुरा सामान्य होईन। हे महाराज, एस्ता यत्न गर्नाकन लोकहरूकन नाश गर्न पर्दैन, शत्रुसित युद्ध गर्नु पनि पर्दैन। एस् प्रकारले कार्य गर्न शक्या जस पुण्य पृथ्वी लक्ष्मी कीर्त्ति पाउला भनि महोदर राक्षसले रावण कुम्भकर्णलाई भन्यो भनि कैलाश पर्वतविषये श्रीमहादेवले पार्वतीकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे महोदर वाक्यं नाम सर्गः ॥ ३१ ॥

३२

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महोदरले कुम्भकर्णलाई निदान भन्या गऱ्याको सुनि ताहाँ कुम्भकर्णले रक्तनयन गरि महोदरको वाक्यले अग्निमा घृत हाल्याको जस्तो जाज्वल्यमान गरि उन्को कुरा सबै व्यर्थ गरि रावणको अग्रमा वसि कुम्भकर्णले त्रिशूल ली काल रुद्र जस्तो भैरह्यो। एस् कुम्भकर्णका हातमा रह्याका त्रिशूल कस्तो छ भन्या सुवर्णको अलंकारले खचित गरि राख्याको इन्द्रका वज्र जस्तै यो त्रिशूलले देवदानवको अहंकार विचिरह्याको शत्रुको रक्तपान गरि सर्वांग रक्तमय भैरह्याको पुष्पमाला लाई-राख्याको अनेक शोभाले युक्त भैरह्याको महादीप्ताग्नि जस्तो तेजले संयुक्त त्रिशूल लियेर कुम्भकर्णले रावणकन भन्न लाग्यो, हे राजेन्द्र रावण, तपाञ्चिका सैन्य जति भयाको सबै आँहि वदुल्याई राप मलाई चाँहिदैन, मेरो अत्यन्त भूष लाग्यो म एक्लै गयेर वानर सेना सबै भक्ष गरौंला। हे राजन्, निर्गति मनुष्य रामचन्द्रको निमित्तले भयत्रास गराई राख्यो। अब यो तपाञ्चिको शत्रु राम आदि सबैलाई मारौंला, तपाञ्चिलाई सुख भोग्य गराई राखौंला भनि हे राजेन्द्र, जो शूरा हुन्छ जुन्ले दया कुरा गर्दैनन्, मेघले जलवृष्टि गऱ्याजैं तपाञ्चिका शत्रुसित युद्ध गरि देखाउँछु। कोहि काफरहरूले पराक्रम गऱ्याको कुरा सुनि मनमा त्रासमान गरिरहन्छन्,

एस्ता काफर अकम्पस्म भयाको छैन व्यर्थ कुरा पनि अऊ मैले गर्न्याको छैन । हे महोदर, तैले मलाई नाना प्रकारले भनिस् एस् प्रकारले मलाई भन्न अयोग्य । तँ रामका निमित्तले डराउँछस्, तेरो प्राण पनि स्थिर छैन एसैले पो तैले मेरा चित्तमा त्रासमान गराई नपठाउन लागिस् । तेरा मनमा रामको जय भया तँलाई शिरोपाउ पाउला भनि एस् प्रकारले पो तैले अनेक प्रकारले मलाई तर्साइस् । तँ जत्तिको ज्ञानी कोहि छैनन् एस्ता कुरा राजाले पनि सुन्नु जोग्य हो ! कस्तो राजा कस्तो मन्त्री भनि एस्ता राजा मन्त्रिका हजूरमा राख्नु योग्य हो ! राजाको मनमा लाग्याको जस्तो कुरा गर्न्या पुरुषकातर्य भन्नु एस्तालाई पो हो भनि तैले पो राजाकन एतिसम्मको अवस्था गरिराखिस् । हे महोदर, एस् प्रकारले लंकामा अनेक राक्षसहरूलाई मारि नाशिदियाको यो सबै तेरै बुद्धिले हो, कैल्हे अवस्था नजान्न्या राजाकन क्या दुःख दीराखिस् । हे निर्दया, एस्ता अवस्थामा परिरह्याको कसो गरि हेरिरहिस् । अब म जान्छु, शत्रुलाई ता नजिति हुँदैन ! तिमि हरूले दुर्बुद्धि गरेर एस्ता दुखमा राजाकन राख्यौ, अब यो निको कार्यमा म ऐल्हे गैकन शत्रुलाई नाश गरि आउँछु भनि एस् प्रकारले कुम्भकर्णले महाक्रोधले कुरा गर्न्याको हेरि ताहाँ रावणले कुम्भकर्णलाई उत्साह गर्नाका अर्थले भन्न लाग्यो, हे भ्राता कुम्भकर्ण, तिमिले बोल्याको कुरा सबै सत्य हो मेरा हित गर्नाकन पो तिमिले भन्यौ, महोदरका कुरा व्यर्थ हो भनि युद्धको मर्यादा मात्र जानेर क्या हुन्छ ! धिक्कार भन्नु उनैलाई हो शत्रुको भयले त्रास मानिरहन्या । हे वीर कुम्भकर्ण, तिमि जत्तिका मूल शूर वीर पराक्रमी स्वर्ग मर्त्य पातालमा पनि छैन, विशेषले मेरा उपर दया भाव छ, मेरा उपर सिनेह राखेर पो कार्य चिन्तना गर्न लाग्यौ । हे कुम्भकर्ण, बलले पनि तेजले पनि संयुक्त तिमि ऐल्हे चाँडै गयेर शत्रुलाई मार, यो निर्गति राम लक्ष्मण वानरलाई निर्मूल गर्नु क्या लेखा छ । तिमि कस्ता भन्या दीक्षाग्नि जस्ता वानर भन्याकि त पतंग जस्ता, हे कुम्भकर्ण, तिमिले ऐल्हे चाँडै मारि आउ । त्रैलोक्यका देवताले पनि मान्य गराईरहन्या तिमि हौ, तिमि जत्तिका पराक्रमी यो पृथ्वीमा पनि दुर्ल्लभ । हे भ्राता कुम्भकर्ण, तिमि एकलै मात्र नजाउ तुलो सैन्यबल पछि २ लाई गयामा वानर सेनाले कसो गरि सहन सकनन् अवश्य भागिजाला, संग्राममा एकलैले जुझौंला भन्याको मैले पत्याउँदैन । वानरहरू जो छन् महाबलिया वायुवेगी, एस्ता पराक्रमीहरूसित गुमान अहंकार गर्नुछैन । हे कुम्भकर्ण, एस्कारण तिमि एकलै नजाउ, सेनाले सहित गरि गैकन रामचन्द्र लक्ष्मण वानरसेनालाई मार भनि तिमिलाई जति चाहियाको सेना म दिन्छु भनि कुम्भकर्णलाई नाना सुगन्धले सर्वांग शरीरमा लेपन गरिदिया, नाना रत्नका गहना पनि लाईदिया र अनेक वस्तु पनि लाईदिया र अनेक

वस्तु पनि पुऱ्याईकन मान्य पूजा गऱ्या, कसो भन्या अग्निमा घृत हाल्या जस्तो जाज्वल्यमान गराई रावणले एस् प्रकारले मान्य गरि राख्यो। यो कुम्भकर्ण कस्तो भन्या क्षीरसमुद्र मथन गऱ्यामा मण्डल पर्वत बाँधिराख्याको वासुकी नाग शोभा भया जस्तै संध्याकालमा सुमेरूपर्वत विषये सूर्य्य जानु भयाका जस्तो, सर्वांग आभरण लाई नारायण शोभा भया जस्तो, दिव्य कवच लाई यमदण्डतुल्य त्रिशूल लियेर, कालरुद्र रह्याका जस्तै रह्यो। एस्ता कुम्भकर्णले पनि आफ्ना भ्राता रावणकन प्रदक्षिणा गरि महाबलियो कुम्भकर्णले प्रस्थान गऱ्यो। एस् वेलामा सारथिले रथ ल्याईदियो, स्यो रथ कस्तो भन्या चालिस् हज्जार हात लामु ४०००० एक हज्जार १००० गदहा जोरिराख्याको संग्रामको सराजाम सबै पूर्ण भयाको, ध्वजा पताकाले संयुक्त महामेघको शब्द जस्तो कैलाश पर्वतको शृंग जस्तै उच्चो, आठवटा पांग्रा छ, नाना सुवर्णमय रथ ल्याईदियो र सारथिले कुम्भकर्णको पादुकामा नमस्कार गरि जय बांछा गरिकन कुम्भकर्णका हजूरमा, रथ राखिदियो। एस् वेलामा महा पराक्रमी कुम्भकर्णले पनि वज्रसमान त्रिशूल लियेर, स्यो रथको शब्दले मेघले गर्ज्याका जस्तो महादीप्त भैरह्याको एस्ता रथमा चढि, शस्त्रले पनि संयुक्त गरि द्वादश आदित्य उदय भया जस्तै भैरह्या, तेस्ता कुम्भकर्णलाई हेरि रावणले आशीर्वाद दियो। हे महाबलिया कुम्भकर्ण, तिमि जान लाग्याको कार्य्यमा निर्विघ्न हवस्, संग्राममा शत्रुलाई मर्दन गर्न सकोस्। हे भ्राता, राम लक्ष्मण वानर सेना सबै तिम्रा हातले मार्न सकोस् भनि एस् प्रकारले रावणले आशीर्वाद दियेर, नाना वाद्य मंगल वाद्य शंख दुन्दुभी इत्यादि बजाई, अनेक राक्षस सेना पछि २ लाई नाना शस्त्र अस्त्र लि दिव्य २ अलंकारले भूषण गरि चन्द्र सूर्य जस्तै, अग्निसमान राक्षसहरू सबै हाति घोड़ा अनेक शरत्कालको मेघले गर्ज्याको जस्तै, रथघोष शब्द गरि महातेजस्वी, रथीमा श्रेष्ठ कुम्भकर्ण अनेक सेनाले युक्त भै महाउत्साह गरि गयो, रथको चिन्ह अनेक हस्ति अश्व सिंह व्याघ्र धर एस्ता २ ले युक्त भयाको, रथमा चढि असंख्य लोकले सहित गरिकन गयो। तेस् वेलामा लंकाका राक्षसिनीहरूले कुम्भकर्णलाई पुष्पवृष्टि गरिदिया, अनेक मंगल वेदघोषादि शब्द गराई, धवल क्षेत्रले संयुक्त त्रिशूल ली महाउत्कट गरि कुम्भकर्ण संग्राम गर्नाकन गयो। योद्धा २ मुख्य २ राक्षस बटुल्याई महावीर २ महाशरीर बडा बलिया २ एक २ सिंह व्याघ्र जस्ता, हस्तिसमान राक्षसहरू सुवर्णका कवच लाई घोर २ शस्त्र अस्त्र ली नाना खड्ग धनुर्बाण लियेर रक्तनयन गरि विराजन्, रक्तसदेह गरि शूल खड्ग गदा परिघ मुशल मुद्गर,पर्शु वृक्ष शतघ्नी एस्ता २ शस्त्र लियेर कुम्भकर्ण

अनेक मूर्ति धारणा गरि द्वितीय रुद्र जस्तो, संसारका कालाग्नि जस्तै एस्ता कुम्भकर्णको शरीरको संख्या छ ६००० हजार हात शरीरको गज दशहजार (१०,०००) हात शरीर लामु उच्च एस्ता कुम्भकर्णले रक्त नयन गरि, त्रिशूलसदृश दाहा निकासि पातालसमान वक्त्रले हास्य गरि राक्षसहरूलाई भन्न लाग्या, हे राक्षसा, आजका दिनमा पापात्मा वानरसेना आदि गरि राम लक्ष्मणलाई मारौंला हेर भनि मुख्य २ वानरहरू अघ्यारैमा मैले भक्ष गरि मार्दछु। हे राक्षस, वानरले ता हाम्रो अपराध गऱ्याको छैन, राम लक्ष्मणका दोषले पो हो, ती पापिष्ठ मान्यापछि ती सबैलाई मान्याकै लेखा भयो। एस्ता निर्गति मनुष्यले लंकामा महा उत्पात दुःख दिरह्या। अब पो एस् मनुष्य दुई आदि वानरसेना सबैकन चूर्ण गरि मारौंला आजका दिनमा त्रैलोक्यका देवताहरूले राम लक्ष्मण आदिलाई रक्षा गर्नाकन आया पनि रक्षा हुन्या छैन, मेरा क्रोधले दग्ध गरि भस्मीभूत गरि पठाउँछु। नाना प्रकारले कुम्भकर्णले हर्षमान गरि बोल्याका वचन सुनि राक्षसहरू सबैले एकै वषत् महाशब्दले नाद गऱ्या! यो नाद शब्दले पृथ्वी पनि कम्पायमान भयो। एस् प्रकारले अन्योन्यले महाशब्द गराई कुम्भकर्ण लंका सहरबाट बाहिर निस्क्यो। तेस् वेलामा कुम्भकर्णलाई अमंगल गर्नाका निमित्तले नाना उत्पात भयो, आकाशमा पनि विनाबादलले मेघ गर्ज्यो महाशब्दले, सागरसहित पृथ्वी कम्पायमान भैगयो, सुगाहरूले पनि विशब्दले बोल्न लाग्यो, सबै पंछिहरूले पनि महाशब्दले करायो, वामावर्त गरि रथमाथि वस्तु गयो। कुम्भकर्णको वामनेत्र फुर्फुरायो, आकाशमा उल्कापात भयो, भयानक शब्दले दिग्गज करायो, सूर्य पनि निस्तेज भै गयो। एस्तो उत्पात भयो र कुम्भकर्णले यो उत्पात भयाको देखि भन्न लाग्यो, हे राक्षसहो, एस्तो उत्पात भयो भनि डराउनुपर्दैन एस् उत्पातले मलाई क्या गर्न सक्ला, त्यो उत्पात सबै राम लक्ष्मणलाई पो हो। हे राक्षस, जुन् कालले यो संसार सबैकन मार्दछ उसै कालको काल पनि म हुँ, जुन् कालाग्निले प्रलयकालमा संसारकन दग्ध गर्छ उसै कालाग्निकन भक्ष गरि मैले मार्न सामर्थ छ। हे राक्षसा, त्रैलोक्यको देवताले पनि मलाई तर्साउन सामर्थ छैन एस् उत्पातले ता मलाई क्या गर्ला! आज पो यो वानरसेना चूर्णीभूत गरि मार्दछु भनि सबै राक्षसहरूलाई बोध दियेर ताहाँ राक्षसहरूले पनि महाहर्षमानले नाद गरि लंकाबाट बाहिर निस्क्या। दैवले मोह गराई गयाको दैत्य जस्तै रह्याका राक्षसहरू पर्वतसमान देह भयाका पछि २ लाई महापराक्रमी कुम्भकर्णले वानर सेनाकन हेर्नलाग्यो। एस् प्रकारले हेरि कुम्भकर्णका मनमा अत्यन्त हर्षमान गरि महाशब्दले नाद गऱ्यो प्रलयकालको मेघ गर्ज्याको जस्तै नाद गरिरह्याका कुम्भकर्णलाई वानरसेना सबैले देख्यो र ताहाँ वानरहरू सबै भय त्रास

भनि भागिगया, कसो भन्या आकाशमा वायुले उडाई लैगयाको जस्तो वानरहरू सबै भागि-गया। त्यो हेरिकन कुम्भकर्णले फेरि भगाई पठाउनाकन ठुलो शब्दले नाद गरिदियो। त्यस् नाद शब्दले महा घोर शब्दले मेघ गर्ज्याका जस्तो भयो र त्यो नाद शब्द सुनिकन वानर सबै पृथ्वीमा पल्ट्या शालवृक्ष ढल्या जस्तै पृथ्वीमा महात्रासले पल्टीरह्या, केहि वानरहरू चित्त स्थिर गरि उठेर नभाग २ भनि कराईकन शैलशृंग वृक्ष लीरह्या, कोहि वानरहरू त्रासले मलमूत्र सुद्ध गरि पृथ्वीमा परिरह्या, कोहि दश दिशा भागमा भागिगया। एस् प्रकारले वानरहरू भागिगयाको हेरि पापात्मा कुम्भकर्णले वानरहरू भागि पठायेर कालदण्डसमान त्रिशूल लियेर यम जस्तो आयो, कुम्भकर्ण कस्तो भन्या साक्षात् कालान्तक रुद्र जस्तै आकाश सुद्धा ग्रास गर्ला भन्या जस्तो एस्तो कुम्भकर्णले एस् प्रकारले वानरसेनामा जाईलाग्यो भनि श्रीमहादेवले कैलाशपर्वतविषये पार्वतिकन सुनाउनुभयो भनि ब्रह्मले सत्यलोकमा नारदमुनिलाई सुनाउनुभयो। यो कथा नैमिषारण्य क्षेत्रमा सूत पौराणिकले शौनकादि ऋषि-हरूलाई सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वरसंवादे लंकाकाण्डे कुम्भकर्ण निर्याणो नाम सर्गः ॥३२॥

३३

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि महाबलियो कुम्भकर्णले, लंकाको ढोकाबाट बाहिर आयेर राक्षसहरू सबैले जय बाधा गरि सुवर्णमय रथमा बसि कालस्वरूप त्रिशूल लियेर वानरसेनाका समीपमा आई नाद गऱ्यो, समुद्र कल्लोल भयाका जस्तो, पृथ्वी कंपमान गराई नाद गरि आयो। एस्ता महाशरीर कुम्भकर्णलाई, इन्द्र यम वरुण कुवेर इनहरूले पनि जित्न सामर्थ नभयाका कुम्भकर्णले, महानाद गरि आयाको हेरि वानरहरू सबै भागिगया। तेस् वेलामा वालिपुत्र अंगदले वानर सबै भाग्याको हेरि भन्न लाग्या। हे गवाक्ष, चंदन, नील, कुमुद, तिमिहरू सबैले आफना २ सेनालाई, छेकनु पर्दैन कि तिमिहरू पनि प्रजा संसर्गले कसो भागि जानु लाग्यौ। एस्ता वेलामा नदेषायाको पराक्रम काहां देषाउँछौ, तिमिहरू सबैले उस्वेलामा श्रीरामका हजूरमा गऱ्याका कुरा बिर्स्यो कि! हे वानर, कातर पुरुष जस्तै भाग्याका

क्यान हो ! वानरका श्रेष्ठ भयाका तिमिहरू सुद्धा तेसो भागिगयापछि यो काम कसो होला। हे वीरहो, माताको गर्भमा दश महिना वसि जन्म भैकन संग्राममा पराक्रम नदेषाई काहाँ मरण जानु भनि एस्ता ठाउँमा आफु रक्षा हुनानिमित्तले काहांसम्म भाग्न षोज्छौ, काहां गयेर उम्रन्या हुन्छौ ? संग्राममा पराक्रम गरि देषाउन सक्या श्रेष्ठ होला, कदाचित् संग्राममा मऱ्या स्वर्ग प्राप्त होला। हे वीर वानर, मर्नु जिउनु भन्याको आफ्ना मनोइ छैन यो रणभूमि छाडी गयेर मर्नुपर्दैन कि ! अवश्य कैल्हे भया पनि एक चोट ता मर्नै पर्छ एस् प्रकारले चिताई चित्त दृढ गरि युद्धमा पराक्रम गरि जुझनाकन हेर, तेसो भागिजानु समर्थ छैन कि ! युद्धमा कातर भयापछि, एस्तालाई कैल्हे भति हुन्याछैन। हे वानर, तिमिहरू सबै फर्क्यादेषि भागिगयाका वानरहरू सबै फर्किकन, युद्ध गर्नु आउला भनि एस् प्रकारले अंगदले बोल्याको वचन सुनि, वानरहरू सबैले हो भनि चिताई महाशब्दले नाद गरि शैलशृङ्ग वृक्ष लिएर महाक्रोधले भागि गयाका सबै मत्त हस्ति आयाका जैं प्रलय कालको समुद्र आयाका जस्तो अधिघाट दगुरि आयो। महा शब्दले कराईकन कुम्भकर्णलाई प्रहार गऱ्या, ठुला २ पाषाण महा २ बलिया वानरहरूले प्रहार गऱ्या। एस् प्रकारले वानरहरूले प्रहार गरेर पनि कुम्भकर्णका शरीरमा केहि व्यथा नभयाको हेरि ताहाँ द्विविद वानरले पर्वत उषेलिलियेर प्रहार गरिदियो। यो पर्वत आयाको हेरि ताहाँ कुम्भकर्णले पनि छलिदियो, यो पर्वत राक्षसहरूकन लाग्यो र अनेक राक्षसहरू मऱ्यो। तहाँपछि वानरहरूले ठुला २ शिला लियेर कुम्भकर्णलाई प्रहार गऱ्या, त्यो शिला कुम्भकर्णका शरीरमा लाग्यो र त्यो शिला चूर्ण भै गयो। अनेक वृक्षले प्रहार गरेर पनि शरीरमा छोयाविचिकै खंड २ भै गयो, कुम्भकर्णलाई केहि व्यथा भयेन। एस् प्रकारले आफुछेउँ प्रहार गऱ्याको हेरि ताहाँ कुम्भकर्णले पनि अत्यत क्रोध गरि अनेक वानरसेनालाई मार्न्यो, अग्निले वन दग्ध गऱ्या जस्तो अग्निसमान कुम्भकर्णले वानरसेना, मारियाको हेरि महा २ बलिया २ वानरहरूले पनि पर्वत वृक्ष मुष्टिले प्रहार गरि अनेक राक्षसहरूलाई मार्न्या। अनेक हाति घोडा सारथि सैन्यले युक्त गरि वानरले राक्षसलाई मार्न्या, राक्षसको मांस रक्तले रणभूमिमा व्याप्त भै रह्यो, तेस्वेलामा महाबलियो कुम्भकर्णले राक्षसहरूलाई मार्न्याको हेरि अनेक वानरहरूलाई मार्न्या। ताहाँ महा २ पराक्रमी राक्षसहरूले पनि नाना बाणले प्रहार गरि अनेक वानरहरूको शिर छेदन गरिदिया। ताहाँ वानरहरूले पनि अत्यन्त क्रोध गरि बडा २ शैलशृंग वृक्षले प्रहार गरि रथ अश्व खर हस्ति राक्षस इनहरूलाई दन्त प्रहार गरि अनेक राक्षसहरूलाई

मारिदिया। एस् प्रकारले युद्ध भयो र अनेक वानर पनि राक्षसहरू पनि मार्‍या, पृथ्वीमा रक्त मांसले व्याप्त भैरह्यो, एस् प्रकारले महाकलोल युद्ध भयो। ताहाँ वानरको बलहीन भयाको हेरि कुम्भकर्ण महाशब्दले नाद गरिदियो र राक्षसहरूले अनेक वानरहरूकन मार्‍या। एस् प्रकारले मार्‍याको हेरि ताहाँ वानरहरूले भयत्रास मानि आँपाबाट आँसु चुहाई घर समाज सेतुबन्ध गरि भागिगयो। महात्रासमानले अनेक पर्वत पनि नाघिकन भाग्याको हेरि कोहि आकाश माथि भाग्या, कोहि उसै भूमिमा परिरह्यो, कोहि पृथ्वीमा दाँतले टोकि २ कन रह्या। एस्ता प्रकारका वीर २ वानरहरू कुम्भकर्णका भयले भागिगयाको हेरि वालिपुत्र महावीर पराक्रमी अंगदले महाक्रोध गरि भन्न लाग्या। हे वानरहो, काहाँ जान्छौ फर्क २, हामिहरू युद्ध नगरिकन मर्नु नहेर, सत्य धर्ममा तिमि हामिले सेवा गरि रह्यौ र तस् प्रकारले भाग्यार क्या मृत्यु हुन पर्दैन कि! कहिँ गया पनि एकचोट ता अवश्य मृत्यु हुन पर्दछ, शस्त्र अस्त्र छाडि अचेष्टा भैकन स्त्रीको स्वभाव जस्तै भागि जान्या धिकार तिमिहरूको जन्म चेष्टा भनि एस्ता धर्मक्षेत्र रणभूमि छाडि जिउनु आसा राषि भागि जान्या, तेसो गयेर क्या तिमिहरूको शरीर अमर होला कि! हे वानरहो, काफर हुनु छैन भनि ठुला कुलमा जात भैकन अति कातर हुनु छैन, धैर्य गरि जुझ्नाकन हेर। हे वानरहो, तिमिहरूले श्रीरामचन्द्रका हजूरमा आपना २ आत्माको प्रशंसा कुरा गर्‍याको विस्यों कि यो कुरा काहाँ गयो भनि एस् प्रकारले कातर भै भागनु छैन। एस्ता वेलामा कातर भनाई जिउनु भन्या धिक्कार २ भयो। हे वानरवीरहो, एक्लैले लगारिल्यायो भनि लोकले भनाईरहनुपर्‍यापछि जिउँदै मर्‍याको जस्तै हो। हे वानर, अब शूर वीरको मज्जात जस्तै रणभूमिमा शत्रुलाई जित्नु, हेर, सज्जनका स्वभाव संग्राममा युद्ध गरि शत्रुलाई जितेर आफुलाई जस प्राप्ति लिनु कीर्ति प्रख्यात गरिरहनु। कदाचित् संग्राममा शत्रुको हातले मृत्यु हुनु शक्या पृथ्वीमा पनि वीरको सेज्या छीरहनु यो पो शोभा भनि एस्ता शूरवीर भैकन स्वर्गवास गरि रहनु। हे वीर वानर, शत्रुको हातले संग्राममा मर्नु यज्ञ पुण्य गर्‍या पनि पाउनु दुर्ल्लभ ब्रह्मलोकमा प्राप्त होला। हे वीर वानरहरू, चाँडै फर्किकन शत्रुसित समयोद्धा गर्नु हेर भनि धर्म कीर्ति यश पुण्य यज्ञ दान तपस्या यो सबै एस् रणभूमिमा छ, यो हेरि आफ्ना २ यज्ञदान वांछा गरि युद्ध गर्न जाउ। हे वीर वानरहो, एस् कुम्भकर्णलाई श्रीरामचन्द्रले देषनुभयापछि त्यो कुम्भकर्ण लंकामा फर्कि जान सक्या छैन। श्रीरामचन्द्रका वाणले प्रहार गरि अग्निमा पतंग पर्‍याका जस्तो मलाई पापात्मा राक्षसहरू सबै श्रीरामचन्द्रका बाण प्रहारले मार्नन् एस्ता राक्षस कसैले जिति

ल्यायो भनि भनाईरहनुपर्‍यापछि जिइरहनु धिक्कार भयो भनि एस् प्रकारले वाली-पुत्र अंगदले वानरसेना भान्याहरू फिराउनाकन भन्या। तेस् वेलामा वानरहरू सबैले भन्न छाड्यो, हे अंगद, हामिहरूले कुम्भकर्णसित युद्ध गर्नु सामर्थ छैन। नाना प्रकारले युद्ध गर्‍यौं र पनि हटाई पठाउनु सकेनौं, अब जिउको उपाय गरौंला भनि एस् प्रकारले वानरहरू दशदिशा भागमा भागिगया। तोहाँपछि अंगदले कुम्भकर्णको भयले डरले भागि जान्या वानरहरूको मुख्याजि हात जोरि कोमल वचनले भन्नलाग्यो, हे वीर वानरहो, श्रीरामचन्द्रकन छाडि काहाँ जाउँ, श्रीरामचन्द्रका अग्रमा वसिकन नाद शब्द मात्र गरि अस्त्र आउ भनि तिमिहरू जुझ्नुपर्दैन जुझ्नुपर्‍या हामिहरू जुझौंला भनि एस् प्रकारले प्रार्थना गरि भन्नुभयो। यो वचन वानरहरूले सुनि ताहाँ वानरहरू सबैले अंगदका वचन हो भनि चिताई ठूलो शृंग ली युद्धको मर्यात जस्तै पृथ्वी कम्पायमान गराई नाद गरिकन कुम्भकर्णलाई मार्नु निश्चय गरि वानरहरू सबै फर्किकन शत्रुका सम्मुखमा वस्न आया। कस्तो भन्या श्रीसूर्यका समीपमा मेघरह्याका जस्तै यमदण्ड लियेर यमराजा रहनुभयाका जस्तै संसार नाशनाकन काछेर रह्याझैं एस्ता बलिया २ वानरहरूले राक्षससेनामाथि जाईलागिकन पृथ्वी कम्पायमान गराई नाद गरिरह्या भनि श्रीमहादेवले कैलाश पर्वतविषये चिन्तामणि गृहमा विराजमान गरि पार्वती देवीकन सुनाउनुभयो,सत्यलोकमा ब्रह्माले नारदमुनिकन सुनाउँदा भया,सोहि कथा नैमिषारण्य क्षेत्रविषय सूत पौराणिकले सौनकादि ऋषिकन सुनाउँदा भया, सोहि कथा ताहाँविषये भन्याँ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे वानरसेना अंगद संबोधनं नाम सर्गः ॥३३॥

३४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अंगदले वानरहरूलाई फिराई ल्याई र वानरहरूले पनि अंगदको वचन सुनि भय त्रास छाडिकन निर्धातले पर्वत वृक्ष लियेर युद्ध गर्न निश्चय गरिरह्या, सबै वानरको पराक्रम तेजले अत्यन्त शोभायमान भैरह्यो। अंगदका वचनले धैर्य गरि महा हर्षमानले नाद गरि पृथ्वी कम्पमान भयो। तेस् वेलामा वानरहरूले क्रोध गरि संग्राम गर्नु निश्चय

गरिकन राक्षससंग जाईलाग्या । मेघका समूहमा वायु गया जस्तो राक्षस वानरको महाकल्लोल युद्ध भयो, दुवै पक्षका सैन्यले पनि मर्नुको निश्चय गरि आपना २ जय वांछा गरि सिंहशार्दूल जुझ्याको जस्तो दुवै पक्ष व्याघ्रसित व्याघ्र जुझ्याको जस्तै दुवै पक्षका पनि महावीर२ अग्निजस्ता यमजस्ता दुवै-पक्ष कालसमान एस्ता जग्गामा वानरहरूले महाक्रोध गरि महा २ वृक्ष लियेर पर्वत लियेर प्रहार गरिकन अनेक राक्षसलाई मार्न्या। फेरि वानरले पर्वत वृक्ष लियेर कुम्भकर्ण-छेउँ जाईलाग्या । ती वानरहरू आयाको देखि ताहाँ कुम्भकर्णले महाक्रोध गरिकन अनेक वानरलाई मार्न्यो । एस् प्रकारले वानरहरू मारिकन लगारिकन ल्यायाको हेरिकन महावलियो कुम्भकर्णछेउँ अंगद, कुमुद, नील, गवाक्ष, चन्दन, हरिड, द्विविद, मैंद, नीरद एस्ता मुखिया २ वानरहरूले मुष्टिमान् रथमा ध्वजापताका इत्यादि चूर्ण गरिदिया । एस्ता वेलामा कुम्भकर्णले पनि चाँडै हनुपताई रथवाट वल्लिकन अत्यन्त क्रोध गरिकन पर्वत उडिआया जस्तो आई न अनेक वानर सेनालाई मार्न्यो, दावाग्निले वनदग्ध मर्न्याजैं दग्ध गरि मार्न्यो, अनेक वानर एकशय १०० दुईशय २०० आठशय ८०० अनेक एतिलाई एकै चोट्ले कुटि मार्न्यो । फेरि आठ हजार ८००० सोह हजार १६००० वीस हजार २०००० तीस हजार ३०००० असंख्य वानर हातले सोहरिकन वटुल्याईकन हातगोडाले दलिकन अनेक वानरलाई मार्न्यो, मत्त हातीले मनुष्यलाई मार्न्याजैं मारिदियो । वानरहरूका मांस रगतले रणभूमिमा व्याप्तमान भयो । एस् प्रकारले कुम्भकर्णले वानरहरूलाई मार्न्याको हेरि महापराक्रमी अग्निसमान हनुमानले क्रोध गरिकन महाठुलो पर्वत लियेर आकाश-माथि गैकन कुम्भकर्णलाई प्रहार गरिदिया । त्यो पर्वत आयाको हेरिकन ताहाँ कुम्भ-कर्णले पनि आकाशैमा त्रिशूलले प्रहार गरिदिया षंड षंड गरिदियो । त्यो हनुमानले प्रहार गरिदिनुभयाको पर्वत चूर्ण गरि महाशब्दले नाद गरि वानरछेउँ जाईलाग्यो । एस् प्रकारले आयाको कुम्भकर्णलाई हेरिकन हनुमानले पनि अत्यंत क्रोध गरिकन वृक्षले संयुक्त भयाको पर्वत उचेलिकन लिनुभयो र महावेगले जानुभयेर इन्द्रादि देवताको शत्रु कुम्भकर्णलाई प्रहार गरिदियो । एस्ता पर्वतले प्रहार गरेर पनि तेस्कन केहि भयेन र हनुमानले क्रोध गरि महा अघोर मूर्त्ति धारणा गरि भन्न लाग्यो । हे पापात्मा कुम्भकर्ण, तैले अनेक वानरलाई मारिदिईस्, अब तेरो अहंकार मैले मारिदिन्छु भनि एस् प्रकारले आज्ञा भयो र कुम्भकर्णका हृदयमा मुष्टिले प्रहार गरिदिया । ति हनुमानका वज्रसमान मुष्टिले प्रहार गरेर कुम्भकर्ण अचेष्ट भै पृथ्वीमा पडीरह्यो, मुहूर्त्त मात्रपछि चेष्टा भयेर कुम्भकर्णले पनि

जुरूक उठेर भन्न लाग्यो । हे मर्कटा अधम, धन्य २ तँ मजस्ता वीरछेउँ तैले ठुलो पराक्रम गरिस्, तँ जस्तिको वीर पृथ्वीमा पनि कोहि हुनैनन् भनि एस्ता प्रकारको कुम्भकर्णका वचन सुनि ताहाँ हनुमानले अत्यन्त क्रोध गरि भन्न लाग्यो । हे राक्षसाधम कुम्भकर्ण, तैले कपान मलाई उपहास गरिस् भनि म एस्तो वीर भैकन मेरा मुष्टि प्रहारले तेरो शरीर चूर्णीभूत भयो । धिक्कार मेरा पराक्रम भनि मेरो प्रहारले तिमिलाई यमद्वारमा पठाउन सकिन भनि एस् प्रकारले हनुमानले बोल्याको सुनि ताहाँ कुम्भकर्णले अत्यन्त क्रोध गरि रक्त नयन गरिकन हनुमानका दुवै गोडा दुवै हातले समाईकन आकाश तीन् फेरा घुमाईकन पृथ्वीमा पछान्यो, हनुमानले रक्त छादि मूर्छा भैरह्या । मुहूर्त्त मात्र तेस् प्रकारले रहिकन पछि चैतन्य भयो र जुरूक उठेर कुम्भकर्णका दुई गोडा दुई हातले समाईकन आकाशमा भ्रमण गरिकन पृथ्वीमा पछारिदिया । तेस् वेलामा हनुमान साक्षात् काल रुद्र जस्तो भैरह्या, मुहूर्त्त मात्र ताहाँ कुम्भकर्ण अचेष्टा भै रह्याको हेरिकन वाणले पृथ्वी कंपमान गराई नाद गर्‍या । आकाशमा रह्याका देवताले पनि हनुमानलाई पुष्पवृष्टि गरिदिया । ताहाँपछि कुम्भकर्णको चेष्टा भयो र चाँडै उठिकन महादीप्त कालदण्डसमान त्रिशूल घुमाई विद्युत् प्रकाश भया जस्तै पर्वताग्नि जस्तै रह्याका त्रिशूलले कुम्भकर्णले अत्यंत क्रोध गरिकन हनुमानलाई प्रहार गर्‍यो, ताहाँ हनुमान अचेष्टा भै पृथ्वीमा पल्टीरह्याका हेरि वानरहरू सबै भाग्या । एस् प्रकारले वानरहरू भागिगयाका हेरिकन, महाबलियो नील वानरले क्रोध गरिकन शैलशृंग लियेर अघिवाट दगुरिकन गया र कुम्भकर्णलाई प्रहार गर्‍या । तेस् कुम्भकर्णले पनि त्यो पर्वत आयाको हेरि मुष्टिले प्रहार गरि चूर्णभूत गरिदियो, आगा वलेर उडिगया । एस् प्रकारले कालांतक यम जस्तै रह्याका कुम्भकर्णले पराक्रम हेरिकन महावीर २ ऋषभ वानर, सरभ, अंगद, नील, गवाक्ष, यो पाँच जनाले क्रोध गरि अघिवाट दगुरिकन गये र शैलशृंग मुष्टिले प्रहार गरि वृक्षले नाना प्रकारले पर्वताकार शरीरमा प्रहार गर्‍या । यो प्रहारले कुम्भकर्णका शरीरमा केहि भयेन र यो हेरिकन कुम्भकर्णले पनि महा बलियो ऋषभ वानरलाई व्याप्त समातिकन काखिले साहै गरि चेपिराख्यो । एस्ता प्रकारले चेपिराखेर मुखवाट रक्त छोडेर पृथ्वीमा पल्टीरह्यो । ताहाँ पछि कुम्भकर्णले सरभ वानरलाई मुष्टिले प्रहार गर्‍यो, सरभ वानर पृथ्वीमा पल्टीरह्यो, नील वानरलाई हृदयमा प्रहार गर्‍यो । एस् प्रकारले कुम्भकर्णले सबै मुख्य वानरहरूलाई प्रहार गरेर व्यथाले पीडा भै रक्त छादि पाँचै जना पृथ्वीमा महा शोभायमान गरि पडिरह्या । एस् प्रकारले

मुख्य वानरहरूलाई जितिकन फेरि वानर सेनामा कुम्भकर्ण जाईनाग्यो, हातिलाई देख्योर सिंह गया जस्तो त्यस् वेलामा कुम्भकर्ण आयाको देखि वानरहरू पनि महावेगले गयो र कुम्भकर्णको शरीरमा चहिकन ती वानरहरूले कुम्भकर्णका शरीरमा मुष्टि दन्त नाना प्रकारले दाँतले टोकि नङ्ले कोरि एस् प्रकारले प्रहार गरिकन अनेक वानरहरूले घेरिरह्या। तेस् वेलामा कुम्भकर्णले सर्वाङ्ग शरीरमा वानरहरू व्याप्त भैरह्याका कुम्भकर्ण अत्यन्त शोभा भैरह्यो। तेस् वेलामा कुम्भकर्णले पनि वानरहरू आपना शरीरमा रह्याको हेरिकन महाक्रोधले वानरहरूलाई समाति पायो, गरुडले सर्प पाया जस्तो पायो। ती वानरहरू त्यस् प्रकारले पायो र पातालसमान वक्त्रले वानरहरू वाहिर निस्कि आया, कोहि दाँतले टोकि मऱ्या, फेरि हातले पसर २ ली पायो। तेस् प्रकारले तेस्ले पायाको वानरहरू पेटबाट कानबाट मुखबाट वाहिर निस्क्या, कोहि निस्कन सकेनन्, कोहि दाँतमा अड्किरह्या, कोहि नाभिबाट, कोहि हात गोडाबाट वाहिर निस्कि भाग्या। एस् प्रकारले महाशरीर कुम्भकर्णले वानरहरू पाईकन अत्यन्त क्रोध गरिकन पर्वतसमान देहले वारंवार चाँडै २ पायो, फेरि एस् कुम्भकर्णले फेरि पर्वत लियेर प्रहार गऱ्यो। त्यस्ता व्यथाले पीडा भयेर पर्वतसमान वानरहरू मारेर मांस रक्तले पृथ्वीमा महाउत्पातले व्याप्त भयो र कुम्भकर्णले एस् प्रकारले वानरहरू मारेर कालाग्नि जस्तो रह्यो। प्रलयकालका रुद्र रहनुभयाको जस्तो, वज्र इन्द्र जस्तै पाश लीरहन्या यमकिंकर जस्तै एस्ता समान कुम्भकर्णले यमदण्डसमान त्रिशूल लियेर अत्यन्त शोभायमान गरिरह्यो। एस्ता कुम्भकर्ण शुष्क वन अग्निले दग्ध गऱ्याजैं मान्यो र यी वानरहरू पनि भय त्रास मानि डराईकन महाशब्दले कराई श्रीरामचन्द्रमा ठाउँमा शरण गया, कसो भनि दैत्य लोकले देवलोकलाई जितिकन भगाईकन पठायेर देवलोकहरू श्रीनारायणका हजूरमा शरण गया जस्तो। एस् प्रकारले वानरहरू सबै श्रीरामका ठाउँमा शरण आयाका वानरलाई हेरिकन सुग्रीवले अत्यन्त क्रोध गरि एस् दुर्जय कुम्भकर्णका अग्रमा सन्मुख गरि चाँडै वृक्ष लियेर ति सुग्रीव कस्ता भन्या साक्षात् कालस्वरूप जस्तै सुग्रीवले महापर्वतायमान गरि कुम्भकर्णका अग्रमा गयेर वस्नुभयो। ताहाँ कुम्भकर्ण पनि सुग्रीव आपना मुख्यांजि आयाको हेरि महाक्रोधले रक्त नयन गरि रक्तले सर्वांग शरीरमा व्याप्तमान गराई वारंवार वानरहरूलाई पाईरहन्या कुंभकर्णलाई हेरि ताहाँ सुग्रीवले आज्ञा गर्नुभयो। हे कुंभकर्ण, तँ पापात्मालें अनेक वीर २ वानर सबै पाईकन मारिस् भनि एस्कारण तँकन यश कीर्ति भयो वानरहरू पाईकन बल पनि

भयो। अब तेरो बल सबै मैले शाल वृक्षले प्रहार गरि नासिदिन्छु, ताहाँपछि तेरो शरीरमा मेरा मुष्टिले प्रहार गरि चूर्ण गर्छु भनि एस् प्रकारले महाधीर्यवंत पराक्रमी सुग्रीवले एस प्रकारले बुझाउनुभयो र ताहाँ कुम्भकर्णले यो वचन सुनि भन्न लाग्यो, हे सुग्रीव, तुलो पराक्रमी तँ होस्, तैले योग्य कुरा गरिस्। हे सुग्रीव,तँ ब्रह्माको नाति मृग राजाका स्रीवाट जात हुन्या सूर्यका पुत्र अनेक शास्त्र पुरुषार्थले पनि संयुक्त एस्ता सत् ज्ञानले क्यान अहंकारले कुरा गरिस, पराक्रम गरिकन मलाई त्यो वृक्षले प्रहार गर्नु छैन कि अहंकारले मात्र क्यान कुरा गरिस् ! पराक्रम गरि मलाई शाल वृक्षले निश्चिन्त गरि प्रहार गर क्यान गुमानले मात्र कुरा गरिस्, संग्राममा अहंकार गर्न्या कातर पो हो। हे सुग्रीव, मैले तँलाई नमार्दैमा तैले मलाई प्रहार गर्न्या ताहाँपछि तेरो प्रहार हेरि मैले तँलाई चूर्ण गरि यमद्वार पठाउँला भनि एस् प्रकारले कुम्भकर्णले बोल्याको वचन सुनि महाबलियो सुग्रीवले अत्यन्त क्रोध गरिकन कुम्भकर्णको हृदयमा शाल वृक्षले प्रहार गर्‍यो। एस् प्रकारले प्रहार गर्‍यो र शालवृक्ष भग्न भयाको एस्तो कुम्भकर्णलाई केहि भयाको छैन। यो हेरिकन वानरहरू सबैले नाद गर्‍या यो दुवै पक्षले नाद गर्‍याका शब्दले पृथ्वीमा पनि कम्पमान भयो। ताहाँपछि कुम्भकर्णको केहि व्यथा भयेन, एस्तो हेरिकन सुग्रीवले फेरि वृक्षले संयुक्त पर्वत उपेलिकन लियेर कुम्भकर्णलाई प्रहार गर्‍या। त्यो पर्वत आयाको हेरि। कुम्भकर्णले आकाशमा त्रिशूलले प्रहार गरि चूर्ण गरिदियो। एस् प्रकारले आफु छेउँ प्रहार गर्‍याको हेरिकन सुग्रीवलाई उपहास्य गरि कुम्भकर्णले पनि अत्यन्त क्रोधले रक्तनयन गरि कालान्तक समान त्रिशूलले सुग्रीवलाई प्रहार गर्‍या। त्यो त्रिशूल आयाको हेरिकन महातेजस्वी सूर्यपुत्र सुग्रीवले पनि आकाश माथि दगुरिकन जानुभयो र यो कालसमान त्रिशूल लियेर समाई घुँडामा राखि भाँचिदिया। त्यो त्रिशूल सुग्रीवले भाँचिदियाको हेरिकन भागि गैरह्याको वानरहरू सबै फिरि आयो। सबैले नाद गरिदिया, देवलोकले पनि धन्य २ सुग्रीव भनि पारिजात पुष्प वृष्टि गरिदिया। एस् प्रकारले एस् कुम्भकर्णको हज्जार भार एक भारको प्रमाण धार्नि ४१ म ४ एस्ता भार १ ले बनाईराख्याको त्रिशूल सुग्रीवले भाँचिदियाको हेरिकन महाबलियो अग्निसमान कुंभकर्णले अत्यन्त क्रोध गरि अचल मृक्षपर्वत लियेर सुग्रीवलाई प्रहार गर्‍या। त्यो पर्वत लागिकन सुग्रीव अचेष्टा भै पृथ्वीमा परिरह्या। ति सुग्रीव अचेष्टा भै रह्याको हेरि कुंभकर्णले महाशब्दले हास्य गरि नाद गर्‍यो। कुंभकर्णले नाद गर्‍याको शब्दले सुग्रीवको चेष्टा भयेर जुरुक उठिकन अत्यन्त क्रोध गरि कालझ सुग्रीवले पनि आफ्नु शरीर सानु भैकन

कुंभकर्णका ध्वजामा वस्न गया। एस् प्रकारले ध्वजामा बसिकन महाशब्दले नाद गरि कुंभकर्णका शरीरमा बसिकन मुष्टिले प्रहार गऱ्या। एस् प्रकारले नाना तरह गर्नुभयो र ताहाँ वानरहरू सबैले नाद गऱ्या। फेरि सुग्रीव ध्वजामा वस्नु गयाको हेरि कुंभकर्णले पनि महा क्रोधले रक्तनयन गरि हेरिकन सुग्रीवलाई समातिकन भूमिमा पछाऱ्यो तेस् कुंभकर्णले पछाडेर सुग्रीव अचेष्टा भैरह्या। ताहाँपछि कालज्ञ सुग्रीवको चेष्टा भयेर हतूपतै उठ्नु भयेर ठुलो पर्वत लियेर प्रहार गर्नुभयो। त्यो पर्वत आयाको हेरि ताहाँ कुम्भकर्ण पनि चाँडै रथबाट वर्हिवरयो, त्यो पर्वत लागि रथ चूर्ण भयो। एस् प्रकारले आपना रथ चूर्ण गरिदियाको हेरिकन कालपुरुष जस्तै रह्याका अग्निसमान कुम्भकर्णले प्रलयकालका मेघले गर्ज्याका जस्तै नाद गरिकन सुग्रीवका हृदयमा मुष्टिले प्रहार गरिदियो। एस् मुष्टिका प्रहारले रक्त छादि सुग्रीव पृथ्वीमा अचेष्टा भै परिरह्या। तेस् प्रकारले सुग्रीवले अचेष्टा भैरह्याको हेरि सबै राक्षसहरूले महाशब्द गरि कराया नाद गऱ्या, त्यो हेरिकन वानरहरू सबै भाग्या। ताहाँपछि सुग्रीवका चेष्टा भयेर चाँडै उठिकन महाबलिया सुग्रीवले पनि अग्निका जस्तो तेज निकासिकन महाक्रोधले कुंभकर्णको दुवै गोडा समातिकन आकाशमा घुमाईकन सप्तपातालमा पुऱ्याया जस्तो गरि पृथ्वीमा पछाडिदिया तेस्वेलामा कुम्भकर्णले पनि सुग्रीवले पछाऱ्याको चोटले नवैद्वार बाट रक्त छादिकन अचेष्टा भै रह्या। एस् प्रकारले पृथ्वी कम्पायमान गराई हर्षले बडो शब्द गऱ्या, देवलोकहरूले पनि दुन्दुभि वाद्य बजाईकन सुग्रीवलाई पुष्पवृष्टिकन गऱ्या, जो भयाका राक्षसहरू पनि भागिगया। ताहाँपछि कुंभकर्णले पनि चेष्टा पायो र अग्नि ज्वाला जस्तो क्रोध गरिकन सुग्रीवका दुवै गोडा समाति आकाशमा भ्रमण गराईकन पृथ्वी पनि दोलायमान गरि पछाडिदियो भूमिमा सुताईदियो र सुग्रीवकन रक्तले व्याप्त भैकन अचेष्टा भै रह्यो। ताहाँ कुंभकर्णले पनि महाहर्षमान गरिकन फेरि दगुरि आयेर सुग्रीवलाई बोकिकन एस्तो जो पर्वताकार जस्तो आकार गऱ्याको शरीर कुम्भकर्णले बोक्याको देखि अत्यन्त शोभायमान भैरह्यो। सुमेरु पर्वत जस्तो शरीर कुम्भकर्णले बोकि लैगयाको देखि देवलोक पनि आफु २ कुरा गर्न लाग्या, अब महाअनर्थ भयो भनि भन्नलाग्या, राक्षसहरू पनि स्तुति गर्न लाग्या, धन्य २ कुम्भकर्ण भनि जय बांछा गरिकन बडो शब्द गरि कराईकन लंकातिर फिऱ्या। तेस्ता बेलामा कुंभकर्णका मनमा चिताउन लाग्यो, यो पापिष्ठ वानरको राजा मेरा हातबाट मारिदिन्छु, यो मऱ्यापछि अरू वानर पनि मऱ्याई जस्ता भया, राम लक्ष्मण पनि मरै दाखिल भया अब क्या गर्न सक्न्याछन् भनि कुम्भकर्णले पनि एस्ता प्रकारले मनमा चिताउन लाग्यो, महोत्साह हर्षमान गरिकन गयो।

ताहाँपछि वानरहरू सबै सुग्रीवलाई लैगयाको देखि राम आदि वानरले मनमा बहुतै सुर्ता मानि हाहाकार गर्नलाग्या । अब कसो गरौं वानर सबै भागिगया, आफु रामचन्द्र भया पनि मनमा त्रास मानिकन विन्ति गर्दाभया, हे रघुनाथ, अब कसो गरौं महाकष्ट भयो ! एस् पापिष्ठ कुम्भकर्णले महापराक्रमी सुग्रीवलाई अचेष्टा गराईकन केवल मरै दाखिल गराई लैगयो, हा हा ! अब क्या उपाय गरौं ! तेस्ता सुग्रीवकन लै गयाको मैले कसो गरि हेरिरहौं। ति सुग्रीव कस्ता हुन् भन्या चार मन्त्रिमा पनि मलाई श्रेष्ठ गरि राखिन्या मजस्ता वीरले इन्को मन्त्री कहलाईकन ईन्को निमित्त मेरो जीवको माया राखनु धिक्कार हो, अब एस्तो गरिरह्याले हुन्याछैन । यो पापिष्ठ त्रैलोक्यको कंटक भै रह्याको, त्यस्कन मारि सुग्रीवको उद्धार गरि ल्याउँला । हे परमेश्वर, रामचन्द्रको ति वीरले पनि गर्न नशक्याको पराक्रम मैले गरि देखाउँछु, मैले पराक्रम गऱ्यापछि त्रैलोक्यमा पनि मेरो समान पराक्रम भयाको कोहि हुन्नैन, आज मैले सुमेरु पर्वतसमान शरीर भयाको कुम्भकर्णलाई मेरो वज्रसमानका मुष्टिले प्रहार गरिकन मारूँला, सुग्रीवलाई पनि फिराईल्याउँला, देवलोकका शत्रु भयाका कंटक, हरूको पनि नाश गरूँला, वानरका राजा भैरह्याका सुग्रीवका मुक्ति गराईकन सबै वानर-हरूकन हर्षमान गराउँला अथवा सुग्रीव भया पनि बडा वीर पर्वतसमान मुष्टिले प्रहार गरि-कन अचेष्टा भै रह्याका फेरि तिनको चेष्टा विउँझयापछि आफनै पराक्रम गरि आउँछन्, कि तेस् शत्रुका हातमा परिकन तिन्को चेष्टा फिर्न्याको छैन, सचेत भयापछि अवश्य आइन्याछ । ति सुग्रीव कस्ता छन् भन्या पराक्रमले पनि कालरुद्रसमान भयाका, देव गन्धर्व नाग यक्ष किन्नरहरूले पक्रिराख्याको भया पनि तिन्का मुष्टिले प्रहार गरिकन फर्कि आउनाको सामर्थ भयाको, अब आफ्नु लस्कर वानरहरू समझिकन शत्रुलाई मारि फर्कि आउन्याछन् । हे श्रीरामचन्द्र, मैले कुम्भकर्णलाई मारिकन, सुग्रीवलाई मुक्त गरि ल्याया सुग्रीवलाई पनि अपकृति होला लोकले पनि हास्य गर्नान्, सुग्रीवको कीर्ति नाश गर्नु छैन, एस्कारण मैले महातेजस्वी भैरह्याका हनुमान नि आफु वसिकन आज्ञा गर्दछन् । हे वानरहो, पर्व २ तिमिहरू कयान भागि जान पोइदछौ, भागि गया पनि एकवार मर्नै पर्न्याछ भनि नाना प्रकार-ले सबै वानरहरूलाई बाटुल्या गरि कष्टका वचन कह्या र वानरहरू पनि हनुमानका वचन सुनिकन हो भनि मनमा चिताईकन शैलशृंग पाषाण लिकन महाधीर्य भै ठानामा वसिकन नाकले श्वास फेराया जै निश्वास भै मूर्ति जस्तो गरि वसिरह्या । ताहाँपछि त्यो पापिष्ठ कुम्भकर्णले सुग्रीवलाई लैगयाको हेरिरह्या । कुम्भकर्ण पनि कस्तो भन्या पर्वताकार

शरीर भयाको सुग्रीवलाई काँधमा लीकन महाउत्साह शब्दले नाना वाद्य बजाईकन राक्षसहरू सबै हर्षमानले पृथ्वी पनि कंपमान गराई बडो शब्दले कराईकन लंका ढोकाभित्र गया। तेस्ता समयमा लंकाका जो स्त्रीहरू पनि आपना २ घरका ढोकामा बसि पर्खालमा बसि कुम्भकर्णलाई नाना सुगन्धको फुलका मालालाई दिया, पुष्पवृष्टि गर्न लाग्या, अनेक राक्षसहरूले मंगल वाद्य बजाई नाना तरहका वाद्य बजाईकन हर्षको शब्द गरि जाँदा सुग्रीवको सचेत भैकन हेर्‍या। आफु शत्रुका हातमा पर्‍याको देखि मनमा चिताउन लाग्या, तेस्ता समयमा राजमार्गमा पुग्यो र अब कसो गरौं भनि बारंबार चिताउन लाग्या। तेस्ता समयमा अब यो पापिष्ठ कुम्भकर्णका हातबाट कौना प्रकारले निस्कि जाउँ शत्रुका हात रहनुपर्‍यापछि जिउनाको क्या प्रयोजन छ। म जस्तो वीर भैकन शत्रुका वशमा रहनु धिक्कार हो अब एस्तो गरि बस्याले हुन्या छैन। एस्का हातबाट निस्कि गयापछि श्रीराम प्रभृति वानरहरू हर्षमान हुन्याछन् भैले, पराक्रम देपाउन्या पनि एस्तै वेलामा हो। ति महापराक्रमी सुग्रीव पनि कुम्भकर्णका हातदेखि अलिकफुस्किकन मस्तकमा मुष्टिले प्रहार गर्‍या। ताहाँपछि कुम्भकर्णले पनि सो व्यथा हेरिकन सुग्रीवलाई समातिकन पछार्‍यो, पृथ्वीमा लोटाईकन हातले दल्न लाग्यो। तेस् समयमा ति बडा पराक्रमी सुग्रीव उठीकन पापिष्ठ कुम्भकर्णका कान पनि च्यातिदिया, कोषामा पनि सबै च्यातिदिया। तेस्तो गर्‍यापछि ति कुम्भकर्णले पनि रीसले अत्यन्त क्रोध गरिकन फेरि सुग्रीवकाई पृथ्वीमा लोटाईकन दल्न लाग्यो। ताहाँपछि ति महाबलिया सुग्रीव पनि अलिक घुसिगया र कुदीगया र श्रीरामचन्द्रका अगाडि आईपुग्या। ति महाबलिया सुग्रीवले पनि पर्वताकार कुम्भकर्णको कान नाक श्रीरामचन्द्रका अगाडि राखिकन दंडवत् गरि हात जोरिकन बसि रह्या। श्रीरामचन्द्रले पनि सुग्रीवका पराक्रम देखि बहुतै हर्षमान गर्‍या, कुम्भकर्णको नाक कान देखि खुसि भैकन सुग्रीवलाई अंकमाल गर्‍या, धन्य २ स्यावास् भनि हनुमान प्रभृति सबै वानरले पर्वत समानको नाक कान देखि पृथ्वी पनि कम्पमान गरि शब्द गर्न लाग्या। सुग्रीवलाई पनि अनेक तरहसित पूजा मान्य गरि धन्ये २ सुग्रीव भनि एस्ता प्रकारले हर्षमान गरिरह्या। ताहाँपछि पापिष्ठ कुम्भकर्णले नाक कान नभैकन रक्त धारा बहाईकन आया, जस्तै गरि पर्वतबाट जलधारा निस्क्याको शोभायमान हुन्छ तस्तै गरि तेस्का शरीरमा रक्तबहाई शोभायमान देखियो तेस्ता प्रकारले सुग्रीवले त्यसो गरि आयाको कुम्भकर्णका मनमा चिताउन लाग्यो, अब कसो गरौं नाक कान नभयापछि दाज्यु रावणलाई कसो गरि मुख देपाउन जाउँ! मजस्तो वीर भैकन मर्कट जातले कुम्भकर्णको नाक कान

काटि लैगयो भनाई माग्यापछि मैले जिउनाको क्या प्रयोजन छ, एस्तो शास्ति लज्जा कसो गरि सहिरहुँ भनि एस्तो प्रकारले मनमा चिताईकन ताहाँपछि फेरि वानरका ठाउतिर हेरिकन जाँदो भयो। राम प्रभृति वानर सबै भस्मभूत गरि मैले मारूँला भनि एस् प्रकारले चिंतना गरिकन नाक कान नभयाको कुम्भकर्णले लाल २ नेत्र गरि केवल अग्निकै क्रोध गरि पृथ्वी पनि कम्पायमान गरि वानरका बीचमा जाई लाग्यो। त्यो कस्तो भन्या जस्तै हातिका फौजमा सिंह जाईपर्छ। कालसमानको कुम्भकर्णका मुखबाट रक्तधारा बहाईकन जसलाई पायो तसै वानरलाई खान लाग्यो। दावाग्निले जस्तै गै वन दग्ध गर्छ तस्तै गरि वानरलाई खाई माऱ्यो, असंख्य वानरहरू पायो। तस्ता समयमा त्यो कुम्भकर्ण महादीक्षाकारले जाज्वल्यमान भैरह्यो। ताहाँपछि कुम्भकर्णले असंख्य वानरहरू पायाको देखि जति भयाका वानर सबले बडो त्रास मानीकन, श्रीरामचन्द्रका शरणमा जाँदा भया। ताहाँपछि श्रीरामले पनि वानरहरू सबै आफ्ना शरणमा अयाको देखि महाक्रोध गरिकन वायुकि समान धनुष उकालिकन टंकार शब्द दिन लाग्या। ताहाँपछि एका हातमा शर लीकन, आज्ञा गर्दा भया। हे वानरहो, तिमिहरूले डराउनुपर्दैन भनि। जोतेस्वि राचन्द्र थिया वानरहरू सबै वरिपरि राखि आफु माझमा वस्ता भया। तस्ता समयमा त्यो पापिष्ठ कुम्भकर्णले जति वानर पायो तेति खाईकन हाती हिंड्याजैं हिंड्न लाग्यो। रक्तले सबै शरीरमा व्याप्तमान गरिकन मुखबाट रक्त बहाई जस्तै गरि मेघ धारा वर्सन्छ तस्तै गरि बहन्थ्यो केवल कालान्तकको यमतुल्य भयाको प्रलयकालका रुद्र जस्तो कस्तो भन्या पर्वताकार शरीर भयाको कुम्भकर्णले जति पायाका वानर पायाको देखि सर्वव्यापी श्रीरामचन्द्रले मेघ गर्ज्याको जस्तो गरि धनुको टंकार शब्द गर्नुभयो र एस् टंकारका घोष शब्द सुनिकन कुम्भकर्णले अत्यन्त क्रोध गरि रक्त नयनले रामतिर हेरि दगुर्दै गयो। कस्तो गरि भन्या केवल बलिरह्याका अग्नि देखि जस्तै गरि कीट पतंग आईकन पर्छन् तेस्तै गरि कुम्भकर्ण रामचन्द्रतिर आईपऱ्यो। तेस्ता समयमा धनु लियेर कानसम्म झिकिकन कुम्भकर्णमाथि प्रहार गर्दा भया, फेरि बारंबार धेरै सम्म अस्त्रले हान्या र कुम्भकर्णले पनि लक्ष्मणतिर छाडिकन रामतिर जाईपऱ्यो। त्यो कुम्भकर्ण कस्तो भन्या पर्वतसमानको शरीर वासुकिसमान हात भयाको वायुले उडाई ल्याया को मेघ जस्तो गरि आउँछ तेस्तै गरि पृथ्वीमा पनि कंपायमान गरिकन आयो तेस्लाई देखि श्रीरामचन्द्र आज्ञा मर्दा भया। हे कुम्भकर्ण, नजिकै गरिआ भनि आज्ञा गऱ्या, आज तँसित युद्ध गर्छु भनि धनुर्बाण लीकन तयार भैरह्याछु, तँ पापिष्ठ आज मेरा हातमा परिस्, अब तँलाई मारिकन

यसहार पुऱ्याउँछु । एस् प्रकारका रामका वचन सुनिकन कुम्भकर्णका मनमा राम भन्याका त इनै रहाछन् भनि (श्रीमहादेवले) श्रीरामचन्द्रका मुख हेरिकन हास्य गर्न लाग्यो । त्यो कुम्भकर्णले अट्टाट्टहासले वडो शब्द गरि हाँस्याको सुनि वानरहरू सवैले डराउन लाग्या एस् प्रकारले मेघ गर्ज्या जस्तो गरिकन हास्य गर्न लाग्यो । कुम्भकर्ण भन्छ, हे राम, तिमिले मेरो मुख हेरि हास्य गरिउ कि विरोध राक्षस जस्तो भयाको छैन । कवन्ध पनि म होईन तेस् वेलामा तिमिले माऱ्याको खरदूषण त्रिशिला सो पनि म हाईन । तम्रा चित्तमा कया देख्यौ, मारीच दैत्य पनि म होइन, म कुम्भकर्ण पो हुँ कसो जान्दौन । हे राम, तिमि एस्ता गुमानका कुरा कयान गर्छौ, यो मुद्गर देख्छौ कि देख्दौन ! तिमि आदि गरिकन मैले रक्तपान गरौंला यो मुद्गर देखि इन्द्रादि देवता जत्ति भयाका देवदानव सवैकन मैले जित्याको छ । सृष्टिका कर्ता जो ब्राह्मणको उ नाति हुँ । हे राम, मेरा नाक नभयाको देखि मेरो हास्य गऱ्यौ नाक कान नभयाको व्ययाले व्याप्त भयाको यो कातर होला भनि मनमा ठान्नु पर्दैन । हे राम, आजको दिनमा मेरा पराक्रमले तिमिजस्ता कंटक मारिकन निष्कलंक गऱ्यापछि तव रावणलाई निद्रा आउन्या गरौंला सवै राक्षसलाई निर्भय गरौंला । हे राम, हेर्दै कुरा गरि कया पुग्छ तिम्रो सवै वलले संयुक्त गरि मेरा शरीरमा चाँडै वाण प्रहार गर, तम्रो प्रहार गऱ्याको तम्रो पराक्रम हेरि तव तिमिलाई मारौंला । अघि तिमिले माऱ्यापछि मेरा अपकीर्ति होला एस् निमित्तले अघि तिमिलाई मार्दिन भनि एस् प्रकारले महा दीप्ताकार देह कुम्भकर्णका वचन सुनि क्रोधले संयुक्त भै वज्रसमान सुवर्णका वचन सुनि क्रोधले संयुक्त भै वज्रसमान सुवर्णपंखयुक्त भयाको वाणले कुम्भकर्णका शरीरमा श्रीरामले प्रहार गर्दा भया । त्यो वाण लागिकन पनि कुम्भकर्णलाई केहि भयन याद पनि गरेन । श्रीरामचन्द्रका वाण कस्तो हो भन्या एकवटा वाणले सप्तपाताल पनि कुंभकर्णका शरीरमा केहि नभयाको देखि रामचन्द्रका मनमा अत्यन्त क्रोध गरि फेरि कुंभकर्णमाथि शरवृष्टि गर्दा भया । कुंभकर्णले पनि जो रामले गऱ्याको कुरा शर दृष्टि सवै आकाशैमा मुद्गरले हानि व्यर्थ गराई पृथ्वीमा पतित गराई दिया । त्यो मुद्गर कस्तो भन्या शत्रुको रक्त चाईकन तृप्त भयाको शत्रुलाई महात्रासकन दी रहन्या एस्तो मुद्गर कुंभकर्णले लीकन महाक्रोधले रक्त नयन गरि पृथ्वी पनि कम्पमान गराई नाद गर्न लाग्यो मुद्गर घुमाउन लाग्यो । कुंभकर्णले तेस्तो गऱ्याको देखि राम प्रभृति वानरहरू सवै त्रासमान भया । ताहाँपछि महावलियो कंभकर्ण वस्याको देखि श्रीरामचन्द्रले पनि रक्तनयन गरिकन

दिव्यास्त्र लिकन मन्त्र गरिकन कुंभकर्णका हृदयमा ताकिकन प्रहार गऱ्या। तेस्ता वेलामा त्यो वाण कुंभकर्णलाई लाग्येर कुंभकर्णका हृदय शरीरबाट अग्नि निस्क्यो। त्यो वाणका व्यथाले मुद्गर छोडिकन कुंभकर्ण अचेत्ता भयो र फेरि त्यो कुंभकर्ण सचेत भयो, मुद्गर ताँहि छोडिकन मुष्टि युद्ध गर्नु लाग्यो, फेरि छातले हानि युद्ध गर्न लाग्यो। रामले पनि कुंभकर्णका शरीरमा अनेक वाण प्रहार गर्दा रक्तधारा वहन लाग्यो, आफ्ना शरीरदेखि रक्तधारा वहाको हेरि कुंभकर्ण पनि अत्यन्त क्रोध गरिकन अघिबाट फेला पऱ्याको वानर पनि राक्षस पनि जस्तालाई पायो तेसैलाईकन युद्ध गर्न लाग्यो। त्यो कुंभकर्णले त्यसो गऱ्याको देखि परसेनाको मर्दन गऱ्यो एस्ता जो लक्ष्मण रामचन्द्रछेउँ विंति गर्दछन्, हे भ्राता रामचन्द्र, पापिष्ठ कुंभकर्ण मार्नालाई उपाय चिन्तना गर्नुहुन्छ, त्यो कुंभकर्ण अचेत भै युद्ध गर्न लाग्यो। आज एस् पापात्मा कुंभकर्णलाई कालले मृत्यु गराउनकन फर्काई ल्यायो। हे वानरहो, एस् राक्षसलाई तिमिहरू सबैजना भैकन मार्नाको उपाय गर, एस् पापिष्ठका शरीरमा तिमिहरू सबैजना वेष्ठित भैकन सक्या २ को पराक्रम गर। तेस् युद्धमा वीरहरू सबै त्यस्का समीपमा जाईकन वसिरहु, तेस्को चेत हरायो तेस्ता प्रकारले महा-महावलिया भयाका लक्ष्मणले वानरहेरूकन आज्ञा गऱ्या र वानरहेरूले पनि लक्ष्मणको आज्ञा मानीकन कुंभकर्णमा शरीरमा वेष्ठित गऱ्या। कत्तिले हाथ गोडा समातिकन भूमिमा राखिकन सबैले थिचिकन राख्या। ताहाँपछि गय गवाक्ष गवय नील जाम्बुवाण वानर हनुमान कुमुद सुषेण एस्ता २ वीर भै रह्याका वानर सबै पर्वताकार देह भयाको कुंभकर्णको शरीरमा चढन लाग्या, कस्तो गरिकन भन्या पर्वतमा सल्ह वस्या जैं जस्तै आफ्ना शरीरमा वानरहरू वस्याको देखि कालसमानको कुंभकर्णले पनि अत्यन्त क्रोध भैकन आँग पछिकन सबै वानरहरूकन पछाडिदिया। कस्तो गरि भन्या हाति रीसायामा माउतलाई पसाल्दछ तस्तै गरि वानर सबैलाई पसालिदियो, कत्तिलाई चाईदियो कतिलाई मिचिकन माऱ्यो, कत्तिलाई कुल्चिकन माऱ्यो। एस् पापिष्ठ कुम्भकर्णको पराक्रम देखिकन केवल प्रलय कालको अग्निसमान भैरह्याका रामचन्द्रले पनि अत्यन्त क्रोध गरिकन वज्रसमानको दिव्यास्त्र लीकन कुम्भकर्णका उपर प्रहार गर्दा भया, वासुकि समानका हात मुद्गर छेदनसहित गरि पृथ्वीमा पतित गराईदिया, तेसै हातले थिचीकन देर्रे राक्षसलाई इत्यादि वानरहरू माऱ्या। एस्ता प्रकारले गरिकन रामचन्द्रले कुंभकर्णको वाहु छेदन गरि पृथ्वी कंपमान गरिकन उत्साह वडा शब्द गऱ्या। ताहाँपछि कुंभकर्णका शरीरले मिचिन लाग्यो र भयले वानरहरू सबै भागि गया राम नजीकमा जाई वसिरह्या, केन भन्या एस्

कुम्भकर्णले कुलचिकन दाँतले पाईकन मार्ला भनि बढो वृक्ष उपेलिकन अनेक वानरहरूलाई मिचिकन मारिदियो । ति वानर मान्याको देखि हेरिकन रामचन्द्रले पनि इन्द्रास्त्र मन्याको लीकन कानसम्म खैचिकन प्रहार गऱ्या र अर्को हात पनि काटिदिया, पृथ्वीमा पतन गरिदिया । जस्तो गरि पर्वतको टापु भत्किकन भूमिमा पर्छ तस्तै गरि कुम्भकर्णको हात भूमिमा गाडा भया, देखे वानर राक्षसहरूलाई लागेर चूर्ण मै मऱ्या । तेस् कुम्भकर्णका दुई हात काटिकन राख्याको देखि वानरहरू सबै हर्षमान गरि कराउन लाग्या । हे वानरहो, तिमिले कराया को सुनिकन दुवै बाहु नभया को कुम्भकर्ण अत्यन्त अग्नि बल्या जस्तो क्रोध गरिकन अनेक वानरहरूलाई कुलचिकन हातले हानिकन धेरै मारिदियो । तेस्ता तरहले वानर मान्याको देखिकन रीसले रक्त नयन गरि अर्द्धचन्द्रबाण दुईवटा झिकिकन हान्या र कुम्भकर्णका दुईगोटा गोडा छेदन गरिदिया । कस्तो गरि भन्या इन्द्रले वज्र प्रहार गरिकन जस्तै गरि पर्वतका पखेटा काटिदिया तस्तै गरि रामचन्द्रका बाणले त्यो पापिष्ठ कुम्भकर्ण त्रैलोक्यको कंटक भैरह्याको तेस्को हात गोडा सबै काटिकन पृथ्वीमा लडाईराख्या । त्यो पापिष्ठ कुंभकर्ण भूमिमा पर्दिखेरि पृथ्वी पनि सप्तपातालमा पुग्यो भन्या जस्तो कल्लोल भैरह्यो । रामले एस्तो प्रकार गऱ्याको देखिकन वानरहरू पनि सबैले तमासा हेरि बसिरह्या, तस्तो भयापछि कुम्भकर्ण पनि अत्यन्त क्रोधले महाशब्दले गरिकन रोई वानर सेना आदि रामचन्द्रसमेत गरि एकै ग्रास गरौंला भनिकन आई लाग्यो कस्तो गरि भन्या चन्द्र सूर्यकन राहुले ग्रास गरौंला भनि गयाजै गरि आयो र रामचन्द्रले पनि कुम्भकर्णका मुखमा तीक्ष्ण २ बाणले हान्न लाग्या, अनेक बाणले लागिकन पनि कुंभकर्णका मुखमा व्याप्त भैरह्यो फेरि त्यो कुंभकर्णले पनि हात गोडा नभैकन पृथ्वीमा बसिकन लड्न लाग्यो, महाघोर शब्द गरिकन पृथ्वी कंपायमान गराउन लाग्यो । त्यो देखिकन सर्वात्मा पुरुष श्रीरामचन्द्रले पनि कुंभकर्ण मार्नानिमित्त दिव्यास्त्र छिया । त्यो दिव्यास्त्र कस्तो भन्या इन्द्रको प्रिय बाण जस्तो कसैले पनि यात्नु नसक्न्या महाबलियो शत्रुलाई भय दिन्या ज्ञानीलाई आनन्द गराउन्या एस्तो बाण झिकिकन रामचन्द्रले प्रहार गऱ्या । त्यो बाण कस्तो गरि गयो भन्या अग्निझ गयेर कुंभकर्णका हृदयमा बसि रक्तपान गरिकन फर्कि गयो । एस्तो प्रकारले त्यो बाण रामका ठोक्राभित्र आई पस्यो, फेरि दिव्यास्त्र धनुमा जोरि बसिरह्या, त्यो दिव्यास्त्र कस्तो भन्या इन्द्रादि देवताले पनि पूजा गरिराख्याको कालतुल्य भैरह्याको मणिमाणिक जडिराख्याको चित्र-विचित्र गरिराख्याको सूर्यका जस्तो तेज अग्नि समानको बल इन्द्रका वज्र जस्तो महादेवको पाशुपतास्त्र जस्तो एस्तो बाण धनुषका ताँदामा

जोरिकन कानसम्म खैचिकन प्रहार गर्दा भया । त्यो बाण कस्ता प्रकारले गयो भन्या सूर्यप्रकाश भयाजैं इन्द्रको वज्र गयाजैं त्रैलोक्य कम्पमान गरिकन पर्वत वस्याझैं वस्याको कुम्भकर्ण अनेक शस्त्र लागीकन पनि क्षुधाले पीडित गरि युद्ध गर्न असामर्थ भैरह्याको एस्तो त्रैलोक्यको दुरात्मा कुम्भकर्णकन तेजस्वी रामका बाणले कुण्डल आदि मस्तक छेदन पारिदिया । अघि पराधूर्वका समयमा इन्द्रका वज्रले हानि वित्तासुरको मस्तक फोन्याझैं गरि एस्ता प्रकारले कुम्भकर्णको पर्वत समानको शरीरले मिचिकन लंकाका ढोकामा वस्याका गदभित्र वस्याका कोहि पर्खालमा वस्याका राक्षसहरू सबै चूर्ण भया । एस्को शिर पृथ्वीमा परि लंका पनि कम्पमान भयो र लंकाका ढोका पनि थुनिदियो, तेस् पापात्मा शरीरले मिचिकन दुई हजार वानर पनि मृत्यु भया। एस्ता प्रकारले कुम्भकर्णले अखिल समुद्र पनि पायो र समुद्र पनि कल्लोल भैरह्यो, जलजन्तु पनि डरले त्रास मानिकन भागिगया । तेस् प्रकारले कुम्भकर्ण पृथ्वीमा लोटि मृत्यु भयाका देखि राक्षसहरू पनि डरले बडो त्रास मानिकन अघोर शब्दले कराईकन दश दिशातिर भागन लाग्या कोहि राक्षस मच्छन् अब रावण रहन्याछैनन् । आपना पान्या-पिन्या काम गरौं भनि एस् प्रकारले हाहाकार गरि हिंड्या । त्यो पापिष्ठ त्रैलोक्यको शत्रु कुम्भकर्ण मार्न्या श्रीरामचन्द्रको पराक्रम देखि आकाशमा वस्याका इन्द्रादि देवताहरू सबै खुसि हर्षमान भै दुन्दुभि वाद्य बजाइकन गन्धर्वहरू पनि कोहि नाचन्या कोहि गीत गाउन्या सिद्ध चारण पनि स्तुति गर्न लाग्या, धन्य २ रामचन्द्र भनि रामचन्द्रका यश कीर्ति वर्णन गर्न लाग्या । सर्वव्यापी श्रीरामचन्द्रले कुम्भकर्णको शरीर काटिदियाको देखि वानरहरू पनि सबै पृथ्वी कम्पमान गरि शब्द गरि धन्य २ रामचन्द्र भनि सुग्रीव इत्यादि सबै वानरहरूले रामचन्द्रलाई सोपचारले पूजा स्तुति गर्नकन लाग्या । हे परमेश्वर श्रीरामचन्द्र, तिमि कस्ता भन्या देवताहरूले पनि पूजामान गरि राख्याका सर्वत्रमा आत्मा पुरुष भै विराजमान भयाका एस्ता पुरुष तिमिकन हामि सबै कोटि २ नमस्कार । हे रघुनाथ, तिम्रा शरीरभित्र ब्रह्माण्ड रह्याको छ । फेरि कस्ता भन्या यौटा मूर्तिले तीन मूर्ति प्रयास गरि सृष्टि रक्षा गरि विराजमान गरिरह्याका तिम्रा चरणकमलमा कोटि २ नमस्कार । हे परमेश्वर रामचन्द्र, तिम्रा बलको पनि केहि पाराबार छैन, पापिष्ठ कुम्भकर्ण मारिकन त्रैलोक्यको दुःखकन नाश गरि विराजमान भयाको हे रामचंद्र, हामिले तिम्रा वर्णन गरि सक्नु छैन, चतुर्मुख ब्रह्माले पनि तपास्विका चरणको वरनाउन गर्न सकेनन् भनि एस् प्रकारले सुग्रीव आदि वानरहरूले पूजा स्तुति गर्न्याको देखि श्रीराम-चन्द्र पनि सुग्रीवले स्तुति गर्न्याको सुनि परमात्मा पुषि भैकन विराजमान भयाका

थिया । ति राम कस्ता भन्या एस्ता एस् त्रैलोक्यमा कसैले जितन नशक्याका संग्राममा महापराक्रमी भै रह्याका कुम्भकर्ण मारि आनन्दले विराजमान भयाका कस्ता भन्या इन्द्रले वृत्तासुर मारिकन आनन्द गरि बस्या जस्तो एस्ता प्रकारले विराजमान भयाका बेलामा स्वर्गमा बस्याका देव गन्धर्व सुरासुर नाग यक्ष ऋषि लोकहरू वासुकि किन्नर अप्सरा सिद्धि चारणादि सबैजना रामचन्द्रले पापिष्ठ कुम्भकर्ण मार्‍याको देखि हर्षले युक्त भयाको देखि पुष्पवृष्टि गर्न लाग्यो, सुगन्ध वायु आईकन श्रीरामचन्द्रका शरीरमा शीतल गराउन लाग्यो । एस्ता प्रकारले गरि श्रीरामचन्द्रले पनि वानर सेनाको रूप गरि सबै वरिपरि राखि आफु माझमा विराजमान भै रहँदा भया भनि कैलाश पर्वतमा श्रीमहादेवले पार्वतिलाई आज्ञा गर्‍या । यो कथा सत्य-लोकमहा ब्रह्माले नारदकन सुनाया, नैमिषारण्य क्षेत्रमा सौनकादि ऋषिहरूलाई सुनाया । हे पार्वति, एस्ता रामचन्द्रका महिमा जौना पुरुषले शुद्ध चित्त गरि सुन्ला तस्को पाप कष्ट नभै अन्तकालमा मोक्ष प्राप्त होला, जौन मनुष्यले पराक्रम गर्‍याको कुरा कुम्भकर्ण मार्‍याको कुरा जस्ले घरमा लेखि राख्छा जस्ले यो कथाहा भनला जस्ले सुन्ला तस्को शत्रुको नाश होला अनेक सुख भोग्य गरि पछि कैलाश पनि क्षय नहुन्या ठाउँमा प्राप्त होला, पुनर्वार महतारिको दुद पान परैन कोषमा जन्मनु पनि परैन भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वरसंवादे लंकाकाण्डे कुम्भकर्ण वधो नाम सर्गः । ३४॥

३५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले कुम्भकर्ण मार्‍याको वृत्तान्त सबै जो रह्याका राक्षसहरू सबै चाँडो लंका सहरका दर्वारमा जाईकन सिंहासनमा बस्याको रावण-लेउँ विन्ति गर्‍या । हे महाराज रावण, तपाईका भाई महावीर भयाको कुम्भकर्णलाई राम-चन्द्रले बाण प्रहार गरि मार्‍या भनि जस्तै भन्या कुम्भकर्ण मृत्यु भयाको वचन सुनि त्यो रावण सिंहासनबाट खसिकन मूर्छा भयो र भूमिमा लडिरह्यो । रावण मूर्छा भयाको, कुम्भकर्ण मृत्यु भयाको रावणका पुत्र चार जनाले सुन्या र देवान्तक नारान्तक त्रिशिला अतिकाय ई चार-जना पनि मूर्छा भैकन पडिरह्या । ति मूर्छा भयाको दाज्यू मार्‍याको शोकले पीडा गरि महोदर

महापार्श्व ति दुईजना पनि वडा शोकले प्राप्त भयो । एक मुहूर्त तेसो गरि वस्यापछि रावणका पनि सचेत भयो र फेरि सिंहासनमा वसिकन कुम्भकर्णका निमित्तमा नेत्रबाट आँसु काढिकन शोकले विलाप गरिकन भन्छ, हा हा ! कस्ता विधाताले मलाई अनाथ गराईकन एस्तो कुम्भकर्ण शस्त्र अस्त्र अहंकार गरिरहन्या अब मनुष्यका वाण लागि प्राण छाडि पृथ्वीमा लोटि कसो गरि रह्यो ! अहो भ्राता, मलाई एकलै छाडिकन शत्रु सबै मारि आउँला भनि मलाई भरोसा दीकन आज मलाई एकलै छाडिकन कता गईस् । हे कुम्भकर्ण, आज मेरो दाहिना हाथ पस्यो, देवता देखिकन पनि मलाई केहि त्रास थियेन, अब मेरो प्राण पनि रहन्या छैन । हा हा भ्राता ! तेरा भयले त्रासले देव दानव सबैका वल पराक्रम पस्याको थियो, केवल कालाग्नि जस्तो कसैले जित्न नसक्याको संग्राममा रामले कसो गरि मृत्यु गरायो । हे भ्राता, तेरा भयले सबै देवताको वल नचल्न्या एस्तो कालाग्नि समान दुर्जय भयाको संग्राममा रामले कसो गरि मान्यो । हे भ्राता, मेरा भाई कुम्भकर्ण वीरले सेज्या गरिरह्यो फेरि त्यो शरीर कस्तो भन्या इन्द्रका वज्रले पनि केहि गर्नु नसक्याको एस्ता कुम्भकर्ण लाई, निर्गति रामचन्द्रको वाण लागि, कसो गरि प्राण छाड्यो ! हा हा भ्राता ! तेरा मृत्यु भयाको हेरि देवतादि वानरहरू सबै महाहर्षमान गरि वडो जयशब्दले देव दुन्दुभि वाद्य वजाई महानाद गर्‍या, हा भ्राता, त्यो नाद शब्द सुनिकन छुरिले मेरा हृदयमा धस्या जस्तो भयो । आज-देखि मेरा पनि निश्री भयो, एस्तो विपत्तिको अवस्था गराईकन तँ एकलै कता गईस् ! हे भ्राता, मेरा शरीरमा पृथ्वीमा पर्वत छोड्याजैं, लोटिरह्याको देखिकन वानरहरू सबै महाउत्साह गरि नाद गर्न लाग्या, अब फेरि तँ जस्तो भाई, एक क्षण नभया मेरा प्राण थातमा रहँदैनथ्यो । अब जहाँ मेरा भाई गयो, तैसे देशमा, म पनि चाँडै जान्छु । हे भ्राता, मेरा शत्रु सबैले हास्य गराईकन मैले जिउनाको क्या प्रयोजन छ । हे भ्राता कुम्भकर्ण, तेरो भरोसाले त्रैलोक्य सबै जिति राख्याका थियो, अब सबै त्रैलोक्यले मलाई जित्न्या छन् यो मैले कसो गरि सहन्या । हे भ्राता, अघि सर्वज्ञ सबै जान्न्या विभीषणको वचन नमान्या एस्तो फल प्राप्त भयो, विभीषण महस्त कुम्भकर्णले पनि नाना प्रकार गरि ज्ञानका कुरा देखाई मलाई वुझायाथ्या, त्यो सबै व्यर्थ गरायाँ, निमित्तले मेरा दुर्बुद्धिले दुःखको समुद्रमा पर्‍याँ । हे भ्राता, एस्तो मारीचले पनि मलाई हितार्थ कुरा गरि मलाई वुझायाथ्या, तस्को कुरा नसुनिकन मलाई एस्तो फल प्राप्ति भयो । एस्कारणले दैवविना अर्को कोहि रहेनछ । धर्मात्मा ज्ञानी, विभीषणको वचन नमानि, सास्ति गरि, देशत्याग गरि, पठाया तेस्को वचन मान्याको भया एस्तो अवस्था मलाई पर्न्या

विएन ! एस्ता प्रकारले रावणले कुम्भकर्ण मृत्यु भयाको शोकले पीडित गरि, नेत्रबाट आँसु पखालिकन, अत्यंत क्रोधले विलाप गऱ्या भनि श्रीमहादेवले पार्वतिलाई आज्ञा गर्नुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रावणविलापो नाम सर्गः ॥ ३५ ।

३६

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि कुम्भकर्ण मृत्यु भयो र भनि रावणले विलाप गरिरहाको देखि रावणको पुत्र पुत्री त्रिसिलाले विंति गऱ्यो । हे पिताज्यू, हजूरले तेस्तो ज्ञान विलाप गर्नु हुन्छ । तिमिले भन्याको जस्तो, अघिदेखि विभीषणको वचन मान्याको भया एस्तो आपदा पर्न्या थिएन । अघि एस्तो होला भनि चेत भएन अब शोक गऱ्याले क्या हुन्छ ! तिमि एस्ता पराक्रमी भै तेस्तो शोक गर्न्या योग्य होइन, सत् पुरुषले ता शोक गर्दैनन् तिमिले कसो चैतन्य गर्न सक्तौन ! धैर्य गरिरहनुहुन्छ, आफ्नु चित्त आफैले बुझाउनु-हुन्छ, त्रैलोक्य सबै आफना वसमा, राखन तम्रा पराक्रम छँदैछ । हे पिताज्यू, तेस्तो शोक गर्छन् ! कुम्भकर्ण यौटा नभयाले तेस्तो दुःख मान्नुपर्दैन, त्यो दुःख सबै त्याग गरिदिनुहुन्छ । यो कुरा सुन्यादेखि रावणका हित बुद्धि मन भयो भनि वानर सेना सबै हास्य गर्न्याछन् तस् निमित्तले हे पिताज्यू, धैर्य गरिरहनुहुन्छ । हे महाराज, मेरा कुरा सुन्नुहुन्छ अघि परापूर्वमा ब्रह्माछेउँ तिमिले तपस्या गरिकन ब्रह्मा संतुष्ट भै तिमिलाई वरदान दियाको छँदैछ । हे पिता, राक्षसेन्द्र कवच आदि गरि धनुर्बाण शक्ति बाण हज्जार गदाले युक्त गरिराख्याको रथ सबै तम्रा दर्वारमा छँदैछ, क्यान तिमिले यस्ता शोक गर्नुहुन्छ । यक्ष-तुल्य त्रिशूल पनि छँदै छ । महाभयंकर परिघ पनि छँदै छ । कालसमानको गदा पनि छँदै छ खड्ग पनि छँदै छ । नाना शस्त्र अस्त्र पनि छँदै छ । ई शस्त्र सबै केवल कालांतक जस्तो अग्नि-समान तपाल्मिले पनि देव दानवलाई जिति त्रैलोक्य राज्य गरिरहनुहुन्थ्यो, त्यो शस्त्र अस्त्रका प्रभावले यो गर्नुभयो भनि अब पनि त्यो शस्त्र-अस्त्र छँदै छ । एस्ता ठाउँमा कुम्भकर्ण का निमित्तले क्यान शोचन गर्नुभयो ! तपाल्मिका पुत्र म छैन कि हे पिता रावण, त्यो दुःख आफालि राम लक्ष्मण आदि वानर सेना मार्नाकन चिन्तना गर्नुहुन्छ । हे महाराज रावण,

मलाई आज्ञा दिनुभयाजाबस् मैले तपाग्निको कार्य गरुडले सर्प मार्‍या जैं त्यो कार्य गरौंला। हे महाराज, म चाँडै गैकन तपाग्निका शत्रु चूर्णभूत गरि देषाउँछु, कसो भन्या इन्द्रले संवरासुर मार्‍याजैं नारायणले नरकासुर मार्‍याजैं मार्दछु। तपाग्निका प्रतापले मेरा पराक्रमले राम लक्ष्मण आदि गरिकन वानर सेनाहरू सबै सचूर्ण गरि मारूँला, ताहाँपछि तपाग्निले निष्कंटक लंका गरि सुखले राज्य गर्नुहवस् भनि एस् प्रकारले रावणको पुत्र त्रिसिलाले रावणलाई बोधना दियेर तहाँ रावणले पनि आफना पुत्र त्रिसिलाको वचन सुनि सबै दुःख छाडि चिन्तना गर्‍यो। 'धन्य २ मेरा पुत्र, अब मेरा पुनर्जन्ममा नाश भयो, एहा एस्ता मेरा पुत्र त्रिसिला भैकन कयान मैले दुःख शोचना गरि वस्या। अब एस्तो वस्तु होईन, जुन यत्नले शत्रुलाई मार्नु हुन्या छ सो यत्न गरौंला भनि एस् प्रकारले त्रिसिलाको वचन सुनि रावणको पुत्रहरू देवान्तक नरान्तक अतिकाय इनहरूले पनि हर्षमान गरिकन गर्जमान गरिरह्या। त्यो रावणका पुत्र चारजना इन्द्रतुल्य भयाका आकाशमा पनि जान सक्न्या युद्धमा महापराक्रमी शस्त्र विद्यामा पनि अति निपुण शस्त्र अस्त्रले पनि संयुक्त काल जस्ता शत्रुका गुण मानि वस्न सक्न्या सिंह शार्दूल जस्ता ति चार पुत्रले वेष्ठित गराई वसिरह्याका वेलामा त्यो रावण अत्यन्त शोभायमान भैरह्या, कसो भन्या देवताहरूले वेष्ठित गराई रहनुभयाका इन्द्र जस्ता हुंथ्यो तस्तै शोभायमान भै रह्यो। तेस् प्रकारले रावणले त्रिसिलाको उत्तम वाक्य हो भनिकन अब मेरो यो पुत्रका पराक्रमले सुखले राज्य भोग गरिरहुंला भनि रावणले आनन्द गरि वस्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रावण संबोधनं नाम सर्गः ॥१६॥

३७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रावणले चारजना पुत्रको मुष हेरि शत्रुलाई मारिदिउँला भनि अंकित गर्‍याको देषि महाआनन्दले चारै पुत्रहरूकन चुम्बना गरि आलिंगना गरिकन अनेक मान्य गर्‍यो। नाना वस्त्र अनेक मणिको कुण्डल मुकुट दिव्य २ कवचलाई राख्या। इनहरू कस्ता भन्या एक २ जना कालाग्नि जस्तो दिग्पाल जस्तो प्रलय-

कालको रुद्र जस्तो, तेस्ता पुत्रहरू तेजले पनि संयुक्त भयाको हेरि महाहर्षमान भयाको हेरिकन आफ्ना भाईहरू महापार्श्व ई दुईलाई रावणले भन्न लाग्यो, हे भ्राता महोदर, महापार्श्व, तिमिहरू महापराक्रमी तेजले पनि संयुक्त भयाका तिमिहरू दुईजनाले शस्त्र अस्त्र ली ति चारजना पुत्रसित गैकन संग्राम गर्न जाउ भनि तेस्ता प्रकारले रावणका वचन सुनि चाँडै उठिकन रावणलाई प्रदक्षिणा गरि रावणका वचन शिरमा राखि सुगन्ध २ वस्तु आफ्ना शिरमा राखि लेपना गरि नाना मणिको गहना लाई उत्तम २ शस्त्र अस्त्र धारणा गरि महोदरले हर्षमान चित्त गरि अत्यन्त शोभायमान भैरह्यो। त्यो हात्ति कस्तो भन्या सुदर्शनमा हात्ति कालमेघ जस्तो ऐरावतका वंशमा भै रह्याको तस्तो हात्ति चढि आयाको सबै आभरणले संयुक्त भैगयो। त्यो महोदर कस्तो भन्या विद्युत प्रकाश भयाको जस्तो आकाशमा रह्याको चंद्र सूर्य जस्तो एस्ता प्रकारले महावीर महोदरले अत्यंत शोभायमान भै प्रस्थान गऱ्यो। तहाँपछि महाबलियो त्रिसिलाले पनि घोडा जत्ति भयाकोमा उत्तम घोडा जोरिराख्याको रथमा चढि शस्त्र अस्त्रले पनि संयुक्त भै अनेक पुष्प मालालाई महाशब्दले गर्जमान गराई सुवर्ण मणि माणिकले चित्र विचित्र गरि मेघले गर्ज्याझैं रथको शब्द गरि नाना तरहका ध्वजा पताकाले संयुक्त भयाको रथमा चढि महाशोभायमान गरि गयो। त्यो त्रिसिला कस्तो भन्या विद्युत कालाग्नि जस्तै हिमालयको सुवर्ण शृंगजस्तो एस् प्रकारले शोभायमान गरि त्रिशिला गयो। ताहाँपछि रावणको पुत्र अतिकाय पनि दिव्य रथमा चढि महाहर्षमान गरि गयो। त्यो रथ कस्तो भन्या हजार घोडा जोरिराख्याको पाँचजना सारथि भयाका थियो। त्यो रथमा अनेक शस्त्र अस्त्रले संयुक्त भयाको तेस्तो रथमा ब्रह्मा वर पायाको छ। अतिकायले त्यो रथमा चढीकन रह्यो, ब्रह्माले दियाको कवच कुंडलले भूषण गरि धनुर्धरमा श्रेष्ठ अतिकायले अनेक बाण कुंत नाना शस्त्र अस्त्र धारण गरि सूर्य प्रकाश भयाजैं सुमेरु पर्वत धातुले शोभायमान भैगयो। त्यो महाबलियो अतिकाय कस्तो भन्या विद्युत अग्नि जस्तो वज्र लीरहन्या इंद्रजैं कालांतक यम जस्तो तेस्ता वीर रावणको पुत्र अतिकाय अनेक राक्षस सेनाले युद्ध गरि महाशब्दले नाद गराई, अनेक मंगल यात्रा गराई शत्रु मार्ना निश्चय गरि गया। ताहाँपछि नारांतक पनि महाउत्तम घोडा चढिकन गया। त्यो घोडा कस्तो भन्या इंद्रका उच्चैश्रवा घोडा जस्तो नाम सुवर्णमय अलंकारले युक्त गरिराख्याको अत्यंत शोभायमान भैरह्याको तेस्ता मनले युक्त गरिराख्याको अत्यंत शोभायमान भै रह्या, तेस्ता मनवेगी घोडा चढिकन नरांतक गया। तहाँ पछि इंद्रसमान देवांतक गयो, कस्ता तरहले गयो भन्या शस्त्र

अस्त्रले संयुक्त अनेक मणि माणिकले युक्त भयाको रथमा चढी द्वादस आदित्य प्रकाश भयाजैं तेस्ता देवांतक कुंत परिघ लीकन गयो,त्यो परिघ कस्तो भन्या हिरा सुवर्ण, मणि माणिकले पचित गरि राख्याको नारायणले समुद्र मथन गर्‍याको वेलामा कुम्भारका शरीरमा, मदन पर्वत शोभायमान जस्तो शोभायमान गरि महाहर्षमानले अनेक राक्षस सेनासहित गरि गया। महापार्श्व पनि पनि यमदंड जस्तो गदा लि कवच कुंडल भूषण गरि कुबेर शोभा भयाजैं शोभा गराई गया। एस् प्रकारले तिनिहरू छयैजना अनेक राक्षस सेनाले संयुक्त गरि नाना मंगल वाद्य वजाई निको वेलामा प्रस्थान गर्‍या, कसो भन्या दैत्यले स्वर्ग मर्त्य पाताल राज्य गरिसक्या-पछि देवताहरू अमरावतीमा युद्ध गर्न गयाजैं गया, असंख्य राक्षस सेना, अनेक हाति घोडा शस्त्र अस्त्र लि समस्त पछि राखि पृथ्वी कंपमान गराइ महानाद गरि गया। तेस्कारणले गयाका रावणका पुत्र चारजना भाइ दुईहरू इन्हरू छ जना कस्तो भन्या समस्त आभरण संयुक्त गरि सूर्य जस्तो जाज्वल्यमान् गरि कालांतक अग्निझैं एक् २ जनाले त्रैलोक्य जित्न सामर्थ भयाको आकाशमा सप्तऋषिहरूले हेर्नु भयाझैं अत्यंत शोभानमान गराई छत्रमालाले भूषण गराई आकाशमा राजह शब्द गयाझैं गया। इन्हरू छजनाको मनमा कसो गरि गयो भन्या आफ्ना सेना अनेकलाई मारि-दिया, अब तिनहरूलाई पनि मारौंला भनि चित्तमा दृढ गरि युद्ध गर्नाको इच्छाले प्रस्थान गर्‍या। अनेक राक्षसहरूले पनि मेघले गर्ज्याजैं गर्जमान गरि गया, कोहि राक्षसहरू हर्षमान गरि जय वाञ्छाले अनेक मंगल वेद घोष शब्द गराई गया, कोहि शंख आदि नाना मंगल वाद्य वजाई त्यो शब्दले आकाश पनि व्याप्तमान गराई गया, पृथ्वी कंपमान गरी गया, राक्षस सिंहनाद गरि गया, सिंहनादले दुन्दुभि वाद्यका शब्दले आकाश फुट्याजैं भयो। तेस् प्रकारले हर्षमान गरि लंकाको ढोका वाहिर निस्क्या। ति राक्षसहरूले जसै ढोका वाहिर निस्क्या तसै वानर सेना देख्या, कस्ता वानर सेना भन्या शैलशृङ्गले प्रलयकालका रुद्र जस्तो रहन्या-हरू। ताहाँपछि महाशब्दले नाद शब्दले आयाको राक्षसहरू वानरहरूले देख्या र कसो भन्या क्षुद्र घण्टादि तेजले संयुक्त नील मेघ जस्तो आकाश जस्तो आकाश सुद्धा निलनान् भन्या जस्तो समस्त शस्त्र अस्त्र लीकन दीप्ताग्नि सूर्य जस्तो महाशब्दले पृथ्वीमा कंपमान गराई राक्षस सेना आयाको देखि वानरहरू पनि अधिवाट दगुरि गैकन राक्षसहरूलाई शैलशृंग पाषाण वृक्षले प्रहार गर्‍या। एस् प्रकारले अन्योन्य युद्ध भयो र पर्वत समान वानर सेनाले अत्यन्त क्रोध गरि पर्वतले राक्षसहरूकन प्रहार गर्‍या। ति वानरहरू कस्तो भन्या प्रलयकालका अग्नि जस्तो यमदंड ली रहन्या यमराज जस्तो तेस्ता २ वीर वानरहरूले नागले श्वास गर्‍याजैं

निश्वास गरि महाक्रोधले अनेक अनेक राक्षसहरूको रथिहरू मार्‍या, हाति चहि युद्ध गर्न्याहरू मुष्टिले प्रहार गरि मार्‍या, शैल पाषाण वृक्ष मुष्टिले प्रहार गरि असंख्य राक्षसहरू मार्‍या । तेस् प्रकारले वानरले राक्षस सेना मारिदियो र राक्षसहरू महाशब्दले कराई मार्‍यो, कति उसै परिरह्या, कोहि भयले । एस् प्रकारले वानरले राक्षस सेना मार्‍या र फेरि राक्षसहरूले आईकन महाशब्दले पृथ्वी कंपमान गराई वानर सेनामाथि जाई लाग्या, अनेक वानरहरूलाई मार्‍या । वानरहरूले पनि क्रोध गरि अन्योन्य प्रहार गरि युद्ध गर्‍या । ति दुई पक्षको सेना कस्तो २ भन्या समुद्र जस्तै सिंहसित सिंह जुझ्या जस्तो अन्योन्य हास्य गरि दुवै पक्षको आकाश समान परस्पर युद्ध गरि मुहूर्त मात्र युद्ध भया र दुवै पक्षका रक्त मांसले पृथ्वीमा व्याप्त भयो, सुरासुर को शरीरमा रक्तले व्याप्तमान भैरह्याका पर्वत विषयमा पलाशफुल्याजैं शोभायमान भैरह्या । तेस् वेलामा राक्षसहरूले पनि मरिरह्याको वानरहरू लियेर वानरहरूलाई प्रहार गरि मार्‍या, वानरहरूले पनि महाक्रोध गरि पर्वतले प्रहार गरि अनेक राक्षसलाई मार्‍या । कसैको कवच छिन्न भैगया, कोहि शस्त्र छाडि भाग्या, कोहि मुष्टिले प्रहार गरि मार्‍या, अनेक राक्षसका शरीर-बाट रक्तधारा बहि आयो पर्वतले जलधारा आयाजैं आयो । तेस् प्रकारले वानरले राक्षसहरूलाई लगारि लैगयाको वेलामा फेरि राक्षसहरूले पनि अत्यन्त क्रोध गरिकन अर्द्धचन्द्र बाण भल्ल बाण वितस्ति बाण तोमर मुद्गर नाना शस्त्र अस्त्रले प्रहार गरि राक्षसहरूले वानरहरूलाई मार्‍या । तेस् वेलामा रणभूमि अत्यन्त शोभायमान भैरह्या । एस् प्रकारले महायुद्ध भयो र वीर २ वानरले राक्षस मार्‍याको देखि स्वर्गमा बस्याको देवता ऋषि आदिले महा हर्षमान गरि कराई नाची-कन रहँदा भया । तेस् प्रकारले वानरले राक्षस मारि ल्याथाको देखि अग्नि समान नारान्तकले रक्त नयन गराई दीप्ताकार अग्नि जस्तो क्रोध गरि वज्रसमान वेगवंत शक्ति लियेर वेगमारि घोडा चहि रह्यो । एस् वेलामा त्यो नारान्तक रह्याको देखि वीर २ वानरहरू सत्र १७ जनालाई लागि मुष्टिले प्रहार गर्‍या । एस् प्रकारले वानरहरूले, आफूछेउँ प्रहार गर्‍याको देखिकन नरान्तकले पनि महाक्रोधले सत्र १७ जना वानर एकै चोटले कुटि मार्‍या । उति वानर मारिकन घोडा चहि शस्त्र विद्या संयुक्त भयाको नरान्तकले अनेक वानरलाई मार्‍या र रक्त मांसले युद्धभूमिमा व्याप्तमान भया । वानरले कौन प्रकारले मार्नु भनि मनले चिंतना गरि रहँदामा नरान्तकले चाँडै प्रहार गरिकन वानरहरूलाई मार्‍या, दस दिशा भागमा रह्याका वानरहरू पनि मार्‍या, महामेघ वायुले उडाई लै गयाजैं मार्‍या । नाना प्रकारले वानर-सेना मारिकन कालाग्नि जस्तो नरान्तक रह्यो । त्यो नरान्तक रह्याको देखि वानर-सेनाले, काल-

देवता भनि रह्या, अग्निसमान कुन्त ली वानर-सेना मारि साक्षात् कालस्वरूप जस्तो इन्द्र जस्तो तस्तो नरान्तकले वचन अग्निले दग्ध गऱ्याजैं मान्यो । कसो भन्या इन्द्रका वज्र प्रहार लागि शैलशृंग वृक्ष ढल्याजैं तस् प्रकारले मान्या र वानरहरू पृथ्वीमा परिरह्या, भागन नसकि काहिं गया पनि बाँचन कठिन भयो, युद्ध गर्न नसकि एता उता हिंडि महाकल्लोलले कराई रहन्या वानरहरूले त्यो कालान्तकसमान नरोन्तकले सूर्यका जस्तो तेज भयाको कुन्तले प्रहार गरिमाऱ्यो । त्यो कुन्त कस्तो भन्या वज्र प्रहार जस्तो शब्द गरि, राक्षसको उत्साह जस्तो गरि गर्नु आज हो भनिठानि अनेक वानरहरू मारिपठाया । ति वानरले कुन्तको प्रहार सहनु सकेन र उसै परिरह्या अग्निज्वाला मनुष्यले सहनु नसक्याजैं, तेस् प्रकारले वानर सेना पडिरह्या, शरीर पनि पंड २ गराई कसो भन्या इन्द्रले वज्रप्रहार गर्दा पर्वत भस्म भै गया जस्तो । एस् प्रकारले कालस्वरूप नरान्तकले, वानर-सेना मार्न्याको देखि वानरहरूले चिंतना गर्नुभयो, अघि कुम्भकर्ण जस्तोले मार्न सकेन अब त्यो पापात्माले मार्न्यो भनि भयले त्रासमान गरि वानरेन्द्र सुग्रीवको हजूरमा शरण गया । ताहाँ सुग्रीवले पनि ति वानरहरू आपना शरणमा आयाको देखि महापराक्रमी वालिपुत्र अंगदलाई आज्ञा गर्दा भया । हे तेजस्वी वीर अंगद, त्यो महावीर नरान्तक राक्षससित युद्ध गर्न जाउ, त्यो नरान्तकले घोडा चढि कुन्त लियेर वानर-सेना अनेक मार्न्यो । अब लगारि पनि ल्यायो, अब त्यो पापिष्ठ राक्षसलाई चाँडै गैकन मार भनि सुग्रीवले एस् प्रकारले आज्ञा भयाको वचन सुन्यार तेजस्वी इन्द्रसमान अंगदले सुग्रीवको आज्ञा शिरमा राखि कालसमान अंगद रणभूमिमा जाईलाग्यो, कसो भन्या मेघसमूहमा सूर्य गयाजैं एस् प्रकारले पर्वत समान अंगद युद्धको मर्यादा जस्तै अनेक मणि माणिकलाई वानरको श्रेष्ठ महापराक्रमी वालिपुत्र अंगद नरान्तकमाथि जाईलागि नखले दंतले प्रहार गरि नरान्तकलाई भक्ष लाग्यो । हे दुरात्मा नरान्तक, आजको दिनमा तँसित युद्ध गरूँला भनि मैले तँलाई प्रहार गऱ्याँ, तँ भागनु छैन । हे नरान्तक, पापात्माले मेरा सेना सबै मार्न्य २ वानर मार्न्याको होईन, तैले वानरहरू मार्न्याँ भनि गुमान गर्नु छैन । तेरो गुमान सबै मैले पराक्रम गरि चिचिदिउँला । ताहाँपछि तेरो शिर मेरो मुष्टिले प्रहार गरि चूर्ण गरूँला । अब तैले अघ्यारै त्यो कुन्तले मेरा हृदयमा प्रहार गर भनि एस् प्रकारले अंगदले आज्ञा गऱ्या र ताहाँ नारान्तकले पनि अंगदको वचन सुनि अत्यन्त क्रोध गरि रक्त नयन गरि नाकले निश्वास राख्याझैं निश्वास राखि नारान्तकले कुन्त घुमाईकन देखायो । त्यो कुन्त कस्तो भन्या अग्निसमान कुन्त तेस्ता कालसमान कुन्तले अंगदको

हृदयमा प्रहार गऱ्यो, त्यो वज्रसमान कुन्त अंगदका डरले अंगदमाथि जान नसकि आकाशमा घुमिरह्यो । त्यो हेरिकन गरुडले नाग समायाझैं महावीर अंगदले त्यो कुन्त व्याप् समाईकन भाँचिदिंदा भया । ताहाँपछि अंगदले महाक्रोध गरि वज्रसमान मुष्टिले नरान्तकका घोडाको शिरमा प्रहार गऱ्या र घुँडा मारिदिया । एस् प्रकारले अंगदले गऱ्याको देखि नारान्तकले पनि महाक्रोध गरि पर्वतसमान अंगदका हृदयमा मुष्टिले प्रहार गऱ्यो । एस् प्रकारले नारान्तकको वज्रसमान मुष्टिले प्रहार गरेर पनि ति महाबलियो अंगदकन केहि भयेन, फेरि ति महा-पराक्रमी अंगद पनि अत्यन्त क्रोध गरि वज्रसमान मुष्टिले प्रहार गरेर नारान्तकको हृदयमा प्रहार गर्दा भया । इन्द्रले वज्रप्रहार गऱ्या जस्तो गरि पर्वत भस्म हुन्थ्यो, तेस्तै प्रकारले नारान्तकलाई अंगदले पृथ्वीमा सुताईराख्याको देखि आकाशमा रहनुभयाको देवताहरूको महाहर्षले नाद गऱ्या । ताहाँपछि देवताहरूले पूजा गर्नुभयो, अंगदको शिरमा पुष्पवृष्टि गरिदिनुभयो । एस् प्रकारले महाबलियो अंगदले शत्रुलाई मार्याको देखि ताहाँ श्रीरामचन्द्रले पनि मनमा हर्षचित्त गरि अंगदकन पूजा गर्नुभयो, नाना उत्साहले वानरहरूले पूजा मान्य गराई अंगदले फेरि युद्ध गरूँला भनि इछा गरिरहनुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे नारान्तकवधो नाम सर्गः ॥ ३७ ॥

३८

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि महाबलियो अंगदले मुष्टिले प्रहार गरि नरान्तक-लाई मार्याको देखि देवान्तक त्रिसिला महोदर ई तीनजनाले अत्यन्त क्रोध गरि अग्निसमान तेजस्वी निकासि इनिहरू एकजनाले पनि त्रैलोक्य जित्नु सामर्थ्य हुन्थ्यो, तेस्ता वीर तीनजनाले महापराक्रमी वालिपुत्र अंगदलाई हेरि जाईलाग्यो । तिनिहरू कस्ता भन्या मेघसमान हाति चढि आउन्या नाना रत्न मालाले भूषण गरि राख्या ऐरावत हाति चढि इंद्र गयाझैं महोदर गयो । देवांतक पनि आपना भाई मार्याको देखि जाज्वल्यमानले रक्त नयन गरि रत्नमय रथमा चढि यमदंड समान परिघ ली पृथ्वीमंडल कंपमान गराई क्रोध गरि गयो । तहाँपछि त्रिसिलाले पनि सूर्यका समान रथमा चढि उत्तम घोडा जोरिराख्याका रथ नाना रत्न कवचले भूषण गरिदिया ।

कुन् वीर पराक्रमी अग्नि जस्ता तेजले संयुक्त गरि तीनै जनाले देवताहरूकन जित्नु सामर्थ भयाको चाँडै अंगदछेउँ जाईलाग्या । तेस् वेलामा अंगदले पनि उनहरू तीनै जना आफूछेउँ आईपऱ्याको देपि ठूलो साल वृक्ष उपेलिलियेर देवांतकमाथि प्रहार गऱ्या । त्यो सालवृक्ष कस्तो गरि गयो भन्या इन्द्रका वज्र गयाको जस्तो, तेस् प्रकारले आयाको शैल वृक्ष हेरिकन महाबलियो त्रिशिलाले अकासैमा बाण प्रहार गरि चूर्ण गरिदियो, कस्तो भन्या पर्वतको शृंग इन्द्रका वज्र प्रहारले चूर्ण भया जस्तो चूर्ण गरिदियो । त्यस् प्रकारले वृक्ष व्यर्थ गरिदियाको देपि ताहाँ अंगदले पनि अत्यन्त क्रोध गरि फेरि वृक्षले संयुक्त पर्वत लियेर तिनीहरूलाई प्रहार गर्नुभयो । त्यो पर्वत आयाको देपि त्रिशिलाले पनि अकासैमा बाण प्रहारले खंड २ गरि पसालिदियो । ताहाँपछि त्रिशिलाले पनि महाक्रोध गरि अंगदमाथि अनेक बाण प्रहार गऱ्यो, महोदरले पनि शर बाण प्रहार गऱ्यो, देवांतकले पनि अत्यन्त क्रोध गरि गुरुजनहार गऱ्यो । तेस्ता प्रकारले त्रैलोक्य पनि जित्नु सामर्थ भयाका तीनैजना राक्षसले प्रहार गरेर पनि ति महापराक्रमी अंगदका केहि व्यथा भएन, तिनीहरूका प्रहार सबै व्यर्थ भयो, तेस्ता महाबलियो अंगदका त्रास पनि भयेन । ति अंगद कस्तो भन्या पराक्रमले ति समान पृथ्वीमा पनि दुर्लभ कालस्वरूप रुद्र जस्तो त्यस्ता वालिपुत्र श्रीरामका प्रिय वाञ्छा गर्न्या अंगदले पनि अत्यन्त क्रोध गरि महोदरले चढिरह्याको हातिको मस्तकमा अशी ८० चोट मुष्टिले प्रहार गरिदिया । तेस् प्रकारले मुष्टिले प्रहार गरिदिया र त्यो हातिका दुवै दन्त उपेलिलियेर त्यो दन्त देवांतकको हृदयमा प्रहार गर्दा भया । त्यस् प्रकारले प्रहार गरेर देवांतक भया पनि महाशब्दले कराई रक्त छादि शरीर काटिकन अचेष्टा भै भूमिमा पल्टीरह्यो, कस्तो भन्या ठुलो वृक्ष वायुले हल्या जस्तै । एस् प्रकारले अंगदले गर्नुभयो, फेरि देवान्तकको चेष्टा भयेर महाक्रोधले रक्त नयन गरि परिघले अङ्गदमाथि प्रहार गरिदिया । तेस् प्रकारले प्रहार गरेर अङ्गद भया पनि घुँड़ाले टेकि अचेष्टा भैरह्या । एस् प्रकारले अचेष्टा भैरह्याको देपि अगदकन देपि हेरिकन त्रिशिलाले विषसमान बाण तीनवटाले अङ्गदको हृदयमा प्रहार गरिदियो, कंकपत्र बाणले अङ्गदको मस्तकमा प्रहार गऱ्यो । एस् प्रकारले तीनजना राक्षसले अङ्गदमाथि प्रहार गऱ्याको देपि महाबलियो अग्निपुत्र नील बानरले चाँडै पर्वत उपेलिकन त्रिशिलालाई प्रहार गरिदियो । तेस् प्रकार नीलले प्रहार गऱ्याको देपि महावीर त्रिशिलाले पनि बाण प्रहार गरि आकासैमा पर्वत चूर्ण गरि पसालिदियो । एस् प्रकारले पर्वत चूर्ण गरिदियामा आगो वलि जाज्वल्यमान भै गयाको देपि देवांतकले महाशब्दले हर्षमान गरि वज्रसमान परिघ हनुमानमाथि प्रहार

गऱ्यो। तेस् प्रकारले देवान्तकले आफूलाई प्रहार गऱ्याको देखि महावीर वायुपुत्र हनुमानले देवांतकको शिरमा वज्रसमान मुष्टिले प्रहार गरि मस्तक चूर्ण गरिदियो, दंत नेत्र भग्न भै आगो वलि निस्क्या र रावणको पुत्र देवान्तक पृथ्वीमा परि मृत्यु भयो। तेस् प्रकारले हनुमानले देवान्तकलाई मार्‌याको देखि महावीर महोदरले अत्यन्त क्रोध गरि हनुमानमाथि शरवृष्टि गऱ्यो, फेरि त्यो महोदरले शितरोध वाणले प्रहार गरेर महावीर हनुमन्तका मर्मस्थानमा लागि हनुमानको चित्त विदकर भै अचेष्टा भै पऱ्या, फेरि अलिक वारपछि वानरका सेनापति हनुमानका चेष्टा भयो र महोदरका शिरमा त्यो पर्वतले प्रहार गर्दा भया। एस् प्रकारले पर्वतले प्रहार गरेर महोदरका शिर चूर्ण भैकन पृथ्वीमा पल्टि मृत्यु भयो, कस्तो भन्या इंद्रका वज्र प्रहारले पर्वत चूर्ण भया जस्तो, महावीर हनुमानले आफना पिता महोदरलाई मार्‌याको देखि त्रिशिलाले अत्यन्त क्रोध गरि हनुमानमाथि कराई २ वाण प्रहार गऱ्यो। ताहाँ हनुमानले पनि आफूमाथि त्रिशिलाले वाण प्रहार गऱ्याको देखि महाक्रोधले पर्वत शृंगले त्रिशिलामाथि प्रहार गर्दा भया त्यो पर्वत आयाको हेरि देखि त्रिशिलाले वाण प्रहार गरि आकाशमा खंड २ गरि पखालिदियो। त्यस् प्रकारले हनुमानका प्रहार निस्फल गऱ्याको देखि अत्यन्त क्रोध गरि हनुमान हन वृक्षले प्रहार गरिदिनुभयो। त्यो हन वृक्षले आयाको देखि महावलियो राक्षसमा श्रेष्ठ त्रिशिलाले पनि आकासैमा खंड २ गरिदियो, वारंवार हनुमानका वाण प्रहार वेर्थ गरिदियाको देखि वायुपुत्र हनुमानले अत्यन्त क्रोध गरि त्रिशिलाका शिरमा नखले दंतले प्रहार गर्दा भया। तेस्ता प्रकारले गऱ्याको देखि त्रिशिलाले रक्तनयन गरि अत्यन्त क्रोध गरिकन कालस्वरूप अग्निसमान शक्तिले प्रहार गऱ्यो। त्यो शक्ति कस्तो भन्या शत्रुका रक्तले तृप्त भै रह्याको आकाश सुद्धा निल्ला भन्या जस्तो त्यो शक्ति आयाको महातेजस्वी हनुमानले पनि त्यो शक्ति आफूमाथि नलाग्दैमा आकाशमाथि महाशब्दले नाद गरि कुदिकन जानुभयो र त्यो शक्ति व्याप्त समाईकन भाँचिदिया। तेस् प्रकारले कालसमान शक्ति भाँचिदियाको देखि त्रिशिलाले पनि खड्ग लीकन आयर हनुमानका हृदयमा त्यो खड्गले प्रहार गऱ्यो। ताहाँ हनुमानले पनि त्यो खड्गको प्रहार सहिकन पनि महाक्रोध गरिकन मुष्टिले त्रिसिलाका हृदयमा प्रहार गऱ्या। तेस् प्रकारले प्रहार गऱ्या र महापराकमी त्रिसिला अचेष्टा भै पृथ्वीमा पल्टीरह्याको देखि हनुमानले त्रिसिलाका हातको खड्ग ली महाशब्दले सवै राक्षसहरू त्रासमान गराई नाद गर्नुभयो। तेस् प्रकारले हनुमानले पृथ्वी कंपमान गराई नाद गऱ्याका शब्दले त्रिसिलाको चेष्टा भयो र जगत्तै उठिकन गया र हनुमानका शिरमा मुष्टिले प्रहार गरिदिया। तेस् प्रकारका मुष्टि प्रहार

गरेर हनुमान भया पनि अलिक् वेर अचेष्टा भयाजस्तो भयो। इनहरू कस्ता भन्या दुवै साक्षात काल र यम जुऱ्या जस्तो दुवै अग्निसमान सिंह शार्दूलको युद्ध भयाको जस्तो दुवैले अत्यंत २ जय वांछा गरि त्यस् प्रकारले पृथ्वी शुद्धा कंपमान गराई युद्ध गऱ्या। तेस् वेलामा बलियो अग्नि समान हनुमानले आफुमाथि मुष्टि प्रहार गऱ्याको देखि महाक्रोधले त्रिशिलाको मुकुटमा समाति कुण्डलसहित गरि उनैका खड्गले शिर छेदन गरिदिया तेस्ता रावणको पुत्र त्रिसिलाको शिर छेदन गरिदियाको देखि वानर एकै ताललै नाद गऱ्या, कस्तो भन्या तेस्ताको पुत्रको शिर छेदना इंद्रले गऱ्याको देखि देवताहरूले नाद गऱ्या जस्तो तेस्ता पर्वतताकार जस्तो महा हर्षले नाद गऱ्या। तेस्ता प्रकारले महावीर त्रिसिलाको विशाल नेत्र पद्म प्रकाश भया जस्तो तेस्ता पर्वताकार मस्तक पृथ्वीमा लडिरह्यो, कसो भन्या तारालै सहित गरि आकाशविषये चन्द्रमा रह्याको जस्तो रह्यो, हनुमानले त्रिशिलालाई मार्‌याको देखि आकाशमा रह्याको देवताहरूले हर्षमान गरि दुन्दुभि वाद्य बजाई हनुमानलाई पुष्पवृष्टि गऱ्या। ताहाँपछि वानर प्रभृति श्रीरामचन्द्रले पनि हनुमानको पराक्रम देखि महाहर्षमानले नाद गऱ्या। त्यो नाद शब्दले राक्षसहरू सबै भाग्यो। तस् प्रकारले देवांतक नरांतक त्रिसिला महोदर उनहरू सबै मार्‌याको देखि महापार्श्वले अत्यन्त क्रोध गरि रक्त नयन गरि तेस्ता वीर महापार्श्वले सर्वायनी नाम गदा लिन लाग्यो। त्यो गदा कस्तो भन्या सुवर्णको गहना लाईराख्याको शत्रुका रक्त मांसले तृप्त भयाको अग्नि रह्याको जस्तो जाज्वल्यमानले शत्रुलाई भय दीरहन्या ऐरावत प्रभृति अष्ट दिग् हातिलाई भय त्रासमान गरिरह्या। त्यो गदा सूर्य प्रकाश भया जस्तै रत्नमालाले भूषण गरिराख्याको तेस् गदा ली महापार्श्वले पनि अनेक शत्रुलाई जित्याको थियो। नाना कुण्डलले भूषण गरिराख्याको तेजले पनि संयुक्त गरि युगान्तको अग्नि जस्तो रह्याको महा-पार्श्वले पनि वानर सेनामाथि दगुरि जाईलाग्यो। तेस् वेलामा महापार्श्व आईलाग्याको देखि ताहाँ वरुणपुत्र ऋषभ वानरले पनि अग्निसमान तेजले संयुक्त गरि महापार्श्वको समीपमा वस्न गया। तेस् प्रकारले रहनुभयाको ऋषभ वानरलाई देखि महावीर महापार्श्वले कालदंड समान गदाले ऋषभ वानरका हृदयमा प्रहार गऱ्यो। तेसो प्रहार गऱ्याको देखि वानरको श्रेष्ठ ऋषभ वानर त्यो व्यथाले पीडा गरेर रक्तमय देह भै अचेष्टाले पृथ्वीमा पल्ट्या, मुहूर्त मात्रपछि चेष्टा भयेर लगत्तै उठिकन चित्त दृढ गरि अत्यन्त क्रोध गरि रक्तनयन गरि चाँडै अधिवाट दगुरि गैकन महापार्श्वका हातमाको गदा व्याप्त समाति पोसिलिया र महावलियो ति ऋषभ वानर उन्को गदाले उनैको मस्तकमा चूर्ण गरि प्रहार गर्दा भया। तेस् प्रकारले ऋषभ वानरले

महापराक्रमी महापार्श्वलाई मान्यो र पृथ्वीमा पछारेछो, कस्तो इन्द्रको वज्र लागि जस्तो गरि पर्वत चूर्ण हुन्थ्यो तस्तै गरि त्यस् रावणको भाई महापार्श्वलाई मान्याको देखि देवता आदि गरि सबै वानरहरूले पृथ्वी फुट्याऊँ गरि एकै ताछले नाद गऱ्या, धन्य २ ऋषभ वानर भनि वानरले हर्षमान गऱ्या। रामका हितार्थ गर्न्या भनि राम प्रभृति सबैले ऋषभ वानरलाई पूजा-मान्य गर्दा भया, देवताहरूले पनि पुष्प वृष्टि गरिदिया। ताहाँपछि महापार्श्वको सैन्य बाँकि रह्याको सबै शस्त्र अस्त्र छाडि भाग्या। तस् प्रकारले शत्रुलाई जितिकन राम लक्ष्मण ऋषभ वानर प्रभृति वानर सबै आनन्दले रहँदा भया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे देवांतक महोदर त्रिशिला महापार्श्व नारान्तक वधो नाम सर्गः ॥३८॥

३९

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि मुख्य २ वानरहरूले वीर २ वानर-सेना-पति मान्याको देखि रावणको पुत्र महाबलियो अतिकायले पनि अत्यन्त क्रोध गरि महोदर महापार्श्व देवान्तक नरान्तक त्रिशिला तेस्ता तेस्ता वीरहरूकन मान्याको देखिकन रक्तनयन गरि शस्त्र अस्त्र ली वानरसेनामाथि जाईलाग्यो। त्यो अतिकायले ब्रह्मको वर तपस्या वरप्रसाद पायाको थियो तेस्को पराक्रम इन्द्रसमान त्रैलोक्य पनि जित्नु सामर्थ भयाको थियो, तेस्ता अतिकायले पनि संयुक्त कालरुद्र जस्तो देवदानव जस्तो अहंकार पनि खिन्न सामर्थ भयाको तेस्ता पराक्रमी अतिकाय उत्तम रथमा चढि त्यो रथ कस्तो भन्या ध्वजा पताकाले संयुक्त नाना मणिमाणिकले भूषण गरिराख्याको थियो, मनवेगी अश्व जोरिराख्याको थियो। नाना शस्त्र-अस्त्रले संयुक्त हजार श्रीसूर्यका जस्ता तेजस्वी तेस्ता रथमा चढि ब्रह्माले दीराख्याको कवचकुण्डलले भूषण गरि त्यो अतिकाय महाक्रोधले जाज्वल्यमान गरि म अतिकाय हुँ मेरा पराक्रम हेर भनि हाकिकन पृथ्वी कम्पमान गराई वानरसेनामाथि धनुको टंकार शब्द गरि जाईलाग्यो। तेस् प्रकारले त्यो अतिकाय रथमा चढि सिंहनाद गरेर वानर-सेनामा त्रास गरायो। त्यो अतिकायको रूप देखि त्रिविक्रम मुनि आयाऊँ आयाको देखि तेस्ता

कोटिसमान जस्तो अतिकाय वानरसेना सबैले भय त्रासमान गराई भागिगया, ति वानर सबै सर्वात्मा पुरुष श्रीरामचन्द्रका हजूरमा शरण गया। तेस् प्रकारले वानर आयाको देखि श्रीरामचन्द्रले धनुर्बाण लिनुभयो र आज्ञा गर्नुभयो, हे वानर, क्या भयो नडराउ २ भन्या र भय मान्याका वेलामा महाबलियो रावणको पुत्र अतिकायलाई देख्नुभयो। त्यो अतिकायलाई देखि श्रीरामका मनमा विस्मय गरि चिन्तना गर्नुभयो क्या आश्चर्य! तेस्ता रथमा चढि आकाशमा रह्याका प्रलयकालका मेघ आया जस्तो शब्द गरि कोटि सूर्यसमान त्रैलोक्यको कालरुद्र जस्तो तस्तो अतिकाय देखि सर्वव्यापि रामचन्द्रले आफूले जानिकन पनि नजान्या जस्तो गरि लोक प्रतीत गर्नानिमित्तले विभीषण त्यो राक्षससेना भगाई पठाउन्या राक्षस हो कि त्यो को हो! चार शिर लाल नेत्र गरि नाना रत्नमालाले भूषण गरि दिव्य कवच कुण्डललाई हज्जार अश्व जोरिराख्याको रथमा चढि कालमेघ आयाजैं आयो, त्योकुन पुरुष भनि तेस्का रथमा रह्याको शब्द शस्त्र-अस्त्रले कस्तो भन्या निसित, शूल, कुन्त, मुशल, पाश, तोमर, गदा, तेस्ता अग्निसमान शस्त्र-अस्त्र रथमा राखि यो रथ पनि बिजुलि जस्तो तेज धनुर्बाण लि इन्द्र आया जस्तो आयो, सुवर्णको कवच लाई कोटि सूर्यसमान त्यो पुरुष देखि मेरो मन अति आश्चर्य भयो। हे विभीषण, त्यो कस्को पुत्र हो रणभूमि सुद्धा जाज्वल्यमान राहुले सूर्यकन ग्रास गराउला भन्या जस्तो ध्वजाको चिह्न गरि दशदिशा पृथ्वी सुद्धा कम्पमान गरि आउन्या धनु पनि इन्द्रका जस्ता ध्वजा पताकासहित रथको पाँग्रा पर्वत जस्तो पाँचजना सारथि गरि मेघले गर्ज्याको जस्तो शब्द गरि रत्नमय धनु पनि २८ वटा कलशमान खड्ग दुई बाउँतिर एक दाहिनतिर एक राखिकन त्यो खड्गको गज हात ४ भयाको लामु हात १० रक्तवर्ण मेघला तेस्ता खड्ग ली कालमेघ जस्तो काल वस्त्रलाई साक्षात् प्रलयकालका रुद्र जस्तो त्यो पुरुष को हो काँचनपुरका कुण्डलले भूषण गरि पुनर्वसु नक्षत्र मध्यमा पूर्णचन्द्र शोभा भयाका जस्तो इन्द्रका चारै मुख प्रकाश भयाका जस्तो थियो। हे वीरोत्तम विभीषण, त्यो पुरुष को हो देखदै मात्रले वानर सबै दशदिशा भागि गया। हे विभीषण, मेरा मनमा त्यो कालस्वरूप यम भनि चितायौ। हे विभीषण, मलाई व्यक्तले सुनाउनुपर्छ भनि तेस् प्रकारले सर्वात्मा पुरुष भैरह्याका श्रीरामले त्यो दशग्रीव महातेजस्वी राक्षसेन्द्र रावणको पुत्र तस्को नाम अतिकाय भन्याको हो, सबै शास्त्रमा पनि निपुण श्रुतिधर अश्वस्कन्ध धनुर्विद्याले संयुक्त भै दशौं मन्त्र प्रदानले संयुक्त श्रेष्ठ हे श्रीराम, त्यो अतिकायको बाहुको बलप्रभावले लंकाराज्यमा निर्भयले रहन्थ्यो, धान्यमारि राक्षसिनीको पुत्र हो। त्यो अतिकायको बल-पनि एति उति भनि याहा छैन। तेस्ले पूर्वकालमा ब्रह्माको

तपस्या गर्थ्यो, तेस्का तपस्याले ब्रह्मा सन्तुष्ट भै आज्ञा गर्नुभयो, हे अतिकाय, तैले क्या भनि मेरो तपस्या गर्छस् ? तैले जो भन्छस् सो दिउँला भनि एस् प्रकारले ब्रह्माले आज्ञा भयाको सुनि त्यो अतिकायले हर्षमान गरि ब्रह्माका चरणमा स्तुति पूजा गरि वर माग्यो, हे ब्रह्मा, तपाईले वर प्रसन्न हुन्छ भन्या देव दानव, गन्धर्व, नाग, यक्ष, किन्नर ऋषिलोक दश दिकपालले मार्न नसकि शस्त्र-अस्त्र कवचकुण्डल आदि गरि प्रसन्न भया जावस् भनि वर माग्या र ब्रह्माले पनि तथास्तु भनि आज्ञा गर्दा भया, शस्त्र-अस्त्र कवचकुण्डल आदि गरिकन ब्रह्मा अन्तर्धान भैगया। ताहाँपछि अतिकायले ब्रह्मा वर पायेर उहिलेदेखि देव दानव, गन्धर्व, यक्ष राक्षसको श्रेष्ठ त्रैलोक्यमा जति भयाका सबैलाई ऋषिलाई भक्ष गरि राक्षसहरूलाई रक्षा गरिरह्यो। त्यो अतिकायको बाणले इन्द्रका वज्रको निस्तेज गर्थ्यो, वरुणको नागास्त्र पनि स्तम्भन गर्नु सामर्थ छ। तेस्ता राक्षसको श्रेष्ठ रावणको पुत्र त्रैलोक्यमा पनि त्यो समान बलियो कोहि छैन साक्षात् कालस्वरूप यमराजा जस्तो तेजले पनि अग्निसमान उनले लाईआयाको कवच-कुण्डल ब्रह्माले दियाको हो। हे रघुनाथ, तपाईले चाँडै यत्न गर्नुभया जावस् भनि त्यो अतिकायले सामान्य युद्ध गर्न्या छैन भनि तेस् प्रकारले विभीषणले श्रीरामका हजूरमा विन्ति गरिरहनु-भयाको वेलामा महाबलियो अतिकाय पृथ्वी दोलायमान गरि वानरसेनामाथि आई-लाग्यो। त्यो अतिकायले नाद गर्न्याको शब्द धनुटंकार शब्द गरि आयाको देखि वानर-हरू सबै भाग्या। तेस् प्रकारले अतिकाय रथमा चढि वानरहरूलाई लगार्दै ल्यायाको देखि महापराक्रमी कुमुद, द्विविद, मैंद, नील, सुरभि तिनहरूले शैलशृंग लि अघिबाट दगुरि गैकन अतिकायमाथि प्रहार गर्न्या तेस् प्रकारले आयाको शैल, शृंग, पाषाण अतिकायले देखि बाण प्रहारले व्यर्थ गरिदियो। तेस्ता पर्वत चूर्ण गरि समस्त विद्यामा चतुर अतिकायले पनि अनेक शस्त्र-अस्त्र अनेक वानरलाई प्रहार गरिदियो, कस्तो भन्या मेघले तेज वृष्टि गर्न्याजैं तेस् प्रकारले बाण प्रहार गरेर वानरहरू रक्तमय देह गरि वानरहरू अतिकायसित युद्ध गर्न नसकि सबै भाग्या। अतिकायले वानरहरू सबैलाई लगार्दै रह्यो। कस्तो अतिकाय भन्या आफुलाई प्रहार गरेन भनिठानि वानरलाई प्रहार गरेर तेस् प्रकारले महाबलियो अतिकायले प्रलयकालका अग्निले दग्ध गर्न्याजैं वानर सेना मारेर पृथ्वीमा वानरका रक्त मांसले व्याप्तमान भयो। सहस्र कबन्ध उत्पत्ति भयो, वानरहरूले पनि थाना छाडि भाग्न लाग्या, नाना प्रकारले वानरहरू मारि कोटि २ सूर्यसमान अतिकाय रामका समीपमा पुगिकन श्रीरामका अग्रमा पर्न लाग्यो।

हे राम, मेरा सन्मुख भै युद्ध गर्ने सामर्थ कसैको छ कि कालसमान धनुर्बाण ली रह्यो निर्गति त्यो वानरसित क्या युद्ध गरूँ, पराक्रमले तेजले पनि नपुग्याका संग्रामका मर्याद पनि नजान्या समस्तहरूसित युद्ध गऱ्यापछि इनहरूलाई मारेर मलाई जशकीर्ति होला भनि मछ्यौ काकुत्स्थ जस्तो मेरो समान बलियो पृथ्वीमा पनि दुर्लभ भनि एस् प्रकारले अतिकायले श्रीरामका अग्रमा अहंकारले गर्जमान गऱ्याको कुरा सुनि महातेजस्वी शत्रुमर्दन गर्न्या लक्ष्मणले अतिकायलाई आज्ञा गर्दा भया। हे पापात्मा अतिकाय, तैले क्या भनिस् क्या गर्ज गरिस्! महाशब्दले हास्य गरि धनु टंकार शब्दले गराई निधनु टंकार शब्दले राक्षसहरू सबैले त्रासमान गरि भाग्या। तेस्ता प्रकारले राक्षसहरू भाग्याको देखि लक्ष्मणका धनु टंकार शब्द पृथ्वीमा व्याप्तमान भै कल्लोल भयाको देखि अतिकायको चित्तमा विस्मय गरि बस्यो। ताहाँ पछि अतिकायले पनि लक्ष्मण आपना अग्रमा आयाको देखि भन्न लाग्यो, हे लक्ष्मण, मसित युद्ध गर्नानिमित्त तिमि आउ, मछेउँ काल रुद्र जस्तो त्रैलोक्यको देवताहरूले पनि मसित युद्ध गर्नसामर्थ यियेनन् तिमिले ता क्या सक्ला! युद्धमा मर्याद पनि नजान्या चाँडै फिरिजाउ। हे लक्ष्मण, मेरा बाण कस्ता हुन् भन्या वज्रसमान एस्ता बाणका प्रहार हिमालय आदि आकाश पृथ्वीले पनि सहनु सकेनन्। हे लक्ष्मण, मेरा बाण कस्ता हुन् भन्या तिमिले क्या सहनु सकियेला, ऐल्हे चाँडै भागिजाउ क्या आपना ज्यू मार्नु लाग्यो। आपना प्राण भयासम्म अनेक छन्। हे लक्ष्मण, तिम्रा मनमा मसित युद्ध गर्नुको इछा भयाको देखि आपना सुघले प्राण छाडि यमद्वारमा सुघले बस्न जा अथवा तिम्रा मनमा मँसंग संग्राम गर्छु भन्या मेरा अत्यन्त बांका इन्द्रका वज्रले पनि मार्न सकेन। कालसमान शत्रुको रक्तपान गरिरह्याको हे लक्ष्मण, यो बाण देख्यौ कि हेर, परमेश्वरका हातमाको पाशुपतास्त्र जस्तो सुनकांचनले भूषण गरिराख्याको कालसर्पसमान एस्ता बाणले तिम्रा शरीरमा रक्तपान गर्ला सिंहले मत्तहातिको रक्तपान गऱ्याजैं। हे लक्ष्मण, तिमि मार्नकन मेरा कय कष्ट तँ बाकस भयो र पो मैले बाण प्रहार नगरि रह्या। तेरो मनमा मेरो बाण प्रहारले मर्नु इछा भयादेखि मलाई जश कीर्ति मात्र छैन हे लक्ष्मण, अत्यन्त जुऊनु इछा भया तेरो अघ्यारै, जति भयाका बलले मेरो शरीरमा बाण प्रहार गर। ताहाँपछि तेरा पराक्रम देखिकन, मेरा बाण प्रहार गरि चाँडै तँलाई यमपुरिमा पठाईदिन्छु भनि तस्ता प्रकारले महाबलियो अतिकायले भन्याको बचन सुनि सुमित्राको पुत्र, श्रीरामका मनमा आनन्द गराउन्या शत्रुहंता लक्ष्मणले भया पनि अत्यन्त क्रोध साम्य गरि अतिकायको मुख हेरि आज्ञा गर्दा भया। हे दुरात्मा अतिकाय, किन तेसो कुरा

गरिस्, संग्रामविषयेमा शूरो हुन्याले तेस्तो गर्ज गरैन, सत्पुरुषको मर्यात होईन। आफ्ना आत्माको प्रशंसा आफैले गर्न्या तँ हे दुरात्मा, मैले तेरो प्राण लिउँला भनि धनुर्बाण लिरह्यौं। तैले कुरा गर्न्याको जस्तै पराक्रम गरि प्रहार गर्न जानेन कि, कोहि पुरुषले पनि शत्रुका अग्रमा अहंकार गरेन। हे पापात्मा, मैले निको गरि सुनाउँछु सुन, कोहि पुरुषले पनि संग्राममा गर्दैन, संग्राममा सुषि र पराक्रमी तेस्तोलाई पो भन्नु, धन्य २ अब तैले बलले संयुक्त गरि धनुर्बाण लियेर मलाई प्रहार गर्न्या बेला भयाको छैन कि! हे दुर्मति, त्रैलोक्य पनि जिति रह्याछु भन्न्याले नाना प्रकारले गर्ज गर्नु क्यान, तेरो सबै शस्त्र अस्त्र आदि गरि मलाई प्रहार गर, उस्बेलामा तेरो प्रहार हेरिकन मेरो बाणले तेरो अति राम्रो शिर छेदन गरिदिउँला। कस्तो भन्या बायुले तालवृक्ष ढल्याऊँ तेरो शिर पृथ्वीमा राषि जम्बुक आदि गृध्रलाई पुवाउँला। हे पापात्मा, मेरा बाण साक्षात् कालस्वरूप जस्ता धेरै काल भयो मेरा बाणको तृषा भयाका। यो बाण कस्तो भन्या मनुष्यमा यमराजा जस्ता रणबांछा गरिरह्याको आज यो मेरो बाणलाई तेरो रक्त पुवाउँछु। हे दुरात्मा, तैले मलाई बालष भन्छस् बालष भया पनि तृष भया पनि रणभूमिमा पुग्यापछि कालतुल्य तैले विचार गरि हेर। हे राक्षस, अधम मेरा एकैबटा बाणले तँलाई मार्न सामर्थ छ। मेरो पुरुषार्थ भया मलाई अघ्यारै बाण प्रहार गर, ताहाँपछि मेरा बाण प्रहारले तँलाई मारि यमपुरि पठाई दिउँला भनि तेस् प्रकारले हेतु संयुक्त बचनले अतिकायलाई आज्ञा गर्दा भया। ताहाँपछि अतिकायले लक्ष्मणको बचन सुनि अत्यन्त क्रोध गरि उत्तम बाण लियेर प्रहार गर्न्यो। तेस् बेलामा स्वर्गमा रह्याको देव गन्धर्व सबैले हेरिरह्या। त्यो अतिकायले प्रहार गर्न्याको देषि कालज्ञ लक्ष्मणले पनि अर्धचन्द्र बाण प्रहार गरि आकाशैमा खंड २ गरिदिंदा भया, कसो भन्या सर्पको शरीर खंड गर्न्याऊँ त्यस् प्रकारले गर्न्याको देषि अतिकायले अत्यन्त क्रोध गरि सर्पसमान बाण पाँचवटा झिकि लक्ष्मणमाथि प्रहार गरिदियो। त्यो बाण आयाको देषि लक्ष्मणले पनि तेजले संयुक्त भै कालरुद्र जस्तो भै खंड २ गरि षसालिदिईकन अति युद्ध भयेर कालस्वरूप बाणले अतिकाय-को मस्तकमा प्रहार गर्दा भया। ति लक्ष्मणका बाण लागि रक्तधार बहाई अतिकाय मूर्छा भैरह्यो, कस्तो भन्या परमेश्वरका बाणले त्रिपुरासुर संग्राममा मोह भया जस्तो पर्वतबाट धातु निस्क्याऊँ रक्त बहाई अतिकायले पनि चित्त दृढ गरि भन्न लाग्यो। हे लक्ष्मण, धन्य २ तिम्रा बाक्य पराक्रम भनिकन अतिकाय दिव्य रथमा बसिकन हस्त बाहु दृढ गरि भन्न लाग्यो। ति दुवै कस्तो भन्या साक्षात् काल यम सिंह शार्दूल जस्तो व्याघ्र हस्ति

जस्तो कालाग्नि जस्तो दुवैले महाकल्लोल युद्ध गऱ्या । सातवटा वाण लियेर लक्ष्मणमाथि प्रहार गऱ्या । त्यो वाण कस्तो गरि गयो भन्या कालसर्प गयाजैं आयाका वाण देखि लक्ष्मणले पनि चित्त दृढ गरि तीक्ष्ण २ वाण प्रहार गरि अतिकायको वाण प्रहार गरिदिनुभयो । तेस् प्रकारले आफ्ना नाना वाण व्यर्थ गरिदियाको देखि अतिकायले पनि अत्यन्त क्रोध गरि कर्ा २ वाण लियेर फेरि लक्ष्मणमाथि प्रहार गऱ्यो कसो भन्या वर्षाकालमा जलवृष्टि भयाजैं आकाश पनि व्याप्त भै दश दिशा पृथ्वी पनि वाणले छोपि अन्धकार भयो । तेस् प्रकारले कालस्वरूप अतिकायको वाणले लक्ष्मण छोपिराख्याको देखि वानरहरू सबै भाग्या, त्रासमानले भाग्यापछि कालज्ञ लक्ष्मणले पनि भरतका अनुजन वेगवन्त वायव्यास्त्र लिनुभयेर प्रहार गरि त्यो वाणका जाल पन्साईदियो, कसो भन्या मेघसमूह वायुले उडाई लैगयाजैं तेज प्रकाशमान भै लक्ष्मण पनि देखनुभयो । तेस् प्रकारले लक्ष्मण देख्या र भागि गैरह्याको वानर सबै फिरि आउनुभैकन हर्षमानले पृथ्वी कम्पमानले नाद गऱ्या । तेस् प्रकारले वानरका नाद शब्द सुनिकन लक्ष्मणका पराक्रम देखिकन अतिकायले अत्यन्त क्रोध गरिकन चौडै वाण झिकिकन लक्ष्मणका हृदयमा वाण प्रहार गरिदियो । तेस् प्रकारले वाण प्रहार गरेर वाण हृदयमा लागि रक्त वहाई मुहूर्तमात्र लक्ष्मण मूर्छा भै भूमिमा पल्ट्या । ताहाँपछि लक्ष्मणको चेष्टा भयो र चित्त दृढ गरि आफ्ना शरीरमा लाग्याको वाण उखेलि फालिकन अत्यन्त क्रोध गरिकन महाअघोर अग्न्यास्त्र वाण लियेर मन्त्र गरि प्रहार गर्दा भया। ति वाण कसो गरि गयो भन्या आकाश सुद्धा जाज्वल्यमान गरि अग्नि गयाजैं गयाको वाण अतिकायले देखि चौडै शैल वाणले प्रहार गऱ्यो। एस् प्रकारले दुवै वाण यमदण्डतुल्य आकाशमा जुझ्या र अग्नि र सूर्य जस्तै त्रैलोक्य पनि प्रकाश गरि दुवै वाण पृथ्वीमा पर्‍या । दुवै वाण तेस् प्रकारले भया र महाबलियो अतिकायले पनि अत्यन्त क्रोध गरि उत्तम ऋषिका शस्त्र वाण प्रहार गऱ्यो । तेस् प्रकारले वाण प्रहार गरि ल्याथाको देखि लक्ष्मणले पनि इन्द्रको वाण प्रहार गरि खण्ड २ गरिदिंदा भया । तेस् प्रकारले आफ्ना वाण व्यर्थ गरिदियाको हेरिकन राक्षसेन्द्र रावणको पुत्र अतिकायले अत्यन्त क्रोधले लाल २ नेत्र गरि यमास्त्र मन्त्रले प्रयोग गरि लक्ष्मणमाथि वाण प्रहार गरि आकाशैमा खण्ड २ गरि पसालिदिया । आफ्ना वाण व्यर्थ गरिदियाको देखि अतिकायले चित्तमा अत्यन्त क्रोध गरि लक्ष्मणलाई मार्नु निश्चय गरि शरवृष्टि गरिदिया मेघले जलवृष्टि गरिदियाजैं, तेस् प्रकारले दुवै सिंह शार्दूल रह्या जस्तै काल यम मृत्यु रह्याजैं जय पराजयले पृथ्वीमातालै भारा बोक्नु सक्याजैं त्रैलोक्य पनि कम्पमान गरि नाद गरि अत्यन्त हास्य गरिरह्या । ताहाँपछि

शत्रुहन्ता लक्ष्मणले तीक्ष्ण आशीविष सर्पसमान वाणले तेस्ता वाण प्रहार गरि अतिकायले वाण प्रहार गरिल्यायाको वाण व्यर्थ गरिदिंदा भया। ताहाँपछि एउटा वाण लियेर अतिकायको वचनमा प्रहार गरिदिनुभयो, तेस् प्रकारले वाण प्रहार गरेर कवच वाणले केहि गर्न सकेन र त्यो वाण पृथ्वीमा पस्यो। तेस् प्रकारले आफ्ना वाण व्यर्थ गरिदियाको देखि लक्ष्मणले अत्यत क्रोध फेरि वाण प्रहार गर्दा भया। ताहाँ अतिकायले पनि लक्ष्मणको वाण व्यर्थ गरिकन कालमेघ सदृश अतिकायले पनि आशीविषसमान वाण लियेर लक्ष्मणका मर्मस्थानमा प्रहार गऱ्यो। त्यो वाण लागि लक्ष्मण अचेष्टा भै पृथ्वीमा परिरह्या। ताहाँपछि शत्रुहंता लक्ष्मणको मुहूर्त्तमात्रपछि चेष्टा भया र जुरूक उठ्नुभयो र दृढ चित्त गरिकन उत्तम २ वाण चारवटा जिक्यार प्रहार गर्नुभयो। त्यो वाणले पापात्मा अतिकायको ध्वजा सारथि घोडा-सहित गरि रथ चूर्ण भयो, तेस् प्रकारले लक्ष्मणले आफ्ना रथ चूर्ण गरिदियाको देखिकन अति-कायले रक्त नयन गरि रथ चूर्ण भयाको हेरि अत्यंत क्रोध गरि लक्ष्मणमाथि शरवृष्टि गरि-दियो। तेस् प्रकारले आफ्नु माथि शरवृष्टि गऱ्याको देखि महाबलियो लक्ष्मणले पनि वाण प्रहार गरिदिया र आकाशैमा खंड २ गरिदिंदा भया, फेरि अतिकायकाई मार्नानिमित्त तीक्ष्ण २ वाण प्रहार गरिदिया र तेस् प्रकारले वाण प्रहार गऱ्या। तेस् वाणले पनि अतिकायको शिरमा छुनु पनि सकेन र त्यो हेरिकन लक्ष्मण अत्यन्तरहँदा भया। राक्षस सबैले पृथ्वी कंपमान गरि नाद गऱ्या, तेस्वेलामा वायु देवता गुप्तले आउनुभैकन आज्ञा गर्नुभयो। हे लक्ष्मण, त्यो पापिष्ठ अतिकायले ब्रह्माको वर पायाको थियो, अरू कवच छेदन गर्न सक्न्या कवच लाईराख्याको निमित्तले पो हो। नाना शस्त्र अस्त्रले पनि मार्न नसक्याको अब ब्रह्मास्त्रले प्रहार गर्नुहुन्छ्स्। ति ब्रह्मास्त्रले निश्चय मार्नेन् भनि वायुदेवताले लक्ष्मणलाई सुनाउनुभयो। ताहाँपछि इन्द्रसमान लक्ष्मणले वायुदेवताको आज्ञा जस्तै ब्रह्मास्त्र लिया र, ब्रह्माको मन्त्र पढि धनुष धनुमा जोरिराख्या। तेस् वेलामा ति वाणका प्रभावले पृथ्वी आकाशमा चन्द्र सूर्य ग्रह नक्षत्र तारादि सिद्धि शांति सबै कम्पमान भया। देवताहरू सबै लक्ष्मणका जय हुस् भनि आशीर्वाद दीरह्या। तेस् वेलामा लक्ष्मणले पाशुपतास्त्र लि महारुद्र जस्तो रहन्थ्यो, तस्तै जाज्वल्यमान भैकन पापात्मामाथि ब्रह्मास्त्र वाण प्रहार गरिदिंदा भया। ति ब्रह्मास्त्र कसो गरि गयो भन्या त्रैलोक्य पनि प्रकाशमान गरि प्रलय कालको कालाग्नि गयाजैं, तस् प्रकारले आयाको देखि ब्रह्मास्त्रवाण व्यर्थ गर्नानिमित्तले अनेक वाण प्रहार गरेर त्यो वाण प्रहारले पनि ब्रह्मास्त्र वाणलाई केहि गर्न सकेन र अतिकायको मनमा त्रासमान

गरेर फेरि चाँडै शक्ति प्रहार गरेर त्यो शक्ति पनि व्यर्थ गरि आयो र अतिकायले पनि कुठार मुशलले प्रहार गऱ्यो । त्यो शस्त्र अस्त्र सबै ब्रह्मास्त्रले व्यर्थ गरिदियार पापात्मा अतिकायको चारैवटा मस्तक अत्यन्त शोभायमान भयाका कुण्डलसहित छेदन गरि पृथ्वीमा पसालिदिया, कसो भन्या हिमालय पर्वतको शृंग-इन्द्रका वज्र प्रहार लागि पस्या जस्तो । रोईकन लंकाभित्र गैकन रावणकन सुनाउनु गयो । ताहाँपछि तेजस्वी श्रीरामका भ्राता लक्ष्मणले पापात्मा त्रैलोक्यका कंटक अतिकाय माऱ्याको देखि देवताहरू सबैले दुन्दुभि वाद्य बजाई नृत्य गीतादि गाई पुष्पवृष्टि गरिदिंदा भया, धन्य २ लक्ष्मण भनि वानर सबैले हर्षमान गरिकन एकै तालले नाद गऱ्या । श्रीरामले पनि अति प्रिय भावनाले आफना भ्राता लक्ष्मणलाई अंकमालिका गर्दा भया, अनेक चुम्बनादि गरि सुखका आँसु खसालि नाना मान्य पूजा गरि वानरसहितले आनन्द गरि रहनुभयो भनि श्रीमहादेवले कैलाशविषये पार्वतिलाई सुनाउनुभयो । हे पार्वति, जुन् मनुष्यले ब्रह्मापद पाउन्या अतिकायलाई माऱ्याको कथा सुन्लान् श्रीरामले लक्ष्मणलाई आलिंगना गऱ्याको कथा सुन्लान् जस्ले सुन्नान् तिनहरू सबैका शत्रु नाश गरिकन अन्तकालमा सुख प्राप्ति होला, समस्त पाप पनि नाश भै मुक्तिपद प्राप्ति होला भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाडे अतिकायवधो नाम सर्गः ॥ ३६ ॥

४०

श्रीशिव उवाच—हे पार्वति, तहाँपछि लक्ष्मणले अतिकायलाई माऱ्याको देखिकन बाँकि रह्याका राक्षसहरू सबै भागि गया र रावणको हजूरमा रोईकन विन्ति गर्न लाग्यो । हे महाराज रावण, तपाञ्चिका भ्राता पुत्र देवान्तक नरान्तक महोदर महापार्श्व त्रिशिरा अतिकाय ति सबै संग्राममा माऱ्या भन्यो र त्यो कुरा सुनि रावणका दुःखले अचेष्टा भै पृथ्वीमा पल्टिरह्यो । ताहाँपछि चेष्टा भयेर सिंहासनमा बसि अत्यन्त शोकले नेत्रबाट आँसु चुहाई केहि भन्न नसकिकन रह्यो । ताहाँपछि रावणले शोक गऱ्याको देखि सभामा बस्याका राक्षसहरू मन्त्रिहरूसहित गरिकन अतिकायलाई माऱ्याको कुरा सुनि महा दुःख मानुर्नु कथान हतूपताउनुहुन्छ, म जिया-

कै लु चित्त हर्षमान गर्नुहवस् , संग्रामविषयेमा कालस्वरूप पो हुन् । मेरा बाणले प्रहार गर्दा केहि बाचन्या छैन, कसैले सहनु सक्तैनन् । हे महाराज रावण, तपाञ्चिले मेरा पराक्रम देषनु-भयाजावस् । हे महाराज, मैले पराक्रम प्रतिज्ञा गऱ्याको अवश्य हुन्छ । दैवले विपरीत गरि पठायाका रामलक्ष्मण वानरसहित मैले पुरुषार्थ गरि निश्चयले मारूँला । हे पिता रावण, सुन्नुभयाजावस् , इन्द्र रुद्र यम विष्णु नाग सिद्धिगण अग्नि चन्द्र सूर्य देवता आदि सबैले पनि देषाई पराक्रमले राम लक्ष्मणलाई मारूँला, ताहाँपछि तपाञ्चिले भया पनि निमित्त गरिकन राज्य गर्नुभयाजावस् । हे महाराज, यस्ता वेलामा क्यान दुःख शोचन गर्नुहुन्छ ? त्यो दुःख सबै छाडिकन मलाई आशीर्वाद दिनुभयाजावस् , म भैल्हे गैकन तपाञ्चिका शत्रु राम लक्ष्मण वानरसहित चूर्णभूत गरि आउँछु भनि एस् प्रकारले महाबलियो मेघनादले रावणलाई भरोसा-दिकन नुहुक् उठेर रावणलाई प्रदक्षिणा गरिकन जान लाग्यो । तस् वेलामा रावणले पनि आशी-र्वाद दीकन पठायो । ताहाँपछि मेघनाद एक हज्जार १००० घोडा जोडिराष्याको रथमा चढि रह्यो । त्यो रथ कस्तो भन्या मध्याह्नका सूर्य जस्तो तेज अग्नि जस्तो जाज्वल्यमान गरिकन शस्त्र अस्त्रले पनि संयुक्त इंद्रको रथसमान तेस्ता रथमा चढि अनेक दिव्य२ कवच कुंडलले भूषण गरि ध्वजापताक छत्र आदि गरि द्वादश सूर्यका जस्तो तेज गरि प्रकाश गराई अनेक राक्षस सेनासहित गरिकन महाहर्षले नाद गरि नाना शस्त्र लियेर, मंगल वेद घोषादि शब्द गराई शंख भेरी नाना वाद्य बजाउन लाई रणभूमिमा गयो । कसो भन्या पूर्ण चंद्रमा आकाश-विषयमा शोभा भया जस्तो छत्रले शोभायमान भयाको सुवर्णादि अलंकार लाई राक्षस-हरूको पनि रत्नमय गहना लाई जुन् मेघनादको तेजले जाज्वल्यमान गरि आकाशमा सूर्यका जस्तै तेज निकासि सूर्यका किरण प्रकाश भया जस्तो गरि युद्धभूमिमा पुग्न गयो । तेस् प्रकारले पृथ्वी कंपमान गरि गया र तेस् वेलामा रथवाट वहिकन राक्षसहरूले रथको सहार गराईकन राखि मेघनाद मात्र अरू ठाउँ गैकन अग्नि आवाहना गरि होम गर्न लाग्यो । तस्तो वेलामा होमकुण्डवाट रातो पगरिले बाँधिकन तीनजना अग्निकुंडवाट माथि आया, शस्त्र अस्त्र समिधा रक्तवस्त्रादि, यज्ञको विधान ल्याईदियो, अग्निको समीपमा शस्त्र राष्याको देषि मेघनादले कृष्ण छागको रक्तसंग मिसाईकन मंत्र गरि त्यो बाण अग्नि होम गऱ्यो । तेस् प्रकारले गरिसक्यापछि अग्नि विसर्जन गऱ्यो । तेस् वेलामा अग्निले भया पनि मेघनाद लाई जय गराउनानिमित्त चिन्हा गर्नानिमित्त चिन्हा देषाई दक्षिणावर्तले अग्नि वल्यो, सुनको वर्ण जस्तै गरि तेस् प्रकारले वल्यो र अग्निले भया पनि ब्रह्मास्त्र धनु रथ कुंडलवाट

माथि आउनुभैकन दिया । तेस् प्रकारले मेघनादलाई अग्निले धनुर्बाण दियाको देखि आकाश-विषये चंद्र सूर्य ग्रह नक्षत्र तारा देवताहरू सबै त्रासमान भैकन पृथ्वी पनि कंपमान भयो। तेस् वेलामा मेघनादको क्षुधाले पीडा भयो र नाना वस्तु भक्ष भोग दिगयो । ताहाँपछि धनु लियेर मेघनादको मनोवांछा जस्तै ब्रह्मास्त्र धनु रथ पायेर यज्ञ संपूर्ण गरिकन रथमा चढ्यो । त्यो रथ कस्तो थियो भन्या रत्नमय ध्वजा पताका संयुक्त कोटि सूर्यको जस्तो तेज अन्तर्धान पनि हुनु सामर्थ महापराक्रमी कालमेघसमान रावणको पुत्र मेघनाद नाना रत्न-मय गहना आदि किरिटी कुंडल भूषण गरि तेजले पनि इन्द्रसमान मेघनाद रथमा चढिकन अत्यंत शोभायमान भयो । जाम्बु वानरसमान कवच लाई ब्रह्माले वर प्रसाद दि प्रतिपालन गरिराख्याको विषये दुर्जय भयाको मेघनाद हर्षमान गरि रथमा चढि यज्ञ संपूर्ण गरिकन-वाहिर निस्क्यो । तेस् प्रकारले आई राक्षसको मध्यमा वसिकन मेघनादले महाभयंकर वाक्यले बोल्न लाग्या । हे राक्षस, आजका दिनमा पापात्मा राम लक्ष्मण दुवैलाई संहार गरिकन लंकाको राजा मेरा पिताको चित्तमा शांत गराउँछु, ति दुवै पुरुष निश्चयले मारूँला । हे राक्षस, राम लक्ष्मण दुवैलाई मारूँला हेरिरहु, भनि मेघनादले तेस् प्रकारले शस्त्र अस्त्र लियेर मायाले अन्तर्धान भयो, मेघसमूहमा सूर्य वस्याझैं वसि वानर सेनामा अनेक शर वृष्टि गरिदियो । नील मेघले जलवृष्टि गर्‍याझैं वसि वानर सेनामा अनेक शरवृष्टि गरिदियो । नील मेघले जलवृष्टि गर्‍याझैं वृष्टि गरिदिया र वानरको शरीरमा वाण प्रहार लागि रक्त धारा वहाई महादुःखले पीडा भयो र हाहाकारले कराई रोईकन वानरहरू मर्‍यो, कति वानर मर्‍या, रामका सेवक महापराक्रमी एक २ जनाले पृथ्वी सुद्धा जितनु सामर्थ हुन्या तेस्ता वानरहरू कोटि २ लाई मार्‍यो र पापात्मा मेघनाद अन्तर्धान भै रह्यो, कसो भन्या इन्द्रका वज्रले पर्वत मार्‍याझैं मारि राख्यो, अरु शेष रह्याका वानर वान लागि शरीरवाट रक्त वहाई परिरह्या । तेस्ता प्रकारले मेघनादवाट मायाले आकाशमा कसैले देखन नपाईकन वसि पापात्मा मेघनादले दश दिशा भागमा शर वृष्टि गरिकन, अन्धकार रात्रि जस्तो गर्‍यो । तेस्ता वेलामा पराक्रम भयाको देखिकन अत्यन्त हर्षमान गरि युद्धमा महावीर २ वानरहरूका महासंतापले रह्या । कसैले देखन नपाईकन आकाशमा वसि पापात्मा मेघनादले वानरहरू मार्‍याको देखिकन अत्यन्त हर्षमान गरिकन फेरि त्रिशूल गदा खड्ग परशु आदि वानरमाथि प्रहार गरिदियो । त्यो शस्त्र अस्त्रले पीडा भयेर अनेक वानरहरू मर्‍यो, कसो भन्या ठुलो शाल वृक्ष हल्याझैं परिरह्यो, वीर २

वानरहरू सबै कराईरह्या, कसैले आकाशमार्थि पररिह्या, कोहि प्राण त्याग भै परिरह्या, कोहि जीव मात्रै बाँचिरह्या वानरको राजा सुग्रीव प्रमुख अंगद हनुमान, गन्धमादन जांबुमादन, जांबुराज पनि मैंदन, द्विविद, नील, गवाक्ष गोमुख गयन तारय पंचयूथ तेस्ता २ वानरहरू सबै राक्षसको श्रेष्ठ मेघनादले नाना शस्त्र अस्त्र प्रहार गरेर वानरको विष लागि रह्या। फेरि मेघनादले सुवर्णखङ्ग बाण राम लक्ष्मणलाई प्रहार गरि, अनेक शरवृष्टि गरि-दियो : मेघ समूहमा पर्वतविषये पऱ्याजैं तेस् प्रकारले मेघनादले शरवृष्टि गऱ्याको देखि श्रीरामले अद्भुत मानि लक्ष्मणलाई आलिंगना गर्दा भया। हे भ्राता लक्ष्मण, त्यो पापिष्ठ मेघनादले ब्रह्मास्त्र आवाहना गरि त्यो बाणले वानर सबै मार्‍यो। मायामार्थे रथमा चढि अन्तर्ध्यान भैकन नाना प्रकारले दुःख दियो। अब कसो गरूँ, ब्रह्माको वर पाईकन आकाशमा अदृश्य भै बसिकन अब त्यो पापात्माकाई हामिले कुन् प्रकारले प्रहार गर्न्या हो। हे भ्राता लक्ष्मण, यो पापात्मा मेघनादले पूर्वकालमा स्वयभू ब्रह्मा आवाहना गरि कसैले मोहन गर्नु नसक्न्या शस्त्र अस्त्र आदि गरि वरप्रसाद पायाको थियो। तेस्ता मेघनादले प्रहार गरि-ल्याकाको देखि रावणको चोट सहनुलाई तिमि हामिले चित्त स्थिर गरिकन बस। हे लक्ष्मण, त्यो पापिष्ठ मेघनादले पनि दक्षदिशा भागमा पनि शरवृष्टि गरि ल्याउँछु भनि श्रीराम लक्ष्मण, त्यो दुई तेस् प्रकारले कुरा गरिरहँदामा मेघनादले श्रीराम लक्ष्मणमाथि, अत्यन्त कर्रा बाण प्रहार गरि ल्यायो। त्यो बाण लागि पीडा भयो र मोहले श्रीराम लक्ष्मण दुवै पृथ्वीमा परिरह्यो। तेस् प्रकारले रहनुभयाको देखि ताहाँ मेघनादले हर्षमान गरिकन पृथ्वी कम्पमान गऱ्यो। तेस् प्रकारले मेघनादले श्रीराम लक्ष्मण सुग्रीव प्रमुख वानर सबै बाणले पीडा भै पृथ्वीमा मोहले अचेष्टा जस्तो गरि परिरह्याका तिन्हरू सबै भऱ्यो भनिठानि मेघनादले आफ्ना सैन्य सबै पछि २ लाई चाँडै लंका फिरिगयो। तेस् प्रकारले गैकन राज-गृहमा पुग्यार सिंहासनमा बस्याको रावणलाई प्रदक्षिणा गरि बस्यो। तेस् वेलामा रावणले भया पनि मेघनाद फिरि आयाको देखि महाहर्षमानले भन्न लाग्यो, हे पुत्र मेघनाद, तँ गयाको कार्य्य कसो भयो, मेरा शत्रु राम लक्ष्मणलाई मारि आयाको अथवा मऱ्याको छैन कि भनाई सुनाउ भन्यो र ताहाँ मेघनादले विति गर्न लाग्यो। हे महाराज रावण, तपाश्रिका शत्रु राम लक्ष्मण वानरसहित सबैजाई मारिआयाँ भन्या र त्यो कुरा सुनि रावणका मनमा अत्यंत हर्षमान भयेर नाना मान्य गरि अनेक प्रसाद दियो फेरि भन्न लाग्यो। हे पुत्र मेघनाद, तिम्रा

कृपाले मलाई सत्रुको भय सकियो भनि तेस् प्रकारले आनन्दले लंकाराज्यको रक्षा गरि वस्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे इन्द्रजित युद्ध नाम सर्गः ॥४७॥

४९

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि पापात्मा मेघनादले श्रीराम लक्ष्मण सबै वानरलाई प्रहार गरि सुग्रीव नील जांवुवान सबै मोहले मूर्छित भयाको देखि बुद्धिमान विभीषणले उत्तम वचनले वानर सबैलाई आज्ञा भयो। हे वीर वानरहो, तिमिहरू सबै कयान डराउँछौ नडराउर भयकन छाडि निश्चित गर्नुहवस् । हे वानर, एस्ता ठाउँमा भय मानिरहन्या वेला होईन हामिहरूको स्वामी श्रीराम लक्ष्मणकन केहि भयाको छैन, नहतुपताउ, ब्रह्मास्त्रले पीडा गरेर मोहले मूर्छा भैरहनुभयो मऱ्याको छैन बाँच्याकै छ । हे वानरहो, ब्रह्माले मेघनादलाई दिराष्याको ब्रह्मास्त्र सहनु भैकन श्रीराम लक्ष्मण रहनुभयो भनि सबै वानरलाई भरोसा दीकन हनुमान भयाका जग्गामा गया हनुमानले पनि ब्रह्मास्त्रको चोट सहिकन विभीषणलाई देखि आज्ञा भयो । हे विभीषण, मैले पनि ब्रह्मास्त्रको आदर गरेर व्यथा मथन भैगयो, अब तिमि हामि दुवैले एसै वस्तु होईन वानरहरू सबैलाई आश्वासन गर्नु हिंड भनि रात्रिको समयमा बत्ती बालि हिंड्न गया । कोहि वानरका शिर छिन्न भयाका कोहि वानरहरूका हस्तपाद छिन्न भैरह्याका नाना प्रकारले छेदन गरिराष्याका पर्वताकार देह वानरहरू पृथ्वी शुद्धा छोपिरह्या, महाभयंकर पृथ्वी भैरह्यो । पापात्मा मेघनादले ब्रह्मास्त्र प्रयोग गरि असंख्य वानरहरू मरि रह्याको हेरि विभीषण हनुमानका चित्तमा विषाद भैरहनुभयो । सप्तसष्टि ६७ कोटि वानर दिनको अष्ट भागमा मारिराष्याको देखिकन सुग्रीव अंगद नील शरभ गंधमादन जांवुवान सुषेण वेगद सिनरज्योति मैंद द्विविद तेस्ता २ वीर वानरहरू ब्रह्मास्त्रका प्रभावले मऱ्याजै रह्या तेस्तै हेरिकन जाँदा २ विभीषण हनुमान जांवुवान रहनुभयाका ठाउँमा पुग्नुभयो । ति जांवुवान कसो रहनुभयो भन्या वलिरह्याको अग्नि साम्य गरिराष्याकोजैं तेस्ता ब्रह्माको पुत्र जांवुवाणको समीपमा जानुभैकन विभीषणले भन्न लाग्यो । हे जांवुवाण, तपाञ्चिको ज्यू

बाच्याँको छन् कि छैन तपाँलि कुशल नहोला भनि आहि २ भनि विभीषणले भन्यो र त्यो वचन सुनि ताहाँ वानरको श्रेष्ठ जांबुवाणले महाक्रोधले चिन्तना गर्नुभयो, कस्तो आश्चर्य म यस्तो ज्यूको महाकष्टले प्राणान्त भैरह्याको ठाउँमा मलाई अघ्यारै विचार गर्नु आयो भनि क्रोधले विभीषणलाई आज्ञा गर्नुभयो । हे विभीषण, तिम्रा स्वर मैले व्यक्त गर्न सक्तैन, मेरा शरीरमा तीक्ष्ण २ बाण प्रहार लागेर यो व्यथाले आँपाले देख्तैन । हे विभीषण, अग्निको पुत्र वायुका वीर्यले जात भयाको हनुमान कुशल छ कि छैन भन्यो र ति वचन सुनिकन विभीषणको चित्तमा चिन्तना गरि भन्न लाग्यो । हे जांबुवाण, जस्का निमित्तले हामिहरूका जीवले कष्ट पायाको राम लक्ष्मणलाई विचार नगरि हनुमानलाई कसो विचार गर्नुभयो । हे जाम्बुवाण, म लक्ष्मण सुग्रीव अङ्गद तिनीहरूको विचार नगरि अघि हनुमानको विचार गर्नुभयो ठुलो स्नेह छ भन्या र विभीषणको त्यो वचन सुनि त्यो जांबुवाणले भन्न लाग्यो । हे मूर्ख विभीषण, मैले हनुमान कुशल छ कि भनि सोध्याको कारण सुन । हनुमानका प्राण रक्षा भयाको भया ति वानरहरू सबैको पनि प्राण रक्षा हुन्छ । अघ्यारै हनुमानलाई विचार गऱ्या भनि तन्ले सबैलाई उद्धार गर्नुहोला भन्या र ति वचन सुनि विभीषणले चित्तमा विचार गरि भन्न लाग्यो । हे जाम्बुवाण, हनुमान कुशल छन् भन्यो र ताहाँ हनुमान भया पनि अघिवाट जानुभैकन भन्न लाग्या । हे जाम्बुवान, म कुशल छन् भनि आज्ञा भै नमस्कार गरि रहँदा भया । ति हनुमानका वचन सुनि व्यथाले पीडा भैरह्याको हनुमान जांबुवानले पुनर्जन्म भयो भनिठानि आज्ञा गर्नुभयो । हे हनुमान, तिमिले ति सबै वानरका प्राण रक्षा गर, एति वानरको गति तिमिविना पराक्रमी कोहि छैन । हे वीर हनुमान, तिम्रा पराक्रम देखि सबैले भजना गराई-रहन्या अब तेस्ता ठाउँमा तिमि अब राम लक्ष्मण आदि सबै वानरको प्राणरक्षा गरिदिनुहुस्, तिमिले औषधि गरिकन ठुला यश प्राप्ति लेउ । हे वीर हनुमान, तिमि आकाश मार्गले गैकन हिमालय पर्वतमा ऋषभ पर्वत तन्को समीप कैलाश ति दुवैको मध्यमा औषधि छियो । ति पर्वत कसो गरि रह्यो भन्या औषधि संपूर्ण जाज्वल्यमान भैरहन्थ्यो, तेस्ता ठाउँमा चाँडै जा । हे वीर, ति पवतमा औषधि हुनान्, ति औषधिका प्रभाव कस्तो भन्या विकसल्यकरणी मृति संजीवनी त्यो औषधिले बाण आदि शरीरमा भित्र अट्किरह्याको निस्कन्छ, फेरि सुवर्ण कर्णिको प्रभावले घाउ सानु गरिदिन्छ, ति औषधि छियार तिमि चाँडै फर्क । हे हनुमान, त्यो औषधि ल्यायेर राम लक्ष्मण सुग्रीव आदि वानर सबै रक्षा गर भनि तेस् प्रकार जांबुवानले आज्ञा भयो र ति वचन सुनि पुंगव हनुमानले पनि आज्ञा गर्नुभयो । हे जांबुवान, तपाँलिका

आज्ञा जस्तै चाँडै म गैकन कार्य गरूँला भनि जांबुवानलाई नमस्कार गरिकन आफ्नु शरीर ठुलो गराईकन वलले पनि संयुक्त भै त्यो हनुमान द्वितीय पर्वत जस्तो भयो र केदार पर्वतले पनि थाम्नु सकेन र अनेक वृक्ष दल्या । त्यो पर्वतबाट अनेक सर्प आदि निस्क्या र लंकाको अन्तः पुरि पनि भग्न भयो, राक्षसहरू सबै त्रासमान भै क्या हुन लाग्यो भनि कुरा गरिरह्या । लंकामा नृत्य भया जस्तो भूमि कंप भया जस्तो कम्पमान भयो, हनुमानका गोडाले टेक्या र पर्वत पनि चूर्ण भयो, वडा वाणको मुख जस्तो मुख वाया र त्रैलोक्य पनि कम्प भयो, वीर र राक्षसहरू पनि त्रासमानले रह्या तेस्ता महावलियो हनुमान भया पनि रामका निमित्त वडा वानरका जस्तो मुख वाईकन वलले पनि संयुक्त भै देवता प्रभृति श्रीरामचन्द्रको नमस्कार गरि आकाशमाथि जानुभयो । हनुमानका हात गोडाका वायुले अनेक वृक्ष पाषाण उडाई लैगयो र समुद्रमा पस्या । तेस्ता हनुमान चाँडै समुद्र नाघि आकाश मार्गले जाँदा जलजतु सबैका त्रासमान गराई जाँदा भया । आफू जाँदामा वेगले आयाको वायुले अनेक पर्वत वृक्ष पाषाण नदी नद पुष्करिणी नगर भग्न भयाको हेरि जानुभयो । ति हनुमानले भया पनि पृथ्वी कम्पमान गराई वडो शब्दले नाद गरि गरुडको वेगले जानुभयेर सुमेरु पर्वतमा पुग्न गया, फेरि वाहिरवाट जानुभयो र हिमालय देषनुभयो । त्यो पर्वत कस्तो भन्या नाना वृक्ष लतादि संयुक्त अनेक सुगन्ध २ पुष्ययुक्त ति हिमालयको शृंग रगतसमान अति २ उच्च शृङ्गको वन तेस्ता उत्तम वनविषये वडा ऋषिहरू तपस्या गरिरह्याका थिया । ति ऋषीश्वरहरूले अनेक वेद शब्द घोष गरिरह्या, चाँदिको शृंग इन्द्रलय किन्नर यक्ष गन्धर्व हिराको थानि कुवेरालय सूर्यका तेज जस्तो प्रकाशमान भैरह्याका ब्रह्माका प्रिय स्थान महादेवका धन राख्याका स्थान तेस् ठाउँमा कैलाश पर्वत कांचन पर्वत ऋषभ पर्वत औषधि पर्वत जाज्वल्यमानले रहन्थ्यो, अग्नि जस्तो तेस्ता पर्वत देषिकन हनुमानले अति आश्चर्य मानि सबै हेरि औषधि पर्वतमा जानुभैकन औषधि षोज्न लाग्या । तेस्ता प्रकारले षाजिकन सहस्र जोजन चाँडै जानुभयार दिव्य औषधि षोज्या । तेस् वेलामा त्यो दिव्य औषधि भया पनि हनुमानले औषधि लिन आयाको जानिकन ति औषधिहरू सबै भागिकन लुकिरह्या । तेस् प्रकारले औषधिहरू भागिकन लुकिरह्याको देषिकन हनुमानले त्यो औषधि देषेन र महाक्रोधले पृथ्वी कम्पमान गराई जा तिमिहरूले क्या निमित्तले रामका उपर कृपा राषेन, तेसो रामका उपर निर्दया गऱ्यौ ! म हनुमान पो हुँ, मेरा वाहुका वलले तिम्रा शृङ्ग भस्मीभूत गर्छु । हेर, मैले पराक्रम गऱ्यादेषि तिमिहरू ता क्या लेषा त्रैलोक्य पनि त्राहि २ गराउँछु भनि तेस् प्रकारले हनुमानले नाना धातु संयुक्त औषधियुक्त पर्वत

दुवै बाहुले उपेलिकन लिनुभयार आकाशमार्गले लैगया । तेस् वेलामा हनुमानका पराक्रम देखि इन्द्रादि देवताहरू ऋषि गन्धर्व नाग यक्ष तिनिहरू सबैको त्रासमान भया र चिन्तना गऱ्या धन्य २ हनुमान देह ! हनुमानले पर्वत काँधमा राखि जाँदा अत्यन्त शोभा भयो, आकाशविषये विद्युत्माला गयाजैं सुदर्शन चक्र जस्तो अग्नि वज्र गयाजैं त्रैलोक्य पनि कम्पमान गराई आकाशमार्गले जानुभयो र द्वितीय श्रीसूर्य्य जस्तो गया तेस्ता वीर हनुमानले पर्वत लियेर आकाश विषयेमा महाशब्दले कराई आयाको देखि लंकामा रह्याको राक्षस सबै त्राहि २ भैकन महाकल्लोलले कराईरह्या । ताहाँ हनुमानले औषधि पर्वत ल्यायाको देखि महाआनन्दले हर्षमानले वानरहरू सबैले नाद गऱ्या । ति वानरहरू कराया‌को शब्दले, सबै राक्षसहरू डरले कराई गया‌को शब्दले, हनुमानले पर्वत ल्याया‌को शब्द तिनै प्रकारको शब्दले पृथ्वी पनि फुट्ला भन्या जस्तो शब्द भयो । तेस्ता वीर हनुमानले औषधि पर्वत ल्यायार वानर-सेना मध्यमा राम लक्ष्मण रहनुभया‌को ठाउँमा पुग्न गया । ति हनुमानले ज्येष्ठ वानर आदि श्रीरामचन्द्रकन नमस्कार गरि रहँदा भया । ताहाँपछि हनुमानले ल्याया‌को दिव्य औषधिका गन्धले औषधि गर्नु पनि परेनन् ति औषधिका गन्धले श्रीराम लक्ष्मणलाई ब्रह्मास्त्र लाग्या‌को व्यथा सबै निको भै तेजले पनि युक्त भैकन कोटि सूर्य्य प्रकाश भयाजैं शोभाले युक्त भैकन उठनुभयो । ताहाँपछि ६७ सतसट्टि कोटि वानरहरू पनि ति औषधिका वास सुग्रीव सबैको घाउ निको भै निर्व्यथा भैकन उठ्या । कसो भन्या रात्रि विषये सुतिरहँदा, प्रातकाल भयार नीदले बिउझ्या जस्तो, सबै वानरहरू पनि पराक्रमले संयुक्त भया र पृथ्वी कंपमान गराई नाद गऱ्या । ताहाँपछि ति वानरहरू सबैले हर्षमानले हनुमानलाई पूजा मान्यले स्तुति गऱ्या । श्रीराम लक्ष्मणले पनि धन्य २ हनुमान भनि प्रशंसा गरि आज्ञा गर्दा भया । हे हनुमान, तिम्रा कृपाले हामि दुई आदि गरि सबै वानरको रक्षा गऱ्यौ । औषधि पर्वत जुन् ठाउँबाट तिमिले ल्यायौ ताहिं राखन लैजाउ भनि श्रीरामचन्द्रले आज्ञा गरिदिनुभयो र हनुमानले पनि श्रीरामको आज्ञा शिरमा राखि त्यो औषधि पर्वत आफुले ल्याया‌को ठाउँमा राखिकन फिर्नुभयो । ताहाँपछि श्रीरामको चरणमा प्रदक्षिणा गरि अघिको जस्तो ठानामा ठाउँ २ राखेर हर्षमानले रहनुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे औषधि ध्वायनं नाम सर्गः । ४१ ॥

४१

श्रीसदाशिव उवाच—हे पार्वति, ताहाँपछि श्रीराम लक्ष्मण सुग्रीव प्रमुख वानर सबैको निर्व्यथा भैरह्या र महाआनन्दले रहनुभयो भनि त्यो समाचार रावणले सुनि अति अद्भुत-मानि चित्तमा महाविस्मय गराई महादुःखले राजगृहविषये सिंहासनमा वसि मंत्रीहरू बटुल्याईकन भन्न लाग्यो। हे मन्त्रीहो, कस्तो आश्चर्य हेर २, हामिहरूको सैन्य सबै नास्यो, कस्ता २ वीरहरू मारिदियो भन्या धनुर्धारिमा श्रेष्ठ धूम्राक्ष, अकंपन, वज्रदंष्ट्रा, प्रहस्त, कुम्भकर्ण, देवांतक, नरांतक, त्रिशिला, अतिकाय, महापार्श्व, महोदर तिनहरू सबै संग्राममा कालरुद्र जस्तो महा २ वलियो, देवताहरूले जित्न सामर्थ नभयाका तिनहरू पनि कैले पनि शत्रुले जित्नु सामर्थ नभयाको नसक्याका तेस्ता वीर राक्षससहित श्रीराम लक्ष्मण वानरहरूले मारिदियो। हा! हा! क्या दैवको काम मनुष्य जात वानर मात्रैले मेरा मन्त्रि सबैलाई मारिदियो। तिनहरू कस्तो भन्या पर्वत समान देह भयाको, कालस्वरूप, तेजले पनि बुद्धिले पनि युक्त बृहस्पति-समान, शस्त्र अस्त्रले पनि शास्त्रमा पनि निपुण ज्ञानी, तेस्ता राक्षससेना मनुष्यले सेनाको हातबाट मारिदियो भनि हा! हा! त्यो हेरिकन मेरा प्राण दुई घरि पनि बाँचनु कष्ट भयो। हे मन्त्रिहो, सुन मेरा पुत्र मेघनाद त्रैलोक्यमा पनि प्रख्यात काल मृत्युसमान, तेस्ता वीरले श्रीराम लक्ष्मण नागपाशले बंधन गरिराख्याको देवासुरले पनि त्यो नागपाश मुक्त गर्न सामर्थ थियेन, गंधर्व किन्नरले पनि सामर्थ नभयाको काम गऱ्यो। त्यो नागपाश मुक्त गर्न कस्को सामर्थ छ। हे मन्त्रिहो, हेर २ कसो मुक्त गऱ्यो, अति आश्चर्य भनि उनहरूका सामर्थले गऱ्यो कि अथवा कसैले गऱ्यो कि कसैले पनि त्यो नागपाश फोईदिनु सामर्थ न-भयाको, नहुन्या गरि मेरा पुत्रले नागपाशले बांधिआउन्याहरू महाउत्साह गरिवस्यो, हा हा दैवले क्या विपरीत गरिल्यायो। हे मन्त्रिहो, जो जो संग्राम गर्न जान्थ्या, तिनहरू शत्रु-कन जिति फर्किकन कैले पनि मलाई मुख देषाउनु आयेन, हा हा मनुष्य जातिले वानर सहाय गरिकन सबै राक्षसहरू मारिदियो कैले सुन्याका पनि थियेन अब मैले देषनुपऱ्यो। हाय २, रामका शस्त्रको बल अद्भुत भनि क्या आश्चर्य लंकामा वस्याका वीर २ राक्षस सबै मारि-दियो। हे राक्षसहरू, एक २ सिंह शार्दूल जस्ता बलले पनि इन्द्रसमान तिनको सबै नाश भयो, मेरा शत्रुको जय भयो, तेस्ता जगामा मेरा बल सबै नाश भयो, विपत्तिमा धैर्य गर्नुपर्छ, दैवले

गरिल्यायाको काममा कस्कन दोष दिनु । हे मन्त्रिहो, अब हामिहरू सावधानले रक्षा गरि रहनुपर्छ, होकामा ढुंगाले अड्याईकन राघन पठाउ, ठाउँ २ मा चिन्ना राख्नुपर्छ, हस्ति अश्व आदि सवार गरिराखनु, अशोकवनिकाविषे सीता राख्याका ठाउँमा बस्न्या चौकिहरूकन सवारसँग राखनुपर्छ, जुन् ठाउँमा सेनाहरू बस्याका छन् त्यो जगामा सवार गर्नुपर्छ । हे मन्त्रिहो, तिमिहरूले त्यसो वस्नुछैन, देशमा रण गरि घोरको चिया गरिरहनुपर्छ । वानरहरू एस् लंकाभित्र आउन वेर छैन, तिमिहरू पनि सेनासहित गरि आफ्ना ठाउँमा वसि शत्रुका चिन्ना लि जाग्रत गरि रहनुपर्छ, शत्रु ता ति सानु भनि याद नगरिरहनु छैन । हे मन्त्रीहो, हामिहरूले क्या गर्यौं दैवले गरिल्यायो, त्यसो भया पनि तिमिहरूले धीर्य्य गरि रहनुपर्छ, शत्रुहरूले याहा पाया तिमि हामिलाई काँतर भन्ला भनि एस् प्रकारले रावणले मन्त्रीहरूकन भन्या र मन्त्रीहरूले पनि रावणको आज्ञा सुनि आफ्ना २ सैन्यले युक्त गरि समुद्रको तरंग जस्तै अग्निले दाहा भया जस्तै जाज्वल्यमानले शोक गरि बस्न गयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउँदा भया ।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रावण परिदेवनं नाम सर्गः ॥ ४२ ॥

४३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रावण महादुःखले बस्यापछि श्रीराम-लक्ष्मण प्रमुख वानर सबै नागास्त्रबाट मुक्त भैकन महा आनन्दले बस्याका देखि वानरेन्द्र सुग्रीवले आज्ञा गर्दा भया, हे वीर हनुमान, तिमि हामिले पराक्रम गरि कुम्भकर्ण आदि अनेक राक्षससेना मारि-सक्यौं, अश्विनी कुमार पनि माऱ्यौं हामिहरू नागास्त्र वन्धनबाट पनि मुक्त भयौं । हे हनुमान, अब त्यसो वस्तु होईन, श्रीरामचन्द्रको कार्य सिद्ध गर्नाकन चिन्तना गर । पापात्मा रावण शत्रुका पुत्र भ्राताहरू मऱ्याको शोकले पीडा भैकन युद्ध गर्न सामर्थ पनि थियेन, होकालाईकन बस्यो रावणको बल पनि हीन भयो । हे वीर हनुमान, लंकादेश पनि हीन तेज भयो । हे हनुमान, हामिहरूका वानरहरूका महा उत्साह भै बलवीर्य्यले संयुक्त भयो, तेस्ता ठाउँमा तेसै रहनु होईन ति जति भयाका सबै वानरहरूले आगोको राको लियेर लंकामा आगो लाईदेउ हिंड भनि तेस्ता प्रकारका सुग्रीवका वचन सुनि वीर २ वानरहरू सबैले राको लियेर लंकाको गढ प्रसादभित्र गैकन

लंकामा आगो लाईदिया। आज्ञा शिरमा राखि हर्षमानले सूर्य अस्तमान भयाविचिकै वानरहरू सबैले लंकादेशमा आगो लाईदिया। तेस्ता तरहले वानरहरूले लंकामा आगो लाईदियाको देखि द्वारमा बस्न्या रक्ष्या गरि रहन्या विरूपाक्ष राक्षस भागिगयो। ताहाँपछि वानरहरू सबैले आगो दिया र अनेक राक्षसको सुवर्ण मृग दाहा भयो, महाजाज्वल्यमानले राक्षसहरूका गृह अग्निले दग्ध गरायो। कोहि राक्षसहरू आफ्नु जिउ प्राण रक्ष्या गनानिमित्त भाग्या अनेक राक्षसहरू सुवर्णको कवचलाई रत्नमाला भूषण गरि मधुपानले मत्त भैकन रह्याका तेस्ता २ राक्षसहरू अग्निले दग्ध भै परिरह्याका, कोहि आफ्नु स्त्रीसग भोग गरि रहँदामा आगोले दग्ध भै परिरह्याका कत्ति अनेक राक्षस सहित गरिकन रत्नमयका ठाउँमा बसि शत्रुसित क्रोधले परस्पर कुरा गरिरह्या तिनिहरू पनि निस्कन सकेनन्। जति निस्कनु सक्यो उति भाग्या, निस्कन नसक्न्या अग्निले दग्ध भै मर्‍या। काल मृत्युसमान राक्षसहरू हर्षमानले सुतिरहन्याहरूकन अग्निले दग्ध भै मर्‍या। अनेक रत्न खचित गरिराख्याका गृह अग्निले दग्ध भया। तेस्ता प्रकारले लंकामा अग्निले दग्ध गर्‍यो र हाहाकारले कराई रोईकन राक्षसहरूले बालक पुत्र पुत्री लीकन मुख बाईकन घरबाट निस्कि भाग्या, कोहि राक्षसहरू खड्ग धनुर्बाण ली घरबाट निस्कन छाड्या। तेस्ता २ राक्षसहरूका गृह आदि अग्निले दग्ध गरि मार्‍यो, अनेक उत्तम २ गृह तेस् गृहका भित्तामा अनेक सुवर्णादि गडिराख्याको अर्द्ध चन्द्र आकाशाकार नाना रत्नले चित्र विचित्र भयाको मणिमय गरि बनायाका जथाल एस्ता गृहमा अग्निले दग्ध गर्‍याका, क्रौंच मयूर कराया को शब्द, अग्नि जनाको आभरण शब्दले, राक्षस कराया का शब्दले ई चार शब्दले पृथ्वीमा शब्दले व्याप्त भयो। कस्तो भन्या मेघमंडलमा विद्युत् प्रकाश भया जस्तो लंका राज्यमा अग्निले जाज्वल्यमान भै सुवर्ण गृहका धुवाले ढाकिकन कालका मालाले व्याप्त भयाजै अग्निले दग्ध गरिसक्यो। त्रिभुवन सबै राज्य गरि सक्न्या रावणले प्रतिपाल गरिराख्याको लंकाकन अग्निले दग्ध गरि नासिदियो, राक्षसहरू पनि महाशोकले पृथ्वी कंपमान गराई शब्द गर्न छाड्या। जहाँ २ अग्निले दग्ध गर्‍याको थियेन ताहाँ २ फेरि आगोलाई दिया, राक्षसहरू पनि जति घरबाट निस्कन्याकन वानर समात्ते २ अग्निमा हालिदिन्थ्या त्यो आँ गर्‍याको देखि राक्षसहरूको मनमा महात्रास भयो, धूम्रा जालले छोपिकन अग्निले पनि सुर्खासित दग्ध गर्‍यो। कोहि अलंकारले युक्त गरि अनेक रत्न इत्यादिले बनाइराख्याका गृह अग्निले दग्ध गर्‍याको युगान्तको कालाग्नि जस्तो श्रीरामचन्द्रले पनि महाहर्षमान गर्नुभयो, आकाशमा रहन्या देवता हर्षमान गरिरहन्या भन्न लाग्या धन्य २ श्रीरामको पुरुषार्थ, पापात्मा रावणलाई सामान्य

गर्न्या जोग्य हो। तेस्ता प्रकारले सबै देवताका मनमा आनन्द गरि लंका राज्यमा अग्निले दग्ध गर्न्याको सबैले हेरिरह्या। यो लंकामा अग्निले दग्ध गर्न्याको ज्वाला समुद्रमा देखियो, कस्तो भन्या आकाशमा वैडूर्य विमान रह्या जस्तो सुवर्णमय ध्वजा पताका इत्यादि जलमा जाज्वल्यमान देखियो। ताहाँपछि अग्निदाह गर्न्याका घरमा रहन्या राक्षसहरू सबैकन धुवा लागिकन आगाले पोलिकन पल्टिरह्या, कोहि विमानमा दुईजना स्त्री पुरुषसँग आनन्दसित सम्भोग गरिरह्याका अग्निले दग्ध गरि मर्च्या, कोहि आपना छोरा छोरी काँधि चेपिकन आपना सम्पत्ति सबै त्याग गरिकन रुँदै भाग्या कोहि राक्षस राक्षसिनी सबै बटुलिकन डुरा गरिरहन्थ्या, निर्गति यौटि स्वास्निका कारणमा एस्ता विपरीत भनि रावणलाई गालि गरिहिंड्थ्या, अति उच्चा २ भैरह्याका घर अग्निले घाईकन भंग भै गया। इन्द्रका वज्र लागिकन पर्वतको टाप् पस्याजैं हुन्थ्यो। आकाशमा विद्युत्माला शोभा भया जस्तो पर्वतमा पलाश फुल्या जस्तो शोभायमान भैरह्या, लंकामा दग्ध भयाका अग्निको तापले जाज्वल्यमान भैरह्या। उभो पनि उधो पनि आगाले घाईकन भत्कन लाग्यो, पर्वतमा पैहो गयाको जस्तो शब्द भयो। कसो भन्या हस्तिको फौदमा मत्त हात्ति छोड्याजैं संताप भैकन रह्या, मुहूर्त्त मात्रले लंकाराज्य अग्निले दग्ध गरिसक्यो। कस्तो भन्या प्रलयकालमा कालाग्निहरूले पृथ्वी दग्ध गरि माऱ्याजैं राक्षसहरू माऱ्या, देशका राक्षसहरू सबै धुवा लागिकन कराया को शब्द अग्निका शब्दले दश योजन सुनिन्थ्यो। एस्ता प्रलय कालमा राक्षसहरू रोईकन आगाले पोलियाका राक्षसहरूलाई वानरहरूले समातिकन फेरि आगामा हालिदिन्थ्या। ति राक्षसहरू मारिकन वानरहरू कराया का शब्दले राक्षसहरू कराया का शब्दले ति दुई शब्दले पृथ्वी सबै टाप्यो, अरू कोहि पनि शब्द नसुन्न्या भयो। एस्ता प्रकारले महापराक्रमी वानरहरू श्रीरामको कार्य सिद्ध गर्नानिमित्त रावण मार्नाको निमित्तले लंकाका दश दिशा भागमा आगो लाईकन राक्षसहरूका गृह दग्ध गरिसक्य पछि हनुमान प्रमुख वानरहरू सबै पृथ्वी कंपमान गराई हुलो शब्द गरि कराईकन श्रीरामचन्द्र विराजमान भयाका ठाउँमा फर्किकन गया। श्रीरामचन्द्र कस्ता भन्या, त्रैलोक्यका आत्मा पुरुष समस्त प्राणिका देहमा बसि कारण पुरुष रहनुभयाका एस्ता रामचन्द्र हनुमान इत्यादि वानर सबैले लंकामा आगो लाईकन फर्कि आयाको हेरिकन अति आनन्दले मुसुक हाँसि धनुको टंकारशब्द गर्न्या। कस्तो भन्या दक्षप्रजापतिका शिर छेदन गर्न्या वेलामा परमेश्वरले पाशुपतास्त्र टंकार गर्न्या जस्तो। पृथ्वी कंपमान गराई देवलोकलाई पनि सताप

गराई धनुको टंकार शब्द गरि श्रीराम लक्ष्मण दुवैले लंकामा बाण प्रहार गऱ्या। कस्तो भन्या नील मेघले जलवृष्टि गऱ्याको जस्तो लंकाराज्यमा बाणका जालले ढाकिदिया। स्यो हेरिकन वानर सबैले ठुलो शब्द गरि करायाको, लंकामा राक्षसहरू करायाको ई तीन शब्दले त्रिभुवन सबै व्याप्तमान भै रह्यो। श्रीरामचन्द्रका बाण लागि, कैलाशपर्वतको शृंग बस्याजैं बस्याका, लंकाको अन्तः पुरिवाट भग्न भै बस्या, वीर २ राक्षसहरू पनि शस्त्र लागिकन मऱ्या, कोहि राक्षस अग्निले दग्ध गरि मऱ्या। कस्तो भन्या वायुले जस्तै गरि मेघको नाश गर्छ तस्तै प्रकारले, श्रीरामचन्द्रका शस्त्रले लंका छेदन गरि, अनेक राक्षसहरू लदिराख्याको थिया असंख्या राक्षस मऱ्याका थिया। प्रलय कालमा मेघले गर्ज्याजैं लंकाको राक्षसहरू हाहाकार गरि कराईकन महाप्रलय कालका मेघ भैरह्यो। ताहाँ पछि रात्रिमा तेस्तो भयेर तेस्वेलामा वानरेंद्र सुग्रीवले आज्ञा गऱ्या, हे वानर, ऐल्हे तिमिहरू लंकाभित्र नजाई आपना २ ठाउँमा लडाचि गर्न सजिलो गरि जग्गा २ मा बस। हे वानर, तिमि हामि सबै आफु २ ठाउँ छोड्नु हैन, युद्ध पनि नगरिछोडनु रहनु छैन। एस्ता वचले संयुक्त गरि रहन्याका वेलामा श्रीरामचन्द्र लाई यश कीर्ति हुन्छ, तस्कारण तिमिहरूले आगाका रांका शिला वृक्ष पर्वत लिकन तयार भै बस भनि सुग्रीवले आज्ञा गऱ्या र वानरहरू पनि हर्षमान भै आगाको राँका लियेर पृथ्वी कम्पमान गराई सिंहनाद गर्नलाग्या। तेस् वेलामा सिंहनादको शब्दले राक्षसेन्द्र रावणको मनमा अत्यन्त क्रोध उत्पत्ति भैकन लाल २ नेत्र गरि साक्षात् कालरुद्र जस्तो मूर्त्ति धारणा गरि भन्नलाग्यो, हे कुम्भकर्णका पुत्र कुम्भ-निकुम्भ, तिमिहरू दुईजना र विद्युत्माली, उल्काजिह्व, विरूपाक्ष, शतदंष्ट्रा, तिमिहरू छजना सैन्यसहित गरि शस्त्र-अस्त्र अश्व हस्ति लीकन चाँडो जाईकन मेरा शत्रु राम लक्ष्मण वानरसहित गरि चाँडो निर्मूल गरि आउनुपर्छ। हे वीरहो, तिमिहरू सामान्य हौन, त्रैलोक्य जित्नु सामर्थ भयाका केवल कालजस्ता संग्राममा कैले पनि हटि आउनाको मर्याद नभयाका रणभूमिका आभरण भन्याका तिमिहरू पो हो। देवताले पनि जित्न नसक्याका तिमिहरूले राम लक्ष्मण मार्न क्या आश्चर्य होला, तिमिहरूका सिंहनाद शब्दले वानर सबै भागिजानान्। अब तिमिहरूले विलम्ब गर्नु छैन, सुवेलामा चाँडो जानुहुन्छस् भनि एस् प्रकारले रावणका वचन सुनि कुम्भकर्णका पुत्र कुम्भ-निकुम्भ विद्युत्माली उल्काजिह्व विरूपाक्ष शतदंष्ट्रा ई छजनाले रावणलाई दण्डवत् गरि आपना २ सैन्य ली कवचकुण्डल रत्नमय मुकुटलाई शस्त्र-अस्त्रले संयुक्त भै प्रज्वलित गरि युद्ध गर्नाका इछाले सिंहनाद गरि लंकावाट वाहिर निस्क्या। कस्तो भन्या ति राक्षसको

आभरणका तेजले वानरले लियाका तेजले ताराका तेजले कोटि सूर्य आयाजैं महादीप्त जाज्वल्यमान भैरह्यो । समुद्रमा पनि त्यो अग्निका ज्वालाले देखि अत्यन्त शोभायमान भैरह्यो । ती राक्षसको सैन्य इन्द्रसमान कालरुद्र जस्ता सिंहशार्दूल जस्ता एस्ता २ वीर २ राक्षससेना पृथ्वी कम्पमान गरि ठुलो शब्द गरि वानरसेना वस्याका ठाउँमा जाईलाग्या । ति राक्षस आयाको देखि वानर-सेना पनि थोरै पछि हटिरह्या । कस्ता राक्षसभन्या महादीप्ताकार देह सुगन्धले लेपन गरिराख्याको नाना रत्नका आभूषण गरिराख्याको मध्याह्नका सूर्य आयाझैं अनेक शस्त्र-अस्त्र तीक्ष्ण कुन्त किंकिणीजाल, पाश, तोमर, शक्ति, त्रिशूल, खड्ग नाना आभरणले संयुक्त गरिराख्याको एस्ता शस्त्र-अस्त्रले संयुक्त भै ध्वजापताकाले संयुक्त भयाका रथमा वसि गदाहा संयुक्त भयाका रथ अश्वरथ आकुल व्याकुल गरि उत्तम २ केयूर हातमा अँगुठी लाई शस्त्र-अस्त्र घुमाई कालान्तक यम आयाजैं राक्षससेना आयाको देखि वानरसेना सबै महा उच्चा २ भै हेरि राक्षसको सेनापतिलाई त्रासमान गराई महा उत्तम शब्द गर्न लाग्या ठुला २ शिला वृक्ष लि आपना २ मनमा हर्षमान गरि राक्षसको सेनातिर हेरि जाईलाग्या, राक्षसलाई प्रहार पनि गऱ्या राक्षस सबै भागि पनि गया । तेस्ता वेलामा राक्षसहरू पनि महा क्रोध भैकन अमान परिघले वानरहरूलाई प्रहार गऱ्या परस्पर जय-पराजयले सिंहशार्दूल जस्तो दुवै पक्ष महाबलियो २ पृथ्वी कम्पमान गरि नाद गरिकन अन्योन्य प्रहार गऱ्यो । वानरहरूले शिला वृक्ष ली मुष्टि नख दन्तले प्रहार गरि अनेक राक्षससेना मार्या, रण वांछा गरिरहन्या महा उत्तम २ राक्षसहरूले पनि अनेक शस्त्र-अस्त्रले प्रहार गरिकन महाबलियो वानरहरूलाई मार्या तिनहरू कस्तो भन्या प्रहार गरि मार्या, कोहि समातिकन भूमिमा पछाडि मार्या, कोहि मुष्टिले अन्योन्यले प्रहार गरि मार्या । तेस्ता प्रकारले युद्ध भयोर दुवै पक्ष हटि कोहि मोहले छोपि पृथ्वीमा थाकिकन परिरह्यो, फेरि उठिकन राक्षसले युक्त खड्ग त्रिशूल नाना शस्त्र अस्त्रले प्रहार गरि वानरहरू मार्या, वानरहरूले शिला वृक्ष मुष्टिले प्रहार गरिकन अनेक राक्षसहरू मार्या । तेस् प्रकारले वानरहरूको र राक्षसहरूको महाद्वन्द्वयुद्ध गऱ्या, कस्तो भन्या देवासुर संग्राममा देवताहरूको र राक्षसहरूको असुरसित युद्ध भयाजैं महाभयंकर युद्ध भयो । दुवै पक्षका महावीर २ राक्षसहरू पनि असंख्य मऱ्या, मृतकमय पृथ्वी भया र कबन्ध ऋषि आदि असंख्य उत्पत्ति भया । कोहि बाँकि रह्याका वानरहरूले राम लक्ष्मणको जयकामनाले युद्ध गर्थ्या, शैल शिला वृक्ष मुष्टि उजाईरह्या, महाक्रोधले अहंकारले शब्द गर्थ्या । एस्ता वानरहरूका राक्षसहरूले शिर काटि हात गोडा काटि असंख्य वानर पृथ्वीमा लडाई राख्याको देखि वानर-

हरू पनि शिला वृक्ष मुष्टि लवटाले प्रहार गरि राक्षसका शिर चूर्ण गरि नाक कान चुहि पृथ्वीमा लडाईराख्या, कोहि कराईरह्या, वृक्ष भग्न भै लडिरह्याझैं रगतले देह व्याप्त गराई आफु आफैं कुटाकुट गरि परस्पर प्रहार गरि मऱ्या। संसार प्रलय हुन्या वेलामा कालरुद्र उत्पत्ति भयाझैं दुवै पक्षले नाद शब्द गरि भन्न लाग्या, समात २, कुट २, मार २; वानरले पनि हेर २ भनि राक्षसले पनि हेर २ भनि एस्ता प्रकारले दिग्गज हाति कराया झैं प्रलय कालका मेघ गर्ज्याझैं महाभयंकर युद्ध भयो र राक्षस वानरका काल र यमजस्ता परस्पर जय वाञ्छा गरि ज्युनाको इछा नराखि वडा २ शूरवीर पराक्रमी दुवै पक्षले वाण प्रहार गरि मार्न्या, शिला वृक्ष प्रहार गरि परस्पर गुमान गरि अहंकारले क्रोध गरि रात्रिमा एस् प्रकारले युद्ध भयो भनि श्रीमहादेवले पार्वतिलाई कैलाश पर्वतमा सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाडे संकुल युद्धं नाम सर्गः ॥ ४३ ॥

४४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रात्रीमा वानरको र राक्षसको संकुल युद्ध भया-पछि उज्यालो भयो, सूर्य उदय भयापछि ज्युवराज महावीर कुण्ड राक्षसको युद्ध भयो। त्यो वज्र कुण्ड महापराक्रमी वलले संयुक्त नील मेघका जस्तो वर्ण यमदण्ड लीकन यमराज वस्या जस्तो एस्तो महावलियो वज्र कुण्डल राक्षसले आफुछेउँ अङ्गद आईलाग्याको देखि अंगदलाई गदाले प्रहार गऱ्यो। त्यस् गदाको प्रहारले अंगद पनि मूर्छा भै पृथ्वीमा पल्टि-रह्या, मुहूर्त मात्र पछि मूर्छा भया फेरि सचेत भै जुरुक् उठि आया र महाक्रोधले पर्वतको टापु लीकन वज्र कुण्ड राक्षसको मस्तकमा चूर्ण गरि प्रहार गऱ्या, पृथ्वी पनि कम्पमान गरि लोट्या, प्राण त्याग गरि मऱ्यो। एस्ता वीर अंगदका वर्णना गऱ्याको शब्दले कोश कम्पन राक्षसले देखिकन आफ्ना भाई वज्र कुण्ड मऱ्याको देखि महाक्रोधले शस्त्र लीकन चाँडो गरिकन अंगदमाथि जाईलाग्यो। त्यो वाण कस्तो भन्या कालाग्निसमान क्षर भन्याको नाराच भन्याको वर दन्त भन्याको सर्प श्रीमुख सर्प समान वाणको शब्द कम्पा-यमानले अंगदमाथि प्रहार गऱ्यो। त्यस्ता वाण प्रहार गरिकन पनि अगदका शिरमा

देहि भयेन आफ्ना शरीरमा भ्रमण गराई पृथ्वीमा पछाडि पृथ्वी कम्पमान भयो । त्यस्तो गरि पछाड्या कोसकम्पनि चाँडो उठि खड्ग चर्म लीकन आकाशमा गयो, त्यो आकाशमा गयाको देखि अंगद पनि आकाशमा गै कोसकम्पनाछेउँको त्यो खड्ग पोसिलियेर तैसै खड्गले तैसैका मस्तकमा तमोडा काटिकन मारिदिया । यस प्रकारले कालान्तकसमान अंगद आकाशमा बसि हाँसिकन सिंहनाद गर्न्याको देखि त्यस् वेलामा सतिताक्ष राक्षसले सकम्पना मार्न्याको देखि महादुःखका क्रोधले लोहाका गदा काँधमा राखि अंगद छेउँ जाईलाग्यो । तेस्तो गरि सतिता राक्षस र अंगद युद्ध गर्न लाग्याको हेरि महावलिया प्रजघ भन्याको यूपाक्ष भन्याका ई दुई राक्षसहरू रथमा बसिकन अंगदलाई मारौंला भन्याको चित्त गरि जाईलाग्यो, कस्ता भन्या ई दुई राक्षसका बीचमा बसि अंगदले हेरिरह्या विशाखा नक्षत्रका बीचमा पूर्ण चन्द्रमा शोभायमान भया जस्तो एस्ता प्रकारले राक्षसहरूले अंगदलाई घेर्न्याको देखि अंगदले रक्षा गर्नानिमित्तले मैन्द भन्याको र द्विविद भन्याको दुई वानर पनि संगै वस्न गया । तेस्तो गरि आयाको देखि राक्षस सेनाहरूले पनि नाना तरहका शस्त्र-अस्त्र प्रहार गर्न्या; अंगद, मैन्द, द्विविद ई तीनजना वीरले तीनजना राक्षसहरूसित युद्ध गर्न्या, जय-पराजयले गरि एस्ता वीरलाई तेस् वेलामा वानरले पनि वृक्ष प्रहार गर्न्या । त्यो वृक्ष आयाको देखि प्रजंघ राक्षसले आकाशैमा खण्ड २ गरि खड्गले प्रहार गरि पृथ्वीमा पखालिदियो, वानरहरूले पनि अनेक राक्षसहरूको रथ चूर्ण गरिदिया । त्यसो गर्न्याको देखि युव राक्षसले गदा मुशल प्रहार गरि अनेक वानर मारिदिया, तेस्वेलामा मैंद, द्विविदले शालवृक्ष शर प्रहार गरि ल्यायाको हेरि अतिता राक्षसले त्यो वृक्ष गदाले प्रहार गरि व्यर्थ गरिदियो । त्यो प्रजंघले पनि निर्मूल खड्ग लियेर अंगदमाथि जाई लाग्यो । प्रजंघ आयाको देखि अंगदले पनि अश्वकर्ण वृक्षले तेस्का बाहुमा प्रहार गरि खड्ग पखालिदिया । आफ्ना खड्ग भूमिमा सूर्य्य पर्न्या जस्तो देखि प्रजंघले अंगदका मस्तकमा मुष्टिले प्रहार गर्न्यो । त्यो मुष्टिप्रहार सहन नसकि अंगद अचेष्टा भयो, पृथ्वीमा लोट्या, अलिक वेर भयापछि सचेत भयो र चाँडै उठिकन महाक्रोधले दाँत किटि रक्तनयन गरि वालिपुत्र अंगदले पनि वज्रसमान मुष्टिले महाप्रतापी प्रजंघका मस्तकमा प्रहार गरि चूर्ण गरिदिया । एस्ता प्रकार वालिपुत्र अंगदले प्रजंघ मार्न्याको देखि यूपाक्ष राक्षस आँसुले पूर्ण गरि रोईकन आफ्ना बाबुका निमित्तमा क्रोधले रक्तनयन गरि खड्ग लीकन आईलाग्यो एस् प्रकारले यूपाक्ष आयाको देखि कालज्ञ अंगदले पनि वज्रसमान मुष्टिले दन्तमा प्रहार गरि साहै समाति राख्या । तेस् प्रकारले समाति राख्याको देखि यूपाक्ष राक्षसका निमित्तमा सोणिताक्ष भन्याको

राक्षसले अंगदलाई निश्चयले मारूँला भनि गदा काँधमा हालिकन दगुरिकन जाईलाग्यो। त्यो गदा प्रहार गर्न लाग्याको देखि महाबलियो वीर द्विविद वानरले पनि सोणिताक्षलाई मुष्टिले प्रहार गरि गदा घोसिलिया र ति दुई जनाको बडो युद्ध भयो, परस्पर जय पराजयले गरि रीसले संग्राममा शूर २ भै रह्याको, कालयम जस्ता एस्ता प्रकारले युद्ध गऱ्या र महाबलियो द्विविदले पनि निर्घात गरि नखले मुष्टिले प्रहार गरि भूमिमा लोटाई दलिकन माऱ्या। एस्ता प्रकारले द्विविदले शोणिताक्ष राक्षस माऱ्याको देखि यूपाक्ष राक्षस महाक्रोधले युक्त भैकन मैंद वानरमाथि जाई लाग्यो, बाणले प्रहार गऱ्यो। आफुलाई बाण प्रहार गऱ्याको देखि मैंद वानरले पनि महाक्रोधले गरि यूपाक्षलाई समाति भूमिमा लोटाई दलिकन माऱ्या। एस्ता प्रकारले यूपाक्ष माऱ्याको मैंद वानरको पराक्रम देखि राक्षस सैन्य सबै हाहाकार गरि रोई कराईकन अब अनर्थ भयो भनि महाकष्टले कुम्भकर्णको पुत्र निकुम्भ राक्षसछेउँ शरण गया। ताहाँ निकुम्भले पनि आफ्ना सेना भागिकन आफुछेउँ शरण आयाको देखि अति मधुर वचनले उपसाम्य गरि भन्न लाग्यो, हे राक्षस, तिमिहरू क्यान डराउँछौ भनि रत्नमय कुण्डल लाई दिव्य रथमा वसि उत्तम धनु हातमा लि सर्प जस्तो बाणलियो। साक्षात् कालयम जस्तो कुम्भले पृथ्वी कंपमान गराई वानर सेनामाथि आईलाग्यो। शर वृष्टि गऱ्यो, कस्तो भन्या नील मेघले जल वृष्टि गऱ्याजैं कुम्भले शर वृष्टि गरि अनेक वानर सेना माऱ्याको देखि महावीर मैंद वानरले पनि अत्यन्त क्रोध गरि शैल शृङ्ग लीकन कुम्भ राक्षसलाई प्रहार गऱ्यो। कुम्भले पनि शरवृष्टि गऱ्यो, दुवै मेघले जलवृष्टि गऱ्या जैं एस प्रकारले कुम्भले दिव्य धनु लियेर इन्द्रसमान विद्युत प्रकाश भयाजैं शोभायमान गरिकन सुवर्ण पंखवाण धनुमा जोरि साक्षात् काल जस्तै कानसंम धनु बैंचिकन मैंन्दमाथि प्रहार गऱ्या। त्यो बाण मैंदका मर्मस्थानमा लागि मूर्छा भै पृथ्वीमा पल्टीरह्याको देखि पर्वतसमान देह मैंद वानर मूर्छा भयाको देखि द्विविद वानर महाक्रोध गरि वृक्षले संयुक्त पर्वत लियेर कुम्भको वक्षस्थलमा प्रहार गऱ्या। त्यो पर्वत आयाको देखि कुम्भले पनि सातौटा बाण प्रहार गरि त्यो पर्वत आकासैमा खण्ड २ गरिदियो। कुम्भले अति विषसमान बाणले द्विविद वानरलाई प्रहार गऱ्यो। त्यो बाण लागि द्विविद वानर मूर्छा भै पृथ्वीमा लोट्या। तेस् प्रकारले द्विविद मैंद दुवै भूमिमा पल्टिरह्याको देखि महावीर अंगदले महाक्रोध गरि कुम्भको अग्रमा वसि मनु निश्चय गरिरह्या। तेस् प्रकारले वस्याको अंगदले देखि कुम्भले पनि अनेक बाण तीक्ष्ण २ नाना शस्त्र अस्त्रले अंगदमाथि प्रहार गऱ्या। अंगदले

पनि रक्त नयन गरि महाक्रोधले शिला वृक्ष प्रहार गऱ्या। तेस् प्रकारले आफुमाथि प्रहार गऱ्याको देखि महावीर कुम्भले पनि अत्यन्त क्रोध गरि दुई बाणले युद्ध पनि अंगदका दुवै नेत्रका समीपमा प्रहार गरिदियो। एस् प्रकारले प्रहार गरेर त्यो बाण लागि रक्त धारा बह्यो। रक्तधारा बहाईकन बाउँ हातले आँषा छोपि महाक्रोधले हातले मण्डल पर्वतसमान इन्द्रका ध्वजा जस्तो शाल वृक्ष उपेलिलियेर कुम्भमाथि प्रहार गऱ्या। तेस् प्रकारले प्रहार गऱ्याको देखि कुम्भले पनि सातौंटा बाण प्रहार गरि आकाशैमा शालवृक्ष खंड २ गरि पसालिदिया। फेरि कुम्भले बाण प्रहार गरेर अंगदका वक्षस्थलमा लागि मूर्छा भै पृथ्वीमा पल्टिरह्या, कस्तो भन्या सागर क्षोभ भयाजैं अंगद पल्टिरह्या र यो वृत्तान्त श्रीरामले देखनुभयो र हनुमतले आज्ञा गर्दा भया। हे जांबु, वानर हो, तिमिहरू महावीर भैकन जाउ र अंगदकन रक्षा गरि युद्ध गर्न जाउ भनि एस प्रकारले आज्ञा भयो र ति वचन सुनि जाम्बुवान प्रभृति वानरहरू सबै चाँडै गया र अंगदलाई रक्षा गरिकन सुषेण वेग दसि र दुवै पुरुषले भया पनि महाक्रोध गरि कुम्भछेउँ जाईलाग्या। तेस् प्रकारले आयाको देखि कुम्भले पनि बाण वृष्टि गऱ्यो, नील मेघले जल वृष्टि गऱ्याजैं गरिकन वानरहरू हटाई राख्यो, कस्तो भन्या वायुले व्याप्त गरिकन मेघ लैगया जस्तो त्यो कुम्भका शरीरमा कोहि पनि जान सकेनन्। समुद्रको तरंगमा वृक्ष ठहर्न नसक्या जस्तो कुम्भ कस्तो भन्या साक्षात् काल रुद्र जस्तो दंड लियेर यमराजा बस्या जस्तो बस्यो। तेस् प्रकारले बस्याको कुम्भ देखि वानरेन्द्र सुग्रीवले पनि अत्यन्त क्रोध गरि अग्नि प्रकाश भया जस्तो जाज्वल्यमान गरि चाँडै शिला वृक्ष पर्वत लियेर अघिवाट चाँडै दगुरि गैकन कुम्भलाई प्रहार गऱ्या, कसो भन्या आकाश सुद्धा व्याप्त गरि शिला वृक्ष आयाको देखि निकुम्भले पनि बाण प्रहारले व्यर्थ गरिदियो। त्यो कुम्भकर्णको पुत्र कुम्भले चाँडै प्रहार गरि शिला वृक्ष खंड २ गरि पसालिदियो र पृथ्वीमा शोभा भयो, फेरि कुम्भले शय बाण जोरि सुग्रीव माथि प्रहार गऱ्यो। ताहाँपछि सुग्रीवले पनि त्यो बाणको चोट सहि चाँडै दगुरिकन जानुभयो र कुम्भका हातमाको धनु पोसिलियेर भाँचिदिया। तेस् प्रकारले अद्भुत कर्म गरि फिऱ्याको देखि महाक्रोधले सुग्रीवले कुम्भलाई आज्ञा भया। हे कुम्भ, धन्य २! तेरो जक्तिको बल पराक्रम कसैको छैन भनि। हे राक्षसाधम कुम्भ, तेरो पराक्रम देखि मैले अति आश्चर्य मान्यौं। लंकाका राजा रावणका तुल्य तँ महाद वृत्तासुर बलि राजातुल्य तँ तेरो पिता कुम्भकर्ण समान धन्य २ तँ। हे कुम्भ, तैले सुरलिक जुन्या त्रैलोक्यका देवताले पनि तँलाई जित्न सामर्थ हुदैन। तैले वरप्रसाद पायाका भन्नु तेरो

पिता कुम्भकर्णले वरप्रसाद पायो र त्रैलोक्यमा पनि रावणतुल्य जति भयाका राक्षसमा श्रेष्ठ तँ हे कुम्भ, तेस्ता वीर तँसमान वीर पराक्रमी पृथ्वीमा पनि दुर्लभ, आजको दिनमा मसँग संग्राम गर्न्या तँ कसो भन्या परापूर्वमा संवरासुर र इन्द्रका युद्ध भया जस्तो अन्योन्यले पराक्रम देषाउँछु । हे राक्षसाधम, तेरो बाणका प्रभावले मेरा सेवक वानर सबै मारिस्, अब त्यो हेरिकन मेरो मनमा ऐले तँलाई निर्मूल गर्नु इछा भयो कयान भन्या तेरो बलले तैले परिश्रम भयो परिश्रम शाम्य गराउँछु, अति छाकिकन बल्यालाई माऱ्याको देषि लोकले मलाई हास्य गर्नन् अति निमित्तले तेरो परिश्रम शाम्य नगराई मार्दिन भनि पर्षिरह्यौं। अब तेरो परिश्रम शाम्य भयापछि तँ र म युद्ध गरौंला भनि एस् प्रकारले महाबलियो सुग्रीवले उपहास्य गरि कुम्भलाई आज्ञा गऱ्या र कुम्भले पनि ति वचन सुनिविषिकै अत्यन्त क्रोध गरि तेजले युक्त भैकन रक्त नयन गरि युद्ध गर्नाकन सुग्रीवछेउँ जाईलाग्यो । सुग्रीव पनि अघिबाट दगुरिकन आया र संग्राम गऱ्या परस्पर जय वांछा गरि महापराक्रमी कान र मृत्यु जुझ्याजैं जयपराजय पृथ्वीले पनि भारा बोकन नशक्याजैं राक्षसहरू पनि वानरहरू पनि त्राहि २ गरि युद्ध गऱ्या, आपना सैन्यको नाम लीकन मुखबाट घुन्ना निस्किकन युद्ध गऱ्या, दुवैका गोडाले टेक्याका बलले पनि पृथ्वी हल्लायो, समुद्रको तरंग पनि विपरीत भयो। तेस् प्रकारले युद्ध भया र सुग्रीवले महावीर कुम्भराक्षस त्याप्प समातिकन समुद्रमा फेकिदियो । त्यो कुम्भ पनि सप्तपातालसम्म पस्यो र समुद्रको जलजन्तु सबै कल्लोल भयेर माथि आयो । सुग्रीवले एस् प्रकार गऱ्या र महाशूर कुम्भ पनि समुद्रबाट माथि आई महाक्रोध गरिकन सुग्रीवका वामस्थलमा मुष्टिले प्रहार गऱ्या र तेस् प्रकारका प्रहारका वेगले सुग्रीवका शरीरबाट रक्तधारा बहिआयो, कसाभन्या सुमेरु पर्वतबाट नीलमाणिक्यको धारा बहि आयो र तेजवृद्धि भयाजस्तो सुग्रीवको तेज वृद्धि भयो । ताहाँपछि सुग्रीवले पनि सुमेरु पर्वतसमान महाबलियो देह भैकन सूर्यप्रकाश भयाजैं जाज्वल्यमान गरि पृथ्वी कम्पमान गराई-कन नाद गरि कुम्भको उरस्थलमा वज्रसमान मुष्टिले प्रहार गरि र पृथ्वीमा पल्टि मृत्यु भयो । कसोभन्या पर्वतको शृंग इन्द्रको वज्र लागि पर्याजैं कुम्भको मुखबाट आगो आयाको जस्तै गरि रक्त छाडि प्राण छोड्यो । कस्ता कुम्भ भन्या महाबलियो राक्षसको श्रेष्ठ पृथ्वीमा पल्ट्याको देषि देवताहरूले सुग्रीवलाई पुष्पवृष्टि गरि अनेक दुन्दुभि वाद्य बजाई महाहर्षमानले रह्या, धन्य २ सुग्रीव भनि श्रीरामचन्द्र प्रमुख वानरसहितले सुग्रीवको पराक्रम देषि हर्षमान गरि पूजामान्य गऱ्या । श्रीरामचन्द्रले पनि सुग्रीवलाई आलिंगना गरि आनन्दले वानरसहित गरि रहनुभयो

भनि श्रीमहादेवले कैलाशविषयमा पार्वतिलाई सुनाउनुभयो भनि सत्यलोकमा ब्रह्माले नारद मुनिलाई सुनाउनुभयो ।

॥ इति श्री अध्यात्मरामायणे उमामहेश्वर संवादे लंकाकाण्डे कुम्भवधो नाम सर्ग: ॥ ४४ ॥

४५

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि महाबलियो कुम्भ राक्षसलाई सुग्रीवले मार्‍याको देखि निकुम्भ राक्षसले महाक्रोध गरि त्रैलोक्य पनि कम्पमान गराई हाँसिकन सुग्रीवलाई हेरिकन सुग्रीवको अग्रमा वसि धनुका टंकार शब्द गराई अनेक चन्दनले लेपन गराईराख्याको परिघ लियेर त्यो परिघ कस्तो भन्या पर्वतको शृंगसमान सुवर्ण मणिमयले अनेक गहना लाई-राख्याको द्वादश आदित्य प्रकाश भयाजैं यमदण्डसमान राक्षसको भय मान्या शत्रुका मानभंग गर्न्या इन्द्रका ध्वजासमान तेस्तो परिघ लीकन त्यो निकुम्भले महाक्रोधले सिंहनाद गरिकन अनेक कुण्डलले युक्त भयाको रत्नमाला लाई शतचन्द्र शोभा भया जस्तो काल यमसमान राक्षसको श्रेष्ठ निकुम्भले इन्द्रका धनुतुल्य विद्युत्प्रकाश भयाजैं कालमेघ जस्तो तेस्तो परिघ लियेर राक्षस, वानर, देवता, हाहाकार गराईकन प्रहार गर्नलाग्यो । तेस् प्रकारले निकुम्भले वज्रसमान परिघ प्रहार गरिल्यायाको देखि राक्षसका पनि वानरका पनि सन्ताप भया । तेस् वेलामा त्यो पापात्मा निकुम्भले प्रहार गरिल्याया परिघ हनुमानका शरीरमा लागि त्यो परिघ खंड २ गरिकन पृथ्वीमा पर्‍यो । हनुमानलाई केहि भयेन मुहूर्त मात्र चित्त विथर भया र परिघ महाक्रोध गरिकन अग्निसमान अंजनीका पुत्र हनुमानले वज्र समान मुष्टिले निकुम्भका उरस्थलमा प्रहार गर्‍या । ति प्रहारले निकुम्भका शरीरबाट रक्त धारा बहि आयो, कस्तो भन्या जलमाको वायु उडाई लैगयाको जस्तो क्षणमात्र अचेष्टा भैगयो । फेरि महाक्रोधले रक्तनयन गरिकन अधिबाट दगुरिकन आयेर त्यो निकुम्भले पनि हनुमानका ललाटमा वज्रसमान मुष्टिले प्रहार गर्‍यो । एस् प्रकारले हनुमान पनि मूर्छा भै रक्त छादि भैमा लोटि रह्या । तेसो गरि लोटिरह्याको देखि निकुम्भले हनुमानलाई समातिकन लंकामा लैजांछु भनि अचेती राख्यो । निकुम्भले हनुमानलाई समातिराख्याको देखि राक्षस सेना सबैले पृथ्वी पनि कंपमान गराई शब्द गर्‍यो । धन्य २ निकुम्भ, तेसै पापिष्ठले लंकामा

आगोलाई चूर्ण गरिदियो । आज फेला पाऱ्यो, यो पो हो हनुमान भन्याको भनि यस् प्रकारले राक्षसहरूले हर्षमान गरि मेघ गर्ज्याझैं शब्द गरि हनुमानलाई काँधमा हालि लैजांदा फेरि हनुमानको सचेत भयो र आफुलाई निकुम्भले लैजान आँट्याको देखि वज्रसमान लवटाले निकुम्भलाई प्रहार गऱ्याको पुचेटिकन दाँतले टोकिकन नाना तरहका सासना गऱ्या। फेरि हनुमानले निकुम्भका काँधमा टोकि गोडाले अचेतिकन हातले मंटामा समाति हाहाकार गराई रुवाईकन मस्तक चुँडिदिया । यस् प्रकारले निकुम्भ राक्षस मार्ऱ्यापछि जति रह्याका राक्षस सेना हाहाकार गरि रोई लंकाभित्र गै रावणलाई कहन लाग्यो । ताहाँपछि हनुमानले तेस्तो पराक्रम गऱ्याको देखि राम प्रभृति वानर सबै हर्षमान गरि धन्य २ हनुमान भनि पूजा मान्य गरि श्री राम लक्ष्मण वानर सेना सबै वरिपरि रापिकन आनंद गरिरहनुभयो भनि कैलाशपर्वतमा श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे निकुम्भ वधोनाम सर्गः ॥ ४५ ॥

४६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर हनुमानले पापात्मा निकुम्भ राक्षस मार्ऱ्याको तेस्का सेना सबै गैकन, लंकाको राजा रावणछेउँ गैकन कह्या र त्यो कुरा सुनि रावणको चित्तमा क्रोधले पनि शोकले पनि दुवै थोकले पीडा भैकन मूर्छाले पृथ्वीमा कोटिरह्या, मुहूर्त्त मात्र सचेत भयापछि भन्न लाग्यो । हा ! हा ! क्या हुन लाग्यो, कसो गरौंला भनि मनमा चिताईकन महावीर विशालनेत्र रावणले मक राक्षसलाई भन्न लाग्यो । हे पुत्र मक राक्षस, तँ कस्तो होस् भन्या कालरुद्रसमान तेरा पराक्रमले त्रैलोक्य सबै जित्नु सक्न्या । अब ऐल्हे जाईकन मेरा शत्रु राम लक्ष्मण वानरसेना सबै चूर्ण गरि आउनुपर्छ, हे मक राक्षस, मेरा हृदयमा रोकिराख्याको छारि तैले झिकिदिनुपऱ्यो । तँसित सँगै मेरा पुत्र इन्द्रजित्लाई पठाउँछु । सेनाको बलियो तँ अति पराक्रमी महावऋियो शस्त्र अस्त्रले पनि संयुक्त भयाको दिव्य अस्त्रले पनि संयुक्त भयाको मायाले पनि तँ समान कोही छैन, संग्राममा तैंले सम्मुख भयापछि देवताले पनि जित्न सक्तैनन् वानर सेनाले

गरि क्या पुग्छ। हे वीर मक राक्षस, तेरो सैन्य सबै तयार गरि चाँडो जा भनि एस् प्रकारले रावणले मकराक्षसलाई भन्यो। रावण पनि सिंहासनबाट बहिकन चन्द्र-माला वस्त्र आदि अलंकार दीकन बडा मान्यले विदा दियो। ताहाँपछि मकराक्षसले रावणको आज्ञा शिरमा राखिकन हर्षमानले युद्ध गरूँला भनि अंगीकार गरिकन रावणलाई नमस्कार गरि प्रदक्षिणा गरिकन दर्बारबाट निस्क्यो। ताहाँपछि आफ्ना सेनापतिलाई भन्न लाग्यो। हे सेनापति, मेरा रथ चाँडो ल्याई सैन्य पनि चाँडो तयार गर भन्यो र रथ ल्याई-दियो। मकराक्षस रथमा प्रदक्षिणा गरि रथमा चढिकन भन्न लाग्या, हे सारथि, मेरो रथ चाँडो लैजा सैन्यहरू पनि मभन्दा अघि २ हिंड। हे राक्षस, राक्षसेन्द्र रावणका आज्ञाले संग्राममा युद्ध गरि राम लक्ष्मण सुग्रीवादि सबै मारूँला, आजको दिनमा एस् त्रिशूलले प्रहार गरि वानरसेना सबै दग्ध गराउँला। हे राक्षस, कस्तै भन्या सुक्खाका रूख अग्निले दग्ध गर्न्या जस्तो तस्तै गरि वानरसेना दग्ध गरि मारौंला। हे राक्षस, आज रावणका दुःखका आँसु पुछि हर्षका आँसु गराउँला। एस्ता प्रकारका मकराक्षसका वचन सुनि महावीर २ राक्षसहरू रत्न-माला भूषण गरि ई राक्षसहरू कस्ता भन्या शूर पराक्रमी तेजले संयुक्त कवच कुण्डल लाई शस्त्र अस्त्र लीकन कोटि सूर्य जस्तो तेज भयाको एकै राक्षसले वानर सेना सबै मार्न इछा गर्न्या एस्ता राक्षस सेनासहित गरि रहन्या मकराक्षस पनि महाक्रोधले नाद गरि पृथ्वी कम्पमान गराई संग्राम गर्नाकन गयो शंख मृदंग भेरि नाना वाद्य बाजा बजाई गर्जमान गरि सिंह कराया जस्तो मत्त हात्ति गर्ज्याजैं ठुलो शब्द गरि शोभायमानले रथमा बसि दीप्ताग्नि जस्तो क्रोधले युक्त गरि पर्वत समान रथमा बसि नाना शस्त्र अस्त्र अलंकार पूर्ण गरि नाना अस्त्र संयुक्त भयाको ध्वजा पताकाले संयुक्त रथ सुवर्ण अलंकारले आभूषण गर्न्याको मकराक्षसका शरीरमा अनेक सुगन्ध लेपना गरि रत्नमय कवच कुण्डल भूषण गरि सहस्र सूर्यका जस्तो तेज जाज्वल्यमान भयाको सुवर्णका समीपमा जस्तै कालमेघ जस्तो तेस्ता प्रकारले महाबलियो मकराक्षस रणवाञ्छा गरि यमपुरि जानाको इछा गरि पृथ्वी कम्पमान गरि लस्कर चल्यो। तसै वेलामा लंकाका ढोकाबाट जानविज्ञिकै मकराक्षसका सारथिले समात्याको घोडाका बल पनि हीन भयो, आँसुपात भैकन घोडा पनि पछि हट्न लाग्यो, विपरीत वायु आईकन धुलाले आँधा छोपिकन अन्धकार गराईदियो। एस्ता प्रकारले पापात्मा मकराक्षसले तेस्तो अमंगल हेरिकन त्यो अमंगल पनि हेला गरिकन कालवर्ण राक्षससेनासहित गरिकन म अघिबाट युद्ध गरूँला भनि जुझ्न ठाउँमा राम लक्ष्मण रहनुभयाको थियो तेस् ठाउँमा जस्तै गरि अग्नि देखि पतंग

मर्न जान्छ तस्तै गरि मकराक्षस जाईलाग्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उम महेश्वर संवादे लंकाकांडे मकराक्षस निर्याणो नाम सर्गः ॥ ४६ ॥

४७

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि पापात्मा मक राक्षस वानरसेनामाथि जाई लाग्यो मक राक्षस आईलाग्याको देखि वानर पनि अघिसरि शिलावृक्ष लीकन प्रहार गऱ्या र धेरै राक्षस मारिदिया । राक्षसहरूको परिघ, त्रिशूल, पाश, मुद्गर, खड्ग, बाण, शक्ति गदा, तोमर, पट्टिश भिन्दिपाल, अनेक प्रकारका शस्त्र-अस्त्र प्रहार गरि धेरै वानर मारिदियो । ति वानर सबै बाणका व्यथाले पीडा भैकन राक्षसका भयले डराईकन भागिगया, तेस्तो गरि वानर भाग्याको देखि राक्षस सबै हर्षमान गरि पृथ्वी कम्पमान गराईकन धपाई लै गया । तेस्ता प्रकार गरि राक्षसले वानर धपायाको देखि अन्तर्यामी श्रीरामचन्द्रले पनि राक्षस आउनु नशक्न्या गरि बाण छेपणा गरि भग्न गरिराख्या । तेसो गऱ्याको देखि मकराक्षसले महाक्रोध गरि भन्न लाग्यो, राम भन्याको कौन हो, कता गयो ! दुर्बुद्धि वानर सहाय गरि प्राण छाडनु आयाको देखै भयो मैले नभेट्याको । हे राक्षसा, अघि एस् पापिष्ठ रामले मेरा पिता परलाई मारिदियो, तेस्वेलामा मभया एसलाई मार्न्याथियाँ अब एसका रक्तपानले मेरा पितालाई तर्पण गरि मेरा पिताका ठाउँमा एसलाई पनि पठाउँला । हे राक्षस, म कस्ता हुँ भन्या कालाग्नि-समानको पतंगा प्रलयकालका बाण यौटा प्रहार गरिकन भस्मभूत गराउँछु भन्यो । पापात्मा मकराक्षसले वानरसेनासित धैर्य गरि युद्ध गर्न वांछा गरि महाबलियो मक राक्षस रथमा बसि राम कहाँ छन् भनि षोज्नलाग्यो । ताहाँपछि राम लक्ष्मणलाई देखेर भन्छ, हे राम, कयान भागि-जान्छौ, मेरा सम्मुखमा आउ, तिष्ठ २, आज तिमिसित युद्ध गर्छौला । हे राम, यो मेरा हातमा रह्याका वज्रसमान बाणले प्रहार गरि तेरो प्राणत्याग गराउँछु, कयानभन्या दण्डकारण्य वनमा निरापराधले मेरा पितालाई मारिदिईस् । मेरो पितालै तेरो क्या अपराध गऱ्याको थियो उन्का आपना कर्म गरि वस्याका थियामा तैले मारिदिईस्, तेस्कारणले मेरा क्रोधाग्निले मेरा शरीर दग्ध गरिराख्याको छ । हे दुरात्मा राम, उस् वेलामा मेरा पिता मऱ्याका ठाउँमा म भयादेखि

ताहिं तँलाई भक्ष गरि मान्यौंथिच्यौं, अब धन्य २ मेरो भाग्य ! मेरा अति आनन्द भयो, तँलाइ पोजिहिंड्याको देरै भयो आज भेट भयो मैले वांछा गरिरह्याको देरै दिन भयो, सिंहका भोक लाग्याका बेलामा मृग वांछा गऱ्याजैं तेरो र मेरो भेट भयो। अब मेरा बाण प्रहारले तँलाई यमपुरि पठाउँछु, तँलाई मारिकन मेरा बाबुसित वन पठाउँछु, हे राम, देरै कुरा गरि क्या हुन्छ अब तेरो र मेरो भेट भयो, तेरा क्या-क्या अभ्यास छ सो प्रहार गर्। तेरो एकयोक अभ्यास तस् कुलमा जन्म्याको भया पनि तैले चाँडै युद्ध गर्। हे राम, अब मेरा तीक्ष्ण बाणका प्रहारले तँलाई मारि रक्तधाराले व्याप्त गराई तेरा शरीरको मांस रक्त गृध्र आदिलाई पुऱ्याईकन धुलामा लट्पट्याई पृथ्वीमा लडाईरावौंला, आजका दिन मेरा हात पऱ्यो, मेरा हातमा पऱ्या-पछि कसो गरि बाँचलो तँलाई यमको मुख हेर्न पठाउँला, रावणलाई आनन्द गराउँला भनि मक राक्षसले मन्याको वचन सुनि महाप्रतापी दशरथका पुत्र श्रीरामचन्द्रले पनि मुसुक हाँसिकन आज्ञा गर्न लाग्या। हे मक राक्षस, चौध हज्जार राक्षस तेरो पिता खर दूषण, त्रिसिला मैले मान्याको हो। तेसो गरि मान्याको जानीकन पनि क्यान तेरा अहंकारले गर्जमान गरिस्। हे मक राक्षस, तेरा पितासँग ठुलो सिनेह भाव रहेछ, क्यान देरै दुःख मानिस्, तँलाई पनि तेरा पिताका ठाउँमा पठाउँछु। हे मक राक्षस, तेरा बाबुले पनि मेरा पुत्रको मुख हेर्छु भनि इछा गरिरह्याको छ, तँलाई चाँडै पठाउँछु। हे राक्षसाधम, मेरा बाणका गोचरमा परिस्। देरै भयो मेरा बाण तँसित भेट नभैरह्याको आज तेरा रक्तपान गरि मेरा बाणका पियास छुट्न्याछ। हे पापिष्ठ, मेरा बाण प्रहारले तेरा शरीर चूर्ण गराई जंबुले गृध्र सुगा इकन पुऱ्याउँला, अनेक भोग भुक्तले निदान गरिराख्याको तेरो शरीर सुख-सित खुवाईकन तेरा रक्तले तृप्त गराउँला अनेक सुगंधले लेपन गरि रहन्या तँ आज धुलाले लेपन गराउँला। हे दुर्बुद्धि मकराक्षस, क्यान तैले निस्फल प्रशंसाको कुरा गरि व्यर्थ कुरा गरि क्या हुन्छ, अशुभ मुखले कुरा गरि युद्धमा जित्यो कि क्यान आफ्ना वचन महिमा कहन्छस् भनि एस् प्रकारले तेजस्वी श्रीरामचन्द्रले पापिष्ठ मक राक्षसलाई आज्ञा गरि अत्यन्त क्रोध गरि क्षुरबाण लीकन मकर राक्षसका हृदयमा ताकि प्रहार गऱ्या। तेस् बाण प्रहार आयाको देखि मकराक्षसले पनि नर्लभन्याको तीनगोटा बाण लीकन रामचन्द्रको बाण अकासैमा व्यर्थ गरिदिया। आफ्नु बाण व्यर्थ गऱ्याको देखि श्रीरामचन्द्रका मनमा क्रोध गरिकन छवटा बाण लियेर मकराक्षसको शिरमा ताकिकन प्रहार गऱ्या। रामले प्रहार गरि ल्यायाको देखि अकासैमा व्यर्थ गरि दिया। दुवैजना सिंहशार्दूल जस्ता, हाति र

व्याघ्र जस्ता आफ्ना २ जय कामनाले पृथ्वीकन दग्ध गर्न्या अग्नि जस्तो परस्पर प्रहार गरि, महाकल्लोल भयो। राक्षस र वानर युद्ध गर्न्याको, अनेक वानर पनि राक्षस मारिकन रगतको नदी बहन लाग्यो। तेस् वेलामा महाबलियो मक राक्षसले पनि आशीविषसमान सुनका पाँख ल्याएका बाण एकाईस्गोटा लीकन रामका शिरमा प्रहार गर्न्यो। तेसो गरि आफ्ना शिरमा आयाका बाण जिकिकन श्रीमन्त रामले पनि महाक्रोध गरि नाराच भन्याको बाणले मकराक्षसको मुख ताकि प्रहार गर्न्या। त्यो बाण मकराक्षसको मुखमा लागि पुष्पमालाजैं देखियो। पद्म पुष्पमा भ्रमरको गुञ्जमानको शोभा भैरह्याको देखियो र श्रीरामचन्द्रले भल्ल भन्याको बाणले प्रहार गर्न्या। फेरि पाँचवटा बाण मक राक्षसलाई प्रहार गर्न्या। श्रीरामचन्द्रले आफ्ना शिरमा बाण प्रहार गर्न्याको देखि मक राक्षस पनि महाक्रोधले रक्त नयन गरि चाँडो धनु लीकन रामलाई धनुप्रहार गर्न्यो। तहाँ श्रीरामले पनि बाण वृष्टि गरि आकाश सुद्ध दुई खंड भया जस्तो शर जालले छोपिदिया, पृथ्वी आकाश दशदिशा सबै व्याप्त भैगयो। महावीर मक राक्षसले पनि साक्षात् कालस्वरूप अस्त्र प्रहार गर्न्यो। त्यो अगस्त्यास्त्र आयाको देखि श्रीरामले पनि बाण प्रहार गरि उपशाम्य गर्न्या। त्यो युद्धमा हेरि वीर भयाको मक राक्षसले पनि शस्त्र प्रहार गरिपठायो, श्रीराम पनि त्यो शस्त्र आयाको देखि शस्त्र प्रहार गरि अन्तरिक्षमा काटिदिया फेरि, शस्त्र अस्त्र युद्ध गर्न लाग्या। पूर्वकालमा देवदानवको युद्ध भयाजैं पृथ्वीले पनि भार बोक्न सकेनन्, आकाशमा रह्याका देवलोक पनि कम्पमान भैरह्या, धन्य २ राम, धन्य मकराक्षस भनि प्रशंसा गरिरह्या। रामचन्द्र राक्षसको बडो कल्लोल युद्ध भयो, राक्षसले प्रहार गर्न्याको असंख्य बाण देखि श्रीरामचन्द्रले पनि बाण प्रहार गरि निवारण गरिदियो। एस् प्रकारले परस्पर जयवान्छा गरि श्रीरामचन्द्रले पनि अत्यन्त क्रोध गरि अनेक बाण वृष्टि गरिदियो, महावीर मकराक्षसले पनि अनेक बाण वृष्टि गर्न्यो, कस्तो भन्या दुई पक्षले मेघले जलवृष्टि गर्न्याजैं दुवैले प्रहार गर्न्याका बाण व्यर्थ भै पृथ्वीमा पसिरह्या, अनेक जाज्वल्यमानले पृथ्वीमा पर्न्यो। घरको पुत्र दशरथको पुत्र दुवैजनाको बडो युद्ध भयो, काल मृत्यु जस्तो पृथ्वी दग्ध हुन्या वेलामा केहि नदेखिन्या दुईजनाले धनु टंकार गरि दीकन वज्रपात भयाजैं सुनियो। आकाशमा रह्याका देव गन्धर्व दानव नाग यक्ष इन्द्रादि देव दश दिग्पाल सबै देवताहरूले श्रीरामचन्द्रको र मकराक्षसको महायुद्ध भयाको हेरिरह्या, परस्पर ठुलो युद्ध भयो, परस्पर प्रहार गरि आफ्ना शरीरमा लाग्याको बाण जिकि परस्पर बाण सहस्रमा बसि तुल्यपराक्रमी दिग्दिशा भाग

पृथ्वी आकाश बाणमय गराईरह्या । तस् बेलामा श्रीरामचन्द्रले प्रहार गऱ्याको नाराच भन्याका बाण मकर राक्षसले व्यर्थ गरिदियो । ताहाँ मकर राक्षसले प्रहार गऱ्याको बाण श्रीरामले व्यर्थ गरिदिया, फेरि त्यो राक्षस रथमा बस्याको देखि तीक्ष्ण २ नाराच बाण प्रहार गरि अश्व रथ सारथिसमेत छेदन गरिदिया । तेस् बेलामा मकराक्षस विरथि भैरह्यो, महाक्रोधले रक्तनयन गरि त्रिशूल लिकन मकराक्षस क्रोध अग्निले दग्ध भैकन महात्मा रामचन्द्रकन मार्नअर्थले त्रिशूल प्रहार गऱ्या, कस्तो गरि भन्या आकाशविषयमा मेघसमूहमा उत्पात भयाजैं त्रिशूल बिचैमा खंड २ गरि पृथ्वीमा पर्याको उल्कापात भयाजैं तेस् प्रकारले अद्भुत कर्म गरिकन श्रीरामचन्द्र भन्न लाग्या, वानर सेनाले पनि पृथ्वी कम्पमान गरि युद्ध गऱ्या । ताहाँपछि पापात्मा मकराक्षसले प्राणीमाथि आयाको महाभयंकर त्रिशूल व्यर्थ गरिदियाको देखि वज्रसमान मुष्टि उजाईकन रामचन्द्रका अघिबाट जाई तिष्ठ २ भनि हप्काउन लाग्या । रामचन्द्रले पनि आज्ञा गऱ्या, हे पापिष्ठ राक्षस, अधर्मि म याहिं छु भाग्याको छैन भन्या र त्यो मकराक्षस पनि रामचन्द्रका वचन सुनि महाक्रोधले मुष्टि उजाईकन जाईलाग्यो । तेसो गरि आयाको देखि तेजस्वी श्रीरामचन्द्र पनि कालाग्निसमान अगस्तमा मन्त्र धारणा गरि पृथ्वी सुद्धा कम्पमान गरि प्रहार गऱ्यो । त्यो बाण छागि पापात्मा मकराक्षसको शरीर दुवै खण्ड भै छिन्न कवच गराई बाणका दग्धले पृथ्वीमा लोटिकन प्राण त्याग गऱ्यो । तेस् प्रकारले श्रीरामचन्द्रले मक राक्षसलाई मार्न्याको देखि राक्षससेना सबै हाहाकरले लंकाभित्र भागिकन रावणलाई कहन लाग्यो । आकाशमा रह्याका इन्द्रादि देवलोकले महाहर्षमान गरि दुन्दुभि वाद्य बजाई सिद्ध चारणहरूले स्तुति गरि गन्धर्व अप्सरा हरूले नृत्य गीत गाई पुष्पवृष्टि गऱ्या । ताहाँपछि सुग्रीव प्रमुख विभीषण आदि वानरहरूले श्रीरामचन्द्रलाई प्रदक्षिणा गरि पूजा गरि विन्ति गर्न लाग्यो, हे परमेश्वर श्रीरामचन्द्र, धन्य २ तपाईले पापात्मा मक राक्षसलाई मारि देवता आदि सबैलाई हर्षमान गराईदिनुभयो । हे परमेश्वर, श्रीरामचन्द्र त्रैलोक्यको दुःख नाश गर्नानिमित्तमा श्रीरामचन्द्र भनाई औतार लिनुभयो, एस्ता तपाईकन कोटि २ नमस्कार भनि एस् प्रकारले वानरहरू सबैले स्तुति गराईकन श्रीरामचन्द्र आनन्दले राज गर्नुभयो भनि कैलाश पर्वतमा श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो, हे पार्वति, कोहि मनुष्यले श्रीरामचन्द्रका पराक्रमका कुरा सुनन् मक राक्षसलाई मार्न्याको कुरा सुनन् तस् मनुष्यका शत्रु नाश भै सुखसँग प्राप्ति पाउला । हे पार्वति, जस् मनुष्यले रामनाम ध्यान गरिरहला तेस् मनुष्यलाई पुनर्जन्म हुँदैन, एस्ता श्रीरामचन्द्रका महिमा

सुन्याकाई केहिको भय हुदैन एति निमित्तले रामनाम सुमरना गर, म पनि रामनाम छाड्दिन भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो । यो कथा सत्यलोकमा ब्रह्माले नारदलाई सुनाउनुभयो, नैमिषारण्य वनमा सूतले शौनकादि ऋषिलोकलाई सुनाउनुभयो ।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे मकराक्षसवधो नाम सर्गः ॥ ४७ ॥

४८

श्रीमहादेवज्यू उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले पापात्मा मक राक्षस मार्याको कुरा सुनि महाबलियो इन्द्रसमान मेघनादले पनि महाक्रोधले अग्नि समान रक्तनयन गरि दिव्यरथमा बसि ध्वजापताकाले संयुक्त गरि नाना शस्त्र-अस्त्र युक्त गरि कवचकुण्डल इत्यादि लाईकन रत्नमय गहना लाईकन मध्याह्नका श्री सूर्यजस्तो एस्ता मायाले सयुक्त भयाको मेघनादले पनि रथमा बसिकन आपना सैन्य वीर २ महापराक्रमी कामरूपी महातेजस्वी संग्राममा गैकन फर्कन्या मर्याद नभयाका शस्त्रअस्त्रले संयुक्त तेस्ले एक २ जना मेघनादतुल्य एस्ता सहित गरिकन नाना वाद्य बजाउन लाग्यो, अनेक भेरि शंख शब्द गरिकन राक्षसहरूले पनि हर्षमानले सिंहनाद शब्द गरि पृथ्वी कम्पायमान गरि संग्राम गर्नानिमित्तले गया र वानरसेना-माथि जाईलाग्या । कस्तो भन्या हा तका मध्यमा सिंह जाईलाग्याजैं एस् प्रकारले मेघनादले आईलाग्याको देखि वानरहरूले पनि पृथ्वी कम्पमान गरि नाद गरिकन शिला वृक्ष लीकन अघिवाट दगुर्दै गैकन कस्तो भन्या पद्म पुष्करिकन राक्षसले पनि अनेक २ शस्त्र-अस्त्र तीक्ष्ण २ बाण चित्रविचित्र गरिराख्याको तोमर पट्टिश अंकुश प्रहार गरिकन अनेक वानर मार्न्या, भयंकर उग्र चक्रपाश वृक्ष नाना प्रकारले शस्त्र-अस्त्र प्रहार गरि अनेक वानर मार्न्या, राक्षसहरूलाई भन्न लाग्या, हे राक्षस, तिमिहरू डराउनुपर्दैन चित्त दृढ गरिकन युद्ध गर महाहर्षले युद्ध गरिकन वानरहरूलाई मार भनि एस् प्रकारले मेघनादले भन्यो र राक्षसले पनि पृथ्वी कम्पमान शब्द गरि वानरहरूमाथि अनेक शर वृष्टि गर्न्या । नील मेघले जल वृष्टि गर्न्याजैं वानरले पनि हर्षमान गरिकन शिला वृक्ष मुष्टि प्रहार गरिकन अनेक राक्षस मार्न्या, घुंडाले थिचिकन पनि अनेक मद्यपानले अचेष्टा भयाजैं भिन्न गराई उसै रह्या, कोहि माण मात्रै भिन्न जंघ भिन्न पृष्ठ भिन्न मस्तक गरि अनेक राक्षस मारिकन पृथ्वीमा व्याप्त

भयो। कोहि राक्षस वाम दक्षिण गराई रह्यो, कोहि प्राण मात्र बचाई भूमिमा लोटि कराईरह्यो। एस्ता प्रकारले वानरहरूले अनेक शिला वृक्ष मुष्टिले प्रहार गरिकन मस्तक चूर्ण गरि पृथ्वीमा शोभायमान भैरह्यो, कस्ता वीर २ राक्षसहरू भन्या एक २ जनाले पनि पृथ्वी जित्न सामर्थ हुन्या एस्ता राक्षसहरू असंख्य माऱ्या र परशेष रह्याका वानरहरूमा महाशब्दले कराई रह्याका लंकातिर हेरि भाग्या। त्यो राक्षसहरू कराया का शब्दले लंकामा व्याप्त भयो र भन्न लाग्यो, क्या भयो कसो हुन लाग्यो भनि लंकामा बस्याका राक्षसहरू त्राहि भयो। एस् प्रकारले वानरसेनाले राक्षस सेना मारि धपाई पठायाको देखि महापराक्रमी इन्द्रसमान मेघनादले पनि क्रोध गरि साक्षात् कालरुद्र जस्तो रक्त नयन गरिकन वानरमाथि अनेक शर वृष्टि गऱ्या, एक तिनि पंच नव सप्त नवम एस्ता प्रकारले प्राण प्रहार गऱ्यो र अनेक वानर पनि माऱ्यो। यो मेघनादको बाण कस्तो हो भन्या सुवर्णमय गरिराख्याको सूर्यप्रकाश गरिराख्याको जस्तो एस्ता बाणले महापराक्रमी वानरलाई मृत्यु गरायो। अष्टादश बाण प्रहार गरिकन महावीर गद सादन वानरलाई प्रहार गऱ्यो, गज वानरलाई पाँचौटा बाण प्रहार गऱ्यो, अनेक वानर पृथक २ गरि सातगोटा बाण प्रहार गऱ्यो। गज वानरलाई बाण प्रहार गरि छिन्न देह गराई कत्तिको शरीर काटि मृत्यु गरायो। जति भयाका वानर बाण लागिकन रक्तधारा बहाई-कन पृथ्वीमा लोटिरह्यो, कोहि मृत्यु भैरह्या, कोहि प्राण मात्र बाँकि रह्या। आवर्त शब्दले कराई पृथ्वीमा वानरले ढाकिकन पृथ्वी पनि महाभयंकर भैरह्यो। कोहि वानर पापात्मा मेघनादको भयले डराईकन आकाशमा भागिगया, कोहि रूखमा चढिरह्या, कोहि पर्वतमा भागि गया कोहि समुद्र पार आयाऊँ लेखा पनि केहि रहेनन्, कस्ता भन्या आकाशमा आयाका सलह जस्तै गरि मर्छन्, तेस् प्रकारले मेघनादले राम लक्ष्मणका सेना वानरलाई जिति हर्षमानले ठुलो शब्द गरि राक्षस सबै पछिलाई लंकामा गै रावणलाई दंडवत् गरि आफुले गऱ्याको पराक्रम कह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे मेघनाद संकुलं नाम सर्गः ॥ ४८ ॥

४९

श्रीशिवोवाच—हे पार्वति, ताहाँपछि पापात्मा मेघनादले वानर सेना मारिकन लंकामा जाईकन रावणलाई दण्डवत् गरि वृत्तान्त कुरा कहन लाग्यो। त्यो कुरा सुनि रावण महाक्रोधले भन्न लाग्या, हे मेघनाद, तैले कस्लाई मारिस् तेरा क्या पराक्रम, राम लक्ष्मण दुवैजना क्या कारणले मार्नु भयेन ! त्यो मान्यों प्रकार मनुष्य, मायाले गरिकन पनि ति दुईजना मनुष्यलाई नमारि हुँदैन। हे वीर मेघनाद, कस्तो भन्या कालरुद्र जस्तो इन्द्रादि देवतालाई जित्न सामर्थ भयाका ई दुईजना निर्गति मनुष्यको क्या लेखा ! तँसमान बलियो पृथ्वीमा पनि दुर्लभ छ। हे पुत्र मेघनाद, चाँडै गैकन राम लक्ष्मण चाँडो मृत्यु गराई आ भनि एस् प्रकारले मेघनादलाई रावणले भन्यो र मेघनादले पनि रावणको आज्ञा मानि चाँडै उठिकन अग्निशालामा जाई लाग्याका विधि जस्तो गरि आहुति दीकन नरयज्ञ गऱ्या, ब्रह्मालाई पनि निपुण मंत्रज्ञ मेघनादले, एस्ता प्रकारको नरयज्ञ गरि अग्नि संतुष्ट भै मेघनादलाई सुवर्णको रथ दिया, धनुर्बाण दिया तेस् वेलामा चंद्र सूर्य ग्रह-नक्षत्र तारा देवादि सबै त्राहि भयो। ताहाँपछि पापात्मा मेघनादले पनि नाना मंगल गरि शत्रु उच्चाटना गरि विधानले यज्ञ गरि सैन्यसहित गरि वानरसेनामाथि जाई लाग्यो, कस्तो गरि भन्या, सूर्यलाई ग्रहणले ग्रस्त गऱ्याजैं पृथ्वी पनि कंपमान गराई ठुलो शब्द गरिकन राम लक्ष्मण कहाँ छन् भनि तीक्ष्ण २ बाण लीकन जाँदा २ राम लक्ष्मणलाई देखि राम लक्ष्मणले पनि मेघनादलाई देखि राक्षस सेनालाई अनेक बाण प्रहार गऱ्या। तेस्ता प्रकारले रामले बाण प्रहार गऱ्याको देखि महावीर मेघनादले पनि अत्यन्त क्रोध गरि चाँडो गरीकन तीक्ष्ण २ बाण प्रहार गऱ्या। श्रीराम लक्ष्मणका शरीरमा लागिकन रक्त धारा बहन लाग्यो, कस्तो देखिंथ्या भन्या अंधकार गरि धुलाले छोप्याजैं गराई मायाले छोपि आफ्नु रथ पनि नदेखिन्या रूप पनि नदेखिन्या गरि आकाशमार्गमा बसिरह्यो, धनुको टंकार शब्द मात्र सुनिन्या बाण वृष्टि गरि नदेखिन्या भै बाण मात्र देखिन्थ्यो। एस्ता प्रकारले मेघनादले अंधकार गरि पृथ्वीमा आकाश देखिन्या वर्षामा जलवृष्टि भयाजैं शरवृष्टि भया, त्यो मेघनाद कस्तो भन्या महापराक्रमी मायाले पनि संयुक्त सूर्यसमान तेज भयाका महाक्रोधले राम लक्ष्मणमाथि अनेक शरवृष्टि गऱ्यो कस्तो भन्या काल मेघले जल वृष्टि गऱ्याजैं शरवृष्टि गऱ्याको देखि राम लक्ष्मणले मेघनादलाई प्रहार गऱ्या। तेस्ता प्रकारले बाण प्रहार गऱ्याको

देखि मेघनादकाई नलागि वाण व्यर्थ भै पृथ्वीमा खस्या, फेरि मेघनादले भल्ल भन्याको वाणले प्रहार गऱ्यो। त्यो वाण आयाको देखी राम लक्ष्मणले शक्याको व्यथा गरि नशक्याको आपना शरीरमा लाग्याको झिकिकन फालिदियो। मेघनादले राम लक्ष्मणलाई चौंदै २ सुवर्ण पुंख भयाका वाण प्रहार गऱ्यो, त्यो वाण लागि रक्त वहन लाग्यो, कस्तो गरि भन्या पर्वतवाट जलधारा आयाजैं, एस्ता प्रकारले दाडिमको फूल फुल्याजैं। एस्ता प्रकार गरि त्यो पापिष्ठ मेघनाद अश्व गतिका वेगले धनु देखन्या गरि अदृश्य भैरह्यो, मेघमण्डलभित्र सूर्य वस्याजैं वसिकन अनेक वानरलाई प्रहार गऱ्यो। फेरि शस्त्र चढि भन्याको वाण प्रहार गऱ्याको देखि अनन्त मूर्ति लक्ष्मणले पनि क्रोध गरि श्रीरामका हजूरमा विन्ति गऱ्या, हे रघुनाथ, यो पापिष्ठ मेघनादले आकाशमा वसि मायावलले अन्धकार गराई अनेक वाण प्रहार गऱ्यो। अब यो पापात्मा मेघनादको सैन्य सबै ब्रह्मास्त्र प्रहार गरि निर्मूल गरि माछुं भन्या यो वाणले लंकामा रहन्या राक्षस सबै भस्म गर्नु सामर्थ भयाका यौंटा कया अपराधले सबैलाई मार्नु योग्य छैन, ई राक्षस सबै मेघनादका शरणमा वस्याका लडाई नगरि रहन्या पनि छैनन्, हात जोरि रहन्या शरण आउन्या भागिजान्या एस्तालाई मार्नुछैन। हे लक्ष्मण, एस्ता किंचित् राक्षस मारि कया प्रयोजन, पापात्मा मेघनाद यौंटा मान्यादेखि सबै राक्षस मान्याका जस्ता भया, अब यो पापिष्ठ मेघनादलाई मार्न्या यत्न गर। ह्राम्रा वलले मायाले पनि संयुक्त भयाका वानरहरू सबैलाई अहाई आकाशमा रह्याको मेघनादसँग मायाले युद्ध गरिकन मार्नुपऱ्यो। हे भ्राता लक्ष्मण, मैले पनि शस्त्र-अस्त्र प्रहार गरि पृथ्वी, आकाश, दशदिशा भाग, अन्तरिक्षमा रह्याका सबै निर्मूल गर्नुपऱ्यो। मेरा सामर्थ भयाको छ, एस् वेलामा पापिष्ठ मेघनाद यौंटाले कया युद्ध भनि तेजस्वी श्रीरामचन्द्रजे आज्ञा गऱ्या र लक्ष्मणले पनि हो भनि ठानि वानरहरूलाई भन्या वलवान् मायाले युक्त भयाका वानरहरूले पनि मेघनादलाई मार्न्या अर्थले आकाश पनि दुवै खण्ड होला भन्या जस्तो गरि ठुलो शब्द गरि भन्नलाग्या, हे रुद्र, ह्राचारि मेघनाद पनि कालो-कालो माथि कोहोला गरि वस्याको कस्तो भन्या, संख्या जोग गर्न्याले ज्ञान प्रत्यक्ष गऱ्याजैं वानरसेनाले आकाशमा हेरि व्यक्त गरिरह्या भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे इन्द्रजित युद्धं नाम सर्गः ॥ ४६ ॥

५०

सदाशिव उवाच—हे पार्वति, ताहाँपछि वानरसेनाले आफु वस्याको ठाउँ जान्यो भनि चिताईकन श्रीरामचन्द्रले महास्त्र वाण प्रहार गरि दग्ध गराईन् भनि चिताई डराईकन राक्षस सेनासहित गरि मेघनाद फर्किगयो। ताहाँपछि मेघनाद गैकन चिताउन लाग्यो अब कसो गर्न्या हो आफ्ना जो सैन्य योद्धा २ जो थियो मृत्यु भैगया, अब म फर्किकन क्या प्रयोजन छ। राम लक्ष्मणसँग युद्ध गर्न भनि आयाको भागिगयो भनाई कसो गरि जानु, अब एसो गर्न्याले हुन्याछैन। राम लक्ष्मण वानर सेनालाई निराशा गराउँछु, मायाकी सीता वनाईकन राम लक्ष्मणलाई देपाउँला तेस् वेलामा सीताका निमित्तले प्राण त्याग गर्नान् भनि एस् प्रकारले चिन्तना गर्न्या। राक्षस सेनासहितले पश्चिम ढोकामा वसि मायाले संयुक्त भयाका मेघनादले मायाकि सीता वनाईकन मायाका वनायाका रथमा राखि नाना वाद्य वजाईकन पृथ्वी कम्पमानले ठुलो शब्द गरि जौना दिशातिर हनुमान वस्याका थिया तेसै पश्चिम दिशाका द्वारघाट वाहिर निस्क्यो। तेस् प्रकारले मेघनाद आयाको देखि वानरसेना सवै हर्षमान भै अघिसरि वस्या। हनुमानले पनि मेघनादलाई मारूँला भनि महाक्रोधले शिलावृक्ष लीकन मेघनादको सन्मुख जाँदा सीतालाई देखिकन चिन्तना गर्न लाग्या कस्ति सीता भन्या कुवर्ण भै भोकले दुव्ली रह्याकि मलिन वस्त्रलाई मयलले संयुक्त भयाकी शरीर संकष्ट पीडा गरिराख्याकी रह्याकी, रामका निमित्तमा रातदिन रोईकन हाड र छाला मात्र रह्याकी जनक राजाकी पुत्री सीता छिन्न वदनले पीडा भैरह्याकी एस्ती सीताकाई हनुमानले देखि चित्तमा महादुःख प्राप्त भै हा हा! एस्ती सीता मेघनादका रथमा राखि कयान न्यायो भनि महावीर २ अघोर २ वानरहरू सवै अघिवाट जाईकन हेर्नलाग्या। तेसो गरि हेर्न गयाको देखि पापिष्ठ मेघनादले दुःख दियाको देखि पापिष्ठ मेघनादले वानरलाई देपाई सीताको चुल्ठो समाती खड्ग उजाईकन महादुःख दिन लाग्यो, सीताले पनि मेघनादले दुःख दियाको देखि रोईकन भन्न लागिन्, हा! हा! राम त्राहि! त्राहि रक्षा गर,पापिष्ठ मेघनादले प्राण छिन लाग्यो! हे हनुमान, मेरा रक्षा गर भनि एस् प्रकारले सीताले भन्याको मेघनादले दुःख दियाको सीता कष्ट श्रीरामका सेवक हनुमानले अत्यन्त क्रोध गरि व्याकुल नेत्र गरि आँसु पखालिकन रामको प्रिय भार्या सीताको चुल्ठो समातिराख्याको देखि मेघनादलाई भन्नलाग्या, हे पापिष्ठ मेघनाद, हे दुर्वुद्धि, क्रूर, दुराचारि, क्षुद्र, पापात्मा चण्डाल, तेस्तो कार्य किन गर्न लागिस्! हे हत्याहारि,

त्रैलोक्यमा नभयाको कुकर्म गर्न्या स्त्रीजातिलाई मारि तँलाई क्या धर्म होला कस्तो भन्या, ऋषिको कुलमा जन्म भयाको आमाको कारणमा राक्षस भयाको ब्रह्माको नाति भैकन तेस्तो कार्य गर्न्या धिक्कार ! हे मेघनाद, एस्तो कर्म पो तैले गर्न आँटिस्, आमा बाबु छोडिकन आयाकि सीता रामका हातबाट चोरि ल्याथाकी राज्य छोडि वनवासमा महाकष्ट पाईरह्याकि एस्ता निरापराध ती सीतालाई मार्न लागिस् ! हे पापिष्ठ दुराचारि, सीताले तेरो क्या अपराध गर्‍या, कारण निमित्त नभै कयान अधर्म गर्नेछागिस् ! हे मेघनाद, सीतालाई तैले मार्‍याको देखि तँ पनि बाचन्या छैन, मेरा अघिबाट सीतालाई मार्‍याको कसो गरि हेरिरहुँला, म पनि रामको सेवक हनुमान पो हो । मेरा बज्रसमानका मुष्टिले प्रहार गरि तेरो मस्तक चूर्ण गरि तँलाई मारौंला । हे पापिष्ठ, जस्लाई स्त्रीहत्या लागिरह्याको ठाउँ ब्रह्महत्या लागिरह्याका जाहाँ छन् तेस् जग्गामा तँ दुराचारिलाई पठाउँछु । एस् प्रकारले वीर वायु तन्का पुत्र हनुमान अत्यन्त क्रोध भै भन्या र वानरसैन्यसहित गरि अघिसरिकन युद्ध गरूँला भनि बस्या । हनुमान तेस्ता तरहले बस्याको देखि राक्षसेन्द्र रावणको पुत्र मेघनादले पनि वानरसेना आउन नसकन्या गरि बाण प्रहार गरिकन स्तम्भन गरिराख्यो । ताहाँपछि महावीर हनुमानलाई भन्नलाग्यो, हे हनुमान, एस्ता सीताका निमित्तमा राम लक्ष्मण दुईजना मनुष्यले सुग्रीव मित्र गरि वानर सबै सहाय गरि समुद्रमा सेतुबन्ध गरि आया, एस् सीताका निमित्तमा राम लक्ष्मण दुईजना मनुष्यले छाति फाट्न्या गरि सीतालाई मार्दछु भनि एस्लाई मार्‍यापछि राम लक्ष्मण प्रमुख सुग्रीवादि गरि वानर सेनापतिलाई समेत निर्मूल गरि निष्कंटक लंका गराई राखुँला, अनार्य विभीषणलाई पनि मारूँला लंकामा राजा हुला भनिराख्याको निराशा गराउँछु । हे मर्कटाधम हनुमान, अस्त्री अवध्य भनि तैले भनिस्, अवध्य बाला जौना प्रकारले शत्रुलाई दुःख व्यथा हुन्छ सो प्रकार गरूँला भन्यो र सीता पनि महाशोकले पीडा भैकन राम नाम मात्र सुमरना गरि दुःखले पीडा भैकन रोईरह्याकि सीतालाई पापिष्ठ राक्षसाधम मेघनादले वानरसेना सबैलाई खड्गले प्रहार गरि सीताको शिर काटिकन पृथ्वीमा खसालिदियो, शरीर मात्र दुई खण्ड गरिदिया, कस्ती सीताको शिर काटिकन पृथ्वीमा खसालिदियो, जनक राजाकी पुत्री श्रीराम जस्ताको जो स्त्री भैकन राक्षसको हातबाट मर्नुपर्‍यो, हा हा कस्तो आश्चर्य ! एस्ता प्रकारले पापात्मा मेघनादले सीतालाई मृत्यु गराईकन भन्नलाग्यो, हे हनुमान, तिमिहरूका स्वामी रामको सीता मर्‍याको देखिस्कि ? एस्का शोकले राम लक्ष्मणले पनि प्राण त्याग गर्न्याछन् भनि मेघनादले अत्यंत हर्षमान गरि आकाश फुट्ला भन्या जस्तो ठुलो शब्द

गरिकन मेघनाद गरायाको शब्दले सबै वानरहरू त्रासमान भयो । पर्वतमा वज्रपात भयाजै प्रलय कालमा दिग्गज हस्ति गरायाजै एस्ता प्रकारले मेघनादको नाद शब्द सुनि वानर सबै चंचल चित्त भै, डराईकन अँध्यारो मुख गरि संग्राम छाडि फर्किकन हनुमानका अघिबाट वस्नु गया । पापिष्ठ मेघनादले सीतालाई मारिकन, शत्रुका चित्तमा त्रास गराई, आफ्नु चित्त हर्षमान गराई चिंतना गर्न लाग्यो, यो पापिष्ठ राम लक्ष्मण, वानरसेना कपट नगरि युद्ध गऱ्या कसो गरि मार्न सकियका भनि चिंतना गरिरह्यो भनि श्रीमहादेवले पार्वतिलाई, कैलाश पर्वत-विषयमा सुनाउनुभयो ।

॥ इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे लंकाकाण्डे माया सीतावधो नाम सर्गः ॥ ५० ॥

५१

॥ श्रीमहादेव उवाच—हे पार्वति, तहाँपछि पापिष्ठ मेघनादले सीतालाई मारिकन पृथ्वी-मा कंपमान गरि करायाको शब्द वानरहरूले सुनिकन त्रासमानले डराई दश दिशा भागे, सबै वानरहरू भागि गया । तेसो गरि भागि गयाको देखि हनुमान पनि चित्तमा विषाद मानि सीताका दुःखले विवर्ण मुख गरि आँधावाट आँसु काढिकन भन्न लाग्यो, हे वानरहरू, तिमि सबै क्यान तेसो गरि भाग्यौ, संग्राम छाडिकन क्यान भाग्या, विमुख भै भागनु छैन, शूर वीर पराक्रमी भै तेसो गरि भागनु छैन । तेसो गरि गयाको मात्रै कैले सुन्नुपर्दैन कि ! आखिर एकफेरा त मर्नै पर्छ, तिमिहरू अघि सरिकन लड नसक्या म अघि जाँला पछि २ तिमिहरू आईकन ठुलो शब्द मात्रै गरिरह्या, लडन पऱ्या म लडुँला । हे वानर, कुलवंत पराक्रमी भै तेसो गरि वस्नु छैन भागनुछैन लोकले क्या भंला, तिमिहरू सबैलाई लाज पनि छैन कि भनि एस् प्रकारले हनुमानले भन्या र भागि गयाका वानरहरूलाई हनुमानले भन्याको हो भनि चित्तमा हर्षमान गरि राक्षसहरूका मनमा त्रासमान गराई ठुलो शब्द गरि वानरहरू सबैले पर्वत पाषाण वृक्ष ली हनुमानलाई अघि लाईकन गर्जमान गरि संग्राम गर्न निश्चयले राक्षसमाथि जाई लाग्यो, अनेक राक्षस मारिदिया । तेस् वेलामा महावीर मनुमान सीतालाई मारिदियाको ईथले महाक्रोध गरि पर्वततमान शिला वृक्ष लीकन मेघनादमाथि प्रहार गऱ्या । त्यो शिला आकाशमा आयाको

देखि मेघनादका सारथिले रथ अर्कातिर लैगयो र हनुमानले प्रहार गऱ्याको शिला पृथ्वीमा पऱ्यो, त्यो शिला पृथ्वीमा पऱ्याको ठाउँमा पृथ्वी फुट्यो। हनुमानको शिला वृक्ष व्यर्थ भयाको देखि राक्षससेना सबै ठुलो शब्द गरि वानरमाथि जाईलाग्यो अनेक, शस्त्र-अस्त्र प्रहार गऱ्या। वानरले पनि शिलावृक्ष प्रहार गरि अनेक राक्षस मृत्यु भया, भयंकर बलिया २ वानरहरूले वृक्ष पाषाण प्रहार गरि वानरमाथि जाईलाग्या, अनेक शस्त्र-अस्त्र प्रहार गऱ्या। वानरले पनि शिलावृक्ष प्रहार गरि अनेक राक्षस मृत्यु भया, भयंकर वीर २ वानरहरूले वृक्ष पाषाण प्रहार गरि अनेक राक्षस मार्‍या, राक्षस सेना मार्‍याको देखि मेघनाद पनि अत्यन्त क्रोध मै अघिसरि वानरमाथि शस्त्र-अस्त्र प्रहार गर्‍या, त्रिशूल, गदा खड्ग अशनि पट्टिश मुन्दर एस्ता शस्त्र प्रहार गऱ्या, अनेक वानर मृत्यु गरायो। तेसो गरिकन मार्‍याको देखि महावीर २ पराक्रमी वानर क्रोधले शिलावृक्ष पर्वत प्रहार गरि महाकल्लोल युद्ध गऱ्या। तिनिहरूले युद्ध गऱ्याका वेगले पृथ्वीले पनि थाम्न सकेनन्। देवताको र दैत्यका युद्ध भयाजैं महाभयंकर संग्राम भयो, हनुमान प्रमुख वानर सबैले शैलशृंग पाषाण प्रहार गरि मुष्टिले हानि बाँधिकन घेरिकन राक्षससेना सबै मार्‍या, जो रह्याका राक्षसहरूलाई हाहाकार गराई पपाउन लाग्या। कोहि राक्षस छडिरह्याका कोहि छिन्न मस्तक भैरह्याका एस्ता प्रकारले राक्षस-सेनाले वानरसेनामाथि जाईलाग्न नसक्न्या भयापछि हनुमानले भन्न लाग्या, हे वानरहो हामिहरू सबैजनाले राम लक्ष्मणका कार्यसिद्ध गर्नानिमित्त प्राण त्याग गरिकन युद्ध गर्‍यौं, अब एसो गरि बस्याले हुँदैन फर्किजाउँ हिंड। हे वानर, जौना सीताका निमित्तमा एस्तो दुर्जय कर्म गरिउँ सो सीतालाई मृत्यु गरायाको पनि देख्यौं, अब यो वृत्तान्त कुरा सबै राम लक्ष्मण सुग्रीवलाई सुनाउन जाउँ हिंड, अबदेखि जो आज्ञा होला, त्यो गरौंला भनि वानरसेना सबैले संग्राम छोडि आया, ताहाँपछि वानर सेनाले संग्राम छोडि आयाको देखि घाउले पीडा भैरह्याका राक्षसहरूले पनि संग्राम छोड्याको निमित्त क्या भयो भनि हामिहरू पनि फर्कि जाउँ भन्न लाग्यो। मेघनादले पनि वानरहरू फर्क्याको देखि यो संग्राम छोड्याको क्या निमित्त भयो भनि मनमा चिताईकन भन्नलाग्यो, अब म पनि शत्रुलाई मार्न्या उपाय गर्छु भनि निकुम्भिरामा गै यज्ञको सामग्री सबै तयार गरि शुचि पवित्र भै मन्त्रज्ञ मेघनादले यज्ञ गर्नलाग्यो, मन्त्र पूर्ण गरि अग्नि बढिकन धेरै वृद्धि भयो, पशुका रक्तले तर्पण गरि अनेक वस्तुले आहुति गऱ्या कल्याण गर्नानिमित्त शत्रुनाश गर्‍ला भनि मेघनादले निकुम्भिरामा यज्ञ गर्नलाग्यो। त्यो यज्ञ गऱ्याका ठाउँमा राक्षसहरू उत्तम साधकी जस्ता भैवस्याका थिया।

एस्ता प्रकारले रावणका पुत्र मेघनादले निकुम्भिरामा यज्ञ गर्न्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे निकुम्भिरायज्ञ आरम्भो नाम सर्गः ॥ ५० ॥

५१

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि हनुमान र मेघनादले संग्राम गर्न्याको शस्त्र अस्त्रका शब्द र सिंहनाद गर्न्याका शब्द श्रीरामचंद्रले सुन्या र आज्ञा गर्न लाग्या । हे जांबु वानर, आजका दिनमा हनुमानले ठुलो पराक्रम गर्न्या, राक्षस र वानर युद्ध गर्न्याका शब्द मैले सुन्याँ । महाकल्लोल शब्द शस्त्रको शब्द सुन्याँ । हे जांबु वानर, को जित्यो कस्ले हान्यो, अब तिमिहरू आहाँ बसिकन हुँदैन भन्या र आफ्ना सैन्यसहित मै हनुमानका ठाउँमा जाँदा भया । तेस् वेलामा हनुमान पनि संग्रामबाट फर्कि आउँदा ताहाँ जाम्बू वानरसित भेट् भयो । संग्रामले थाक्याका घाउका व्यथाले सीता मृत्यु भयाका शोकले हनुमानका पनि मलिन चेहरा मै कृष्ण वर्ण मै मेघ आयाजैं आउँदामा बाटमा भेट् भया र हनुमानले पनि जांबुवानले, पनि परस्पर अंकमाल गरि फीर्कि आया र रामचन्द्रको समीपमा आई, सुग्रीव प्रमुखले दण्डवत् गरि, मेघनादले गर्न्याको क्रुरा वृत्तांतले सबै श्रीरामचन्द्रछेउँ विति गर्न्या । हे राम, हामिले राक्षससँग ठुलो युद्ध गर्न्यौं । पापात्मा मेघनादले तम्रि सीता हाम्रा अग्रमा मृत्यु गरायो । हे श्रीरामचन्द्र, हाम्रा चित्त भ्रमण मै आंषाबाट आँसु काढि फर्कि आयौं भन्या र त्यो वचन सुनि रामचन्द्र पनि सीता मृत्यु भयाको क्रुरा सुनि चित्त दृढ गर्न नसकि हा सीता २ भनि पृथ्वीमा लोटनुभयो । कस्तो गरि भन्या, ताल वृक्ष लोट्याजैं जगत्व्यापी श्रीरामचन्द्र मूर्छा भयाको देखि लक्ष्मणको मनमा दुःख व्याप्त भयो र रामलाई अगाडी हाकिकन आफ्ना कांधमा सुताई राख्या । तेस् वेलामा जांबुवान हनुमान मैंद वानर इनूहरूले पनि रामचन्द्र लाई बुझाईरह्या । अनेक वानरहरूले पनि रामचन्द्रको अवस्थादेखि परमो तेल गगाजल ल्याई सीतल गराई सचेत गराया । महाशोकाग्निले दग्ध भैरह्याका रामचन्द्र आफ्ना कांधमा

राषि हेतुले संयुक्त भैरह्याका लक्ष्मणले उत्तम वचनले भन्न लाग्या। आश्रय रामचन्द्र तपाञ्चिले एस्तो शोक गर्न योग्य छैन, तपाञ्चि कस्ता हौ भन्या शुभ मार्गमा रहन्या, सबै लोकले पूजा गरिराख्याका, जितेंद्रिय भयाका तपाञ्चिले एस्तो शोक गर्न्या होईन। हे भ्राता रामचन्द्र, धर्मले पनि रक्षा गरेन, स्थावर जंगमभूत प्राणि सबैले क्या धर्म गर्न्याको छ, तपाञ्चिले यो स्थावर जंगम जस्तो भै रहनु अयोग्य। पाप कर्म गरिरहन्या, रावणको शुभ सत्य धर्म भया कसो गरि मृत्यु होला। तपाञ्चि एस्तो धर्मात्मा भैकन पनि एस्तो अवस्था पन्यो, अकर्म गरिरहन्या रावणको जय भयो। हे भ्राता रामचन्द्र, धर्मले धर्म भयेन अधर्मले धर्म भयो। तपाञ्चि एस्तो धर्मात्मा रावण तेस्तो पापिष्ठ भै एस्तो आश्चर्य भयो। त्यो धर्म सबै व्यर्थ रहेछ। हे राम, पापिष्ठ मेघनादले सीतालाई मारिकन तपाञ्चि एस्ता आपदा गराईकन तेस्का जय भयो। धर्म गर्न्यालाई जय हुन्या रहेनछ, तेस्कारणले धर्म गर्न्याको व्यर्थ रहेछ। हे राम, तेस् पापात्मालाई मार्न धर्मबाटले हुन्याछैन सुबुद्धिले मार्न सकिन्या छैन, साभामा सत्य वचनले बोल्नु भयेन, दुःख भैकन सत्य छोडन्यालाई मात्रै हुन्या रहेछ, तपाञ्चि साधु भैकन धर्म २ भनि रहन्याले सुमार्गपछि लाग्नु भयो र एस्तो फळ प्राप्त भयो। दुर्बलताई कसैले धपाई ल्याया पनि धर्मको आर रहेन क्या धर्म भनिरहनु, सानालाई पो धर्म चाहिन्छ। अब एस्तो भयापछि बलियालाई मात्रै धर्मले रक्षा गर्न्या रहेछ। हे रघुनाथ, एस्तो वियोग संसारमा किन शोक गर्नुहुन्छ, चित्त दृढ गरिकन वानरहरू सबैलाई आधार दिनुहुन्न्, शोक गरि क्या हुन्छ कस्ले उद्धार गर्न्या छ। हे भ्राता रामचन्द्र, तपाञ्चिले अघि उस् वेलामा सम्झनुभयेन। दशरथ राजाले सत्य धर्म भनि वस्याको भया एस्तो हवाला हुन्या थियेन, तेस्का पापले एस्तो दुःख प्राप्त भयो, एस्तो भयापछि पनि कसो जानुभयेन। हे रघुनाथ, कस्तै भया पनि धर्मले पो जय हुन्छ पापले धर्म हुँदैन पाप गरि धर्म हुन्या भया इन्द्रले ऋषिलोक सबै मारिकन यज्ञ गर्न्या थिया। एस् जगत्संसारमा प्राणिहरू सबै धर्मले पो दिनरात काटिरहन्छन् सुख दुःख पनि धर्मले पो गराउँछ। हे रघुनाथ, कोहि पुरुषले दान गर्न्याको धर्मको मूल दान भया यो समस्त तपाञ्चिले मारिसक्न्या थिया। अब नपुग्यापछि चिताईकन क्या हुन्छ! राज्य छोडि आउन्याले एस्तो अवस्था भयो नतर ता एस्तो हुन्या थियेन, राज्यमा रहनुभयाको भया दान धर्म कीर्ति जो गर्न्या कार्य सबै गर्न्या थियौ नदी बह्याजैं धर्म बहन्या थियो। हे रामचन्द्र, एस् संसारमा द्रव्यले छोड्यापछि इष्टले पनि छोडछन कार्य पनि नाश हुन्छ, ग्रीष्मकालमा जल सुक्याजैं हुन्छ, धन भया समस्त सुख

प्राप्त हुन्छ, धर्म गर्न्या चित्त पनि हुन्छ, पुरुषार्थी पनि हुन्छ पण्डित पनि उसैलाई भन्दछन्, लोकले पनि ज्ञानी भन्छन्, विक्रम बुद्धिमान् पनि हुन्छ। हे रघुनाथ,जस्का सम्पत्ति हुन्छ समस्त लोकले पनि तेसैको गुण प्रसंसा गर्छ। हे भ्राता रामचन्द्र, एस् निमित्तले पो मैले विन्ति गर्न्याको हो कयान शोक गर्नुहुन्छ! जो निर्धनी दुर्बल हुन्छ तस्ले कार्य वांछा गरि क्या हुन्छ क्या पुग्छ। हे रामचन्द्र, हातिले हाति पो वैरी तुल्याउँछ, जस्का धन भैकन धर्म गर्छ कस्तो भन्या दुर्दिनमा ग्रहतारा प्रकाश भयाझैं शोभा नभया जस्तो लोकले पनि हास्य गर्छन्। हे कालकुष्ठ, धन आर्जन भन्याको धर्मको मूल पो हो, एस् संसारमा धन नभयाको जन मृत्युक तुल्य चांडाल दारिद्रतुल्य, कयान भन्या चांडालका जस्तै धन भया पनि जात नहुनाले लिँदैन, दरिद्रछेउँ भया दिन नसकन्या हुनाले त्यस्को कुलनीको भया पनि चाण्डाल तुल्य मराउँछन्। हे रघुनाथ, एस्कारणले पो एस्तो अवस्था भयो। हे भ्राता, क्या भन्या धर्म अर्थ काम मोक्ष अहंकार हर्ष क्रोध यो समस्त सबै धर्मले ढाक्याको छ। हे वीर राम, अब एस्तो भयाका जगमा यो शोक दुःख कयान गर्नुहुन्छ, पापात्मा मेघनादले एस्तो अवस्था गरायो एस्ता दुःखमा प्राप्त भैरहन्या वेला छैन। तपाञ्चिका अवस्था दुःख देखि वानरहरू सबैका चित्तमा महात्रास भयो। हे प्रभु राम, शोक दुःख छाडि दृढ चित्त गरि उठनुहवस्, हे राम, दीर्घ बाहु गरिरहनुहवस्, तपाञ्चिले मलाई अहाउनु स्वै गर्नुहुन्थ्यो। आज आफै एस्ता कष्टमा कयान रहनुहुन्छ, महात्माको व्यवहार एस्तो होइन, महात्माले एस्ता शोक गर्दैनन्, विपरीतमा धैर्य हुनुपर्छ, आफ्ना आत्मा आफैले दृढ गर्नुहवस्। हे रघुनाथ, म पनि तपाञ्चिका प्रिय भयाको भ्राता पो हो, म भैकन तपाञ्चिले कयान दुःख लिनुभयो। तपाञ्चिका दुःख दिन्याहरूको लंका राज्य पनि पापिष्ठ मेघनादको रथसहित मैले बाण प्रहार गरि भस्मीभूत गरूँला। अब तपाञ्चिले चित्तमा दुःख विषाद छाडि वानर सबैलाई बोधनादि चाँडै उठनुहवस् भनि एस् प्रकारले महात्मा लक्ष्मणले श्रीरामलाई बोध दिरह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे लंकाकाण्डे सम्बोधनं नाम सर्ग ॥ ५१ ॥

५१

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि लक्ष्मणले श्रीरामलाई बोध दीरहँदा विभीषण आईपुग्या र अनेक वानर कल्लोल गरि उत्पात गरिरह्याका ठाउँ २ मा राषि बोध दिकन आफु पनि अनेक शस्त्र अस्त्र लीकन रत्नकुन्डल लाईकन मध्यान्हका श्रीसूर्यजैं प्रकाश भैकन आया र श्रीरामचन्द्रका अग्रमा जाई हेऱ्या । ति कस्तो गरिरह्याका थिया भन्या सीताका निमित्तले शोक भैकन मूर्छा भैकन लक्ष्मणका काँधमा लोटिरह्याका, सुग्रीव प्रमुख वीर २ वानरहरू सबै वरिपरि बस्याका देषि विभीषणका मनमा विषाद भयो र आँषाबाट आँसु काढिकन महाआश्चर्य मानि केहि कुरा पनि गर्न नसकि एस्तो गरिरह्याका विभीषण-लाई देषि लक्ष्मणले आज्ञा गऱ्या । हे विभीषण, मेघनादले सीतालाई मारिदियो । यो कुरा हनुमानले कहन आया र रामले पनि आँषाबाट आँसु काढिकन सीताको नाममात्र लीकन, हा सीता २ भनि मूर्छा भैरहनुभयो । अरू कारणले होईन, हे विभीषण, रामले एस्तो अवस्था गऱ्याका अरू कारणले होइन भनि लक्ष्मणले भन्याको वचन सुनि महाज्ञानी विभीषणले आफ्ना बुद्धिले चिंतना गरि चित्तमा संका सबै छाडि श्रीरामचन्द्रका हजूरमा वसि विंति गऱ्या । हे प्रभु श्रीरामचन्द्र, क्यान तेस्तो शोक गर्नुहुन्छ, तपाञ्चिले शोक गऱ्याको सुनि मेरा हृदयमा वज्र कसो गरि भन्न लाग्याको आयाको कुरा असम्भव । हे राम, कस्तो भन्या, सागर समुद्र बदुलिकन गयाजैं यो कुरा निश्चयले हवैन । हे प्रभु राम, एस् वेलामा धर्मले संयुक्त कवच मैले रावणछेउँ भन्याको हो । सीतालाई फर्काउन जाउ भनेर यो सीता फर्काउन्याछैन भनि अंगीकार गरि गऱ्यो । तसै निमित्तमा मलाई पठायाको हो, श्रीराम सीता सम्बोध गर्ननिमित्तमा सासना पनि गऱ्यो । भेदले द्रव्य भय तरसाउँथ्यो, तेसो गर्दा पनि सीतालाई बुझाउन सकेनन् र रावणको पुत्र मायाले वीर भयाको मेघनादले मायाकी सीता यौटा बनाईकन तपाञ्चिका मनमा निरासा गराउनानिमित्तले मारि देपायो । हे प्रभु राम, एस् पापिष्ठ मेघनादले अनेक कर्म गर्छ जौन वेलामा निकुम्भि रामा जाई लागिकन यज्ञ सम्पूर्ण गरि संग्राम गर्न आयापछि इन्द्रादि देवताले पनि जित्न सक्तैनन् भनि सबै समस्त उसैले जित्छ । हे प्रभु राम, एस्तो दुर्जन मेघनादले मायाका प्रभावमा त्रैलोक्य सबै जित्न सामर्थ्य भयाले बनायाकी सीता मृत्यु गरायो र हनुमान प्रतीत भैकन आया । हे प्रभु, यो कुरा निश्चयले होईन मेघनादले सीता मृत्यु गराई देपायाको अर्थ मैले

जान्या, वानरहरूका वल पराक्रम असंख्य भयाको देखि त्यो वल हरण गर्ननिमित्त त्रासमान गराईकन निरासा गर्नाअर्थले मायाले सीता सृष्टि गराई मृत्यु गरि देखायो। वानरहरूका मनमा त्रास गराइ निरासा गरि फर्काई पठाउँला भन्या वुद्धि हे श्रीराम, पापात्मा मेघनादको मायाले कसो गरि प्रतीत भैकन व्यर्थ शोक गर्नुहुन्छ। सीतालाई मृत्यु गराउन कस्को सामर्थ छ, नभयाको कुरामा शोक गरि क्या हुन्छ, उठनुहवस्। तपाञ्जिले सीताका निमित्तमा शोक गऱ्याको देखि वानरहरू पनि सवै शोकले पीडा भैरह्याछन्। हे प्रभु, तपाञ्जिले नजान्याको पदार्थ क्या छ। समस्त प्राणिका आत्मामा वसि कार्य गराउनुहुन्छ, आफुले जानिकन पनि क्यान शोकमा लोटिरहनुहुन्छ, शोक गर्न्या वषत् होईन। हे स्वामी श्रीरामचन्द्र, मेघनादले निकुम्भिरामा यज्ञ गर्नलाग्यो, समस्त सामग्री तयार गरि यज्ञ आरम्भ गऱ्यो, त्यो यज्ञ सिद्ध भयापछि मेघनाद, ढाई जित्न सकिन्या छैन, अव एसो गरि रहन्या वेलाछैन, त्यस्को यज्ञ विघ्न गर्न्या कार्य गर्नुहवस्, शोक छाडि दृढ चित्त गरि उठनुहवस्। हे स्वामि श्रीरामचन्द्र, तेसो गरि शोक गर्नु भयापछि तपाञ्जिले अंगीकार गऱ्याको कार्य कस्ले गर्ला कस्को सामर्थ हुन्याछ! एस्तो दुर्जय रणभूमिमा तेस्तो शोक गर्न्या होईन, अज्ञानी मूर्खहरूको तेस्तो शोक गर्छन्। हे प्रभु रामचन्द्र, आफुले आफुलाई कसो जान्नुहुँदैन, क्यान व्यर्थ शोक गर्नुहुन्छ, लोकले पनि क्या भन्नान्। त्यो भ्रमण चित्त छाडिकन मनमा हर्ष गरि उठनुहवस्। हे प्रभु राम, यो संसारमा हर्ष शोक चिन्तना छाडि तपाञ्जिका भ्राता लक्ष्मणलाई आज्ञा गर्नुहवस्। हे श्रीरामचन्द्र, लक्ष्मण कस्ता हुन् भन्या मनुष्यमा श्रेष्ठ शत्रुकाई सन्ताप गर्न्या, इन्ले संग्राम गऱ्यापछि अवश्यले मेघनादको मृत्यु गराउन्याछन्। लक्ष्मण अति कठोर छन्, रुक्मपंख वाण भोकाई रह्याको त्यो वाण कस्तो भन्या तृषासीत पंछिले पायाजै मेघनादको रक्तपान गरिन्या छ। हे प्रभु राम, एति निमित्तमा मेघनादलाई जित्न इछा भया लक्ष्मणकाई आज्ञा दिनुहवस्, कस्तो गरि भन्या इन्द्रले वज्र छाडि पठायाजै लक्ष्मणलाई छाडि पठाउनु हवस्। हे प्रभु, स्वामि रामचन्द्र मेघनादले यज्ञ सम्पूर्ण गऱ्यापछि त्रैलोक्यमा पनि जित्न कसैले सक्न्या छैनन्। त्यस्को यज्ञ नसकिकन यो कार्य गर्नुहवस्, एति निमित्तमा शत्रु मार्नाकन सहितले हामिलाई आज्ञा दिनुहवस्, कसो भन्या असुर मार्नलाई इन्द्रले देवलोक छाडि पठायाजै हामिलाई पठाउनुहवस् भनि एस् प्रकारले महाज्ञानी विभीषणले सर्वव्यापि श्रीरामचन्द्रलाई वोध गराया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे विभीषण वाक्यं नाम सर्गः ॥५२॥

५३

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि महात्मा विभीषणले श्रीरामचन्द्रलाई बुझाईकन रामचन्द्र सीताका निमित्त शोक चित्तले दग्ध भै अचैतन्य भैरहनुभयाका रामचन्द्रले विभीषणको वचन कानमा झटको पऱ्यो र आज्ञा गऱ्या। हे विभीषण, तिमिले क्या कुरा गऱ्यौ क्या भन्यौ मैले चैतन्य राषनु सकेन। हे विभीषण, तिमिले भन्याको कुरा फेरि विस्तारसँग कहु भनि एस् प्रकारले रामचन्द्रले शोक चिन्ताका वचन गऱ्याको सुनि विभीषणले पनि विन्ति गर्न लाग्यो। हे श्रीरामचन्द्र, तपाञ्जिले आज्ञा गरि पठाउनुभयाको कार्य समस्त सबैलाई ठाउँ २ मा राषि दृढ गराई क्या ज्या अहाउने कुरो अहाई आयाको छ। हे राघव, अरु कारणले म जाहाँ आयाको होईन तपाञ्जिले एस्कारण शोक गर्नुहुन्छ भनि यो कुरा सुनि त्यो कुराले तपाञ्जि प्रतीत भैकन शोकले पीडा भैरहनुभयो, क्यान तस्तो शोक गर्नुहुन्छ सीतालाई मृत्यु गरायो भन्या कुरा सबै व्यर्थ हो। हे राम, पापिष्ठ मेघनादले मायाले बनाईकन देषायो र तेस्तो शोक गर्न्या होईन विचार पनि गर्नुपर्दैन कि अब त्यो शोक छाडनुहुन्छ, शत्रुले जान्या देषि हास्य गरैनकि! अब एसो गरिरहन्या वषत् होईन, सीतालाई मृत्यु गराउन कस्को सामर्थ छ। हे रघुनाथ, अब हर्षमान गर्नुहुन्छ, तपाञ्जिका चित्तमा सीतालाई ल्याउन इछा भया रावणलाई मार्न मन भया चाँडो कार्य गर्नुहुन्छ। हे रामचन्द्र, सीता सहितले आनन्द गरि अयोध्या फिर्न्या इछा भया मेरो विन्ति सुन्नुहुन्छ। हे प्रभु राम, अब एसो गरि वस्याले पाठ पर्न्या छैन, पापात्मा मेघनाद मृत्यु गराउनकन महावीर लक्ष्मणलाई आज्ञा दिनुहुन्छ। मेघनाद निकुम्भीरामा जाई यज्ञ गर्न लाग्यो, त्यो यज्ञ सिद्ध भयापछि कसैले पनि मृत्यु गराउन सक्न्या छैन। यज्ञ सिद्ध नभैकन लक्ष्मणलाई पठाउनु भया निश्चयले मार्न्याछन्। लक्ष्मणको बाण कस्तो भन्या कालसर्प तुल्य कालाग्नि जस्तो यो बाणले अवश्य मेघनादलाई मृत्यु गराउन्या छ। हे प्रभु रघुनाथ, परापूर्वमा मेघनादले ब्रह्माछेउँ तपस्या गऱ्यो र वर प्रसाद पायो, ब्रह्मा सन्तोष भैकन दुई थोक वर दियो क्या क्या भन्या ब्रह्मास्त्र १ कामकर रथले संयुक्त गरि माया दिया। यो दुई थोक वर प्रदान भयो र आज्ञा गऱ्या। मेघनाद तँलाई दुई थोक वर मैले दिया, एक थोक हुन्याछ कसो भन्या। जौना वेलामा निकुंभिरामा गैकन तैले यज्ञ गर्लास्, यो यज्ञ सम्पूर्ण भै तेरा शत्रु आया तेसैवाटले तेरो मृत्यु हुन्याछ, भनि आज्ञा

भयाको छ, यो कुरा सबै मैले जान्याको छ, तेसैको निमित्तले पो मैले विंति गऱ्याको मेघनाद लाई चाँडै मार्न्या कार्य्य गर्नुपर्छ। कस्तो भन्या इन्द्रले दानव मार्नलाई देवलोक पठायाजँ लक्ष्मणलाई पठाउनुहुन्छ, मेघनादका बाहुबलले पो रावण त्रैलोक्यलाई दुःख दीकन, आफु आनन्दसित बसिरहेछ, तेसै मेघनादका भरोसाले यो गुमान गर्छ। अब यो पापिष्ठ मेघनादलाई मार्न्यापछि रावण पनि मऱ्यो भनि जान्नुहुन्छ। एस्ता कारणले महाज्ञानी विभीषणले विंति गऱ्या र श्रीरामचन्द्रले पनि समस्त दुःख छाडि हो भनि चिताईकन महात्मा लक्ष्मणलाई आज्ञा गर्नुभयो। हे भ्राता लक्ष्मण, महाज्ञानी विभीषणले गऱ्याको कुरा सबै हो व्यर्थ कुरा गरेनन। हाम्रा हितार्थ गर्न्या एस्ता विभीषणकन हेर २ मेघनादले, मायाको सीता मारिकन देषायो। यो सब मैले जान्यौं, तेस्ता पापिष्ठ ब्रह्माका आज्ञा मायाले आकाशमा बसि युद्ध गऱ्यापछि इन्द्रादि देवताले पनि इन्सित युद्ध गर्न सामर्थ छैन। ति देवलोक सबैलाई अचेतन्य गराई राष्छ, हे लक्ष्मण, तेस् पापात्मा मेघनाद रथमा चहि संग्राममा आउँदा आकाशमाथि गयापछि, तेस्को गति गमन कसैले पाउन सक्न्या छैन। हे तेजस्वी, कूट युद्ध पराक्रम पनि हुन्या हे भ्राता लक्ष्मण, तिमि पराक्रममा कालांतक यम जस्तो तिमि गैकन चरणले प्रहार गरि कपट मेघनादलाई चाँडै मार, तेस् पापिष्ठ एकजनालाई मारिसक्या-पछि रावण पनि मऱ्याजैं भयो। हे लक्ष्मण, अब तिमिले विस्तार नगर जांबुवान र विभीषण हनुमान प्रमुख गरि गैकन इन्द्रलाई जितिरहन्या रावणको पुत्र मेघनादलाई मार हे लक्ष्मण, रावणको अनुजन विभीषणका मन्त्रिसहित गरिकन तिम्रा पछि २ पठाउँछु, विभीषणले भया पनि लंकामा एस्तो छ भन्नु सामर्थ हुन्या। एस्ता आज्ञा भया र लक्ष्मणले पनि श्रीरामचन्द्रको आज्ञा शिरमा राषि महाहर्षमान गरि सुवर्ण कवच लाई निको २ बाण लीकन काँधमा राषि श्रीरामचन्द्रका पाउमा छोई विन्ति गर्न लाग्या। हे भ्राता श्रीरामचन्द्र, तपाल्निका आज्ञा जस्तै यो बाणले प्रहार गरिकन पापात्मा त्रैलोक्यका कंटक मेघनादको शरीर बाणले उनीकन लंकामा पुऱ्याउन पठाउँछु। कस्तो भन्या पुष्करणीमा हंस बस्न गयाजैं। हे ईश्वर रामचन्द्र, आजको दिनमा मेरो बाणले मेघनादको शरीरमा दग्ध गरि माऱ्छु, तुला राशिमा अग्निले दग्ध गऱ्याजैं मार्छु भनि एस् प्रकारले शत्रुहन्ता लक्ष्मणले कोटि सूर्य्यको जस्तो तेज निकासि, जाज्वल्यमानले क्रोध गरिकन पापिष्ठ मेघनादलाई मार्न निश्चय गरि श्रीरामचन्द्रका चरणमा दण्डवत् गरि विदा लिया र कोटि वानर सेना ले सहित गरि, विभीषण प्रमुख गरि लक्ष्मण मेघनादको ठाउँमा निकुम्भिरामा

जानकन गया। श्रीरामले पनि मंगल गराई गया, विभीषण आदि हनुमान सहस्र २ वानर वरिपरि रावि ऋष्यराज जांबु वानर भालु इनहरू असंख्य वानरले सहित गरि लक्ष्मण जानुभयो, ती वानरहरूले लक्ष्मणको मुख हेरि मित्र भावनाले चित्तमा आनन्द गरि महाहर्षले गया। ताहाँपछि पापात्मा मेघनादले निकुम्भिरामा सेनाले सुह वनाई यज्ञ गरि-रह्याको लक्ष्मण वानरहरूले सहित सबैले देख्नुभयो र प्रलयकालका मेघले गर्ज्या जस्तो वानरहरूले नाद गऱ्या लक्ष्मण पनि शुभको चिह्न देखि शत्रुका ठाउँमा गया र नाना शस्त्र-अस्त्र ली मेघनादले रक्षा गरिराख्याको महाभयंकर २ राक्षस सेना मार्नाकन महावीर लक्ष्मणले अहंकार गरिकन जानुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे लक्ष्मण प्रयागमो नाम सर्गः ॥ ५३ ॥

५४

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि मेघनादले निकुम्भिरामा यज्ञ गरि वस्याको ठाउँमा लक्ष्मण जानुभया र वस्यापछि बृहस्पति समान विभीषणले चिन्तना गरि भन्न लाग्या अथवा आफ्ना पक्षका हित गर्न्या अर्थले राक्षससेना नाश गर्नुनिमित्तले आज्ञा गऱ्या, हे वीर लक्ष्मण, अब एसो वस्याले हुन्याछैन, ई राक्षसका बल खण्ड गर्नु जानुहवस्, यो बल खण्ड गऱ्यापछि मेघनाद देखियेला, अहंकारले आईपर्ला, तेस्वेलामा मार्नाकन देपनुहवस्। हे लक्ष्मण, मेघनादको यज्ञ नसक्तैमा गर्नुपर्छ, त्यो यज्ञ सम्पूर्ण भयापछि कसैले जित्न सक्न्याछैन। त्यो पापिष्ठको सदै क्रूरकर्म त्रैलोक्यलाई दुःख दीरहन्या अधर्मि कपट जोधा मायासज्ञ तेस्ता दुराचारि मेघनादलाई मार्नुहवस् भनि एस् प्रकारले विभीषणले भन्या र लक्ष्मणले पनि विभीषणको वचन सुनि राक्षसको दलमा वज्रसमान बाणवृष्टि गरिदिया। त्यो हेरिकन वानरले शिला वृक्ष पर्वत एस् प्रकारले वानरहरूले पनि प्रहार गरिदिया। एस् प्रकारले प्रहार गरि ल्याया-को देखि राक्षसहरूले पनि क्रोध गरि खड्ग, त्रिशूल, परशु नाना शस्त्र-अस्त्रले प्रहार गरि ल्याया, वानरहरूले पनि अनेक वृक्ष प्रहार गरिदिया, तेस्वेलामा वानर राक्षसको महायुद्ध भयो, महाशंकुर युद्ध प्रलयकालमा मृत्यु कालको युद्ध भयाजै परस्पर प्रहार गरि संग्राम गऱ्याको

शब्दले लंका सुद्धा कम्पमान भै महाउत्साह भयो । असंख्य वानरहरूले शिला वृक्ष लि मेघले गर्ज्या जस्तो भाव लि प्रहार गऱ्यो । राक्षसहरूले पनि क्रोध गरि शस्त्रका प्रभावले आकाश सुद्धा जाज्वल्यमान गरिकन महाकल्लोल गर्जमान गरि अनेक वानरहरू मार्‍या, वानरहरूले पनि शिलावृक्ष मुष्टिले प्रहार गरिकन असंख्य राक्षसहरू मारिदिया । दुवैपक्षले पनि कल्लोलले प्रहार गरिदिया र शस्त्र-अस्त्र शिला वृक्ष पर्वत आकाशमा व्याप्तमान भया र महाभयंकर भयो इन्हरूको शरीरमा कत्तिको शिर छिन्न भैरह्या, कतिका हस्ति वाह छिन्न भैकन प्राण मार्‍यो वाच्याका थिया । नाना प्रकारले युद्ध भयो, देवासुर संग्राम जस्तो परस्पर प्रहार गरिकन अन्योन्यले जीउको निश्चय माया मारि दुवै पक्षको शरीरमा रक्तमय गरि युद्ध गरि वानरहरूले पनि अनेक राक्षस मारिदिया । ऋष्य वानरको शरीर मंडल पर्वतसमान यमराज जस्तो इन्ले पनि क्रोध गरि राक्षससेनामाथि जाईलाग्यो र अनेक राक्षस मारिकन मेघले गर्ज्याझैं सिंहनाद गरि रह्या । एस् प्रकारले वानरले राक्षससेना मार्‍या र राक्षसहरू भया पनि त्रासमान भै डराईकन महात्रासमानले कराईकन मेघनादको ठाउँमा शरण गया । एस् प्रकारले राक्षसहरू मलिन मुख गरिकन भागि आयाको अनेक प्रकारले शरण गरि भगाई पठायाको देखि मेघनाद को चित्तमा महाक्रोध भयो र रक्तनयन गरि यज्ञ संपूर्ण नगरिकन चाँडै उठेर आयो कस्तो भन्या संसार नाश हुन्या वेलामा कालरुद्र आया जस्तो आपना सेना रक्षा गर्नानिमित्तले हृदयमा क्रोध गरि अधिराट दशुरीकन आयो र शस्त्र अस्त्र पर्वत पाषाण वृक्षले आकाशविषे अन्धकार भयाको ठाउँमा दिव्य रथमा वसिकन मेघले गर्ज्या जस्तो रथका घोष शब्द गराई शत्रुको चित्तमा त्रासमान गराई धनु टंकार शब्द गरि कालदेवताले क्रोध गर्‍याझैं लाल लाल नेत्र गरि पृथ्वी सुद्धा कम्पमान गराई आईलाग्यो र आपना सेना पनि वानरसेना पनि देख्यो र धीर २ वानर माथि वर्षाकालमा मेघले जलवृष्टि गर्‍याझैं शरवृष्टि गरिदियो । एस् प्रकारले पापात्मा मेघनादले वाण प्रहार गरि आयाको देखि महावीर हनुमानले पनि महाक्रोध गरि पर्वतका वृक्ष काँधमा राखि राक्षस सेनामाथि जाईलाग्या र असंख्य राक्षस मारिदिया, कालाग्निसमान साल वृक्ष प्रमाण गरि यताउता हिंडिरहनुभयाको वेलामा त्यो हेरि दोहरा वन्धिय नाम राक्षसहरू आया र हनुमानलाई घेरिरह्या, अनेक शस्त्र, अस्त्र, त्रिशूल, खड्ग, शक्ति, गदा, परिघ, पट्टिश, चक्र, शतघ्नी, मुद्गर, पर्शु, पाश, भिन्दिपाल, एस्ता शस्त्र-अस्त्रले महाभयंकर राक्षसहरूले हनुमानमाथि प्रहार गर्‍या । एस् प्रकारले प्रहार गर्‍या र पनि पर्वताकार देह हनुमानको शरीरमा केहि भयेन र एस्ता वीर

हनुमानले पनि आफुमाथि प्रहार गऱ्याको देखि महाक्रोधले रक्तनयन गरि वज्रसमान मुष्टिले राक्षसहरूमाथि प्रहार गऱ्या र ई राक्षसहरू सबै मारिदिया, कस्तो भन्या यमराजाले प्राणि संहार गऱ्या जस्तो एक क्षणमा मुष्टिले प्रहार गरि राक्षस हरूलाई मार्न्या हनुमानलाई माया जान्या मेघनादले महाक्रोध गरि आफ्ना सारथि लाई भन्नलाग्या, हे सारथि तेस्तो वस्तु होईन महावीर २ वानरको अग्रमा मेरो रथ लैजा भनि पापिष्ठ हनुमानले वीर २ राक्षस मारिदियो भनि एस् प्रकारले मेघनादको वचन सुनि सारथि जाहाँ हनुमान रहनुभयो ताहाँ रथ लैगयो। मेघनादले पनि अत्यन्त क्रोध गरि पट्टिश खड्ग परशु नाना शस्त्र अस्त्र हनुमानमाथि प्रहार गरिदियो, मस्तकमा पनि ललाटमा पनि एस् प्रकारले मेघनादले पनि प्रहार गरिदियो र रक्तमय शरीर भयाको देखि हनुमानले त्यो व्यथा सहिकन पनि मेघनादलाई आज्ञा गऱ्या, हे दुर्बुद्धि मेघनाद, तेरो चित्तमा आफु शूरो भनिठानि तैले गर्ज गरेर क्या धैर्य गरिकन जुझ्ला, तँता ज्ञानी पो हौ, मैले सिकाउनु-पर्न्या होईन। हे मेघनाद, हनुमानका अग्रमा पुग्या त तेरो मनमा क्या जिउनाको आसा छ कि तेरो प्राण बचाईकन तेरो पिताको मुख हेरिकन चिताउन पर्दैन तेरो मृत्युद्वार चाहाँ भयो। हे राक्षसाधम मेघनाद, तँ जस्तो शूर वीर भैकन मसँग जुझन इछा भयादेखि त्यो शस्त्र-अस्त्र छाडि मसंग युद्ध गर्न आ, तेस्वेलामा मेरो वेग सहन सक्यादेखि तेरो पराक्रम रहेछ, राक्षसको श्रेष्ठ पनि हो भनि एस् प्रकारका वचन सुनि मेघनादका हृदयमा महाक्रोध गरिकन मेघले गर्ज्या जस्तो धनुटंकार गरिकन हनुमानमाथि वाण प्रहार गर्नलाग्याको विभीषणले देख्या र लक्ष्मणको अग्रमा आज्ञा गऱ्या, हे लक्ष्मण, महाबलियो इन्द्रलाई जितिरहन्या मेघनादले हनुमानलाई वाण प्रहार गरिकन मेघनादको शिरछेदन गरिदिनुहुन्छ भनि एस् प्रकारले विभीषणले भन्याको वचन सुनि श्रीरामका प्रिय भ्राता लक्ष्मणले पर्वताकार देह मेघनाद मेघले गर्जमान मऱ्याजैं कराईरहन्या लक्ष्मणले मार्नाकन हेरिरहनुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे इन्द्रजित् दर्शनं नाम सर्गः ॥ ५४ ॥

५५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महाज्ञानी विभीषणले लक्ष्मणको अग्रमा विन्ति गऱ्या र ती वचन सुनि लक्ष्मण भया पनि चाँडै अघिवाट दगुरिकन जानुभयो र ठुलो वनान्तर-विषये मेघनादले यज्ञ गऱ्याको ठाउँ निकुम्भिराम देषनुभयो र विभीषणले भन्या, हे लक्ष्मण, हेर २ मेघनादको यज्ञ कर्म, त्यो मेघनादका वल सवै त्यो वट वृक्ष पूजा गरि आउँदा, त्यो पूजा गऱ्याका फलले यो मेघनाद दुर्जय भयो। एस् पाखामा पूजा गरिकन पो आद्री भैरहनु सक्यो, कमाउ विमानमा वसि शरवन्ध गरि पनि सक्यो, अव मेघनादले पूजा गऱ्याको छैन। हे वीर लक्ष्मण, अव मेघनादको रथ, घोडा, सारथि तिम्रा तीक्ष्ण २ वाण प्रहार गरि मार्नुहवस् भनि ताहाँ सुमित्राकन आनन्द गरि-रहन्या लक्ष्मणले विभीषणको वचन सुनि वटुद्वारमा वसीकन, अग्निसमान रथमा वसि नाना शस्त्र अस्त्र ली काल जस्तो रह्याको मेघनाद हेरिकन आज्ञा भया। राक्षसाधम दुर्बुद्धि मेघनाद, तँ वीर भयादेषि मँसंग युद्ध गर्न आ न भाग तिष्ठ २, तँ र म आजका दिनमा द्वन्द्व युद्ध गरुँला भनि एस् प्रकारले आज्ञा भयाको वचन सुनि महाज्ञानी मेघनादले चित्तमा विचार गरि महाक्रोधले विभीषणलाई हेरि भन्न लाग्या। हे कनिष्ठ पिता, मेरो वचन सुन तिम्रा जन्मभूमि लंकामा हो कि मेरा पिताका भ्राता तिमि, एस्तालै आफ्ना कुलमा कथान द्रोह गऱ्यौ। तिम्रा धर्म छैन कि! मूर्ख भैकन आफ्ना कुलमा कथान द्रोह गर्न लाग्यौ। हे कनिष्ठ पिता विभीषण, राक्षस सवै एकजात होइन कि एस्ता ठाउँमा कथान तिमिले पापकर्म गर्न लाग्यौ। ठुला पुरुषको मर्याद एस्तो होईन। हे निर्बुद्धि, तेसो भयादेषि तँलाई ठुलो शोक प्राप्ति होला साधु जनले पनि निन्दा गर्ला कथान भन्या, आफ्ना जाति गोत्र छाडिकन जानु कयाको धर्म, आफ्ना जात पो आफ्नु हुन्छ, अरू जात आफ्ना हुँदैनन्। हे पिता विभीषण, तिमि एस्ता गुणले युक्त भैरह्याका तेस्तो निर्दया कसो भयौ। अव आफ्नु नाता कुटुम्वसित वस्तु वांछा भया निश्चयले लंकातिर हेरि प्राण त्याग गर्नुपर्ला। कस्तो भन्या काममा रौप्य भैरह्याको मानिस्ले शूर भयाको मानिस्को, स्त्रीछेउँ मन राषि प्राण त्याग गऱ्याजैं तिमि पनि तस्तै हौला भनि एस् प्रकारले मेघनादले भन्यो र त्यो वचन सुनि विभीषणले पनि महाक्रोध गरि भन्न लाग्या। हे मेघनाद, तिमिले भन्याको कुरा सवै हो अथवा कह्या पनि आफ्ना शील स्वभाव हेरिकन कुरा गर। गौरव वचन छाडि जस्तो गरि तैले कुरा गर्छ, तस्तै हे मेघनाद, तैले

तेस्तो कुरा गर्न अयोग्य, म भया पनि राक्षसको कुलमा जन्म्याको हो अथवा भया पनि गुण निर्णय गरि क्या कुरा गरिस्, मैले राक्षस कुलको व्यवहार केहि गर्न्याको थियेन। हे मेघनाद, लंकातिर हेरिकन मैले प्राण त्याग गर्ला भन्याको कुरा निस्फल कुरा गरिस्, मेरा मनमा दारुण कर्म गरिकन राज्य लिउँला भनि मेरो इछा छैन, क्यान भन्या तेरो पिता दुराचारि रावण एस्तासित कसो गरि रहनु भनि म त्याहाँ आज्यूँ। तेरो पिताको कर्म कस्तो भन्या परस्त्रीछेउँ लुत भैरह्याको आपना नाता कुटुम्बलाई नराषन्या सधै संहारकारि एस्तासित वस्तु मेरा इछा छैन, मार्नाको हेतु हो। हे मेघनाद, तेरो पिताका अग्रमा अनेक प्रकारले मैले कुरा गर्न्यौं, ऋषिहरूलाई दुःख नदेउ, देवताहरूसँग विरोध नगर भनि नाना प्रकारले बोध गर्न्याँ तैपनि तेरो पिताले सुनेनन, तेस्ता तेरो पिताले देवताहरूसंग शत्रु गर्छ। तेस्ता दुर्मति क्रोध तेस्ता तेरा पिताको मुख हेरिरहनु मेरो इछा छैन, तेरा पिताका दोषले प्राण नाशनु क्या सम्भव, क्यान भन्या तेरो पिताको दोष सबै मैले छोपिरह्याँ, कस्तो भन्या मेघले पर्वत छोपिरहँदा जैं मैले तेरो पिताका अगुण छोपिरह्याथ्याँ, अब छोपिराष्नु हुँदैन र मैले छोड्याँ। हे मेघनाद, तेस्तो पाप कर्म गर्न्या, तेरो पिताको पापले लंका बांचनु कष्ट भयो। मेरो मृत्यु द्वार पनि त्याहाँ हो। ताहाँपछि तेरो पिता पनि मार्ला निश्चय भयो। हे मेघनाद, तैंले क्या जान्दछस्! बुद्धिहीन भयाको तँ अब तेरा मनमा जुन कुरा गर्न इछा छ सो गर्, कालपाशले बाँधिन्याथाको तँ भयो, तँलाई बडो कष्ट होला, एस् कारण एस् ठाउँमा मैले पनि जानु इछा गर्नुपर्दैन। हे मेघनाद, तेरो दान पुण्य धर्म कीर्ति, थानु लाउनु ज्या गर्नुपर्न्याको गर् हतपत् भयो वचनैले मात्रै गर्, आपना हातले गर्न तँ पाउँदैन। हे मेघनाद, शस्त्रअस्त्रका प्रभावले यश कीर्ति पाउन कष्ट भयो, योवाट द्वारभित्र जानु तँलाई अति प्राप्त भयो, तेस् पराक्रमले लक्ष्मणलाई जितिकन फर्कनु कष्ट भयो, तेरो प्राण बाचनु पनि कष्ट भयो। हे मेघनाद, तँ मृत्यु जति हुनलाग्या देषि ति नरको श्रेष्ठ लक्ष्मणसित युद्ध गरिकन स्वर्ग प्राप्ति हुन्या काम गर्, एति ता मरुयात गरिहेर्, अरू ता केहि गर्न पाउन्याछैनस्। हे मेघनाद, अब तेरो वीर्य बल पराक्रम शस्त्रअस्त्रको प्रभाव जति भयाका सबै निकासिकन जा, लक्ष्मणका बाणको गोचरमा पऱ्यापछि राक्षस आदि गरि तेरो प्राण निश्चयले लिन लाग्यो भनि एस् प्रकारले महात्मा विभीषणले आपना भ्रातीको पुत्र मेघनादको बल वीर्य थिचिकन कुरा गऱ्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे इन्द्रजित् विभीषण संबोधनंनाम सर्गः ॥ ५५ ॥

५६

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि विभीषणले एस् प्रकारले सहन नसकिन्या कुरा गर्‍याको सुनिकन महावीर मेघनादले महाक्रोध गरि प्रलयकालको अग्नि जस्तो जाज्वल्यमान गरि यमराजा जस्तो वसि रक्तनयन गरि सुवर्ण अलंकारले संयुक्त गरि रथमा वसि मनवेगी घोडा जोडिराख्याको रथ ध्वजापताकाले संयुक्त विद्युत् प्रकाश भयाजैं कवच कुण्डल लाई रत्नमय जाज्वल्यमान भन्नलाग्यो, हे सुग्रीव लक्ष्मण प्रमुख वानर, सबैले आजको दिनमा मेरा पराक्रम हेर। मेरा कालसमान वाणले प्रहार गरि भस्मीभूत गरि मारूँला, मेघले जलवृष्टि गर्‍याको जस्तो शरवृष्टि गरिकन वाणका जालले छोपिकन मारूँला। मेरो वाणको चोट सहनु कस्को सामर्थ छ, देवताहरूले पनि सहन सक्तैनन्, हे दुरात्मा लक्ष्मण, तिमिहरूको क्या लेखा! मनुष्य जात मेरा अहारा सीमा अग्निले दग्ध गर्‍याजैं तिमिहरूको शरीरमा दग्ध गरि मारूँला, कस्तो भन्या तुल राशिमा अग्निले दग्ध गर्‍या जस्तो तिमिहरू सबै मारिकन यमद्वार पठाउँला, तेस्वेलामा निष्कंटक लंका गराई रावणलाई सुखले निद्रा गराई राषुँला। हे लक्ष्मण, मेरा वाण कस्तो भन्या इन्द्रको वज्रजस्तो कालरुद्रजैं मेघले गर्ज्या जस्तो कराई शत्रुको रक्तपान गर्छु, एस्ता वाणको प्रभाव सहन कस्को सामर्थ छ! एस् प्रकारले मेघनादले लक्ष्मणको अग्रमा बोल्यो र त्यो वचन सुनि महावीर लक्ष्मणले पनि निर्भय गरि बोलन लाग्या, हे राक्षसाधम मेघनाद तैले वचन मात्र बोल्याले क्या पुग्छ कार्य गरिकन शत्रुलाई मार्न सक्या पो वीर भन्नु मुखले मात्र बोल्याले क्या प्रयोजन छ, कर्मले साधना गरि देषाउनु सक्या पो बुद्धिवन्त भन्नु। हे मेघनाद, अब तेरो वल वीर्य पराक्रम हीन भयो। एसो हीन भयेर पो, आफु वलिया भनि कुरा गर्न लाग्यो, पुरुषार्थ हुन्याले आफुलाई आफैले प्रशंसा कुरा गरैन, पुरुषार्थ भयेन र यो तेस्तो नीचा कुरा गरिस्। तेरा दुर्बुद्धिले यो रामलाई पनि मलाई पनि अवस्था गराई राषिस्, कपटले आकाशमा वसि चोरको कर्म गरिरहन्या तँ शूर जातिले कुकर्म गर्दैन कपट जोध्वाका पराक्रमले क्या मार्ग तेस्ता पुरुष वीर भयादेषि माया नगरि मसित सोझाले युद्ध गर्न सक्यादेषि तँ राक्षसको श्रेष्ठ हो। तेरा पराक्रम शस्त्र अस्त्रको वल पुरुषार्थ मैले देषनकन इछा गरिरह्याँ। हे मेघनाद, तैले बोल्याको जस्तो कठोर वचन बोल्नु मैले जादिन वचन मात्रैले क्या पुग्छ नबोलीकन पुरुषार्थ गरिदेषाउनु, क्यान भन्या उत्तम जतिका मर्यात तेरो होईन, कसो भन्या आगोले

पांदामा मैले एस्तो गरि पाँला भनि पांछ कि पानुपर्‍यामा केहि नबोलीकन दग्ध गरि पार्‍यो । फेरि सूर्य्य पनि आफना किरणले इन्छेउँ मात्र लाउँछु भनिकन लायो कि केहि कार्य गर्‍यो वेलामा मुखले नबोलिकन गरि देषाउनु । तिमी नीच जाति भयो र पो आफुलाई आफैले महिमा कुरा गरिस् । नीच पो हो भनि एस् प्रकारले मेघनादलाई लक्ष्मणले भन्नुभयो र ति वचन सुनि मेघनादले महाक्रोध गरि रक्त नयन गरि दिव्य धनु लियेर वाण जोरिकन कानसम्म पैंचिकन वाण प्रहार गर्‍यो । त्यो वाण कस्तो भन्या काल सर्प जस्तो अति कर्रा तेस्ता वानले लक्ष्मणका शरीरमा प्रहार गर्‍यो । फेरि २ मेघनादले वाण प्रहार गरि लक्ष्मण वाणका जालले छोपिराष्या, लक्ष्मणका शरीरबाट रक्त धारा बह्या र महा शोभा भैरह्या । एस् प्रकारले मेघनादले आफुले गर्‍याको पराक्रम देषि आफै सन्तोष भैकन त्रैलोक्य पनि कम्पमान गराई नाद गरिकन लक्ष्मणका मुख हेरि भन्न लाग्या । हे लक्ष्मण, आजका दिनमा तेरा प्राण बाचन्या छैन, उत्तम २ तीक्ष्ण २ वाण यमदण्ड समान त्यो वाणले तेरो प्राण लिन निश्चय भयो । आज यो पृथ्वीमा छोटाईकन तेरा दाज्यु रामका शरीर नाना भोग गरिरह्याका, तन्का मांस पनि जंवूकलाई पुऱ्याई राषदछु, क्षत्रबन्धु पापिष्ठ भन्नु तेरा दाज्यु पो हो । हे लक्ष्मण, अब मेरा हातमा पर्‍यापछि रामको मुख हेरिसकिस्, अब ता फर्किकन कुमती रामको मुख हेर्नुपर्‍या छैन । हे लक्ष्मण, तेरो शिर काटिकन भूमिमा छडाईराषदछु, भनि एस् प्रकारले पापिष्ठ मेघनादले बोल्याको बचन सुनि शत्रुलाई सन्ताप गर्‍या लक्ष्मणले पनि हेतुले संयुक्त बचनले मेघनादलाई भन्न लाग्या । हे पापात्मा मेघनाद, कार्य्य नगरिकन आफुकन आफैले प्रशंसा गर्न लागिस्, अरूलाई कथान निन्दा गर्न लागिस्, मुषले बोल्याको जस्तो पराक्रम गरि देषाउ धैर्य्य गरि कातर नभैकन अरूलाई निन्दा नगरि युद्ध गर भनि एस् प्रकारले लक्ष्मणले बोल्याको बचन सुनिकन नाराच भन्याको पांचवटा वाण लिकन कानसम्म पैंचिकन प्रहार गरिदिया । त्यो वाण कस्तो गरि गयो भन्या श्रीसूर्य्य प्रकाश भया जस्तो, अग्नि प्रकाश भयाजैं गयो र मेघनादका उरस्थलमा लाग्यो । त्यो वाण लागिकन क्रोध गरि मेघनादले पनि सुवर्ण वाण तिनवटा लियेर लक्ष्मणमाथि प्रहार गर्‍या । तेस् प्रकारले अन्योन्यले प्रहार गरिकन महासंग्राम भयो । मनुष्य र राक्षस युद्ध भयो । वानरहरू राक्षस सेनासित महाकल्लोललले युद्ध भयो । दुवै पक्ष तुल्यपराक्रमी बलिया विक्रम शरीर शस्त्रमा पनि निपुण सर्वज्ञ दुवै पक्षमहाँ तेजस्वी लक्ष्मण र मेघनादको देवासुर संग्राम भया जस्तो, काल र मृत्यु युद्ध भया जस्तो, आकाशमा

ग्रहणको युद्ध भया जस्तो युद्ध भयो। शरसित युद्ध भयो, दुवै पराक्रमी सिंह व्याघ्र जस्तो वृषभ जुझ्या जस्तो दुवैले हर्षमान गरि युद्ध गऱ्या, लक्ष्मण र मेघनादको परस्पर शस्त्र अस्त्र प्रहार गरि तीक्ष्ण २ बाण वृष्टि गरि युद्ध गऱ्या। दुवैको शरीरमहाँ रक्तमय भै दुवै महावीर संग्राम छाडि फर्कि आकाशमा रहन्या देवताहरूका मनमा त्रास गराई युद्ध गऱ्या। मनुष्य र राक्षससित महाकल्लोल युद्ध भयो र पृथ्वी पनि कम्पमान भै सिंहनाद गरिकन युद्ध गऱ्या। परस्पर प्रहार गरिकन अनेक शरवृष्टि गऱ्या, वर्षाकालमा जलवृष्टि गऱ्याजैं एस् प्रकारले महावीर लक्ष्मणले राक्षसेंद्र मेघनादसित युद्ध गर्नुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे अक्षय युद्ध नाम सर्गः ॥ ५६ ॥

५७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि लक्ष्मण र मेघनादको प्रलय युद्ध भयो, र लक्ष्मणले मेघ गर्ज्याको जस्तो शब्दले धनुटंकार गरिकन महाक्रोधले रक्तनयन गरि धनुमा बाण जोडिकन प्रहार गरिदिया। एस् प्रकारले बाण प्रहार गरिरह्यायाको देखि मेघनादको चित्तमा अधिक त्रास मानिकन लक्ष्मणको मुख हेरि बस्यो। तेस् मेघनाद त्रासमान भयाको देखि महाज्ञानी विभीषणले लक्ष्मणको अग्रमा आज्ञा गऱ्या। हे वीर लक्ष्मण, अब तपाईले चित्त दृढ गरिकन युद्ध गर्नुहुन्छ् मेघनादको चित्तमा युद्ध गर्नु इछा छैन, गल्याको चिन्ह भयो। एस् प्रकारले एस् ठाउँमा कराई २ बाण प्रहार गर्नुहुन्छ् भनि एस् प्रकारले विभीषणले भन्या र लक्ष्मणले पनि महाहर्षमान गरि आशीविषसमान इन्द्रजितको वज्रसमान मेघनादको मर्म स्थानमा प्रहार गरिदिया। त्यो बाण लागिकन मेघनाद मुहूर्त्त मात्र अचेष्टा भै रह्यो। ताहाँपछि चेष्टा भैकन पंचइन्द्रिय गरिकन आपना अग्रमा रह्याका लक्ष्मणकाई देखि मेघनादले पनि अधिवाट आईकन कर्कश वचनले लक्ष्मणलाई भन्न लाग्यो। हे लक्ष्मण, उस्वेलामा मैले गऱ्याको सक्त सम्झ्याको छ कि! प्रथम युद्धैमा तिमिहरू दुई जनालाई नागपाशले बाँधिकन

प्राण मात्र बचाईराख्याको समजिस्कि, एस्ता पराक्रमी म कसो जांदौनस् । हे दुरात्मा लक्ष्मण, तेस्कारणमा कयान प्राण छोडन आईस् । उस्वेलामा मैले सह्याको जस्तो आज सहन्याछैन, मेरा निमित्तले तँलाई यमराजको मुख देपाउन पठाउँछु, मेरा हस्तको गोचरमा पर्न्या तँ बाँचन्याछैनस् , जाँदाकन तँ जान्दछस् , तैले अथवा जान्याको गोचरमा पर्न्या तँ बाँचन्याछैनस् , तेस्तै अथवा जान्याको भया पनि कालवशले बाँधिल्यायो तोलाई पनि । एस् प्रकारले पापात्मा मेघनादले गर्व गरिकन कुरा गरि लक्ष्मणमाथि सातौटा बाणले प्रहार गऱ्यो, विभीषणलाई एक हजार बाणले प्रहार गऱ्यो, चाँडै २ बाण प्रहार गरि भयंकर मूर्त्ति भैरह्यो । एस् कारणले रह्याका मेघनाद लक्ष्मणदेखि उपहास्य गरिकन आज्ञा भयो, हे मेघनाद, तँ वीर भैकन मनुष्यको बाण सहन सक्तैनस् , तैले पनि चाँडै २ कसो प्रहार गर्दैनस् , शूराको स्वभाव तेसो होईन । हे मेघनाद, शूरो भैकन क्यान युद्ध गर्दैनस् कातर भैकन क्यान रहिस् भनि एस् प्रकारले शत्रु संहार गर्न्या लक्ष्मणले कुरा गरि बाण प्रहार गरिकन मेघनादको कवच खंड २ गरिदिया आकाशबाट तारा पर्स्याको जस्तो संचूर्ण भयो, बाण पनि लागि शरीरमा रक्तमय देह भैगयो, पर्वतबाट जलधारा बह्याजैं लक्ष्मण र मेघनादको कल्लोल युद्ध भयो । ती दुवै बलिया सिंहशार्दूल जस्ता दुवैका शरीरमा बाणले व्याप्त गराई रक्तमय देह गरि पर्वतमा पलाश फुल फुल्याजैं दुवै अति शोभाले रह्या । दुवैले शस्त्र-अस्त्र प्रहार गरिकन घेरै मेघले जलवृष्टि गऱ्याजैं आकाशमा ग्रहनक्षत्र ताराको युद्ध भयाजैं परस्पर प्रहार गरिकन जय-पराजय सिंहले कराया जैं कराईकन सर्वांग रक्तमय गरि युद्ध गऱ्या । दुवैले शस्त्र-अस्त्र प्रहार गरिकन त्यो शस्त्र अस्त्रले आकाशमा व्याप्त भैरह्यो, चाँडै २ प्रहार गरि आफ्ना बल जति भयाकाको निकासिकन राक्षससित लक्ष्मणको महायुद्ध भयो । एस् प्रकारले युद्ध गऱ्या र धनुटंकारले वज्रपात भयाजैं शब्द भयो, त्रैलोक्य पनि कम्पमान भैरह्यो, अन्योन्यले बाण प्रहार गऱ्या र शरीरबाट छिचोलिकन त्यो बाण पृथ्वीमा पर्स्यो, कसोभन्या दुवै महावीर प्रलयकालको यम अग्निजस्तो मुहूर्त्त मात्र एस् प्रकारले युद्ध भयो र दुवैका शरीरमा बाण लागिरह्याको निर्मल आकाशमा तारा रह्या जस्तो रक्तले व्याप्त भैकन अत्यन्त शोभा भैरह्यो । दुवै धनुर्धरमा श्रेष्ठ शस्त्रअस्त्र विद्याले पनि संयुक्त तेस्ता वीर लक्ष्मणले मेघनादसित युद्ध गऱ्याको देखि आकाशमा बस्याका इन्द्रादि देवताले दुवैलाई धन्य २ वीर भनि पुष्पवृष्टि गरिदिया । तेस्ता वेलामा राक्षसले पनि वानरले पनि पृथ्वी कम्पमान गराई शब्द गर्न लाग्या, दुर्द्धर्ष पर्वत जस्ता लक्ष्मण र मेघनाद बसीकन नाना प्रकारले युद्ध गऱ्या, रक्तले व्याप्त गराई अग्निका जस्तो तेजले

जावल्यमान गरिकन वारंवार युद्ध गऱ्या । एस् प्रकारले लक्ष्मणले मेघनादसित ढेरै वेर युद्ध गऱ्या र दुवैको परिश्रम आलस्य पनि भयेन, उन्ले गऱ्या जस्ता उनैले गरिकन काल र मृत्यु जुऱ्या जैं जयपराजयले एस् प्रकारले महावीर २ लक्ष्मणलाई थकाई लाग्यो भनि बल थपि लक्ष्मणका ठाउँमा बस्न गया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे संकुल युद्धं नाम सर्गः ॥ ५७ ॥

५८

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर लक्ष्मण र मेघनादको महायुद्ध संग्राम भयाका वेलामा महाज्ञानी विभीषणले कवच कुण्डलले भूषण गरि मध्याह्न कालका सूर्य जस्ता प्रकाशमान गरि धनुर्बाण लीकन लक्ष्मणका अग्रमा बसिकन राक्षसलाई तीक्ष्ण २ बाणले प्रहार गऱ्या । अग्निसमान बाणले प्रहार गरिकन राक्षसलाई मार्‍या । विभीषणका अनुचर मन्त्रि चार जनाले पनि बाण प्रहार गरिकन असंख्य राक्षसहरू मारिदिया । कस्ता भन्या, इन्द्रका वज्र लागि वृक्ष भग्न भयाजैं राक्षसहरू मार्‍या र विभीषण पनि अत्यंत शोभा भैरह्या । कस्तो भन्या बालप हस्तिको मध्यमा मत्त हाति रह्याजैं, तेस्ता वीर विभीषणले संग्रामको काल वेला जानिकन चित्तले विचार गरि भन्न लाग्यो । हे वीर वानर, तिमिहरू सबैले यो वेला हेरिरहनु होईन, पापात्मा रावणको अद्धारण्य एकजना मात्र छ । त्यो पापिष्ठ यौटा मार्‍यापछि रावण पनि मर्‍याजैं भै गयो लंकामा जति भयाका राक्षसहरू पनि मर्‍याजैं भै गया । हे वानर, प्रहस्त निकुम्भ कर्ण मकराक्ष धौम्राक्ष ज्युमारि महामारि तीक्ष्णवेग अशनिप्रभा शुक्रघ्न यज्ञकोपन वज्रदंष्ट्रा शंकुदि विकक्षा तपन काल प्रडवस प्रहस्त प्रजंघ जंघ अग्निकेतु रश्मिकेतु विद्युज्जिह्वा सूर्यचक्षु अकंपन सुपार्श्व चक्रमोरि सत्यमटौ देवांतक नरांतक अतिकाय त्रिशिला तेस्ता २ वीर रावण हे वानरहो, अब क्याको भय-मांदछौ, सागर समुद्र पार गरिसक्यौं अब क्याको भय मान्छौ, सानु पोला तर्नुलाई तिमिहरू कयान डराउँछौ, निर्भयले कार्य गर, महावलियो २ राक्षसहरू सबै मारिसक्यौ । एस् ठाउँमा त्यो एकजना मात्र कसो नमार्नु कोहि यत्न गरिकन पनि मार्नुपऱ्यो । हे वानर,

तिमिहरू सबैले मलाई मात्र भनेन्, तैले मात्र मार्नु छैन कि भन्यार मैले मेघनाद मार्नु अयोग्य, कयान भन्या पुत्रतुल्य भनेर मान्यौन। हे वानर, श्रीरामचन्द्रको सेवा गर्नु निमित्तले अनेक वल गरिकन पनि मैले कार्य गरूँला, कयान भन्या मैले कार्य केहि नगऱ्या पनि दोष सबै मलाई भयो। एस्कारण मेघनाद मार्नाकन यत्न चिंता गर्नु पनि युद्ध गर्नु गऱ्या पनि म गरूँला, आफ्ना भ्राताको पुत्र मार्नाकन पाप नली हुन्याछैन। श्रीरामचन्द्रको कार्य सिद्ध गर्नानिमित्तले दया छाडिकन पनि मेघनादलाई वाण प्रहार गऱ्याँ। हे वानर, मैले वाण प्रहार गर्न लाग्याका वेलामा, मेघनादका मुखदेखि करुणा लाग्यो। आँधावाट आँसु आईकन देखन पाईन र वाण प्रहार गऱ्यौ त, आँधामा आयादेखि मैले वाण प्रहार गर्न सकिन नतर सामर्थ छ, एति निमित्तले हो भनि हुरिवस्याका हे वानर, मलाई राज्यवाट धपाई पठायाको निमित्त अधर्मि मेघनाद मार्नाकन चितायौ, कयान मार्दैनस् भन्या लोकले हास्य गर्नेन् भनि मारिन। अव तेस् पापात्मा मेघनाद महावीर लक्ष्मणले वाण प्रहार गरिकन मार्नेन्, जति भयाको सेना सवै तिमिहरूले मार भनि एस् प्रकारले महाज्ञानी विभीषणले वोल्या र ति वचन सुनि श्रीरामको सेवक हनुमान प्रभृति वानर सेना सवैले चित्तमा हर्षमान गरिकन शत्रुको मनमा भय गराई नाद गरिकन शिलावृक्ष काँधमा राखि युद्ध गर्नाको उद्योग गरिरह्या। विभीषणले युद्ध गऱ्याको देखि सवैका चित्तमा महाहर्ष भयो, कस्तो भन्या मेघ हुँदामा मजूर पंछि आदि हर्षमान भयाझैं। एस् प्रकारले अधिवाट गैकन कुदि २ कन नखदन्त मुष्टिले प्रहार गरि अनेक राक्षसहरूकन मार्न्या। ताहाँपछि राक्षसहरूले पनि क्रोधले रक्तनयन गरि शूर २ वीर २ राक्षसहरू जांवु वानरमाथि प्रहार गऱ्या, वानर राक्षसले अन्योन्यले प्रहार गरिकन रक्तले सर्वांग, शरीरमा व्याप्त गराई, महाभयंकर संग्राम गऱ्या, कस्तो भन्या परापूर्वविषे देवासुर संग्राम भया जस्तो अन्योन्य जय वांछा गरि युद्ध गऱ्या। महावीर हनुमानले क्रोधले रक्त नयन गरि वडो सालवृक्ष लिकन राक्षससित युद्ध गर्न लाग्या। त्यो हेरिकन तेजवंत विभीषणले पनि कवच कुण्डलले भूषण गरि मन्त्रिले सहित गरिकन अधिवाट दगुरि गया र नाना शस्त्र अस्त्रले प्रहार गरि अनेक राक्षस मारिदिया। एस् प्रकारले राक्षसहरू मारिदियाको देखिकन मेघनादको र विभीषणको महायुद्ध भयो। ताहाँपछि मेघनादले महाक्रोध गरि लक्ष्मणमाथि शरवृष्टि गऱ्यो। लक्ष्मणले पनि मेघनादमाथि शरवृष्टि गऱ्या, परस्पर प्रहार गरि सिंहसित सिंह जुझ्याझैं दुवै युद्धमा महावलिया वीर आकाशमा चन्द्र सूर्य रह्याझैं दुवै अन्तर्धान भैकन युद्ध गऱ्या र चाँडै २ वाण प्रहार गरिकन अन्योन्यले चिन्ह

पनि नहुन्या गरि दुवैले धनु टंकार गरिकन शर वृष्टि गरि आकाशमा बाण व्याप्त भैकन अन्धकार देखन नपाई भयंकर आकाश भैरह्यो। परस्पर चिह्न नहुन्या धनुको टंकार शब्द मात्र सुनिन्या एस् प्रकारले महावीर लक्ष्मणले मेघनादसित युद्ध गर्न्याको देखि वायु पनि आउन सकेन अग्निको तेज पनि हीन भयो। तेस् वेलामा लक्ष्मणको जय हवस् भनि ठुला २ ऋषि परमलोकले जयस्तोत्र गरिरह्या। लक्ष्मणले मेघनादसित युद्ध गर्न्याको देखनाकन सिद्ध चारण गन्धर्व अप्सरा नाग यक्षहरू दगुरि २ आया र आकाशमा बसि महाअद्भुत मानिरह्या। ती दुई कस्ता वीर भन्या साक्षात् काल रुद्र जस्ता काल र मृत्युजै इन् दुईका युद्ध गर्न्याको देखि दश दिग्पाल आदि गरिकन त्रैलोक्य पनि कम्पमान भै रह्या। दुवैले जीवको माया मारि अन्योन्यले बाण प्रहार गरि मार्न्या। तेस् वेलामा लक्ष्मणले मेघनादको रथ चारौटा बाणले प्रहार गरि चूर्ण गरि दिकन फेरि महाहर्षले वज्रसमान बाणले प्रहार गरि सारथिको शिर काटिदिया। एस् प्रकारले लक्ष्मणले आफ्ना सारथि रथ पनि चूर्ण गरिदियाको देखि मेघनादको चित्तमा किंचित् उत्साह छाडि मलिन मुख गरिरह्याको देखि महावीर २ वानर हरू चारजना प्रमाथि वानर गन्धमादन, क्रमथ शरभ ई चार जना वानरले हर्षमान गरिकन मेघनादको चारगोटा घोडामाथि कुदिकन वस्न गया र चाँडै घोडाले रक्त छादिकन, मेघनादको घोडाको प्राण छोड्या। एस् प्रकारले चार घोडा पनि मारि, रथ चूर्ण गरि मुष्टि प्रहार गरिकन फर्किकन लक्ष्मणको अग्रमा वस्न आया। एस् प्रकारले आफ्ना रथ सारथि, घोडा पनि मारिदियाको देखि मेघनादले पनि अत्यन्त क्रोध गरि रक्तनयनले रथबाट वह्नि-कन आयो र मेघनादले लक्ष्मणलाई र चार जना वानरलाई पनि तीक्ष्ण २ बाणले प्रहार गर्न्यो। लक्ष्मणले पनि मेघनादलाई प्रहार गर्न्या, लक्ष्मणको र मेघनादको बाण जालचित्र बसिकन अदृष्टि गरि युद्ध गर्न्याको देखिकन वानरहरूले भया पनि मेघले गर्ज्या जस्तो गरि शब्द गर्न्या। दुवैजना कसैले देखन पायेन दुई जनाले बाण प्रहार गरि युद्ध गर्न्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे लंकाकाण्डे रथदर्शनं नाम सर्गः ॥ ५८ ॥

५६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर लक्ष्मण र मेघनादको अन्योन्यले युद्ध भयो र अति शोभा भयो। दुई महावीर हस्तिको वृषको युद्ध भयाजैं काल र मृत्यु जस्तो परस्पर प्रहार गरिकन जयपराजयले प्रहार गऱ्या। पृथ्वी कंपमान गराई शर जालले छोपिकन युद्ध गऱ्या। राक्षससित वानरले परस्पर गालि दि कुदि अनेक निन्दा गरिकन युद्ध गऱ्या। दुवै पक्ष सेनाको पनि रक्तनयन देह गराई परस्पर युद्ध गऱ्या र पृथ्वीले पनि भारा बोकन नसक्याजैं सिंहले कराया जस्तो कराईकन हास्य गरि आफ्ना २ पक्षको नाउँ काटिकन युद्ध गऱ्या र एस् वानरहरूले युद्ध गऱ्याको देषि मेघनादले राक्षसको चित्त हर्षमान गराउनानिमित्तले भन्न लाग्यो, हे राक्षस, डराउनुपर्दैन निर्भय गरि युद्ध गर। तिमि भन्याका महापराक्रमी, संग्रामबाट फर्कि नआउन्या, मर्यादा नभयाको निर्गति वानर मानिकन क्या कष्ट, हे राक्षसा, दश दिशा भागमा देषन पनि पाईयेनन् शरजाल छोपेर अंधकार भयो र केहि चिन्ह पनि हुँदैन। शत्रुको चित्त मोह गराई युद्ध गर, अब म चाँडै लंकामा गैकन रथ लिकन ऐल्हे आउँछु। हे राक्षस, वानरहरूले म जान लाग्याको थाहा नपाउन्या गरिराष, शत्रुले थाहा पायादेषि अनर्थ होला भनि एस् प्रकारले मायायुक्त मेघनादले विभीषणलाई पनि लक्ष्मणलाई पनि वानर सेनालाई पनि मायाले मोह गरि राषिकन रथ लिनाकन लंकामा गयो। एस् प्रकारले गैकन राजगृहमा गैकन दिव्य रथ ल्यायो, त्यो रथ कस्तो भन्या ध्वजा पताकाले युक्त रत्नमय भयाको मनवेगी अश्व जोरीराष्याको इन्द्रको रथसमान शत्रुलाई जितिरहन्या साथमा लि सर्मा सारथि नाना शस्त्र अस्त्र कुन्त खड्गले संयुक्त एस्ता दिव्य रथमा मेघनाद बसिकन चाँडै रणभूमिमा आईकन युद्ध गऱ्यो। तेस् प्रकारले रह्याको मेघनादलाई देषि लक्ष्मणको मनमा अति आश्चर्य गरिकन चिताउनुभयो, क्या आश्चर्य ऐल्हे मैले बाण प्रहार गरिकन रथ चूर्ण गरिदियाँ, अब तेस्ले रथ बनाईकन युद्ध गर्न आयो। एस् प्रकारले लक्ष्मणले मनमा चिन्तना गरिरहँदा मेघनादले अनेक सहस्र २ बाण प्रहार गरि असंख्य वानर मारिदिया, मंडलाकार गरिकन धनुको टंकार गराईकन गर्जमान गरि अनेक वीर २ वानरहरूलाई मारिदियो, एस् प्रकारले मारिदियो। मेघनादले महावीर २ वानरहरूलाई मार्‌यो र मेघनादका डरले कराईकन लक्ष्मणछेउँ शरण गया, कस्तो भन्या प्रलयकालमा कालले प्रजा संहार गऱ्यार ब्रह्माछेउँ शरण गया जस्तो

वानरहरू भागिगया र आफुछेउँ शरण आयाको वानरहरू देखिकन शत्रुलाई सन्ताप गर्न्या लक्ष्मणले पनि अत्यन्त क्रोध गरिकन मेघनादका हातको दिव्य धनु तन्का बाणले प्रहार गरिकन खण्ड २ गरिदिया। एस् प्रकारले आफ्नु धनु खण्ड २ गरिदियाको देखि फेरि मेघनादले यमदंडसमान धनु चाँडै लीकन लक्ष्मणमाथि बाण प्रहार गर्न लाग्याको देखि अघ्यारै लक्ष्मणले पनि तीनवटा बाण लियेर मेघनादको धनु छेदन गरिदिया। मेघनादको शरीरबाट छिचोलिकन पृथ्वीमा पर्‍यो कस्तो गरि भन्या रक्त सर्प पृथ्वीमा पर्‍या जस्तो पर्‍यो र मेघनादका मुखबाट रक्त छादिकन ई बाण प्रहार गर्‍याको देखि मेघनादले पनि चाँडै धनु लियेर त्यो धनुमा बाण जोरि लक्ष्मणका अग्रमा बसिकन शरवृष्टि गरिदियो। वर्षाकालमा इन्द्रले जलवृष्टि गर्‍याको जस्तो शरवृष्टि गर्‍याको देखि लक्ष्मणले पनि चित्त दृढ गरिकन त्यो बाण सबै आकासैमा खण्ड २ गरि पखालिदियो। एस् प्रकारले मेघनादका शस्त्र अस्त्र व्यर्थ गरिकन जत्ति भयाका राक्षसहरूकन सबै तीनगोटा बाणले प्रहार गर्‍यो। फेरि तेजस्वी लक्ष्मणले भल्ल बाण यौटा लिकन सारथिको शिर छेदन गरिदिया। एस् प्रकारले सारथिको शिर छेदन गरिसक्यापछि फेरि घोडाको शिर पनि काटि-दिया। एतिसम्म गरिदियार पनि रथमा सारथि नभैकन, चित्त स्थिर गरि मण्डलाकार गरि मेघनादले युद्ध गर्‍याको देखि अति अद्भुत मानि लक्ष्मणले चिंतना गर्नुभयो। कस्तो आश्चर्य अश्व सारथिविना युद्धको मर्यात जस्तो गरि युद्ध गर्छ भनि ताहाँपछि मेघनादले आफ्ना सारथि मारिदियाको देखि चित्तमा क्रोध गरिकन विभीषणलाई बाणले प्रहार गरि-राख्यो। तेस् प्रकारले विभीषणलाई गरिकन फेरि काल सर्प जस्तो वज्रसमान बाणले हृदयमा प्रहार गर्‍या, त्यो बाण पनि लक्ष्मणका कवचमा लागि व्यर्थ भैकन पर्‍यो। एस् प्रकारले महावीर लक्ष्मणले मेघनादको बाण व्यर्थ गरिदीकन मेघनादलाई अनेक बाण प्रहार गर्‍या, परस्पर प्रहार गरिकन दुवै धनुर्धरमा श्रेष्ठ महापराक्रमी सिंह शार्दूल जस्तै परस्पर वध गर्न इच्छा गर्नाले युद्ध गर्न्या दुवैले बाण प्रहार गरिकन आकाशमा व्याप्तमान गरिकन भयंकर भैरह्यो। मेघनादले पनि सुवर्ण पुंख बाण तीनवटा झिकेर लक्ष्मणका शिरमा ताकि प्रहार गरिदियो। त्यो बाण लागि लक्ष्मणका चित्त बाणले पीडा भैकन अलिक अचेत जस्तो भयो। ताहाँपछि लक्ष्मण पनि महाक्रोध गरिकन मेघनादलाई शरवृष्टि गरिकन अति कठोर २ बाण तीनवटा झिकिकन मेघनादको शिरमा ताकिकन प्रहार गर्‍या र ताहाँ रक्त धारा बहि आयो, जस्तै पर्वतमा जल वर्षन्छ तस्तै गरि बाण बर्स्यो र दुवै बहुत शोभाले रह्या। पलाशका फूल

फुल्या जस्तो दुवैका शरीरबाट रक्तले व्याप्त गराई अन्योन्य जय वांछा गरिकन युद्ध गऱ्या तेस् वेलामा मेघनादले चटक मुख बाण तीनवटा लियेर विभीषणका मुखमा ताकि प्रहार गऱ्यो, फेरि जांघबाणले लक्ष्मणलाई प्रहार गऱ्यो, फेरि तीनवटा बाणले प्रहार गरिदिया। एस् प्रकारले बाण प्रहार गरि पठायाको देखि विभीषणले पनि अत्यंत क्रोध गरिकन चित्त दृढ गरिकन वज्रसमान बाणले प्रहार गऱ्या। त्यो बाण मेघनादका हृदयमा लागि छिचौलिकन कालसर्प पस्या जस्तो पृथ्वीमा पस्यो। एस् प्रकारले आफ्नु कनिष्ठ पिता विभीषणले प्रहार गऱ्याको देखि मेघनादले पनि महाक्रोध गरिकन अग्न्यास्त्र बाणले प्रहार गऱ्या। एस् प्रकारले आयाको देखि विभीषणले पनि रुद्रास्त्र प्रहार गऱ्या। एस् प्रकारले दुईले शस्त्र आकाशमा जुझिकन उल्कापात भया जस्तो गरि पृथ्वीमा पस्यो। आफुले प्रयोग गऱ्याको अग्न्यास्त्र विभीषणले व्यर्थ गरिदियाको देखि मेघनादले महाक्रोध गरिकन मायासुरले दिई राख्याको बाण जाज्वल्यमान अग्नि जस्तो वज्रसमान बाण शत्रुको ज्यु मारिरह्याको बाण तेस्ता उत्तम शस्त्रले प्रहार गरिदिया। एस् प्रकारले मेघनादले प्रहार गरि पठायाको बाण देखि महावीर लक्ष्मणले पनि महाभयानक बाण लिनुभयो। त्यो बाण कस्तो भन्या स्वप्ना भयाको वेलामा कुबेरले दियाको कसैले जित्न नसक्याको देवासुरले पनि निस्फल गर्न सामर्थ नभयाको तेस्ता बाण दुवैले प्रहार गऱ्या। त्यो बाण कस्तो गरि गयो भन्या इन्द्रको वज्र गया जस्तो गैकन आकाशमा जुझेर पृथ्वीमा पस्या, कस्तो भन्या आकाशमा ग्रह नक्षत्र तारा जुझिकन पस्याजैं शयखंड भैकन पृथ्वीमा पस्यो। एस् प्रकारले दुवैका बाण निस्फल भया र दुवैले क्रोध गरिकन असुरास्त्र प्रहार गऱ्या। गदा पर्शु भुशुण्डी आदिले प्रहार गरिदिया। त्यो हेरिकन मेघनादले पनि परमेश्वरास्त्र प्रहार गऱ्यो। त्यो बाण उपशाम्य गरिकन महासंग्राम भयो, दुवैले क्रोध गरिकन दिव्यास्त्र प्रहार गरिकन संग्राम गऱ्या। आकाशमा बस्याका देवताहरूले लक्ष्मणका शरीरमा मेघनादले प्रहार गऱ्याको बाण नछाम्न्या गरि उच्चाटना गरिदिया, परस्पर जयवांछा गरि मेघनाद र लक्ष्मणका महासंग्राम भयो र आकाशमा बस्याका इन्द्रादि देवताहरू ऋषि गन्धर्व पितृ देवता नाग यक्ष गरुड अप्सरा प्रभृति दस दिक्पालले लक्ष्मणको जय हवस् भनि, जपजुजा स्तोत्र गरिकन लक्ष्मणलाई पूजा गऱ्या। ताहाँपछि श्रीरामका प्रिय भ्राता लक्ष्मणले पनि धनुटंकार गरिकन उत्तम बाण धनुमा जोरिराधनुभयो। त्यो बाण कस्तो छ भन्या कालाग्निसमान सुवर्ण पुंख बाण दृढ रितु, सुपर्वरातक, पुराधन, दुर्विसह, आशीविषसमान कालसर्पले निश्वास गऱ्या जस्तो निश्वास गरिरह्याको, देवताका महास्त्र परापूर्वमा इन्द्रले

दानव मार्‍याको अस्त्र देवासुर संग्राममा, दैत्यकाई मार्‍याको अस्त्र इन्द्रले दिनुभयाको बाण पृथ्वी धारण पनि समर्थ भयाको शत्रुका रक्त मांसले तृप्त भै रह्याको तेस्ता बाण बलमा पनि नरमा पनि श्रेष्ठ लक्ष्मणले धनुर्बाण जोरिकन मृत्यु देवता जस्तो रहनुभयो। दुर्जय मेघनाद मार्नाकन आफ्ना कार्य सिद्ध गर्नानिमित्तले धर्मज्ञ सत्य प्रतिपालमा रामसमान कालदेवताले लोक संहार गर्न लाग्याको जस्तो कालज्ञ लक्ष्मणले बाण जोरि रुद्र मन्त्र समरण गरि आज्ञा भयो, हे बाण, तिमिले त्यो पापिष्ठ त्रैलोक्यको कंटक मेघनादको प्राण लीकन रक्तपान गर्नुपर्छ भनि एस् प्रकारले संग्राममा महावीर लक्ष्मणले त्यो बाण प्रहार गरिदिनुभयो। त्यो बाण कस्तो गरि गयो भन्या इन्द्रका वज्र गया जस्तो कालाग्नि गयाजैं पाशुपतास्त्र गया जस्तो गैकन पापात्मा मेघनादको रक्त कुण्डलसहित गरि शिर काटि पृथ्वीमा पसालीदिनुभयो। कस्तो भन्या, इन्द्रका वज्र लागि पर्वतको शृङ्ग पर्‍या जस्तो अग्निसमानले प्रकाश भयाको कुण्डल रक्त लागि भूमिमा पर्‍यो र मेघले गर्ज्याको जस्तो शब्द गरि शरीर पृथ्वीमा पर्‍यो। शिर नभैकन धनु लि पृथ्वीमा पर्‍याको देखि विभीषण आदि गरिकन वानर सबैको चित्तमा आनन्द गरिकन प्रलय कालमा मेघले गर्ज्याको जस्तो शब्द गर्‍या र धन्य २ लक्ष्मण भनि पूजा स्तुति गर्‍या। कस्तो भन्या, देवासुर संग्राममा वेताल मारि देवताहरूका हर्ष भया जस्तो लक्ष्मणका मुख हेरि बारंबार हर्ष गरिकन वानरहरू उफ्री २ नाद गर्न लाग्या। तेस् वेलामा आकाशमा बस्याका देवलोक इन्द्र ऋषि भूतादि दश दिग्पाल गन्धर्व अप्सरा इनहरू पनि मेघनादले मार्‍याको देखि गरिकन सिंहनाद गरिकन लक्ष्मणकाई पुष्पवृष्टि गरिकन धन्य २ लक्ष्मण भनि नृत्य गीत गरि देव दुंदुभी वाद्य बजाईदिया। ताहाँपछि पापिष्ठ मेघनादकन लक्ष्मण-ले मार्‍याको देखि शेष रह्याका राक्षसहरू सबै दशदिशामा भाग्या, शस्त्र अस्त्र छाडिकन कोहि लंकाभित्र वानरका नोट सहन नसकि दगुरि २ कन महात्रासमानले समुद्रमा जंगलादी नाना स्थानमा भाग्या मेघनाद पृथ्वीमा परिरह्याको देखि राक्षसहरू सबै रोईकन भाग्या मेघनाद निर्भ्याको अग्नि भैकन मांसाहारि पंछिले घेरिरह्याको देखि राक्षसहरू वरिपरि बस्या। अब मांसाहारी प्राणिहरू वरिपरि राखिकन बस्यो तेस् वेलामा देवताहरूको महा आनंद भयो त्रैलोक्यको कंटक मेघनाद मर्‍यो र जल पनि निर्मल भयो आकाशमा बादल वायु पनि महा आनंदले आयो सबै देवलोक गंधर्व ऋषिहरूको पनि चित्तमा आनंदले हर्षमान गरिकन समस्त उत्पात पनि नाश भयो भनि ब्रह्मादि ऋषिहरूको पनि देवताले परस्पर कुरा गरिकन

महाआनंदले आपना कर्म गरिरहनुभयो । ताहाँपछि महावीर मेघनाद लक्ष्मणले मार्नुभयो र सबै वानरको पनि हर्ष भयो, विभीषण आदि हनुमान जाम्बुवान वानर सबैले लक्ष्मणलाई पूजा स्तुति गऱ्या । हे लक्ष्मण, तपाईंका प्रसादले श्री रामचन्द्रलाई जसकीर्ति प्राप्त भयो देवताको पनि आनंद भयो । हे लक्ष्मण, अब यहाँ वस्नु काम छैन श्रीराम विराजमान भयाका ठाउँमा हिंड भनि एस् प्रकारले वानर सबैको चित्तमा आनंद भयो र कोहि वानरहरू महा हर्षमानले नाचिकन लक्ष्मणका वरिपरि वसि आफना बाहु उठाईकन भन्न लाग्या धन्य २ लक्ष्मण भनिकन लक्ष्मण आदि वानरहरू सबै श्रीराम वस्याका ठाउँमा फर्कनुभयो भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो । हे पार्वती, देवताहरूले पनि जित्न नभयाको तेस्ता पापिष्ठ मेघनाद महावीर लक्ष्मणले मारिकन निष्कंटक स्वर्गतुल्य गराई राख्या जौना मनुष्यले तेस् मेघनाद मार्याका कुरा सुन्नन् त्यो मनुष्यको समस्त पाप छाडि शत्रुको नाश भैकन कीर्ति प्रकाश गरि सुख संपत्ति प्राप्त होला परत्रमा स्वर्गवास होला भनि श्रीमहादेवले कैलाशविषये पार्वतिलाई सुनाउनुभयो भनि सत्यलोकमा ब्रह्माले नारदकन सुनाउनुभयो, त्यो कथा नैमिषारण्यमा सूतले शौनकादि ऋषिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे इंद्रजित् वधोनाम सर्ग ॥ ५६ ॥

६०

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि सुमित्राकन आनंद गर्न्या लक्ष्मणले त्रैलोक्यको कंटक दुरात्मा मेघनाद मारिकन रक्तमय देह भैकन महाहर्षले रहनुभयापछि जाम्बुवान र हनुमान, विभीषण आदि सबै वानर सबै चाँडै श्रीरामचन्द्र सुग्रीव रहनुभयाको ठाउँमा जानुभैकन, लक्ष्मणले श्रीरामचन्द्रका चरणमा प्रदक्षिणा गरिकन इन्द्रका अग्रमा वृहस्पति वस्या जस्तो गरि रहँदा भया । श्रीरामचन्द्रले पनि लक्ष्मणको मुख हेरि विभीषण आदि सबै वानरको मुख हेरि आज्ञा गर्दा भया । हे लक्ष्मण, तिमि गयाको कार्य्य कसो २ भयो, भनि आज्ञा भयो र भ्राता श्रीरामचन्द्रका आज्ञा सुनि लक्ष्मणले चिताउनु भयो । आफुले गऱ्याको पराक्रम आफैले कसो गरि महिमा गर्नु भनि चिंतना गरिरहनु-

भयाका वेलामा विभीषणले विन्ति गर्न लाग्या । हे श्रीरामचन्द्र, तपाइका भ्राता लक्ष्मणले पापात्मा मेघनादको मस्तक छेदन गरि मार्नु भयो । भनि एस् प्रकारले विभीषणले विन्ति गऱ्या र ति वचन सुनि श्रीरामचन्द्रले चित्तमा आनन्द गरिकन लक्ष्मणको मुख हेरिकन आज्ञा गर्नुभयो हे लक्ष्मण, धन्य २ तिमि, म अति संतुष्ट भऐं, तुलो सुकीर्ति गऱ्यो । हे लक्ष्मण, तिम्रा पराक्रमले पापात्मा मेघनाद मात्र मऱ्याको होईन रावण शुद्ध मऱ्याजै भयो । भनि श्रीरामचन्द्रले आज्ञा गरिकन लक्ष्मणको शरीरमा घाउ भैकन रक्तले व्याप्त भयाको देखि श्रीरामचन्द्रका चित्तमा हर्षजस्तो शोक जस्तो गरि आँषावाट आँसु चुहाईकन मूर्छा जस्तो भैकन फेरि लक्ष्मणकन अंकमाल गरि चुंवन गरिकन आपना कांधमा राख्या । फेरि रामले वारंवार अंकमाल गरिकन नाना प्रकारले आनन्द गरिकन वारंवार चुंवन गऱ्या । एस् प्रकारले श्रीरामचन्द्रले आफना भ्राता लक्ष्मणको मुख हेरिकन कांधमा राखि तन्को पराक्रम गऱ्याका कुरा सुनि लक्ष्मणका शरीरमा घाउ हेरिकन कष्ट दुःख समझिकन मलिन मुख गरिकन श्रीरामको आज्ञा भयो । हे लक्ष्मण, धन्य २ तिमि, कसैले गर्न नशक्याको कर्म तिमिले गऱ्यौ । इन्द्रादि देवताले पनि जित्न नसक्न्यालाई तिमिले मारिकन त्रैलोक्यलाई पनि आनन्द गरायौ । अब पो ऋषिहरूले आनन्द गरि यज्ञ गर्नन्, हे लक्ष्मण, त्यो सबै तिम्रै कृपाले गरायौ । हे लक्ष्मण, अब हाम्रो शत्रु रावणको दाहिना हात भाँचियो, त्यो मेघनादको पराक्रमले रावणले त्रैलाक्य पनि जिति महावलियो भैरह्याको अब यो रावणको निरास भयो । हे विभीषण, हनुमान, ऋषिराज, तिमिहरू सबैले ठूलो पराक्रम गर्नुभयो । ४ दिनसम्म तेस्ता मेघनादसित युद्ध गरि मार्नुभयो । तिमिहरूमा सामान्य कोहि हवैन, देवताले पनि गर्न न शक्याको कर्म गर्नुभयो । हे विभीषण, अब भन्या रावण मेघनाद मऱ्याका शोकले दुःखले क्रोधले व्यूह बनाई पुत्र वध गऱ्याका शोकले, पीडा भैकन आउन्याछ । तेस् वेलामा तिमिहरू वानरसहित गरिकन मेरा वाणले प्रहार गरिकन रावणको मस्तक छेदन गरि त्रैलोक्यको कंटककन नाश गरूँला । हे लक्ष्मण, तम्रा प्रसादले सीतासहित पृथ्वी राज्य पनि दुर्ल्लभ भयेन, हे लक्ष्मण, तम्रा वल प्रसादले मेघनादलाई मारिकन मेरा चित्तमा आनन्द गरायौ, सबैका चित्तमा पनि महाहर्ष गरायौ । हे भ्राता लक्ष्मण, अब तम्रो चित्त स्थिर गर भनि एस् प्रकारले श्रीरामचन्द्रले लक्ष्मणलाई अंकमाल गरिकन हर्षका आँसु चुहाईकन आफना अग्रमा रह्याका सुषेण वानरलाई आज्ञा भयो । हे सुषेण वानर, तिमि ता वैद्य पो हौ, नाना औषधि जांन्या तिमि अब महावीर लक्ष्मणका

शरीरमा वडा सह्यारले घाउ सबै निको गराईदेउ । हे सुषेणई लक्ष्मण कस्ता हुन् भन्या महाज्ञानी हामीहरूलाई आनंद गराई रहन्या इनको शरीर माहाँ संभार गर्नु, विभीषण आदि सबै वानरलाई पनि औषधि गरि व्यथा सर्व निको गराईदेउ भनि श्रीरामचन्द्रले आज्ञा गऱ्या र ति वचन सुनि सुषेण वानरले हनुमानलाई हिमालय पर्वतमा औषधि लिन पठायाको विशल्य करणि औषधि लीकन लक्ष्मणका नाकभित्र हालिदियो र समस्त वाण लाग्याको निकलीकन सबै घाउ निको भया र निर्मल शरीर भयो, विभीषण आदि सबै वानर संग्राम गर्न्यालाई तैसै औषधि गरिकन निर्व्यथा गराया । तेस्ता सुषेण वानरले उत्तम औषधि गरिकन लक्ष्मणसहित ऋषि वानर सबैको निर्व्यथा गरायाको देखि राम प्रभृति वानर सबैको चित्तमा हर्ष भयो, कस्तो भयो भन्या अमरगणले अमृत पाईकन हर्ष भया जस्तो गरिकन सबै वानरको पनि वल वीर्य, पराक्रम, उत्साह भयो, अधिका भंदा दोवर वढ्यो सबैको पनि आनंद भयो र स्तुति गर्न लाग्या । हे परमेश्वर श्रीरामचन्द्र, तपाञ्जि भन्या संसारका आत्मा पुरुष भै रहनुभयाको एस्ता तपाञ्जिका चरणमा कोटि २ नमस्कार । जौना पुरुषले तपाञ्जिको राम ध्यान जप गरि मुक्ति पाउनु इच्छा गर्न्यालाई आपना शरीरमा लीन गरिराख्नुभयो, एस्ता तपाञ्जिका चरणकमलको कोटि नमस्कार । हे परमेश्वर, तपाञ्जिका चरणारविंद टूला २ योगेश्वरहरूलाई पनि पाउनु दुर्लभ, एस्ता चरणकमलमा हामिहरू सबैले सधैं दर्शन गरिरह्यौं । एस्ता ठाउँमा हामिहरूलाई अज्ञान नाश गराई ज्ञानको परमपद कृपा गर्नुभया जाव्रस् । हे प्रभु श्रीरघुनाथ, हामीहरूले तपाञ्जिको अस्तुति क्या गर्न सकिएला भनि एस् प्रकारले वानरहरू सबैले श्रीरामचन्द्र लक्ष्मणलाई पूजा स्तुति गरिकन सबैका आनंदले राम, सुग्रीव, विभीषण, हनुमंत, जांबुवान, सुषेण, अंगद, नल, नील वानरको पनि महाहर्षमान भयो, मेघनाद मऱ्याको देखिकन लक्ष्मणको निर्व्यथा भयाको देखिकन धन्य २ लक्ष्मण भनि पूजामान्य गरि आनंदले रह्या भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे द्विज व्याख्यानं नाम सर्गः ॥ ६० ॥

६१

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर लक्ष्मणले मेघनादलाई मारिकन शेष बाकि रह्याका राक्षसहरू संग्रामबाट भागि गैकन रक्तमय देह गरि महाकष्टले मेघनाद मऱ्याको देखि हाहाकारले कराई रोईकन महा दुःखले लंकाभित्र गैकन सिंहासनमा बस्याको हजूरमा रोईकन विन्ति गऱ्यो। हे महाराज रावण, तपाञ्चिको पुत्र मेघनाद संग्राममा विभीषण प्रमुख वानरसहित मारि महावीर लक्ष्मणले बाणले प्रहार गरि माऱ्या। त्यो हेरिकन हामिहरू महादुःखले रोईकन फर्कि आऱ्युँ भनि एस प्रकारले राक्षसहरूले रावणका हजूरमा विति गऱ्या। त्यो कुरा सुनि रावण महाशोकले पीडा गराई सिंहासनमा बसिरह्याको रावण कराई रोईकन, सिंहासनबाट घसेर भूमिमा परि मूर्छा भैकन मृत्यु भयाको जस्तै भै रह्यो। एस् प्रकारले रावण पनि रह्याको देखि मन्त्रिहरू पनि आँखामा आँसु काढि रावणलाई अँगालो हालि रावणलाई सिंहासनमा राख्यो। तेस् वेलामा रावण पुत्रशोकले खिन्न चित्त गरिकन रोईकन भन्न लाग्यो। हाहा पुत्र राक्षस सेनामा मुख्य वीर भयाको लक्ष्मणका हातबाट कसो मृत्यु भयो। हा हा! हे पुत्र मेघनाद, तेरो चित्त विषये क्रोध भयामा कालांतक बाण प्रहार गरिकन मंडल पर्वत पनि खंड २ गर्न सामर्थ हुन्या एस्ता वीर भैकन कसो लक्ष्मणले माऱ्यो। हा! हा! हे पुत्र, मभन्दा बलियो पराक्रम तँ कालांतक यमलाई पनि आपना वश्यमा राखि-रहन्या हे पुत्र! ठुलो पराक्रमले युद्ध गरिकन रहन्या, देवताहरूले पनि गर्नु सामर्थ न-भयाको कर्म गर्न्या, तँ हाई २ पुत्र, मकन अनर्थ गराई मेरानिमित्तले प्राणत्याग गरि गति पाईकन तँ एक्लै काहाँ गईस्! हे पुत्र मेघनाद! आजका दिनदेखि यो महर्षि आदि गरिकन देवताहरू सबैले निंदा गरि रहन्छन्, हा पुत्र तिमिले कसो छाडि आयौ। लंका सबै शून्य जस्तो भयो, आजदेखि राक्षसकन्याहरूको शब्द शोक मात्र सुनिकन रहनुपऱ्यो। कस्तो भन्या, हाति मारेर हस्तिनी कराईरह्याको जस्तो सुन्नुपऱ्यो। हा प्राण! हा पुत्र! जौवन बल पराक्रमले पनि संयुक्त तँसमान बलियो कोहि छैनन्, शास्त्र विद्यामा पनि निपुण एस्तो तैले आपना माता पिता स्त्री राज्य छोडिकन तँ एक्लै काहाँ बस्न गयौ भनि नाना प्रकारले विलाप गर्नु लाग्यो। हा पुत्र मेघनाद, म मृत्यु हुन्या दिनमा तैले क्रिया कर्म गराई जालास् भन्याको ता मैले पो गर्नुपऱ्यो। हाय २ एस्तो विपरीत पऱ्यो, पुत्रलाई त मैले पिंड दिनुपऱ्यो। क्या अवस्था पऱ्यो मलाई! हे पुत्र मेघनाद! मेरो क्रोध भयामा आफु आईकन अनेक प्रकारले मलाई बुझाई

क्रोध शाम्य गराउँथिस्, एस्तो मेरो पुत्र तँ एक्लै कता गईस्। हे पुत्र! तेरा मायाले म कसो गरि धैर्य गरूँ! हा पुत्र! लंकाको आधार सबै तैले कसो गरि छाडि गईस्! अब मलाई कस्ले उद्धार गर्ला हाय २ कौन देवताले विपरीत गरि देषाया। चित्तले पनि नसम्झिसक्नु दुःख मलाई परिआयो। हाई पुत्र मेघनाद! राम लक्ष्मण सुग्रीव प्रमुख वानरसेनाको प्राण नली तैले कसो गरि प्राण त्याग गरिस्! अब कस्का भरसाले सत्रुकन मार्नु भनि एस् प्रकारले रावणले मेघनादको गुण वर्नना गरि रोईकन पुत्रशोकले पीडा भैकन मेघनादको गुण वर्नना गर्न नसकिकन मोह शोकले पीडा गराई रावणको क्रोधले जाज्वल्यमान भैकन, पुत्रलाई मारि-दियाका निमित्तले अत्यन्त क्रोध गरि, युगांतको कालाग्निले क्रोध गर्‍याझैं, रक्त नयन गरिकन नाना प्रकारको वुद्धिले विचार गरिकन चितायो। अब मैले सीतालाई मारूँ भन्या त्यो सीताका निमित्तले ई दुःख भयाको हो भनि अब त्यो सीता नमारिकन हुन्याछैन भनि अत्यन्त क्रोधले रक्त नयन गरिकन भयानक रूपले आकाशमा सूर्य्य जाज्वल्य भया जस्तो आँखावाट आँसु चुहाईकन, लाल २ भृकुटि गरिकन, दशै गोटा मुषदेषि युगांतका समुद्रका तरंग जस्तो क्रोधले जाज्वल्यमान भैकन नागले निश्वास फेरिरह्या जस्तो श्वास राखिकन, दाँत किट्किटाई-कन, अग्नि निकासिकन, साक्षात् प्रलय कालमा यम क्रोध भया जस्तो क्रोध गरिकन त्यस् वेलामा एस्ता तरहले कालसमान रावण वस्याको देषि दिग्दिशामा वस्याका राक्षसहरू सबै रावणका भयले डराई भागि गया, अग्रमा कोहि पनि वस्न सकेनन्। राक्षसेंद्र रावणले क्रोध गर्‍याको देषि दश दिशा भागमा वस्न्या राक्षसहरू कोहि पनि नजीकमा जानु सकेनन्। एस् प्रकारले दशग्रीव रावणले क्रोध गर्‍याको देषि सबै भाग्या, त्यो हेरिकन रावणले आज्ञा भयो। हे राक्षसहो, तिमिहरू डराउनु पर्दैन, परापूर्वमा मैले ब्रह्माको तपस्या गर्‍याको छ। हजार वर्ष-सम्म तपस्या गर्‍यार ब्रह्मा संतुष्ट भया र तन्का चरण प्रसादले मेरा तपस्याका वलले देवताले पनि मलाई जित्न सकन्याछैन। हे राक्षसहो, ब्रह्माले दियाको कवच कुंडल लाई गयापछि इंद्रका वज्रले पनि केहि गर्न सक्तैनन्, एस्तो कुंडल कवच मेरा छँदैछ, रथले पनि संयुक्त एस् रथमा वसिकन गयापछि कसैले जित्न सक्तैन कस्का सामर्थ! इंद्रादि देवताले पनि जितून सक्न्याछैन। हे राक्षस, ब्रह्माले दियाको देवासुर संग्राममा जितिरह्याको धनुरवाण मछेउँ छ भनि एस् प्रकारले रावणले अत्यंत क्रोध गरि पुत्रशोकले पीडा भै भन्न लाग्यो। हे मंत्रीहो, अब एसो गरि रह्याले हुन्याछैन, लंकामा जो रह्याको राक्षसहेरू सबै तयार गरि नाना शस्त्र अस्त्रले लीकन तयार भै वाजा इत्यादि गरि हिंड। संग्राममा म जाईकन पापिष्ठ रामले लक्ष्मण वानर-

सहित गरि निर्मूल गर्छु भन्यो । फेरि त्यो पापात्मा रावणका मनमा चिताउन लाग्यो, अब एसो गरिकन भयेन, सीताका निमित्तमा यो मलाई एस्तो हवाल भयो एस् सीताकाई मार्छु भनि चिताईकन राक्षसहरूको मुख हेऱ्यो, तो राक्षसहरू कस्ता भन्या महाघोर २ दीप्तानि जस्तो मेघनादको निमित्त शोक गरिरह्याका एस्ता राक्षसहरूकाई रावणले हेरिकन भन्यो। हे राक्षसहो, मेरो छोरा मेघनादले राम लक्ष्मण वानरसहित सबैलाई निरासा गराउना-निमित्तले मायाकी सीता बनाईकन मारिदेषायोथ्यो । हे राक्षस, अब मैले स्वरूपकी सीता बनाई मार्छु । पापिष्ठ सीताले यो मलाई एस्तो दुःख कष्ट दियाको भनि एस् प्रकारले पापिष्ठ रावण आफ्ना मंत्रिसंग कुरा गरिकन उत्तम खड्ग लियो, त्यो खड्ग कस्तो भन्या साक्षात् काल जस्तो आकाश जस्तो स्वरूप भयाको त्यस्तो खड्ग लीकन बस्यो, महाक्रोधले मंत्रिहरू-सहित गरि सीतालाई मार्नु भनि अशोकवनिकामा गयो त्यो रावण कस्तो गरि गयो भन्या पुत्रका शोकले पीडा भैरह्याको अत्यंत क्रोधले रक्त नयन गरि सीता मार्न भनि गयाको रावण देषि राक्षसहरूले पनि हर्षमानले सिंहनाद गऱ्या र भन्न लाग्या, आजका दिनमा रावणले राम लक्ष्मणलाई निश्चयले मार्न्याछ भनि परस्पर आलिंगना गरि कुरा गऱ्या, कस्तो रावण भन्या, इन्द्र प्रभृति यम वरुण कुवेर दश दिक्पाल आदि गरि त्रैलोक्य पनि जीतिरहन्या फेरि त्रैलोक्यमा जो भयाको रत्न पनि हरण गर्न सक्न्या, बल पराक्रमले भन्या काल रुद्र जस्तो रावणसमान बल पराक्रम भयाको पृथ्वीमा पनि दुर्लभ भनि एस् प्रकारका राक्षसहरूले कुरा गऱ्याको, अशोकवनिकामा शब्द पुग्यो, कस्तो गरि भन्या आकाशविषये रोहिणी नक्षत्रमाथि ग्रह जाईलाग्या जै गयो । तेस्का हिंड्याका शब्दले पृथ्वी पनि कंपमान भयो । एस्ता प्रकारले पापात्मा रावण पुत्रका शोकले पीडा भै क्रोधाग्नि बल्याजै जाज्वल्यमान भैकन खड्ग लीकन आयाका रावण देषि सीताका मनमा चिताउन लागिन्, आजका दिनमा क्या गर्न आयो ! हाई २, कसैले बुझाउँदा छेक्दा पनि नमानिकन महाक्रोधले मनेरा आयो आजका दिनमा एस् पापिष्ठले निश्चयले मार्न लाग्यो, हाई २ ! अब क्या जतन गरि मकन रक्षा होला ! अघि रावणले मलाई स्त्री तुल्याउन भनि नाना प्रकारले बुझाउँथ्यो, मैले मानिनथ्याँ तेस् निमित्तमा मेरो आसा छुट्यो, महावीर लक्ष्मणले पनि मेघनाद मारि दिया दुवै शोकका क्रोधले मलाइ निश्चयले मार्न भनि आँट्यो,हाई २। सीता फेरि विलाप गर्न लागिन् राम लक्ष्मण निरासा गर्नाका अर्थले हो कि मलाई मार्न आँट्यो । राक्षसले महाक्रोध शब्द गरि कराया को संग्रामको शब्द मैले सुन्याँ, ती राक्षसहरूले राम लक्ष्मणलाई मार्न्याका निमित्तले

हो कि अथवा मलाई मार्न लाग्यो कि ! मेरा पनि धिग्जन्म अधर्मिनीका निमित्तमा राम लक्ष्मण-लाई एस्ता अवस्थामा पऱ्या । म एउटि नजन्म्याकि भया राम लक्ष्मणलाई एस्तो अवस्था पर्न्या थियेन, मकुबुद्धिनीका ज्ञानहीन हुनाले एस्तो भयो, हाई २ ! उस् वेलामा हनुमान आईकन बोकि लैजान्छु भनि अनेक प्रकारले भन्याथ्या, म निर्बुद्धि हुनाले मैन नतर यो शोक दुःख हुन्या थियेन । कस्ता विधाताले मलाई एस्तो गरायो ! हनुमानको वचन सुनिकन गयाको भया रामका कांधमा वसि आनंदसित रहन्या थियो । हाई २ ! राम लक्ष्मणलाई सीताका निमित्तमा राक्षसले मृत्यु गरायो भनि सुन्या कौशल्या कसो गरि रहनिन्, छाति पनि फाट्न्याछ ! हाई २ ! कौशल्याका बालप पुत्र तिमिहरू बालबको स्नेह समझिकन गुणको प्रशंसा समझिकन हृदयमा फाटिकन मृत्यु हुनिन् ! हाई २ कदाचित् रावणले लक्ष्मणलाई मार्‌यो भन्या बात सुन्या तेसै वेलामा कौशल्याले पुत्रलाई पिंड आदि गरिकन अग्नि प्रवेश गरि प्राण त्याग गर्निन् । तेस् वेलामा बोकले पनि क्या प्रकारले बुझाई राख्नन् ! हाई २ ! एति भयाको म पापिनी अधर्मिनीका निमित्तमा कौशल्यालाई पनि दुःख भयो । एस् प्रकारले महातपस्वी सीताले शोक गरिन्, कस्तो भन्या चंद्रमाले छादिराख्याको रोहिणीलाई ग्रहले पीडा गरि वश्य भै रह्याजैं सीतालाई पापात्मा रावणले खड्ग प्रहार गरि मार्छु भनि गयो । एस्ता प्रकारले गयाको देखि अविद्ध भन्याको राक्षस प्रमुख अनेक प्रकारको राक्षसहरूले बुझाउन लाग्या । हे महाराज दशग्रीव रावण, तपाञि जस्ताले अधर्मि भैकन क्यान तेस्तो काम गर्नुहुंछ । हे महाराज, तपाञि कस्ता हौ भन्या विश्रवा मुनिका पुत्र, तपाञिका मनमा क्या चिताउनु भयो, क्रोधले धर्म छाडि स्त्रीजाति सीतालाई कसोगरि मार्नुहुन्छ ! स्त्रीजाति मारिकन तिमिलाई कसले पराक्रमी भन्ला । हे महाराज, तपाञि जस्ता त्रैलोक्यमा प्रख्यात भैरह्याका विद्या शास्त्रमा पनि सब ज्ञान भैरह्याका नृत्य स्तुतिले पनि गन्धर्वसमान एस्ता राजा भैकन स्वधर्मले संयुक्त भै कसोगरि स्त्रीजातिलाई मार्नुहुन्छ । तपाञि कस्ता हौ भन्या उत्तम कुलमा जन्म भयाको अनेक यज्ञ कर्म गर्न्या पंडित ज्ञानी उत्तम भै क्यान निर्गति स्त्रीजातिलाई मार्नु लाग्यौ, तिन्‌ले क्या गर्न सक्छिन् । हे महाराज रावण, तपाञिले क्रोध फुन इछा भया सीताछेउँ चित्त राखि तेसै क्रोधले ऐल्हे जाई राम लक्ष्मणमाथि रीस झार्नुहुन्छस् । हे महाराज, तपाञिका मनमा अत्यन्त क्रोध भयो भन्या पराक्रमले तपाञिसमान त्रैलोक्यमा कोहि छैनन्, त्यो क्रोध सहन नसक्या सीताछेउँ चित्त राखि संग्राममा युद्ध गरि राम लक्ष्मणलाई मार्नुहुन्छस्, तेस्वेलामा लक्ष्मणलाई मार्नु निमित्तले सक्या तिमिले सक्या सीता आफ्ना वस्य गरि राज्य प्रतिपालना गरि आनन्दसित रहनुहुन्छस् ।

हे रावण, अब वीरको मर्याद संग्रामको सराजाम सबै तयार गरि रथ हस्ति धनुर्बाणले संयुक्त गरि वानरका मध्यमा बस्या राम लक्ष्मण दुवैलाई चाँडै मारि आउनुहवस्। हे राक्षसेन्द्र रावण, तपाञ्जिले आफ्नु जय गराउनु इछा छ भन्या चतुर्दशिका दिन यज्ञको आरम्भ गरि अमावस्याको दिन यज्ञ सम्पूर्ण गरि दानपुण्य गर्नुहवस्, एसो गऱ्या निश्चयले तपाञ्जिका शत्रु मारि जश हुन्याछ। एस्ता प्रकारका प्रमुख अनेक राक्षसहरूले बुझाईकन रावणलाई समातिकन फर्काइल्याया। हे पार्वति, ताहाँपछि त्यो पापिष्ठ रावणले पनि सर्व लक्षणले संयुक्त भयाकी एस्ती सीताको मुख हेरि रावणको क्रोध उपशाम्य भयो र दर्वारमा जाई सिंहासनमा बसि दुःखले पीडा भै महाक्रोधले जाज्वल्यमान भैरह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे सीतावध निवारणं नाम सर्गः ॥ ६१ ॥

६१

श्रीमहादेव आज्ञा गर्छन्, हे पार्वति, ताहाँपछि रावणले सिंहासनमा बसि छिन्नबन्ध भै शोकले पीडा भै सर्पले निश्वास गऱ्याजँ याकिकन राक्षससेनाको मुख हेरिरह्यो। ती राक्षसहरू कस्ता भन्या भ्राता पुत्र मृत्यु भयाका शोकले पीडा भै महादुःख कष्टले दुःखका सागरमा परिरह्याका राक्षसहरूका मुख हेरि रावणले हात जोरि भन्नलाग्या, हे वीर द्विजिह्व, संह्रादि, ऋषिमर्दन, कुम्भ, हनु, धर, केतु, विडालाक्ष, हयग्रीव, शंकुकर्ण, प्रतर्दन, हरिकर्ण, तिमिहरू दशजना सेनापतिसहितले रथ हस्ति आफ्नु अश्वसहित नाना छत्र ध्वजा पताक इत्यादि नाना रत्नका कवचकुण्डल लाईकन दिव्य वस्त्र लाई शस्त्रअस्त्रले संयुक्त गरि जौना जग्गामा राम लक्ष्मण बस्याका छन्, तेसै ठाउँमा जाऊँ। हे राक्षस, जौना प्रकारले राम लक्ष्मणलाई मार्नु हुन्छ सो प्रकारले सबै घेरिकन मार्नुपर्छ, मैले पनि पछि तीक्ष्ण २ बाण प्रहार गरि मारूँला। तिमिहरू कस्ता भन्या इन्द्रसमान कालयम जस्ता भनि रावणले आज्ञा गऱ्यो र ति दशजना राक्षसहरू पनि रावणका आज्ञा सुनि हर्षमानले मंगल वाद्य बजाई रथमा बस्या, नाना शस्त्र अस्त्र लीकन शूर २ वीर २ राक्षसले त्रिशूल तोमर गदा खड्ग नाना धनुर्बाण लीकन समस्त राक्षसहरू हर्षमान

गरि संग्राम गर्ने भया। ई दश जना राक्षस कस्ता भन्या, महाबलिया कालांतक रुद्र दश दिग्पाल जस्ता तेजले संयुक्त गरि, हर्षले सिंहनाद गरि राक्षस सेनाले परिवृत्त गराई राम लक्ष्मण वस्याका ठाउँमा पुगिकन वानरको र राक्षसको महाकल्लोल युद्ध भयो। कस्तो भन्या, सिंह र व्याघ्र लड्याझैं दुवै पक्ष हर्षमान भै संग्राम गर्न लाग्या। तेस् वेलामा महावीर राक्षसहरू क्रोधले अघिसरिकन गदा पाश खड्ग परशु एतिले वानरमाथि प्रहार गरि महानाद गरि युद्ध गऱ्या। वानरले पनि शिला वृक्ष नखदन्त प्रहार पर्वत शृंग प्रहार गरि अनेक राक्षस मार्‌या। एस्ता प्रकारले परस्पर प्रहार गरि दुवै पक्षको सेना असंख्य मृत्यु भयो। एस् संग्राममा वानरको र राक्षसको प्रलय युद्ध भयो र रक्त नदी वहन लाग्यो। हस्ति अश्व इत्यादि जल जन्तु जस्तै भै रह्या, शस्त्र अस्त्र ध्वजा पताका पनि जल जन्तु जस्तो भै रह्या। एस्ता प्रकारले दुवै पक्षको द्वन्द्व युद्ध भयो र महाशब्द भया। ताहाँपछि वानर अघिसरि जाई-लाग्या महा क्रोधले अश्व हस्ति लाई मुष्टि प्रहार गरि मार्‌या, फेरि राक्षसका अंड दाँतले टोकिदियो। नाक कान पनि चुंडिदिया, आँषा पनि फोरिदिया। जता २ पायो दाँतले टोकिकन प्रहार गऱ्या, फेरि अनेक राक्षसहरूलाई मार्‌या, कस्तो भन्या वृक्षमा पंछि वस्याझैं राक्षसलाई घेरिकन मार्‌या। एस्तो गरि आफ्नो सैन्य मार्‌याको देखि राक्षसहरू पनि महाक्रोध भयेर गदा पट्टिश नाना शस्त्र अस्त्र प्रहार गरि वीर २ वानर मारिदिया। एस्ता प्रकारले राक्षसले वानर मार्‌या र ति वानर पनि त्रासमान भैकन रामचन्द्रका शरणमा गया। कस्तो गरि भन्या, प्रलयकालमा कालरुद्रले प्रजासंहार गर्दामा ब्रह्माछेउँ शरण गयाझैं गया। श्रीरामज्यूले पनि वानरसेना आफुछेउँ शरण आयाको देखि महाक्रोधले जाज्वल्यमान भैकन धनुर्बाण ली राक्षससेनामाथि जाईलाग्या र अनेक शस्त्र अस्त्र प्रहार गऱ्या। मेघले जल वृष्टि गऱ्याझैं राक्षससेना सबैले आश्चर्य मानिकन युद्ध गरिरह्या, राक्षसहरूले श्रीरामचन्द्रलाई देखेनन् र राक्षससेना सबै भाग्या। ताहाँपछि महावीर २ राक्षस महारथीले रामचन्द्रलाई देखन लाग्या। कस्तो गरि भन्या, आकाशमा वायु आयाको नदेख्याझैं राक्षससेनामा महाउत्पात गरिदिया। जगत्व्यापि श्रीरामचन्द्रले गन्धर्वास्त्र प्रहार गरि राक्षसहरूलाई मोहले छोपिकन एका रामले असंख्य राक्षस भया। राक्षसहरूले जस्लाई देख्यो तस्लाई रामजस्तो देखन लाग्यो र आफु आफै प्रहार गर्न लाग्या। हेरि राम याहाँ आयो वाहाँ गयो भनि अनेक राक्षस आफु आफै प्रहार गरिकन मार्‌या, कोहि शरीर छेदन भयाका, कोहि वाण लागिकन छोड्याका, वसेका शरीरबाट रक्त धारा वहिकन असंख्य

राक्षस मार्‍याको देखि श्रीरामचंद्र एका ठाउँमा बसिकन हासिकन रहनुभयो। राक्षसहरूले रामचंद्र लाई देखेनन् कस्तो भन्या पंच इंद्रियले गराया को कर्म मनले नदेख्याजै राक्षसहरूलाई हाहाकार गराई आफु आफै प्रहार गरि मार्‍या। हाति पनि मार्‍या, सेना अश्व रथ पनि सकिया, एता उता पनि सकियो भनि एस् प्रकारले राक्षसको चतुरंग बल संयुक्त गरिमार्‍या, कस्तो गरि भन्या घरमा अग्निले दग्ध गर्‍या जै, गरिकन सक्नुभैकन तेजस्वी श्रीरामचन्द्रले फेरि महास्त्र प्रहार गरिकन राक्षसहरूको चित्त व्याकुल भैरह्या कसैका चेष्टा पनि थियेन आफु र पराई पनि जानेनन्, सबैले पनि राममात्र देखिन्या आपना दलका पनि पराईको दलमा पनि देख्या २ राम मात्र भया र उसै अलमलिरह्या। राक्षसले राक्षसैलाई मारि देख्याको राम पो आयो हेर २ भन्यार देख्या २ को राम मात्र भया र आफु आफै प्रहार गरि अनेक राक्षस मार्‍या। वीर अनेक राक्षस मार्‍या भनि ठानि आपना सैन्य मारिकन महाशब्दले नाद गरिकन युद्ध गर्‍या। ताहाँपछि सर्वव्यापी श्रीरामले गंधर्वास्त्र प्रयोग गरि एका रामले असंख्य राम देखिरहन्या अरु शेष बाँकि रह्याका राक्षसहरूले रामलाई देख्या। तेस् वेलामा श्रीरामले मोहास्त्र बाण फर्काइकन छिनुभयो र ताहाँपछि श्रीरामचंद्र एकलै बस्याको देख्या। अनेक बाण प्रहार गरिरह्याका राम कस्ता भन्या साक्षात् परंब्रह्म प्राणिहरूका आत्मा पुरुष हुनुभयाका कालाग्निसमान एस्ता राम एक्लै बस्याको देख्या ति रामचंद्र कस्ता हुन्भन्या साक्षात् विद्या प्रकाश भयाको जस्तो गरि चक्र घुमाईकन रहँदा भया, कस्तो भन्या प्रलयकालमा कालचक्र घुम्याको जस्तो घुमाई-रहनुभयो। ति रामचंद्रले कति राक्षस मार्नुभयो भन्या दश हजार रथि अठासिति सहस्र कुन पुरुष साठी हजार अश्ववार तीन लाख सिपाहि दशजना सेनापति एति राक्षस दिनको अष्टम भागमा मारिदियापछि शेष बाँकि रह्याका राक्षसहरूले राम देख्या। रामलाई देख्यार राक्षस-हरू सबै अति अद्भुत मानिकन महात्रासले हाहाकार गरि रोईकन शस्त्र-अस्त्र छाडि लंकाभित्र भाग्यार रावणकन सुनाई रह्या, कस्तो आश्चर्य चतुरंग दलमा पर्‍याको भूमि अत्यंत भयंकर भैरह्यो। श्रीरामचन्द्रले राक्षस मार्‍याको देखि सुग्रीव प्रमुख वानर सेना सबैले एकै शब्द गरि नाद गर्‍या, स्वर्गमा देवताहरूले पनि दुन्दुभि वाद्य बजाई हर्षमान गर्‍या, फेरि गंधर्व अप्सराहरूले पनि नृत्य गीत गरि पुष्प वृद्धि गर्‍या। धन्य २ श्रीरामचन्द्र भनि नारद प्रभृति देवऋषि सबैले स्तुति गरि ताहाँपछि श्रीरामचन्द्रले पनि आज्ञा गर्‍या, हे भ्राता लक्ष्मण, मित्र, सुग्रीव, विभीषण, हनुमान, अंगद, जांबुवान, नल, नील, सुषेण, अब हामिहरू सबैले रावणको सैन्य सबै मारिसक्यौं। हे वानर, यो गन्धर्वास्त्र श्रीमहादेवले र मैले मात्रै जान्याको

छ, हामि दुवै बाहिक कसैले जान्याको छैन भनि श्रीरामले आज्ञा गऱ्या, वानरहरूले पनि श्रीरामचन्द्रको पराक्रम देखि महाहर्षमान गरि अनेक प्रकारले पूजा स्तुति गरि आनन्दले रह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो। हे पार्वति, जस् मनुष्यले श्रीरामचन्द्र गंधर्वास्त्र प्रहार गरि राक्षस मार्न्याको कुरा सुन्यान् ति मनुष्य कैह्ले पनि मोहमा परैन्छ, अनेक शत्रु पनि नाश हुन्छ पछि सुख संपत्ति पनि प्राप्त होला, परत्रमा स्वर्ग प्राप्ति पनि हुनन् भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो, ब्रह्माले नारदलाई सुनाउनुभयो, सोहि विस्तार सूतले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे गंधर्वास्त्र युद्धं नाम सर्गः ॥ ६२ ॥

६३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले रावणका सैन्य गंधर्वास्त्र प्रहार गरि हाति अयुत अनेक रथ अश्व अग्नि बाण ध्वजा पताक कांचन छत्र कोटि २ राक्षसहरू सबै कामरूपी कवच कुंडल लाई दीप्ताग्नि जस्ता राक्षसहरू सबैलाई श्रीरामचन्द्रले मृत्यु गराउनु भयो, कस्तो आश्चर्य! रावणले जति २ पठायो श्रीरामचन्द्रले मारिदियाका फर्कन सकेनन्। कालसमान रामले दशजना सेनापति मारिकन पर शेष रह्याका राक्षस महात्रासले हाहाकार गरि कराईकन रोई लंकाभित्र भागि गया। तेस् वेलामा लंकामा स्त्रीजन सबैले कुरा सुन्न लाग्या, तेस् वेलामा विधवा स्त्रीले पुत्र बंधु बांधवको शोक दाज्यू भाई मर्न्याको शोक एस्ता दुःख शोकले पीडा गरि हाहाकार गरि कराई आपनु छाति आफैले ठोकि शोकले विलाप गरि कोहि राक्षसहरू रोईकन एका ठाउँ बाटुला भै भन्न लाग्या, हा! हा! यो सूर्पनखा बुद्धि स्वास्निले हाम्रो कुल नाश गरि, हा! हा! एस्तो दुष्ट पापिष्ठ सूर्पनखाले दियाको, हे राक्षसिहो, जैले रामचन्द्र वनवास रहँदा यो सूर्पनखाले मायारूपले कंदर्प पीडा हुन्या गरि रामचन्द्रलाई पुरुष तुल्याउँला भनि जाँदा तेस् वेलामा रामचन्द्रले अंगीकार नगर्न्याको देखि लक्ष्मणले नाक काटिदिया भनि हा! हा! त्यस्कारणमा खर दूषण चौध हजार राक्षस पनि मृत्यु भया, फेरि रावणले सीताहरण गराई बुद्धिले पो हो, एस्कारण बुद्धिले अब रावणलाई पनि मार्न लाग्या। हे राक्षसीहो, फेरि मारिच पनि राक्षसमा श्रेष्ठ रामले पराक्रम गरि तेस्लाई पनि

मान्या । एस्तो प्रकार गर्न्यार पनि चेत्न सकेनन् , हा ! हा ! सीताले पनि चित्त देखिनन्, एस् रावणलाई पुरुष तुल्याउँला भनि कसोगरि चेतन सकेनन् । हे राक्षसी, फेरि कबंध विराध राक्षसले सीतालाई लैजान लाग्यो र रामका मनमा कोप भैकन तिनिहरूलाई पनि मारिदिए त्यो पनि देख्या । फेरि रामचन्द्र पंचवटिमा रहनुभयाका वेलामा चौध हज्जार राक्षस एक क्षणमा मारिदिया र तैपनि रावणले चेतेनन् । हे राक्षसि, कोहि दिनमा रामचन्द्र रामचन्द्र आउँदा कबन्ध भन्याको राक्षस एकलै थियो, तेस्को हात एक जोजन लामा थिया । तेस् राक्षसका हात पन्याका कोहि पनि रहँदैनथ्या, त्यो कबन्ध वचनमा वस्याको थियो, राम लक्ष्मण क्रोधभै खड्गले बाहु छेदन गरि मारिदिया, हा ! हा ! तैपनि रावणले चेत्न सकेनन् । हे राक्षसी, फेरि रामचन्द्रका पराक्रम कस्तो भन्या किस्किन्ध्याका राजा वानरका मुख्यचाहिं इन्द्रका पुत्र बल पराक्रमले पनि वायुतुल्य तेजले पनि महावीर एस्ता वालिलाई मारिकन ऋषि मुख पर्वतमा वस्याको सुग्रीवलाई राजा तुल्याईदिया, एस्तो देख्यापछि पनि चेत्न सकेनन । हा ! हा ! तैपनि मनमा ता अहंकार परिकन महाज्ञानी विचक्षण शास्त्रज्ञ कर्मज्ञ एस्ता विभीषणले दाज्युलाई बोध दिनानिमित्तले नाना प्रकारले पै गर्न्याथ्या तिन्को कुरा व्यर्थ गरिकन निर्णय नगरि विभीषणलाई निकालिदिया । हा ! हा ! विभीषण धर्मात्मा ज्ञानी भैकन पो रामचन्द्रका शरणमा गै रामको सेवा गरिरह्या । हा ! हा ! कुरा उहे तम्रा स्वामि रावणले सुनिदियाको भया एस्ता दुःख हामिलाई पर्न्या थिएन । हे राक्षस, तेस् वेलामा वानर यौटा आईकन लंकामा आई आगोलाई दग्ध गरि अक्षय आदि कुमार मारिदियो सप्त सेनापतिको पुत्र किंकर राक्षस पनि मारिदिया । हा ! हा ! तैपनि तम्रा हाम्रा राजाले चेत्न सक्तैनन् । हे राक्षस, हेर २ कस्तो आश्चर्य ! वानर मात्रले अपार समुद्रमा सेतु बंधन गरि आईकन लंका दग्ध गर्न्या, एसो गरिकन पनि कसो चेत्न सकेनन् ! हा ! हा ! आफ्ना हजूरमा दृष्टांत एत्ति भन्याको देखिकन पनि राक्षसेंद्रले कसोगरि चेत्न सक्तैनन, हितमंत्रिको कुरा सुन्नाले तस् निमित्तमा लंकाराज्य शमशान तुल्य भयो । हा ! हा ! फेरि कुम्भकर्ण जस्ता भाई मान्याको देखिकन पनि चेतेनन्, एस्तो वीर मान्याको भनिकन चेतन सक्याको भया मेघनादको प्राण जान्या थियेन । हा ! हा ! त्रैलोक्यमा प्रख्यात भयाको एस्ता पुत्रका शोक पन्या र पनि कसो चेतन सकेनन् भनि एस्ता प्रकारले राक्षसीहरू बटुलीकन हाहाकार गरि रोई परस्पर अंकमाल गरि भन्न लाग्या, हा ! हा ! अघि हामिलाई एस्तो शोक कष्ट कैले पन्याको थियेन अब एस्तो शोक कष्ट पर्न्यो भनि मान्या २ हरूका नाम लीकन भन्न लाग्या, हा पुत्र २ ! हा स्वामि २ ! हा भ्राता २ ! हा पिता २ !

हा इष्ट मित्र! भनि हाहाकारले रोईकन रह्या, गृह २ मा मशान जैं रोईकन रह्या जस्तो भैरह्यो। रथ अश्व हस्ति राक्षसहरू सहस्र २ मारिदिया, अब कसो गरौं भनि हा! हा! मनुष्य राम एकलैले अनेक राक्षस मारिदिया, ब्रह्मा विष्णु महादेव इन्द्र तिनिहरूले रामको रूप भैकन राक्षसहरू सबै मारिदिया, काल देवताले प्रजा संहार गऱ्याजैं रामले राक्षसहरू मार्‌या, हा! हा! तैपनि रावणले चेतन सकेनन्। हा! हा! पुरुषविना हामिहरूले मात्र यो जीव कसो गरि धारण गर्नु। हे विधाता, हामिले एस्तो हेरिरहनुपऱ्यो, एसै शोक गरिकन प्राण छाडनु पऱ्यो। हा! हा! तम्रा हाम्रा राजा अज्ञानि ब्रह्म वर पाईकन महागर्व गऱ्या र एस्तो भय उत्पत्ति भै आयो, एसो भयेर पनि राजा चेत्न सकेनन्। हा। हा! रावणले पनि यो लंका रक्षा गर्न सक्न्याछैनन्, इन्द्रादि देवताले पनि यो लंका रक्षा गर्न सक्न्याछैनन्। हे राक्षसि, काल-स्वरूप रामचन्द्रले संकल्प गऱ्याको लंका कसैले पनि रक्षा गर्न सक्न्याछैनन्। हा! हा! जो जो संग्राममा लड्न गया कोहि पनि फर्कन सक्तैनन्, क्या गऱ्याको सबै उत्पात अशुभ भयो र पनि राजाले चेतन सकेनन्। हा! हा! कस्ता अज्ञानी ब्रह्माले वर प्रसाद दिंदामा देव, दानव, यक्ष, गन्धर्व, नाग, किन्नर, त्रैलोक्यका देवताबाट पनि तोलाई भय आउन्याछैन भनि ब्रह्माले मनुष्यबाहिक भन्याको थियो र पनि चेतन सकेनन्। हा! हा! ब्रह्माको आज्ञा जस्तै मनुष्यबाट अघोर महाभय प्राप्त भयो। हे राक्षसि, अब तेरा मनमा रावण मार्न्या बेला भयो, एति-सम्म भयो र पनि रावणले चेतन सकेनन्। हा! हा! परापूर्वमा ब्रह्माका वर प्रसादले रावणले गर्व गरि सबै देवताहरूलाई दुःख दियो र ब्रह्माछेउँ जाईकन सबै देवताले तपस्या गरि ब्रह्मालाई संतुष्ट गराई विंति गऱ्या, हे ब्रह्मा, हामिकन ठुलो दुःख प्राप्त भयो, पापिष्ठ रावणले पीडा गऱ्यो भनि देवतालोकले विंति गऱ्याको सुनि ब्रह्माले आज्ञा गर्दा भया, हे देवलोकहो, मेरा वचन सुन, आजदेखि त्रैलोक्यमा राक्षसहेरूले उत्पात गर्न्याछन् भन्या र देवलोक सबै त्रासले डराईकन इन्द्रादि देवता सबै कैलाश पर्वतमा जाई श्रीमहादेवछेउँ तपस्या गऱ्यार तेस् बेलामा श्रीमहादेव संतुष्ट भै आज्ञा गऱ्या, हे इन्द्रादि देवता, तिमिहरूले तपस्या गरि म संतुष्ट भयाँ, तिमिहरू क्या माग्न आयौ क्या दुःख भयो सबै मछेउँ भन भनि श्रीमहादेवले आज्ञा गऱ्या र इन्द्रादि देवताले विंति गऱ्या। हे प्रभु श्रीमहादेव, ब्रह्माले वर प्रसाद दियार भनि पापिष्ठ रावणले पीडा गरि ठुलो दुःख भयो। हे परमेश्वर, यो भय नाश गरिदिनुहुन्छ् भनि एस् प्रकारले देवलोकले विंति गऱ्याको सुनि श्रीमहादेवले आज्ञा गऱ्या। हे देवलोक, तिमि-हरू डराउनुपर्दैन तिमिहरूको भय नाश हुन्याछन् भनि इन्द्रादि देवतालाई एस् प्रकारले

मान्या । एस्तो प्रकार गर्न्यार पनि चेत्न सकेनन् , हा ! हा ! सीताले पनि चित्त देखिनन्, एस् रावणलाई पुरुष तुल्याउँला भनि कसोगरि चेतन सकेनन् । हे राक्षसी, फेरि कबंध विराध राक्षसले सीतालाई लैजान लाग्यो र रामका मनमा कोप भैकन तिनिहरूलाई पनि मारिदिए त्यो पनि देख्या । फेरि रामचन्द्र पंचवटिमा रहनुभयाका वेलामा चौध हज्जार राक्षस एक क्षणमा मारिदिया र तैपनि रावणले चेतेनन् । हे राक्षसि, कोहि दिनमा रामचन्द्र आश्रम आउँदा कबन्ध भन्याको राक्षस एकलै थियो, तेस्को हात एक जोजन लामा थिया । तेस् राक्षसका हात पन्याका कोहि पनि रहँदैनथ्या, त्यो कबन्ध वचनमा वस्याको थियो, राम लक्ष्मण क्रोधभै खड्गले बाहु छेदन गरि मारिदिया, हा ! हा ! तैपनि रावणले चेत्न सकेनन् । हे राक्षसी, फेरि रामचन्द्रका पराक्रम कस्तो भन्या किस्किन्धयाका राजा वानरका मुख्यचाहिं इन्द्रका पुत्र बल पराक्रमले पनि वायुतुल्य तेजले पनि महावीर एस्ता वालिलाई मारिकन ऋषि मुख पर्वतमा वस्याको सुग्रीवलाई राजा तुल्याईदिया, एस्तो देख्यापछि पनि चेत्न सकेनन । हा ! हा ! तैपनि मनमा ता अहंकार परिकन महाज्ञानी विचक्षण शास्त्रज्ञ कर्मज्ञ एस्ता विभीषणले दाज्युलाई बोध दिनानिमित्तले नाना प्रकारले पै गर्न्याथ्या तिन्को कुरा व्यर्थ गरिकन निर्णय नगरि विभीषणलाई निकालिदिया । हा ! हा ! विभीषण धर्मात्मा ज्ञानी भैकन पो रामचन्द्रका शरणमा गै रामको सेवा गरिरह्या । हा ! हा ! कुरा उहे तम्रा स्वामि रावणले सुनिदियाको भया एस्ता दुःख हामिलाई पर्न्या थिएन । हे राक्षस, तेस् वेलामा वानर यौटा आईकन लंकामा आई आगोलाई दग्ध गरि अक्षय आदि कुमार मारिदियो सप्त सेनापतिको पुत्र किंकर राक्षस पनि मारिदिया । हा ! हा ! तैपनि तम्रा हाम्रा राजाले चेत्न सक्तैनन् । हे राक्षस, हेर २ कस्तो आश्चर्य ! वानर मात्रले अपार समुद्रमा सेतु बंधन गरि आईकन लंका दग्ध गर्न्या, एसो गरिकन पनि कसो चेत्न सकेनन् ! हा ! हा ! आफ्ना हजूरमा दृष्टांत एत्ति भन्याको देखिकन पनि राक्षसेंद्रले कसोगरि चेत्न सक्तैनन, हितमंत्रिको कुरा सुन्नाले तस् निमित्तमा लंकाराज्य शमशान तुल्य भयो । हा ! हा ! फेरि कुम्भकर्ण जस्ता भाई मान्याको देखिकन पनि चेतेनन्, एस्तो वीर मान्याको भनिकन चेतन सक्याको भया मेघनादको प्राण जान्या थियेन । हा ! हा ! त्रैलोक्यमा प्रख्यात भयाको एस्ता पुत्रका शोक पर्न्या र पनि कसो चेतन सकेनन् भनि एस्ता प्रकारले राक्षसीहरू बटुलीकन हाहाकार गरि रोई परस्पर अंकमाल गरि भन्न लाग्या, हा ! हा ! अघि हामिलाई एस्तो शोक कष्ट कैले पर्न्याको थियेन अब एस्तो शोक कष्ट पर्न्यो भनि मान्या २ हरूका नाम लीकन भन्न लाग्या, हा पुत्र २ ! हा स्वामि २ ! हा भ्राता २ ! हा पिता २ !

हा इष्ट मित्र! भनि हाहाकारले रोईकन रह्या, गृह २ मा मशान जैं रोईकन रह्या जस्तो भैरह्यो। रथ अश्व हस्ति राक्षसहरू सहस्र २ मारिदिया, अब कसो गरौं भनि हा! हा! मनुष्य राम एकलैले अनेक राक्षस मारिदिया, ब्रह्मा विष्णु महादेव इन्द्र तिनिहरूले रामको रूप भैकन राक्षसहरू सबै मारिदिया, काल देवताले प्रजा संहार गऱ्याजैं रामले राक्षसहरू मार्‌या, हा! हा! तैपनि रावणले चेतन सकेनन्। हा! हा! पुरुषविना हामिहरूले मात्र यो जीव कसो गरि धारण गर्नु। हे विधाता, हामिले एस्तो हेरिरहनुपऱ्यो, एसै शोक गरिकन प्राण त्यागनु पऱ्यो। हा! हा! तम्रा हाम्रा राजा अज्ञानि ब्रह्म वर पाईकन महागर्व गऱ्या र एस्तो भय उत्पत्ति भै आयो, एसो भयेर पनि राजा चेत्न सकेनन्। हा! हा! रावणले पनि यो लंका रक्षा गर्न सक्न्याछैनन्, इन्द्रादि देवताले पनि यो लंका रक्षा गर्न सक्न्याछैनन्। हे राक्षसि, काल-स्वरूप रामचन्द्रले संकल्प गऱ्याको लंका कसैले पनि रक्षा गर्न सक्न्याछैनन्। हा! हा! जो जो संग्राममा लड्न गया कोहि पनि फर्कन सक्तैनन्, ज्या गऱ्याको सबै उत्पात अशुभ भयो र पनि राजाले चेतन सकेनन्। हा! हा! कस्ता अज्ञानी ब्रह्माले वर प्रसाद दिंदामा देव, दानव, यक्ष, गन्धर्व, नाग, किन्नर, त्रैलोक्यका देवतावाट पनि तोलाई भय आउन्याछैन भनि ब्रह्माले मनुष्यवाहिक भन्याको थियो र पनि चेतन सकेनन्। हा! हा! ब्रह्माको आज्ञा जस्तै मनुष्यवाट अघोर महाभय प्राप्त भयो। हे राक्षसि, अब तेरा मनमा रावण मार्न्या वेला भयो, एति-सम्म भयो र पनि रावणले चेतन सकेनन्। हा! हा! परापूर्वमा ब्रह्माका वर प्रसादले रावणले गर्व गरि सबै देवताहरूलाई दुःख दियो र ब्रह्माछेउँ जाईकन सबै देवताले तपस्या गरि ब्रह्मालाई संतुष्ट गराई विंति गऱ्या, हे ब्रह्मा, हामिकन ठुलो दुःख प्राप्त भयो, पापिष्ठ रावणले पीडा गऱ्यो भनि देवतालोकले विंति गऱ्याको सुनि ब्रह्माले आज्ञा गर्दा भया, हे देवलोकहो, मेरा वचन सुन, आजदेखि त्रैलोक्यमा राक्षसहेरूले उत्पात गर्न्याछन् भन्या र देवलोक सबै त्रासले डराईकन इन्द्रादि देवता सबै कैलाश पर्वतमा जाई श्रीमहादेवछेउँ तपस्या गऱ्यार तेस् वेलामा श्रीमहादेव संतुष्ट भै आज्ञा गऱ्या, हे इन्द्रादि देवता, तिमिहरूले तपस्या गरि म संतुष्ट भयाँ, तिमिहरू किया मान्न आयौ किया दुःख भयो सबै मछेउँ भन भनि श्रीमहादेवले आज्ञा गऱ्या र इन्द्रादि देवताले विंति गऱ्या। हे प्रभु श्रीमहादेव, ब्रह्माले वर प्रसाद दियार भनि पापिष्ठ रावणले पीडा गरि ठुलो दुःख भयो। हे परमेश्वर, यो भय नाश गरिदिनुहुन्छ् भनि एस् प्रकारले देवलोकले विंति गऱ्याको सुनि श्रीमहादेवले आज्ञा गऱ्या। हे देवलोक, तिमि-हरू डराउनुपर्दैन तिमिहरूको भय नाश हुन्याछन् भनि इन्द्रादि देवतालाई एस् प्रकारले

श्रीमहादेवले बुझाई पठाउनुभयो । हे राक्षसि, एस्ता परमेश्वरले क्षुधाले सृष्टि गरिरहाकी सीताले रावण आदि समस्त राक्षस मारि हा ! हा ! रावणका अपराधले अचेष्टाले निर्बुद्धि भै हामिहरू सबैलाई एस्तो अवस्था गरायो, हा ! हा ! एस्तो दुःख भयो रावणका निमित्तले, अब एस् लंकामा हामिहरूले जिउनाको आसा रहेन त्रैलोक्यका देवताले पनि रक्षा गर्न सकन्या-छैनन् भनि एस्ता प्रकारले लंकाका राक्षसीहरू सबै रोईकन लडि २ कन ठुलो शब्द गरि कराई हिंड्थ्या, कस्तो गरि भन्या काल देवताले मजा संहार गऱ्या जै हाहाकारले कराई रह्या मुक्तकेश भै छाति ठोकिकन परस्पर अंकमाल गरि भयले त्रास भै महादुःखले पीडा भै रह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे राक्षसीविलापो नाम सर्गः ॥ ६३ ॥

६४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि लंका राक्षसहरूका स्त्रीजन सबै घर घरै शोकले महादुःखले करुणा स्वर गरि कराया को शब्द रावणले सुन्यो र शोकले मुहूर्त्त मात्र ध्यान गऱ्याजै बसिकन फेरि अलिक बेरपछि महाक्रोधले रक्तनयन गरि दाँत किट्किटाईकन मनले चिंतना गऱ्यो, अब एसै बसनु होईन भनि रावणले नाना प्रकारले चिंतना गरिकन आफ्ना गुरु शुक्राचार्यछेउँ मंत्र लीकन राम लक्ष्मण वानर सेनासहित जस् प्रकारले मार्न हुन्याछ तस् प्रकारका यज्ञ मंत्रले यज्ञ गरौंला भनि चिंतना गरिकन आफु एकलै शुक्राचार्य-छेउँ गयो । ताहाँ शुक्राचार्यले लंकाका राजा रावण आफ्नु घर आयाको देखि चिताउनुभयो, कस्तो आश्चर्य ! त्रैलोक्य पनि जितिरहन्या रावण एकलै मेरा घरमा कयान आयो भनि चिंतना गरिकन चाँडै उठ्नुभयो र महाआनन्दले आदर गरिकन दिव्य आसनमा राज गराउनुभयो । ताहाँपछि रावणले गुरु शुक्राचार्यका चरणमा प्रदक्षिणा गरिरह्यो त्यो हेरिकन शुक्राचार्यले आज्ञा गऱ्या, हे महाराज राक्षसेंद्र रावण, मेरा मनमा अति आश्चर्य भयो, तपाईका मुख मलिन तेज पनि हीन अधिका जस्तो होईन, अनि मेरा घरमा एकलै आउनुभयो । तपाईका मंत्रिहरू काहाँ गया । हे महाराज, मैले क्या गर्नुपऱ्यो आज्ञा गर्नुहोस् भनि एस् प्रकारले शुक्राचार्यले आज्ञा भयो र ताहाँ रावणले बिंति गर्न लाग्यो, हे गुरु शुक्राचार्य,

तपाखिले म आयाको कारण सबै जानुहुंछ तैपनि मैले विति गर्छु सुन्नुहुन्छ भनि विति गर्न लाग्यो । हे गुरु, अद्भुत मनुष्य दुईजनाले वानर सहाय गरि समुद्रमा सेतुबंध गरि आईकन उचाटना गरिकन अनेक राक्षसहरू पनि मेरा मंत्रिहरू पनि मारिदिया, फेरि मेरा भ्राता कुम्भकर्ण, पुत्र मेघनादलाई पनि मारिदिया । हे गुरु, एस्तो मेरो अवस्था भयो अब ति राम लक्ष्मण वानरसेनासहित जौना प्रकारले मार्नु हुन्याछ सो प्रकार गरि मैले यज्ञ गरौंला भनि इछा भयो, तपाखिले यज्ञको मंत्र मलाई प्रसन्न भयाजाउन् भनि एस् प्रकारले रावणले विति गऱ्यो र शुक्राचार्यले त्यो वचन सुनि तथास्तु भन्यार रावणको मनमा सन्तोष गराईकन रणयज्ञको मंत्र दियार नाना प्रकारले मान्य गर्नुभयो । ताहाँपछि रावणले पनि मनमा हर्षमान गरिकन शुक्राचार्यको चरणमा प्रदक्षिण गरि गुरुले आशीर्वाद दिलाई-कन रावण विदा लीकन गयो । ताहाँपछि रावण आफ्नु राजगृहमा गैकन, सिंहासनमा वसि मंत्रिहरू बटुलीकन आज्ञा भयो । हे मंत्रिहो, तिमिहरू हराउनुपर्दैन, पापिष्ठ राम लक्ष्मण दुईजनालाई जौना प्रकारले हुन्याछ सो प्रकारले मैले यज्ञ गर्छु । हे राक्षसा, अब यो राम लक्ष्मण वानरसेनासहित मारिकन लंकाका राक्षसीहरूको आँसु पुछिदिन्छु, पुत्र भ्राता बांधव मऱ्याको दुःख शांत गराउँला । हे राक्षसा, अब तिमिहरूले यज्ञ गर्नाकन यज्ञको सामग्री तयार गर । यो राजगृहविषये महागुप्त स्थलमा भूमिभित्र अग्निकुंड बनाऊ । हे राक्षसा, यो काम गुप्तले गर्नुपर्छ शत्रूले याहा पायादेखि अनर्थ होला भनि एस् प्रकारले रावणले आज्ञा भयो र राक्षसहरूले पनि रावणको आज्ञा जस्तै, यज्ञको सामग्री सबै यज्ञ कुंडल बनाई-कन चाहियाको सबै तयार गरिदिया । ताहाँपछि रावणले पनि निको दिन वेला तिथि नक्षत्र योग वार यो सबै देखाईकन दशग्रीव रावण पनि शुचि पवित्र भैकन शत्रु मार्नाका अर्थले यज्ञ गर्न्या ठाउँमा गैकन दशै मुखले मंत्र उच्चारण गरि नाना वस्तुले आहुति दीरह्यो । फेरि अग्निले पनि रावणकन जय गर्ना अर्थले दाहिना पर्वत गरि आगो बल्यो, कसो भन्या सुनका वर्ण जस्तो वर्ण गरि आगो बल्यो । एस् प्रकारले रावणले शत्रु मार्नाका अर्थले यज्ञ गरिकन दशैवटा मुखले मंत्र जपि वीशवटा हातले शस्त्र अस्त्र लीकन नाना अनेक निका निका वस्त्र लाईकन कवच कुंडललाई मध्यान्हका श्रीसूर्य्यजस्तो जाज्वल्यमान गरिकन आँषा चिम्लि जपस्तोत्र गरिकन नाना मंगल वाद्य वजाई वेदको घोष शब्द गरि एस् प्रकारले राक्षसेंद्र रावणले यज्ञ गऱ्यो । ताहाँपछि श्रीरामचन्द्र छेउँ महाज्ञानी नीतिज्ञ रामका हितार्थ भयाका विभीषणले विति गऱ्या, हे श्रीरामचन्द्र, मेरा मंत्री चार जनाले क्षणमात्रमा मायारूप गरि

रावणले गऱ्याको सबै हेरि आया । हे रघुनाथ, पापिष्ठ रावणले तिमि हामि सबै मानीका अर्थले दैत्यको गुरु शुक्राचार्यछेउँ जाई विति गऱ्यो, हे गुरु, राम लक्ष्मण दुईजना मनुष्यले वानर सहाय गरि समुद्र तरि लंकाका राज्यमा भयाका राक्षस सबै माऱ्या । अब ति शत्रु मार्नु कौन उपायले हुंछ सो मंत्र मलाई दिनुहवस्, मैले रणयज्ञगरि शत्रु साधना गर्न सकन्या गरि दिनुहवस् भन्यो र त्यो वचन सुनि शुक्राचार्यले पनि तथास्तु भनि रावणलाई मंत्र दिया। हे श्रीरामचन्द्र, अब तेस् रावणले मंत्र पाई राजगृहमा वसि गहागुप्त ठाउँमा वसि यज्ञ कुंड बनाई अनेक सामग्रीले संपूर्ण गरि तपाविलाई जित्न्या अर्थले रणयज्ञ गऱ्यो यो सबै मेरा मंत्रिहरूले देखिकन मलाई कहन आयो । हे परमेश्वर, श्रीरामचन्द्र, अब एसो गरि रहनुछैन चाँडो गर्नुपऱ्यो, यो रावणको यज्ञ सिद्ध गर्नु दिनु छैन, त्यो यज्ञ सिद्ध भयापछि रावणलाई मार्न सकिन्याछैन त्रैलोक्यका देवताले पनि सकन्याछैनन् सबैलाई तेस्ले जित्न्याछ । हे श्रीराम, रावणको यज्ञ जौना प्रकारले विघ्न हुंछ सो उपाय चाँडो गर्नुहवस् भनि एस्ता प्रकारले श्रीरामका हित विभीषणले विति गऱ्या र श्रीरामचन्द्रले विभीषणको वचन सुनि आग्याँ गऱ्या। हे विभीषण, धन्य २ मसंग हितार्थ गर्न्या तिमि ! तिमि समानका सेवक कोहि छैनन् । हे विभीषण, अब क्या उपाय जत्न गर्न्या हो ! पापिष्ठ रावणले गऱ्याको यज्ञ सिद्ध भयापछि इन्द्र वरुण कुवेर यक्ष अग्नि देवाधिदेवताले जित्न सकन्याछैन, अब कसो गर्न्या हो भनि जगत्-व्यापि श्रीरामचन्द्रले आफुले जानिकन पनि नजान्या जस्ता भै लोक प्रतीत गर्नार्थले डरायाजैं आज्ञा गर्न लाग्या । हे भाता लक्ष्मण, मित्र सुग्रीव, पापात्मा रावणले हामिलाई मार्नाकन रणयज्ञ गऱ्यो, त्यो यज्ञ सिद्ध भयापछि पापिष्ठ रावणलाई मार्न सकिन्याछैन अब एसो गरिरह्नाले हुँदैन जौना प्रकारले रावणको यज्ञ विघ्न हुंछ सो चिंतना गर भनि हनुमान जाम्बूवाण नल नील तिमिहरू ४ जना लंकामा गै पापिष्ठ रावणको यज्ञ विघ्न गरि आउनुपर्छ । हे वीर, तिमिहरू कस्ता भन्या वल पराक्रमले संयुक्त काल रुद्र तुल्य तिमि-हरूलाई हपकाउनु पनि कसैको सामर्थ छैन तेजले पनि सूर्य्य समान, हे वीर तिमिहरू चाँडै मैकन निर्भय गरि रावणको यज्ञ विध्वंस गरि चाँडो फर्कि आउनुपर्छ भनि एस्ता प्रकारले श्रीरामचन्द्रले आज्ञा गऱ्या र त्यो वचन सुनि हनुमान जांबुवान नल नील ई ४ जनाले श्रीरामचन्द्रका आज्ञा शिरमा राखि श्रीरामका चरणमा दंडवत् गरि सुग्रीव प्रमुख विभीषण आदि सबैलाई यथायोग्य नमस्कार गरि विदा मैकन सदाका भंदा दोवर वलले संयुक्त तेजले जाज्वल्यमान गरि पृथ्वी पनि कंपमान गराई ताहाँदेखि कुदिकन रावणका अंतपुरमा वस्न

गया। तेस् वेलामा अंतपुरिमा शब्द गरि हिंड्न लाग्या, ताहाँ मनोधरिले सुनिन् र हाम्रा अंतःपुरिमा क्याको शब्द हेर २ भंदा ताहाँ विभीषणकी स्वास्नी विमंदरि भन्याकि राक्षसीले हेर्न जाँदा देखिकन भन्न लागिन्। हे महापुरुष, तिमि को हौ ताहाँ क्यान आयौ भनिन् र त्यो वचन सुनि हनूमान्ले भन्न लाग्या म अर्को होईन श्रीरामचन्द्रको सेवक मेरो नाम हनुमान हो, तेरो नाउँ क्या हो कस्की स्त्री होस्, मलाई कहनुपर्छ भंदा त्यो राक्षसी भंछे, हे हनुमान म विभीषण की स्त्री हुँ मेरो नाउँ विमंदरि हो। हे हनुमान, मेरो स्वामी कुशल छन्की ? एस् पापिष्ठ रावणले मेरा स्वामिलाई धपाई पठायो भनि विमंदरिले भन्याको सुनि हनूमानले भन्या, हे विमंदरि, तेरो स्वामि कुशल छन् श्रीरामचन्द्रको परम सेवक भयाका छन, फेरि लंका राज्यको अभिषेक पनि दिनुभयो वहाँको कुरा एतिकै हो। हे विमंदरि, अब हामिहरू आयाका कार्य्य सिद्ध भयाको छैन, त्यो रावण कौना ठाउँमा वसि यज्ञ गर्न लाग्याको छ हामिलाई कहि पठाउ भन्या र विमंदरिले आफ्ना स्वामिको कार्य्य सिद्ध गर्नानिमित्तमा सुस्त २ गरि कहि। हे हनूमान्, मैले कहि नभन्या, तेस् अधर्मि रावणले यज्ञ गर्याको ठाउँ एस् अंतःपुरि परिवाट महागुप्त ठाउँ तीन चोकदेषि भित्र भूमिमा खाडल खनि तेसै भित्र यज्ञ कुंड बनाई यज्ञ गर्न लागिरहेछ। हेर, त्यो वाटो थुन्याको छ त्यो वाटो जानु भनि एस्ता प्रकारले विभीषणकी स्वास्नि राक्षसीले कहि र फेरि त्यो विमंदरि मनोधरिका ठाउँमा जाई विंति गरिन्, हे दिदिज्यू, हाम्रा अन्तःपुरमा शब्द भयाको हेर्न गया र केहि रहेन छ भनि दाटि र वजाइन्। ताहाँपछि हनूमान जांवुवान नल नील ई ४ जना विमंदरिले भन्याजैं रावणले यज्ञ गरि रह्याका ठाउँमा गै वाटो वंध गरिराख्याको ठाउँमा लात्तले हानि चारै जना भित्र गैकन यज्ञ गर्याको ठाउँमा हेर्न लाग्या र रावणलाई देख्या। त्यो रावण कस्तो भन्या नाना शस्त्र अस्त्र लीकन जपमाला इत्यादि गरि दशै मुखले मंत्र उच्चारना गरिरह्यो, फेरि अनेक वस्तु घृत दुग्ध अग्निमा आहुति गरि अनेक नाना मंगलवस्तु अघिवाट राखि आँखा चिम्ली, जपस्तोत्र गरिरह्याका रावणलाई देखि ति ४ जना वानरले रामको कार्य सिद्ध गर्नानिमित्त रावणको कार्य नाश गर्नाका अर्थले यज्ञमा उत्पात गर्न लाग्या, यज्ञमा आहुति गर्याको आफुले पाईकन उत्पात गर्याको शब्द रावणले सुन्यो र मनमा चिताउन लाग्यो, मैले यज्ञ गर्याको ठाउँमा गुप्त छ, एस्ता ठाउँमा मेरा नेत्र खोलिकन यज्ञ विघ्न गरूँला भन्ना अर्थले मायाका प्रभावले एसो गर्याको, देवताहरू सबै मायामय छन्, अब मैले चित्त दृढ गरि यज्ञ सिद्ध

गर्छु भनि मनले चिताई रह्याका वेलामा नील वानरले यज्ञ कुंडमा मलमूत्र गरिदियो, वानरले रावणछेउँको खड्ग लीकन तसैलाई प्रहार गऱ्या। तेति गर्दा पनि रावणले नेत्र घोलेन, रावणका मनमा देवमायाले एस्तो गऱ्या भनि चितायो इन्द्रहरू आया भनि थाहा पायेन। एस्ता प्रकारले रह्याको रावण देखि हनूमानका मनमा क्रोध भयो र रक्त नयन गरि वज्रसमान मुष्ठिले प्रहार गऱ्या र तैपनि हेरेन, फेरि हनूमान रिसाईकन मुषमा मुक्तिकन दियो तैपनि हेरेन, नाना प्रकारले उत्पात गर्दा पनि नहेर्दा हनूमान हत्पताईकन भन्नलाग्या। हे जाम्बुवान, नील नल, श्रीरामको कार्यसिद्ध गर्नु कठिन भयो, अब कसो गरौं तिमिहरू तीनजना आहि वस म मनोधरिका ठाउँमा जाईकन पक्रि ल्याउँछु भनि अंतःपुरिमा सचिसहित गरि सुतले वस्याकि त्रैलोक्य जितिरह्याकि, रावणकी स्वास्नी मनोधरिका कोठामा गै प्रभु रामका कार्य गर्नानिमित्तमा मनोधरिको जगल्टा समाति कोठाबाट बाहिर ल्यायार हाहाकार गरि, रुवाई पिट्याईकन रावणको यज्ञ गर्न्या ठाउँमा लैगया र मनोधरिले रावणलाई अगाडी हालि रोईकन विंति गर्न लागिन्, हे स्वामी रावण, तिमिले क्या यज्ञ गर्न लाग्यौ, पापिष्ठ वानरहरूले मलाई सास्ति गरिराख्या। ताहाँ मनोधरिले लाज मानिकन विंति गर्न लागिन्, हे स्वामी रावण, वानरहरूले मलाई निर्वस्त्र गरिकन नाना प्रकारले सासना गरिराख्यो। हे प्राण, हेर्नुहुन्छ २ मलाई रक्षा गर २! त्रैलोक्यलाई पनि जितिरहन्या तपाइ जस्ताकी स्त्री भैकन कसो मलाई फचित गराई हेरिरहनुभयो, तपाइका मनमा मायाले गऱ्या भनिठान्नुभयो माया होईन, निश्चय २ भनि हे स्वामी, मेरा दुःख तपाइले आँखा खोलि हेर्नुहुन्छ। हे महाराज, फेरि मेराउपर निर्दया भयौ कि! तेतिसंमको निर्दया हुनुभयापछि अब म क्या गरौं! अब एस् जज्ञ कुंडमा मैले प्राण त्याग गर्नु निश्चय भयो भनि एस् प्रकारले मनोधरीले रावणछेउ रोईकन विंति गरि र ताहाँ रावणका मनमा त्रासमान गरि चितायो, अब कसो गरौं भनि मेरा यज्ञ विघ्न भयो भनि चिताई रावणले मनोधरिले प्राण त्याग गर्न लागि भनिठानि चाँडै आँखा खोलिकन हेर्न लाग्यो। तेस्वेलामा जौना वानरले यज्ञ उत्पात गरि मनोधरिको शरीरमा वस्त्र नभयाको देखि रावणले महाक्रोध गरि हेर्न लाग्याका वेलामा ति चारैजना वानरहरू महाहर्षमान गरिकन महाशब्द गरि प्वालबाट बाहिर निस्किकन ताहाँबाट कुदिकन श्रीरामचन्द्र, सुग्रीव राज गर्नुभयाका ठाउँमा वस्न गया र श्रीरामका चरणमा दण्डवत् गऱ्या। ताहाँपछि सबैलाई कुशल वार्तादि विचार गरिकन रह्यापछि श्रीरामचन्द्रले आज्ञा भयो, हे वीर हनुमान, जाम्बुवान, नर, नील, तिमिहरू गयाको कार्य

कसो २ भयो मेरा अग्रमा विस्तार गरि सुनाउनुपर्छ भनि एस् प्रकारले आज्ञा भयो र ताहाँ हनुमानले विन्ति गर्न लाग्या, हे श्रीराम, तपाञ्जिका आज्ञा जस्तो रावणका यज्ञ विघ्न गरि आयौं भनि सबै वृत्तान्त विन्ति गऱ्या। ति कुरा सुनि श्रीराम प्रभृति सबैले हर्षमान गरिकन ति चारैं जनालाई धन्य पदवी दीकन अनेक मान्य पूजा गऱ्या। ताहाँपछि रावणले आँखा उघारिकन हेऱ्याका वेलामा यज्ञ विघ्न भयाको र मनोधरिको अवस्था देखिकन दुःख शोक लागि मूर्छा भैरह्यो। तेस्वेलामा मनोधरिले वस्त्र लाईकन चाँडै रावणलाई अगालो हालिकन राखिन्। ताहाँपछि रावणका अग्रमा मनोधरिले विन्ति गर्न लागिन्, हे स्वामी रावण, अब क्या गर्नें नपाउन्या पदार्थ चितायोर क्या हुन्छ! त्रैलोक्य पनि जितिरहन्या रावण भनि प्रख्यात भयाको छ, एस्ताकी स्वास्नी भैकन एस्तो अवस्था भयो मलाई, हा हा! उस् वेलामा सुहितको वचन सुन्याको निमित्तले एस्तो आपदा भैआयो, एतिसम्म भयाको तपाञ्जिका दोषले पो हो। हे प्रभु, अघि विभीषण आदि अनेक मन्त्रिहरूले भन्या सीता छाडिपठाउ भनि ति कुरा वृथा गऱ्याका निमित्तले लंकामा राक्षस सबै अक्षकुमार आदि गरिकन शय पुत्र वानर एकजनाले मारि गयो। हा! हा! मेघनाद जस्ता पुत्र, कुम्भकर्ण जस्ता भ्राता तिनिहरू पनि मारिसकियो, फेरि कस्ता २ वीर सेनापति तिनिहरू पनि मारिदियो लंका पनि शून्यसमान भयो। हे स्वामि रावण, निर्गति यौटी स्त्रीका निमित्तमा कैल्हे नभयाको अवस्था भै आयो। हा! हा! ज्ञानी विभीषणका वचन नसुन्याका निमित्तले लंका राक्षसहरू सबैले पनि उहिले भन्यो। भन्या जस्तो सीता छाडि पठाउनुभयो एतिसम्मको शोक सन्ताप पर्न्या थियेनन्। हा! हा! विभीषण ज्ञानी भयो यो रामछेउ शरण गति गैकन बस्या। विभीषणले ता अघ्यारै भन्ध्या, राम लक्ष्मण मनुष्य होईन साक्षात् नारायण पृथ्वीको भार खण्ड गर्नाअर्थले कपटले मनुष्य भनाईकन आया। तिम्रा हाम्रा काल भंध्या ति कुरा तपाञ्जिले सुनेनौ र अब अनेक दुःख हेरिरहनुभयो। हे स्वामी रावण, मेरो वचन सुन्नुभयादेखि अऊ पनि हुन्याछन् कसो भन्या विभीषण आई श्रीरामले यो लंकाको राज्याभिषेक दीसक्या। अब तिमि हामिले राम प्रभृति विभीषणलाई बोलाउन पठायोर विभीषणलाई लंकाको राज्याभिषेक दीकन रामचन्द्रलाई सीता सौंपिदिनु, एति शक्यापछि हामि दुवै तपोवनमा गै हामि दुवैले तपस्या गरि रहन जाउँ, एतिउपांत उपाय केहि छैन भनि एसो नगऱ्या निश्चयले निको हुन्याछैन। हे स्वामी रावण, लंकामा बाँकि रह्याका राक्षसहरूकन उद्धार गनुहुन्छ भनि एस् प्रकारले रणयज्ञ गऱ्याका ठाउँमा बसिकन मनोधरिले रावणका अग्रमा विति गरिन्।

ताहाँ रावणले मनोधरिका कुरा सुनि भन्नलाग्यो, हे प्रिये मनोधरि, तैले भन्याको कुरा निश्चय हो, अघि विभीषण आदि अनेक मंत्रीहरूले मकाई भन्याथ्या तैपनि मैले सीताकाई छाडिपठाईन तसै निमित्तमा एस्तो अवस्था भयो, यो सबै मेरा दोषले भयाको हो। हे मनोधरि, अब तैले विभीषणकाई डाकि लंका राज्य दिनु रामलाई सीता सौंपिदिनु भनिस्। तहाँपछि हामि दुई जना तपस्या गर्न जाउँ भनिस्, यो कुरा सबै एस्तो आपदा भयापछि भनिस्। अघि यो बुद्धि मलाई सिकाउन्या हो, तेस् वेलामा भन्याको भया लंकाका राक्षसहरूलाई एस्तो आपदा पर्न्या थियेनन्, उस् वेलामा यो बुद्धि काहाँ राखिस् क्या भयो। हे मनोधरि, अब एस्ता कुराले भयेन, एस्ता कुरा गऱ्याले पुग्न्या पनि छैन, त्रैलोक्य जितिरहन्या रावण जस्तो वीर भैकन शत्रुछेउँ कसो गरि शरण जाउँ। तैले भन्याजैं रामचन्द्र मनुष्य होईनन् साक्षात् नारायण हुन् भनि यो सबै मैले जान्याको छ, मैले महागुप्त गरिराख्याको कुरा तँलाई कहंछु कसैलाई कहन हुन्या छैन भनि कहन लाग्यो।

जानामि सीता जनकप्रसूता जानामि रामं मधुसूदनञ्च।
जानामि कालो मम राम हस्ते तथापि सीतां न परित्यजामि॥

एस् प्रकारले रावणले मनोधरिलाई हृदय खोलिकन कहन लाग्यो। हे प्रिये मनोधरि, जनक राजाकी पुत्री सीता लक्ष्मी जगदम्बावाट मेरो मृत्यु हुन्याछ भनि मैले याहा पायाको छैन कि! तसै निमित्तमा सीताकाई छाडि नदियाको हो। हे मनोधरि, सीता कस्ति हुन् भन्या जगतमाता भैरह्याकी एस्ति सीताकाई स्त्री तुल्याउनु योग्य अयोग्य म जान्दैन कि, मेरि महतारि तुल्य ठान्याको थियो, क्या भन्या इनै सीताको कारण बनाई रामलाई क्रोध गराउना निमित्त रामका हातबाट प्राण छाडनानिमित्तमा रामचन्द्रसंग वैरित्व भाव गऱ्याको हो। हे मनोधरि, इनै परमेश्वरि परब्रह्म श्रीरामचन्द्रका हातबाट मृत्यु हुनसक्या वैकुण्ठपद प्राप्त होला, वैकुण्ठपद प्राप्त हुनाका इछाले मैले रामचन्द्रसंग विरोध गऱ्या। हे मनोधरि म मूर्ख होईन अन्यायी पनि होईन मैले सबै जान्याको छ। हे मनोधरि, अब यति गर्नसक्या मैले रावण भै जन्म लिन आयाको मनोरथ पूर्ण भयो,तेसै निमित्तमा लंकामा भयाका राक्षसहरू पनि मृत्यु गरायाको। हे प्रिये मनोधरि, मेरा हृदयमा रातदिन रामको नाम स्मरण छ, मुखले मात्रै रामलाई वैरत्व मैले गऱ्याको हो क्यानभन्या रामका मनमा क्रोध गरायापछि मलाई मार्नन् भन्या आशाले भनि रावणले मनोधरिलाई महागुप्त कुरा कह्यो र ताहाँ मनोधरिले सुनिकन विन्ति गरिन्, हे स्वामि रावण, तपाईका मनमा तेस्तो चिन्तना गऱ्याको मैले चाल

पायाको थिएन,अब जान्याँ। धन्य २ तपाखि,श्रीरामका हातबाट प्राण त्याग गरि बैकुण्ठ जान्छु भनि इछा गऱ्यौ अब एस्तो विलम्ब गर्नुहुँन जानुहवस् , जौना प्रकारले श्रीरामचन्द्रका हातबाट चाँडो प्राण त्याग हुन्छ सो प्रकारले बुद्धि चिन्तना गरि चाँडो जानुहवस् भनि एस्ता प्रकारले मनोधरिले रावणलाई विदा दीकन मन्न लाग्या, हे स्वामि रावण , तपाखिलाई मैले थुन्नु योग्य छैन नर्क जान्छु भनि इछा गऱ्या अनेक प्रकारले बुझाईकन पनि राख्या थिला, ईश्वरीका हातबाट प्राण त्याग गरि जान्छु भन्या मैले छेकनुहुँन भनि मनोधरिले भनिन् र रावणले पनि आफ्नी प्रिय स्त्री मनोधरिलाई बुझाईकन, मनमा रामनाम स्मरणा गरि मनले रामसंग क्रोध गरि अहंकारले जाज्वल्यमान गरि यज्ञकुण्डबाट माथि आई सिंहासनमा बसि मन्त्रिहरूलाई भन्न लाग्यो, हे मन्त्रिहो, अब राम लक्ष्मण सुग्रीव प्रमुख वानर सबै मारूँला भनि एस् प्रकारले अंगीकार गरिरह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो। हे प्रिये पार्वति, रावणको यज्ञ विध्वंस गऱ्याको कुरा मनोधरिसंग गुप्त गरि गऱ्याको कुरा जस्ले सुन्नान्, तस्का सर्वसंपत्तिले संपूर्ण भै महा सुखले रहनन् , परत्रमा बैकुण्ठ प्राप्त हुनन् भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो। सत्यलोकमा ब्रह्माले नारदलाई सुनाउनुभयो, सूतले नैमिषारण्य वनमा सौनकादि ऋषिहरूकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे यज्ञ विध्वसनं नाम सर्गः ॥ ६४ ॥

६५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रावणका यज्ञ गऱ्याका ठाउँमा वानरहरूले विध्वंस गरि गयाको देखि रावणका मनमा महाक्रोध भै रक्तनयन गरि दुःख शोक दुवै थोकले जाज्वल्यमान भै प्रलयकालका यमराज क्रोध भयाझैं क्रोध गरि आफ्ना समीपमा रह्याका राक्षसहरूलाई भन्न लाग्या। हे राक्षस मत्त, उन्मत्त, विरूपाक्ष, तिमिहरू ३ जना गै चाँडो गरि संग्रामको सराजाम सबै तयार गरि जो भयाको सैन्य पनि तयार गर भनि आज्ञा गरेर तिमिहरू दर्वारबाट निस्किकन सबै सैन्य तयार गरि अनेक शस्त्र अस्त्र लीकन नाना वाद्य बजाई संग्रामको सराजाम तयार गरि रावणको जय हवस् २ भनि जयशब्द गरिरह्याका राक्षसहरू

लाई देखि भन्न लाग्यो । हे मत्त, उन्मत्त, विरूपाक्ष, अब मेरा पुत्र भ्राता मार्‍याको संग्राममा गै युगांतको अग्निसमान बाण प्रहार गरि राम लक्ष्मण दुवैलाई यमपुरि पठाउँछु । पर दूषण त्रिशिला, अतिकाय, कुम्भकर्ण, मेघनाद, प्रहस्त एस्ता वीर र सैन्य मारिदियाको आज साट्टो काढुँला । हे राक्षस, मेरा बाण प्रहार गर्‍यापछि अंतरिक्ष आकाश पृथ्वी पनि प्रकाश हुनु सक्तैनन, एस्ता बाण प्रहार गरि बानरका राजा सुग्रीवादि सबै बानरलाई मारिकन निर्मूल गरूँला, कस्तो भन्या पद्म-पुष्करिणीमा हस्तिले कुलचिकन मार्‍याजैं आज इनिहरूलाई मारूँला । हे राक्षस, आजका दिनमा बानरका युद्धपतिको मस्तक छेदन गरि भूमिमा शोभा गरूँला । अब राक्षसीहरूका स्वास्नि पुत्र भ्राता पिता आदि संग्राममा मर्‍याकाहरूको दुःखका आँसु पुछाउँला, शत्रु मारिकन लंकामा सबैको दुःखको शांका गराउँला । हे राक्षसा, आज संग्राम गरि राम लक्ष्मण बानरसहितलाई मैले बाण प्रहार गरि पृथ्वी भोजन पर्‍यो गराउँला । अब देवाधिदेवतालाई पनि युद्धले संतोष गराउँला, गृध्र जंबुक मांसाहारि सबैलाई बानर-हरूका मांस रक्तले तृप्त गराउँला,शर प्रहार गरि मारिकन पुराउँछु भनि एस् प्रकारले राक्षसेंद्र रावणले महाक्रोध गरिकन आज्ञा गर्‍या । हे राक्षस, मेरा रथ चाँडो ल्याउ मेरा पछि २ तिमि-हरू सबै आउ, परशेष आहाँ आईकन पुर्‍याका राक्षसहरू सबै चाँडो गरि बोलाई ल्याउ भनि एस् प्रकारले रावणले भन्यो र ताहाँ विरूपाक्ष राक्षसले भन्न लाग्यो । हे सेनापति, लंकामा भर्‍याका राक्षसहरू सबैलाई डाकि ल्याउ भन्यो र सेनापतिले रावणका आज्ञावमोजिम लंकामा भर्‍याका राक्षसहरूलाई डाकि ल्यायो, मुहूर्त्त मात्रैमा महाभयंकर २ राक्षसहरूले नाना शस्त्र अस्त्र खड्ग पट्टिश मुशल गदा शक्ति तोमर पाश एस्ता २ शस्त्र अस्त्र लीकन रथमा बसि आया । त्यो रथ कस्तो भन्या अनेक अश्व इत्यादि जोरिराख्याका नाना शस्त्र अस्त्र परिपूर्ण गरिराख्याका वैडूर्य ध्वजा पताका संयुक्त नृसिंह ध्वजा सुवर्ण अलंकार छत्रसहितयु क्त एस्ता रथमा बसि अनेक आभरण लाई आया, रावणको पनि किंकिणी जालसहित झुँडाई-राख्याका रथ शस्त्र अस्त्रले संयुक्त सुवर्णमय तेस्ता दिव्य रथमा बसिकन रावण पनि शोभाय-मान भैरह्यो । कस्तो भन्या पुष्पविमानमा बसिकन कुबेर शोभा भर्‍याजैं एस् प्रकारले शोभायमान भैकन दिव्य रथमा बसि महापराक्रमी रावणले प्रस्थान गरिकन आज्ञा भयो । हे मत्त, उन्मत्त, विरूपाक्ष, तिमिहरूको पनि आफ्नु २ रथमा बस भन्या र तिनिहरू तीनैजना रावणको आज्ञा मानि शस्त्रले संयुक्त रथमा बसि चतुरंग बलले सहित भैकन महाहर्षले सिंहनाद गरि पृथ्वी कम्पायमान गरि संग्राम गर्नाकन गया, दशकोटि राक्षसहरू वरिपरि रापि पृथ्वी शुद्धा

कंपमान गराई आफ्ना २ प्राणको माया छादि युद्ध गर्नाका इछाले गया। राक्षसेन्द्र रावणले पनि प्रलयकालको यम क्रोध भया जैं क्रोध गरिकन शस्त्रअस्त्रले युक्त भैकन जौना जग्गहमा लक्ष्मण वस्याका थिया तसै ढोकाबाट बाहिर निस्क्या। तेस्वेलामा रावण ढोकाबाट निस्क्याबित्तिकै सूर्यको तेजहीन भै धुवाँ आया जैं आयो र दश दिशाभाग चिह्न नहुन्या गरि छोड्यो, बादल विना मेघले गर्ज्यो, भूमि कंपमान भयो, रक्तवृष्टि भयो, अश्वको आँसुपात भयो, अनेक वीर २ का शरीर पनि कंप भयो, रथको अग्रमा गृध्र वस्न आयो। फेरि जम्बूकहरू महाशब्दले कराउन आया, वामनेत्र फर्क्यो, वामहस्त कंप भयो, रावणको तेज स्वर पनि हीन भयो, संग्राममा मृत्यु होला भनि आकाशमा कराया को शब्द आयो। फेरि उल्कापात पनि भयो, चक्रवाक र काग ति दुवैका संयोग भैकन रावणको शिरमा पऱ्यो, रथको पनि तेजहीन भयो एस्ता प्रकारले उत्पात भयो र पान रावणले नगनिकन युद्ध गर्नाकन गया। एस् प्रकारले राक्षसेन्द्र रावण रथमा वसि संग्राम गर्नाका निमित्तले आया र ती राक्षसहरूका रथको शब्द सुनि वानरहरूले भन्नलाग्या, हे वानर, अब हामिहरूले युद्ध गर्नाकन तयार गर भनि एस् प्रकारले अन्योन्य कुरा गरिरह्याका वेलामा राक्षसहरू वानरमाथि आईलाग्या र ताहाँ राक्षस र वानरको महासंग्राम भयो, कस्तो गरि भन्या प्रलयकालमा मेघ गर्ज्याजैं महाशब्दले कराई परस्पर जयवांछा गरि युद्ध गऱ्या। वानरहरूले पनि वृक्षले प्रहार गरि अनेक राक्षसहरू मार्‍या, राक्षसहरूले पनि महाक्रोध गरि वानरमाथि शरप्रहार गरिकन असंख्य वानरहरू मारिदिया। त्यो हेरिकन रावणले महाक्रोध गरिकन भन्नलाग्या, हे राक्षस, तिमिहरूले चित्त दृढ गरिकन ति पापिष्ठ वानरसित निर्भय गरिकन युद्ध गर डराउनुपर्दैन भनि एस् प्रकारले रावणले आज्ञा गऱ्या र ति वचन सुनि राक्षससेनाले महाहर्षमानले नाद गरिकन अनेक शर मुद्गर, मुशल, नाराच बाण, वत्सदन्त बाण, अजामुख बाण, विकर्ण बाण, क्षुरप्र बाण, त्यस्ता २ बाणले वानरमाथि प्रहार गऱ्या र फेरि वानरहरूले पनि अत्यन्त क्रोध गरि वृक्ष पाषाणले राक्षसमाथि प्रहार गऱ्या। एस् प्रकारले राक्षसमाथि प्रहार गऱ्याको देखि महाबलियो रावणले पनि रक्तनयन गरि महाक्रोधले अधिबाट दगुरिकन वानरमाथि शरवृष्टि गरिदियो, कस्तो गरि भन्या नील मेघले जलवृष्टि गऱ्याजैं एक, त्रि, पंच, षष्ठ, नव, एस् प्रकारले वानरलाई प्रहार गऱ्या। त्यो हेरिकन राक्षसहरूले महाशब्दले नाद गर्न लाग्यो। एस् प्रकारले वानरलाई राक्षसहरूले महाहर्षमान गरि सुवर्णपुंख बाणले प्रहार गरिकन अनेक वानरहरूलाई मार्‍या। कोहि वानरहरूका शिर छेदन गराई पृथ्वीमा पल्टी मृत्यु भयो, कस्तो भन्या परापूर्वमा देवता-

हरूले असुरहरूलाई मार्‍याऊँ वानरहरूलाई मार्‍या, श्रीसूर्यका किरणले पद्म पुष्प सुक्या जस्तो वानरहरूकन मार्‍या, कोहि वानरहरू अचेष्टाले परिरह्या, कोहिकन व्यथाले पीडित गराई उसै कराईकन पल्टीरह्या, कोहि संग्राम छाडि भाग्या, कोहि वानरहरू श्रीरामका निमित्तले आफ्नु प्राणको माया छोडि घाउको व्यथा सहिकन अधिवाट दगुर्दै मै महाक्रोधले नाद गरिकन पर्वतको शृंग वृक्षले प्रहार गरि रावणसित युद्ध गर्‍या। तेजस्वी २ वानरले मुष्टि वृक्षले प्रहार गरि रावणसित महायुद्ध गर्‍या। एस् प्रकारले वानरहरूले आफुमाथि प्रहार गर्‍याको देखि महावीर रावणले पनि वानरहरूले प्रहार गरिल्यायाको शस्त्र अस्त्र आपना वाणले प्रहार गरि व्यर्थ गरिदियो। फेरि रावणले क्रोध गरि आशीविष अग्निसमान वाणले वानरलाई प्रहार गर्‍यो, कस्तो गरि प्रहार गर्‍यो भन्या असी ८० वाण गद वानरलाई नव्य-गोटा ९० वाण नरमाथि, सत्तरी ७० वाण मैंदलाई, पचास ५० वाण गवयलाई, तीसगोटा ३० वाण हनुमानलाई, शय १०० वाण नीलळाई, पचीस २५ वाण गवाक्षलाई, शय वाण १०० इन्द्रजानुलाई, साठी ६० वाण दिविदलाई, दश १० गोटावाण पनसलाई, १५ पंद्र वाण कुमुदलाई, नौ ९ गोटा-वाण जांबुवाणलाई, असि ८० वाण अंगदलाई, पचीस २५ वाण सरभलाई, भल्लवाण तीनगोटा अरू सवै वानरलाई प्रहार गरिदियो। ति वाण कस्ता भन्या श्रीसूर्य जस्तो तेस्ता २ वाण प्रहार गरिकन फेरि वाण १८ गोटा धूम्र वानरमाथि प्रहार गरि दियो, पचीस २५ वाण सुषेणलाई, साठी ६० वाण दधिमुखलाई एस् प्रकारले राक्षसेन्द्र रावणले प्रहार गरिदियो र कोहि वानरका मस्तक छिन्न भैरह्याका, कोहि घाउले पीडा भैरह्यो, कोहिका च्यू मात्र बाँचि हस्त पाउ छेदन भैरह्यो। एस्ता प्रकारले रावणले आकुल व्याकुल भैकन पृथ्वीमा परिरह्याका वानरहरूकन हेरि अत्यन्त हर्षमान गरि महाशब्द गर्न लाग्यो। त्यो हेरि-कन राक्षसहरूले पनि महाहर्षले नाद गर्‍या। तेस् वेलामा वानरहरू भया पनि रावणसित युद्ध गर्न नसकि शरीरदेखि रक्तधारा बहाई रणभूमि छाडि भागिगया, कस्तो गरि भन्या काल-देवताले प्रजाकन संहार गर्‍याका वेलामा ब्रह्माछेउँ शरण गयाऊँ वानरहरू श्रीरामचन्द्रका समीपमा शरण गया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रावण निर्याणो नाम सर्गः ॥ ६५ ॥

९९

श्री महादेव उवाच--हे पार्वति, ताहाँपछि पापात्मा रावणले शरप्रहार गरिकन अनेक वानरलाई प्रहार गरि पीडा गराई रणभूमिमा व्याप्तमान भैरह्या। कस्तो भन्या युगांतमा प्रलयवायुले वृक्ष ढलायाझैं रावणले महावीर २ युद्धपति वानरहरूलाई प्रहार गऱ्यो र ति बाणका चोटले सहन नशकयाझैं गरि वानरहरू सबै भागिगया। वनविषय आगो लागी हस्ति मृग भाग्या जस्तो वानरहरू हाहाकार गरि भाग्या। एस् प्रकारले वानरहरू भगाई पठाई-कन महाक्रोधले जाज्वल्यमान गरिकन रामचन्द्रसित युद्ध गरूँला भनि रावण आईलाग्यो। एस् प्रकारले रावण आयाको देखि महावीर सुग्रीवले पनि आज्ञा गर्नुभयो, हे सुषेण, तिमिले भयले डराई भाग्या वानरहरूलाई चित्त दृढ गराई आफना २ ठाउँमा राख भनि आज्ञा गरि महाक्रोधले वृक्ष लीकन गया! तेस् वेलामा अनेक युद्धपति वानरहरू पनि अनेक वृक्ष पर्वत लीकन सुग्रीवका वरिपरि सुग्रीव प्रमुख असंख्य वानर त्रैलोक्य पनि कंपमान गरि महाशब्द गरि महावृक्ष मुष्टि प्रहार गरिकन महावीर २ राक्षसहरू मार्‍या, कस्तो गरि भन्या युगांत अग्निले वन दग्ध गऱ्याझैं राक्षसहरू मारिदिया। कस्तो गरि राक्षसहरूमाथि शिला वृक्ष प्रहार गऱ्यो भन्या महामेघले जलवृष्टि गऱ्याझैं एस् प्रकारले सुग्रीव प्रमुख सबै वानरले शिला वृक्ष गरिकन अनेक राक्षसहरूकन मार्‍या। एस् प्रकारले सुग्रीवले राक्षसहरू मार्‍याको देखि तेस् वेलामा महावीर विरूपाक्षले पनि क्रोध गरिकन रथमा वसि नाना शस्त्र अस्त्र लीकन यमराजाले क्रोध गऱ्याझैं क्रोध गरिकन सुग्रीवको अग्रमा वसिकन भन्न लाग्यो। हे सुग्रीव, तिमिले म विरूपाक्ष भनि जान्दौन कि भनिकन सुग्रीवमाथि अनेक शर वृष्टि गऱ्यो। सुग्रीवले पनि महाक्रोधले अधिवाट दुगुरिकन विरूपाक्षको रथ लात्तले हानिकन चूर्ण गरिदिया, अश्वका नेत्र भग्न भैकन सारथि पनि मऱ्यो। एस् प्रकारले सुग्रीवले रथ विगारिदिया र विरूपाक्ष पनि चाँडै रथवाट वल्लिकन महाक्रोधले धनुर्वाण लीकन नाराच वाण लीकन नाराच वाणले सुग्रीवमाथि प्रहार गऱ्यो। तेस् वेलामा विरूपाक्ष विरथि भयाको देखि महावलि शस्त्र अस्त्रले संयुक्त गरि रावणले हात्ती दीपठायो। तेस् वेलामा विरूपाक्ष पनि त्यो हात्ती चढिकन महावीर प्रभावले नाद गरि गैकन सुग्रीवलाई घोर २ वाण प्रहार गरिदियो, फेरि सबै वानरमाथि शर-वृष्टि गरिदियो। सबै राक्षसहरूले हर्षले नाद गरिकन आशीविष सर्पसमान वाणले सुग्रीवलाई प्रहार गऱ्यो, वानरइन्द्र सुग्रीवले पनि त्यो हेरिकन अत्यन्त क्रोध गरि वज्रसमान मुष्टिले

विरूपाक्ष चढिरह्याको हातीको शिरमा प्रहार गऱ्या र हातीका शिरबाट रक्तधारा बग्यो। कस्तो भन्या पर्वतबाट जलधारा बह्या जस्तो गरि रक्तधारा बहाई महाशब्दले कराईकन भूमिमा लोटि मृत्यु भयो । एस् प्रकारले आफ्नु हाती मारिदियाको देखि महा पराक्रमी विरूपाक्षले पनि खड्ग चर्म ली युद्ध गर्न आयो र सुग्रीवले पनि भूमिमा भयाको खड्ग चर्म लीकन महाक्रोधले परस्पर हेरि दगुरिकन दक्षिणावर्त्तले मण्डलाकार गरि अन्योन्य जयइच्छा गरि दुवैले महाक्रोध गरि युद्ध गऱ्या, परस्पर खड्गले प्रहार गरिकन भूमिमा पऱ्या। फेरि दुवैजना चाँडै उठिकन युद्ध गऱ्या, ति दुवैजनाले नख मुष्टि खड्गले प्रहार गरि महायुद्ध गऱ्या। तिनिहरूले दुवै तुल्यपराक्रम गरि सिंह शार्दूलजस्ता जयपराजयले युद्ध गऱ्या । तेस्वेलामा सुग्रीवले अत्यन्त क्रोधले महापाषाण लीकन विरूपाक्ष मार्नाका अर्थले प्रहार गर्दा भया । तेस् प्रकारले आयाको पाषाण देखि विरूपाक्षले पनि खड्गले प्रहार गरिदियो, फेरि विरूपाक्षले पनि सुग्रीवमाथि खड्ग प्रहार गऱ्यो । त्यो व्यथा सहन नसकि सुग्रीवले मूर्छा भै पृथ्वीमा पऱ्या, मुहूर्तपछि चेष्टा भै उठिकन महाक्रोधले हृश लिया र विरूपाक्षमाथि प्रहार गरिदियो । त्यो प्रहार विरूपाक्षले छलिकन सुग्रीवलाई मुष्टिले प्रहार गऱ्यो । एस् प्रकारले विरूपाक्षले आफू माथि मुष्टिले प्रहार गरियाको देखि सुग्रीवले पनि महाक्रोधले विरूपाक्षको शिरमा मुष्टिले प्रहार गऱ्या । त्यो वज्रसमान मुष्टिको प्रहार विरूपाक्षले सहन सकेन र मुखबाट रक्त धारा बहाई महाशब्दले कराई भूमिमा परि मृत्यु भयो । त्यो देखिकन धन्य २ सुग्रीव भनि श्रीरामचन्द्र प्रभृति वानर सबैले शब्द गर्न लाग्या कस्तो भन्या वानर राक्षससित संग्राम गऱ्यार दुवै समुद्र कल्लोल भयाजस्तो शब्द उत्पत्ति भयो, फेरि सुग्रीवका पराक्रमले विरूपाक्ष लोटि-रह्याको देखि दुवै पक्षको सेना त्रासमान रह्या । एस् प्रकारले सुग्रीवले विरूपाक्षलाई मार्न्याको देखि श्रीराम प्रभृति वानर सबैले सुग्रीवलाई पूजा गरि आनंदले रह्या भनि श्रीमहादेवले पार्वति-लाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे विरूपाक्ष वधो नाम सर्गः ॥ ६६ ॥

६७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर सुग्रीवले विरूपाक्ष मार्‍याको देखि ठेरै सेनापति राक्षसहरू मार्‍याको देखि राक्षस सेनाका चित्तमा त्रासमान गरिरह्या, कस्तो भन्या पुष्करिणीको जल सूर्य्यरश्मिले सुक्वाजैं एस् प्रकारले आफ्नु सेना सबै मार्‍याको देखि रावण अत्यंत क्रोधले रक्तनयन गरि महापराक्रमी सुग्रीवले विरूपाक्ष मार्‍याको देखि तेस् दुःखले पीडा गराई, महाक्रोधले जाज्वल्यमान गरि मन्त राक्षसलाई भन्न लाग्यो, हे महाराज मन्त राक्षस, तँ महावीर संग्रामविषे काल यम जस्तो आज मलाई जय हुन्या आज तँछेउँ भयो। हे मंत, ऐल्हे गईकन तेरो बल वीर्य निकासि मेरा शत्रुको सेना वानर सबैलाई निर्मूल गर, तँ हुन्छस् इन्द्रसमान, तेजपनि सूर्य्यतुल्य। हे वीरोत्तम, मेरो निमक खायाका निमित्तले पुरुषार्थ गर्न्या वेला भयो। तैले पराक्रम गरि वानरसेनामा कस्लाई जित्न सामर्थ छ मलाई सुनाव भनि एस् प्रकारले रावणले भन्यो र उन्मत्त राक्षसले पनि विंति गर्न लाग्यो, हे महाराज रावण, अब मैले कुरा गरिरहन्या वषत् होईन, तपाचिका सेवा गर्नु ठाउँमा दुवैउर्शांत तिनू छैन, कस्तो भन्या कि संग्राममा शत्रुलाई जिति कीर्ति प्रकाश गर्नु कि शत्रुसंग युद्ध गरि प्राणत्याग गरि स्वर्ग प्राप्त हुँला। एस् प्रकारले मन्त राक्षसले विंति गरि रावणछेउँ विदा लीकन महाहर्षमानले सिंहनाद गरिकन वानर सेनामाथि जाईलाग्यो। कस्तो गरि भन्या, अग्नि देखि पतंग जाई-पर्‍या जस्तो मन्त राक्षस जाईपर्‍यो र महासंग्राम भयो। वानर र मन्त राक्षससित प्रलय-कालमा मेघले गर्ज्या जस्तो शब्द गरिकन युद्ध गर्‍या। रावणको वचन संझि मन्त राक्षसले पनि महाहर्षले बाणवृष्टि गरि वानर सबै भगाई पठायो। तेस् प्रकारले मन्त राक्षसले आफना सेना भगाई पठायाको देखि महावीर सुग्रीवले पनि अत्यन्त क्रोधले अधिवाट दुगुरिकन महा-पाषाणले प्रहार गर्नुभयो। एस् प्रकारले आयाको पाषाण देखि मन्त राक्षसले पनि बाण प्रहारले खंड खंड गरि काटि पृथ्वीमा पसाईदिया, त्यो हेरिकन सुग्रीवले क्रोध गरि पर्वत समान शालवृक्ष लीकन प्रहार गरिदिया। त्यो शालवृक्ष आयाको देखि मन्त राक्षसले पनि महा बाणले प्रहार गरि खंड २ गरि पसालिदियो। एस् प्रकारले आफना शालवृक्ष व्यर्थ गरि-दियाको देखि सुग्रीवले महाक्रोध गरि भूमिमा रह्याको परिघ लीकन प्रहार गर्‍या, त्यो परिघ लागि मन्त राक्षसका अश्वको शिर चूर्ण भै मर्‍यो। ताहाँपछि मन्त राक्षसले पनि आफ्नु अश्व मार्‍याको देखि चाँडै रथवाट वल्हिकन महाक्रोधले गदा लीकन सुग्रीव मार्नाका अर्थले

जाईलाग्यो, सुग्रीवले पनि आफुछेउँ आईपऱ्याको देखि परिघ लीकन रहँदा भया। तेस् वेलामा दुई पनि अत्यंत शोभा भयो, कस्तो भन्या दुवै महाक्रोधले घुमि २ कन महाशब्दले नाद गरिकन तृषासित वृष जुध्याजस्तो प्रलयकालमा दुई मेघले गर्ज्याजैं गर्जमान गरिकन रहँदा मन्त राक्षसले सुग्रीवलाई गदाले प्रहार गऱ्यो। ताहाँपछि सुग्रीवले आकाशमा महाजाज्वल्यमानले आयाको देखि प्रलयकालका यमजस्तो रह्याका सुग्रीवले परिघ प्रहार गरि त्यो गदा षसाछि दिया। ताहाँपछि मन्त राक्षसले आफ्नु गदा व्यर्थ गऱ्याको देखि फेरि गदा लीकन सुग्रीवका हातमाको परिघ षसालीकन कुट्या, फेरि सुग्रीवले लोह मुद्गर लीकन प्रहार गऱ्या। त्यो मुद्गर कस्तो भन्या सर्वालंकारले संयुक्त देवराज इन्द्रको वज्रजस्तो एस्ता मुद्गरले मन्त राक्षसलाई प्रहार गऱ्या। एस् प्रकारले आफुछेउँ प्रहार गरिरह्याराको मुद्गर देखि मन्त राक्षसले पनि गदा प्रहार गऱ्यो, तेस् वेलामा आकाशविषये दुई अस्त्र जुजि वानर राक्षसलाई पनि ति अस्त्र लागि दुवै पक्षका सेना अनेक मार्न्या। ताहाँपछि दुवैका हातमा केहि भयेन र मुष्टिले प्रहार गरिकन युद्ध गऱ्या। तेस् वेलामा दुवै काल र मृत्युजस्ता वसिकन महाशब्द गरि युद्ध गऱ्या। तेस् वेलामा दुवै क्रोध गरि हाकि २ कन युद्ध गऱ्या। तिनी हरू दुवै युद्धमा विशाल काल र यमजस्ता पृथ्वीले पनि भार बोक्न नसक्याजैं सिंहले सिंहसित जुऱ्याजैं दुवैले खड्ग उठाईकन दक्षिणावर्तले मंडलाकार गरि जय पराजयले दुवै पराक्रमी अन्योन्य मार्ना इछाले महावीर मन्त राक्षसले महावेगले सुग्रीवको शरीरमा प्रहार गऱ्यो। ताहाँपछि महावीर सुग्रीवले पनि एस् प्रकारले आफुलाई प्रहार गऱ्याको व्यथा सहिकन पनि महाक्रोधले मन्त राक्षसका कुंडलसहित गरि शिर खड्गले छेदन गरिदिया। एस् प्रकारले महावीर सुग्रीवले मन्त राक्षसलाई मार्न्याको देखि मन्त राक्षसको सेना सबै हाहाकार गरि रोईकन भाग्या। ताहाँपछि सुग्रीवले पनि वानरसहित गरिकन पृथ्वी कम्पमान गराई नाद गर्न लाग्या, स्वर्गमा वस्याका देवताले पनि दुन्दुभि वाद्य बजाई सुग्रीवलाई पुष्पवृष्टि गरिदिया। त्यो हेरिकन रावणले क्रोध गरिरह्यो। सुग्रीवले पराक्रम गऱ्याको देखि श्रीरामचन्द्र प्रभृति वानरसहितले हर्षमान गरिकन धन्य २ सुग्रीव भनि पूजामान्य गर्नुभयो। ताहाँपछि पापात्मा मन्त राक्षसको शरीर पर्वत रह्याको जस्तो पृथ्वीमा लोटिरह्याको देखि युद्धमा पराक्रमी सुग्रीवले हर्षमान गरि श्रीरामका अग्रमा महाआनन्दले रहनुभयो भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो। एहि कथा ब्रह्माले नारदकन सुनाउनुभयो भनि सूतले सौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाडे मन्त राक्षस वधोनाम सर्गः ॥ ६७ ॥

६८

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि वानरेन्द्र सुग्रीवले महावीर मन्त राक्षसलाई मार्न्याको देखि उन्मत्त राक्षसले महाक्रोधले धनुर्बाण लीकन जाज्वल्यमानले अहंकार गरिकन अंगदको भयंकर सेनामाथि जाईलाग्यो, कस्तो गरि भन्या हस्तिका मध्यमा सिंह जाईलाग्या जस्तो। एस् प्रकारले उन्मत्त राक्षस गैकन अनेक शस्त्र अस्त्र प्रहार गरि मुख्य २ वानरहरू धेरै मार्न्यो, कस्तो भन्या शुष्क वृक्ष अग्निले दग्ध गर्न्याजै एस् प्रकारले बाण वृष्टि गरिकन असंख्य वानरहरू मारिदियो। त्यो हेरिकन वानरहरू महात्रास गरिरह्या, कोहि वानरका शिर, कोहिको हात गोडा छिन्न कस्ता भन्या वृक्षमाको फल भूमिमा पर्न्याको जस्तो एस् प्रकारले वानरसेना मारिकन महाहर्षमान गरिकन राक्षस सेनालाई भन्न लाग्यो। हे राक्षसा, मसित युद्ध गरि मलाई मार्न कस्को सामर्थ हुनन्, मैले वानरसेना भगाई पठाया जस्तो मेरा राक्षससेनालाई भगाई पठाउनु कसैको सामर्थ छ कि भनि एस् प्रकारले उन्मत्त राक्षसले राक्षससेनाका अग्रमा कुरा गरि तीक्ष्ण २ बाण प्रहार गरिकन वानरसेना मार्न्यो। वानरहरूले पनि शैल शृंग पाषाणले प्रहार गर्न्या। फेरि उन्मत्त राक्षसले वानरसेनामाथि शर प्रहार गरिकन कत्तिका शिर कत्तिका हस्तपाद छेदन गरिदियो, नाना प्रकारले शर प्रहार गरिकन अनेक वानरलाई मार्न्यो। एस् प्रकारले उन्मत्त राक्षसले वानर सेना मार्न्याको देखि महावीर वालिपुत्र अंगदले अत्यन्त क्रोध गरि महाशब्दले नाद गरिकन समुद्रको तरंग गयाजै गयार इन्द्रको वज्रसमान परिघले उन्मत्त राक्षस माथि प्रहार गर्न्यार उन्मत्त राक्षसको चित्तमा विषुस भैकन रथबाट पसि भूमिमा कोटि मूर्छा भैरह्यो। तेस् वेलामा जांबुवाण चाँडै दगुरिकन आयार महापाषाणले उन्मत्तका रथमा प्रहार गरिकन अश्व सारथि रथ चूर्ण गरिदियो। ताहाँपछि उन्मत्तको चेष्टा भयो र चाँडै उठीकन धनुर्बाण ली पाँचौटा बाणले अंगदलाई प्रहार गर्न्यो फेरि नौगोटा बाणले गवय गवाक्षमाथि प्रहार गर्न्यो। त्यो हेरिकन अंगद युगांतको अग्नि जस्तो क्रोध गरिकन महावेगले कुदि वज्रसमान परिघ दुवै हातले समातिकन प्रहार गरिदिया। उन्मत्त राक्षसमाथि त्यो प्रहार लागिकन अचेष्टा भै पृथ्वीमा पल्टिरह्यो। फेरि चेष्टा भयो र चाँडै उठीकन उन्मत्त राक्षसले पर्शु उजाईकन आयो। तेस् वेलामा काळज्ञ अंगदले पनि उन्मत्तको हातमाको पर्शु अंगदले आफना बाउँ हातले त्याप्प समातिदिया र तेस्वेलामा उन्मत्तले अंगदमाथि बाउँ हातले मुष्टि प्रहार गरि एस् प्रकारका वेगले अंगद अचेष्टा भैरह्यो,

फेरि मुहूर्त्त मात्र पछि चेष्टा भयार चाँडै उठिकन अंगदले पनि महाक्रोध गरि प्रलयकालका अग्नि वल्याजस्तो तेज निकासिकन वज्रसमान मुष्टिले उन्मत्तको हृदयमा प्रहार गऱ्या। तेस्वेलामा उन्मत्त राक्षसको मुखबाट रक्त वहि पृथ्वीमा पल्टि मृत्यु भयो। एस् प्रकारले महावीर अंगदले उन्मत्त राक्षसलाई मार्‌याको देखि तन्को सेना सबै हाहाकारले कराई रोईकन भाग्या। त्यो हेरिकन श्रीराम लक्ष्मण सुग्रीवादि वानरहरू सबैले त्रैलोक्य पनि कम्प गराईकन नाद गऱ्या, धन्य २ अंगद भनि प्रशंसा गर्न लाग्या। एस् प्रकारले अंगदले उन्मत्तलाई मार्‌याको देखि कालमेघसमान रावणले अत्यन्त क्रोध गरि मेघले गर्ज्याजैं गरि नाद गरिकन वानरसेनामाथि बाण प्रहार गरिकन अनेक वानरलाई मार्‌यो, कस्तो भन्या दावाग्निले शल मार्‌याजैं मार्‌यो भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे उन्मत्त राक्षस वधोनाम सर्गः ॥ ८ ॥

९९

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि इन्द्रसमान मन्त्रिहरू, भ्राता, पुत्रहरू वानर-हरूले मारिदियाको देखि रावणले अत्यन्त क्रोध गरि ब्रह्मवर पाउन्या, महातेजस्वी देव दानवको बल थिची रहन्या सहस्रार्जुनका तेजजस्तो जाज्वल्यमान गरि महाक्रोधले लाल लाल नेत्र गरि आफना सारथिमाथि भन्न लाग्यो। हे सारथि, आजका दिनमा म एसै रहनु होईन, मत्त उन्मत्त विरूपाक्ष कुम्भकर्ण एस्ता २ लाई मारिदियो। हे सूत, तिनिहरू मार्‌याका निमित्तले आज मैले क्रोध निकासि राम लक्ष्मण दुवैलाई मारिकन मेरा क्रोध साम्य गरौंला। हे सूत, राम लक्ष्मण भन्याको रघुवंशका वृक्षको मूल हो, त्यो वृक्षको पुष्प फल सीता हुन्, लता सुग्रीव हो, लताको पातको पात सबै वानर हो। त्यस्ता रघुवंशका वृक्षका मूल राम लक्ष्मणलाई मारिकन मेरा दुःख शांत गर्छु भनि एस् प्रकारले दशग्रीव रावणले भन्यो र त्यो क्रुरा सूतले सुनि चित्तमा हर्षमान गरि त्यस् सूतले पनि वानरसेनाका चित्तमा त्रासमान गराई रथका घोडा शब्द गराई चाँडै रथ लैगयो, कस्तो गरि भन्या दश दिशाभाग प्रकाशमान गराई रथका घोष शब्दले नदी पर्वत पृथ्वी मृग पंछी आदि पनि त्रासमान भयो। तेस्वेलामा जौंना

ठाउँमा राम लक्ष्मण वस्याका थिया तसै ठाउँको सन्मुख गरि रथ चलाई लैगयो । रावणले पनि अग्निशिखा बाणले श्रीरामलाई प्रहार गऱ्यो, फेरि श्रीरामचन्द्रले पनि अग्निशिखा बाणले रावणलाई प्रहार गऱ्या । तेस् वेलामा श्रीरामचन्द्र र रावणको समस्त देवताले देखाईकन उत्तम युद्ध गऱ्या, परस्पर जयवांछाले युद्ध गऱ्या कस्तो गरि भन्या, ठुलो वनांतरविषे दुवै हाती युद्ध गऱ्याजैं श्रीरामको र रावणको सिंहले सिंहसित जुऱ्याजैं पृथ्वी कम्पमान गराई युद्ध गऱ्या । रावणले क्रोध गरिकन तीक्ष्ण २ बाण एक हज्जार श्रीरामलाई प्रहार गऱ्यो, श्रीरामले पनि बाण प्रहार गरिकन रावणको बाण व्यर्थ गरिदिया । ताहाँपछि आफ्नु बाण निष्फल गरि आफुले गऱ्याको जस्तै श्रीरामले पनि पराक्रम गऱ्याको देखि रावणले अत्यन्त क्रोध गरिकन तीक्ष्ण २ बाण एक हज्जार वानरसेनातिर प्रहार गरिदियो, त्यो हेरिकन श्रीरामले पनि दारुण बाण प्रहार गरिदिया । ताहाँपछि रावणले प्रहार गरिल्यायाको बाणले पीडा गराई वानरहरू सबै कराईरह्या । एस् प्रकारले रह्याका वानरहरू रावणले लगारि लैजाँदा श्रीराम लक्ष्मणलाई देख्यो, देवराज इन्द्र र विष्णु रह्या जैं धनुर्बाण लीकन रह्या । ति राम कस्ता भन्या पद्मपत्र जस्तो नेत्र, दीर्घबाहु, नीलोत्पल जस्तो वर्ण, जगत्संसारका आत्मा पुरुष भैंकन रहनुभयाका त्यस्तो श्रीरामचन्द्रलाई देखिकन चाँडै २ वानरमाथि प्रहार गऱ्यो । त्यो हेरिकन श्रीरामले हर्षमान गरिकन मेघले गर्ज्याजैं धनुको शब्द गरि आज्ञा गऱ्या । हे रावण, त्रैलोक्यमा प्रख्यात गरि रहन्याले त्यसो युद्ध गर्नु छैन, मलाई छाडि वानरसित युद्ध गर्न्या भनि एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गरिरहनुभयाका वेलामा लक्ष्मणले आशी विषसमान बाणले प्रहार गरि अनेक राक्षसलाई मार्‍या । श्रीराम लक्ष्मणले पनि बाण प्रहार गऱ्या र रावणको चित्तमा त्रासमान भयो, कस्तो भन्या चन्द्र सूर्यका अग्रमा राहु त्रासमान भयाजैं त्रासमान भैरह्याको रावणलाई देखि कालज्ञ लक्ष्मणले महाउत्तम आशीसमान बाणले प्रहार गऱ्या । एस् प्रकारले आफुमाथि बाण आयाको देखि रावणले पनि बाण प्रहार गरिकन लक्ष्मणको बाण व्यर्थ गरिदियो फेरि लक्ष्मणले आफ्ना बाण निष्फल गरिदियाको देखि महाक्रोध गरिकन एक हस्तले एक बाण, त्रि दश नव दश प्रहार गऱ्या, त्यो हेरिकन रावणले पनि बाण प्रहार गऱ्यो । ति दुवैका बाण पृथ्वीमा पऱ्यो, तेस् वेलामा फेरि लक्ष्मणले बाण प्रहार गरिदिया । ताहाँपछि रावणले लक्ष्मणलाई छाडि रामछेउँ जाईलाग्या, महाक्रोधले रक्तनयन गरि रामछेउँ नव्य बाण वृष्टि गऱ्यो । एस् प्रकारले रावणले आफुमाथि शरवृष्टि गरि ल्यायाको देखि परमात्मा श्रीरामले पनि क्रोध गरिकन भक्ति बाणले प्रहार गरिकन

रावणको बाण व्यर्थ गरिदिया, फेरि रावणले बाण प्रहार गऱ्या, श्रीरामले व्यर्थ गरिदिया। एस् प्रकारले दुईले दक्षिणावर्त गरि मंडलाकार गरि अन्योन्य जय वांछा गरि बाण प्रहार गरिकन युद्ध गऱ्या। तेस् वेलामा तिनीहरू दुवैको युद्ध भयाको देखि समस्त भूत प्राणिका त्रासमान भयो। श्रीराम र रावण युद्ध गऱ्याको कस्तो भन्या यम र मृत्युसित जुझ्याजैं दुवै महाभयानक बाण प्रहारमा दुवै तुल्यपराक्रमी आकाश सुद्धा बाणजालले छोपि अन्धकार भैरह्यो र बाण आयाको देखि महाकर्छा २ बाण अग्नि जस्तो आकाश सुद्धा छोपि अन्धकार भयो र सूर्य्य अस्त भयाजैं भयो, दुवै युद्धमा महावीर पराजय वांछा गरिरह्याका स्वर्गमा बसि देवताहरूले हेरिकन अति अद्भुत मानिकन रह्या। श्रीराम र रावणसित युद्ध गऱ्याको कस्तो भन्या परापूर्वमा देवराज इन्द्रको वृत्तासुरसित युद्ध भयाजैं बाण प्रहार महावेगले भयो। एस् प्रकारले श्रीराम र रावणको प्रलय युद्ध भैकन पृथ्वीले पनि भारा बोकन नशक्याजैं भयो, दश दिशाभाग पनि त्रासमान भयो। तेस् वेलामा रावणले क्रोध गरिकन नाराच भन्याका बाण जिकि श्रीरामका ललाटमा प्रहार गऱ्यो। तेस् वेलामा श्रीरामको ललाटमा बाण लागिकन अत्यन्त शोभायमान भै रह्यो। ताहाँपछि श्रीरामचन्द्रले पनि त्यो व्यथा सहिकन महाक्रोधले रुद्रास्त्र लीकन संधारणा गरि रावणमाथि प्रहार गऱ्यो, त्यो बाण रावणको अभेद्य कवचमा लागि पृथ्वीमा पऱ्या, क्यानभन्या अभेद्य कवचको निमित्तले व्यथा पनि भयेन, श्रीरामको बाण मेघतुल्य तेस्ता बाणले चाँडै २ बारंबार प्रहार गर्नु भयो, बारंबार कवचमा लागि पृथ्वीमा पऱ्यो, कस्तो भन्या पर्वतबाट पंछिहरू खस्याजैं। एस् प्रकारले आफना बाण व्यर्थ भयाको देखि श्रीरामचन्द्रले अत्यन्त क्रोध गरिकन रथमा बस्याका रावणलाई गन्धर्वास्त्र प्रहार गर्नुभयो। त्यो बाण रावणछेउँ लागिकन पृथ्वीमा बस्यो, एस् प्रकारले श्रीरामका शस्त्र व्यर्थ गरिकन रावणले क्रोध गरिकन असुरास्त्र लियो, कस्तो असुरास्त्र भन्या व्याघ्रमुख, सिंहमुख, कंकवक्त्र, काकवक्त्र, गृध्रमुख, दीप्ताकार, भृंगार वक्त्र, हुँडारवक्त्र, सर्पमुख, लुश्ववक्त्र, वराहमुख, क्रौंचमुख, कुक्कुटमुख त्यस्ता बाण लीकन महाक्रोधले रक्तनयन गरि श्रीरामज्यूकन मार्नाका अर्थले प्रहार गऱ्यो। फेरि पावक अस्त्र लियो र त्यो अस्त्र कस्तो भन्या, सूर्यबाण, चन्द्रबाण, धूम्रकेतुबाण, ग्रहबाण, नक्षत्रबाण, उल्कामुखबाण, विद्युज्जिह्वाबाण, नानामुख बाण, त्यस्ता भयानक २ शस्त्र श्रीरामलाई प्रहार गरिदियो। त्यो बाण आकाशमा आयाको देखि श्रीरामले पनि महाबाणले प्रहार गरिकन रावणको बाण आकाशैमा खण्ड २ गरि पसालिदिया। एस् प्रकारले जगत् व्यापी

श्रीरामचन्द्रले रावणको वीर बाण व्यर्थ गऱ्याको देखि वानरहरू सबैले हर्षमान गरिरह्या। आकाशमा बस्याका देवलोकले दुन्दुभि वाद्य बजाई पुष्पवृष्टि गऱ्या, श्रीरामचन्द्रलाई वानरहरू सबैले धन्य २ भनि पूजा मान गरिरह्या भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो। यो कथा सत्यलोकमा ब्रह्माले नारदलाई सुनाउनुभयो भनि नैमिषारण्य वनमा सूतले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे रावण राम जोर अर्थोनाम सर्गः ॥ ६६ ॥

90

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रको र रावणको एस् प्रकारले युद्ध भयामा रावणले प्रहार गरिरह्याको बाण श्रीरामचन्द्रले सबै शस्त्र अस्त्र व्यर्थ गरिदियाको देखि रावणले पनि अत्यन्त क्रोध गरि नाना शस्त्र अस्त्र प्रहार गरिदियो, फेरि मायासुरले बनाईराख्याको भयंकर अस्त्र रामलाई प्रहार गऱ्यो, फेरि शूल पाश गदा मुशल मुद्गर कुन्त वज्र तेस्ता २ अस्त्र प्रलय कालमा यम क्रोध भयाजैं क्रोध गरिकन श्रीराममाथि प्रहार गऱ्यो। ति अस्त्र प्रहार गरिरह्याको देखि श्रीमन्त अस्त्रज्ञ श्रीरामचन्द्रले गन्धर्वास्त्र प्रयोग गरिकन रावणको अस्त्र व्यर्थ गरिदिया। त्यो हेरिकन रावणले पनि पैशाच भन्याको अस्त्र लीकन श्रीराममाथि प्रहार गऱ्यो। त्यो अस्त्र धनुबाट छोडाईदिन्याबित्तिकै चक्र आदि त्यो बाणबाट निस्क्यो, त्यो चक्र अस्त्रले आकाशमा व्याप्त भयो, कस्तो भन्या अन्धकार भयाका वेलामा चन्द्र सूर्य प्रकाश भया जस्तो चक्रका तेजले प्रकाशमान भैकन जाज्वल्यमान भयो। एस् प्रकारले प्रहार गरिरह्यायाको चक्र देखिकन श्रीरामचन्द्रले पनि बाण प्रहार गरि व्यर्थ गरिदिया। त्यो अस्त्र व्यर्थ गरिदियाको देखि रावणले महाक्रोध गरिकन दशगोटा बाण झिकिकन श्रीरामका मर्म स्थानमा ताकिकन प्रहार गरिदियो। ति बाण लागिकन श्रीरामका चित्त कम्पमान भयो, फेरि श्रीरामले क्रोध गरिकन बाण वृष्टि गरिदिया, कस्तो गरि भन्या पृथ्वी आकाश व्याप्तमान गराई शरवृष्टि गरिकन रावणको नृसिंह ध्वजा छेदन गरिदिया, फेरि रावणको धनु पनि छेदन गरिदिया। एस् प्रकारले रावणको मेघवर्ण बाण धनु समस्त छेदन गरिदियाको देखि

तेस् वेलामा रावणको मेघवर्ण अश्वमाथि महावीर विभीषणले घनि गदाले प्रहार गरिकन चारै-वटा अश्वलाई मार्‍या । त्यो हेरिकन रावणले विभीषणमाथि महाक्रोधले रक्तनयन गरि रथ ब्राट वर्‍हिकन महादीप्ताकार अग्निसमान शक्तिले विभीषणमाथि प्रहार गर्‍यो । तेस् वेलामा श्रीरामले विभीषणलाई प्रहार गरिल्यायाको शक्ति हेरिकन तीनवटा बाणले प्रहार गरिकन आकाशैमा तीन खंड गरिदिया, कस्तो भन्या कांचनले अलंकार गरिराख्याको अग्निज्वाला खस्याजैं पृथ्वीमा बस्यो । एस् प्रकारले श्रीरामचन्द्रले शक्ति व्यर्थ गरिदियाको देखि सबै वानरले हर्षमान गरि महाशब्दले नाद गर्‍या । एस् प्रकारले नाद गर्‍याको देखि फेरि रावणले क्रोध गरिकन विभीषण मार्नाका अर्थले महाशक्ति लियो । त्यो शक्ति कस्तो भन्या काल देवताले पनि जित्न नशक्याको अग्नि जस्तो त्यस्तो शक्तिले विभीषणलाई प्रहार गर्न लाग्दा लक्ष्मणले चिन्तना गर्नुभयो, त्यो शक्तिले विभीषणलाई मार्न लाग्यो भनि चाँडै विभीषणलाई पछिलाई आफु रावणको सन्मुख गरि बस्न गया र रावणमाथि अनेक शरवृष्टि गरिरह्या । तेस् वेलामा रावणले शक्ति विभीषणलाई प्रहार गर्न नसकि लक्ष्मणले विभीषणलाई रक्षा गर्नाका अर्थले अघिवाट बस्याको देखिकन रावणले भन्न लाग्यो, हे लक्ष्मण, तिमि बालक आफ्नु प्राण छाड्दिकन विभीषणको रक्षा गर्न आयौ । हे मूर्ख लक्ष्मण, अब तिमिले विभीषणलाई रक्षा गर्न इछा भयादेखि त्यो शक्तिले तिमिलाई प्रयोग गरूँला, त्यो शक्ति सामान्य होइन, मयूरका पाँखले अलंकार गरिराख्याको यो शक्ति तिम्रा हृदयमा लागि तिम्रो प्राण लिन रक्तपान गरि फर्कन्छ । हे लक्ष्मण, यो शक्तिको क्रोध पनि काल यमका जस्तो, वालअर्क जस्तो, युगान्तको उल्का जस्तो, फेरि यो शक्ति कस्तो भन्या सहस्र विस्फुलिंग अनेक घण्टा संयुक्त यस्तो शक्ति रावणका हातमा देखि सबै देवता कम्पमान भया । श्रीसूर्यका तेज पनि हीन भयो, अग्नि, ग्रह नक्षत्र, तारा आदि पनि निस्तेज भैगयो, फेरि पृथ्विका आस पनि कम्पमान भैरह्यो, यक्ष, भूत पिशाच, विद्याधर, देवता आदि त्रैलोक्य आहि २ भैरह्या । एस् प्रकारको विपरीत भैरह्यो र त्यो हेरिकन रावणले भन्नलाग्यो, हे लक्ष्मण, त्रिलोकहरूलाई निको गरि हेर, तिम्रो जीवरक्षा होला भनि आशा नगर, माता भ्राता, इष्टबन्धु, स्त्री, राम, सुग्रीव, विभीषण इनहरूमा कस्कन स्मरण गर्नलाग्यौ स्मरण गर, यो शक्ति नलाग्दैमा दानपुण्य पनि गर । हे लक्ष्मण, यो शक्ति अष्टघंटाले संयुक्त मायासुरले बनाईराख्याको भनि एस् प्रकारले पापिष्ठ रावणले अत्यन्त क्रोधले रक्तनयन गरि त्रैलोक्य पनि कम्पमान गराई लक्ष्मणमाथि प्रहार गरिदियो । त्यो शक्ति लक्ष्मणका सन्मुख गरि आयाको देखि श्रीरामले शक्तिलाई आज्ञा गर्‍या,

हे शक्ति, लक्ष्मणलाई स्वस्थि गर्नुपर्छ भनि श्रीरामले त्यो शक्ति आकाशमा आयाको हेरि रहँदाभया । तेस्वेलामा सर्पले निश्वास गर्याझैं स्वास राखिकन मेघले गर्ज्याजैं गर्जमान गरि लक्ष्मणका हृदयमा लाग्यो, लक्ष्मण पनि पृथ्वीमा अचेत्तालै परिरह्यो । एस् प्रकारले पापात्मा रावणले लक्ष्मणलाई एस्तो अवस्था गर्याको देखि भ्राता स्नेहले श्रीरामका चित्तमा अत्यन्त विषाद भयो र मुहूर्त मात्र आँखाबाट आँसु चुहाईरह्या, फेरि चित्त दृढ गरिकन चिन्तना गर्नुभयो, अब शोक दुःखमा परिरहन्या वेला होईन भनि महाक्रोधले अधिबाट दगुरीकन दशरथका पुत्र श्रीरामचन्द्रले तीक्ष्ण २ बाण लीकन रावणलाई मार्नाका अर्थले प्रहार गर्दा भया । फेरि श्रीरामले बाण प्रहार गरिकन रावणको रथ पनि अश्व पनि मारिकन आकाशमा व्याप्त गराई बाणवृष्टि गरिदियो । ति बाण आयाको देखि रावणको चित्तमा त्रासमान गरिरह्यो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे लक्ष्मणशक्ति भेदोनाम सर्गः ॥ ७७ ॥

७९

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि पापात्मा रावणले शक्ति प्रहार गरिकन रक्तमय गरि भूमिमा परिरह्याका लक्ष्मणकन देखि श्रीरामले आज्ञा गर्‍या, हे वानर, पापिष्ठ रावणले शक्ति प्रहार गरिकन लक्ष्मणलाई महाअवस्था गराईराख्यो, अब तिमिहरूले लक्ष्मणछेउँ लाग्याको शक्ति उखेलिलेउ भन्या र ति वानरहरूले त्यो शक्ति उखेल्न छाड्दा सकेन र त्यो हेरिकन रावणले लक्ष्मणमाथि चौंडै २ बाण प्रहार गरिदियो । त्यो बाण लक्ष्मणका शरीरबाट छिचोलिकन पृथ्वीमा पर्‍यो । एस् प्रकारले रावणले लक्ष्मणमाथि बाण प्रहार गर्‍याको र वानरहरूले शक्ति उखेल्न नशक्याको देखि श्रीरामचन्द्रले शक्ति दुवै हातले समाति जिकि त्यो शक्ति खंड २ गरि काटिकन फालिदिया, फेरि श्रीरामचन्द्रले लक्ष्मणलाई अगालो हालि राखिकन आज्ञा गर्‍या । हे मित्र सुग्रीव, हनुमान, अब ई लक्ष्मणलाई तिमिहरूले रक्षा गरि-राखनुपर्छ, मैले संग्राम-भूमिमा यसको पराक्रमको कालवेला मैले वांछा गरिरह्याछु । हे मित्र, अब एस् पराक्रमले सम्पूर्ण गरिकन पापात्मा रावणलाई मारि निष्कंटक गर्छु भनि मैले प्रतिज्ञा गर्‍याको निष्फल हुनेछैनन् । हे वानरा, आजका दिन मुहूर्त मात्र संग्राम गरिकन रावणलाई मार्छु भनि एस् प्रकारले श्रीरामले आज्ञा गर्‍या र ति वचन सुनि युद्धपति वानर

सबैले लक्ष्मणलाई रक्षा गरिरह्या । तेस् वेलामा फेरि रावणले सुग्रीव, हनुमान, अंगद, नील, जांबुवान तिनिहरूमाथि बाण प्रहार गऱ्यो, त्यो हेरि श्रीरामले फेरि आज्ञा गर्न ढाम्या । हे वीर वानर, तिमिहरू भयले डराउनुपर्दैन, मैले प्रतिज्ञा गऱ्याको सत्य प्रतिपाल गर्छु । हेर वानर, मेरा पिता दशरथले मलाई राज्यबाट धपाई पठाया र वनवास गरिरह्या, तस् वेलामा दंडकारण्यमा वास गरिरहँदाका वेलामा त्यो पापात्मा रावणले विनापराध सीता चोरि लैग्यो । ताहाँपछि राक्षसहरू बाटामा भेटियो र अनेक दुःख पायौं । हे वानरहो, अब यो दुःख सबै पापात्मा रावणलाई मारिकन शान्त गरूँला । एति हुनाका निमित्तले सुग्रीवलाई मित्र गरि बालिकन मारिकन सुग्रीवलाई जय गर्न्या, फेरि समुद्रमा सेतुबंध गरि शत्रु मार्नाकन आयौं । हे दुर्जय वानरा, मेरा दृष्टिका गोचरमा पुग्न्या शत्रु बाँच्न्या छैन, कस्तो भन्या समुद्रका गोचरमा पर्न्या नबाँच्न्या जस्तो । हे वीरोत्तम वानर, तिमिहरूले हेरिरहनुहवस्, आजको दिनमा पापिष्ठलाई मारिकन यो ब्रह्माण्डविषये स्वर्ग मर्त्य पाताळमा प्राणिहरू भयासम्म श्रीरामचन्द्रले एस्तो कर्म गरि गया भनाई मेरो नाम प्रकाश गराई जान्छु । हे वानरा, देव गन्धर्व यक्ष राक्षस किन्नर अप्सरा दश दिक्पाल तिनिहरू सबैलाई युद्ध गरिकन सन्तोष गरि देखाउँछु, आजदेखि मेरो नामको कीर्ति प्रकाश गराउँछु भनि एस् प्रकारले सर्वव्यापी श्रीरामचन्द्रले आज्ञा गरि महाक्रोधले रक्त नयन गरि तप्तकांचनसमान बाणले रावणमाथि प्रहार गरिदिया । ति बाण आयाको देखि रावणले पनि नाराच बाणले प्रहार गरिदियो । एस् प्रकारले प्रलय युद्ध भयाका वेलामा श्रीरामले रावणमाथि तीक्ष्ण २ बाण प्रहार गरिदिया, रावणले पनि श्रीराममाथि प्रहार गऱ्यो । ति दुवैतिरका बाण आकाशमा जुझि भूमिमा पस्या, दुवैले नाद गरिकन त्रैलोक्य पनि कम्पमान भयो, बाणले बाणलाई छेदन गरि पस्याको पृथ्वीमा बाणमय भैगयो । श्रीरामको र रावणको धनुघोष शब्दले सबैका मनमा त्रास भयो, महाअद्भुत संग्राम भयो । तेस् वेलामा श्रीरामचन्द्रले महादीप्त बाणले प्रहार गऱ्या, ति बाण रावणका शिरमा लागि सहन सकेन र अली वार पछि सरिरह्या, कस्तो भन्या वायुले उडाई मेघ लैगया जस्तो श्रीरामको बाण प्रहार सहन नसकिकन भागिगयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो । यो कथा सत्यलोकमा ब्रह्माले नारदलाई सुनाउनुभयो, सूतले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रावण पराक्रमं नाम सर्गः ॥ ७१ ॥

७१

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्रले रावणसित तुमुल युद्ध गऱ्या र श्रीरामको बाण रावणले सहन नसकि भागिरह्यो, त्यो हेरिकन श्रीरामचन्द्र पनि थकाई मारि-रह्या । ताहाँपछि श्रीरामचन्द्रले आज्ञा गर्नुभयो, हे सुषेण वानर, मेरा भ्राता लक्ष्मणलाई पापिष्ठ रावणले शक्तिले प्रहार गरि भूमिमा लोटिरह्या, हे सुषेण, हेर २ रक्तमय देह गरि नागले निश्वास राख्याजैं निश्वास राखिरह्या ई महावीर लक्ष्मणको शरीरबाट रक्त बहिआयाको हेर, यो हेरिकन ज्यूनाको इछा पनि छैन । हे वानरोत्तम सुषेण यो लक्ष्मण कस्तो छन् भन्या संग्राममा धन्य भन्नु योग्य भयाका एस्ता लक्ष्मणले प्राण त्याग गऱ्यापछि मैले मात्र जिउनाको क्या प्रयोजन छ, मैले पराक्रम गऱ्याको सबै व्यर्थ भयो, समुद्रमा पऱ्याजैं भयो । हा ! हा ! यो धनु भैकन क्या प्रयोजन ! पापिष्ठ रावणको शक्ति प्रहारले मेरा भ्राता मऱ्याजैं भयो, अचेष्टाले भूमिमा लोटिरह्यो । एस्ता वेलामा यो युद्ध गर्नु क्या प्रयोजन छ ! रामज्यू भैकन सीता भैकन क्या प्रयोजन छ । हे सुषेन, पापात्मा रावणले शक्ति प्रहार गरिकन लक्ष्मणलाई एस्तो दुःख दी राख्यो, कुन दैवले एस्तो विपरीत गरायो भनि एस् प्रकारले श्रीरामचन्द्रले आँषामा आँसु काढि आज्ञा गऱ्या, हे सुषेण, मजस्तो भैकन लक्ष्मणलाई एस्तो अवस्था पऱ्यो । ई लक्ष्मणको प्राणत्याग भयादेखि मैले पनि प्राण त्याग गरिकन भ्रात लक्ष्मण सित वस्न जान्छु, हा ! हा ! मेरा प्राणको भन्दा पनि पियारो गरिराख्याको भाई, मेरा संसर्गले राज्य छाडि आउँन्या हा ! हा ! हे भ्राता लक्ष्मण, मेरा निमित्तले वनमा अनेक दुःख तिमीलाई भयो, फेरि सीताका निमित्तले ठूलो दुःख तिमीलाई प्राप्त भयो । हा ! हा ! हे भ्राता लक्ष्मण, तिमि एकलै काहाँ वस्न गयौ, तिम्रा निमित्तले मैले पनि प्राण त्याग गर्छु । हा ! हा ! हे लक्ष्मण, सधैंका जस्तो मलाई बोधना दिनाकन आउ, तिमिविना मेरा प्राण दुई घरि सुद्धा बाँचनु कष्ट भनि एस् प्रकारले लक्ष्मणका निमित्तमा श्रीरामचन्द्रले शोक गऱ्याको देखि महाज्ञानी शास्त्रज्ञ सुषेण वानरले श्रीरामका अग्रमा विन्ति गर्नलाग्या, हे प्रभु, परमेश्वर श्रीरामचन्द्र, तपाञि हुनुहुन्छ यो संसारका आत्मा पुरुष हुनुभयाका समस्त तपाञिले जान्नुहुन्छ । हे नरशार्दूल श्रीरामभद्र, अब तपाञिले त्यो शोक दुःख चिंता सबै छाडनुहुन्छ् क्यान वृथा शोक गर्नुहुन्छ । हे प्रभु श्रीरामचंद्र, मेरा विति सुन्नुभया जान्नुस् , लक्ष्मणले प्राण छाड्याको लक्षण भयाको छैन, श्रीले पनि छोड्याको

छैन, मुख देख्दैमा थाहा हुन्छ, सुभभाव छ। हे श्रीराम, ति लक्ष्मण ता निश्चयले ज्यूँदैछ, रक्तवर्ण हस्त छँदैछ, मुखको तेज पनि छँदैछ, प्राण छोड्नुभयाको लक्षण छैन। हे रघुनाथ, एस्ता ठाउँमा वृथा शोक क्यान गनुहुन्छ, लक्ष्मणलाई तेजले छोड्याको छैन, सास पनि आउँदैछ। हे श्रीरामचंद्र, तपाञ्चिले अज्ञानीले शोक गऱ्या जस्तो शोक नगर्नुहुन्, विपत्तिमा धैर्य गर्नुभया जाहस्। मैले पनि औषधि गरि हेरौंला भनि एस् प्रकारले महाज्ञानी सुषेण वानरले श्रीरामचंद्रकन बोधना दीकन आपनु समीपमा रहन्या हनुमानका मुख हेरि भन्न लाग्यो। हे सौम्य हनुमान, तिमि हुन्छ वायुपुत्र, तिम्रा माता केशरी हो, तिमि समान वीर पृथ्वीमा दुर्लभ, एस्ता वीर भैकन एस्तो हेरिकन रहनु छैन अँहे यो कार्य्य तिमिले गर्नुपऱ्यो विलंब गर्नु छैन। आजको दिनभरिमा औषधी गर्नु हुन्या छ, एतिका निमित्तले हनुमत् भयो। हे वीर हनुमान, अब ऐह्रे तिमि जाउ, दक्षिण दिशामा गंधमादन पर्वत भयाको छ, त्यो पर्वतमा विशल्य करणी नाम औषधि छ। देवताहरूले निर्माण गरिराख्याको त्यो पर्वतमा तिन् कोटि गंधर्वहरू बस्याको छ। तिन्हरूको राजा, हाहा हूति दुवै महावीर, त्यस्ता ठाउँमा गैकन त्यो औषधि लीकन आउनुपऱ्यो। हे हनुमान, त्यो ठाउँ राक्षसको हो सबार गरिकन जानुपर्छ, आजको रात नजाँदैमा तिमिले औषधि लीकन चाडै फर्कनुपर्छ। हे महावीर हनुमंत, आकाश मार्गले गंधमादन पर्वतमा गैकन चाँडै औषधि लीकन आउनुपर्छ, फेरि नाना प्रकारले विघ्न गर्नाकन आउला त्यो विचार गरि जानुपर्छ। हे हनुमंत, मैले औषधिको चिन्ह सुनाई पठाउँछु सुन, पत्र हरियो फल रातो पुष्प हरियो पाँच २ मा सुवर्ण जस्तो यो महाऔषधिको चिन्ह तिमिले समझिकन राख। हे हनुमान, तिमि जान लाग्याको कार्य निर्विघ्नले कल्याण हवस् चाँडै फर्कनु सकोस् भनि एस् प्रकारले सुषेण वानरले हनुमानलाई भन्या र हनुमानले पनि यो वचन सुनिकन भन्न लाग्यो, हे सुषेण वानर, लक्ष्मणका प्राण रक्षा गर्न्या ठाउँमा केहि संदेह छैन, मेरा प्राण छाडिकन लक्ष्मणको जिउ बचाउनुभया मेरा प्राण छाडिदिन्छु। एस्ता ठाउँमा लक्ष्मणका निमित्तले चाँडै अवश्य कार्य गर्छु भनि एस् प्रकारले हनुमानले कुरा गरिकन तेजले जाज्वल्यमान गरि श्रीराम सुग्रीवका चरणमा दण्डवत् गरि विदा भैकन ताहाँपछि विभीषण जांबुवाण अंगद वीरबाहु सुबाहु केशरि गंधमादन सुषेण कुमुद पनस नल नील गवय गवाक्ष सिंहनाद तिनिहरूछेउँ पनि यथायोग्यले दण्डवत् गरि विदा भैकन रामनाम स्मरणा गरि ताहींबाट कुदिकन लंका माथिबाट गया। एस् प्रकारले हनुमान गयाको रावणले देखिकन कालनेमि राक्षसलाई भन्न लाग्यो। त्यो कालनेमि राक्षस कस्तो भन्या चतुर्वक्त्र

अष्टनेत्र चतुर्बाहु महाबलियो निमिषार्द्ध मात्रैले माया लिन जान्या, त्यस्ता कालनेमि राक्षस-लाई रावणले भन्न लाग्यो । हे धर्मज्ञ कालनेमि, मेरा वचन सुन, वायुपुत्र हनुमान गन्धमादन पर्वतमा विशल्यकरणी नाम औषधि लिनाकन लंकामाथिबाट गयो, अब ति कार्य तिमिले विघ्न गर्न सक्या भैले तिमिलाई अर्द्ध राज्य प्रसाद दिन्छु निश्चय भयो । हे कालनेमि, ऐल्हे तिमि गैकन गन्धमादन पर्वतमा एउटा आश्रम बनाई मायाले ऋषिरूप धारण गरि रह । त्यो ठाउँमा हनुमान आयापछि सुस्वागतले कुशल वार्तादि गरिकन नाना प्रकारले विचारमान्य गरिकन आदर गरि राख । हे कालनेमि, त्यस ठाउँमा एउटा पुष्करिणी भयाको छ, जल अति निर्मल अनेक पद्म उत्पल प्रकाश भयाको छ, फेरि नाना जलजन्तु पनि वस्याका छन् । त्यस् पुष्करिणीमा ऋषिका श्रापले एउटि अप्सरा ग्राह भैकन वस्याकि छ, त्यो ग्राहका ठाउँमा जस्तो गरिकन हनुमानलाई लैजानु हुन्छ, तसै प्रकारले यत्न गर । त्यो ग्राहले हनुमानलाई अवश्य मार्नान् । हे कालनेमि, तस्ले समायाका कोहि पनि बाँच्नु छैन, देव गन्धर्व यक्ष इत्यादिलाई पनि मार्न समर्थ छ, त्यो हनुमान ता क्या लेषा छ । यो हनुमान मार्न्यापछि हाम्रा कार्य सिद्ध भयो । हे दुर्जय कालनेमि राक्षस, यो उपाय तिमिले गरिकन, हनुमानलाई मार्नुपर्छ, हनुमान मर्न्यापछि लक्ष्मण पनि मर्न्यो । लक्ष्मण मर्न्यापछि राम पनि मर्न्यो, राम मर्न्यापछि सुग्रीवादि गरिकन जांबुवानसहित सबै वानरहरू मर्नान्, परशेष रह्याका वानरहरू किस्किन्ध्या फर्कन्छन्, हे कालनेमि, एति तिमिले गर्न्या देखि मेरो जय भयो । एत्तिका निमित्तले तिमि चाँडै गैकन कार्य्य सिद्ध गर्नुपर्छ भनि एस् प्रकारले रावणले कालनेमिका अग्रमा भन्यो र कालनेमिले पनि रावणको आज्ञा सुनि विति गर्न लाग्यो । हे महाराज रावण, तपाईका आज्ञा जस्तै म चाँडै गैकन मायाले गरिकन हनुमानलाई मारिदिन्छु निश्चय भयो । निर्गति वानरलाई मार्न क्या लेषा भनि एस् प्रकारले कालनेमिले महागर्व गरिकन रावणछेउँ विदा लीकन गन्धमादन पर्वतका समीपमा पुष्करिणीका ठाउँमा वस्न गयो । त्यो कालनेमि कस्तो गरि वस्यो भन्या निमिषार्द्ध मात्रले मायाको आसन एउटा बनाई अग्निहोत्र गरिकन कलशादि नाना वस्तु स्थापना गरि रह्यो । फेरि आफ्ना शरीरमा जटा धारण गरि कृष्णसार चर्मलाई दीर्घकोश दीर्घनख कृष्णांग देह गराई रुद्राक्ष मालाले जप गरिरह्यो । एस् प्रकारले माया गरि-रह्याका ठाउँमा ति हनुमान आकाशबाट वर्हिकन हेर्न्या । नाना फल पुष्पले संयुक्त त्यो हेरिकन जाँदामा त्यो भेषधारि कालनेमिले भन्न लाग्यो, ए महापुरुष, तिमि एस्ता ठाउँमा निर्विघ्नले आउनु भयो मेरा आश्रममा आउनुहुन्न्स् २, मेरा मनमा ता तिमि आदित्य भनि चितार्यौं, अब

जाहाँ अलिवार बस, थकाई मारिकन राजगर्नुहुन्छ भनि पादार्घ आचमन गराई आसन दीकन राख्यो। ताहाँपछि हनुमानले भन्न लाग्यो, हे ऋषिपुंगव, मैले एउटा वचन विन्ति गर्नु सुन्नुहुन्छ, म हुन्छ किष्किन्धा नाम नगरमा सर्वगुणले संयुक्त यो पृथ्वीमा जति भयाका सबै वानरका राजा सुग्रीव नाम भयाको छ, ति वानरसिंह महाबाहु महापराक्रमी तन्का मित्र श्रीरामचन्द्र महाबलिष्ठ पराक्रमी, तन्की स्त्री सीताका निमित्तले लंकामा पाउकाग्नुभैकन श्रीरामको र रावणको महायुद्ध भयाका श्रीरामका भ्राता लक्ष्मणलाई पापात्मा रावणले शक्तिले प्रहार गरिकन लक्ष्मणका हृदयमा लागि भूमिमा परिरह्या। हे ऋषीश्वर, यति निमित्तले लक्ष्मणका अवस्था देखि वैद्यहरूले गंधमादन पर्वतमा विशल्यकरणी नाम औषधि मलाई लिन पठायो। अब म चाँडै जानुपर्छ, अलिक् विस्तार गरि बस भनि आज्ञा भयो, विस्तार गरिरहन्या बखत् होईन म चाँडै फर्कि जानुपर्छ, तपाञ्जिले जान्नुहुन्छ वानर सुग्रीवका मंत्रि म हुँ, बहुत् गुणले संयुक्त केशरिको गर्भमा वायुका वीर्यले जात भयाको मेरा नाम हनुमान हो भनि एस् प्रकारले हनुमानले कुरा गर्न्याको सुनि भेषधारि ऋषिले भन्न लाग्या। हे हनुमान, तेस् प्रकारले तिमि आयाको भया पनि मेरा मनमा सन्तोष गर्नुपर्छ मुहूर्त मात्र विश्राम गर्नुहुन्छ्, क्यानभन्या तिमि महा अपूर्वि मेरा आश्रममा आउनुभयापछि पूजा गर्नुपर्छ, एस्कारण मेरो पूजा लीकन मछेउँ भयाको भोजन गरि जानुहुन्छ्, क्षुधाले पीडा गराई आउन्याछाई यो वस्तु खाई जानुपर्छ भनि खान्या वस्तु राखिदिया। हनुमानले पनि त्यो वस्तु दुवै हातले लीकन तृप्त गरि खाया। ताहाँपछि अलिक वेर तृषा भयो र भन्न लाग्यो, हे ऋषीश्वर, हो मकन अति तृषा भयो मलाई जल दिनुहुन्छ् भन्या र ति वचन सुनि ऋषिरूप कालनेमि भन्न लाग्यो। हे हनुमान, मेरा तपस्याका बलले प्रसादले बनाई राख्याको एउटा पुष्करिणी भयाको छ, अति निर्मल जल अमृततुल्य एसै पुष्करिणीमाको जल खायाको गुण एक महीनासंम क्षुधा हुँदैन, एस्कारण त्यो जल पान गरिकन आत्मा तृप्त गर्नुहुन्छ् भन्यो। ति हनुमानले नाना सुगंध संयुक्त पुष्करिणीमा जल पान गर्नाकन जानुभयाका वेलामा महाभयंकर ग्राहले हनुमानलाई समातिकन घिसायो। ति हनुमानले पनि ग्राहलाई घिसायो। एस् प्रकारले बल गरिकन महावीर श्रीरामका सेवक हनुमानले ग्राहलाई घिसाई स्थलमा राख्या। एस् प्रकारले स्थलमा राख्यापछि ग्राहले भन्न लाग्यो। हे कपिल हनुमान, धन्य २ मेरो भाग्य, पूर्वजन्मको कुरा म आपले ग्राह भयाको कुरा विस्तारले सुनाउँछु सुन्नुहुन्छ्। हे महावीर हनुमंत, पूर्वकालमा स्वर्गको गंधकारी नाम अप्सरा म हुँ, आकाशमार्गले डुलन

आयाको वेलामा कुवेरका अंतः पुरिमा गय्युँ । म सूर्यको समान रथमा वसि गय्युँ, तेस् वेलामा यक्ष भन्याका ऋषीश्वरले मलाई हेला गऱ्यो भनि क्रोधले मलाई श्राप दिया । हे हनुमान, मैले नजानिकन तपस्वीलाई निंदा गऱ्याका निमित्तले म एस्तो भय्युँ । मेरा रथले नाघि लैगयाका वेलामा ऋषिले माथि हेरिकन महाक्रोधले गरि मलाई श्राप दिया । हे पापिष्ठ, तेरा अहंकारले मलाई तैले नाघि गईस् , अब तँ दक्षिणको उत्तर पर्वतमा एउटा सरोवर छ, तेस् सरोवरमा तँ ग्राह भैकन समस्त प्राणिको प्राण लीकन वस् भनि मलाई श्राप दिया । एस् प्रकारले श्राप दियाचित्तकै म आकाशवाट पृथ्वीमा पर्य्याँ, तेस् वेलामा मैले हात जोरि रोईकन प्रार्थना गरि विन्ति गऱ्याँ, हे ऋषीश्वर भनि मैले वडो अपराध गऱ्यौं, अपराध अब मलाई कैल्हे यो श्राप मुक्त होला भनि मैले सोध्दा यो मेरो वचन सुनि मेराउपर करुणा राषि ऋषिले आज्ञा गऱ्या । अप्सरा, जौना वेलामा गन्धमादन पर्वतविषये हनुमान आईकन तँलाई छुईदेला उसै वेलामा तेरो श्राप मुक्त भैकन अघिको जस्तो दिव्य देह भै सुन्दरी अप्सरा होलिस् भनि आज्ञा भयो । हे हनुमन्त, अब उन्का आज्ञा जस्तै मेरी शरीरमा तिमिले छोईदिया मात्रले मेरी श्राप मुक्त भई भनी र ताहाँपछि अप्सराले हनुमानका प्रार्थना गरि भन्न लागिन् , हे वीर हनुमान, अब तपाल्निका कृपाले ऋषिको श्रापग्रह मुक्त भयौं, धन्य २, तपाल्निले चिंतना गरि आउनुभयाको कार्य निर्विघ्नले सिद्ध हुन्स् , अब म आफ्ना आश्रममा अलकापुरि जान्छु भनि जौना मनुष्यले म मुक्त भयाको कुरा सुन्नन् तन्को सदा कालैमा कल्याण होला भनिन् र ताहाँ हनुमानले आज्ञा गर्दा भया । हे अप्सरा, मैले मुक्त गरायौ भनि तिमिले भन्याको हो, यो समान सुख अरूलाई छैन भनि एस् प्रकारले कुरा गरि अप्सरालाई विदा दीकन हनुमान ऋषिका आश्रममा गया । तेस् वेलामा त्यो माया ऋषिले हनुमान आफ्नु आश्रममा आयाको देषि भन्न लाग्यो, हे हनुमान, आउनुहवस् २ भनि महाआदरले कंदमूल फल दियो । तेस् वेलामा महाज्ञानी हनुमानले त्यो ऋषिको रूप निर्णय गरिकन चिन्तना गर्नुभयो, तन्को जस्तो रूप कसैको छैन । यो त माया रूप हुनु वेर छैन, दारुण चेष्टा छ, चरित्र निको छैन । अब कसो गरूँ । इन्ले नाना प्रकारले मलाई मार्नाकन यत्न गऱ्यो, त्यो पुष्करिणीको जलपान गऱ्यादेषि महीना दिनसम्म तृषा लाग्दैन भनि मलाई डाँटिकन जलपान गराउन पठाई ग्राहले मार्न लाग्यो । यो त ऋषि होईन राक्षसै हो, राक्षसहरू मायामय मायाले हिंड्न्या त्यस् राक्षसले मलाई मार्नाकन मायारूप मै रह्यो भनि त्यस्तो पापिष्ठ भयो र पो मलाई ग्राहले मार्न लाग्यो भनि एस् प्रकारले वीर हनुमानले चिन्तना गरि महाक्रोधले आज्ञा गऱ्या । हे पापात्मा, दुराचारि

तँ राक्षस हो भनि मैले थाहा पाएँ, अब तँसित तिष्ठ २ भनि एस् प्रकारले हनुमानले हाक्या र महापापिष्ठ कालनेमिले पनि हनुमानले आफुलाई थाहा पायो भनि चिताई आफ्नो मूर्ति धारणा गरि देखायो। त्यो राक्षसको मूर्ति कस्तो छ भन्या चतुर्वक्त्र चतुर्बाहु अष्टनेत्र तेस्तो मूर्ति कालनेमिले पनि रक्तनयन गरि भन्न लाग्यो। हे वानर, तँ आजका दिन काहाँ जान पाउलास् ,मायावीर कालनेमि जान्दैनस् कि! आजका दिन तेरो मांसले मेरो आत्मा तृप्त गर्छु भनि एस् प्रकारले कालनेमिले भन्यो र महापराक्रमी हनुमानले पनि अघिको भन्दा दोबर बलवीर्य मूर्ति धारणा गरि कालनेमि राक्षससित महायुद्ध गऱ्या। कस्तो गरि भन्या प्रलयकालमा मेघले गर्ज्याझैं नाद गरिकन बाहुयुद्ध गऱ्या, फेरि महाक्रोधले मुष्टिले प्रहार गरि पुछरले हानि युद्ध गऱ्या, कस्तो गरि युद्ध गऱ्यो भन्या वृषभ जुझ्याझैं सिंहसित सिंह जुझ्याझैं ति दुवै पराक्रमी तेस् ठाउँमा वृक्षहरू केहि छैन, तेस् वेलामा हनुमानले महाक्रोधले गरिकन कालनेमिका मर्मस्थानमा समातिदिया। तेस् वेलामा राक्षसको प्राण गयो, महाशब्दले कराईकन मृत्यु भयो। ताहाँपछि महापराक्रमी हनुमानले कालनेमि मारिकन गन्धमादन पर्वतमा गैकन हेर्न कान्दामा कालनेमि कराया‌का शब्दले तीन्कोटि गन्धर्व सबै त्रासमानले डराईरह्या, तेस् वेलामा सबै देवताले धन्य २ हनुमान भनि पूजा गऱ्या। ताहाँपछि श्रीरामका भ्राता लक्ष्मणका निमित्तले औषधि लिनाकन हरिपुंगव हनुमान गन्धमादन पर्वतमाथि गया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो भनि सत्यलोकमा ब्रह्माले नारदलाई सुनाउनुभयो, यो कथा नैमिषारण्य वनमा सूतले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे कालनेमि वधोनाम सर्गः ॥ ७२ ॥

७३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि महावीर हनुमानले दुर्जय कालनेमि राक्षस मारिकन गन्धमादन पर्वतमाथि गया। त्यो पर्वत कस्तो छ भन्या नाना धातुले संयुक्त, गन्धर्वहरू वास गरिरह्याका, सबै देवताहरू आउन्या ठाउँ त्यस्तो पर्वतमा हनुमानले हेरिकन जाँदा २ मा गन्धर्वहरूले देख्या र भन्न लाग्या, हे महापुरुष, कसो वानररूप भैकन तिमि काहाँ

आयौ, तिमि को हौ, काहाँबाट आयौ, कस्का ज्ञानले तिमि यहाँ आयौ । एस् प्रकारले गन्धर्व-हरूले सोध्या र हनुमानले भन्न लाग्या, हे गन्धर्वहो, सुन तिमिहरूले म कसो जान्दिन । किष्किंधा नाम पुण्य नगरका सर्वगुणले संयुक्त सुग्रीव नाम ति समस्त वानरका राजा, तन्का मित्र त्रैलोक्यमा पनि प्रख्यात भैरह्याका श्रीरामचन्द्र, तन्की स्त्री सीता रावणले हरण गरि लै-गयो र श्रीरामको र रावणको महायुद्ध भयो, तेस् वेलामा श्रीरामको भ्राता लक्ष्मण भन्याका नाम पापात्मा रावणले शक्ति प्रहार गरि मारिदियो । अब उपाय गर्नाकन विशल्यकर्णिका नाम औषधि मैले लिन आयाँ, म वानरेन्द्र सुग्रीवका भृत्य मेरो नाम हनुमान हो । हे गन्धर्वहो, तिमिहरूले ति औषधि मलाई देषाउनुहुन्छ् इतपत भयो । नरका श्रेष्ठ श्रीरामका कार्य हो, तन्का विषय राज्यमा तिमिहरू बस्याका निमित्तमा अब तिमिहरूले यो कार्य गर्नुपर्छ । हे गन्धर्व, श्रीराम सुग्रीवका प्रिय अर्थले म आयौं अब विस्तार नगरि चाँडै औषधि देषाउन पर्छ भनि एस् प्रकारले हनुमानले भन्या र ई वचन सुनि गन्धर्वहरू सबै महाक्रोधले भन्न लाग्या । हे वानर, तेरो चित्तमा क्या ठानिस् ! यो राज्य कस्को हो ? त्यो रामचन्द्र हाम्रा क्या ! यो राज्य भन्या हामिहरूका स्वामि हाहा, हूहूका पो हुन्, क्यान तँलाई औषधि दिउँला भन्या र त्यो पापिष्ठ वानरलाई मार, अधर्मि वानर पो हो, चाँडै मार कुट २ काट २ समात १ भनि एस् प्रकारले तीन ३ कोटि गन्धर्वहरूले हनुमानमाथि गदा खड्ग नाना शस्त्र अस्त्र प्रहार गऱ्या र हनुमानले पनि महाक्रोधले वज्रसमान मुष्टिले प्रहार गऱ्या, कस्तो गरि भन्या प्रलय कालमा अग्निले वन दग्ध गऱ्याजैं गन्धर्वहरूसंग युद्ध गऱ्या, नख दंत मुष्टि वृक्षले प्रहार गरि युद्ध गऱ्या । गन्धर्वहरूले पनि नाना शस्त्र अस्त्रले प्रहार गऱ्या, त्यो हेरिकन महावीर हनुमानले महाक्रोध गरि मुष्टिले प्रहार गरि निमिषार्द्ध मात्रैमा तीन कोटि गन्धर्व मार्‌या । एस् प्रकारले हनुमानले तीन् कोटि गन्धर्व मारिकन गन्धमादन पर्वतमा गैकन औषधि हेर्न लाग्या । त्यो पर्वत कस्तो छ भन्या नाना वृक्ष नाना धातुले संयुक्त अनेक वनचर पनि बस्याका थिया, तेस्ता पर्वतमा औषधि षोजन लाग्या । एस् प्रकारले षोज्यार पनि औषधि पायेन र महाक्रोध गरिकन चिन्तना गर्नुभयो । अब कसो गरूँ, कति ठाउँमा षोज्यार पनि पायेन, सुषेण वानरले पर्वतका शिरमा होला भनि पठायो, अब मैले ता पाउन सकिन त ति औषधिविना फर्किजाउँ भन्या श्रीराम सुग्रीवादि वानरहरूको मुख कसो गरि हेर्नु, तिनिहरू अप्रसन्न होला । अब म एसै वस्तु होइन भनि मनले चिंतना गरि पर्वतको माथिवाट वृद्धिकन त्यो पर्वत उच्चालनाकन अंगीकृत गऱ्या, नाना द्रुमलताले संयुक्त, नाना फल पुष्प, अनेक वस्तु कन्दमूल, निर्मल जल, अनेक

पंछिगण, सिंह व्याघ्र, अनेक विद्याधरहरू पनि वस्याका थिये, फेरि मृगादि नाना जन्तु पनि परिपूर्ण गरि वस्याका छन्, नाना पुष्प धातुले संयुक्त त्यो पर्वत पाँच योजन उच्चा तेस्ता गन्धमादन पर्वत महावीर हनुमानले लक्ष्मणका निमित्तले औषधि लिनाकन उचेलि दुई हातले समातिकन शिरमा राखि कुदिकन आकाश मार्गले ल्याया। त्यस् वेलामा पर्वतको शिखर खस्यो र अनेक वृक्ष भग्न भया, पंक्षिहरू पनि भाग्या। सर्पहरू नाना चिह्न भैकन हारमाला जस्तो भैकन रह्या, अनेक धातु पनि भूमिमा पस्यो कस्तो गरि रह्योभन्या नेत्रबाट आँसुको बिन्दु चुहा जस्तो भैरह्यो। फेरि नाना जन्तु सिंह व्याघ्र अनेक वनचर डरले कराया। तेस् वेलामा आकाशमा रह्याका देव गन्धर्व यक्ष विद्याधर सिद्धादि नाग सबै अति अद्भुत मानि भन्न लाग्या, धन्य २ हनुमान भनि तेस्तो पर्वत ल्याउनाकन पातिरै छैन, कस्तो बल! अति आश्चर्य! त्रैलोक्यमा पनि तिसमान बलियो कोहि हुन्या छैन! धन्य २ हनुमान भनि एस् प्रकारले तीन् कोटि गन्धर्वलाई मारि त्यस्तो पर्वत लीकन आया। ति पर्वत उचेल्न हनुमानबाहिक अरूले सक्न्या छैन, धन्य २ पराक्रमी वीरका पनि वीर धन्य २ हनुमान भनि गन्धमारि अप्सराको श्रापांत पनि मोक्ष गरिदिया। कालनेमि राक्षसलाई मारिकन आफ्ना बाहुबलले पर्वत उचेल्न सामर्थ भयाका देवताले पनि सामर्थ नभयाको कर्म गर्‍या, धन्य २ हनुमान भनि एस् प्रकारले सबै देवताले पूजा गराईकन आया। तेस् वेलामा हनुमानले आकाशमार्गले पर्वत बोकि ल्यायाको वेलामा श्रीरामचन्द्रका भ्राता भरतले श्रीरामका निमित्तले नन्दिग्राममा वास गरिरहन्या सिंहासनमा कठपाउ राखि श्रीरामनाम ध्यान गरिरहन्या, तन्‌ले आकाशमा पर्वत ल्यायाको देखि अति आश्चर्य मानिकन चाँडै बाण प्रहार गरिदिया। ति भरतले प्रहार गर्‍याका बाण हनुमानका हृदयमा लागि पर्वत पनि हनुमान पनि भरतका अग्रमा पर्‍या। तेस् वेलामा हनुमानले महाकरुणाले राम २ भनि कराईरह्या, त्यो हेरिकन भरतले चिन्तना गर्नुभयो, महाआश्चर्य! यो क्या जात, क्या मूर्त्ति, पर्वत बोकि ल्याउनु सामर्थ हुन्या, इन्को बल सामान्य होईन, फेरि मेरा भ्राताको नाम लीरह्यो, ई सामान्य होईन भनि चिताई भन्न लाग्या, हे महापुरुष, तिमि को हौ, त्यो पर्वत कयान ल्यायौ, तिम्रो नाम क्या हो मलाई सुनाइ भन्या रै ति वचन सुनि हनुमानले भन्न लाग्यो, हे महापुरुष, म को हौ भन्या किष्किंध्यानाम नगरका राजा सुग्रीव तन्को मन्त्री हुँ, मेरो नाम हनुमान। ति सुग्रीव श्रीरामका मित्र ति रामचन्द्र की स्त्री सीता पापात्मा रावणले हरण गरि लैगयो, एस्कारण श्रीरामको र रावणको ठुलो युद्ध हुँदा पापात्मा रावणले श्रीरामका भ्राता लक्ष्मणलाई शक्तिले प्रहार गरिराख्यो। तन्को

उपकार गर्नाकन वैद्यहरूले विशल्यकरणी नाम औषधि लिन पठाया। मैले औषधि चिन्न सकेन र यो पर्वतसमेत ल्याएँ। अब तिमिले अनर्थ गरेउ, आजका दिनमा पुग्न नसक्या, लक्ष्मण बचाउन कष्ट भयो। अब कसो गरौं, तिमि को हौ भलाई सुनाउनुहुन्छ् भनि एस् प्रकारले हनुमानले कुरा गऱ्याको सुनि भरतले आँखाबाट आँसु चुहाई आज्ञा गऱ्या, हे हनुमान, म श्रीरामचन्द्रका भ्राता भरत हुँ। हा हा! मेरा भ्राता मूर्ख भैकन भलाई लैगयेन, भलाई लैगएको भया त्यो रावण आदि गरि लंकासमेत मेरा एउटा बाणले निर्मूल गरिदिन्थ्यु, निर्गति लक्ष्मणलाई लैजानुभयो र तेस्तो अवस्था भयो। हे हनुमान, अब कसो २ भयो विस्तार गरि भलाई सुनाउनुपर्छ भनि एस् प्रकारले भरतले आज्ञा भयो र हनुमानले पनि किष्किन्धामा बालि मार्‌याको कुरा समुद्रमा सेतुबन्धन गरि गयाको, कुम्भकर्ण आदि लंकामा राक्षसहरू सबै इन्द्रजित्‌समेत मार्‌याको कुरा सबै वृत्तांत गऱ्या। हे भरत, अब तिमिले भलाई विस्तार गरिराषनुभयो, अब कसो गरूँ, म जानाकन भन्या र ति कुरा सुनि भरतले श्रीरामचन्द्रलाई अयोध्याको समाचार चिठि लेखि हनुमानलाई सोंप्या। ताहाँपछि भरतले आज्ञा गऱ्या, हे वीर हनुमान, यो पर्वतको माथि तिमि बस भन्या र हनुमाले बस्या। ताहाँपछि भरतले आज्ञा भयो, हे हनुमान, मेरा भ्राता श्रीरामचन्द्रछेउँ मेरा भाषाले सेवा पुऱ्याईदिनुहुन्छ् भनिकन एउटा बाण लिया र त्यो पर्वत बाणका टुप्पामा उनिकन हनुमान पनि पर्वत पनि जौना जग्गामा श्रीरामचन्द्र लक्ष्मण सुग्रीव आदि बानरहरू बस्याका थिया तसै ठाउँ लंकामा पुऱ्याईकन बाण प्रयोग गरिलिया। एस् प्रकारले चाँडै लंकामा हनुमान पुग्न गया। धन्य भन्ना भरत पो हुन्, पर्वत बोकि ल्याउन्या हनुमानलाई एउटा बाणमा उनीकन लंकामा पुग्न्या गरि प्रयोग गर्नु सामर्थ, महावीर भन्ना भरत पो हुन् भनि एस् प्रकारले हनुमानले पर्वत बोकि ल्याएको देखि आकाशमा महाशब्दले आयाको देखि पर्वतले प्रहार गर्‌ला भनि डरले राक्षसहरू सबै भाग्या। महावीर वायुपुत्र हनुमानले पर्वत बोकि लैगिकन युद्धभूमिमा राख्या। ताहाँपछि हनुमानले श्रीराम सुग्रीवका चरणमा दण्डवत् गऱ्या, अंगद प्रमुख विभीषण आदि गरिकन सबै बानरहरूलाई यथाजोग्य कुशल वार्तादि नमस्कार गरिकन विन्ति गर्न लाग्या। हे परमेश्वर, श्रीरामचन्द्र, तपाईंका आज्ञाले जस्तै औषधि लिनाकन गयौं यो औषधि चिन्ह सक्यौंन र यो पर्वतसमेत ल्याएँ, गन्धमादन पर्वत मा देरै ठाउँमा घोज्न लाग्यौं, फेरि बाटामा अनेक उत्पात पनि भयो। हे श्रीरामचन्द्र, मायाले ऋषिरूप भैकन भलाई कपटले पुष्करिणीमा जलपान गराउन पठायो र ग्राहले भलाई मार्न

लाग्यो । त्यो ग्राह मुक्त भराई मैले अघिको जस्तै अप्सरा गरिदिया । फेरि कालनेमि राक्षससित युद्ध गरि मार्‍या, फेरि गन्धमादन पर्वतमा बस्याका गन्धर्वहरूले मलाई मार्न लाग्या, तिनहरू तीन् कोटि छन्, तिनहरूसित युद्ध गरिकन मैले मार्‍या, एस्कारणले अझिक् विस्तार भयो । हे श्रीरामचन्द्र, मैले चाँडै न्यायेन भनि तपाञ्जि अघसन्न नभयाजाबस्, मेराउपर क्षमा प्रसन्न गर्नुहबस्, फेरि, हे रघुनाथ, तपाञ्जिका भ्राता भरतले पनि म आकाशमार्गले आयाको वेलामा बाण प्रहार गरि राख्या, ति भरतले समस्त वृत्तान्त सुनिकन मलाई छाडिदिया, एउटा चिठि पनि दिई पठाया लिनुहबस् भनि हातमा सौंप्या । हे श्रीराम, अब विस्तार गर्नु नहबस् औषधिको चिह्न सुषेण वानरलाई देषाउनुहबस् भनि एस् प्रकारले विन्ति गर्‍या र श्रीपरमात्मा रामचन्द्र खुशी भैकन हनुमानको मुख हेरि मुसुक हाँसिकन आज्ञा भयो, हे वीर हनुमान, धन्य २ तिमि, महावीर भन्नु तिमिलाई पो हो । देवताले नशकन्या कर्म तिमिले गर्‍यौ, तिम्रासमान वीर यो पृथ्वीमा पनि दुर्लभ । हे वीरोत्तम हनुमान, अब यो पर्वत तिमिले ल्याई राख्यौ, यो पर्वतमा देवताहरू बस्याका छन् जाहाँ राघनु छैन भनि श्रीरामले आज्ञा गर्‍या । ताहाँपछि सुग्रीवले पनि आज्ञा गर्‍या, हे सौम्य हनुमान, धन्य तिमि तेस्तो बलले संयुक्त तिमि महाभाग्यमानी जसिको त्रैलोक्यमा पनि तिम्रासमान वीर छैन भनि नाना मान्य शिरो पाउ दिया । ताहाँपछि सुग्रीवले सुषेण वानरलाई भन्न लाग्यो । हे ससुर पिता, तिमिले औषधि लीकन लक्ष्मणलाई चाँडै उपकार गर्नुहबस् भन्या र सुषेण वानरले पनि सुग्रीवका आज्ञाले औषधि लिनाकन मन्धमादन पर्वतमाथि गया । धन्य २ हनुमान, एस्तो पर्वत ल्याउन्या तन्को समान वीर त्रैलोक्यमा पनि छैन, कस्तो पर्वत भन्या नाना वस्तुले संयुक्त गुल्मलता नाना फल पुष्प चन्दन अगुरु नाना केशर नाना सुगन्धले संयुक्त भयाका तेस्ता पर्वतमा हनुमानका प्रसंसा गरि औषधि हेर्दै २ माथि गया, तेस्तो पर्वतमा विशल्यकरणी औषधि लीकन चाँडै पर्वत बाट ब्रह्किन ति महावैद्य सुषेण वानरले लक्ष्मणका नाकमित्र औषधि हालिदिया । त्यो विशल्यकरणि औषधिको गन्ध सुँगि विसल्य भैकन शरीरमा रह्याका बाण आदि पनि तेस् औषधीका प्रभावले निस्कि निरोगि भै अघिको जस्तो देह भैकन लक्ष्मण उठ्नुभयो । एस् प्रकारले सुषेण वानरले औषधि गरिकन जन्मनजरक उठि बस्याको देखि श्रीरामका चित्तमा हर्ष भया, सुग्रीव प्रमुख विभीषणादि गरि समस्त वानरका पनि हर्ष भया र पृथ्वी सुद्धा फुल्याजै एकै तालले नाद गर्न लाग्या । ताहाँपछि श्रीरामचन्द्रले आज्ञा गर्‍या भया, हे भ्राता लक्ष्मण, जहाँ आ भनि हात समाईकन आपना काँधमा राखि चुम्बनादि गरि नेत्रबाट सुषका आँसु

बुहाई शिरमा घ्राणादि गरि मुसुक हाँसिकन आज्ञा गऱ्या । हे वीर लक्ष्मण, तिमि यमद्वार गै फिरि आउन्या तिमि भयौ, एसभन्दा अधिक सुख मलाई केहि छैन, धन्य २ हे भाग्य भनि एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गरिकन सबै वानरले पनि सुषेण वानरलाई पूजा गऱ्या । धन्य २ हनुमन्त, धन्य २ वैद्य भन्नु सुषेण वानर भनि श्रीरामचन्द्रले पनि पूजा गऱ्या, नाना वस्त्र प्रसाद दीकन कोमल वचनले आज्ञा गऱ्या, हे सुषेण वानर, तिम्रा कृपाले मेरा भ्राता सित वस्न पाएँ भनि नाना प्रकारले आज्ञा गरिकन समस्त वानरका पनि उत्साह भया र परस्पर अंकमाल गरि लक्ष्मणका मुख हेरि महाआनन्दले बस्या । श्रीरामचन्द्रले पनि महा आनन्दले नेत्र प्रकाश गरि महाआनन्दले रह्या । रघुवंशका वृद्धिमान गर्न्या श्रीराम लक्ष्मणका उत्साहमा वानरहरूले प्रशंसा गरिरह्या, कस्तो भन्या देवताहरूले इन्द्रका प्रसंशा गऱ्या जस्तो वानरहरूले गुण प्रशंसा गऱ्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे औषध्यानयनं नाम सर्गः ॥ ७३ ॥

७४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि रामका भ्राता लक्ष्मण स्वछन्दले आनन्द गरि बस्याको देखि वानरहरू सबै महाहर्षमान गरि नाद शब्द गरिकन गन्धमादन पर्वत-माथि गैकन हेर्न गया, नाना फल फूल मूल पाई शिरमा पुष्प लाई, अन्योन्य अंकमाल गरिकन वृक्ष चढ्किन अनेक प्रकारले खेल्न लाग्या । एस् प्रकारले वानरहरू पर्वतमा खेल्न लाग्याको देखि श्रीरामचंद्रले आज्ञा गर्नाकन लाग्या, हे मित्र सुग्रीव, जौना जग्गाबाट यो पर्वत ल्यायौ तसै ठाउँमा राखन पठाउ भनि एस् प्रकारले श्रीरामचंद्रले आज्ञा गऱ्या र सुग्रीवले आज्ञा गऱ्या, हे वीर हनुमान, यो पर्वत जहाँबाट तिमिले ल्यायौ तहिं राखन लैजाउ भनि एस् प्रकारको सुग्रीवका आज्ञा सुनि हनुमानले पनि सुग्रीवका आज्ञा जस्तै पर्वत लैजानाकन श्रीराम सुग्रीवका चरणमा दंडवत् गरि अंगद जांबुवानलाई पनि नमस्कार गरि बस्ले पनि संयुक्त भैकन हनुमानले पर्वत बोकिकन आकाशमार्गैले लैगया । तेस् बेलामा हनुमान आकाशमाथि गयाको देखि रावणले महावीर राक्षसलाई भन्न लाग्यो । हे तारजंघा,

सिंहवक्त्र,घटोदर, उल्कामुख, चन्द्रनेत्र, हस्तिकर्ण, तिमिहरू पनि सामान्य होईन। मायाले सर्वज्ञ बल पनि इन्द्रसमान तिमिहरू चाँडै गैकन आकाशमा पर्वत लीकन आउन्या हनुमान लाई समात्नुपछ। त्यो हनुमानलाई मार्न सक्या तिमिहरूलाई निको गरि शिरोपाउ मान्य दिंछु भनि एस् प्रकारका रावणको वचन सुनि राक्षसहरू पनि नाना चित्र विचित्र अलंकार लाईकन कवच कुंडलले भूषण गरि अनेक शस्त्र अस्त्र धारणा गरि चाँडै आकाशमार्ग मायाले गरि गया। कस्तो राक्षसहरू भन्या एक २ जना दिकपाल जस्तो नाना रत्न मायाले भूषण गरि आकाशमा पर्वत बोकि आउन्या हनुमान आउन्या ठाउँमा गैकन भन्या, हे वानर, तिमिले वानर रूप धारणा गरि, त्यो पर्वत काहाँ लैजानु लागिस्! तँ देवताहरूदेखि डराउनु पर्दैन कि! तँ क्या यक्ष कुवेर इन्द्र हो कि तैले त्यो पर्वत छाडछु भन्या ह्याड-तेरो जिउको माया भयादेखि, अहंकारले गर्व गरि जान्छु भन्या तँलाई निश्चयले गरि मारूँला भनि अब तैले कस्को स्मरण गर्न लागिस् स्मरणा गर भनि एस् प्रकारले राक्षसहरूले भन्या र महावीर पराक्रमी हनुमानले आज्ञा गऱ्या, हे महापुरुषहो, तिमिहरू छजना देवता हो कि! देवता भयादेखि छजना मात्र सित क्या युद्ध गर्नु! त्रैलोक्यका देवताहरू सबै आया पनि मसित युद्ध गर्न सामर्थ हुन्याछैनन्, मेरा बाहुबलले सबैलाई निर्मूल गरि मार्छु! म भया पनि श्रीरामचन्द्रका सेवक हनुमान पो हुँ भनि महाज्ञानी हनुमानले रावणको सेवक राक्षसहरूले भलाई तर्साउन आयो भनि चिताई दुई हातले पर्वत बोकि ति राक्षसहरूसित युद्ध गऱ्या, दुई गोडाले हानि, पुछरले हानिकन युद्ध गऱ्या। राक्षसहरूले पनि नाना शस्त्र अस्त्रले पनि प्रहार गऱ्या, कस्तो गरि भन्या काल र मृत्यु भया जस्तो अन्योन्यले प्रहार गरिकन युद्ध गऱ्या। तेस् वेलामा पापिष्ठ राक्षसले आफुमाथि प्रहार गऱ्याको देखि अत्यंत क्रोध गरिकन महावीर हनुमानले ति राक्षसहरू सबै पुछरले बाँधिकन आकाशमा झुंडाई राख्या, कस्तो भन्या! सुवर्णसूत्रमा नीलोत्पल गाँस्या जस्तो, पुछरले बाँधि झुंड्याईराख्या। तेस् वेलामा तारजंघा राक्षस एक जनामात्र यत्न गरि भाग्यो, पर शेष पाँच जना राक्षसलाई मार्या। ताहाँपछि महावीर हनुमानले पर्वत बोकिकन आकाशमार्गले गया। तेस् वेलामा हनुमानको पराक्रम देखि आकाशमा बस्याका देवताहरू धन्य भन्या, धन्य २ हनुमान भनि इन्द्रादि देवताले गंधर्व विद्याधर सिद्ध चारण ति सबैले भन्न लाग्या, हे हनुमान, धन्य २, तिमिले उग्र कर्म गर्नुभयो, तिमिबिना त्यस्तो उग्र कर्म गर्न कसैले सकन्या छैन, पर्वत बोकि आकाशमा बसिकन राक्षससित युद्ध गरि मार्नुभयो। तेस्तो कर्म देवताको पनि

सामर्थ छैन, धन्य २ तेस्ता पराक्रम भनि एस् प्रकारले आकाशमा वस्याका देवताहरूले हनुमानलाई गुण प्रशंसा गर्नुभयो। ताहाँपछि वायुपुत्र हनुमानले पापात्मा राक्षसहरूलाई मारिकन त्यो गंधमादन पर्वत आफुले न्यायाको ठाउँमा राखनुभयो। ताहाँपछि तारजंघा राक्षस महायत्नले भागि जान्या लंकामा गैकन रावणको चरणमा दंडवत् गरि रोईकन विंति गर्नलाग्यो, हे महाराज रावण, म एउटा मात्र यत्न गरि भागि आयाँ। हे रावण, ति हनुमानले गर्याको पराक्रम दुवै हातले पर्वत बोकि युद्ध गर्यो, नख दंत गोडाले प्रहार गरि हामिहरू छयै जनालाई पुछरले बाँधि आकाशमा झुँडाईराख्यो, तेस् वेलामा म यौटा मात्र यत्न गरिकन भागि आयाँ। तिनहरू पाँच जनालाई मारिकन पर्वत बोकि गयो। एस् प्रकारले तारजंघा राक्षसले रावणका अग्रमा विंति गर्यो र रावणले पनि हनुमानले राक्षसहरू मार्याको कुरा सुनि महाविषादले अति अद्भुत मानि भन्न लाग्यो, हा हा! कसो हुन लाग्यो, मैले मुख्य गरिराख्याका महा २ वलियो २ मायामा निपुण त्यस्ता २ सहाय सबै मारिदियो। अब मेरा सबै असक्य भनि एस् प्रकारले रावणले कुरा गरि त्यो हेरिकन बुद्धिमान् राक्षसहरूले पनि आफु २ कुरा गर्न लाग्या, कस्तो वीर वानर भनि, अवधूत कसो हुन्छ भनि राक्षसहरू त्रासमा परिरह्या, कस्तो भन्या दावाग्नि देखि पर्वत डरायाजँ सबै राक्षसहरू डराईरह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे तारजंघादि वधोनाम सर्गः ॥ ७३ ॥

७४

श्रीशिव उवाच—हें पार्वति, ताहाँपछि महावीर हनुमानले, गंधमादन पर्वत अघिको ठाउँमा राखिकन आकाशमार्गले फिर्नुभयो। त्यस् वेलामा आकाशमा वस्याका देवलोक, गंधर्वलोक, सिद्ध चारण, नागलोक, यक्ष, अप्सरा ति देवताहरूले पनि वीर हनुमानकन पूजा स्तुति गराई लंकामाथिवाट युद्धभूमिमा श्रीराम लक्ष्मण सुग्रीव वस्याका ठाउँमा पुगिकन श्रीरामका चरणमा दण्डवत् गरिकन वस्या, तेस् वेलामा हनुमानलाई देखि श्रीरामले आज्ञा भयो, हे हनुमान, तिमि फर्किआयाको देखि मेरा चित्तमा आनन्द भयो। वाटामा केहि भयो कि? गन्धमादन पर्वत लैगैकन फर्कि आउन्या तिमि यो समान आनन्द अरू केहि छैनन्। तिम्रा

कृपाले मेरा भ्राता लक्ष्मणसित वस्न पायो । हे हनुमान, कदाचित् लक्ष्मण नवाँच्याको भया मेरा सीता भया पनि जिउनु क्या प्रयोजन छ । हे हनुमन्त, एस्कारण तिमिले उद्धार गरिदिनु भयो । तिमिसमान सेवक मेरा कोहि छैन, निमिषार्द्ध मात्रैले फिराईकन राखि आउनु सामर्थ, तेस्तो वेगले फिरि आउनु वायुदेवता पनि सक्न्याछैनन्, तेस्तो वीर मेरा प्राणको भन्दा पियारो तिमि भनि एस् प्रकारले श्रीरामचन्द्रले हनुमानलाई गुण प्रशंसा गरि फेरि श्रीरामचन्द्रले सुषेण वानरका मुख हेरि, हर्षका आँसु काढि लक्ष्मणकाई आज्ञा भया । हे भ्राता लक्ष्मण, तिमिलाई पापिष्ठ रावणले शक्ति प्रहार गरिकन यमपुरि पुगिकन फर्कि आउन्या तिमि, तिम्रा पुनरजन्म भयो भनि त्यो हेरिकन मेरा चित्तमा यो समान सुख अरू केहि छैनन् । हे लक्ष्मण, तिम्रा प्राण त्याग भया मेरा जय भया पनि क्या प्रयोजन छ, लंका राज्य सीता भया पनि क्या प्रयोजन छ । हे लक्ष्मण, अब तिम्रा मुख देखिकन मेरा अति आनन्द भयो भनि एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा भयाको सुनि लक्ष्मणले पनि अति कोमल वचनले आज्ञा भयो । हे परमेश्वर श्रीरामचन्द्र, तपाईले प्रतिज्ञा गर्नुभयाको कार्य गर्नुभयाजास्त् । हे श्रीरघुनाथ, तपाई हुन्छ सत्यपराक्रम हुनुभयाका, फेरि तपाईले पूर्वकालमा आज्ञा भयाकोछन् रावणलाई मार्छु भनि अब ति प्रतिज्ञा पुऱ्याउनुहुन्नस् । हे श्रीरघुनन्दन, नीचले कुरा गऱ्याजैं कुरा गर्नु छैन, साधु जनका वाक्य कैल्हे पनि व्यर्थ हुनु छैन । हे प्रभु श्रीराम, तुच्छा मानिसका प्रतिज्ञा पो हुन् । एस्कारण तपाईले मेरा निमित्त वैराग्य गर्नु छैन, क्यान शोक गर्नुहुन्छ । हे ईश्वर श्रीराम, दैवले विपरीत गरि ल्यायो भनि प्रतिज्ञा गऱ्याको छोड्नुछैन, आफ्नु प्रतिज्ञा आफैले उद्धार गर्नुपर्छ । हे श्रीरामचन्द्र, संग्राममा तपाईले बाण प्रहार गर्नुभयापछि रावणले क्या सहन सकियेला निश्चयले मृत्यु होला, कस्तो भन्या सिंहनाद गरिकन हस्ति मार्न्याजैं रावणलाई मारिकन प्रसन्न भयाजास्त् । हे श्रीरघुनाथ, मैले पनि रावणकाई मार्न्याको हेरूँला भनि अति इछा भयो । आजका दिन सूर्य अस्तमान नहुँदैमा मार्नुहुन्नस् । हे श्रीरामचन्द्र, तपाईको बाण हुन्छ सूर्यरश्मि जस्तो, अंधकार हुन्छ रावण, त्यो अंधकार मार्नाकन हेर्नुहुन्नस् । मेरा चित्तमा अति हर्ष गरि हेरिरहन्छु भनि एस् प्रकारले महाज्ञानी लक्ष्मणले श्रीरामका अग्रमा विति गर्नुभयो । ति वचन सुनि श्रीरामचन्द्रले चिंतना गर्नुभयो, अब एस् पापात्मा रावण निश्चय मारूँला भनि उद्यम गरिरह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे रथ आगमनं नामाध्यायः ॥ ७५ ॥

७६

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि महाज्ञानी लक्ष्मणको वचन सुनि श्रीवन्त राम अधिबाट दुगुरिकन रावणमाथि महाभयानक २ बाण प्रहार गऱ्या। रावण पनि रथमा बसिकन अलिक भूमि फर्किकन मायाले संयुक्त भै उत्तम पाँग्रा मनवेगी अश्व रथयुक्त ध्वजा पताका प्रज्ञावन्त सूतनाम सारथि सुवर्ण अलंकारले संयुक्त रथमा बसिकन राक्षसेन्द्र रावणले पनि वज्रसमान बाणले श्रीराममाथि प्रहार गऱ्या, कस्तो गरि भन्या मेघले जलवृष्टि गऱ्याजैं शरवृष्टि गऱ्या। त्यो हेरिकन श्रीरामले पनि अत्यन्त क्रोध गरिकन अग्निसमान बाणले प्रहार गऱ्या। त्यस् वेलामा श्रीराम भूमिमा रावण रथमा बसिकन महायुद्ध गऱ्या। एस् प्रकारले अत्यन्त क्रोध गरिकन अग्निसमान ति २ जनाले युद्ध गऱ्या। त्यो देखि सबै देवताहरूले आज्ञा भयो, त्यो अन्याय युद्ध गर्नु अन्याय हो भनि देव किन्नर गन्धर्व यक्षादिले भन्याका कुरा सुनिकन इन्द्रले आफ्ना सारथिलाई आज्ञा गर्न लाग्या, हे मातरि, मेरा रथ चाँडै लैगीकन श्रीरामचन्द्रलाई राखिकन युद्ध गराउ भनि एस् प्रकारले आज्ञा भया र मातरिले पनि देवराज इन्द्रका आज्ञा जस्तै चाँडै रथ लैगया। ति रथ कस्तो भन्या दिव्य रथ सुवर्ण अलंकार गरिराख्याका, किंकिणी जालसंयुक्त, तरुणादित्यसमान, श्वेतवर्ण अश्व पनि सूर्यका रथको समान सुवर्णध्वजा तेस्तो उत्तम रथ इन्द्रको श्रीरामका निमित्तले स्वर्गबाट ल्याईकन मातरि सारथिले बिन्ति गऱ्यो, हे श्रीरामचन्द्र, इन्द्रले तपाइँकन यो रथ दीपठाउनुभयो। यो रथमा बस्नुभैकन पापात्मा रावणलाई चाँडै मार्नुहुन्छ भन्यो र त्यो रथ देखिकन श्रीराम पनि मुसुक हाँसिकन मातरिको मुख हेरिकन आज्ञा भया। हे मातरि, देवलोक प्रभृति इन्द्रले पनि महादयाले रथ दीपठाउनुभयो। त्यो रथमा तिमिले निको गरि मन्त्रना गर भनि आज्ञा गरिकन श्रीरामचन्द्रले रथ प्रदक्षिणा गरिकन रथमा बस्या। ताहाँपछि रावणले अत्यन्त क्रोध गरिकन घोर २ बाण वृष्टि गरिदियो, मातरिलाई पनि ध्वजामा पनि अनेक सहस्र २ बाण प्रहार गरिकन कालांतक यमजस्तो रह्यो। तेस् वेलामा आकाशमा बस्याका देव ऋषि नाग गन्धर्व किन्नर यक्ष राक्षस अप्सरा ति आदि सबैले श्रीरामको र रावणको युद्ध भयाको हेरिरह्या। तेस् वेलामा रावण राहु चन्द्रमा श्रीरामचन्द्र त्यो ग्रास गर्न लाग्यो, कस्तो भन्या चन्द्रमाका प्रिय रोहिणी नक्षत्र पनि सन्धि गर्न गयो, कयान भन्या प्रजाका अमंगल गर्न निमित्तले अनेक उत्पात भै आयो, समुद्र पनि परिवर्त्त भयो, धूम्रले सहित गरि दिग्दाह भयो। श्रीसूर्य पनि

पनि निस्तेज भयो, धूम्रकेतु पनि देषन पायो, कवंधाकार भै आयो, सूर्य्यछेउँ कौशल्यामा नक्षत्र ज्येष्ठा नक्षत्रले इन्द्र छाडिकन विशाखामा अंगार गयो । तेस् वेलामा दशग्रीव रावण मैनाक पर्वत जस्तो रह्यो । तेस्तो उत्पात भैरह्याका वेलामा त्रैलोक्यका कंटक रावणले श्रीरामलाई अल्मलाईराख्यो । रावणले प्रहार गरिरह्याको बाण ताहाँ श्रीरामले छल्न नसकि-रह्या, अनेक शस्त्रले पीडा गराई अलिक त्रास मानिकन रहन्या श्रीरामले चैतन्य गरि महा-क्रोध गऱ्या, कस्तो भन्या संध्याकालका वेलामा आकाशमा रक्तवर्ण भयाजस्तो महा-क्रोधले रक्तनयन गरि जाज्वल्यमान गरिरह्या, कस्तो गरि भन्या युगांतमा वडवानल जाज्व-ल्यमान भया जस्तो राक्षसहरू मार्नाकन वल्याको अग्निमा घिउ हालिदिया जस्तो क्रोधले अधिभन्दा दोवर वल निकासिकन परमात्मा श्रीरामचन्द्रले एस् प्रकारले क्रोध गऱ्याको देषि सवै देवता हर्षमान गरिरह्या । अव मात्र पापात्मा रावण मृत्यु हुन लाग्यो, निश्चय भयो भनि देवताहरू आनन्दले वस्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे रथ आगमनं नामाध्यायः ॥ ७६ ॥

७७

श्रीसदाशिव उवाच—हे पार्वति,ताहाँपछि श्रीरामले क्रोध गऱ्याको देषि सवै भूत प्राणिका पनि त्रासमान भया । पृथ्वीले पनि भारि बोकन सकेन र सिंह शार्दूल आदि पर्वत पनि फुट्या, सागर समुद्र पनि क्षोभ भयो, वडो शब्दले गर्जमान गरिकन मेघ पनि रक्तवर्ण भै रह्यो । नाना उत्पात अशुभ भयाको प्राणिहरूको भय भयाको देषि रावणका चित्तमा अति त्रासमान भयो । आकाशमा वस्याका इन्द्रादि देवगण गन्धर्व गरुड दानव आदिले श्रीरामको र रावणको प्रलय युद्ध भयाको देषिरह्या, श्रीरामले पनि रावणले पनि अन्योन्यले प्रहार गरिकन युद्ध गऱ्याको हेरिरह्या । तेस् वेलामा असुरगणले पनि भन्न लाग्यो, यो महाभयंकर उत्पात भयो, यो उत्पातले श्रीरामका जय हुन्स् भनि आज्ञा भया, यो उत्पातले रावणको नाश हुन्स् भन्या । एस् प्रकारले श्रीरामलाई देवताहरूले आशीर्वाद दिया र ताहाँपछि पापात्मा रावणले महाक्रोध गरि रक्तनयन गरिकन श्रीराम मार्नाकन कालस्वरूप त्रिशूल लियो ।

कस्तो त्रिशूल भन्या, इन्द्रका वज्रजस्तो अति तीक्ष्ण २ आफ्ना सेनाको निर्भय गर्न्या शत्रुको कालरूप भूत प्राणिलाई त्रासमान गर्न्या त्यो त्रिशूल । यमको कालदण्ड जस्तो त्यस्तो त्रिशूल काँधमा राखि राक्षस सेना पछि २ लाईकन रावणले पृथ्वी फुट्याऊँ नाद गरिकन त्यो शब्दले दशदिशा भाग पनि कम्पमान भयो । रावणले नाद गर्न्याका शब्दले अनेक भूत प्राणिका पनि त्रास भयो, सागर समुद्र पनि क्षोभ भयो । तेस् वेलामा त्यो उत्पात भयाको देखि ऋषि-हरू सबैले भन्न लाग्या, लोकको कल्याण हवस् रावणको नाश हवस्, श्रीरामको जय हवस् भन्या । ताहाँपछि रावणले त्यस्तो त्रिशूल लीकन श्रीरामकन भन्न लाग्यो, हे राम, यो वज्रसमान त्रिशूल सामान्य होईन, मैले क्रोध गरिकन तँलाई प्रहार गर्छु, त्यो त्रिशूलले तेरो पनि लक्ष्मणको पनि प्राण लेला । तँ पापात्माले मेरा राक्षसहरू सबै महा २ शूर २ वीर २ सबैलाई मारिदियो । ति राक्षसहरू मारिशक्यौं भनि तैले गर्व गरिस्, हे मूर्ख, अब यो त्रिशूलका द्वारले तोलाई यमद्वार पठाउँछु । अब यो तैले मारिसक्याका राक्षसहरूका स्त्रीहरूको आँसु पुछिदिउँ भनि एस् प्रकारले रावणले क्रुरा गरिकन कालस्वरूप त्रिशूलले श्रीरामलाई प्रहार गर्न्यो । त्यो त्रिशूल आकाश सुद्धा ग्रास गर्छा भन्या जस्तो आयो । त्यो हेरिकन श्रीरामले तीक्ष्ण २ वाणले प्रहार गरिकन त्रिशूल आउन नशकन्या गरिराख्या । कस्तो भन्या युगांतक-का अग्निले सन्सार दग्ध लाग्याको वेलामा इन्द्रले जलवृष्टि गरिकन दियाऊँ त्यो त्रिशूलले श्रीरामका वाण सबै दग्ध गरिदियो । कस्तो भन्या अग्निमा पतंग जाई पर्न्याऊँ श्रीरामका वाण सबै खण्ड २ गरिकन श्रीरामतिर हेरि आयो । एस् प्रकारले आयाको देखि श्रीरामले पनि अत्यन्त क्रोधले रक्तनयन गरि मातरिले न्यायाको शक्ति लीकन, कस्तो शक्ति भन्या चतुर्घंटा संयुक्त त्यो शक्तिका तेजले आकाश सुद्धा दीप्तमान भयो । युगांतकको काल जाज्व-ल्यमान भयाजस्तो तेस्तो इन्द्रको शक्ति लीकन श्रीरामले रावणको त्रिशूल खण्ड २ गरि पृथ्वीमा खसालिदिया । फेरि वज्रसमान वाणले रावणको शिरमा प्रहार गरिकन फेरि घोड़ाका मर्म २ स्थानमा ताकि प्रहार गरिदिया । ताहाँपछि सर्वांग रक्तमय भयो कस्तो भन्या, वसन्त समयमा पर्वतविषय पलासको फुल फुल्याऊँ अति शोभा भैरह्यो । त्यो हेरिकन वानरहरू सबैले महाहर्षमान गरिकन नाद गर्न्या भनि श्रीमहादेवले पार्वतिकन सुनाउँदा भया ।

॥ इति श्री अध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे कल्लोल युद्ध नाम सर्गः ॥ ७७ ॥

७८

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामले पराक्रम गरि बाण प्रहार गऱ्या र राक्षसेंद्र रावणले पनि अत्यन्त क्रोधले रक्तनयन गरि तीक्ष्ण २ बाण श्रीराममाथि प्रहार गऱ्यो, कस्तो गरि भन्या नील मेघले जलवृष्टि गऱ्याजैं एस् प्रकारले रावणले शस्त्र प्रहार गरि दियो र पनि श्रीरामका केहि व्यथा भयेन। त्यस् वेलामा रावणले प्रहार गऱ्याको शस्त्र सबै श्रीरामले खंड २ गरिदिया, कस्तो गरि भन्या श्रीसूर्यका तेजले अन्धकार नाश गऱ्याजैं। त्यो हेरि रावणले पनि महाक्रोध गरिकन क्षिप्रहस्तले श्रीरामका उरस्थलमा सहस्र २ बाण प्रहार गऱ्यो। त्यो बाण लागि श्रीरामका शिरबाट रक्तधारा बह्यो, वनान्तरमा वसन्त ऋतुका समयमा पलासको फुल फुल्याजैं एस् प्रकारले आफ्ना शिरमा बाण लाग्याको देखि श्रीरामले पनि अत्यन्त क्रोध गरि महावेगवन्त बाण लिनुभयो। त्यो बाण कस्तो छ भन्या युगान्तका आदित्यको जस्तो तेज त्यो बाण लीकन महाक्रोधले रक्तनयन गरिकन रावणमाथि प्रहार गऱ्या, रावणले पनि क्रोध गरिकन श्रीराममाथि प्रहार गऱ्यो। दुवै जनाले बाण वृष्टि गरि दुवैलाई बाण जालले छोपि अन्धकार भैकन परस्पर चिन्ह पनि सकेनन्। तेस् वेलामा बाण-जालले छोपि रह्याका श्रीरामचन्द्र बाणजालबाट बाहिर निस्क्यो, कसो गरि भन्या बादलबाट श्रीसूर्य निस्क्याजैं श्रीरामचन्द्र निस्किकन अत्यन्त क्रोध गरि दशरथ राजाका पुत्र श्रीरामचन्द्रले अति कोमल वचनले भाज्ञा भयो, हे राक्षसाधम रावण, मेरी स्त्री सीता निरजन स्थानमा एक्ली बस्याकी तैले चोरि लगीकन लंकामा राखिस्। हे पापिष्ठ, तैले गऱ्याको पापले तेरो राज्यको राक्षस सबै मृत्यु भयो, अब तेरो बाण पनि जान लाग्यो। हे निर्लज्जा अधर्मि, तेस्तो शूरो तँ, म नभयाका वेलामा दुःखित वदन गरिरहन्या तेस्ता अवला सीता चोरि ल्याईकन दुःख दीराख्यो। यौटी स्त्री चोरि लैगीकन आफु शूरो भनि ठानिस्, सरम नभयाका सज्जनको कर्म छाडि कुकर्म गर्या, पुरुष नभयाको वचत हेरि अनाथ स्त्री जाति चोरि लैगेर साहस गरि राख्या तँ! हा हा! तेस्तो कातर कर्म गरिकन तैले आफु शूरो भनिठानिस्। हे राक्षसाधम, आफु मृत्यु हुनाकन आफैं पोज्न्या तँ, तैले ठुलो कर्म गऱ्याको फलले निरापराधी आफ्नु जाति गोत्र कुटुम्बादिलाई पनि मृत्यु गराईस् धन्य २। यशस्वी वनमा रहन्या एकाकिनी स्त्री चोरि ल्याउन सक्न्या तँ, एस्कारण आफ्नु अहंकारले ठुलो भनिठानि हिंड्न्या तँ! हे रावण, मायाले मृगरूप गरि पठाई आफु एकातिर लुकिरहिकन कपटले चोरि लगिस्, तेस्तो हो तेरो पराक्रम, अयोग्य

कर्म गर्न्या धिक्कार हो, तेरो जन्म पुलस्त्यको जातमा वश भैकन चौरवृत्तिले परस्त्रीहरण गर्न्या तँ, तेरो कर्मले लंकाको राक्षस सबै नाश गराईस् । एस्कारण सबैले चांडाल भनाई, निन्दा गराई हिंड्न्या तँ, हे पापात्मा, कस्ले तेरो यशकीर्ति वर्नना गर्नन् ! जुन् दिनमा तँ पापात्माले निरापराधी सीता चोरि लैगिस् तसै दिनदेखि रातदिन मलाई नींद पनि लागेन, क्यानभन्या तेरो दशवटा शिर छेदन गर्नानिमित्तले एति मात्र मैले चिन्तना गरिरह्याँ । अनेक दिन पनि बितिगयो, अब पो मेरा हातमा परिस् तँ, तेरो शिर छेदन गरि मेरा दुःख शान्त गरूँला, तँ पापात्माको निन्दा कर्मका फलले फल पूर्ण गर्ला । हे दुर्मति, म भया पनि तेरो अग्रमा बसिरह्यौ तैले आफू आफैं शूरो भनि चिन्तना नभर् तेरो लज्जा छैन, पुरुष नभयाका वेलामा स्त्रीजाति चोरि लैजान्या तँ असै वेलामा सीता लैगयाको मैले देख्या चाँडै तँलाई यमद्वार पठाई दिन्यूँ । हे दुर्बुद्धि रावण, उस् वेलामा तँ पापात्मालाई फेला पारेन, आज पो फेला पार्यौं । अब मेरा दृष्टिगोचरमा पर्न्या तँ तीक्ष्ण बाणले प्रहार गरिकन चाँडै यमद्वार पठाईदिउँला । हे पापिष्ठ रावण, मेरा बाणको वेग सामान्य होईन, तेरो उत्तम कुण्डलसहित शिर छेदन गरि पृथ्वीमा लटाई राखुँला, गृध्र आदि पंछि सबैलाई तेरो मासु खुवाउँला, मेरा बाणले प्रहार गरिराख्याको तेरो शरीरमा आन्द्रा भुँडि गृध्रादि तेरो शरीरबाट झिकाईकन खिस्याउँला, कस्तो गरि भन्या गरुडले सर्प खिस्याई लैगयाजैं भनि एस् प्रकारले शत्रु संहार गर्न्या श्रीरामले रावणलाई वज्र वचनले प्रहार गरिकन आज्ञा भया । ताहाँपछि रावणमाथि अनेक बाण वृष्टि गर्न्या । श्रीराम क्रोध भैकन गुण तेज बल हर्ष पनि वृद्धि भै आयो, मन्त्र विद्या पनि प्रकाशमान भैकन आफू आफैं मूर्ति धारणा गरि शस्त्र अस्त्रमा गया । तेस् वेलामा चाँडै २ श्रीरामले प्रहार गर्न्या त्यो दृढ प्रहार भयो । सुस्त २ प्रहार गर्न्या पनि महावेगले प्रहार गर्न्यो, श्रीरामले चाँडै बाण प्रहार गर्नुभयो । तेस् वेलामा रावणलाई नाश गर्न्यानिमित्त श्रीरामका जय गर्नाकन अनेक शुभ चिन्ह भै आया । ति हेरिकन शुभ भयो भनिठानि श्रीरामचन्द्रले हर्षमान गरिकन रावणमाथि अनेक शर वृष्टि गर्न्या, वानरहरूले पनि पाषाण प्रहार गर्न्या र रावणको चित्तमा त्रासमान भयो । त्यस् वेलामा रावणले युद्ध गर्नु पनि नसक्याजैं भयो, आफूले प्रहार गर्न्याको बाण सबै व्यर्थ भयो, धनु पैंचनु असामर्थ भै तेज पनि हीन भयो, विह्वल चित्त भैकन नाना शस्त्र प्रहार गरिकन पनि केहि चलाउन सकेनन् । त्यो हेरिकन आफ्नु सारथिले रावणको मुख मलिन भयाको देखि महाज्ञानी सारथिले रावणको रथ फिराईकन लैगयो । तेस् प्रकारले सारथिले रावणको रथ फिराई लैगयाको देखि रावणको मनमा दुःख जस्तो क्रोध गरि संग्राम

गर्नु असामर्थ भैकन उघो मुख गरिरह्या भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

॥ इति श्री अध्यात्मरामायणे उमामहेश्वर संवादे लंकाकांडे रथप्रत्यागमनं नामाष्टमोऽध्यायः ॥ ७८ ॥

७९

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि दैवले विपरीत गरिल्यायाका रावणको चित्तमा मोह उत्पत्ति भयो र तेस् वेलामा सारथिले रथ फिराईल्यायो र रावणले क्रोध गरि भन्न लाग्यो, हे सूत, दुर्बुद्धि मलाई हास्य हुन्या काम कयान गरिस्, मेरो तेज वल पराक्रम पनि हीन भयाको जस्तो गरि, मेरो शस्त्र अस्त्रको पराक्रम पनि व्यर्थ गरि फचित गराई कयान रथ फिऱ्याईल्याईस् । तेरो मनमा क्या ठानि फिराईस्, मेरो शस्त्र अस्त्रको वल नदेखि, प्रत्यक्ष शत्रुको अग्रमा मकन काफर तुल्याई रथ फिऱ्याई ल्यायो । हे सूत, मैले चिरकालदेखि संग्रह गरिराख्याको वल पराक्रम चाँहै व्यर्थ गरिदिईस् । हे सूत, तैले मलाई कातर गरायो, प्रत्यक्ष शत्रुलाई पराक्रम गरि संतुष्ट गर्न्या वेलामा रथ फिऱ्याई ल्याईकन कातर जस्तो गरायो । हे पापात्मा दुर्बुद्धि, मेरा मनमा ता तैले कुकर्म गऱ्यो भनिठान्यौं, अथवा शत्रुले तोलाई गुप्तले केहि लोभ देषायार हो कि, सुहित जनका मर्यात तेसो गर्नु छैन । तेरो चित्तमा क्या भयो, शत्रुको अग्रमा कयान एस्तो गरिस्, कसै भयो पनि तैले मछेउँ द्रोह गरिस्, एतिसंम गऱ्या-पछि अब क्या गरूँ । हे सूत, अब एसै वस्तु होईन, राम नफिर्दैमा चाँहै रथ चलाउ भनि एस् प्रकारले राक्षसेन्द्र रावणले भन्याको वाक्य सुनि रावणको हित भैरहन्या सारथिले पनि विंति गर्न लाग्या । हे महाराज रावण, सुन्नुभयाजावस्, तपाञ्चिले गुण अगुण विचार नगरि-कन कयान तेसो आज्ञा गर्नुभयो । हे महाराज, म जड होईन, शत्रुले लोभ देषायाको पनि होईन, अहंकारले फिऱ्याई ल्यायाको पनि होईन, कयानभन्या यश-कीर्ति गर्नाका निमित्तले फिऱ्याई-ल्यायाको हो । तपाञ्चिसित स्नेहभाव गरि रथको गुण अगुण विचार गरिकन पनि फिराईल्यायाको होईन, तपाञ्चिका मंगल गर्नाकन यो ल्यायौं, अब तपाञ्चिछेउँ ननिको भयो । हे महाराज, सारथि-को गुण हेर्नु कसो भन्या रथिको अवदा हुन लाग्यामा सारथिले रथ रक्षा गर्नुपर्छ, एतिका

निमित्तले मैले रथ फर्काई ल्याएँ । हे राजेंद्र, मैले मर्यात जस्तो तपाईंको सेवा गर्‍यौं, तपाईंले रथ फिर्‍याईल्यायो भनि अप्रसन्न भया नजानुस् । हे लंकेश्वर, क्या निमित्त फिर्‍याई ल्यायो भन्या विस्तारले विन्ति गर्छु सुन्नुहुनुस् । तपाईंले युद्ध पराक्रम गराउनाकन फिर्‍याई ल्याएँ, तपाईंका परिश्रम भयाको देखि फिर्‍याई ल्याएँ । हे महाराज रावण, संग्राम गर्नुभयाको वेलामा नाना उपद्रव उत्पात भय भयाको देखि फेरि तपाईंको मुख मलिन भयो, घोडा पनि निस्तेजले ल्यायाको देखि ल्यायौं । हे महाराज, तेस् वेलामा नाना अशुभ भै आयो र फिर्‍याई ल्याएँ । हे महाराज, सारथिले तेस् वेला जान्नुपर्छ, दुःख हर्ष पनि विचार गर्नुपर्छ । हे राजन् , सारथिले शत्रुका सारथिको बुद्धिबल यो पनि याद गर्नु–निम्न सम विषम भूमि हेर्नुपर्छ । त्यो हेरिकन सारथिले रथ चलाईकन युद्ध गराउन लाग्यो, शत्रुको प्रहार देखि सारथिले रथ लैजानु । हे महाराज, एतिका निमित्तले सबै हेरिकन रथ फिर्‍याई ल्यायौं । जुन् रथि उसैले पनि जान्नु पर्छ,उपयान स्थान रथको अधिपछि वषत् २ मा हेर्नुपर्छ । हे लंकेश्वर, क्यानभन्या तपाईं पनि थाक्याको देखि, घोडाका तेज पनि हीन भयाको देखि अलिक थकाई मारिकन संग्राम गराउँला भनि चिताई मैले रथ फिर्‍याई ल्यायाको हो । मैले उपकार गर्‍यार पनि तपाईंका मनमा अपकार भयो, डरले फिराई ल्यायाऊँ भयो । हे राजेंद्र, अब एत्तिसम्म भयाको ठाउँमा चित्तमा विषाद नगर्नुहुनुस् , विशेषले घोडा पनि थकाई भन्यो, एस्ता ठाउँमा शत्रु मार्नाकन चित्त दृढ गरि काल वेलाको मर्यात जस्तै जस्तै गर्नुपर्छ तस्तै गर्नुभयाजानुस् । मैले पनि चाँडै रथ चलाई लैगीकन सारथिको गुण देखाउँछु तपाईंले पनि बुद्धि गराईकन, बल पराक्रम सबै निकासिकन युद्ध गर्नुभयाजानुस् भनि एस् प्रकारले गुणज्ञ सारथिले रावणको अग्रमा नाना प्रकारले विन्ति गर्‍यो र त्यो वचन सुनि रावणको मनमा अत्यन्त संतोष भैकन भन्न लाग्यो । हे सूत, तैले गर्‍याको ठुरा सबै हुन्छ, धन्य २ सारथिका सबै गुणले संयुक्त तिमिसमान सेवक मेरा कोहि छैनन् । हे सूत, तैले भन्याको जस्तो एसै वस्तु होईन, जौना जग्गहमा राम लक्ष्मण वानर सेना बस्याका छन् तसै जग्गहमा मेरो रथ चाँडै लैजा, शत्रु समसित जोधा गरि बस्याका वेलामा रथ फिराई नल्याउनु भनि एस् प्रकारले रावणले सूतलाई भनि चित्तमा हर्षमान गरिकन आफ्नु हातमाको सुनका कडा सारथिलाई दियो । त्यो सूतले आफुलाई प्रसाद दियाको देखि हर्षमान गरिकन प्रलयकालमा मेघले

गर्ज्याको जस्तो रथका घोडा शब्द गराई जौना ठाउँमा श्रीराम लक्ष्मण, वस्याका थिया तसै ठाउँमा रथ लैगयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे सूतोपाख्यानं नामाध्यायः ॥ ७६ ॥

८०

श्रीशिवोवाच—हे पार्वति, ताहाँपछि राक्षसेन्द्र रावणले राक्षससैन्य पछि २ लाई, आयाको देखि जगद्व्यापि श्रीरामले आज्ञा गऱ्या, हे वानर, हेर २ रावणको रथ फेरि ल्यायो, कस्तो भन्या प्रलयकालमा मेघले गर्ज्याको जस्तो गर्जमान गरिकन कालो घोडा जोरिराख्याका बिजुलि जस्तो तेज आकाशमा विमान वायुले उडाई ल्याया जस्तो, रथ पनि मेघसमान, सबै शस्त्र अस्त्र संयुक्त गरि मेघले जलवृष्टि गऱ्याझैं शस्त्र प्रहार गरिकन कस्तो रथ भन्या महामेघसमान तेजले संयुक्त तेस्तो रथ आफना अग्रमा ल्यायाको देखि श्रीरामले देवराज इन्द्रको सारथि मातलिलाई आज्ञा भयो । हे मातलि, हेर २ पापात्मा रावण यमराज क्रोध भयाझैं क्रोध गरिकन रथ चलाई ल्यायो, कस्तो गरि भन्या पर्वतमाथि वज्र प्रहार भैकन पर्वत फुटयाझैं रथ शब्द गरिकन आयो । हे मातलि, अघि फिराई लैग्यो र अब महा-वेगले ल्यायो, अरू कारणले ल्याया को होईन, संग्राममा युद्ध गरिकन प्राणत्याग गरूँला भनि, चिताई रथ ल्यायो । तिमिले पनि हर्षमान गरि रथ चलाउ, सारथिको मर्यात, सबै तिमिले जान्याकै छ, तिमिकन सिकाउनुपर्न्या होईन । हे मातलि, त्रैलोक्यको कंटक पापात्मा रावण-लाई मारूँला, कस्तो गरि भन्या वायुले उडाई मेघ नास्याझैं मारूँला । हे मातरि, दृढ चित्त गरि केहि त्रासमान नगरिकन धैर्य गरि घोडाछेउँ चित्त राखि, अघि पछि हेरिकन, रथ चलाउ । हे मातरि, तिमि पनि सामान्य होईनौ, देव इन्द्रका सारथि भैरह्याका तिमि-लाई मैले सिकाउनुपर्दैन, मैले एक चित्त गरि युद्ध गरूँला भनि एस् प्रकारले सर्वज्ञ श्रीरामचन्द्रले सारथिलाई आज्ञा गऱ्या र सारथिले पनि श्रीरामका आज्ञा सुनि मनमा हर्षमान गरिकन; सारथिमा श्रेष्ठ मातरिले रथ प्रदक्षिणा गरिकन रथ चलायो, कस्तो गरि भन्या कालमेघले गर्ज्याझैं जाज्वल्यमान अग्निजस्तो पृथ्वीसुद्धा कंपमान गराई रथका पांग्राको

शब्दले दश दिशा भागमा व्याप्तमान गराई धुलोले रावणलाई छोपाई लैगया। त्यो हेरिकन राक्षसेन्द्र रावणको मनमा अत्यन्त क्रोध भयो र रक्तनयन गरि इन्द्रले दीपठायाको धनु र बाण लिंदा भया, कस्तो धनुर्बाण भन्या श्रीसूर्यका जस्तो तेज, कालसर्पले स्वास राख्या जस्तो, निश्वास रापिरहन्या तेस्ता महाबाणले रावणमाथि प्रहार गरिकन युद्ध गऱ्या, कस्तो गरि भन्या दुई मेघमंडल बायुले, उडाई ल्यायाजैं। तेस् बेलामा आकाशमा रहन्या, देव गंधर्व, दानव सिद्ध चारण ऋषि प्रभृतिले युद्ध हेरिकन भन्न लाग्या, यो संग्राममा रावणको नाश हवस्, श्रीरामको जय हवस् भनि देवता सबैले कुरा गरिकन श्रीरामको र रावण दुई जनाको युद्ध गऱ्याका हेरिरह्या। तेस् बेलामा दुवैले अन्योन्य प्रहार गऱ्यार प्रलय युद्ध गऱ्या, त्यो युद्ध हेरिरहन्या सबै महाडरले त्रास मानिरह्या। तेस् बेलामा दुवै जना अन्योन्यले जयले संग्राम गरि युद्ध गऱ्या, शस्त्रले शस्त्रलाई प्रहार गऱ्या, आशीविषसमान बाण दुवै जनाले प्रहार गरिकन आकाशमा बाणजालले छोपिकन भयानक रणभूमि भैरह्यो। श्रीरामको र रावणको युद्ध भयाको उपमा दिनु पनि केहि छैन। एस् प्रकारले अन्योन्यले जय बांछा गरि युद्ध गऱ्या, कस्तो गरि भन्या संसार नाशिन्या बेलामा रावणकन नाश अर्थले महाउत्पात भयो, भयानक उत्पात श्रीरामका जय गर्नानिमित्त, रावणलाई संहार गर्नानिमित्त इन्द्रले उत्पात गरिदिया। क्या उत्पात भन्या रावणको रथमा रगत् वृष्टि गरिदिया, फेरि रावणको रथका ठाउँमा बामावर्त्तले ठुलो बायु घुमिरह्या, फेरि गृध्र आदि मांसाहारी पंक्षि सबै रावणको शिरमाथि मंडलाकार गरिरह्या, लंका राज्य पनि जपापुष्पको जस्तो वर्ण भैरह्यो, दिग्दाह भयो, पृथ्वीमा निर्घातले उल्कापात भैकन महाशब्दले उत्पात भयो, त्यो शब्दले राक्षसहरूको त्रासमान भयो। अवउप्रान्त क्या क्या हुनलाग्यो भनि चिंतना गरिरह्या, रथमा पनि नाना उत्पात भयो, पृथ्वी पनि कंपमान भैकन रावणको रथ निस्तेज भैगयो। तेस् बेलामा श्रीराम-माथि प्रहार गर्न लाग्दामा रावणको हात पनि बडो भारि भैरह्यो, निष्फ प्रयोग भैकन गयो। रावणका मुखमा श्रीसूर्यको तेज लागि, नाना वर्ण धूम्रवर्ण श्वेतवर्ण तेस्ता २ वर्ण रावणको मुख देखियो, कस्तो भन्या पर्वतविषये धातु रह्याजस्तो। फेरि रावणका अधिपति गृध्र घुमि २ रह्या, ति गृध्रहरूले रावणको मुख हेरि २ कराई हिंड्या, रथका अग्रमा पनि जंबुकहरू पनि रावणको मुख हेरि कराया, फेरि अनेक गृध्र आदि पक्षिहरू रावणका आँखा छोप्न्या गरि २ माथि घुमिरह्या, मांसाहारी पंक्षिहरू सबैले राक्षसहरूका मांस खान पायुँ भनि महा-हर्षमानले कराई रह्या, रावणको पनि युद्ध गर्न सामर्थ नभैकन उसै अडमलिकन रह्यो। फेरि

विपरीतले वायु आईकन धुलाले रावणको रथ छोपि आँधाले देषन पायेन र युद्ध गर्न नसकिकन रह्यो । फेरि पृथ्वीमा अनेक वज्रपात भयो, विनाशब्दले वज्रपात भयो । दिनरात्रि चिन्ह कुँदैनन् र अंधकार जस्तो भयो । रावणका रथको अग्रमा अनेक कुपंछि वस्न आयो, महा २ भयानक राक्षसहरू मृत्यु भयो र अनेक कवंध उत्पत्ति भयो । रथको घोडा पनि सबै भाग्या । महा २ भयले ग्रासमान गरिकन राक्षसको मति हीन भयो । एस् प्रकारले पापात्मा रावण मृत्यु गराउनानिमित्तले इन्द्रले महा २ उत्पात गरिकन श्रीरामका मंगल गर्नानिमित्तले नाना प्रकारले मंगल भै आयो । त्यो मंगल हेरिकन श्रीरामले आफना जय भयो भनि चित्तमा हर्षमान गरिरह्या, रावणको अमंगल भयो भनि महाहर्षले श्रीरामका वल पराक्रम तेज अधिको भंदा दोवर भै आयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे निमित्ति दर्शनं नाम सर्गः ॥ ८० ॥

८१

श्री शिव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचंद्रले आफना मंगल भयाको देषि महाहर्षले युद्ध गर्नाकन लाग्या । कस्तो गरि भन्या हृषभ जुन्याजैं, काल र मृत्यु जुन्याजैं एस् प्रकारले श्रीरामको र रावणको युद्ध भयाको देषि राक्षससेना सबैले शस्त्र लीकन रह्या, वानर सेनाले पनि शिला वृक्ष लीरह्या । दुवै पक्षले शस्त्र अस्त्र लीकन राक्षसले रावणको मुख हेरि, वानरसेनाले पनि श्रीरामका मुख हेरिरह्या । दुवै पक्ष कस्तो गरि रह्यो भन्या भित्तामा लेष्याको प्रतिमा जस्तो गरि रह्या । श्रीरामले पनि रावणले पनि प्राणको माया मारिकन युद्ध गर्न्या । तेस् वेलामा रावणले क्रोध गरिकन श्रीराम राजगर्नुभयाको इंद्रको रथ-ध्वजामा वाण प्रहार गर्न्यो, ध्वजामा वाण लागि व्यर्थ भैकन वाण पृथ्वीमा पस्यो ध्वजा केहि भयेन । त्यो हेरिकन श्रीरामले पनि अत्यंत क्रोध गरिकन प्रकृति कर्म गर्छु भनि चिताई श्रीरामले रावणको ध्वजा खंड २ गरि खसालिदिया, कस्तो भन्या वज्रपात लागि तालवृक्ष ढल्याजैं रावणको ध्वजा खस्या । एस् प्रकारले आफनु ध्वजा भाँचिदियाको देषि रावणले पनि अत्यंत क्रोध गरिकन अनेक वाण वृष्टि गरिदिया, फेरि श्रीरामका घोडामाथि वाण प्रहार गरिदियार घोडाको तेज वृद्धि

भयो, व्यथा केहि भयेन, स्वछंद रूप भयो । एस् प्रकारले, श्रीरामका घोडा माथि बाण प्रहार गऱ्यो र पनि केहि नभयाको देषि रावण क्रोध गरिकन श्रीराममाथि अनेक शस्त्र अस्त्र प्रहार गरिदियो, गदा परिघ चक्र मुशल तोमर अर्धचंद्र मुद्गर भुशुंडि, ई सबै मायाले बनाई प्रहार गरिदियो । तेस् वेलामा रावणको चित्त विह्वल भैकन श्रीरामलाई छाडि वानरसेनामा जाईलाग्यो, अनेक शस्त्रले वानरलाई प्रहार गरिकन त्यो शस्त्रले पनि वानरलाई केहि भयेनन् । त्यो हेरिकन रावणले अत्यंत क्रोध गरि श्रीरामकन मार्नु निश्चय गरि, आशीविषबाण सहस्र २ ले प्रहार गऱ्यो । एस् प्रकारले राक्षसेंद्र रावणको बाणले आफुमाथि घोडा सारथि सैन्यलाई पनि बाण प्रहार गऱ्याको देषि जगत्व्यापि श्रीरामचंद्रले अत्यंत क्रोधले रक्तनयन गरि रावणको बाण आकाशमा खंड २ गरिदिया, फेरि श्रीरामले सहस्र २ बाणले प्रहार गर्नुभयो र आकाश दुइ खंड भयाको जस्तो भयो । त्यो हेरिकन रावणले पनि प्रहार गऱ्यो, रावणको बाण जति प्रहार गऱ्याको सबै निस्फल भयो, दुवैले चाँडै २ प्रहार गरिकन युद्ध गऱ्या । तेस् वेलामा रावणले श्रीरामका घोडामाथि तीक्ष्ण बाणले प्रहार गरिदियो । त्यस् प्रकारले श्रीरामले पनि रावणले पनि बाण जालले छोपिकन युद्ध गऱ्या र तेस् वेलामा श्रीरामले रावणको ध्वजा बाणले प्रहार गरिकन खसालिदिया । त्यो हेरिकन वानर सबैले पृथ्वी फुट्याऊँ महाशब्दले नाद गऱ्याका शब्दले वानरसेनाले राक्षससेनामा त्रासमान गरिरह्या भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो ।

॥ इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे ध्वजमथनं नामाध्यायः ॥ ८१ ॥

८१

श्री शिव उवाच—हे पार्वती, ताहाँपछि श्रीरामको र रावणको महायुद्ध भैकन सबै भूत प्राणीहरू त्रासमान गरिरह्यो । श्रीराम पनि रावण पनि रथमा बसि क्रोध गरिकन अन्योन्यले मार्न इछाले युद्ध गऱ्या, फेरि अनेक प्रकारले मंडलाकार गरि युद्ध गऱ्या र तेस् वेलामा सारथि-ले आफ्नु गुण प्रकाश गरि देषायो । दुवै सारथि बरोबर, तेस् ठाउँमा श्रीरामले रावणलाई

पीडा गराउनुभयो र रावणले श्रीरामलाई पीडा गरि एस् प्रकारले महाक्रोधले दिग्गज कराया जस्तो सिंहनाद गरिकन नाना प्रकारले चक्र घुम्याऊँ घुमिकन युद्ध गराया, परस्पर मुख हेरिकन दाँत किटकिटाईकन काल र मृत्यु जस्तो पृथ्वीले भार बोकन नसक्याऊ युद्ध गऱ्या, फेरि घोडा-सित घोडा सारथिसित सारथि युद्ध गऱ्या । तेस् वेलामा श्रीरामचंद्रले चारवटा बाण लीकन रावणको घोडामाथि प्रहार गऱ्या । त्यो प्रहारले रथ फिराईकन लैगयो । त्यो हेरिकन रावणले अत्यंत क्रोध गरिकन श्रीरामलाई पनि मातलिलाई प्रहार गऱ्यो, त्यो बाण लाग्यो र पनि केहि व्यथा भएनन् । त्यो हेरिकन श्रीरामले पनि अत्यंत क्रोध गऱ्या, कस्तो गरि भन्या अग्निमा घिउ हालिकन अग्नि बल्याजस्तो मेघ गर्ज्याऊँ धनुटंकार गरिकन बाण प्रहार गऱ्या, सहस्र २ बाण-माथि बाण प्रहार गरिदिया । रावणले पनि क्रोध गरिकन गदा, पारिघ, धनु, शर, मुद्गर, अनेक शस्त्र प्रहार गऱ्यो । त्यो बाणका वेगले सात समुद्र पनि क्षोभ भयो, त्यस् वेलामा पातालमा बस्न्या नागलोकहरू सबै कंपमान गरिरह्या, पृथ्वी पनि कंपमान भयो, पर्वत पनि स्थिर भएनन्, सूर्यका तेज पनि हीन भयो, वायु पनि स्थिर भैरह्यो । त्यस् वेलामा आकाशमा रहन्या देव, गंधर्व, सिद्ध ऋषि, किन्नर, नाग, यक्ष, अप्सरा दश दिग्पाल इत्यादि हेरिरहन्याहरूका मनमा महात्रास भैरह्या, कसो हुन लाग्यो भनि गौ, ब्राह्मण आदि मंगल हुन्स् त्रैलोक्य पनि स्थिर भैरहोस्, श्रीरामको पनि संग्राममा जय हुन्स् एस् प्रकारले देवताहरूले पनि ऋषिहरूले पनि आशीर्वाद दीरह्या । श्रीरामको र रावणको महाअघोर संग्राम भयो । त्यस् वेलामा राक्षसको कालांतक हुनु-भयाका श्रीरामले महाक्रोधले गरि आशीविष सर्पसमान क्षुर बाण प्रहार गरिकन रत्न कुंडल-सहित गरि रावणको शिर छेदन गरि पृथ्वीमा पसालिदिया । फेरि रावणको शिर उत्पत्ति भयो, फेरि काटिदिया । फेरि भै आयो, कस्तो भन्या तालवृक्षबाट तालफल खस्या जै रावणको दश शिर काटिदिया, बारंबार उपज्यो र त्यो हेरिकन एकशय एक चोट १०१ रावणको शिर श्रीरामले काटिदिनुभयो र पनि बारंबार उपज्यो । एस् प्रकारले छेदन गरिदियार पनि रावण मृत्यु भयेन र कौशल्याका हृदयमा आनंद गर्न्या श्रीरामचन्द्रले आफ्ना मनमा हतपताईकन कस्तो आश्चर्य भनि बारंबार मनमा चिंतना गर्नुभयो । कया आश्चर्य जतिपल्ट काट्या तैपनि बारंबार उपज्यो, अनेक राक्षसहरूसित पनि युद्ध गरिसक्यौं ! मारीच, खर दूषण, त्रिशिला इनहरूलाई पनि मेरा बाणले प्रहार गरिकन मारिसक्यौं, तिनिहरूको ता उपजेन, त्यो रावणको मात्र कसोगरि उपजि-आयो, कया आश्चर्य ! एस्तो पो भयेछ मेरा बाणको प्रभाव ! मेरा बाण निस्तेज भयो भनि श्रीराम-का मनमा चिंतना गरिरह्या, फेरि धैर्य गरिकन रावणसित युद्ध गऱ्या । तेस् वेलामा रावणका

उरस्थलमा बाण प्रहार गरिदिया । त्यो हेरिकन रावणले पनि क्रोध गरिकन श्रीराममाथि मुशल दृष्टि गरिदियो । त्यस वेलामा महातुमुल युद्ध भयो, दुवै महावीर दुवै आकाशमाथि गैकन युद्ध गऱ्या, फेरि भूमिमा पनि पर्वतमा पनि सर्व ठाउँमा दुवै गैकन महाप्रलय युद्ध गऱ्या । तेस् प्रकारले युद्ध भयो र आकाशमा बस्याका देव, दानव पिशाच, राक्षस, गंधर्व, नाग, यक्ष, ऋषि प्रभृति सबै देवताले पनि श्रीरामको रावणको युद्ध भयाको हेरिरह्या । ति २ जनाको युद्ध भयाको आठदिनसम्म दिनमा पनि रात्रिमा पनि एक घरि थकाई नमारिकन युद्ध गऱ्या । त्यो हेरि त्यो युद्धको उपमा पनि छैन, कसो भनि भन्न पनि सकदैन । एस् प्रकारले श्रीरामले रावणसित अघोर २ युद्ध गऱ्यार पनि श्रीरामले रावणलाई मार्न नसक्याको देखि इंद्रको सारथि मातलिले विंति गर्न लाग्या । हे श्रीरामचंद्र, तपाइले आफुले आफुलाई जानिकन चैतन्य गर्नुहुन्छ । हे रघुनाथ, त्रैलोक्यका कंटक रावण आदि राक्षस मार्नाका निमित्तले सृष्टि स्थिति पृथ्वीको भार खंडन गर्नाकन तपाइ अवतार हुनुभयो, आफुले जानिकन पनि क्यान विस्तार गर्नुहुछ । हे श्रीराम, आजका दिनमा आकाशमा बस्याका देवता सबैले यो युद्ध हेरिकन संतुष्ट भैरह्या, त्यो सबै मैले दिव्यचक्षुले हेरिसक्याँ । आजदेखि त्यो-पापात्मा रावणको भयले डराई देवता सबैहरू भागि गैरह्या, अब तपाइका प्रसादले रावणलाई मारिसक्यापछि महाआनन्दले बस्नन् । आजको दिनमा रावणलाई मार्न लाग्याको हेरौंला भनि इछा गरिरह्या । हे राघव, अघि तेस् रावणले ब्रह्माछेउँ तपस्या गऱ्याको छ, त्यो तपस्याले ब्रह्मा सन्तुष्ट भैकन आज्ञा गऱ्या, हे रावण, भनि तेरा तपस्याले म संतुष्ट भया, अब तेरो कामना गऱ्याको जस्तै ब्रह्मास्त्रवाहिक केहि शस्त्रले पनि मार्न नसकोस्, तेरा हृदयमा एउटा अमृत कलश राखिदिन्छु भनि अमृत कलश तेस् रावणका हृदयमा राखिदिया । हे रावण, त्यो अमृत कलशका प्रभावले कसैले तेरो शिर छेदन गरि मार्न नसकोस् काटिदिया पनि उज्जला भनि एस् प्रकारले पितामह ब्रह्माले रावणलाई वरदान दीकन अंतर्ध्यान भै जाँदा भया । हे श्रीरामचन्द्र, एतिका निमित्तले पो रावणको शिर काटिदिया र पनि मृत्यु नभयाको । अब तेसो होईन, तेस् पापात्मा रावणका हृदयमा ब्रह्मास्त्र प्रयोग गरिकन चाँडै मार्नु-भयाजावस् भनि एस् प्रकारले मातलिले श्रीरामका अग्रमा विंति गऱ्या । त्यो वचन सुनि सर्व-व्यापि श्रीरामले महाक्रोध गरि रावणकन मार्न निश्चय गरि ब्रह्मास्त्र छिनुभयो । त्यो ब्रह्मास्त्र कस्तो छ भन्या, अगस्ति ऋषिले दीराघनुभयाको बाण महाजाज्वल्यमानले ब्रह्मतेज भैरह्याको, प्रलयका अग्नि जस्तो, ब्रह्माले परापूर्वमा त्रैलोक्यलाई जितनाकन इंद्रलाई दिनुभयाको

ति बाणका पाँचमा वायु, सूर्य, अग्नि भारि गर्नाकन मंडल पर्वत सुमेरु पर्वत राख्याका, हेम पांच बाण लोकपाल पनि इन्द्र यम वरुण कुबेर पनि ति बाणमा बस्याकाछन्, सबै देवताका तेजले पनि महाजाज्वल्यमान भयाको विचारका तेजले सबै दाह होला भन्या जस्तो रथ हाति घोडा सैन्यहरूले पनि सहन सकेनन्। ति बाणले परिघ आदि शस्त्र सबै नाशिदिन सामर्थ, फेरि पर्वत पनि चूर्ण गर्न सामर्थ, संसार पनि प्रलय गर्न सामर्थ, समस्त प्राणीहरूलाई त्रासमान गर्न्या, वेर २ मा नागले पनि श्वास राख्याजैं स्वास गरिरह्या। त्यो बाणका प्रभावले गृध्र आदि मांसाहारी सबैलाइ तृप्ति गर्न्या, शत्रुको काल यम जस्तो, वानरको उत्साह गर्न्या, त्रैलोक्यलाई सुख गरि राक्षसलाई नाश गर्न्या एस्तो ब्रह्मास्त्र बाण श्रीरामले लीकन तन्को मंत्रना आवाहन गरिकन इंद्रका धनुमा जोरिराख्या। त्यो ब्रह्मास्त्र बाण जोरिराखनुभयाको वेलामा जस्तो गरिरहनुभयो भन्या त्रिपुरासुर मार्न्या वेलामा श्रीमहादेवले रुद्रास्त्र प्रयोग गरिरह्या जस्तो, संसार नाशन्या वेलामा कालदेवता रह्याजस्तो रहनुभयाको देखि सबै प्राणीका पनि त्रासमान भयो, पृथ्वी पनि कंपमान भयो, दशदिशा पनि त्राहि २ भयो। तेस् वेलामा शत्रुसंताप गर्न्या श्रीरामले कानसंम धनु पैंचिकन रावणको हृदयमा ताकि ब्रह्मास्त्र बाणले प्रहार गर्न्या। त्यो बाण कस्तो गरि गयो भन्या आकाशमा अग्नि वर्न्याजैं इंद्रको वज्र गयाजस्तो गैकन पापात्मा रावणका हृदयमा छागि छिचोलिकन त्यो बाण पृथ्वीमा छागि पृथ्वी पनि छिचोलिकन पाताल गंगा स्नान गरि श्रीरामका तर्कशै भित्र वस्न आयो। रावण पनि त्यो बाणको वेग सहन नसकिकन रथबाट पृथ्वीमा खसिकन मृत्यु भयो। ताँहापछि पापात्मा रावण शस्त्र अस्त्र छाडि पृथ्वीमा लोटिरह्यो, आफ्ना शरीरले थिचीकन रथ पनि चूर्ण भयो। परापूर्वमा देवासुर संग्राममा इंद्रले वज्र प्रहार गरिकन वृत्तासुर लोटिरह्याजस्तो श्रीरामले रावणलाई लडाई-राख्या। रावणको सरीर लाम्बु हात ४० हजार गज हात ४ हज्जार तेस्ता त्रैलोक्यका दुर्जय भयाका रावणलाई श्रीरामले मार्न्याको देखि राक्षससेना सबै हाहाकारले कराई रोईकन दश दिशामा भाग्या, वानर सेनाले अत्यंत हर्षमान गरि पृथ्वी फुट्याको जस्तो सबैले एक ताल गरि सिंहनाद गर्न्या। तेस् वेलामा वानरसेनाले राक्षससेनालाई लगारि २ कन शिला वृक्षले प्रहार गरि मार्न्या, राक्षसहरू पनि शस्त्र अस्त्र छाडि लंकाभित्र भाग्या। रावण मार्न्याको देखि त्रैलोक्य पनि कंपमान गराई नाद गर्न्या। तेस् वेलामा श्रीरामको जय शब्द भयो र आकाशमा बस्याका देवताहरू अत्यंत हर्षमान गरि देव दुंदुभि वाद्य बजाया, दैत्यहरू सबै हाहाकारले कराईरह्या। देवताहरूले श्रीरामका ठाउँमा नाना स्वर्गको पारिजात इत्यादि अपूर्व २ पुष्पवृष्टि गरिदिया।

ति पुष्प वायुले उडाई लैगयो र श्रीरामका शिरमा रथमा राखिदियो । दिव्य २ सुगंध वस्तु शीतल वस्तु वृष्टि गऱ्या । तेस् वेलामा सबै देवताहरूले आज्ञा भया, धन्य २ श्रीराम, त्रैलोक्यका कंटक नाश गर्नुभयो भनि अनेक देवता ऋषि गंधर्व नारद तुंबुरु धार्य सुदामा हाहा हूहू तिनिहरूले श्रीरामका नामले गीत गाईकन वाद्य बजाया, अप्सरा उर्वसी, मेनका, रंभा, तिलोत्तमा तिनहरू पनि गीत गाईकन नाचन लाग्या । तेस् वेलामा इंद्रादि देवता सबैले पापात्मा रावणलाई मार्याको देखि हर्षमान गरिरह्या, धन्य धन्य श्रीरामचंद्र भनि सबै लोकलाई भय दी-रहन्या रावणलाई मार्नुभयो भनि हर्ष गऱ्या । ताहाँपछि सुग्रीव प्रमुख वानर सबैको चित्तमा आनंद गरि हर्षमानले नाच्न लाग्या । तेस् वेलामा श्रीरामले मधुर वचन् गरि वानरका अग्रमा आज्ञा गर्नु लाग्या, हे भ्राता लक्ष्मण, हे मित्र सुग्रीव, विभीषण, हनुमान, जांबुवान, अंगद, नल, नील, सुषेण, गवय, गवाक्ष, दधिमुख, पनस, ऋषभ, पर्ण, सरभ, सानुमान प्रमुख वानरहो, तिमिहरू सबैका बाहुबलले त्रैलोक्यका कंटक रावणलाई मारिसक्यौं । हे वानर, तिमिहरूले गऱ्यौं र यो महाकीर्ति भयो, यो पृथ्वी भयासम्म एस्को वर्णना गर्नन्, तिमिहरूको पनि कीर्ति प्रकाश भै रहला, महाअघोर समुद्रमा सेतु बंधन गऱ्याको गुण प्रख्यात भैरहला भनि एस् प्रकारले सर्वव्यापि श्रीरामचन्द्रले वानरलाई गुणको ठुरा आज्ञा गर्नुभयो । ति वचन सुनि सुग्रीव प्रमुख वानरहरू सबैले हर्षमान गरिकन श्रीरामका हजूरमा विन्ति गर्न लाग्या । हे परमेश्वर श्रीरामचन्द्र, हामिहरू एस्ता नीच पशुजाति, हामिहरूले त्रैलोक्य जितिरहन्या रावणलाई मृत्यु गराउन समर्थ क्या होला, तपाषकि मतापले पो रावण मृत्युभयो । धन्य २, तपाषिले सबै लोकलाई पनि हर्षमान गराउनुभयो, अब पो त्रैलोक्यका पनि स्थिर भै रहनन् भनि एस् प्रकारले वानरहरू सबैले श्रीरामकन गुण प्रशंसा गराई श्रीरामचन्द्र वानरहरू बरिपरि राखि परस्पर आदर गरिकन महाआनंदले थकाई मारि राजगर्नुभयो, कस्तो भन्या देवता बरिपरि राखि इन्द्र बस्या जस्तो शोभायमानले बस्या । तेस् वेलामा वायु पनि शांत भयो, दश दिशा पनि प्रकाश भै चन्द्र सूर्यका तेज पनि प्रकाशमान भयो । ताहाँपछि इन्द्रादि देवताहरू सबैले रावण मऱ्याको देखि महाहर्षले आफना ठाउँ स्वर्गमा जानुभयो । ताहाँपछि लक्ष्मण प्रभृति सुग्रीव विभीषण आदि सबै वानरहरूले, श्रीरामचन्द्रको पराक्रम देखि महाहर्षले षोडशोपचार गरि श्रीरामचन्द्रकन पूजा गरि स्तुति गर्न लाग्या । हे परमेश्वर श्रीरामचन्द्र, तपाषि कस्ता भन्या साक्षात् परब्रह्मस्वरूप प्राणीहरूका आत्मा-पुरुष हुनुभयाका तेस्ता परमेश्वर तपाषिका चरणकमलमा कोटि कोटि नमस्कार । हे ईश्वर,

हे रघुनाथ, तेस्ता पापात्मा रावण नाश गर्नाकन श्रीरामचन्द्र भनाई अवतार हुनुभयाका त्रैलोक्यका दुःख शान्त गराउनुभयो, तेस्ता परमेश्वरका चरणमा कोटि २ नमस्कार। हे ईश्वर, एस् संसारमा अनेक प्राणी भयाकाछन्, ति प्राणीहरूका हृदयकमलमा तपाइ रहनुभैकन अनेक सुकर्म कुकर्म गराउन्या तपाइ हौ, फेरि तपाइका चरणारविंदले गंगा उत्पत्ति भयो। ति गंगा श्रीमहादेवले शिरमा धारण गरि ईश्वर भनाई रह्या, तेस्ता परमेश्वर तपाइका चरणकमलमा कोटि २ नमस्कार। हे श्रीरामचंद्र, हामिहरूले तपाइका गुण वर्णन स्तुति गर्नु सामर्थ छैन, चतुर्मुख ब्रह्माले पनि तपाइका स्तुति गर्नु सामर्थ छैनन्। हे ईश्वर तपाइका कृपा भया एस् संसारमा हामिहरूलाई राघनुभयाजाबस्, एस् संसार-सागरमा परि त्राहि २ भैरह्या, क्यानभन्या तपाइका भाव गर्न सक्यौंन र। हे ब्रह्मस्वरूप श्रीराम, अब तपाइले हामिहरूलाई उद्धार गर्नुभयाजाबस् भनि एस् प्रकारले लक्ष्मण सुग्रीव विभीषण आदि सबै वानरले श्रीरामका चरणमा पूजा स्तुति गऱ्या, त्यो हेरिकन परमात्मा श्रीरामचन्द्र पुसी भै महाआनन्दले रहँदा भया। रघुकुलका आनन्द गर्न्या श्रीरामचन्द्रले रावणलाई मारिकन आफना प्रतिज्ञा पुऱ्याई वानरसहित गरि आनन्दले रहनुभयो, कस्तो गरि भन्या इन्द्रले दानव दैत्यलाई मारिकन हर्षमान गरि बस्या जस्तो श्रीरामचन्द्र राजगर्नुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो। हे पार्वति, जौना मनुष्यले यो परमेश्वर श्रीरामचन्द्रले रावणलाई मारिकन त्रैलोक्यलाई रक्षा गर्नुभयाको कुरा सुंनन् तिनिहरूलाई पुनर्जन्म हुन्याछैन, अक्षय स्वर्ग प्राप्त भैकन महासुखले बस्नन्। जौना मनुष्यले श्रीरामका महिमा लंकाकांडको कुरा घरमा लेखिराख्नन्, जस्ले बचायो जस्ले बाँच्यो जस्ले सुंनन् तिनिहरूलाई निश्चयले सायुज्य पदवि प्राप्त हुनन्, कैह्ले पनि दुःख आपदा हुन्याछैन, सुख संपत्ति प्राप्ति भैकन इहलोकमा आनन्द हुनन् परत्रमा मोक्ष प्राप्त हुनन्। हे पार्वति, मैले श्रीरामको नाम छोड्याको छैन, अब तिमिले पनि श्रीरामनाम जप गर, श्रीरामका नाम चरित्र जस्ले सुंनन् तन्का शत्रु नाश भैकन ठुलो ऐश्वर्य पाईकन ममत्व अहंकार हुन्याछैन, इहत्रमा पनि परत्रमा पनि सुख भैकन यमका शासनामा पर्न्याछैनन्, नवग्रहले पनि शान्ति भैकन अनेक कीर्ति होला कामना पनि सिद्धि होला। काशी प्रयागादि तीर्थमा स्नान दान गऱ्याको फल प्राप्त होला भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो भनि सत्यलोकमा ब्रह्माले नारद ऋषिलाई सुनाउनुभयो, यो कथा नैमिषारण्य क्षेत्रमा सूतले शौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकांडे युद्धकांडे रावणवधो नाम सर्गः ॥२१॥

८३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि ति परमेश्वर श्रीरामचन्द्रल आज्ञा गर्दा भया, हे मित्र सुग्रीव, विभीषण, तिमिहरूका कृपाले त्रिभुवन जितिरहन्या दुर्जय रावण-लाई जितिसक्यौं भनि महाआनंद गरिकन अनेक मंगल वाद्य बजाउनलाई राजगर्नुभयो। तेस् वेलामा मनोधरिले रावण मृत्यु भयाको पवर सुनिकन अनेक राजकन्या, नागकन्या, गंधर्वकन्या सहस्र २ रावणको स्त्रीहरू सबै अन्तःपुरिबाट निस्किकन रावण मृत्यु भयाको ठाउँमा आईकन रावणले दीराख्याको अनेक आभरण सबै आफालिकन मलिन वस्त्र लाईकन मुक्त केश गरि रावणको चरणमा शिर राखि मनोधरी आदि सबैले हा नाथ २ हा प्राण २ भनि कराई भूमिमा लडि २ कन अत्यंत शोक गरिन्। तिनिहरूले एस् प्रकारले शोक गर्याको देखि विभीषणले पनि अधिको स्नेह समझि मनोधरिसित सँगै रुन लाग्या। त्यो हेरिकन श्रीरामचंद्रले आज्ञा गर्दा भया, हे विभीषण, तिम्रा भाईको मृतक शरीरमा अग्नि संस्कार गरि अनि चाहियाको क्रिया कर्म गर भनि आज्ञा गर्‍या र ति वचन सुनि विभीषणले श्रीरामछेउँ विंति गर्‍या। हे परमेश्वर, त्यस्ता पापात्मा रावणको शरीरमा मैले कसोगरि अग्नि संस्कार गर्नु, त्यस्ता चांडालको शरीरमा मैले कसो गरि छुनु भन्यो र फेरि श्रीरामचंद्रले आज्ञा गर्दा भया। हे विभीषण, तिमिले गर्‍याको कुरा सबै हो, तैपनि प्राणसंग पो तिम्रा हाम्रा वैरि भयापछि कया वैरी, फेरि तेस्को कुल सबै सकियो तिमि मात्र छौ, एस्कारण तन्लाई जत्ति चाहियाको क्रिया कर्म गर्नुपर्‍यो। फेरि मनोधरि आदि सबैकन बोध गरि पठाउ भनि एस् प्रकारले श्रीरामका आज्ञा सुनिकन विभीषणले मनोधरि आदि सबै रानीहरूलाई अन्तः पुरि पठाईकन श्रीखंड आदि अनेक तयार गरि रावणको शरीर शमशानमा राखि अग्नि संस्कार गर्‍या। ताहाँपछि जत्ति चाहियाको क्रिया कर्म पिंडादि गरिकन विभीषणले स्नान गर्‍यो, अबदेखि अघि मेरो वैरी अब उप्रांत मेरो पितर देवता भयौ, एस्कारण तिमिहरू संतुष्ट हुनुपर्छ भनि नमस्कार गरि सबै सक्यापछि ब्रह्मराक्षसहरू बोलाईकन भोजन गराया र सबै पूर्ण गरि श्रीरामका ठाउँमा गया। फेरि श्रीरामचंद्रले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण, उसै वेलामा ई विभीषणलाई राज्याभिषेक दीराख्याको छ, अब तिमि गैकन विभीषणलाई लंकाको राज्याभिषेक देउ भनि एस् प्रकारले श्रीरामचंद्रले आज्ञा गर्‍या र तेस् वेलामा लक्ष्मणले श्रीरामका आज्ञा जस्तै विभीषण आदि लंकामा गैकन निको दिन तिथि नक्षत्र योग वार सबै हेरिकन रावणका

सिंहासनमा विभीषणलाई राखिकन गंगा आदि अनेक तीर्थका जल सुवर्ण घडामा राखि ति विभीषणलाई राज्याभिषेक दिया। ताहाँपछि विभीषणले अनेक मणिमाणिक्य रत्न लीकन लक्ष्मण सहितले श्रीरामका ठाउँमा आया। तेस् वेलामा श्रीरामले ति विभीषण लंकाबाहिर निस्क्याको हेरिरह्या। कस्तो विभीषण भन्या अनेक मणिमाणिक्यका गहनालाई रक्त कुण्डलले युक्त गरि अनेक छत्र ध्वजा पताका फेराई अनेक वाद्य बजाई आयाको देखि श्रीरामचंद्रका महाआनंदले राजगर्नुभयो। तेस् वेलामा विभीषण श्रीरामका ठाउँमा आईकन अनेक रत्न मणि अग्रमा राखि श्रीरामचंद्रको पूजा गरि श्रीरामका चरणमा दंडवत् गऱ्या। तेस् वेलामा श्रीरामले आज्ञा गर्दा भया, हे विभीषण, त्यो सृष्टि चंद्र सूर्य भयासम्म लंकामा तिमीले भोग्य गर, पछि मेरा शरीरमा लीन हौला भनि एस् प्रकारले आज्ञा गरिकन फेरि हनुमानलाई डाकि श्रीरामले आज्ञा गऱ्या, हे हनुमान, अघि सीताको समाचार ल्याउना पनि तिमि, एस्कारण अब तिमि सीताका ठाउँमा गैकन सबै वृत्तांत सुनाउनु जाउ भनि एस् प्रकारले आज्ञा गऱ्या र हनुमानले पनि श्रीरामका आज्ञा शिरमा राखि अशोकवनिकामा गै सीताका चरणमा दंडवत् गरि रह्या। ताहाँ सीताले हनुमान भनि जानिनन् र हनुमानले विंति गर्न लाग्या, हे सीता माता, म रामका सेवक हनुमान हुँ, श्रीरामचन्द्रले पठाउनुभयो, रावण आदि लंकामा जति भयाका राक्षस सबैलाई मारिकन लंकाको राज्याभिषेक विभीषणलाई दिईसक्नुभयो भनि समस्त वृत्तांत विंति गऱ्या र ताहाँ सीताले पनि श्रीरामका पराक्रमका कुरा सुनि अत्यन्त हर्षमान गरिकन आज्ञा गर्न लागिन्। हे हनुमान, अघि पनि श्रीरामको समाचार ल्याउन्या तिमि अब एसो समाचार ल्याउन्या पनि तिमि, अब एस्तो समाचार मकाई सुनाउनु आयौ एस्कारण मैले क्या पदवि दिनु! हे हनुमान, स्वर्ग मर्त्य पाताळमा पनि दुर्ल्लभ वस्तु तिमिलाई दिनुपर्छ, अब एस्ता ठाउँमा मैले क्या दिउँ भनि एस् प्रकारले सीताले क्या दिउँ भनिकन अलमलिरहनुभयाको देखि ताहाँ हनुमानले विन्ति गऱ्या, हे सीतादेवि, एस् संसारमा तपाञ्चिका नाम मात्रैले कोटि २ द्रव्य पाउँछ। त्यस्ता साक्षात् लक्ष्मी तपाञ्चि एस्ता चरणकमलका धूलो मैले पाया अति उप्रान्त ठुलो वस्तु त्रिभुवनमा क्या छन्, एतिले पनि म सन्तुष्ट भया भनि एस् प्रकारले विन्ति गर्नुभयो र ति वचन सुनि सीताले पनि हर्षमान गरिकन आज्ञा भईन्, हे हनुमान, श्रीरामका दर्शन नपायाको छ ६ महिना भयो। ऐल्हे मेरा प्राणेश्वर श्रीरामका दर्शन मलाई दिनुहवस् भनि एस् प्रकारले आज्ञा गरिन्। ति वचन सुनि हनुमान चाँडै श्रीराम राजगर्नुभयाको ठाउँमा गैकन सीताले आज्ञा गर्नुभयाको कुरा सबै वृत्तांत श्रीरामका अग्रमा विन्ति गऱ्या। ताहाँ

श्रीरामले ति कुरा सुनि विभीषणका अगमा आज्ञा गऱ्या । हे विभीषण, अशोकवनिकामा गैकन मेरा प्रिय सीतालाई स्नान गराईकन त्याहाँ बोलाईल्याउ भनि एस् प्रकारले आज्ञा भयाको सुनिकन विभीषणले पनि रावणले बनाईराख्याका अनेक मणि माणिक अनेक पाट वस्त्र लीकन, सीताका ठाउँमा गैकन सीताका चरणमा दंडोत् गऱ्या । ति सीताकन रक्षा गरिरहन्या राक्षसिनी हरूलाई डाकि सीतादेवीलाई स्नान गराया । ताहाँपछि अनेक मणिमाणिकको गहना, अनेक पाट वस्त्र लगाई, पाल्किमा राखि श्रीरामका ठाउँमा लैगया । एस् प्रकारले लैगयाको वेलामा सीताको दर्शन गर्नाकन अनेक वानरहरू दगुरि २ आईकन हेऱ्या, ताहाँ छरिदारहरूले ति वानरहरूका कपालमा कुट्या र ति वानर सबै भाग्या । त्यो हेरिकन श्रीरामचन्द्रले आज्ञा गऱ्या, हे विभीषण, ति मेरा सेवक वानरहरूलाई क्यान कुट्छौ, सीता सबै वानरहरूका महतारि पो हुन्, एस्कारण माताको दर्शन पुत्रहरूले गर्नु छैन कि भनि आज्ञा गर्नुभयो र ताहाँपछि विभीषणले श्रीरामका आज्ञाले सीतादेवीको दर्शन सबैलाई गराया । कस्तो सीता भन्या अत्यंत सुन्दरि, एक हजार चन्द्रमाको तेज जस्तो, अनेक मणि माणिक्य गहना लाई-रहनुभयाकी, दिव्य २ वस्त्र लाईरह्याकी एस्ती सीताको दर्शन समस्त वानरहरूले गऱ्या । तेस् वेलामा सीतादेवी पनि पाल्किबाट बहिकन श्रीरामका चरणकमलमा सेवा गर्नाकन हात जोरि पाउलाग्नुभयाका वेलामा श्रीरामचन्द्रले निठुर वचन गरि सीताकन आज्ञा गऱ्या । हे सीता, तँ त्याहाँ क्यान आयाको, छ महिना भयो रावणको घरवास गरिकन अनेक राक्षसहरूसित संग गरिरहन्या तेस्ती तँ तेरि क्या सत्य हुनन् भनि हे सीता, तँ मलाई चाँहिदैन, जाहाँ रावण गयो ताहिं जा भनि एस् प्रकारले समस्त आफूले जानिकन पनि लोक प्रतीत गर्नाका अर्थले फेरि अग्निबाई सौंपिराख्याकी सीता निकासनानिमित्तले श्रीरामचन्द्रले एस् प्रकारले अनेक दुर्वाक्य वचनले सीताकन आज्ञा गऱ्या । ताहाँ सीताका मनमा दुःख उत्पत्ति भईन् । हा हा क्या मेरी कर्म ! भनि महामलिन मुख गरि क्रोधले दुःखले पोडा गराई गद्गद वचन गरिकन लक्ष्मणलाई आज्ञा गर्नाकन लागिन् । हे लक्ष्मण, प्रभु श्रीरामसँग मैले क्या उत्तरोत्तर विन्ति गर्नु, श्रीरामका दुर्वाक्य वचनले मैले यो प्राण धारण गर्न सक्तैन, कसै भया पनि मेरा सत्य देखाउँछु । हे लक्ष्मण, तिमिले आगो बालि देखाउ भनि एस् प्रकारले सीताले आज्ञा गर्दा भईन र लक्ष्मणले पनि पर्वतसमान गरि दारुवा ल्याईकन आगो बालि-दिया । ताहाँ सीताले पनि त्यो बल्याको अग्नि प्रदक्षिणा गरि हात जोरि अग्निछेउँ प्रार्थना गर्नाकन लागिन् । हे अग्निदेवता, मैले श्रीरामबाहिक अरू मैले जान्याको देख्याको भया

मनले मात्रै चिन्तना गऱ्याको भया तपाञ्जिले मलाई भस्म गर्नुहुन्छ, फेरि २ जन्ममा श्रीराम-बाहिक् अरू मैले जानिन ता मेरी पतिव्रता धर्म भया मेरा शरीरमा नपोल्नुहुन्छ् भनि एस् प्रकारले सीताले सत्य वचन आज्ञा गरिकन ति अग्निमा फालहाल्छिन्। अग्निका मध्यमा पतिव्रता भैरहनुभयाकी सीता निर्भयले परम सुन्दरी भैरह्याको देखि वानरलोकका महाविस्मय भया। फेरि इन्द्रादि देवताहरूले पनि कुरा गर्नाकन लाग्या, हा हा! ति श्रीरामचन्द्र महाक्रोध गर्नुभयो, त्यस्ता सीतालाई त्यसो गर्नु त अयोग्य भयो। हे श्रीराम, मेरा भ्राता रावणले कुवेरलाई जिति-राख्याको पुष्पक विमान छन्, त्यो विमानमा राजगर्नुभैकन सीता लक्ष्मणसहित गरि अयोध्यामा पाउलाभ्नुहुन्छ्, एस्कारणले तपाञ्जिले स्नान गर्नुहुन्छ् भनि एस् प्रकारले विभीषणले विन्ति गऱ्या र ति वचन सुनि श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या। हे विभीषण, मेरा भ्राता भरत मेरा अति प्रिय छ, महाकोमळ अति प्रिय छ। त्यो भरत मजस्तो रह्याछु तस्तै रूपका वोक्राको वस्त्र लाई जटा धारणा गरि देशका वाहिर वसिकन राज्य प्रतिपाल गरि वस्याका छन्, राज्य-भोग केहि गरेनन् एस्कारण, तेस्ता भ्राताकन नभेटि कसोगरि मैले स्नान गर्नु। एस्कारण हे विभीषण, सुग्रीव र म विशेष छैन एक शरीर पो हुँ, सुग्रीवकन पूजा गर, तन्कन पूजा गऱ्या-पछि मलाई पूजा गऱ्याजस्तो हो भनि एस् प्रकारले श्रीरामका आज्ञा सुनि विभीषणले पनि श्रीराम भनि मनले चिंतना गरि सुग्रीवादि वानर सबैलाई पूजा गऱ्या। ताहाँ रावणले बनाई-राख्याको अनेक नीलो २ रत्न ल्याई कोटि २ वानरलाई रत्न पनि वस्त्र पनि दीकन सबैलाई आनंद गराया। ताहाँ श्रीरामले पनि सुग्रीवलाई आज्ञा गऱ्या, हे मित्र सुग्रीव, तपाञ्जिका प्रसादले मैले सीता फिराई ल्याईसक्यौं, अब किष्किंध्या जानुभैकन निष्कलंक गरि राजगर्नु-हुन्छ्। हे मित्र, तपाञ्जिकन केहि दुःख भया तेस् वेलामा मलाई आज्ञा गरि पठाउनुहुन्छ् भनि एस् प्रकारले सुग्रीवलाई विदा दीकन विभीषणलाई आज्ञा गऱ्या। हे विभीषण, तिम्रा प्रसादले देवताको कार्य्य सिद्ध भयो, अब यो लंका राज्य तिमिले प्रतिपाल गर्नुपर्छ, हामिहरू अयोध्या जान्छु भनि विदा लिनुभयो र ताहाँ विभीषणले पनि सुग्रीवले पनि श्रीरामछेउँ विन्ति गर्न लाग्या, हे श्रीराम, तपाञ्जिले अयोध्यामा पृथ्वीमा जत्ति भयाका राजा बटुल्याईकन अनेक तीर्थको जल सुवर्णका कलशमा राखि राज्याभिषेक लिन लाग्याको हामिहरूले पनि हेर्नुपर्छ। फेरि, तपाञ्जिकी महतारी कौशल्यामाताको चरणमा दंडवत् प्रणाम गर्नुपर्छ। फेरि, तपाञ्जिका भ्राता भरत शत्रुघ्न तिन्हरूको पनि दर्शन गर्नुपर्छ, एस्कारण तपाञ्जिसित सँगै हामिहरू पनि आउँछु भनि एस् प्रकारले विभीषण सुग्रीवले विन्ति गऱ्या र श्रीरामले पनि हुन्छ

भनि आज्ञा भया र रावणले कुबेर जितिल्याथाका पुष्पक विमान ल्यायो । कस्तो पुष्पक विमान भन्या अति विस्मर चुच्चा गोटा रातो अत्यन्त सुन्दर त्यस्ता हंस एकराप जोरि-राख्याका तेस्ता विमानका माऊमा श्रीराम सीता लक्ष्मणसहितले राजगर्नुभयो, दाहिना-तिर सुग्रीव हनुमान अंगदसहित अनेक वानरहरू बस्या, बाउँतिर विभीषणसहित राक्षसहरू बस्या । ताहाँ श्रीरामचन्द्रले आज्ञा गऱ्या, हे विमान, हामिहरू सबैलाई अयोध्यामा पुऱ्याउन लैजानुपर्छ भनि आज्ञा गर्नुभया र विमानले पनि श्रीरामका आज्ञाले तहिंवाट कुदिकन आकाशमार्थि गया । हे पार्वति, हंस चढिकन रहनुभयाका वेलामा ब्रह्मा जस्तो शोभा देखि फेरि सदाकालैमा आपना अर्द्धांगमा राख्याका मत्स्य कूर्म आदि दशै औतारमा पनि आपना अर्द्धांगमा सधैं राखनुभयाकि त्यस्ती सीताकन कयान एस्तो दुःख दियो भनि आकाशमा बस्याका देवताहरूले कुरा गरिरह्या, कोहि देवताहरूले आज्ञा गऱ्या, तेसो होईन कयान भन्या राक्षसका गृहमा बसीकन राक्षसीसँग भयो र लोकले सीता अशुचि भन्नन् भनिकन शुचि गर्नाका अर्थले श्रीरामचन्द्रले एस्तो गर्नुभयो भनि भन्यो भनि श्रीमहादेवले पार्वति-लाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे त्र्यशीतितमोऽध्यायः ॥ ८३ ॥

८४

श्रीशिव उवाच—हे पार्वति, ताहाँपछि सीताले पनि अग्निका मध्यमा बसिकन अनेक आभरण लाई मुसुक हाँसिकन तप्तकांचनको जस्तो वर्ण परम सुन्दरी भैरह्याका छ, कस्तो भन्या समस्त धातुका पनि निका सुन, तस्तै स्त्री जातिका श्रेष्ठ सीता सुन पकायापछि अग्निको भंदा निको तेज हुंछ, तस्तै अग्निको मध्यमा रहन्या सीता अधिभन्दा परम सुन्दरी भैरहिन् । तेस्ती सीता अग्निकन श्रीरामका अग्रमा गैकन अग्निले श्रीरामका स्तुति गर्न लाग्या । हे परमेश्वर, तपाइ कस्ता भन्या देवलोकका कार्य गर्नाका अर्थले आपनु प्रिय सीता मेरा हातमा सौंपिकन माया सीता बनाईकन ति माया सीताकन हरण गराई तिन्का कारणले रावणादि अनेक राक्षसहरूकन संहार गरिकन देवलोकलाई उद्धार गर्नुभयो, एस्ता तपाइ-

कन नमस्कार । हे परमेश्वर, अब तपाईले मछेउँ सौंपिराखनुभयाको सीतादेवी लिनुभयाजस्तै भनि विंति गरिकन सीता श्रीरामचन्द्रका हात सौंप्या । ताहाँ श्रीरामचन्द्रले ति सीता लिकन आफ्ना काँपमा राखि सीताका मुख हेरि मुसुक हाँसिकन महाआनंदले राजगर्नुभयाका वेलामा स्वर्गबाट ब्रह्मादि तेतीस कोटि देवता आउनुभैकन श्रीराम सीताका चरणमा दंडोत् गरि देवताहरूले श्रीरामका स्तुति गर्न लाग्या । हे परमेश्वर, तपाईं हुनुहुन्छ आदिगुरु, तेस्ता तपाईंले देवताहरूका निमित्तले मनुष्यका शरीर भैकन श्रीराम अवतार भनाई रोवणलाई मानुभयो । हे श्रीराम, त्यो रावण कस्तो भन्या हामिहरूका कंटक भैरह्याको तेस् पापात्माले हाम्रा राज्य पनि संपत्ति पनि तेज पनि हरण गरिराख्या अब तपाईंका कृपाले हाम्रा कंटक नाश भयो । हे कृपासागर, हाम्रा राज्य संपत्ति तेज पनि फर्कि आयो, तेस्ता तपाईंका चरणमा कोटि २ नमस्कार भनि एस् प्रकारले तेतीस कोटि देवताले पनि श्रीरामका स्तुति गरिरहनुभएका वेलामा राजहंसका पीठमा चढि ब्रह्मा आईपुग्या । कस्तो ब्रह्मा भन्या समस्त देवताका पितामह भैरहनुभयाका रातोदिन सृष्टि गरिरहनुभयाका त्यस्ता ब्रह्माले पनि श्रीराम सीताका चरणमा दंडवत् गरिकन हात जोरि स्तुति गर्न्या । हे परमेश्वर श्रीरामचन्द्र, आदिपुरुष पनि तपाईं विष्णु पनि तपाईं, त्यस्ता तपाईंका चरणमा कोटि २ नमस्कार । हे रघुनाथ, तपाईं कस्ता भन्या अनेक योगेश्वरहरूले ध्यानले चिंतना गर्न्या पनि पाउनु शकन्याछैन । हे परमेश्वर, एस्कारण आदिपुरुष पनि अनंत पुरुष पनि तपाईं, यो सृष्टि स्थिति संहारको कर्त्ता पनि तपाईं हौ । फेरि तपाईंबाट रजोगुण तमोगुण सत्वगुण निस्कनुभयाका, एस्कारण त्रिगुणात्मा भनि तपाईंका नाम भयो । एस्ता तीन गुणले प्राणीहरूलाई भ्रमण गरिकन ममत्व अहंकारले छोपिराखनुभयो, तेस्ता गुणले तपाईंकन छुँदैनन् । साक्षात् ब्रह्म तपाईं चिंतना गरिकन पनि पाउनुहुँदैनन् । तपाईंको काल छैन, ज्योतिर्मय हुनुभयाका हे परमेश्वर, तपाईंका आकार कस्तो भन्या यो ब्रह्मांड सबै तपाईंका पेट भनि अश्विनीकुमार नासिका चन्द्रसूर्य नेत्र भैरह्याका शिवलिंग ब्रह्मा त्यस्ता पुरुष तपाईं, फेरि तपाईंका मायाले आदिशक्ति सीता त्यस्ता तपाईंकन नमस्कार । हे श्रीराम, तपाईंले ममत्व अहंकार माया सबैकन जितिरहनुभयाका, फेरि प्राणवायु बंध गरि तपाईंका ध्यानमा रहन्या त्यस्ता २ महाज्ञानीहरूका हृदयमा वास गरिरहनुभयाका फेरि आफ्ना भक्तजनहरूसित संधिमाया जनसित दूर गरिरहनुभयाका त्यस्ता तपाईं । हे परमेश्वर, रावणादि अनेक राक्षस गरिकन त्यस्ता वदन दग्ध गर्न्या अग्नि तपाईं भनि

एस् प्रकारले ब्रह्माले स्तुति गरिरह्याका बेलामा ऐरावत हाति चहि इन्द्र आईपुग्या र इन्द्रले श्रीराम सीताका चरणमा दंडवत् गरि हात जोरिकन देवराज इन्द्रले पनि स्तुति गर्नाकन लाग्या। हे परमेश्वर, जगत्संसारका गुरु तपाञि हौ, एस्ता तपाञिका चरणमा कोटि २ नमस्कार। हे श्रीराम, तेतीस कोटि देवताका राजा म हुँ, मेरा राजा तपाञि हौ। फेरि समस्त ऋषि कर्त्ता ब्रह्मा पनि तपाञि, विष्णु पनि तपाञि त्रिभुवनका माता मै रह्याका पार्वति पनि तपाञिकी सीतादेवी हुन्। फेरि, अग्नि वायु यम वरुण कुबेर दश दिकपाल पनि तपाञि हौ, ब्रह्मांड-विषये जति भयाको सृष्टि पनि तपाञि, फेरि घाँस आदिका आत्मापुरुष पनि तपाञि हौ। जति भयाका प्राणीहरूका चैतन्यस्वरूप सबैका साक्षि भैरहनुभयाका पनि तपाञि हौ। एस्ता परमात्मा पुरुषलाई कोटि २ नमस्कार। हे परमेश्वर, तपाञि कस्ता हौ भन्या देवता-हरूका निमित्तले पृथ्वीको भार खंड गर्नाकन मनुष्य भैकन श्रीराम अवतार लिनुभयो। कसैले पनि तपाञिका तेज पनि श्रीसूर्यका तेज प्रकाश भयाजैं अति सुन्दर भयाका छन्। नील मणिजस्तो वर्ण, पद्मपत्रजस्तो नेत्र, हृदयमा श्रीवत्सको चिन्ह, कानमा कुंडल, शिरमा मकुट, वनमाला गलामा लाईरहनुभयाका, फेरि शरत्कालका चन्द्रमाजस्ता शीतल तेज मै रहनु-भयाका तेस्ता तपाञिका चरणमा कोटि २ नमस्कार। हे परमेश्वर, त्यस् दुष्ट रावणको निमित्तले अब अनेक संताप भयाको अब यो संताप तपाञिका कृपाले नाश भयो। हे परमेश्वर, अवदेखि अघिका जस्तो मेराउपर कृपा गर्नुभयाजावस् भनि एस् प्रकारले इन्द्रले स्तुति गरिरह्याका बेलामा पार्वतिका स्वामि श्रीमहादेव वृषभमा चहि दशरथ राजालाई दिव्य विमानमा राखिकन श्रीरामचन्द्रका अग्रमा आईपुग्या। ति श्रीमहादेवले श्रीरामचन्द्रका चरणमा दंडवत् गरिकन आज्ञा गऱ्या, हे श्रीरामचंद्र परमेश्वर, तपाञिका स्तुति अँहे म गर्दिन, जौना बेलामा तपाञि अयोध्यामा जानुभैकन कोटि २ पृथ्वीका राजाहरू युक्त गरि राज्याभिषेक तपाञिले लिनुहोला तेस् बेलामा अयोध्यामा म आईकन तपाञिको र सीताको पनि स्तुति गर्नुला। हे श्रीराम, अब तपाञिका शोकले प्राण छाडिरह्न्या तपाञिका पिता दशरथले तपाञिका दर्शन गर्नाकन आया, तपाञिले भेट गर्नुहवस् भनि एस् प्रकारले श्रीमहादेवले आज्ञा गऱ्याको सुनि श्रीराम सीता लक्ष्मण तिनै जनाले दशरथ राजाका चरणमा दंडवत् गऱ्या। ताहाँ दशरथ राजाका चित्तमा महाआनन्द गरिकन हर्षका आँसु गिराई श्रीरामचन्द्रकन आलिंगन गरि पितृ देवता भैरहनुभयाका दशरथ राजाले आज्ञा गर्नाकन लाग्या, हे पुत्र राम, तिमिले पनि सीताले पनि लक्ष्मणले पनि देवताहरूको अनेक

कार्य गर्नुभयो र, अब एस् पुण्यले अक्षय स्वर्ग मलाई प्राप्त भयो । अब तिम्रो जत्ति भयाको चाहियाको कार्य्य सबै सकियो, एस्कारण तपाञि अयोध्या जानुभैकन राज्याभिषेक लीकन राज्य प्रतिपाल गर्नुहवस् भनि एस् प्रकारले आज्ञा गरिकन श्रीरामछेउँ विदा भैकन विमानमा बसि ति दशरथ पितृलोकमा गया । ताहाँपछि श्रीरामचन्द्रले पनि देवराज इन्द्रका अग्रमा आज्ञा गऱ्या, हे इन्द्र, मेरा निमित्तले कोटि २ वानरहरू मृत्यु भयाका छन् , एस्कारण तिमिले अमृत वृष्टि गरिकन तिनिहरू सबै जियाईदिनुपर्छ भनि एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गऱ्या र देवराज इन्द्र पनि आकाशमाथि गैकन अमृत वृष्टि गरिदिया, ताहाँ मरिरहाका वानरहरू सबैका जीव भयो र सुतिरहाका उठ्याजस्तो उठिकन श्रीरामका हजूरमा वस्न गया । त्यो हेरिकन श्रीरामले आज्ञा गर्दा भया, हे वानर, मेरा निमित्तले तिमिहरूले अनेक दुःख पायौ, अब तिमिहरू आफना २ ठाउँमा गैकन स्त्री पुत्रादिको सुख हेर्न जानु भनि विदा दिया । ताहाँपछि देवताहरू सबैले पनि श्रीराम सीताको मुख हेरि अनेक उपचारले पूजा गरि नमस्कार गरिकन ब्रह्मादि देवलोक सबै स्वर्गमा गया । ताहाँ विभीषणले पनि हात जोरि श्रीरामछेउँ विन्ति गऱ्या, हे परमेश्वर, तपाञि आफना शत्रु रावणकन मारि लंकाको राज्याभिषेक मलाई दिनुभयो र एतिसम मेराउपर कृपा गर्नुभयो, अब फेरि मेराउपर फेरि कृपा भया युद्ध संपूर्णका निमित्त मंगल स्नान गर्नुपर्छ, एस्कारण तपाञि स्नान गरिकन स्यो रूपका योग्याको वस्त्र छाडि मछेउँ भयाको वस्त्र लाउनुभयाजवस्त् । हे श्रीराम, जत्ति ब्रह्माका अग्रमा तपाञिले अंगीकृत गर्नुभयोथ्यो उति सबै पूर्ण हुन्थ्या, तस्तै हंस जोरि-राख्याको पुष्पक विमानमा चढिकन श्रीरामको महाशोभा भयो, फेरि विशेषले ति विमान तेजवन्त भयाकोमा श्रीराम सीता लक्ष्मण चढिकन पनि बढो तेज भैरह्यो । कस्तो भन्या सहस्र सूर्य उदय भै आया जस्तो त्यो विमान आकाश मार्गले अयोध्यातिर हेरि आया भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे [illegible] संवादे लंकाकाडे अयोध्या प्रवेशनंनाम चतुरशीतितमोऽध्यायः ॥८४॥

८५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि आकाशमा बसिकन श्रीरामले सीताको मुख हेरिकन महाआनंदले आया। श्रीरामको र सीताको वियोग भैरह्याको छ महिना भयो, एस्कारण अन्योन्यले प्रीति गरिकन आज्ञा गऱ्या। कस्ती सीता भन्या, साक्षात् लक्ष्मीस्वरूप हुनुभयाको पूर्णचन्द्रमा जस्तो मुख भयाका अत्यन्त परम सुन्दरी भैरहनुभयाकी तेस्ती सीताकन श्रीरामचन्द्रले आज्ञा गऱ्या, हेर भनि एस् लंकामा हामिहरूले युद्ध गऱ्याको ठाउँ हेर एहि हो। फेरि हामिहरूले मारिराख्याको राक्षसहरूका मांसरक्तले नाल भैरह्याको यो हेर। हे सीता, रावणलाई मारियाको ठाउँ एहि हो हेर भनि एस् प्रकारले सबै शत्रुलाई मार्‌याको ठाउँ देखाईकन जानुभयो। तेस्वेलामा समुद्रको तीरमा पुग्यार हे सीता, हेर यो सुवेलाचल पर्वत भन्याको एस् पर्वतैमा हामिहरूले वास गऱ्यौं, फेरि शय योजन विस्तार भयाको यो समुद्रमा वानरहरूले अनेक पर्वत ल्याईकन वानरले सेतुबन्ध गरिराख्याको हेर भनि एस् प्रकारले आज्ञा गर्दै जाँदामा समुद्रद्वार पुग्यार श्रीरामले आज्ञा गऱ्या, हे सीता, यो हेर भनि म लंका आउन लाग्याका वेलामा स्थापना गरि आयाका शिवलिंग इन्को नाम रामेश्वर हो। हे सीता, यो तीर्थ उत्तम यो रामेश्वरका दर्शन गर भनि एस् प्रकारले कुरा गर्दै आउनुहुँदा किस्किन्ध्या पुगिकन आज्ञा गऱ्या, हे प्रिये सीता, मेरा मित्र सुग्रीवका राज्य किस्किन्ध्या हो हेर भनि एस् ठाउँमा वालिलाई मार्‌यौं। ताहाँपछि फेरि श्रीरामले आज्ञा गऱ्या, हे मित्र सुग्रीव, तपाञि किस्किन्ध्यामा गैकन तारासहित गरि वानर सबैका स्त्रीहरू डाकि ल्याईकन सीतालाई प्रदक्षिणा गराउनु भनि आज्ञा गर्नुभयो र तेस् ठाउँमा अलिकबार विस्तार गरि ति सुग्रीव जानु भैकन तारा आदि सबै वानरका स्त्रीहरूकन बोलाई ल्याया र श्रीसीतालाई दण्डोत् गरिकन चाहियाको कुशल वार्तादि गरिकन विमान चलायो। ताहाँ श्रीरामचन्द्रले आज्ञा गर्दा भया, हे सीता, महेन्द्र पर्वत यो हेर, एस् ठाउँमा मैले मित्र गऱ्याँ भनि एस् प्रकारले जाँदा २ श्रीरामले आज्ञा गऱ्या, हे सीता, पंचवटी हेर भनि एस् ठाउँमा तिमिलाई राक्षसले हरण गऱ्यो। हे सीता, ऋषिहरूका आश्रम यो हेर भनि एस् ठाउँमा त्रिशिला आदि गरि चौध हजार राक्षसहरूलाई मार्‌यौं भनि एस् प्रकारले जाँदा २ यमुनाका तीर पुगिकन श्रीरामले आज्ञा गऱ्या, हे प्रिये सीता, ती सूर्यकी पुत्री यो यमुना हेर, एस्का जल अति निर्मल भनि एस् प्रकारले जाँदा २ भागीरथी गंगामा पुगिकन श्रीरामले आज्ञा गऱ्या, हे सीता, भागीरथी गंगा यो हेर भनि श्रीविष्णुका चरणबाट

आउनुभयाका यो भरतखंडका प्राणीहरूकन उद्धार गर्नाका अर्थले भगीरथ राजाले तपस्या गरीकन श्रीनारायणछेउँ मागि ल्याया भनि ई गंगाजलको विन्दुमात्र कण्ठमा राखि प्राण छोडनु-सक्या कोटि २ जन्मका पाप पनि मोचन हुनन्, एस्ति गंगाको दर्शन गर भनि एस् प्रकारले जाँदा २ सरयूका तीरमा पुगिकन आज्ञा गर्दा भया, हे सीता, ई सरयू गंगा हेर भनि तन्को किनारामा हाम्रा अयोध्या हो, त्यो अयोध्याको ठाउँमा आयाको सरयू गंगा हुन् भनि हे सीता, उ हेर, अलिक् २ देषन पायो अयोध्या हेर भनि एस् प्रकारले जाँदा २ भरद्वाजका आश्रममा पुग्या । ताहाँ श्रीरामचन्द्रले भरद्वाजका दर्शन गरूँला भनि अलिक् विस्तार गरि राजगर्नुभयो । ताहाँ रामायण आदि अनेक कथा सुनिरहन्याहरू आदि भरद्वाजले श्रीराम आउनुभयाको देखि शिष्य शाखासहित गरि चाँडै उठीकन श्रीराम सीता लक्ष्मणलाई पादार्घ गरि आसनमा राजगराउनुभयो । ताहाँ श्रीराम, सीता, लक्ष्मण तीनैजनाले पनि भरद्वाजकन नमस्कार गरि श्रीरामचन्द्रले भरद्वाजका अग्रमा आज्ञा गर्नुभयो र हे भारद्वाज, ऋषीश्वर मेरा राज्य अयोध्यामा कसो २ भयो, प्रजाहरू सबै कुशल छ कि भनि फेरि मेरा भ्राता भरत आदि शत्रुघ्न कुशल कुशल छ कि भनि एस् प्रकारले श्रीरामचन्द्रका आज्ञा सुनि भरद्वाज ऋषिले आज्ञा गऱ्या, हे परमेश्वर, एस् संसारमा तपाञ्जिले नजान्नुभयाको क्या छ ! एस् ब्रह्माण्डमा जति भयाको प्राणीहरूको आत्मापुरुष भैरहनुभयाका तपाञ्जि वनवास जानुभयाको, सीता राक्षसले लैगयाको, तपाञ्जिले रावण आदि अनेक राक्षसहरू मार्नुभयाका ई सबै कुरा तपाञ्जिका प्रसाद कृपाले मैले त्रिकालज्ञ भैकन सबै जान्याको छ, ब्रह्माका आज्ञाले अवतार हुनुभयाको पनि जान्याको छ । हे श्रीराम, तपाञ्जिले मछेउँ सोधनुभयाका कुरा मैले विति गर्छु सुन्नुभया जाउस् । हे राम, तपाञ्जिका अयोध्यामा सबैका पनि आनन्द छ, फेरि तपाञ्जिका माता, कैकेयी, सुमित्रा तिनहरू पनि कुशल छन् । हे परमेश्वर, तपाञ्जिका भ्राता भरत अयोध्यामा वस्नुभयेन, राज्यभोग छाडि देशबाहिर नन्दिग्राम एक बनाई जस्तो तपाञ्जिले गर्नु भयो तस्तै त्यो भरतले जटा धारणा गरि रूपको बोक्राको वस्त्र लाई कन्दमूल मात्र आहार गरि भूमि शय्या गरिकन श्रीराम कैल्हे पाउलाम्नु-होला भनि फेरि चौध वर्ष संवत्सर कैल्हे जाला भनि एस् प्रकारले रातोदिन तपाञ्जिका, नाम मात्र ली नन्दिग्राममा वस्नुभैकन राज्य प्रतिपाल गरिकन भरत वस्नुभयो । हे परमेश्वर, तपाञ्जि समस्त प्राणीका पनि दुःख नाश गरिरहनुभयाका त्यस्ता तपाञ्जि फेरि समस्त प्राणीका उद्धार गर्नानिमित्तले शास्त्रमा पनि प्रख्यात भैकन दशावतार लिनुभयाका, फेरि तपाञ्जि चौविस् अवतार भयाका थियो, सहस्र अवतार पनि छ, तिनिहरूमा श्रेष्ठ भैरहाका

दश अवतार, हे परमेश्वर जस्ले २ यो श्रीराम अवतारका कुरा श्रद्धा भक्तिले जस्ले पाठ गर्नान् जस्ले सुन्नान्, तन्का एस् संसार समुद्र तरि जानान। हे परमेश्वर यो, सृष्टि गर्न्या वेलामा तपाञ्चिका दुई मूर्ति भनि विराट् पुरुष एक प्रकृति माया एक भैकन मायाले सृष्टि गराउनुभयो। अघि जल सृष्टि गरिकन ति ब्रह्माले समस्त प्राणी सृष्टि गऱ्या। ति ब्रह्माका आज्ञाले तपाञ्चि अवतार भैकन ब्रह्मादि देवताका अनेक कार्य गर्नुभयो। एस्कारण सृष्टि स्थिति संहारकर्ता पनि तपाञ्चि हुन्। हे श्रीराम, तपाञ्चिछेउँ मैले एउटा विन्ति गर्छु, क्या हो भन्या आज ४ प्रहर रात्रि भछेउँ वास गर्नुहुन्छ् क्यानभन्या, मेरा आश्रममा पवित्र गर्नाका अर्थले भोलि सवेरै अयोध्यामा जानुहुन्छ् भनि विन्ति गऱ्या र ति वचन सुनि ताहाँ श्रीरामचन्द्र सीतासहित सबै तेसै ठाउँमा वास गरि राजगर्नुभयो। ताहाँ भरद्वाजले षोडशोपचारले श्रीराम सीता लक्ष्मणलाई पूजा गऱ्या। फेरि सुग्रीवादि वानरहरू सबैलाई पूजा गरिकन विभीषणादि राक्षसहरूलाई पनि पूजा गऱ्या। ताहाँपछि यज्ञका शेष पंचामृत आदि अनेक वस्तु फलफूल आदि सबै श्रीरामका अग्रमा राषि महाभक्तिले आदर गऱ्या। ताहाँ श्रीरामचन्द्रले पनि ति यज्ञका शेष लीकन सबैले षाया। एस् प्रकारले भरद्वाजका आश्रममा रात काटि विहायापछि निको वेलामा अयोध्या जानाकन ताहाँ श्रीरामचंद्रले हनुमानलाई आज्ञा गर्दा भया। हे हनुमान, अब तिमि मेरा भ्राता भरतछेउँ गैकन म आयो भनि समाचार सुनाऊ। फेरि मेरा मित्र पिता गुरु राजा तन्हरूलाई पनि म आयो भनि सुनाई जानुपर्छ भनि एस् प्रकारले श्रीरामले आज्ञा भयाको सुनि ति इच्छारूप हनुमानले पनि श्रीरामका आज्ञा शिरमा राषि ब्राह्मणको रूप भैकन भरतका ठाउँमा गया। ताहाँ श्रीरामले पनि भरद्वाजछेउँ विदा भैकन अयोध्या जानाकन पुष्पक विमानमा राजगर्नुभयो। ताहाँपछि हनुमान भया पनि भरत राज गर्नुभयाको ठाउँ नंदीग्राममा पुगिकन भरतलाई नमस्कार गरि रह्या। भरत भन्या अति कोमल जस्तो श्रीरामचन्द्र सुन्दर तस्तै भरत सुन्दर, मुखले राम २ भनि कराईरहन्या जस्तो श्रीरामका वस्त्र तस्तै रूखका बोक्राको वस्त्र लाई जटाले मुकुट गरि फलमूल मात्र आहारा गरिकन सिंहासनमा श्रीरामका कठपाउ राषि तेस् कठपाउमा न्याय नीतिको कुरा लिनु दिनु कुरा विन्ति गरि न्याय नीति सत्य धर्मले राज्य प्रतिपाल गरि राज्य भोग छाडिकन तेस् सिंहासनको मनि भूमिमा शय्या गरिकन श्रीरामका शोकले मलिन मुख गरिरहन्या भरतका अग्रमा ति हनुमानले आज्ञा गर्नाकन लाग्या। हे भरत, तपाञ्चिका भ्राता श्रीराम सीता लक्ष्मणसहित गरि आईपुग्नुभयो, मैले भरद्वाजका आश्रममा छाडि आया। श्रीरामचन्द्रले तपाञ्चिलाई सुनाउना-

कन मलाई अध्यारै पठाउनुभयो भनि आज्ञा गऱ्या र ति हनुमानका वचन सुनि ति भरतका अत्यन्त हर्षमान भयो र मूर्छा भयो, अलि बेरपछि चेष्टा भयो र भरतले आज्ञा गऱ्या, क्यानिको कुरा मलाई सुनाउनुभयो । श्रीरामका निमित्तले मेरा प्राणको माहा मारिरह्या, अब यो अब यो मेरा प्राण बाँच्यो, अब मेरा जन्म साफल्य भयो भनि एस् प्रकारले आज्ञा गरिकन ति भरतले हनुमानलाई आलिंगना गरिकन आज्ञा गर्दा भया । हे हनुमान, श्रीराम सीता लक्ष्मण कुशल छन् कि ! फेरि मेरा भ्रातासे कपिराजसित कसो मित्र गर्नुभयो, फेरि जान्हवी सीता लंकाका राजा रावणले लैगैकन राख्याका तेस् रावणकन कसोगरि मारि सीता फिराईन्याउनुभयो भनि एस् प्रकारले भरतले आज्ञा गऱ्याको सुनिकन हनुमानले आज्ञा गर्न लाग्या । हे महाराज भरत, तपाईका भ्राता श्रीराम लक्ष्मण सीता कुशल छन् कि भनि ताहाँपछि हनुमानले सीता-हरण गरि लैगयादेखिको कुरा, रावणलाई युद्ध गऱ्याको मार्ऱ्याको कुरा, समुद्रमा सेतुबन्ध गऱ्याको सबै वृत्तान्त सुनाउनुभयो ति कुरा सुनि भरतले अत्यन्त हर्षमान गरि आज्ञा गर्दा भया, हे हनुमान, चौध वर्ष भयो श्रीरामका समाचार सुन्न नपायाको, अब तेस्ता श्रीरामका समाचार तिमिले मलाई सुनाउनुभयो एस्कारण तिमिलाई प्रसाद शय ग्राम शय दास बाहवर्षको उमेर भयाकी दासी सोह एति तिमिलाई भनि आज्ञा गरिकन ताहाँ शत्रुघ्नलाई आज्ञा गऱ्या । हे भ्राता, शत्रुघ्न तिमि अयोध्या गैकन श्रीरामका समाचार सुनाईकन ठाउँ २ मा देवल भयाका छन् ति देवल सबै पूजा गरिकन श्रीराम लक्ष्मणलाई बाटो हेर्न जानाकन सबै तयार गर भनि एस् प्रकारले आज्ञा गरिकन पठाया र भरतका आज्ञा जस्तै शत्रुघ्न जानु भैकन अनेक ठाउँ-ठाउँका देवताहरू पूजा गराया, फेरि प्रजाहरू सबै बटुल्याईकन पृथ्वी का अनेक राजा २ हरू पनि बटुल्याई, एक लाख असुवार, दशहजार महारथि, सुवर्णको महारथि, आभरण लगायाका दशहजार मत्त हात्तिमाथि हौदा राखि अनेक ध्वजा पताका सुवर्णमय पाल्कि्मा कौशल्या आदि राणीहरू सबैलाई राखिकन अनेक मंगल बाजा अनेक नाच, फेरि ठाउँ २ मा चटुवा राखि फेरि बुढा बुढी बालप तरुणा तिनिहरू अनेक वस्त्र लाई रामचन्द्रकन बाटो हेर्न गया । सबैलोकहरू अघिबाटो पठाई ति भरत हनुमान पछि २ गया । ति भरत कस्ता तरहले जानुभयोभन्या श्रीरामका कठपाउ आफना शिरमा राखि श्रीरामका नाम हृदयमा राखिकन जानुभयो। एस् प्रकारले जानुभयाका बेलामा श्रीरामचन्द्र आउनुभयाको देखन पाया कस्तो गरि पाउलाग्नुभयोभन्या हंस चढिकन ब्रह्मा जस्तो शोभा भैकन रहन्छ, तस्तै पुष्प विमानमा चढि अत्यन्त शोभा गरि आउनुभयाको श्रीराम देखि श्रीराम आउनु-

भयो, हेर २ लक्ष्मण सीता उ आया हेर भनि एस् प्रकारले पालव वृद्ध सबैहरू कुरा गरि जाँदा २ श्रीराम भेट्न गयार अनेक वाद्य नृत्य गीतादि गऱ्या। ताहाँ श्रीरामले तिनिहरू आयाको देखि विमान भूमिमा विसाउनुभयो। ताहाँ भरतले पनि राम सीता लक्ष्मणका मुख हेरि महाहर्षमानले दंडवत् गरिकन श्रीरामका चरणमा प्रदक्षिणा गरि रह्या। तेस् प्रकारले रह्याका भरतका शिर श्रीरामले आफ्ना हातले समाई आनन्दका आँसु पसालि आलिंगना गरिरहनुभयो। ताहाँ शत्रुघ्नले पनि श्रीराम सीता लक्ष्मणका शरीरमा दंडवत् गरिया, सुमन्त्र मन्त्रि आदि सबै प्रजाहरूले पनि श्रीराम सीता लक्ष्मणका चरणमा ढोक दिया। श्रीराम सीता लक्ष्मण तीनै जनाले पनि कौशल्या, कैकेयी, सुमित्रा माताहरूका चरणमा दंडवत् गरिया। फेरि सुग्रीवादि वानरहरूले पनि विभीषणादि सबै राक्षसहरूले पनि दंडवत् गरिकन महाआनन्द भयो। ति आनन्द शब्द त्रिभुवनमा पनि व्याप्तमान भैरह्यो। ताहाँ परस्पर कुशल वार्त्तादि गरिसकिकन रहनुभयाका वेलामा भरतले आफुले ल्याया को कठपाउ जुत्ता आफ्नु लुगाले पुछिकन श्रीरामचन्द्रका चरणमा लाईदीकन ति भरतले आज्ञा गर्नाकन लाग्या, हे श्रीराम, तपाल्का राज्य अघिको भन्दा धेरै तुल्याईराख्यौं, फेरि पजाना पनि अघिको भन्दा बहुत गरिराख्यौं, तपाल्ले अब मेरा हात सौंपिराख्नु-भयाको राज्य, काष्ठपाल जुत्तासहित गरि लिनुभयाजास् भनि विंति गर्नुभयो। ताहाँ वानरहरू राक्षसहरूले भरतको भावना देखि कुरा गर्न लाग्या, धन्य २ भरत भनि भरत भन्नु तेस्लाई पो भनि एस् प्रकारले रहँदा अनेक भेटि लोकन गुरु राजा आई-पुग्या। श्रीरामकन भेटि राखि कुशल वार्त्तादि गरिरह्या, श्रीरामचन्द्रले पनि भरतका भक्ति देखि अत्यन्त हर्षमान गरिकन भरतकन दाहिनातिर काखमा राखि बाउँ काँखमा सीता राखिकन विमानमा चढि सिन्दूर-यात्रा गरि महाउत्साह गरिकन भरत बस्न गयाको नंदीग्राममा आईपुग्या। तेस् वेलामा श्रीराम वनवास जानुभयाको चौध वर्ष पुग्यो र विमानवाट वर्हिकन श्रीरामले आज्ञा गर्दा भया, हे विमान, ब्रह्माका आफ्ना मनले सृष्टि गरि राखनुभयाको तिमि कुवेरका निमित्तले, त्यस् कुवेरकन रावणले जिति तिमिलाई वश गरि-राख्याको बहुत काल भयो, अब श्रीमहादेवका भण्डार कुवेरछेउँ जा भनि आज्ञा दिया र त्यो विमान ताहींवाट उडिकन कुवेरका ठाउँमा गया। ताहाँ श्रीरामचन्द्रले सीतासहित गरि पाल्कि-मा वसिकन निको वेलामा अनेक यात्रा गरि अयोध्यामा पाउलाग्नुभयो, वशिष्ठादि अनेक ऋषिहरूलाई ढोकदिया, देवताहरूले अनेक असुरगणलाई जिति आईकन बृहस्पतिलाई ढोक

दियाजस्तो श्रीरामचन्द्रले रावणादि राक्षसहरू मारिकन वशिष्ठलाई ढोकदिया। हे पार्वति, वैकुण्ठमा वैष्णवहरूका विष्नु भयेनन् र महादुःखले वस्याका वेलामा विष्नु आईपुगिकन जस्तो आनन्द भयो तेस्तै श्रीरामचन्द्र आउनुभैकन अयोध्यावासीहरूका आनन्द भयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे पञ्चाशीतितमोऽध्यायः ॥ ८५ ॥

८६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि श्रीरामचन्द्र, अयोध्यामा जानुभयापछि भरतले कैकेयीसहित गरि श्रीरामचन्द्रछेउँ विन्ति गर्न लाग्या। हे भ्राता श्रीरामचन्द्र, मेरी माता कैकेयीका वचनले तपाञ्चि वनवास जानुभयो एस्कारण कैकेयिका पनि मेराउपर पनि अपराध क्षमा गर्नुभयाजावस्। हे भ्राता, तपाञ्चिका राज्य लिनुहवस् भनि भरतले श्रीरामको हात सौंप्या। हे पार्वति, एस् ब्रह्माण्ड सृष्टि गरिरहन्या आदि नारायण तेस्ता श्रीरामका क्या सन्तोष हुनन् क्यानभन्या श्रीराम मनुष्य भनि लोक प्रतीत गर्नाका निमित्तले भरत-छेउँ राज्य लिनुभयो। ताहाँपछि भरतले श्रीरामका जटा मुण्डन गर्नकन महागुणिक हजामलाई डाक्न पठाया र भरतका आज्ञाले चाँडै आईपुग्यो, ताहाँ श्रीराम भरतका चरणमा दण्डवत गरि वस्यो। श्रीरामचन्द्रले आज्ञा गरि अघि भरतको मुण्डन गराया, ताहाँपछि श्रीरामका मुंडन गराया, ताहाँपछि दिव्य वस्त्र लाई, सुगन्ध चन्दन लेपन गरि, अनेक मणि माणिकका गहना लाई सुवर्ण पुष्पमाला गलामा लाई श्रीराम सीता लक्ष्मण सुग्रीव भरत शत्रुघ्न विभीषणादि सबै महाआनन्दले वस्या। ताहाँ श्रीरामचन्द्रले आफ्नी माता कौशल्याको कोठाभित्र गया, कस्ती कौशल्या भन्या श्रीरामका शोकले पनि श्रीदशरथ राजाका शोकले पनि महादुवला भैकन रहन्या कौशल्याले श्रीरामका दर्शन पायेर अघिको भन्दा अष्टांग शरीर भैआयो। ति कौशल्या मातासे तीनैजनालाई स्नान गराई दिव्य वस्त्र अनेक आभरण दिकन रहनुभयाका वेलामा भरतले श्रीराम-कन देशयात्रा गराउँला भनि सुमन्त मन्त्रिका अग्रमा आज्ञा गर्नुभयो र ताहाँ सुमन्त मन्त्रिले श्वेतवर्ण घोडा जोरिराख्याका दिव्य रथमा अनेक सुवर्ण अलंकार लाई श्रीरामका अग्रमा

पुग्याउनु भयो। ताहाँ श्रीरामचन्द्रले पनि नमस्कार गरिकन रथमाथि आया। भरत लक्ष्मण शत्रुघ्न सुग्रीव विभीषण आदि छ जना रथमा बसि अनेक वाद्य नृत्य गीतादि श्रीरामका अग्रमा राखि फेरि अनेक हात्ति घोडा रथ सबै सिंगारि श्रीरामका पछि २ लाई एस् प्रकारले श्रीरामचन्द्रले देशयात्रा गर्नुभयो। फेरि, हनुमान आदि वानरगण, राक्षसहरू सबै मनुष्यको रूप ली हात्ति चढिकन अनेक वाद्य बजाई नाचन लाग्या। सीता आदि कौशल्या-सहित पाल्किमा राखि श्रीरामका पछि २ जानुभै फेरि श्रीरामका सारथि भरत लक्ष्मणले चँवर दोलाई शत्रुघ्नको हातमा सुग्रीव विभीषणको हातमा रत्नको दण्ड श्वेत छत्र फेरि एस् ठाउँमा रंग विरंगको ध्वजा पताका पहेराईराख्याका तेस्ता रथमा चढिकन श्रीरामका अति शोभा भयो। हे पार्वति, श्रीरामचन्द्रले एस् प्रकारले देशयात्रा गर्न्याको देखि समस्त लोकका पनि महाउत्साह आनन्दले देशयात्रा गरि आउनुभयाको वेलामा अनेक वानरका शब्दले त्रिभुवन पनि व्याप्तमान भयो। इन्द्रादि देवताहरूले पनि पुष्पवृष्टि गरिदिया। अनेक दुन्दुभि वाद्य बजाई अप्सराहरू नाच्न लागी, फेरि नारदादि अनेक ऋषिहरू आईकन स्तोत्र गर्न्या। अनेक व्यास देव आदि मुनिहरूले पनि वेदघोष गर्न्या। फेरि रसातलवाट नागलोक आई श्रीरामको स्तुति गर्न्या। एस् प्रकारले श्रीरामका यात्रा हेर्नाकन अयोध्यावासीहरू अनेक बुढा बुढी बालक तरुणा तरुणी सबै चित्र-विचित्र वस्त्र लाईकन अनेक आभरण लाई नेत्रमा अंजन लाई एस् प्रकारले श्रीरामका यात्रा हेर्न लाग्या। अनेक गृहस्थ २ का स्त्रीहरू वनिलाका स्त्रीहरू, ऊचालमा बसि फल पुष्प ताम्बूल हातमा लीकन श्रीराम सीताका शरीरमा छत्रमा पनि छरिदिया। कस्ता श्रीराम भन्या श्यामवर्ण, पद्मपत्रजस्तो नेत्र, कानमा कुण्डल, गलामा मोतिमाला लाईरहनुभयाका, फेरि, किरीटले अति शोभा भैरहाका, हृदयमा श्रीवत्सको चिन्ह भयाका, पूर्णचन्द्रजस्तो मुख, अति सुन्दर तेस्ता श्रीरामका मुख अयोध्यावासीहरू सबैले अत्यन्त हर्षमान गरि हेरिरह्या। फेरि, श्रीरामका अति सुन्दर शरीर आफ्नु २ हृदयमा आयो भनि चिताई आफ्नु हृदय आफैले आलिंगना गरिरह्या। हे पार्वति, ति श्रीरामचन्द्रले पनि अनेक लोकलाई मुसुक १ हाँसिकन अनेक कुशल वार्त्तादि गर्नुभयो। एस् प्रकारले देशयात्रा गर्नु सक्यापछि राजकुलमित्र जानुभयो। ताहाँपछि श्रीरामले भरतकन आज्ञा गर्न्या, हे भरत, अनेक मणि माणिकले पूर्ण भयाका चित्रविचित्र गरिराख्याका तेस्ता कोठामा मेरा मित्र सुग्रीवलाई वास देउ, विभीषणलाई पनि तेस्ता ठाउँमा वास देउ भनि आज्ञा भयो र ति आज्ञा सुनि भरतले पनि सुग्रीवादि सबै वानरलाई वास दीकन

अनेक मान्य गऱ्या। ताहाँ भरतले आज्ञा गऱ्या, हे मित्र भ्राता, अबदेखि हामि चार भाई अब तपाविसमेत पाँच भाई भयौं भनि एस् प्रकारले आदर गर्नुभैकन फेरि विभीषणको ठाउँमा जानुभैकन आज्ञा गऱ्या, हे राक्षसेन्द्र विभीषण, श्रीरामविना महा-दुःखत पाईरह्यौं, अब तम्रा प्रसादले श्रीरामका दर्शन गरिकन मेरा दुःख शांत भयो भनि एस् प्रकारले आदर गरिकन श्रीरामलाई अभिषेक दिनाकन हनुमान अंगद जाम्बुवाण नल तिनिहरूका चारजनालाई डाकिकन आज्ञा गऱ्या। हे वानर, श्रीरामलाई अभिषेक दिनाकन चार समुद्रको जल ल्याउनुपर्छ भनि भरतले आज्ञा गर्नुभयो र ति वचन सुनि हनुमान आदि ४ जना वानरले सुवर्ण घडा लीकन गया र चारै समुद्रको जल लियेर चाँडै पुग्न आया। ताहाँ भरतले सुमन्त मन्त्रिलाई आज्ञा गऱ्या र चाहियाको सराजाम सबै तयार गरिकन वशिष्ठ वामदेव भरद्वाज वाल्मीकि ति ४ जना ऋषि बोलाउन पठाया र चाँडै आईपुग्या र ताहाँ भरतले फेरि ज्योतिषी डाकन पठाया र निको वेला देखाई दशरथ राजाका सिंहासनमा श्रीराम सीता राजगराउनुभैकन मंगल २ वस्तु अग्रमा राखि चार ऋषि चारै दिशामा वसि सुवर्ण घडामा चारै समुद्रको जल राखि कुश तुलसीका मंजरी दुबैले श्रीरामलाई अभिषेक दिया, फेरि गंगाजल आदि सबै तीर्थका जलले पनि अभिषेक दिया। ताहाँपछि पीताम्बर धोति लाई, दिव्य २ वस्त्र, सुगंध २ चंदन लेपना गरि अनेक रत्नको आभरण लाई पारिजात आदि अनेक सुगंध २ पुष्पमाला गलामा लाईकन अति शोभा भैरह्या। कस्तो भन्या वैकुण्ठमा रत्न सिंहासनविषयले वामांगमा लक्ष्मी राखि राजगर्नुभयाका वेलामा श्रीनारायण जस्तो शोभा तस्तै वामांगमा सीता राखि सीताका एक बाहुलिमा उत्पल पुष्प छन् , ति उत्पल पुष्प घुमाई-कन एक हातले श्रीराम आलिंगना गरि परस्पर मुख हेरिरह्नामा अति शोभायमान भयो। कस्ता श्रीरामको तेज भन्या कोटि श्रीसूर्य्यका तेजजस्तो, सुन्दर भन्या कोटि कंदर्पजस्तो, फेरि सीताको वर्ण तप्तकांचनजस्तो, पुष्टांग शरीर पूर्णचन्द्रजस्तो शोभा, महाजौवन पति व्रतमा श्रेष्ठ, साक्षात् लक्ष्मीको अंश हुनुभयाका फेरि कस्ती भन्या श्रीरामका मुख हेरिरहन्या एस्ता श्रीराम सीता देखि समस्त लोकका आनंद भया र अनेक वाद्य नृत्य गीतादि गरिकन महाउत्साह भयो। फेरि स्वर्गवाट पुष्पवृष्टि दुन्दुभि वाद्य अनेक वेद घोष आदि गरिकन ल्याया। एस् प्रकारले आनन्दले रहनुभयाका वेलामा देवराज इन्द्रका आज्ञाले गंधर्वहरू स्वर्गवाट आईकन सुवर्णका मालाले श्रीरामकन लाईदिया। फेरि नारदले पनि वीणा लीकन श्रीरामलाई नमस्कार गरि श्रीरामको नाम ली गीत गाईरह्या। एस् प्रकारले रहनुभयाका वेलामा पार्वतिसहित गरि

श्रीमहादेव आउनु भैकन श्रीरामलाई नमस्कार गरि श्रीमहादेव पार्वतिले स्तुति गर्न लाग्या, हे परमेश्वर, एस् संसारमा प्राणीहरूकन उद्धार गर्नानिमित्तले नाना अवतार लिनुभयो, ब्रह्मा भैकन सृष्टि गरि विष्णु भैकन प्रतिपाल गऱ्या, शंकर भैकन संहार गर्नुभयो। एस्ता साक्षात् परब्रह्म विष्णु भैकन एस् संसारमा अनेक प्राणीहरूले पाप गरिकन पृथ्वीको भार भयो र तेस् वेलामा तपाञि अवतार भैकन दुष्टलाई संहार गरि साधुकन रक्षा गरि पृथ्वीको भार खंडन गरिदिनुभयो, एस्ता तपाञिकन। नमस्कार हे श्रीराम, काशी क्षेत्रमा सधैं मैले वास गरिरह्या क्यान भन्या, तपाञिका नाम लीकन यो तीर्थमा स्नान गरिकन मेरा दर्शन गर्न आउन्याहरूलाई मैले मोक्ष दिन्याँ, तपाञिका नाम स्मरण गर्न्याहरूलाई एकलाष फेरा आया पनि मैले मोक्षदिन्युँन भनि एस् प्रकारले स्तुति गरिरहनुभयाका वेलामा फेरि इन्द्र आईकन स्तुति गऱ्या। हे परमेश्वर, ब्रह्माले वर दियार रावणले हाम्रा सम्पत्ति शय्या पनि लियो र महादुःख पाईरह्या। अब तपाञिले रावणलाई मार्नुभयो र मेरा सम्पत्ति शय्या पनि फिराई-दिनुभयो। अब तपाञिका प्रसादले महासुख भयो भनि एस् प्रकारले स्तुति गऱ्या। फेरि सबै देवताहरू आईकन श्रीराम सीतालाई नमस्कार गरि स्तुति गर्न लाग्या, हे परमेश्वर, हाम्रा यज्ञको भाग रावणले लियो र महादुःख पाईरह्या, अब तपाञिका प्रसादले हाम्रा यज्ञ भाग पायौं भनि एस् प्रकारले स्तुति गरिरहनुभयाका वेलामा फेरि पितृलोकहरू आईकन श्रीराम सीतालाई नमस्कार गरि हात जोरिकन स्तुति गर्नलाग्या, हे रघुनाथ, हाम्रा पुत्र पौत्रादिहरूले गयामा पिंड दियाको सबै रावणको आज्ञाले राक्षसले हरण गरिलियो र हामिहरूलाई पिण्ड भाग पायेन र प्राणान्त भैरह्यौं, अब तपाञिका प्रसादले हामिलाई पिण्डभाग पायौं भनि एस् प्रकारले रामका स्तुति गऱ्या। ताहाँ सबै देवताहरूले श्रीरामका चरणमा प्रदक्षिणा गरि विदा भैकन सबै स्वर्गमा गया। हे पार्वति, एस् प्रकारले देवलोकहरू अयोध्यामा गैकन श्रीरामका स्तुति गऱ्याको हेरिकन स्तुति देखि सुग्रीवादि वानर विभीषणादि राक्षस अयोध्यावासी लोकहरू सबै विस्मय गरि हेरिरह्या। हे पार्वति, श्रीरामका स्तुति जुन मनुष्यले भक्ति राखि गर्नन् अथवा पाठ गर्नान् तिन्का कोटि २ जन्मको पाप मुक्ति भैकन श्रीरामको भक्ति होला, श्रीरामका भक्त भया मोक्ष पाउनु क्या सम्भव भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो भनि ब्रह्माले नारदलाई सुनाउनुभयो, यो कथा सूतले सौनकादि ऋषिहरूलाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे षडशीतितमोऽध्यायः ॥ ८६ ॥

८७

श्रीमहादेव उवाच—हे प्रिये पार्वति ! ताहाँपछि श्रीरामचन्द्रले राज्याभिषेक लिनुभयापछि भरत, सुग्रीव, विभीषण आदि सबैले श्रीराम सीताकाई पूजा गरि चरणमा ढोक दीकन पृथ्वीका राजाहरूले पनि अयोध्यावासी लोकहरू सबैले पनि नाना द्रव्य हाति, घोडा श्रीरामलाई दक्षिणा गरिरह्या । एस् प्रकारले रह्याको देखि श्रीराम सीताका आनन्द भयो, ताहाँ श्रीरामचन्द्रले पनि वसिष्ठादि अनेक ऋषिहरूकन पूजा गऱ्या,अनेक दक्षिणा हाति, घोडा, कमारा-कमारी, सुवर्ण, वस्त्र अनेक कोटि २ प्रमाण दान पुण्य इछाभोजन गराया । फेरि सुग्रीवादि वानर विभीषणादि राक्षस पृथ्वीमा जति भयाका राजाहरू सबैकन श्रीरामचन्द्रले पूजा गरिकन अनेक वस्त्र आभरण हाति, घोडा सबै राजाहरूलाई दीकन इछाभोजन गराया । ताहाँ सीताले तारा प्रभृति अनेक रानिहरूलाई डाकिकन नाना वस्त्र, नाना मणि माणिकका आभरण आदि भोजनादि गराई देशयात्रा बनाया । श्रीरामका पछि २ भरत प्रभृति पृथ्वीका राजाहरू श्रीरामले दियाका आभरण लाई हाति घोडा चढि, फेरि सुग्रीव आदि अनेक वानरहरू मनुष्यरूप भैकन हातिको हौदामा बसि, फेरि विभीषणादि सबै राक्षसहरू पनि श्रीरामका पछि २ गया । ति श्रीसीता पनि चित्र-विचित्र वस्त्र लाई मणि माणिकका कुण्डलले भूषण गरि रत्नले चित्र-विचित्र गरिराख्याका रथमा बसिकन सीताको पछि २ सबै राणिहरूकन राखि अनेक वाद्य ध्वजा छत्र पताका नाना मंगल वस्तुले युक्त गरिकन एस् प्रकारले राज्याभिषेक लिनुभयाका निमित्तले यात्रा गरि रह्या,देश भ्रमण गर्नुभयो र श्रीराम अति शोभायमान भया । अनेक मंगल वाद्य शब्दले त्रिभुवनमा पनि व्याप्त भयो, देवताहरूले पनि दुन्दुभि वाद्यका शब्द गराई श्रीरामलाई पुष्पवृष्टि गरिदिया । फेरि, अयोध्यावासीहरूले पनि ठाउँ २ मा चदुवा राखि नाना मंगल गराई टोल २ मा श्रीरामकन पूजा गरि पुष्प तांबूल श्रीरामका शिरमा वृष्टि गरिकन श्रीरामका गुणको गीत गाई नाचन लाग्या । एस् प्रकारले सबैका पनि हर्षमान गरि देशयात्रा गरि सकिकन आनन्दले राजगर्नुभयाका वेलामा हनुमानले विन्ति गर्न लाग्या, हे परमेश्वर श्रीराम, तपाषि सबैका आत्मापुरुष हुनुभयाका तपाषिका नाम मात्रले पनि पापात्माहरू उद्धार हुन्छन् , एस्ता तपाषिका नाम मेरा हृदयमा कैलेहे पनि छुटाउनु नभयाजावस् । अब म हिमालयमा गैकन तपाषिका नामले तपस्या गर्न जान्छु भनि विदा माग्नुभयो र श्रीरामचन्द्रले पनि आज्ञा गर्न लाग्या । हे हनुमान, तिमिले

मान्याको जस्तै मेरो नाम तिम्रा हृदयमा स्थिर भै रहोस्, फेरि इन्द्र सूर्य्य भयासम्म तिमिले तपस्या गर, ताहाँपछि वैकुण्ठमा जस्तो मेरो रूप छ तस्तै तिमिलाई गरि राखुँला भनि एस् प्रकारले श्रीरामले आज्ञा गऱ्या र ति वाक्य सुनि ताहाँ हनुमानले पनि अत्यन्त हर्षमान गरि श्रीराम सीताका चरणमा त्रिवार प्रदक्षिणा गरि श्रीरामछेउँ विदा भैकन हिमालय पर्वतमा गैकन तपस्या गरिरहनुभयो। ताहाँ सुग्रीवले पनि आज्ञा गऱ्या, हे परमेश्वर, तपास्विका प्रसादले मेरो शत्रु वालिकन मारि मेरी स्त्री तारा राज्य पनि मैले पाऱ्या, अब मैले विदा बिन्ति गर्छु भनि बिन्ति गऱ्या र ति सुग्रीवका आज्ञा सुनि श्रीरामले आज्ञा गऱ्या, हे मित्र सुग्रीव, चन्द्र सूर्य भयासम्म किष्किन्ध्या राज्य निष्कंटक गरि राज्य भोग गर्नुहुवस्, पछि मेरा वैकुण्ठमा तपास्वि आउनुहोला भनि आज्ञा गर्नुभयो। एस् प्रकारले विदा भैकन सुग्रीवादि वानरहरू सबै किष्किन्ध्यामा गैकन आनन्दले वस्या। ताहाँ वालिपुत्र अंगदले श्रीरामका हजूरमा वसि हात जोरि मुखले केहि नबोलिकन श्रीरामका मुखमात्र हेरिवस्या। एस् प्रकारले वस्याका अंगद देखि अन्तर्यामी श्रीरामले चिन्तना गर्नुभयो, आफ्नु पिताकन मान्याका निमित्तले वस्याको हो भनि चिताई आज्ञा गर्नाकन लाग्या, हे अंगद, तिम्रा पिता मैले निस्कारण मान्याँ, अब त्यस्को साटो कृष्ण अवतारमा मैले दिन्छु। अब किष्किन्ध्यामा तिमि गैकन युवराज लीकन वस, सुग्रीवको सेवा गरिकन वस। हे अंगद, तिम्रा अन्तकालमा वैकुण्ठमा मसँगै लैगीकन राखुँला। एस् प्रकारको रामका आज्ञा सुनि अंगदले पनि हर्षमान गरि श्रीराम सीताका चरणमा दण्डवत् गरि किष्किन्ध्यामा गैकन सुग्रीवको सेवा गरिरह्या। फेरि विभीषणले बिन्ति गर्न लाग्या, हे परमेश्वर, श्रीराम, एस् संसारमा तम्रो नाम गरिकन पापको समुद्र, एस्ता समुद्रका नाव तपास्विका नाम मेरो हृदयमा सधैं स्थिर गरिदिनुहवस् भनि बिन्ति गऱ्या र यो वचन सुनि श्रीरामले आज्ञा गर्दा भया, हे विभीषण, एस् संसारमा तिम्रो जस्तिको मेरो भक्ति गर्न्या कोहि छैन, एस्कारण अब तिमि सुवर्ण लंकापुरिमा यो सृष्टि भया-सम्म निष्कंटक राज्य गरि भोग गर, पछि मेरा वैकुण्ठमा तिमि आईकन जस्तो म वस्या तस्तै तिमिलाई पनि राखुँला, फेरि २ जाहाँ म जान्छु ताहिं २ तिमिलाई पनि लैजान्छु भनि आज्ञा भया। यो वचन सुनि ति विभीषणले अत्यन्त हर्षमान गरि श्रीराम सीताका चरणमा प्रदक्षिणा गरि विभीषणादि राक्षसहरू सबै लंकामा गैकन राज्य प्रतिपाल गरि आनन्दले वस्या, फेरि पृथ्वीका राजाहरू सबै पनि विदा लीकन आपना २ राज्यमा जानकन श्रीराम सीताका चरणमा प्रदक्षिणा गरि हर्षमान गरिकन गया। ताहाँपछि श्रीरामचन्द्रले पनि धर्मले राज्य

प्रतिपालना गरिकन राजगर्नुभयो। हे पार्वति, तेस् अयोध्या राज्यमा श्रीरामचन्द्र राजा भैकन समस्त प्राणीका पनि परस्पर शत्रुभाव छैन सबै हामिहरूका आनन्द भयो तस्तै श्रीराम चन्द्र सीताको मुख देखि अयोध्यावासी सबैका पनि आनन्द भयो भनि श्रीमहादेवले पार्वतीलाई सुनाउनुभयो। एहि कथा ब्रह्माले नारद मुनीश्वरकन सुनाउनुभयो, सोही कथा सूतले सौनकादि ऋषिहरूलाई सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे लंकाकाण्डे समाशीतितमोऽध्यायः ॥८७॥

॥ लंकाकाण्डं समाप्तम् शुभम् ॥

उ

★

त्त

र

का

★

एड

उत्तरकाण्डम्

श्रीगणेशायनमः ॥

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं चैव ततो जयमुदीरयेत् ॥ १ ॥

१

श्रीरुद्र उवाच—हे पार्वति, ताहाँपछि जगत् संसारको पाप मोचन गर्न्या, संसार प्रतिपाल गरिरहनुभयाका वेलामा धर्मरक्षा गर्न्या तेस्ता श्रीरामले अयोध्यामा राज्य प्रतिपाल गरिरहनुभयाका वेलामा चतुर्दिशावाट ऋषीश्वरहरू श्रीरामचन्द्रको दर्शन गर्न आया । रावणादि राक्षस मारिकन सिंहासनमा राजगर्नुभयाका वेलामा महाऋषीश्वरहरू आया । कुन् २ भन्या, अतसी, जमकी, दैन्य, च्यवण, कंठती आदि पूर्वदिशाका ऋषीश्वरहरू आईपुग्या । अत्रियस, मुच, प्रमुच, अगस्ति आदि दक्षिण दिशावाट आया । रुशकु, कलश, भृगु, धूम्र, तिनिहरू सूर्य्यसमान तिनिहरूले श्रीरामलाई आशीर्वाद दिनाकन अयोध्यामा आईपुग्या । तेस् वेलामा राजद्वारका वाहिर वसिकन अग्निसमान ऋषिहरूले द्वान्याछेउँ सुध्याउनुभयो, हे द्वान्या, श्रीरामका क्या समय छ हामिहरू आया भनि हाम्रा भाका श्रीरामछेउँ पुऱ्याईदिनुपर्छ भनि आज्ञा भया र द्वान्या श्रीरामका हजूरमा गैकन विन्ति गर्न लाग्या । कस्ता श्रीराम भन्या, पूर्ण चन्द्रमाजस्तो मुख साक्षात् नारायणको मूर्त्ति त्यस्ता श्रीरामका अग्रमा द्वान्याले विन्ति गर्न लाग्यो । हे राघव, अनेक ऋषीश्वरहरूले तपाचिको दर्शन गर्न आया भनि आज्ञा गरि पठाउनुभयो भनि पस् प्रकारले द्वान्याले श्रीरामछेउँ विन्ति गऱ्यो । त्यो वचन सुनि श्रीरामले हर्षमान गरि आज्ञा भयो, हे द्वान्या, ति अग्नि सूर्यसमान ऋषिहरूकन चाँडो भित्र बोलाई ल्याउ, मछेउँ ब्राह्मणको बाधा कैल्हे छ कि चाँडै बोलाई ल्याउ भनि आज्ञा भयो र द्वान्याले ऋषिहरूकन

श्रीरामका हजूरमा लैगया । नाना रत्न आदि अलंकार गरिराख्याका गृहभित्र महाशोभायमानले आयाका ऋषिहरूकन श्रीरामले देखि हात जोरि प्रणाम गरिकन श्रीरामले निका २ आसनमा राजगराउनुभयो । सुवर्णालंकार आसन, पातको आसन, कुशासन राखि पादार्घ आचमन षोडशोपचारले पूजा गरि महामान्यले आदर गरिकन श्रीरामले आज्ञा गर्दा भया, हे ऋषीश्वर हो, तपाखिहरूका आशीर्वादले देवकंटक राक्षस रावणादि मारिकन तपाखिका दर्शन गरिसक्यौं, अब एस् संसारमा निश्चेतले वस्नुहुन्न् भनि आज्ञा गऱ्या । ति वचन सुनि ऋषिहरूले आज्ञा गर्नाकन लाग्या, हे श्रीरामचन्द्र, तपाखिले शत्रुकन मार्नुभयो र हामिहरूका महाआनन्द, हाम्रा धर्म रक्षा गर्नानिमित्तले तपाखिका मायाले, युग २ मा पनि अवतीर्ण हुन्भ्यो । एस्कारण तपाखिले रावण मार्नुभयाको अति अद्भुत होईन तपाखिकन कष्ट होईन, तपाखिको लीला पो हो । तपाखि त्रैलोक्यनाथ पो हौ, सृष्टि स्थिति संहारकर्त्ता एस्कारण तपाखिको दर्शन पाऊ र हाम्रो महाआनन्द भयो । उप्रान्त सीता फिराईकन दुष्टकन संहार साधुकन प्रतिपाल गरि, अयोध्या राज्य गरि राजगर्नुभयाको देखि हामिहरूका महाहर्ष, लक्ष्मण हनुमान सुग्रीवसहित गरि तपाखि आउनुभयाको देखि हामिहरूका महाआनन्द । फेरि रावणका मन्त्री प्रहस्त विरूपाक्ष महोदर अकम्पन तिनीहरू मार्नुभयाको देखिकन पनि महाआनन्द । हे रघुवीर, महाशरीर कुम्भकर्ण देवताको अवध्य तनलाई मार्न्याको देखिकन पनि हामिहरूका महाआनन्द, फेरि त्रैलोक्यको कंटक रावण तेस्लाई मार्नुभयो र हामिहरूको निर्भय भैगयो । फेरि मेघनाद कालमेघसमान तेस्लाई मार्नुभयाका उप्रांत केहि छैनन् । फेरि महावीर रावणको मन्त्रि एक २ जनाले देवराज इन्द्रलाई जितन सामर्थ । तिनिहरूको हो भन्या अतिकाय यज्ञकोप उद्धान्यत्तमत्त महामत्त कालसमान, तिनिहरू फेरि निस्कम्भ जम्बुमारि घटोदर तिनिहरूलाई मार्नुभयाको देखिकन पनि हामिहरूका अति आनन्द छ । फेरि महाबल महापार्श्व, हे राम, त्रिशिला देवान्तक तिनिहरू साक्षात् यमतुल्य, तेस्ता २ कन मार्न्याको देखि हामिहरूका महाहर्ष छ । हे राम, ति आदि अनेक रावणको दलपति राक्षस सबै मार्नुभयो र पनि हामिहरूका महाहर्ष छ । हे राघव, तिनिहरूलाई मार्नुभयो र पनि हामिहरूका मनमा अति आश्चर्य भयेन । हे रघुनाथ, तपाखिले मार्नुभयाको ठुलो कर्म क्या हो भन्या कसैले जितन नसक्याको अनेक २ मायारूपी कालस्वरूपी तेस्ता मेघनादलाई मारिकन ताहाँबाट तपाखि मुक्त भयौ र हामिहरूको अति हर्ष छ । हे राघव,यो आदि तपाखिका कृपाले हामिहरूका अभय भयो । एस्कारण तपाखि धर्मज्ञ हुनुभयाका सर्वै तपाखिका जय २ हुन्स् भनि अगस्त्यादि

ऋषिहरूले पनि आशीर्वाद दिनुभयो। ति वाक्य सुनिकन ताहाँ श्रीरामले अलिक् मनमा विस्मय गरिकन हात जोरि विन्ति गर्नाकन लाग्या। हे ऋषीश्वरहो, तपाग्निहरूले आज्ञा गर्नुभयाकोमा मेरा अलिक सन्देह भयो। क्या हो भन्या, महावीर रावण कुम्भकर्ण तिनिहरूलाई मान्याको वर्णना नगरि मेघनादलाई वर्णना गर्नुभयो। क्या कारण तन्को प्रशंसा गर्नुभयो? तेस्ता महावीर रावणको भन्दा कसो बलियो भयो, ति कुरा सुन्नाको मेरो इछा भयो। हे ऋषीश्वर, आज्ञा गर्नुहवस्, इन्द्रजित् भनि कसो नाम भयो, तेस्ले इन्द्रकन कसोगरि जित्यो, तेस्तो वर प्रसाद कसोगरि पायो भन्या र ति वचन सुनि समस्त ऋषिका श्रेष्ठ अगस्त्य ऋषिले आज्ञा गर्नाकन लाग्या। हे राघव, ई कुरा सुन्ना इछा भया, मैले विन्ति गरूँला सावधान गरि सुन्नुभया जावस्, मेघनादको बल पराक्रमको कुरा सुनाउँछु। हे श्रीराम, रावणको कुरा पनि मैले सुनाउँछु सुन्नुभया जावस्। परापूर्व सत्ययुगमा ब्रह्माको मानस पुत्र पुलस्त्य भन्याका ऋषि ब्रह्मातुल्य, ति पुलस्त्य भनि ब्रह्माले नामकर्म गर्नुभयो। ति ऋषि धर्मात्मा शील गुणमा पनि निपुण भैरह्याका ति ऋषि सुमेरु पर्वतको शृङ्गमा भृगुविन्दु राजऋषिका आश्रममा पसिकन ति पुलस्त्यले तपस्या गर्न्या। एस् प्रकारले तपस्या गरिरहनुभयाका वेलामा तन्का तप विघ्न गर्नाकन देवकन्या नागकन्या अप्सरा आदि गैकन नाना प्रकारले तन्का अग्रमा क्रीडा गर्नाका प्रकारले पेलिकन रह्या, यो ठाउँ अति निको छ भनि हेरिरह्या। ति कन्याहरूले दिनको दिन एस् प्रकारले उच्चाटना गर्न्या र ताहाँ पुलस्त्यले भन्न लाग्या, हे कन्याहो, अवदेखि पछि तिमिहरू गर्भिणी हवस् भनि श्राप दिया। त्यो वचन सुनि कन्याहरू सबैले त्यस् ठाउँमा जान छोड्या। तेस् वेलामा भृगुविन्दु राजाका पुत्रीले एस् प्रकारले श्राप दिराख्याको नजानिकन तेस् ठाउँमा गया। तेस् वेलामा ऋषिका वेदाध्ययन गरिरहनुभयाको तेस् कन्याले वेद घोष शब्द सुनिरह्या। तेस् वेलामा चाँडै गर्भिणी भईन्। आफना शरीरको लक्षण देखि राजकन्याको मनमा अति विस्मय गरिकन आफनु पिताको अग्रमा भन्न लागिन्। हे पिता, एस्को हेतु मैले जानिन, मेरी सखीहरूसित पुलस्त्य ऋषिका आश्रममा मात्र गयाँ, उल्लेदेखि मेरा शरीरमाहाँ एस्तो भयो भनेर ताहाँ भृगुविन्दुराज ऋषीश्वरले ध्यानदृष्टि गरि हेर्दामा पुलस्त्यका श्रापले गर्भिणी भयाको देखि ताहाँ पुत्रीकन डाकि राजऋषिले पुलस्त्य ऋषिछेउँ विन्ति गर्न लाग्या, हे भगवत्पुत्र, त्यो मेरी पुत्री कन्या गुणले पनि संयुक्त तपाग्निले यो कन्यादान लिनुहवस्, तपाग्निले म तपस्वी भैकन कसोगरि कन्यादान लिनु भनि सन्देह नगर्नुहवस्, मेरो पुत्रीले तपाग्निका सेवा गराउँछु, एस्कारण लिनुभयाजावस् भनि प्रार्थना गर्नुभयो र पुलस्त्यले

चिन्तना गरि मैले लिएँ लौ भनि लिया र भृगुविन्दुराज ऋषि फिरि गया। ताहाँ तेस् कन्याकन देपि पुलस्त्यले हर्ष गरि आज्ञा भयो, हे स्त्री, तेरी सेवाले म सन्तुष्ट भएँ, एस्कारण तिमिकन वर दिन्छु भनि मतुल्य तँकन पुत्र हवस् भनि कुलको उद्धार गर्नु सामर्थ भयाको त्रैलोक्यमा पनि प्रख्यात भयाको तेस्तो पुत्र हवस्, मैले अभ्यास गऱ्याको वेदघोष शब्द तैले सुन्याको निमित्तले तेरा पुत्रको नाम विश्रवा भनि प्रख्यात् होला, शौचादि व्रतचर्यले पनि संयुक्त महातेजस्वी विद्वाचार पितातुल्य विश्रवा हवस्।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्य वाक्यं नाम प्रथम सर्गः ॥१॥

२

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्य ऋषिले आज्ञा गर्नाकन लाग्या, हे राम, ति विश्रवा मुनि पुलस्त्यका पुत्र तन्ले बालकैदेखि तपस्या गरिरह्या। कस्ता विश्रवा भन्या सत्यवादी शीलवन्त समस्त भोग छोडि तपस्या गरिरह्याका धर्ममार्गमा तत्पर भैरहन्या भारद्वाज ऋषिले आफना पुत्री ति विश्रवालाई दिनाकन चिन्तना गरि तेस् ठाउँमा गैकन विवाह गरिदिया। तेस्ता लक्षणले संयुक्त धर्म मर्यादा जस्तै गरिकन विश्रवा मुनिले कन्यादान लिया। ताहाँपछि तेस् कन्याकि गर्भिणी भै पुत्र जात भयो, कस्तो पुत्र भन्या गुणले संयुक्त राजलक्षण भयाको तेस्वेलामा ब्रह्माले हर्ष गरिकन नामकर्म गऱ्या, यो बालकको नाम वैश्रवण भन्नु भनि ब्रह्माले नामकर्म गऱ्या। ताहाँपछि ति विश्रवा तपोवनमा गैकन तपस्या गऱ्या र तपोवृद्धि भै आयो, अनेक यज्ञादि गरिकन परमगति पाउनाको निमित्तले चौध हजार वर्षसम्म तपस्या गऱ्या, एक हजार वर्ष निराहार गरि जल मात्र पान गरि तपस्या गऱ्या। तन्का तपस्याले ब्रह्मा सन्तुष्ट भैकन ब्रह्माले आज्ञा गऱ्या, हे वैश्रवण, तम्रा तपस्याले म सन्तुष्ट भएँ वरमाग भनि आज्ञा भयो र ताहाँ वैश्रवणले चिन्तना गरि विन्ति गर्न लाग्या, हे ब्राह्मण, तपाइले वर प्रसन्न गर्छु भन्या उत्तरको दिग्पाल गरि प्रसन्न भयाजावस् भनि विन्ति, गऱ्या। ताहाँ ब्रह्मा सन्तुष्ट भैकन आज्ञा गऱ्या, हे वैश्रवण, इन्द्र, यम, वरुण अव तिमिसमेत चार दिग्पाल भयौ, तिमि

धनाधिपति समस्त द्रव्याधिकारी तिमि भयौ, तथास्तु भनि ब्रह्माले वर दीकन फेरि ब्रह्माले पुष्पकविमान अत्यन्त तेजस्वी सूर्यसमान कुवेरलाई दिया। ति दुवै वर प्रसन्न भैकन ब्रह्मा ब्रह्मलोकमा जानुभयो। ताहाँपछि वैश्रवण कृतार्थ भैकन पुष्पकविमानमा वसि आकाशमार्गले आफ्नु पिताका ठाउँमा गै विन्ति गर्नाकन लाग्यो, हे पिता, म ब्रह्माका प्रसादले म दिक्पाल भयौं, अब वस्नु जग्गा मात्रै विन्ति गर्न बिर्स्यौं! कौना जग्गामा बस्न्या हो, कसैले पीडा गर्न नसक्न्या जग्गा मलाई बक्सनुभयाजाबस् भन्या र ताहाँ विश्रवा मुनिले चिन्तना गरि आज्ञा गर्नुभयो, हे पुत्र, विश्वकर्माले राक्षसहरू रावन लंका भन्याको नगर बनाईराख्याको छ। तेस् लंका अमरापुरी तुल्य छ, तेस् जग्गामा तिमि बस, अत्यन्त निको जग्गा छ, सुवर्णमय वैदुर्यादि नाना रत्न खचित गरि राख्याका, निको द्वार चारैतिर छ। अब तेस् लंकामा यौटा पनि राक्षस छैनन्, श्रीनारायणका भयले राक्षस सबै रसातलमा भागि गयाका छन्। हे पुत्र, त्यो दिव्यपुरीमा तँ बस् भनि आज्ञा भयो। एस्प्रकारका वचन सुनि धर्मात्मा वैश्रवण त्यस् लंकामा बस्नु इछा गरि गया। ताहाँ ति कुवेर बस्नुभयापछि अनेक राक्षसहरू पनि महाहर्षमान गरिकन बस्नु आया। ति धर्मात्मा यक्षराजाले धर्म गरि अनेक काल राज्यभोग गरिरह्या, वषत् २ मा आफ्ना पिताको दर्शन गर्नाकन पुष्पकविमानमा वसि अनेक गन्धर्वादिले स्तुति गराई सूर्यको रथसमान तेजस्वी भैकन गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्यवाक्यं नाम द्वितीयः सर्गः ॥ २ ॥

३

श्रीशिव उवाच—हे पार्वति, ति अगस्त्यले आज्ञा गर्नुभयो ती वाक्य सुनि श्रीरामले अद्भुत मानि आज्ञा गर्न लाग्या। हे भगवन् मुनीश्वर, परापूर्वदेपि लंका राज्यका सबै राक्षस भनि तपाईले आज्ञा गर्नुभयो र मेरो चित्तमा संदेह भयो। पुलस्त्यका वंशमा राक्षस उत्पत्ति भयो भनि तपाईले आज्ञा गर्नुभयो र मेरो चित्तमा संदेह भयो, तिनिहरूका भन्दा अधिका कस्तो राक्षस, कुम्भकर्ण रावणको भन्दा बलियो हुन् कि पूर्वकालमा जात हुन्या राक्षस कत्ति-

सम्पको वलियो, ति राक्षसहरूले कया अपराध गऱ्या र श्रीनारायणले मानुभयो ति कुरा विस्तारले आज्ञा गर्नुभयाजास्स् भनि आज्ञा गर्नुभयो र ति वचन सुनि अगस्त्य मुनिले हाँसिकन आज्ञा गर्दा भया, हे राघव, मैले विंति गर्छु सुन्नुभयाजास्स्। पूर्वकालमा ब्रह्माले जल सृष्टि गऱ्या। यो जल रक्षा गर्नाका अर्थले प्राणिहरू सृष्टि गऱ्या। प्राणीहरू सबै ब्रह्मा-छेउँ गै विंति गऱ्या, हे ब्रह्मा, हामिहरूले कया गर्नु क्षुधा तृषाले पीडा गरिकन अति दुःख भयो भनि विंति गऱ्या र ई वचन सुनि ब्रह्मा मुसुक हाँसिकन आज्ञा गऱ्या, हे प्राणिहो, तिमिहरूले मछेउँ आश्रय लेउ, उन्ले भन्याजस्तो गर भनि आज्ञा गर्नुभयो भनि प्राणिहरूले जलपान गर्नु लाग्या, कसैले जल रक्षा गर्नकन वस्या। एस् प्रकारले दुई पक्ष गरि वस्याको देखि ब्रह्माले चिंतना गर्नुभयो, जलकन रक्षा गर्नाकन वस्याहरूकन राक्षस भनि नामकर्ण गऱ्या, जल पान रक्षा गर्न्यालाई यक्ष भनि नाम गरिदिया। एस् प्रकारले नामकर्ण गऱ्या र राक्षस हेत्री प्रहेत्री दुई भाई राक्षसको श्रेष्ठ मधुकैटभतुल्य अरिंद महेत्री अदम्भिक स्त्री आकांक्षा गरेन। प्रहेत्री राक्षसले वोहारी पोजन लाग्या। तेस् वेलामा संध्यादेवीका पुत्री कटंक नाम कन्या माग्यो, संध्या देवीले पनि दिन्छु भनि व्यक्त गरिकन विद्युत्केशलाई आफ्नी पुत्री दि विद्युत्केशले पनि कटंकटा नाम स्त्री पाईकन सुखले वस्यो। हे राघव, ताहाँपछि विद्युत्केशको वीर्यले कटंकटाको गर्भिणी भई र इन्द्रका नन्दनवनमा गैकन वालपको जन्म भयो। गंगाले कुमार जन्माईकन सरोवरमा फालि गयाकैं तेस् वालप नगयाकैं त्यस् वालप ताहिं फालि गयो र त्यो वालप पनि अग्नि ज्वालजस्तो, तेस् वेलामा वालपको क्षुधा भयो र आफ्नु हात आफैले चपाई मेघले गर्ज्याका जस्तो शब्द गरि करायो। तेस् वेलामा श्रीमहादेवले पार्वतिसहित वृषभ चढि तेस् ठाउँमा आईपुग्नुभयो र वालप रोईकन वस्याको देखनुभयो। राक्षसको पुत्र सूर्यसमान त्यो वालपकन देखि श्रीमहादेवले आज्ञा गर्न लाग्या। हे पार्वति, यो वालप हेर भनि आज्ञा भयो र ताहाँ पार्वतिले पनि त्यो वालपलाई देखनु भैकन आज्ञा गर्नाकन लागिन्। हे परमेश्वर, त्यो वालपलाई हामिले वर दिउँ हिंड भनि आज्ञा गरिन् र त्यो वालपलाई वर दिनु लाग्या। हे वालप, तँ तेरा पिताको उमेर भैकन आकाश नगरैमा वस भनि एस् प्रकारले श्रीमहादेवले वर दिनुभयो। हे राघव, त्यो हेरिकन श्रीपार्वतीले पनि आज्ञा गर्नाकन लागिन्, हे राक्षस, तँलाई श्रीमहादेवले वर प्रसन्न भयो, अब मैले पनि तँकन वर दिन्छु, सबै राक्षसका वालप जन्म्याका वालपको वैश हुनु नपरोस्, जन्मनिवित्तिकै वाह वर्षको उमेर हवस् भनि एस् प्रकार्को वर श्रीपार्वतीले दिइन्। हे राम, श्रीमहादेवका वरप्रसादले अनेक सम्पत्ति पाईकन

आकाशपुरिमा बस्या भनि अगस्त्य ऋषिले श्रीरामलाई सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतिलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्य वाक्यं नाम तृतीयः सर्गः ॥ ३ ॥

४

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि त्यो केशि राक्षसले वरप्रसाद पायाको सबैले सुनिकन ग्रामणी भन्याका गन्धर्वको पुत्री अतिरूपवती त्यो सुकेशलाई दियो, तन्को नाम वेदवन्ती । तेस् कन्याले सुकेशलाई स्वामि पाईकन महाआनन्दले रहि दरिद्रले धन पाया जस्तो त्यो सुकेश राक्षसले पनि देवस्त्री पाईकन नाना क्रीडा विलास गरिरह्यो । तेस्वेलामा त्यो सुकेशका वीर्यले वेदवन्तीका गर्भबाट पुत्र तीनजना भया ति तीनवटा पुत्र महादेवतुल्य, एउटाको नाम माल्यवन्त, एउटा सुमाली, एउटा मारीच । तिनिहरू महापराक्रमी त्रैलोक्यसमान अग्निजस्तो मन्त्र, तप जस्तो तिनिहरूका देह पर्वतसमान, तीनैजनाले तपस्या गर्न सुमेरु पर्वतमा गया । हे राघव, तेस्वेलामा महा २ घोर २ तपस्या गऱ्या, सत्य आरजव एतमतनका तेजले उत्पत्ति भयो । एस् प्रकारका तपस्याले त्रैलोक्य पनि दाह भयाजैं भयो । एस् प्रकारले उग्र तपस्या गरिकन चतुर्वक्त्र ब्रह्मा विमानमा बसि आउनुभैकन आज्ञा गऱ्या, हे सुकेशपुत्रहो, तिमिहरूलाई वर दिनाकन म आयाँ वर माग भनि आज्ञा गऱ्या । तेस्वेलामा तीनजनाका पनि हर्षमान गरि तपस्या साफल्य भयो भनि चिताई ब्रह्माको मुख हेरि वर माग्न लाग्या । हे देववन्त, म शत्रुले हामिहरूले जित्न नसकिकन हामिहरू परस्पर विरोध नहुन्या गरि वरप्रसन्न भयाजाबस् भनि विन्ति गऱ्या । ताहाँ तथास्तु भनि सुकेशको पुत्र तीनैजनालाई वरप्रसाद दीकन ब्रह्मा सत्यलोकमा गया । ति राक्षसहरू ब्रह्मवर पाईकन देव असुरादिलाई अनेक प्रकारले पीडा गऱ्या, ऋषिहरू यक्ष गन्धर्वादि अनेकलाई मार्‍या । तेस्वेलामा देवाधिदेवले पनि रक्षा गर्न सकेन, नरकमा बस्न्या मनुष्यलाई रक्षा गर्न नहुन्याजैं त्रैलोक्यमा पनि आफ्नु २ मनोज्ञ गऱ्या, हर्षमान गरि विश्वकर्मालाई भन्नलाग्यो, हे विश्वकर्मा, देवताहरूलाई पुसि गराई घर बनाउन्या तिमि, एस्कारण

तिमिले हामिहरूको वांछा जस्तै घर बनाईदेउ भन्या र विश्वकर्माले भन्नलाग्यो, हे राक्षसेश्वर, तिमिहरूको वास बनाउनु जोग्य हुन्, इन्द्रका आज्ञाले मैले बनाईराख्याको छ। उत्तम नगर तन्को लंकापुरी दक्षिण समुद्रको शिरमा सुमेरुको त्रिकूटाचलको मध्यमा बनाईराख्याको छ, सुवर्णको पुरी अमरावती तुल्य छ, इन्द्रादि देवताहरू अमरावतीमा वस्नुभयाको जस्तै तिमिहरू पनि त्यस् ठाउँमा वस। तेस् नगरको विस्तार भन्या शय योजन छ, उच्च भन्या तीस योजन छ, आकाशसमान। हे राक्षसा, तेस् महानगरमा अनेक राक्षसादि सहित गरि कसैका पीडा बन्ध नमैकन वस्न जा भनि विश्वकर्माले भन्या र ति वचन सुनि माल्यवन्तादि तीनै भाईले आनंद गरिकन अनुचर राक्षसादि सहित गरि गढ प्राकारसहित सुवर्णमय गृह अनेक संयुक्त तेस्ता लंकापुरिमाथि गैकन सुखले राज्य गरि वस्या। महावीर २ शरीर राक्षसहरू त्रिपुरासुरसमान महाबलिया स्वर्णालंकारले भूषण गरि भयानक २ राक्षसहरूसहितले महासुखले राज्यगरि वस्या भनि अगस्त्य ऋषिले श्रीरामलाई सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे उत्तरकांडे अगस्त्य वाक्यं नाम चतुर्थ सर्गः ॥४॥

५

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्यले फेरि आज्ञा गर्दा भया, हे रामभद्र, एस् प्रकारले लंकामा सुखभोग गरि राज्य गरिरह्यामा नर्मदा गन्धर्वकी पुत्री तीनवटा छन्, कस्ता गन्धर्व भन्या श्री कीर्ति ह्री पाये, ति राक्षसहरू तीनैजनालाई पूर्णचन्द्र सदृश कन्याहरू विवाहा गरिदिया। तीनिहरू तीनैजनाका पनि स्त्री भया र स्त्रीपुरुष मर्याद जस्तै नाना प्रकारले क्रीडा सुखभोग गरिरह्या। ताहाँपछि माल्यवन्तकी स्त्री सुकीर्तिबाट पुत्रजात भयो। हे राम, वज्रमुष्टि विरुपाक्ष, दुर्मुख, शत्रुघ्न, यज्ञकोप, मत्त, उन्मत्त, तीसातपुत्र, कृत्तिका पुत्री एउटी। यस पुत्रीको नाम अनन्ता, माल्यवन्तकी सुमाया स्त्री केतुकी नाम, तेस्का पुत्रको नाम प्रहस्त, अकम्पन, विकट, करज, मूद, धूम्राक्ष, कम्पन, दण्ड, नर, अनीफल, लशंपाती, सुपार्श्व, महामती, सङ्कादी प्रथसभा, सवर्ण तिनिहरू केतुमतिको पुत्र, तेस्की पुत्रीको नाम पुष्पोत्कटा राकानेक किशीभीर एति चार

पुत्री सुमारीको । मारिकी अस्त्रीको नाम वसुन्दा, तस्का पुत्रहरूको नाम अनर, अनीर, हशंमाती । तिनिहरू चारजना विभीषणको मन्त्री, तिनिहरू मारिको पुत्र राक्षस स्वभावले इन्द्रादिदेव नाग यक्षादिलाई अनेक पीडादि गऱ्या, काऊदेवताले प्राणीहरूलाई भय दियाऊँ समस्त इन्द्रादि देवतालाई पीडा गऱ्यो ।

इति श्रीअध्यात्म रामायणे उत्तरकाण्डे उमामहेश्वर संवादे अगस्त्य वाक्य वरदानं नाम पंचम सर्गः ॥ ५ ॥

६

श्रीमहादेव उवाच—ताहाँपछि तेस् राक्षस तीनै जनाले पीडा दीकन देवलोक ऋषिलोक-हरूले सबै भयले डराई श्रीमहादेवका शरणमा गया र सबैले पनि श्री महादेवका चरणमा प्रदक्षिणा गरि हात जोरिकन विंति गर्न लाग्या । हे परमेश्वर श्रीमहादेव, सुकेशको पुत्र माल्य-वंतादि राक्षसहरूले अत्यंत दुखः दिया, ब्रह्माछेउँ वरप्रसाद पाईकन समस्त प्रजालाई कष्ट दियो । हामि इंद्र, वरुण, कुवेर आदि हामिहरूलाई सबै अनाथ भयू, तिनिहरूले हाम्रा भाग सबै हरण गरि लियो, तिनिहरूकन संग्राममा जितन सकेन । हे परमेश्वर, एस्तो अवस्था हामिलाई प्राप्त भयो, तपाञ्जिले हामिहरूलाई अभय दिनुभयाजाबस् भनि श्रीमहादेवछेउँ विंति गऱ्या । ति देवताहरूका करुणायुक्तका वचन सुनि करुणामय श्रीमहादेवले आज्ञा गर्नाकन लाग्या । हे देवता, मैले सुकेशको पुत्रहरू मार्न हुँदैन, यत्न मात्र मैले सुनाउँछु सुन । हे देवाः, तिमिहरू सबै नारायणछेउँ गैकन त्यो वृत्तांत सबै विंति गर, राक्षस वंशको कंटक हुनुभयाका पुरुषोत्तम महाविष्णु तन्ले मार्नन भनि श्रीमहादेवले आज्ञा गर्नुभयो र ति वचन सुनि देवताहरू सबैका पनि महाहर्षमान गरि श्रीविष्णुका समीपमा गैकन विंति गर्न लाग्या । हे परमेश्वर विष्णु, हामिहरूलाई सबै सुकेशको पुत्रहरूले ब्रह्माको वर पाईकन स्वर्ग राज्य सबै लियो, त्रिकूटाचल पर्वतमाथि लंकापुरिमा वसिकन हामिहरूलाई महापीडा गऱ्यो । हे पुरुषोत्तम, एस्कारण हामिहरू सबै तपाञ्जिका शरणमा आऱ्यूँ, हामिहरूलाई रक्षा गर्न्या अरू कोहि छैनन्, एस्कारण तपाञ्जिले त्यस् राक्षसहरूलाई मार्नुभयाजाबस्, हामिहरूलाई अभय दिनुहबस् भनि देवताहरूले विंति गऱ्या । ति वचन सुनि शत्रुलाई भय दिन्या श्रीनारायणले आज्ञा

गर्नाकन लाग्या, हे देवाः, सुकेश राक्षसको पुत्र माल्यवंत मारि सुमारि तिनिहरू मैले जान्याको छ । हे देवाः, तेस् पापात्मा राक्षसहरू सबै मैले वध गरूँला तिमिहरूले डराउनु पर्दैन, मैले संग्राम गरिकन मारूँला संताप छोडि तिमिहरू बस भनि हे राम, विष्णुले एस् प्रकारले आज्ञा गऱ्याको सुनि देवताहरू सबैले श्रीनारायणका चरणमा नमस्कार गरिकन निर्भय भयो भनि चिताई आफना २ गृहमा गया । एस् प्रकार उद्यम देवताहरूले गऱ्याको समाचार माल्यवंत राक्षसले सुनिकन आफना भ्राताहरूकन भन्न लाग्यो । हे भ्राताहो, देवगण, ऋषिगण बटुलिकन तिमि हामि मार्नाकन नाना उद्यम उपाय गरिकन श्रीमहादेव छेउँ विंति गऱ्या, श्रीमहादेवले श्रीविष्णु छेउँ गैकन विंति गर्न गया । हे परमेश्वर महाविष्णु, सुकेशका पुत्रहरूले ब्रह्माछेउँ वरदान पाईकन स्वर्ग राज्य सबै लियो भनि नाना प्रकारले विंति गऱ्या र ताहाँ श्रीनारायणले आज्ञा दियो । हे देवाः, तिमिहरूका शत्रु मैले संग्राम गरिकन मारूँला भनि प्रतिज्ञा गऱ्यो, एस्कारण हामिहरूले यत्न गर्नुपऱ्यो । पूर्वकालमा, हिरण्यकशिपु आदि दैत्य, नानामुनि, कालनेमि ति आदिदैत्यहरू नारायणले मार्या । महा-पराक्रमी दैत्यहरू अनेक माया जान्या, तिनिहरू सबै अनेकलाई मार्या । तेस्ता २ कालदैत्य हरूको काल ति नारायणले हामिलाई मार्नाकन चिन्तना गऱ्यो, एस्कारण हामिहरू संधि गर्नु हिंड तनलाई शत्रु गर्नु हुन्याछैन भनि एस् प्रकारले धर्मात्मा माल्यवंतले भन्यो र ताहाँ मारि सुमारि दुई भाईले भन्न लाग्या । हे भ्राता, तिमि हामिले यज्ञलोक प्रतिपाल गरि-रह्याथ्यौं, आफना धर्म प्रतिपालना गर्ना गरिरह्याथ्यौं । हामिलाई आफना धर्म प्रतिपालना गरि-रह्यासम्म दीर्घ जितन सक्न्या को छ, को हुन्याछ हामिलाई कयान मृत्युको भय होला ! हामिले देवताको शस्त्र अस्त्रका चोट सहिकन देवताहरूलाई जितिरह्याथ्यौं, हामिलाई जितन सक्न्या को छ । हे भ्राता, नारायण रुद्र ब्रह्मा तिनिहरू पनि संग्रामविषये हाम्रो अग्रमा रहन सक्न्यो छैन भनि मारि, सुमारीले माल्यवंतलाई अर्ती दीकन अब हामिले संग्राम गर्न हिंड भनि समस्त सैन्य बटुलिकन संग्राम गर्नाका अर्थले प्रस्थान गरि निस्क्या, पूर्व कालमा जम्बासुर गयाजैं गया । रथ हस्ति अश्वमाथि चढिकन कत्ति गदाहा चढि कत्ति अनेक गदाहा जोरिराख्याको रथमा चढिकन शीश भुजंगम कर मत्स्य कलप गरुड समापंछी सिंह व्याघ्र बराह गयडासस असंख्यले चढि देवताहरू जितनाकन लंका छाडि महाअहंकार गरि सिंहनाद गरि निस्क्या । तेस् वेलामा नाना उत्पात भयो, भूमिमा पनि आकाशमा पनि नाना उत्पात भयो । नाना भयानक त्यो उत्पात देखि लंकामा बस्याको प्राणिका महात्रास उत्पन्न भयो ।

त्यस् वेलामा अस्थि वृष्टि भयो, समुद्र पनि कल्लोल भैकन समुद्र पनि कंपमान भयो, भूतादि पनि नाचन लाग्या, अनेक गृद्धादि पनि मण्डलाकार गरि आकाशमा भ्रमन गर्‍यो। एस्कारण उत्पात भयाको देखिकन पनि राक्षसहरूले प्रस्थान गर्‍या, मृत्युपाशले बाँध्याका राक्षसहरू गया, अनेक काक जम्बुक पनि भयानक शब्दले कराया तेस् वेलामा माल्यवंत मारि सुमारि तिनिहरू तीनैजना अनेक सैन्यले सहित गरि गया। माल्यवंत भया पनि दीप्ताग्नि जस्तो पर्वत समान शरीर भयाका राक्षसहरूले सेवा गरिराख्याका प्राणीहरूले ब्रह्माका आश्रय गर्‍या जस्तो रह्यो। तेस् माल्यवंत सेनाले सहित गरि मेघले गर्ज्या जस्तो शब्द गरि गयो। एस् प्रकारले आयाको देवदूतहरूले देखि श्रीनारायणछेउँ विंति गर्‍या। ति वचन सुनि नारायणले राक्षसहरूसित युद्ध गर्नुपर्‍यो भनि चिन्तना गरि जान लाग्या। कस्ता श्रीनारायण भन्या देवता ब्रह्मा ऋषि गंधर्व विद्याधरादिले पनि सेवा गरिराख्याका तेस्ता नारायणले युद्ध गर्नाकन चक्र गदा खड्ग आदि लीकन महाहर्षमानसँग गरुडका माथि चढिकन जानाकन लाग्या। तेस् वेलामा माल्यवंतका सेना सबैले गरुडका पखेटा देखि कंपमान गरिरह्या, नील वर्ण पीतवस्त्र जाजुल्यमान गरि रहनुभयाका श्रीनारायण देखि राक्षसहरूका मनमा त्रासमान भयो। ताहाँपछि तेस् राक्षसहरूले श्रीनारायणमाथि शस्त्र अस्त्र प्रहार गर्‍या भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकाई सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्यवाक्यं राक्षस सेना निर्याणं नाम षष्ठ सर्गः॥ ६॥

७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि राक्षससेना सबैले गर्जमान गरिकन अनेक बाणले श्रीनारायणमाथि प्रहार गरिदीकन मेघले जल वृष्टि गर्‍या, नील मेघले पर्वत घेरिकन वृष्टि गरिदिया, कस्तो भन्या सलह आयाजस्तो राक्षसहरूको शस्त्र अस्त्र श्रीनारायणमाथि आया। एस् प्रकारले प्रहार गरिकन पनि श्रीनारायणको याद पनि निको भयेन, श्रीविष्णुमाथि अनेक राक्षससैन्यले पनि नाना शस्त्र अस्त्र चाँडै प्रहार गर्‍या। एस् प्रकारले पीडा

भन्याको देखि ताहाँ विष्णुले पनि सारंगधनु टंकार गरिकन वेगले वज्रसमान वाणले प्रहार गर्नुभयो । ताहाँ अनेक राक्षसका शिर छेदन भै मृत्यु भयो । ताहाँ राक्षसहरूले प्रहार गरिल्याएको वाण खंड २ गरि भूमिमा पसालिदीकन सारंगपाणि श्रीनारायणले पांचजन्य शंख लीकन ध्वनि गऱ्या । ति शंखध्वनिका शब्दले राक्षससेनाका हृदयमा महात्रासमान भयो, सिंहले मऱ्याको शब्द सुनि मत्त हात्तिका त्रासमान भयाजस्तो गरि उसै गरि अल्मलिरह्या । तेस्ता समयमा श्रीविष्णुले वज्रसमानको वाण प्रहार गऱ्या । ति वाण राक्षसहरूको शरीरमा लागि छिचोलीकन भूमिभित्र गया । एस् वाणको वेग सहन नसकि राक्षसहरू भूमिमा पल्टीरह्या, कस्तो गरि भन्या रगतको धारा वहाई पर्वतवाट जलधारा वहाया जस्तो रगत्धारा वहाई राक्षसहरू मृत्यु भयो । तेस् वेलामा श्रीविष्णुले शंखध्वनि गर्नुभयो । तेस् शब्दले शेष रह्याका राक्षसहरु सवै लंकातिर हेरिकन भाग्या । एस् प्रकारले राक्षस माऱ्याको देखि सुमारि राक्षसले महा क्रोध गरिकन श्रीविष्णुमाथि अनेक शरवृष्टिगऱ्यो । राक्षससेनासहित गरि मस्तक छेदन गरि भूमिमा पारिदिया तेस्वेलामा सुमारी राक्षसको चित्तमा त्रासमान गरि वृत्तिहीन पुरुषका इन्द्रिय स्थिर नभयाझैं, तेस् सुमारीको चित्त स्थिर नभयाको देखि ताहाँ मारि राक्षस अधिवाट दगुरिकन श्रीविष्णुमाथि प्रहार गर्दा भया । कस्ता वाण भन्या, विद्युत् समान तेस्ता वाण गैकन मारीको शरीर रक्तपान गऱ्यो । अमृत-मथनमा देवताहरूले दैत्यमाथि वाण प्रहार गऱ्याझैं मारिको रथ ध्वजा पताका सारथि अश्व धनु मकुट आदि छेदन गरिदिया । ताहाँ मारी विरथि भैकन महापराक्रमी मारीले पनि गदा लीकन महाक्रोध गरिरह्याका वेलामा अत्यन्त शोभायमान भैरह्यो, महावनमा सिंहशोभा भयाजस्तो तेस् वेलामा मारिले गदा घुमाईकन श्रीविष्णुमाथि प्रहार गऱ्यो । त्यो गदाले गरुडका महाव्यथा भयो र फर्किकन भाग्न लाग्यो । त्यस् वेलामा राक्षस सवै सैन्यका महाहर्ष भयो, ताहाँ राक्षस सवैले नाद गर्न लाग्या । ताहाँपछि श्रीनारायणले पनि क्रोध गरिकन सूर्यसमान सुदर्शन चक्र लिनुभयो । ति चक्र कस्तो भन्या, वडवानल अग्निका जस्तो तेज भयाका तेस्ता चक्रले प्रहार गरिदिया र गदा जाज्वल्यमानले गैकन मारीको शिर छेदन गरि पृथ्वीमा पसालिदिया । हे राघव, वृत्तासुरकाई इन्द्रले मार्न्याजस्तै मार्न्या । तेस् वेलामा देवताहरूले महाहर्षले नाद गर्न लाग्या । एस् प्रकारले मारीलाई मार्न्याको देखि माल्यवन्त सुमारी लंकाभित्र भाग्या । ताहाँपछि गरूडले मन स्थिर गरिकन राक्षसहरूलाई लगारिकन लैगया, राक्षसहरू सवै त्रासमान गरिकन शस्त्र अस्त्र छाडिकन भाग्या, चक्र कौमोदकी सारंग प्रहारले अनेक राक्षसहरूका

कसैको शिर छैन कसैको हात छैन एस् प्रकारले अनेक राक्षसहरू प्राण छाडि भूमिमा लहि-रह्याका आकाशमा बस्याका देवताहरूले हेरिरह्याका भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे अगस्त्यवाक्यं मारी वधोनाम सप्तम सर्गः ॥७॥

८

श्रीमहादेव उवाच—हे पार्वति, त्याहाँपछि एस् प्रकारले राक्षसहरूलाई मारिदियाको देखि माल्यवंत राक्षस महाक्रोधले फर्किकन महाशब्दले भन्न लाग्यो । हे नारायण, तिमिले क्षत्रिय धर्मको मर्याद जानिकन पनि नीचा जातको मर्यात तिमिले गऱ्यौ । कसो भन्या, भागि जान्या हरूलाई मार्नु छैन । हे नारायण तिम्रा युद्ध गर्न इछा भया, भसित युद्ध गर भागि जान्या-सित क्या युद्ध गर्न लागिस्, तिम्रो समस्त बल निकासिकन मसंग युद्ध गर्न आ भन्यो र एस् प्रकारको माल्यवन्तको वचन सुनि ताहाँ श्रीनारायणले आज्ञा गर्न लाग्या । हे माल्यवन्त, मैले कसो युद्धको मर्याद जानिन, तिमिहरूले उचाट गरिराख्याका देवताहरू सबैलाई मैले अभयदान गरि चौदिसाकिउ भनि एस्कारण देवताका निमित्तले अयान्य मार्गमा रहन्या तिमिहरूलाई रसातल भागिगयौ तपनि मैले मारूँला भनि आज्ञा भयो र ति वचन सुनि माल्यवन्तले महाक्रोध गरि शक्ति लीकन विष्णुमाथि जाई लाग्यो र बाण प्रहार गऱ्यो । त्यो शक्ति विष्णुका रजस्थलमा लागि महाशोभायमान भैरह्यो, मेघ मंडल बिजुलि चम्क्या जस्तो शोभा भयो । तेस् वेलामा महाविष्णुले तेहि शक्तिले माल्यवन्तकन प्रहार गऱ्या । तेहि शक्ति स्वर्ग जस्तो पर्वतमा उल्कापात भयाजस्तो माल्यवन्तका हृदयमा लागि छिचोलि-कन गयो । तेस् वेलामा माल्यवन्तले पनि दृढ चित्त गरि किंकिनी घण्टाले संयुक्त महात्रिशूल लीकन गरुडमाथि प्रहार गऱ्यो । ताहाँपछि फेरि विष्णुमाथि प्रहार गऱ्यो, फेरि गरुडमाथि प्रहार गऱ्यो । तेस् वेलामा गरुडले महाक्रोध गरिकन पखेटाले राक्षसहरूलाई प्रहार गऱ्या, कतिकन पखेटाका वायुले उडाई लैगयो । तेस् वेलामा माल्यवन्त राक्षसको सैन्यसहित गरिकन विष्णुका भयले लंकाभित्र भाग्या । हे राम, एस् प्रकारले वीर २ राक्षसहरू सबैलाई मारि-

दिया, त्यो हेरिकन महात्रासले माल्यवन्तादि राक्षसहरू लंकामा बस्न नसकिकन पातालमा भाग्या। सारंकटाकको वंश सुमारी, तिनको वंश सबै तपाञ्जिले मार्नुभयो। राक्षस सबै सारंकटाको वंश, तिनिहरू सबै पौलस्त्यको वंश हो। सुमारी मारी माल्यवन्त तिनिहरू सबै महा २ भाग्यवंत रावणभन्दा पनि बलियो छ। हे राघव, राक्षसहरूकन मार्नु अरू कसैले सक्न्याछैन, केवल नारायणविना इन्द्रले पनि सक्तैनन्। साक्षात् आदि पुरुष हुनुभयाका राक्षसहरू संहार गर्नाकन तपाञ्जि एस् पृथ्वीमा जन्म हुनुभयो। हे राघव, तपाञ्जि कस्ता भन्या धर्म नाश हुन लाग्यामा धर्मरक्षा गर्नाकन वपत् २ मा अवतीर्ण हुनुभयाका भक्तको आधार हुनुभयाका एस्ता सर्वव्यापी तपाञ्जि एस् राक्षस उत्पत्ति भयाको कुरा तपाञ्जिछेउँ बिन्ति गरिसक्यौं। हे राघव, फेरि रावणको जन्म तेस्को पुत्र मेघनाद तिनिहरू जन्म भयाका कुरा बिन्ति गर्छु, सुन्नुभयो-जारस् भनि अगस्त्य ऋषिले श्रीरामकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे ग्रहस्त्यादि उत्पत्तिर्नाम अष्टम सर्गः ॥८॥

९

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्यले आज्ञा गऱ्या, हे राघव, अलिक काल गयापछि रसातलमा बस्याको सुमारी राक्षसले आपनी पुत्री लीकन पृथ्वी आईकन भ्रमण गऱ्यो। नीलवर्ण मेघसमान तप्तकांचनको गहना लाईकन आफ्नी पुत्रीसदृश कन्या एउटी लीकन पृथ्वीमा आयो। तेस् वेलामा वैश्रवण पुष्पक विमानमा बसि आपना पिता विश्रवाछेउँ जानाकन आया। ति वैश्रवण आयाको देखि सुमारी राक्षसले नैकसी नामा राक्षसी आफ्नी पुत्रीलाई भन्न लाग्यो। हे पुत्री, तेरो विवाह गर्न्या वपत् आयो मेरो भयले डराई तोलाई कसैले मागेन। सर्वगुणले संयुक्त भयाको तँ सुलक्ष्मी स्त्रीका सबै गुणले संयुक्त भयाकि महा-

सुन्दरी पिताको दुःखहरण गर्न सक्न्या तँ कन्याले मात्र कुल पुरुषको कुल पनि उद्धार गर्न सामर्थ छ । एस्कारण ब्रह्माका कुलमा जात भयाका पौलस्त्य ऋषि तैले पुरुष गर, क्यान भन्या त्यो कुवेर पुष्पक विमानमा बसि आनन्दले आया जस्तो तँलाई पनि कुलपुत्रतुल्य मान्न होला । हे पुत्री, अब पुलस्त्यको पुत्र विश्रवा मुनि तन्ले तपस्या गरिरह्याको ठाउँमा जा भनि हे राघव, तेस्ता समयमा विश्रवा मुनि अग्निहोत्र गरिरह्या, तेस् वेलामा नैकसीले वषत् विचार नगरि संध्याकालका वेलामा जन्न् गरि ऋषिको आश्रममा गैकन अधोमुख गरिकन रहिन् । त्यो सुन्दरी महासुन्दरी तेजस्वी स्त्रीकन देखि ताहाँ विश्रवाले देखिकन ताहाँ विश्रवाले आज्ञा गर्न लाग्या । हे अस्त्री, तँ कस्की पुत्री होस्, क्यान ताहाँ आईस् भन्या र नैकसीले भन्न लागिन् हे मुनि, मैले क्या विन्ति गर्नु, तपाषि सर्वज्ञ हो, त्रिकालको वर्तमान जान्न्या तपाषिले ध्यान दृष्टिले हेर्नुहोस् । मेरा पिताका आज्ञाले म ताहाँ आयाँ, एस्कारण तपाषिले विचार गर्नुहुन्न भनि र त्यो वचन सुनि विश्रवा मुनिले ध्यान दृष्टिले हेर्न लाग्या । हे भद्रे, तँ आयाको कारण मैले थाहा पाएँ, संध्याकालमा तँ आईस् यो भयानक काल एस्कारण पुत्र ता होला भया पनि महाभयानक होला, दारुणाकृति शरीर भैकन जात होला । तन्ले दारुण भन्याको भयानक कर्म गर्नेछन्, समस्त प्राणीहरूकन दुःख देला, तेस्ता पुत्र चाँडै होला भनि विश्रवा मुनिले आज्ञा गर्न्या र ति वचन सुनिकन नैकसीले भनी । हे मुने, तेस्ता पुत्र तपाषिका कुलमा जोग्य छैन, तेस्ता पुत्र तपाषिले क्यान सृष्टि गर्नुहुन्छ भनि विन्ति गरिन् र यो वचन सुनि विश्रवा मुनिले आज्ञा गर्न लाग्या हे नैकसी, मैले भन्याको जस्तै अवश्य हुन्याछ, दुतीय तृतीय पुत्रहरू धर्मात्मा हुनन् परम वैष्णु हुनन् भनि आज्ञा भया । ताहाँपछि गर्भिणी भईन्, मास पूर्ण भयापछि नैकसीको पुत्र जात भयो, जस्तो ऋषिको आज्ञा भयो तस्तै भयो । महा-दारुण मूर्ति विशब्रोटा हात शिर दीप्त लोचन महाघोर मूर्ति तेस्ता पुत्र जात भयाको वेलामा नाना उत्पात भयो, जम्बुकहरू मुषबाट आगो निकासि महाशब्दले करायो, पंछीहरू सबै वामावर्तले मंडलाकार गरिरह्या, रक्तको वृष्टि भयो, महाशब्दले मेघ गर्ज्यो, सूर्यको तेज पनि हीन भयो, भूमि कम्पमान भयो, उल्कापात भैकन महाविपरीतले वायु आयो, समुद्रले क्षय भयो, एस् प्रकारले नाना उत्पात भैकन भयानक सूचना भयो । त्यो मुष हेरिकन विश्रवा मुनिले नामकर्ण गर्न्या । एस्को दशव्रटा शिर छ तस्कारण तेस्को नाम दशग्रीव भनि नामकर्ण गर्न्या । तस्का पछि जात हुन्यालाई कुम्भकर्ण भनि नामकर्ण गर्न्या, तस्का पछि कन्या जात भयो र शूर्पनषा भनि नामकर्ण गर्न्या । तेस्पछि पुत्र जात भयो र विभीषण भनि नामकर्ण गर्न्या । ति विभीषण महाधर्मात्मा

लोकको उद्वेग गर्न्यो तिनिहरूले पृथ्वीमा उच्चाटन गऱ्या, महाशरीर कुम्भकर्णले अनेक ऋषिलोक अनेक मनुष्यलोक भक्ष्य गऱ्यो। फेरि, अहंकारले हुन्या नहुन्या, विवेक छाडि काम गऱ्यो। ताहाँपछि विभीषणले मात्र, धर्मको चलन् नाना उपासादि गरिरह्या। एस्कारणले रहँदा धेरै काल गयापछि कुवेर पुष्पक विमानमा चढि आफ्ना पिताको दर्शन गर्नाकन आया। तेस् वेलामा नैकसीले अग्नितुल्य कुवेर आयाको देखि तेस् राक्षसीले आफ्ना पुत्रलाई भन्न लागिन्। हे पुत्र, दशग्रीव तिम्रा दाज्युको संपत्ति हेर, तिमिहरूतुल्य दाज्यु भाई पो हो। हे दशग्रीव, तिमि पनि महापराक्रमी पो हौ, जस्तो दाज्युको उद्यम छ तस्तै तिमी पनि गर भनि र त्यो भाका सुनि महाप्रतापी दशग्रीवले क्रोध गरिकन प्रतिज्ञा गऱ्यो। हे माता, जस्तो कुवेरले पदवी पायो तस्तै मलाई पनि प्राप्त हुनान् भनि कुम्भकर्ण विभीषणहरूसित मत गरिकन तपस्या गर्न निश्चय गरि तीनै भाई गोकर्णमा गैकन तपस्या गर्न गया। ताहाँपछि श्रीरामले फेरि सोधदा भया, हे मुने, गोकर्णमा गैकन रावणले कस्तो २ तपस्या गऱ्यो भनि आज्ञा गर्नुभयो र ताहाँ अगस्त्य मुनिले आज्ञा गर्नुभयो, हे रघुनाथ, मैले विति गर्छु सुन्नुभयाजाबस्। रावण कुम्भकर्ण विभीषणले गोकर्णमा कसोगरि तपस्या गऱ्यो भन्या सत्य धर्म शुचि भैकन वर्षाकालमा पंचाग्नि व्रत गऱ्या। शिशिर कालमा विनाशन गरि जलमा डुबीकन तपस्या गऱ्या। एस् प्रकारले दशहजार वर्षसम्म तप गऱ्या। धर्मात्मा विभीषणले शुचि भैकन यौटा गोडाले मात्र भूमिमा टेकिकन पाँच हजार वर्षसम्म तपस्या गऱ्या। तेस् वेलामा आकाशबाट पुष्पवृष्टि गरिदिया। तेस् तपस्याका तेज देखि देवराज इन्द्रका महाभय भयो, फेरि यौटा गोडाले टेकि दुई हात उठाईकन श्रीसूर्य्य मात्र हेरि वेदपाठ गरिकन पाँच हजार वर्षसम्म तपस्या गऱ्यो। एस् प्रकारले दश हजार वर्ष पुग्यापछि निराहार भैकन आफ्नु मस्तक छेदन गरि आहुति गऱ्यो। एस् प्रकारले आफ्नु शिर छेदन गरि आहुति दीकन एक हजार वर्षसम्म तपस्या गऱ्यो। एस् प्रकारले दश हजार वर्ष पुग्यापछि, पूर्णाहुति गर्नाकन दशए शिर काटन लाग्याका वेलामा ब्रह्मा संतुष्ट भैकन आज्ञा गर्न लाग्या। हे पुत्र, तिमिहरूले गऱ्याका तपस्याले म संतोष भयौं, वर माग तेरा मनमा जो वांछा छ सो माग, तेरा वांछा पूर्ण गरिदिन्छु भनि एस् प्रकारले आज्ञा गर्नुभयो र ति वचन सुनि रावणले चिंतना गऱ्यो, मेरा तपस्या साफल्य भयो भनि हर्षमान गरिकन हेर्न लाग्यो। ताहाँ समस्त देवताका गुरु पितामह ब्रह्माकन देखि महाहर्षमान गरिकन भूमिमा अष्टांग प्रणाम गरिकन हर्षले कुरा गर्न पनि नशकिकन विति गऱ्यो। हे भगवन्, प्राणीहरूका मृत्युसमान भय अरु केहि

छैनन् एस्कारण मलाई अमरत्व प्रसन्न भयाजावस् भनि विंति गऱ्यो। फेरि नाग यक्ष गंधर्व देवता दैत्य राक्षस तिनिहरूले पनि मलाई मृत्यु गर्न नसकोस्, अरू मनुष्य आदि अनेक प्राणी ता मैले गनिन घाँस बराबर छ भन्यो र हे राम, त्यस् वेलामा ब्रह्माले आज्ञा गर्नाकन लाग्या। हे राक्षसपुंगव, तैले भन्या जस्तै दियौं, तथास्तु भनि तैले भन्याको जस्तो होला। हे दशग्रीव, तैले गऱ्याको कर्म देखि म बारंबार संतुष्ट भयौं, एस्कारण फेरि वर दिन्छु तँ इच्छारूपी हुन सकोस् भनि ब्रह्माले वर दीकन तेस् वेलामा अग्निमा होम गऱ्याको नौवटा शिर सबै उत्पत्ति भै आयो। हे राघव, लोकका पितामह ब्रह्माले एस् प्रकारले रावणलाई वर दीकन विभीषणको ठाउँमा गया। तेस् वेलामा विभीषणलाई आज्ञा गऱ्या, हे विभीषण, तैले गऱ्याका तपस्याले म संतोष भयौं, तेरो वांछा जो छ सो माग भनि आज्ञा भयो र धर्मात्मा विभीषणले हात जोरिकन विंति गर्न लाग्या। हे ब्रह्मा, तपाखिका चरणका दर्शन उप्रांत मैले क्या वर विन्ति गर्नु, एस् उप्रांत अरू केहि छैनन्, तपाखिले वरदान प्रसन्न भया धर्मविरोध कार्य कैले पनि गर्नु इच्छा मलाई नहवस्, क्यानभन्या त्रैलोक्यमा धर्मले नपाईन्या वस्तु केहि छैन एस्कारण एस् वर प्रसन्न हवस् भन्या र ति वचन सुनि ब्रह्मा अत्यन्त संतुष्ट भैकन फेरि आज्ञा भया। हे विभीषण, साधु भन्नु तँलाई राक्षसको कुलमा उत्पत्ति भैकन एस्ता धर्मात्मा बुद्धि ज्ञान भयाका तेरो मृत्यु कैले पनि नहवस्, तैले भन्याको सबै तथास्तु भनि एस् प्रकारको दुर्लभ वर दीकन हे राम, कुम्भकर्णलाई वर दिन लाग्या। तेस् वेलामा ब्रह्माछेउँ देवताहरू सबैले हात जोरिकन विंति गर्न लाग्या। हे ब्रह्मन्, कुम्भकर्णलाई वर प्रसन्न हुन लाग्यो, तेस्को चरित्र तपाखिले सबै जान्नुहुन्छ। हे ब्रह्मा, त्रैलोक्यलाई त्रास दीरहन्या त्यस् कुम्भकर्णले नन्दनवनमा, सातवटि अप्सरा भक्ष गर्‌यौं, इन्द्रका सेवकहरू पनि फेरि दश जना ऋषि मनुष्य ता लेखा पनि छैनन्, त्यस्ता दुरात्मा त्यो एस्कारण तपाखिले कसो वर प्रसन्न हुनलाग्यो। तेसलाई वर अवश्य नदी हुन्याछैन भन्या वर दियाको जस्तै गरि श्राप दिनुहवस्, लोकलाई कल्याण, सृष्टिकन रक्षा गर्नाका अर्थले तपाखिले तेसो गर्नुहवस् भन्या र एस् प्रकारका देवताका वचन सुनि ब्रह्माले हो भनि चिताई ताहाँ सरस्वती आराधना गर्न लाग्या। ताहाँ सरस्वती भया पनि ब्रह्माका अग्रका आईकन आज्ञा गरिन्, हे ब्रह्मा, म आई क्या गर्नुपऱ्यो आज्ञा दिनुहवस् भन्या र ब्रह्माले पनि आज्ञा गर्न लाग्या, हे सरस्वति, तपाखिले कुम्भकर्णको जिह्वामा वस्नुपऱ्यो भनि आज्ञा गर्नुभयो र ति वचन सुनि ताहाँ श्रीसरस्वती कुम्भकर्णका जिह्वामा वस्न गईन्। ताहाँपछि ब्रह्मा कुम्भकर्णको अग्रमा जानुभैकन आज्ञा गर्दा भया, हे कुम्भकर्ण तेरा,

तपस्यालेम सन्तोष भयाँ वर माग भनि आज्ञा गर्नुभयो र ताहाँ कुम्भकर्णको अति हर्ष मान गरिकन वर माग्न लाग्यो । हे देव, तपाञ्जिले मलाई वर प्रसन्न हुन्छ भन्या मेरा इछा भयाको माग्छु । एक हजार वर्षसम्म सुतिरहुँला छ महीनामा एकचोट् उठीकन दिनभरि पाँछु एस्ता वर प्रसन्न भया जावस् भन्या र ब्रह्माले हाँसिकन आज्ञा गर्‍या । हे कुम्भकर्ण, तथास्तु भनिकन तैले भन्या जस्तै हवस् भनि ब्रह्मा स्वर्ग गया । तेस् वेलामा सबै देवताको आनन्द भया । ताहाँपछि सरस्वती जानुभईन्, कुम्भकर्णले चिन्तना गर्‍यो हा हा ! क्या आश्चर्य मेरा मुषले क्या माग्याँ मलाई क्या भयो । मैले कैलेहे पनि चिन्तना नगर्‍याको माग्याँ भनि आफुकन आफैले निन्दा गर्‍या र हे राम, तीनै जनाले एस् प्रकारले वरदान पाईकन श्लेष्मांतक वनमा धेरै कालसम्म वस्यापछि रावणादि राक्षस तीनैजनाले ब्रह्माछेउँ वरदान पायाको कुरा सुमारि राक्षसले षवर पाईकन निर्भय गरि पृथ्वीमा आईकन अनेक कुटुम्बादि सेनासहित मारीच महस्त विरूपाक्ष महोदर आदि मन्त्रीहरू सबै हर्षमान गरिकन रसातलबाट माथि आईकन रावणलाई भन्न लाग्यो । हे पुत्र, कुल सुद्धा पवित्र गरिकन तैले मनोरथ पूर्ण गर्‍यौ, तिमि-समान सुष अरू केहि छैन अब हामि सबैका निर्भय भयो । हामि सबै लंका छाडिकन रसातल भागिरह्याछौं अब यो भय नाश भयो । हे पुत्र, तेस् नारायणले बारंबार दुःख दियार लंका छाडिकन रसातल भागिरह्याछौं, अब तिम्रा कृपाले लंकामा वस्न पायौं, लंकापुरी हाम्रा राज्य पो हुन् अब कुवेर वस्यो । हे रावण, अघिदेषि स्यो लंकापुरी हाम्रा राज्य हुन्, सोझा मुषले दिया भन्यादेषि कुवेरसित युद्ध गर्नुपर्दैन, नदिया बलात्कारले लीकन लंकाको राजा तिमिलाई गरूँला, हामि सबै तम्रा सहाय भैकन रहुँला भनि एस् प्रकारका सुमारीको बचन सुनि रावणले भन्न लाग्यो । हे सुमारी, तिमिले भन्याका कुरा जोग्य छैन क्यानभन्या, कुवेर मेरा भ्राता पितातुल्य जेष्ठ भ्राता भन्यो र एस् बचन सुनि सुमारीले केहि नबोलि चुप लागिवस्यो । तेस् वेलामा प्रहस्तले कोमल बचन गरि रावणको अग्रमा भन्न लाग्या । हे दशग्रीव, ति बचन बोल्नु तपाञ्जिले अयोग्य, तपाञ्जिले जान्नुहुँदैन आपना दाज्यु-भाईसित मिलिरह्याको छन्, एस्कारण म विन्ति गर्छु सुन्नुभयाजावस् । पूर्व कालमा अदिति र दिति दुवै कश्यपको अर्द्धी, अदितिको पुत्र द्वादशादित्य भुवनेश्वर दितिको पुत्र दैत्य, तेस् वेलामा दैत्यहरू सबै पृथ्वी मण्डलमा गैकन समुद्रको पर्वत सबै दैत्यले राज गर्‍या । तेस् वेलामा देवताहरू सबै सहित गरि विष्णुले युद्ध गरिकन दैत्यहरूलाई मारिकन देवता सबैले राज्य लिया । हे रावण, तेस् वेलामा त्रैलोक्य राज्य सबै देवताहरूले गर्‍या । एस्कारण दाज्यु-भाई भन्याको एस्तो पो हुन्, यो तो

अधिदेखि वैरि भया को छन् भनि दुरात्मा प्रहस्तले भन्यो र एस् वचन सुनि रावणले चिंतना गरि भन्नलाग्यो । हे प्रहस्त, तिमिले भन्याको कुरा हो भनि हर्षमान गरिकन तेस् दिनमा रावणले श्लेष्मांतक वन छाडि यो कार्य गर्छु भनि चिन्तना गरिकन सेना मन्त्रीसहितले त्रिकूटाचलमा गया । ताहाँ बोल्नाकन अति चतुर भयाका प्रहस्तलाई दूत पठाउनलाई भन्न लाग्यो, हे प्रहस्त, धनाधिपति मेरा भ्राता कुवेरछेउँ गैकन मेरा भाकाले कोमल वचनले भन, कसो भन्या, हे धनाधिपति, यो लंका राक्षसको राज्य तिमिले लीराख्याछौ । एस् राज्य तपाचि र म वैरिभाव नहुन्या गरि छाडिदेउ भन भनिकन प्रहस्तलाई पठायो । त्यस् वेलामा प्रहस्त लंका जाईकन कुवेरको अग्रमा रावणले भनिपठायाको जस्तो सर्व कुरा कह्यो । कुवेरले पनि एस् वचन सुनि आफ्ना पिता विश्रवाछेउँ गैकन सबै विन्ति गर्न लाग्या । हे पिता विश्रवा, दशग्रीवले मछेउँ दूत पठायो, हाम्रा पूर्वकालका राज्य लंका छाडिदिनुपऱ्यो भनि पठायो, अब कसो गरूँ ! राज्य छाडि दिउँ कि नदिउँ भनि विन्ति गऱ्यो र ताहाँ विश्रवा मुनिले आज्ञा गर्न लाग्या । हे पुत्र, सुन, दशग्रीवले त्यो कुरा मछेउँ वारंवार गर्थ्यो, हाम्रा राज्य भनि मैले अनेक प्रकारले बुझाईसक्यौं सुनेनन् । अब तेतिसम्म उनले गऱ्यापछि धर्मको वात म कहन्छु, मैले भन्याको तैले गर । रावण भया पनि वर प्रसाद पाईकन मोहले छोपाई मान्य अमान्य नजानिकन अहंकारले आयो, मेरा आपले पनि तेस्को दारुण चेष्टा भयो । एस्कारण तेरो भाई दशग्रीवसित झगरा गर्नु छैन, तँ कैलाशमा तेरा अनुचरले सहित गरि गैकन नगर वनाउ । कैलाशमा मन्दाकिनी गंगा छन्, महाश्रेष्ठ नदी अनेक सुवर्णको पद्म पुष्प भयाका छन्, तेस्ता दिव्य स्थानमा जा । हे पुत्र कुवेर, रावणसित वैरित्व भाव नगर, तेस्ले वर प्रसाद पाईकन गर्व गरिकन आउन लाग्यो भनि एस् प्रकारले विश्रवाले आज्ञा गर्नुभयो । ति वचन सुनि कुवेरले पनि विन्ति गर्न लाग्या, हे पिता, तपाञ्चिले आज्ञा गर्नुभयाको प्रमान भनि आफ्नु पिताको वचन शिरमा राखि लंका गैकन लोकहरू सबै धनादि वांधवादि चतुरंग वलसहित गरि कुवेरले लंका राज्य छाडि गया । ताहाँ प्रहस्तले ति कुवेर गयाको देखि शून्य भयाको लंका हेरिकन प्रहस्तले रावणलाई लंकामा लैगया । रावण कुम्भकर्ण विभीषण तिनिहरू आदि अनेक राक्षस मन्त्री सेनासहित सबै लंकामा प्रवेश गऱ्या । हे राम, तेस्वेलामा रावणका वांछा जस्तैलाई राक्षसहरू सबैले राज्याभिषेक दिया । तेस् वेलामा रावणले पनि आफ्नु वांछा जस्तै पूर्ण गऱ्यो, त्यस् वेलामा रावणले पनि राक्षसहरूलाई यथायोग्यले गृह प्रसाद दीकन राज्य विचार गरिरह्या । ताहाँपछि कुवेर पनि आफ्नु पिताको वचन सुनि कैलाशमा गैकन आफुलाई नगर वनाया, अनेक अलंकार-

ले सहित गरिकन श्रेष्ठ २ प्रसाद इन्द्रले अमरावती बनायाको जस्तो बनाई अलकापुरी भनिकन नामकर्ण गरिदिया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे अगस्त्य वाक्यं रावणाभिषेको नाम सर्गः ॥६॥

१०

श्रीमहादेव उवाच—हे पार्वति, एस् प्रकारले राक्षसेन्द्र रावणले आफ्नु भ्रातासहित गरि राज्याभिषेक लीलक्रियापछि आनन्दले बस्या । ताहाँपछि आफ्नु बैनि कालकुन्जको कुलमा जात भयाको विद्युज्जिह्वालाई विवाह गरिदियो । ताहाँपछि रावण आफेट बनांतरमा गयो, ताहाँ मायासुरलाई देख्यो । द्वितीय पुत्र अग्रमा राखि निर्जन बनमा मायासुर बस्याको देखि रावणले भन्न लाग्यो । हे महापुरुष, तिमि को हौ भन्यो र मायासुरले भन्न लाग्यो । हे महापुरुष, तिमिलाई वृत्तांत कुरा सुनाउँछु, सुन । परापूर्वमा हेमा भन्याको अपसरा देवलोकले मलाई दियो र आठ हजार वर्षसम्म नाना सुखले भुक्तमान गरिरह्यौं । अवधौ वर्ष भयो, तिनिसित म छुट्टियाको तन्को नामले अनेक कीर्ति मैले गर्‍यौं, सुवर्णमय वैडूर्य्यमय नाना रत्नले प्रासाद बनाई सुवर्ण तोरणसहितले गृहादि बनायौं । मैले त्यो गृह छाडि बनमा बस्न्याकन यो पुत्री-सहित गरि आयौं । यो पुत्री मेरी स्त्री हेमाको गर्भवाट जात भयो, एस्लाई विवाह गरि-दिउँला भनि चिताई पुरुष खोजन लागिरह्यौं । पुत्रीको पिता हुनु महादुःख रहेछ, कन्या दिनु-लाई दुई कुलमा पितृहरू विचार गर्नुपर्छ । हेमाका गर्भवाट जात भयाकी इन्को नाम ज्येठीको मायावी कनीष्ठको दुन्दुवी । हे महापुरुष, मेरा वृत्तांत सवै भनिकन सुनाईसक्यौं, अब तिमि एस् बनमा कयान आयौं, तिमि को हौ भन्या र ताहाँ रावणले भन्न लाग्यो । हे मायासुर, पुलस्त्यको वंशमा जात भयाको मेरो नाम दशग्रीव हुन् भन्यो र यो वचन सुनि मायासुरले चिन्तना गरि त्यो दशग्रीव महा उत्तम कुलमा जात भयाको तन्कन पुत्री दिउँ भनि चिन्तना गरि महाहर्ष गरि हात समाईकन रावणलाई हाँसिकन भन्न लाग्यो । हे दशग्रीव, हेमाका गर्भवाट जात भयाकी मेरी पुत्री यो मनोधरी तिमिलाई दिन्छु लिनुहवस् भन्यो र ताहाँ रावणले भन्न

लाग्यो, हे मायासुर, हुन्छ भनि कन्या लोकन अग्नि साक्षि राखि कन्यादान लियो । श्रीराम, विश्रवाले आप दीराख्याको नजानिकन दियो, आफनु पितामहहरूका नामले लियो । तेस् वेलामा मायासुरले हर्ष गरिकन अमोघ भन्याको शक्ति रावणलाई दियो । अनेक प्रकारले तपस्या गरिकन पायाको शक्ति हो, लक्ष्मणलाई प्रहार गऱ्यो र हे श्रीराम, मनोधरी स्त्री पाई-कन लंकामा लैगयो । ताहाँपछि आफना भाईहरूलाई पनि विवाह गरिदिउँ भनि चिताई वलिराजाको नातिनी जाज्वल्यमान कन्या, कुम्भकर्णलाई विवाह गरिदियो । विभीषणलाई गन्धर्व राजा सैलूकी पुत्री धर्मानाम कन्या, सर्मात्मा भैरह्याकी विभीषणलाई विवाह गरिदियो । त्यो सर्मानाम मानसरोवरको किनारामा जन्म्याकी वर्षाकालमा मानसरोवरको जल वृद्धि भयो र तन्का महतारीले पुत्री जात भयाको सम्झि भन्न लागी । हे मानसरोवरमा वृद्धि भयाको भनि तन्को नाम सर्मा भनि नाम कर्म गरिन् । हे श्रीरामचन्द्र, एस् प्रकारले रावण कुम्भकर्ण विभीषण तिनिहरू तीनैजनाका स्त्रीले सहित भैकन नाना प्रकारले भोग-विलास गरि महासुखले रह्या । नन्दन वनमा अप्सराहरूले विलासादि गऱ्याकै । रह्यापछि रावणको वीजले मनोधरीका गर्भवाट मेघनाद जात भयाको वेलामा तेस् वालक कराया‌का शब्दले मेघले गर्ज्याको जस्तो गरि करायो । तेस्को स्वर सुनि लंकामा वस्याका लोकहरू विस्मय गरिरह्या, एस् हेतुले तेस्को नाम मेघनाद भनि नामकर्ण गऱ्या । हे श्रीराम, रावणका अन्तः पुरीमा वर्द्धमान भयो र यत्नले रक्षा गरि राख्यो काष्ठको भित्र अग्नि रह्या जस्तो रह्यो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे अगस्त्य वाक्यं मेघनाद उत्पत्तिर्नाम दशम सर्गः ॥ १० ॥

११

श्री महादेव उवाच—हे पार्वति, एस् प्रकारले धेरै काल गयापछि ब्रह्माले सृष्टि गरि-राख्याकि निद्रादेवी कुम्भकर्णलेउ आईन् र ताहाँ कुम्भकर्णले रावणलेउँ भन्न लाग्यो । हे रावण, मेरो जति निद्रा लाग्यो म सुत्न्या ठाउँ काहाँ हो भन्यो र ताहाँ रावणले पनि शिल्प-

कारहरू सबैकन डाकि भन्न लाग्यो । हे कर्मिहो, कुम्भकर्ण शैन् गर्नाकन एउटा गृह चाँडो बनाईदेउ भन्या र कर्मिहरूले पनि कैलाशसमान गृह बनाईदिया । त्यो घर कस्तो भन्या गज आठ हज्जार हात ८००० लामू चालीस हज्जार हात ४०००० एस् प्रकारको गृहमा कांचन फटिकको थाम वैडूर्य क्षुद्र घंटिका गरिकन शयनगृह बनाईदिया । तेस् गृहमा कुम्भकर्ण गैकन सहस्रार्वदी वर्ष सुतिरह्यो । एस् प्रकारले कुम्भकर्ण निद्रा गरिरह्याको वेलामा रावणले देव यक्ष गन्धर्व ऋषि ब्राह्मणादि अनेकलाई मार्‍यो, अनेक उच्चाटनादि गरिकन नन्दन वनमा पनि भग्न गरि त्रैलोक्यमा महाउत्पात गर्‍यो । कस्तो २ भन्या सरोवरमा हस्ती बसि कमल विमार्‍याऊँ वायुले वृक्ष भग्न गर्‍याऊँ एस् प्रकारले रावणले उत्पात गर्‍यो र कुवेरले रावणछेउँ दूत पठाया । अमरज्यादले वेहोरा गर्‍याको देखि दूतकन पठाउनुभयो र त्यो दूत पनि विभीषणछेउँ पुग्यो । ताहाँ विभीषणले त्यो दूत आयाको देखि अनेक मान्य गरिकन क्या कारणले आयौ भनि सोध्या, गोत्र कुटुम्बादिको कुशल वार्ता गरिकन रावणका साभामा लैगया । ताहाँ दूतले रावणको साभा देख्या र महाजाज्वल्यमानले रह्याका साभा देखिकन रावणलाई नमस्कार गर्‍या । तेस् वेलामा रावणले पनि दूतलाई आसा दीकन मान्य गर्‍यो, ताहाँ दूतले पनि विन्ति गर्न लाग्यो, हे लंकेश्वर, तपाईका भ्राता कुवेरले मलाई पठाउनुभयो, क्या कारणले भन्या हामिहरू निका कुलमा जन्म्याको पो हुँ एस्कारण तिमि हामीले निको कर्म गर्नुपर्छ ननिको कर्म गर्नु छैन । एस्कारण तिमिले गर्न्या नगर्न्या कर्म गर्नुभयो तेसो गर्नु छैन । हाम्रा कुलका जोग्य भयाका तिमिले उत्तम २ कर्म गर्नुहुन्छ भनि देवराज इन्द्रको नन्दन वनमा कन भग्न गरि ऋषिहरूकन मार्‍याको यो कुरा मैले सुन्याँ । अब देवताहरू सबै वटुलिकन मत गरि उद्योग गर्न लाग्या यो पनि मैले थाहा पाभा । बालपले अपराध गर्‍याको देख्या पनि यो कुरो नगर भन्नुपर्छ, अब तिमिले अपराध गर्‍यो र एस्तो कर्म नगर भनि मैले धर्मव्रत गरिकन श्रीमहादेव पार्वतीको दर्शन गर्दामा, तेस् वेलामा पार्वती क्रोध भैकन वामनेत्र भग्न गरिदिनुभयो । ताहाँपछि हिमालयमा गैकन पाँच हज्जार वर्षसम्म तृष्णाभूत गरिरह्या र तेस् वेलामा रुद्र संतुष्ट भैकन मलाई आज्ञा भयो, हे धर्मज कुवेर, मेरा तपस्याले म संतुष्ट भयाँ । मैले पूर्व कालमा गर्‍याको धर्म व्रत अब तिमिले गर्‍यौ, ई व्रत तिमि हामिविना अरू कसैले गर्न सकन्याछैनन् , दुष्कर्म व्रत मैले बनायाको हो भनि हे कुवेर, अब तिमि हामि सँग भन्युँ, तिम्रा वाम नेत्रले देपौला भनि एस् प्रकारले आज्ञा गरिकन श्रीमहादेव हिमालयमा गया, तपस्या पूर्ण गरि मफर्कि आयाको वेलामा वृत्तांत मैले सुन्या । हे रावण, अबदेखि कुलको

मर्याद गर, एस् धर्मको मर्यादा गर भनि तपाल्किा भ्राता कुवेरले आज्ञा गरि पठाउनुभयाको छ भनि दूतले विन्ति गऱ्यो। यो वचन सुनि रावणले अत्यन्त क्रोधले रक्तनयन गरि भन्न लाग्यो, हे दूत, तैले बोल्याको वचन पनि तँकन पनि मैले जान्याको छ तँलाई पठाउन्या-लाई पनि मलाई थाहै छ, ति कुरा मलाई हित गर्नाकन भनिपठाइस्कि। फेरि मेरा महादेव मित्र पाऱ्युँ भनि पवर पठायौ। मैले त एति काल भयो सहिकन रह्यार हो कि एस्तो कुरा मलाई भनिपठायाको होस् कि अब मेरा बाहुवलले त्रैलोक्य सबै त्रितिकन चतुर्लोकपाललाई पनि मारूँला तन्का उपदेशले सबै यमपुरी पठाउँछु भनि तेस् दूतकन खड्गले शिर छेदन् गरि राक्षस हरूकन भक्ष गर्न दियो। हे मंत्रीहो, तिमिहरूका सैन्य आफ्नु २ सैन्य तयार गर भनि एस् प्रकारले रावणले भन्यो र ताहाँ मंत्रीहरूले आफ्नु २ सैन्य तयार गरिकन प्रस्थान गऱ्या भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि कैलाश पर्वतमा श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्य वाक्यं दशग्रीव प्रस्थान गमन मंगलवृद्धिर्नाम एकादशः सर्गः ॥ ११ ॥

१२

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि त्रैलोक्य जीतनाकन कैलाशमा गयो। तेस् रावणको मंत्री महोदर प्रहस्त मारीच शुकसारण धूम्राक्ष ति छ ६ जना महारथीले सहित गरिकन बलले धैर्यवंत रावणले त्रैलोक्य हरन गर्नाकन गयो, नगर नदी वन उपवन सबै नाघिकन मुहूर्तमात्रमा कैलाश पुग्नुभयो। त्यस् ठाउँमा संग्राममा चतुर भयाका यक्षहरू बस्याका थिया, तिनिहरूलाई रावणले प्रहार गऱ्यो र सबै भागिगयो। ताहाँ यक्षलोकले तिमि कोहो भन्या र त्रैलोक्येश्वर रावण म हुँ जान्दैनस्कि भन्यो र यक्षहरूले चिंतना गरि भन्न लाग्या, तिमि कुवेरका भ्राता होइनौ कि भनिकन ताहाँ यक्षहरू कुवेरछेउँ गैकन विन्ति गर्न लाग्या। हे कुवेर तपाईका भ्राता रावणले चतुरंग बल दलले युक्त भैकन तपाल्सिँग युद्ध गर्न आयो भन्यो र ताहाँ कुवेरले आज्ञा गऱ्या। हे यक्षलोक, अब एतिसम्म गर्नाकन

आउन्यालाई तिमिहरूले पनि आफ्ना २ सामर्थ भयाको गर भनि एस् प्रकारले आज्ञा गऱ्या र यक्षहरूले हर्षमान गरिकन युद्ध गर्नाका आँटले अनेक सैन्य बटुलीकन समुद्रको तरंग आयाजैं आया, एस् प्रकारले दुवैपक्ष जोरिकन महायुद्ध भयो। एस् प्रकारले यक्षको र राक्षसको महायुद्ध गऱ्या र राक्षसहरूका मंत्रीसहितहरूलाई यक्षहरूले लगारि लैगया। एस् प्रकारले आफ्नु सेना लगारिल्यायाको देखि रावणले नाद गरिकन अघिवाट दुगुरीकन दश हजार यक्षसित एकलै युद्ध गऱ्या, नाना शस्त्र अस्त्र गदा प्रहार गरिकन रावणले महायुद्ध गऱ्यो। यक्षहरूले पनि अनेक शस्त्र अस्त्र बाणले प्रहार गऱ्या, फेरि रावणले पनि कालदंड समान गदा लीकन यक्षका सेनामा जाईलाग्यो, यक्षहरूलाई गदा प्रहार गरिकन मार्‍या, घृतसंयुक्त काष्ठमहा लडाजिँ अग्निले दग्ध गऱ्याजैं, अनेक सेनालाई मृत्यु गरायो। शुक सारणादि मंत्रिहरूले पनि प्रहार गरिकन अनेक यक्षकन नाश गऱ्यो। ताहाँपछि यक्षहरू मृत्यु भयाको देखि देवऋषिहरूका पनि महाविस्मय भयो। एस् प्रकारले यक्षहरूकन मारिदियाको देखि हे श्रीराम, ताहाँ कुवेरले वैखंडिक् भन्याको सबै यक्षका मुख्य तेस्लाई पठाईदिया, तन्ले मारीचलाई चक्र प्रहार गऱ्या। त्यो चक्र मारीचछेउँ लागिकन कैलाश पर्वतवाट भूमिमा पस्या, मूहूर्त्त मात्रपछि चैतन्य भैकन फेरि यक्षलाई प्रहार गऱ्यो। त्यो मारीचको प्रहार सहन-नसकिकन त्यो यक्ष भागिगयो। त्यस प्रकारले भागिगयापछि कांचनमय ढोका वैडूर्यको तोरण एस्ता ठाउँमा यक्षका परिवार बस्याका थिया, त्यस् ठाउँमा रावण पुग्नु गयो। ताहाँ ढोकामा सूर्य भानुले ताहाँ जानु छैन भनि छेक्यो र तेस् प्रकारले छेक्याको देखि रावणले क्रोध गरिकन सूर्य भानुकन मार्‍यो। त्यो हेरिकन सबै यक्षहरू भागिकन कुवेरछेउँ गया। ताहाँ कुवेरले मणिभद्र भन्याको यक्षलाई अनेक सैन्ययुक्त गरि पठायो। त्यो यक्षआदि अनेक सैन्यले दुर्य २ भयाका चालीस हज्जार ४०००० यक्षले राक्षससित युद्ध गऱ्यो, गदा मुशल कुन्त तोमर नाना प्रकारका शस्त्र अस्त्र रावणमाथि प्रहार गऱ्या। तेस् वेलामा महस्तले अत्यन्त क्रोध गरिकन एक हज्जार यक्षलाई एक चोटले मार्‍यो, एक हज्जार महोदरले मार्‍यो, धूम्राक्षले एक हज्जार मार्‍यो। हे श्रीराम, ताहाँ केहि अन्यथा छैन, दैत्यहरूले सोऱ्हा रीतसंग ता जुझ्दैन एस्कारण मायावलले पो मार्‍या। ताहाँ पछि धूम्राक्षले मणिभद्रलाई मुशलले प्रहार गऱ्यो, फेरि मणिभद्रले पनि धूम्राक्षका शिरमा गदाले प्रहार गऱ्यो। तेस् प्रहारले अचेष्टा भैकन धूम्राक्ष पृथ्वीमा पऱ्यो, त्यो हेरिकन रावणले क्रोध गरिकन अघिवाट दगुदैं गैकन मणिभद्रमाथि जाईलाग्यो। तेस् वेलामा मणिभद्रले तीन्वटा शक्ति बाण लीकन रावणमाथि जाई लाग्यो।

तेस् वेलामा मणिभद्रलाई रावणले प्रहार गर्‍यो, तेहि मणिभद्रले रावणसित युद्ध गर्न नसकि-कन भागि गयो। हे राघव, महावीर मणिभद्र भाग्याको देखि महावीर धनेश्वर कुबेरले रावण-लाई भन्न लाग्या। हे पापात्मा रावण, ब्रह्मकुलमा जात भैकन कस्तो कुकर्म गरिस् तैंले, अब तेस्को फल तँलाई पछि प्राप्त होला। हे पापात्मा, जस्ले विषको प्रभाव नजानिकन विष पाला तस्लाई विषको प्रभाव लागि जस्तो मृत्यु हुन्छ तस्तै तँलाई पनि होला। हे पापात्मा, तैंले अनेक तपस्या गर्‍याको छ, एस्कारण तपस्या गर्न्याले तेस्तो कुकर्म कथान गरिस्। हे पापात्मा, तैंले देव ब्राह्मणकन दुःख दिई्स् तस्को फल प्राप्त होला, माता पिता गुरु ऋषिहरूका प्राण लियाको फल यमराजाको वश्यमा गयापछि जन्मको फल देखला्स्। हे दुरात्मा, एस् शरीरले गर्‍याको शुभकर्म कारणले मोर्षादी प्राप्त हुन्छन्, तेस्ता पूर्वशरीरले जस्ले तप धर्म गरेन तेस्ता-कन मूर्ख भन्नु, तेस्लाकन पछि सन्ताप प्राप्त होला। एस्कारण सुबुद्धि तँछेउँ छैन, जो धर्मात्मा छन्, तनले अनेक प्राणीकन सुख दीरहन्छन्, इनी प्राणीहरूकन सुख दियाका फलले स्वर्ग प्राप्त हुन्छन्। अब तैंले नरक जानाको इछा गरिस् भनि एस् प्रकारले कुबेरले रावणलाई भन्याको वचन सुनि ताहाँ रावणको मन्त्रीहरू सबै त्रासमान गरि भाग्या। तेस् वेलामा महात्मा कुबेरले अत्यन्त क्रोध गरिकन गदाले रावणको शिरमा प्रहार गर्‍या, एस्कारणले प्रहार गर्‍यार पनि रावणकन केहि व्यथा भयेन। हे राघव, फेरि रावणले पनि क्रोध गरिकन कुबेरमाथि गदाले प्रहार गर्‍यो। तेस् प्रकारले कुबेरकन पनि केहि व्यथा भयेन, यक्षराजको र राक्षसराजको महायुद्ध भयो। फेरि कुबेरले पनि अस्त्यास्त्र प्रहार गर्‍यो, त्यो हेरिकन रावणले पनि वरुणास्त्र प्रहार गरिकन कुबेरको अस्त्यास्त्र व्यर्थ गरिदियो। तेस् वेलामा रावणले माया-रूप गरिकन महाशब्दले नाद गरिकन आयो, एस् प्रकारका दश हजार मायारूप भैकन आयाको, कस्तो २ रूप भन्या व्याघ्र वराह मेघ पर्वत समुद्र यक्ष दैत्य ति आदि नाना रूप धारण गरि मायारूप देखाईकन अनेक प्रकारले कुबेरमाथि प्रहार गर्‍यो। तेस् वेलामा कुबेर पनि रगत् छादिकन अशोक वृक्ष ढल्याजै पृथ्वीमा अचेष्टा भैकन लोट्या, ताहाँ शंख पद्मादि निधिपतिहरू सबै आगो हालिकन हे राम, त्यो यक्षराजकन नन्दनवनमा लैगीकन पारिजात आदिका वृक्षमनि राखि शरीर शीतल गराया। रावणले पनि कुबेरकन जिति चित्तमा हर्षमान गरिकन पुष्पक विमानमा चढिकन रह्यो। त्यो विमान रावणले हरण गरिलियो, कस्तो विमान भन्या अनेक लक्षणले संयुक्त कांचनमय वैडूर्य मणिको तोरण अनेक मुक्तान्को झुप्पा आफुले कामुना गर्‍याका जग्गामा मनवेगी कामरूपी जाहाँ इछा भयो। ताहाँ पुग्याई-

दिव्या कन्या विमान अनेक पंछी संयुक्त देवताहरू वस्तु संयुक्त जोग्य भयाको सुवर्णमय नाना चित्र गरिराख्याको छ ब्रह्माले बनाईराख्याको तेस्ता विमानमा रावणले लीकन तेस् विमानमा बसि रावणले चिन्तना गरि भन्न लाग्यो । हे मित्रहो, अब त्रैलोक्य सबै जितनाकन हिंड भनिकन कैलाश छाडि फर्किआया भनि अगस्त्यले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे कुवेरविजयं नाम सर्गः ॥ १२ ॥

१३

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्य ऋषिले आज्ञा गर्नाकन लाग्या । हे राघव, कुवेरलाई जितिकन रावण कैलाश छाडि कुमार जन्म्याको ठाउँमा सरोवरमा आयो । त्यो वन कस्तो भन्या, सुवर्णमय त्यो वन श्रीसूर्य्यका किरण लागि महाजाज्वल्यमानले दीप्ताकार भैरह्यो । त्यो पर्वत पुष्पक विमानले चिचि चलन नसकि स्तम्भन भैरह्यो, ताहाँ रावणले आपना मन्त्रीहरूकन भन्न लाग्यो । हे मन्त्रीहो, यो विमान कसो चलेन यो कर्म कस्ले गऱ्यो, भन्यो र यो वचन सुनि, हे राम, मारीचले चिन्तना गरि भन्न लाग्यो । हे रावण, अवश्य हेतु भयो, त्यो कामवेगी विमान कसो चलेन, कुवेरले यत्न गऱ्यो भनि एस् प्रकारको कुरा गरि रहँदा श्रीमहादेवका सेवकहरू आई आज्ञा गर्नाकन लाग्या, हे रावण, तिमिले ल्याहाँ आउनु छैन । ल्याहाँ श्रीमहादेवको गोप्य स्थान ल्याहाँ देव यक्ष राक्षस गन्धर्वादिहरू पनि आउनु छैन । श्रीमहादेवका क्रीडा गर्न्या ठाउँ हो, एस्कारण तिमि ल्याहाँ नआउ भन्या र ताहाँ रावणले क्रोध गरि पुष्पक विमानबाट वल्लिकन भन्नलाग्यो, यो शंकर भन्याको को हो भनि श्री महादेवको अग्रमा त्रिशूल लीरहन्या नन्दिका मुख वानर जस्तो छन ति नन्दिको मुख हेरि रावणले घिज्याईकन अट्टाट्टले हाँस्यो । एस् प्रकारले घिज्याईकन हाँस्याको देखि साक्षात् श्रीमहादेवतुल्य नन्दिले महाक्रोध गरिकन आज्ञा गर्नाकन लाग्या, हे दशानन, मेरो मुख हेरि क्यान निन्दा गरिस्, एस्कारण वानरले तेरो कुलको नाश गर्ला । मेरो जस्तो मुख तेज बलले संयुक्त गरिकन तेरो परियारसहित तँलाई मार्ला भनि नन्दिले श्राप गऱ्या र ति वचन सुनि

रावणले भन्नलाग्यो । हे नन्दि, मेरा पुष्पक विमान तैंले स्तम्भन गरिस् , अब यो पर्वत तैले रक्षा गरिराख्याको म उपेक्ष्छु । हे नन्दी, एस् पर्वतमा तेरा महादेव क्रीडा विलासादि गर्न्या जग्गा मैले भ्रष्ट गरिदिन्छु भनि हे राम, त्यो हेरिकन देवाधिदेव श्रीमहादेवले अत्यन्त क्रोध गरिकन गोडाका अंगुष्ठले पर्वतमा धसिदिया । तेस् वेलामा रावणका दुवै हातले पर्वतले मिचि महाव्यथा भयो । ताहाँ शुकसारणादि मन्त्रीहरू त्यो पर्वत उपेक्षत लाग्याको देखि महाअद्भुत मानिरह्यो, कस्तो वीर भनि रावणलाई प्रशंसा गर्न्या । तेस् रावणको हात वलले जिकि तेस् व्यथाले मेघ गर्ज्याको जस्तो त्रैलोक्य कम्पमान गरि कराया त्यो शब्दले इन्द्रादि देवताले सुनि क्या भयो भनि शंका गरिरह्या । एस् प्रकारको रावणको कर्म देखि एस् प्रकारण तेरो नाम रावण भनि प्रकाश होला । हे रावण, तँ जाहाँबाट आईथिस् ताहीं जा भनि श्रीमहादेवले आज्ञा दिया । त्यो आज्ञा सुनि रावणले पनि श्रीमहादेवका चरणमा प्रदक्षिणा गरिकन पुष्पक विमानमा वसि वर्लिहकन महावीर २ राजाहरूकन दुःख दियो । कोहि क्षत्रियहरूले रावणकन मानेनन् र संग्राम गरिकन माऱ्यो । कोहि राजाहरू रावणलाई मान्नु आयो, एस् प्रकारले रावणले पराक्रम गरि जितिकन आयो भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाया भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अगस्त्यवाक्यं कैलासोद्धरणं नाम सर्गः ॥१३॥

१४

श्रीमहादेव उवाच —हे पार्वति, ताहाँबिछि एस् प्रकारले पृथ्वीमण्डलमा जिति हिमालय विषये आयो । तेस् वेलामा त्यो रावणले यौटि कन्या देख्यो । कस्ती कन्या भन्या कालो वर्ण गाईको छालाले ओढिकन ऋषिले तपस्या गर्न्याजै तप गरिरहन्या, तेस्ती कन्याकन तेस् रावणले देखि कामले पीडा गराई हाँसिकन भन्या । फेरि भन्न लाग्या, हे सुन्दरी, तैंले क्या गरिस् क्यान तेस्तो गरिस् ! जौवनकन विरोध गरिकन क्या गरि वसिस् , तिमि रूपका योग्य कर्म्म होइनौ, तेस्तो तपस्या गर्न्या वयत् भयाको छैन । हे भीरु, तिमि कस्की पुत्री, तिमि कस्की स्त्री हौ मलाई सुनाउ, क्या कारणले व्रत गरिस् यो सबै मलाई सुनाउ भनि पापात्मा रावणले

भन्याको सुनि ति कन्याले आज्ञा गर्न लागिन्, हे निशाचर, तिमिले भन्याको कुरा म सुनाउँछु, सुन। कुशध्वज नाम ऋषि धर्मात्मा बृहस्पतिका पुत्र द्वितीय बृहस्पति जस्तो, ति कुशध्वजले वेदाभ्यास गर्दामा म निस्कि एस्कारण मेरो नाम वेदवन्ती भनि नामकर्ण गरिराषनुभयो। ताहाँपछि देव गन्धर्व यक्ष दैत्य दानव ऋषि प्रभृतिले मलाई विवाह गर्नाकन मेरा पिता माता-संग माग्नाकन आया र पनि मेरा पिताले मकन कसैलाई दिएनन्। हे रावण, मलाई नदियाको कारण सुनाउँछु सुन भनि परापूर्वमा मेरा पिताले प्रतिज्ञा गरिराष्याका कुरा ति मेरी माताले मलाई सुनाईराष्याका छन्। मेरी पुत्री श्रीनारायणबिना अरू कसैलाई दिदौन भनि रहाका वेलामा शंकुश भन्याका दैत्यराजले मेरा पितासंग माग्यो र मेरा पिताले दियेनन् र तेस् दैत्यले मेरा पिताकन मार्‍यो। मेरी माताले मेरा पिता मार्‍याको देखि मेरी माता सती गईन्। एस्कारणले मेरा पिताले जो मनमा वांछा गर्नुभयो सो गरूँला। श्रीनारायणबिना मेरा स्वामी गर्दिन भनिरहिर हे रावण, एस् कारणले श्रीविष्णु स्वामी पाउनाकन तप गरिरहाछु। हे रावण, मैले हेतु सुनाईसक्यौं, हे रावण, तिमि पनि पुलस्त्यका वंशमा जात भयाका हौ, मेरा तपस्याको वलले त्रैलोक्यमा जति भयाको सबै मैले जान्याको छ। ताहाँपछि रावण पुष्पक विमानबाट वर्हिहकन वेदवतीलाई भन्न लाग्यो, हे सुश्रोणि, तेरी कस्ती अहंकार नजानिकन तैले बोलिस्। वृद्धा अवस्थामा पो त्यस्तो धर्म गर्नु, एस्ता स्त्रीका गुणले संयुक्त भयाकी तिमि एस् वपत्मा व्रत धारणा गर्नु जोग्य छैन। त्रैलोक्यमा तँ जत्तिको सुन्दरी स्त्री कोहि छैन, तेस्ता जौभन-का वेलामा वृद्धको स्वभाव भैकन तपस्या गर्नु अयोग्य। हे भीरु, तैले भन्याको नारायणको गुण मेरो गुण तेजको शय खण्डमा एक पंड पनि छैन, नारायण भन्याका क्या भनि रावणले भन्यो र यो वचन सुनि वेदवतीले आज्ञा गर्न लागिन्, हे रावण, तैले त्यस्तो कुरा क्यान गरिस्, श्रीनारायण भन्याका संसारका कर्त्ता पो हुन् भनिन् र ति वचन सुनि रावणले महाक्रोध गरि-कन वेदवतीको जटा समाईकन घिस्यायो। ताहाँ वेदवतीले अत्यन्त क्रोध गरिकन आज्ञा गरिन्, हे पापात्मा रावण, म तपस्या गरिरहन्यालाई विनाकारणले एतिसम्म तैले गरिस्, हे पा-पापात्मा, अब तँलाई मार्नाकन अवतार लिन जान्छु ऐल्हे तँलाई श्राप दीकन मारूँभन्या मेरी तपस्या भ्रष्ट होला भनिकन अग्निमा प्रदक्षिणा गरिकन भन्न लागिन्, हे अग्नि, मैले तपस्या गर्‍याको भया, तपालिछेउँ सेवा गर्‍याको भया, परलोकमा धर्माको पुत्र भै अजोशंभव भैकन म जन्म हुँला भनि अग्निछेउँ प्रार्थना गरिकन जाज्वल्यमानले बल्याका अग्निमा फाल्हाली। तेस् वेलामा आकाशबाट पुष्पवृष्टि गरिदिया। हे राघव, ति वेदवती जनक राजाकी

पुत्री सीतादेवी भैकन जात भईन्, ति सीता देवी तपास्विका अस्ती। हे राघव, एस्कारण तपास्वि साक्षात् नारायण हुन्, संसारमा धर्म प्रतिपाल गरि पृथ्वीको भारा खण्डन गर्नाकन युग २ मा तपास्विका अवतार लिनुहुन्छ। हे श्रीराम, ति वेदवतीका क्रोध अग्निले दग्ध गरिकन रावण मृत्यु भयाकै थियो, अब लोकलाई देषाउनाकन तपास्विका बाणले मृत्यु गरायो। हे श्रीराम, ती वेदवती जनक राजाका यज्ञ गर्नाकन हलो जोतदा हलोमा अट्की पृथ्वीमा आईन् र तन्को सीता भनि नामकर्ण गऱ्या। हे रघुवीर, एस्कारण रावण मृत्यु भयाको सत्ययुगदेषि भयो, कसो भन्या वेदवतीका श्रापले अब त्रेतायुगमा सीतादेवी भैकन नाना प्रकारले तपास्विले रावणलाई मार्नुभयो भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे उत्तरकांडे वेदवती उपाख्यानं नाम चतुर्दशः सर्गः ॥१४॥

१५

श्रीमहादेव उवाच—हे पार्वती, अग्निमा फालहालि मृत्यु भयाको देषि रावण पुष्पक विमानमा बसि फेरि पृथ्वीमण्डलमा भ्रमण गरि गयो। तेस् वेलामा उशील भन्याका पर्वत-विषये मरुत् नाम राजाले यज्ञ गऱ्याको ठाउँमा आयो र तेस् यज्ञमा पुरोहित बृहस्पतिको भ्राता संवर्तनाम ऋषि बृहस्पतितुल्य अनेक ब्राह्मणसहित गरि यज्ञ गरिरहन्या इन्द्रादि देवता सबैले रावणलाई देषिकन भयले डराई पंछीका स्वरूप भैरह्या, इन्द्र मात्र मयूरका रूप भैकन रह्या, धर्मराज कागका रूप भैरह्या, कुबेर कुकुलास भया, वरुण हंस भया, एस्कारणले लोकपाल-हरू सबै पंछीरूप भैकन रह्या। तेस् वेलामा रावणले यज्ञ भूमिमा गैकन हाँक्यो, हे मरुत, मेरा वश्यमा आउँछस् कि युद्ध गर्नाको इछा गरिस् दुईमा एक थोक गर् भन्या र त्यस् वेलामा तेस्तो वचन सुनि मरुत् राजाले क्रोध गरिकन भन्न लाग्या। तँ को होस्, कया काम आयाको होस् भनि मरुत् राजाले भन्दा रावण बोल्न लाग्यो। हे मरुत्, मलाई कसो जान्दौनस् म कुबेरको भ्राता हुँ मेरा वीर्य पराक्रम सुन्याको छैन कि! त्रैलोक्यमा मेरो नाम नजान्न्या को छ!

लोकपाल कुबेर मेरा भ्राता हुन्छ, तल्लाई पनि मैले जिति पुष्पक विमान छिन्नुँ, एस्ता वीर मकन कसो जानिनस् भन्यो र ताहाँ मरुत् राजाले भन्न लाग्या, हे रावण, धन्य २ तँ, ज्येष्ठ भ्रातालाई जितिकन पुष्पक ल्याउन सक्न्या तँ जस्तिको कोहि छैन। मेरा अग्रमा आईकन आफ्नु भ्रातालाई जिति आयौं भनि कुरा गर्न्या तँ धिक्कार होस्, तेरो कर्म ठुलो पराक्रम गर्न्या मनिठानिस्। त्यस्तो पुरुषार्थ पायेछ तेरो विधाताले तेस्ता पापात्मालाई कयान सृष्टि गर्नुभयो। हे पापात्मा, तँ जस्तिको अधर्मी मैले कोहि जान्याको छैन। हे पापात्मा रावण, तैले मसित युद्ध गर्न इछा भया बस्, चाहाँचाट तेरो जिउ बाचिकन फिरि जानु ता कष्ट भयो। अब मेरो तीक्ष्ण २ बाणले प्रहार गरिकन तँलाई चाँडै यमपुरि पठाउँछु भनिकन मरुत् राजाले धनुर्बाण लीकन युद्ध गर्नाका इछाले बाहिर निस्क्या। तेस् बेलामा संवर्त प्रभृति पुरोहितले भन्न लाग्या, हे राजन्, हामिहरूका बचन सुन्नुहुवस्, तिमि युद्ध गर्नाकन नजाउ। ति माहेश्वर यज्ञ सम्पूर्ण नगरि युद्ध गर्न्यादेखि कुलको नाश हुन्छ, यज्ञ सिद्ध नगरिकन युद्ध गर्न अयोग्य छ। जय विजय आफ्नु बिचकार होईन, विशेष रावण पनि दुर्जय यसकारण संग्राम गर्नु छैन भन्या र ताहाँ आफ्ना गुरु प्रोहितको बचन सुनि मरुत राजाले धनुर्बाण छाडि यज्ञ मंडलमित्र गया। त्यो हेरिकन रावणको मन्त्री शुक सारणले बिन्ति गर्न्या, हे महाराज रावण, हामिले मरुत् राजालाई जितिरक्यौं भन्यो र राक्षसहरूले अनेक ब्राह्मणहरूका मांस रक्तपान गरिरह्या। एस् प्रकारले गरिकन रावण फिरिगयो, त्यो हेरिकन इन्द्रादि देवताहरू सबै पंछीरूप छोडिकन आफ्ना २ लोन भैरह्याका पंछिहरूलाई बरदान दिया। इन्द्रले भन्न लाग्या, हे मयूर, म सन्तुष्ट भया, मेरा सहस्र नेत्र जस्तो तेरा पखेटामा बित्र बिचित्र हुवस्, मेघले जलवृष्टि गर्दामा तेरो हर्ष हुवस् भनि इन्द्रले आज्ञा गर्न्या। हे श्रीराम, अघि मयूरको नीलवर्ण इन्द्रका प्रसादले बिचित्र वर्ण भयो। फेरि वरुणले हंसलाई वर दिया, हे हंस, मेरा उत्तम बचन सुन। तिम्रा कृपाले मेरो रक्षा भयो, एस्कारणले तेरो उत्तम वर्ण हुवस्, चन्द्र मण्डलको जस्तो वर्ण भैकन जलमा बस्न सकोस्। अघि हंसको कालो वर्ण वरुणका वर प्रसादले हंसको सेतो वर्ण भयो। कुबेरले कृकलासलाई आज्ञा गर्न्या, हे कृकलास, तिमिलाई उत्तम वर दिन्छु। तेरो शरीरको वर्ण सुवर्ण जस्तो हुवस्, तेरो कालो वर्ण छाडि एस्तो उत्तम वर्ण हुवस् भनि वर दिया। हे राघव, यमराजले पनि कागलाई वर दिया, हे काग, मैले वर दिन्छु सुन्। हे काग, तँलाई मनुष्यादिले नमान्यासम्म निरोगी भैकन मृत्यु नहुवस्। हे काग, मनुष्यहरू मृत्यु भैकन दश क्रिया गर्न्याको पिण्ड तैले पाईकन मृत्युकहरू तृप्ति हुवस् भनि दिया। एस् प्रकारले इन्द्रादि देवताले

वर दीकन यज्ञ सम्पूर्ण गरि देवताहरू सबै स्वर्ग गया भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रलाई सुनाउनुभयो भनि कैलाश पर्वतमा श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे मरुत समागमनं नाम पंचदश सर्गः ॥१५॥

१६

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि राजा मरुत्लाई जितिकन रावण अरू ठाउँमा गयो, अनेक नगरका इन्द्रसमान राजाहरूकन हाक्या, मलाई युद्ध दिन्छस् कि मेरा वश्यमा आउँछस् भनि रावणले कलिया दियो र त्यो वचन सुनि कोहि राजाहरू रावणसित युद्ध गर्न आईकन मऱ्या । कोहि राजाहरू भन्छन् तेस् रावणले वर प्रसाद पाईकन आयोको त्यसँग युद्ध गर्न हुँदैन भनि तुंवर राजा भरत राजा गाधी गये पुरुरवा राजा ति आदि महा २ राजाहरू रावणका वश्यमा आया । एस् प्रकारले समस्त राजाहरूकन जितिकन आउँदा २ अयोध्या नगरमा पुग्यो । यो नगर अन्यो नाम राजाले प्रतिपाल गरिराख्याको थियो, जस्तो गरि इन्द्रले अमरावतीकन पालना गर्दथ्या तस्तै प्रतिपाल गरिराख्या । ति इन्द्रतुल्य अनरण्य राजा-छेउँ गैकन ताहाँ रावणले भन्न लाग्या, हे राजा, मलाई युद्ध दिन्छस् कि मेरा वश्यमा आउँछस् दुई थोकमा एक थोक गर् भन्यो र ति वचन सुनि ताहाँ अनरण्य राजाले भन्न लाग्या, हे रावण, मैले तँसित द्वन्द्वयुद्ध गरुँला भनिकन ताहाँ राजाले पनि आफ्नु २ सैन्य सबै बटुलिकन राक्षसहरूसित युद्ध गर्नाका अर्थले एकलाष हात्ति, एकलाष घोडा एस् प्रकारले पृथ्वी-समेत छोपाईकन निस्क्या । अनेक रथि सैन्यसहित गरिकन अनरण्य राजाले रावणसित महाप्रलय युद्ध गऱ्या । तेस्ता २ महासैन्य सबै राक्षस-सैन्यले क्षण मात्रैमा मारिदिया, अग्निमा घृत हाल्याझैं एस् प्रकारले रावणको शुकसारणादि सबैले अनरण्य राजालाई लगारिकन लैगया । सिंहले मृग लगाऱ्याझैं लैगयो र फेरि महाक्रोधले फर्किकन महाधनुको टंकार गरिकन अनरण्य राजाले रावणमाथि वज्रतुल्य बाणले प्रहार गऱ्या, त्यो बाण लागि रावणको शरीरबाट रक्तधारा बह्यो । ताहाँपछि महावीर रावणले अत्यन्त क्रोध गरिकन वज्रसमान मुष्टिले राजालाई प्रहार गऱ्यो र राजा मूर्छित भैकन वज्र लागि वृक्ष ढल्याझैं पृथ्वीमा लोट्या । त्यो हेरिकन रावणले उपहास्य गरिकन भन्न लाग्यो, हे राजा, मसँग युद्ध गऱ्याको फल

पाईस् । हे राजा, मसँग युद्ध गर्नु सामर्थ हुन्या वीर कोहि छैनन्, मेरो पराक्रम तैले कसो जानिनस् अब फल प्राप्त भयो कि भनि रावणले भन्यो र ति वचन सुनि प्राण संशय गरि-रहन्या राजाले भन्न लाग्या, हे रावण, तैले मलाई जितिस् भनिठानिस् कि मेरा कारणले हे राक्षसादि अधर्म अहंकारले पो मलाई जितिस्, निमित्य कारणले पो तैले जितिस् भनि गर्व गर्छस्, वीरको मर्यादा तेसो होईन । हे राक्षसा, अधर्म अहंकारले पो मलाई जितिस् वीरको मर्यादा तेसो होईन । हे राक्षसा, अधर्मले मेरो प्राण जान लाग्यो तैपनि श्राप दिन्छु म सुकुमार जात भैकन तपले न्याय नीतिले धर्मले प्रतिपाल गरिराख्याको भया मैले भन्याको जस्तो होला । हे पापात्मा, मेरा वंशमा महातेजस्वी उत्पत्ति भैकन तँलाई मार्ला भनि श्राप दिया । तेस् वेलामा देव दुन्दुभि बजाईकन अनेक मंगल पुष्पवृष्टि गर्‍या । हे राघव, एस् प्रकारले अनरण्य राजाले रावणलाई श्राप दीकन अनरण्य राजाले प्राण छोडि स्वर्ग गया, ताहाँ रावणले पनि अयोध्या छाडि गयो भनि श्रीरामचन्द्रलाई अगस्त्य ऋषिले सुनाउनुभयो भनि श्रीमहादेवले पार्वती-लाई सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अनरण्य वधो नाम सर्गः ॥ १६ ॥

१७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्यले आज्ञा भयाका पूर्व कुराको वृत्तान्त सुनि श्रीरामले ऋषिलोकहरू नमस्कार गरि फेरि विन्ति गर्न लाग्या, हे द्विजोत्तम, तेस् वेलामा क्षत्रियहरू दुर्वल भया र रावणसँग युद्ध गर्न सकेनन् कि अथवा उत्तम श्रीविद्या जानेन र रावणसित युद्ध गर्न सकेनन् कि भनि एस् प्रकारले अगस्त्यलेउँ श्रीरामले आज्ञा भयो । ति वचन सुनि ताहाँ अगस्त्यले आज्ञा गर्न लाग्या, हे राघव, राक्षसेन्द्र रावणको लज्जाले फचित भयाको कुरा विन्ति गर्छु सुन्नुभयाजावस् भनि आज्ञा गर्‍या । ताहाँ ति वचन सुनि श्रीरामले आज्ञा गर्दा भया, हे मुनेश्वर, रावणको कसो गरि फचित भयो भनि आज्ञा गर्‍या र ताहाँ अगस्त्यले ति वचन सुनि आज्ञा गर्न लाग्या । हे श्रीराम, तेस् रावणले अनेक राजाहरूकन पीडा गरि पृथ्वि दिग्विजय गरि हिंड्याका वेलामा माहिष्मतीपुरीमा पुग्यो । त्यो पुरी कस्तो छ भन्या

द्वितीय स्वर्गजस्तो, एस्तो पुरीमा रावण गैकन राज्यमा श्रेष्ठ महावीर राज्येश्वर महापराक्रमी समस्त गुणले संयुक्त हैहय वंशमा जात भयाका सहस्रार्जुन राजा तेस् दिनमा जलक्रीडा गर्नाकन नर्मदा नदीमा अनेक स्त्रीजनले सहित भैकन गया। ताहाँ रावणले मन्त्रीछेउँ सुध्याया, तिमि हरूका राजा सहस्रार्जुन काहाँ गयो चाँडै म आयो भनि सुनाउ। मेरो नाम रावण हो, युद्ध गर्नाकन आव्या, एस्कारण तिमिहरूले म आयो भनि चाँडो पवर सुनाउनुपर्छ भनि रावणले भन्यो र त्यो वचन सुनि मन्त्रीहरूले भन्न लाग्या, हे रावण, हाम्रा राजा ताहाँ छैनन, नर्मदाका तीरमा जलक्रीडा गर्नाकन गयाका छन् भन्या र ताहाँ रावण हिमालय पर्वतमाथि विन्ध्य-गिरिमाथि आईकन हेर्न लाग्या। त्यो विन्ध्यगिरि कस्तो छ भन्या मेघले व्याप्त भयाका महाउच्च अनेक शिखरमा नाना सिंह व्याघ्रादि अनेक मृग वस्याका छन्, अनेक गुहा शीतल भूमि भयाको छन्। फेरि देव दानव अप्सरा किन्नरादि स्त्री पुरुषसहित गरि नाना प्रकारले क्रीडा गरि वस्याका थिया। फेरि अनेक नदी नदादि पनि थिया, ति नदीको जल अति निर्मल छ। दक्षिणवाहिनी भयाको, फेरि अनेक चक्रवाक हंस कुक्कुट सारस आदि नाना पन्छीहरू नाना सुस्वरले शब्द गरिरहन्थ्या। एस्तो अस्त्रीमय जस्तो नदी, पुष्प-हद कर्णजस्तो, चक्रवाक स्तनयुग्म जस्तो, स्त्रीको शोणित पुरी जस्तै, मेखला हंसावली, जलको फेन वस्त्र जस्तो तेस्ता उत्तम नदी देखीकन नदीमा श्रेष्ठ भयाका ति नर्मदामा जलक्रीडा गर्नाकन रावण पुष्पक विमानबाट बल्हिकन जल क्रीडा गरि, ति नदीका तीरमा पुष्पक विमान मन्त्री-सहित भैकन आनन्दले वस्यो। ऐरावत हाति गंगामा पेल्न नसकिकन वस्याको जस्तो बसिकन रावणले आपना मन्त्रीलाई भन्न लाग्यो। हे मन्त्रीहो, हेर म वस्याको देखि सूर्यका किरण पनि चन्द्रका किरण जस्तो गरिदियो। हेर, फेरि वायु पनि नाना सुगन्ध उडाई ल्याईदियो। हेर, हे मन्त्री, उहि नर्मदा श्रेष्ठ नदी पुण्य वृद्धि गर्छिन् भनि एस् प्रकारले नाना जलजन्तु आदि पेल्याको हेरिकन महाआनन्दले बसिकन फेरि मन्त्रीहरूलाई भन्न लाग्यो। हे मन्त्रीहो, तिमिहरू सबैका शरीरमा अनेक शस्त्रको व्यथा भैकन रक्त बग्याको छ, एस् जलमा तिमिले स्नान गरि अनेक पुष्प पद्म उत्पल मलाई टिपि ल्याईदेउ, एस् निर्मल जलले श्रीमहादेवलाई पूजा गर्छु भनि रावणले भन्यो र त्यो वचन सुनि ताहाँ मारीच शुकसारणादि ति नर्मदा गंगामा पेल्न गया। तिनिहरूले पेल्याका वेगले नदी क्षोभ भईन्, दिग्गज गंगामा पेल्न आउँदा महा-कल्लोल शब्द भयाजैं एस् प्रकारले स्नान गरिशक्यापछि नाना पुष्पादि टिपीकन रावणको पूजा गर्न्या ठाउँमा राख्या। ताहाँ राक्षसेन्द्र रावणले पनि श्रीमहादेवलाई अनेक विधान पूजा

गऱ्या । अनेक सुवर्णमय लिंग स्फटिकको लिंग नदीका तीरमा राखि रावणले जप गरि जल-पुष्प ताम्बूल धूप दीपादि अनेक विधानले पूजा गरि शंखध्वनि गऱ्या । पंचामृत पञ्च वस्त्रादि अष्टोत्तर शत नामादि गरिकन अनेक अलंकारले संयुक्त शिवलिंग प्रदक्षिणा गऱ्या । त्यो देखिकन देवताहरूले रावणको चित्तमा उत्तम गरिदिया । ताहाँपछि रावणले पनि विधिहीन गरि पूजा गर्न लाग्या । वालुवाका माथि शिवलिंग राखि मद्य मांसादि चढाई मत्त भैकन विधि-हीन गरि पूजा गरि अनेक गीतवाद्य आदि गरिकन श्रीमहादेवलाई प्रदक्षिणा गऱ्या भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रलाई सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतिकन सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे नर्मदातीरगमन नाम सप्तदशः सर्गः ॥१७॥

१८

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि नर्मदा तीरमा वसिकन रावणले शिवलिंग पूजा गरिरह्याका वेलामा महापराक्रमी सहस्रार्जुन माहिष्मती पुरीका राजकन्या सबै संयुक्त गरि जल क्रीडा गरिरह्या । करतो गरिरहनुभयो भन्या सहस्र २ हस्तिनीको मध्यमा हस्तिराज वस्याजै ति सहस्रार्जुन रहनुभयो । तेस् वेलामा सहस्रार्जुनले आपना सहस्र बाहुले नर्मदाको जल छेक्या । एस् प्रकारले छेकदा ति नदीका जल माथितिर बह्यो र महातलाउ जस्तो भयो । एस् प्रकारले भयो र जलजन्तु मत्स्य आदि जलका वेगले वर्षाकालमा बगाईल्याया को जस्तो ल्यायो । फेरि रावणले पूजा गरिरह्याका ठाउँमा पनि पानीले पनि पुष्प इत्यादि पनि बगाई लैगयो । तेस् वेलामा गंगा विपरीतले आयाको देखि रावणको पूजा गर्न सबैन र हातका भावैले शुक सारणादि मन्त्रीहरूलाई नर्मदाको जल आयाको हेर भनि देखायो । त्यो हातको भाव जानिकन शुकसारण ई दुईजनाले आकाशमान दुई जोजनअग्म पश्चिम दिशातिर गैकन हेर्न लाग्या । तेस् वेलामा ठूलठूल शाल वृक्ष जस्तो शरीर भयाका व्याकुल नेत्र गरि हजार हातले नर्मदा नदीको जल छेकि महा २ वृक्षले संयुक्त पर्वतजस्तो रह्याका सहस्रार्जुनलाई देख्यो । महा महायौवनी स्त्रीहरू युक्त भैकन जलक्रीडा गरिरहन्या सहस्रार्जुनकन देखि शुक सारण दुवै रावणको ठाउँमा गैकन विन्ति गर्न लाग्यो, हे महाराज रावण, पर्वतसमान पुरुष

अनेक हात संयुक्त भयाको तल्ले नर्मदा नदीको जल छेकिकन स्त्रीहरूलाई जलक्रीडा गराई रह्या, तल्का हात हजारले छेकिरह्यो तपनि तपाग्निको पूजा गरिरह्याका ठाउँसम्म जलको तरंग आयो। त्यो वचन सुनि रावणले सहस्रार्जुन भन्याको सहि हो भनिठानि युद्ध गर्नाका इछाले प्रस्थान गऱ्या। तेस्वेलामा महाशब्द गरिकन विपरीतले वायु आयो, तेस्तो उत्पात देखिकन पनि गयो। ताहाँ महोदर महापार्श्व शुकसारण मारीच धूम्राक्ष तिनिहरू सबै चाँडो सहस्रार्जुन बस्याका ठाउँमा पुगनु गया। हे श्रीराम, रावणले पनि अनेक स्त्रीजनले सहित भैकन नाना वाद्य बजाई अनेक क्रीडा विलास आदि गरिकन रहनुभयाका सहस्रार्जुन देखि ताहाँ रावणले अत्यन्त क्रोध गरि भन्न लाग्या। हे सहस्रार्जुनका मन्त्रीहो, तिमिहरू चाँडै गैकन तिमिहरूका राजा हैहय देशको अधिपतिलाई भन्न जाउ, तिमिहरूसित युद्ध गर्नाकन महावीर रावण आया भनि सुनाउन जा भन्यो र यो वचन सुनि सहस्रार्जुनका मन्त्रीहरू सबै शस्त्र अस्त्र लीकन भन्न लाग्या। हे रावण, हाम्रा राजा स्त्रीहरूसित विलास गरि मत्त भैकन राजगर्नुभयाका छन्, एस्कारण चार प्रहर रात तिमि जाहीं बस, भोलिको दिनमा तिमिसित युद्ध गर्नुहोला अथवा आजुको दिनमा अवश्य युद्ध नगरि हुँदैन भन्या हामिहरूसित गर, हामिलाई जितिशक्यापछि हाम्रा राजासित युद्ध गर भन्या र ई वचन सुनि रावणका मन्त्रीहरूले भन्न लाग्या। तिमिहरू क्या कुरा भन्न लाग्यौ। हाम्रा राजासित तिमिले युद्ध गर्न असमान, जोरि होईन, तिमिहरूसित हामिले युद्ध गरूँला आ भनि रावणका सैन्यले सहस्रार्जुनका सैन्यलाई हाकिकन महायुद्ध भयो। तेस् वेलामा राक्षसका मन्त्रीहरूले सहस्रार्जुनका सेनालाई मृत्यु गराया, तेस् वेलामा कोलाहल शब्द उत्पत्ति भैकन गदा तोमर मुशल खड्ग वज्रसमान मुष्टिले प्रहार गरिकन सहस्रार्जुनका सैन्यलाई असंख्य मारिदिया। एस् प्रकारले मारिकन रावणको मन्त्री शुकसारण प्रहस्तले मारिल्याया को देखि सहस्रार्जुनछेउँ विन्ति गर्न गया, हे महाराज, तपाग्निको सैन्य सबै रावणका सैन्यले अनेक प्रकारले मृत्यु गरायो भनि विन्ति गऱ्यो। ई वचन सुनि राजाले आज्ञा गर्न लाग्या, हे मन्त्रीहो, तिमिहरू डराउनुपर्दैन म छैन कि भनिकन हस्ति आदि राज निस्क्याऊँ निस्क्यो। महाक्रोधले रक्तनयन गरिकन बस्याका अग्नि जस्तो रक्तनयन गरि नाना सुवर्ण अलंकारले युक्त भयाको गदा लीकन सहस्रार्जुन राजा पनि राक्षसका सेनामा जाईलाग्यो। कस्तो गरि भन्या अन्धकारमा श्री सूर्य उदय भयाजस्तो महाशब्दले दगुरिकन गदा घुमाई जानुभयाका वेलामा सुमेरु पर्वतजस्तो स्थिर भैरहन्या प्रहस्तकन देखि तेस्

प्रकारले मुशल ढोकन विन्ध्याचल पर्वतले श्रीसूर्यकन छोप्याऊँ गरि प्रहस्त बस्यो । ताहाँ प्रहस्तले पनि महाक्रोधले नाद गरिकन त्यस मुशलले सहस्रार्जुनमाथि प्रहार गऱ्यो अग्नि जस्तो दीप्तायमान गरि तेस् मुशल आकाशमा आयाको देखि ताहाँ सहस्रार्जुनले पनि हाँसिकन आफ्नु गदाले प्रहार गरि त्यो मुशल विचैमा खण्ड २ गरिदिया । ताहाँपछि महावीर सहस्रार्जुनले पनि प्रहस्तमाथि गदा प्रहार गऱ्या र प्रहस्त पृथ्वीमा अचेष्टा भैकन पऱ्या । एस् प्रकारले प्रहस्त पऱ्याको देखि मारीच शुकसारण धूम्राक्ष आदि मन्त्रीहरू सबै भाग्या । एस् प्रकारले आफ्ना मन्त्रीहरू भाग्याको देखि रावण पनि चाँडै अघिबाट दगुरिकन सहस्रार्जुनसित महाघोर संग्राम गऱ्यो, राजा र राक्षस दुवै काल यमतुल्य परस्पर प्रहार गरिकन महादारुण युद्ध गऱ्या, दुवै समुद्र क्षोभ नभयाऊँ सहस्रार्जुनको र रावणको महासंग्राम भयो । त्यो संग्राम हेरिरहन्याको सुद्धा महात्राहि २ भयो । साक्षात् रुद्रको र कालयुद्ध भया जस्तो, दुवैको पनि थकाई लाग्दैन, परस्पर प्रहार गरिकन महाप्रलय युद्ध गऱ्या । ताहाँ सहस्रार्जुनको गदा रावणको हृदयमा लागि रावण अचेष्टा भैरह्यो, फेरि रावणले पनि सहस्रार्जुनका हृदयमा गदाले प्रहार गऱ्यो र सहस्रार्जुन पनि मुहूर्तमात्र अचेष्टा जस्तो भया । तेस् वेलामा बलि राजाको र देवराज इन्द्रको जस्तो युद्ध भयो, एस् प्रकारले अन्योन्यले प्रहार गरिकन महाप्रलय युद्ध भयो । तेस् वेलामा सहस्रार्जुनले अत्यन्त क्रोध गरिकन गदाले रावणको हृदयमा प्रहार गऱ्या । त्यो प्रहार लागिकन रावण अचेष्टा भैकन पृथ्वीमा पऱ्यो, त्यो रावण वर प्रसादका प्रभावले ज्यू मात्र बाँच्यो । त्यो रावण एस् प्रकारले रह्याको देखि सहस्रार्जुन चाँडै गैकन गरुडले सर्प समायाऊँ रावणलाई बाहुले समाति बाँधिकन लैजान लाग्या । पूर्वकालमा विष्णुले बलि राजाकन बन्धन गऱ्याऊँ एस प्रकारले सहस्रार्जुनले दशग्रीव रावणलाई बाँधिकन लैजान लाग्याको देखि सिद्ध चारण गन्धर्व देवताले पनि धन्य २ राजा भनि अनेक पुष्पवृष्टि गरिदिया । तेस् वेलामा व्याघ्रले मृग समायाऊँ सहस्रार्जुनले रावणलाई समातिकन मेघले गर्ज्याको जस्तो गर्जमान गरि महाहर्षमान गरि लैगया । तेस् वेलामा प्रहस्तको चैतन्य भयो र रावणलाई बाँधिकन लैगयाको देखि रावणका मन्त्रीहरूले क्रोध गरिकन गुहार दिनाकन आया, कस्तो गरि आयो भन्या पृथ्वी कम्पमान गराई राक्षस सेना आईकन तिष्ठ २ भनि मुशल गदा तोमरादि अनेक शस्त्र अस्त्र सहस्रार्जुन माथि प्रहार गऱ्या । एस् प्रकारले प्रहार गऱ्या र पनि पातिर पनि नगरिकन तिनहरूले प्रहार गरिल्यायाको शस्त्र आयाको आकाशैमा समातिकन महावीर सहस्रार्जुन राजाले तिनिहरूलाई प्रहार गऱ्या । ति बाणको वेग सहन नसकि सबै राक्षसहरू भाग्या, मेघ वायुले उडाई लैगया

जस्तो राक्षसहरू सबै त्रासमान गरि भाग्या। हे श्रीराम, कार्तवीर्य राजाले रावणलाई बन्धन गरिकन महाहर्षले आफु २ सुहृज्जनसहित भैकन माहिष्मती नगरभित्र गया, अनेक ब्राह्मणहरू ले आशीर्वाद गराईकन इन्द्रले दैत्यकन जिति अमरावतीभित्र गयाझैं माहिष्मती नगरभित्र सहस्रार्जुन गया भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे रावणग्रहणं नाम सर्गः ॥१८॥

१९

श्री महादेव उवाच—हे पार्वति, ताहाँपछि सहस्रार्जुनले रावणलाई राहुले चन्द्रग्रहण गऱ्या जस्तो ग्रहण गरिकन लैगयो। त्यो पवर पुलस्त्य ऋषिले थाहा पायो र आपना नातिका स्नेहले शरीर कम्पमान गराईकन अब क्या गरूँ कसो गरूँ भनि कराईकन चाँडो गरिकन माहिष्मती पुरीमा गया, आकाश मार्गले लैगैकन चाँडो गरि पुग्न गया। तेस्ता ब्रह्मपुत्र पुलस्त्यले हेर्न लाग्या, साक्षात् अमरावतीतुल्य एस्ता नगरभित्र गयाको वेलामा साक्षात् श्रीसूर्य जस्तो दश दिशा पनि जाज्वल्यमान गरिकन राजद्वारमा पुग्न गया। ताहाँ द्वारीले राजा छेउँ विन्ति गर्न गया, हे महाराज, पुलस्त्य ऋषि चाँडो आउनुभयो भनि विन्ति गऱ्यो। ताहाँ त्यो द्वारीका वचन सुनि राजाले हात जोरी आईकन पादार्घ आचमनीय मधुपर्क षोडशोपचारले पूजा गऱ्या, इन्द्रले बृहस्पतिलाई पूजा गऱ्याझैं पूजा गऱ्या। प्रातःकालका श्रीसूर्य जस्तो रहनुभयाका ऋषिकन देखि सहस्रार्जुन राजाले चित्त शान्त गरिरह्या। ताहाँपछि सहस्रार्जुन राजाले हर्ष गरि आज्ञा गर्न लाग्या। हे मुने, आजका दिनमा मैले यो माहिष्मती पुरी अमरावतीतुल्य भयो भनि चितायौं, कयानभन्या तपाग्निका चरणारविन्द अनेक देवताले वन्दन गरिराख्याको ति चरणमा मैले दर्शन पाया र बहुतै आनन्द भयो। हे ऋषीश्वर, मैले क्या गर्नुपऱ्यो आज्ञा गर्नुभयाजावस्। हे ब्रह्मन्, तपाग्निका चरण क्या कारणले आउनुभयो आज्ञा गर्नुहुनस्, यो राज्य, श्री, मेरो शरीर, मेरा पुत्र, धन सम्पत्ति तपाग्निको पो हो, तपाग्निले जो आज्ञा गर्नुहुन्छ सो म गरूँला भनि राजाले विन्ति गऱ्यो र ई वचन सुनि पुलस्त्यले आज्ञा गर्न लाग्या। हे राजन्, तपाग्निका सर्वाङ्ग राज्यले सहित अग्निहोत्र कुशल छन् कि स्त्री पुत्रादि

पनि कुशल छन् कि भनि कुशल वार्तादि गऱ्या। हे राजन्, तपाग्निका राजराजेश्वर अतुल पराक्रमी कसो भन्या त्रैलोक्यलाई पनि जितिरहन्या रावण तेस्ताकन जितनुभयो, तपाग्नि समान पराक्रमी कोहि छैनन्। हे राजन्, जुन् रावणका भयले सागर समुद्रादि वायु देवता पनि कम्पमान भैरहन्थ्यो त्यस्ता रावणलाई तपाग्निले बाँधि पाता गरिराख्नुभयो। हे सहस्रार्जुन, तपाग्निका नाम त्रैलोक्यमा पनि प्रकाश भयो, तपाग्निका जन्म साफल्य भयो। हे राजन्, अब मेरा वचन सुन्नुभयाजावस्, क्याहाँ भन्या मेरा नातिलाई छाडिदिनुहवस् भनि पुलस्त्य ऋषिले आज्ञा गऱ्या। ई वचन सुनि सहस्रार्जुन राजाले आज्ञा गऱ्या, हे ऋषीश्वर, छोड्छु हवस् भनि आपना सेवकहरूलाई सहस्रार्जुनले आज्ञा गऱ्या, हे लोकहो, त्यो बाँधिराख्याको रावणलाई जाहाँ ल्याउ भनि आज्ञा गऱ्या। ताहाँ लोकहरूले बाँधिराख्याका रावणलाई फोईकन ल्यायो, देवताका शत्रु रावणलाई बन्धन मुक्त गरि छाडिपठाया। ताहाँपछि पुलस्त्य ऋषि ब्रह्मलोक गया। हे श्रीराम, कार्तवीर्य राजाले तेस्ता रावणलाई अपमान गर्दथ्या, पुलस्त्यका आज्ञाले मात्र बन्धनमुक्त भया। हे राघव, तपाग्निले मछेउँ सोध्नुभयाका कुरा सबै विन्ति गऱ्यौं एस्कारण बलियो भन्दा बलियो पनि छन्। हे श्रीराम, एस्कारण गुमान गर्नु छैन। ताहाँपछि त्यस् रावणले सहस्रार्जुनसित मित्र गरि पृथ्वीका राजाहरूलाई जितनाकन भ्रमण गर्दै रह्या भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे रावण बन्धन मोक्षं नाम एकोनविंश सर्गः ॥ १९॥

१०

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि अगस्त्यले आज्ञा गर्न लाग्या। हे श्रीरामचन्द्र, सहस्रार्जुनले छाडिपठायाका रावणले समस्त पृथ्वीमा भ्रमण गऱ्यो। जाहाँ २ राजा छन् ताहाँ २ गैकन युद्ध गरि अनेकलाई जिति युद्ध गर्न नसकन्याहरूलाई आफ्नु वश्यमा राखिकन एस् प्रकारले जाँदा २ वालीले प्रतिपाल गरिराख्याका किष्किंधा नगरमा पुग्यो। कस्ता पुरी भन्या, महामनोहर स्थान एस्ता राज्यमा महावीर वाली नाम राजा सुवर्ण मालाले भूषण

गरिरहन्या तेस्ता वाली नाम राजाछेउँ युद्ध माग्न गयो र ताहाँ वानरको मन्त्री तार वानर-छेउँ भन्यो र ताहाँ तार वानरले भन्न ढाम्यो, हे रावण, तिम्रा तुल्य वाली नाम राजा ताहाँ छैन चतुः समुद्रमा स्नान गर्नाकन जानुभयाका छन्, घरि दुई २ मा फिर्नुहुनान्। हे रावण, हाम्रा राजाले युद्ध गरिकन अनेक २ वीर राजाहरू मार्नुभयाका यो हाडले र पर्वतजस्तो छन्, तस्कारण तन्लाई जित्न कसैको सामर्थ छैन। हे रावण, तिमिले अमृतपान गरिआयाको भया पनि वालिका हातमा पऱ्यापछि तिम्रा प्राण वाचनु कष्ट छ अथवा तिम्रा मर्नु इछा भयादेखि दक्षिण समुद्रमा जाउ वालि ताहिं हुनान् भन्या र त्यो वचन सुनि ताहाँ रावण पुष्पक विमानमा वसि चाहैं गरि दक्षिण समुद्रमा गयो। तेस् रावणले वालिलाई देख्यो, कस्ता वाली भन्या सुवर्ण पर्वतका जस्तो आधा दिनका श्रीसूर्य जस्तो तेज भयाका त्यस्ताका मुखदेखि रावण पुष्पक विमानबाट वर्लिकन अन्जनवर्ण रावणले वालीलाई मार्नाकन कपटले शब्द नगरि सुस्तो २ गरि गयो। तेस् वेलामा वीर वालिले पनि जप गरिरहँदा आँखा उघारिकन हेऱ्यो, तेस्वेलामा रावण कपटले आयाको देखनुभयो। तैपनि नहतपर्ताई जस्तो हाति देखिकन सिंह डराउँदैन तस्तो गरि रह्या, सर्प देखिकन गरुडका त्रास भयाजैं पाप गर्नु निश्चय गरि आयाका रावणलाई देख्नुभयो र पनि भ्रमण चित्त नगरि दृढ चिन्तना गर्नुभयो। एस् पापात्मालै पाप चिताई आयो। अब एस् पापात्मा रावणलाई काँधिले चेपि चारै समुद्रमा लैजाँला, इन्द्रादि देवता-लाई पनि मेरा पुरुषार्थ देखाउँला भनि चिन्तना गरिरह्या। कस्तो भन्या गरुडले सर्प लैगया जस्तो लैजाला भनि एस् प्रकारले मनमा चिन्तना गरि आफना वल दृढ गरि वेदको मन्त्र जप गरिकन सन्ध्या गरिरहँदा भया। तेस् वेलामा रावणले समातन जाँदा गोडाले भूमिमा टेक्याका शब्द भयो र ताहाँ वाली नाम राजाले पछिल्तिर हेरि चाँडै रावणलाई समातिकन काँधिले चेपिकन वाली आकाशमार्गि गया। तेस्वेलामा रावणले वालीको काँधिमा नखले दाँतले च्यातन ढाम्यो। ताहाँ वालिले पनि साह्रो गरि चेपिकन लैगया, एस्कारणले वालीले रावणलाई लैगयाको देखि शुक्सारणादि मन्त्रीहरू सबैले शस्त्र अस्त्र लीकन वालीलाई लगाएँ गयार पनि फेला पार्न सकेनन् र राक्षसहरू थाकिकन अल्मलिरह्या। समस्त सागर नाघिकन वालि गया। ताहाँ पचरहरू सबैले पूजा गराई दक्षिण समुद्रमा गैकन सन्ध्या गरिसकिकन पश्चिम समुद्रमा गया। पश्चिम समुद्रबाट उत्तर समुद्रमा गया, ताहाँ पनि सन्ध्या गरिसकिकन फेरि पूर्व समुद्र गैकन सन्ध्या गऱ्या। ताहाँ ति वीर वालिको सन्ध्या गर्न सकिकन किष्किन्धामा फेरि जानुभैकन ति वानरका राजा वालीले रावणलाई काँधीमा च्यापि चतुर समुद्रमा

सन्ध्या गरिसकिकन आयार पनि थकाई लागेन । तेस् वेलामा किस्किन्ध्या पुग्यापछि ताहाँ रावणलाई छाडिकन भन्न लाग्या, तँ काहाँबाट आईस् तँ को होस् भन्या र रावणले अति विस्मय गरि चित्तमा त्रासमान गरि भन्न लाग्यो, हे वानरेंद्र, म राक्षस हौं, युद्ध गर्न वान्छा गरिकन तपाञ्छेउँ म आयाध्यौं, अब तपाञ्छिले एतिसम्म गर्नुभयो । अहो ! गम्भीर तपाञ्छिले मलाई पतंग लियाजैं लीकन चारैं समुद्र घुमिकन आउनुभयो, त्यस्ता तपाञ्छिका सामर्थ, एस् प्रकारले तपाञ्छि आउनुभयो र पनि तपाञ्छिका परिश्रम भयेन । हे वीर, मजस्ता वीरलाई कांधि चेपिकन गरुडले सर्प लैगयाजैं लैगैकन वाहाँसम्म ल्याउनुभयो, एस्कारण तपाञ्छिसित मित्र गर्नु वान्छा भयो । अग्नि साक्षि राखिकन मित्र गरूँला । हे हरीश्वर, स्त्री पुत्र नगर भोजनादि परस्पर निर्विशेष गर्नुहुन्छ भन्या र त्यस वचन सुनि वालीले भन्न लाग्यो, हे रावण, तिमिले जसो भन्यौ तसै गरूँला भनि गिरीन्द्रमा सिंह गयाजैं गैकन अनेक प्रकारले परस्पर आदर गरि श्रीराम सुग्रीव वस्याका जस्तो वस्या । हे राघव, एस् प्रकारले आफुले कावू गरिराख्याका रावणसित मित्र गरि एक महिनासम्म वालीले रावणलाई आपना देशमा राख्या । हे राम, तेस्ता वालीकन तपाञ्छिका वाणले बन्धन गरिकन मृत्यु गरायो भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रकन सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे रावण वालि मित्रवर्णनं नाम सर्गः ॥२०॥

२१

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि वालिका राज्य किस्किन्ध्यामा महिना दिनसम्म वसिकन फिरिगयो, पृथ्वीमा अघिका जस्तो उचाटना भन्यो । तेस् वेलामा यौटा पुण्यक्षेत्रमा पुग्या र ताहाँ नारद आउनुभयो । महादेवऋषि तन्ले आज्ञा गर्न लाग्या, हे रावण, हे वीर, तेरो पराक्रमदेखि म संतुष्ट भयौं, अलीवार वर्ष तिमिले मलाई अति हर्ष गरायौ, श्रीनाराणले दैत्य मारिकन सन्तोष भयाजैं, हे राक्षसपुंगव, मैले क्रुरा गर्छु सुन, मैले भन्याका जस्तो कार्य्य गर्नुपर्छ । हे वीर, एस् लोक तैले क्यान बंधन गऱ्यौ, तँ जस्ता पराक्रमी देवताहरूले पनि जितन सामर्थ नभयाका यस्ता तिमिले क्यान लोकलाई मान्यौ ! एस् पृथ्वीमा अधिदेखि मृत्यु हुनु

पर्छ, तिमिले क्यान मान्यौ ! हे रावण, मनुष्य जाति भन्याका स्त्रीपुत्र बांधवादि पुत्रछेउँ माया गरिरहन्या लोकले पीडा गराई मृत्युद्वार नदेषन्या तेस्ता निर्गतिहरूलाई क्यान दुःख दियौ, बाँधिराष्याकाहरूलाई क्यान तिमिले मार्न गयौ ! अब मृत्युमण्डलमा परस्पर रक्षाका सबै तिमिले जित्याको जस्तै भैगयो । हे रावण, मनुष्यका वृत्ति हेर कत्ति नाना वाद्य नृत्य गीतादि गरि हर्ष गरिरहन्छन् , कत्ति हा माता २, हा पुत्र २ भनि नाना प्रकारले रोईकन शोक गरि रहन्छन् एस्कारण ति लोकहरू सबै यमका वश्यमा जांछन् , ति लोकहरू सबै अज्ञानी पो हुन् परमार्थ जादैनन् । हे रावण, एस्कारण तिमिले सक्या यमराजाकन जितुन्या काम गर, यमराजाकन जित्न सक्यापछि सबैलाई जित्याको जस्तो भयो भनि आज्ञा गऱ्या । ई नारदका वचन सुनि तेस् वेलामा आफना तेजले जाज्वल्यमान गरि रावणले महाहर्षमान गरि विन्ति गर्न लाग्या, हे महर्षि, मैले कार्य गर्न लाग्याका निमित्तको कुरा विन्ति गर्छु सुन्नुहुनस् । मैले निश्चय गरि पृथ्वी जितुनाकन उद्यम गऱ्याँ, पृथ्वी जितिसक्यापछि पाताल जितुँला, पाताल जितिसक्यापछि स्वर्ग जितुँला । तेस् वेलामा त्रैलोक्यलाई पनि आफ्नु वश्यमा राखुँला भनि मैले चिंतना गऱ्याको छ, एस्कारण मैले पृथ्वीमा भ्रमण गऱ्याको हो । हे नारद यो सबै सक्यापछि क्षीरसमुद्र मथन गरि अमृत लीकन अमृतपान गरिकन अमर हुँला भनि चिताऱ्यौं, एस्कारण यो कर्म मैले गऱ्याँ भन्या र त्यो वचन सुनि नारदले आज्ञा गर्नुभयो, हे रावण, त्यो तिमिले गऱ्याको कुरा सुनिसक्यौं, क्यान तिमि कुमार्गले जान्या लाग्यौ, त्यस् यमकन जिति सुगम मार्गले जा । हे रावण, दुर्गम यमपंथ त्यसै वाटोले जा, देवताका मुख्य यमकन जितुन सक्यापछि सबैकन जित्याको जस्तो भयो भन्या र ताहाँ रावण महाहर्षले अट्टाट्टले हाँसि भन्न लाग्यो, हे मुनीश्वर, तपाग्निका मृत्युलोकका उपर बहुतै दया छन्, तपाग्निले आज्ञा गर्नुभयाको यमलाई जित्नाकन उद्यम गर्न लाग्छु । समस्त लोकलाई जितुन्या यमराजाकन जितुँला सूर्य पुत्र जाहाँ बस्याका छन् ताहिं म जाला । दक्षिण दिग्पाल अवश्य मैले जितुँला प्रतिज्ञा गरिशक्यौं भनि अब यमराजालाई जितुनाकन प्रस्थान गर्छु भनि सबैलाई दुःख संताप गरिरहन्या यमकन अब मैले दुःख दिन्छु भनि नारदलाई नमस्कार गरिकन रावण दक्षिण-दिशामा यमराजलाई जित्नाकन गयो । एस् प्रकारले गयाको देखि नारदले मुहूर्त्त मात्र ध्यान गरि हेर्न लाग्या । एस्ता कालछेउँ कसो गरि रावण जाला, जौना कालका भयले त्रैलोक्यमा बस्याका सबै त्रासमान गरि रहन्थ्या, तेस् काल देवताछेउँ रावण कसो गरि जान लाग्यो । त्यस्ता यमकन कसोगरि जित्न सक्ला ! विधाताले सुकृत दुःकृत गराई पाप पुण्यको

फल गराईरहन्या त्यस्ता यमकन कसो जित्न सक्ला । अब मेरा वचनले यमराजालाई जित्नाकन जान्या रावण यमपुरी पुग्यापछि मित्रता गर्न लाई वेर् छैन, अब रावण नपुग्दैमा म चाँडै यमराजाछेउँ जाईकन जौना प्रकारले ऊगरा होला सो गरिकन संग्राम हेरूँला भनि नारद मुनि चाँडै यमपुरी गया । एस् वृत्तान्त सबै यमराजलाई सुनाउछुँ भनि चिन्तना गरि गैकन अग्नि अग्रमा रापिरहन्या, यमराजकन देख्या । समस्त प्राणीका पाप पुण्यका विचार गरिरहन्या यमराजका अग्रमा गया । आफ्ना अग्रमा आयाको नारद ऋषिकन देखि यमराजले षोडशोपचारले पूजा गरिकन विन्ति गऱ्यार हे ऋषि, तपाञि क्या कारणले आउनुभयो, मैले क्या गर्नुपऱ्यो भनि यमराजले विन्ति गऱ्या र ति वचन सुनि नारदले आज्ञा गर्नाकन लाग्या, हे धर्मराज, मैले भन्न लाग्याको कुरा तिमिले सुन । हे पितृराज, दशग्रीव राक्षसहरूको राजा छ त्यस्ले तिमिसित युद्ध गर्नाकन आयो । तिमिलाई त्यस्को वश्यमा राखन आयो । हे महाराज, म आयाको कारण एति हो, एति कुरा तिमिलाई सुनाउनकन आयौं । अब त्यो आईकन क्या गर्न सक्ला, तिम्रा प्रहारले जगत्सप्तसारैलाई मृत्यु गर्न तिम्रो सामर्थ छ भनि एस् प्रकारले कुरा गरिरह्याका वेलामा आकाशमा सूर्य्य उदय भयाजैं दिव्य विमान आयो । एस्ता विमानमा वसि आईकन तिमिलाई क्या गर्न सक्ला—न लाग्यो, कोहि आफ्ना कर्मका फलले सुख भोग गरि रह्या, कति दुःख पाईकन रह्या, एस् प्रकारले रह्याका लोकहरूकन देख्या । फेरि नाना सेना भयानक मूर्त्ति हेर्न लाग्या । अनेक प्राणीहरूलाई सासना गरिरहन्या, पुण्यात्माहरूलाई पूजा गरिराख्याका कोहि धार जलमा डुबाई दुःख दीराख्याका, कोहि छुरि धारमा राखि नाना प्रकारले प्राणिहरूलाई दुःख दीरहन्या एस्ता यमराजका दूतहरूले प्राणीहरूलाई दुःख दीरह्याको देख्यो । कस्तो गरि भन्या, वैतरणी नदी पार गरि ल्याईकन तातो वालुवामा घिस्याईकन राख्या । कसैलाई अनेक किमिलालाई घुवाईराख्याका, कोहि अनेक जन्तुलाई पान दियो र महाशब्दले कराईरह्यो । एस् प्रकारले नारकीहरू कराया का शब्द सुन्नु पनि सन्ताप, फेरि असिपत्रले शरीरमा षण्ड २ गरिकन, शरीररक्षा नदिराख्याका एस् प्रकारले नाना नरकमा रहन्या प्राणीहरू क्षुधा तृषाले पीडा गराईकन रह्या, तेस्तालाई पनि रावणले देख्यो । कोहि पुण्यका फलले निको गृहमा वसि आनन्दले वाद्य गीत नृत्यादि नाना प्रकारले सुख भोग गरि रह्या । अनेक सभागृहमा वस्याका लोकहरू सबैलाई देख्यो, मनोहर दिव्य विस्तार नाना प्रकार भयाका यमराजको देश देख्यो । पुष्पक विमानका तेजले यमपुरी सुद्धा कम्पमान गराई गैकन हेर्नलाग्या । प्रजाहरू सबै आफु २ ले गऱ्याका फलले पापमुक्त गऱ्याको देखि रावणले

भन्न लाग्या। ति नारकीहरूलाई छोड भनि यमदूतहरूलाई हुक्काई नारकीहरूलाई मोक्ष गरायो। त्यस् वेलामा रावणले मुहूर्त्त मात्र शुभकर्म गऱ्यो। ताहाँपछि यमराजा जित्नाकन इछा गरि चिन्तना गरि रावणले बलात्कार गरि नारकीहरू मोक्ष गरि पठायाको देखि यमदूत-हरू सबैले क्रोध गरि रावणसित युद्ध गऱ्या। महानाद गऱ्याका शब्दले दश दिशा व्याप्तमान गरिकन यमराजका जोधाहरू सबै आईकन महायुद्ध गऱ्या। अनेक नाना शस्त्र कुन्त परिघ मुद्गर गदा मुशलादि रावणमाथि प्रहार गऱ्या। हे राम, महात्मा यमराजको वीर २ सेनाले पुष्पक विमानमा बस्याका रावणकाई घेऱ्या र विमान अति शोभा भयो। सुमेरु पर्वत मेघ-समूहले घेरिकन शोभा भया जस्तो शोभायमान भयो। तेस् पुष्पक विमानविषय अनेक ठाँउमा विगारिदिया, भन्न गरिदिया। ब्रह्माले विमान गरिरापनुभयाका मात्र भन्न भयेनन्! त्यो हेरिकन राक्षस-सेनाले पनि युद्धको उद्यम गऱ्या। यमदूतहरूले शुकसारणादिको देहमा रक्तले व्याप्तमान गराई युद्ध गऱ्या, अन्योन्यले प्रहार गऱ्या। हे श्रीराम, परस्पर प्रहार गरिकन महायुद्ध भयो। यमराजका सेनाले रावणका मन्त्री छाडि रावणमाथि अनेक शस्त्रले प्रहार गऱ्या। कस्तो गरि भन्या, पर्वतमा जलवृष्टि भयाजैं एस् प्रकारले प्रहार गऱ्या र रावणको शरीरबाट रक्तधारा बहिकन अशोक वृक्षजस्तो रह्यो। एस् प्रकारले यमका सैन्यले रावणको शरीरमा शस्त्र प्रहार गरिकन पीडा गऱ्या। ताहाँपछि रावणले पनि यमजोधामाथि अनेक शस्त्र अस्त्रले प्रहार गऱ्यो, फेरि यमजोधाहरूले पनि शस्त्र अस्त्रले प्रहार गऱ्या। ताहाँ रावणले पनि अनेक मण्डलाकार गरि युद्ध गऱ्या, पर्वतमा मेघले घुम्याजैं घुमिकन भिन्दिपाल शूल नाना शस्त्र अस्त्रले प्रहार गऱ्यो। फेरि रावणले पनि अत्यन्त क्रोध गरि पुष्पक विमानबाट वर्लिहकन धनुर्गुणयुक्त गैकन महापराक्रमी रावणले चित्त स्थिर गरिकन प्रलयकालमा यम क्रोध भयाजैं क्रोध गरिकन पाशुपतास्त्र लीकन कानसम्म पैंचिकन प्रहार गऱ्यो। त्रिपुरासुर-माथि इन्द्र क्रोध भयाजस्तो गरिकन बाण प्रहार गऱ्याजैं प्रहार गऱ्यो। त्यो बाण कस्तो गरि गयो भन्या, धूम्र ज्वालायुक्त अग्निजस्तो गैकन शुष्क वनमा अग्निले दग्ध गऱ्याजैं यमजोधा अनेक दग्ध गऱ्यो। इन्द्रध्वज समान यमसेना सबै भऱ्या, त्यो हेरिकन रावणले मन्त्रीसहित गरिकन महाशब्दले नाद गऱ्या। पृथ्वीसुद्धा कम्पमान गराईकन प्रहस्त प्रमुखले हर्षमान गरि नाद गऱ्या। त्यो दान शब्द सुनि यमराजाले अत्यन्त क्रोध गरि आज्ञा गर्न लाग्या। मेरो सेनाले हऱ्यो, शत्रुका जय भयो भनि चिताई भन्न लाग्यो। ताहाँ यमले अत्यन्त क्रोधले रक्तनयन गरि आफ्ना सारथिलाई भन्न लाग्यो, हे सारथि, मेरा रथ चांडो ल्याउ भन्या र

सारथीले दिव्य रथ चाँडो गरिकन ल्याईदियो । ति रथमा पाश मुद्गर लीकन बस्या, कस्ता भन्या समस्तकन संहार गर्न सामर्थ भयाको त्यस्ता मृत्युदेवता कालदण्ड लीकन काल गयाजैं गया । महातेजले संयुक्त भैकन गया र हे श्रीराम, मन्त्रीलोक पनि कम्पमान भयो, काल क्रोध भयाको देखि सबै कम्पमान भयो । क्षय गर्नु समर्थ महाभयानक गरिरह्याका रावणका मन्त्रीहरूले देखिकन सबै भाग्या, आफना २ पराक्रमको भरोसा नदेखि सबै भाग्या । एस् प्रकारले भागि आयाको देखि ताहाँ रावणले भन्न लाग्यो, हे मन्त्रीहो, तिमिहरू क्या कारण भागी आयौ भन्दा हामिले त्यस् यमसित जुझ्न सक्तौन भनि भाग्या । ताहाँ यमराजाको रथ रावणको अग्रमा ल्याईकन नाना शस्त्र अस्त्रले रावणमाथि प्रहार गऱ्या । रावणले पनि चित्त स्थिर गरिकन यममाथि अनेक शरवृष्टि गऱ्यो, यममाथि रावणले मेघले जलवृष्टि गऱ्याजैं गदा शतघ्नी बाण परस्पर उरस्थलमा प्रहार गऱ्या । रावणमाथि यमले अनेक शर वृष्टि गऱ्यो, यममाथि रावणले प्रहार गऱ्यार दुवैको पीडा भयो । ताहाँपछि रावणले यमको तुल्य प्रहार गर्न नशकिकन सातदिनसम्म रावणको वाङ्क चित्त भैकन रह्यो । ताहाँपछि तुमुल युद्ध भयो । हे श्रीराम, परस्पर जय कामुना गरि महातुमुल युद्ध गऱ्या, देव गन्धर्व यक्ष सिद्धि चारणादि ऋषिलोक ब्रह्मा प्रभृति तेस् संग्राममा आया । राक्षसको राजाको र यमराजाको महाप्रलय युद्ध भयो । ताहाँ रावणले कानसम्म धनु पैंचिकन वज्रतुल्य बाण प्रहार गऱ्यो । यमका सारथिमाथि ७ यमछेउँ एकलाष १००००० गोटा बाण चाँडो २ गरि मर्मस्थानमा ताकि प्रहार गऱ्यो । एस् प्रकारले प्रहार गऱ्याको देखि यमराजा अत्यन्त क्रोध भयो र यमराजाको मुखबाट मृत्यु देवता निस्क्यो, कस्तो गरि निस्क्या भन्या महादीप्ताग्निको माला गरि धूम्रले सहित गरि एस्ता आश्चर्य मुखबाट निस्किकन ति मृत्युदेवता क्रोध भैकन यमराज छेउँ भन्न लाग्यो, हे यमराज, पापात्मा राक्षसछेउँ मलाई पठाउनुहुन्छ्, म गैकन एस् पापात्मालाई मृत्यु गरूँला । हिरण्यकशिपु, सुचि, संवर, संडाद, धूमकेतु, बली, शंभुदैत्य, वृत्त, बाणराज ऋषि शास्त्रविद् सबै गंधर्व, उरग, पितर, यक्ष, अप्सरा युगांतमा पृथ्वी समुद्र ति आदि सबैले क्षय गऱ्या, वृक्षादि पर्वत सबैले क्षय गऱ्या, त्यो आदि अनेक मैले क्षय गऱ्याँ, महा २ अनेकलाई मैले मृत्यु गराएँ, अब तेस् राक्षसलाई मृत्यु गराउनाकन मलाई क्या कष्ट छ मलाई आज्ञा दिनुहुन्छ्स् । हे धर्मराज, मलाई छोडनुहुन्छ्स्, रावण नमऱ्यासम्म म फिरि आउँदिन, मलाई पठाईदिनुहुन्छ्स् । म गयापछि मुहूर्त मात्र पनि बाँचनु कष्ट छ भनि आज्ञा गऱ्या र त्यो मृत्युदेवताको बचन सुनि यमराजले मृत्युदेवतालाई हर्षमान गराई आज्ञा गर्न लाग्या ।

हे मृत्युदेवता, अब मैले त्यस् पापात्मा रावणलाई मैले मारूँला भनि आज्ञा गरि.न महाक्रोधले कालदंड कालपाश अग्निसमान मुद्गर देषदै मात्र पनि प्राण बाँचनु कष्ट त्यरता २ शस्त्र लीकन रह्या। एस् प्रकारले शस्त्र लियाको देषि राक्षसहरू सबै भाग्या, सप्त सागर पनि क्षोभन भयो, यक्ष, गंधर्वादि पनि कंपमान गराई यमदंड प्रहार गर्न लाग्दा तेस् वेलामा ब्रह्मा पाखलाग्नु-भैकन यमराजलाई आज्ञा गऱ्या, हे वैवश्वत, तिमि हामि वीर छौं, तिमिले त्यो शस्त्र प्रहार नगर। हे यमराज, मैले त्यस् रावणलाई वरप्रसाद दियाको छ, एस्कारण मेरा वचन व्यर्थ गर्नु छैन। ति शस्त्र प्रहार गर्नुभयापछि कोहि भया पनि बाँचनु कष्ट छ। हे यमराज कयान भन्या त्यो कालदंडले प्रहार गऱ्यापछि रावण मृत्यु होला, रावण मृत्यु भयापछि मेरा वचन झुट्टा हुनन् अथवा रावण मृत्यु नभया त्यो कालदण्ड झुट्टा हुनन्। एस्कारण। हे यमराज, तेस् लंकेश्वर-माथि प्रहार नगर, मेरा वचन मान। सबै छोकले त्यो कालदंड प्रहार गर्न लाग्याको हेर्नाकन लाग्या भनि ब्रह्माले आज्ञा भया र एस् वचन सुनि यमराजले विंति गर्नाकन लाग्या, हे ब्रह्मा, तपाञ्चिका आज्ञाले मैले दंड प्रहार गर्दिन, तपाञ्चिछेउँ वरप्रसाद पाउन्यासित मैले युद्ध गर्नाका क्या प्रयोजन छ। हे पितामह, युद्ध गर्न व्यर्थ भयो, म रावणको अग्रमा लुप्त हुँला भनि अश्वरथ-समेत् गरि यमराज अंतर्धान भयो। त्यो हेरिकन रावणले यमलाई जितिसक्यौं भनिठानि महाहर्षमान गरि पुष्पक विमानमा बसिरह्यो। ताहाँ यमराजा यमपुरीबाट निस्किकन ब्रह्मा प्रभृति देवताहरूसहित गरि यमपुरी छाडि यमराजा स्वर्ग गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे यम विसर्जनं नाम सर्गः ॥२१॥

२२

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि दशग्रीव राजाले देवतामा श्रेष्ठ यमराजकन जिति फर्कि गयो, भागि गयाका मारीच प्रमुख राक्षसहरू सबैले रावण फर्किआयाको देषि तिनिहरू महाहर्षले आया। ताहाँपछि रसातल जान्छु भनि समुद्रका बाटो लैगया। दैत्यगण, नागगण वरुणले प्रतिपालना गरिराष्याका रसातल जितिकन ताहिंबाट भोगवती नगरमा गयो। ताहाँ निवातकवच दैत्यलाई रावणले भन्न लाग्यो, हे दैत्यहो, मलाई संग्राम दिन्छस् कि

मेरा वश्यमा आउँछस् भन्यो र निवातकवच दैत्य आदि सबैले शस्त्र अस्त्र लीकन नगरबाट सबैले निस्किकन रावणसित महायुद्ध गऱ्यो। एक वर्ष छ महीना वर्षपर्यन्त महायुद्ध भयो। रावणले पनि दैत्यहरू जित्न सकेनन्, दैत्यहरूले पनि रावणलाई जित्न सकेनन्। एस् प्रकारले समस्त युद्ध भैरह्याका बेलामा ब्रह्मा विमानमा बसि आउनुभैकन निवातकवच दैत्यहरूलाई युद्ध नगर भनि आज्ञा गऱ्या, रावणादि राक्षसहरूलाई पनि नगर भनि आज्ञा गऱ्या। ताहाँ-पछि फेरि ब्रह्माले आज्ञा गर्दा भया, हे निवातकवच दैत्यादिहो, तिमिहरू युद्ध नगर, तिमि-हरू दुवै पक्षलाई देवादिले पनि जित्नु छैन, तिमिहरू दुवै पक्षका हारजित हुन्याछैनन्। अब तिमिहरू मित्रता गर, केहि कार्य्य भया पनि मित्रता गर भनि आज्ञा गऱ्या। ई वचन सुनि दुवैले पनि अग्नि साछि गरि मित्र गऱ्या। ताहाँ निवातकवच दैत्यले रावणलाई अनेक प्रकारले आदर गऱ्या। ताहाँ रावणले पनि एकवर्षसंम लंकामा बस्याका जस्तै विशेष नगरि पूजा गराई बस्या। ताहाँ पातालपुरी निर्णय गर्नानिमित्तले उनाशय प्रकारले माया लीकन भ्रमन गरि हिंड्यो। ताहाँ सप्त पातालमा अन्य नगर भन्याको दैत्यको पुरिमा गैकन युद्ध गर्नाकन हाँक्या र मुहूर्त मात्रैले अनेक दैत्यलाई जितिकन कैलाश पर्वतसमान नाना रत्नादि चित्र विचित्र गरि राख्याका त्यस्ता वरुणको नगर रावणले हेऱ्या। ति वरुणको गृहमा सुरभी नाम गाईले दूध चुहाईरह्या, तत्का दूधले क्षीर समुद्र भयो, ति समुद्रले चंद्रमा उत्पत्ति भयो। ति सागर आधार गरिकन तत्का फेन पाईकन ऋषिहरूले प्राण धारण गरिरह्या। ति सागर मथन गरिकन अमृत पान गरि देवताहरूले अमरत्व पायो। ति गोमाता सुरभी भन्याका तनलाई हेऱ्या, ति सुरभी-लाई रावणले प्रदक्षिणा गरिकन ताहाँ अनेक जलजंतुसंयुक्त अनेक जलधारा बह्याका राजगृह त्यस्ता ठाउँमा स्वछन्दले रह्याका जलजन्तु हेऱ्या। ताहाँ जाँदा २ द्वारमा पुग्यो र रावणलाई द्वारिहरूले छेक्या र ताहाँ रावणले क्रोध गरिकन द्वारमा बस्याका द्वारपतिलाई मार्न्या। ताहाँपछि परशेष द्वारीलाई भन्न लाग्या, हे द्वारी, तेरो राजालेउँ भन्न जा रावण युद्ध गर्नाकन आयो भनि भन्न जा, मसँग युद्ध गर्न सक्तैन भन्या तेहि उत्तरा लीकन आ भन्यो र तेस् वचन सुनि द्वारीले भन्न लाग्या। ताहाँ वरुणका पुत्र पौत्रहरूले अत्यन्त क्रोध गरि शस्त्र अस्त्रादि लीकन बाहिर निस्क्या, महा २ पराक्रमी बलियो २ वरुणका पुत्र पौत्रहरू सबै आपना २ सेनाले सहित गरिकन रावणसित महायुद्ध गऱ्या। दशग्रीवका मन्त्री अत्यन्त पराक्रमी शुकसारणादि प्रभृतिले क्षण मात्रैले वरुणका सेना अनेकलाई मार्न्याको देखि वरुण पुत्र सबैले तिनिहरूसित युद्ध गर्नु हुँदैन भनिठानि आकाशमार्थि हेर्दा आकाशविषय पुष्पक

विमानमा बसिरहन्या रावणलाई हेरिकन वरुणका पुत्रहरू सबै आकासैमा गैकन महातुमुल युद्ध गऱ्या, कस्तो गरि भन्या परापूर्वमा वृत्रासुरको र इन्द्रको युद्ध भया जस्तो। एस् प्रकारले युद्ध भयामा वरुणका पुत्रहरू सबैले रावणको मर्मस्थानमा ताकि बाण प्रहार गरिदिया। त्यो हेरिकन महोदरले क्रोध गरिकन मृत्युभय पनि छाडि युद्ध गर्नाका इछाले अघिबाट दगुरिकन वरुणका पुत्रको मनवेगी घोडामाथि गदाले प्रहार गऱ्यो, फेरि रथ पनि घोडा योधाहरूकन अनेकलाई मारिदियो। एस् प्रकारले वरुणका पुत्रहरूका सेना मारिकन महोदरले नाद गऱ्यो। ताहाँपछि एस् प्रकारले मारिदियाको देखि वरुणपुत्र विरथी भैकन आकाशमा रह्या, महावीर २ आफ्ना तेजका प्रभावले व्यथालाई नगनि रह्या, धनुष टंकार गरिकन महोदरलाई निदान गरि रह्या, रावणसित युद्ध गर्नाकन अघिबाट दगुरिकन रावणमाथि शरवृष्टि गरिदिया। ताहाँ रावणले पनि क्रोध गरिकन वरुणपुत्रमाथि शरवृष्टि गरिदिया, अनेक शक्ति परिघ पट्ट शतघ्नी नाना शस्त्र अस्त्र प्रहार गरिकन वरुणपुत्रकन रावणले हर्षचित्त गरि मेघले गर्ज्याको जस्तो शब्द गरि महानाद गऱ्यो, फेरि बारंबार अनेक शस्त्र मेघले जलवृष्टि गऱ्याझैं प्रहार गऱ्या र वरुणपुत्रहरू पृथ्वीमा असंख्य पऱ्या। त्यो हेरिकन रावणले राक्षसहरूलाई भन्न लाग्यो, हे राक्षसा, ति वरुणका बालकहरू सबै राजगृहभित्र हालिकन मेरा भाकाले भन भन्या र राक्षसहरू गैकन वरुणका मन्त्रीछेउँ भन्न लाग्या, हे मन्त्रीहो, हाम्रा राजा लंकेश्वर युद्ध गर्नाकन आउनुभयो भन्या र एस् वचन सुनि प्रभास मन्त्रीले भन्न लाग्यो। हे राक्षसा, वरुण आहाँ-छैनन्, ब्रह्माका आज्ञाले गांधर्व गीतादि सुन्नाकन ब्रह्मलोकमा जानुभयो। एस्कारण वरुण नभैकन तिमिले कसो युद्ध गर्नु। तिम्रा वांछा पूर्ण गरि वरुणपुत्रहरूले युद्ध गर्न आया र तिमि-हरूले जितिल्यायौ भन्या र एस् वचन सुनि रावणले पातालपुरी जितिसक्यौं भनि मनमा ठानि वरुणपुरीबाट महोदरसहित गरि बाहिर निस्क्या। ताहाँपछि पाषा नगरमा गया। परापूर्वमा आफ्ना बलले लीराख्याको त्यस् नगरमा पनि कोहि वस्याको थियेन र ताहाँ अराम् नगरमा गया। त्यो नगर कस्तो छभन्या महाजाज्वल्यमान भयाको, विडारका तोरण, सुवर्णका थाम भयाका गृह, सुवर्णफल, फटिक, कालिस्तु इत्यादि क्षुद्र घन्टिकाले संयुक्त भयाका आसले युक्त महोदरले, अमरावती स्नान नगर त्यस्ता नगर देखिकन रावणले महोदरलाई भन्न लाग्या, हे महोदर, यो उत्तम नगर कस्को हो? मेरो मण्डल समान छन्। हे महोदर, तेस् गृहमा तँ गैकन ताहाँ कोहि छ कि छैन विचार गरि आउनुपर्छ भनि रावणले आज्ञा गऱ्या। एस् वचन सुनि प्रहस्त त्यस् गृहमा जाँदा द्वारमा कोहि देखेनन् र फेरि ताहिंबाट दुई द्वार नाघि

भित्र जाँदा द्वारीलाई देख्यो । द्वारीले पनि प्रहस्तलाई देखिकन अट्टाहले हाँसिकन हास्य गऱ्या, त्यो देखिकन प्रहस्त त्रासमान गरिरह्यो । त्यो द्वारी कस्ता छन् भन्या ज्वालाका मध्यमा सुवर्ण मालाले भूषण गरि साक्षात् यमराजा जस्तो रह्याको देखि प्रहस्त वेगले आईकन तेस् वृत्तान्त सबै रावणका अग्रमा विन्ति गऱ्यो । हे श्रीराम, त्यो कुरा सुनि रावण पुष्पक विमानबाट वर्ल्हिकन तेस् भयानक पुरुषलाई देख्यो । रक्तनयन श्वेतदन्त कंबुग्रीव लोह मुशल लीकन द्वारमा वस्याका तेस्ता द्वारीकन देखि रावणको चित्त कम्पमान भयो । हे श्रीराम, विपरीतले वस्याका द्वारिलाई देखि रावणले चिन्तना गऱ्यो । एस् प्रकारले चिन्तना गरिरहँदा द्वारीले भन्न लाग्या, तिम्रा चित्तमा क्या चिन्तना गऱ्या । हे राक्षस, चाँडै भन, अथवा युद्ध बाँछा गरि आयौभन्या मसित युद्ध गर भन्या र ताहाँ रावणको मनमा त्रासमान भयो र फेरि चित्त दृढ गरिकन भन्न लाग्यो । हे द्वारी, एस् घरको मालिक को हो, त्योसित युद्ध गरूँला, तिमिसित क्यान युद्ध गरूँ, तिमि ता द्वारी पो हौ भन्या र द्वारीले भन्न लाग्या, हे राक्षस, एस् घरको मालिक को हो भन्या दैत्य दानवको राजा, महादाता, शूर, सत्यपराक्रम हुनुभयाका, वीर, बहुगुणले संयुक्त वीर, पाशहस्त यमराजसमान बालार्कसम तेजस्वी, संग्राममा फिर्नु नाजन्या, अमर्षि, दुर्जय, शत्रुलाई जितिकन रहनुभयाका, गुणसागर, प्रियवदन, आपना गुरु प्रिय गरिरहन्या बालार्काक्षी, महासत्व, सत्यवादी, सौम्यदर्शन, दक्ष, सर्वगुणले संयुक्त, वेदाभ्यासी, तन्‌ले गर्जमान गर्दा आकाशविषये मेघ गर्ज्याजस्तो शब्द, सूर्य्याग्निस्वरूप एस्ता गुणले संयुक्त अनेक देव भूत पन्नग गरुडादि भयले पनि नडराउनु-भयाका एस्तासित तैले युद्ध गर्नु इच्छा गऱ्यौ । हे राक्षस, यस्ता बलिराजासित युद्ध गर्नु ईक्षा भया तिमि त्याहाँभित्र आउ भन्या र यस वचन सुनि रावण बलिराजा वस्याका ठाउँमा गया । ताहाँ बलि राजाले रावणलाई देखि हाँसनुभयो । सुपासन गरिरहन्या बलि राजाले आज्ञा गर्न लाग्या, हे रावण, आपना समीपमा वस्याका रावणलाई डाकि हाँसनुभईकन काँधमा राख्या । ताहाँपछि बलिराजाले आज्ञा गर्न लाग्या । हे रावण, तिमि क्या कारणले त्याहाँ आयौ चाँडै भन भन्या र रावणले भन्न लाग्या, हे महाबाहु, परापूर्वमा नारायणले बलि बंधन गऱ्यो भन्याको कुरा सुनिकन अब तपाईलाई बंधनमुक्त गरूँला भनि आज्ञा भया र बलिराजाले हाँसिकन भन्न लाग्या । हे रावण, एस् कार्यले पो हो तिमि आयाको भनि भन्या, तिमिले द्वारमा वस्याका पुरुषकन देख्छौ कि तनले परापूर्वमा दानवेंद्रहरू सबै वध गऱ्यौ, फेरि मभन्दा अधिका दानवहरू सबैलाई मार्नुभयो, तन्‌ले मलाई बंधन गरिराख्नुभयो । हे रावण, मेरा

द्वारपाल भैरहनुभयाका पुरुष तन्छाई जित्न कस्को सामर्थ होला, तन्ले सबैलाई जित्न सामर्थ समस्त भूत संहार गर्न्या, हे रावण, तन्छाई तिमिले पनि जान्यौन मैले पनि जान्यौन। समस्त प्राणीका काल भन्याका तिनै हुन्, त्रैलोक्य-कर्त्ता हुनुभयाका प्रलयकाल गर्न्या पनि तिनै हुन्, फेरि स्थावर जंगमादि सृष्टि पनि गर्छन्। ति अनादि हे निशाचर, त्रैलोक्यका धारणा गरिरहन्या पनि तिनै हुन्, त्रैलोक्य राज्य गरिरहन्या महादैत्यहरूलाई संग्राम गरिकन मारि नराधिपति सबैलाई रक्षा गर्न्या पनि तिनै हुन्, अनेक इंद्रादि नाम सुरगण पनि तिनैका वश्यमा छन् भन्या र रावणले भन्न लाग्यो, हे बलि, मैले देख्यौं पाद हस्त बन्याको अग्नि जस्तो भयानक दंष्ट्रा द्विजिह्वा सर्प जस्तो रक्तनयन वायुवेगी महाभयानक यमतुल्य त्यस्ताकन हेरिशक्यौ, संग्राममा नहटि पापिलाई सासना गरिरहन्या त्यस्ता यमलाई जितिशक्यौ, त्यो द्वारमा पुरुष मैले जांदिन ति को हुन् भलाई सुनाईदिनुहवस् भन्या र ताहा वैरोचन राजाका पुत्र बलि राजाले भन्न लाग्या। हे रावण, त्रैलोक्य धारण गरिरहन्या श्री नारायण अनन्त विष्णु नृसिंह शतधाम सुधाम भन्याका अव्यय सुरोत्तम देवताका स्वामी हुनुभयाका राजाको पनि राजा जोगीहरूले ध्यान गरिराषनुभयाका सृष्टि स्थिति संहारको कर्त्ता हुनुभयाका सर्वज्ञानमय सर्वरूपी त्रैलोक्यका पनि गति हुनुभयाका त्यस्ता श्रीनारायण हुन् भनि बलिराजाले रावणलाई सुनाउनुभयो। ताहाँपछि रावणले म जान्छु भनि बलिराजा-छेउँ विदा भैकन रावण गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे पातलविजयं नाम सर्गः॥ २२॥

२३

ताहाँ पातालबाट फर्कि आईकन रावणले चिंतना गर्‍यो अब स्वर्ग जितनाकन जाला भनि रावणले स्वर्लोक जानाकन सुमेरूमाथि गयो। तेस् वेलामा आकाशविषये विमानमा बसि दिव्य गंध लेपन गरि दिव्य २ माला लाईकन श्रेष्ठ २ अप्सराहरूले सेवा गराई अनेक क्रीडा इत्यादि गरिआउन्या पुरुषलाई रावणले देखि पर्वत ऋषिछेउँ भन्न लाग्या, हे मुने, अपसराले सहित गरि निर्मल भैकन भय नमानि विमानमा बसिकन आकाशमार्गले जान्या को

हो भनि रावणले ऋषिछेउँ सुध्याया र ताहाँ पर्वतऋषिले आज्ञा गर्नाकन लाग्या, हे रावण, सुन, तन्‌ले समस्त लोकलाई जितिकन प्रभावले ब्रह्मालाई संतोष गराई मोक्ष पदवी पाईरह्या। हे रावण, त्यो महावीर छ, संग्राममा फिर्नु नजान्न्या आफ्नु स्वामिका निमित्तले प्राणत्याग गर्नु सामर्थ भयाका भनि आज्ञा भयो र फेरि रावणले भन्न लाग्या, हे मुने, फेरि सूर्य्यसमानले जान्या को हुन भन्या र पर्वत ऋषिले भन्न लाग्या। हे रावण, ति सुवर्ण विमानमा बसि अप्सराले सहित गरि सुन्दर देह विचित्र वर्णले भूषण गरि जान्या सुवर्ण दान गर्दा हो। फेरि ताँहा रावणले भन्न लाग्या, हे मुने, तपाखिले आज्ञा गर्नुभयाका राजाहरू सबै स्वर्ग गया, अब तिनिहरूसित मैले युद्ध गरूँका आज्ञा दिनुहवस् भन्यो र पर्वत ऋषिले आज्ञा गर्न लाग्या, हे रावण, ति राजाहरूले युद्ध गर्दैनन् तिम्रा युद्ध गर्न इछा भया सप्त द्वीपका ईश्वर मांधाता राजा तिनीछेउँ भन, तिन्‌ले तिमिलाई युद्ध दिनन् भन्या र रावणले भन्न लाग्या। हे मुने, ति राजा काहाँ छन् मलाई सुनाउनुहवस् भन्यो र पर्वत ऋषिले भन्न लाग्या। हे रावण, त्यस् राजा बस्याका ठाउँ तिमिलाई सुनाउनुपर्दैन, युवनाश्व राजाका पुत्र सप्तद्वीप जितीकन आहि आउँछन्, तिम्रा युद्ध गर्न इछा भया आहाँ युद्ध गर भनि आज्ञा गर्नुभयाको वेलामा त्रैलोक्य पनि आफ्ना पराक्रमले जितिरहन्या अयोध्याका महावीर मनुष्यमा श्रेष्ठ मांधाता नाम राजा सप्तद्वीपको पनि कांचनमय रथमा बसि नाना चित्र विचित्र जाज्वल्यमान भयाको रथ दिव्य गंधादिले लेपन गरि पुष्पमालादिले भूषण गरि आईपुग्या। तन्‌लाई हेरिकन ताहाँ रावणले भन्न लाग्यो, हे राजन्, सप्तद्वीप जिति आउन्या तिमि भयौ, अब मलाई युद्ध देउ भन्यो र मांधाता राजाले हाँसिकन भन्न लाग्या। हे राक्षस, तम्रा जिउको आशा नभया मसित युद्ध गर जिउनाको इछा भया युद्ध नगर भनि राजाले आज्ञा गर्‍या। एस् वचन सुनि रावणले पनि भन्न लाग्या, हे राजा, वरुण कुवेर तिनिहरूले पनि मसँग युद्ध गर्न सामर्थ छैन, तँ मनुष्यले मलाई क्या भय देला भनि महाक्रोधले रक्तनयन गरि आपनु मंत्रीहरूलाई भन्न लाग्यो। ताहाँ शुकशारणादि मंत्रीहरूले क्रोध गरिकन बाण-वृष्टि गरिदिया। ताहाँ राजाले पनि महस्त शुकशारणादि माथि अनेक शरवृष्टि गरिदिया, प्रहस्तले पनि मांधाता राजामाथि अनेक बाण प्रहार गरिदियो। ताहाँ राजाले पनि राक्षसहरूका शस्त्र आकाशैमा आफ्ना बाणले खंड २ गरि घसालि दीकन मुशुंदि तोमर भिंदिपाल नाना बाणले राक्षस सेनामाथि प्रहार गरिकन राक्षस सेनालाई मृत्यु गराया। फेरि क्रोध गरि पाँचवटा बाणले प्रहार गरि चाँड यम दंड समान मुद्गरले रावणमाथि प्रहार गरिदिया। तेस् वज्रसमान मुद्गर रावणमाथि लागि

रावण पनि रथ पनि भूमिमा लोट्या, त्यो हेरिकन मांधाता राजाको महाहर्ष भयो। ताहाँपछि रावणका सेना सबैले हाहाकार गरिकन रावणका वरिपरि बस्या। ताहाँपछि रावणको चेष्टा भयो र स्वस्थ शरीर गरिकन फेरि रावणले पनि मांधाता राजामाथि नाना शस्त्र अस्त्रले प्रहार गरिकन रथ भग्न गरिदिया। त्यो हेरिकन मांधाता राजाले पनि घंटासंयुक्त शक्ति लीकन रावणमाथि प्रहार गरिदियो। त्यो शक्ति कस्तो गरि गयो भन्या अग्नि ज्वाला गयाकै गयो। एस् प्रकारले आयाको शक्ति देखि रावणले पनि त्रिशूल लीकन प्रहार गरिकन शक्ति व्यर्थ गरिदियो, फेरि रावणले यमदण्डसमान बाणले मान्धाता राजामाथि प्रहार गऱ्यो। ताहाँ राजा अचेष्टा भैकन पृथ्वीमा लोट्या, त्यो हेरिकन सबै राक्षसले महाहर्ष गरि नाद गऱ्या, मुहूर्त मात्रपछि चेष्टा भैकन महाक्रोधले रक्तनयन गरि राक्षस सेनामाथि अनेक शरवृष्टि गरिदिया, धनुटंकार शब्दले वाणका शब्दले पर्वत पनि कंपमान भयो। एस् प्रकारले प्रहार गरिल्याकाको देखि रावणले पनि सेनासहित गरि मांधातामाथि अनेक बाणवृष्टि गऱ्या, परस्पर शरवृष्टि गरिकन शरीरमा अनेक घाउ भयो। ताहाँ रावणले रुद्रास्त्र प्रयोग गऱ्या, मांधाताले पनि अग्न्यास्त्र प्रयोग गऱ्यो र रुद्रास्त्र व्यर्थ गरिदियो। त्यो हेरिकन फेरि रावणले समस्त प्राणिहरूलाई भय दिन्या ब्रह्मास्त्र लियो। त्यो हेरिकन मांधाता राजाले पनि त्रैलोक्यलाई पनि भय दिन्या सामर्थ भयाका महापाशुपतास्त्र लिया। त्यो शस्त्र धनुकमा जोरिराख्याको बेलामा त्रैलोक्य पनि त्राहि २ भैकन कंपमान भयो, देव दानव यक्ष गंधर्व मुनि तिनिहरू सबैका पनि त्राहि त्राहि भयो। ताहाँ पुलस्त्य ऋषि गालव ऋषि चाँडो गरि आईकन मांधातालाई आज्ञा गर्न लाग्या, हे मांधाता, राजा तिमिले त्यो पाशुपतास्त्र प्रयोग नगर, भन्या र फेरि रावणलाई पनि आज्ञा गर्न लाग्या, हे रावण, तिमिले ब्रह्मास्त्र प्रयोग नगर तिमिहरू दुईका मित्रता गर भनि आज्ञा गऱ्या। ति ऋषिहरूका वचन सुनि दुवैले मित्रता गरि आफना २ ठाउँ २ मा गयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे मान्धाता रावण युद्धो नाम त्रयोविंस सर्गः ॥२३॥

१४

ताहाँपछि राक्षसाधिपति रावण ताहिँबाट दशहजार योजनमाथि वायुवेग गरि हंसको ठाउँमा पुग्नु गयो। ताहाँ हंसमण्डल हेरिकन ताहिँबाट मेघमंडल पुग्नु गयो, फेरि ताहिँ-बाट वायुवेगले दश हज्जार जोजनमाथि सिद्धलोक वस्याका ठाउँमा पुग्नु गयो। ताहाँदेखि दश हज्जार योजनमाथि भूताधिनाथका गण वस्याका थिया। ताहाँदेखि दश हज्जार योजन-माथि गंगा आउनुभयाका थिया। तेसै ठाउँमा कुमुद भन्याका दिग्गज ऐरावत हस्तिहरूले जलीसत्कार गरिकन हिउँ तुल्यायो, तेस्ता आकाशगंगामा वेलिकन ति गंगाजल हात्तिले हिमालयमा फुत्कार गऱ्यो र ति गंगाजल हिउँ भयो। हे श्रीराम, एस् प्रकारले रावण ६ मंडल माथि गया, ताहाँदेखि माथि दश हज्जार जोजनमाथि गया, गरुडका स्त्री गोत्रहरू वस्याका ठाउँ, फेरि ताहाँदेखि माथि दश हज्जार योजनमा सप्त ऋषि वस्याका ठाउँ, ताहाँबाट दश हज्जार योजनमाथि आकाश-गंगा उत्पत्ति भयाका ठाउँ वायुले धारणा गरिराख्याका गंगा महावेगका शब्द भयाका छन् ताहिँबाट माथि चंद्रमण्डल। हे श्रीराम, असी हज्जार योजनमाथि चन्द्रलोक ग्रह नक्षत्रादिको किरण चन्द्रमाका कोटि खण्डमा एक खण्ड छ ताहाँ रावण गैकन क्रोधले हेरिकन माथि चन्द्रमाका किरण दग्ध गरिदियो। रावणको मन्त्री-हरू सबैलाई चन्द्रमाका शीतल किरणले दग्ध गऱ्यो। महापीडा भैकन प्रहस्तले विन्ति गऱ्यो, हे महाराज, हामिहरू सबैलाई अत्यन्त शीतले दग्ध गऱ्यो। ति चन्द्रमाका स्वभाव शीत अग्नि-समान छन्, एस्कारण फर्कि जाउँ हिंड भन्या र ताहाँ रावणले क्रोध गरिकन महाशस्त्रले चन्द्र-माथि प्रहार गऱ्यो। तेस्वेलामा ब्रह्मा सोममण्डल आउनुभैकन दशग्रीवलाई आज्ञा गर्न लाग्या, हे रावण, फर्कि जाउ भन्या र तैले चन्द्रमालाई पीडा गर्नु छैन, विराज समस्त लोकलाई हित गर्न्या तन्लाई दुःख दिनु छैन, तेरो प्राण त्याग हुन लाग्दा मृत्यु नहुन्या मन्त्र तँलाई दिन्छु तँ इहाँ मात्र नबस् भनि आज्ञा गऱ्या। एस् वचन सुनि रावणले हात जोरि विन्ति गर्न लाग्यो, हे नाथ, मेराउपर कृपा भया त्यस्तो मन्त्र कृपा गर्नुभयाजावस् भनि विन्ति गऱ्यो। ताहाँ ब्रह्माले आज्ञा गऱ्या। हे रावण, कोहि देवता भया, पनि असुर दानव पन्छि इत्यादि कसैले पनि जित्न सक्तैनन्। हे रावण, ई मन्त्र जप गऱ्यापछि असिद्धि हुँदैन, एस् मन्त्र कीर्त्तना गऱ्या संग्राम सिद्ध हुनन्। देवताका ईश्वर सुरासुरले नमस्कार गरिराख्याका भूत महादेव हरि पिंगल लोचन बालवृक्ष व्याघ्रचर्मधारि अरण्यवासि त्रैलोक्येश्वर हरहरिनेमी

युगान्तक हनं नरगुणे कुशंभुलोपाल महाभाग महादंष्ट्रा कालरूपी नीलग्रीव महोदर देवान्तक तपोत्तम पशुपति अवेपशूलपाणि वृषकेतु नेता गोप्टा हरो हरी जरो मन्दी शिखन्डी कुमुरी महायशा भूतेश्वर गणाध्यक्ष सर्वात्मा सर्वभावन सर्वेश सर्वहारि प्रष्टा गुरु अवेज्य कमन्डलु धरदेव पिनाकी शरी माननीया अर्चनीया मकार ओंकार ज्येष्ठ साग मृत्यु १ जुतपारियात्र सुव्रत्र ब्रह्मचारी गुहाशयी वीणापवण वेणुपान अमर दर्शनीय बालसूर्यनिभ श्मशानवासी भगवान् उमापति अरिंदम भगसाक्षी निपाति पुष्नोदशनपातन ज्वरकर्त्ता पातहस्त प्रलयकाल उल्कामुष अग्निकेतु मुनि दिश विशांपाति उन्माद वैयानकर चतुर्थ लोकशंकर वामन वामदेव प्रादक्षि वामन भिक्षुरूपी त्रिजटी शत्रुहस्त प्रतिष्ठम्भि चमुस्तंभन ऋतुकर कालोमधु २ कत्रलोचन वानस्पत्य वाजि सत्ये नित्य आश्रम युजीत जग धाता कर्त्ता पुरुष शाश्वत ध्रुव धर्माध्यक्ष विरूपाक्ष त्रिधर्मा भूतभावन त्रिनेत्र बहुनेत्र सूर्यायुतसमप्रदेव अतिदेव चन्द्रकोट जटा वृत्येक लास कपूररेणु सट्शानन पुष्य शरण्य सर्वदेवमय सव सूर्य्यानिदानिच सर्ववन्ध विमोहन बन्धन सर्वधारी वरोत्तम पुष्पदन्त विभाग मुष्य सर्व हरहरि सम्भु वरधारि भीम-भीम पराक्रम, हे दशग्रीव, एकशय आठ नाम ई जप गऱ्यापछि सर्व शत्रुनाश होला ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे रुद्राष्टोत्तरशतनाम चतुर्विंश सर्गः ॥२४॥

१५

रावणलाई ब्रह्माले मन्त्र वर दीकन ब्रह्मा ब्रह्मलोक जानुभयो । ताहाँपछि रावण फर्कि आईकन गन्धर्व देवताहरूका दिव्य २ कन्या सबै बलात्कारले हरण गरि लैगयो । अनेक नाग-कन्या यक्षकन्या, मुनिकन्याहरू हरण गरि पुष्पक विमानमा राखि महाहर्षमानले लैगयो । तहाँ कन्याहरूले शोक गरिन् । तिनिहरूका बन्धुजन मारिकन अनेक कन्या हरण गरि लैगयो । कस्ती २ कन्याहरू भन्या सुवाहु दीर्घकेश पूर्णचन्द्र जस्तो मुख पीनस्तन सुश्रोणि तप्तकांचन जस्तो वर्णदेह स्यस्तो स्त्रीहरू सबै शोक दुःखले जलधारा बहाको जस्तै आँसुको धारा बहाईकन हरण गरि लैगयो । ताहाँ अस्त्रीजनहरूले आपना २ मनमा चिंतना गऱ्या, कोहि भन्छन्, तेस्ले

मञ्जाई भक्ष गर्छ, कोहि भन्छन् तेस् पापात्माले हामिहरू सबैलाई बन्धन गरिराख्ला कदाचित् पिता माता पुत्र पुरुषहरू हाम्रा घरमा कसोगरि बस्नन्, एस्प्रकारले कराईकन महादुःख शोक गरिन्। कोहि भन्छन् हा हा! म नभैकन मेरी गृहमा मेरा पुत्र पुत्री कसो बस्नन् कसो गर्नन्, हा हा! मेरि माता पिता भ्राता बान्धवहरूले म पापिनीलाई समझि कसो शोक गर्नुभयो हो। हा हा! हे मृत्युदेवता, म पापात्मालाई यमद्वारमा चाँडै लैजानुहवस्। हा हा! मैले पूर्व-जन्ममा कया पाप गऱ्या र यस्ता दुःखमा पऱ्या, एस् दुःखको अन्त छैन, फेरि एति उप्रान्त दुःख कया होला! हा हा! धिक्कार मनुष्यको जाति, मनुष्य जाति दुर्लभ भयार यो पापात्मा रावणले हामिहरूलाई हरण गरि ल्यायो। हामिहरू सबै सूर्य उदय भैकन नक्षत्र नास्याऊँ हामि सबै नासिऊँ। हे रावण, महा २ पराक्रमीहरूलाई बन्धन गर्नु भारत हुन्याले तेस्ता दुर्बललाई कयान गर्नलागिस्, आफु आफै कसो जान्दिन। एस्तो अयोग्य कर्म परस्त्रीलाई बलात्कारले ल्याउन्या तँ हे पापात्मा, तेहि द्वाराले तँ मृत्यु होला भनि महा २ पतिव्रता स्त्रीहरूले श्राप दिईन्। तेस् वेलामा आकाशबाट पुष्पवृष्टि गरिकन देव दुन्दुभि वाद्य बजाया, तत्क्षणैमा रावणको तेजहीन भयो। एस्प्रकारले स्त्रीजनहरूले नाना विलाप गराई ल्याईकन लंकाभित्र जानाकन अनेक राक्षस राक्षसिनीहरूले नाना मंगल पूजा गराई लंकाभित्र जाँदा ताहाँ रावणको भगिनीले आफना पुरुष मृत्यु भयो र रावणलाई शोक दीकन सूर्पनखाले भन्नलागिन्। एस्पकारले रह्याको देखि रावणले भन्नलाग्यो, हे भद्रे सूर्पनखा, कयान चाँडै भन २ भन्या र सूर्पनखाले आँसुपात गरिकन भन्नलागिन्। हे लंकेश्वर, दैत्य भन्याका सबैलाई संग्राम गरिकन मार्नुभयो, कालकेय भन्याका दैत्यगण तेह हजार १३००० लाई तपाल्लिले मार्नुभयो, मेरा प्राणको भन्दा गरिष्टलाई तपाल्लिले मृत्यु गराउनुभयो, अब तपाल्लिका कृपाले म विधवा भै रहनुपऱ्यो। हे महाराज, संग्राममा भया पनि आफना जुवाईलाई मार्नु अयोग्य छ, तपाल्लिका कया लाज छैन कि भनि एस् वचन सुनि रावणले कोमल वचन गरि भन्नलाग्या। हे भगिनी, तँ नरोउ, कयान डराउँछे अनेक मानादि दीकन तँलाई सन्तोष गरूँला। हे सूर्पनखा, युद्ध जय वांछा गरि जुझ्दा कसो आफनु पर चिन्हु, तेरो पुरुष मैले चिह्न सकेन, महाक्रोधले जुझ्दा मैले मार्याका एति याहा छैन। हे भगिनी, संग्राममा मार्यार मलाई कया दोष हुनान्, नरो २, मेरा भ्राता पर ईश गरिकन घरको समीपमा चौधहजार राक्षसले सहित गरिकन तेरो धन गराई राखुंला, पशु गराई सास्ति प्रसादको अधिकारी पनि गरि राखुँला। दण्डकारण्यमा घरलाई राजा गरि दूषणलाई सेनापति गरि तेरो आज्ञा चलाई तेरो वश्यमा राखुँला। दण्डकारण्य शुक्राचार्यले श्राप दी-

राख्याका ठाउँ राक्षसहरू बसोस् भन्यार घर परिहत्त गरिकन चौधहजार राक्षस गया। सूर्पनखा-सहित गरि खरले समस्त शत्रुलाई मारिकन दण्डकारण्यमा निष्कंटक राज्य गरिरह्यो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे खरवरप्रदानं नाम सर्गः ॥ २५ ॥

२६

दशग्रीवले खरलाई पठाया र खरले सबै शत्रुलाई मारि निष्कंटक राज्य गरिरह्यो, सूर्पनखाको मनमा प्रीति गरिकन राज्य गर्‍या। ताहाँपछि मन्त्रीहरूसहित गरि रावण स्वस् वनभित्र गयो। शयपूल्ले आकीर्ण गरिरह्या, यूप यज्ञमा पशु बाँधि राख्याका वृक्ष अनेक चन्दन वृक्षले संयुक्त चैत्य वृक्ष भयाको छ कृष्णाजिनले वर्हिकन मण्डल धारणा गरिरहन्या इन्द्रलाई जितेन्या मेघनाद आफ्नु पुत्रकन देखि स्यस्को अग्रमा गैकन रावणले भन्नलाग्यो, हे पुत्र, ति क्या व्रत भन्यो र मौन भैरह्या र आफ्ना पुरोहित हेतु उशनाले भन्नलाग्यो, हे रावण, यो कार्यको विन्ति गर्छु, सुन्नुहवस्। तपाखिका प्रियमान हवस् भनि तिम्रा पुत्रले समरात्रमा दुर्ल्लभ यज्ञ पायो। हे रावण, अग्निष्टोम यज्ञ अश्वमेध यज्ञ अनेक विवक्षान् गर्नुपर्छ बहुसुवर्ण चाहिन्छ, राजसूय यज्ञ, वैस्नव यज्ञ गर्नाकन अनेक द्रव्य चाहिन्छ। ति ठुला यज्ञ यो माहेश्वर यज्ञ समरात्रि गरिकन पुरुषले पाउनु दुर्ल्लभ, यज्ञमा अब तपाखिका पुत्रले वरदान पाओ। यो परमेश्वरछेउँ कामरय अन्तरिक्षमा चल्नाई लैजानहुन्या तामसी माया प्राप्त भयो, अन्धकार उत्पत्ति गर्न सक्न्या माया पायो, अनेक शत्रुलाई क्षय गर्न्या नाना शस्त्र-अस्त्र पायो। एस्प्रकारका वर तिम्रा पुत्रले पायो, अब तपाखि पनि आईपुग्नुभयो, आज यज्ञ सम्पूर्ण गरूँछा भन्यो र एस् वचन सुनि रावणले भन्न लाग्यो। यो ननिको कर्म गर्‍यो, इन्द्रादिले म पूजा गराई आयाँ तेसलाई मैले पूजा गर्नुपर्‍यो भनि हे वत्स मेघनाद, यज्ञ संपूर्ण भयापछि घर जाउँ हिंड भनिकन ताहाँ रावण विभीषण मेघनाद प्रभृति गैकन आँखामा आँसुपूर्ण गरिरहन्या कन्याहरूलाई विमानमा जिक्या, अमूल्य २ नाना रत्नादिको गहना लाईरहन्या दैत्य देवता आदिका भगिनी पुत्रीहरू नाना शस्त्रले जितिल्याउन्याहरूलाई पुष्पक विमानबाट जिक्या, दुःख शोकले पीडा गराईरहन्या अस्त्रीहरूकन विभीषणले देखनु-

भयो र पापात्मा भ्राता रावणछेउँ भन्न लाग्यो, हे भ्राता, तिमिलाई एस् फलको फल पाउला, तम्रो कुल पनि तेसै प्रकारले नाश होला। हे राजन्, अरूकन जस्तो पीडा गरायौ तस्तै आफुकन पनि प्राप्त होला, अर्काको अस्त्री तिमिले ल्याया का निमित्तले मधु दैत्यले तम्रो निदान गरिकन मधु दैत्यले कुंभीनसी छाई लैगयो भन्या र यो वचन सुनि रावणले भन्न लाग्यो। विभीषण, त्यो कुरा म जान्दिन, मधु दैत्य भन्याको कुन हो भन्यो र विभीषणले क्रोध गरि भन्न लाग्यो, हे रावण, तिमिले पाप गऱ्याका फलले राज्यमा माल्यजस्ता देवताको दर्प थिचिरहन्या प्रपितामह सुमारिको ज्येष्ठ भ्राता वस्याका वेलामा लैगयो। हे रावण, तिमिले प्रतिपाल गरिराख्याका राक्षसहरू सबैलाई मारिकन चोरि लैगयो। एस् प्रकारले लैगयाको मैले सुन्यौं, अरूलाई दिनुपर्न्या छोरि लैगयो र मैले केहि भन्यौन भन्या र ति वचन सुनि राक्षसेन्द्र रावणले अत्यंत क्रोधले रक्तनयन गरि भन्न लाग्यो, हेराक्षसा, हामि त्रैलोक्यलाई पनि जितिआयामा हाम्रा राजगृहमा एस् प्रकारले भयो। अब रथ गज अश्वसेना आदि मेरा पुत्र मेघनाद भ्राता कुंभकर्ण राक्षस सबैले हे सुरा, शस्त्र अस्त्र लोकन नगरबाट निस्कनुपर्छ, आजका दिनमा एस् प्रकारले गैकन पापात्मा मधु दैत्यलाई मारूँला। ताहाँपछि मदेखि नडराउन्या इंद्रसित युद्ध गरूँला, इंद्रादिलाई जितिकन देवताहरू सबैलाई आफ्ना वश्यमा राखि त्रैलोक्य जितिकन आफ्ना स्वइच्छाले नाना प्रकारले सुख भुक्त गरूँला भनि एकहज्जार अक्षौहिणी मेघनाद कुंभकर्ण प्रभृतिले नाना शस्त्र अस्त्रयुक्त गरि हर्षमानले गया, मेघनाद अग्रसेना रावण पृष्ठ गरि कुंभकर्ण मध्यमा गरि गया, विभीषण धर्मात्मा मात्र लंकामा वसि धर्म गरिकन रह्या। युद्धमा वीर २ राक्षसहरू सबै इंद्र पुरी जानाकन गया, समस्त राक्षस आकाश मुद्दा छोपिकन गया, रथ हस्ति अश्व उष्ट्र सर्प नाना वाहन गरि गया। एस् प्रकारले रावण सैन्यसहित गरि आयाको देखि इंद्रादि देवताले जितिकन भागि गईरह्याका लुकिरह्या, सबै दैत्यहरू रावणका पछि २ गया। एस् प्रकारले महाहर्षमान गरिकन मधु दैत्यका पुरीमा गया। ताहाँ आफ्ना भगिनीलाई देख्यो, मधुराक्षस मात्र देखेनन्। ताहाँ आफ्ना भ्राता आयाको देखि हात जोरी दंडवत् गरि एस् प्रकारले ढोक दियाको देखि रावणले जुरुक उठिकन भन्न लाग्यो। हे भगिनी, डराउनुपर्दैन, अब तिमिलाई कया गर्नुपऱ्यो भन भन्यो र आफ्नु भागिनीले भन्न लागिन्। हे राजन्, मेराउपर तपाश्रिका उपकार कृपा भया मेरा स्वामिलाई नमार्नुहुन्स्। तपाश्रि सत्यवंत हुनुभया मैले बोल्याको वचनमा दया राखनुहुन्स्। तपाश्रिले नडराउनु भनि आदेश दिनुभयाका ति अंगीकार प्रतिपाल गर्नुहुन्स् भन्या र त्यो वचन सुनि रावणले भन्न लाग्यो। हे भगिनी, तेरो पुरुष राक्षस राजा

मधु काहाँ गयो तेसै सहित गरिकन देवताहरूसित युद्ध गर्न जान्छु, तेरा कारण तेरो उपर दया-राषि मैले मार्दिन भन्यो र पुष्पोत्कटाले आफना स्वामी शय्यामा सुतिरहन्यालाई उठाईकन भन्न लागिन्, हे स्वामि, मेरा भ्राता दशग्रीव काहाँ आईपुग्नुभयो, तपाषि डराउनुपर्दैन। देवताहरू जितनाकन तपाषि सहाय भैकन सँगै जानुहुन्छ, तपाषिका संबंध भयो, आफ्नु-छेउँ स्नेहभावले द्वारमा आउन्यासित सँगै जोर्नुहुन्छ भन्यो र आफनी स्त्रीका वचन सुनिकन जानाकन निस्क्यो। ताहाँ रावणका हजूरमा गैकन अनेक आदर गरिकन रावणलाई पूजा गऱ्यो। ताहाँ १ रात वास वसिकन रात विहाईकन प्रातःकालका समयमा प्रस्थान गरिकन कुवेर वस्याका ठाउँमा राक्षसेन्द्र रावण कैलाशविषये पुग्नुभयो भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रलाई सुनाउनुभयो भनि श्रीमहादेवले पार्वतीकन सुनाउँदा भया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वरःसंवादे उत्तरकाण्डे कैलास प्रवेशोनाम षड्विंश सर्ग। ॥२६॥

२७

श्रीमहादेव उवाच—हे पार्वति, ताहाँपछि कैलाश पर्वतमा सेनाले सहित भैकन रात पऱ्यो र सेनाहरू सबै सुत्या, कैलाश पर्वतमाथि रावण वसिकन पर्वत हेरिरह्यो। अनेक पुष्प फल फुलि-रह्याको कंदर्प वृक्ष पद्मोत्पल मन्दाकिनी गंगा हेरिरह्यो। ति पर्वत श्रेष्ठ मनोहर स्थान चंद्र किरणले व्याप्त भैरह्याका त्यस् वेलामा अनेक घंटा नाद शब्द अप्सराहरूले गीत गायाको शब्द सुन्यो तेस् वेलामा फलको वोट् वायु लागी अनेक पुष्पवृष्टि भयो, फेरि अनेक वायु वहि-आयाको तेस् रात्रिमा मंदाकिनी गंगा वह्याको देखि ताहाँ रावणको चित्त चंचल गरिकन वारंवार चन्द्रमालाई हेर्नु लाग्यो। एस् प्रकारले रह्याको वेलामा दिव्य पुष्पमालाले भूषण गरि अनेक दिव्य २ सुगंधले लेपन गरि नाना अलंकारलाई नील मेघ समान वस्त्रलाई पादकमल जस्तो वायकको सोर भन्या वीणाको स्वर जस्तो दंत अति शोभायमान भयाका त्यो समान अस्त्री स्वर्गमा अरु कोहि छैनन् साक्षात् लक्ष्मी आयाकी जस्तै आईकन रावणका मध्यवाट गईन्। एस्प्रकारले गयाकी रम्भाकन देखि ताहाँ रावणले चाँड उठिकन हात समातिकन मुख हेर्ने

लाग्यो, हे रम्भा, तिमि काहाँ जान लाग्यौ, हे रम्भा, तिम्रो मुख पूर्णचन्द्र जस्तो उत्पन्न जस्तो नेत्र तेस्तो तेरा मुख अमृत कस्ले पान गर्न लाग्यो ? तिमि जो छौ स्त्रीजनमा श्रेष्ठ भयाकि समस्त पुरुषमा श्रेष्ठ म हुँ, एस्कारण मलाई छाडि अरुका निमित्तले काहाँ जान लागिस् । मसमान लोकपालमा पनि कोहि छैनन् । हे सुन्दरी, आहाँ तिमिले क्षणएक विश्राम गर, त्रैलोक्यमा पनि मसमान कोहि छैन, एस्कारण मजस्तालै विन्ति गर्‍या, समस्त राजाको पनि राजा हुँ एस्कारण मकन भजन गर भन्यो र यो वचन सुनि रम्भाका चित्तमा त्रासमान भयो र हात जोरिकन विन्ति गर्न लागिन् , हे राक्षसेश्वर, मैले त्यो कुरा सुन्नु अयोग्य छ । म तपाञ्चिकी बुहारि पर्छु, एस्कारण त्योकुरा सुन्नु मैले अयोग्य छ । अरू २ ले अयोग्य गर्न लाग्यामा तपाञ्चिले रक्षा गर्नुपर्छ, अब तपाञ्चिले त्यस्तो कुरा गर्नु अयोग्य छ भन्यो र त्यो वचन सुनि रावणले भस्मलाग्यो, हे रम्भा, मेरो पुत्र कुनचाहिं हो, मेघनाद हो कि, अतिकाय हो कि अथवा अरू हो कि भन्यो र अधोमुख गरिकन रम्भाले भस्मलागिन् । हे राक्षस, तपाञ्चिका भ्राता वैश्रवणका प्रियपुत्रको स्त्री हुँ । म त्रैलोक्यमा प्रकाश भैरहनु भयाका नलकूवरको म स्त्री हुँ । ति नलकूवर कस्ता छन् भन्या धर्मात्मा ब्रह्मतुल्य तेजमा क्षत्रीतुल्य क्रोधमा अग्नितुल्य क्षमा भन्या पृथ्वीतुल्य तेस्ताकी स्त्री हुँ म । हे लंकेश्वर, ति नलकूवरविना अरू मैले कसैलाई चिताया को पनि छैन । सत्य २ एस्कारण तपाञ्चिले छोड्नुहुन्छ , धर्मात्मा नलकूवर मलाई परिहरन्याछन् एस्कारण तपाञ्चिले अयोग्य वचन बोल्नु छैन । हे रावण, आफ्ना पुत्रका कार्य विघ्न गर्नु नहुन्छ चाँडै मलाई छाडिपठाउनुहुन्छ । हे राक्षसपुंगव, सज्जनका मार्गमा तपाञ्चि जानुहुन्छ भनि रंभाले भनिन् र यो वचन सुनि रावणले मत्त भैकन बलात्कारले रंभाको अलंकार आदि गहना छोडाईदिया। ताहाँ रंभा लज्जाले कम्पमान गरि हात जोरि नलकूवरको हजूरमा गैकन ढोक दीरहीन् । त्यो हेरिकन नलकूवरले भन्न लाग्या, हे भद्रे, तेरी वृत्तान्त कस्तो परमान भन्या र रंभा कम्पमानभै विन्ति गर्न लाग्या । हे स्वामी नलकूवर, दशग्रीव रावण स्वर्ग जित्नाकन सेनाले सहित गरि कैलाश पर्वतमा वास गरिरह्यो । म आयाको वेलामा मलाई रावणले छेकिराख्यो, ताहाँ मैले भन्या म तपाञ्चिको बुहारि हुँ भनि विति गर्‍या, तैपनि मलाई समातिकन गहना सबै छोडाईकन पचित गरि पठायो। एस्कारण मेराउपर तपाञ्चिले क्षमा गर्नुहुन्छ, स्त्रीजातिले पुरुषसित कया बल गर्न सक्दैन भनिन् र वैश्रवणका पुत्र नलकूवरले महाक्रोध गरिकन लाल २ नेत्र गरि शुचि भैकन मंदाकिनी गंगाको जल हातले लीकन रावणलाई श्राप दिन लाग्यो । हे रंभा, तेरो वांछा नभैकन पनि तेरा शरीरमा बलात्कार गरि चलाउन्या तेस् पापात्मा रावणको मस्तक सप्त खंड हुन्छ

भनि जल छोड्या । एस्कारणले श्राप दिया र तेस् वेलामा देव दुंदुभि वाद्य इत्यादि पुष्पवृष्टि भयो । एस् प्रकारले नलकूवरले श्राप दियाको देखि समस्त देवताको हर्षमान भयो ।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे उत्तरकांडे नलकूवर श्राप समर्विश सर्गः ॥ २७ ॥

२८

ताहाँपछि रावण पनि कैलाश पर्वत छाडिकन इन्द्रलोकमा गया, मेघले गर्ज्याको जस्तो शब्द गरि सेनासहित गरि रावण पुग्नु गयो । त्यो हेरिकन देवराज इन्द्रका चित्तमा त्रासमान भयो र देवताहरूसित आज्ञा गर्न लाग्या । हे देवता, तिमिहरू सबै युद्ध गर्नाकन तयार भै रहु । द्वादश अदित्य, अष्टवसु, एकादश रुद्र, विश्वेदेवतागण, वायुगण, साध्यगण आदि तिनिहरू सबैले पनि रावणसित युद्ध गर्नाकन तयार गर भनि आज्ञा गर्नुभयो । ति वचन सुनि सबै देवताहरू युद्ध गर्नाकन तयार भैरह्या । इन्द्र पनि त्रास जस्तो क्रोध गरिकन रह्या । ताहाँ इन्द्र पनि त्रासमान गरि श्री विष्णुछेउँ गैकन विंति गर्न लाग्या । हे श्री विष्णु, अब कसो गर्न्या हो, महादुर्जय पराक्रमी रावणले हामिहरू सबैलाई जितनाकन युद्ध गर्न आश्रा गरि आईपुग्यो । अब हाम्रो गति तपाञ्जिविना अरू कोहि छैन । तपाञ्जि साक्षात् नारायण हुनुहुन्छ, तपाञ्जिले इन्द्र भनि देवताका राजा तुल्याई स्थापना गर्नुभयाको हो । त्रैलोक्य सृष्टि गर्न्या पनि तपाञ्जि हौ, फेरि प्रलयकालमा समस्त प्राणीहरू स्थावर जंगमादि तपाञ्जिले आफुछेउँ लीन गरिलिनु-हुन्छ । एस्कारण अब मैले कया गर्नु पर्न्यो आज्ञा भयाजावस् । हे ईश्वर, परापूर्वमा तपाञ्जिले खड्ग चक्र धारण गरिकन दैत्य दानवादि सँग युद्ध गर्नुभया जस्तै अब पनि युद्ध गर्नुभयाजावस् भनि इन्द्रले विंति गर्न्या । ति वचन सुनि परमेश्वर विष्णुले आज्ञा गर्न लाग्या । हे इन्द्र, तिमिले त्रासमान नगर, तेस् दुष्टात्मा रावणलाई देवताहरूले संग्राम गरिकन मार्न हुन्याछैन, ब्रह्माका वर प्रसादले रक्षा गरिराख्याको तेस्ले ठुलो कर्म गर्न्या छ । मेघनादसहित गरि तेस् पापात्मा आईपुग्यो निश्चय २ ले ठुलो कर्म गर्न्याछ । हे शक्र, तिमिले भन्यौ मैले युद्ध गर्नुपर्न्यो भनि अब तिमिहरूका कारणमा मैले युद्ध गर्नु हुँदैन कयान भन्या, मैले युद्ध गर्नु गयापछि मैले तेस्लाई नमारि फर्कनु हुँदैन, तेस्लाई मारूँ भन्या ब्रह्मवर पाउन्यालाई कसो मानु । एस्

काल म जुझ्न जानु वषत् भयाको छैन। हे इंद्र, मैले एसो भन्यो भनि तिमि डराउनुपर्दैन, अब तिमिलाई सुनाई राख्छु तेस् पापात्मा रावण मृत्यु हुन्या कारण म हुँ। हे इन्द्र, तेस्को मृत्यु मेरा हातमा पो छ त्यस्को गोत्र कुटुंवादि मैले पो मारूँला। हे देवराज इन्द्र, यो कारण तिमिलाई सुनाईसक्यौं, अब तिमिले त्रासमान छोडि देवलोकसहित गरि युद्ध गर भनि आज्ञा भयो। ति वचन सुनि इन्द्रले आफ्ना सेना एकादश रुद्र, अष्टवसु, उनन्वास वायु, साध्यगणादि देवताहरू-सहित गरि देवताहरू देशवाट वाहिर निस्किकन रावणको सेनाको अग्रमा पुग्नु गया। ताहाँ देवताहरूले पनि राक्षसमाथि अनेक शस्त्र प्रहार गऱ्या, ताहाँ राक्षसहरूले पनि महाशब्दले गर्जमान गरि शस्त्र अस्त्रले प्रहार गऱ्या। एस् प्रकारले परस्पर प्रहार गरिकन महातुमुल युद्ध भयो। एस् प्रकारले युद्ध भयाका वेलामा महापराक्रमी मारीच प्रहस्त विरूपाक्ष महापार्श्व अकम्पन शुकसारण संहार मधुकेतु महादंष्ट्र जम्बुनाद सुकघ्न यज्ञकोप घर दूषण त्रिशिला करवीराक्ष सूर्य्यशत्रु ति आदि महा २ राक्षसहरूसहित गरिकन सुमारि राक्षस जाईलाग्यो। ताहाँ देवसेनामा सवै छेउँ अनेक शस्त्र प्रहार गरिकन मृत्यु गराया। हे श्रीरामचन्द्र, एस् प्रकारले सुमारि राक्षस प्रभृतिले देवताहरू अनेकलाई मारिदिया र वाँकी रह्याका देवताहरू दशदिशामा भाग्या। कस्तो भन्या, सिंहले लगारि लैगयाका मृग जस्तो। हे श्रीरामचन्द्र, एस् प्रकारले लगारिल्याथाको देखि सावित्रनाम वसुले महाक्रोध गरिकन राक्षससेनामा जाईलाग्या र राक्षसहरू सवै भाग्या। फेरि राक्षसहरू सवै फर्किकन देवतामाथि अनेक शस्त्र प्रहार गऱ्या, देवताको र राक्षसको यहाँ क्रोध गरिकन परस्पर जय वाञ्छा गरिकन युद्ध गऱ्या। ताहाँ वीर २ राक्षसले देवतामाथि अनेक शस्त्र प्रहार गऱ्या, देवताहरूले पनि नाना शस्त्र अस्त्र राक्षस-माथि प्रहार गरिकन अनेक राक्षसहरूलाई मृत्यु गराया। हे श्रीरामचन्द्र, एस् प्रकारले युद्ध भयामा सुमारि राक्षसले महाक्रोध गरिकन, दिव्यास्त्र प्रयोग गरिकन अनेक देवतालाई मारि-दियो। महावाहन महाशूल दृष्टि गरिकन मृत्यु गरायो, ताहाँ देवताहरू सवै भाग्या। ताहाँ अष्टवसु सावित्रगण सेनाले सहित गरि फर्किकन नाना शस्त्र अस्त्र प्रहार गरिकन राक्षससित महायुद्ध गऱ्या। ताहाँ सुमारि राक्षसले पनि सावित्री वसुमाथि अनेक शस्त्र प्रहार गऱ्यो। फेरि महात्मा सावित्री वसुले सुमारिकन सर्पले वेष्टित गरिराख्याको रथमा वाण प्रहार गरिकन रथ भग्न गरिदिया। फेरि गदा लीकन भ्रमण गरि सुमारिको शिरमा ताकि प्रहार गऱ्या। त्यो गदा उल्कापात जस्तो गैकन सुमारिको उरस्थलमा लागि सुमारीको मांस अस्थि रक्तादि चूर्ण गैकन मृत्यु भयो। एस् प्रकारले सुमारि मृत्यु भयाको देखि सवै राक्षसहरू भाग्या।

एस् प्रकारले राक्षसहरू भागिआयाको देखि महावीर रावणको पुत्र मेघनादले भन्न लाग्यो, हे राक्षस, तिमिहरू डराउनुपर्दैन २ नभाग भनिकन मेघनादको कामगरस्थ अमूल्य २ सुवर्ण रत्नादिले संयुक्त रथमा बसि नाना शस्त्र अस्त्र धारणा गरि संग्राममा युद्ध गर्नाकन अघिवाट दगुऱ्या। एस प्रकारले आयाको मेघनादकन देखि सबै देवताहरूका चित्तमा त्रासमान भै भाग्या। एस् प्रकारले आयाका देवताहरूकन देखि इन्द्रले आज्ञा गर्दा भया, हे देवता, तिमिहरू क्यान डराउँछौ नडराउ, अब मेरा पुत्र जान लाग्यो भनि आज्ञा गऱ्या र देवताहरू सबै नभागिकन नाना शस्त्र अस्त्रले युक्त भैकन आया। ताहाँ इन्द्रका पुत्र जयन्त रथमा बसिकन देवताले सहित गरि जयन्तले मेघनादसित महाँयुद्ध गऱ्या। ताहाँ मेघनादले पनि अत्यन्त क्रोध गरिकन जयन्तमाथि अनेक प्रहार गऱ्या। मातरीको पुत्र गोमुखनाम सारथिमाथि अनेक प्रहार गरिदियो। ताहाँ जयन्तले एस् प्रकारले परस्पर अनेक परशु खड्ग बाण समस्त की लोककन कम्पमान गराई प्रहार गरिकन महायुद्ध गऱ्या। एस् प्रकारले युद्ध भयो र आकाशविषये शस्त्र अस्त्रले व्याप्त भैकन अन्धकार उत्पत्ति भयो र आपनु विरानु पनि चिन्ह सकेन, देवताको र राक्षसको विपरीत युद्ध भयो। देवतालाई देवताले प्रहार गऱ्यो, राक्षसले राक्षसैलाई प्रहार गरिकन युद्ध गऱ्या, तेस् वेलामा पुलोमा दैत्यको राजा महावीरले आपनी पुत्री शचीको पुत्र आपनी पुत्री नाति लीकन जयन्तलाई समुद्रमा भगाई लैगया। ताहाँ देवता सबैले जयन्तलाई देखेन र मनमा भयले त्रासमान गरिकन भागि गया। एस् प्रकारले देवता भागिगयाको देखि मेघनादले लगारि लैगयो। ताहाँ इन्द्रले आपना पुत्र जयन्तलाई देखेन र देवताहरू पनि भागि गयाको देखि आपनो सारथि मातरिलाई भन्न लाग्या। हे मातलि, मेरो रथ चाँडो ल्याउ भनि आज्ञा भयो र मातलीले रथ ल्याईदिया। ताहां इन्द्र रथमा बसिकन नाना वाद्यादि बजाई नाना नृत्यादि गराई एकादश रुद्र, अष्टवसु, द्वादशादित्य, ऋषिहरू, उनंचास वायुसमेतले नाना शस्त्र अस्त्र धारणा गरि इन्द्रले प्रस्थान गऱ्या। त्यस वेलामा नाना उत्पात भयो, सूर्यको निस्तेज भयो, उल्कापात भयो। तेस् वेलामा महाप्रतापी रावण पनि आफ्नु रथमा चढाउनु गयो। कस्तो रथ भन्या, विश्वकर्माले बनाईराख्याको दिव्यरथमहाँ २ सर्पले बाँधिराख्याको तेस्ता रथमा बसिकन अनेक सैन्यले सहित गरि रावण पनि गयो। इन्द्रका सन्मुख गरि गैकन रावणले आफ्नु पुत्र मेघनादलाई भन्न लाग्यो। हे मेघनाद, तँ धेरै वेर भयो युद्ध गर्नाको, नाना शस्त्र अस्त्रले प्रहार गऱ्यो। ताहाँ कुम्भकर्ण पनि जाईलाग्यो र मेघले जलवृष्टि भयाझैं शिला वृक्ष शक्ति तोमर बाणले प्रहार गरिकन अनेक देवताहरूलाई

मृत्यु गरायो, एकादश रुद्र साध्यगणले पनि कुम्भकर्णसित युद्ध गऱ्या। अनेक शस्त्र प्रहार गरि शरीरबाट रक्तधारा बहाईकन सूर्य उदय भयाका वेलामा पर्वत शोभा भयाजैं कुम्भकर्णको सो शरीर शोभा भयो। तेस् वेलामा राक्षस सबै भाग्या, कति मृत्यु भया, कति अचेतालें रह्या। एस् प्रकारले राक्षसहरूका रक्तले नदी भैकन बह्यो। एस् प्रकारले राक्षसहरूकन मारिदियाको देखि रावणले क्रोध गरिकन देवसैन्यका माझमा जाईलाग्यो। ताहाँ अनेक देवताहरूले एस् प्रकारले आफुमाथि आईलाग्याको रावणकन देखि इन्द्र दश दिशा पनि कम्पमान गराई महाधनुको टंकार शब्द गरि शत्रुलाई भय दिन्या, महाधनु कानसम्म पैंचिकन रावणको उरस्थलमा ताकि प्रहार गऱ्या। ताहाँ रावणले पनि बाण वृष्टि गरिकन इन्द्रलाई छोप्या, अन्योन्यले बाण प्रहार गऱ्या। ताहाँ रावणले अग्नितुल्य बाणले इन्द्रमाथि प्रहार गऱ्यो। एस् प्रकारले परस्पर बाण प्रहार गऱ्या र आकाशमा बाणले छोपि अंधकार भै छोप्या र राक्षस देवताका आफ्नु २ सैन्यलाई परस्पर प्रहार गऱ्या। आफ्नु पर पनि जानेन, अनेक चक्र शूल गदा पाश मुशल शक्ति परस्पर आफ्नु सैन्यलाई प्रहार गरिकन दुवैतिर अनेक मृत्यु भया। ताहाँ तीन जनालाई देखिन्थ्यो, इन्द्र रावण मेघनाद ति तीनजनावाहिक अरू देखन पायेन। एस् प्रकारले युद्ध भयाका वेलामा रावणले क्रोध गरिकन आफ्नु सारथिलाई भन्न लाग्या। हे सूत, शत्रुको सेनाका मध्यमा रथ चलाई लैजा, आजुको दिन एस् क्रोधाग्निले संग्राम गरिकन शस्त्रले प्रहार गरिकन समस्त देवतालाई यमपुरी पठाउँछु। हे सूत, अब उपान्त इन्द्र यम वरुण कुवेर देवताहरू सबैलाई मृत्यु गराईकन अरूलाई लोकपाल राजा तुल्याउँछु। हे सूत, तैले डर नमानि रथ चाँडो लैजा। एस् नन्दन वनदेखि उदय पर्वतदेखि रथ चलाउ भन्यो र तेस्ता वचन सुनि मनवेगी अश्व जोरिराख्याको रथ सूतले चलाई लैगयो। ताहाँपछि इन्द्रले पनि देवताहरूलाई आज्ञा गर्नाकन लाग्या, हे देवा, मेरा वचन सुन, तिमिहरूले रावणलाई नमारिकन जिउँदै त्याहाँ ल्याउनुपर्छ। त्यो रावण महाबलियो वायुवेगी रथ तिमिहरूछेउँ आईपुग्ला। हे देवा, त्यस्लाई क्या कारणले मार्नहुँदैन भन्या तेस्ले ब्रह्माछेउँ वरप्रसाद पायाको छ, एस्कारण तिमिहरू सबैले दृढ चित्त गरिकन त्यस्लाई जियाई मेरा अग्रमा समाति ल्याउनुपर्छ भनि आज्ञा गरिकन इन्द्रले नाना शस्त्र-अस्त्र प्रहार गरिकन अनेक राक्षसलाई मार्न्या, अनेक शस्त्र-अस्त्र वृष्टि गरिकन देवताहरूले राक्षस सेनालाई मार्न्या। एस् प्रकारले आफ्नु सेना मारिदियाको देखि रावण उत्तर दिशाबाट आईकन देवताहरूमाथि अनेक बाणवृष्टि गरिदियो। त्यो देखिकन इन्द्रले पनि दक्षिण दिशाबाट त्रासमान गरिकन आई रावणलाई समातिकन

लैगयो। त्यो देखिकन दानव राक्षसहरू कराउन लाग्या, हा हा! अब मर्‍या २ भनि महाकल्लोल भयो र त्यो देखिकन चाँडै मेघनाद रथमा चढिकन अत्यन्त क्रोध गरिकन महावीर मेघनाद देवताका सैन्यमाथि गैकन नाना माया गरिकन देवताहरूलाई लैगयो, इन्द्रलाई हेरि दगुरिकन जान्या मेघनादलाई कसैले देखेनन्। एस्तकारले गैकन आफ्नु पिता रावणलाई महात्रासमान गराई लैजान्या इन्द्रमाथि मेघनादले माया गरि अनेक शरवृष्टि गरिदियो। ताहाँ इन्द्रले पनि मातरीले पनि रथ छाडि ऐरावत हाति चढिकन मेघनादलाई महायुक्तिले हेरिकन बाण प्रहार गर्‍या। मायावीर मेघनादले देवताहरू नभयाका वेलामा ऐरावत हातिसमेत गरिकन बाण प्रहार गरिकन इन्द्रलाई आफ्नु सेनातिर धपाई लैगयो। ताहाँ देवताहरूको मनमा विस्मय गरि क्या हुनलाग्यो २ इन्द्र काहाँ लैगया भनि सबै देवताहरूले रावणलाई लगारिकन लैगयो। रावणले पनि संग्राम गर्न नसकि अनेक शस्त्र प्रहारले पीडा गरि आयाको रावणलाई देखि मेघनादले देखाहा परिकन भन्नलाग्यो, हे पिता, हामिले जित्यूँ तपाईंले जान्याको छैन कि संग्राम छोडि आउनुहवस्। हे पिता, त्रैलोक्यका स्वामि एस्ता इन्द्रकन समाति ल्याच्यूँ, अब हाम्रा हात पर्‍यो, तपाईंले त्रैलोक्यका सुख भुक्तमान गर्नुहवस्। अब जुन मूल इन्द्रलाई ल्याई-शकुँ त वृथा संग्राम गर्नु क्या प्रयोजन भनि एस्तकारको मेघनादको वचन सुनि रावणले सन्ताप छोडि आफ्नु जय भयाको देखि आफ्ना नगरमा जानाकन फर्किगयो। एस्तकारले सेनाले सहित गरि गयाको वेलामा रावणले भन्नलाग्यो, हे पुत्र मेघनाद, धन्य २ तेरा पराक्रम। हे पुत्र, मेरा कुल वृद्धिमान गर्‍या प्रभुत्व भन्या पनि तँ जौना पुत्रका प्रतापले पिता वीर्यवन्त हुन्छ। हे पुत्र, तैले जितिल्यायौ त पनि मैले जित्याको जस्तो भयो, तेरा प्रतापले एस्तो यश मैले पाया। अब इन्द्रलाई तेसै नलैजा, रथमा राखिकन लैजाउ, तिमि अघ्यारै नगरभित्र जाउ, तेरो पछि २ म आउँछु, मन्त्रीले सहित गरि महाहर्षले म आउँछु भन्यो र मेघनादले पनि आफ्नु सेनासहित गरि रथमा इन्द्रलाई राखि महायात्रा गरिकन लंकापुरीभित्र गयो। युद्ध गर्‍या राक्षसहरू सबैलाई जोग्य २ प्रमाणले प्रसाद दीकन आफ्नु २ गृहमा पठायो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे इन्द्रविग्रहणं नाम षट्त्रिंश सर्गः ॥ ३८ ॥

१६

श्रीमहादेव उवाच— ताहाँपछि हे पार्वति, रावणको पुत्र मेघनादले इंद्रलाई जितिकन लंकाभित्र लैगयो र देवताहरू ब्रह्माछेउँ शरण गया, इंद्र लैगयाको वृत्तांत सबै विंति गऱ्या र ति वचन सुनि ब्रह्मा प्रमुख देवताहरू सबै लंकामा गया। ताहाँ रावण पुत्रसहित मंत्री प्रभृति साभा वस्याका वेलामा ब्रह्मा प्रभृति देवताहरू सबै आकाशमा वसिकन आज्ञा गऱ्या। हे वत्स रावण, तेरो पुत्रको पराक्रम देखि म संतोष भऱ्यूँ, तेरो समान त्रैलोक्यमा पनि कोहि छैन तेरा प्रतिज्ञा साफल्य भयो। हे वत्स रावण, पुत्र मेघनाद अत्यंत पराक्रमी अब तेरो पुत्रको नाम इंद्रलाई जित्याका निमित्तले इंद्रजित भनि त्रैलोक्यमा पनि प्रकाश होला। हे रावण, तेरो पुत्र महादुर्जयका प्रभावले तेरो प्रतिज्ञा सबै पूर्ण गरि त्रैलोक्य सबै जित्यो। हे रावण, ति इंद्रलाई तेसो राखनु छैन छाडिदे। ति इंद्र मुक्त गर्नानिमित्यले देवताहरू सबैले मछेउँ विंति गर्न आया भनि आज्ञा गऱ्या। ति वचन सुनि मेघनादले भन्न लाग्यो हे, ब्रह्मन्, इंद्रलाई मैले छोडनुपऱ्यो मलाई अमरावति छोडाईदिनुहवस् भन्यो र ब्रह्माले आज्ञा गर्न लाग्या। हे मेघनाद, अमरावति प्रदेषि पाउनु भन्नु छैन, कोहि प्राणीहरूले पनि चतुष्पाद खेचर भूत तपस्वी आदि वृक्ष गुल्म लतादि पृथ्वीमा जति भयाका प्राणीहरू सबैले अमरत्व पाउनु छैन भनि आज्ञा गऱ्या र मेघनादले भन्न लाग्यो, हे ब्रह्मन्, मैले अमरत्व पद पाउनु नभया मैले विंति गर्न लाग्याको प्रसन्न भयाजावस्। मैले शत्रुलाई मार्नाका अर्थले रणयज्ञ गरिरहन्छु, तेस् वेलामा यज्ञ संपूर्ण नहुँदैमा मेरा शत्रु आईकन मेरा यज्ञ विघ्न गरिदेला तेसै वेलामा मात्र म मृत्यु होस्, तेसो नभयासंम म मृत्यु नहुन्या एस्ता वर मलाई प्रसन्न भयाजावस् भनि विंति गऱ्यो र ब्रह्माले आज्ञा गऱ्या, हे मेघनाद, तथास्तु, तैले भन्याको जस्तै तेसै द्वारले मात्र तेरो मृत्यु होस् अरू द्वारले तँ मृत्यु नहवस् भनि ब्रह्माले वर दिया र ई वचन सुनि मेघनाद अत्यंत हर्षमान गरिकन इंद्रलाई बंधन मुक्ति गराई छाडिदियो। ताहाँ देवताहरूसहित महादुःख लज्जाले निहुरीकन इंद्र गया। तहाँ लज्जाले रह्याका इंद्रकन देखि ब्रह्माले आज्ञा गर्नाकन लाग्या, हे इंद्र, तिमि मूर्ष भैकन जड जस्तो क्यान बस्यौ, दुःखको चिंता छोडनुहवस्। हे इंद्र, परापूर्वमा मैले अनेक सृष्टि गऱ्याथ्यौं, समस्त वरोवर गरि वनाथ्यौं, वर्ण जाति लक्षण वीर्य निर्विशेषले सृष्टि गऱ्याथ्यौं, मैले समस्त प्रजाका रूप लीकन उत्तम स्त्री अहिल्या-

कन सृष्टि गऱ्याँ । हे देवराज इंद्र, मैले तेस् प्रकारले सृष्टि गरिकन त्यो स्त्री कस्कन दिउँला भनि चिंतना गरिरह्याँ । तेस् वेलामा मछेउँ तिमि आईकन त्यो स्त्री मलाई देउ भनि तिमिले भन्यौ र तेस वेलामा मैले तिमिलाई नदीकन त्यो कन्या गौतम ऋषिको दृढव्रत हेरिकन गौतमलेउँ नासो राख्याथ्याँ । अनेक कालसम्म राख्यार पनि गौतमको चित्त विकल्प भयेन, एस् प्रकारले गौतमको चित्त दृढ भयाको देखि नासो राख्याकी स्त्री रक्षा गरिराख्याको देखि मैले ति गौतमलाई त्यो स्त्री तिमिलाई लेउ भन्या र गौतम र अहिल्या दुवै स्त्री पुरुष भयौ । ताहाँपछि अहल्याकन स्त्री तुल्याउनाकन निमिचले आईरहन्या देवताहरू फर्कि गया । ताहाँपछि तिनै गौतमका आश्रममा गैकन अग्निशिखा जस्तो रह्याको अहल्याकन देखि तिमिले कपट गरिकन, गौतमलाई दुःख दियौ । ताहाँ तिमिले कपट गऱ्याको देखि गौतम ऋषि क्रोध भैकन तेजस्वी ऋषिले तिमिलाई श्राप दियो, हे पापात्मा, तँ देवराज भैकन, तैले मछेउँ द्रोह गरिस्, अब तेरो अमरावती स्थिर भै नरहोस् भनि । हे इन्द्र, एस् प्रकारले तिमिलाई श्राप दीराख्यापछि फेरि आफनी स्त्रीलाई श्राप दिन लाग्यो । हे स्त्री, तँ मेरो अग्रमा नबस्, एस्ता कुकर्म गर्न्या तँ समस्त लोकमा कुरूप भै रहोस् भनि अब उप्रांत समस्त प्रजाहरू रूपवती हुबस् भनि एस् प्रकारले श्राप दिया र अहल्याले विन्ति गर्न लागिन् । हे प्रभु, स्वामी, अजानले मैले एस्तो कर्म गरि तपाखिका रूप धारणा गरि आया र मैले एस्तो कर्म गऱ्या । मेरो अपराध होईन नजानिकन गऱ्याँ, एस्कारण मेरोउपर दया प्रसन्न भयाजाबस् भनि विन्ति गरिन् र गौतम ऋषिले भन्न लाग्या । हे स्त्री, इक्ष्वाकु वंशमा जात भैकन महात्मा रामचन्द्र वनवास जानुहोला, तन् रामको दर्शन जौना वेलामा तैले पाउलिस् तेस् वेलामा तेरो पाप मुक्त भैकन तँ र म स्त्री पुरुष हौंला भनिकन गौतम ऋषिले आपना आश्रम छोडि गया । हे इन्द्र, तेस् दिनदेखि प्रजाहरू सबै रूपवन्ती भयो । हे इन्द्र, एस् प्रकारका तिम्रा पूर्वका कर्म सम्झनुहोला त्यसैकारण यो तिम्रा शत्रुका हस्तमा पऱ्यो । हे इन्द्र, तिम्रा कर्म पो तिमिले भुक्तमान गऱ्यौ । हे इन्द्र, अब चाँडै तिमिले वैष्णव यज्ञ गर, वैष्णव यज्ञ गऱ्यापछि तिमिलाई पापले छाडिकन जितेन्द्रिय भै राज्य प्राप्ति हुन्छ । तिम्रा पुत्र जयन्त मृत्यु भयो भनि ठानि तिमिले दुःख गर्नुभयो । तिम्रा पुत्र संग्राममा मऱ्याको छैन, आफ्नु बाज्या पुलोमाले लैगैकन समुद्रमा राखनु लैग्यो भनि ब्रह्माले आज्ञा गऱ्या र यो बचन सुनि इन्द्रले वैष्णव यज्ञ गरिकन स्वर्ग राज्यमा देवतासहित गरि इन्द्र गया । हे रामचन्द्र, तेस् मेघनादका पराक्रमका कुरा तपाखिछेउँ विन्ति गरिसक्यौं, जौना मेघनादले इन्द्रलाई सुद्धा जितन सामर्थ भयाका

तेस्ले अरुलाई जितनाकन क्या कष्ट छ । हे रामचन्द्र, रावणको पुत्र वंशका कुरा तपाखिलाई सुनाईशक्यौं भनि अगस्त्य ऋषिले श्रीरामचन्द्रलाई सुनाउनुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे अहल्याशापं नाम सर्गः ॥ २६ ॥

30

हे रामचन्द्र, ताहाँपछि रावण मन्त्रीसहित भैकन लंका छाडि पश्चिम दिशा गयो । एस् प्रकारले जाँदा २ समुद्रका मध्यमा एकजना पुरुषलाई देख्यो, अग्निपुञ्ज जस्तो रह्याका ति प्रलय कालका अग्निलाई देखिकन ति महापुरुषलाई रावणले भन्न लाग्यो, हे पुरुष, मलाई युद्ध दे भन्यो र ति पुरुषले दाँत किट्किटायाको शब्द कस्तो भन्या रथका घोषशब्द जस्तो, ताहाँ रावणले मन्त्रीसहित गरि महाशब्दले नाद गरिदियो । हे श्रीरामचन्द्र, ति पुरुष कस्ता छन् भन्या, महाभयानक दाहा कम्बुग्रीव मन्द कुक्षी पिंगल नेत्र यमजस्तो पाद रक्ततालु मनवेगी महाजाज्वल्य ज्वालाको माला युक्त क्षुद्रघंटिका सुवर्णको पद्ममाला लाईरह्याका महा जाज्वल्यमानले सुवर्णको पर्वत जस्तो रह्याका तेस्ता पुरुषकन अंजनका पर्वत जस्तो रहन्या रावणले अनेक शूल शक्ति तोमर नाना शस्त्र अस्त्रले प्रहार गर्न लाग्यो र ति पुरुषले याद पनि गरेन, व्याघ्र देखिकन सिंहलाई त्रासमान भयाजैं नदीका वेगले समुद्र कम्पन भयाजैं वसिकन रावणलाई भन्न लाग्या, हे राक्षस, तैले युद्धको श्रद्धा गरि श्रमण गरि हिंड्दछस् ऐल्हे तँलाई मार्नु सामर्थ छन भन्या र हे श्रीरामचन्द्र, जौना रावणले समस्त लोकलाई भय दिनु समर्थ भयाका त्यस्को पराक्रमभन्दा हज्जार पराक्रमसंयुक्त पुरुष धर्म तप संसारका सिद्धको हेतु ति दुवै प्रकार ति पुरुषको उरस्थलैमा छन्, काम विश्व, सिल्लमा मरुत, सिघामा अष्टवसु, सप्तसमुद्र कुक्षिमा, पार्श्वमा दश दिशा, देवताहरू पितरहरू पृष्ठमा, जस्का हृदयमा गोदानादि, पवित्र भूदान सुवर्ण दानादि रोमावली, हिमवान हेमकूट मन्दल सुमेरु प्रभृति पर्वत सबै तन्का शरीरमा अस्थिर भै रहन्छन्, जलमूत्र बाहु विधाता दुई हस्त शेषनाग वासुकि कम्बु विडालाक्ष तक्षक प्रभृति नाग सबै तन्का अँगुलामा नाकको इलामा वायुदेवता ग्रीवमा वेदवाक्य सरस्वति अश्विनीकुमार कानमा जस्का नेत्र चन्द्र सूर्य वेदांग यज्ञ धर्म शास्त्रादि विद्याले तन्का देहमा सेवा गरि रहन्छन्, एस्ता पुरुषोत्तम-

छेउँ रावणले युद्ध माग्यो र ति पुरुषले भलिक हात उचालिकन देखायो । त्यो देखिकन रावण अचेष्टा भैकन लोट्यो । रावण लोटेयाको देखि सबै सेना भाग्या । ताहाँपछि ति पुरुष पनि पाताल प्रवेश हुनुभयो, पर्वतसमान पुरुष गयापछि रावण चाँडै उठिकन हेर्नलाग्या र मन्त्री-हरू नभयाको देखि डाकिकन शुकसारणादिछेउँ सोधन लाग्या, हे मन्त्रीहो, त्यो पुरुष काहाँ गयो, देख्यौ कि भन्यो र ताहाँ शुक सारणादिले भन्न लाग्या, हे महाराज, त्यो पुरुष आहिवाट ओल्लो भन्यो र रावण खड्ग लीकन त्यस् द्वारवाट रावण पनि गयो । दुर्मति भयाको रावण निर्भयले लैगयार ताहाँ अनेक पुरुषलाई देख्यो, केयूरादि नाना अलंकारले भूषण गरि रक्तमालासंयुक्त नाना प्रकारका गहनाले आभूषण गरि नाविरहन्या तीन् कोटि ३०००००० पुरुषलाई देख्यो, महाउत्सवले संयुक्त निर्मल देह अग्निजस्तो वसिकन नाना क्रीडा गरिरहन्याकन देख्यो । फेरि एकवर्ण तेजवन्त चतुर्भुजा महात्मा तेस्ताकन रावणले देख्यो । तेस् पुरुषलाई देखिकन रावणको मनमा त्रासमान गरिरह्यो, फेरि मैले ता ब्रह्मावर पायाको छ भनि चिताई द्वारवाट भित्र जाँदा शय्यामा सुतिरहन्याकन देख्यो । तेसै शय्यामा सुतिरह्याकी कस्ती छन् भन्या शय्यामा धवलमय ति पुरुषका आसपासमा अग्निले वेष्टित गरिकन दिव्य सुगन्ध, दिव्यवस्त्र, दिव्यमालाले भूषण गरिरहन्या तेस्ती स्त्री त्रैलोक्यमा पनि दुर्ल्लभ तेस्ती स्त्रीकन देख्यो, लक्ष्मीसमान सुन्दरी त्रैलोक्यमा पनि दुर्ल्लभ त्यस्ती स्त्रीकन देख्यो र रावणले चित्तमा हर्षमान गऱ्यो । शुकसारणादिहरू पनि ताहाँ कोहि छैनन्, तेस् वेलामा रावणले त्यो स्त्रीको हात समाउन लाग्दा आशीविषसमान पुरुष सुतिरहन्याले रावणलाई हेरिकन अट्टाहले हाँसनुभयो । एस्सकारले हाँस्याका शब्दले रावणको शरीर अग्निले दग्ध गऱ्याजैं भयो र महावृक्ष वायु लागि ढल्याजैं रावण भूमिमा पल्ट्यो । एस्सकारले लोट्याको रावणकन देखि त्यो पुरुषले भन्नलाग्या, हे राक्षसौउच्छिष्ट २, तेरो काल आहाँ होईन ब्रह्माका वरप्रसादले तँ बाँचिस् । हे रावण, तँ फर्किजा भन्या र मुहूर्त्तमात्रपछि चैतन्य भयो र महात्रासमान गरि रावणले भन्नलाग्यो, हे महापुरुष, धन्य २ तपाधिसमान पराक्रमी कोहि हुन्याछैनन्, तपाधि को हौ भन्या र ति पुरुष मेघले गर्ज्याको जस्तो शब्दले हाँसिकन भन्नलाग्या, हे दशग्रीव, तैले सोधनाको क्या कारण छ ! ढेरै काल विताईकन तेरो प्राण लिन्या म हुँ भनि आज्ञा गऱ्या र रावणले भन्नलाग्यो, हे महापुरुष ब्रह्माका वरप्रसादले मलाई मृत्यु गर्न सक्न्या कोहि छैनन्, म जस्ता अवदेषि अधि कोहि पनि उत्पत्ति भयाको छैनन् उत्पत्ति हुन्या पनि को छन् ? जौना प्रजापतिका वरप्रसाद विपरीत भया मात्र मलाई मार्नसक्ला । ब्रह्माका वर हुया गर्न्या त्रैलोक्यमा

कसैलाई देख्याको छैनन्, एस्कारण म अमर हुँ ब्रह्माको वरप्रसाद व्यर्थ गर्न कस्को सामर्थ होला भनि कुरा गरिरहँदा ती पुरुषको शरीरमा त्रैलोक्यमा कसैलाई देखिन द्वादशादित्य १२ अष्टवसु ८ साध्यगण ६४ एकादशरुद्र ११ उनंपचासवायु ४९ अश्विनीकुमार २ पितरगण दिग्देवता, पर्वत, समुद्र, चतुर्वेद ४ अग्नि ३ ग्रह ९ तारागण व्योमचारी सिद्ध गन्धर्व चराचर ऋषि, गरुड, भुजंग, देवता, यक्ष, दैत्य, राक्षसादि शय्यामा रहन्या पुरुषको शरीरमा रावणले देख्यो। हे श्रीरामचन्द्र, रावणले तेस्ता आश्चर्य विश्वरूप देख्यो। ति वचन सुनि श्रीरामचन्द्रले अगस्त्यछेउँ सोध्न लाग्या, हे मुने, समुद्रका मध्यमा रहन्या ति पुरुष को हो आज्ञा गर भन्या र अगस्त्य ऋषिले श्रीरामचन्द्रलाई सुनाउन लाग्या। हे श्रीरामचन्द्र, ति पुरुष पुरुषोत्तम देवताका पनि देव कपिलमुनि औतार ति कपिल साक्षात् नारायण परमपुरुष समस्त भूत धारण गरिरहन्या अन्तकालमा संहार गर्न्या अनादि अच्युत महाविष्णु प्रभु अविनाशी हुनुभयाका त्रिकोटी नाचिरहन्याहरू तिन्का पुत्र सबै महातेजस्वी त्यस्ता महापुरुषले क्रोधले हेरेनन् र रावण भस्म भयेन। ताहाँपछि रावण शुकसारणादि वस्याका ठाउँमा आईकन लंकामा फर्किगयो। हे श्रीरामचन्द्र, रावणका मेघनादका आदिको कुरा सबै तपाल्किका हजूरमा विन्ति गरिसकेउँ भनि अगस्त्यमुनिले आज्ञा गर्न्या र श्रीरामचन्द्र प्रभृति सभामा बस्न्या सबैले अद्भुत मानिरह्याको देखि ताहाँ विभीषणले भन्नलाग्या, हे अगस्त्य महामुने, ई पूर्वकालका कुरा विर्सिरह्याथ्यूँ तपाल्किले आज्ञा गर्नुभयो र अब मैले समझिन्याँ। ई कुरा निश्चय २ भन्या र अगस्त्य ऋषिले आज्ञा गर्नलाग्या, हे रामचन्द्र, ती रावण र मेघनाद त्यो दुवै महापराक्रमी ति दुवैको भन्दा हनुमान पराक्रमी छन् भनि मैले चिताया, धैर्य्य, चैतन्य सुत, प्रज्ञाबुद्धि वीर, प्रभाव समस्त गुणले संयुक्त भयाका हनुमान ति दुवैको भन्दा महापराक्रमी छन्। हे रामभद्र, ती हनुमानको महिमा सुन्नुहोस्। सात समुद्र हेरिकन सन्ताप गरिरहन्या वानरहरू सबैलाई ति हनुमानले आश्वासाले वचन दीकन शय योजन विस्तार भयाका समुद्र नाघि जानु सामर्थ भयाका एस्मकारले गैकन समस्त लंका राज्यमा विध्वंस गरि रावणको अन्तःपुरभित्र गैकन सीतालाई आश्वास दीकन किंकरादि अनेक राक्षससेनालाई मार्नुभयो। ताहाँ मेघनादले बन्धन गर्न्यो र रावणसित कुरा गरिकन बन्धनमुक्त गराई लंकापुरी समस्त दग्ध गर्नुभयो, एस्कारण हनुमानसमान वीर कोहि छैनन्। हे रामभद्र, हनुमानका जस्तो विक्रम कालदेवका इन्द्र विष्णु कुबेर तिनिहरूका पनि छैनन् भनि अगस्त्य ऋषिले आज्ञा गर्न्या र श्रीरामचन्द्रले हर्षचित्त गरि धन्य २ हनुमानका पराक्रम भनि चिन्तना गरि अगस्त्यछेउँ फेरि आज्ञा गर्नलाग्या,

हे महामुने, तपाखिले आज्ञा गर्नुभयाका कुरा सत्य २ । लंकामा युद्ध गरिकन सीता फिराई-ल्यायाका, लक्ष्मणका प्राण बाँच्याका, अयोध्या राज्य फिरीकन मित्र कुटुम्बादिसित एस्प्रकारले बस्न पायाका ई सबै हनुमानका कृपाले हो । वानरका श्रेष्ठ हनुमानविना सीता फिराईल्याउन् कसैले सकेनन् ई सबै कुरा निश्चय हो, ति महापराक्रमी हनुमानले कयान मार्नुभयेनन्, हे मुने, एस् कुरा मात्र मेरा मनमा संदेह छन् । हे मुने, मेरा मनमा एस्तो चिंतना भयो, ति हनुमानले आपनू बल पराक्रम आफुले जानिन होला, कयानभन्या आपना पराक्रम आफुले जान्याको भया, सुग्रीवले त्यस्तो दुःख पाई हिँड्याको कयान हेरिरहनान् । हे मुने, अब ति हनुमानका बल पराक्रमादि वृत्तांत मैले सुन्याको इछा भयो, विस्तारले आज्ञा गर्नुभयाजावस् भनि आज्ञा गऱ्या र तेस् वेलामा ऋषिले संयुक्त आज्ञा गर्नाकन लाग्या । हे रामचंद्र, रघुश्रेष्ठ, तपाखिले आज्ञा गर्नुभयाको कुरा सत्य २ हो, कयानभन्या परा पूर्वमा ऋषिका श्रापले हनुमानले आपना बल आफुले जानेननू, आपना बल आफुले जान्याको भया ति हनुमानले बालि मार्नाको कथा कष्ट छ । हे श्रीरामचंद्र, हनुमान बालपना, तन्ले गऱ्याको पराक्रमका वर्णना मैले बोलनु पनि सामर्थ छैनन् आजभोलि गर्नुभयाको त कथा भनु सामर्थ होला । हे श्रीरामचंद्र, ति हनुमंतको कुरा सुन्नु इछा भया एक चित्त गरि सुन्नुहवस् । हे श्रीरामचंद्र, श्रीसूर्यले वर प्रसाद दियो र सुमेरु पर्वतविषये केशरी नाम वानर हनुमानको पिता बस्याका थिया । ति केशरीका भार्य्या अतिप्रिय अंजनीनाम पतिव्रता ति अंजनीको गर्भबाट वायुदेवताका वीर्यले रक्त सालीधान्यवर्ण पुत्र जन्म्या । ति अंजनी फलफूलादि लिनाकन वनविषये गईन् । एस् प्रकारले आपना माता गयाका वेलामा क्षुधाले पीडा गरि र अत्यंत रोदनी गऱ्यो । गरुड समान वीर वानरले तेस् वेलामा श्रीसूर्य जपापुष्प जस्तो वर्ण भैकन उदय भयाको देखि फल भनि चिताई श्रीसूर्य आकाशमाथि कुदिकन गया । हे श्रीरामचंद्र, ति हनुमान बालप अवस्थालाई देखि देव दानव सिद्धगन्धर्वादिले महाअद्भुत मानिरह्या, कस्ता आश्चर्य भनि वायुका पनि गरुडका पनि त्यस्तो वेग छैन त्यस्तो वेग कसैका पनि हुन्या छैन, बालपना तेस्तो पराक्रमले संयुक्त यौवन भयापछि कत्तिको हुनन् भनि समस्त देवताले भन्याको सुनि हनुमानका पछि २ वायु देवता गया । तन्का निमित्तले हनुमंत बलियो भयो, हनुमानका जस्तो तेज धैर्यवंत गंभीर कसैका पनि छैन । हनुमान श्रीसूर्यछेउँ बलले जाँदा वायुदेवताले शीतल गराईदिया, सूर्यको तापले आपना पुत्रलाई दग्ध गर्न लाग्या र अनेक सहस्र योजनमाथि गैकन वायु देवताले श्रीसूर्यका छेउँ भन्न लाग्या, हे श्रीसूर्य, ति बालप वानरले दोष गुण जान्याको छैन, तन्ले ठुलो कार्य्य

गराउनु पर्याछन् भनि वायुदेवताले भन्या र श्रीसूर्य्यले दग्ध गरेनन् । तेस् दिनमा राहुले सूर्य्यग्रहण गर्नाकन आउँदा त्यस् राहुले श्रीसूर्यका मनि रहन्या हनुमान देखिकन राहु त्रासमान गरिकन हनुमानका डरले भागिगयो । एस् प्रकारले गैकन इन्द्रका अग्रमा महा-क्रोध गरिकन भन्न लाग्यो, हे इन्द्र, मेरा क्षुधा शांति गर्नाकन चन्द्र सूर्य ग्रास गर भनि मलाई तपाचिले आज्ञा गर्नुभयाको थियो र आज पर्वकालमा श्रीसूर्य ग्रास गर्नाकन म जाँदा अरु राहुले सूर्य ग्रास गऱ्यो, मलाई दीराघनुभयाको अब तपाचिले अरु-लाई क्यान दिनुभयो भन्या र ताहाँ देवराज इन्द्र जुरुक उठिकन धनुर्बाण र वज्र लीकन कांचन मालाको भूषण गरि कैलाश पर्वतसमान ऐरावत् हात्तिलाई-अलंकार लगाई सुवर्ण घंटादिले संयुक्त ऐरावत् हात्ति चढि देवराज इन्द्र जानुभयो, राहु अग्रमा राखिकन गया । तेस् वेलामा श्रीसूर्य ग्रास गर्नाका अर्थले इन्द्रको चन्दा अघिबाट तेस् राहु आउँदा ति हनुमानले पर्वत समान मेघवर्ण तेस् वेलामा राहुकन देखि त्यो ठुलो फल भनि चिताई सूर्यमंडल छोडि राहुमंडलतिर हेरिकन हनुमान माथि गया, सिंहिकाको पुत्र राहुलाई समात्नाकन गया । हे श्रीरामचन्द्र, सूर्यमंडल छाडि आफुमाथि आईलाग्याका हनुमानकन देखि हे इन्द्र २ भनि भागी आउन्या राहुका शब्द सुनिकन इन्द्रले आज्ञा गऱ्या, हे राहु, नडराउ २ मैले मारूँला भनि इन्द्रले आज्ञा गरिरहँदा फेरि हनुमानले महाशरीर ऐरावत् हाति देखिकन महाठुलो फल भनि चिताई राहुलाई छोडि ऐरावत् हात्तितिर हेरिकन महाकालाग्नि जस्तो मूर्त्ति भयाका हनुमान दगुरिकन आयाको देखि इन्द्रले प्राण लिनाको इछा गरि वज्र प्रहार गरिदिया र हनुमान आकाशबाट आफु बस्याका पर्वतैबाट खस्या । हे श्रीरामचन्द्र, एस् प्रकारले वज्रप्रहार गरिदिया र हनुमानका प्राण त्याग भयो । एस् प्रकारले आफ्ना पुत्र मारिदियाको देखि वायु देवताले क्रोध गरिकन समस्त देहछेउँ रह्याका वायु झिकिलिया र समस्त लोकका हातगोडा चलाउन नसकि काष्ठ जस्तो शरीर भयो, वायुदेवता कोप भैकन क्रिया कर्म नीति लोकका शब्द सबै शून्य भयो एस् प्रकारले वायुदेवता कोप भयाको देखि समस्त देवताहरू ब्रह्मा-छेउँ विंति गर्नाकन गया र समस्त वृत्तांत विंति गऱ्या । हे ब्रह्मन्, तपाचिले अनेक प्रजा इत्यादि हामिलाई तपाचिले सिर्जना गर्नुभयोऽथो । हे प्रजानाथ, जरायुज अंडज उद्भिज हाम्रा अनुरूप गराई तपाचिले वायु दिराघनुभयाका प्रजाका प्राण वायु आयु भनि दीराघनुभयाको वायु अब त्यो वायुदेवताले समस्तछेउँ रह्याको वायु लीकन महादुःख गरायो अब कसो गर्न्या हो ! हाम्रा पितामह तपाचिले एस्कारण चिंता गर्नुभयाजान्नस् भनि विंति गऱ्या र त्यो वचन सुनि ब्रह्माले

आज्ञा गर्नाकन लाग्या, हे देवतादि प्रजालोकहो, वायुदेवता क्रोध भयाको कुरा मैले सुनाउँछु सुन्नुहवस् । जौना वायुको पुत्र बालघलाई इन्द्रले वज्र प्रहार गरि मृत्यु गराया, राहुको वचन सुनि इन्द्रले मारिदिया र वायुदेवता क्रोध भया, त्यस्ता वायुदेवता क्रोध भयापछि क्यान दुःख प्राप्ति हवैन ! वायुले आपना शरीर छाडि प्राणीहरूका शरीरमा लागी अनेक सुख प्राणीहरूलाई भुक्तमान गराउन्या तेस्ता वायुले छोड्यापछि समस्त शरीर काठ जस्तो रहला । हे देवा, अथवा प्राणीका प्राणवायु हुन्, समस्त सुखदायी हुन्, संसारमय वायु छ, तेस्ता वायुले छोड्यापछि सुख वस्तु क्या हुन्छ । हे देवा, अब हामिहरू सबै वायु वस्याका ठाउँमा जाउँ हिंड भनि ब्रह्मा प्रभृति देवता सबै गन्धर्व यक्षादि सबै वायुका ठाउँमा गया । ताहाँ मृतक हनुमान काँधमा राखि शोक गरिरहन्या वायुदेवताले ब्रह्मा आदि देवता आयाको देखि त्यो वायु देवताका हर्षचित भयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे हनुमतोत्पत्तिर्नाम सर्गः ॥ ३० ॥

३१

ब्रह्मा आउनुभयाको देखि मृतक पुत्र छी जुरुक् उठिकन वायु देवताले ब्रह्माका चरणमा ढोक दीरह्या । ब्रह्माले पनि वायुदेवताको शिर दुवै हातले समाई उठाउनुभयो ,ताहाँ ब्रह्माले मृतक हनुमानको शरीर छोईदिनुभयो र जिउँदो भै आयो । अनेक धान्यादि जल वृष्टि भैकन जिआयाको जस्तै मऱ्याको पुत्र जियाको देखि वायुदेवताले हर्षमान गरिकन समस्त प्राणिहरू-छेउँ अघिको जस्तै प्रवास गऱ्या । ताहाँपछि समस्त प्राणीहरूका हर्षमान चित्त भयो, शीतवातले मुक्त भैकन पद्म पुष्प फुऱ्याझैं एस् प्रकारले प्रजाहरू सबै अघिको जस्तै भयाको देखि ब्रह्माले आज्ञा गर्दा भया । हे देवा, तिमिहरू सबैले मेरा वचन सुन । ति वायुदेवताको पुत्र हनुमानले तिमिहरू सबैलाई ठुलो कार्य गर्न्याछन् , एस्कारण हामिहरू सबैले तन्लाई वरदान दिउँ भनि आज्ञा गऱ्या र सहस्र नयन रक्तांवर इन्द्रले आज्ञा गर्नाकन लाग्या, अब मेरा वज्रले तनका हृदयमा लागि मृत्यु भयो र अब तनका नाम हनुमंत भयो, अब तन्लाई मैले उत्तम वर दिन्छु । अब उप्रांत वज्र प्रहारले तन्को मृत्यु नहवस् भनि इन्द्रले वर दिया, हनुमंतका गलामा पद्म मालालाई

दिया। ताहाँपछि श्रीसूर्यले वरदान दिया, मेरा तेज शय खण्डमा एक खण्ड तेज तँलाई भयो भनि आज्ञा भया। ताहाँपछि वरुणले आज्ञा गऱ्या, हे हनुमंत, तिमिले शास्त्र पहनु इछा भया पंडित तुल्याई दिंछु भनि वरुणले भन्या। हे हनुमंत, एकलाष वर्षपर्य्यन्त तम्रो मृत्यु नहवस् भनि यमराजले वर दिया। हनुमंत, तिमिलाई यमदंडको भय नहवस् निरोगी भैकन संग्राममा विद्यातन हवस् भनि कुवेरले वर दिया। मेरा गदाले पनि अरूका गदाले पनि तिमिछेउँ प्रहार गर्दा व्यर्थ भैजावस् भनि ताहाँ श्रीमहादेवले पनि वर दिया। हे हनुमंत, मैले पनि मेरा आयुधले तिमिलाई मृत्यु गर्न नसकोस् भनि आज्ञा गऱ्या। हे हनुमंत ब्रह्माले पनि ब्रह्मदंडले पनि तिमि अवध्य भैकन दीर्घायु हवस् भनि आज्ञा गऱ्या। ताहाँपछि विश्वकर्माले आज्ञा गर्न लाग्या, हे हनुमंत, मैले बनायाको शस्त्र अस्त्रले तिमि वध नहवस् भनि आज्ञा गऱ्या। ति देवता सबैले वर प्रसाद दीसक्यापछि ब्रह्माले आज्ञा गऱ्या। वायु, तिम्रा पुत्र अमरभाव भयो, विषाद नगर्नुहवस्। वायु, तिम्रा पुत्रले श्रीरामचंद्रको हर्ष गर्नाकन रावण मार्नालाई अनेक पराक्रम गर्न्याछन् भनि आज्ञा गरिकन ब्रह्मा प्रमुख देवताहरू सबै फिरिगया। ताहाँपछि वायुदेवताले आफना पुत्र लीकन ति कुरा सबै अंजनालाई सुनाईकन हनुमंत अंजनाको हात सौंप्या। ताहाँपछि वरप्रसादका प्रभावले शरीर वृद्धिमान भैकन ति हनुमंतले ऋष्याश्रममा अनेक उच्चाटन गऱ्या, केहि देखि पनि डरायेनन्। स्रुक्, स्रुवादि ज्या ज्या कर्म, कृष्णाजिन चीरवस्त्रादि नाना प्रकारले भग्न गरिदिया। एस् प्रकारले नाना उच्चाटना गरि हिंड्ध्या, ताहाँ ऋषिहरूले चिंतना गरि भन्न लाग्या, ति अवध्य भयाका त्योसित क्या गरूँ भनि क्षमा गऱ्या। एस् प्रकारले उच्चाटना गऱ्याको देखि आफना पिता केशरी वानरले त्यसो नगर भन्या र पनि सुनेनन्, अनेक ऋष्याश्रममा उच्चाटना गऱ्या र भृंगुवंशादिमा जात भयाका ऋषिहरूले अंगरागादिका कुलमा जात हुन्या ऋषिहरू सबै क्रोध गरिकन श्राप दिया। हे हनुमंत, तिम्रा बलका अहंकारले हामि सबैलाई तैले दुःख दियो, अब तिम्रा बल आफुले नजानोस् भन्या र हनुमानको बल तत्क्षणैमा हीन भयो। हे रामचंद्र, परापूर्वका हनुमंतका हनु भग्नादि गऱ्याका पर्वतमा बस्याको कुरा तेज बलका कुरा विति गरिसक्यौं। हे श्रीरामचन्द्र, तपाखिले आज्ञा गर्नुभयाका जस्तै ति हनुमान आफना बल आफुले जानेन निश्चय हो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे ऋषिलोक प्रवासनाम सर्गः ॥३१॥

३१

हे श्रीरामचंद्र, वालि सुग्रीवको पिता विराजनाम वानरका राजा सूर्य्य जस्तै तेजस्वी अनेक काल राज्य गरिकन परब्रमा स्वर्ग पायो। हे श्रीरामचंद्र, ति विरजानाम राजो स्वर्गारोहण भयापछि तेन्का मंत्रीहरूले वालिलाई राजा गरिकन आफ्ना भ्राता सुग्रीवलाई अति प्रेमना गरि परस्पर मान्य आदर गरिरह्या। एस् प्रकारले रहँदा वालिको र सुग्रीवका कार्य्यमा कामका हेतुले महावैरित्व भाव भयो। हे श्रीरामचंद्र, एस् प्रकारले विरोध भयो र वालिले सुग्रीवलाई अमान्य गऱ्या। तेस् वेलामा हनुमानले आफ्नावल आफुले जानेनन्, ऋषि शापले जड जस्तो रह्या। ति हनुमन्त कस्तो छन् भन्या पराक्रम उत्साह प्रभाव तेज न्याय अन्याय मर्यादा चतुरंगवल नाना गुणले युक्त भयाका परापूर्वमा ति हनुमन्तले शास्त्र पढनाकन श्रीसूर्य्यछेउँ विन्ति गऱ्या। ति वचन सुनि सूर्य्यले आज्ञा गऱ्या, हे हनुमंत, तिमिलाई मैले शास्त्र कसो गरि पढाउनु म स्थिर भैकन रहन पाउँदैन भन्या र हनुमंतले भन्न लाग्या, तिमिसित भेटन्या गरि आउँछु भन्या र श्रीसूर्य्यले भन्न लाग्या, हे हनुमंत, उसो भन्या मेरा अग्रमा संमुख गरि वसि पढ भन्या र हनुमान श्रीसूर्य्यका अग्रमा वसी आकाशमा व्याकरण पढि उदयगिरिदेखि अस्तगिरिसम्म श्रीसूर्य-छेउँ शास्त्र पढि चित्तमा धारणा गरिकन गया। हे श्रीरामचंद्र, तेस्ता हनुमंतका अग्रमा कोहि वस्न सकेनन्, अंतकका अग्रमा प्रजा वस्न नसक्याजँ हे श्रीरामचंद्र, तेस्ता हनुमान सहाय भयापछि अरूको क्या प्रयोजन छ। सुग्रीव द्विविद नील अंगद ति आदि तिम्रा निमित्तले देवताहरू अवतार लिन आयाका हुन्, रावणलाई मार्नाका अर्थले। हे श्रीरामचंद्र, ति सबै तिमिलाई सुनाई-सकेउँ, हनुमंत वालखमा गऱ्याको कर्म सुनाईसकेउँ। हे श्रीरामचंद्र, तिमिले सोधनुभयाको सबै सुनाईसक्यौं, तिम्रा सुख यात्रा गर्नाका अर्थले हामिहरू सबै आयौं, अब हामिहरू सबै जान्छु भनि विदा भैकन आपना २ ठाउँमा सबै गया। ताहाँ श्रीरामचन्द्रले अगस्त्यका डेरा सुनि महाअद्भुत मानिकन समस्त राजाहरूलाई पनि विदा दीकन रात्रि भयो, अन्तः पुरी-भित्र गयो।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे ऋषिलोकप्रयाणं नाम सर्गः ।३२॥

३३

श्रीरामचन्द्रले राज्याभिषेकन रात विहायापछि प्रातःकालको समय भयापछि गीत नृत्यादि वाद्य स्तुति गर्नाकन गृहमा अनेक लोकहरू आया। ताहाँ राजाले निद्रा छोडाउनानिमित्तले भन्न लाग्या, हे महाराज, महावीर राजेन्द्र, निद्रा छोडाउनभयाजावस्, प्रातःकालको समय भयो। हे श्रीरामभद्र, तपाञ्जिले निद्रा गर्नुभयापछि एस् जगत् संसार पनि निद्रा गर्ला, तपाञ्जिले छोडनुभयादेखि संसारले पनि छोडछन्। हे महाराज, तपाञ्जिको रूप पूर्ण चंद्रमा जस्तो, बुद्धिभन्या बृहस्पतिको जस्तो, क्षमा, भन्या पृथ्वीजस्तो, तेजमा श्रीसूर्यजस्तो, वेगमा वायुजस्तो, समुद्रजस्तो गंभीर हुनुभयाका, दानमा कुबेरजस्तो, दयामा ब्रह्मातुल्य, तपाञ्जि, जस्ता राजा भैकन गयाका पनि छैन आउन्या पनि छैनन्। तपाञ्जि दुर्जय हुनुभयाका, धर्ममार्गमा चलिरह्याका, प्रजालाई हित गर्न्या, कीर्तिमा पनि लक्ष्मीले पनि शोभाले पनि तपाञ्जिसमान कोहि छैनन्। एस् प्रकारले नाना वर्णना स्तुति प्रार्थना गऱ्या र प्रातःकालको समयमा ति शब्द सुनिकन श्रीरामचंद्रले निद्रा छाडिकन जानुभयो। ताहाँ सेवकहरूले हात जोरिकन सुवर्णको घडामा जल राखिदिया, राजा श्रीरामचन्द्रले अनेक शौचादि स्नान पूजा अग्निहोत्रादि गरिकन देव गृहमा गैकन पूजादि पितृतर्पण गऱ्या। ताहाँपछि गुरु ब्राह्मणादिलाई विधान जस्तै पूजा गरिकन आफ्ना पुरोहित मंत्रीहरूसहित भैकन श्रीरामचन्द्र साभामा राजगर्नुभयो, समस्त चतुर्वर्णादि लोकहरू साभामा आईपुग्या। एस् प्रकारले साभामा राजगर्नुभयाका वेलामा भरत, लक्ष्मण, शत्रुघ्न आईकन श्रीरामचन्द्रलाई दंडवत् गरि रह्या, फेरि धर्मात्मा विभीषण चारजना मंत्रीहरू पछि लाईकन आया र तनले पनि श्रीरामचन्द्रलाई प्रदक्षिणा गरि रह्या। देवताहरूसहित भैकन इन्द्र साभामा बस्याको जस्तो महात्मा श्रीरामचन्द्र एस् प्रकारले साभामा बसिकन उत्तम २ नाना कथाहा भनि न्याय मर्यादाको कुरा, पुराणका कुरा, अनेक काम मोक्षको कथा प्रत्यह एस् प्रकारले साभा गरिकन श्रीरामचन्द्रले राज्य गऱ्या, पौरजन सबैले पनि न्याय मर्यात कार्य गऱ्या। ताहाँपछि एक दिनमा जनक राजाछेउँ हात जोरिकन श्रीरामचन्द्रले विंति गऱ्या, हे जनक महाराज, हाम्रा गति आधार तपाञ्जि हौ, तपाञ्जिका कृपाले ई समस्त मैले पाऱ्यौं। इक्ष्वाकु वंशको ठुलो प्रीति हुनुभयाका विशेषले संबंध पनि हुनुभयाका तपाञ्जि आफ्ना नगर छाडि ताहाँ राज गर्नु धेरै काल भयो, अब तपाञ्जिलाई मैले के चढाउँ, यो रत्नादि लिनुहुन्स् भनि अग्रमा राखिदिनुभयो। ति वचन सुनि जनक राजाले

आज्ञा गऱ्या, हे श्रीरामचन्द्र, तम्रा क्या वांछा भयो, हे श्रीरामचन्द्र, तिम्रा व्यवहार चरित्रदेखि म तृप्त भै सक्दूँ, ति रत्न मैले लियाको जस्तै भयो, ति रत्न तपाञ्चिले लीकन चाहिया चाहियाको गर्नुहवस् भनिकन विदा लिया । ताहाँ श्रीरामचन्द्रले पनि भरतलाई आज्ञा गरिकन जनक राजालाई पुऱ्याउन पठाया । ताहाँपछि युद्धाजित् राजालाई आज्ञा गऱ्या, हे मामा, तपाञ्चि त्याहाँ राजगर्नुभयाको धेरै काल भयो । हे अवध्य, एस्कारण तपाञ्चि सबै त्याहाँ राजगराउँछु भन्या मेरा सामर्थ छैनन क्यानभन्या, तपाञ्चिका पिताको मनमा दुःख प्राप्ति हुनान्, एस्कारण तपाञ्चि फिर्नुभयाजावस् । मैले तपाञ्चिको पछिपछि लक्ष्मणलाई पठाईदिन्छु, ई रत्न आदि द्रव्य लिनु-भया जावस् भनि आज्ञा गऱ्या र युधाजित् राजाले आज्ञा गऱ्या, हे श्रीरामचन्द्र, ति रत्नादि द्रव्य मैले लियाको जस्तै भयो, तम्रा चाहिया चाहियाको गर भनि भन्या र श्रीरामले प्रदक्षिणा गरिकन लक्ष्मणले पुऱ्याउन पठाया । ताहाँपछि श्रीरामचन्द्र मित्र काशीपति प्रतर्दन राजालाई आज्ञा गर्न लाग्या, हे मित्र, मेराउपर प्रीतिभावले मलाई दर्शन दिनाकन तपाञ्चि आउनुभयो, अब तपाञ्चिको दर्शन पाईकन मेरो आनंद भयो । तपाञ्चि काशी राज्यका पति हुनुभयाका, एस्कारण तपाञ्चिलाई पठाउनु इच्छा त मलाई छैन, तैपनि अखिल राज्य प्रतिपाल गर्नुपर्याछ, जानुहवस् भनि विदा दिया र अनेक अंकमालिका गरि प्रतर्दन राजा श्रीरामचन्द्रछेउँ विदा भैकन फर्किगया । ताहाँपछि अनेक वीर २ पृथ्वीपति राजालाई श्रीरामचन्द्रले हाँसिकन आज्ञा गऱ्या, हे नृपहो, तपाञ्चिहरू सबै समस्त गुणले तेज पराक्रमले संयुक्त धर्मात्मा हुनुभयाका तिमिहरू सबैको दया कृपा तेजले पापात्मा रावणलाई मैले वध गऱ्याका निमित्त मात्र मेरो मान्नुभयाको त तपाञ्चिहरूले पो हो, तपाञ्चिहरूका तेजका बलले मार्याको हो भनि जौना रावणको मंत्री पुत्र बंधु बांधवादि सहित गरि त्यस्ता राक्षसहरू मार्नाका अर्थले तिमिहरू सबैलाई भरतले विति गरि ल्याकाँ । जनकराजापुत्री सीतादेवी रामका भार्या राक्षसले चोरि लैगयो भनि भरतले तपाञ्चिहरूलाई सुनाया र तपाञ्चिहरू सबैले मेराउपर कृपा राखि आउनुभयो, अब भरतका चरणले तपाञ्चिहरू सबै जानुहवस् भनि विदा दिया । ताहाँ समस्त राजाहरूले पनि विति गर्न लाग्या, हे श्रीरामचन्द्र, तपाञ्चिका प्रतापले रावणलाई जिति आउनुभयाको देखि हामि सबैका महाआनंद भयो । त्यस्ता राक्षसादि रावण शत्रुलाई मारिकन सीता फिराई-ल्याउनुभयाको देखि हामि सबैका महाआनंद भयो । हे श्रीरामचन्द्र, यो सबै जिये संपत्ति तपाञ्चिका अधीनमा छ, हामिहरूका भाग्यले तपाञ्चिको दर्शन पाऱ्यूँ, यो समान आनंद अरू केहि छैन । तपाञ्चिका मुखकमल शुक्लदंत, शरच्चंद्रमा जस्तो मुख देखि हामि सबैको

आनंद । हे श्रीरामचन्द्र, तपात्रिको जय गराई आउनुभयाको देखि हामि सबैको महाहर्ष। तपात्रिले हामि सबैको तेज प्रतापले शत्रुलाई जिति आयौं भनि आज्ञा भयो, हामि जस्ताका तेजले शत्रुलाई मार्न कहाँ हुन्या थियो, तपात्रिका बाहुबलले मार्नुभयो । हे श्रीरामचन्द्र, तपात्रिका चरणकमलको ध्यान सबै हामिहरूका सबैका हृदयमा स्थिर भैरहोस् भनि विति गरिकन सबै आपना २ राज्यमा गया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे राजाप्रयाणं नाम सर्गः ॥३३॥

३४

श्रीरामचंद्रछेउँ आज्ञा लीकन पृथ्वीका राजाहरू सबै अनेक अश्व रथ पताकादि अनेक अनेक सैन्य श्रीरामचंद्रका निमित्त भरतले बोलाईल्याँयाका राजाहरू सबै दश दिशा भागमा आपना २ राज्य फर्कि जाँदा अनेक तरहले कुरा गर्दै गया । हामिहरूले श्रीरामचन्द्रका युद्ध देखन पाछिन हुवा भयो भनि भरतले अघ्य.रै डाकन पठायाको भया हामीहरू सबैले श्रीरामचन्द्रका निमित्त युद्ध गरिकन राक्षसहरूकाई मार्दा हुँ, एस् प्रकारले नाना तरहले महा-हर्षमानले कुरा गरि फेरि श्रीरामचंद्रले आदर गर्नाको समजि महा आनंदले गया । ताहाँ आपना २ राज्यमा पुग्यापछि आफु २लाई पुऱ्याउन आउन्याहरूको हातमा श्रीरामचंद्रलाई अनेक रत्न, अश्व, रथ, हस्ति आदि नाना वस्तु सौग्रात चढाई पठाया, यो वस्तु लीकन आपना नगरमा मनोहर अयोध्यामा आईकन श्रीरामचंद्रका हजूरमा आई उत्तम २ वस्तु राखिदिया । ताहाँ श्रीरामचंद्रले लीकन हर्षमान गरि राजगर्नुभयो । ताहाँपछि श्रीरामचंद्रले मित्र सुग्रीवलाई अनेक रत्न दिया, विभीषणलाई पनि विभीषणका मंत्रीहरूलाई पनि दिया, सेवा हेरि २ कन अनेक वस्तु प्रसाद दिया । एस् प्रकारले श्रीरामचंद्रले प्रसाद दियाका रत्नादि लीकन सबैले शिरमा राख्या । इक्ष्वाकु वंशमा जात हुनुभयाका श्रीरामचन्द्रले हनुमान, अंगद ति दुवै जनालाई काँधमा राखिकन आपना मित्र सुग्रीवलाई आज्ञा गर्नाकन लाग्या, हे मित्र सुग्रीव, तपात्रिका पुत्र ति अंगद, तिम्रा मंत्री हनुमंत ई दुवै जनाकन तपात्रिका मंत्री तुल्याउनाकन जोग्य छन् पूजा गरि राखनु पनि जोग्य छन् भनि श्रीरामचन्द्रले आफुले लाईराख्याका आभरण

लीकन लाईदिया, दूवैकन वरोवर गरि दिया। त्यस् प्रकारले दीकन जांवुवान, गवाक्ष, धूम्राक्ष, नितन, वलिमुख, प्रघर्ष, सम्पाट्, दरीमुख, दधिमुख, इन्द्रजानु तिनिहरूलाई कोमल वचनले श्रीरामचंद्रले आज्ञा गऱ्या, हे वानरा, मलाई तिमिहरू सवैले उद्धार गरिकन आपदा नासिदिनुभयो। सुग्रीवादि तिमिहरू सवै धन्य २ भनिकन सवैलाई उत्तम २ आभरणा दिनुभयो। निको २ वस्त्रादि दीकन श्रीरामचंद्रले आदर गरिकन सुगंध २ पानादि उत्तम २ भक्ष भोजन गराया, ताहाँपछि सुगंध २ मालाले भूषण गराया। एस् प्रकारले मान्य प्रसाद दीकन श्रीरामचंद्रले वानरादिले सुख भवन गरिरह्या, परस्पर आदर गरिकन अनेक काल गयो र पनि मुहूर्त-मात्र गया जस्तो चिताईरह्या। एस् प्रकारले कामरूपी वानरहरू विभीषणादि राक्षसहरू भल्लुकादिसित अनेक परस्पर मान्यले नाना प्रकारले क्रीडा विलासादि गरिकन अनेक काल गयामा ताहाँ अनेक कालांतर गयापछि श्रीरामचंद्रले आज्ञा गर्दा भया, मित्र, सौम्य, हामिहरू सवै वस्याका अनेक काम भयो, दुरावर्ष राज्य किस्किन्धामा जानुभैकन प्रतिपालना गर्नुहवस्, प्रीति भावनाले युक्त गरि पुत्र अंगद हनुमानलाई दया राघनुहवस्, तपास्विका श्वसुर सुषेन, तार वानरलाई पनि दया राघनुहवस्। राक्षवलि, मैंद, द्विविद, कुमुद, सुवाहु, जांवुवान, गंधमादन, सुपातन वानर ति आदि अरू सवै वानरले पनि मेरा वचनमा प्राण छोड्नु इछा गरिरहन्या ति सवैलाई पनि तपास्विले दया प्रीति राघनुहोला अपमान गर्नु छैन। एस् प्रकारले सुग्रीवलाई वानरहरूको निमित्तले वारंवार श्रीरामचंद्रले आज्ञा गर्नुभयो। ताहाँपछि श्रीरामचंद्रले विभीषणलाई आज्ञा गर्नाकन लाग्या। हे विभीषण, लंका राज्यमा रक्षा गर्नाकन जानुहवस्, राजधर्मले प्रजा प्रतिपालन गर्नुहवस्, देव, राक्षस, कुवेर, तिनिहरूसित रावणले गऱ्याको जस्तो शत्रुपक्ष नगर, कथानभन्या राजधर्ममा भया चिरकालपर्यन्त पृथ्वीमा भुक्तमान गर्नुपाउनन्। हे राजन् विभीषण, हामि सुग्रीवसहित गरि तिम्रा हृदयमा नविसौंस् भनि एस् प्रकारले श्रीरामचंद्रले आज्ञा गऱ्या। यो वचन सुनि वानरले राक्षसले धन्य २ श्रीरामचंद्र भनि भन्न लाग्या। हे श्रीरामचंद्र, व्यवहार पनि वचन पराक्रम बुद्धि धैर्य एस्मा पनि तिम्रा समान पृथ्वीमा कोहि छैनन् भनि समस्त वानर राक्षसले भन्या र ताहाँ हनुमानले छिर हातमाहाँ राखिकन कोमल वचनले विति गर्न लाग्या। हे रामचन्द्र, तपास्विका चरणविना हाम्रो गति कोहि छैन। हे श्रीरामचंद्र, एस् पृथ्वीमा तपास्विको रामनाम भयासम्म मेरा शरीरमा पनि प्राण धारण गर्नु भन्या र श्रीरामचंद्रले आज्ञा गर्दा भया। हे हनुमंत, तिमिले भन्या जस्तो मेरा रामनाम भयासम्म तिम्रा शरीरमा प्राण रहोस्, यो त्रैलोक्य भयासम्म तिम्रा कीर्ति पनि प्रकाश भैरहोस्।

हे हनुमंत, तिमिलाई पनि वृद्धावस्था हुन नपरोस् भनि एस् प्रकारले आज्ञा गरिकन आफना गलामा लाईराख्याका वैडूर्यको माला हनुमानको गलामा लाईदिया, तेस् वेलामा हनुमान अत्यंत शोभायमान भया। ताहाँपछि सुग्रीवसित श्रीरामचंद्रले अंकमालिका गरिकन धर्मात्मा विभीषणलाई पनि अनेक आदर गऱ्या, ताहाँ वानरहरू सबै विदा भैकन श्रीरामचंद्रका प्रदक्षिणा गरि फर्कि गया।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे हरि राक्षस विसर्जनं नाम सर्गः ।३५॥

३५

जौना श्रीरामचन्द्रले ऋक्ष वानर विभीषणादिलाई विदा दीकन सुखसित गरि भरत लक्ष्मण शत्रुघ्नले सहित गरिकन महासुखले काल गयामा एक दिनविषये मध्यान्हको कर्म शक्किकन राजगर्नुहुँदा आकाशवाणीले भन्नलाग्या, हे श्रीरामचन्द्र, तिम्रा सद्वृत्त धर्मकर्मले म कैलाश पर्वतबाट आयाका पुष्पक विमानलाई हेर्नुहोस्। कुवेरले मलाई एसो आज्ञा गऱ्या, हे पुष्पक,रावणलाई जितिकन श्रीरामचन्द्रले तिमिलाई ल्याया को देखि मेरा पनि अति हर्ष भयो। अब श्रीरामचन्द्रले जितिल्याया का तिमि हे पुष्पक, मेरा आज्ञाले श्रीरामचंद्रको ठाउँमा गैकन श्रीरामचन्द्रकन तिमिले हर्ष गराउन जाउ, तन्ले हर्षमान गर्नुभयापछि मेरा आनंद भनि आज्ञा गरि मलाई पठाउनुभयो। हे श्रीरामचन्द्र, एस्कारण तपाखिछेउँ आया, अब आज्ञा भया तपाखिका अग्रमा आईकन तपाखिको आज्ञा जस्तै सेवा गरूँला भनि एस् प्रकारले पुष्पकले भन्याको सुनि श्रीरामचन्द्रले पुष्पकलाई पूजा गर्नुभयो। राजा रामचन्द्रले पुष्पक लाई सुगंधादिले पूजा गरिकन श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे पुष्पक, ऐले तिम्रा इच्छा भया-का ठाउँमा जाउ मैले स्मरण गर्दामा तिमि आँहा आउनुपर्छ भनि आज्ञा भयो र पुष्पक गयो। एस् प्रकारले पुष्पक फर्किगयापछि भरतले हात जोरीकन विति गर्न लाग्या, हे श्रीरामचन्द्र, जस् दिनदेखि तपाखिले राज्य गर्नुभयो तसै दिनदेखि अयोध्यावासीहरूको रोग पनि छैनन्, वृद्ध २ हरू पनि मृत्यु भयेनन्। तपाखिले राज्य गर्नुभयापछि नाना अद्भुत पनि भयेनन्, स्त्रीजनको प्रसूति हुँदा दुःख भयेनन्, वर्षत् २ मा मेघले पनि वृष्टि गर्दछ, वायु पनि शरीरमा मंगल हुन्या गरि

आउँछ । हे नरेश्वर, तपाञ्जि राजा हुनुभयादेखि लोकहरू भन्छन् एस्ता राजा सधैं हुन् भनि सधैं गृहमा पनि ग्राममा पनि एस्ता प्रकारले लोकहरू भन्छन् भनि भरतले बोल्याको कोमल वचन सुनि श्रीरामचन्द्रको चित्त हर्षमान भयो ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे पुष्पक प्रस्थानं नाम सर्गः ॥ १५ ॥

३६

सुवर्ण रत्नमय पुष्पक फर्काईकन श्रीरामचंद्रले आफुले बनाईराख्याका अशोकवनिकामा जानुभयो । ताहाँ अशोक चंपक वृक्ष नाना सुगंध २ पुष्प वृक्ष आदि नाना गुल्म लता पुष्पादि अनेक छन् । विश्वकर्माले बनाईराख्याका अनेक फूल अकालैमा फुलिरहन्छन् । त्यो अशोक-वनिकामा पुष्पले व्याप्तमान भैरह्याको सीताका निमित्तले बनाईराखनुभयाको त्यो अशोक-वनिका इन्द्रको नंदनवन जस्तै नील जीमूतसदृश अनेक पुष्करणीय नीलोत्पल पद्मादिले संयुक्त राजहंस, चक्रवाक नाना संयुक्त तेस्ता उत्तम स्थानमा जानुभैकन कुशभूमिमा सीताले सहित भैकन राजगर्नुभयो । ताहाँ नरिवलको रस आदि सीतालाई पान गराउनुभयो, शचीलाई इन्द्रले अमृतपान गराया झैं अनेक २ मासादिफल श्रीरामचन्द्रलाई आरोग्य गराउनु निमित्यले सेवकहरूले ल्याया, अनेक अन्न पाक आदि गरिकन भोजन गराया । ताहाँपछि अनेक स्त्रीजनहरू आईकन श्रीरामचन्द्र सीताका अग्रमा अनेक वाद्य बनाईकन नाचन लाग्या, महा २ सुंदरी स्त्री गुणले संयुक्त तेस्ता अनेक नृत्य गरि एस् प्रकारले श्रीरामचन्द्रका चित्तमा हर्षमान गराउनुभयो । वशिष्ठका तेजले अरूंधती शोभायमान भया झैं एस् प्रकारले श्रीरामचन्द्रले सीतालाई शोभा गराउनुभयो, देवकन्यासमान सीताळाई हर्षमान गराईकन अनेक काल गयो । एस् प्रकारले नाना सुख भुक्तमान गरिकन दशहजार १०००० वर्ष पर्यन्त वस्या, आपना नित्य कर्म मर्यादाले भोजन आदि गरि सायंकाल भयापछि अंतः-पुरीभित्र जानुभयो । सीताले पनि आफुलाई चाहियाको देवपूजादि गरिकन राजा दशरथका स्त्रीजन सबैकन पूजा गरि काल गमाया । ताहाँपछि श्रीरामचन्द्रका अग्रमा सीता जानुभईन् देवराज इन्द्र छेउँ शचीदेवी जानुभया झैं नाना पट्ट वस्त्रादिले आभूषण गरि सीता गईन् र श्रीरामचंद्रका चित्तमा हर्षमान गरिकन आज्ञा गर्‍यो, हे सीता, तँ गर्भिणी भय्यु तम्रो जो वांछा छ सो भन भनि आज्ञा भया र सीताले आज्ञा गर्न लागिन्, हे प्रभु, मेरा वांछा गंगाका तीरमा

वसि कंदमूल फलादि भक्ष गरिकन ऋषिहरूको दर्शन गरिरहनु मेरो वांछा छ भनिन् र श्री-रामचंद्रले आज्ञा गर्न लाग्या, हे सीता, तँलाई भोलि लैजाऊँ भनि आज्ञा गरिकन श्रीरामचन्द्र अन्तः पुरीबाट निस्कनुभैकन राजनीति जान्या अनेक मंत्री सेना सुहृज्जन मित्रसहितले सभा गरिकन सार २ कथा आदि विजय मधुर कश्यप पिंगल कुश सुराजी कन्यभद्र वक्रदंत माधव ति आदि अनेक कथाहा जान्या तिनिहरूले इतिहास आदि अनेक कथाहा गरिरहँदा कथान्तरमा श्रीरामले आज्ञा गर्न लाग्या, हे भद्रहो, यो समयमा नगरवासीहरू क्या क्या बोल्दछन्, मेरा कुरा केहि गर्छन् कि सीताका कुरा गर्छन् कि अथवा भरत शत्रुघ्न लक्ष्मणका कुरा गर्छन् कि लोकहरूले गर्याका कुरा मलाई सुनाउनु जोग्य छ भनि आज्ञा गर्या र भद्रले विंति गर्न लाग्या, हे राजन्, लोकले नाना कुरा गर्छन्। श्रीरामचन्द्रले रावण मारि सीता फिराई ल्याउनुभयो भंछन्। अरू २ निको ननिको कुरा पनि गर्छन् भनि विंति गर्या र श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे भद्रे, स्वरूपार्थले लोकले बोल्याका शुभ अशुभ भयाका पनि मलाई सुनाउनु-पर्छ, लोकले भन्याको निको ननिको कुरा भया पनि मैले गरूँला तिमि डराउनुपर्दैन भनि आज्ञा भयो र भद्र अलिक चुप लागिरहिन, चित्तमा अलमलिकन विंति गर्नलागिन्। हे राजन्, पुरवासी जनले बोल्याका कुरा शुभाशुभको कुरा देशमा बाटमा वनमा उपवनमा कुरा गरिरह्या श्री रामचन्द्रले गर्याका कुरा समुद्रमा सेतुबंध गरि पूर्वका राजाहरूले नगर्याका दुष्कर कर्म गर्नु भयो! देवताले पनि जितन नसक्याको रावण सेनासहित गरि मार्नुभयो भनि जौना श्रीराम चन्द्रले वानर सहाय गरिकन रावणादि राक्षसलाई मारिकन सीताकन फिराईल्याउनुभयो भनि सीतालाई आपना राज्यमा ल्याईकन महाप्रिय भावनाले क्रीडा विलासादि गरि राज गर्नुभयो भन्छन्। जौना सीतादेवीकन रावणले बलात्कारले लैगयाकि सीता लंकाको अंतः पुरभित्र अशोकवनिकामा राखिछोड्याकी तेस्ती सीतासित क्रोध नगरिकन साथ्य गर्नु-हुन्छ। अब हामिहरूले पनि स्त्रीजनको सानु दोष पनि नसहि हुन्या छैन सहनै पर्यो। राजाले पनि सहनुभयो हामिले पनि कसो नसहनु भनि एस् प्रकारले समस्त लोकहरू भन्छन् भनि भद्रले विंति गर्या। यो वचन सुनि श्रीरामचन्द्रले आज्ञा गर्या, हे मंत्रीहो, देश लोकले तेसो यो बोल्दछन् भनि आज्ञा गर्या र मंत्रीहरू सबैले हो भनि विंति गर्या र निश्चय त्यो भाका सुनि श्रीरामचन्द्रले सभामा बस्या समस्त लोकलाई विदा दी पठाया।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे जनापवादोनाम सर्गः ॥३६॥

३७

जौना श्रीरामचन्द्रले मंत्री सेना सुहृज्जनादि पठाईकन द्वारीलाई आज्ञा गर्न लाग्या, हे द्वारीहो, तँ गैकन लक्ष्मण, भरत, शत्रुघ्न ति तीनै जनालाई डाकि ल्याउ भनि आज्ञा भयो र ताहाँ रथवाहक द्वारी पनि गैकन हात जोरिकन लक्ष्मणछेउँ विंति गऱ्यो, हे लक्ष्मण, तपाञ्जिकन श्रीरामचन्द्रले आउनुपर्छ भनि आज्ञा गरि पठाउनुभयो भनि विंति गऱ्या। ई वचन सुनि लक्ष्मण रथमा चढिकन चाँडो गरि राजगृहमा गया, फेरि द्वारी पनि भरत शत्रुघ्नछेउँ विंति गर्न गया। हे भरत, शत्रुघ्न, तपाञ्जिहरू दुवै जना चाँडो गरि आउनुपर्छ भनि श्रीरामचन्द्रले आज्ञा गरि पठाउनुभयो भनि विंति गऱ्या र अत्यंत दीनवदन गरीकन द्वारीलाई आज्ञा गर्न लाग्या, हे द्वारी मेरा प्राणसमान भ्राता श्रीरामचन्द्रले कया आज्ञा भयो भनि चाँडो उठि गया। ताहाँ श्रीरामचन्द्र ले आज्ञा गऱ्या, हे द्वारी, आहाँ ल्याउ भनि आज्ञा गऱ्या र द्वारीले तीनै जनाकन भित्र लैगया। ताहाँ तीनै जनाले श्रीरामचन्द्रको चरणमा प्रदक्षिणा गऱ्या। ताहाँ श्रीरामचन्द्रका मुखकमल चोदश कलाले संयुक्त चन्द्रमा राहुले ग्रास गऱ्याको जस्तै रह्या। मध्यान्हका श्रीसूर्यसमान हुनुभयाका संध्याकाल समयमा मेघले छोप्याको जस्तै व्याकुल नेत्र गरि आँशु काढि भरत शत्रुघ्न लक्ष्मणलाई आज्ञा गर्न लाग्या, हे भ्रातारहो, तिमिहरू मेरा जिउसमान हौ, अरूसित कया मतो गर्नु तिमिहरूसित गरूँला भनि आज्ञा भयाको सुनि तीनै राजाले अद्भुत मानि मनमा चिंतना गर्नुभयो, श्रीरामचन्द्रको दुःख हुन्या हेतु केहि छैन, श्रीरामचन्द्रले अत्यंत शोक गर्नुभयो तत्ले कया गर्न आँट्यो भनि चिताई आँशुपात गरिरहनुभयाका रामचन्द्रकन देखिरहँदा श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे लक्ष्मण, भरत, शत्रुघ्न, सुन, नगरवासी लोकले सीताकन अनेक अपवाद कुरा गर्न लाग्या, मलाई पनि अपजस भयो। सीता कलंकी भया मैले गृहमा कयान ल्याउँदा हुँ! हे लक्ष्मण, सीताको वृत्तांत सबै तिमिले जान्याको छ, हामि दुईजना नभया पापात्मा रावणले सीताकन लैगयो त्यो कुरा भरत शत्रुघ्नले जान्याको छैन, तिमिले सबै जान्याको कुरा हो। एस प्रकारले सीताकन रावणले लैगयो र हामि दुवैले संग्राम गरिकन रावणलाई मारि सीता फिराई ल्याया‌को वेलामा सीता अग्निमा फालहालिन् र अग्निदेवता पनि आकाशवाणीले पनि ति सीता निर्दोषी २ भनि आज्ञा भयो र चंद्र सूर्य देवता ऋषिहरू गन्धर्व अप्सरा इनिहरूले पनि सीता निर्दोषी भन्या र तिनिहरूका अग्रमा सीताकन मैले लिया। सीता निर्दोषी भनि मेरा आत्माले पनि जान्याको छ। निर्दोषी सीताकन मैले ल्याया, अब यो अपवादका निमित्तले मेरा

हृदयमा शोक भयो, लोकापवादले मेरा कष्ट भयो। जसलाई लोकले अपकृति अपजस कुरा गर्नन् तस लाई नर्कवास होला, जसलाई लोकले जश-कीर्ति गर्छ तनलाई स्वर्ग प्राप्त हुनान् भनि जान्नु। हे लक्ष्मण, एस्ता २ अपवादका निमित्तले मैले प्राण छोडनु पनि सामर्थ छन् तिमिहरूलाई छोडनु पनि मेरा सामर्थ छ, अपवादका निमित्तले सीता छोडनुकन क्या कष्ट छ। हे भ्राताहो, यो अपवादका शोकसागरमा म पऱ्यौं, तिमिहरूले हेर २ हा २ कस्तो अपवाद मैले पाला। अब उप्रान्त यस अपवादमा म बस्तौन एस्कारण म सबै छोडदछौं। हे लक्ष्मण, रथमा राखि सीतालाई भोलि प्रातः कालको समयमा गंगापार गरि लगीकन फालिआउनुपर्छ। ताहाँ तमसा नदिको तीरमा वाल्मीकि ऋषिको आश्रमका समीपमा राखि तिमि फर्किआउनुपर्छ। एस प्रकारले मेरा वचन मान्नुपर्छ, सीताका निमित्तमा मेरो अग्रमा तिमिहरूले केहि बोलनु छैन। सीतालाई विचार पनि नगर्नु, सीताका कुरा गऱ्या मेरो अतिप्रिय मलाई वध गऱ्याको हत्या तिमिलाई भनि म राजा हो भन्या मेरा वचनले भोलि सीताकन लैजानुपर्छ। अबदेखि अघि सीताले भन्यिन् मलाई गंगाका तीर बसीकन कंदमूल फलाहार गरिकन ऋषि आश्रममा बसि ऋषिको सेवा गर्नु मेरो इच्छा छ भन्यिन्, एस्कारण सीताको वांछा पुऱ्याईदिन्छु भनि व्याकुल नेत्र गरि मित्र जानुभयेन, शोकले पीडा गराई हाति राजाले श्वास राख्याजै श्वास गरिकन राजगर्नुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे रामवाक्य नाम सर्गः ॥ ३७ ॥

३८

एस् प्रकारले श्रीरामचन्द्रले लक्ष्मणलाई आज्ञा दियार रात्रिकाल गयापछि प्रातः कालको समयमा लक्ष्मणले मलिन मुख गरि सुमन्त मन्त्रीलाई आज्ञा गऱ्या, हे सारथि, रथ चाँडै तयार गरिकन सीताका आश्रममा ल्याउ, सीताकन ऋषिका आश्रममा लैजाउँला भन्या र लक्ष्मणको आज्ञा सुनि सारथिले सीताको आसन ल्याई रथ तयार गरिकन लक्ष्मणछेउँ विन्ति गऱ्या। हे लक्ष्मण, रथ पनि आसन पनि ल्याई सक्युँ भन्यो र लक्ष्मण अन्तःपुरी गैकन सीताछेउँ विन्ति गऱ्य, हे देवी, रामाका आज्ञाले गंगाका पार गंगाका तीर बस्न्या ऋषिहरूका आश्रममा तपाञ्चि जानुहुन्छ भनि विन्ति गऱ्या र सीताले हर्षचित्त गरिकन राजा दशरथका

स्त्री कौशल्यादि सबैलाई चरणमा ढोक दिया र ताहाँ कौशल्या प्रभृतिले पुनरागमन वा भनि आशीर्वाद दिया। ताहाँ कौशल्यादिले दियाका नाना रत्नादि आभरण अनेक पाट पट्ट वस्त्रादि लीकन आज्ञा गर्न लागिन्। हे लक्ष्मण, यो आभरणादि वस्त्र सबै मुनिजनका स्त्रीहरूलाई दिन्छु भनिन् र लक्ष्मणले हुन्छ भनि आज्ञा गरिकन शीघ्रवेगी रथमा राखि महावेगले लैगया। ताहाँ सीताले लक्ष्मणलाई आज्ञा गर्न लागिन्, हे लक्ष्मण, आजका रात्रिमा मैले अनेक अशुभ देख्याँ, मेरा शरीर नेत्र हृदय कम्प भयो। हे लक्ष्मण, मेरा स्वामि श्रीरामचन्द्रकन आज मैले समजिन क्या निमित्तले हो। हे लक्ष्मण, तिम्रा कल्याण हवस्, भरत, शत्रुघ्न, मेरा स्वामि श्रीरामचन्द्र कौशल्या प्रभृतिको पनि कल्याण हवस् भनि एस् प्रकारले कुरा गर्दै जाँदा २ दिन गयो र गोमतीका तीरमा वास गरिकन रात्रि ताहाँ गयो। प्रातः कालको समयमा लक्ष्मणले भन्न लाग्या। हे सुमन्त मन्त्री, रथ चाँडो असोरीकन तयार गरिकन राख गंगाजल हामिले चाँडै शिरमा धारणा गर्न पाउना निमित्त भनि आज्ञा गऱ्या। ताहाँ सुमन्त मन्त्रीले रथमा मनवेगी घोडा जोरिकन सीतालाई लक्ष्मणलाई पनि रथमा राखिकन रथ चलाई लैगया। ताहाँ मध्यान्ह कालमा गंगाका तीरमा पुग्यार ताहाँ लक्ष्मणको चित्तमा विरोध भयो र महाशब्दले शोक गऱ्या। त्यो देखिकन सीताले भन्न लागिन्, हे लक्ष्मण, तिमिले कयान शोक गऱ्यौ, गंगाको दर्शन गरिकन मेरो चित्तमा महाहर्षमान भयाका वेलामा क्या निमित्तले शोक गऱ्यौ! तिमिले शोक गर्नाको कारण छैन शोक नगर २। श्रीरामचन्द्रको र तम्रो अति स्नेह भनि तिम्रा-उपर श्रीरामचन्द्रको बहुतै दया छ केहि हेतु नभै तिमिले कयान शोक गर्नुभयो। अथवा श्रीरामचन्द्रकन छाडिआयाका निमित्तले हो कि मेरा पनि अति प्रिय छन्, तस् श्रीरामचन्द्र मेरा प्राणको भन्दा अतिप्रिय छन्, मैले ता तस्को कारणले शोक गर्दिन अब तिमिले पनि शोक नगर अब गंगामा पुग्या। गंगा पार गरिकन, ऋषिहरू सबैको आश्रम हेरिकन, ऋषि पत्नी हरूलाई आभरण दीकन ताहाँ २ रात वसिकन तिनिहरूको दर्शन गरिकन फर्कि आउँला। हे लक्ष्मण, नरोउ २ भनि आज्ञा गरिन् र ताहाँ लक्ष्मणले आँसु पुछिकन माझिलाई बोलाई आज्ञा गऱ्या, हे माझिहो, हामिलाई गंगापार गरिदेउ भनि आज्ञा गरिकन विषादको नाउँमा सीता पनि आफु पनि वसिकन सुमन्त मन्त्रीलाई आज्ञा भयो, हे सुमन्त, तिमि जाहाँ वस भनि महाशोक सन्ताप गरिकन माझिलाई नाउ चलाउ भनि आज्ञा गऱ्या र माझिले नाउ चलाई लैगीकन गंगापार गरिदियो। ताहाँ स्थल भूमिमा वसि लक्ष्मणले हात जोरि शोक गरिकन विन्ति गर्न लाग्या। हे सीतादेवी, देव जस्ता भ्राता चतुर धैर्यवन्त हुनुभयाका लोकले अपवाद

गर्न्याका निमित्तले महाकष्ट गर्नुभयो, योसमान कष्ट अरू केहि छैन, लोक निमित्त कार्य मैले गर्नुपर्‍यो । अब मेरो प्राणत्याग भया पनि निको हुँदो हो । हे सीतादेवी, तपाईलाई भ्राताका आज्ञाले एस्तो अकर्म गर्न्या म भयाँ एस्कारण मेरा उपर क्षमा गर्नुभयाजावस् भनि हात जोरिकन चरणमा ढोक दीकन महाशोक गरिकन रोईकन रहन्या लक्ष्मणकन देखि सीताका मनमा अद्भुत मानि आज्ञा गर्न लागिन् । हे लक्ष्मण, तिमिले कया भन्यौ, कया हेतुले शोक गर्नुभयो । तिम्रा चित्त स्वस्थ छैन, श्रीरामचन्द्रले तपाईका उपर दया रापनुभयेन कि तिमिलाई कया भन्नुभयो मेरा अग्रमा भन भनि आज्ञा भईन् र लक्ष्मण महाशोकले निहुरिकन विन्ति गर्न लाग्या । हे सीतादेवि, सामामा लोकले अपवाद बोल्याका वचन श्रीरामले सुन्नुभयाको त्यो कुरा तपाईका अग्रमा विन्ति गर्नु मेरो सामर्थ छैन, त्यो अपवाद कुरा तन्ले आपना मनमा राखिकन तपाईलाई छोड्नुभयो । लोकापवादका निमित्तले तपाईलाई ऋषि आश्रममा छाडिआउ भनि आज्ञा गरि मलाई पठाउनुभयो । हे सीतादेवी, तपाई गर्भिणी हुनुभयाकी हे देवी, दशरथ राजाका मित्र समस्त ऋषिहरूका श्रेष्ठ हुनुभयाका ति वाल्मीकि ऋषि तन्का चरणमा सेवा गरिकन बाहाँ राजगर्नुहवस् । ति ऋषि महादयावन्त, तपाई भन्या श्रीरामचन्द्रका प्रिय हुनुभयाका एस्कारण तपाई एसै पुण्य ठाउँमा राजगर्नुभयाजावस् । तपाईले व्रत धर्म गरि श्रीरामचन्द्रकन स्मरण गरि राजगर्नुहवस् । हे देवि, कैल्हे सम्पत्ति हुन्छ कैल्हे विपत्ति हुन्छ, कयानभन्या श्रेष्ठ २ स्त्रीजनहरू पुरुषले कुट्या पनि पुरुष भन्याको देवतुल्य भनि बिताइरहन्छन् भनि लक्ष्मणले विन्ति गर्न्या र आँशुपात गरि विन्ति गर्न्या लक्ष्मणको मुखदेखि सीताले आज्ञा गर्न लागिन् । हे लक्ष्मण, हा हा ! मैले पूर्वकालमा कया आराध गरि एस्तो दुःख भकन भयो । अग्नि प्रवेश गरिकन पनि श्रीरामचन्द्रले दोष लाई मलाई निकाली पठाउनुभयो । हा हा ! दण्डकारण्यवनमा चौध वर्षसम्म बसिकन श्रीरामचन्द्रका चरणमा सेवा गरिरहन्थ्यौं, तेस् वेलामा महा २ दुःख भयो र पनि भकन आनन्दै थियो श्रीरामचन्द्र भयाका निमित्यले । हे लक्ष्मण, अब मेरो प्राण गया पनि निको हुँदो हो । हे लक्ष्मण, ऋषिहरूले मछेउँ यो कुरा सोध्नुभयापछि मैले कया भन्नु कया भनि उत्तरा दिनु । हे लक्ष्मण, अब एस गंगामा डुबिकन म मर्छु भन्या श्रीरामचन्द्रलाई मेरो निमित्तले कलंक हुनन्, श्रीरामचन्द्रले स्त्रीहत्या लियो भनि लोकहरू भन्नान् । हे सौमित्रे, तिमिलाई कया दोष छन्, जो आज्ञा भयो सो गर्नुहवस् । म दुःखिनी अभागिनीले मेरी सासु कौशल्या, सुमित्राछेउँ हात जोरि कन विंति गरि पठाउन लाग्याको कुरा सुनि तिमिले भन्नुपर्छ, हात जोरिकन विंति गरि

नमस्कार भनि पठाईन् भन। श्रीरामचन्द्रछेउँ तपाखि धर्मात्माले समस्त प्रजाहरूलाई हर्षमान गराईकन हुनुभयाका भ्राताहरूछेउँ प्रजाहरूछेउँ धर्मका मर्यादाले प्रसन्न हुनुपर्छ, तपाखि धर्मात्माले प्रजाहरूलाई हर्षमानले काय गराउनुहुन्छ भनि हामि दुई वियोग मायाका कष्ट होईन लोकले अपवाद कुरा गऱ्याको यो मलाई पनि कष्ट छ भनि यस् प्रकारको मेरी विंति श्रीरामचन्द्रको अग्रमा पुऱ्याईदिनुहुन्छ भनिन् र शोकार्त्तमा रहन्या लक्ष्मणले कोहि उत्तर दिनु नशकि सीतालाई प्रदक्षिणा गरि महाशोक गरिकन माझिनाई डाकिकन नाउमा वसि नाउ चलाया, महादीनवदन गरि शोकले पीडा गराई गंगापार पुग्यापछि रथमा बस्नुभैकन पछि तिन् सीतालाई हेर्दै आया। यस् प्रकारले वनमा शोक गरिरहन्या सीताकन देखि हृदय फुल्याको जस्तै गरिकन अत्यंत शोक गऱ्या, सीताले पनि लक्ष्मण रथमा बसिकन गयाको देखि महाशोक गरि हेरिरहिन्, लक्ष्मणका रथ देखन पायासम्म शोक गरि-रहिन्। श्रीरामचन्द्र लक्ष्मणका मुख देखन नपायाका दुःख शोकका भारले थिचिकन अत्यंत शोक गरि रहिन्, अनेक मयूरादि पंक्षिसमूह अनेक गुल्म, लता नाना वृक्षसमूह वनमा सीता-देवी एकांगी भैकन हाहाकारले महाशोक गरिन्।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे लक्ष्मण प्रावर्तन नाम सर्गः ॥३८॥

३९

सीताले गऱ्याको शोक शब्द सुनि ऋषिपुत्र बालकहरू सबैले हेर्न आया। ताहाँ सीतादेवी कन हेरि ति ऋषिपुत्र सबै वाल्मीकि ऋषिछेउँ गैकन चरणमा नमस्कार गरिकन विंति गर्न लाग्या, हे वाल्मीकि मुनि, तपाखिका आश्रममा शोक गरिरहन्या श्रीलक्ष्मीसमान महात्मा स्त्री तपाखिका आश्रमको समीपमा महाशोक गरिन्। हे भगवान्, त्यो स्त्री आकाशबाट आयाको देवकन्याजस्तो तपाखिले त्यस्ता स्त्रीकन हेर्नाकन आउनुहुन्छ भन्या र ति वचन सुनि तपस्या गरिरह्याका वाल्मीकि ऋषि शिष्यहरूसहित गरिकन आउनुभैकन अत्यन्त दुःख शोकले पीडा गरिरहनुभयाका सीतालाई हेरि उत्तम २ शीतल वचनले आज्ञा गर्नाकन लाग्या। हे पतिव्रते, तिमि कुशल छन् कि दशरथको स्नुषा

श्रीरामचन्द्रका भार्या जनकको पुत्री तिमि आउनुभयाका मैले जान्यौंन मेरा समाधि चित्तले तिमि आहाँ आयाको मैले थाहा पाऊँ । हे सीतादेवि, तिमिलाई कलंक दीकन पठायो तिमि निष्कलंकी शुद्ध छौ, तिमिले केहि चिन्ता नगर आहाँ राजगर्नुहुन्छ । हे सीता, मेरा आश्रमको समीपमा अनेक तपस्विनीहरू बस्याका छन्, तिनिहरूले तिमिलाई प्रतिपाल गरि राखन्याछन् । अब मेरा आश्रममा आउनुभयाका तिमिले यो पूजा लेउ, मेरो आश्रममित्र जानुहुन्छ भनि आज्ञा भया र ई वचन सुनि सीताले हर्षमान चित्त गरि हात जोरिकन ऋषिका चरण कमलमा ढोक दीकन ऋषिले पनि नाना प्रकारले बुझाई आश्वास वचन दीकन सीता आपना पछिलाई लैगया, महा २ तप धर्म गरिरहन्या तपस्विनीहरूको ठाउँमा गया । ताहाँ २ तपस्विनीहरूले वाल्मीकि मुनि सीता पछि २ लाई आउनुभयाको देखि हात जोरि नमस्कार गरिकन विन्ति गर्न लागिन् । हे मुने, तपाञ्जि आहाँ पाउलाग्नुभयाको देर काल भयो, अब हामिले क्या गर्नुपर्‍यो सो आज्ञा गर्नुहुन्छ भनिन् र ति वचन सुनि वाल्मीकि ऋषिले आज्ञा गर्न लाग्या । हे तपस्विनीहो, श्रीरामचन्द्रका स्त्री सीता दशरथका स्नुषा जनक राजाकि पुत्री निर्विषी निष्कलंकी हुनुभयाका ई सीताकन श्रीरामचन्द्रले छाडिपठाउनुभैकन अब इन्लाई तिमिहरू सबैले प्रतिपाल गरिराषनुपर्छ, अनादर गर्नु छैन परम स्नेह गर्नु भन्या र तपस्विनीहरू सबैले हुन्छ भनि भनिन् र फेरि वाल्मीकि ऋषिले अनेक भरोसा आश्वास दीकन तिमि आहाँ बस भनि आज्ञा गरिकन सीता तपस्विनीहरूको ठाउँमा बस्नु भईन् ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे सीतादर्शनं नाम सर्गः ॥३६॥

४०

जौना सीता वाल्मीकि ऋषिका आश्रमको समीपमा राखि लक्ष्मण फिर्नुभैकन महाशोक सन्ताप गरिकन सुमन्त मन्त्रीलाई आज्ञा गर्न लाग्या । हे सुमन्त मन्त्रि, श्री रामचन्द्रले सीतासित वियोग भयाका सन्ताप दुःखमा रहनुभयो, अब तिनका यो समान दुःख क्या हुनान् । जौन स्त्री सीता निष्कलंकी हुनुभयाकी लोकापवाद हुनुभयाका निमित्तले श्रीरामचन्द्रले एतिसम्म गर्नुभयो । क्या गरूँ ! पूर्वकालका फलले भयो,

धर्मपत्नी सीताबाई तेतिसम्म गर्नुभयो, दैवले गरायो नगर्नु कस्को सामर्थ छ। जस्ले क्रोध गऱ्यापछि देव गन्धर्व यक्ष राक्षस अरू असुर दानवादिकाई मार्नु सामर्थ छ तेस्ता रामचन्द्रलाई दैवले मोह गरायो र एतिसम्म गर्नुभयो। हे सुमन्त मन्त्री, परापूर्वमा सीताका आज्ञाले दण्डकारण्य वनमा श्रीरामचन्द्रले चौध वर्षसम्म वनवास गर्नुभयो त्यो पनि महादुःख, अब त्यस्को भन्दा ठुलो दुःख अब सीतालाई छोड्याको छैन, यो लोकहरूले बोल्याका वचन सुनि श्रीरामचन्द्रले एस् प्रकारले गर्नुभयो, निर्दया क्रूरकर्म गर्नुभयो। नगरवासीहरूले पनि एस्तो कुरा गर्नु छैन, एस्तो नभयाको अकर्म कुरा गरिकन क्या भयोजन छ। हे सुमन्त मन्त्री, लोकले कलंक कुरा गऱ्याका निमित्तले श्रीरामचन्द्रले एतिसम्म गर्नुभयो, अब यो पाप कस्लाई लाग्छ, राजालाई हो कि प्रजालाई हो अथवा मलाई ? यो पाप कस्लाई हो भनि आज्ञा भयो र ताहाँ सुमन्त मन्त्रीले हात जोरिकन बिन्ति गर्न लाग्या, हे लक्ष्मण, यो कार्यको सन्ताप तपाखिले नगर्नुहुन्छ्, तपाखिका पिताको अग्रमा सीतालाई एतिसम्म हुन्या कुरा अघिदेखि मैले सुन्याको छ। तपाखिका पिता दशरथ वशिष्ठका अग्रमा जानुहुँदा ताहाँ मैले सुन्याको छ, तपाखिले पनि भरत शत्रुघ्नले पनि जान्याको छैन, एस्कारण तपाखिले सन्ताप नगर्नुहुन्छ्। ऋषिहरूले दशरथ वशिष्ठका अग्रमा गऱ्याको कुरा तैले प्रकाश नगर्नु भनि आज्ञा भयो एस् कारण मैले कसैलाई भनिन। हे लक्ष्मण, यो कुरा सुन्नाको तम्रा इच्छा छ भन्या समस्त वृत्तान्त मैले विंति गर्छु भनि सुमन्त मन्त्रीले भन्यो र ति वचन सुनि लक्ष्मणले आज्ञा गर्नलाग्या, हे सुमन्त मन्त्री, भन २ भनि आज्ञा भयो र सुमन्त मन्त्रीले परापूर्वमा ऋषिले आज्ञा भयाको वचन सबै बिन्ति गर्न लाग्या। हे लक्ष्मण, परापूर्वमा अत्रि मुनिको पुत्र दुर्वासा मुनि चतुर्मासमा वसिष्ठाश्रममा आउनुभैकन रह्या। ताहाँपछि एक दिनमा तपाखिका पिता दशरथ राजा महातेजस्वी आफ्ना गुरुका दर्शन गर्नाकन जानुभयो। ति राजा दशरथले सूर्यसमान तेज भयाका वशिष्ठ दुर्वासाको चरणमा नमस्कार गऱ्या। ताहाँ वशिष्ठले पनि राजा आउनुभयाको देखि अनेक कुशल वार्त्तादि अनेक आदर भाव गऱ्या, ताहाँ नाना मधुर कुरा कथाहा गरिरह्या। ताहाँ मध्याह्न कालको समय भै आयो र अनेक कुरा गरि शकनुभैकन अत्रिपुत्र दुर्वासालाई नमस्कार गरिकन दशरथ राजाले विंति गर्न लाग्या, हे भगवन दुर्वासा, मेरा वंश कति होला, श्रीरामचन्द्रका पुत्र आदि भरतादिले कति कालसम्म भुक्तमान गर्नान्, श्रीरामचन्द्रका पुत्र कति जना हुनान् कतिसम्म रहनान् यो वृत्तान्त सुन्नु मेरा इछा भयो, मेराउपर दया राखि आज्ञा गर्नुभयाजास्त् भनि विंति गऱ्या र महातेजस्वी दुर्वासाले आज्ञा गर्नलाग्या, हे दशरथ, तिम्रा

पुत्र श्रीरामचन्द्रले ता कालसम्म राज्य गरि भरत लक्ष्मण शत्रुघ्न समस्त सहित गरि महासुखले राज्य भोग गर्नन् । केहि कारणका निमित्तले सीतालाई पनि लक्ष्मणलाई पनि श्रीरामचन्द्रले छोडनुहुन्याछ । ताहाँ एघार हजार वर्षसम्म पुग्यापछि अन्तकालमा श्रीरामचन्द्र ब्रह्मालोक जानन्, अनेक अश्वमेध यज्ञ गरिकन आफ्ना पुत्रादिलाई राज्याभिषेक दीकन अन्तकालमा ब्रह्मलोक जानुहुनान् भनि हे लक्ष्मण, यो कुरा दशरथ राजाले कसैलाई यो दुर्वासा मुनिले आज्ञा गर्नुभयाको कहनुछैन भनि आज्ञा भयो र मैले प्रकाश गर्न्यौन आज मैले यहाँ । ति ऋषिहरूका वचन अन्यथा हुनुछैन । हे लक्ष्मण, सीताको पुत्र राजा हुन्याछन् , भवितव्यमा लेख्याको कसैलाई मेट्न सक्न्याछैन । हे लक्ष्मण, एस्कारण सीताकन दैवले दुःख दियो तिमिले दुःख नमान भन्या र एस्ता परमार्थ वचन सुनिकन लक्ष्मणले सन्ताप छाडि चित्त दृढ गरिकन सूर्य्य अस्तमान भया र कौसनी देशमा वास गर्न्या ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे सूतवाक्यं नाम सर्गः ॥४०॥

४१

ताहाँ कौशनी देश वास गर्न्यार ताहाँ रात बिहायापछि प्रातः कालको समयमा अयोध्या आउनुभयो । ताहाँ मध्यान्ह समयमा पुग्नुभैकन कसो गरूँ क्या गरौं भनि एस् प्रकारले चिन्तना गरि जाँदा २ स्वर्ग सदृश राजगृहको द्वारमा पुगि रथबाट बर्हिकन चित्तमा कष्ट गरि निहुरीकन दुवै नेत्रमा आँसुले पूर्ण गराई मलिन मुख गरि लक्ष्मणले श्रीरामचन्द्रका चरणमा दण्डवत् गरिकन विन्ति गर्न लाग्या । हे श्रीरामचन्द्र, तपाल्निको आज्ञा शिरमा राखि सीतादेवी-कन गंगा पार गराई वाल्मीकि ऋषिका आश्रमका समीपमा सीताकन राखि आयौं, तपाल्निका चरण-कमलमा हाम्रो गति भनि चिताई आयौं । तपाल्निले सीताका निमित्तमा शोक गर्नु नहुनस् दैवले गरायाको समस्त गर्नै पर्न्याछ । तपाल्निले आफ्ना आत्मालाई पनि जितनु सामर्थ बुद्धिले संयुक्त हुन्याछेउँ मोह उत्पत्ति हुनु हुँदैन । हे श्रीरामचन्द्र, तपाल्निका धैर्य्य गरिकन शोकले उत्पत्ति भयाका बुद्धि छोडनुभयाका जावस् भन्या र एस् प्रकारका लक्ष्मणका विन्ति वाक्य सुनि श्रीरामचन्द्रले सीताको शोक छाडि आफ्ना भक्त लक्ष्मणलाई आज्ञा गर्नाकन लाग्या ।

हे लक्ष्मण, अब यो सन्ताप चिन्ता मैले छोडछु, तिमिले उत्तम वचनले मलाई बचायौ, तिम्रा अमृत वचन सुनि मैले यो चिन्ता छोड्यौं। हे लक्ष्मण, अब यौटा सन्ताप छ क्या हो भन्या चार दिन भयो, लोकले कार्य नगराईकन रह्याको यौटा व्यथा बाँकि छ। हे लक्ष्मण, कालको गति प्रिय अप्रिय भन्नु छैन, अब कार्य्य हुन्या राजालोक मन्त्री पुरोहित आदि लोकहरू सबैलाई तिमिले डाकन पठाउ। राजा जाति भैकन लोकले कार्य नगरायापछि तेस्ता राजालाई अघोर नर्क प्राप्त होला, एस्कारण हे लक्ष्मण, मैले सुन्याको छ पूर्वकालमा नृग राजा अति ब्राह्मण भक्त थिया। ति नृगराजाले कोटि धेनु गाई विधान जस्तै सुवर्ण शृंगादि गरि ब्राह्मणलाई पुष्कर तीर्थमा संकल्प गरिदिया। तेस् वेलामा यौटी गाई अग्निवेद नाम ब्राह्मणले आफ्ना गाई हरायो र खोजन लाग्या। महातपले संयुक्त ब्राह्मण एस् प्रकारले भ्रमण गरि जाँदा २ अनेक काल वर्ष गयापछि कनखल तीर्थ देशमा गैकन खोजन लाग्या, ताहाँ आफ्ना गाई देख्यो। तेस् गाईले पनि आफूलाई पालिराख्या ब्राह्मण चिन्हिकन ति गाई ब्राह्मणपछि २ गईन्। ताहाँ ति गाई लैगयाको देखि दुईजना भेटि महाझगरा भयो, त्यो गाईको मालिकले भन्न लाग्यो, हे ब्राह्मण, यो गाई मैले बेच्याको छैन भनि एस् गाई मेरो पो हो भन्छ, फेरि दान लिन्या ब्राह्मणले पनि त्यो गाई मलाई राजाले दान दीपठायाको हो, एस्कारण मेरो गाई पो हो भन्छ, एस् प्रकारले परस्पर मेरो गाई २ भनि महाझगरा भयो। वेदाभ्यासी ब्राह्मण हरू दुवै नृग राजाछेउँ गैकन द्वारमा दुवैले दर्शन गर्नाकन बस्या। ताहाँ नृगराजाको दर्शन पायेन र धेरै दिनसम्म विस्तार भयो, दुवैलाई क्षुधाले पीडा गर्‍यो र दुवैले क्रोध गरि राजाकन श्राप दिन लाग्या, हे पापात्मा राजा, एति दिनसम्म हामि दुवैले तेरा द्वारमा बसिरह्यौं तैपनि हामिलाई भेट्न आईनस्, अब तँ कृकलास भैकन अष्टादश युगसम्म तेरो आफ्नु भूमिमा परिरहोस्, अष्टादश युग गयापछि यादववंशमा वसुदेवका पुत्र भैकन श्रीनारायण कृष्णावतार हुनान्, तेस् वेलामा तँलाई त्यो श्राप मुक्त होला भनि श्रापदिया। एस् प्रकारले श्राप दियाको सुनि नृगराजा निस्किकन दुवै ब्राह्मणलाई बुझाईकन गाईको मोल दिया। हे लक्ष्मण, ति नृग राजाले ब्राह्मणको श्राप भुक्तमान गरि अजसम्म रह्याका छन्। हे लक्ष्मण, एस् प्रकार को हामिले चर्चादि गरिकन प्रजाहरूको न्याय नीति विचार गर्नुपर्छ, लोकहरू को को आयाका छन् सबैलाई पठाईदेउ भनि आज्ञा भयो र लक्ष्मणले विन्ति गर्न लाग्या। हे राजन्, नृग राजाले ब्राह्मणको श्राप पाईकन तल्ले क्या गर्‍यो भन्या र श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या। हे लक्ष्मण, नृग राजाले गर्‍याको वृत्तांत तिमिलाई सुनाउँछु सुन। नृग राजालाई श्राप दियापछि दुवै

ब्राह्मणलाई प्रबोध गरि पठाईकन आफ्ना मन्त्री सुहज्जन आदि बोलाईकन महाशोकले आज्ञा गर्न लाग्या, हे मन्त्रीहो, अब ति ब्राह्मणहरूका श्राप भुक्तमान मैले गर्नुपऱ्यो। मेरा पुत्र वसुलाई चाँडो गरि तिमिहरूले राज्याभिषेक देउ। अब यौटा श्वभ्र तिमिहरूले बनाईदेउ, तेस् ठाउँमा म बसिकन मैले श्राप भुक्तमान गरूँला, पानी नचुहुन्या गरि सिम ताप नहुन्या गरि अनेक फल वृक्षसंयुक्त गरि बनाउनुपर्छ। हे मन्त्रीहो, जौना प्रकारले मलाई दुःख हुँदैन तसै प्रकार छ कोश भूमि सम्म हुन्या गरि रत्न नयन गरि श्वभ्र बनाउनुपर्छ भनिकन फेरि आपना पुत्रकन भन्न लाग्या, हे पुत्र वसु, अबदेखि तिमि राजा भयौ, तिमिले न्याय नीति धर्म्मले राज्य प्रतिपालना गर। मले तिमिलाई छोडनुपऱ्यो, हेर, मैले सानु राजधर्म चलायाको होईन तैपनि मकन श्राप दिया। हे पुत्र यो, श्रापमा म पऱ्यौं भनि तैले सन्ताप नगर्, दैवले गऱ्याका निमित्तले मैले पायौं। सबै भन्दा दैव बलिष्ठ रहेछ, एस्कारण दैवले गऱ्याकोमा सन्ताप गर्नु छैन। हे पुत्र, भवितव्यमा विधाताले लेखियाको सुख दुःख अवश्य बेहोरनुपर्छ, पूर्वजन्ममा मैले गरिआयाको कर्मको फल इहत्रमा मैले पाऱ्यौं, एस्कारण तैले सन्ताप नगर् भनिकन महा धर्मात्मा नृगराजा ब्राह्मणले दियाको श्राप भुक्तमान गर्नाकन नाना रत्नले संयुक्त श्वभ्रमित्र गया। हे लक्ष्मण, ययाति नृग राजाले अकसम्म श्राप भुक्त गरिरह्याका छन् भनि श्रीरामचन्द्रले लक्ष्मणकन सुनाउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे नृगश्राप नाम सर्गः ॥ ४१ ॥

४२

फेरि श्रीरामचन्द्रले लक्ष्मणलाई आज्ञा गऱ्या। हे लक्ष्मण, फेरि तम्रा कथा सुन्नु इछा भया म सुनाउँछु सुन भनि आज्ञा गऱ्या र लक्ष्मणले विन्ति गऱ्या र तहाँ श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या। हे लक्ष्मण, इक्ष्वाकु वंशमा प्रख्यात निमि राजा तन्का पुत्र बाह्र १२ जना थिया। ति निमि राजा महापराक्रमी राजाले गौतम ऋषिको आश्रम समीपमा एक नगर बनाया। त्यस् नगरको नाम वैजयन्त भनि नाम राख्या। त्यस् नगरमा निमि राजाले प्रतिपाल गरिरह्या। एक दिनविषे निमि राजाले चिन्तना गर्नुभयो, स्वर्गमा बस्याका पितृलोकहरूलाई आनन्द

गराउँ भनि ति राजाले आपना पिताछेउँ आज्ञा लीकन अत्रि ऋषि त्रिशु ऋषि आदि सबैलाई निमन्त्रना गरिकन वशिष्ठ मुनिछेउँ गोचर गर्न गया। हे गुरु वशिष्ठ, मैले यज्ञ गर्नाको इछा गर्‍यौं, तपाञ्जिले मलाई यज्ञ गराउनुभयाजास् भनि एस् प्रकारले वसिष्ठकन निमन्त्रना गरि गया र ति वचन सुनि वसिष्ठले आज्ञा गर्नाकन लाग्या। हे निमि राजा, तिम्रा भन्दा अघि इन्द्रले निमन्त्रना गरि गया तस्कारण इन्द्रको यज्ञ नशकयासम्म तिमिले पर्पिरहनुपर्‍यो भनि आज्ञा भया र निमि राजाले तेतिसम्म कसो गरि पर्पिरहुँ भनि चिताई गौतम ऋषि-छेउँ गैकन यज्ञ गर्नाको अकुत गौतम ऋषिले गराई राजा आया। तेस् वेलामा वशिष्ठादि सहित गरि इन्द्रले यज्ञ गर्‍या। तेस् वेलामा सागर समुद्रको तीरमा निमि राजाले पनि यज्ञ गर्‍या। अत्रि, अंगद, भृगु, गौतममा अनेक मुनिहरू युक्त गरि अनेक द्रव्य रत्नादि संयुक्त गरिकन यज्ञ गर्‍या। ताहाँ इन्द्रको यज्ञ पाँच शय वर्षमा सम्पूर्ण गरिकन वसिष्ठ निमि राजाको यज्ञमा आईकन ताहाँ गौतम ऋषिले षोडशोपचारले पूजा गर्‍या र ताहाँ वसिष्ठले आफुले गर्‍ला भनि राख्याको यज्ञ गौतमले गर्‍याको देखि मलाई अनादर गर्‍यो भनि वशिष्ठले क्रोध गरिकन राजालाई श्राप दिन लाग्या। हे पापात्मा राजा, तैले कुलदेखिको पुरोहित मलाई छोडि अर्काले यज्ञ गराईस्, अब तेरो देह नहवस् भनि श्राप दिया। तेस् वेलामा निमि राजा सुति-रह्याका थिया। ताहाँ यस् प्रकारले श्राप दियाका शब्दले राजा निंदले विउँझिकन वसिष्ठलाई भन्न लाग्या, हे वशिष्ठ, तपाञ्जिले मलाई विनाकारणमा श्राप दियौं तस्तै तिमिकन हवस् भनि राजाले श्राप दिया। हे लक्ष्मण, एस्कारणले राजालाई ऋषिले ऋषिलाई राजाले श्राप दीकन दुवैको विदेह भयो। वशिष्ठ ब्रह्माछेउँ गैकन ब्रह्माका चरणमा नमस्कार गरि वायुरूपले विन्ति गर्न लाग्या, हे ब्रह्मन्, निमि राजाका श्रापले मेरो विदेह भयो। अब मलाई देह प्रसन्न भया-जावस् भनि विन्ति गर्‍या र ब्रह्माले आज्ञा गर्न लाग्या, हे मुने, तिम्रो देह बनाउनुपर्‍या मित्रावरुणका तेजमा तिमि लीन भैकन अयोनि भैकन देह बनाउ, महाधर्मसंयुक्त देह होला भनि ब्रह्माले आज्ञा दिया। ति वचन सुनि वशिष्ठले ब्रह्मालाई नमस्कार गरि वरुणालयमा गया। ताहाँ मित्रावरुणले वशिष्ठकन देखि अन्योन्यले संभाषण पूजा गरिरह्या। तेस् वेलामा देव अप्सरा उर्वशीसहितले नाना प्रकारले गीत नृत्यादि गरि आयाको देखि मित्रावरुणले आज्ञा गर्‍या।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे मिथि संभवो नाम सर्गः ॥४२॥

४३

एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गऱ्याको सुनि लक्ष्मणले फेरि विंति गर्न लाग्या। हे राजसिंह, निमि राजाले आफ्ना पुरोहित वशिष्ठका उपर कसो क्षमा गरेनन् भनि विंति गऱ्या र श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या। हे लक्ष्मण, क्रोध भन्याको निको छैन। पूर्व कालमा ययाति राजाले पनि क्रोध सहन नशकिकन आफ्ना पुत्रलाई श्राप दियाको कुरा तिमिले सुन म कहंछु। हे लक्ष्मण, रघु राजाका पुत्र ययाति राजा तन्का तन्का स्त्री वृषवर्मा दैत्यको पुत्री शर्मिष्ठा, यौटी शुक्राचार्यकी पुत्री देवयानी। ति ययाति राजाका स्त्री देवयानीहरू सुन्दरी त्रैलोक्यमा पनि दुर्लभ तिनै ति ययाति राजाको पुत्र जात भया। शर्मिष्ठाका यौटा देवयानीका यौटा। ताहाँपछि ययाति राजाले दुवै स्त्री वरोवर नगरि शर्मिष्ठातिर मात्र लागि देवजानीछेउँ जान छोड्या। ताहाँ पछि ई दुईले आफ्ना महतारी देवजानीलाई भन्न लाग्या, हे माता, तिमि शुक्राचार्यको पुत्री भैकन ठुलो कष्ट सहिकन रहनुभयो। अब हामि दुईले अग्नि प्रवेश गरिकन प्राण छोडनु निको छ। दैत्यपुत्री मात्र सित वस्याको देषि तिमिले सहन नसक्या तिमि वस मैले ता सहन सक्तिन भन्या र एस् प्रकार आफ्ना पुत्र दुईको वचन सुनि हो भनि चिताई देवजानीको शोक संताप गरि आफ्नु पिता शुक्राचार्य-कन नमस्कार गरि। एस् प्रकारले आफ्नु पुत्रीले स्मरण गऱ्याको जानि शुक्राचार्य देव-जानीका अग्रमा आंया। ताहाँ दुःख कष्टले पीडा गराईरह्याकी आफ्नी पुत्रीकन देषि भन्न लाग्या। हे पुत्री क्यान तेसो रहिस् आज्ञा गऱ्या र देवजानीले क्रोध गरिकन भन्न लागिन्, हे पिता, शत्रु घात गरिकन दुःख शान्त गरिशक्यापछि तपाञ्जिले मेरो विचार गर्नुहुन्न्स्, मेरा दुःख कष्ट भयाको तपाञ्जिले जान्नुभयाको छैन। हे पिता, एस् प्रकारले दुःख कष्ट भयाको मलाई होईन तपाञ्जिलाई पो निन्दा गऱ्यो भनिन् र ति वचन सुनि शुक्राचार्य्यले क्रोध गरिकन आज्ञा गर्न लाग्या। हे ययाति, मेरी पुत्रीलाई तैले विनाअपराधैमा एतिसम्मको अवस्था दुःख गराइस् अब तँ वृद्धत्व भैरहोस् भनि श्राप दिया। एस् प्रकारले शुक्राचार्य्यले श्राप दियाको देषि ययातिले आफ्ना पुत्र दुवैलाई भन्न लाग्या, हे पुत्र यदु, यो वृद्ध अवस्था तैले लीराप, तेरो जौभन मैले लीकन अनेक भोग्य निको निको कार्य गरिकन अनेकलाई पनि प्रतिपाल गर्नुपर्छ। ई समस्त वांछा सबै भुक्तमान गरिशक्यापछि तेरो जौभन मैले लीकन तैलाई दिउँला भन्या र यो वचन सुनि यदुले भन्न लाग्या, हे पिता, तम्रा पियारो गरि-

राख्याका पुत्रले तम्रो त्यो जरा लेला, समस्त धानु खाउनुमा अपमान्य गरि तम्रो शत्रु जस्तो गरि भैरख्याका मैले तम्रो जरा कसो लिनु भन्या। यो वचन सुनि ययाति क्रोध भैकन आफना पुत्रलाई भन्न लाग्या, हे पुत्र यदु, मैले जन्माईराख्याको तँ ता राक्षस पो भै रहिछस्! म जस्ता पितालाई अपमान्य गर्न्या तँ राक्षसै होस्। हे पुत्र, मेरो वचन व्यर्थ गरि मलाई अपमान्य गर्न्याको निमित्त तेरो वंशमा राक्षस मात्र उत्पत्ति हुस्, साम वंशमा तँ नभैकन अमार्गमा तँ नभैकन अमार्गमा तँ नचल्न्या तेस्ता राक्षस मात्र तेरा वंशमा उत्पत्ति हुस् भनिकन ई दुईलाई श्राप दीकन पुरुषलाई भन्न लाग्या। हे पुरुष, यो जरा तैले लीराषनु-पर्छ भन्या र पुरुषले कर जोरिकन बिंति गर्न लाग्या, हे पिता, धन्य २ मेरो भाग्य भनि तपाईका आज्ञा मैले धारणा गर्न पाला भनि बिंति गर्‍या र ययातिको चित्तमा हर्षमान गरिकन भन्न लाग्या। हे पुत्र, तेरो जौवन मैले लिउँला मेरा जरा तैले ली राष भनि आफना पुत्रको जौवन लीकन अनेक भोग यज्ञ घ इत्यादि गरिकन न्याय नीतिले प्रजापालन गर्‍या। ताहाँ अनेक काल गयापछि आफना पुत्र पुरुषलाई भन्न लाग्या, हे पुरुष, अब तँ छेउ नासो रापिछोड्याको जरा मलाई देउ भनि आफना जरा आफुले लीकन मेरा वचन मान्न्या पुत्र भनि पुरुषमाथि बहुतै कृतार्थ भैकन अनेक मन्त्रीहरूसहित गरि पुरुषलाई राज्याभिषेक दिया। आफु वनान्तर भैकन अनेक तपस्या गरि पछि स्वर्ग प्राप्त भयो। ताहाँ पुरु राजा भैकन धर्मका मर्यादाले राज्य प्रतिपाल गरि रह्या। उत्तम वारानसि नगरमा अनेक कालसम्म पुरुले राज्य गरिरह्या, ताहाँ यदुले कौचापुर राज्य गरिकन अनेक राक्षस उत्पत्ति गराया। तेस् राक्षसहरूले पृथ्वीमा अनेक उच्चाटना गरिरह्या। तेस् वेलामा निमि राजाले तेस् राक्षसको भय निवारण गरिराख्या। हे लक्ष्मण! तिमिले सोध्याका कुरा मैले सुनाईसक्यौं। हे लक्ष्मण! एस्कारण केहि काममा पनि क्षमा गर्नु श्रेष्ठ छ। क्रोध गर्नु निको छैन।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे ययाति वर्णनं नाम सर्गः ॥४३॥

४४

श्रीरामको र लक्ष्मणको एस् प्रकारले कथाहा बोल्दै वसंत कालको रात्रि चार प्रहर गयो र प्रातःकालको समयमा आफनु चाहियाको नित्यकर्म सबै संयुक्त भैकन श्रीरामचंद्र

सभामा जानुभयो । ताहाँ राजधर्म न्याय अंष गर्नुकन अनेक वशिष्ठ ऋषि कश्यप ऋषि अनेक मंत्रीहरू सबै नाना देश २ का राजाहरू समस्त युक्त गराई श्रीरामचंद्रले सभा गर्नुभयो । कस्तो सभा भन्या देवता युक्त इंद्रको सभा जस्तै एस् प्रकारले सभा गरिकन श्रीरामचंद्रले लक्ष्मणलाई आज्ञा गऱ्या, हे लक्ष्मण, तिमि चाँडै द्वारमा गैकन कार्यार्थीलोकहरूलाई डाकिल्याउ भनि आज्ञा भयो र ताहाँ लक्ष्मण चाँडै बाहिर द्वारमा गै बसिकन भन्न लाग्या, हे लोकहो, तिमिहरूका क्या क्या कार्य छ भन २ भनि आज्ञा भयो र लोकहरूले विंति गर्न लाग्या हे लक्ष्मण ! श्रीरामचंद्रले जस् दिनदेखि राज्य गर्नुभयोभ्यो तसै दिनदेखि हामि सबैको रोग पीड़ा छैन, बहुत संपत्ति भैकन महासुख छन, मृत्युको भय पनि छैन कसैको बाँधा कलह पनि छैन क्या विंति गर्नु भन्या र ति वचन सुनि लक्ष्मण श्रीरामचंद्रका अग्रमा गैकन विंति गर्न लाग्या, हे महाराज श्रीरामचंद्र, लोकहरू सबै एस् प्रकारका विंति गर्छन् कसैका पीडा बाँधा कलह दुःख छैन क्या विंति गरूँ भनि एस् प्रकारले विंति गरि पठाया भनि विंति गऱ्या र यो वचन सुनि श्रीरामचंद्रले हर्ष चित्त गरिकन आज्ञा गर्न लाग्या । हे लक्ष्मण, फेरि जानु कसैको कार्य छ कि छैन बहुतै यत्नले विचार गर्नुपर्छ, हामिले राजधर्म निको गरि चलाउनुपर्छ एस्कारण तिमि एकफेरा गैकन विचार गर । मैले आफ्ना प्राण समान गरि प्रजाहरूलाई रक्षा गरि राख्यौं तस्तै तिमिले पनि रक्षा गर्नुपर्छ भनि आज्ञा गऱ्या र ति वचन सुनि लक्ष्मणले बाहिर निस्किकन हेर्न लाग्या र एउटा कुकुर महाशब्दले कराईरह्याको लक्ष्मणले देषनुभयो र आज्ञा गर्न लाग्या, हे कुकुर, तेरो क्या कार्य छ निर्भयले भन भनि आज्ञा गऱ्या र कुकुरले भन्न लाग्यो । हे लक्ष्मण ! मेरा कार्य्य छ, मैले विंति गर्नु तपाखिछेउँ होईन समस्त विंति गर्नु ऐलेहे सत्कर्म गरि समस्तलाई अभय दीरहनुभयाका श्रीरामचंद्रछेउँ विंति गर्न पाया विंति गर्छु भन्यो र लक्ष्मण चाँडै भित्र जानुभैकन श्रीरामचंद्रछेउँ विंति गऱ्या । हे भ्राता श्रीरामचंद्र ! अरू कोहि छैन यौटा कुकुर मात्र छ । तेस् कुकुरले मछेउँ कुरा गरेनन् तपाखिछेउँ विंति गर्न पाया विंति गरूँला भंछ भनि विंति गऱ्या र श्रीरामचंद्रले आज्ञा गऱ्या । हे सौमित्रे ! लक्ष्मण, ल्याहा भित्र ल्याऊ भनि आज्ञा गऱ्या र लक्ष्मणले विंति गर्न लाग्या । हे भ्राता श्रीरामचंद्र, कुकुरले एसो विंति गर्छ, देवस्थानमा राजद्वारमा ब्राह्मणका घरमा भित्र जानु अयोग्य कुकुर जाति एस्ता ठाउँमा आउनु अयोग्य भंछ । एस्कारण मभित्र आउँदिन, म ताहाँ द्वारमा बसिरहुँला श्रीरामचन्द्रको मेराउपर कृपा भया मलाई दर्शन दिनुहोला भनि द्वारैमा बस्याको छ भनि लक्ष्मणले विन्ति

गऱ्या र श्रीरामचंद्रले आज्ञा गर्नाकन लाग्या, हे लक्ष्मण ,मेरा आज्ञाले कार्य्य हुन्यालाई तिमिले मित्र पठाईदिन्या हो भनि श्रीरामचंद्र बाहिर आउनुभयो।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे सारमेयिकानम सर्गः ॥ ४४ ॥

४५

ताहाँ श्रीरामचंद्र बाहिर आईकन द्वारमा रहन्या कुकुरलाई देखि आज्ञा गर्न लाग्या, हे श्वान, तैले भन्नाकन आयाको कुरा निर्भय गरि भन भनि आड़ा दीकन कुकुरलाई हेरिरहनुभयो र ताहाँ कुकुरको मस्तक फुल्याको देखनुभयो। कुकुरले विंति गऱ्यो, हे श्रीरामचन्द्र, भूत प्राणिका कार्य्य कर्त्ता राजा हुन्, मार्न्या पनि बनाउन्या पनि राजा, समस्तलाई पालन गर्न्या पनि राजा हुन् तेस्ता राजाहरूले राजनीति व्यवहार गर्नुहोला, पिताले रक्षा गऱ्याको जस्तै राजाले प्रजाहरूलाई रक्षा गर्नुपर्छ। राजा भन्याका समस्तका पनि देवता हुन्, जगत्संसार सबै राजा स्थिति गरि राखछन्, एस्कारण राजा भन्याका साक्षात् धर्मस्वरूप हुन् निश्चय २ भनि हे श्रीरामचन्द्र, राजाका ठुलो धर्म प्रजालाई प्रतिपाल गर्नु। धर्मले नपाउना वस्तु केहि छैन, दान, दया, पूजा, व्यवहार, निर्णय, आर्जव राजाहरूका परम धर्म ई हुन्, इहत्रमा पनि परत्रमा फल होला। हे श्रीरामचन्द्र, समस्त प्राणिका प्रमाण तपाणि हुन्, कसो भन्या तपाणिले धर्म जान्नुभयाका छन्। समस्त राजाभंदा श्रेष्ठ तपाणि हुन्, समस्त गुणले संयुक्त हुनुभयाका तपाणि मेरा अज्ञानले यो विंति मैले गऱ्यौं तपाणि प्रसन्न हुनुभयाजास्। हे परमेश्वर, तपाणिको चरणमा कोटि २ नमस्कार भनि विंति गऱ्याको सुनि श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे श्वान, तेरो क्या कार्य छ भन् मैले गरिदिउँला विस्तार नगरीकन भन भनिकन आज्ञा गर्नुभयो। कुकुरले विंति गर्न लाग्या, हे श्रीरामचन्द्र, जुन् राज्य संपत्ति पाउनु धर्मले। हे राघव, मैले यौटा कुरा विंति गर्छु मेराउपर प्रसन्न भयाजास्। हे श्रीरामचन्द्र, सर्वार्थसिद्धि संन्यासी ब्राह्मणको गृहमा बसिरहन्थ्या, तन्ले मलाई निस्कारणमा कुटयो, एस् प्रकारका कुरा तपाणिछेउँ विंति गर्न आयाँ भन्या र श्रीरामले त्यस् ब्राह्मणलाई बोलाउन

पठाया । ताहाँ द्वारिले डाकि ल्याया र ताहाँ सर्वार्थसिद्धिले श्रीरामचन्द्रलाई देखि श्रीरामकन आशिषादि गरिकन विंति गर्न लाग्या, हे श्रीरामचंद्र, तपाल्किा आज्ञाले म आयाँ, क्या कारणले हो आज्ञा गर्नुहुन्छ भनि आज्ञा गऱ्या र यो वचन सुनि श्रीरामचन्द्रले विंति गर्न लाग्या, हे सर्वार्थसिद्ध, तिमिले यो कुकुरलाई कुत्याको क्या कारण हो ? हे ब्राह्मण, क्रोध भन्याको निको छैन, शत्रु पनि मृत्यु पनि क्रोधले नासिदिन्छ एस्कारण क्रोधी हुनुछैन । हे ब्राह्मण, पचेदि अश्वलाई धैर्य सारथिले पछिल्तिर धैचिकन राखनुपर्छ, आफु काम श्रेय भावनाले गर्न्याले ननिको कर्म बोलिकन मनले विचार गरि गर्नुपर्छ, अन्याय मार्गमा जानुछैन, अन्याय मार्गमा गयापछि तेस्को फल आफैलाई प्राप्त होला भनि आज्ञा गऱ्या र सर्वार्थसिद्धले बिन्ति गर्नलाग्या, हे महाराज श्रीरामचन्द्र, तपाल्किले आज्ञा गर्नुभयाको कुरा सत्य २ हो । मैले क्रोध गरिकन कुत्याको हो, मैले भिक्षा मागन जाँदा त्यो कुकुर बाटोमा बस्यो र मैले गछ २ भनि भन्दा तैपनि बाटो छाडिदियेन र मैले क्रोध गरि कुत्याको हो । हे राजेन्द्र श्रीरामचन्द्र, मेरा अपराध भया मर्ज्यादाले दण्ड गर्नुभयाजावस् भन्या र ताहाँ भृगु, अंगिरा, सकुत्स, वशिष्ठ, अत्रि, कश्यप इत्यादि धर्मशास्त्र परिरहन्या उत्तम २ पण्डितले भन्न लाग्या, हे श्रीरामचन्द्र, समस्तका पनि पिता हुन्, विशेषले तपाल्कि साक्षात् नारायण हुन्, तपाल्किले विचार गरि गर्नुभयाजावस् भन्या र ताहाँ कुकुरले भन्न लाग्या । हे श्रीरामचन्द्र, तपाल्किले मेराउपर दया भया तेस् ब्राह्मणलाई (कालंजर गिरिको अधिपति हुनु जा) कालंगिरिमा कुलपति गराउनुभयाजावस्, भनि विंति गऱ्या र श्रीरामचन्द्रले तेस् ब्राह्मणलाई कालंजर गिरिको अधिपति हुन जा भनि आज्ञा गऱ्या र हवस् भनि ब्राह्मण गया । त्यो गयाको देखि रामचन्द्रका मंत्रीहरू सबैले हाँसिकन भन्न लाग्या, हे श्रीरामचन्द्र, तपाल्किले तेस् ब्राह्मणलाई प्रियमान गरि दंड गर्नुभयो भनि विंति गऱ्या र ति वचन सुनि श्वानले भन्न लाग्या । हे मंत्रीहा, ति कालंजर गिरिका देवस्थलमा अनेक चिंता गरि म रहन्थ्याँ, एस् प्रकारले रह्याका निमित्तले एस्तै अघोर अवस्था गरि श्वान योनि मैले पाएँ । मलाई सुद्धा एस्तो भयो, त्यो ब्राह्मण महाक्रोधी, क्रूर कर्म गर्न्या छन्, तेस्ले सप्त कुललाई नर्कवास गर्न्याछ, त्यस्कारण कालंजरमा कुलपति हुनु छैन । देव द्रव्यादिमा जस्ले लोभ गर्ला, तेस्ले नरक जानाको वाँछा गऱ्यो भनि जान्नु । देव, ब्राह्मण गाईको द्रव्यमा जस्ले लोभ चिंता गर्छ तेस्को गोत्र कुटुंबादि सहित गरि नरक वास होला भनि श्वानले विंति गऱ्या, हे राघव, ब्राह्मणको द्रव्यमा जस्ले लोभ गर्नान् त्यस्लाई चौंदै-अविची भन्याको नरक प्राप्त होला भनि श्वानले विंति गऱ्यो । यो वचन सुनि श्रीरामचन्द्रले उत्फुल्ल नेत्र गरि राजगर्नु-

भयो । एस् प्रकारले कुरा गरिकन कुकुर फर्कि गयो, त्यो कुकुर वारानसीमा मृत्यु भैकन स्वर्गमा गयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे कुलपातको नाम सर्गः ॥४५॥

४६

एस् प्रकारले स्नान गरापछि, भार्गव च्यवन आदि तपस्वीहरू द्वारमा आईपुग्नुभयो र ताहाँ द्वारिले श्रीरामचन्द्रको अग्रमा गैकन विंति गर्न लाग्यो । हे श्रीरामचन्द्र, यमुनाको तीरमा वस्न्या ऋषिहरू सबै आईपुग्नुभयो भनि विंति गऱ्यो र यो वचन सुनि श्रीरामचन्द्रले आज्ञा गऱ्या, हे द्वारि, मित्र बोलाई ल्याऊ भनि आज्ञा भयो र आफना २ तेजले जाज्वल्यमान भयाका ऋषिहरू सबै मित्र श्रीरामचन्द्रका अग्रमा लैगया । ताहाँ मुनिहरूले नाना तीर्थका जल कुंभमा राखि अनेक कंदमूल श्रीरामचन्द्रका अग्रमा राखिदिया । श्रीरामचन्द्रले पनि मुनिहरूले ल्यायाको फल-मूल इत्यादि लीकन श्रीरामचन्द्रले पनि हर्ष चित्त गरिकन ऋषिहरूलाई पूजा मान्य गरिकन आज्ञा गऱ्या । हे ऋषिहो, तपाल्हिरू ताहाँ आउनुभयाको क्या कारण हो, मैले क्या गर्नुपऱ्यो, सो आज्ञा गर्नुहवस् । यो समस्त मेरो राज्य मेरो प्राण भनि ब्राह्मणैको हो, आज्ञा गर्नुहवस् भनि भन्या र यमुनातीरमा वस्न्या ऋषिहरूले धन्य २ श्रीरामचन्द्र भनिकन महाहर्ष चित्त गरिकन भन्न लाग्या, धन्य २ हे श्रीरामचन्द्र, सूर्यवंशमा जात भैकन एस्तो वचन बोलनु योग्य । हे राजन्, अनेक राजाहरू प्रजापालन गर्न नसकि गया, अब तपाल्हि श्रेष्ठ पुरुष हुनुभयो र विन्ति गर्न लाग्यो, असत्य वचन विन्ति गर्न लाग्याको होईन । एस्कारण तपाल्हि अचिन्त्य पुरुष महाऋषिहरूका भय मोचन गर्न्या तपाल्हि ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे ऋषिदर्शनं नाम सर्गः ॥ ४६ ॥

पठाया । ताहाँ द्वारिले डाकि ल्याया र ताहाँ सर्वार्थसिद्धिले श्रीरामचन्द्रलाई देखि श्रीरामकन आशिषादि गरिकन विंति गर्न लाग्या, हे श्रीरामचंद्र, तपाखिका आज्ञाले म आयाँ, क्या कारणले हो आज्ञा गर्नुहुन्छ भनि आज्ञा गऱ्या र यो वचन सुनि श्रीरामचन्द्रले विंति गर्न लाग्या, हे सर्वार्थसिद्ध, तिमिले यो कुकुरलाई कुऱ्याको क्या कारण हो ? हे ब्राह्मण, क्रोध भन्याको निको छैन, शत्रु पनि मृत्यु पनि क्रोधले नासिदिन्छ एस्कारण क्रोधी हुनुछैन । हे ब्राह्मण, पचेदि अश्वलाई धैर्य सारथिले पछिल्तिर पैचिकन राषनुपर्छ, आफु काम श्रेय भावनाले गर्न्यालें ननिको कर्म बोलिकन मनले विचार गरि गर्नुपर्छ, अन्याय मार्गमा जानुछैन, अन्याय मार्गमा गयापछि तेस्को फल आफैलाई प्राप्त होला भनि आज्ञा गऱ्या र सर्वार्थसिद्धले विन्ति गर्नलाग्या, हे महाराज श्रीरामचन्द्र, तपाखिले आज्ञा गर्नुभयाको कुरा सत्य २ हो । मैले क्रोध गरिकन कुऱ्याको हो, मैले भिक्षा मागन जाँदा त्यो कुकुर बाटोमा बस्यो र मैले गछ २ भनि भन्दा तैपनि बाटो छाडिदियेन र मैले क्रोध गरि कुऱ्याको हो । हे राजेन्द्र श्रीरामचन्द्र, मेरा अपराध भया मर्ज्यादाले दण्ड गर्नुभयाजाबस् भन्या र ताहाँ भृगु, अंगिरा, सकुत्स, वशिष्ठ, अत्रि, कश्यप इत्यादि धर्मशास्त्र परिरहन्या उत्तम २ पण्डितले भन्न लाग्या, हे श्रीरामचन्द्र, समस्तका पनि पिता हुन्, विशेषले तपाखि साक्षात् नारायण हुन्, तपाखिले विचार गरि गर्नुभयाजाबस् भन्या र ताहाँ कुकुरले भन्न लाग्या । हे श्रीरामचन्द्र, तपाखिले मेराउपर दया भया तेस् ब्राह्मणलाई (कालंजर गिरिको अधिपति हुनु जा) कालंगिरिमा कुलपति गराउनुभयाजाबस्, भनि विंति गऱ्या र श्रीरामचन्द्रले तेस् ब्राह्मणलाई कालंजर गिरिको अधिपति हुन जा भनि आज्ञा गऱ्या र हुबस् भनि ब्राह्मण गया । त्यो गयाको देखि रामचन्द्रका मंत्रीहरू सबैले हाँसिकन भन्न लाग्या, हे श्रीरामचन्द्र, तपाखिले तेस् ब्राह्मणलाई प्रियमान गरि दंड गर्नुभयो भनि विंति गऱ्या र ति वचन सुनि श्वानले भन्न लाग्या । हे मंत्रीहो, ति कालंजर गिरिका देवस्थलमा अनेक चिंता गरि म रहन्थ्याँ, एस् प्रकारले रक्षाका निमित्तले एस्तै अघोर अवस्था गरि श्वान योनि मैले पाएँ । मलाई सुद्धा एस्तो भयो, त्यो ब्राह्मण महाक्रोधी, क्रूर कर्म गर्न्या छन्, तेस्ले सप्त कुललाई नर्कवास गर्न्याछ, त्यस्कारण कालंजरमा कुलपति हुनु छैन । देव द्रव्यादिमा जस्ले लोभ गर्ला, तेस्ले नरक जानाको वांछा गऱ्यो भनि जान्नु । देव, ब्राह्मण गाईको द्रव्यमा जस्ले लोभ चिंता गर्छ तेस्को गोत्र कुटुंबादि सहित गरि नरक वास होला भनि श्वानले विंति गऱ्या, हे राघव, ब्राह्मणको द्रव्यमा जस्ले लोभ गर्नान् त्यस्लाई चौंडै-अविची भन्याको नरक प्राप्त होला भनि श्वानले विंति गऱ्यो । यो वचन सुनि श्रीरामचन्द्रले उत्फुल्ल नेत्र गरि राजगर्नु-

भयो । एस् प्रकारले कुरा गरिकन कुकुर फर्कि गयो, त्यो कुकुर वाराणसीमा मृत्यु भैकन स्वर्गमा गयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे कुलपातको नाम सर्गः ॥४५॥

४६

एस् प्रकारले श्वान गयापछि, भार्गव च्यवन आदि तपस्वीहरू द्वारमा आईपुग्नुभयो र ताहाँ द्वारिले श्रीरामचन्द्रको अग्रमा गैकन विंति गर्न लाग्यो । हे श्रीरामचन्द्र, यमुनाको तीरमा बस्न्या ऋषिहरू सबै आईपुग्नुभयो भनि विंति गऱ्यो र यो वचन सुनि श्रीरामचन्द्रले आज्ञा गऱ्या, हे द्वारि, मित्र बोलाई ल्याऊ भनि आज्ञा भयो र आफ्ना २ तेजले जाज्वल्यमान भयाका ऋषिहरू सबै मित्र श्रीरामचन्द्रका अग्रमा लैगया । ताहाँ मुनिहरूले नाना तीर्थका जल कुंभमा राखि अनेक कंदमूल श्रीरामचन्द्रका अग्रमा राखिदिया । श्रीरामचन्द्रले पनि मुनिहरूले ल्यायाको फल-मूल इत्यादि लीकन श्रीरामचन्द्रले पनि हर्ष चित्त गरिकन ऋषिहरूलाई पूजा मान्य गरिकन आज्ञा गऱ्या । हे ऋषिहो, तपाखिहरू ताहाँ आउनुभयाको क्या कारण हो, मैले क्या गर्नुपऱ्यो, सो आज्ञा गर्नुहवस् । यो समस्त मेरो राज्य मेरो प्राण पनि ब्राह्मणैको हो, आज्ञा गर्नुहवस् भनि भन्या र यमुनातीरमा बस्न्या ऋषि हरूले धन्य २ श्रीरामचन्द्र भनिकन महाहर्ष चित्त गरिकन भन्न लाग्या, धन्य २ हे श्रीरामचन्द्र, सूर्यवंशमा जात भैकन एस्तो वचन बोलनु योग्य । हे राजन्, अनेक राजाहरू प्रजापालन गर्न नसकि गया, अब तपाखि श्रेष्ठ पुरुष हुनुभयो र विन्ति गर्न लाग्यो, असभ्य वचन विन्ति गर्न लाग्याको होईन । एस्कारण तपाखि अर्चिन्य पुरुष महाऋषिहरूका भय मोचन गर्न्या तपाखि ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे ऋषिदर्शनं नाम सर्गः ॥ ४६ ॥

४७

ऋषिहरूका वचन सुनि श्रीरामचन्द्रले आज्ञा गऱ्या, हे ऋषीश्वर, तपास्विका कार्य मैले कया गर्नुपऱ्यो आज्ञा गर्नुभयाजावस् भनि आज्ञा गऱ्या र त्यवन ऋषिले भन्न लाग्या। हे श्रीरामचन्द्र, हामिहरू वस्याका ठाउँमा महाभय छ, त्यो भयका हेतु सुनाउँछु सुन। पूर्वकालमा उत्पत्ति भयाका धर्मात्मा मधु दैत्य त्यो ब्राह्मणभक्त छन्। तत्लाई परमेश्वर सन्तुष्ट भैकन वरदान दिया, आफ्ना त्रिशूलमा शूल जिकिकन आज्ञा गऱ्या, हे मधु, तेरा धर्म सेवाले म सन्तुष्ट भऱ्यौ, अब तँलाई त्यो शत्रुलाई मार्न समर्थ भयाका शूल तँलाई दिन्छु। देव ब्राह्मणसित विरोध नगऱ्यासम्म एस् शूलका प्रभावले एस् शूलले शत्रुलाई मार्नान्, देव ब्राह्मणसँग विरोध गऱ्या एस् शूलका प्रभाव हुन्याछैन। तेति नगऱ्यासम्म तिमिले युद्ध गर्न आउन्यालाई एस् शूलले मारिदेला भनि आज्ञा गरिकन श्रीपरमेश्वरले मधुदैत्यलाई शूल दिया। मधु दैत्यले नमस्कार गरिकन विन्ति गर्न लाग्यो, हे परमेश्वर, एस्ता शूल तपास्विले प्रसन्न हुनुभयापछि म यौटालाई मात्र होईन मेरा वंश अनेक पुस्ता २ सम्मलाई पनि यो शूल एस् प्रकारले प्रभाव गरि प्रसन्न हुनुभयाजावस् भनि विन्ति गऱ्या र परमेश्वरले आज्ञा गऱ्या, हे मधु दैत्य, त्यस्ता प्रकारले दिनु हुँदैन तिम्रा पुत्रका हातमा रह्यासम्म कसैबाट हुन्याछैन भनि आज्ञा गऱ्या र मधु दैत्यले शूल लीकन एउटा महानगर बनायो। ताहाँपछि त्यस् मधु दैत्यले रावणको अन्तःपुरिमा रहन्या रावणको बहिनी कुम्भीनसीलाई हरण गरिल्यायो। त्यस् कुम्भीका गर्भबाट लवण नाम दानव जात भयो, त्यो लवण बालकैदेखि मायाको चरित्र छ। त्यस् दुरात्मा पुत्र देखि मधुका चित्तमा महासन्ताप गरिरह्यो त्यसो भया पनि आपना पुत्रलाई भक्त लाग्यो, हे पुत्र, त्यो शूल मैले श्रीपरमेश्वरका कृपाले पायाको हो, अब यो शूल तैले रक्षा गरिकन राख भनि शूलको महिमा सबै आफ्ना पुत्रलाई शूल सौंपिकन मधु दैत्य पातालपुरिमा बस्न गयो। ताहाँ त्यस् शूल पाईकन लवण दैत्यले लोकलाई महासंताप गऱ्यो, अनेक ऋषिहरूलाई, पनि महासंताप दियो। हे श्रीरामचन्द्र, अब त्यस लवणले उच्चाटना गरि अनेकलाई मृत्यु गरायो, एस्कारणले तपास्विछेउँ हामिहरू सबै शरणागति आयौं। हे श्रीरामचन्द्र, अघिका अनेक राजाछेउँ पनि तेस् पापात्माले दुःख दियो भनि अभय दान मागन आयौं, तैपनि तेस् पापात्मालाई कसैले मार्न सक्तैनन्। अब श्रीरामचन्द्रले रावणादि राक्षसलाई मारि ऋषिहरूलाई अभय दान दिनुभयो भनि यो खबर सुनिकन अब हामिहरूलाई पनि रक्षा

गर्नान् भनि महाभरोसाले तपास्विछेउँ शरण गति आयौं भनि हे श्रीरामचन्द्र, तेस् लवण-लाई मारिकन तपास्विले निर्भय गरि प्रसन्न भयाजास्त् भनि विति गऱ्या । ति ऋषिका वचन सुनि श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे व्यवन मुनि, त्यो लवण कया थान्छ, काहाँ हिंड्छ, काहाँ वस्याको छ भनि आज्ञा गऱ्या र व्यवन ऋषिले भन्नलाग्या, त्यो लवण आहार अनेक मन ज्ञावी मधुवनमा रहन्या प्राणीहरू, दिनको दश २ हज्जार संहार गर्छ भनि विति गऱ्या र श्रीराम-चन्द्रले आज्ञा गर्न लाग्या । हे ऋषिलोकहो, तपास्विहरूलाई भय दिन्या तेस् पापात्मा लवण-लाई मैले मारिदिउँला, डराउनुपर्दैन भनि श्रीरामचन्द्रले ऋषिहरूलाई अभय वाचा दीकन लक्ष्मण भरत शत्रुघ्नलाई आज्ञा गऱ्या । हे भ्राताहो, त्यस् पापात्मा लवणासुर मार्नाकन तिमिहरू को जांछौ भनि भन्या र भरतले आज्ञा गर्न लाग्या, हे श्रीरामचन्द्र, त्यस् लवण मार्नालाई मलाई आज्ञा दिनुहवस् भनि विति गऱ्या र ति वचन सुनि शत्रुघ्नले विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, तपास्विले अयोध्या छाडिजानुभयाको वेलामा ति भरतले चौध वर्षसम्म जटा धारणा गरि चित्तमा संताप गरि तपास्वि फिर्नु नभयासम्म रहनुभयो, दुःख शय्या गरि अनेक फल-मूल आहारा गरि, निद्रा नभैकन ई भरतले अनेक दुःख पाउनु-भयो । हे श्रीरामचन्द्र, एस्कारण तपास्विका सेवक म जान्छु भरतलाई नपठाउनुहवस् भनि मलाई आज्ञा दिनुहवस् भनि शत्रुघ्नले विन्ति गऱ्या र ति वचन सुनि श्रीरामचन्द्रले आज्ञा गऱ्या । हे शत्रुघ्न, हुन्छ २, कसैले भया पनि मेरा वचनले जाउ । त्यस् मधुको राज्य मात्र जति भयाको सबै राज्याभिषेक तिमिलाई दिउँला भनि त्यस् राज्यमा तिमि नगर बनाउ । तिमि शूर वीर भयाका, मधुको पुत्र मान्यावितिकै तिमिले राज्याभिषेक लेउ भनि हे शत्रुघ्न, तिमि कनिष्ठले म जेठ भ्राताको वचन सुनि लवणासुरलाई मारिकन राज्याभिषेक ली अनेक मंत्रपूत गराईकन राज्याभिषेक लेउ ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे शत्रुघ्न जोगो नाम सर्गः ॥४७॥

४८

एस् प्रकारले श्रीरामचंद्रले आज्ञा दियाको सुनि शत्रुघ्नले हर्षमान गरिकन कोमल वचनले बोल्नाकन लाग्या । हे श्रीरामचंद्र, तपास्विले समस्त धर्म जान्नुहुन्छ, मभन्दा ज्येष्ठ भरत

लक्ष्मण भैकन मैले राज्याभिषेक कसो गरि लिउँ भनि विति गऱ्या र हे शत्रुघ्न, मैले भन्या-पछि केहि संदेह नमान भनिकन वशिष्ठ पुरोहितादि ब्राह्मणहरू, अनेक मंत्री आदि, अनेक नगरका लोकहरू युक्त गरिकन मधुका राज्यको राज्याभिषेक शत्रुघ्न लाई दिया। भरत लक्ष्मणादि अनेक लोगहरू चित्तमा आनंद गराई राज्याभिषेक दीसक्नुभैकन श्रीरामचंद्रले आफ्नो काँधमा शत्रुघ्नलाई राखि तेज वर्द्धमान गर्न्या मधुर वचनले बोलनाकन लाग्या। हे शत्रुघ्न, शत्रुलाई मार्न्या यो अमोघ बाणले प्रहार गरिकन त्यस् लवणलाई मार। एस्कारण पृथ्वी भैरह्याको वेलामा दैत्यहरू मार्नाका अर्थले ब्राह्मणले सृंजना गरिराख्याको बाण समस्त प्राणिहरूले पनि जितन सामर्थ नभयाको त्यस् उत्तम बाणले समस्तलाई जितन सामर्थ छ। मैले पनि रावणसित संग्राम गऱ्याको वेलामा एस् शरले प्रहार गऱ्यौन, कयान भन्या समस्त भूत प्राणीहरूको संहार होला भनि। हे शत्रुघ्न, एस् दुर्ल्लभ शरले त्यस् मधु-दैत्यलाई महादेवले दीराषनुभयाको शूल मधुका पुत्रले आफ्ना गृहमा राखि पूजा गऱ्याको छ, त्यस्को हातमा छैन, आहाराको इछा गरि दश दिशामा भ्रमण गरि हिँड्छ। शत्रुले युद्ध बाँछा गरि आयामा त्यो शूल लीकन शत्रुलाई दग्ध गर्छ। हे शत्रुघ्न, तेस् पापात्मा आहार षोजनाकन नगरबाट निस्किकन आउन्या वेला हेरिकन त्योसित युद्ध गर। हे शत्रुघ्न, त्यसले शूल लिन नपाउँदैमा तिमिले युद्ध गरिकन मार, त्यसले शूल लीकन युद्ध गर्न आया-पछि तेस्लाई मार्न कष्ट छ। त्यसले शस्त्र लिन पायापछि तिमि हामि बाचन पनि कष्ट भयो। हे शत्रुघ्न, लवणको वृत्तांत सुनाईशक्यौं, एस्कारण त्यसले शूल लिन नपाउँदैमा युद्ध गरिकन मार। हे शत्रुघ्न, सेनाहरू सबैलाई शांत वचनले बोलिकन लैजाउ, कयानभन्या सेनाहरू आयाजँ त्यस् रणभूमिमा धन, स्त्री, बन्धु, बान्धव इत्यादि पनि संगै आउँदैनन्, स्नेह राखि सेनाहरू आयाजँ कोहि आउनन्। एस्कारण हृष्टजन सबैहरूलाई आकीर्ण गरि लैगीकन तिनिहरूलाई राख्न्या ठाउँ राखिकन तिमिले धनुर्बाण लीकन जौना प्रकारले तिमिले युद्ध गर्न आयाको त्यस्ले थाहा पायेन त्यस् प्रकारले जाउ। एस् प्रकारले गैकन त्रैलोक्यको कंटक त्यस् लवणासुरलाई मार। त्यस् लवणासुर मार्नाकन च्यवन ऋषिहरू युक्त गरि तिमि जाउ, गंगापारमा सैन्य राखि धनुर्बाण युक्त गरिकन कसैले थाहा नपाउन्या गरि तिमि एक्लै जाउ भनि श्रीरामचन्द्रले आज्ञा गऱ्या। ति वचन सुनि शत्रुघ्नले सबै सेनापति, सबै सेनापति बटुल्याईकन आज्ञा गऱ्या, हे सेनापतिहो, हामिहरू सबै लवणलाई मार्नाकन जानुपऱ्यो। वासवासमा बढो सह्यार गरि जाग्रत २ गरिरहनुपर्छ। एस् प्रकारले जाँदामा उचाटन गर्नु छैन, बाटोमा कोकलाई पीडा गर्नुछैन भनि आज्ञा गरिकन

ताहाँ शत्रुघ्नले कौशल्या, कैकेयी, सुमित्रालाई नमस्कार गरिकन श्रीरामचन्द्रका चरणमा प्रदक्षिणा गरिकन ताहाँबाट भरत लक्ष्मणलाई दण्डवत् गरिकन प्रस्थान गऱ्या ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे शत्रुघ्न निर्याणं नाम सर्गः ॥ ४८ ॥

४९

एस् प्रकारले सेनासहितले प्रस्थान गरि गयापछि वाल्मीकि ऋषिका आश्रममा पुग्या र शत्रुघ्नले वाल्मीकि ऋषिलाई नमस्कार गरिकन विन्ति गर्नलाग्या, हे भगवन्, तपाईंछेउँ हामिले वास माग्न आयौं, भोलिको दिन प्रातःकालको समयमा पश्चिम दिशा जान्छौं भन्या र शत्रुघ्नका वचन सुनि वाल्मीकि ऋषिले आज्ञा गर्नाकन लाग्या, अनेक कुशल वार्तादि पूजा आदर गरिकन भन्नलाग्या, हे शत्रुघ्न, यो आश्रम तिमिहरूको पो हो भनि कन्दमूल फलादि अग्रमा राखिदिया ताहाँ । फलादि भोजन गरिकन शत्रुघ्नका चित्तसन्ताप गरिकन भन्नलाग्या, हे मुने, ति आश्रमका समीपमा यज्ञको सम्पत्ति त्यो कस्को हो भन्या र वाल्मीकि ऋषिले भन्न लाग्या, हे शत्रुघ्न, कस्को हो भन्या त्यस् यज्ञ गऱ्याको धूंपादिको चिह्न तिमिहरू पूर्वजन्ममा सुदास नामा राजाको पुत्र अमित्रसह राजा रूपवन्त पण्डितका शीलले संयुक्त सधैं यज्ञ गर्न्या क्षमाले प्रजा प्रतिपाल्न गर्नामा रत ति अमित्रसह धर्मात्मा ति राजा वालपमा अनेक मृगादिलाई भक्ष गरि दुवै राक्षस व्याघ्ररूप भै आयाको ति राजाले देखि सौदास राजाले क्रोध गरि उत्तम बाणले प्रहार गरिकन राक्षसलाई मृत्यु गराया र राक्षसरूप भैकन मऱ्यो । एस् प्रकारले मारिकन राजाका चित्तमा सन्तोष गरिरहनुभयाका वेलामा एउटा व्याघ्ररूप भै रहन्या राक्षसले आफना स्वरूप भैकन भन्न लाग्यो, हे पापात्मा राजा, हामिहरूले तँछेउँ केहि अपराध गऱ्यौंन र पनि मेरा सखालाई तैले मारिदिईस्, अब तँलाई पनि मैले मारूँला भनिकन राक्षस अन्तर्ध्यान भैगयो । ताहाँउप्रान्त धेरै काल गयापछि ति बुद्धिमान् राजाले वशिष्ठ प्रमुख ब्राह्मणहरू सबैलाई डाकिकन समस्त देवता सन्तुष्ट गराई बहुत वर्षसम्म अश्वमेध यज्ञ गऱ्या । एस् प्रकारले यज्ञ गऱ्याको देखि त्यस् व्याघ्ररूप भै रहन्या राक्षसले आपनु पूर्वको वैरि समझि वशिष्ठको रूप धारणा गरि आईकन राजाछेउँ भन्न लाग्या, हे राजन्, मलाई मांससहित

गरिकन भोजन गराउनुहुन्छ् भन्या र राजाले आज्ञा गर्न लाग्या, हे भंडारि, आजको दिन मासु पकाई सूपकादि अनेक सराजाम युक्त गरि वशिष्ठको चित्त सन्तोष गराई भोजन गराउनु-पर्छ भनि आज्ञा गऱ्या र ति राक्षसले भँडारिको रूप भैकन मनुष्यको मांस सूपक्व गरिकन आफैले चाँडै गरि ल्याईकन राजालाई भन्न लाग्या। हे महाराज, यो मांस इत्यादि मैले ल्याऊँ भनि राजाको अग्रमा राखिकन राक्षस गयो। ताहाँपछि त्यो हविष्यांत मांस सुदास नामा राजाको पुत्र अमित्रसह राजाले वशिष्ठलाई भोजन गराउनाकन वशिष्ठको अग्रमा ल्याया। त्यो मनुष्यको मांस भनि वशिष्ठले जानिकन राजाको उपर क्रोध गरिकन आज्ञा गर्न लाग्या, हे पापात्मा राजा, अभक्ष वस्तु महामांस मलाई भुलाउनाकन वशिष्ठको अग्रमा तैले ल्याईस्, अब त्यो सर्धै तेरो भक्ष हुन्छस् भनि श्राप दिया। ति वचन सुनि अमित्रसह राजाले पनि मदयन्तीले पनि अनेक प्रार्थना गरि विन्ति गर्न लाग्या। ताहाँपछि वशिष्ठले पनि आज्ञा गर्न लाग्या, हे राजन, तम्रो दोष छैन हो, मैले क्रोध गरिकन बोल्याका वचनको फल सर्धै भुक्तमान गर्नु-पर्दैन बाहवर्ष मात्र भुक्तमान गर भनि वशिष्ठले आज्ञा गऱ्याको सुनि अमित्रसह राजा क्रोध गरिकन जल हातमा लिया। एस् प्रकारले वशिष्ठलाई श्राप दिनाकन जल राजाले क्रियाको मदयन्तीले जानि राजाकन भन्न लागिन्। हे राजन, हाम्रा कुलदेषिका गुरु पुरोहित देवतुल्य त्यस्ताकन श्राप नदिनुहुन्छस् भनिन् र त्यो क्रोधमय जल आफना पादमा छोड्या। त्यस् क्रोधमय जलले राजाको पादहीन गरायो। ति अमित्रसह राजाको पाद त्यसै दिनदेषि कल्माषपाद भयो लोकले पनि कल्माषपाद राजा भन्छन्। हे शत्रुघ्न, मेरा आश्रमको समीपमा रह्याका समस्त कल्माषपादका यज्ञको हो।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे कल्मषोपाख्यानं नाम सर्गः ॥ ४६ ॥

५०

त्यस् दिनमा वाल्मीकिका आश्रममा भित्र वास गर्नाकन शत्रुघ्न गया। त्यस् दिनमा सीताको दुवै पुत्र जात भयो। एस् प्रकारले जात भयाको देषि ऋषि बालकहरू सबै आईकन भन्नलाग्या, हे भगवन्, वाल्मीकि ऋषि, श्रीरामचन्द्रका स्त्री सीतादेवीको दुई पुत्र जात भयो, तपाईले

बालघहरूछेउँ भूत प्रेतादि लाग्न नशकन्या गरिदिनुहवस् भन्यो र त्यो वचन सुनि वाल्मीकिका चित्तमा महाहर्षमान गरि कुश मुष्टि गरिकन तेस् कुशमा रक्षा विधानले मन्त्र गरिकन अधि जात भयाकालाई कुशलपीकन दिनुभयो र तन्का नाम कुश भनि नामकर्न गऱ्या। लवणमा मन्त्रले जपिकन तन्का पछि जात हुन्यालाई राषिद्वीकन लव भनि नामकर्न गऱ्या। ताहाँपछि श्रीरामचन्द्रका वीर्यले सीताको गर्भवाट पुत्र जात भयो भनि हर्ष गऱ्या। एस् प्रकारले महा-हर्षचित्त गरिकन चारै प्रहर रात काटिकन प्रातःकालको समय भयो र आपना चाहियाको नित्यकर्म गरिशक्नुभैकन ऋषिलाई नमस्कार गरि विदा भैकन पश्चिमाभिमुख गरिकन एस् प्रकारले च्यवनादि ऋषिहरूसहितले नाना कथाहा गरि जाँदा २ सप्तरात्रिमा यमुनातीर पुग्नुभयो, ताहिं वास गऱ्या।

इति श्रीअध्यात्मरामायणे उमामहेश्वर संवादे उत्तरकांडे यमुनातीरनिवासो नाम सर्ग ॥ ५० ॥

५१

एस् प्रकारले वास गरिकन रात्रिको समय भयो र शत्रुघ्नले ऋषिहरूछेउँ आज्ञा गर्नलाग्या, हे मुने, लवणासुरको कत्तिसम्मको पराक्रम छ, तेस्ले द्वन्द्वयुद्ध गरिकन कस् २ लाई मार्‌यो भनि सोध्नुभयो र च्यवन ऋषिले सुनाउन लाग्या। हे शत्रुघ्न, तेस् लवणासुरले मार्‌याको कुरा संख्या छ। इक्ष्वाकु वंशमा जात हुन्या राजाहरूसित त्यस्ले गऱ्याको कुकर्म मैले विन्ति गर्छु सुन्नुहवस्। अयोध्याका राजा युवनाश्व राजा, तन्का पुत्र मांधाता राजा त्रैलोक्यमा पनि प्रख्यात छन्। ति राजाले पृथ्वीमा जितिकन आफ्नु वश्यमा राषिसकयापछि स्वर्गलोक जित्नाकन मनमा चिताई चतुरंग दल युक्त गऱ्या। एस् प्रकारले गऱ्याको देषि इन्द्रादि देवताको महाभय उत्पत्ति भयो। एस् प्रकारले मांधाता राजा स्वर्गमा गैकन इन्द्रलाई भन्नलाग्या, हे इन्द्र, तम्रा राज्य आधा मेरो आधा तम्रो भन्यो र इन्द्रले नाना प्रकारले बुझाया, तैपनि नमानि-कन इन्द्रलोक लिनाको चिन्तना गरिरह्या। ताहाँ इन्द्रले चिन्तना गर्नुभयो, तेस्ले मेरो इन्द्रपुरी नली छोडन्याछैन भनि चिताई देवराज इन्द्र मांधाता राजाको अग्रमा आईकन भन्न लाग्यो। हे मांधाता, तिमि पृथ्वीपति राजा भयाको छैन, एस्ता देवराज्य लिनाकन तिमिले कसोगरि

चिन्तना गर्नुभयो । पृथ्वीमा जति भयाको राजाहरू सबै आफ्ना काबुमा राषन सक्यापछि यो मेरो स्वर्ग राज्य लिन आ भनि इन्द्रले आज्ञा गऱ्या । ति वचन सुनि मांधाताले भन्नलाग्या, हे इन्द्र, पृथ्वीमा सबैले मेरा आज्ञा नमान्या को छ भनि मांधाताले चित्तले अधोमुख गरि भनिकन स्वर्गबाट वर्ल्हिकन क्रोधले संयुक्त भैकन आया । ताहाँ चतुरंग दलसहित भैकन युद्ध गर्नाकन दूतलाई लवणासुरछेउँ पठाया । ताहाँ दूत गैकन भन्नलाग्यो, हे लवण, मांधाता राजाले एस् प्रकारले आज्ञा गरि पठाउनुभयो, हे लवण, मेरा वश्यमा बस्छ कि युद्ध दिन्छ भनि आज्ञा गरि पठाउनुभयो भन्या र ति वचन सुनि दूतलाई भक्ष गऱ्यो । आफुले पठायाको दूत नफर्क्याको देषि मांधाता राजाले चतुरंग दलसहित गरि गैकन लवणलाई युद्ध गरिकन हाँक्यो । ति वचन सुनि लवणले क्रोध गरिकन मांधाता आदि समस्त सैन्यलाई मार्नाका अर्थले शूल भ्रमण गरि मांधाता राजामाथि प्रहार गऱ्यो र त्यस् शूल प्रहार लागि मांधातादि अनेक सैन्य मृत्यु भयो । हे शत्रुघ्न, तेस्ता लवणले त्यो शूल लिन नपाउँदैमा तिमिले त्यसलाई मार्नुहवस् ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तर काण्डे मान्धातोपाख्यानं नाम सर्गः ॥५१॥

५२

एस् प्रकारले कुरा गर्दै रात विहायो, प्रातःकालको समय भयो । लवण पनि प्रातःकालको समयमा आहारा षोजनाको निमित्तमा अनेक वनांतरमा षोजन गयो, तसै वेलामा शत्रुघ्न पनि यमुना नदी पार गरिकन जानुभैकन मधुवनमा जानुभैकन तेस् लवणको द्वारमा बस्न गया । ताहाँ मध्यान्ह कालको समयमा अनेक सहस्र २ प्राणी लीकन आउँदा तेस् पापात्माले आफ्नु द्वारमा बस्न्या शत्रुघ्नलाई देष्यो । हातमा धनुर्बाण लीकन रह्याको देषि ताहाँ लवणले भन्न लाग्यो, हे पुरुष, तिमि जस्ता शस्त्र अस्त्र धनुर्बाणले संयुक्त गरि आउन्याहरू अनेकलाई मैले क्रोध गरि भक्ष गरिसक्यौं । तेरो संगी को को छ काहाँ छ, मलाई षुलाउनाकन आईपुग्यो, एस्कारण आजको दिन मेरो भाग्य भयो भनि अट्टाट्टले हाँस्यो । त्यो देषिकन शत्रुघ्नले अत्यन्त क्रोधले जाज्वल्यमान भैकन आज्ञा गऱ्या, हे दुर्बुद्धे, तँसित संग्राम गर्नाकन आयौं, हे पापात्मा,

तैले मलाई जान्दैनस् कि ! श्रीदशरथ राजाको पुत्र श्रीरामचन्द्रको भ्राता मेरो नाम शत्रुघ्न हो, तलाई मार्नाका अर्थले युद्ध वांछा गरि म आएँ । समस्त प्राणीहरूको शत्रु भैरह्याको तँ अब मेरो अग्रमा परिस् । हे पापात्मा, तैले जिउनाको आसा नगर् भनि आज्ञा गऱ्या । ति वचन सुनि ताहाँ लवणले हाँसिकन भन्नलाग्यो, मेरा आजको दिनसमान आनन्द कैले पनि छैन, मेरा गृहसम्म पुऱ्याई मलाई दैवले आहारा दिनुभयो । मेरा आमाको भ्राता दशग्रीवादि-लाई यौटा स्त्रीका निमित्तले मारिदियो । रामचन्द्रको कुल सबै मारूँला भनि इछा गरि रह्याथ्यौं आज मेरा गृहसम्म आईपुग्यौ । हे शत्रुघ्न, मेरा इक्ष्वाकु वंशमा जात भयाका पूर्व-कालमा अनेकलाई मारिकन भक्ष गरिसकयौं, तँलाई पनि ऐन्हे मारिकन भक्ष गर्ऱ्ला । तैले युद्ध माग्यापछि मैले युद्ध दिउँला, तेरो शस्त्रास्त्र सबै तयार गर मैले संग्राम दिउँला, मुहूर्त्त मात्र पर्खिरह मैले शूल लिन गयासम्म भन्यो र शत्रुघ्नले भन्नलाग्यो, हे पापात्मा, मेरो अग्रमा आईपुगिस्, तँ जिउँदै कसो गरि फर्कि जान पाउलास् ! आफ्ना हातमा पर्न्या शत्रु मैले कयान छोडुँला ज्ञानि जनले छोडन्या छैनन् भनि एस् प्रकारले शत्रुघ्नले निष्ठुर वचनले प्रहार गरि क्रोध गर्दा भया ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे शत्रुघ्न वाक्यं नाम सर्गः ॥ ५२ ॥

५३

शत्रुघ्नले बोल्याका वचन सुनि लवणले क्रोध गरिकन भन्न लाग्यो, तिष्ठ २ भनि दाँत किट्किटाई भन्यो । ताहाँ शत्रुघ्नले पनि भन्न लाग्यो, हे पापात्मा, तैले भन्याको जस्तै हाम्रा-राजाहरूलाई तैले माऱ्याका वेलामा म जन्म्याको थियेन, अब तँलाई मेरा बाणले प्रहार गरिकन यमपुरी पठाउँछु । हे पापात्मा, च्यवनादि ऋषिहरूलाई तँ पृथ्वीमा लडिरह्याको देखाउँला, मेरा भ्राताले रावणलाई मारि देवताहरूलाई देखाउनुभया जस्तै अब मैले तेरा प्राण लीकन अनेक लोकलाई निष्पीडा गराई राखछु भनि आज्ञा गर्नुभयो र ति वचन सुनि लवणले हृष्ट उपेलिकन प्रहार गऱ्या । ताहाँ शत्रुघ्नले पनि बाण प्रहार गरिकन आकासैमा खण्ड २ गरि पसालिदिया । त्यो देखिकन फेरि लवणले अनेक हृष्टले शत्रुघ्नमाथि प्रहार

गऱ्यो । महातेजस्वी शत्रुघ्नले पनि तीक्ष्ण २ बाणले प्रहार गरिकन अनेक वृक्ष सबै छेदन गरिदिकन अनेक शरवृष्टि गरिदिया । एस् प्रकारले प्रहार गरिरह्याथाको देखि लवणले क्रोध गरिकन महावृक्ष एउटा उपेलिकन शत्रुघ्नका मस्तकमा प्रहार गऱ्यो । एस् प्रकारले लागिकन शत्रुघ्न अचेष्टाले भूमिमा लोटया । त्यो देखिकन समस्त ऋषिलोक देव अप्सरा गन्धर्व आदि हाहाकार गरिरह्या । त्यो शत्रुघ्न मऱ्यो भनिठानि लवण द्वारभित्र गैकन क्षुधाले पीडा गरायो र भक्ष गर्नाकन चिन्ता गरिरह्यो । ताहाँ मुहूर्त मात्रपछि शत्रुघ्नको चेष्टा भयो र ऋषिहरू सबैले मध्यद्वारमा शत्रुघ्न लैगया । ताहाँ शत्रुघ्नले श्रीरामचन्द्रले दीपठाउनुभयाको दिव्यास्त्र अमोघ बाण लीकन दश दिशा पनि जाज्वल्यमान गर्ने सामर्थ त्यस्तो बाण लीकन कालाग्नि जस्तो जाज्वल्यमान भै रह्या । त्यो देखिकन समस्त देवता गंधर्वादिका मोह भैकन अचैतन्य भयो, त्यस प्रकारले देवतादि सबैले क्या हुन लाग्यो भनि डराई भागिकन ब्रह्मा छेउँ विंति गर्न लाग्या । हे पितामह ब्रह्मा, यो वृत्तान्त लोक क्षय हुन लाग्यो कि, एस् प्रकारले उपद्रव भयाको कैह्ले देख्याको पनि छैन सुन्याको पनि छैन भनि देवताहरू सबैले ब्रह्माछेउँ विंति गऱ्या । ति देवताहरूको वचन सुनि ब्रह्माले आज्ञा गर्दा भया, हे देवा, तिमिहरूले यो कारण नजान्याको भया म कहन्छु सुन । लवणासुर मार्नाकन शत्रुघ्नले धनुमा बाण जोरिराषनुभयो, ति बाणको तेजले तिमिहरू सबै मोह भयौ । ति बाण कस्ता छन्भन्या आदि नारायणका तेजमय छन्, ति बाणका तेज हुन् तिमिहरू नदराउ २ । पूर्वकालमा मधु कैटभ मार्नाकन श्रीनारायणले सृजना गरिराषनुभयाका ति बाण हुन् । परापूर्वमा त्यसै बाणले मधु कैटभलाई मारिसक्नुभयो, तेसै बाणको तेजले हो । एस्कारण तिमिहरू डराउनुपर्दैन केहि हुन्या छैन । शत्रुघ्नले तेस् लवणासुर लाई मार्नान्, तिमिहरू सबैले हेर्न जाउ भनि आज्ञा गर्नुभयो र देवताहरू सबैले ब्रह्मालाई नमस्कार गरि तसै ठाउँमा गैकन शत्रुघ्नले महाबाण धनुमा जोरिराषनुभयाको देवताहरूले हेर्नुभयो । एस् प्रकारले बाण धनुमा जोरिकन शत्रुघ्नले राक्षसलाई भन्न लाग्या, हे दुर्बुद्धि, तेरो मृत्यु मेरो हातमा हो, तँ भित्र जानुपर्दैन भनि आज्ञा गऱ्या । ताहाँ तेस् लवणले शत्रुघ्नको हस्तमा रह्याका महाजाज्वल्यमान भयाका वैष्णवास्त्रबाण देखि लवणको चित्तमा क्षोभ गराई भन्न लाग्यो, हे कुबुद्धि, तैले अस्त्रिवार पर्ष २, मेरा नित्यकर्म गरिकन आहार गर्नु नशक्यासम्म तैले पर्खिरह, मैले भोजनादि गरि शूल लीकन आउँला भन्यो र शत्रुघ्नले भन्नलाग्या, हे पापात्मा, प्रेतपुरीमा गैकन यमपुरीमा तेरो थान पऱ्या थान जा भनि आज्ञा गऱ्या र ति वचन सुनि लवणले अत्यंत

क्रोध गरिकन भन्नलाग्यो । हे पापात्मा शत्रुघ्न, मेरो क्षुधार्त भयो भन्यार पनि तैले मानिनस् तेस् पापले तेरो नगरवासीसमेतलाई पनि क्षुधाले पीडा गर्नेस् भनि लवणले शत्रुघ्नलाई श्राप दियो । तेस् वेलामा अनेक देवतालाई देखाईकन महाशब्दले सिंहनाद गरिकन शत्रुघ्नतिर हेरि लवणासुर दगुरीकन आयो । एस् प्रकारले आपना अग्रमा आयाका लवणासुरकन देखि शत्रुघ्नले कानसम्म धनु पैंचिकन वैष्णव बाणले प्रहार गरिदिया । त्यो बाण कस्तो गरि गयो भन्या पूर्णाहुतिमा घ्यू हालिदियामा जस्तो गरि अग्नि जाज्वल्यमान हुन्थ्यो तस्तै प्रकारले गैकन ति बाणले अनेक वृक्षादि दग्ध गरिकन वज्रप्रमान तेजस्वी बाण लवणासुरको हृदयमा लागि छिचोलिकन ति बाण रसातलमा गैकन पाताल-गंगा स्नान गरि फर्किकन शत्रुघ्नको हातमा आया । एस् प्रकारले शत्रुघ्नको शस्त्र लागि लवण पृथ्वीमा लागि मृत्युभयो, इन्द्रको वज्रप्रहारले पर्वत भग्न भयाजैं भग्न भै मृत्यु भयो । त्यस् प्रकारले लवण मर्‍याको देखि ति शूलको तेज गैकन श्रीमहादेवका त्रिशूलमा लीन भयो । तेस्वेलामा लवण दैत्य मार्‍याको देखि देव, गन्धर्व, अप्सरा सिद्ध चारणादि सबै हर्षमान गरि शत्रुघ्नलाई पूजा गर्‍या, बारंबार आनन्द गरिकन पूजा गर्‍या । तेस् वेलामा शत्रुघ्न महा-शोभायमान भयो कस्तो भन्या श्रीसूर्य उदय भैकन अन्धकार नाश भया जस्तो शत्रुघ्न महा-शोभायमान भयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे लवणवधो नाम सर्गः ॥५३॥

५४

एस् प्रकारले लवणासुर मार्‍याको देखि इन्द्रादि देवता आईकन उत्तम वचनले शत्रुघ्नलाई प्रशंसा गर्नलाग्या, हे शत्रुघ्न, तैले हामि सबैलाई लवणासुर मारिकन महाआनन्द गराउनु-भयो । एस्ता कर्म गर्‍याका निमित्यले अब हामिछेउँ वर माग्नुहवस् भन्या र शत्रुघ्नले हात जोरिकन भन्न लाग्या, हे देवताहो, तेस् मधुका राज्यमा मलाई महानगर बनाई प्रपञ्च भयाजावस् भनि आज्ञा भया र देवताहरू सबैले महाहर्ष गरि बोलन लाग्या, हे शत्रुघ्न, तिमिले भन्याको जस्तै तथास्तु । तेस् नगरको नाम मथुरा भनि नाम होला भनिकन वर दिया । ताहाँपछि

शत्रुघ्नले आफुले गंगातीरमा राखि आयाका सैन्य डाकन पठाईकन महानगर बनाया, देवताको नगरतुल्य बनाईकन नगर बनाउनुभयो, द्वादश वर्षसम्मले सिद्ध गरिकन अनेक राजा राजाले सेवा गराई राजगर्नुभयो। वषत् २ मा मेघले पनि वृष्टि गर्दछन्, लोकहरूका पनि महाआनंद छन्। यमुनाका तीरमा नगरविषे अनेक उत्तम २ गृह नाना द्रव्यले संयुक्त अनेक शोभायमान गरिकन त्यो मथुरा नगर दिव्य पुरीजस्तो अत्यन्त शोभायमान भयाको देखि शत्रुघ्नको चित्तमा महाहर्ष भयो। ताहाँ शत्रुघ्नले श्रीरामचन्द्रका पाद-कमल दर्शन गर्नाको इछा गर्नुभयो।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वरसंवादे उत्तरकांडे मथुरानिवेशं नाम सर्गः ॥५४॥

५५

एस् प्रकारले द्वादश वर्ष गयापछि शत्रुघ्नको चित्तमा अयोध्या जानु इछा गरिकन अनेक सेनाले सहित गरि, उत्तर्यमा आफु बसिकन शत्रुघ्न अयोध्या जानाकन गया। एस् प्रकारले जाँदा २ वाल्मीकि ऋषिका आश्रममा पुगिकन वाल्मीकिलाई नमस्कार गऱ्या। ताहाँ वाल्मीकिले शत्रुघ्न आयाको देखि अनेक आदर कुशल वार्त्तादि गरि नाना कथाहा गरि रह्या। ताहाँ कथांतरमा वाल्मीकिले भन्न लाग्या, हे शत्रुघ्न, तिमिले लवणासुरलाई मारिकन ठुलो कर्म गरि आउनुभयो। त्यस् लवणासुरले अनेक २ राजाहरूलाई पनि युद्ध गरिकन अनेकलाई मार्‍यो, तेस्ता पापात्मालाई मार्नुभैकन जगत्संसारलाई पनि तिम्रा तेजले उद्धार गर्नुभयो। तम्रा भ्राता श्रीरामचन्द्रले पनि रावणलाई मार्नुभयो। त्यो पनि ठुलो कर्म हो अब त्यस्को भन्दा ठुलो कर्म तिमिले लवणासुर मार्नुभयाको हो। हे शत्रुघ्न, तेस् लवणलाई तिमिले मार्नुभयाको देखि देवता मनुष्यादिका संसार सबैका महाआनन्द भयो। तिमिले लवणसित युद्ध गर्दामा इन्द्रसित सँगै आईकन मैले पनि हेर्ने आयाथ्याँ, तेस् वेलामा तिम्रा उपर मेरा पनि प्रीतिमान भयो भनि शत्रुघ्नका शरीरमा वाल्मीकिले बारंबार हर्ष गरि आघ्राण गरिकन शत्रुघ्न आदि समस्त सैन्यलाई कन्दमूल फलाहार गराया। तेस्वेलामा मधुर गीत-ध्वनिको शब्द शत्रुघ्नले सुन्नुभयो। श्रीरामचन्द्रका चरित्र नाना विधि समस्त वर्त्तमान भयाको तेस्तो गीत सुन्नुभैकन शत्रुघ्नको चित्तमा महाकष्ट भयो र अधोमुख गरिरह्या, समस्त सेनाले पनि कुरा

गर्न लाग्या । त्यो गीतको शब्द माया स्वप्न भयो कि हामिहरू काहाँ बस्यौं, ऋष्याश्रममा नगर ग्रामादिमा पनि एस्तो मधुर शब्द सुन्नु पायाको छैन, आश्चर्य मानिकन सेनापति सबैले शत्रुघ्नछेउँ विन्ति गर्न लाग्या, हे शत्रुघ्न, तपाईले त्यो गीत शब्दको कुरा वाल्मीकि ऋषि-छेउँ सोधनुहवस् भन्यो र शत्रुघ्नले विन्ति गर्न लाग्या । हे सेनाहो, योकुरा मैले विन्ति गर्नु सामर्थ छैन, यो आश्रममा नाना अद्भुत छन् तिमिहरू आफैले विचार गर भनि आज्ञा गरिकन आश्रममित्र-जानुभैकन वास गऱ्या ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे गीतिका नाम सर्गः ।५५।।

५६

एस् प्रकारले वास गरिकन शत्रुघ्नले गीत शब्द चित्तमा राखिकन नाना प्रकारका श्रीराम-का गीतमा चित्त लाईकन शत्रुघ्नको निद्रा पनि भयेन। ताहाँ एस् प्रकारले रात काटिकन प्रातः कालको समय भयो र नित्यकर्म इत्यादि गर्नु सकिकन वाल्मीकिलाई नमस्कार गरिकन विन्ति गर्न लाग्या । हे मुने, रघुकुलमा आनन्द गराउन्या श्रीरामचन्द्रको दर्शन गर्नाकन जान्छु तपाईले मलाई आज्ञा प्रसन्न भयाजानुस् भनि विन्ति गऱ्या र वाल्मीकि ऋषिले महा-आदरले आज्ञा गर्न लाग्या, हे शत्रुघ्न, जानुहवस् २ भनि आज्ञा दिया र ति वचन सुनि शत्रुघ्नले वाल्मिकिको चरणमा नमस्कार गरिकन रथमा बस्नुभयो । महानाद शब्दले रथ चलाई शत्रुघ्न मध्यान्हको समयमा अयोध्या पुग्न गया, पवनवेगी रथमा बसि श्रीरामचन्द्रको दर्शन गर्नु रत हुन्या शत्रुघ्न अयोध्यामा पुग्न गया । अनेक ब्राह्मणादिले पूजा गराई रहनुभयाका गोपुर, ढोका, अनेक ठुला २ देवालय संयुक्त भयाको अयोध्यामा पुग्न गया र नगरका लोक अनेक ब्राह्मणादिले पूजा गराई रहनुभयाका श्रीरामचन्द्रका राजगृहमित्र जानुभयो र श्रीरामचन्द्र मन्त्रीहरूले सहित गरि आफ्ना तेजले जाज्वल्यमान गरि राजगर्नुभयो । सत्यवन्त श्रीरामचन्द्रछेउँ शत्रुघ्नले दण्डवत् गरि हात जोरिकन विन्ति गर्न लाग्या, हे राजन्, तपाईले आज्ञा दिनुभयावमोजिम समस्त मैले गरि सक्यौं । पापात्मा लवणलाई मारिकन द्वादश वर्षले नगर पनि बनाईसक्यौं, अब तपाईको दर्शन गर्नुमा लालच भैकन म आयौं तपाईविना

ताहाँ वस्तु मेरो इछा छैन भनि विन्ति गऱ्या र एस् वचन सुनि श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे शत्रुघ्न, क्षत्रियको चेष्टा तेसो होईन, क्षत्रिय जाति परदेश वस्नुपऱ्यामा कष्ट भन्नु हुँदैन कयानमन्या राजिक्मा वस्न्या राजाले प्रजा प्रतिपाल गर्नानिमित्त आफ्ना देश-परदेश भन्नु छैन । हे वीर, सधैं वस्तु इछा नभया वेर २ मा अयोध्यामा आउनु, वेर २ मा २।४ महिना एहि वस्न आउ । म पनि वषत् २ मा ताहाँ मथुरामा वस्न आउँछु, म पनि तिमि-विना वस्न सकिन । एस्कारण हे शत्रुघ्न, पंचरात्रि तिमि त्याहाँ वसिकन सेनाले सहित गरि तिमि मथुरा फर्किजाउ भनि आज्ञा गऱ्या र ति वचन सुनि शत्रुघ्नले श्रीरामका स्नेह छोडन नसकि चित्तमा कष्ट गरिकन विन्ति गर्नाकन लाग्या, हे महाराज, अब तपाईले जो आज्ञा भयो सो गरूँला भनि पंच ५ रात्रि अयोध्यापुरमा वसिकन मथुरापुर जानाको चिन्तना गरि श्रीरामचन्द्रलाई प्रदक्षिणा गरिकन फेरि भरत लक्ष्मणछेउँ प्रदक्षिणा गरि गया ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर सम्वादे उत्तरकांडे शत्रुघ्न प्रतिवर्त्तनं नाम सर्गः ॥५६॥



५७

एस् प्रकारले शत्रुघ्नलाई पठाईकन श्रीराम लक्ष्मणसहित गरि राजधर्म मर्य्यादाले प्रतिपाल गरि राजगर्नुभयो । महाहर्षमानले राजधर्म प्रतिपाल गरि रहनुहुँदा एकदिनविषे आफ्ना नगरका यौटा वृद्ध ब्राह्मण रोईकन हा पुत्र २ भनि मृतक बालक लो आईकन भन्न लाग्या, इहत्रमा पनि मैले दुष्टकर्म कसैकन गऱ्याको थियेन, पूर्वकालमा पनि पाप गऱ्याको थियेन र पनि मेरा अपमान पुत्र मऱ्याको हेरिरहनुपऱ्यो । हे पुत्र, तँ पंचवर्षमा मृत्यु भयो, जौभन हुनु नपाईकन अब तँ मऱ्यापछि मैले ज्यूनाको क्या प्रयोजन छ, तेरो माता पनि म पनि तेरो शोकले प्राण छाडुँला । मैले असत्य कर्म हिंसा आदि पनि कसैलाई गऱ्याको छैन, हा हा ! मृत्यु हुन्या वषत् नभैकन रामका राज्यमा एतिसम्म भयो, रामका अधर्मले पो तँ मृत्यु भईस् भनि एस् प्रकारले ब्राह्मणीले सहित गरिकन नाना विलापले श्रीरामचन्द्रका द्वारमा शोक गरिरह्या । श्रीरामचन्द्रले हर्ष गरिराख्याका भरत, लक्ष्मण, वशिष्ठ, वामदेव ऋषिले त्यो शोक शब्द सुनि मनमा दुःख उत्पत्ति गराई रह्या, ब्राह्मणले वारंवार शोक गरि भन्नलाग्या,

राजा दशरथको पालामा महासुख थिया, अब रामचन्द्र राजा भया र यो बालक मृत्यु भयो। राजाका पापले प्रजाकन पीडा गर्छन्, राजाका वृत्तिहीन भयापछि प्रजाहरू अल्पकालैमा मृत्यु हुन्छ, राजाले देश २ मा योग्य २ ले कार्य्य नगऱ्या प्रजालाई भय उत्पत्ति होला एस्कारणले मकन एस्तो अवस्था भयो, निश्चय २ राजाको दोषले मेरा पुत्र मऱ्याको हो भनि एस् प्रकारले पुत्र शोकले पीडा गराई मृतक पुत्र लीकन रामचन्द्रको द्वारमा शोक गरिरह्या।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे विप्र प्रतिदेवनं नाम सर्गः ॥५७॥

५८

जौना रामभद्रले ब्राह्मणहरूको पुत्रशोकले अत्यन्त कल्लोलले शोक गरिरह्याको शब्द सुनि श्रीरामचन्द्रका चित्तमा महाविषाद गरिकन मन्त्री, पुरोहित, भरत, लक्ष्मण, श्रेष्ठ २ लोकहरू सबैकन बटोल्याई, वशिष्ठ प्रभृति अष्ट ऋषि, श्रीरामचन्द्रको हजूरमा निरन्तर कथाहा बोल्याहरू, मार्कण्डेय मुद्गल वामदेव कश्यप कात्यायन जाबालि गौतम नारद ति आदि ब्राह्मणहरूलाई आसन दीकन राजगराउनुभयो। ताहाँ रघुश्रेष्ठ श्रीरामचन्द्रले आज्ञा गऱ्या, ब्राह्मणले शोक गऱ्याको वृत्तान्त सबै आज्ञा गऱ्या र ति वचन सुनि श्रेष्ठ ऋषि नारदले शुभ वचन बोलनाकन लाग्या। हे श्रीरामचन्द्र, तपाबिले सुन्नुभयाजानस्, अकालले ब्राह्मणका पुत्र मृत्यु भयाको कुरा विन्ति गर्छु यो कुरा सुनि तपाबिले विचार गर्नुहनस्। परापूर्वमा कृतयुग-विषये ब्राह्मणबिना अरू कोहि छैनन्, सबैले तपस्या गरिरहन्थ्या, दुःख भन्याको छैन, चिरंजीवि भैकन अनेक कालसम्म रहन्छन्। ति सत्ययुग गयापछि त्रेतायुगमा क्षत्री जात भयो, पूर्वका तपस्याको प्रभावले महावीर भैकन मनुष्य जात भयो। तेस् वेलामा ब्राह्मण र क्षत्रिय जात भयो। हे श्रीरामचन्द्र, सत्य त्रेतामा ब्राह्मण क्षत्रीका तपले जजात तुल्य छन्। ताहाँपछि द्वापर युग भै आयो र चतुर्युगका निमित्तले एकपाद अधर्म भयो। एस् प्रकारले अधर्मले संयुक्त गरि किंचित् आनन्द भयो, अन्त्य भैकन अल्पायुग भयो, अधर्मका प्रभावले एकपादहीन भयो, धर्म जौना सत्य त्रेतामा छैन असत्य परमायु छन् लोकले सत्य धर्म अग्र राषि अनेक तप गर्थ्या, वैश्य शूद्रले ब्राह्मणलाई पूजा गर्थ्या। जौना द्वापर युगमा धर्मको दुई पादहीन भयो। एस्

द्वापर युगमा वैश्यले तप गऱ्या । हे श्रीरामचन्द्र, तीन युगमा तीनै जातले धर्म गऱ्या शूद्रले एस् पापले तेस् ब्राह्मणको बालप मृत्यु भयो । हे श्रीरामचन्द्र, तिमिले न्याय न्यायले विचार गरिकन सञ्चार गर, तिमिले धर्म बुद्धि गर्नुभयापछि तेस् बालक अवश्य जिउन्याछन् भनि नारद ऋषिले श्रीरामचन्द्रकन सुनाया ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे नारद वाक्यं नाम सर्गः ॥५८॥

५९

एस् प्रकारले नारदको वचन सुनि श्रीरामचन्द्रले हर्षमान गरि लक्ष्मणलाई आज्ञा गर्नाकन लाग्या । हे लक्ष्मण, तिमि जाउ र मेरा भायाले शोक गरिरहन्या ब्राह्मणलाई प्रबोध गरि तेस् बालपको शरीर दग्ध नगरि तेलमा राखि छोड भनि ब्राह्मणलाई प्रबोध गरिकन तिमि आउ भनि आज्ञा गऱ्या । ति वचन सुनि लक्ष्मण गैकन ब्राह्मणलाई श्रीरामचन्द्रले आज्ञा गर्नुभयाको जस्तै प्रबोध गऱ्या । ताहाँ श्रीरामचन्द्रले पुष्पक विमानलाई ध्यान गर्नुभयो र ताहाँ पुष्पक श्रीरामचन्द्रका अग्रमा तुरन्त आई हात जोरिकन भन्न लाग्या । हे रामचन्द्र, क्या आज्ञा गर्नुहुन्छ, तपाईको वश्यमा रहन्या पुष्पक आईपुग्यौ भन्यो र श्रीरामचन्द्रले समस्त ऋषीश्वरहरूलाई नमस्कार गरि आज्ञा लीकन धनुर्बाण खड्गले युक्त भैकन पुष्पक विमानमा श्रीरामचन्द्र राजगर्नुभयो । भरत लक्ष्मण ताहाँ नगरैमा राखि श्रीरामचन्द्र पश्चिम दिशामा गैकन सबै ठाउँमा हेर्न लाग्या, अन्याय गर्न्या कोहि थियेन । फेरि उत्तर दिशा हिमालय आदिमा पनि हेर्न लाग्या, ताहाँ पनि अन्याय छैन । फेरि पूर्व दिशामा पनि हेर्न लाग्या, ताहाँ पनि अन्याय मार्गमा चल्न्या कोहि छैन । ताहाँपछि दक्षिण दिशामा गैकन विन्ध्याचलको उत्तर भागमा महासरोवरको तीरमा यौटा तपस्वीले तपस्या गरिरह्याछन् त्यो देखि धर्मात्मा श्रीरामचन्द्रले आज्ञा गऱ्या, शूद्र तपस्वीलाई आज्ञा गऱ्या, हे तपस्वी, तिमि को हौ क्या हौ ? क्या जात भैकन तप धर्म दृढ गर्नुभयो । हे तपस्वी, म दाशरथी राम हुँ, मैले तम्रा ठुला तप भयो र अद्भुत मानि आया । तिमिले स्वर्ग वान्छा गरिकन तपस्या गऱ्यौ कि क्या वान्छाले तपस्या गऱ्यौ, तम्रा कल्याण हुन्छ् । तिमि क्या ब्राह्मण हौ कि अथवा क्षत्री शूद्र हो कि ! हे तपस्वी, सत्यले मोक्ष प्राप्त हुनान् एस्कारण सत्यले बोल ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे शूद्र तपस्वीदर्शनं नाम सर्गः ॥५९॥

९०

एस् प्रकारले श्रीरामचन्द्रका आज्ञा भयाको सुनि शूद्र तपस्वी निडुरिकन भन्न लाग्यो। हे राम, शूद्र भैकन उग्र तपस्या गऱ्याँ, क्यानभन्या स्वशरीरले स्वर्ग गैकन देवता हुनु वाञ्छा गऱ्याथ्याँ। मैले मिथ्या वचनले बोल्याको होईन सत्य वचन बोल्याको हो, स्वर्ग जितनाकन एस् प्रकारले गऱ्याको हो। हे राम, निश्चय निश्चय म शूद्र हुँ भन्यो र श्रीरामचन्द्रले उत्तर खड्गले शम्बूक नाम शूद्रको शिर छेदन गरिदियो। एस् प्रकारले तपस्वीलाई मार्याको देखि इन्द्रादि देवताले धन्य २ श्रीरामचन्द्र भनि अनेक पुष्पवृष्टि गरिदिया। फेरि देवताहरू भन्न लाग्या, हे रामचन्द्र, हामि सन्तोष भयौं, हे रघुनन्दन, देवलोकलाई ठुलो कार्य्य गर्नुभयो, तपास्विको जो वांछा छ सो आज्ञा गर्नुहवस् भनि तपास्विका कृपाले शूद्र स्वशरीरले आउनु सकेन भनि देवताले भन्या र ति वचन सुनि श्रीरामचन्द्रले प्रांजलि गरिकन इन्द्रछेउँ आज्ञा गर्न लाग्या। हे देवता, तपास्विहरू सबैका मेरा उपर कृपा भया ब्राह्मण-को पुत्र जियाईकन प्रसन्न भयाजाउस् भनि आज्ञा गऱ्या क्यानभन्या, त्यो बालक मेरा अपराधले अकाल मृत्यु भयाको हो। हे देवा, मेरा उपर कृपा भया त्यो बालक जियाईदिनुहवस् ब्राह्मणछेउँ मैले अंगीकृत गरिसक्यौं भनि आज्ञा गऱ्या र ति वचन सुनि इन्द्रादि देवताले प्रीतिले संयुक्त वचन बोलनाकन लाग्या। हे रामचन्द्र, तिमिले भन्याको जस्तो तथास्तु, तिम्रा पनि कल्याण हवस्। अब हामि अगस्त्य ऋषिछेउँ गैकन अगस्त्यको दर्शन गरि बाह्र वर्षमा यज्ञ दीक्षा दी सम्पूर्ण भयाका अगस्त्यको दर्शन गरि तेस् ऋषिलाई आनन्द गराउनु भनि देवताहरूले आज्ञा गऱ्या र ति वचन सुनि श्रीरामचन्द्र पुष्पक विमानमा बसि गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर सम्वादे उत्तरकाण्डे शम्बूक शूद्र वधो नाम सर्गः ॥ ९० ॥

९१

एस् प्रकारले शम्बूक शूद्रलाई मारिकन श्रीरामचन्द्र पुष्पकमा बसि गया। तेस्वेलामा अनेक मृग सिंह व्याघ्रादि बस्याका तेस्ता वनमा रहन्या शुद्ध उल्लूक ति दुई अनेक काल-

सम्म परदेशमा गई रह्या, फेरि दुवै फर्किकन उलूकको गृहमा पापात्मा गृद्धले ऊगरा गऱ्यो। एस् प्रकारले ऊगरा गऱ्यो, उलूकले भन्यो, राजा नभयाको देश होईन, श्रीरामचन्द्र छन् ताहाँ श्रीरामचन्द्रको हजूरमा जाउँ भनिकन गृद्ध पनि उलूक पनि दुईले क्रोध गरिकन गया। ताहाँ श्रीरामचन्द्रको चरणमा नमस्कार गरिकन गृद्धले विन्ति गर्न लाग्यो। हे महामते, तपाणि सुरासुर वृहस्पति शुक्र तिनीहरूको श्रेष्ठ हुनुभयाका तपाणि हुन्। द्वितीय चन्द्र सूर्यका जस्तो तेज हुनुभयाका हे श्रीराम, नरपुङ्गव, तपाणिका चरणमा मैले विन्ति गर्न लाग्याको सुन्नुभयाजाबस्। हे श्रीरामचन्द्र, मेरा बाहुबलले बनाईराख्याको मेरा गृह अब तेस् उलूकले मेरा भनि मिचिलियो भन्या र फेरि उलूकले भन्न लाग्यो। हे श्रीरामचन्द्र, तपाणि सोम इन्द्र सूर्य्य कुबेर यम तिनिहरू आदिका अंशले जात हुनुभयाका मनुष्यको अंश ता किंचित् मात्र छ। तपाणि सर्वदेवमय द्वितीय नारायणतुल्य छन्, क्यानभन्या हे राजन्, चन्द्रमाका अंशले सौम्यभाव निदान गरिकन न्याय नीति विचार गरिकन चंद्र भनि दंडवत् गर्छन्। एस् प्रकारले इन्द्र भनि सर्वभूतले धारण गर्नु छैन, तेजले अग्निजस्तो समस्त पापात्मालाई संताप दीरहन्या श्रीसूर्य कुबेरभंदा अधिक तपाणि। हे श्रीरामचन्द्र, तपाणि मनुष्यको भावना होईन, मनुष्यको रूप भैकन दुर्बल अनाथलाई उद्धार गर्नाकन आउनुभयाका हुन्। अगतिको गति राजा हुन्, एस्कारण हामि सबैका आधार तपाणि हुन्। हे राजन्, मेरा सामर्थले बनाईराख्याका गृह तेस् गृध्रले मेरा गृह भनि ढबारी कुरा गरिकन मिचिलियो भनि विंति गऱ्यो र श्रीरामचन्द्रले ति दुईको कुरा सुनि दशरथ राजाको अनेक मंत्री जयंत विजय सिद्धार्थ, राष्ट्र-मर्दन, अशोक, धर्मपाल, सुमंत, तिनिहरू नीति जान्या महात्मा त्यस्ता २ मंत्रीहरू बोलाई पुष्पकबाट ब्रह्मिकन गृध्र, उलूक, तिनिहरूको विवाद भयाको कुरा छिनिदिनु भनि आज्ञा गरिकन सोधन लाग्या, हे गृध्र, तैले बनयाको त्यो गृह कति वर्ष भयो तैले भन भनिकन आज्ञा गऱ्या र गृध्रले भन्न लाग्या। हे श्रीरामचन्द्र, जैलेदेखि मनुष्य भयो उहिलेदेखिका मेरा गृह भन्यो र श्रीरामचन्द्रले साभामा बस्न्या लोकहरूलाई भन्न लाग्या। हे साभामा बस्न्या लोकहो, तिमिहरू सबैले सुन। वृद्धहरू साभामा बस्यापछि धर्म मर्यादाले कुरा गर्नुपर्छ, सत्य स्वरूपले कुरा गऱ्यापछि तिमि वृद्ध २ हरू साभामा बस्यालें क्या हुंछ, एस् साभामा बसिकन हुन्या नहुन्या कुरा नगरि चुप लागि बस्नु छैन। जानिकन पनि अथवा कामनाले युक्तार्थ कुरा साभामा बसिकन गऱ्या सहस्र नागपाशले तेस्ताकन बंधन गरिराषछन् हजार वर्षसम्म, एस्कारण साभामा बस्न्याहरूले सत्यले बोल्नुपर्छ। हे मंत्रीहो, ति दुईमा को न्यायी

भन भनि आज्ञा गर्नुभयो र मंत्रीहरूले विंति गर्न लाग्या । हे श्रीरामचन्द्र, हाम्रा ज्ञानमा त सच्चा उलूक जस्तो छन् गृध्रमा अन्यायी जस्तो ठान्यौं । हे श्रीरामचन्द्र, अब तपाईले विचार गर्नुभयाजास्, समस्त लोकको मूल राजा हुन्, राजा धर्म स्वरूप हुन् । राजाले इहत्रमा सासना गर्नु भयापछि पापात्मालाई यमपुरीमा यमराजाले पनि सासना गर्नुहुँदैन भनि मंत्रीहरूले विंति गऱ्या र श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या । हे मंत्रीहो, अनेक शास्त्रादि पुराणमा कह्याका छन् पृथ्वी, चंद्र, सूर्य्य, स्वर्ग मध्य पाताल पर्वत स्थावर जंगम त्रैलोक्य पनि जलबाट उत्पत्ति भयो । एस् त्रैलोक्यका अंत हुन्या वेलामा मेरुतुल्य पुरुष-को शरीरमा यो शरीर समस्त लीन हुन्छ एस्कारणले लक्ष्मीसहित गरि महास्वस्थले रहन्छन् । ताहाँपछि ति नारायणका नाभिबाट कमल उत्पत्ति भयो, ति कमलबाट योगेश्वर ब्रह्मा उत्पत्ति भैकन ति ब्रह्माले पृथ्वी पर्वतादि सृष्टि गरिकन फेरि अनेक मनुष्यादि जरायुज अंडज उद्भिज स्वेदज सृष्टि गऱ्या । तन्का गात्रका कर्णका मलले मधुकैटभ दानव उत्पत्ति भयो, तेस् दैत्यले पद्ममा रहनुभयाका ब्रह्मालाई देखि क्रोध गरिकन मार्नाका अर्थले दगुरिकन गयो । तेस् वेलामा ब्रह्माले महात्रासमान गरिकन गया र परमेश्वर श्रीनारायणले आज्ञा गऱ्या, हे ब्रह्मा, क्यान तिमीले कराउनुभयो भन्या र पृथ्वीमा वर्त्तिहकन ब्रह्माले भन्न लाग्या, हे परमेश्वर नारायण, मधुकैटभका भयले त्रासमान भयो र कराएँ भन्या र नारायणले चक्रले छेदन गरिकन तेस् मधुकैटभ मेद जलमा व्याप्त भयो । एस् प्रकारले पृथ्वी अपवित्र भयाको देखि त्यो मेद सबै लीकन तेस् मेदले पृथ्वीमा औषधि इत्यादि अनेक वृक्ष सृष्टि गऱ्या । हे मन्त्रीहो, त्यस् वेलामा मनुष्य भयाको छैन वृक्षमय पृथ्वी छन्, एस्कारण गृद्धको कुरा असत्य उलूकको कुरा सत्य हो । अघि वृक्ष पो उत्पत्ति भयो, तेस् कारण तेस् पापात्मा अनृत वचन बोल्न्या गृद्धलाई दग्ध गर, अर्काको गृहमा आफ्नु गृह भनि झगरा गर्न्या पापात्माकाई दग्ध गर्नुपर्छ भनि आज्ञा गऱ्या र तेस् वेलामा आकाशवाणीले भन्न लाग्या, हे रामचन्द्र, तेस-काई दग्ध गर्नु छैन, त्यस् गृध्रकाई पूर्वकालमा गौतम ऋषिले दग्ध गरिराखनुभयो । पूर्वकालमा त्यो राजा हो, त्यस् गृध्रलाई अब तिमिले दग्ध नगर । त्यो ब्रह्मदत्त राजा शुद्धवन्त छन् । शुचि शील धारणा गर्न्या त्यो राजा महाधर्मात्मा छन्, अनेक ब्राह्मण सहस्र २ काई दिनका दिन भोजन गराईरहन्या तेस् राजाले एक दिनविषये गौतम ऋषिलाई बोलाई लगीकन षाडशो-पचारले पूजा गऱ्या । ताहाँपछि गौतमलाई भोजन गराउनानिमित्तले अनेक मांसादि पक्व गरिकन त्यस् राजाले गौतमको अग्रमा राखिदिया । ऋषिले भोजन मात्र मांस देखि अत्यन्त

क्रोध गरिकन भन्न लाग्या, हे राजा, तैले मकन गृध्र गरिसकिस् मलाई कपान अभक्ष मांस ल्याईस् ? अब तँ गृध्र भयास् भनि श्राप दिया। ताहाँ त्यो ब्रह्मदत्त राजाले गौतम ऋषिछेउँ विन्ति गर्न लाग्या, हे मुनि, मेरा उपर प्रसन्न भयाजाउस्, मैले तपाबि निरामांसी हुनुभयाको जानिन भनि प्रार्थना गऱ्या र ति वचन सुनि ऋषिले आज्ञा गऱ्या, हे राजा, तेरा प्रार्थनाले म सन्तुष्ट भयौं, अब तेरो मुक्त हुनालाई इक्ष्वाकु वंशमा श्रीरामचन्द्र अवतार भयापछि ति श्रीरामचन्द्रले तेरो शरीरमा छोईदियापछि तेरो श्राप मुक्त होला भनि गौतमले उपाय कह्या भनि आकाशवाणीले श्रीरामचन्द्रलाई सुनाया। हे रामचन्द्र, एस्कारण तेस् गृध्रलाई तिमिले छोईदियादेखि तेस्को श्रापमुक्त होला, एस्कारण तिमिले छोइदिनुहुवस् भन्या र श्रीरामचन्द्रले गृध्रको शरीरमा छोईदिया। गृध्र-शरीर मुक्त भैकन दिव्य शरीर धारणा गरि ब्रह्मदत्त राजाले विन्ति गर्न लाग्या, हे परमेश्वर, श्रीरामचन्द्र, धन्य २ तपाबिका प्रसादले मेरो पंछि जोनि मुक्त गराईदिनुभयो भनि अनेक स्तुति गऱ्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे गृध्र वत्को नाम सर्गः ॥६१॥

६१

ताहाँपछि देवताहरू सबै नाना प्रकारका रथमा बसि फर्कि गया, श्रीरामचन्द्र पनि पुष्पक विमानमा राजगर्नुभैकन अगस्त्यछेउँ गया। ताहाँ श्रीरामचन्द्र पुष्पकबाट ब्रह्मि अगस्त्यलाई नमस्कार गऱ्या। ताहाँ तेजले जाज्वल्यमान गरिरहनुभयाका अगस्त्यले पनि श्रीरामचन्द्रलाई षोडशोपचारले पूजा गरिकन आज्ञा गऱ्या। हे रामचन्द्र, कुशलले आउनुहुन्छ कि ! अब तपाबिका दर्शन पाया र मेरा महाआनन्द भयो, तपाबिका दर्शन पाउनाकन बहुतै उत्सुक गरिरह्याथ्यौं, अब पाया र मेरा बहुतै आनन्द भयो। हे श्रीरामचन्द्र, तिमिले शूद्रलाई मारिकन ब्रह्मालाई उद्धार गर्नुभयो। हे श्रीरामचन्द्र, आजका दिनमा ताहाँ राजगर्नुहुवस्, भोलिको दिनमा तिमि पुष्पकविमानमा बसि जानुहोला। हे श्रीरामचन्द्र, यो आभरण विश्वकर्माले तेजमय गरि बनाईराख्याको तिमिलाई लेउ, यो महादुर्ल्लभ आभरण तिमिलाई लिनुहुवस् भन्या र महाश्रेष्ठ श्रीरामचन्द्रले क्षत्रिय धर्म समझिकन आज्ञा गर्न लाग्या, हे भगवन्,

अगस्त्य, प्रतिग्रह लिनु ब्राह्मण जातिलाई दोष छैन, क्षत्रीजात भैकन प्रतिग्रह कसो लिनु ! क्षत्रियले पो ब्राह्मणलाई दिन्छन्, एस्कारण तपाखिले पूर्वकथा समझनुहवस् पूर्वकालमा यस्तै मर्यादा छ कि छैन भनि आज्ञा गऱ्या र अगस्त्यले आज्ञा गर्न लाग्या, हे रामचन्द्र, पूर्वकालमा सत्ययुगविषये ब्राह्मणमय छन्, राजा भन्याको छैनन्। देवताहरूका राजा इन्द्र तुल्याईदिया, इन्द्र पनि देवादि प्रजा समस्तका राजा भैरह्या। ताहाँपछि मनुष्यादि समस्त प्रजा आईकन भन्न लाग्या, हे ब्रह्मा, समस्त देवताका राजा इन्द्र भया, अब हामिले पनि राजालाई पूजा गरिकन निसापदेह हुनाकन हामिहरूलाई पनि राजा बनाईदिनुहवस्, राजा नभैकन हामिहरू पनि वस्तु हुन्याछैन भनि विन्ति गऱ्या र ति मनुष्यादि प्रजाहरूका वचन सुनि ब्रह्माले चतुर्लोकपाल बोलाई आज्ञा गर्नलाग्या, हे लोकपालहो, तिमि चारजना अंशमा चतुर्भाग दिनुपऱ्यो भन्या र लोकपाल चार जनाले आफ्नु २ अंश चार खण्डमा एक खण्ड ब्रह्माका अग्रमा राखिदिया। ताहाँ ब्रह्माले ति लोकपालहरूका अंश लीकन क्षुपनामा राजा सृष्टि गऱ्या र भन्न लाग्या, हे प्रजाहो, तिमिलाई यो क्षुपनामा राजा लेउ भनि दिया। ताहाँ ती राजाले इन्द्रका अंशले पृथ्वीमा आज्ञा चलाया, वरुणका अंशले ति राजाका शरीर पुष्ट भैकन शरीर वृद्धिमान भयो, कुवेरका अंशले द्रव्यमान भयो, यमका अंशले प्रजाहरूलाई दंड प्रसाद गऱ्या। हे रामचंद्र ! चार लोकपालका अंशले यो राजाहरू जात हुन्छ, एस्कारण यो आभरण लेउ भनि अगस्त्यले आज्ञा गऱ्या र ताहाँ श्रीरामचंद्रले आज्ञा गर्न लाग्या। हे अगस्त्य, तपाखिले जो आज्ञा गर्नुहुन्छ सो गरूँला भनिकन श्रीसूर्यका जस्तो तेजले प्रकाश भयाको दिव्याभरण देखि श्रीरामचंद्रले अगस्त्यछेउँ विंति गर्न लाग्या, हे अगस्त्य, त्यो आभरण अति अद्भुतले तेज प्रकाश भयाको देखि त्यस्तो मनोहर आभरण तपाखिले काहाँ लिनुभयो कस्ले दिया आश्चर्य भनि विंति गऱ्या। अगस्त्यले आज्ञा गर्न लाग्या, हे रामचंद्र ! यो आभरणको कुरा म कहन्छु सुन्नुहवस्। परापूर्वमा त्रेतायुगपछि द्वापरयुग आयो र तेस युगमा मैले देख्याको कहन्छु सुन, यो कुरा महाअद्भुत भनि अगस्त्यले आज्ञा गऱ्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे आभरण प्रदानं नाम सर्ग ॥६२॥

६३

अगस्त्य उवाच—हे श्रीरामचंद्र ! सुन्नुहुन्छ, त्रेतायुगविषये एउटा महावन भयाको छ, महा अगोचर अनेक अगोचर पंछीहरूको शब्द सुनिन्या भयाको ति वन कस्तो छ भन्या शय योजन विस्तार छ । त्यस वेलामा त्यो अरण्यमा गैकन अनेक पृथ्वीमा भ्रमण गरिकन हिंड्याको वेलामा त्यो अरण्यमा गैकन अनेक कंदमूल फलमा पत्रादि भयाका छन्, फेरि एक योजन प्रमाणले यौटा पुष्करिणी पनि भयाका छन्, अनेक जलचरादि पंछी पनि त्यस् पुष्करिणीमा छन्, फेरि अनेक पद्मोत्पल पनि प्रकाश भयाका छन् । हे श्रीरामचंद्र ! त्यस्ता महावनमा मृगादि पंछिहरू यौटा पनि छैनन्, पुष्करिणी मात्र छन् । ताहाँ मेरा मनमा अद्भुत मानि पुष्करिणीको जल जंतु हेरिकन जाँदा २ त्यस् सरोवरका समीपमा महाआश्रम यौटा मैले देख्याँ । तेस्ता पुण्याश्रम यौटा पनि तपस्वीहरू थियेनन्, तेसै ठाउँमा पुष्करिणी हेरिकन मैले वास गर्न्याँ । ताहाँपछि कालरात्रिका समयमा वास गरिकन प्रातःकालको समय भयो र म गैकन त्यस् पुष्करिणीको तीरमा हेरिरह्याँ । तेस् प्रकारले हेर्न जाँदा २ यौटा मृतक पुरुषलाई मैले देख्याँ, घुष्ट शरीर सरोवरको तीरमा जिउँदै रह्याको जस्तो महाशोभायमानले रह्यो । हे श्रीरामचंद्र, एस् प्रकारले रह्याको पुरुषकन देखि मैले मुहूर्त्तमात्र चिंतना गर्न्या, जीवाजंतु नभयाका ठाउँमा तेस्ता भयानक वनविषये तेस्तो मृतक कसो भयो भनि महाअद्भुत मानिकन म रह्याँ । तेस वेलामा यौटा देवतुल्य पुरुष पंचशत अप्सराले सहित गरि आयाको मैले देख्याँ । अनेक दिव्य २ अप्सराले नाना गीत नृत्य वाद्यादि गराईकन विमानमा वसि आकाशबाट आईकन त्यस् मृतक पुरुषको अग्रमा पुग्यापछि विमानबाट ओर्ल्हि हे श्रीरामचन्द्र, त्यस् पुरुषले त्यो मृतकको मांस भक्ष गर्न्यो, संतुष्ट गरि भक्षण गरिकन आचमनादि गरिकन विमानमा वसि त्यो पुरुष माथि गयो । त्यस वेलामा मैले भन्याँ, हे पुरुष, तिमि को हौ । तिमि देवतुल्य हुन्याले तेस्तो कुत्सित अभक्ष वस्तु कसोगरि खानुभयो, तिमि काहाँ बाट आयौ, काहाँ वस्न्या हौ, तेस्तो भावना कसोगरि भयो क्या निमित्यले त्यस्तो भयो ! हे वीर पुरुष, तिमिले त्यो आहारा गर्न्याको क्या हेतुले, हे पुरुष, त्यो हेतु मलाई सुनाउनुपर्छ भन्याँ र हे श्रीरामचंद्र, त्यो स्वर्गबाट आउन्या पुरुषले मेरा वचन सुनि हात जोरिकन भन्न लाग्या । हे श्रीरामचंद्र, एस् प्रकारले मैले भन्यार तेस पुरुषले भन्न लाग्या, हे अगस्त्य,

कामनानिमित्तले सुख दुःख उत्पत्ति भयो, पराधूर्वमा विदर्भदेशको राजा महायशस्वी वसुदेव भन्याको नाम त्रैलोक्यमा पनि प्रख्यात, ति राजाका दुवै स्त्री छन् । म तेस् राजाका जेष्ठ पुत्र, मेरा नाम श्वेत हुँ । मेरा भ्राता सुरथ नाम, मेरा पिता मृत्यु भयापछि पुरजनहरूले मलाई राज्याभिषेक दिया, मैले पनि धर्म मर्यादा न्याय नीतिले प्रजालाई प्रतिपाल गरिरह्याँ । हे अगस्त्य ! सुन्नुहुन्छ् एस् प्रकारले रहँदा सहस्र २ वर्षपछि मैले परमार्थ चिंतना गर्न्याँ, कतिसम्म राजा भुक्तमान गरिरहुँ भनि यो महा अगोचर वनमा आईकन यो पुष्करिणीका तीरमा तपस्या गरिरह्याँ । हे महामुने, तीन हजार वर्षसम्म महादारुण तपस्या गरिरहुँ भनिकन मैले प्राण त्याग गरिकन म ब्रह्मलोकमा गयो । हे अगस्त्य, ब्रह्मलोकमा बस्दा ताहाँ मलाई क्षुधाले पीडा गर्न्यो र इंद्रियमा महाकष्ट भयो र त्रिभुवनका श्रेष्ठ ब्रह्माछेउँ मैले विंति गर्न्याँ, हे ब्रह्मा, जस्तो क्षुधा तृषा नभयाको ठाउँमा मलाई अत्यंत क्षुधा तृषाले पीडा गर्न्यो मेरा क्या पापले एस्तो भयो ! अब मैले क्या पानु भनि विन्ति गर्न्याँ र ब्रह्माले आज्ञा गर्न लाग्या, हे राजन, तम्रा शरीरमा उत्पत्ति भयाको मांस तिमिले खाउ । हे राजन्, तिमिले आफ्ना शरीरमात्र पुष्ट तुष्टि गरि तपस्या गरेउ, एस्कारण तिमिले आफ्नु शरीर आफैले भक्ष गर, आफुले राख्याका वृक्षका फल भक्ष गर्नुपर्छ । भिक्षुकलाई तिमिले भिक्षा दियेनौ आफुले मात्र खायौ, एस्कारण तिमि अमृत पानले तृप्ति नभयाका हौ । अब आफ्नु शरीरको मांस भक्ष गरिरह, कतिसम्म भन्या अगस्त्य महाऋषीश्वर तेस वनमा आउनुभयासम्म, ति अगस्त्यका दर्शन पायापछि तम्रा पापमोचन होला भनि ब्रह्माले आज्ञा गर्न्या । हे अगस्त्य, ब्रह्माका आज्ञाले म एस् प्रकारले रह्याका अनेक काल भयो, एस् प्रकारले अनेक कालसम्म खायार पनि त्यो मेरा पूर्वकालको शरीर क्षय भयेन । हे मुने, अब मेरा भाग्यले तपाईका दर्शन पाएँ, यो दुःख नाशिदिनुभया जाउस् । तपाईविना अरू कसैले मेरा यस् दुःख नाशिदिनु सामर्थ हुन्याछैनन् । हे मुने, यो उत्तम आभरण तपाईले लिनुभयाजाउस्, हे मुने, म दुःखीलाई उद्धार गर्नुभयाजाउस् भनि ब्रह्मालोकबाट आउन्या श्वेतले भछेउँ विंति गर्न्या । हे रामचंद्र, मैले तनका वचन सुनि अति करुणा लाग्यो र मैले भन्याँ, हे श्वेत, तम्रा मनमा जो चिंतना गर्न्यौ सो होला, तथास्तु भनिकन मैले आभरण लियाविस्तिकै तेस् मृतक शरीर तत्क्षणैमा नाश भयो भनि त्यो देखिकन राजा ऋषि श्वेतले महाहर्ष गरि भन्न लाग्या, हे महामुने, तपाईका प्रसादले मेरो पाप मुक्त भयो भनिकन तेस् राजा ब्रह्मलोकमा गया । हे श्रीरामचन्द्र, उईले श्वेत राजाले तेस् वेलामा मलाई दियाको आभरण हो । हे श्रीरामचन्द्र, त्यो महाकौतुक दर्शन विदर्भ देशको

राजा श्वेतले भलाई त्यो आभरण दीकन तिनै आप देह भै गया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे श्वेतोपाख्यानं नाम सर्गः ॥ ६३ ॥

६४

एस् प्रकारले अगस्त्यले अद्भुत कथा कह्या र ति कथाहा सुनि श्रीरामचन्द्रको चित्तमा अद्भुत मानि फेरि विन्ति गर्न लाग्या । हे अगस्त्य, त्यस् महा अघोर अरण्य वनमा रह्या, ताहाँ समस्त ऋषिका आश्रित अगस्त्य ऋषिले फेरि आज्ञा गर्न लाग्या । हे श्रीरामचन्द्र, सत्य युगमा मनुराजा तन्का पुत्र इक्ष्वाकु श्रमीनाम पुत्री, ति मनु राजाले आफ्ना पुत्रलाई भन्न लाग्या, पुत्र, तिमिलाई राज्याभिषेक दिन्छु । हे पुत्र, तैले यस् राज्यमा न्यायनीति प्रजालाई विचार गर्नुपर्छ, जो अपराधी छ तेस्लाई त्यसलाई दण्ड गर्नु, जो न्यायी छन् तन्लाई दण्ड नगर्नु । एस् प्रकारले न्याय अन्याय विचार गर्न्या राजालाई स्वर्ग हुन्छ । हे पुत्र, निर्लय गरि दण्ड गर्न्यालाई धर्म वृद्धि होला भनि एस् प्रकारले आफ्ना पुत्र इक्ष्वाकुलाई भनिकन मनु राजाले आफ्ना पुत्रलाई राज्याभिषेक दीकन समाधि ध्यान गरिकन स्वर्ग गया । ताहाँपछि इक्ष्वाकु राजाका सन्तान भयेन र राजवंश कसोगरि वृद्धिमान गरूँ भनि चिन्तना गरिकन नाना कर्म गर्न्या, सन्तानका निमित्यले अनेक यज्ञादि गर्न्या र पुत्र १०० भयो । एस् प्रकार गरि इक्ष्वाकु राजाले देवतुल्य पुत्र शयगोटा पाया र साहिंला पुत्रलाई इक्ष्वाकु राजाले नामकर्ण गर्न्या, तन्का अकृतबुद्धि अविद्या एस्कारण तस्को नाम दण्ड भन्नु भनि इक्ष्वाकु राजाले आफ्ना पुत्रको दोष नदेखि नामकर्म गर्न्या, तस् दण्डलाई विधान पर्वतमा राज्य दिया । त्यो दण्ड राजाले विधान पर्वतको मनि महानगर बनाया, तस्को नाम मधुमत भनि नामकर्ण गर्न्या, शुक्राचार्य्य पुरोहित गरिकन महाहर्षले अनेक कालपर्यन्त राज्य गर्न्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे मधुशनीदेशो नाम सर्गः ॥ ६४ ॥

६५

अगस्त्य मुनिले श्रीरामचन्द्रलाई फेरि कथाहा सुनाउनु भैकन आरम्भ गऱ्या, हे श्रीरामचन्द्र, एस् प्रकारले दण्डराजाले अनेक कालसम्म राज्य गरिरह्या। ताहाँ अनेक काल गयापछि चैत्र मासमा शुक्रको आश्रममा गया। ताहाँ अतिरूप शुक्रको कन्या आश्रममा भ्रमण गरि हिंड्याका वेलामा दण्डराजाले देखि दुर्मति दण्ड कामले पीडा गराई कन्याका समीपमा गैकन भन्न लाग्या, हे कन्या, तिमि काहाँबाट आयौ, कस्की पुत्री हौ, क्यानभन्या मलाई काम बाणले पीडा गऱ्यो भन्यो र शुक्रका पुत्रीले भन्नलागिन्, हे राजन्, मलाई जानेनौ कि! अश्लेष शुक्रको ज्येष्ठपुत्री मेरो नाम अवजा हुँ। हे राजन्, मेरि पिता तम्रा गुरु हुन्, मेरि पिताको शिष्य तिमि एस्तामा तेस्तो क्रुरा गऱ्याको मेरि पिताले थाहा पाया तिमिलाई सुख दिन्याछैनन्। मेरि पिता शुक्रले क्रोध गऱ्या त्रैलोक्य पनि दग्ध गर्नु सामर्थ छ भनिन् र ति वचन सुनि दण्डराजाको मन्त्र भैकन प्रार्थना गर्नलाग्या, हे कन्या, मलाई कामले पीडा गऱ्यो। एस्कारण शुक्रले मलाई ज्यासुकै गरोस् भन्यो र हे देवि, मेरो चित्त तिमिलेउँ हृद भयो भनिकन वलात्कारैले क्रीडा गरिकन दण्डक राजा आफ्ना नगर फर्कि गयो। ताहाँपछि शुक्रका पुत्री आश्रमको समीपमा रोइकन रहिन्।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे अवजा प्रथमं नाम सर्गः ॥ ६५ ॥

६६

ताहाँपछि शुक्र स्नानादिमा नित्यकर्म सक्नुभैकन फिरि आउँदा आफ्ना पुत्री अवजा प्रातःकालका समयमा अरुणको किरण रह्याको जस्तै कन्यालाई मन भंग भयाको देखि शुक्रले त्रैलोक्य सुद्धा दग्ध गर्ला भन्याजैं क्रोध गरिकन भन्न लाग्या, हे शिष्य दंड, अदीर्घदर्शी एतिसम्मको अकार्य गर्न्या तेस्को अघोर विपत्ति होला, तेरो देशका लोकहरू सबैका पनि विपत्ति होला हेर्! आगोमा हात हाल्याजैं गर्न्या हेर्! तेस् पापात्मा दंडले तेतिसम्म नगर्न्या

कर्म गरिस् , अब तस्को समराज्यमा मासु वृष्टि भैकन दंड प्रभृति सबै मरिजावस् , तेस्को राज्य शय योजनभित्र वस्न्या जीवाजन्तु सबै मृत्यु हवस् भनि श्राप दीकन फेरि आपना शिष्यहरूलाई भन्न लाग्या, हे शिष्य, तिमिहरूलाई सबै दंडका राज्यमा नवस भनि आज्ञा गऱ्या र ति वचन सुनि समस्त शिष्यहरू दंडका राज्य शय योजन भूमि छोडि आईकन अरू जगामा आश्रम बनाई रह्या। ताहाँपछि आफना पुत्री अवजालाई आज्ञा गऱ्या, हे अवजा, अब तँ एस् आश्रममा एक जोजन विस्तार पुष्करिणी भैकन तैले भुक्तमान गरि तँ सरोवर भयापछि तेरो तीरमा वास गर्न्याहरूको प्राण बाँचोस् भनि आज्ञा गऱ्या र अवजाले महादुःखले पीडा गराई पुष्करिणी भैरहिन्। ताहाँपछि दंडको राज्यमा दंड आदि जीवाजन्तु प्रभृति पांशु वृष्टि भैकन सबै माऱ्या। हे श्रीरामचन्द्र, दंड अधर्मी भयो र दंडकारण्य एस् वनको नाम भयो। हे श्रीरामचन्द्र, यो वृत्तान्त सबै तिमिलाई सुनाईशक्यौं। हे वीर, अब तम्रा हाम्रा सन्ध्या गर्न्या वेला भयो। हे श्रीरामचन्द्र, ति ब्रह्मवादी ऋषिहरूसित सँगै गैकन सन्ध्याकर्म गर्नाकन जानुहवस्।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकांडे दंड शापो नाम सर्गः ॥ ६६ ॥

६७

ताहाँपछि ऋषिहरूका वचन सुनि श्रीरामचन्द्रले सन्ध्या गर्नाकन अनेक अप्सराले संयुक्त पुष्करिणीमा जानुभैकन सन्ध्या गऱ्या। ताहाँ सन्ध्या गर्नुभैकन अगस्त्यको आश्रममा फिर्नुभैकन ताहाँ अगस्त्यले कंदमूल फल आदि अनेक श्रीरामचन्द्रका अग्रमा राखिदिया। ति दियाको फलादि सबै श्रीरामचन्द्रले सन्तोष गरि भोजन गराया। तेस् दिनको रात्रिमा सुखले निद्रा गऱ्या, प्रातःकाल भयो र नित्य कर्म गरिसकिकन अगस्त्यका अग्रमा जानुभैकन विन्ति गर्न लाग्या, हे मुने, आज्ञा प्रसन्न भयाजावस् , म पनि अयोध्या जान्छु। हे मुने, धन्य २ मेरो भाग्य, मेरा उपर तपाखिको बहुतै दया छ, तपाखिका चरणकमलमा मेरा शरीर पवित्र गर्नाकन फेरि म आउँछु भनि विन्ति गऱ्या र ति वचन सुनि अगस्त्यले बोल्नाकन लाग्या। हे श्रीरामचन्द्र, तिमिले बोल्नुभयाको महाअद्भुत छ, समस्त प्राणीहरूलाई मेरो दर्शनले तपाखिका देह

पवित्र कसो होला यो महा अद्भुत छ। समस्त प्राणीहरूलाई पवित्र गर्न्या तपाञ्चि हौ हे रामचन्द्र, जस्का उपर तिम्रा कृपा कटाक्ष लाग्छन् तेस् मनुष्यका देह पवित्र भैकन अप्सरागणहरूले सहित गरि स्वर्गमा अनेक क्रीडा गरि तिम्रो कृदृष्टि जस्का उपर छ त्यस्लाई नरकवास हुन्छ। हे श्रीरामचन्द्र, एस्कारण समस्त प्राणीलाई पवित्र गर्न्या तिमि, तिम्रा नाम मात्रले अनेक लोकले समस्त सिद्धि पायो। हे श्रीरामचन्द्र, धर्मले रक्षा गर्नुहुन्छ, राज्य समस्त प्राणीका गति तिमि हौ भनि आज्ञा गर्‍या। श्रीरामचन्द्रले अगस्त्यलाई बारंबार प्रदक्षिणा गरि विदा भैकन पुष्पक विमानमा राजगर्नुभैकन अनेक ऋषिहरूले आशीर्वाद गराई मध्याह्न कालको समयमा अयोध्या पुग्नुभयो, समस्त कार्य सिद्ध गरि जानुभयो र पुष्पकलाई विदा दीकन श्रीरामचन्द्रले द्वारिहरूलाई आज्ञा गर्नलाग्या, हे द्वारि, तिमिहरू चाँडै गैकन भरत लक्ष्मणलाई म आईपुग्या भनि चवर पुन्याउन जाउ भनि भन्या।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे राम प्रत्यागमनं नाम सर्गः ॥ ६७ ॥

६८

ताहाँ श्रीरामचन्द्रको आज्ञा सुनि द्वारि भरत लक्ष्मणको हजूरमा गैकन विन्ति गर्‍या, हे भरत, लक्ष्मण, श्रीरामचन्द्र आईपुग्नुभयो भनि विन्ति गर्‍या र भरत लक्ष्मण श्रीरामचन्द्रका हजूरमा गया। ताहाँ श्रीरामचन्द्रले आदर वचन बोल्नाकन लाग्या, हे भरत लक्ष्मण, वृद्ध ब्राह्मणका मृतक पुत्रको कार्य मैले गरि आईशक्यौं, अब मेरो धर्म गर्नाको वांछा भयो तिमिहरू क्या भन्छौ! अनेक लोकहरूले यज्ञ गरिकन स्वर्ग गयो, एस्कारण मैले पनि यज्ञ गर्नाको वांछा गर्‍यौं, तिमिहरूका चित्तमा कसो छ भनि आज्ञा भयो र भरतले हात जोरिकन श्रीरामचन्द्रछेउँ विन्ति गर्नाकन लाग्या। हे महाबाहो, तपाञ्चि परमधर्मात्मा हुनुहुन्छ, एस् पृथ्वी प्रतिष्ठा गरि रापनुभयाका तपाञ्चिले पो हो, तपाञ्चि एस्तो पराक्रमी पृथ्वीमा जति भयाको समस्त राजाको राजा हुनुभयाका समस्त जगत्संसारको स्वामि हुनुभयाका ति यज्ञ तपाञ्चिले गर्नुभयापछि पृथ्वीमा जत्ति भयाका प्राणीहरू मात्र क्षय हुन्याछन्। पृथ्वीमा समस्त प्राणीहरूको गति तपाञ्चि हौ। परापूर्वमा इन्द्रले राजस्वी यज्ञ गर्नुभयो र देवै कालसम्म युद्ध भयो र अनेक

देवासुर क्षय भयो । हरिश्चन्द्र राजाले गर्दामा पनि त्यसै भयो । ति यज्ञ विघ्नकर्त्ता छन्, समस्त प्राणी राजा प्रजा जीवाजन्तु आदि अनेक क्षय हुन्छ । हे श्रीरामचन्द्र, तपाणि समस्त प्राणीको गति हुनुभयाको एस् कारण तपाणिले चिन्तना गर्नुभयाजाबस् भनि भरतले विन्ति गऱ्या र ति वचन सुनि श्रीरामचन्द्रको चित्तमा हर्षमान गरिकन भरतलाई आलिंगना गरिकन आज्ञा गर्नाकन लाग्या । हे भ्राता भरत, तिमिले भन्याको हो । राजस्वी यज्ञ गऱ्या-पछि अनेक प्राणीहरू क्षय होला भन्याका कुरा निश्चय हो, तिमिले सत्य वचन बोल्नुभयो । हे भरत, मैले एस् पृथ्वी रक्षा गराउनुनिमित्त एस् वचन तिमिले मेरा अग्रमा बोल्यौ, यो तिमिले निश्चय बोल्याको वचन मैले ग्रहण अवश्य गरूँला । तिमिले भन्याको जस्तै राजाका परमधर्म प्रजाप्रतिपाल गर्नु योग्य तुल्य हो, एस् वचन मैले मान्यौं भनि आज्ञा गर्नुभयो र ताहाँ लक्ष्मणले विन्ति गर्न लाग्या, हे भ्राता श्रीरामचन्द्र, ति अश्वमेध यज्ञ गर्नुभयाजाबस् । तपाणि पुण्य देह हुनुभयाको ता छन्, तैपनि चिन्तना गर्नुभयापछि गर्नुभयाजाबस् । परापूर्व-मा इन्द्रलाई ब्रह्महत्या लाग्यो र इन्द्रले पनि यज्ञ गरिकन ब्रह्महत्या मोचन गर्नुभयोथ्यो । हे श्रीरामचन्द्र, पूर्वकालमा देवासुर संग्राम भयामा वृत्तासुर दैत्य दैत्य वंशमा जात भयो, तेस् वृत्तासुर धर्मज्ञ बुद्धिवन्त छन् । तेस् वृत्तासुरको धर्मले पृथ्वी प्रतिपाल गर्थ्यो, तेस्ले राज्य प्रति-पाल गर्दामा पृथ्वीमातालेपनि षड्तुमा फलादि अन्न पनि वर्षमा दिन्थ्यो । एस् प्रकारले राज्य गरिकन एकदिनविषे वृत्तासुरले चिन्तना गऱ्यो, एस् राज्यमा कति कालसम्म मुक्तमान गरौं अब तपस्या गर्न जाउँ भनि मोह छाडि आफ्ना पुत्रलाई राज्याभिषेक दीकन वृत्तासुरले देवताहरूलाई महासन्ताप गराईकन तपस्या गर्न लाग्या । एस् प्रकारका वृत्तासुरले गऱ्याका तपस्याले गरि देवताहरू त्रासमान गरिकन तेजोग्र श्रीनारायणछेउँ विन्ति गर्नाकन गया । हे सुरेश्वर, तपाणिको चरणमा हाम्रा दुःखका कुरा विन्ति गर्न आया, महाधर्मात्मा पराक्रमी वृत्तासुरलाई पीडा गर्नु हाम्रा संपे छन् । तेस् असुरले महातप गऱ्यो, हाम्रा उपर तपाणिका प्रीति भाव भयाका निमित्यले तपाणि स्वामी हुनुहुन्छ भनि हामिले सदैले चिताईरहन्थ्यौं, एस्कारण जगत्संसारका दुःखनाशको व्यसन भयाका तपाणि एस्कारण हाम्रा उपर दया प्रसन्न भया-जाबस् भनि देवताहरूले श्रीनारायणछेउँ विन्ति गर्न गया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे वृत्तवधश्च प्रिय नाम सर्गः ॥६८॥

६६

एस्कारणले लक्ष्मणले विन्ति गर्न लाग्याको वचन सुनि शत्रु मर्दन गर्न्याले वृत्तासुरको कुरा फेरि मन मन भनि आज्ञा गऱ्या र लक्ष्मणले विन्ति गर्न लाग्या । हे श्रीरामचन्द्र, मछेउँ द्रोह गऱ्यौ तैपनि मैले सहनुपर्छ, तेस्लाई मैले केहि गर्नु छैन, अब तेसो भयापछि क्या गरूँ वृत्तासुर मार्नाका युक्ति मात्र म कहन्छु, सुन । हे इन्द्र, मेरा अंश तीन खंड गरूँला, एक खंड तिम्रा शरीरमा लीन भैरहन्छु, एक भाग चक्रमा रहन्छु, एक भाग पृथ्वीमा दृढ भै रहुँला । तीन भाग तीनै ठाउँमा बसिकन वृत्तासुरलाई मारौंला भनि आज्ञा भयो र ति वचन सुनि समस्त देवताले विन्ति गर्न लाग्या । हे विष्णो ! तपाग्निले तेसो गर्नुभैकन प्रसन्न भयाजावस् भनि विन्ति गऱ्यो र समस्त देवता विदा भैकन इन्द्रसहितले वृत्तासुरले तपस्या गऱ्याको ठाउँ अरण्यमा गया । ताहाँ तपस्या गरिरह्याका वृत्तासुरलाई इन्द्रले देखनुभयो, त्रैलोक्य सुद्धा ग्रास गर्ला भन्याको जस्तै रहन्या तेस्ता असुरको श्रेष्ठ वृत्तासुरकन देखि इन्द्रादि देवताका महाचिन्ता भयो । अब कसो गरूँ, क्या युक्तिले तेस्लाई वध गरूँ भनि महाचिन्ता गरिरह्या, तेस् वेलामा सहस्राक्ष इन्द्रले दुवै हातले वज्र लीकन वृत्तासुरको शिरमा ताकिकन प्रहार गरिदिया । कालदण्डसमान ति वज्र महाजाज्वल्यमानले गैकन वृत्तासुरको शिर छेदन गरिदिया । ताहाँपछि इन्द्र फर्कि जाँदा वृत्तासुरलाई मार्न्याको ब्रह्महत्या इन्द्रलाई लाग्यो र तेस् ब्रह्महत्याले इन्द्रलाई महादुःख दियो । ताहाँपछि अग्नि प्रभृति देवताहरू कसैलाई देपेन र सबैको चित्तमा महासन्ताप भैकन श्रीनारायणछेउँ विन्ति गर्नाकन लाग्या । ताहाँपछि विष्णुलाई समस्त देवताले प्रदक्षिणा गरिकन विन्ति गर्न लाग्या । हे विष्णो, श्रीनारायण, तपाग्नि समस्त संसारको प्रभु हुनुभयाको, देव, वृत्तासुरलाई पनि मार्नुभयाको तपाग्निको तेजले पो हो । अब तेस्लाई मार्न्याका ब्रह्महत्या इन्द्रछेउँ लिप्त भयो । एस्कारण तेस् ब्रह्महत्यावाट इन्द्रलाई मुक्त गराउनुभयाजावस् भनि विन्ति गऱ्या र ति वचन सुनि श्रीविष्णुले आज्ञा गर्नाकन लाग्या, हे देवता, तिमिहरू सबैले इन्द्रलाई यज्ञ गराउ, ति अश्वमेध यज्ञ गऱ्यापछि इन्द्र अघिको जस्तै ब्रह्महत्या मुक्त भैकन देवेन्द्र होला भनि आज्ञा गरिकन श्रीनारायण अन्तर्धान भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे वृत्तासुरवधो नाम सर्गः ॥६६॥

७०

हे रामचन्द्र, महापराक्रमी वृत्तासुर मारिकन ब्रह्महत्या इन्द्रछेउँ लिप्त भयो र पृथ्वीमा नदी इत्यादि समस्त सुकिगयो, वृष्टि भयेन र लोकको पनि महासन्ताप भयो । एस् प्रकारले सन्ताप भयाको देखि देवगण साध्यगण ऋषिहरू प्रभृतिले यज्ञ गर्न्याको सराजाम ढीकन श्रीनारायणले आज्ञा दियाको जस्तै इन्द्र लिप्त भै रहनुभयाको ठाउँमा मैकन इन्द्रको प्रतिमा थापना गरि विधान जस्तै अश्वमेध यज्ञ गर्न्या । एस् प्रकारले इन्द्रलाई ब्रह्महत्या मुक्त गराउना-निमित्त समस्त देवताले यज्ञ गर्नुभयो र ताहाँ इन्द्रलाई ब्रह्महत्याले छोडिकन ब्रह्महत्याले भन्न लाग्यो, हे देवता, अब म काहाँ बस्न्या हो भन्यो र देवताहरूले इन्द्र मुक्त भयाको देखि सबैले हर्षचित्त गरि भन्न लाग्या । हे ब्रह्महत्या, तँ चतुर्भाग मैकन प्रथम भाग जलमा बस्, द्वितीय भाग वृक्षमा बस्, तृतीय भाग स्त्रीका रजस्वलामा बस्, चतुर्थ भाग तिमीहरू-छेउँ प्रसंग गर्न्या पुरुषछेउँ बस् भनि देवताहरूले आज्ञा गर्न्याको सुनि ब्रह्महत्याले इन्द्रलाई छाडि गया । ताहाँपछि इन्द्र ब्रह्महत्यावाट मुक्त भैकन स्वर्ग गया । ताहाँ स्वर्ग राज्य प्रतिपाल गरिकन समस्त संसारलाई उपसामेध गर्न्या । हे श्रीरामचन्द्र, इन्द्रका ब्रह्महत्या सुद्धा क्षय गरिकन नाश हुन्थ्यो एस्कारण तपालिले अश्वमेध यज्ञ गर्नुभयाजास्त् भनि लक्ष्मणले आज्ञा गर्न्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे लक्ष्मण यात्रो नाम सर्गः ॥ ७० ॥

७१

एस् प्रकारले लक्ष्मणले विन्ति गर्न्याको वचन सुनि श्रीरामचन्द्रले हर्षमान गरि आज्ञा गर्न लाग्या, हे लक्ष्मण, तिमिले भन्याको कुरा सबै हो । हे लक्ष्मण, मैले सुनिराख्याको कुरा सुन, पूर्वकालमा वाह्लीक देशको कर्दम राजाको पुत्र इन्दुनाम राजा महाधर्मात्मा । ति इन्दु राजाले समस्त पृथ्वी आफना वश्यमा राख्याछन्, प्रजाहरू सबैलाई आफना पुत्रवन्त गरि प्रतिपालनादि

गरि राज्य गर्थ्या । ति राजालाई देवता, दैत्य, राक्षस, नाग, यक्ष गन्धर्वादिले पनि पूजा गरि-राखथ्या । ति राजाका भयले ति राजा क्रोध गर्नान् भनि डरले पूजा गर्याका हुन् । महाधर्मात्मा प्रतापी राजा पराक्रमीले युक्त उत्तम बुद्धि थ्यो ति राजा चैत्र मासमा अनेक सेना वाहनादि सहित गरि वनमा सिकार गया । ताहाँ वनविषये अनेक मृग शूकरादि जीवजन्तु सहस्र २ मार्‍या, मनमा तृप्त भयेन र फेरि दश हजार मृगलाई मार्‍या । एस् प्रकारले खोजिकन जाँदा २ कुमार जात भयाका ठाउँमा शरवनमा गया । ताहाँ पार्वती खेल्नानिमित्त अनेक गण पारिषादादि गण सबै स्त्रीरूप गराई खेलिकन रहनुभईन् , तेस् ठाउँमा इन्दु राजा अनेक मृगलाई मारि आउँदा त्यो वनमा वृक्षादि जीवजन्तु सबै समस्त आफु पनि आपना सैन्य सबै स्त्रीरूप भयाको देखि क्या भयो भनि चिन्तना गरि इन्दु राजा परमेश्वरीका चरणमा गया । ताहाँपछि इन्दु राजाले परमेश्वरीका क्रीडा हो भनि जानि महाभयले त्रासमान गरिकन अब म कसो गरूँ भनि चिताई जटा धारणा गरिरहनुभयाको श्रीपरमेश्वर महादेवछेउँ शरण गति गया । ताहाँ आफुछेउँ शरण आयाको इंदु राजाकन देखि परमेश्वर हासिकन आज्ञा गर्न लाग्या, हे इन्दु, पुरुषवाहिक जो तेरो वांछा छ सो वर माग भनि आज्ञा गर्‍या । इंदुले शोक सन्ताप गरि अरू वर मलाई क्या प्रयोजन छ भनि चिताई परमेश्वरछेउँ वर नमागिकन फेरि पार्वतीछेउँ गै नमस्कार गरिकन विन्ति गर्न लाग्या, हे देवी, मेरा उपर दया प्रसन्न भयाजाबस् भनि विन्ति गर्‍या र ताहाँ पार्वतीले राजाको मनको वांछा जानिकन राजालाई आज्ञा गरिन् , हे इन्दु, वर दिनाको आधा मात्र मेरो अधिकार छ आधा परमेश्वरका हुँ, एस्कारण मछेउँ वर माग भनि आज्ञा गरि ताहाँ इन्दुका मनमा अद्भुत मानि आधा ता पुरुष हुन पाउँ भनि चिताई विन्ति गर्न लाग्या । हे त्रैलोक्यमा पनि उत्तम सुन्दरी अस्त्री भैकन महिना दिनसम्म रहुँला भन्या र ति वचन सुनि पार्वतीले आज्ञा गरिन् , तेसै इवस् तथास्तु भनि आज्ञा गरिन् , हे इन्दु, तँ पुरुष भयापछि अस्त्री भैकन समझोस् , स्त्री भयापछि पुरुषको नसमझोस् भनि आज्ञा गरिन् । हे लक्ष्मण, कर्दमपुत्र महिना दिनसम्म स्त्री भयो, महिना दिनसम्म पुरुष भयो ।

इति श्रीअध्यात्म रामायणे उमा महेश्वर संवादे उत्तरकाण्डे इन्दोर्भाख्यानं नाम सर्गः ॥ ७१ ॥

७१

एस् प्रकारका अमृत कथा सुनि भरत लक्ष्मण दुईले अद्भुत मानिकन विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, विस्तार गरि यो कथा आज्ञा गर्नुभयाजावस्। हे श्रीरामचन्द्र, यो महाकौतुक छन् जौना इन्दु राजा स्त्री भयाका कसो वेहेर्गन्यो, पुरुष भयाका कसोवे २ हेर्गन्यो, भनि विन्ति गऱ्या र श्रीरामचन्द्रले आज्ञा गऱ्या। हे भरत लक्ष्मण, सुन, ताहाँपछि सैन्य सबैले ति इन्दु-राजा महासुन्दरि भैकन वनमा भ्रमण गरि नाना वृक्षादि गुल्मलता हेरिकन समस्त वाहन पर्वतको निकटमा छाडि समस्त स्त्रीजनले सहित गरि एस् प्रकारले भ्रमण गरि जाँदा २ जल जन्तुले संयुक्त यौटा पुष्करिणी देखि ताहाँ पुष्करिणीमा आफ्ना तेजले जाज्वल्यमानले गरि जौवनको वैभवमा तपस्या गरि रह्याका बुधलाई ति इन्दुले देखि हे भरत, ति इन्दु जलभित्र गैकन जलक्षोभ गरिन्। एस् प्रकारले समस्त स्त्रीजनले सहित भैकन इन्दुले जलक्षोभ गऱ्याको बुधले देखि बुधलाई कामले पीडा गऱ्यो र आत्मालाई वश्य गर्न नसकि तपस्या छाडि बुधको महाचिन्तना भयो, देवकन्याको भन्दा अति सुन्दरी स्त्री छन्। त्यो को हो, त्रैलोक्यमा पनि त्यो स्त्री छैन भनि जलबाट स्थलमा आईकन इंदुको चारजना सखीलाई बोलाईकन सोधन लाग्या। हे स्त्रीहो, ति त्रैलोक्यमा पनि दुर्ल्लभ सुन्दरी को हो, तिमिहरू काहाँबाट आयौ, क्या कारणले आयौ भन २ भन्यो र ति मधुर वचन सुनि सखीहरूले बुधलाई पूजा नमस्कार गरि विन्ति गर्न लाग्या। हे बुध, ति हामिहरूका स्वामी हुन् तेस्को पुरुष छैनन् भनिन् र ति अव्यक्त वचन सुनि बुधले आकर्षणी विद्याले हृदयमा चिन्तना गरिकन कार्यको हेतु भूत जानिकन सखिहरूलाई भन्न लाग्या, तिमिहरू सबैले किन्नर पुरुष लेउ भन्या र सबै किन्नरी-पुरुषी भैकन बुधका आज्ञाले सबै पर्वतमाथि गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे किन्नरी पुरुषोत्पत्तिर्नाम सर्गः ॥७२॥

७३

भरत लक्ष्मण दुवैले किन्नरी पुरुषको प्रति कुरा सुनि विस्मय गरिरह्याको देखि श्रीरामचन्द्रका चित्तमा आनन्द गरि पुनर्वार आज्ञा गर्नाकन लाग्या। ताहाँपछि स्त्रीहरू

सबैलाई किन्नर गरि पठाईकन बुधले हाँसिकन भन्न लाग्या । हे सुन्दरी, म सोमको प्रियपुत्र हुँ, मेरा उपर तैले दया राखि मलाई तैले पुरुष गर भन्यो र ति वचन सुनि इडाले कोमल वचन-गरि बोलन लागिन् । हे महामते, तम्रा जो इछा छ सो गर्नुहवस् भनिन् र बुधको चित्तमा आनन्द गरि नाना प्रकारले क्रीडा विलास गरि रह्या । ताहाँ चैत्र मासमा सम्पूर्ण भयाको दिनमा रात्रिविषये अनेक क्रीडा गरि सुतिरहँदा इडा पुरुष भयाका देखि बुधले लाज मानिरह्या । ताहाँ बुध चाँडो गरि जलभित्र गैकन उर्ध्व बाहु गरि रह्या । ताहाँ स्त्रीहरू स्त्रीरूप छाडि पुरुष रूप भयाका इडराजा बुधका अग्रमा गैकन भन्न लाग्या, हे तपस्वि, मेरा समस्त सैन्य वाहनादि काहाँ गयो भन्या र ति वचन सुनि बुधले भन्न लाग्या, हे राजन्, तिमिले शोक सन्ताप नगर, चित्त दृढ गर्नुहवस् । तिम्रा सेना सबै पाषाण वृष्टि भैकन मृत्यु भया, तिमि मात्र एस् आश्रम-मा सुतिरह्याथ्यौ र बाँच्यौ । हे राजन्, तिम्रा चित्त स्थिर गरि केहि भय नमानि कन्दमूल फलादि आहार गरिकन त्याहाँ राजगर्नुहवस् भन्यो र ताहाँ राजाले चित्त सन्ताप गरि भन्न लाग्या, हे ब्रह्मन्, मैले आफ्नु राज्य छोड्छु मेरा सेवकहरू नभैकन म मात्र क्या जानु त्याहाँ वस्नु पनि क्या प्रयोजन छ, क्षण मात्र पनि प्राण धारणा गर्नाको इछा छैन । मेरा ज्येष्ठ पुत्रले राज्य प्रतिपाल गर्ला, अब मेरा सेनाविना मेरा राज्यमा जानु क्या प्रयोजन छ भनि एस् प्रकारले महाविलाप गरि बोल्याको वचन सुनि बुधले बोलनाकन लाग्या, हे राजन्, तिम्रा सैन्यका उपर सन्ताप नगर्नुहवस् । एक वर्ष पुग्यापछि तिम्रा कल्याणको कुरा मैले सुनाउँछु, त्याहाँ चूप लागिकन वसि राजगर्नुहवस् भनि आज्ञा भया र ति वचन सुनि इडराजा ताहिं वस्या । हे भरत, एक महिना पुरुष एक महिना स्त्री भैरह्या, अस्ती भयामा बुधसित क्रीडा विलासादि गरि रह्या, पुरुष भयामा नाना धर्मादि गरिकन अनेक पुण्य कथाहा गरि रह्या । एस् प्रकारले बुध वस्ता बुधका वीर्य्यबाट इडका गर्भ भैकन इडका गर्भबाट पुत्र जात भयो । जात हुनिबित्तिकै बुधले पुत्रकन आफना पिता चन्द्रमाको हात सोप्या, बुधतुल्य पुत्रलाई पुरुरवा भनि नाम कर्ण गर्‍या । ताहाँ फेरि इडा पुरुष भयापछि नाना प्रकारको कथाहा बुधले सुनाया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाडे पुरुरवा जन्म वर्णनं नाम सर्गः ॥ ७३ ॥

७४

पुरुरवाको जन्म कथाहा श्रीरामचन्द्रले भरत लक्ष्मणलाई सुनाईसक्यापछि फेरि भरत लक्ष्मणले विन्ति गर्न लाग्या। हे श्रीरामचन्द्र, वर्षदिनसम्म कर्दमको पुत्रलाई इडा सोमका आश्रममा वसिकन संवर्त्त ऋषि प्रभृति देवन अगनीक सोवर्त्तमान भयो भन्या र श्रीरामचन्द्रले दुवैलाई सुनाउन लाग्या, हे भ्रातादो, कर्दमको पुत्र इडा वर्ष दिनसम्म पुग्यापछि पुरुष भैकन संवर्त्त ऋषि प्रभृति च्यवण अरिष्टनेमी, प्रमोद, मेदनक, दुर्वासा तिनिहरू सबै वटुल्याईकन बुधले भन्न लाग्या, हे ऋषीश्वरहो, ई महापराक्रमी कर्दम राजाको पुत्र इड हो भनि एस् प्रकारले कुरा गरिरह्याका वेलामा तेजस्वी कर्दम राजा पनि तेसै आश्रममा पुग्नु आया। महा-ऋषीश्वर पुलह, क्रतु, वषट्कार, ॐकार ऋषिहरू सबै पुष्करिणीको तीरमा आई वस्या र तेसै ठाउँमा कर्दम पनि आईपुग्या र आफ्ना पुत्रका हित गर्नाका अर्थले भन्न लाग्या, हे द्विजा, तपाविहरू सबैले मेरो विन्ति सुन्नुभयाजावस्। तेस् मेरा पुत्रलाई मोक्ष गर्नाकन परमेश्वर आराधना गर्नुविना अरू केहि छैनन्। हे ऋषि, श्रीसदाशिवको प्रिय भयाको अश्वमेध यज्ञविना अरू केहि छैन। एस् प्रकारले मेरा पुत्रकन मोक्ष गराउनाकन हामि सबैले प्रतिज्ञा गर्नुहवस् भन्या र ति वचन सुनि समस्त ऋषिले यो कुरा हो भनि चिताई संवर्त्त ऋषि मुख्य भैकन इड राजाको यज्ञ आरम्भ गर्‍या। पूर्वकालमा मनु राजाले यज्ञ गर्‍याको जस्तै गर्नुभयो, समस्त सामग्री सम्पूर्ण गरि यज्ञ गर्‍या। बुधको आश्रमको समीपमा एस् प्रकारले यज्ञ गर्‍या र श्रीपरमेश्वर सन्तुष्ट भया। ति यज्ञमा इन्द्रादि देवतासहित गरि श्रीपरमेश्वरी परमेश्वर आउनुभैकन आज्ञा गर्न लाग्या, हे द्विजोत्तम, तिमीहरूले यज्ञ गर्‍याको आराधना गर्‍याको देखि म सन्तोष भली। वाल्हीक देशको राजा इडलाई मैले कया गर्नुपर्‍यो भनि आज्ञा भया र ब्राह्मणहरूले विन्ति गर्न लाग्या, हे परमेश्वर, तपाविको कृपा भया एस् इड राजालाई पुरुष गरि प्रसन्न भयाजावस् भनि विंति गर्‍या र परमेश्वर श्रीमहादेवले तथास्तु भनि आज्ञा गरिकन अन्तर्धान भया। ताहाँपछि अश्वमेध यज्ञ सम्पूर्ण भयापछि समस्त दीर्घजीवी ऋषिहरू इड राजा पुरुष भयाको देखि चित्तमा हर्षमान गरि आफ्ना २ ठाउँमा गया। ताहाँपछि इड राजाले पनि चित्तमाहाँ हर्षमान गरि त्यसै सरोवरमा नगर बनाया, त्यस् नगरको नाम प्रतिष्ठान नगर भनि नामकर्ण गर्‍या। तेसै नगरमा इड राजा वसिकन आफ्नु पुत्र शशविन्दुलाई मधेसमा राजा

तुल्याईराख्या । ताहाँपछि ति इड राजाका कालका वशले अन्तकाल भयो र उत्तम स्वर्ग पायो । हे भ्रातागहो, तिमीहरूले भन्या जस्तै अश्वमेध यज्ञका फलले स्त्री भैरहाका राजाले पुरुष हुनु पाया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे इडा पौरुषो नाम सर्गः ॥७४॥

७५

ति इड राजाको कथा भरत लक्ष्मणलाई सुनाईशक्यापछि श्रीरामचन्द्रले लक्ष्मणलाई आज्ञा गर्न लाग्या । हे लक्ष्मण, अब तिमिले भन्याको जस्तै समस्त श्रेष्ठ २ ब्राह्मणछेउँ आज्ञा लीकन अश्वमेध यज्ञ गरूँला । अब तिमि गैकन वशिष्ठ वामदेव वाल्मीकि कश्यप तिनिहरूलाई डाकिल्याउ, तिनिहरूछेउँ आज्ञा लीकन अश्व उत्सर्ग गरूँला भनि आज्ञा भया । ति वचन सुनि पराक्रमी लक्ष्मण जानुभैकन समस्त ब्राह्मणहरू बोलाई ल्याईकन श्रीरामचन्द्रका चरणमा दंडवत गरिकन विंति गर्न लाग्या, हे श्रीरामचन्द्र, वशिष्ठादि ऋषिहरूलाई बोलाई ल्यायौं, आईपुग्नुभयो भन्या र महातेजस्वी श्रीरामचन्द्र बाहिर निस्कनुभयो र देवतुल्य ब्राह्मणहरूकन देखि पादादि वन्दन गरिकन षोडशोपचारले पूजा गरिकन अश्वमेध यज्ञ गर्नाको कुरा विंति गर्नुभयो र ताहाँ ति अमृतमय वचन सुनि ऋषिहरूले आज्ञा गर्न लाग्या, हे श्रीरामभद्र, अश्वमेध यज्ञ भन्याका राजाहरूका श्रेष्ठ धर्म हो, गर्नुहोस् भन्या र ति वचन सुनि श्रीरामचंद्रले आज्ञा गर्न लाग्या, हे लक्ष्मण, महात्मा सुग्रीव राजाछेउँ गैकन अनेक वानरहरू सुग्रीवादि अंगद, नल नील, खल, गय, गवाक्ष, पनस, शतष, मैन्द, द्विविद, वीरबाहु ति आदि अनेक वानरहरू मेरा कारणले प्राणका माया छाडि रहन्याहरू आउनुपर्छ भनि डाकिल्याउ । फेरि सुषेण, सूर्याभ, कुमुद, ऋषभ विनत, गोलांगुल, राक्षीराज, गवाक्ष तिनी सेनाले सहित गरि आउनुपर्छ भनि बोलाई पठाउ । जांबवन्त, दधिमुख, केशरी तिनिहरूलाई पनि निमन्त्रना गर्न पठाउ । फेरि, विभीषणादि राक्षसहरू सबैलाई अश्वमेध यज्ञमा आउनुपर्छ भनि निमन्त्रणा गरि पठाउ । हे लक्ष्मण, अरू २ ब्राह्मणहरू अनेक देवऋषि ब्राह्मण ऋषि आदि मीमांसा सांख्याकरण जान्या ब्राह्मणहरूलाई पनि निमन्त्रणा गरि आउ । महात्मा २ ब्राह्मण सबै शिष्य

शाखाले सहित गरि गोमती तीरमा आउनुपर्छ भनि चाँडो गरि निमन्त्रणा गर्न पठाउ, अनेक कोटि प्रमाण अन्न तिल इत्यादि सुवर्ण आदि भरतको हातमा दीकन भरतलाई अघ्यारै पठाउ। असंख्य सूक्ष्म वस्त्रादि पनि दी पठाउ, फेरि अनेक नट नर्त्तकादि उत्तम २ लोक आदि साधुजन वृद्धादि सबैलाई अघ्यारै चाँडो गरि भरतका पछि लाउनुपर्छ। अनेक मन्त्रीहरू पनि कार्य गर्न जान्या २ शिल्पिहरू सबै पठाउ, फेरि, कौशल्यादि माताहरू सबै आदि गरि अन्तःपुरका स्त्रीजन सबैलाई पनि पठाउ। हे लक्ष्मण, मेरा सीता छैन, सुवर्णको सीताको प्रतिमा बनाई भरतको हातमा दी पठाउ, यज्ञकर्मको दिक्षा बिन सीता नभैकन हुँदैन।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे यज्ञवाट गमनं नाम सर्गः ॥ ७ ॥

७६

एस् प्रकारले श्रीरामचन्द्रले आज्ञा गर्याको सबै भरतले लैगया। ताहाँपछि श्रीरामचन्द्रले अश्वमेधका अश्व कृष्णसार पनि उत्सर्ग गरिकन नैमिषारण्यमा श्रीरामचन्द्र पनि महिना दिनमा पुग्न गया। ताहाँ समस्त राजाहरू पनि आईपुग्या र श्रीरामचन्द्रले सबैलाई आदर गर्‍या, फेरि अनेक ताहाँ आईपुग्याहरू ब्राह्मणादिलाई दिनाकन भरत शत्रुघ्नले सुग्रीव प्रमुख वानरहरूका हातमा अन्नवाट वस्त्रादि दिया। ति वानरहरू सबैले ब्राह्मणलाई भोजन गराउनानिमित्त चिन्तना गराउनुभयो। ताहाँपछि विधान जस्तै अश्वमेध यज्ञ गर्‍या, ताहाँ लक्ष्मणले अश्वमेध रक्षा गर्‍या। ताहाँ यज्ञ गर्दामा श्रीरामचन्द्रले नाना वचन बोल्या, मागन्याहरूलाई तृप्ति गरिकन ज्या माग्दछन् सो देउ भनि आज्ञा गर्‍या। ताहाँ ति यज्ञमा मलिन वस्त्र लाईरहन्या र क्षुधा तृषाले पीडा गराईरहन्या पनि थियेनन्, ऋषिहरूले त्यो यज्ञ देखिकन एस्तो यज्ञ छैन भनि भन्न लाग्या। अनेक द्रव्य रजत सुवर्ण अनेक मणि रत्नादि नाना वस्त्र यज्ञको सरंजाम पनि इन्द्र वरुणले यज्ञ गर्दामा पनि तेतिसम्म थियेन, एस्कारणले यज्ञ गर्न्या कोहि छैनन्। यो यज्ञमा मनुष्य र राक्षसमय छन्, एस् प्रकारले श्रीरामचद्रले परम अद्भुत यज्ञ गर्‍या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे यज्ञ समृद्धिर्नाम सर्गः ॥७६॥

७७

यस् प्रकारले समस्त सम्पूर्ण गरि यज्ञ गरिरहनुभयाको वेलामा वाल्मीकि ऋषि शिष्य शाखाले सहित गरि आउनुभैकन देवयोग यज्ञ हेरिरह्या। ताहाँ श्रीरामचन्द्रले वाल्मीकि ऋषि आयाको देखि नाना प्रकारले आदर भाव गरिकन पूजा गर्‍या। ताहाँ वाल्मीकि ऋषि पनि श्रीरामचन्द्रको पूजा लोकन वासमा जानुभयो। ताहाँ वाल्मीकिसित आयाका सीताका पुत्र दुई कुमारलाई श्रीवाल्मीकि ऋषिले आज्ञा गर्न लाग्या, हे कुमारहो, गोमती तीरमा वसिकन कन्दमूल फलादि पाईकन ताहाँ राजाहरूको समीपमा वसि मैले तिमिहरूलाई सुनाई, राख्याको जस्तै निर्भय गरिकन गीत गाउ, कदाचित् श्रीरामचन्द्रले सुन्नुभया तिमीहरूले बहुत सत्कार गरि प्रकाश गरिकन गाउ। हे कुमार, एस् प्रकारले गीता गायापछि श्रीरामचंद्रले द्रव्य इत्यादि तिमि हरूलाई दिन लाग्नन लिनु छैन लोभ नगर, तिमिहरूले एसो भन हामिहरू निर्धनी भैकन वनमा वसिरह्याछौं, हामिहरूलाई द्रव्यको क्या काम छ भन। कदाचित् तिमि कस्का पुत्र हौ भनि सोधनुभया वाल्मीकि ऋषिका शिष्य हौं भन। रुद्र वेणु बजाईकन मधुर स्वरले गीत गाउ, आदिदेखि क्रमैसित गाउ। राजाहरूलाई निंदा गर्नु छैन, सबै पितासमान छन्। उप्रांत कालको समयमा सुस्वरले गीत गाउ भनि एस् प्रकारले आज्ञा दीकन वाल्मीकि ऋषि जानुभयो। ताहाँपछि अद्भुत वाणी भयाका दुई कुमारहरू पनि ताहीं गोमती तीरमा वास गरिरह्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे वाल्मीकि शासनं नाम सर्गः ॥ ७७ ॥

७८

ताहाँपछि रात विहायापछि प्रातः कालको समयमा नित्यकर्म स्नान आदि अग्निहोत्र गरिसकिकन आदिदेखि रामायण कथाहा गीतस्वरले गाउनु। ति रामायणका कथा गीत शब्द श्रीरामचंद्रले सुनि अति अद्भुत मानिकन यज्ञको कर्मोत्तर वेलामा ति बालकहरूलाई डाकन

पठाया र आईपुग्या । ताहाँ ऋषिहरू राजाहरूले हर्षमान गरिकन ति बालकहरूछेउँ दृष्टि राखिकन परस्पर कुरा गर्न लाग्या । महारथी राजाहरूले भन्न लाग्या, हाई २, कस्ता ति बालक, ति दुवैतुल्य सबै छैन, ति बालक दुवै श्रीरामचंद्रका पुत्र भन्ना जोग्य छन् भनि एस् प्रकारले कुरा गरिकन समस्त राजाले हेरिरहनुभयाका वेलामा ति बालक दुवैले गीत गाउनाकन मधुर स्वरले किन्नर गंधर्वादिले गायाको जस्तै श्लोकबद्ध गरिराख्याको मनोहर संयुक्त भयाको रामायण कथाहा आदि नारददर्शनदेखि विसर्ग गीत गरि गाया । त्यो गीत गायाको शब्द श्रीरामचंद्रले सुनिकन आपना भ्राता भरतलाई आज्ञा गऱ्या, हे भ्राता भरत, ति बालक गाउन्याहरूलाई दशलाख १०००००० पात्र सुवर्ण चांडो गरि देउ, फेरि तिनिहरूको जो वांछा छ सो देउ भनि आज्ञा भयो र भरतले दिया । ताहाँ दुवै बालकले भन्न लाग्या, हे भरत, हामिहरू वनवास गरि कंदमूल फलाहार आदि गरि रहन्याहरूलाई त्यो सुवर्ण कया प्रयोजन छ भनि एस् प्रकारले भनिकन दुवैले लियेनन् । त्यो देखिकन सामामा बस्न्याहरू सबै अद्भुत मानिरह्या । त्यो देखिकन श्रीरामचंद्रले आज्ञा गर्नाकन लाग्या, हे बालकहो, ति काव्य कसले सिकायो भनि आज्ञा भयो र बालकहरूले विंति गर्न लाग्या, हे राजन्, तपाहिका रामायण चरित्र वाल्मीकि ऋषिले प्रबंध गरिराखनुभयो । एस रामायणको सर्ग संख्या ५०० तपाहिले भुक्तमान गर्नुभयो, अब एस् कथाहा फेरि तपाहिले सुन्नु इछा भया यज्ञकर्मान्तर वेलामा सुन्नुभयाजाबस् भन्या र श्रीरामचन्द्रले आज्ञा गर्नाकन लाग्या, हे बालकहो, तिमीहरूले वाल्मीकिछेउँ विन्ति गर्न जाउ, तबले सुनाउनुभैकन तिमिहरूलाई आज्ञा दिया मैले सुन्नाको इछा छ, एस्कारण तिमिहरू वाल्मीकिछेउँ विन्ति गर्न जाउ भनि बालकहरूलाई पठाया । ताहाँपछि श्रीरामचन्द्र सामामा राजगर्नुभयाका वेलामा ति बालकहरू दुवै श्रीरामचन्द्रको अग्रमा आउनुभैकन गीत गऱ्या । अत्यन्त तालसंयुक्त सुस्वर मधुर गरि गीत गायाको सुनि श्रीरामचन्द्र राजगर्नुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे काव्यश्रवणं नाम सर्गः ॥ ७८ ॥

७६

एस् प्रकारले अनेक मुनिजनसहित गरि गीतको शब्द सुनिकन श्रीरामचन्द्रले चिन्तना गर्नुभयो, तिनिहरू अरू कोहि होईनन् सीताका पुत्र हुन् भनि चिताई श्रीरामचन्द्रका सभाका मध्यमा आज्ञा गर्नाकन लाग्या, हे शत्रुघ्न, हनुमन्त, विभीषण, सुषण, तिमिहरू भगवान् वाल्मीकिछेउँ गैकन सीतासहित गरिकन आहाँ बोलाई ल्याउ। सीताले वाल्मीकि मुनिका अग्रमा सपत गर्नसक्या मैले मानुँला भनि आज्ञा भयो र एति वचन सुनि शत्रुघ्न प्रभृति वाल्मीकिको अग्रमा गैकन श्रीरामचन्द्रले आज्ञा गर्नुभयाको समस्त वृत्तान्त सबै विन्ति गऱ्या। ताहाँ वाल्मीकिले श्रीरामचन्द्रले आज्ञा गरिपठाउनुभयाको सुनि श्रीरामचन्द्रका चित्त जानिकन आज्ञा गर्न लाग्या, हे शत्रुघ्न, श्रीरामचन्द्रले तेसो आज्ञा भया सीताले बयान नगर्ला, स्त्रीका देव पुरुषै हुन्, एस्कारण आज्ञा भयाको जस्तै गर्नान् भनि वाल्मीकिले आज्ञा गऱ्या र ति वचन सुनि शत्रुघ्न प्रभृति श्रीरामचन्द्रको ठाउँमा गैकन वाल्मीकिले आज्ञा गरिपठाउनुभयाका समस्त विंति गऱ्या। ति वचन सुनि श्रीरामचन्द्रले हर्षमान गरिकन सभामा बस्न्या ऋषिहरू राजाहरूलाई आज्ञा गर्नाकन लाग्या, हे ऋषिलोक राजालोकहो, सीताले सपत गर्नान्, तिमिहरू सबैले हेरिकन विचार गर्नुपर्छ भनि आज्ञा गऱ्या र ति वचन सुनि सबैले धन्य २ श्रीरामचन्द्र भनि प्रशंसा गरि विन्ति गर्नाकन लाग्या, हे श्रीरामचन्द्र, तपाईको कुलमा तेसो गर्नु योग्य छ गर्नुहुन्छ २ भनि विन्ति गऱ्या। ताहाँपछि ऋषिहरू राजाहरू विदा गरिकन आफ्ना २ वासमा पठाया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे सीता शपथ निर्देशो नाम सर्गः ॥७६॥

८०

रात बिहायापछि प्रातःकालको समयमा श्रीरामचन्द्रले समस्त शक्ति मारंग मार्कण्डेय च्यवन, सतानन्द, मुद्गर, सुप्रभा ति आदि अनेक २ ऋषिहरू, श्रेष्ठ २ राजाहरू सबै

महावीर वानरहरू सबै विभीषणादि राक्षसहरू सबै महाअद्भुत हेरौंला भनि सभामा आईपुग्या । फेरि नाना देशमा वस्याका लोक सबैको कौतुक हेर्नाकन ब्राह्मण क्षत्रिय वैश्य शूद्रादि अनेक आईपुग्या । समस्त नगरवासी पनि सीताको सपत गर्न लाग्याको हेरौं भनि सबै आया । वाल्मीकिले समस्त लोक संपूर्ण गरि वस्याको देखि आफ्नु वासमा जानुभै सीतालाई बोलाई ल्याया । वाल्मीकिको पछि २ हात जोरि निहुरीकन आँखामा आँसु पूर्ण गराई आउनुभयाको सीताकन देखि लोकहरूले धन्य २ सीता भनि भन्न लाग्या । एस् प्रकारले साक्षात् लक्ष्मीस्वरूप सीताकन देखि सभाका लोकले कष्ट वचन बोल्नाकन लाग्या, धन्य २ श्रीरामचंद्रको चरित्र भनि कतिले धन्य २ सीतादेवी भनिकन कष्ट मानि भन्नाकन लाग्या । एस् प्रकारले वाल्मीकि अग्रमा राखि सभामा आउनुभईन् । ताहाँ वाल्मीकि ऋषिले श्रीरामचंद्रछेउँ विंति गर्न लाग्या, हे रामचन्द्र, सीता सुव्रता सुव्रता धर्मचारिणी तिमिले लोकापवादका निमित्तले मेरा आश्रम छाडिकन आउनुभयो । लोकापवादका भयले छाडिआउनुभयाकि पतिव्रता सीतालाई एस् सभामा प्रतीत गर्नाका निमित्य सपथ गर्नाकन तपाखिले आज्ञा गर्नुहुन्छ् । हे श्रीरामचंद्र, ति दुवै कुमार सीताका गर्भवाट जात भयाका तिम्रा पुत्र प्रज्ञावन्त सत्ववन्तले संयुक्त भयाका तिम्रा पुत्र हुन् । हे रामचन्द्र, मैले बोल्याका वचन तिमिले मिथ्या नठान्नु । प्रचेताका दशम पुत्र म, मैले असत्य वचन बोल्नु छैन । निश्चय २ ति दुवै तिम्रा पुत्र हुन् । हे रामचन्द्र, मैले तप गर्याको अनेक वर्ष भयो, सीता दुराचारी भया तनको हातले मैले कसोगरि भोजन गरि-रहँदा हुँ । हे राजन्, सीता दुराचारी भया मेरा आश्रममा पनि राख्न्या थियेन, सीता निष्कलंकी भईन र पो मेरा आश्रममा राख्याँ । ई लोकापवादका भयले रहन्या सीताले सहित गरिन्, सीता पतिव्रता धारणा गरिरहन्या तन्ले आफ्नु शुद्धि गरिन् ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे वाल्मीकि वाक्यं नाम सर्गः ॥८०॥

८१

एस् प्रकारले वाल्मीकिले आज्ञा गर्याको सुनि श्रीरामचन्द्रले हात जोरिकन विन्ति गर्न लाग्या, हे वाल्मीकि, तपाखिले आज्ञा गर्नुभयाको जस्तै सीता निष्कलंकी भनि मैले जान्याको छ ।

तपाचिले आज्ञा गर्नुभयाको सत्य हो, लंकावाट त्याउनेबित्तिकै देवलोकका अग्रमा प्रत्यक्ष भैगयो। एस् प्रकारले प्रत्यक्ष गरि देषायापछि मैले आफ्ना राज्यमा ल्याथाको हो, निष्कलंपी सीताकन मैले लोकापवादका भयले मैले छाडि पठाया, अब एस्कारण मेरा उपर तपाचिले क्षमा गर्नुहुन्स्। हे मुने, ति बालप निष्कलंपी सीताका गर्भवाट जात भयाका मेरा पुत्र भनि मैले जान्याको छ, मेरा पुत्र हो, सीताछेउँ पनि मेरा स्नेह छ भनि एस् प्रकारले कुरा गरिरहनुभयाका वेलामा इन्द्रादि देवता ब्रह्मासहितले ति साभामा अ ईपुग्या। द्वादशादित्य, अष्टवसु, एकादश रुद्र, दौस्वीन देव, ऋषि, गन्धर्व, अपसरा, यक्ष, किन्नर अनेक राजाहरू गरुड पन्छिहरू पनि आया, सीताले कौना प्रकारले सपत गर्छिन्, हेरौंला भनि आया। तेस्वेलामा सुगन्ध २ वायु आईकन समस्त लोकलाई आनन्द गराई। तेस् वेलामा समस्त देव मनुष्यादि ति साभामा आईपुग्याको देषि काषाय वस्त्र लाईरहन्या सीताले उत्तरमुख अधोदृष्टि गरि हात जोरिकन आज्ञा गर्न लागिन्। हे परमेश्वरी पृथ्वीमाता, श्रीरामचन्द्रविना मनसा वाचा कर्मणाले अरू मैले चिन्तना नगन्याको भया मनाई विवर दिनुभयाजावस् भनिन् र पृथ्वी फुटीकन पालवाट देवतुल्य नागले पउटा सिंहासनमा सीता राषि रसातलमा लैगया। त्यस वेलामा पुष्पवृष्टि गरिकन देवताहरूले धन्य २ सीता ति समान सत्यवती काँहि हुन्याछैन भनि देवता वानर राक्षसादिले प्रशंसा गऱ्या। एस् प्रकारले सवैले चिन्तना गरिकन ध्यान गऱ्याजैं वस्या, कत्तिले र श्रीरामचन्द्रको मुख हेरिरह्या, सीताछेउँ मन राषि अचैतन्य भैकन वानरादि साभामा सवै मुहूर्त्त मात्र तूष्णीभूत गरि रह्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे सीता पाताल प्रवेशोनाम सर्गः ॥८१॥

८१

रसातलमा सीता जानुभैकन साभामा वस्याका मनुष्यादि अत्यन्त विस्मय गरि भन्न लाग्या। श्रीरामचन्द्रलाई छाडि सीता जानुभईन् भनि नाना प्रकारले विलाप गरि रह्या। ताहाँ श्रीरामचन्द्र पनि अत्यन्त शोक क्रोध गरि भन्न लाग्या, हा हा, कस्तो शोक! कैल्हे पनि न-

भयाको दुःख शोक मलाई गरिकन सीता लैगया । हा हा ! अघि पनि छैन पछि पनि छैन, मैले देषन नपाईकन सीतालाई लैगयो । हा हा ! समुद्र पार लैगयाको मैले फिराईल्याऊँ, अब मैले देषन नपाईकन लैगयो । हे पृथ्वी, मेरी सीता दिन्छु भन्या दे नदिया मैले पृथ्वीमा मृत्तिकाशुद्धा लोप गरिकन जलमय गरूँला । तिम्री पुत्री जनकका हलो जोत्दा जात भयाकी सीता तिमिले देउ, सीता दिनुहुँदैनभन्या, मलाई बाटो देउ सीतासित पातालैमा बसिरहुँला । हे लक्ष्मण, मेरा धनुर्बाण ल्याउ, मेरी सीता लैजान्या एस् पृथ्वीलाई मारूँला भनि क्रोध शोकले पीडा गराई आज्ञा गर्नुभयो र ति वचन सुनि ब्रह्माले आज्ञा गर्न लाग्या, हे श्रीरामचन्द्र, सन्ताप नगर्नुहवस् , तम्रा पूर्वका भावना समझनुहवस् , आफ्ना आत्मा आफैले समझनुहवस् , ई सभामा तिमिलाई सुनाउन्या जोग्य छैन । हे श्रीरामचन्द्र, ई रामायण काव्य गीता तिम्रा गुण जन्म प्रभृति देषि तिम्रा दुःख सुख आदि पछि हुन्यासमेत सबै तिमिले देषनुभयो, वाल्मीकि प्रबन्ध गराई समस्त बनाईसकनुभयो । ति आदिकाव्य तिम्रा चरित्रको कुरा अन्यथा भैकन विपरीत हुनु छैन । एस्कारण तिमिले धैर्य चित्त गरि अबदेषि अघिका कथाहा तिमिले सुन्नुभयो भविष्य कथाहा मात्र तिमिले सुन्नुभयाको छैन । तिमि राजा भैकन अर्कालाई अधिकार छैन, उत्तरकांड कथाहा मात्र शेष छ अब तिमिले सुन्नुहवस्, देवतुल्य ऋषिहरू सहित गरि तिमिले सुन । हे श्रीराम, मनसा वाचा अरू राजाले सुन्नु योग्य छैन भनि एस् प्रकारले आज्ञा गरिकन ब्रह्माले सहित गरि स्वर्ग गया । ति सभामा बस्न्या ऋषिहरू राजाहरू सबैले ब्रह्माले आदेश दियाको सुनिकन श्रीरामचन्द्रका चरित्र उत्तर कथा सुन्नाकन बस्या । तेस् बेलामा पृथ्वीबाट वचन माथि आयो, हे श्रीरामचन्द्र, तिमिले सीताका निमित्त शोक सन्ताप छोड्नुहवस्, कथानभन्या तिम्रा र सीताका वियोग भैगयो, दैवले गर्नुभयो । अवउप्रान्त सीतासित वस्तु वृथा भयो, सीता स्वर्ग जानुभईन् । पातालमा नागहरूले मनुष्यहरूले पनि लक्ष्मी भनिराष्याको पितरले पनि स्वधा भनाईरहन्या श्रीवत्स लांछन धारण गरिरहन्याको लक्ष्मी सीता आउला भनि तिमिले आसा नगर । हे श्रीरामचन्द्र ,तम्रा चित्त फिराईरहन्या सीताका दर्शन पाउनु दुर्ल्लभ भयो । हे श्रीरामचन्द्र, सीतासित स्नेह गर्नाको इछा भया तन्का पुत्र कुमारलाई हेर । हे श्रीरामचन्द्र, वाल्मीकिको वचन सत्य गर्नुहवस् , ति वाल्मीकिले प्रबन्ध गर्याको अन्यथा हुनु छैन । ब्रह्माले आज्ञा गरि जानुभयाको वचन सुनि चित्तमा क्रोध साम्य गरि आज्ञा गर्नाकन लाग्या, हे भगवन् ऋषीश्वर, समस्त राजाले सुन्नाकन इछा गरिराष्याको मेरा भविष्य उत्तम कथा प्रबन्ध गरिराष्याको भोलि

मलाई सुनाउनाकन अमन्त्र भयाजाबस् भनि आज्ञा गऱ्या र वाल्मीकिले भन्न लाग्या, हे श्रीरामचन्द्र, भोलि सुनाउँछु भनि आज्ञा गऱ्या। श्रीरामचन्द्रले पुत्र कुशिलवलाई बोलाई यज्ञ-मण्डपमित्र गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वरसंवादे उत्तरकाण्डे पितामहवाक्यं नाम सर्गः ॥८२॥

८३

ताहाँपछि रात बिहाईकन प्रातःकालको समय भयो र वाल्मीकि ऋषिलाई बोलाईकन पठाया। ताहाँ वाल्मीकि ऋषि आउनुभैकन कुशिलवलाई आज्ञा दिया र ताहाँ कुशिलवले श्रीरामचंद्रका भविष्य कथा उत्तर चरित्र गीत गाउनुभयो। यो गीत सुन्नुभैकन रहँदा सीता रसातलमा जानुभैकन आयाको समझिकन शोक गऱ्या। ताहाँ यज्ञ संपूर्ण गरिकन उत्तम चरित्र कथा सुनि सीता वियोग भयाका अर्थले जगत्संसार शून्य भनि चिताई राजगर्नुभयो। सीताका वियोग शोकले पीड़ा गराई चित्त उपशाम्य गर्न नशकिरह्या ताहाँ संपूर्ण गरिकन समस्त राजाहरू मान्य गरि पठाया, अनेक ऋषिहरू वानरहरू विभीषणादि राक्षसहरूलाई पनि नाना आदरले प्रबोध गरिकन विदा दी पठाया। ताहाँ श्रीरामचंद्रले सीता मात्र हृदयमा धारणा गरि शोक गरिकन अयोध्या फिरनुभयो। सीताको भक्ति भावना समझि अयोध्यामा आउनुभैकन यज्ञ गर्नाकन सीताको सुवर्ण प्रतिमा यज्ञमा राखि अनेक अश्वमेध वाजपेय यज्ञ आदि अनेक द्रव्य खर्च गरिकन यज्ञ गऱ्या, अनेक श्रेष्ठ २ समयज्ञ संपूर्ण गरिकन यज्ञ समाप्त गऱ्या। एस प्रकारले यज्ञ पुण्य धर्म गऱ्या र समस्त प्रजाहरूले भन्न लाग्या, ति समान पुण्यात्मा राजा छैन भनि समस्त लोकले भन्या। श्रीरामचद्रका आज्ञा मानि वानरहरू राक्षसहरू समस्त प्रजा पनि रह्या, काल २ मा मेघले पनि जलवृष्टि गर्दछन्, सुभिक्ष भैकन समस्त दिशा पनि निर्मल छन्, नगरवासीहरू पनि महासुखले बस्या, तेस् वेलामा बालकहरू पनि मृत्यु भयेनन्। एस् प्रकारले श्रीरामचंद्रले राज्य गर्दामा अधर्म गर्न्या प्रजाहरू पनि कोहि थियेनन्, प्राणीहरूलाई व्याधिले पीड़ा गरेनन्। एस् प्रकारले गरि राजगर्नुहुँदा श्रीरामचंद्रकि माता कौशल्या यशस्विनी पुत्र पौत्रले परिवृत गरि राजगर्नुभयाकि कालका वशले स्वर्गा-

रोहण भइन् । ताहाँ महिना दिनपछि सुमित्रा पनि स्वर्गारोहण भइन् , फेरि महिना दिनपछि केकयी स्वर्ग प्राप्ति भइन् । ताहाँ स्वर्गमा राजा दशरथसित कौशल्या, सुमित्रा केकयी भेट्नु-भैकन स्वर्गमा सुख गरि नाना लोकमा पनि सुख भुक्तमान गर्नुभयो । ति आफना पिता माताका निमित्यले श्रीरामचंद्रले कालर मा अनेक पिण्ड आदि गरिकन दान दिया, पितृका उद्देशनाले अनेक रत्नादि दान दिया, पितृयज्ञादि पनि गऱ्या, मातृगण पितृगणलाई हुन्या गरि दान-पुण्य गऱ्या । एस् प्रकारले श्रीरामचंद्रले पितृलोकलाई समस्त कार्य्य गऱ्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर सम्वादे उत्तरकांडे यज्ञावसान नाम सर्गः ॥८३॥

८४

ताहाँपछि कैकेय देशको राजा युधाजितले आफ्नु पुरोहित पठाईदिया । गार्ग्य पुरोहित अमृतमय तेजस्वी तीस हजार घोडा अनेक कंबल नाना देवांग वस्त्रादि अनेक आभरणादि पठाउनुभयो । ति खबर श्रीरामचन्द्रले सुनि आफना मातुलले प्रियमान दूत पठायाको सुनि श्रीरामचन्द्रले लोकले सहित गरि आदर भावनाले लिन गया । ताहाँ देवराज इन्द्रले बृहस्पति पूजा गऱ्या जैं अनेक भावना गरि श्रीरामचन्द्रले आफना मामाको पुरोहित गार्ग्यलाई पूजा गऱ्या । ताहाँ गार्ग्यले पनि सौगात दीपठाउनुभयाको श्रीरामचन्द्रका अग्रमा राखिदिया । ताहाँ श्रीरामचन्द्रले पनि लीकन गार्ग्यसहितले अयोध्यावित्र जानुभैकन अनेक कुशल वार्तादि गरिकन महाहर्षले साथमा राजगर्नुभयो । ताहाँ गार्ग्य ऋषिलाई पनि आसन दीकन राजगर्नु-भयो । ताहाँ गार्ग्यले अद्भुत २ कार्य्य विन्ति गर्न लाग्या, हे महाबाहु श्रीरामचन्द्र, तम्रा मामा युधाजितले आज्ञा गरिपठाउनुभयाको सुन्नुहुन्छ् । कन्दमूल युक्त भयाका सिन्धु नदीको पार्श्वमा महामनोहर स्थान छ, त्यो ठाउँ सैलूष गंधर्वको पुत्रले मिचिकन लीराख्यो । अब साढे तीनकोटि गंधर्वहरू तितिकन तेस् ठाउँमा दुईगोटा महानगर बनाउनुहुन्छ् भनि मलाई पठाउनुभयो । तपाचि आउनु नहुन्या भया अरू कसैलाई पठाउनुभैकन तिनिहरू सबैलाई मारि दुवै नगर बनाउनुहुन्छ् भनि आज्ञा गरि पठाउनुभयो । यो ठुलो कार्यका निमित्यले मलाई पठाउनुभयो भन्या र ति गार्ग्यका वचन सुनि श्रीरामचंद्रले चित्तमा हर्षमान गरि गार्ग्यलाई

आज्ञा गर्न लाग्या, हे गार्ग्य, त्यो कार्य अवश्य मैले गर्नुला भनि अकित्त गरिकन भरतको मुख हेरि आज्ञा गर्न लाग्या। एस् प्रकारले आज्ञा गरि हात जोरिकन गार्ग्यलाई नमस्कार गरि भन्न लाग्या, हे गार्ग्य, भरतसहित गरि भरतका पुत्र तक्ष पुष्कर तिनिहरूलाई पठाईकन त्यो काम गराउँछु. तिनीहरूले ति गन्धर्वहरूलाई मार्नान्, ताहाँपछि तेस् ठाउँमा दुई नगर बनाई हे भरत, तक्षा पुत्रलाई दुवै देशमा राजा गरि दुवै देशमा राजा तुल्याई राज्याभिषेक दीकन तिमि फर्कि आउनुपर्छ भनि आज्ञा गरिकन भरतको अग्रमा शुभ दिनदेखि दुवै बालपलाई राज्याभिषेक दिया। ताहाँ भरतले सेना आदि पुत्रसहित गरि गया, गार्ग्यसहित गरि गया। ताहाँ अनेक मांसाहारि पंछि भूत पिशाचादि गन्धर्वहरूको मांस खानाकन गयो। एस् प्रकारले देवताले पनि जितन नशक्याको सेना महिना दिनमा कैकय देशमा पुग्न गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे भरत सेनानिर्गमनं नाम सर्ग. ॥ ८४ ॥

८५

ताहाँ भरतले सेनासहित गरि आयाको देखि युधाजित् राजाले हर्षमान गरि अनेक कुशल वार्तादि गरिकन युधाजितले पनि आफना सैन्यहरू सबै बटुल्याई भरतसित सँगै गया। ताहाँ गन्धवहरूले पनि भरतका सैन्य युद्ध गर्नाकन आयाको देखि महापराक्रमी गन्धर्वहरू सबै नाना शस्त्र अस्त्र लीकन युद्ध गर्नाकन आया र महायुद्ध भयो। आठ दिनसम्म महा अघोर युद्ध भयो र पनि हारजित भयेन। ताहाँपछि, महापराक्रमी श्रीरामचन्द्रका भ्राता भरतले क्रोध गरिकन कालांतक सम्वर्तास्त्र लीकन गन्धर्वमाथि प्रहार गन्या। त्यो सम्वर्तास्त्र प्रहारले साढे तीन् कोटि गन्धर्वहरूलाई मारिदिया। एस् प्रकारले मार्नुभयाको देखि सबै देवताहरूले भन्न लाग्या, हे भरत, एस् प्रकारले परापूर्वमा पनि कसैले मार्न्याको देख्याको छैन भनि भन्न लाग्या। ताहाँपछि त्यस् ठाउँमा पुष्करावति देश बनाई पुष्कर नाम पुत्रलाई दिया। तक्षशिला भन्याको नगर बनाई तक्षनाम पुत्रलाई दिया। एस् प्रकारले गन्धर्वको राज्यमा पाँच ५ वर्षले दुवै नगर सिद्ध गरि बनाउनुभयो। तेस् दुवै नगरमा बस्न आयाका लोकहरू पनि महाआनन्दले बस्या। नाना उत्तम २ गृह प्रासाद अनेक देवालययुक्त पुष्प विमान जस्तो

रोहण भइन् । ताहाँ महिना दिनपछि सुमित्रा पनि स्वर्गारोहण भइन् , फेरि महिना दिनपछि केकयी स्वर्ग प्राप्ति भइन् । ताहाँ स्वर्गमा राजा दशरथसित कौशल्या, सुमित्रा केकयी भेट्नु-भैकन स्वर्गमा सुख गरि नाना लोकमा पनि सुख भुक्तमान गर्नुभयो । ति आपना पिता माताका निमित्यले श्रीरामचंद्रले कालर मा अनेक पिण्ड आदि गरिकन दान दिया, पितृका उद्देशनाले अनेक रतनादि दान दिया, पितृयज्ञादि पनि गऱ्या, मातृगण पितृगणकाई हुन्या गरि दान-पुण्य गऱ्या । एस् प्रकारले श्रीरामचंद्रले पितृकोकलाई समस्त कार्य्य गऱ्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर सम्वादे उत्तरकांडे यज्ञावसान नाम सर्गः ॥८३॥

८४

ताहाँपछि कैकेय देशको राजा युधाजितले आफ्नु पुरोहित पठाईदिया । गार्ग्य पुरोहित अमृतमय तेजस्वी तीस हजार घोडा अनेक कंबल नाना देवांग वस्त्रादि अनेक आभरणादि पठाउनुभयो । ति खबर श्रीरामचन्द्रले सुनि आफ्ना मातुलले प्रियमान दूत पठायाको सुनि श्रीरामचन्द्रले लोकले सहित गरि आदर भावनाले लिन गया । ताहाँ देवराज इन्द्रले बृहस्पति पूजा गऱ्या जैं अनेक भावना गरि श्रीरामचन्द्रले आफ्ना मामाको पुरोहित गार्ग्यलाई पूजा गऱ्या । ताहाँ गार्ग्यले पनि सौगात दीपठाउनुभयाको श्रीरामचन्द्रका अग्रमा राखिदिया । ताहाँ श्रीरामचन्द्रले पनि लीकन गार्ग्यसहितले अयोध्यावित्र जानुभैकन अनेक कुशल वार्तादि गरिकन महाहर्षले साथमा राजगर्नुभयो । ताहाँ गार्ग्य ऋषिलाई पनि आसन दीकन राजगर्नु-भयो । ताहाँ गार्ग्यले अद्भुत २ कार्य्य विन्ति गर्न लाग्या, हे महाबाहु श्रीरामचन्द्र, तम्रा मामा युधाजितले आज्ञा गरिपठाउनुभयाको सुन्नुहुन्छ् । कन्दमूल युक्त भयाका सिन्धु नदीको पार्श्वमा महामनोहर स्थान छ, त्यो ठाउँ सैलूष गंधर्वको पुत्रले मिचिकन लीराख्यो । अब साढे तीनकोटि गंधर्वहरू जितिकन तेस् ठाउँमा दुईगोटा महानगर बनाउनुहुन्छ् भनि मलाई पठाउनुभयो । तपाचि आउनु नहुन्या भया अरू कसैलाई पठाउनुभैकन तिनिहरू सबैलाई मारि दुवै नगर बनाउनुहुन्छ् भनि आज्ञा गरि पठाउनुभयो । यो ठुलो कार्यका निमित्यले मलाई पठाउनुभयो भन्या र ति गार्ग्यका वचन सुनि श्रीरामचंद्रले चित्तमा हर्षमान गरि गार्ग्यलाई

आज्ञा गर्न लाग्या, हे गार्ग्य, त्यो कार्य अवश्य मैले गर्नुँला भनि अङ्कित गरिकन भरतको मुख हेरि आज्ञा गर्न लाग्या। एस् प्रकारले आज्ञा गरि हात जोरिकन गार्ग्यलाई नमस्कार गरि भन्न लाग्या, हे गार्ग्य, भरतसहित गरि भरतका पुत्र तक्ष पुष्कर तिनिहरूलाई पठाईकन त्यो काम गराउँछु. तिनीहरूले ति गन्धर्वहरूलाई मार्नान्, ताहाँपछि तेस् ठाउँमा दुई नगर बनाई हे भरत, तक्षा पुत्रलाई दुवै देशमा राजा गरि दुवै देशमा राजा तुल्याई राज्याभिषेक दोकन तिमि फर्कि आउनुपर्छ भनि आज्ञा गरिकन भरतको अग्रमा शुभ दिनदेखि दुवै बालकलाई राज्याभिषेक दिया। ताहाँ भरतले सेना आदि पुत्रसहित गरि गया, गार्ग्यसहित गरि गया। ताहाँ अनेक मांसाहारि पंछि भूत पिशाचादि गन्धर्वहरूको मांस खानाकन गयो। एस् प्रकारले देवताले पनि जितन नशक्याको सेना महिना दिनमा कैकय देशमा पुग्न गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे भरत सेनाविर्गमनं नाम सर्ग. ॥ ८४ ॥

८५

ताहाँ भरतले सेनासहित गरि आयाको देखि युधाजित् राजाले हर्षमान गरि अनेक कुशल वार्त्तादि गरिकन युधाजितले पनि आफ्ना सैन्यहरू सबै बटुल्याई भरतसित सँगै गया। ताहाँ गन्धवहरूले पनि भरतका सैन्य युद्ध गर्नाकन आयाको देखि महापराक्रमी गन्धर्वहरू सबै नाना शस्त्र अस्त्र लोकन युद्ध गर्नाकन आया र महायुद्ध भयो। आठ दिनसम्म महा अघोर युद्ध भयो र पनि हारजित भयेन। ताहाँपछि, महापराक्रमी श्रीरामचन्द्रका भ्राता भरतले क्रोध गरिकन कालांतक सम्वर्त्तास्त्र लोकन गन्धर्वमाथि प्रहार गर्‍या। त्यो सम्वर्तास्त्र प्रहारले साढे तीन् कोटि गन्धर्वहरूलाई मारिदिया। एस् प्रकारले मार्नुभयाको देखि सबै देवताहरूले भन्न लाग्या, हे भरत, एस् प्रकारले परापूर्वमा पनि कसैले मार्याको देख्याको छैन भनि भन्न लाग्या। ताहाँपछि त्यस् ठाउँमा पुष्करावति देश बनाई पुष्कर नाम पुत्रलाई दिया। तक्षशिला भन्याको नगर बनाई तक्षनाम पुत्रलाई दिया। एस् प्रकारले गन्धर्वको राज्यमा पाँच ५ वर्षले दुवै नगर सिद्ध गरि बनाउनुभयो। तेस् दुवै नगरमा बस्न आयाका लोकहरू पनि महाआनन्दले बस्या। नाना उत्तम २ गृह प्रासाद अनेक देवालययुक्त पुष्प विमान जस्तो

नाना प्रकारको शोभायमान भयाका तस्तो नगर दुवैमा दुई पुत्रलाई राजा स्थापना गरिकन भरत अयोध्या फिरिआउनुभैकन धर्म्ममय श्रीरामचन्द्रका चरणमा दण्डवत् गऱ्या, ब्रह्माले इन्द्रलाई नमस्कार गऱ्याजैं अनेक कुशल वार्त्तादि गरिकन गन्धर्वलाई मान्याका कुरा, नगर बनाईकन दुवै पुत्रलाई राजा स्थापना गरिकन आयाका कुरा सबै विन्ति गऱ्या। ति वचन सुनि श्रीरामचन्द्रका चित्तमा हर्षमान गऱ्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे गांधार देश निर्माणं नाम सर्गः ॥ ८५ ॥

८६

एस् प्रकारको भरतले विन्ति गऱ्याको सुनि श्रीरामचन्द्रले महाहर्षमान गरिकन आज्ञा गर्नुभयो, हे लक्ष्मण, तिम्रा दुवै पुत्र महाज्ञानी चतुर छन्, तिनिहरू दुवैलाई पनि राजा गर्नाकन दृढ चित्त गरि ठाउँ हेर। अरू राजालाई पीडा गर्नु छैन, आश्रमवासी ऋषिलोकका पीडा नहुन्या उत्तम ठाउँ हेर भनि आज्ञा भयो र ति वचन सुनि लक्ष्मणले विन्ति गर्न लाग्या, हे महाराज श्रीरामचन्द्र, कार्पट भन्याको देश महामनोहर स्थान छन्, मेरा पुत्र अंगदलाई त्यो स्थान दिनुहवस् भन्या र ति वचन सुनि रामचन्द्रले चन्द्रवका भन्याको कसैले पीडा बाधा गर्न नसक्न्या ठाउँ दिनुहवस् भन्या र ति वचन सुनि श्रीरामचन्द्रले तेसै ठाउँमा दुवैलाई नगर बनाईदिया, कालपथ देशमा नगर बनाई दिया। अंगदपुरि भनि नामकर्ण गरिकन अंगदलाई दिया, फेरि चन्द्रकेतु कुमारलाई पनि अनेक लोकलाई पठाईकन नगर बनाईकन चन्द्रचक्रा भनि नामकर्न गरिकन चन्द्रकेतु कुमारलाई दिया। एस् प्रकारले दुवै नगर बनाईकन दुवै पुत्रलाई श्रीरामचन्द्र भरत लक्ष्मण तीनै जनाले राज्याभिषेक दीकन अंगदलाई प्रस्थान गराईकन पश्चिम दिशामा पठाया, चन्द्रकेतुलाई उत्तर दिशामा प्रस्थान गरि पठाया। पुत्रहरू अग्रमा राखि लक्ष्मण पछि २ गया, चन्द्रकेतुसित भरत गया। एस् प्रकारले यात्रा गरि जानुभैकन अंगदको राज्यमा वर्षदिनसम्म वसिकन लक्ष्मण फिर्नुभयो। चन्द्रकेतुको राज्यमा भरत पनि वर्षदिनसम्म वसिकन फिर्नुभैकन श्रीरामचन्द्रका चरणमा सेवा गरि रह्या। एस् प्रकारले

दुवैले सेवा गरिकन अनेक कालसम्म बस्या । श्रीरामचन्द्र भरत लक्ष्मणले अनेक यज्ञ दान पुण्य गरि महासुखले धर्ममार्गले तेज प्रकाश गरिकन राज्य गर्नुभयो ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे पुत्राभिषेको नाम सर्गः ॥८६॥



८७

एस् प्रकारले राज्य गर्नुहुँदा देरै कालपछि कालदेवता तपस्वीरूप भैकन श्रीरामचन्द्रका द्वारमा आईकन लक्ष्मणछेउँ भन्न लाग्या, हे लक्ष्मण, श्रीरामचन्द्रछेउँ म आवाँ, तुलो कार्य विन्ति गर्नु छ । म महाऋषीश्वर बुद्धिवन्तको दूत भैकन म आवाँ, चाँडो गरि खबर पुऱ्याउनु-हवस् भन्यो र ति वचन सुनि सौमित्री चाँडो गरि गैकन श्रीरामचन्द्रका अग्रमा गैकन विन्ति गर्न लाग्या । हे भ्राता श्रीरामचन्द्र, महातपस्वी यौटे ले केहि कुरा विन्ति गर्छु भनि द्वारमा आयाको छ, तपाखिले इहत्रमा पनि परत्रमा पनि जित्नु भयाजोखस् भन्या र श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे लक्ष्मण, चाँडो गरि भित्र बोलाईल्याउ भन्या र लक्ष्मणले श्रीराम-चन्द्रको हजूरमा लैगयो । महातेजले जाज्वल्यमान भयाका ऋषि भित्र जानुभैकन श्रीरामचन्द्र-लाई वर्द्धस्व भनि आशीर्वाद दिया । ताहाँ श्रीरामचन्द्रले पनि षोडशोपचारले पूजा गरिकन आसनमा राज गराउनुभैकन अनेक कुशल वार्त्तादि दुवैले परस्पर गऱ्या । ताहाँपछि श्रीराम-चन्द्रले आज्ञा गर्नाकन लाग्या, हे ऋषीश्वर, तपाखि क्या कारणले आउनुभयो आज्ञा गर्नु-हवस् भन्या र ति वचन सुनि ऋषिले विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, यो कुरा एकान्त गरि विन्ति गर्नुपर्छ, अरूलाई सुनाउनु हुँदैनन् । महामुनिले आज्ञा गर्नुभयाको कुरा सुनले विन्ति गर्नुपर्छ भन्या र ति वचन सुनि श्रीरामचन्द्रले लक्ष्मणलाई आज्ञा गर्न लाग्या, हे लक्ष्मण, तिमिले द्वारिलाई पठाईकन तिमि द्वारमा बस, आहाँ कसैलाई पठाउनु हुँदैन । आहाँ तिमि पनि अरू कसैलाई पठाया पनि मैले वध गरुँला भनि आज्ञा दिया र लक्ष्मण द्वारमा बस्न गया । लक्ष्मणले ऋषीश्वरछेउँ आज्ञा गर्न लाग्या, हे ऋषीश्वर, क्या आज्ञा गर्न लाग्यौ क्या कारणले आउनुभयो मैले क्या गर्नुपऱ्यो तपाखिले आज्ञा गर्नुहवस् ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे कालगमनं नाम सर्गः ॥ ८७ ॥

८८

ताहाँपछि ऋषिले आज्ञा गर्न लाग्या, हे राजन्, मलाई एस् जगत्संसार सृष्टि गर्न्या ब्रह्माले पठाउनुभयो। म तपाबिले सृष्टि गरिराषनुभयाको कालदेवता हुँ। ब्रह्माले मलाई एसो आज्ञा गरि पठाउनुभयो, अब तपाबि स्वर्गारोहण हुन्या वषत भयो भनि मेरा वचन प्रतीत हुनु नभया एस् प्रकारले भन भनि आज्ञा गरिकन पठाउनुभयो। समस्त संहार गरि माया लक्ष्मीले सहित गरि जलामय गरि अनन्तमूर्त्ति धारण गरि तपाबि राजगर्नुभयो, फेरि तपाबिले मायाले मधुकैटभ दैत्य सृष्टि गरि तेसै मधु कैटभ दैत्यलाई मार्नुभैकन त्यसैका अस्थिरले पर्वत बनाई मेदले मेदिनी बनाउनुभयो, फेरि तपाबिको नाभिदेपि पद्म उत्पत्ति गरि तेसै पद्ममा मलाई सृष्टि गरि प्रजापति भनि मलाई पद दीकन समस्त मैले सृष्टि गराउनुभयो। मलाई यो भारा दिन्या तपाबिले हो भनि ताहाँपछि यो भारा मैले बोकन सकेनन्, तपाबिले रक्षा गरिदिनुहुवस्, तपाबि अजय भनि मैले एस्कारणले बिंति गर्न्याँ र तपाबि पूर्वका देवता सबै भूत प्राणी आदि मैले रक्षा गर्छु भनि अंगीकार गरिकन विष्णु अवतार लिनुभयो। एस् प्रकारले विष्णु अवतारले भैकन समस्त सृष्टि रक्षा गरिरहनुहुँदा पृथ्वीमा रावण उत्पत्ति भयो र तेस् रावणले लोकलाई पीडा गर्ला भनिठानि त्यस् रावणलाई मार्नाकन अदितिका पुत्र भैकन जात हुनुभयाको अब एघार हजार ११००० वर्ष पुग्यो, अब पृथ्वीमा नबस्नुहुवस्, देवताका अग्रमा तपाबिले अंगीकृत गर्नुभयाको वर्ष संपूर्ण भयो। एस् कारण म कालदेवताळाई तपाबिछेउँ ब्रह्माले पठाउनुभयो र म आज्यूँ। हे श्रीरामचन्द्र, एस् पृथ्वीमा तपाबिले मुक्तमान गर्नुपर्छ भन्यार यो उत्तरा ब्रह्माछेउँ बिंति गर्न जान्छौं तपाबिले पृथ्वी छाडि आउँछु भन्या आउनुहुवस्, अनाथ भैरह्याका स्वर्गवासीहरूको नाथ गरि प्रसन्न भयाजावस् भनि एस् प्रकारले ब्रह्माले आज्ञा गरि पठाउनुभयाका एस्तै कालदेवताले श्रीरामचन्द्रका अग्रमा बिंति गर्न्या र ति वचन सुनि संहारकर्त्ता श्रीरामचन्द्रले हाँसिकन आज्ञा गर्न लाग्या। हे कालदेवता, ब्रह्माले यो वचन आज्ञा गरि पठाउनुभयाका सुनि मेरा अति हर्ष, तम्रा मुख देषिकन अतिहर्ष, निश्चय २ म स्वर्ग आउँछु, मेरा मनले चिताया को सबै पूर्ण भयो। हे कालदेवता, ब्रह्माले आज्ञा गरि पठायाको एसै म माथि आईकन समस्त देवताको कार्य गर्छु।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे कालदेवता वाक्यं नाम सर्गः ॥८८॥

८६

एस् प्रकारले कालदेवताको र श्रीरामचन्द्रको कुरा गरिरहनुभयाका वेलामा श्रीरामचन्द्रको भेट गर्नाका अर्थले दुर्वासा ऋषि राजद्वारमा आया। ताहाँ लक्ष्मणलाई भन्न लाग्या, हे लक्ष्मण, श्रीरामचन्द्रलाई चाँडो गरि भेट्न देउ अति इतपतको कार्य छ भन्या र ताहाँ लक्ष्मणले दुर्वासालाई कुशल वार्त्तादि नमस्कार गरिकन हात जोरि दुर्वासा ऋषिछेउँ विन्ति गर्नाकन लाग्या। हे ऋषीश्वर, क्या कामले आउनुभयो, मैले गरिकन हुन्या भया आज्ञा गर्नुहवस्, ऐल्हे ता श्रीरामचन्द्रको ठुलो कार्य छ, मुहूर्त मात्र पर्खिरहनुहवस् भनि विन्ति गर्न्या र ति वचन सुनि दुर्वासाले क्रोध गरिकन भन्न लाग्या, हे लक्ष्मण, यो मुहूर्त्तमा मलाई श्रीरामचन्द्र भेटन नदिया तिम्रा नगर पनि तिमि पनि मैले भस्म गरूँला, भरतसमेत गरि तिम्रा कुल सन्तानसमेत भस्म गरूँला। मेरा हृदयमा क्रोध व्याप्त भयो, एस्कारण श्रीरामचन्द्रलाई चाँडो गरि भेट्न देउ नदिया भस्म गरूँला भनि एस् प्रकारका दुर्वासाको दुर्वाक्य वचन सुनि लक्ष्मणको महाकष्ट भयो र अब कसो गरूँ भनि समस्तलाई भस्म गराउँछ भनि श्रीरामचन्द्रछेउँ भन्न गया म यौटा मात्र मर्नु, यो पवर पुऱ्याउन नगया सबैलाई दुर्वासाले भस्म गर्नान् जानुपऱ्यो भनि चिताई लक्ष्मण गैकन श्रीरामचन्द्रछेउँ विन्ति गर्न लाग्या। हे भ्राता श्रीरामचन्द्र, दुर्वासा ऋषि क्रोध गरिकन द्वारमा आईपुग्नुभयो भनि विन्ति गर्न्या र श्रीरामचन्द्रले कालदेवतालाई आज्ञा गर्न लाग्या, हे कालदेवता, म अवश्य आउँछु भनिकन श्रीरामचन्द्र चाँडो गरि आईकन अत्रिका पुत्र दुर्वासा ऋषिलाई नमस्कार गरिकन विन्ति गर्न लाग्या, हे ऋषि, तपाखिका दास म हुँ, मैले क्या गर्नुपऱ्यो आज्ञा गर्नुहवस् भन्या र ति वचन सुनि दुर्वासाले श्रीरामचन्द्रका अग्रमा भन्न लाग्या, हे श्रीरामचन्द्र, म क्षुधाले पीडा गराईराख्याको एक हजार १००० वर्ष भयो, अब तिमिछेउँ भोजन गर्नाकन म आया भन्या र श्रीरामचन्द्रले भन्न लाग्या हे ऋषि, मेरा भाग्यले तपाखि आईपुग्नुभयो भन्या र आउनुहवस् २ भनि महाउपचारले भोजन गराया। ताहाँ दुर्वासाले अमृततुल्य भोजन सन्तुष्ट गरि भोजन गरिकन श्रीरामचन्द्रलाई आशीर्वाद दी फर्कि गया। तेस् वेलामा श्रीरामचन्द्रले कालदेवताको वाक्य संझि चित्तमा दुःख गराई अधोमुख गरि दीन वदन गरिकन श्रीरामचन्द्रले चुप लागि बस्या। प्रिय २ सबै आपना हृदयमा निन्दा गरिकन चन्द्रमा राहुले ग्रास गऱ्याजैं मलिन मुख गरिरहनुभयाको श्रीरामचन्द्रकन देखि लक्ष्मणले विन्ति गर्न लाग्या, हे महाराज श्रीरामचन्द्र, तपाखिछेउँ द्रोह गर्न्या

म यौटा भलाँ । हे श्रीरामचन्द्र, अब तपाखिले केहि विषाद नगरि मलाई परित्याग गर्नुभया-जाबस् । हे महाराज, मेरा निमित्तले प्रतिज्ञाहीन नगर्नुहबस्, प्रतिज्ञाहीन भयापछि नरक वास होला, एस्कारण मेरा उपर माया नराखि तिरस्कार गरिकन मलाई छोड्नुहबस्, धर्म रक्षा गर्नुहबस्, मेरा निमित्यले सन्ताप लिनु नहबस् भनि विन्ति गऱ्या र श्रीरामचन्द्रको चित्त चंचल गरि वशिष्ठादि मन्त्रिहरू बटुल्याईकन श्रीरामचन्द्रले यो वृत्तान्त सबै आज्ञा गर्न लाग्या। दुर्वासा ऋषि आयाको कुरा, कालदेवता आयाको कुरा, आफुले प्रतिज्ञा गऱ्याको कुरा, सबै आज्ञा गरि सुनाया । ति वचन वशिष्ठादि मन्त्रीहरूले सुनि तेजस्वी वशिष्ठले श्रीरामछेउँ विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, तेतिसम्म भयापछि महातेजस्वी लक्ष्मणसित वस भन्नु छैन, आफुले प्रतिज्ञा गरिराष्यांको रक्षा गर्नुपर्छ, लक्ष्मणलाई छोड्नुपऱ्यो । कालदेवतासित प्रतिज्ञा गरिराषनुभयाका पनि प्रतिपालन गर्नुपर्छ, प्रतिज्ञाहीन भयापछि तम्रा धर्महीन नाश हुनान्, धर्म नष्ट भयापछि त्रैलोक्यमा जति भयाका देवऋषि आदि सबै नाश हुनान्, एस्कारण लक्ष्मणकाई छोड्नुहबस्, त्रैलोक्यलाई रक्षा गर । हे महाबाहु, तिमिहरूका स्नेह मैले जान्याको छ तैपनि कया गरूँ प्रतिज्ञा अन्यथा हुनु छैन, तिमि जस्ताको प्रतिज्ञाहीन भयापछि हाम्रा मात्र कसो रहनान् । हे श्रीरामचन्द्र, राजा दशरथले पनि प्रतिज्ञानिमित्तले पो तिमिलाई सुद्धा वनवास पठाउनुभयो, एस्कारण तिमिले पनि प्रतिज्ञा रक्षा गर्नाकन हेर, ति दशरथले प्रतिज्ञा प्रतिपाल गऱ्याको जस्तै तिमिले पनि गर भनि वशिष्ठादि साभामा बस्न्या लोकहरू मन्त्रीहरू सबैले श्रीरामचन्द्रछेउँ विन्ति गऱ्या र ति वचन सुनि श्रीरामचन्द्रको चित्तमा व्याकुल गरि आज्ञा गर्न लाग्या, हे लक्ष्मण, धर्म विरोध नगर्नाका अर्थले तिमि जानुहबस्, मैले छोड्यो भनि तिमिले अपमान नगर कयानभन्या साधु पुरुषलाई अपमान गऱ्याको स्तुति-तुल्य भनि आज्ञा गऱ्या र ति वचन सुनि लक्ष्मणले आँखामा आँसु पूर्ण गरि श्रीरामचन्द्रलाई नमस्कार गरि सरयू गंगाको तीरमा जानुभैकन स्नान शौचादि गरि आफना शरीरको नवद्वार बन्धन गरि अक्षय अव्यय हुनुभयाका परब्रह्म श्रीनारायण चिन्तना गरि वीर लक्ष्मणले प्राण त्याग गऱ्या । तेस् वेलामा इन्द्रादि देवता ऋषिहरू गन्धर्वादि आईकन पुष्पवृष्टि गरि अदृश्य गरिकन लक्ष्मणलाई माथि लैगया, ताहाँ विष्णुको चतुर्थांग अंश आयाको देखि देव ऋषि गन्धर्वादिले पूजा गऱ्या ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकाण्डे लक्ष्मण परित्यागो नाम सर्गः ॥ ८६ ॥

९०

ताहाँ वीर श्रीरामचन्द्रले लक्ष्मणलाई छाडि पठाईकन महाशोक गरि आज्ञा गर्नलाग्या। हे वशिष्ठादिहो, आजको दिनमा धर्मात्मा भरतलाई अयोध्याको राज्याभिषेक दीकन म आश्रम जान्छु, एस्कारण अभिषेकको सराजाम चाँडो गरि ल्याउ। भरतलाई राज्याभिषेक दीकन म लक्ष्मणको संसर्ग भैकन जाँला भनि आज्ञा गऱ्या र ति वचन सुनि साभामा वस्न्या लोक सबै अचेष्टा भैकन वृक्ष ढल्याजैं पृथ्वीमा लोट्या। ताहाँ मुहूर्त मात्र पछि भरतका चेष्टा भैकन विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, तपाखिले मलाई राज्याभिषेक दिनाकन इछा गर्नु, तपाखिसित वियोग भैकन स्वर्ग राज्य गर्नु पनि मेरो इछा गर्नु छैन। हे राजन्, तपाखिका पुत्र कुसिलवहरूलाई राज्याभिषेक दिनुभयाजावस्, हामि दुवैले राज्य छोडी जान्या वेला भयो। अब शत्रुघ्नछेउँ दूत पठाउनुहुनस् भनि विन्ति गऱ्या र ति वचन सुनि प्रकृतिलोक सबै महादुःखले पीडा गराई भूमिमा अचेष्टा भै परिरह्या। त्यो देखिकन वशिष्ठले आज्ञा गर्न लाग्या, हे श्रीरामचन्द्र, तपाखिका जो चित्त सबै प्रकृतिलोक सबै पृथ्वीमा परिरह्याको हेर्नुहुनस्, तिनिहरूको चित्तमा वान्छा गऱ्याको प्रसन्न भयाजावस् भनि विन्ति गऱ्या र ति वशिष्ठको वचन सुनि श्रीरामचन्द्रले सबैलाई आज्ञा गर्न लाग्या। हे प्रकृतिलोकहो, तिमिहरू सबैले क्या वान्छा गऱ्यौ, मैले क्या गर्नुपऱ्यो! आज म जानाको इछा गरिरहेंयु भनि आज्ञा गऱ्या र प्रकृतिलोक सबैले विन्ति गर्न लाग्या, हे श्रीरामचन्द्र, तपाखि जाहाँ राजगर्नुहुन्छ ताहाँ हामिहरू पनि तपाखिको सँगै मै आउँछौं। हे श्रीरामचन्द्र, तपाखिले हामिहरूलाई पुत्रजैं गरि परिपालना गरिराषनुहुन्थ्यो एस्कारण हाम्रा स्त्रीपुत्रसहित गरि तपाखिले लैजानुहुनस्। हे श्रीरामचन्द्र, तपाखि नगरमा स्वर्गपा जाहाँ जानुहुन्छ ताहिं हामिहरूलाई पनि लैजानुहुनस् भनि यो वचन सुनि श्रीरामचन्द्रले वशिष्ठादि लोकहरूलाई आज्ञा गर्न लाग्या, हे लोकहो, तिमि सबैलाई मेरा संसर्ग गरि अवश्य लैजान्छु भनि आज्ञा गरिकन फेरि आपना पुत्र कुशीलव ई दुईलाई आज्ञा गर्न लाग्या, हे पुत्र कुशील, विन्ध्यको तटमा राज्य गर्न जाउँ भनि कुशीललाई राज्यभिषेक दीकन आठलाष ८००००० एक हजार हाति, ६०००० घोडा दीकन पठाया, फेरि लवलाई उत्तरपट्टिको राज्याभिषेक दीकन आठलाष ८००००० एक हजार १००० हाति, साठी हजार ६०००० अश्व दीकन पठाया। एस् प्रकारले दुवैलाई बरोबर गरि अनेक

रत्न सुवर्णादि सिपाहिले युक्त गराई आपना २ राज्यमा पठाउनुभयो। ताहाँपछि फेरि शत्रुघ्नछेउँ दूत पठाउन लाग्या।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर सम्वादे उत्तरकांडे कुशीलव अभिषेको नाम सर्गः ॥ ६० ॥

६१

ताहाँपछि शत्रुघ्नछेउँ श्रीरामचन्द्रको दूत पठाउनुभयो र महापराक्रमी अहोरात्रिले मथुरामा पुग्नुभैकन ताहाँ द्वारीछेउँ भन्न लाग्या। ताहाँ द्वारिले शत्रुघ्नछेउँ विति गऱ्यो र आहाँ भित्र डाक भनि आज्ञा गऱ्या र ताहाँ द्वारीले रामचन्द्रका दूतकन देखि शत्रुघ्नले कुशल वार्त्तादि गर्न लाग्या। हे दूत, भरत लक्ष्मण वशिष्ठादि श्रीरामचन्द्र कुशल छन् कि भनि आज्ञा गऱ्या र ताहाँ दूतले हात जोरिकन विति गऱ्यो। श्रीरामचन्द्रले आज्ञा गरि पठाउनुभयो। सबै कुरा लक्ष्मण परित्याग गरि जानुभयाको वृत्तान्त, श्रीरामचन्द्रले प्रतिज्ञा गरि वैराग्य धारण गरि छाडि जानुभाग्याको सबै वृत्तान्त विति गऱ्या। हे शत्रुघ्न, श्रीरामचन्द्र जानजाग्दा ताहाँ अयोध्यावासी लोकहरूले हामिहरू सबैलाई पनि तपाईंसित सँगै लैजानुहुन्छ भनि विति गऱ्या र लोकहरू सबै श्रीरामचन्द्रले सँगै लैजानाकन कुशावती नगरमा कुशलाई राजा तुल्याई पठाउनुभयो, श्रावत नगरमा लवलाई राजा गरि पठाउनुभयो, अब श्रीरामचन्द्र भरत लोक मात्र नगरमा छन् भनि विति गऱ्यो र ति धर्मात्मा शत्रुघ्नले पिय वचन सुनि आपना मंत्रिहरू सबै बटुल्याईकन यो वृत्तान्त सबै आज्ञा गऱ्या। अब श्रीरामचन्द्र भरत लक्ष्मण नभैकन म मात्र बस्नु कथा प्रयोजन छ भनिकन शत्रुघ्नले आपना पुत्र दुवैलाई राज्य दिनाकन बिदा गरि सुबा नाम पुत्रलाई मथुरापुरी राज्य दिया, शत्रुघाती नाम पुत्रलाई वैदे राज्य दिया। अनेक सैन्य, मथुरापुरीको द्रव्य इत्यादि पनि बराबर दुवै गरि दीकन शत्रुघ्न रथमा बसी श्रीरामचन्द्रको नाम हृदयमा राखि चाँडो गरि रथमा बसि श्रीरामचन्द्रको अग्रमा पुग्न गया। ताहाँ श्रीरामचन्द्रको मुख हेर्न लाग्या, कस्तो श्रीरामचन्द्र भन्या लक्ष्मणका निमित्तले उर्ध्वमुख गरि राजगर्नुभयाका श्रीरामचन्द्रका चरणमा धर्मात्मा शत्रुघ्नले प्रदक्षिणा गरि विति गर्न लाग्या, हे महाराज श्रीरामचन्द्र, मेरा पुत्र दुवैलाई जस्ति

भयाका राज्य सबै दीकन तपालिका संसर्ग भनि म आईपुग्यौं, तपालिको भक्त भयाको म एस्कारण मलाई नछोडनुहुन्छ भनि विन्ति गऱ्या। एस् प्रकारका शत्रुघ्नका भाव बुद्धि देखि श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे शत्रुघ्न, कयान तिमिलाई छोड्ला मेरा संसर्गले लैजान्छु भनि आज्ञा गऱ्या। तेस् वेलामा सुग्रीवादि वानरहरू विभीषणादि राक्षसहरू आईपुग्या, फेरि अनेक देवताका पुत्र गन्धर्वका पुत्र ऋषिपुत्रहरू आईकन श्रीरामचन्द्रलाई नमस्कार गरि विन्ति गर्न लाग्या, हे महामते, तिमि जान लाग्यौं भन्याको पत्तर सुनि हामिहरू सबै आत्ता। तपालिले हामिलाई सँगै लैजानुहुन्छ्, तपालिका संसर्ग भैकन आउँछु। हामिहरूलाई लैजानाको इछा नभया हामि सबैलाई मारिकन जानुहुन्छ् भन्या र ति वचन सुनि श्रीरामचन्द्रले मधुर वचन गरि बोल्नाकन लाग्या, हे विभीषण, तिमीहरूले तेसो भन्नुहुँन, तम्रा राज्यमा राक्षस भयासम्म राज्य गरि वस। एस् वचनमा उत्तरा दिया मैले श्राप दिन्छु, एस्कारण मैले भन्याको जस्तै धर्मले प्रजा रक्षा गर भनि आज्ञा गऱ्या। ताहाँ फेरि हनुमानलाई श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे हनुमन्त, तिमि चिरंजीवि हुनुपर्छ भनि मैले वर दीराख्याको प्रतिज्ञा व्यर्थ गर्नुहुँन। एस् संसारमा मेरा कथाहा भयासम्म तम्रा प्राण होला भनि मैले तिमिलाई वर दियाको छ, तिमिले यो प्रतिज्ञा रक्षा गर भनिकन फेरि अमृततुल्य वानरहरूलाई श्रीरामचन्द्रले आज्ञा गर्न लाग्या, हे मैंद द्विविद, तिमिहरू मेरा संसर्गले आउँछु नभन, संसारमा लोकहरू भयासम्म तिमिहरूका वंशले लोकलाई रक्षा गरिरापनुपर्छ। अवउप्रान्त तिमिहरूले मनुष्यको बोली बोल्नुहुँन भनि एस् प्रकारले वानरहरूलाई श्रीरामचन्द्रले आज्ञा गरिकन रात पऱ्यो र निद्रा गऱ्या। ताहाँ रात विहायो र प्रातःकालको समयमा यशस्वी श्रीरामचन्द्रले मोहितादि वटुल्याईकन वशिष्ठलाई आज्ञा गऱ्या, हे वशिष्ठ ऋषीश्वर, जति भयाका अग्निहोत्रीलाई अघि पठाउनुहुन्छ् भन्या र ति श्रीरामचन्द्रको वचन सुनि महातेजस्वी वशिष्ठ ऋषिले विधान जस्तै सम्पूर्ण आपना २ कर्म गर्नुसक्नुभैकन प्रस्थान गर्नाको कर्म सक्नुभयो। ताहाँ श्रीरामचन्द्रले रक्तवस्त्र लाईकन मायामोह छाडि ब्रह्मचर्य धारणा गरि केहि नबोलिकन श्रीसूर्यको जस्तै तेज गरि अयोध्याबाट वाहिर निस्कनुभयो। तेस् वेलामा श्रीरामचन्द्रका शस्त्र-अस्त्र धनु आदि दिव्यास्त्र शस्त्र पुरुष भैकन गया, चतुर्वेद पनि ब्राह्मणको रूप भैकन गया, सावित्री ब्रह्ममाता ॐकार वषट्कार पुरुष भैकन गया, महाऋषीश्वरहरू पनि गया, अष्टकुल पर्वत आदि पुरुष भैकन गया। स्वर्गद्वार जानाकन श्रीरामचन्द्रको संसर्ग भैकन सबै गया। अन्तःपुरीमा रहाका भरतका स्त्री प्रभृति शत्रुघ्नसहित गरि सबै श्रीरामचन्द्रका पछि २ गया। फेरि अग्नि-

होत्री ब्राह्मणहरू सबै पुत्र परियार सबै सहित गरि गया। फेरि मन्त्रीलोक भृगुपुत्र वान्धव इष्टमित्रादि स्त्रीजनसहित गरि गया। एस् प्रकारले समस्त लोक आनन्द गरि गया, श्रीरामचन्द्रका गुणले मोह भैरहन्या लोकहरू सबै श्रीरामचन्द्रका संसर्ग गरि गया। पुरुष जनका स्त्रीहरू पनि वाहन पशुसहित गरि श्रीरामचन्द्रको अनुगत भैकन महाहर्षले स्नान गरि शुचि वस्त्रलाई महाकल्लोल शब्द गरि अनेक लोकहरू गया। श्रीरामचन्द्रको पुत्रवन्त गरि पालना गरिराख्याका लोकहरू सबै महाहर्षमान गरि गया। तेस् वेलामा श्रीरामचन्द्रको गमन हेर्नाकन आईरहन्या लोकहरू सबैले त्यो देखि चिन्तना गऱ्या, हामिहरू मात्र वस्तु कया प्रयोजन छ भनि चिताई स्वर्ग वान्छा गरि गया। श्रीरामचन्द्रका परम भक्ति भयाका ऋक्ष वानर राक्षस लोकहरू सबै श्रीरामचन्द्रका पछि २ गया, ति श्रीरामचन्द्रलाई कस्ले २ मात्र देख्यो भन्या स्वर्ग जानाको इछा गर्न्यालै मात्र देख्यो। तेस् वेलामा अयोध्या नगर शून्य गरि गया।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे महाप्रस्थानिकं नाम सर्गः ॥६१॥

६२

एस् प्रकारले जाँदा जाँदा सरयू नदीमा पुग्या र पुण्यशरीर श्रीरामचन्द्रले हेरिरहनुभयो। एस् प्रकारले लोक पछि २ लाई आउनुभयाका श्रीरामचन्द्रकन देखि समस्तका पितामह ब्रह्मा इन्द्रादि देवता ऋषिगणसहित गरि शतकोटि विमानमा वसि आकाश सुद्धा व्याप्तमान गरि आफना २ तेज जाज्वल्यमान गरि आया, नाना सुगन्ध २ वायु इत्यादि पुष्प वृष्टि पनि भया, अनेक गन्धर्व अप्सराले नृत्यादि गीतादि गराई श्रीरामचन्द्र सरयू गंगा पार गरि गया। त्यस् वेलामा आकाशविमाने विमानमा वसि ब्रह्माले आज्ञा गऱ्या, हे राघव, आउनुहवस् २, अब पो आनन्द भयो तम्रा कल्याण हवस्। हे श्रीरामचन्द्र, तम्रा भ्रातारूसहित गरि आहाँ आईकन आफना २ देहमा लीन भैरहनुहवस्। मेरा वचनले तपाईहरू श्रीनारायणका अंशले अवतार हुनुभयो, आफना शरीरमा आउनुहवस्। तपाईका शरीर परिग्रहण भयाको कुरा मविना अरू कसैले जान्दैन। अब तम्रो तेज आफना शरीरमा लीन भैरहनुहवस्। तपाई अचिन्त्य अव्यय अव्यक्त हुनुभयाको एस्ता परब्रह्म तपाई, हे रामचन्द्र, तपाईका शरीरमा वस्नुहवस् भनि

ब्रह्माले आज्ञा गर्नुभयो । ति वचन सुनि श्रीरामभद्रले आफ्ना तेज पनि भरत शत्रुघ्नका तेज पनि परब्रह्मका तेजमा लीन भैकन अघिको जस्तै श्रीनारायणको मूर्त्ति भैकन रहनुभयो । एस् प्रकारले पूर्वका श्रीनारायणका शरीरमा रामभद्रले नभयाको देखि देवतागण मरुद्गण साध्यगण उनपचाश वायु अग्नि पुरोगमादि दिव्य ऋषि गन्धर्व, अप्सरादिले हर्षमान गरि धन्य भन्न लाग्या, धन्य २ भन्नु, श्रीरामचन्द्र अवतार भनिकन पूजा गर्‍या । ताहाँपछि श्रीनारायणले ब्रह्मालेउँ आज्ञा गर्दा भया, हे पितामह, मेरा संसर्ग भै आउन्या लोकहरू सरयू नदीमा वस्न आयो, तिनिहरूलाई पनि स्थान देउ । मेरा संसर्गले आउन्या वानरगण ऋषिगण उत्तम २ लोकहरू सबै मछेउँ भक्ति राखि आउन्या भैले पनि स्नेह गर्नुपर्छ भनि आज्ञा गर्‍या र ब्रह्माले आज्ञा गर्न लाग्या, हे विष्णु, अब तपाखिका भक्तजन लोकहरू सबैलाई सन्तानक भन्या लोकमा तिनिहरूलाई पठाईदिन्छु । तपाखि सर्वलोकमय शरीर छन्, तपाखिका भक्ति गरि ध्यान गर्न्याहरू सबैलाई ति सन्तानकमा वास दिन्छु, ति सन्तानकलोकमा वास दिन्छु । तपाखिका ध्यान हृदयमा समझि जस्ले प्राण त्याग गर्नान् तेस्लाई पनि ताहाँ वास दिन्छु भनि एस् प्रकारले आज्ञा गरिकन रहनुभयाका वेलामा समस्त ऋषि वानर राक्षसादि ति रामचन्द्रका भक्तिजन सबै सरयू गंगाभिम्रवाट समस्त लोक सन्तानकलोकमा आईकन पूर्वका आफ्ना २ देहमा लीन भया । सुग्रीव सूर्यमण्डलमा लीन भया । एस् प्रकारले समस्त लोक श्रीरामचन्द्रका संसर्गले जान्याहरू सबै सरयू गंगामा देह छाडि दिव्यरूप धारण गरि श्रीरामनाम हृदयमा धारण गरि दिव्य २ विमानमा वसिकन निर्विशेष गरि स्वर्ग गैकन आफ्ना २ देह शरीरमा लीन भया । ताहाँ ति देवताहरूले सहित गरि ब्रह्माले आज्ञा गर्नाकन लाग्या, हे श्रीनारायण, आउनुहुन्स् भन्या र देवताले सहित भैकन ब्रह्मणपुरभिम्र गया ।

यो रामायण कथाहा उत्तरकांडले सहित गरि देवताहरूले पनि पूजा गरिराख्याका एस्ता पुण्य कथा श्रीरामचन्द्रका चरित्र जस्ले सुचित्त पवित्र भैकन सुन्नान् तन्का समस्त पाप मुक्त भैकन परमेश्वरका ठाउँमा वास होला । रामायण कथा जस्ले पुण्यात्मालाई सुनाउनान् तन्लाई पुत्र होला, अथवा रोगी जनले एकचित्त भक्त राखिकन सुनान् तन्का महादारुण रोग भया पनि मुक्त होला । ताहाँ अयोध्यापुरी शून्य भयापछि ऋषभ राजा उत्पत्ति भयापछि नगरवासी हुनान् भनि एस् प्रकारका श्रीरामचन्द्रका कथाहा उत्तरकाण्डले सहित गरि सप्तकाण्ड ब्रह्माका आज्ञाले वाल्मीकि ऋषिले प्रबंध गरिराखनुभयाको ई रामायण कथाहा

उत्तरकाण्डले सहित गरि अष्ट ब्रह्मले सहित गरिकन सुनाउनान् तन्का तेज वृद्धिमान भैकन समस्त सुख प्राप्त होला । ई रामायण कथाहा पाठ गराईकन क्रिया कर्म कार्य्य जस्ले गर्नान् तन्लाई दुर्ल्लभ पदार्थ इहत्रमा पनि परत्रमा पनि सुख प्राप्त होला । जौना मनुष्यले श्रीरामचन्द्रको नाम हृदयमा धारणा गरि यो कथाहा सुन्नान् तन्लाई नर्कवास पर्न्या छैन, फेरि पुनर्जन्म पनि हुन्याछैन । जस्ले श्रीरामचन्द्रको अति भक्ति गर्छन् तन्लाई राक्षस, दानव, पिशाचादिले पनि पीडा गर्न्या छैन । एस्ता श्रीरामचन्द्रको महिमा कीर्तना वर्णना समस्त गर्नु कसैले पनि सक्तैनन् । श्रीरामचन्द्र सीता लक्ष्मण तिनिहरूका समस्त गुण सहस्र जिह्वा हुन्याले पनि बोल्न शक्न्याछैन । एस्ता रामायण जस्ले भक्तिपूर्वक श्रद्धाले सुन्नान् तन्लाई नर्कवास हुन्याछैन, गर्भिणी स्त्रीले सुन्या पुत्र जात होला, राज्य वान्छा गरि जस्ले सुन्नान् तन्लाई राज्य प्राप्त होला । जौना मनुष्यले यो रामायण कथा भक्तिपूर्वकले सुन्नान् अथवा सुनाउनान् तन्लाई अश्वमेध यज्ञका फल पाई देवतुल्य भैकन स्वर्गवास होला, तन्का पितृगणादि पनि सन्तुष्ट हुनान अथवा ई रामायणको कथाको पुस्तक विधान जस्तै उत्तम ब्राह्मणलाई जस्ले दान दिनान् तन्लाई अनेक यज्ञादि शतधेनु दान दियाको फल प्राप्ति होला, अन्तकालमा अक्षय स्वर्ग प्राप्त होला भनि कैलाश पर्वत चिन्तामणि गृहमा श्रीजगदीश्वर महादेवले श्री ईश्वरी पार्वतीकन आज्ञा गर्न्या भनि सत्यलोकमा ब्रह्माले नारद मुनिकन सुनाउँदा भया । सोहि कथाहा नैमिषारण्य क्षेत्रविषये सूतनामा पौराणिकले शौनकादि ऋषिकन सुनाउँदा भया ।

इति श्रीअध्यात्म रामायणे उमामहेश्वर संवादे उत्तरकांडे श्रीरामचन्द्र स्वर्गारोहणनाम सर्गः ॥६२॥

॥ समाप्तश्चायं उत्तरकाण्डः ॥ शुभं भूयात् सर्व जगतां ॥



٢٤